# सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि (पिएचडी) उपाधि प्रयोजनार्थ

प्रस्तुत

## शोधप्रबन्ध


शोधकर्ता

हरिकला अधिकारी

विद्यावारिधि दर्ता नं. : २२/२०७० श्रावण

त्रि.वि. रजिष्ट्रेशन नं. : ९९४५-८२

त्रिभुवन विश्वविद्यालय


२०७८

# शोधप्रबन्ध समितिको सिफारिस पत्र

त्रिभुवन विश्वविश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि हासिल गर्ने प्रयोजनका लागि हरिकला अधिकारीले *सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व* शीर्षकको प्रस्तुत शोधप्रबन्ध हाम्रा निर्देशनमा परिश्रमपूर्वक तयार पार्नुभएको हो । यो शोधार्थी अधिकारीको मौलिक शोधकार्य हो । हामी उहाँको यस शोधकार्यप्रति सन्तुष्ट छौँ । यसमा उहाँले आन्तरिक तथा बाह्य मूल्याङ्कनका साथै मौखिक प्रतिरक्षा परीक्षामा सम्बद्ध विज्ञहरू एवं अनुसन्धान समितिका सदस्यहरूले दिएका सुझावअनुसार आवश्यक परिमार्जन गरिसक्नुभएको छ । यसैले यो शोधप्रबन्ध अन्तिम प्रतिवेदनका रूपमा प्रस्तुत गर्न उपयुक्त भएका कुरा सिफारिस गर्दछौँ ।

**शोधप्रबन्ध समिति**

प्रा.डा. व्रतराज आचार्य
(निर्देशक)

प्रा.डा. ताराकान्त पाण्डेय
(सहनिर्देशक)

मिति : २०७८/०७/२२

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

## अनुमोदन पत्र

**सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व** शीर्षकमा विद्यावारिधि (पिएचडी) शोधकार्य गर्ने शोधार्थी श्री **हरिकला अधिकारीले नेपाली** विषयमा विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकोमा अनुसन्धान समितिले उक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको बेहोरा प्रमाणित गरिन्छ ।

प्रा.डा. कुशुम शाक्य
डीन एवम् अध्यक्ष
अनुसन्धान समिति

मितिः २०७८/०८/०१


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np

## प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीन कार्यालयमा नेपाली विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत *सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व* शीर्षकको शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको यथोचित उपयोग गरिएको छ । ती सम्पूर्ण सामग्रीका सर्जकप्रति म कृतज्ञ छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई यसअघि कहीँ पनि कुनै पनि उपाधि वा अन्य प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । यस शोधप्रबन्धको कुनै पाठ/अंश जस्ताको तस्तै कुनै पुस्तक वा पुस्तकको अंशका रूपमा पनि प्रकाशित भएको छैन । प्रा.डा. व्रतराज आचार्यको निर्देशन तथा प्रा.डा. ताराकान्त पाण्डेयको सह-निर्देशनमा रही विधिवत रूपमा सम्पन्न गरिएको यस शोधप्रबन्धमा समाविष्ट शीर्षक तथा उपशीर्षकहरू आजसम्म कुनै ग्रन्थका रूपमा र पत्रपत्रिकाहरूमा समेत प्रकाशित छैनन् भन्ने कुरामा यो शोधकर्ताको पूर्ण प्रतिबद्धता छ । आगामी दिनमा पनि सम्बद्ध निकायको पूर्वस्वीकृतिविना प्रस्तुत शोधप्रबन्ध प्रकाशित नगर्ने नैतिक प्रतिबद्धता व्यक्त गर्दछु । प्रस्तुत शोधप्रबन्धका सम्बन्धमा गरिएको यस प्रतिबद्धताका विपरीत कुनै प्रमाण भेटिएमा म त्यसप्रति पनि पूर्णतः जिम्मेवार रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

शोधकर्ता

..........................

हरिकला अधिकारी

त्रि.वि. विद्यावारिधि दर्ता नं. २२/२०७०

मिति : २०७४।४।७

# कृतज्ञता

*सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व* शीर्षक शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि प्राप्त गर्ने उद्देश्यले मैले प्रा.डा. व्रतराज आचार्यको निर्देशन र प्रा.डा. ताराकान्त पाण्डेयको सहनिर्देशनमा तयार पारेकी हुँ । यस क्रममा उहाँहरूले सिद्धान्त निर्माणदेखि शोधकार्य सम्पन्न नहुँदासम्म बडो तत्परतासाथ कुशल निर्देशन गर्नु भएको छ । यसका लागि सर्वप्रथम म मेरा शोध निर्देशक प्रा.डा. व्रतराज आचार्य, सहनिर्देशक प्रा.डा. ताराकान्त पाण्डेय, मेरा बाह्य परीक्षक गुरुहरू प्रा.डा. चूडामणि बन्धु र प्रा.डा. दयाराम श्रेष्ठप्रति उच्च सम्मानका साथ हार्दिक कृतज्ञता प्रकट गर्दछु । उहाँहरूको उच्च प्राज्ञिक ज्ञान, अनुसन्धान कौशल, अनुकरणीय निर्देशन र परीक्षणका क्रममा प्राप्त भएका लिखित सुझाव र टिप्पणीले मलाई विगत तीन वर्षको विषम परिस्थितिमा पनि धैर्यपूर्वक विधिवत रूपमा उचित कदम चाल्दै नैतिक तरिकाले मात्र अघि बढ्न प्रकारान्तरले सदा अभिप्रेरित गरिरहे । परोक्ष रूपमा सकारात्मक ऊर्जा पनि भरिरहे ।

प्रस्तुत शोधप्रबन्धको बाह्य परीक्षण २०७५ साल साउनमै भइसकेको थियो । बाह्य परीक्षकहरूबाट प्राप्त सुझावअनुसार मैले शोधप्रबन्धलाई परिमार्जन गरी बुझाएपछि मौखिक परीक्षा हुने मिति सोही साल साउन ३१ गतेलाई तोकिएको थियो । समयमै मैले आवश्यक कागजातसहित प्रशासनिक र आर्थिक प्रक्रिया पनि पूरा गरेकी थिएँ । यद्यपि तोकिएको दिनको पूर्वसन्ध्यामा मौखिक परीक्षा भदौको पहिलो साता हुने भनियो । भदौको पहिलो सातापछि मलाई ‘दुई चार दिनमै भाइवा हुने’ भन्दै डीन कार्यालयका सम्बन्धित पदाधिकारीबाट ढाडससहित फोन गरियो र तयार रहन भनियो । यद्यपि तीन वर्षपछि २०७८ साल भदौ २० गते मेरो मौखिक परीक्षा सम्पन्न भयो । यसबीचमा मेरो शोधप्रबन्ध जस्ताको तस्तै कोमामा रहिरह्यो । मौखिक परीक्षा नहुनाको जड कारण थाहा पाएपछि मैले आन्तरिक परीक्षणका क्रममा आएका कतिपय सुझाव र टिप्पणीप्रति मेरो सैद्धान्तिक विमति रहेको कुरा उठाएर शोध निर्देशकको सिफारिशसहित २०७६ साल मंसिर ८ गते पुनः आन्तरिक परीक्षण गराउनका लागि डीन कार्यालयमा निवेदन दर्ता गरेँ । त्यसपछि अनुसन्धान समितिले दुई चार दिनमै भाइवा गर्ने भनेको कुरा सम्बन्धित पदाधिकारीबाट थाहा पाएँ । मैले विद्यावारिधि शोधप्रबन्ध तयार गरेको समयमा विश्वविद्यालयको शैक्षिक र प्राज्ञिक वातावरण अनुसन्धानमैत्री रहेनछ र शोधकर्ताको हुर्मत लिने काम समेत हुँदो रहेछ भन्ने कुराको राम्रै अनुभव गर्न पाएँ । यसलाई मैले फरक उपलब्धिका रूपमा सहर्ष ग्रहण गरेकी छु । तीन वर्षभन्दा लामो समय अनिर्णयको बन्दी बन्नुपरे पनि २०७८ साल भदौ २० गते एकदम सौहार्दपूर्ण वातावरणमा मेरो मौखिक परीक्षा सम्पन्न भयो । यसका लागि डीन कार्यालय, अनुसन्धान समिति, विषय विज्ञहरूका साथै तत्कालीन सहायक डीनहरू प्रा.डा. राजकुमार पोखरेल, प्रा.डा. भीमराज सुवाल र विशेष गरी सहायक डीन. प्रा.डा. दुबीनन्द ढकालप्रति कृतज्ञता प्रकट गर्दछु । प्रा.डा. ढकालले शोधप्रबन्धलाई अन्तिम रूप दिने क्रममा दिनुभएको बहुमूल्य प्राविधिक परामर्श र मौखिक प्रतिरक्षा

परीक्षा सम्पन्न गर्नका लागि डीन कार्यालयको जिम्मेवार पदाधिकारीका हैसियतले स्वतःस्फूर्त रूपमा देखाउनु भएको तदारुकता र निर्वाह गर्नुभएको भूमिका अत्यन्त प्रशंसनीय छ । उहाँप्रति पुनः कृतज्ञता प्रकट गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत शोधप्रबन्धको तयारीलाई अघि बढाउने क्रममा नेपाली दर्शनाचार्य भाषा समूहका मित्रहरू भुवन न्यौपाने र बिन्दा अर्याल/फुयाल, साहित्य समूहका मित्रहरू प्रभा भट्टराई/आचार्य र वन्दना ढकाल, लोकसाहित्य समूहका मित्र दिव्येश्वरी जोशी र तुलसा वाइबाको अविस्मरणीय योगदान रहेको छ । यसका लागि उहाँहरूलाई कृतज्ञता ज्ञापन गर्दछु । साथै, प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि प्रत्यक्ष-परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने विश्वभर छरिएर रहनु भएका सम्पूर्ण विद्वत्जनहरू, गोरखापत्र संस्थानका तत्कालीन प्रमुखदेखि सम्पादन सहकर्मी सज्जन मित्रहरू, सम्पूर्ण शुभेच्छु र जस्तोसुकै परिस्थितिमा पनि अत्यन्त सहयोगी, सहिष्णु र प्रेरणादायी रूपमा निरन्तर प्रस्तुत भइरहने परिवार तथा नातेदारहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधकर्ता

..................

हरिकला अधिकारी

त्रि.वि. विद्यावारिधि दर्ता नं. २२/२०७०

# शोधसार

*सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व* शीर्षकको प्रस्तुत शोधप्रबन्धमा 'कान्तिपुर' र 'गोरखापत्र' दैनिकमा २०७० सालमा प्रकाशित नियमित सम्पादकीयका सामाजिक प्रतिनिधित्वहरूको सङ्कथन विश्लेषण गरिएको छ । सम्पादकीय संस्थागत सामूहिक विचारयुक्त समसामयिक लेख्य सङ्कथन हो भने सङ्कथन भनेको शक्तिको कथन हो । सम्पादकीयको निर्माण संस्थागत बौद्धिक प्रभुत्वबाट हुन्छ र यसको प्रकाशन संचार संस्थाबाट हुन्छ । संचार संस्थालाई समाजमा सांस्कृतिक संस्थाका रूपमा लिइन्छ। यो निश्चितखालको स्थितिसन्दर्भबाट निर्देशित र प्रभावित हुन्छ । सम्पादकीय सङ्कथनका सामाजिक प्रतिनिधित्वहरूमा शक्तिसम्बन्धको प्रभाव हुन्छ । सामाजिक प्रतिनिधित्व भाषामा निर्भर र मूर्त हुने भएकाले सम्पादकीयमा परेको शक्तिसम्बन्धको प्रभावलाई भाषिक सूचकहरूका माध्यमबाट बुझ्न सकिन्छ। सम्पादकीयमा सङ्कथन विश्लेषण पद्धतिबाट बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको पहिचानसहित भाषिक निर्भरीकरण र मूर्तीकरण प्रक्रियाको खोजी गरी पाठमा देखिएको शक्तिसम्बन्धको प्रभावलाई केलाएर ठम्याउनु नै प्रस्तुत शोधप्रबन्धको मुख्य विषयक्षेत्र हो । यसैमा प्रस्तुत शोधप्रबन्धको विधि, सीमा र सामर्थ्य पनि सङ्केतित छ ।

सम्पादकीय सङ्कथनमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वका रूपमा स्थापित 'संविधानसभा निर्वाचन-२०७०' को मूल कथ्यलाई एकत्रित गर्ने सामर्थ्य सबै शीर्षस्थ सामाजिक प्रतिनिधित्वहरूमा रहेको देखिन्छ। प्रत्यक्ष र अप्रत्यक्ष सूचकहरूबाट रचनात्मक तनाव सिर्जित मूल कथ्यको विकासमा उतारचढाव समेत रहेको, विभिन्न आयाम, तह र रूपहरूको संरचनामा रहेर व्यक्तिहरूले विवाद र द्वन्द्वको परिचालन, व्यवस्थापन र सामना गर्ने सार्वभौम पक्षको प्रतिनिधित्व गर्दा तिनमा विषय र घटनाको पनि प्रतिनिधित्व पाइन्छ। यसमा विवाद र द्वन्द्वको शान्तिपूर्ण र वैचारिक व्यवस्थापन गर्नभन्दा हिंसा र बाहुबलमा आधारित शक्तिको प्रयोग गर्नमा विशेष रुचि रहेको र समयमा सही निर्णय गर्न नसक्दा अन्तर्द्वन्द्वमा फसेको अवस्थाको प्रतिनिधित्व छ । सम्पादकीयमा लैङ्गिक, उमेरगत र जातीय पहिचानमा कोष्ठीकृत भिन्न र सीमान्तकृतहरूलाई मूल धारमा समेट्ने बौद्धिक प्रयत्न र खबरदारी पनि भेटिन्छ ।

प्रतिनिधित्वहरूको नामिक निर्भरीकरणमा दलीय राजनीति, न्याय, मनोविज्ञान, द्वन्द्व, उमेर शास्त्र तथा शरीर विज्ञानको सांस्कृतिक भिन्नता जस्ता विषयको प्रभाव रहेको पाइन्छ। नामकरणमा नकारात्मक कार्य र प्रवृत्तिको सामाजिक प्रतिनिधित्व पनि पाइन्छ। सम्पादकीयमा कतिपय नामहरू वास्तविक विषय/वस्तु र अवस्थालाई बिगार्ने खालका, नामले झल्काउने विशेषता पूर्वाग्रही तथा विभेदकारी रहेका र सांस्कृतिक मूल्य तथा मान्यताभन्दा भिन्नखालका पनि भेटिन्छन् । परम्परित नामकरणले विषयको अस्पष्टताका साथै अन्य व्यक्तिको परिभाषा र मूल्याङ्कनमा यथार्थता, शुद्धता, सूक्ष्मता र सुस्पष्टताको भ्रम सिर्जना गरेको भेटिन्छ। नामकरणबाट वास्तविक नभएर भ्रमको समेत सामाजिक प्रतिनिधित्व गराइएको हुँदा कतिपय सम्पादकीयको विश्वसनीयतामा प्रश्न उठाउन सकिन्छ ।

प्रतिनिधित्वहरूको विपरीतार्थक निर्भरीकरणको सवल प्रयोगबाट स्थापित र नव स्थापित प्रतिनिधित्वहरू बीचको सम्बन्धलाई तनावपूर्ण बनाउँदै सम्पादकीयलाई पठनीय बनाइएको पाइन्छ । यसमा एकभन्दा बढी प्रतिनिधित्वहरू सरल ढङ्गले जोडिँदै आएर अन्त्यमा विपरीत ढङ्गले मोडिएको, असमापिका क्रियापद र अधियोजीको संसक्तता रहेको, दुई उपवाक्यका मूल क्रियापदहरू सकारात्मक देखिएको अवस्थामा पनि क्रियायोगीको प्रयोग भएको, एकैखालका प्रतिनिधित्वहरूबीचको सोझो सम्बन्धलाई अर्कोखालको प्रतिनिधित्वले फरक बनाएको, सुरूमै स्थापित एउटा प्रतिनिधित्वमा एकभन्दा बढी नयाँ प्रतिनिधित्वहरूलाई अड्याइएको, सकारात्मक एकवचन क्रियापद र बहुबचन क्रियापद एकै पटक प्रयोग गरिएको, समान धारका धेरै प्रतिनिधित्वहरूपछि अधियोजी राखी एउटा मात्र नयाँ प्रतिनिधित्वलाई जोडिएको, अघिल्लो उपवाक्य र पछिल्लो उपवाक्यमा फरक क्रियाबाट कारणसहित सम्भाव्य परिणामलाई जोडिएको, दुई उपवाक्य बीचमा अधियोजी प्रयोग गरी साध्य र कार्यलाई जोडिएको, एउटा वाक्यपछि निरन्तर अर्को वाक्यको शृङ्खला जोडिएको जस्ता उपायको अवलम्बन गरिएको भेटिन्छ ।

विपरीतार्थक निर्भरीकरणको जथाभावी प्रयोगबाट स्थापित र नव स्थापित प्रतिनिधित्वका बीचमा जटिलता उत्पन्न भई सम्पादकीयलाई कमजोर बनाएको पनि भेटिन्छ । यसमा स्थापित र नव स्थापितमध्ये कुनै एउटा प्रतिनिधित्वमा स्पष्टता र अर्कोमा अस्पष्टता ल्याउनमा अनावश्यक शब्द र पदावलीको असङ्गतिपूर्ण प्रयोग समेत भएको, नयाँ प्रतिनिधित्व र स्थापित प्रतिनिधित्व बीचमा कार्य र कारण शृङ्खलामा तनाव सिर्जना भए पनि सङ्क्षिप्तता र स्पष्टताको अभाव रहेको, अघिल्लो र पछिल्लो उपवाक्यको लम्बाइमा असन्तुलन हुँदा स्थापित प्रतिनिधित्व ओझेलमा परको, अधियोजीमा देखिने विरीतार्थक स्पष्टतालाई क्रियात्मक असङ्गतिले छेकेको, वाक्यका तहमा विपरीतार्थक अधियोजीको रिक्तता र क्रियायोगी मात्र रहेको जस्ता कमजोरी रहेको पाइन्छ । विपरीतार्थक निर्भरताका प्रतिनिधित्वहरू नामिक दृष्टिले असंसक्त र विषयका दृष्टिले कमजोर हुन पुगेको पनि पाइन्छ । विपरीतार्थक निर्भरीकरणले प्रतिनिधित्वको पहिचान र आपसी सम्बन्धलाई प्रकट गर्दा उत्पन्न अर्थावरोधले सम्पादकीय सङ्कथनलाई थप जटिल बनाएको पनि देखिन्छ ।

रूपकीय र संवेगात्मक निर्भरीकरणको सन्दर्भमा रूपक र संवेगको प्रयोग अभिन्न रूपमा सफल र सशक्त रहेका सम्पादकीयमा सङ्कथन सवल देखिन्छ । नाम, विशेषण, क्रिया आदिको एकल र संयोजित रूपबाट बनेका शब्द र पदावलीको रूपकीय प्रयोगबाट सम्पादकीयमा अवसाद, दुःख र निराशाको संवेगलाई बढी निर्भरता दिइएको पाइन्छ । संस्कृति, राजनीति, भूगोल, अर्थ, स्वास्थ्य, मनोविज्ञान र शरीर विज्ञान विषयका शब्दहरूको रूपकीय प्रयोगबाट निर्वाचनमा असहजता, भय, त्रास, धम्की, आशा, निराशा, आतङ्क, असुरक्षा, सुरक्षा, सहानुभूति, उमङ्ग, आशंका, आत्मविश्वास, दृढता, सफलता, पीडा मिश्रित आशा, दुःख, रोग, चिन्ता, निरीहता, आशामुखी पात्रता, जालझेल, अविवेक, अपराध, ढिलासुस्ती, विसङ्गति, लैङ्गिकता, हीनताबोधजन्य क्रियाकलापबाट उत्पन्न पश्चातापको संवेगले निर्भरता पाएको भेटिन्छ ।

रूपकीय निर्भरीकरणमा संसक्ति सवल र तुल्यता रोचक देखिए पनि संयुक्ति फितलो हुनाले सम्पादकीय सङ्कथन कमजोर बनेको पाइन्छ । यस्ता सम्पादकीयमा बहुप्रचलित रूपकहरूमा नयाँ सामाजिक प्रतिनिधित्वको यथार्थता र नवीनता निर्भर हुन नसकेको, रूपकसहित अनावश्यक शब्दहरू पनि प्रयोग गरिएको पाइन्छ । रूपकीय

निर्भरीकरणको कमजोरीले सम्पादकीयमा संवेगको शक्तिलाई क्षीण बनाएर त्यसको तीव्रतामा पनि आघात पुऱ्याएको भेटिन्छ । भाषिक दक्षता, विश्वज्ञान र वास्तविक संसारप्रतिको सन्तुलित दृष्टि र सुझबुझमा हुनुपर्ने कमीका कारण उत्पन्न अर्थावरोधले संवेगको मूर्ततालाई कमजोर बनाएर सम्पादकीय सङ्कथनलाई नै प्रभावहीन र अविश्वसनीय बनाएको पनि देखिन्छ ।

प्रतिनिधित्वहरूको संवेगात्मक मूर्तीकरण सवल रहेका सम्पादकीयमा संविधानसभा निर्वाचन-२०७० का घटना र विषय/वस्तुसहित शीर्ष नेतृत्व, विभिन्न तहका राजनीतिकर्मी, शासक-प्रशासक र पत्रकार समेतले विगतमा गरेका गलत कार्यहरू प्रकट हुन आएको पाइन्छ । विशेषगरी पहिलो संविधानसभाको असफलतापछि मुलुकमा व्याप्त निराशा, बोझ, पश्चाताप, घृणा, अविश्वास, वितृष्णा, उपेक्षा, कठोरता, कुण्ठा, गल्ती, त्रास, भय, शोक, चिन्ता, अशान्ति, असन्तोष, पीडा, दया, करुणा आदि संवेगको मूर्तीकरण भएको देखिन्छ । संस्कृति, मनोविज्ञान आदिसँग सम्बन्धित प्रतिनिधित्वका अर्थमा जाति, लिङ्ग, वर्ग र क्षेत्रगत समसामयिक विचारधारा र मूल्यहरूको पनि प्रभाव भेट्न सकिन्छ ।

प्रतिनिधित्वहरूको वैयक्तिक मूर्तीकरण सवल रहेका सम्पादकीयमा संविधानसभा निर्वाचन-२०७० का खास घटना र विषय/वस्तुलाई प्रमाणिकता, विशिष्टता, आधिकारिकता र प्रसिद्धि प्रदान गरिएको पाइन्छ । व्यक्तिको प्रत्यक्ष, परोक्ष, एकल र समूहका साथै पदीय पहिचानको सङ्केत पनि भेटिन्छ । सम्पादकीयमा व्यक्ति, प्रवृत्ति, व्यक्ति समूहबीचको तनाव र द्वन्द्वको मूर्तीकरणमा खराबको विपरीततामा असल, सकारात्मकको विपरीततामा नकारात्मक, निर्दयताको विपरीततामा कारुणिकताका साथै विभिन्नखालका विकृति र विसङ्गति जनाउने प्रतिनिधित्वको छवि नाम र/वा विशेषणबाट प्रकट भएको भेटिन्छ । विशेषणयुक्त नाममा पूर्वाग्रह देखिन्छ भने कसैको छवि तटस्थ र पीडित पक्षका रूपमा रहेको, एउटै व्यक्तिको छवि सन्दर्भ अनुसार सकारात्मक र नकारात्मक रहेको भेटिन्छ । मुख्यतः नकारात्मक छविमा निर्वाचन विरोधी र सकारात्मक छविमा निर्वाचन पक्षधरले मूर्तता पाएको पाइन्छ ।

संवेगात्मक र वैयक्तिक मूर्तीकरण कमजोर रहेका सम्पादकीयमा भाषिक कमजोरी, वैचारिक अस्पष्टता र मनोगत वाक्यले स्थान पाएको भेटिन्छ । मनोगत वाक्यले भ्रमको प्रतिनिधित्व गर्ने भएकाले सम्पादकीयको साख र विश्वसनीयतामा आघात पुऱ्याएको देखिन्छ । सम्पादकीयमा सामाजिक प्रतिनिधित्वको वास्तविक मूर्तीकरण हुनुपर्छ भन्ने आधारभूत मान्यताको भञ्जन भएको समेत पाइन्छ । मान्यताको भञ्जनबाट उत्पन्न नयाँ प्रयोगलाई सम्पादकीयमा स्थापित गर्न सकिने सांस्कृतिक मूल्यमान्यता र विधागत मापदण्डका आधार भने देखिँदैन ।

संस्थागत बौद्धिक प्रभुत्व धनात्मक रहेका सम्पादकीयमा उल्लिखित शक्तिहरू र तीसँग सम्बद्ध घटना र विषय/वस्तुहरूमा शक्तिका स्रोतको पहिचान, शक्ति सङ्घर्षमा तिनको स्थान निर्धारण, खासगरी केन्द्र र परिधिमा रहेका शक्तिहरूबीचको सङ्घर्षको प्रस्तुतिमा अर्थावरोधहीनता, विश्लेषणमा ज्ञानात्मक पहुँच, स्पष्टता, वस्तुनिष्ठता, तार्किकता, विधागत प्रस्तुति सीप जस्ता गुणहरूको बाहुल्य रहेको देखिन्छ । विशेष गरी नामिक स्पष्टता, भाषिक सरलता, सूचना र विचारको सम्प्रेषणमा सन्तुलन, मध्यस्थता तथा समन्वयकारी भूमिका, सङ्क्षिप्तता अर्थावरोधहीन कला तथा आलङ्कारिकताले सम्पादकीयमा सम्बोधक पक्षको बौद्धिक प्रभुत्वलाई सशक्त बनाएको पाइन्छ ।

संस्थागत बौद्धिक प्रभुत्व ऋणात्मक रहेका सम्पादकीयमा उल्लिखित शक्तिहरू र तीसँग सम्बद्ध घटना र विषय/वस्तुहरूमा शक्तिका स्रोतको पहिचान, शक्ति सङ्घर्षमा तिनको स्थान निर्धारण, केन्द्र र परिधिमा रहेका शक्तिहरूबीचको सङ्घर्षको प्रस्तुतिमा अर्थावरोध बढी भेटिन्छ। विश्लेषणमा समन्वय, मध्यस्थता तथा सन्तुलनको बदला पूर्वाग्रह, पक्षधरताका साथै लामा र पर्यायवाची नाम र विशेषणहरूको अत्यधिक प्रयोग, ज्ञानात्मक पहुँच भए पनि स्पष्टता, वस्तुनिष्ठता, तार्किकता, विधागत प्रस्तुतिको सीप जस्ता गुणहरूको कमी रहेको देखिन्छ। यसका अतिरिक्त नामिक अस्पष्टता, पूर्वाग्रहपूर्ण विशेषणयुक्त नामको प्रयोग, भाषिक जटिलता, सूचना र विचारको संयोजित सम्प्रेषणमा असन्तुलन, पक्षधरता, लामा वाक्यहरूको बाहुल्यमा बनेका लामा अनुच्छेद, अर्थावरोधी कला र आलङ्कारिकताको प्रयोगले सम्बोधक पक्षको बौद्धिक प्रभुत्वलाई कमजोर बनाएको देखिन्छ।

संस्थागत स्वामित्वको प्रभुत्व रहेका सम्पादकीयमा उल्लिखित शक्तिका मानसिक प्रतिनिधित्वहरू, तिनका नियत, योजना, ज्ञान, विश्वास र विचार अनि तीसँग सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनबाट ज्ञानको पुनरुत्पादन गर्दा शक्तिका स्रोतका रूपमा स्वामित्वको पहिचान, विभिन्न समूहहरूसितको शक्ति सङ्घर्षमा स्वामित्वका कामको बयान र बचावट, प्रस्तुतिमा पक्षधरता र अर्थावरोधको बाहुल्य, सूचना र विचारको संयोजनमा देखिने लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सङ्गठनमा शिथिल र सशक्त दुवै खालको प्रभाव रहेको देखिन्छ। सङ्ख्यात्मक हिसाबले सरकारी स्वामित्वको प्रभुत्वले सम्पादकीयमा बढी प्राथमिकता पाए पनि तिनमा सम्बोधक पक्षमा हुनुपर्ने विधागत सीप, शैलीगत सशक्तता र प्रभावकारितामा व्यवस्थापकीय पक्षले सकारात्मक हस्तक्षेप गर्न नसकेको भेटिन्छ। गैरसरकारी स्वामित्वको प्रभुत्वले भने सरकारी होस् या निजी सन्दर्भमा, सम्बोधक पक्षको लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सुसङ्गठनसहित विधागत सीप, शैली र सशक्तीकरणलाई पनि ध्यान दिएको पाइन्छ।

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| अनु. | अनुवाद / अनुवादक |
| उ.न. | उल्लेख नभएको |
| दो.सं. | दोस्रो संस्करण |
| प. सं. | पहिलो संस्करण |
| वि.सं. | विक्रम संवत् |
| संयो. | संयोजक / संयोजन |
| सम्पा. | सम्पादक / सम्पादकहरू |
| ed. | edition |
| Ed./Eds. | Editor/Editors |
| p./pp. | page/pages |
| Trans. | Translation/Translator |
| Vol. | Volume |

# विषय सूची


| | |
|---|---|
| शोधप्रबन्ध समितिको सिफारिस पत्र | क |
| अनुमोदन पत्र | ख |
| प्रतिबद्धता | ग |
| कृतज्ञता | घ |
| शोधसार | च |
| सङ्क्षेपीकृत शब्दसूची | ञ |
| परिच्छेद एक : शोध परिचय | १ |
| १.१ शीर्षक परिचय | १ |
| १.२ समस्याको कथन | २ |
| १.३. शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधको सान्दर्भिकता र औचित्य | २२ |
| १.६ शोधविधि, सामग्री सङ्कलन र सैद्धान्तिक पर्याधार | २२ |
| १.७ सीमाङ्कन | २५ |
| १.८ शोधप्रबन्धको रूपरेखा | २६ |
| परिच्छेद दुई : सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा | २७ |
| २.१ विषय प्रवेश | २७ |
| २.२ सैद्धान्तिक पर्याधार | २७ |
| २.२.१ सम्पादकीय सङ्कथन | २७ |
| २.२.२ सङ्कथनका मान्यता | ३२ |
| २.२.३ प्रतिनिधित्वका सन्दर्भको संचार | ३७ |
| २.२.४ सामाजिक प्रतिनिधित्वको सैद्धान्तिक स्वरूप र संचार | ४३ |
| २.३ विश्लेषणको अवधारणात्मक ढाँचा | ४८ |
| २.३.१ बृहत् सङ्घटनात्मक प्रतिनिधित्व | ४८ |
| २.३.२ प्रतिनिधित्वको निर्भरीकरण | ५२ |
| २.३.३ प्रतिनिधित्वको मूर्तीकरण | ५७ |
| २.३.४ प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव | ५८ |
| २.४ निष्कर्ष | ६३ |

परिच्छेद तीन : बृहत् सङ्घटनात्मक प्रतिनिधित्व : 'संविधानसभा निर्वाचन-२०७०' ६४
३.१ विषय प्रवेश ६४
३.२. बृहत् सङ्घटनात्मक प्रतिनिधित्व स्थापना ६४
३.२.१ संरचना ६४
३.२.२ बाह्यसन्दर्भ ६५
३.२.३ सूचकीय सन्दर्भ ६६
३.३ बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको विश्लेषण ६७
३.३.१ प्रत्यक्ष सूचक ६७
३.३.२ अप्रत्यक्ष सूचक ६८
३.३.३ सर्वाधिक शक्तिशाली प्रत्यक्ष सूचकको शीर्षकीय संरचना ८०
३.३.४ अप्रत्यक्ष सूचकहरूको सन्दर्भ परिचालन ८३
३.४ बृहत् सङ्घटनाको विकास र शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्य ८८
३.४.१ तयारी चरणमा विकसित मूल कथ्य ८८
३.४.२ क्रमिक विकास चरणमा विकसित मूल कथ्य ९१
३.४.३ पूरक चरणमा विकसित मूल कथ्य ९७
३.५ विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्व १०१
३.५.१ विवाद र द्वन्द्वका प्रत्यक्ष चिह्नित केन्द्रहरूको निरूपण १०२
३.६ निष्कर्ष ११८
परिच्छेद चार : प्रतिनिधित्वको निर्भरीकरण १२०
४.१ विषय प्रवेश १२०
४.२ नामिक र विषयगत निर्भरीकरण विश्लेषण १२०
४.२.१ नामिक निर्भरीकरणमा विषय १४८
४.३ विपरीतार्थक निर्भरीकरण विश्लेषण १५५
४.४ रूपकीय र संवेगात्मक निर्भरीकरण विश्लेषण १६३
४.५ निष्कर्ष १७८
परिच्छेद पाँच : प्रतिनिधित्वको मूर्तीकरण १८०
५.१ विषय प्रवेश १८०
५.२ संवेगात्मक मूर्तीकरण विश्लेषण १८०
५.३ वैयक्तिक मूर्तीकरण विश्लेषण २०७
५.४ निष्कर्ष २२२
परिच्छेद छ : प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव २२४
६.१ विषय प्रवेश २२४

६.२ संस्थागत बौद्धिक प्रभुत्व विश्लेषण २२४
६.३ संस्थागत स्वामित्वको प्रभुत्व विश्लेषण २८०
६.४ निष्कर्ष २९६
परिच्छेद सात : सारांश तथा निष्कर्ष २९८
७.१ सारांश २९८
७.२ शोधको निष्कर्ष २९९
७.२.१ बृहत् सङ्घटनात्मक प्रतिनिधित्व २९९
७.२.२ प्रतिनिधित्वको निर्भरीकरण ३००
७.२.३ प्रतिनिधित्वको मूर्तीकरण ३०२
७.२.४ प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव ३०३
७.३ शोधको मूल प्राप्ति ३०५
७.४ भावी शोधकर्ताका लागि सुझाव ३०५
परिशिष्टहरू ३०७
सन्दर्भ सामग्री सूची ३८३

# परिशिष्टहरू


| | | |
|---|---|---|
| परिशिष्ट १ क : कान्तिपुर | सम्पादकीय शीर्षक र प्रतिनिधित्व सन्दर्भ | ३०८ |
| परिशिष्ट १ ख : गोरखापत्र | सम्पादकीय शीर्षक र प्रतिनिधित्व सन्दर्भ | ३१८ |
| परिशिष्ट २ क : कान्तिपुर | सम्पादकीय शीर्षकमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्व | ३२७ |
| परिशिष्ट २ ख : गोरखापत्र | सम्पादकीय शीर्षकमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्व | ३३० |
| परिशिष्ट ३ : एकीकृत | संविधानसभा निर्वाचन-२०७० को वृहत् सङ्घटनासँग सन्दर्भित सम्पादकीयहरू | ३३३ |
| परिशिष्ट ४ | विश्लेषणका लागि छानिएका अनुच्छेदहरू | ३३९ |
| परिशिष्ट ५ | प्राविधिक शब्दावली | ३७६ |

# तालिकाहरू


तालिका नं. १.१ : विश्लेषणको अवधारणात्मक ढाँचा २५

तालिका नं. ३.१ : शीर्षस्थ प्रतिनिधित्वका सूचकीय सन्दर्भ ६६

तालिका नं. ३.२ : चयनका विकल्पहरू ६७

तालिका नं. ३.३ : पहिलो चार महिनाका अप्रत्यक्ष सूचकहरू ६९

तालिका नं. ३.४ : दोस्रो चार महिनाका अप्रत्यक्ष सूचकहरू ७१

तालिका नं. ३.५ : तेस्रो चार महिनाका अप्रत्यक्ष सूचकहरू ७७

तालिका नं. ३.६ : 'निर्वाचन' को शीर्षकीय संरचना र संसक्ति ८१

तालिका नं. ३.७ : अप्रत्यक्ष सूचकहरूको सन्दर्भ ८४

तालिका नं. ३.८ : प्रमुख परिचालकहरूको शीर्षस्थ प्रतिनिधित्व १०३

तालिका नं. ३.९ : प्रमुख परिचालकहरूको वैकल्पिक प्रतिनिधित्व १०७

तालिका नं. ३.१० : आकांक्षी, उत्प्रेरित, सीमान्तीकृत, असुरक्षित, विस्थापित र विलम्बितहरू ११०

तालिका नं. ३.११ : व्यवस्थापन पक्षका प्रतिनिधित्वहरू ११३

तालिका नं. ३.१२ : सार्वभौम पक्षका प्रतिनिधित्वहरू ११७

## परिच्छेद एक

# शोध परिचय

### १.१ शीर्षक परिचय

प्रस्तुत शोधप्रबन्धको शीर्षक *सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व* रहेको छ । यो नेपालका राष्ट्रिय दैनिक अखबारमा प्रकाशित सम्पादकीय सङ्कथनमा सामाजिक प्रतिनिधित्वको अध्ययनसँग सम्बन्धित छ । यसमा 'कान्तिपुर' र 'गोरखापत्र' मा २०७० सालमा प्रकाशित सम्पादकीयलाई विश्लेष्य सामग्रीका रूपमा चयन गरी सङ्कथन विश्लेषण पद्धतिबाट बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको पहिचान, निर्भरीकरण र मूर्तीकरण प्रक्रियाको खोजीका साथै शक्तिसम्बन्धले पारेको प्रभावको विश्लेषण गर्दै निष्कर्ष निकाल्ने काम गरिएको छ ।

सम्पादकीय सङ्कथनमा रहेका सामाजिक प्रतिनिधित्वका सूचकहरूले शक्तिसम्बन्धको सांस्कृतिक प्रभावलाई दर्साउँछन् । सम्पादकीय संस्थागत सामूहिक विचारयुक्त समसामयिक लेख्य सङ्कथन हो । यसको निर्माण र प्रकाशन गर्ने काम संचार संस्थाबाट हुन्छ । संचार संस्थालाई समाजमा सांस्कृतिक संस्थाका रूपमा लिइन्छ। सम्पादकीयको निर्माण संचारको संस्थागत बौद्धिक संरचनामा रहेका व्यक्तिबाट गरिन्छ। ती निश्चितखालको स्थितिसन्दर्भबाट निर्देशित र प्रभावित हुन्छन् । समाजका विभिन्न सङ्घटनाहरूले शक्तिसम्बन्धको रणनीतिक स्थितिसन्दर्भबाट निर्देशित हुँदै सामाजिक प्रतिनिधित्वका रूपमा सम्पादकीय पाठमा प्रवेश पाउँछन् । यसैले सम्पादकीय सङ्कथनका सामाजिक प्रतिनिधित्वहरूमा सांस्कृतिक सन्दर्भका अर्थ रहेका हुन्छन् र तिनले समसामयिक विचार निर्माणमा सहयोग पुऱ्याउँछन् । सम्पादकीयमा कुनै पनि सङ्घटनाका विषय/वस्तु, व्यक्ति र घटनाहरूले सामाजिक प्रतिनिधित्व गर्ने हुनाले तिनको स्थितिसन्दर्भको विशिष्ट सांस्कृतिक पहिचान हुन्छ । त्यस्ता विषय/वस्तु, व्यक्ति र घटनाहरूले सामान्यतः कुनै न कुनै विचार, संस्था, समूह र प्रभावशाली परिवर्तनको प्रतिनिधित्व गरेका हुन्छन् । त्यस्ता प्रतिनिधित्वहरूले सांस्कृतिक चेतनाको स्तर, मापदण्ड र प्रभावबाट निर्देशित सहमतीय र प्रतिरोधात्मक शक्तिसम्बन्धको गतिका माध्यमबाट सम्पादकीयको आलोचनात्मक विमर्शलाई प्रभाव पारेका हुन्छन् । यस्तो प्रभावलाई प्रतिनिधित्वहरूको प्रस्तुतिमा प्रकट भाषिक सूचकका माध्यमबाट बुझ्न सकिन्छ । भाषामा सामाजिक प्रतिनिधित्व निर्भर र मूर्त हुन आउँछ । भाषाले सम्बन्धित सांस्कृतिक संरचनामा रहेका मानिसको बौद्धिक प्रभुत्वको सन्दर्भलाई उजागर गर्न सक्छ । यो काम सङ्कथन विश्लेषण पद्धतिबाट सम्पादकीय पाठमा गर्नु आवश्यक छ र यसो गर्नु प्राज्ञिक दृष्टिले पनि उपयुक्त हुन्छ । यसैले प्रस्तुत शोधकार्यमा सम्पादकीयका बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको पहिचानसहित भाषिक निर्भरीकरण र मूर्तीकरण प्रक्रियाको खोजी गरी पाठमा देखिएको शक्तिसम्बन्धको प्रभावलाई विश्लेषण गरिएको छ ।

## १.२ समस्याको कथन

अखबारको सम्पादकीयमा पत्रकारले समाजमा प्रतिनिधिमूलक मानिएका विभिन्न विषय/वस्तु, व्यक्ति र घटनाहरूको सन्दर्भलाई लिएर संस्थागत रूपमा दीर्घकालीन असरलाई ध्यानमा राखेर पक्ष वा विपक्षमा बलियो अनुभूति र विश्वासका साथ निर्णयात्मक तरिकाले सोझै सामूहिक विचार प्रकट गर्दछन् । सम्पादकीयलाई सत्यमा आधारित भएर रोचक तरिकाले गरिने कडा बहस र गम्भीर विश्लेषण गर्ने स्वतन्त्र विधा मानिएको छ। स्वामित्वको संरचनामा जुनसुकै वर्गको वर्चस्व भए पनि राष्ट्रिय अखबारका पत्रकारले तत्कालीन राजनीतिक, आर्थिक, सामाजिक सङ्घटनालाई नियालेर साँस्कृतिक परिवर्तनका शक्तिशाली प्रतिनिधित्वहरूलाई वस्तुनिष्ठ भएर सम्पादकीयमा समावेश गर्ने र समाजलाई सकारात्मक दिशा दिने गहन पेशागत तथा नैतिक दायित्व बोकेका हुन्छन् । यस्तो भए पनि सम्पादकीयमा कतिपय सामाजिक प्रतिनिधित्वहरूको भाषिक निर्भरीकरण र मूर्तीकरण सही ढङ्गले हुन नसक्दा भ्रमको प्रतिनिधित्व पनि घुसेको छ, कुनै न कुनै शक्तिसितको सम्बन्धबाट प्रभावित भएर मात्रै सम्पादकीय लेखिँदा सम्पादकीय विधाको सङ्कथनीय साख जोगाउन मुस्किल परेको छ, सम्पादकीयमा शक्तिसम्बन्धको अनुचित प्रभाव पऱ्यो भने बौद्धिक प्रभुत्वको सामूहिक संचार शक्ति क्षीण भएर जान्छ र यी कुरालाई सामाजिक प्रतिनिधित्व सिद्धान्तका भाषिक उपकरण र सांस्कृतिक मान्यताका आधारमा सप्रमाण पहिचान गर्न सकिन्छ । सांस्कृतिक दृष्टिले गहन महत्त्व राख्ने यो बृहत् सोचलाई प्राक्कल्पनाका रूपमा लिएर प्रस्तुत शोधकार्यमा सामाजिक प्रतिनिधित्वको स्थितिसन्दर्भसित सम्बन्धित केही निश्चित प्रश्नहरूको समाधान खोजिएको छ । ती शोधप्रश्न यस प्रकार रहेका छन् :

(क) सम्पादकीय सङ्कथनमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको अवस्था के छ ?

(ख) सम्पादकीय सङ्कथनमा प्रतिनिधित्वको निर्भरीकरण कसरी गरिएको छ ?

(ग) सम्पादकीय सङ्कथनमा प्रतिनिधित्वको मूर्तीकरण कसरी गरिएको छ ?

(घ) सम्पादकीय सङ्कथनका प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

नेपाली राष्ट्रिय बृहदाकार दैनिक अखबारका सम्पादकीय पाठको वाक्यका तहमा रहेको भाषिक अभिव्यक्ति व्यवस्थाको अध्ययन गरी सामाजिक प्रतिनिधित्वका रूपमा रहेका विषय/वस्तु, व्यक्ति र घटनाहरूको अवस्था पहिचान गरी तिनका सन्दर्भहरूको निर्भरीकरण र मूर्तीकरण प्रक्रियाको अध्ययन गर्दै शक्तिसम्बन्धले पारेको प्रभावको वस्तुगत, अन्तर्निष्ठ, पूर्ण र व्यवस्थित विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ । यस मूल उद्देश्यलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गरिएको छ;

(क) सम्पादकीय सङ्कथनमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको अवस्थाको पहिचान गर्ने,

(ख) सम्पादकीय सङ्कथनमा प्रतिनिधित्वको निर्भरीकरण प्रक्रियाको अन्वेषण गर्ने,

(ग) सम्पादकीय सङ्कथनमा प्रतिनिधित्वको मूर्तीकरण प्रक्रियाको अन्वेषण गर्ने,

(घ) सम्पादकीय सङ्कथनका प्रतिनिधित्वहरूमा शक्तिसम्बन्धको प्रभावको विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यका लागि सम्पादकीय, सङ्कथन र सामाजिक प्रतिनिधित्वसित सम्बद्ध विधागत, भाषिक तथा सांस्कृतिक महत्त्वका पुस्तकाकार र सङ्कलनात्मक कृति, प्रकाशित र अप्रकाशित शोधपत्र, कार्यपत्र र पत्रिका, स्मारिका तथा परिशिष्टाङ्कमा प्रकाशित फूटकर लेखरचनामा रहेका सान्दर्भिक तथ्य, अनुभव र विचारहरूको अध्ययन गरियो । यस समीक्षामा नेपाली अखबारका सम्पादकीय सामग्रीलाई साङ्केतिक भए पनि प्रभाव पार्ने गरी भएका पत्रकारिताका व्यावसायिक, विधागत, भाषिक र सांस्कृतिक चिन्तन तथा अध्ययनहरूलाई क्रमशः कालक्रम र वर्णानुक्रमानुसार प्रस्तुत गरिएको छ ।

गृष्मबहादुर देवकोटा (वि.सं. २०२४) ले *नेपालको छापाखाना र पत्र-पत्रिकाको इतिहास* मा सम्पादकीय लेखनको विश्व र नेपाली इतिहासको सङ्क्षिप्त जानकारी प्रस्तुत गरेको भेटिन्छ । देवकोटाले नेपाली पत्रपत्रिकामा सम्पादकको नाम र सम्पादकीय लेख्ने चलनको चर्चा गर्दै नेपालमा प्रकाशित भएका पत्रपत्रिकाहरूले आरम्भदेखि नै सम्पादकीय लेख्ने गरे पनि नियमितता भने नभएको जनाएका छन् । कृतिमा गोरखापत्रले सुरूमा 'एडिटरको राय' अन्तर्गत आवश्यकता अनुसार मात्र सम्पादकीय लेख्ने गरेकोमा प्रकाशनको ४० वर्षपछिदेखि भने नियमित रूपले सम्पादकीय लेख्दै आएको उल्लेख पाइन्छ । लेखकले विश्वमा सम्पादकीय लेख्ने चलनको पूर्व इतिहासको चर्चा गर्दै पत्रपत्रिका प्रकाशनको प्रारम्भ कालका पत्रिकाहरूमा सम्पादकीय लेख्ने चलन नभएको जनाएका छन् । देवकोटाका अनुसार सन् १७०४ देखि १७४० सम्म ब्रिटेनमा सर्वसाधारण जनताको विचारको रूपमा सम्पादकीय लेख्ने चलन थियो । कृतिमा उल्लेख भए अनुसार सन् १७८९ मा राज्यक्रान्तिको समयमा फ्रान्सेली पत्रिकाहरूले सम्पादकीय लेख्न थालेको र त्यसपछि प्रकाशित सबै पत्रपत्रिकाहरूमा सम्पादकीय लेख्ने चलन चलेको हो । वि.सं. २०५१ मा दोस्रो संस्करणका रूपमा साझा प्रकाशनबाट प्रकाशित यस पूर्वकार्यबाट सम्पादकीय लेखनको इतिहास र आवश्यकताबारे आधारभूत सांस्कृतिक अवधारणा ग्रहण गर्न मद्दत मिलेको छ ।

रामराज पौड्याल (वि.सं. २०२७) ले *पत्रकारिता* मा पत्रकारितामा प्रयुक्त हुनुपर्ने नेपाली भाषाका विषयमा प्रकाश पार्दै व्याकरणका कोणबाट शुद्ध र अशुद्ध ठहरिने केही शब्दहरूको सप्रसङ्ग चर्चा गरेको पाइन्छ । कृतिमा उल्लेख भए अनुसार पाण्डित्यप्रदर्शन गर्ने उद्देश्यले कडा शब्द, अथवा अश्रुत तर्कको आधार लिएर सम्पादकीयलाई क्लिष्ट, बहु अर्थयुक्त वा निरर्थक बनाउन हुँदैन । पत्रकारिता विषयमा नेपाली भाषामा प्रकाशित पहिलो कृतिका रूपमा परिचित यस कृतिमा सम्पादकीय प्रयुक्तिका विविध पक्षको जानकारी दिने क्रममा सम्पादकीयको संस्थागत प्रयोजन, अवधारणा, संरचना आदिमा प्रकाश पारिएको छ । यसबाट सम्पादकीयको संस्थागत प्रयोजन, अवधारणा, संरचना आदि सम्बन्धी सांस्कृतिक अवधारणा ग्रहण गर्न मद्दत मिल्दछ ।

गोपालनिधि तिवारी (वि.सं. २०३३) को 'नेपाली भाषाको बनोट र त्यसको प्रयोग' शीर्षक शोधपत्रमा

समाज र भाषाको सम्बन्ध रहेको चर्चा पाइन्छ। शोधपत्र नेपाल प्रज्ञा-प्रतिष्ठान (तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान) द्वारा प्रकाशित *नेपाली भाषा-अधिगोष्ठी २०३३ (विवृत्ति)* मा सङ्कलित रहेको छ । तिवारीले उल्लेख गरेअनुसार विभिन्न शोधपत्रहरूमध्ये समाजमा दिनानुदिन नयाँ विचार, नयाँ भाव, नयाँ प्रतिभा, नयाँ विज्ञान आदि बढ्दै जाँदा तिनीहरूलाई अभिव्यक्तिमा उतार्न भाषाका शब्दहरूमा पनि नवीन सङ्गठन, चयन, परिष्कार र निर्माण हुन थाल्दछन् । लेखमा नेपाली भाषाको बनोटमा निजीपन पनि प्रशस्त मात्रामा देखापर्न थालेको चर्चा गर्दै उदाहरणका रूपमा 'सम्पादक्यौली' शब्दको पनि उल्लेख गरिएको छ ।

बल्लभमणि दाहाल (वि.सं. २०३३) को 'नेपाली भाषा र कोश' शीर्षक शोधपत्रमा भाषा र कोशको प्रयोग क्षेत्र र विविध प्रयोजनका लागि सन्दर्भपरक भेद र शैलीको उन्नयन पक्षलाई पनि समेटेको पाइन्छ। शोधपत्र नेपाल प्रज्ञा-प्रतिष्ठान (तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान) द्वारा प्रकाशित *नेपाली भाषा-अधिगोष्ठी २०३३ (विवृत्ति)* मा सङ्कलित रहेको छ । यसको विस्तार उपशीर्षकमा लेखकले नेपाली भाषा प्रचार प्रसारको भाषा पनि भएको उल्लेख गर्दै यो एउटा विकसित र उच्चस्तरीय ज्ञानको भाषा पनि हुनुपर्ने विचार व्यक्त गरेका छन् । यस शोधपत्रमा विविध क्षेत्रमा प्रयुक्त नेपाली भाषाको सैद्धान्तिक अध्ययन गर्नु पर्ने कुरा उठाउँदै लेखकले विभिन्न क्षेत्रमा प्रयुक्त नेपाली भाषाका वाक्य र शब्द तहका भेदहरू पत्ता लगाउन त्यस्तो अध्ययन उपयोगी हुने धारणा राखेको पाइन्छ। भाषाका विभिन्न परिस्थिति र प्रसङ्गमा प्रयुक्त विभिन्न शैलीलाई सन्दर्भपरक भेद र शैलीको अध्ययनबाट पत्ता लगाउन सकिने चर्चा गर्दै लेखकले सात प्रकारको प्रयुक्तिपरक भाषाको उल्लेख गर्ने क्रममा अखबार पत्रपत्रिकाको भाषालाई पनि समेटेको पाइन्छ । यी शोधपत्रहरूले परोक्षतः अखबारको भाषा र विभिन्न प्रयोगको सांस्कृतिक पक्षलाई सङ्केत गरेको पाइन्छ।

भोला बी. राणा (१९८२) ले जोन ए. लेन्टको सम्पादनमा रहेको *न्युजपेपर्स इन एसिया : कन्टेम्पोररी ट्रेन्ड्स एन्ड प्रब्लम्स* कृतिको 'नेपाल' खण्डमा नेपाली पत्रकारिताका प्रवृत्ति र समस्याहरूलाई प्रस्तुत गर्दा सरकारसित गैरसरकारी प्रेसको सम्बन्ध वर्षौंदेखि सौहार्दपूर्ण नरहेको कारण खुलाउँदै सरकारी र गैरसरकारी स्वामित्वका प्रेसमा सरकारले गरेको आर्थिक भिन्नतालाई सङ्केत गरेको पाइन्छ। उनले वि.सं. २०३८-०३९ मा प्रकाशित यस कृतिमा पत्रकारिताको समस्यामा स्वामित्वको स्वरूप र प्रतिभालाई आकर्षण गर्ने क्षमताको अभाव रहेको तथ्यलाई समेटेका छन् । पत्रकारितामा प्रतिभाशालीहरू आकर्षित हुन नसकेकाले त्यसको अन्तर्वस्तुमा समस्या रहेको छ । उनले नेपाली प्रेसले राजनीतिक विकासलाई बढी ध्यान दिने र आर्थिक तथा सामाजिक समस्यालाई बेवास्ता गर्ने गरे पनि सम्पादकीयलाई अपवादमा लिएको पाइन्छ । यद्यपि उनले सम्पादकीयको विश्लेषणलाई सतही मानेका छन् । सम्पादकीयमा प्रायः घटनाको सतही विश्लेषण हुन्छ, राम्रो अनुसन्धान र विचारोत्तेजक लेखरचना विरलै पाइन्छ। यस कृतिबाट सरकारी र निजी अखबारको संस्थागत स्वामित्वमा रहेको अवस्थागत भिन्नता, पत्रकारितामा प्रतिभा र अन्तर्वस्तुको सम्बन्ध, सम्पादकीय विश्लेषणको स्तर र विशेष ऐतिहासिक कालखण्डको सांस्कृतिक पृष्ठभूमि बुझ्न सकिन्छ।

युगेश्वर पी. वर्मा (१९८५) ले *द डिभलपमेन्ट मेसेज अफ द गोरखापत्र एन्ड सम मिजर्स अफ इट्स*

*इफेक्टिवनेस* कृतिमा गोरखापत्रको रिपोर्टिङ र सम्पादकीय विचारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा सरकारको नीति र अभिवृत्तिको प्रतिविम्बका रूपमा लिइने जनाएको पाइन्छ । उनले वि.सं. २०४१-०४२ मा प्रकाशित यस कृतिमा सम्पादकहरूमध्ये कुनै एकले सम्पादकीय लेख्ने चलन रहेको पनि उल्लेख गरेका छन् । वर्माले गोरखापत्र प्राविधिक रूपमा सरकारी अखबार मात्रै नभएको तर सामग्रीको चयनमा नियन्त्रण रहेको उल्लेख गरेका छन् । उनले सम्पादकीय सिद्धान्त सधैं लिखित नीतिबाट ग्रहण नगरिने पनि जनाएका छन् । वर्षौंदेखिको अभिमुखीकरणबाट सम्पादकहरूले उनीहरूबाट के चाहना गरिएको छ र गोरखापत्रले के गर्नुपर्छ भनेर बुझ्ने गरेका छन् । वर्माले उल्लिखित वाक्यमा 'उनीहरू' भनेर स्वामित्वलाई सङ्केत गरेको पाइन्छ । उनले भद्दा र जटिल वाक्य संरचनाले गोरखापत्रको विचार बुझ्न कठिन बनाएको तथ्य एक पटक पाठकमा गरिएको नमूना सर्वेक्षणबाट पत्ता लागेको पनि जनाएका छन् । साथै, उनले गोरखापत्रमा नेपाली भाषाको स्तरीकरण र सरलीकरण हुनुपर्ने अनुभव गरिएको उल्लेख गर्दै गोरखापत्रमा नेपाली भाषाको प्रयोग गर्दा मुख्यतः यी दुई आवश्यकतालाई ध्यान दिनुपर्ने सुझाव दिएको पाइन्छ । यस कृतिबाट सरकारी स्वामित्वमा रहेको गोरखापत्रको सम्पादकीय लेखनको कार्यनीति तथा प्रकृति, जटिल भाषा प्रयोगको सट्टा स्तरीकरण र सरलीकरणको आवश्यकता बोध गरिएको ऐतिहासिक तथा सांस्कृतिक पृष्ठभूमिलाई बुझ्न सकिन्छ ।

बल्लभमणि दाहाल (वि.सं. २०४३) ले संचार मन्त्रालयद्वारा काठमाडौंमा आयोजित कार्यक्रममा 'जनसञ्चार र भाषा' विषयमा कार्यपत्र प्रस्तुत गरेको देखिन्छ । प्रस्तुत कार्यपत्रमा दाहालले जनसंचारको भाषामा शुद्धता, सरलता, एकरूपता कायम गर्न सम्बन्धित पक्षलाई सुझाएको पाइन्छ ।

विजय चालिसे (वि.सं. २०४५) ले *समाचार सङ्कलन तथा सम्पादन* कृतिमा विचार स्तम्भ अन्तर्गत सम्पादकीयको चर्चा गर्दै सम्पादकीयलाई आत्मा र प्राण मानिने विचार व्यक्त गरेका छन् । यसमा अखबारप्रतिको जनविश्वास र आस्था पनि यसैको प्रभावकारिता, निष्पक्षता, निर्भीकतापूर्ण गहन विचारमा रहने उल्लेख गर्दै लेखकले चरित्र, सिद्धान्त र व्यक्तित्व सबैले सम्पादकीय निष्कलङ्क र नेतृत्वदायी हुनुपर्ने जनाएका छन् । यसमा विचार प्रत्यावर्तक, तात्कालिक र वैचारिक प्राथमिकता गरी तीन प्रकारका सम्पादकीय हुने र सम्पादकीयको संरचनामा घटना वा विषयको सङ्क्षेमा वर्णन वा पृष्ठभूमि, तार्किक विश्लेषण र विचारको प्रतिपादन गरी तीनपक्ष रहने उल्लेख छ । यस कृतिमा रहेको लेखकको आशय अनुसार सम्पादकीयको भाषाले तथ्य र विचारको प्रस्तुतिमा वस्तुनिष्ठ सन्तुलन कायम राख्न, विश्लेषणमा निर्भीकता, निर्लिप्तता, तर्कपूर्ण क्रमिक विकास, तथ्यपूर्ण कारण, सङ्क्षिप्तता, स्पष्टता र निष्पक्षता प्रकट गर्न सक्नु पर्दछ । यसले सम्पादकीयको प्रयोजन र भाषासँग जोडिएको सांस्कृतिक पक्षको सङ्केत गरेको पाइन्छ ।

सुशील शर्मा (वि.सं. २०५१) ले ध्रुवहरि अधिकारीको सम्पादनमा प्रकाशित *पत्रकारिता हाते किताब* मा 'सम्पादकीय लेखन' शीर्षकको लेखमा विचार नभएको सम्पादकीय सम्पादकीय नहुने जनाउँदै सम्पादकीय स्तम्भमा समाचार नभएर विचार प्रस्तुत गरिने, घटनाको विवरण नभएर घटना माथि प्रतिक्रिया व्यक्त गरिने, सकारात्मक पक्षका साथै आलोचनात्मक टिप्पणी हुने, आलोचनाको लक्ष्य व्यक्ति नभएर उसको विचार र कार्यशैली हुने आदि

उल्लेख गरिएको छ । यस लेखले सम्पादकीय निर्माण र भाषासँग जोडिएको सांस्कृतिक पक्षको सङ्केत गरेको पाइन्छ ।

गोरखापत्र संस्थान (वि.सं. २०५५) द्वारा *प्रकाशित गोरखापत्र शैली पुस्तिका* मा नेपाली भाषाको अखबारका विविध विषय र समाचारको विधागत पहिचान दिँदै तिनमा प्रयुक्त हुने भाषिक पक्षलाई गोरखापत्र संस्थानका प्रकाशनहरूमा एकरूपता प्रदान गर्नका लागि संस्थागत रूपमा सामान्य निर्देशन दिइएको पाइन्छ । यसमा सङ्क्षिप्त नामदेखि अङ्कको प्रयोगमा सतर्कता हुनुपर्ने, छपाइ शुद्धि र सम्पादनका विविध चिह्नहरूको सही प्रयोग हुनुपर्ने, अदालत र संवैधानिक अङ्गहरू, अपराध, संसद, अश्लीलता जस्ता विषय र अक्षर गणना जस्ता पक्षमा जोड दिइएको पाइन्छ । प्रस्तुत शोधकार्यमा यस पूर्वकार्यबाट सम्पादकीयको नेपाली सन्दर्भमा संस्थागत निर्देशनको सांस्कृतिक स्वरूप प्राप्त गर्न सघाउ मिलेको छ ।

सङ्गीता रायमाझी र विन्दु सुवेदी (१९९९) ले *युज अफ ल्याङ्ग्वेज इन द नेपाली प्रेस* मा नेपाली दैनिक र साप्ताहिक अखबारको जम्मा छ हप्ताको रिपोर्टिङलाई आधार बनाई प्रायोगिक कार्य गरेको पाइन्छ । वि.सं. २०५६ मा नै प्रकाशित यस कृतिमा नेपाली छापा माध्यमका समाचार र विचार सामग्रीको सङ्कथन अध्ययन गर्ने क्रममा समाचार विवरण, सम्पादकीय, टिप्पणी, विविध दृष्टिकोण, शीर्षक, उपशीर्षक, व्यङ्ग्यचित्र, तस्विर, लेख रचनालाई अध्ययन सामग्रीका रूपमा लिइएको छ । प्रचारमुखी मोडेलबाट आंशिक रूपमा प्रभावित मानिएको यस कृतिमा अखबारका सामग्रीलाई अर्थको कोणबाट केलाउने क्रममा सांस्कृतिक पक्ष पनि समेटिएको सङ्केत पाइन्छ ।

किशोर नेपाल (वि.सं. २०५७) द्वारा लिखित *नेपाली पत्रकारितामा भाषा* मा नेपाली अखबारका सङ्कथनको भाषिक शैली पक्षको अध्ययन र विश्लेषण गरिएको पाइन्छ । नेपाली भाषामा पत्रकारिता व्यवसायलाई समुचित ढङ्गले मार्ग निर्देशन गर्ने पाठ्य सामग्रीहरू, अनुशीलन र विश्लेषण गरिएका चाहिने जति सामग्रीहरूको अभाव रहेको कुरा कृतिको भूमिकामै उठाइएको पाइन्छ । अधिकांश समाचार, समाचार-टिप्पणी र स्तम्भहरूमा धेरै कुरा भन्न खोजिए पनि अर्थहरू हराउने प्रवृत्तिको उल्लेख गरिएको छ । यसले नेपाली संचार माध्यममा पत्रकारका रूपमा संस्थागत पहिचान बनाएका बौद्धिक वर्गको वैचारिक अभिव्यक्तिमा भाषिक सीपको स्तर फितलो रहेको सङ्केत गरेको छ ।

चूडामणि बन्धु (वि.सं. २०५७) ले गोरखापत्र संस्थानद्वारा प्रकाशित *गोरखापत्रको इतिहास* मा 'नेपाली भाषा र गोरखापत्र' शीर्षक लेखमा गोरखापत्रको प्रकाशनपछि बोलचालको भाषालाई नियमित रूपमा र व्यापक क्षेत्रमा छापामा ल्याउँदा हिज्जेका समस्याहरू देखापरेका विचार प्रकट गरेको पाइन्छ । लेखकले नेपाली भाषामा कानुन, प्रशासन, विज्ञान आदि जस्तै संचारको आफ्नो वाक्य संरचना र शैलीको पनि विकास हुँदै गरेको उल्लेख गरेका छन् । यस पूर्वकार्यबाट गोरखापत्रको सापेक्षतामा नेपाली भाषाका दैनिक अखबारको स्तर, अभिव्यक्ति क्षमता, वाक्य संरचना, शैली जस्ता पक्षमा विचार पुऱ्याउन मद्दत मिल्दछ ।

श्रीराम खनाल (वि.सं. २०५९) ले *प्रयोगात्मक पत्रकारिता* कृतिमा सम्पादकीयलाई पत्रपत्रिकाको नीति

पनि भनिने उल्लेख गर्दै गम्भीर समाचार, समसामयिक र सार्वजनिक महत्त्वका विषयमा सम्पादकीय लेख्ने गरेको पाइने जनाएका छन् । कृतिमा सम्पादकीय शिष्ट, सौम्य र नरम भाषामा हुनु राम्रो हुने, कसैलाई गाली र उपदेश दिनु राम्रो नहुने विचार लेखकको रहेको पाइन्छ ।

राष्ट्रिय समाचार समिति (वि.सं. २०६३) द्वारा प्रकाशित *रासस समाचार शैली निर्देशिका* मा यसको निर्माण त्रिभुवन विश्वविद्यालयको अनिवार्य नेपाली शिक्षण निर्देशिका र प्रज्ञाप्रतिष्ठानको नेपाली बृहत् शब्दकोशको नियमलाई मूल आधार मानेर गरिएको उल्लेख पाइन्छ । राष्ट्रिय समाचार समितिले तयार गर्ने नेपाली समाचारको भाषामा शुद्धता, सरलता र एकरूपता ल्याउनका लागि संस्थागत रूपमा प्रकाशित यस पूर्वकार्यमा समाचार लगायत पत्रकारिताका सबै विधा जहिले पनि समय र समाज सापेक्ष हुने र हुनैपर्ने जनाउँदै समाचारको प्रस्तुतीकरण, शैली र नेपाली भाषाको प्रयोगको चर्चा गरिएको पाइन्छ । यस निर्देशिका मार्फत गालीगलौजका शब्द, अश्लील अर्थमा बुझिने यौनजन्य शब्द, कुनै जात, जाति, वर्ग, सम्प्रदायलाई होच्याउने किसिमका शब्दहरू, स्थान, प्रदेश, भौगोलिक क्षेत्रका आधारमा होच्याउने आशयले प्रयोग गरिने शब्द, बोलीचालीमा अनायास प्रयोग हुने थेगो आदिलाई राससको समाचार सेवामा प्रयोग नगर्न निर्देशन दिइएको पाइन्छ । यसबाट नेपाली भाषा प्रयोगको संस्थागत मापदण्डको अद्यावधिक जानकारी लिन सकिन्छ ।

शरच्चन्द्र वस्ती (वि.सं. २०६३) ले *हाम्रो भाषा* मा पत्रकारले सार्वजनिक गरेका विभिन्न सामग्रीमा अनुचित अर्थ लाग्ने, जबर्जस्ती अर्थ बुझ्नु पर्ने, वाञ्छित अर्थ नभेटिने, उल्टो अर्थ लाग्ने, अर्थ दोहोरिने, भनाइको क्रम नमिल्ने, नचाहिने शब्द राख्ने, चाहिने शब्द नराख्ने, कारण नभेटिने, एउटा वाक्य नटुङ्गिँदै अर्को वाक्य घुसिसक्ने, ठिक ठाउँमा ठिक शब्द नहुने, ठिक ठाउँमा भनाइ पनि नसकिने, अश्लील र अपरिष्कृत शब्द समेत प्रयोग हुने, शैली सरल र बोधगम्य नहुनाले कुरा नबुझिने, दोहोरो र अनर्थ लाग्ने, वाक्यमा प्रधान वस्तु नै अप्रधान बन्ने गरेका विसङ्गतिहरूलाई सूक्ष्मतापूर्वक विश्लेषण गरेको पाइन्छ । यसले संस्थागत बौद्धिक वर्गको ज्ञान, सीप र क्षमतामा देखिएको कमी कमजोरीलाई औंल्याएको पाइन्छ ।

शुभशंकर कँडेल (वि.सं. २०६३) ले *व्यावसायिक पत्रकारिता* मा सम्पादकीय यस्तै ढाँचामा हुनु पर्दछ भन्ने यान्त्रिक नियम नभए पनि यसमा शीर्षक, घटना वा विषयको पृष्ठभूमि र परिचय, तार्किक विश्लेषण, निष्कर्ष र सुझाव जस्ता केही आवश्यक तत्त्वहरू भने रहेका हुन्छन् भनेका छन्। यसमा उल्लेख भए अनुसार सम्पादकीयको काम पत्रिकाको परिचय र स्तर देखाउने, जानकारी दिने, सचेत गराउने, विषयको व्याख्या गर्ने, शिक्षित तुल्याउने, विविध मतलाई मञ्च प्रदान गर्ने, प्रेरित गर्ने र मनोरञ्जन प्रदान गर्ने हो । यस कृतिमा सम्पादकीय लेख्दा ध्यान दिनु पर्ने कुरा अन्तर्गत प्रारम्भ स्पष्ट र पूर्ण हुने गरी सङ्क्षेपमा लेख्नु पर्ने, दोहोरो अर्थ लाग्ने निचोड नदिने, व्यक्तिमाथि प्रहार नगर्ने, व्यक्तिको आलोचना गर्नु पर्ने भएमा उसको बानी, स्वभाव र चरित्रमा नभएर विचारको मात्र आलोचना गर्ने, हचुवाका भरमा सम्पादकीय नलेख्ने भनी उल्लेख गरिएको पाइन्छ । यस पूर्वकार्यबाट सम्पादकीयको बारेमा जानकारी लिन मद्दत मिल्दछ ।

कृष्ण खनाल (वि.सं. २०६४) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को पहिलो अङ्कमा

'सङ्क्रमणकाल र सञ्चार क्षेत्र' शीर्षक लेखमा 'सञ्चार क्षेत्रको भूमिका' उपशीर्षक अन्तर्गत सम्पादकीयको पनि चर्चा गरेको पाइन्छ। उनका अनुसार सम्पादकीयले सूचनालाई प्रचारवाजीबाट अलग्याएर राजनीतिको सार एवं चुरोमा पुऱ्याउन मद्दत गर्छ। नेपालमा यसको विषयवस्तुको प्रभाव अनुसन्धानको परिपाटी विकास नभएको पनि लेखमा उल्लेख गरिएको पाइन्छ।

क्लार्क होएट (वि.सं. २०६४) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को पहिलो अङ्कमा 'एकतर्फी बहसको खतरा' शीर्षकमा सम्पादकीयको चर्चा गर्दै सम्पादकीय/विचार पृष्ठ खासगरी विवादास्पद विचारका लागि सधैं खुला हुनुपर्ने विचार व्यक्त गरेको पाइन्छ। यसो भएमा मात्र खुला समाजले आफ्ना लागि के सही हो र के गलत हो भनेर छुट्याउन सक्छ भन्ने उनको धारणा पाइन्छ। यो एकतर्फी हुन नहुने उनको निष्कर्ष रहेको पाइन्छ।

प्रेस काउन्सिल नेपाल (वि.सं. २०६४) द्वारा प्रकाशित *पत्रकार आचारसंहिता २०६० (संशोधित तथा परिमार्जित २०६४)* मा पत्रकार, संचार माध्यम र संचार संस्थाहरूले गर्न हुने खण्डको आठौं बुँदामा शिष्ट व्यवहार अन्तर्गत नैतिक, शिष्ट र मर्यादित भाषाको प्रयोगमा सजग रहनु पर्ने, नवौं बुँदामा गल्ती सच्याउने तत्परता अन्तर्गत त्रुटि वा गल्तीको जानकारी हुनासाथ प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन गर्नु पर्ने र दसौं बुँदामा सामाजिक दायित्व अन्तर्गत सबै भाषा-भाषीको उत्थान र विकासमा सूचना र विचार प्रवाह गरी सघाउनु पर्ने उल्लेख भएको देखिन्छ। यसैगरी पत्रकार, संचार माध्यम र संचार संस्थाहरू गर्न नहुने खण्डमा पाँचौं बुँदामा भेदभावपूर्ण भाषा प्रयोग गर्न नहुने, छैटौं बुँदामा पीडितलाई थप पीडा पुग्ने गरी भाषा प्रयोग गर्न नपाइने र सातौं बुँदामा पीडित व्यक्तिको नाम, ठेगाना, पहिचान खुल्ने शब्द, पदावली, वाक्य आदि प्रयोग गर्न नहुने आशय देखिन्छ। यसले सम्पादकीयको संस्थागत सामाजिक, सांस्कृतिक, नैतिक पक्षको अद्यावधिक जानकारी लिन मद्दत गर्दछ।

बालकृष्ण चापागाईं (वि.सं. २०६४) ले *आमसञ्चार र नेपाली भाषा* मा विद्युतीय संचार माध्यमको विज्ञापन र अन्तर्वार्ताको प्रायोगिक अध्ययन गरी संयोजकदेखि शब्द, सन्दर्भ, अर्थ आदिको चर्चा गर्ने क्रममा नेपाली भाषा, विद्युतीय संचार माध्यम, विज्ञापन र अन्तर्वार्तासित अभिन्न रहेको सांस्कृतिक पक्षलाई पनि समेटेको पाइन्छ।

मञ्जुश्री थापा (वि.सं. २०६४) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को पहिलो अङ्कमा 'आन्दोलनपछिको नेपाली प्रेस : आफ्नै भूमिका बिर्सेपछि' शीर्षक लेखमा भाषाको प्रयोगले मूल्यमान्यता झल्काउने विचार अघि सार्दै नेपाली प्रेसले यथार्थको खोजी नगर्ने, भावनात्मक कुरा बढी गर्ने, विषयमा नगहिरिने, स्पष्ट र सपाट कुरा नगर्ने, अस्पष्ट कुरा गरेरै बढी समय फाल्ने जस्ता कमजोरी बोकेको उदाहरण दिँदै नेपाली भाषाको सरलीकरणतर्फ लाग्नु पर्नेमा जोड दिएको पाइन्छ। यस क्रममा उनले विभिन्न खालका व्यक्तिको परिचय दिने नाम शब्दको प्रयोग हुनुपर्ने र नहुनुपर्नेमै अपेक्षित सचेतता नदेखाइएको आशय व्यक्त गरेको देखिन्छ। उनका अनुसार क्लिष्ट, संस्कृतनिष्ठ भाषाको भुमरीबाट पाठकलाई मुक्ति दिलाउने हो भने लेखनमा बोलचालको भाषा

प्रयोग गर्नु पर्ने र लिखित नेपालीलाई सपाट र जीवन्त बनाउनु पर्नेछ। भाषाको प्रयोगबाटै लोकतन्त्रको अभ्यास सुरू गर्ने सुझाव उनको रहेको पाइन्छ।

यादवप्रसाद ढुङ्गाना (वि.सं. २०६४) ले *सञ्चारमाध्यम : नेपाली समाचार-पत्रपत्रिकामा प्रयुक्त समाचार तथा सम्पादकीयसम्बन्धी प्रचारमुखी भाषिक स्वरूप* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) मा संचार माध्यमले आ-आफ्ना शक्तिकेन्द्रसँग सम्बन्धित विचारहरूलाई भाषामा प्रक्षेपण गर्दा जोड दिने पक्ष, सामग्री चयन, प्रस्तुतिको तरिका, प्रचारवादी सिद्धान्तको प्रयोग, विशेष नवीन शब्द, शब्दावली, वाक्यांश, अनुच्छेद र कथनहरूका बीचमा रहेको सन्देशात्मक र सूचनात्मक शृङ्खलाहरूको पारस्परिक सम्बन्धको समेत विश्लेषण गरेको पाइन्छ। यसमा सम्पादकीयलाई निर्देशित गर्ने तथ्यहरू पनि पाइन्छ। शोधप्रबन्धमा उल्लेख भए अनुसार सरकारी स्वामित्वका अखबारका सम्पादकीयले सरकारी नीति निर्णयहरूलाई समर्थन गर्दै विरोधीहरूले गरेको विरोधात्मक गतिविधिलाई आलोचनात्मक शब्द तथा पदावली प्रयोग गर्ने, लामा लामा जटिल वाक्यांशहरू प्रयोग गर्ने, सम्पादकीयका विभिन्न अनुच्छेदहरूमा क्रमशः अक्षक र वर्तक भाषिक घटकद्वारा सन्देशात्मक शृङ्खलाहरू अघि बढाउँदै सरकारी नीति र निर्णयहरूमा क्रमशः वर्तक र नवसूचना पक्षीय भाषिक घटकद्वारा अर्थमा विशेष जोड दिने गर्दछन्। शोधप्रबन्धमा सरकारी सूचनाको स्रोत सम्बन्धमा उल्लेख भए अनुसार सम्मानित पदको मर्यादा अनुसार आदरार्थी शब्द वा क्रियापदहरू प्रयोग गरिनु र सरकारी नीति र निर्णयका विपरीत नकारात्मक अर्थ लाग्ने वाक्यांश वा अनुच्छेदहरूको सन्देश कतै नपाइनु सरकारी सूचनाको स्रोत सम्बन्धी भाषिक स्वरूप हो भने निर्देशित सूचनाका आधारमा राजनीतिक रङले रङ्ग्याई समाचार तथा सम्पादकीय विवरणहरू प्रस्तुत गर्नु गैरसरकारी सूचनाको स्रोत सम्बन्धी प्रचारमुखी भाषिक स्वरूप हो। प्रस्तुत पूर्वकार्यले विशेषतः नेपाली अखबारमा रहेका सन्देश र सूचनाको पारस्परिक सम्बन्धका साथै त्यसको प्रयोगमा देखिएको स्वामित्वगत सांस्कृतिक पक्षलाई समेटेको पाइन्छ।

राजेन्द्र दाहाल (वि.सं. २०६४) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को पहिलो अङ्कमा 'खाँचो पूर्ति गर्ने प्रयास' शीर्षक सम्पादकीय अन्तर्गत नेपालका संचार सामग्रीमा भएका सवल र दुर्वल पक्षबारे आचार संहिताका कोणबाट बहस हुनुपर्ने बारे चर्चा गरेको पाइन्छ। उनले उल्लेख गरे अनुसार नेपालको पत्रकारिताका कमी-कमजोरी र विसङ्गतिहरू घटाउँदै यसलाई अरू बढी स्तरीय, जिम्मेवार, सार्थक र समाजोपयोगी तुल्याउन जरुरी छ भन्ने कुरामा दुईमत छैन । यसका विपरीत पत्रकार आचार संहिताको सेरोफेरोमा केन्द्रित हुने मान्यताका आधारमा प्रकाशित संहिता प्रकाशनका क्रममा आफूले गरेको अनुभवलाई व्यक्त गर्दै दाहालले प्रेस र पत्रकारिताका सबल एवं कमजोर पक्षमा सीधा कलम चलाउने जाँगर, रहर र आँट थोरैमा मात्र भेटिएको जनाएका छन्। साथै उनको अनुभवमा समाजका अरू सदस्यका बारेमा निर्धक्क चर्चा गर्ने चर्चाकार र अरूको काम र प्रवृत्तिमाथि निर्भीक टिप्पणी गर्ने टिप्पणीकारहरू पनि पत्रकारका बारेमा चर्चा या टिप्पणी गर्न भने हच्किँदा रहेछन् । उनको यस अभिव्यक्तिबाट नेपाली अखबारका सामग्रीको निर्माता पक्षको मनोविज्ञान र भाषामा पकड नभएको अवस्थाको सङ्केत पाइन्छ। पहिलो अङ्कमा रहेका अन्य लेखहरूमा पनि सम्पादकीय र नेपाली भाषाको आंशिक चर्चा भएको पाइन्छ।

रामकृष्ण रेग्मी (वि.सं. २०६४) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को पहिलो अङ्कमा 'समाचारको झ्यालबाट टेलिभिजन हेर्दा' शीर्षकको लेखमा 'तिमी' सँग प्यार, 'तपाई' लाई बाईबाई' र 'हस् हो कि हवस्, छुट्ने बेलामा सधैं सकस' उपशीर्षकहरू अन्तर्गत नेपाली भाषाको आदरार्थी प्रयोगमा अलमल र दोधार रहेको, नियमित रूपमा बिदाइको सन्देश दिने शब्दको हिज्जेमा समेत एकरूपता नभएको, स्क्रोलिङको प्रस्तुति अस्पष्ट र भाषा नमिल्दो रहेको जनाउँदै समाचार कक्षमा शैली पुस्तिकाको प्रयोग गर्न सुझाव दिएको पाइन्छ ।

हरिकला अधिकारी (वि.सं. २०६४) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को पहिलो अङ्कमा 'सन्ध्याकालीन अखबारको पत्रकारिता' शीर्षकमा रहेको लेखमा पाँच वटा अखबारमा प्रकाशित विविध विषयका सामग्रीलाई विश्लेषण गर्दै अधिकांश सन्ध्याकालीन अखबारले सम्पादकीय र लेखरचना पृष्ठतर्फ चासो नदिएको तथ्य उद्घाटित गरिएको छ भने अखबारका सामग्रीको प्रस्तुति शैलीलाई वाक्य, वाक्यांश, शब्द आदिका तहबाट विश्लेषण गरिएको छ । यस लेखमा गम्भीर विषयवस्तुलाई हल्काफुल्का र सत्य घटनालाई पनि हचुवा जस्तो बनाइदिने भाषाशैली प्रयोग नगर्न सुझाव दिइएको पाइन्छ ।

श्रीरामसिंह बस्नेत (वि.सं. २०६४) ले *पत्रकारिताका आयाम* मा समसामयिक घटना, महत्त्वपूर्ण विषय र स्तरीय भाषाशैलीमा निष्पक्षतापूर्वक विश्लेषणात्मक तरिकाले सम्पादकीय लेखिनुपर्ने उल्लेख गरेको पाइन्छ । यसमा स्तरीयताको अर्थ क्लिष्टता नभएको पनि स्पष्ट पारिएको छ । लेखकको विचारमा पाठकले सम्पादकीय पढिसक्दा पनि सम्पादकीयले के भन्न खोजेको हो, त्यो स्पष्ट भएन भने त्यस्तो सम्पादकीय औचित्यहीन हुन्छ । साथै यस कृतिमा सम्पादकीयको भाषाशैली औपचारिक हुने र यसमा गालीगलौज, थेगो, विदेशी शब्द आदि प्रयोग नगरिने, शीर्षक आकर्षक र चुस्त हुनाको साथै विषयलाई प्रतिबिम्बित गरेको हुनुपर्ने जनाइएको पाइन्छ । यसले सम्पादकीय लेखनको सांस्कृतिक संरचना बुझाउँछ ।

ध्रुवहरि अधिकारी (वि.सं. २०६५) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को दोस्रो अङ्कमा 'पहरेदारको निगरानी कसले गर्ने ?' शीर्षक लेखमा 'काठमाडौं पोष्ट' मा प्रकाशित आत्मसमीक्षात्मक सम्पादकीयको स्वागत गर्दै प्रेसले भूल कबुल गर्दा इज्जत नजाने तर जानाजान गलत सूचना, सन्देश, समाचार दिएमा दण्डनीय अपराध हुने विचार व्यक्त गरेको पाइन्छ । यसै अङ्कमा समेटिएको 'संविधानसभाको निर्वाचन र प्रेस : समग्रमा संयमित, थोरैको वर्चस्व' शीर्षक मिडिया अनुगमन लेखमा छापा माध्यमको प्रस्तुति शैली विसङ्गत रहेका, संचार माध्यममा भाषिक शालीनतालाई बेवास्ता गरिएका घटना पनि छिटपुट पाइएको र तीमध्ये कतिपय निकै गम्भीर प्रकृतिका भएको जनाइएको छ । जातीय दृष्टिकोणले लेखिएका सामग्री, उत्तेजना फैलाउने शब्दचयन, संस्कृति संवेदनहीनताका उदाहरण पनि देखापरेको जनाइएको छ । लेखमा उल्लेख गरिए अनुसार दैनिक पत्रिकाका विचार पृष्ठहरू, साप्ताहिक विचार-प्रधान सामग्रीहरू जनमानसलाई भ्रमित पार्ने किसिमले प्रस्तुत भएका देखिन्छन् । साथै केही संचार माध्यमले कुनै स्रोतको सङ्केत गरी र कसैको भनाइका रूपमा उद्धरणभित्र प्रयोग गरेको भाषा अशिष्ट समेत हुने गरेको छ । लेखमा प्रस्तुत भाषिक मर्यादालाई बेवास्ता गरिएका उदाहरणमा शब्द,

पदावली र वाक्यहरूको उल्लेख गरिएको पाइन्छ । लेखमा भाषामाथि प्रश्न उठाउँदै निर्वाचन आयोगले संचार माध्यमहरूलाई गरेको पत्राचार र कारबाहीका उदाहरण समेत उल्लेख गरिएको पाइन्छ ।

श्रीधर गौतम (वि.सं. २०६५) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को तेस्रो अङ्कमा 'पत्रपत्रिका वर्गीकरणका अप्ठ्याराहरू' शीर्षक लेखमा पत्रकार र व्यवस्थापकहरूलाई प्रयुक्तिका अन्य पक्षको अतिरिक्त पत्रपत्रिकाको भाषाको बारेमा जानकारी हुने गरी तालिमको आवश्यकता औंल्याएको पाइन्छ । यसै अङ्कमा रामकृष्ण रेग्मीले 'प्रेस काउन्सिल : सीमा सम्झाउनु छ, स्वतन्त्रता बचाउनुछ !' शीर्षक लेखमा सबै खालका प्रेस सामग्रीमा स्तरीयता, उत्तरदायित्व भाव, शिष्टता आदिलाई सुनिश्चित तुल्याउन सुझाव दिएको पाइन्छ ।

दुवी नन्द ढकाल (वि.सं. २०६६) ले मार्टिन चौतारीबाट प्रकाशित *मिडिया अध्ययन ४* मा 'नेपाली अखबारका पाठहरूको सङ्कथन विश्लेषण' लेखमा भाषा विज्ञानका कोणबाट सङ्कथन र पत्रकारिताको प्रयुक्तिका कोणबाट समाचारको अध्ययन गरेका छन् । सोही विषयमा चौतारी मिडिया फेलोसिप (सन् २००८) अन्तर्गत अनुसन्धान गरेका ढकालले नेपाली अखबारका पाठहरूको सङ्कथन विश्लेषणको समीक्षा गरेका छन् । समाचारको पृष्ठ सन्दर्भ र संरचनागत सन्दर्भ बुझ्नु पर्ने विचार लेखकको रहेको पाइन्छ । यसको पृष्ठ सन्दर्भमा लेखकले नेपाली अखबारका पाठहरूको सङ्कथन विश्लेषणका लागि एलान बेल र तुएन ए. भ्यानडिकका संचार सम्बन्धी विचारलाई ग्रहण गर्दै अखबारमा प्रकाशित पाठहरूलाई स्वतन्त्र सङ्कथनका रूपमा लिएर भाषा वैज्ञानिक विशेषताहरूको चर्चा गरिएको उल्लेख गरेका छन् । समाचारहरू भिन्नै किसिमले लेखिन्छन् र यिनका मौलिक विशेषता हुन्छन् भन्ने मान्यतामा लेख आधारित रहेको देखिन्छ । लेखमा अखबारको भाषा र यसको सङ्कथन विश्लेषणलाई मुख्य विषय बनाइएको, संचारको भाषालाई भाषा विज्ञानको दृष्टिकोणबाट विश्लेषण गरिएको र दुई फरक क्षेत्रलाई एक स्थानमा राखेर अध्ययन गर्ने प्रयास गरिएको उल्लेख छ । लेखमा सङ्कथनलाई पाठ र सन्दर्भको आधारभूत दूरीमा राखेर अर्थ्याइएको देखिन्छ । समाचारलाई सङ्कथनको पाठको रूपमा परिचितीकरण गर्ने प्रयास पनि गरिएको पाइन्छ ।

परशुराम खरेल (२०१०) को *पोलिटिकल कम्युनिकेसन : मिडिया, मेसेज एन्ड मिनिङ* कृतिमा संचार, सन्देश र अर्थको अध्ययन गरी सङ्कथनको कोर्समा समेत प्रकाश पारिएको पाइन्छ । वि.सं. २०६६ मा प्रकाशित यस कृतिमा लेखकले राजनीतिक विचारलाई आमसंचारले स्वरूप प्रदान गर्ने कुराका अतिरिक्त राजनीतिज्ञलाई शक्तिमा पुऱ्याउने वा अन्यत्र हुत्याउने कामको जस संचार अभियानले पाउने विचार व्यक्त गरेका छन् । यसले मिडिया र राजनीतिको सांस्कृतिक सम्बन्धलाई बुझ्न सघाउँछ ।

विष्णुराज उप्रेती (वि.सं. २०६६) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता* को छैठौं अङ्कमा 'द्वन्द्व व्यवस्थापनमा अबको आमसञ्चार' शीर्षक लेखमा संचार क्षेत्रले सतही, पूर्वाग्रही भई आक्षेप लगाउने, सनसनी फैलाउने, संवेग सिर्जना गर्ने कामका अतिरिक्त सूचना र सामग्रीमा द्वैधता, अस्पष्टता, दक्षताको बेवास्ता, एकपक्षीय सौदावाजी केन्द्रित रहेको उल्लेख गरेको पाइन्छ । यसै अङ्कमा प्रकाशित 'पत्रकार आचारसंहिता

अनुगमन : सकारात्मक र नकारात्मक पक्ष' शीर्षक लेखमा होमबहादुर थापाले नकारात्मक पक्ष अन्तर्गत भाषिक विकृति, शाब्दिक आक्रामकता, सनसनी, अश्लीलतामा वृद्धि जस्ता पक्षलाई औंल्याएको पाइन्छ । छैठौं अङ्कमा नै 'यसरी भयो पत्रकारितामा मेरो आगमन' शीर्षकमा प्रकाशित लालदेउसा राईको अन्तर्वार्तामा राईले प्रेस काउन्सिल नेपाललाई सुझाव दिने क्रममा पत्रकारको शैली, भाषा, दृष्टिकोण आदिका बारेमा उल्लेख गरेको पाइन्छ । संहिताका विभिन्न अङ्कमा प्रकाशित पूर्वकार्यबाट सांस्कृतिक रूपले संस्थागत संरचनामा प्रवेश पाएर पत्रकारिता पेसामा संलग्न भई सामूहिक विचार निर्माण गर्न पाउने बौद्धिक वर्गमा रहेको ज्ञान, मनोविज्ञान, क्षमता, सीप आदिको प्रायोगिक अवस्था भर पर्न नसकिने किसिमले कमजोर, सामाजिक चेतनाका दृष्टिले केही हदसम्म विवादास्पद भए पनि सुधारोन्मुख समेत रहेको थाहा पाइन्छ ।

दयाराम श्रेष्ठले (वि.सं. २०६७) ले राष्ट्रिय समाचार समितिबाट प्रकाशित स्मारिका *नयाँ नेपालको नयाँ सञ्चार : स्वर्णमहोत्सव विशेष* मा 'आमसञ्चारको भाषा बुझे गल्ती हुँदैन' शीर्षक लेखमा विभिन्न शब्दमा 'ता' को योगको विश्लेषण गर्दै रेडियो, टेलिभिजन र पत्रपत्रिकामा बोल्ने, लेख्ने र भाषा सम्बन्धी काम गर्ने संचारकर्मी सबैले नेपाली भाषा शुद्ध रूपले प्रयोग गर्नु पर्नेमा जोड दिएका छन् । लेखकले निष्कर्षमा आमनागरिकलाई राजनीतिक, सामाजिक आदि विषयबारे जानकारी र सूचना दिनु संचार माध्यमहरूको प्रमुख कर्तव्य भएको उल्लेख गर्दै 'शुद्ध भाषाको प्रयोगलाई पनि आम नागरिकका निम्ति अनुकरणीय बनाउनु संचार माध्यमहरूको कर्तव्य बन्न सक्दैन ? भन्ने प्रश्नसमेत गरेको पाइन्छ । यस लेखबाट सम्पादकीयको पनि सांस्कृतिक दायित्व र महत्त्व रहेको आधारभूत अवधारणा ग्रहण गर्न सकिन्छ ।

सोमनाथ घिमिरे (वि.सं. २०६७) ले प्रेस काउन्सिल नेपालको त्रैमासिक पत्रिका *संहिता* को नवौं अङ्कमा प्रकाशित 'मानक भाषाको प्रयोगका सन्दर्भमा' शीर्षक लेखमा संचार माध्यममा नेपाली भाषाको अमानक प्रयोग नरोकिएको चर्चा गर्दै पत्रपत्रिकाहरू भाषिक प्रयोगमा सचेत र संवेदनशील हुनु अपरिहार्य रहेको विचार प्रकट गरेका छन् । उनले पहिले 'गोर्खापत्र' ले प्रयोग गर्ने नेपाली भाषालाई मानक मानिने ऐतिहासिक तथ्यको स्मरण गर्दै अहिले पत्रपत्रिकाहरूले शुद्ध भाषाको प्रयोग गर्नु सभ्य संस्कृतिको परिचायक हो भन्ने तथ्यलाई आत्मसात नगर्ने हो र सूचना सम्प्रेषण गर्दा विषयवस्तुको विविधतातिर मात्र ध्यान दिने हो भने भाषिक प्रयोगमा अराजकता बढ्दै गएर झन समस्या खडा हुने टिप्पणी गरेका छन् । लेखकले सरलता र प्रयोगपरकताका नाममा भाषिक विशेषताको उपेक्षा गर्ने प्रवृत्तिले भाषिक एकरूपता र स्तरीयताको समस्या जटिल बन्दै गएको देखेका छन् । घिमिरेले पत्रपत्रिकाको भाषिक प्रयोगमा देखिएका त्रुटिहरूको मूल कारण नेपाली भाषा शिक्षण प्रक्रिया गम्भीर नहुनु, भाषाको सामान्य ज्ञानसमेत नभएको जनशक्तिले पत्रपत्रिकामा प्रवेश पाउनु, प्रकाशक-सम्पादकहरूले पनि उपलब्ध जनशक्तिलाई मानक भाषाको प्रयोगका निम्ति गम्भीर ध्यानाकर्षण गराउन नसक्नु, मानक भाषाको प्रयोगको अनुगमन गर्ने पद्धति, प्रक्रिया र संयन्त्रको अभाव रहनुलाई ठहऱ्याएका छन् । यस पूर्वकार्यको अध्ययनबाट नेपाली संचार माध्यमको संरचनात्मक बौद्धिक वा पेशागत वर्गमा भाषामा पकड नभएकाहरूले समेत प्रवेश पाउने र त्यसको अनुगमनको लागि संस्थागत पूर्वाधारको अभाव रहेको सामाजिक, सांस्कृतिक सन्दर्भको जानकारी पाउन सकिन्छ ।

हरिकला अधिकारी (वि.सं. २०६७) ले मार्टिन चौतारीबाट प्रकाशित *मिडिया अध्ययन ५* मा 'सम्पादकीय सङ्कथन : प्रयोजन र विचलन' शीर्षकमा नेपाली दैनिक रङ्गीन बृहदाकार अखबारमा छापिएका दुई भिन्न भिन्न हप्ताका सम्पादकीयका पाठमा प्रयुक्त 'हामी' शब्द र प्रमुख पदावलीको प्रस्थापना र पुनरुक्तिमा भएका विशेषता र विचलनको अध्ययन गरेको पाइन्छ। यसमा सांस्कृतिक अर्थमा सम्पादकीय लेखनको लागि पत्रकारलाई प्राप्त विशेषाधिकारलाई बुझेर सही ठाउँमा सो शब्दको प्रयोग हुन नसकेको र अर्थको अभिप्रायमा अनर्थ भेटिएको कुरा उदाहरणसहित प्रस्तुत गरिएको पाइन्छ।

कृष्ण श्रेष्ठ (वि.सं. २०६८) ले *संविधान निर्माण सन्दर्भमा नेपाली ब्रोडसिट दैनिकहरू* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) मा 'कान्तिपुर' र 'गोरखापत्र' लगायत आठ वटा अखबारको सम्पादकीय प्रकाशन स्थितिको पनि चर्चा गरेको पाइन्छ । उनले संविधान निर्माणसँग सम्बन्धित, अन्य राजनीतिक र गैरराजनीतिक सम्पादकीयको अंश निरूपण गर्दै सम्पादकीयमा संविधानका विविध पक्षबारे स्पष्ट विचारको अभाव रहेको, अखबारले संविधानका जटिल विषयमा समेत आफ्नो धारणा प्रस्ट राख्न नसकेको र अधिकांश सम्पादकीय तात्कालिक घटनामा आधारित रहेको निष्कर्ष निकालेका छन् । श्रेष्ठले ब्रोडसिट दैनिकहरू सामान्यतः उदारवादी प्रेस सिद्धान्तमा चले पनि सामाजिक उत्तरदायित्वको सिद्धान्तप्रति भने अपेक्षित रूपमा जागरुक नदेखिएको पनि निष्कर्षमा उल्लेख गरेका छन् । शोधपत्रमा संविधान निर्माणसँग सम्बन्धित समाचार सम्प्रेषणमा नेपाली ब्रोडसिट दैनिकहरूको भूमिका समग्रमा सन्तोषजनक नदेखिएको, औपचारिक भेटघाट, पत्रकार सम्मेलन, विभिन्न राजनीतिक दलबाट जारी प्रेस विज्ञप्ति वा राजनीतिक नेताहरूद्वारा जारी प्रेस वक्तव्य, अन्तर्क्रिया कार्यक्रम जस्ता क्रियाकलाप समाचारका स्रोत रहेको पनि निष्कर्ष निकालिएको पाइन्छ । यस्तै स्रोतका पछिल्ला गतिविधिमा आधारित समाचार छापिने र त्यसपछि तिनै समाचारमा उल्लिखित तथ्यका आधारमा अधिकांश सम्पादकीय लेख्ने चलन छ । उनले अधिकांश सम्पादकीयमा स्पष्ट विचारको अभाव रहेको पनि शोधपत्रको निष्कर्षमा औँल्याएको पाइन्छ । राजनीतिक कोणबाट गरिएको श्रेष्ठको शोधकार्यको निष्कर्षबाट दैनिक अखबारका सम्पादकीयको मात्रै छुट्टै र फरक ढङ्गले सामाजिक प्रतिनिधित्वको प्रस्तुतिका आधारमा सङ्कथन विश्लेषण गर्नुपर्ने आवश्यकता पनि बोध गर्न सकिन्छ ।

हरिकला अधिकारी (वि.सं. २०६८) ले *सम्पादकीय प्रयुक्तिमा संसक्ति र संयुक्ति* (अप्रकाशित दर्शनाचार्य शोधग्रन्थ) मा ह्यालिडे र हसनको सङ्कथन सिद्धान्तमा इङ्गित क्षेत्र, सहभागी र पद्धतिगत स्थितिसन्दर्भमा रहने अर्थका आधारमा सिर्जना हुने प्रयुक्तिपरक भेद र भ्यानडिकको लघु संरचनाका आधारमा १० वटा नेपाली दैनिक अखबारका सम्पादकीयका पाठको भाषिक संसक्ति र संयुक्तिलाई केलाएर सङ्कथन विश्लेषण गरेको पाइन्छ । संसक्तिका चिह्नकहरूको बुनोट व्यवस्था र संयुक्तिहरूको सङ्गठन व्यवस्थाको सङ्कथनीय अध्ययनबाट प्राप्त निष्कर्षमा सम्पादकीय प्रयुक्तिमा मानक मात्र होइन, अमानक प्रयोग समेत हुने गरेको उल्लेख छ । उनले सम्पादकीय प्रयुक्तिमा नीति, अभिमुखीकरण, अपिल, विश्वसनीयता, इमानदारी र समसामयिकताको लागि बल पुऱ्याउन सक्ने अधियोजी, विपरीतार्थक, कारण र समय बोधक जस्ता संसक्तिका चिह्नकहरूको अमानक प्रयोग भएकाले संसक्तिका चिह्नकहरूको बुनोट व्यवस्था दुर्वल रहेको, केही सम्पादकीयका केही वाक्यहरूमा व्याकरणिक

जटिलता र अन्योलले गर्दा भावगत संयुक्ति खजमजिएको, धेरैजसो 'हामी' शब्दको प्रयुक्तिपरक समावेशन सन्दर्भको सही रूपमा प्रयोग नभएको निष्कर्ष निकालेको पाइन्छ । यसमा सम्पादकीयको मूल भाव, प्रदत्त र नव सूचनाको खोजी गर्ने माध्यम मानिएका क्षेत्र, सहभागी र पद्धति सन्दर्भको कोणबाट हेर्दा पनि सम्पादकीयमा अमानक प्रयोग समेत भएको पाइएकाले संयुक्तिहरूको बुनोट व्यवस्थामा पनि कमजोरी रहेको निष्कर्ष पनि छ । सम्पादकीयमा सङ्कथनीय चिह्नक र अर्थको विविधताले सामयिकता र नवीनता देखाउन खोजे पनि मोड र भावको अस्वाभाविक मिश्रण र अस्पष्टताका कारण सम्पादकीयको प्रयुक्तिपरक साखलाई खस्काएको कुरा पनि शोधग्रन्थको निष्कर्षमा उल्लेख छ । यसबाट अखबारका सम्पादकीयको प्राज्ञिक अध्ययन र सङ्कथन विश्लेषणको दायरा फराकिलो र थप गहन हुनुपर्ने देखिन्छ । साथै, सम्पादकीयलाई भाषा र प्रयुक्तिमा मात्र सीमित नराखेर सम्पादकीय सङ्कथन निर्माणको सांस्कृतिक पृष्ठभूमि तथा प्रयोजनको अपरिहार्यता र गुणस्तरलाई बल पुग्ने गरी सामाजिक प्रतिनिधित्वको कोणबाट थप अध्ययन, अनुसन्धान र विश्लेषणको खाँचो रहेको बुझिन्छ ।

किशोर नेपाल (वि.सं. २०७०) को *मेरो समय* मा गोरखापत्र दैनिकमा पञ्चायती कालखण्डमा पत्रकार भएर काम गर्दाको कार्यालयको वातावरण, पत्रकारहरूको मानसिक प्रतिनिधित्व, सम्पादकीय अनुशासन, शक्तिसम्बन्ध, राजनीतिक दबाव, व्यवस्थापन र सम्पादकीय दूरी, व्यावसायिक ज्ञान, सीप र दक्षता अभिवृद्धि र प्रयोगका विषयमा लेखकले गरेका खास अनुभवको उल्लेख पाइन्छ । उनको अनुभवमा गोरखापत्र संस्थान पत्रकारिता व्यवसायसँग सम्बद्ध संस्था भए पनि यसको स्वामित्व सरकारले लिएको हुँदा यसमा काम गर्ने पत्रकारहरू कहिल्यै कर्मचारीको मनोवृत्ति र कुण्ठाबाट मुक्त हुन सकेनन् । साथै, संस्थानका पत्रकारहरू व्यावसायिक प्रतिस्पर्धा र आपसी सहयोगको भावनाभन्दा पनि एकअर्काको खुट्टो तानेर आफ्नो दूनो सोझ्याउने काममा लिप्त रहन्थे । नेपालको यस कृतिमा उल्लिखित अनुभवले गोरखापत्र दैनिकका संस्थागत बौद्धिक प्रभुत्व मानिने पत्रकारहरूमध्ये केहीको आचरण संस्थागत बौद्धिक प्रभुत्व अनुकूलको नभएको र तिनमा पत्रकारिताको पेशागत ज्ञान, सीप, दक्षता अभिवृद्धिको निरन्तरतामा र सामूहिक दायित्वको भावना अनुरूप व्यावसायिक भएर पत्रकारिता गर्नमा समेत कम रूचि रहेको कुराको झलक दिन्छ । उनले विभिन्न नेताहरूसँग राजनीतिक सम्पर्क र घनिष्ठ सम्बन्ध स्थापित गर्न सफल वरिष्ठ पत्रकारहरू तत्कालीन प्रधान सम्पादक भारतदत्त कोइरालाको सम्पादकीय अनुशासनमा नबस्ने गरेको तथ्यको समेत खुलासा गरेका छन् । नेपालको बुझाइमा त्यसरी सम्पादकीय अनुशासनमा नबस्ने पत्रकारहरूलाई संरक्षण गर्ने लबीहरू पञ्चायत राजनीतिमा धेरै थिए । उनले गोरखापत्रका पत्रकारहरूले राजनीतिमा बढी रुचि राख्ने गरेका कुराको पनि सम्झना गरेका छन् । यसबाट पञ्चायत कालको अन्तिम दशक सुरू हुनुअघि नै गोरखापत्रका कतिपय पत्रकारहरूमा सम्पादकीय नेतृत्वको संस्थागत अनुशासनभन्दा बाहिरको राजनीतिक शक्ति समूहसितको व्यक्तिगत सम्बन्धको दुष्प्रभाव बलियो रहेको बुझिन्छ । यस्तो अवस्थामा पनि सम्पादन कक्षमा आफ्नो समूह नेता रहेका बेला 'पुराना र प्रतिष्ठित सम्पादक राधेश्याम भट्टले' दिएको निर्देशनको सम्झना गर्दै नेपाल लेख्छन्, 'जतिसुकै महत्त्वपूर्ण ठाउँबाट आदेश आए पनि सम्पादकलाई त्यसको जानकारी दिनु र उसको निर्देशन अनुसार काम गर्नु प्रत्येक पत्रकारको धर्म हो । यसलाई पालना गर्न कहिल्यै नबिर्सनू ।' उनले जनमत संग्रह घोषणा हुँदासम्म गोरखापत्रको पत्रकारिता एकरसतापूर्ण बन्दै

गइरहेको पनि उल्लेख गरेका छन् । नेपालले पञ्चायत कालमा 'गोरखापत्र सरकारको अघोषित मुखपत्र' रहेको र 'दरबार र सरकार दुवैसँग सन्तुलित सम्बन्ध नराखी चलाउनै नसकिने' कुरा पनि उल्लेख गरेका छन् । उनका अनुसार नेपाली भाषाको समाचारपत्र भएकाले गोरखापत्रका दायित्वहरू धेरै थिए र स्वतन्त्रता सीमित थियो । उनले देशको राजनीतिक अवस्थाले गोरखापत्रको पत्रकारितालाई निर्देशित गरेको, सम्पादकीय नेतृत्वले पत्रिकालाई जीवन्त बनाउन जतिसुकै प्रयत्न गरे पनि काम गर्ने पत्रकारहरूको शैली औपचारिक हुन थालेको, विकासमा नाममा नाराहरूको रिपोर्टिङ गर्दागर्दा आफ्नो मन उच्चाटिइसकेको कुरा पनि व्यक्त गरेका छन् । नेपालले काम गरेको समयको गोरखापत्रको अनुभवलाई आधार मान्दा संस्थानको संस्थागत बौद्धिक प्रभुत्वमा पत्रकारिता बुझेका, नबुझेका र बुझ पचाउँदै बाहिरी शक्तिको आडमा बरालिएर पत्रकारिताको मूलभूत मर्ममा नै प्रहार गर्न चाहने जनशक्तिका बिचमा कार्यगत द्वन्द्वको अवस्था पनि रहेको देखाउँछ । पञ्चायत कालमा लेखकले काम गर्दाको वातावरण र त्यसपछि प्रजातन्त्र पुनर्स्थापना, शाही शासनकाल, सङ्क्रमणकाल र सङ्घीय लोकतान्त्रिक गणतन्त्र कालसम्म आइपुग्दा पनि सुधारोन्मुख हुन नसकेको तथ्य गोरखापत्रका पाठकलाई पनि बिझेको पाइन्छ । पञ्चायत व्यवस्थालाई विस्थापन गरी प्रजातन्त्र पुनर्स्थापना गरिसकेपछि पनि मुलुकमा देखिएको राजनीतिक अस्थिरता, विद्रोह, प्रतिगमन, सङ्क्रमण र व्यवस्था परिवर्तनको उतार चढावले गोरखापत्रका सम्पादकीय जनशक्तिको मानसिक प्रतिनिधित्व, बौद्धिक प्रभुत्व, व्यावसायिक ज्ञान, सीप, दक्षता र कार्यशैलीमा पारेको प्रभावको प्रतिविम्ब यसमा प्रकाशित सम्पादकीय सङ्कथनमा भेट्न सकिन्छ । कृतिले यस बारेमा अप्रत्यक्ष चासो जगाउँछ र त्यसपछिका कालखण्डहरूमा गोरखापत्रका सम्पादनकर्मीहरूबाट के कस्ता सम्पादकीय लेखिएर छापिँदै आएका होलान् भन्नेबारे पनि खुल्दुली जगाउँछ ।

तारानाथ शर्मा (वि.सं. २०७०) को *सजिलो नेपाली* मा 'गोर्खापत्र' लाई 'ज्यादै महत्वपूर्ण हतियार' भए पनि 'खिया लागेको भुत्ते खुकुरी' को उपमा दिँदै 'यसका सम्पादकीय लेखहरू व्याकरणलाई बोको छिनाले झैं अभिनय गर्न सदा तत्पर देखिन्छन् ।' साथै शर्माले 'उही खबर घरिघरि दोहोऱ्याउनु, खबर अनुवाद गर्दा नेपालीमा विचारको गला रेट्नु र नबुझिने शब्दहरू थुप्र्याएर केही पनि छर्लङ्ग हुन नदिनु गोर्खापत्रको योगदान हो' भन्ने विचार प्रकट गरिएको पाइन्छ । यसबाट सम्बन्धित अखबारका सम्पादकीयको भाषालाई सामाजिक प्रतिनिधित्वका कोणबाट विश्लेषण गर्न जरुरी भएको बुझ्न सकिन्छ ।

दुर्गानाथ शर्मा (वि.सं. २०७३) को *छाल* मा नेपाली पत्रकारिता र पत्रकारहरूको समस्या, आनीबानी, व्यावसायिक ज्ञान, सीप, दक्षता अभिवृद्धि, प्रयोग र गोरखापत्रको सम्पादकीय वातावरणका साथै समसामयिक परिस्थितिजन्य विकृति, विसङ्गति तथा राजनीतिक दबावका विषयमा चर्चा गरेको पाइन्छ । शर्माले पत्रकारिता र पत्रकार दुवै समस्याग्रस्त रहेको जनाउँदै पञ्चायत कालमा पत्रकारिताको धर्म अनुसार जिम्मेवारी निर्वाह गर्न कठिन रहेको उल्लेख गरेका छन् । शर्माको भनाइ छ, 'पत्रकारहरू थिए तर गुणगान गाउने मात्र । अनि जो पत्रकार स्वतन्त्र थियो, उसले कहिल्यै सुख पाएन ।' उनको बुझाइमा प्रजातन्त्र पुनर्स्थापना भएपछि पनि सरकारी सञ्चारमाध्यमले सरकारको गुणगान गाउने र निजी क्षेत्रका पत्रपत्रिकाले पनि कुनै न कुनै राजनीतिक दलको 'गीता गाउने' काममा मख्ख छन् । पत्रकारिता आर्थिक रूपले सबल र व्यावसायिक नभएको उनको ठम्याइ छ ।

उनका अनुसार कतिपय साना पत्रिका गोरखापत्र दैनिकमा निर्भर हुन्थे, एउटा सम्पादकीय पनि कसैले आफैं लेख्थे भने कसैले खेताला लगाउँथे । 'दुई पानाका समाचार हुन्थे, त्यसमा कति समाचार छाप्ने ? कति विश्लेषण गर्ने ?' भन्दै शर्माले साना पृष्ठका समाचार सम्पादकले एकाबिहानै नयाँसडक गएर एकप्रति गोरखापत्र किन्ने, त्यसका केही समाचार चिह्न लगाई प्रेसमा लगेर छाप्न दिने, आफू चाहिँ कुनै संस्थानका हाकिमसित 'ब्ल्याकमेलिङ' गर्न हिँड्ने कुरा पनि उल्लेख गरेका छन् । शर्माले औंलामा गन्न सकिने केही पत्रकारको व्यावसायिकता, लेखनशैली, विचार, तर्कशक्ति, सत्यतथ्य, शिष्ट र सरल भाषाबाट भने आफू प्रभावित भएको पनि उल्लेख गरेका छन् । उनले पत्रकारिताको पढाइ र तालिमका अवसर पनि नभएको बेला गोरखापत्रको उपसम्पादक हुँदा आफूलाई पत्रकारिता के हो र कसरी गर्ने भन्ने थाहा नभएको पनि जनाएका छन् । काम गर्दै जाँदा आफूले नै पेशागत ज्ञानको दायरा, भाषा, लेखन तथा सम्पादन सीपलाई बढाउँदै लगेको कुरा पनि खुलाएका छन् । शर्माले औंलामा गन्न सकिने केही पत्रकारको व्यावसायिकता, लेखनशैली, विचार, तर्कशक्ति, सत्यतथ्य, शिष्ट र सरल भाषाबाट भने आफू प्रभावित भएको पनि उल्लेख गरेका छन् । शर्माले गोरखापत्रको सम्पादकीय शाखामा सम्पादकहरू बैठक बसेर कुन विषयमा सम्पादकीय लेख्ने भनी छलफल गर्ने परिपाटीको पनि झलक दिएका छन् र यसो गर्दैगर्दा समाचार प्रकाशनका लागि फोनबाट विभिन्न खालका व्यक्ति र शक्तिबाट दबाव र धम्की आउने प्रसङ्गको पनि चर्चा गरेका छन् । यस क्रममा उनले 'मन्त्रीहरू ब्रह्माण्डका कुनै पनि विषयमा भाषण गर्न पोख्त हुने र उनीहरूकै भाषणका समाचारले अखबार चल्ने' कुरा पनि उठाएका छन् । शर्माले गोरखापत्रमा हुने गरेका विभिन्न खालका आम कार्यसाधन र गल्तीका सन्दर्भमा जोडिएका घटना, विषय/वस्तु र व्यक्तिहरूको पनि चर्चा गरेको पाइन्छ । उनको विचारमा गोरखापत्रले आफ्नो स्वरूप परिवर्तन गर्दै क्षमताको विकास गर्न लामो समय प्रतीक्षा गर्नुपरेको थियो । समग्रमा कृतिले सरकारी र निजी अखबारका पेशागत सवलता र दुर्वलतालाई इङ्गित गरेर तिनमा कार्यरत कतिपय पत्रकारहरूको कार्यशैली र आनीबानीको पनि चर्चा गरेका छन् । यस कृतिको पठनबाट दैनिक अखबारका सम्पादनकर्मीहरूबाट के कस्ता सम्पादकीय लेखिएर छापिँदै आएका छन् र ती कस्ता छन् भन्नेबारेमा अनुसन्धान गर्नका लागि पनि जिज्ञासु बनाउँछ ।

रामकृष्ण रेग्मी (वि.सं. २०७३) ले नेपाल पत्रकार महासंघ, गोरखापत्र प्रतिष्ठानबाट प्रकाशित स्मारिका *सम्प्रेषण* मा 'स्मार्ट युगमा गोरखापत्र : फराकिँदो सिमाना, बढ्दो चुनौती' शीर्षकमा गोरखापत्र दैनिकको सात दिनका पाठ्य सामग्रीको गुणात्मक अवलोकन गर्दै यसको पृष्ठ विधा, सान्दर्भिकता, सबल र दुर्वल पक्षका साथै सुधार गर्नुपर्ने कुरा उठाएको पाइन्छ । उनले सम्पादकीय लेख्ने खास नीतिको लिखित रूप गोरखापत्रमा विकसित गरिएको नपाइएको खुलासा गर्दै 'यस्तो अवस्थामा पनि गोरखापत्रले सम्पादकीयको बाटो, दिशा, भाका र लय स्थापित गरेको र सम्पादकीयमा गोरखापत्रको स्कूलिङको गन्ध सजिलै अनुभव गर्न सकिने' जनाएका छन् । उनले गोरखापत्रमा प्रधान सम्पादक वा प्रबन्ध सम्पादकसँगको समन्वयमा सम्पादकीय लेखकले सम्पादकीय लेख्ने प्रचलन दरो भएको अनुभव हुने जनाउँदै अखबारका अन्य सामग्री जस्तै सम्पादकीय लेखन, सम्पादनलाई गुणस्तरीय र एक रूप बनाउने विषयमा गोरखापत्रको उचाइको दैनिकले जस्तो जागरूकता देखाउनुपर्ने थियो त्यो त्यति देखिन्न भन्ने प्रतिक्रिया व्यक्त गरका छन् । रेग्मीले गोरखापत्रका सम्पादकीयको सान्दर्भिकता समाचारसम्बद्ध रहेको,

तर्कपूर्ण प्रस्तुति भए पनि अवस्था रक्षात्मक रहेको र यसको सुधारका लागि राष्ट्रिय प्रश्नमा बढी जोड दिनुपर्ने सुझाव दिएको पाइन्छ । उनले गोरखापत्रले विशेष गरी सबै पृष्ठको सामग्री प्रस्तुतिमा विशेष ध्यान पुऱ्याउन, पृष्ठको सज्जा तथा सारमा ध्यान दिन, तस्विरको प्रयोगमा निकै बढी ध्यान दिन, खोजी समाचारको अनिवार्य प्रयोगमा विशेष जोड दिन, लेखाइलाई पाठकप्रिय बनाउन र प्रस्तुति शैलीमा परिवर्तन ल्याउन सुझाव दिएका छन् । साथै उनले नीति निर्णायक, योजनाकार तथा संशाधन आपूर्ति गर्नेहरूले गोरखापत्रलाई मूलतः पत्रकारिता संस्थाको रूपमा हेर्न र व्यवहार गर्न नसकेको परिवेशलाई उल्लेख गर्दै परिवर्तित परिस्थितिमा गोरखापत्रमा संलग्न जनशक्तिको अद्यावधिक अभिमुखीकरण र सशक्तीकरणका लागि भरपर्दो आधार विकास गर्न सुझाएका छन् । रेग्मीको सात दिने गुणात्मक अवलोकन, प्रतिक्रिया र सुझावहरूले सम्पादकीय निर्माणको सांस्कृतिक पृष्ठभूमि र विधागत मापदण्डको कसीमा सरकारी स्वामित्वमा रहेको गोरखापत्र संस्थानको व्यवस्थापन र गोरखापत्र दैनिकको सम्पादकीय जनशक्तिको बौद्धिक प्रभुत्व अखबारका अन्य सामग्रीहरूजस्तै सम्पादकीय सङ्कथन उत्पादनमा पनि दुर्वल रहेको सङ्केत गरेको पाइन्छ ।

अखिलेश उपाध्याय (वि.सं. २०७४) ले कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. बाट प्रकाशित विशेषाङ्क *कान्तिपुर रजत यात्रा* मा 'प्रश्न गर्न सिकाउने पेसा' (पृ. ७) शीर्षकमा समाचार कक्षको कार्य वातावरण, समाचार सामग्री उत्पादनमा प्रत्यक्ष संलग्न बौद्धिक प्रभुत्व र प्राविधिक जनशक्ति, कार्यशैली, शासनसत्ता, शक्तिसम्बन्ध, प्रेस स्वतन्त्रता, पत्रकारले गर्नुपर्ने कर्तव्य र जिम्मेवारीबोधका बारेमा प्रकाश पारेका छन् । उनी भन्छन्, 'कान्तिपुर पब्लिकेसन्सको संस्थापक सम्पादकीय मण्डलमा रहेको नाताले तुलना गर्दा २५ वर्षयता हाम्रा न्युजरुममा कुनै पनि विषयलाई बौद्धिक र वैज्ञानिक हिसाबले हेर्ने संस्कृतिको विकास भएको छ ।' उपाध्यायले अधिनायकवादी सत्तामा मात्र एकल 'न्यारेटिभ' हुने जनाउँदै कान्तिपुरको २५ वर्षको स्वतन्त्र पत्रकारिताको उपलब्धि भनेकै बहुलता र विचारहरूको विविधीकरणलाई मानेको पाइन्छ । उनको विचारमा बहुलता र विचारहरूको विविधीकरणकै जगमा राज्यका कदममाथि प्रश्न उठाउने दायित्व नेपाली पत्रकारिताले निर्वाह गर्दै आएको छ । उपाध्यायले राज्यले प्रस्तुत गरेको 'न्यारेटिभ' लाई सँधै प्रश्न गर्नुपर्ने पत्रकारिताको पेसागत मान्यतामा जोड दिएको पाइन्छ । उनले पत्रकारिता प्रशिक्षण लिने क्रममा स्वतन्त्र प्रेसको महत्त्व र शक्तिको बोधले आफूमा ऊर्जा भरिएको जनाएका छन् र २०४७ सालको प्रजातान्त्रिक संविधानलाई साथमै बोकेर सरकारी निकायमा आफूले प्रश्न गर्दै हिँड्ने गरेको पनि स्मरण गरेका छन् । उपाध्यायले पञ्चायती शासनको ३० वर्षभरि शासकीय वृत्तमा पत्रकारितालाई सरकारी प्रयोजनका लागि सूचना सम्प्रेषण गर्ने माध्यम मात्र मानिएको इतिहासको सम्झना गर्दै अधिनायकवादी शासनमा समाजको 'पपुलर न्यारेटिभ' लाई सामान्यतः राज्यले नियन्त्रण गर्ने र त्यसमा नमिल्ने समाचार, विचार र विश्लेषणलाई अत्यन्त असहिष्णु दृष्टि राखेर हेरिने कुरा पनि उठाएका छन् । उनले पत्रकारिताको आचारसंहितामा अडिग मानिने अमेरिकी प्रोफेसर ल्वेयर्ड बी एन्डरसनले पत्रकारिता प्रशिक्षणका क्रममा भनेका कुरालाई अघि सार्दै लेखेका छन्, 'शक्तिकेन्द्रसँग निकट रहेका मानिसको प्रशंसालाई कहिल्यै आफ्नो पत्रकारिताको कसी नमान्नु ।' उनले 'कुनै वरिष्ठ राजनीतिज्ञ या मन्त्रीले या अझ देशकै प्रधानमन्त्रीले तिमीले गरेको पत्रकारिता राम्रो छ भनेर घरिघरि भन्ने गरे भने सम्झनु कि तिमी राम्रो पत्रकारिता गर्दै छैनौ । तिनको प्रशंसाभित्र स्वार्थ लुकेको हुन्छ ।' भन्ने प्रशिक्षक एन्डरसनको भनाइ पनि उल्लेख गरेका छन् । उपाध्यायले अन्धभक्तिवादले पत्रकारिता, प्रजातन्त्र र समाजलाई नै माथि नलगेर ओरालोतिर लैजाने कुरा पनि उठाएका छन् । लेखबाट कान्तिपुरमा सुरूदेखि नै आबद्ध

संस्थागत बौद्धिक प्रभुत्वको पेसागत निष्ठा, विषयगत सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप र अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षणमा पहुँच उच्च रहेको देखिन्छ । यस्ता बौद्धिक प्रभुत्वलाई सुरूदेखि नै स्थान दिएर 'कान्तिपुर' को व्यवस्थापनले आफ्ना प्रकाशनहरूमा गुणस्तरीय र शक्तिशाली सङ्कथन निर्माण गर्न सक्ने बलियो आधारभूमि तयार गरेको देखिन्छ ।

किशोर नेपाल (वि.सं. २०७४) ले कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. बाट प्रकाशित विशेषाङ्क *कान्तिपुर रजत यात्रा* मा 'पत्रकारितासामुका प्रश्न' शीर्षकमा प्रेसको चरित्र, विविधता, नेपाली पत्रकारमा परिवेशको ज्ञान, क्षमता र जाँगरसँगसँगै नेपाली पत्रकारिताको विश्वसनीयतामाथि प्रश्न उठाएको पाइन्छ । नेपालले 'विश्वव्यापी रूपमा प्रेसको चरित्र एकैनासको देखिए पनि प्रेसको काम गर्ने तरिका देश र समाजअनुसार' फरक हुने जनाउँदै 'पत्रकारिताको खाता पनि सामाजिक र राजनीतिक संरचनाअनुरूप तयार भएको हुन्छ' भनेका छन् । उनले कुनै पनि देशको संचार माध्यममा त्यो देशभित्रको समाजको तस्बिर प्रतिविम्बित हुने र संचार माध्यमहरूलाई बुझ्न परिवेशको ज्ञान आवश्यक हुने पनि जनाएका छन् । नेपालले यस्तो परिवेशको ज्ञान नेपालका कति पत्रकारमा छ भन्दै वरिष्ठ भनिएका पत्रकारको समेत ज्ञान, क्षमता र जाँगरका सम्बन्धमा प्रश्न उठाएको पाइन्छ । साथै, उनले नेपाली समाजमा पत्रकारिताको विश्वसनीयता र सम्मान दुवैको अवस्था क्षीण रहेको, देशमा भएका समकालीन राजनीतिक घटनाक्रम र आर्थिक विकासका विभिन्न पक्षहरूको व्याख्या र विश्लेषण गर्न आवश्यक वातावरणको अभाव रहेको, नेपाली प्रेसका प्रचलित सिद्धान्तबारे कसैले पनि केही भन्नसक्ने अवस्था नरहेको समेत जनाएका छन् । उनले नेपाली प्रेसको इतिहास सय वर्षभन्दा लामो भए पनि त्यो साङ्केतिक मात्र भएको जनाउँदै शताब्दियौंदेखि नेपाली प्रेसको स्वरूप र स्वभाव नबदलिनाको, प्रेसका दायित्वहरू पूरा नहुनाको, देशका सबै भागमा संचार माध्यमको स्वरूप समान नहुनाको, अनुदारवादी शासन भएका देश र स्वतन्त्र देशको संचार माध्यममा बढी नै विविधता हुनाको कारण खोज्नुपर्ने कुरा पनि उठाएका छन् । नेपालको विचारमा प्रेसले विना दृष्टिकोण शून्यमा काम गर्न सक्तैन । प्रेसको दृष्टिकोण सम्पादकीयमा अभिव्यक्त हुन्छ र अभिव्यक्तिलाई सबल बनाउन पत्रकारमा विषयको ज्ञान चाहिन्छ । उनको भनाइ छ, 'सञ्चारकर्मीहरूमा सञ्चार शास्त्रको निश्चित सैद्धान्तिक अवधारणाको ज्ञान हुनुपर्छ र सञ्चारकर्मीले प्रचलित सिद्धान्तबारे जानकारी राख्नुपर्छ ।' उनका अनुसार पत्रकारिता अविश्वासमा हराउँछ, यसैले पत्रकारले मानिसहरूमा विश्वास जगाएर पत्रकारिताप्रतिको निष्ठा कायम राख्नसके मात्र लोकतान्त्रिक गणतन्त्र बलियो हुन्छ । नेपालको यस लेखबाट नेपाली पत्रकार र पत्रकारिता क्षेत्रमा रहेका कमी कमजोरीलाई ठम्याउन र अझै पनि सुल्झाउन नसकिएका मानवीय र पेसागत समस्याका सम्बन्धमा जानकारी पाउन सकिन्छ ।

नारायण वाग्ले (वि.सं. २०७४) ले कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. बाट प्रकाशित विशेषाङ्क *कान्तिपुर रजत यात्रा* मा 'शाहीकालीन पत्रकारिता पाठशाला' (पृ. ६) शीर्षकमा संवैधानिक राजाबाट प्रजातन्त्र नै खोसिएको र प्रेसका लागि अत्यन्त असहज परिस्थिति उत्पन्न भएको बेलामा सम्पादकीयको विषयवस्तु र शैलीका माध्यमबाट पनि प्रजातन्त्रका लागि सत्ताको विरोध गरिएको कुरा उठाएका छन् । वाग्ले लेख्छन्, 'शाही 'कू' को साङ्केतिक विरोध गर्ने शैलीस्वरूप हामीले मध्ययुगीन विषयवस्तुमा सम्पादकीय लेख्न थाल्यौं । फोहोर मोजा लगाए कति गन्हाउँछ भन्ने व्यंग्यसहितको सम्पादकीय काठमाडौं पोस्टमा आयो भने तारो हान्ने प्रथालाई राष्ट्रिय खेलको मान्यता दिँदै अन्तर्राष्ट्रियकरण गर्नुपर्ने भनेर कान्तिपुरमा लेख्यौं ।' यस्तो छापिएपछि उनले धम्कीपूर्ण फोन आएको

र दबावको सामना गर्नुपरेको कुरा पनि गरेका छन् । लेखमा समसामयिक राजनीतिक परिवर्तनबाट गैरसरकारी सञ्चार गृहको संस्थागत बौद्धिक प्रभुत्व र स्वामित्वलाई पनि असर पर्ने कुराको उदाहरणमा लेखक स्वयं प्रस्तुत भएका छन् । उनको भनाइ छ, 'राजा र दलहरूबीच सम्बन्ध खल्बलिरहेकै बेला यता कान्तिपुरमा प्रकाशक र सम्पादकबीच पनि सम्बन्ध खल्बलिएको थियो । म सम्पादक बनेसँगै उता सिंहदरबारमा सूर्यबहादुर थापापछि शेरबहादुर देउवा फेरि बसालिए ।' वाग्लेले प्रजातन्त्र खोसिएपछि शाही सत्ताले अखबारको कथ्यमा पनि सैनिक अधिकृत खटाएर सेन्सर गर्न थालेको बेला कान्तिपुरको स्वामित्व र संस्थागत बौद्धिक प्रभुत्वले सादा समाचार मात्र दिने रक्षात्मक उपाय अवलम्बन गरेको खुलासा गर्दै उल्लेख गरेका छन्, 'जुन कुराको विरोध गर्न सकिँदैन, त्यसको समर्थन पनि गर्नु हुँदैन भन्ने मान्यतामा हामी एकगठ भयौं ।' एक दिन राजाले सम्पादकहरूलाई कापी र कलम लिएर नारायणहिटी आउन निम्तो दिएको र 'दलहरू भ्रष्टाचार र आतंकवादविरुद्ध उभिनुपर्छ' भनेको सन्दर्भमा कान्तिपुरले तर्क शक्तिको उपयोग गरेको जनाउँदै वाग्ले लेख्छन्, 'हामीले प्रेस स्वतन्त्रताबिना न आतंकवाद न भ्रष्टाचार कमजोर हुन्छ भन्ने तर्क राख्यौं ।' प्रेसले आफ्ना तर्क सम्पादकीयमा सोझै राख्न पाउँछ । वाग्लेले शाही शासक, अप्रजातान्त्रिक सरकार र अराजक पक्षसित कान्तिपुरको शक्तिसम्बन्ध तनावपूर्ण रहने गरेको पनि जनाएका छन् । उनले शाहीकालमा कान्तिपुर छाप्न नदिने गरी कर्फ्यू पास रोकिएको र माओवादी चकचकीका बेला पनि एकाध दिन पत्रिका नै बन्द गर्नुपरेको घटनाको सम्झना गरेका छन् । साथै उनले शाही शासनले सबैलाई निरीह बनाएको बेला जनता जगाउन पत्रकारिताले शिर उचाल्नुपर्ने कुरा उठाउँदै 'बौद्धिकहरू हामीलाई घच्घच्याइरहन्थे ।' पनि भनेका छन् । लेखमा कान्तिपुरले कार्टून छाप्दा पनि प्रकाशकहरूमाथि शक्ति केन्द्रको दबाव बढेको र अखबारको पहिलो पृष्ठमा नै सम्पादकीय मान्यता प्रस्ट गर्नुपरेको कुरा पनि छ । वाग्लेले 'हामी संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्रको मूलभूत संवैधानिक आधारस्तम्भ स्वीकार गरेरै चलिरहेका छौं' भनी प्रकाशन गर्नुपरेको खुलासा पनि गरेका छन् । वाग्लेको लेखबाट पत्रकारिता, प्रजातन्त्र र प्रेस स्वतन्त्रताको अन्योन्याश्रित सम्बन्ध रहेको, प्रतिगमनका बेला अखबारले सकस झेलेको, प्रेसको मूल्य मान्यता, जिम्मेवारी र दायित्वप्रति कान्तिपुर दैनिकको सम्पादकीय नेतृत्व सचेत रहेको बुझिन्छ । संस्थागत स्वामित्वले पनि संस्थागत बौद्धिक प्रभुत्वको सम्पादकीय स्वतन्त्रता, ज्ञान, सीप र शैलीको शक्तिमा विश्वास गरेको बुझिन्छ । यस्तो कार्य वातावरण भएको संचार माध्यममा कार्यरत बौद्धिक प्रभुत्वबाट गुणस्तरीय र शक्तिशाली सङ्कथन निर्माण हुन सक्छ र त्यो सङ्कथन सम्पादकीयको रूपमा लेखेर छापिँदा जतिसुकै अप्ठेरो अवस्थामा पनि विचलित नभइकन प्रेसले कुशलतापूर्वक सामाजिक दायित्व निर्वाह गर्न सक्छ भन्ने पनि देखिन्छ ।

राजाराम गौतम (वि.सं. २०७४) ले कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. बाट प्रकाशित विशेषाङ्क *कान्तिपुर रजत यात्रा* मा 'ओपेडमा सात वर्ष' शीर्षकमा सम्पादकीय र विचार पृष्ठमा आफूलाई खटाइँदा कार्यालयमा पाएको हेय जगाउने वातावरण, सहकर्मी पत्रकारबाटै गरिएको अनुचित टिप्पणी, सोच र मनोदशा खस्काउने वातावरणमा पनि आफूले अख्तियार गरेको रचनात्मक कार्यशैलीका बारेमा स्मरण गरेको पाइन्छ । उनले नेपाली पत्रकारितामा सम्पादकीय धारणाविपरीतको मत राख्ने लेखकलाई निषेध गर्ने प्रवत्ति रहे पनि आफूहरूले 'कान्तिपुर' मा विपरीत विचारलाई पनि स्थान दिएर वहस गराउने अभ्यासलाई प्राथमिकतामा राखेर काम गरेको जनाएका छन् । उनको भनाइ छ, 'हामी पत्रकारहरू राजनीतिमा चरम गुटबन्दी विकास भयो, अस्वस्थ प्रतिस्पर्धा भयो भनेर लेखेर थाक्दैनौं । यद्यपि 'न्युजरुम' हरू आफै त्यस्तो प्रवृत्तिबाट मुक्त छैनन्, जसको प्रतिविम्ब बेलाबखत देखिन्छ ।'

गौतमले 'कान्तिपुरको 'न्युजरुम' मा त्यसबेला ओपेडमा काम गर्नेहरूलाई 'पत्रकार' का रूपमा गणनै नगरिने कुराको स्मरण गर्दै उल्लेख गरेका छन्, 'चियापसलमा कुरा काटिन्थ्यो, 'कसैलाई थन्काउनुपर्दा ओपेडमा लगिन्छ ।' उनले पुराना नजिर पनि त्यस्तै रहेको जनाएका छन् । साथै, उनले ओपेडमा काम थाल्दा कतिपय सहकर्मीले आफूलाई 'अब सिद्धियो' भनेर समेत हँसिमजाक गरेको स्मरण गरेका छन् । गौतमले ओपेडमा काम गर्दा आफूलाई पत्रकार भनेर गणना नगरे पनि आफूले आफ्नो मनोबल नखस्काइकन काम गरेको सङ्केत पनि गरेका छन् । उनको भनाइ छ, 'त्यसलाई मैले नयाँ अभ्यासको प्रारम्भका रूपमा लिएँ ।' उनको विचारमा 'नेपाली पत्रकारिताको इतिहासमा कान्तिपुर पब्लिकेसन्सको स्थापना त्यो कोसेढुङगा हो, जसले नेपाली आमसंचारमा सरकारी मिडियाको एकाधिकार तोड्यो र व्यावसायिक पत्रकारिताको बीउ रोप्दै मिडियामा निजी लगानीको बाटो खोल्यो ।' गौतमको लेखबाट सम्पादकीय र विचार पृष्ठमा काम गर्ने बौद्धिक प्रभुत्वप्रति संस्थागत स्वामित्व र सहकर्मी पत्रकारहरूको रबैया जतिसुकै नकारात्मक भए पनि उनी जस्ता बौद्धिक प्रभुत्वको व्यक्तिगत रुचि, विश्वज्ञान, क्षमता, विचार, लगन र सीपले सो पृष्ठका सामग्रीलाई गुणस्तरीय बनाउँदै शक्तिशाली सङ्कथन निर्माण गर्न र गराउन सकिने अनुभव व्यक्त गरेको पाइन्छ ।

सुधीर शर्मा (वि.सं. २०७४) ले कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. बाट प्रकाशित विशेषाङ्क *कान्तिपुर रजत यात्रा* मा 'हामी हिँडेको बाटो' शीर्षकमा २०६५ देखि २०७२ सालको सेरोफेरोमा सम्पादकीय उत्पादनमा आफ्नो संस्थागत बौद्धिक प्रभुत्वको नेतृत्व तहको समेत अनुभव सार्वजनिक गर्दै भनेका छन्, 'पहिलो र दोस्रो संविधानसभाताका कान्तिपुरको सम्पादकीयमा सबभन्दा बढी छापिएका शब्द सम्भवतः 'शान्ति' र 'संविधान' थिए होलान् ।' उनले पाठकलाई त्यो दिक्कलाग्दो 'क्लिसे' जस्तो लागेको हुनसक्ने भए पनि 'सङ्क्रमणका बेला संविधान निर्माण र शान्ति प्रक्रियाप्रति राजनीतिक दलहरूलाई घच्घच्याइरहनु कान्तिपुरको संस्थागत बौद्धिक प्रभुत्वको सुविचारित निरन्तरता भएको जनाएका छन् । उनले सो समयमा समग्र नेपाली पत्रकारिताले शान्ति र संविधानका पक्षमा दबाव सिर्जना गरिरहेको स्मरण गरेका छन् । शर्माले सम्पादकीय सङ्कथनको शक्तिका कारण राष्ट्रिय अन्तर्राष्ट्रिय सरोकारवाला व्यक्ति र स्वार्थ समूहहरूबाट आफू र आफ्नो संस्थाका प्रकाशकले बेला बेलामा विभिन्न प्रलोभन र प्रतिरोधको सामना गर्नु परेको र ज्यानकै असुरक्षा समेत अनुभव गरेको खुलासा गरेका छन् । उनले सम्पादकीय सँधै सफल नदेखिने र बगेको हावाविपरीत पनि हुन सक्ने तर त्यहाँ लेखिएका कुराहरू भने सही हुनुपर्ने जनाएका छन् । संस्थागत बौद्धिक प्रभुत्वको नेतृत्वमा रहेका शर्माको सत्यप्रतिको निष्ठाले सम्पादकीयको सङ्कथनप्रति विश्वास जगाउँछ र त्यसको शक्तिलाई धनात्मक बनाउने बलियो आधार दिन्छ । शर्माले सम्पादकीय स्वायत्तताको सन्दर्भमा पनि उल्लेख गरेका छन्, 'वास्तवमा हाम्रो न्युजरूम पूर्ण स्वायत्त सिद्धान्तमा सञ्चालित छ ।' उनले कान्तिपुर दैनिकको नेतृत्वमा आफूले प्रकाशकबाट सम्पादकीय स्वतन्त्रताको अख्तियारी पाएको र आफूले जस्तै मातहतका एक दर्जन ब्युरो प्रमुखले पनि स्वतन्त्रताको अभ्यास गर्न पाएको पनि जनाएका छन् । उनले लेखिन र छापिन लायक समाचारलाई कसैले 'सिस्टम' बाट रोक्ने गुन्जायस नहुने जनाउँदै पत्रिकालाई माथि उठाउने वा औसत राख्ने भन्ने कुराको मुख्य कसी नै सम्पादकीय स्वतन्त्रतालाई मानेको पाइन्छ । साथै उनले मूलतः कुनै पनि सम्पादक आफ्ना पाठकप्रति उत्तरदायी हुने र सम्पादकलाई बाहिर लेखकीय र सम्पादकीय आधारमा हेरिए पनि संस्थाभित्र 'न्युजरूम' मा समूह व्यवस्थापनको महत्त्व बढी हुने अनुभव व्यक्त गरेका छन् । शर्माले न्युजरूम व्यवस्थापनको काम जटिल हुने र यो कुरा बृहदाकार दैनिकका सम्पादकहरूले बढी राम्रोसँग

बुझ्न सक्ने पनि उल्लेख गरेका छन् । सम्पादकीय नेतृत्वले सकभर सही निर्णय लिन खोज्दा पनि हतारमा गर्नुपर्ने भएकाले सँधै सही नहुन सक्ने र राम्रो गरौं भन्दाभन्दै पनि आफूहरूबाट भएका गल्तीहरू महसुस भएपछि सच्याउने गरेको पनि जनाएका छन् । शर्माले राज्य कमजोर भएका बेला पनि नेपाली मिडियाले आफ्नो कर्तव्य नबिर्सिएको, २०७२ सालको भूकम्पले नातागोता मारिएको र घरबार भत्किएको अवस्थामा पनि फिल्ड नछाड्ने धर्म नेपाली पत्रकारले देखाएको कुराको स्मरण गरेका छन् । उनले पत्रकारले जुन बिन्दुबाट रिझाउने काम थाल्छ, पत्रकारिताको अन्त्य त्यहींबाट हुने जनाएका छन् । साथै उनले आफूहरूलाई कुनै राजनीतिक दल र शक्ति केन्द्रले मन नपराउनुलाई नै आफ्नो पेसागत सफलता ठानेको पाइन्छ । शर्माको यस खालको अनुभव र विचारबाट पत्रकारिताको पेसागत भूमिका, मूल्य मान्यता, जिम्मेवारी र दायित्वप्रति कान्तिपुर दैनिकको नेतृत्व र सम्पादकीय समूह सचेत रहेको र कार्यालयभित्र सम्पादकीय स्वतन्त्रतामैत्री वातावरणको सम्बर्धन गर्न खोजेको देखिन्छ । संस्थागत बौद्धिक प्रभुत्वको सम्बर्धनमा ध्यान दिने संचार माध्यमबाट गुणस्तरीय र शक्तिशाली सङ्कथन निर्माण गर्न सकिन्छ ।

समीक्षित पूर्वकार्यहरूका बारेमा समग्रमा मनन गर्दा तिनमा प्रकट गरिएका तथ्य, अनुभव र विचारको जानकारीबाट सम्पादकीय पाठलाई सामाजिक प्रतिनिधित्वका भाषिक उपकरणको प्रयोग गरी बृहत् सङ्घटनात्मक परिप्रेक्ष्यमा सङ्कथन विश्लेषण गर्नुपर्ने कुराको बोध हुन आउँछ । पूर्वकार्यमा छरिएर रहेका विचारमा आमसंचारको भाषाका बारेमा चासो र चिन्ता प्रकट भएको पाइन्छ । तिनको अध्ययनबाट अझैसम्म नेपाली सम्पादकीयको पाठलाई सामाजिक प्रतिनिधित्वका भाषिक उपकरणको प्रयोग गरी शक्तिसम्बन्धको प्रभावको सङ्कथनीय अध्ययन र विश्लेषण हुन नसकेको कुराको पुष्टि हुन्छ । सम्पादकीय र भाषासित सम्बद्ध अधिकांश पूर्वकार्यले नेपाली दैनिक अखबारका सम्पादकीयलाई पत्रकारिता र सञ्चार माध्यमसित जोडिएका सम्पादकीय र भाषाका सम्बन्धमा संस्थागत, संरचनात्मक र व्यावसायिक दृष्टिले स्थापित मूल्यमान्यतामा जोड दिएको पाइन्छ ।

नेपाली राष्ट्रिय बृहदाकार दैनिक अखबारका सम्पादकीयलाई अझै पनि सामाजिक प्रतिनिधित्वका भाषिक उपकरणहरूको प्रयोग गरी स्थितिसन्दर्भलाई समेत ध्यानमा राखेर संस्कृतिको पृष्ठभूमिमा सङ्कथन विश्लेषण पद्धतिबाट गहन प्राज्ञिक अध्ययन भएको देखिँदैन । भएका अध्ययनहरूमध्ये अधिकांशमा संस्कृतिको सतही चिन्तनमा आधारित विश्लेषण देखिन्छ । प्रस्तुत शोधकार्यलाई त्यो परम्पराभन्दा भिन्न, गहन र उच्च प्राज्ञिक स्तरको बनाउन सम्पादकीयलाई स्वतः निर्मित विपाठका रूपमा ग्रहण गरी सामाजिक प्रतिनिधित्वका भाषिक उपकरणहरूको प्रयोग गरी सङ्कथनीय सवलताको खोजी गरिएको छ । साथै, सम्पादकीय निर्माणका सारभूत मूल्य र विधागत मापदण्डलाई ध्यानमा राखेर भाषिक सूचकका आधारमा पाठमा देखिएको शक्तिसम्बन्धको प्रभावलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसका लागि पूर्वकार्यहरू प्रकारान्तरले आधारभूत, सूत्रात्मक, आंशिक र सहयोगी ज्ञानका स्रोत साबित भएका छन् । तिनको अध्ययनबाट नेपाली दैनिक अखबारको सम्पादकीयमा बृहत् सङ्घटनात्मक सामाजिक प्रतिनिधित्वको पहिचान, निर्भरीकरण, मूर्तीकरण र शक्तिसम्बन्धको प्रभावको प्राज्ञिक अनुसन्धानात्मक सङ्कथन विश्लेषणको भने सर्वथा खाँचो रहेको बुझ्न सकिन्छ । सोही खाँचो परिपूर्तिका लागि प्रस्तुत शोधप्रबन्ध तयार गरिएको हो ।

## १.५ शोधको सान्दर्भिकता र औचित्य

प्रस्तुत शोधकार्यबाट नेपाली भाषाका राष्ट्रिय स्तरका दैनिक अखबारहरू 'कान्तिपुर' र 'गोरखापत्र' मा २०७० सालमा छापिएका सम्पादकीयमा प्रस्तुत सामाजिक प्रतिनिधित्वहरूमध्येबाट बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको पहिचान गरी तिनमा प्रयुक्त भाषिक निर्भरीकरण र मूर्तीकरण प्रक्रियाको अन्वेषणसहित शक्तिसम्बन्धले पारेको प्रभावको सङ्कथन विश्लेषण गरिएको छ । यसले 'संविधानसभा निर्वाचन-२०७०' को बृहत् सङ्घटनासित सम्बन्धित सम्पादकीयमा रहेका सामाजिक प्रतिनिधित्वका सांस्कृतिक सन्दर्भको उजागर गर्दै निर्भरीकरण र मूर्तीकरणका विविध प्रक्रियाको परीक्षण समेत गरी सम्पादकीय सङ्कथनमा शक्तिसम्बन्धले पारेको प्रभावको निक्र्यौल गरेको छ। प्रस्तुत अध्ययनले 'संविधानसभा निर्वाचन-२०७०' सित जोडिएका वर्षभरिका शीर्षस्थ सामाजिक प्रतिनिधित्वका विविध सन्दर्भहरूको अभिलेखीकरण गरी प्रतिनिधित्वको प्रस्तुतीमा निर्भरीकरण र मूर्तीकरणलाई शक्तिसम्बन्धसँग जोडिएको प्राज्ञिक विमर्शको विषय बनाएको छ। यसरी गरिएको सम्पादकीयको मूल्याङ्कनबाट यसको स्तरीकरण र मानकीकरणका लागि वस्तुगत आधार समेत मिल्ने भएकाले शोधको सान्दर्भिकता र औचित्य पुष्टि हुन आउँछ ।

## १.६ शोधविधि, सामग्री सङ्कलन र सैद्धान्तिक पर्याधार

प्रस्तुत शोधप्रबन्धमा राष्ट्रिय दैनिक अखबारका सम्पादकीय सङ्कथनलाई मुख्य विश्लेषण सामग्री बनाइएको छ । अध्ययनलाई सुरूदेखि नै व्यवस्थित तरिकाले अघि बढाउँदै गुणात्मक विधिले सङ्कथन विश्लेषण पद्धति अनुरूप प्राज्ञिक विमर्श गर्नलाई उपयुक्त हुने गरी शोधविधि, सामग्री सङ्कलन र सैद्धान्तिक पर्याधार निर्माण गरिएको थियो । दुई वटा दैनिक अखबारका वर्षभरिका सम्पूर्ण सम्पादकीयलाई उद्देश्यमूलक तरिकाले अध्ययन गरी पाठको स्तरीकृत छनोट गर्दै चरणबद्ध अध्ययन, अन्वेषण, विश्लेषण, लेखन, परीक्षण, परिमार्जन र औपचारिक प्रस्तुति गरी शोधप्रबन्धलाई अन्तिम रूप दिइएको छ ।

### (क) शोधविधि

प्रस्तुत शोध पूर्णतः गुणात्मक ढाँचामा आधारित छ । यसमा सङ्कलित सामग्रीको व्याख्या र विश्लेषणका लागि निश्चित सैद्धान्तिक पर्याधारका आधारमा निर्माण गरिएका प्रतिमान/उपकरणहरूको उपयोग गरी चयन गरिएका सम्पादकीय सङ्कथनको पाठात्मक विश्लेषण (टेक्सुअल एनालिसिस) गरिएको छ । यस क्रममा सामान्य पाठ विश्लेषण भन्दा पनि विषय/वस्तु, व्यक्ति र घटनाहरूलाई बृहत् सङ्घटनात्मक प्रतिनिधित्वका अभिन्न अङ्गका रुपमा लिई सोही सन्दर्भ र सीमामा रहेर तिनको सङ्कथन विश्लेषण (डिस्कोर्स एनालिसिस) गरिएको छ। यसरी प्रस्तुत शोधमा सङ्कथन विश्लेषणलाई सामग्री अर्थापनको मूल पद्धतिका रुपमा उपयोग गरिएको छ । यसमा चरणबद्ध अध्ययन र अन्वेषण गरी स्तरीकृत विधिबाट छनोट गरिएका पाठका अंशलाई सङ्कथन विश्लेषणको पद्धति अनुरूप स्वतः निर्मित विपाठका रूपमा ग्रहण गरिएको छ। यसका साथै यस शोधमा विश्लेष्य सामग्रीका

रूपमा सरकारी र गैरसरकारी दुवै क्षेत्रका दैनिक अखबारका सम्पादकीयलाई चयन गरिएको हुनाले तिनमा देखिएको शक्तिसम्बन्धको प्रभावलाई विश्लेषण गर्दा तुलनात्मक विधिको पनि उपयोग गरिएको छ ।

(ख) **सामग्री सङ्कलन विधि**

प्रस्तुत शोधकार्यमा सरकारी र गैरसरकारी कोणबाट स्वामित्वमा भिन्नता भएका र पहिलो नियमित प्रकाशनका कोणबाट समानता समेत भएका दैनिक अखबारहरूलाई चयन गरिएको छ। यस आधारमा छानिएका 'कान्तिपुर' र 'गोरखापत्र' का सम्पादकीयहरू प्रकाशन हुनुअघि नै एक वर्षको समयसीमा निश्चित गरिएको थियो । 'कान्तिपुर' मा वर्षभरिका ३६५ दिनमा ३०६ वटा र 'गोरखापत्र' मा ३०४ वटा सम्पादकीय छापिएको पाइयो । बाँकी दिनमा साप्ताहिक र अन्य विदा परेका कारण सम्पादकीय छापिएनन् । विशेष सम्पादकीयलाई अध्ययनमा समावेश गरिएको छैन । यसैले दुबै अखबारका कुल ६१० वटा सम्पादकीय अध्ययनको दायरामा पर्न आए । वर्षभरिमा प्रकाशित ६१० वटै सम्पादकीयको पाठ अध्ययन गरी बृहत् सङ्घटनाको पहिचान गरियो । शोधप्रबन्धको लागि प्रस्ताव २०६९ सालमा तयार गरिएको थियो । सो बेला विश्लेषणका लागि लिइने मूल सामग्रीको छनोटमा कुनै आग्रह नरहोस् र शोधकार्य विलम्बित पनि नहोस् भन्नाको लागि नजिकको एक वर्षलाई निश्चित गरिएको थियो । यसै अनुसार २०७० सालका सम्पादकीयहरू विश्लेषणका मूल सामग्री हुन आएका हुन् । दुबै अखबारमा प्रकाशित कूल ६१० वटामध्ये २१७ वटा सम्पादकीय 'संविधानसभा निर्वाचन-२०७०' सित सन्दर्भित रहेका पाइयो । यो सन्दर्भित सङ्ख्या सबैभन्दा बढी हुन आएकाले यसलाई सङ्कथन विश्लेषण पद्धति अनुरूप वृहत् सङ्घटनात्मक प्रतिनित्विको पहिचान दिइएको हो। प्रकाशन हुनुअघि नै निश्चित समय तोकेर अध्ययन सामग्रीलाई सीमाबद्ध गरिएको यस अध्ययनको बृहत् सङ्घटनात्मक प्रतिनिधित्व 'संविधानसभा निर्वाचन-२०७०' हुनु संयोग मात्र हो ।

सम्पादकीयमा रहेका सामाजिक प्रतिनिधित्वको बृहत् सङ्घटनात्मक अवस्थाको पहिचानदेखि निर्भरीकरण र मूर्तीकरणको अन्वेषण गर्दै शक्तिसम्बन्धको प्रभावलाई विश्लेषण गर्ने उद्देश्यले सम्पादकीयका पाठहरूको स्तरीकृत छनोट पनि गरियो । एउटै वृहत् सङ्घटनात्मक प्रतिनिधित्वभित्र एकै समयमा स्वामित्वको प्रकृति भिन्न भए अनुरूप प्राथमिकताका विषय र कोणहरू पनि फरक पर्ने हुन्छन् । यसमा सामाजिक प्रतिनिधित्वहरूको समेटाइ पनि व्यापक हुने सम्भावना रहन्छ। यसैले उदाहरणीय समाग्रीको छनोट गर्दा दुई अखबारमा सम्पादकीय प्रकाशन भएको दिन पनि फरक नपरोस् भन्ने कुरालाई आधार मानिएको छ । यसै अनुरूप एकै दिनमा प्रकाशित दुई अखबारका सम्पादकीयमा बृहत् सङ्घटनामा आबद्ध सम्पादकीयहरूको चरणबद्ध अध्ययन गरी प्रतिनिधित्वको निर्भरीकरण, मूर्तीकरण र शक्तिसम्बन्धको प्रभावसँग सम्बन्धित सङ्कथनांशहरू र अनुच्छेदहरूको छनोट गरियो ।

'कान्तिपुर' मा वर्षभरि प्रकाशित कुल ३०६ वटा सम्पादकीय शीर्षकको सूचीलाई प्रतिनिधित्वको सन्दर्भसहित परिशिष्ट १क मा दिइएको छ । यसैगरी 'गोरखापत्र' मा वर्षभरि प्रकाशित कुल ३०४ वटा शीर्षकको सूचीलाई प्रतिनिधित्वको सन्दर्भसहित परिशिष्ट १ख मा दिइएको छ । त्यसमध्ये बृहत् सङ्घटनाको रूपमा सबैभन्दा बढी प्रकाशित सम्पादकीयको खोजी गर्दा 'संविधानसभा निर्वाचन-२०७०' सित सम्बन्धित विभिन्न विषयका सम्पादकीयहरू भेटिए । 'कान्तिपुर' र 'गोरखापत्र' बाट छनोटमा परेका सम्पादकीय शीर्षकहरूको सूचीलाई क्रमशः

परिशिष्ट २क र २ख मा दिइएको छ । साथै, दुवै अखबारबाट छनोटमा परेका २१७ वटा सम्पादकीयका शीर्षकको एकीकृत सूचीलाई संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनासँग सन्दर्भित सम्पादकीयहरू शीर्षकअन्तर्गत प्रकाशन महिना र गते, शीर्षस्थ सङ्कथनांशको समुच्चय र पाठ सङ्केतसहित परिशिष्ट ३ मा दिइएको छ । यसरी सूचीकृत सम्पादकीय शीर्षकमा प्रत्यक्ष सूचकका तुलनामा अप्रत्यक्ष सूचकहरू दुई गुणा बढी रहेका तथ्य तेस्रो परिच्छेदमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घनात्मक प्रतिनिधित्व शीर्षक अन्तर्गत प्रस्तुत छ (हेर्नुहोस्, तालिका नं. २) । यसरी अप्रत्यक्ष सूचकहरूको प्रयोग दुई गुणा बढी गरिएका अवस्थामा सम्पादकीय शीर्षकमा रहेका सबै शब्दहरू सूचकीय भूमिकामा उत्तिकै शक्तिशाली हुन नसक्ने अवस्थालाई ध्यानमा राख्दै अप्रत्यक्ष सूचकहरूको पहिचान गरी विभिन्न विषय/वस्तु, व्यक्ति र घटनाको तथ्य र धारणागत प्रतिनिधित्व गर्ने सशक्त खालका अप्रत्यक्ष सूचकहरूको निरूपण गरिएको छ । निरूपणका क्रममा बृहत् सङ्घटनासितको तिनको सन्दर्भगत सम्बन्धलाई केन्द्रमा राखिएको छ। यस अतिरिक्त प्रतिनिधित्वको निर्भरीकरण, मूर्तीकरण र शक्तिसम्बन्धको प्रभावसँग सम्बन्धित सङ्कथनांशहरू र अनुच्छेदको मात्र अध्ययन गर्नका लागि उपयुक्त सम्पादकीयका अंशहरूको पुनः छनोट गरिएको छ। यस क्रममा दुवै अखबारमा एकै दिन प्रकाशित सम्पादकीयमध्येबाट हरेकको एउटा अनुच्छेद पर्ने गरी छानिएका अनुच्छेदहरूलाई परिशिष्ट ४ मा प्रस्तुत गरिएको छ ।

**(ग) सैद्धान्तिक पर्याधार**

प्रस्तुत शोधप्रबन्धमा राष्ट्रिय दैनिक अखबारका सम्पादकीय पाठमा रहेका सामाजिक प्रतिनिधित्व र तिनका सन्दर्भहरूको सङ्कथन विश्लेषणका लागि उपयुक्त सैद्धान्तिक पर्याधार निर्माण गर्न बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको अवस्था, प्रतिनिधित्वको निर्भरीकरण र मूर्तीकरण प्रक्रियाका साथै शक्तिसम्बन्धको प्रभावसित सम्बन्धित भाषिक र सांस्कृतिक उपकरणहरूको उपयोग गरिएको छ । अध्ययनमा एमएके ह्यालिडे र रुकैया हसनको सङ्कथन सिद्धान्तमा रहेको स्थितिसन्दर्भ र सेर्गेई मोस्कोविचीको सामाजिक प्रतिनिधित्व सिद्धान्त, बिर्गिता हैय्यरको मिडिया अनुसन्धानका लागि सामाजिक प्रतिनिधित्वको अवधारणा, एस.सी. होवार्थ, एलेक्स गिलेस्पी आदिका सामाजिक प्रतिनिधित्व सम्बन्धी विचार, मिसेल फुको र एन्टेनियो ग्राम्चीका संस्थागत बौद्धिक प्रभुत्व, सत्य र सीमान्तीकृतहरूसित सम्बन्धित सांस्कृतिक सिद्धान्त, एस. हलका पहिचानको संस्कृति र मिडियाका साथै तुएन ए. भ्यान डिकका भाषा, सञ्चार र वास्तविक संसारसम्बन्धी अवधारणा र सम्पादकीय विधाका मान्यता तथा मापदण्डहरूको उपयोग गरी अवधारणात्मक ढाँचा तयार गरिएको छ । यो ढाँचा एकीकृत सिद्धान्त नभएर विश्लेषणको सैद्धान्तिक पर्याधार मात्र हो । अध्ययनको अवधारणात्मक ढाँचालाई तालिका नं. १.१ मा प्रस्तुत गरिएको छ । तालिका नं. १.१ मा प्रस्तुत गरिएका मूल शीर्षक र उपशीर्षकहरू सम्पादकीय सङ्कथन विश्लेषणका लागि तयार गरिएका आंशिक साधन मात्र हुन्, साध्य होइनन् । बृहत सङघटनात्मक प्रतिनिधित्व, प्रतिनिधित्वको निर्भरीकरण, प्रतिनिधित्वको मूर्तीकरण र प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभावसम्बन्धमा सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचाको व्याख्यात्मक प्रस्तुति परिच्छेद दुईमा दिइएको छ ।

तालिका नं. १.१

**विश्लेषणको अवधारणात्मक ढाँचा**

| परिच्छेद | मूल शीर्षक | उपशीर्षकहरू |
|---|---|---|
| तीन | बृहत् सङ्घटनात्मक प्रतिनिधित्व 'संविधानसभा निर्वाचन-२०७०' | १. बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको पहिचान<br>२. 'संविधानसभा निर्वाचन-२०७०' को विश्लेषण |
| चार | प्रतिनिधित्वको निर्भरीकरण | १. नामिक र विषयगत निर्भरीकरण<br>२. विपरीतार्थक निर्भरीकरण<br>३. रूपकीय र संवेगात्मक निर्भरीकरण |
| पाँच | प्रतिनिधित्वको मूर्तीकरण | १. संवेगात्मक मूर्तीकरण<br>२. वैयक्तिक मूर्तीकरण |
| छ | प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव | १. संस्थागत बौद्धिक प्रभुत्व<br>२. संस्थागत स्वामित्वको प्रभुत्व |
| | | स्रोत : शोधकर्ताको अवलोकन |

विश्लेषणको अवधारणात्मक ढाँचालाई सङ्क्षेपमा यस प्रकार प्रस्तुत गरिएको छ;

(क) मूल शीर्षक 'बृहत् सङ्घटनात्मक प्रतिनिधित्व : संविधान निर्वाचन-२०७०' मा 'बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको पहिचान' लाई स्थापना गर्ने उपकरणहरू संरचना, बाह्यसन्दर्भ र सूचकीय सन्दर्भ रहेका छन् । 'बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको विश्लेषण' का उपकरणहरूमा सूचकहरू, शीर्षकीय संरचना, सन्दर्भ परिचालन, बृहत् सङ्घटनाको विकास क्रम र शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्यका साथै 'विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्वहरू' रहेका छन् ।

(ख) मूल शीर्षक 'प्रतिनिधित्वको निर्भरीकरण' को अन्वेषणका लागि नामिक र विषयगत, विपरीतार्थक, रूपकीय र संवेगात्मक भाषिक उपकरणहरूको प्रयोग गरिएको छ ।

(ग) मूल शीर्षक 'प्रतिनिधित्वको मूर्तीकरण' को अन्वेषणका लागि संवेगात्मक र वैयक्तिक भाषिक उपकरणहरूको उपयोग गरिएको छ ।

(घ) मूल शीर्षक 'प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव' को विश्लेषणका लागि सांस्कृतिक उपकरणहरू संस्थागत बौद्धिक प्रभुत्व र संस्थागत स्वामित्वको प्रभुत्वको प्रयोग गरिएको छ ।

## १.७ सीमाङ्कन

प्रस्तुत अध्ययनमा नेपाली राष्ट्रिय बृहदाकार दैनिक अखबारहरू 'कान्तिपुर' र 'गोरखापत्र' मा २०७० सालमा प्रकाशित सम्पादकीयहरूमा भेटिएको बृहत् सङ्घटनात्मक प्रतिनिधित्वसित सन्दर्भित प्रतिनिधित्वको निर्भरीकरण, मूर्तीकरण प्रक्रियाका साथै पाठमा देखिएको शक्तिसम्बन्धको प्रभावलाई विश्लेषण गर्न तयार गरिएको अवधारणात्मक ढाँचालाई आधार मानी सङ्कथन विश्लेषण पद्धतिको परिसीमामा अध्ययनलाई बाँधिएको छ।

सम्पादकीय प्रकाशन हुनुअघि नै एक वर्षको निश्चित समय तोकेर अध्ययन सामग्रीलाई सीमाबद्ध गरिएको प्रस्तुत अध्ययनमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको रूपमा 'संविधानसभा निर्वाचन-२०७०' ले पहिचान पाएको छ । विश्लेषणको मूल सामग्री सो वर्षभरि यही बहत् सङ्घटनाका अंशमा समेटिएका विषय/वस्तु, व्यक्ति र घटनामा सीमित छ । पाठमा समेटिएका विषय/वस्तु, व्यक्ति र घटनाहरू बृहत् सङ्घटनात्मक प्रतिनिधित्वका अभिन्न अङ्ग भएकाले सोही सीमामा रहेर तिनको सङ्कथन विश्लेषण गरिएको हो । शक्तिसम्बन्धको प्रभावमा रहेको तुलनाको सन्दर्भ सङ्कथन विश्लेषणको अंशमा मात्र सीमित छ। सम्पादकीयका सामाजिक प्रतिनिधित्वका सन्दर्भहरूलाई निश्चित मापदण्डका आधारमा मात्र अध्ययन, विश्लेषण र आवश्यक ठाउँमा तालिकीकरण गरी प्रस्तुत गरिएको छ । यस शोधकार्यमा प्राज्ञिक अनुसन्धानको अनुशासनमा रही वैधानिक तथा स्थापित मूल्य मान्यता, भाषा, विचार, सूचना, सन्दर्भ र पाठगत अर्थको अध्ययनबाट प्राप्त भएका तथ्यलाई मात्र उपयोग गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्ध सात वटा परिच्छेदमा विभाजित छ। शोधप्रबन्धको मूल शीर्षकलाई विभिन्न उपशीर्षकहरूमा बाँडेर अध्ययन गरिएको छ। परिच्छेद विभाजनदेखि मूल शीर्षक चयन र समग्र प्रस्तुतिलाई शोध लेखनको शैली र संरचनागत ढाँचा अनुसार संसक्त र संयुक्त बनाइएको छ। शोधप्रबन्धलाई निम्नानुसारका परिच्छेदमा सङ्गठित गरिएको छ;

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा

परिच्छेद तीन : बृहत् सङ्घटनात्मक प्रतिनिधित्व : 'संविधानसभा निर्वाचन-२०७०'

परिच्छेद चार : प्रतिनिधित्वको निर्भरीकरण

परिच्छेद पाँच : प्रतिनिधित्वको मूर्तीकरण

परिच्छेद छ : प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव

परिच्छेद सात : सारांश र निष्कर्ष

परिशिष्ट र सन्दर्भ सामग्री सूचीका खण्डहरू

## परिच्छेद दुई

# सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा

### २.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा सैद्धान्तिक पर्याधार र विश्लेषणको ढाँचा प्रस्तुत गरिएको छ । यसमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्व, निर्भरीकरण, मूर्तीकरण र शक्तिसम्बन्धको प्रभावका सम्बन्धमा सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा प्रस्तुत गरी परिच्छेदको अन्त्यमा निष्कर्ष दिइएको छ ।

### २.२ सैद्धान्तिक पर्याधार

सम्पादकीय, सङ्कथन र सामाजिक प्रतिनिधित्वसम्बन्धी सान्दर्भिक मान्यताहरूलाई समेटेर सैद्धान्तिक पर्याधारको निर्माण गरी विश्लेषण ढाँचा तयार गरिएको छ । यसअन्तर्गत् मूलतः सम्पादकीय सङ्कथन, सङ्कथनका मान्यता, प्रतिनिधित्व सन्दर्भको संचार र सामाजिक प्रतिनिधित्वको स्वरूप र संचार उप-शीर्षकहरू रहेका छन् ।

### २.२.१ सम्पादकीय सङ्कथन

सम्पादकीय सङ्कथनले संस्थागत बौद्धिक प्रभुत्वको प्रयोगबाट लेखन, सम्पादन, प्रकाशन र व्यापक वितरण गरिने सामयिक, सामूहिक, योजनाबद्ध, संस्थागत र धारणात्मक संचार कार्यलाई जनाउँछ। दिनभरको घटनाका आधारमा विचार दिएर अखबारमा टिप्पणी गर्न सम्पादकलाई अनुमति दिने ठाउँ सम्पादकीय हो र यो सम्पादकीय पृष्ठमा नामरहित प्रकाशित हुन्छ (रिया, सन् १९९८, पृ. ४५) । यसमा सामयिकता हुन्छ । सम्पादकले सम्पादकीयमा कुनै विषयको नवीनतम व्याख्या, महत्त्व र वस्तुस्थितिसँग त्यसको सम्बन्धलाई अखबारको नीतिको आधारमा जनसमक्ष प्रस्तुत गर्दछ (पौड्याल, २०२७, पृ. २५१) । यसमा संस्थागत नीति, योजना र बौद्धिक प्रभुत्वको प्रयोग हुन्छ । सम्पादकीयले सम्पादकीय मण्डलको विचार वा धारणाको प्रतिनिधित्व गर्दछ (रोलनिक्की, टेट र टेलर, सन् २००३, पृ. १३३) । यसमा सामूहिकता हुन्छ । यसैले सम्पादकीय ज्ञानात्मक शक्तिको अभ्यास गरिने सामयिक, सामूहिक, योजनाबद्ध, संस्थागत र धारणात्मक सङ्कथन हो ।

सम्पादकीय सङ्कथन राज्यको चौथो अङ्गको प्रतिनिधित्व गर्ने आमसंचार संस्थाद्वारा निर्मित निश्चित मापदण्ड अनुसार निश्चित ढाँचा र शैलीमा संरचित विशिष्ट सङ्कथन हो । विशिष्ट सङ्कथनहरू शक्तिसम्बन्धका उपज हुन् (हार्टले र साथीहरू, सन् २००४, पृ. ७४) । सम्पादकीय सङ्कथनमा तयारीका चरणहरूदेखि नै शक्तिसम्बन्धको प्रभाव रहन्छ । यसको लेखन, सम्पादन, प्रकाशन, वितरण र पठनका हरेक चरणमा धेरै खालका मानिसको संलग्नता हुन्छ । हरेक आमसंचार संस्थामा व्यापक अवधारणामा समान र संस्थागत मौलिकताको अवधारणामा केही भिन्न कार्य प्रक्रिया, अभ्यास र निर्णयहरू हुन्छन् । तिनका कार्य प्रक्रिया, अभ्यास र निर्णयहरू सामाजिक प्रतिनिधित्वको प्रयोग र निर्माणसित सम्बन्धित हुन्छन् । सामाजिक प्रतिनिधित्वहरू व्यावसायिक

क्रियाकलापका उत्पादन हुन् (मोस्कोविची, सन् २०००, पृ. २७)। सम्पादकीयमा प्रतिनिधित्वहरूको व्यावसायिक उत्पादन हुन्छ। यसैले यसमा पक्ष र विपक्षको यथोचित सहभागितालाई पनि ख्याल गर्नु पर्ने हुन्छ। सम्पादकीयको लेखन र सम्पादनमा संलग्नहरूले कुन विषय/वस्तु, व्यक्ति र घटनासित सम्बन्धित सामाजिक प्रतिनिधित्वलाई मूल भावका लागि प्रमुख पदावलीमा राख्ने, कुन-कुन प्रतिनिधित्वलाई परिपूरक भूमिकामा समेट्ने वा वहिष्करणमा पार्ने, समेटिएका प्रतिनिधित्वमा पनि कुनलाई संस्थापन शक्ति र कुनलाई प्रतिशक्तिको पहिचानमा राख्ने र तिनका के कति र कस्ता तथ्यहरूलाई कुशलतापूर्वक मिलाएर आम कार्यसाधन गरी विचार निर्माण गर्ने भन्ने कुराको सहमतिका साथ सोच र शैली निर्धारण गर्दछन्।

सम्पादकीयलाई सत्यको सत्ता अड्याउने सङ्कथनको एउटा विशेष प्रकार मानिन्छ। सङ्कथनको प्रकार निर्धारणमा शक्तिको रणनीतिक प्रयोग हुन्छ। समाजले सङ्कथनलाई सत्य जस्तै मानेर स्वीकार गरी व्यवहारमा प्रयोग गरेको हुन्छ (फुको, सन् १९८०, पृ. १३१)। स्वीकार्यताका लागि पनि सम्पादकीयमा सत्यतथ्य हुनैपर्ने मान्यतालाई आधारभूत सर्त मानिएको हुन्छ। वास्तविक संसारको नजिकका तथ्यमा टेकेर विचार प्रकट गरिएको छ भने मात्र यो विश्वसनीय र आम रूपमा स्वीकार्य सङ्कथन हुनसक्छ। अखबारको नीतिका आधारमा शीर्षक, आरम्भमा प्रमुख पदावली, मध्यमा व्याख्या विश्लेषण र समापनमा निष्कर्ष दिने गरी यसको संरचना तय गरिएको हुन्छ। यो एकालाप शैलीको लेख्य-पाठ्य प्रकाशित सामग्री हो। सम्पादकीयले आमसंचारको विशिष्ट विधाको सामाजिक प्रतिनिधित्व गर्दछ।

आमसंचारको शक्तिशाली विधा मानिएकाले सम्पादकीय सङ्कथनको प्रकार्यसँग सम्प्रेषण पक्ष व्यापक प्रतिनिधित्वको साझा मान्यतामा जोडिन आउँछ। सङ्कथनको पृष्ठभूमिमा रहेका सूचना, ज्ञान, अनुभव, पूर्वानुमान र शब्दार्थको चौघेरा धेरै हदसम्म साझा हुन्छन्। भाषा प्रयोक्ताहरू एउटै भाषा र ज्ञान समुदायका हुने भएकाले तिनले आफ्नो सामान्य, सामाजिक सांस्कृतिक साझा ज्ञान पनि जान्दछन् भन्ने मान्यता राखिन्छ। त्यस्ता विशेष ज्ञानमा पहिले प्रयोगमा आएका सङ्कथनहरू, नयाँ समाचार रिपोर्टहरू अथवा नयाँ खालका सङ्घर्षहरू पर्दछन् (भ्यानडिक, सन् २००८, पृ. ६)। संस्थागत बौद्धिक प्रभुत्वका प्रतिनिधिहरूको ज्ञान र सीपका आधारमा बनेका धारणाका अदृश्य तरङ्गहरू र अन्वित तथा व्याख्यित प्रतिज्ञप्ति वा आधार वाक्यहरूले धेरैजसो सम्पादकीय सङ्कथनलाई सार्थक र स्वीकार्य बनाउँछन्।

वास्तविक समाजमा मानिसहरूले केही वक्तव्यहरूलाई उनीहरूको स्वीकार्य सामाजिक प्रतिनिधित्वका रूपमा बुझ्छन् (मोस्कोविची, सन् १९९३, पृ. १६८)। सम्पादकीय सङ्कथन त्यस्ता बुझाइलाई बल दिने संस्थागत बौद्धिक अभ्यास हो। तिनमा स्वीकार्य सामाजिक प्रतिनिधित्वहरू विषय/वस्तु, व्यक्ति र घटनामा छरिएर रहेका हुन्छन्। भाषाले प्रतिनिधित्वहरूसितको सम्बन्ध कायम राख्छ (मोस्कोविची, सन् २०००, पृ. ३१)। सम्पादकीय सङ्कथनमा शक्तिको अभ्यास भाषाका माध्यमबाट सार्वजनिक हुन्छ र यस्तो अभ्यासको प्रतिनिधित्व भाषामा देखिने र नदेखिने गरी हुन्छ। यसैले यसका शब्दका तहमा रहेका अर्थका अंशहरू केही व्यक्तिका लागि ज्ञात हुन्छन्

र केहीका लागि अज्ञात हुन सक्छन् । यद्यपि, सामाजिक प्रतिनिधित्वका सूचक र सन्दर्भहरूलाई परिचालन गरी सम्पादकीयमा ज्ञात हुन आउने शक्तिको अभ्यासको विश्लेषण गर्न सकिन्छ ।

**(क) सम्पादकीयको शीर्षस्थ सङ्कथन**

सम्पादकीयको शीर्षस्थ सङ्कथनले यसको शीर्षकलाई जनाउँछ । यसमा सम्पादकीय, सङ्कथन, शीर्षकीय संरचना र सामाजिक प्रतिनिधित्वसम्बन्धी आधारभूत मान्यताहरू सन्दर्भित हुन आउँछन् । सम्पादकीयको सारपूर्ण प्रस्तुति शीर्षस्थ सङ्कथन हो । सम्पादकीयको विधागत संरचनामा शीर्षक अनिवार्य हुन्छ । यसलाई पाठकको ध्यान तान्ने ध्येयले निर्माण गरिन्छ । शीर्षस्थ सङ्कथन सम्पादकीयको सबैभन्दा माथिल्लो भागमा ठुला आकारको अक्षरमा प्रकाशित हुन्छ । यसमा सबैभन्दा महत्त्वपूर्ण मानिएको सामाजिक प्रतिनिधित्वको सारपूर्ण अभिव्यक्ति रहेको हुन्छ । सम्पादकीयको शीर्षस्थ सङ्कथनले सम्पादकीय पाठमा उठाइएका मूल र महत्त्वपूर्ण विषय/वस्तु, व्यक्ति र घटनाको प्रतिनिधित्व गर्दछ । शीर्षस्थ विषय/वस्तु, व्यक्ति र घटनाको प्रतिनिधित्वले विशिष्ट पहिचान दिन्छन् र तिनले समाजको कुनै महत्त्वपूर्ण अंशलाई प्रकट गर्दछन् । शीर्षकमा सामाजिक प्रतिनिधित्वहरूलाई बढी कुशलता र चतुऱ्याइँपूर्वक आम कार्यसाधन गरिन्छ । फलतः शीर्षस्थ प्रतिनिधित्वमा रहेका सामाजिक विषय/वस्तु, व्यक्ति र घटनाहरूले आम धारणामा सामूहिक अर्थ निर्माण गर्ने प्रक्रियालाई सघाउँछन् । यसमा कुनै बृहत् सङ्घटना अन्तर्गत मानिसले सोचेका विषयहरू, भेटेका वस्तुहरू, चिनेका व्यक्तिहरू र सुनेका, देखेका तथा भोगेका घटनाहरूलाई विशेष रूपमा विधीकरण गर्दै निर्धारित समूहमा स्थानीयकरण पनि गरिएको हुन्छ । तिनीहरूलाई पहिले फरक र पछि साझा धारणाका रूपमा स्थापना गरिन्छ । सम्पादकीयको शीर्षस्थ सङ्कथनका सामाजिक प्रतिनिधित्वलाई संरचनाको अन्य भागमा रहेका भन्दा बढी पढिने प्रतिनिधित्व मानिन्छ ।

सम्पादकीयको शीर्षस्थ सङ्कथनका सामाजिक प्रतिनिधित्वमा पहिचान, प्रभुत्व, भिन्नता, इतर, प्रतिरोध जस्ता सांस्कृतिक प्रक्रिया जनाउने भाषिक सूचक र बृहत् सङ्घटनामा अन्तर्निहित सामाजिक सांस्कृतिक भावहरू सन्दर्भित भएका हुन्छन् । यसमा शीर्षकीय संरचना र सन्दर्भका साथै सामाजिक प्रतिनिधित्वसँग सम्बन्धित भाषिक युक्तिहरू पनि समेटिएका हुन्छन् । यसमा पाठकको ध्यान तान्न, विषयको सारांश र महत्त्व दर्साउन, भाव अङ्कन गर्न र प्रकाशनको आशय मिलाउन खोजिएको हुन्छ । सम्पादकीय शीर्षकमा प्रयोग गरिने भाषिक संयन्त्रको विशेष व्यवस्थाबाट शीर्षस्थ प्रतिनिधित्व निश्चित र निर्धारित हुन्छ । यसमा पहिलो वाक्यांशलाई जस्ताको तस्तै प्रस्तुत नगरी मूल शब्दहरूलाई समेट्दै विषय र विधेय, निश्चयबोधक शब्द राखिन्छ तर दोहोरो अर्थ लाग्ने गरी कुनै पनि शब्द प्रयोग गर्नु उचित मानिँदैन । सम्पादकीय शीर्षकमा वर्तमान काल र सकर्मक क्रिया प्रयोग गर्नुका साथै सत्य तथ्य परीक्षण र नकारात्मकलाई पनि सकारात्मक तरिकाले प्रस्तुत गर्नु पर्ने विधागत व्यवस्था हुन्छ । शीर्षस्थ सङ्कथनमा बहुप्रचलित शब्द, निर्देशक क्रिया, पाल्सी भाषा, बढी विशेषण र क्रिया विशेषण तथा गह्रुङ्गा शब्दहरूमा सामाजिक प्रतिनिधित्वलाई राख्नु उचित मानिँदैन । यसमा प्रतिनिधित्वका नाम, रूपायन, क्रिया र विभक्तिलाई एउटै लहरमा राख्ने र अनावश्यक शब्द राख्दै नराख्ने मान्यता रहेको पाइन्छ । शीर्षस्थ सङ्कथनमा

प्रतिनिधित्वलाई प्रभावकारी बनाउन शब्दका तहमा खेल्दै अनुप्रास मिलाएर गेयात्मक बनाउन, उखान र टुक्कालाई मोड्न, सन्तुलित र फरक बनाएर कुशलतापूर्वक मिलाउन पनि सकिन्छ। सम्पादकीयको शीर्षस्थ सङ्कथनले सम्पादकीयको सारपूर्ण प्रतिनिधित्व गरेको हुन्छ । सम्पादकीयका शीर्षस्थ सङ्कथनहरू सर्वाधिक महत्त्वपूर्ण र अर्थपूर्ण सामाजिक प्रतिनिधित्व हुने हुनाले ती बृहत् सङ्घटनात्मक प्रतिनिधित्वका कोणबाट विश्लेषणीय हुन्छन् ।

**(ख) सम्पादकीय निर्माणको सांस्कृतिक पृष्ठभूमि र मापदण्ड**

सम्पादकीय सङ्कथन निर्माणको सांस्कृतिक पृष्ठभूमि प्रेस स्वतन्त्रता र सामाजिक दायित्वको संस्थागत स्थितिसन्दर्भसँग जोडिएको हुन्छ। उसका प्रतिनिधित्वहरू, भाषा र संस्कृतिबाट निर्धारित पृष्ठभूमिको प्रभावबाट कोही पनि मुक्त छैन (मोस्कोविची, सन् २०००, पृ. २३)। सम्पादकीयको मापदण्डलाई पनि यसैको प्रयोजनसँग उपयुक्त हुने गरी तय गरिएको छ। सम्पादकीय सङ्कथन निर्माणको पृष्ठभूमिमा आमसंचार संस्थामा कार्यरत विभिन्न समूहका व्यक्तिहरू, तिनलाई प्रभाव पार्ने संस्थाभित्र र बाहिरका सामाजिक सांस्कृतिक विशिष्ट सन्दर्भहरू हुन्छन्। प्रेस प्रतिनिधिका रूपमा पत्रकारले सोच्ने कुरा र सम्पादकीय सङ्कथन निर्माण गर्ने तरिका सांस्कृतिक रूपमै तय हुन्छ। यो कुराको सङ्केत रोबर्ट एम. हचिन्सको अध्यक्षतामा गठित कमिसन अन फ्रिडम अफ द प्रेस नामक आयोगको प्रतिवेदनमा पनि छ। सो प्रतिवेदनमा उल्लेख भएअनुसार यो समाजभित्रको एउटा कार्य हो र यो कार्य सामाजिक सन्दर्भसँगै परिवर्तनशील हुन्छ (सन् १९४७, पृ. १२)। यसले समाजका प्रतिनिधित्वहरूमार्फत समसामयिक वास्तविकतालाई प्रकट गर्नु पर्ने हुन्छ र यस मान्यताले सत्य निर्माण प्रक्रियालाई प्रभाव पार्दछ।

सम्पादकीय सङ्कथन निर्माणको विधागत मान्यतामा तथ्यका आधारमा नीति, अभिमुखीकरण, अपिल, सम्पर्क स्थापना, विश्वसनीयता र इमानदारी जस्ता पेसागत सांस्कृतिक मूल्य र मान्यतालाई उल्लङ्घन नगर्ने गरी उपयुक्त भाषा र शैलीको प्रयोग गर्नु पर्ने कुरा पर्न आउँछन्। सम्पादकीयमा सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता र न्यायका लागि आम रूपमा वैचारिक प्रेरणा र बल पुग्ने मान्यता जोडिएको हुन्छ। सम्पादकीयमा अखबारको दृष्टिकोण, नीति र विचारधारालाई प्रकट गरिन्छ। सम्पादकीयलाई पत्रकारिता आचारसंहितामा समेटिएका गुणहरूको पालनासहित स्पष्ट र तर्कसङ्गत शैलीले सशक्तता प्रदान गर्दछन्। नेपाली दैनिक अखबारका सम्पादकीयमा बोध, प्रतिक्रिया, प्रक्रिया र क्रियाकलाप गरी चार प्रकारका घटना तर्कवाक्यहरू सम्पादकीयको आरम्भ र अन्तिम दुवै वाक्यमा प्रयोग भएका पाइन्छन् (अधिकारी, २०६८, पृ. २१६)।

अखबारका 'सम्पादकीयहरूले जनताले (शासकलाई) हेरिरहेका छन् र विरोध गरिरहेका छन् भन्ने अभिप्रायका साथ जनताको शब्द शासकलाई दिन्छन्' (सामसी, सन् २००५, पृ. १६९)। सम्पादकीयमा समाजका प्रतिनिधिमूलक तथ्य र धारणाहरूमध्ये केहीलाई चयन गरी मन्थन गरेर लेखकीय पक्षको धारणासहित प्रस्तुत गरिन्छ। यसमा समाजका कतिपय स्थापित र नयाँ तथ्य र धारणाका सामाजिक प्रतिनिधित्वलाई भाषाका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ। तर्कवाक्यहरूले वास्तविक संसारमा रहेभएका घटना वा क्रियाकलापको प्रक्रियागत तथ्यलाई प्रदत्त सूचनामा बोध र अनुभव गराउँदै नवसूचनामा समसामयिक मूल्यलाई स्थापना गर्छन् र

सम्पादकीयलाई प्रतिक्रिया जनाउने प्रयुक्तिपरक विधाका रूपमा स्थापित गरेका हुन्छन् (अधिकारी, २०६८, पृ. २१६) । प्रेसले आफ्नो सामूहिक विचार अभिव्यक्त गर्नका लागि सुनियोजित र संस्थागत अभिप्रायले सम्पादकीय सङ्कथन निर्माणको विधागत परिकल्पना गरेको हुन्छ ।

अखबारका सम्पादकीय सामान्यतः आमसंचार र पत्रकारिताका पेसागत मूल्यमान्यता तथा आचारसंहिताबाट निर्देशित भई निर्माण भएका हुन्छन् । केही अखबारले थप स्पष्टता र मौलिकताका लागि शैली पुस्तिका बनाएका हुन्छन् । गोरखापत्र शैली पुस्तिकामा सकभर सरल शब्द प्रयोग गर्ने, अनावश्यक शब्द र विवरण नराख्ने, नचाहिँदा विशेषणको प्रयोग गरेर वाक्य र अनुच्छेदलाई कठिन नबनाउने एवम् अनुच्छेदहरूलाई एक अर्कासँग सम्बन्धित तुल्याउन सुझाव दिइएको पाइन्छ (चालिसे, २०५५, पृ. ३-४) । यसले सम्पादकीयको आन्तरिक संरचनालाई संसक्त बनाउँदै प्रतिनिधि तथ्य र धारणाको संयुक्तिलाई गुणस्तरीय बनाउँदै सशक्त बनाउन मद्दत गर्दछ ।

सम्पादकीयमा सत्य र तथ्य जस्ता अत्यावश्यक तत्त्वहरू पत्रकारिताको विश्वव्यापी मान्यताबाटै समेटिएका हुन्छन् । सत्य र तथ्यको सम्बन्ध सामाजिक प्रातिनिधित्व र त्यसको निर्माण प्रक्रियासँग हुन्छ । तिनको सशक्त अभिव्यक्ति सरल, स्पष्ट, बोधगम्य, मर्यादित र रोचक भाषामा मात्र सम्भव हुन्छ । कुनै पनि सम्पादकीयलाई सङ्कथनीय र सम्प्रेषणीय बनाउन पत्रकारले आफ्नो सम्पूर्ण ज्ञान, अधिकार र क्षमताको उपयोग गर्न खोज्छ । त्यसमा व्याकरण, शब्द र वाक्य संरचना मात्र होइन, सन्दर्भ र विश्वकोशीय ज्ञान समेत पर्दछ । विश्वकोशीय ज्ञान र भाषिक सीपले सम्पादकीयमा समेटिएका सामाजिक प्रतिनिधित्वलाई उपयुक्त र सशक्त संचार मूल्य प्रदान गर्दछन् ।

सम्पादकीय सङ्कथनमा भाषाको प्रयोग स्थितिसन्दर्भमा आधारित हुन्छ । स्थितिसन्दर्भले पाठबाहिर बृहत् सङ्घटनामा रहने परिवेशलाई बढी आकर्षण गर्दछ । सामाजिक प्रतिनिधित्वका परिवेशमा बृहत् सङ्घटनाका विविध विषय/वस्तु, व्यक्ति र घटनासँग जोडिने सांस्कृतिक सन्दर्भहरू हुन्छन् । यस्ता सन्दर्भहरूलाई सबैले सम्पूर्ण रूपमा नबुझ्ने अवस्था पनि रहन्छ । नेपाली भाषाका अधिकांश समाचार, समाचार-टिप्पणी र स्तम्भहरूमा धेरै कुरा भन्न खोजिए पनि तिनका अर्थहरू हराइरहेको पाइन्छ (नेपाल, २०५७, पृ. २७ ) । सम्पादकीयको विमर्शात्मक भाषा समाचारको जस्तो सरल हुँदैन । सम्पादकीयमा समेटिएका सामाजिक प्रतिनिधित्वहरू अर्थावरोधका कारण सम्प्रेषणीय भएनन् भने त्यसलाई सङ्कथनको शक्तिहीनता बुझिन्छ ।

सामाजिक विविधतामा भएको विस्तार र द्रुत परिवर्तनशीलताले सामाजिक प्रतिनिधित्वहरूलाई अस्थिर, खण्डित र चलायमान बनाएका हुन्छन् । यसै अनुरूप सम्पादकीयमा टिप्पणी, विचार, घटना, अनुभव, मिडियाको सामूहिक तथ्यगत अभिव्यक्ति समावेश गरिएको हुन्छ (सामसी, सन् २००५, पृ. २८-२९) । यसो गर्दा सम्पादकीयहरू प्रायः हतारका सङ्कथन बन्न पुग्छन् । त्यसमाथि भौतिक पाठहरूको रचनाको उद्देश्यका बारेमा र निर्माताको मनसायका बारेमा केही भन्न सकिन्न (म्याक्वेल, सन् २००७, पृ. ३-३२) । सम्पादकीयमा हुने अर्थका

अस्पष्टता र जटिलता निर्माता पक्षको संस्थागत उद्देश्य र व्यक्तिगत ज्ञान, सीप, सम्बन्ध र नियतसँग पनि सम्बन्धित हुन्छन् ।

सम्पादकीयको एकालापी सङ्कथनले समान विश्वको प्रतिनिधित्व गर्ने मानिससँग मात्र संचार गरेर नपुग्ने हुनाले सम्पादकीय सर्जकले सामाजिक प्रतिनिधित्वभित्र अस्तित्वमा रहेका प्रतिनिधित्वहरूको बहुलताबाट सिर्जित वैकल्पिक प्रतिनिधित्व बारे पनि आफ्नो ज्ञान बढाउन पर्ने हुन्छ । प्रतिनिधित्वको सांस्कृतिक सन्दर्भबाट प्राप्त हुने निश्चित मापदण्ड र आधारभूत विश्वदृष्टिले सम्पादकीयको सङ्कथन विश्लेषणलाई बृहत् सङ्घटनासँग प्राथमिकतासाथ जोडिएका निर्मित वा वास्तविक जे भए पनि समाजका प्रतिनिधि तथ्य र धारणाको नजिक पुऱ्याउन मद्दत गर्दछन् । सम्पादकीय निर्माणको सांस्कृतिक पृष्ठभूमि र मापदण्डका आधारमा पनि सम्पादकीयहरू महत्त्वपूर्ण लिखत मानिने भएकाले यसका शीर्षस्थ सङ्कथनहरू बृहत् सङ्घटनात्मक प्रतिनिधित्वका कोणबाट विश्लेषणीय हुन्छन् ।

### २.२.२ **सङ्कथनका मान्यता**

सङ्कथन चेतनाको निर्माण र पुनरुत्पादन गर्ने सामाजिक प्रक्रिया हो (हार्टले, सन् २००४, पृ. ७३) । यसैले सङ्कथनमा सत्य निरूपण प्रक्रिया, ज्ञानात्मक शक्तिको स्रोत, शक्तिको प्रवाह र प्रभुत्वको अवस्थासम्बन्धी निश्चित सांस्कृतिक मान्यता जोडिएका हुन्छन् ।

**(क) सत्य निरूपण**

सत्य शक्तिभन्दा बाहिर हुँदैन र सत्यमा शक्तिको अभाव हुँदैन (फुको, सन् १९८०, पृ. १३१) । राजनीति र मस्तिष्कको शक्तिबाट बनेको शक्तिशाली सङ्कथनका माध्यमबाट समाजमा सत्यको निर्माण हुन्छ । मानव मस्तिष्कको असीमित शक्तिले सत्यलाई स्वरूप दिने विश्वास गरिन्छ (मोस्कोविची, सन् २०००, पृ. १८) । समाजमा सत्य र असत्यको निर्धारणमा शक्तिशालीहरूको र सशक्त सङ्कथनको भूमिका हुन्छ । सत्यलाई वक्तव्यहरूको उत्पादन, नियमन, वितरण, प्रसारण र सञ्चालन प्रक्रियाको निर्देशित व्यवस्थाका रूपमा बुझ्नु पर्दछ (फुको, सन् २०००, पृ. १३२) । सम्पादकीय यही व्यवस्थाको एउटा स्वतन्त्र अङ्ग हुन आउँछ । मानिसमा सांस्कृतिक संयन्त्र र प्रमाणका आधारमा सत्य र असत्य कथनलाई छुट्याउने सामर्थ्य हुने हुनाले जो कोही पाठकले सम्पादकीय सङ्कथनको पनि सत्यता र असत्यताको परीक्षण गरी धारणा बनाउन सक्छ । समाजमा हरेक व्यक्ति सत्य र असत्य छुट्याउने निश्चित सांस्कृतिक संयन्त्र र प्रमाणका उपायहरूद्वारा बाँधिएको पनि हुन्छ (फुको, सन् १९८०, पृ. १३१) । यसरी समाज, शक्ति र कथनको राजनीतिसँगै अन्य जटिल प्रक्रियाद्वारा निर्मित र स्थापित सत्यसँग सम्पादकीयको विश्वसनीयता र स्वीकार्यता जोडिएको हुन्छ र यो निरन्तर परीक्षणीय पनि हुन्छ ।

हरेक समाजमा सत्यको आफ्नै सत्ता हुन्छ र सत्यको निर्माणमा सामान्य राजनीति पनि हुन्छ (फुको, सन् १९८०, पृ. १३१) । सङ्कथनका पनि विभिन्न प्रकार हुन्छन् । तिनका निश्चित ढाँचा र शैलीमा फरक विशेषतालाई अड्याइएको हुन्छ । यसरी सङ्कथनका विधा र मापदण्ड निर्धारण गर्ने चरणमै एक प्रकारले शक्तिको राजनीति भइसकेको हुन्छ । त्यसलाई समाजले सत्य जस्तै मानेर प्रचलनमा ल्याएको हुन्छ । सम्पादकीय पनि फरक

विशेषता भएको सङ्कथनको एउटा यस्तै प्रकार्यात्मक विधा भएकाले यो सत्य निर्माण गर्ने शक्तिको राजनीतिभन्दा पर छैन । यसमा सत्य निर्माण गर्ने शक्ति कुनै पनि संचार संस्थाको सम्बन्धित पद वा जिम्मेवारीमा रहेको हुन्छ । संचार संस्थाको पद वा जिम्मेवारीलाई खास सांस्कृतिक मान्यतामा आधारित भएर निश्चित संरचनामा निर्माण गरिएको हुन्छ । सम्पादकीयबाट सत्यको निर्माण गर्दा समाचारमा आएका विविध सत्यहरूलाई ध्यानमा राखिएको हुन्छ र यसमा शक्तिको नियमित प्रभाव हुन्छ (फुको, सन् २०००, पृ. १३१) । यसैले पदीय जिम्मेवारी प्राप्त व्यक्ति पत्रकारलाई पनि ज्ञानात्मक शक्तिको स्वतन्त्र र स्वविवेकी प्रयोग गर्ने अनुमति हुँदैन । तिनले सत्ता वा शासकीय मान्यताको सीमामा रहेर पदीय जिम्मेवारीमा प्राप्त शक्तिको उपयोग गरी सत्य स्थापना गर्नमा व्यावसायिक भूमिका निर्वाह गरिरहेका हुन्छन् । उनीहरूले आफ्नो क्षेत्रमा स्थापना गरेका सबै सत्य समाजमा स्थापित हुँदैनन् । तिनलाई बौद्धिक वर्ग र राजनीतिक शक्तिले सत्यका रूपमा व्याख्या गर्छन् । त्यसपछि स्वीकार्य भए मात्रै ती समाजमा सत्यका रूपमा स्थापित हुन सक्छन् । अहिलेको समाजमा केही पनि वास्तविक सत्य छैन भन्ने हो भने सम्पादकीय सङ्कथनलाई पनि समाजको वास्तविक सत्य नभएर निर्मित सत्य मान्नु पर्ने हुन्छ । वास्तविक समाजमा निर्मित र अस्थिर सत्यका अंशलाई आधार बनाएर सम्पादकीय सङ्कथन निर्माण भएका हुन्छन् । ती निश्चित समय, भूगोल, राजनीतिक व्यवस्था, सामाजिक-सांस्कृतिक पृष्ठभूमिमा आधारित हुन्छन् । सम्पादकीयको शीर्षस्थ सङ्कथनमा शक्तिशालीद्वारा स्थापित सत्यको प्रयोग हुन्छ र यसै आधारमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्व विश्लेषणीय हुन्छ ।

**(ख) ज्ञानात्मक शक्तिको स्रोत**

बौद्धिक प्रतिनिधित्वहरू ज्ञानात्मक शक्तिका स्रोत हुन् । यी विशिष्ट र विश्वव्यापी बुद्धिजीवीका रूपमा रहेका हुन्छन् (फुको, सन् २०००, पृ. २७-३०) । सम्पादकीयको ज्ञानात्मक शक्तिका मानवीय स्रोत भनेका पत्रकारहरू हुन् । सम्पादकीयमा व्याख्या, विस्तार र मूल्याङ्कनबाट मत प्रकट गरिन्छ । सम्पादकीयमा सत्य निर्माणसहित बौद्धिक आक्रमण, प्रतिरक्षा, प्रशंसा, शिक्षा र अभिप्रेरणा दिने प्रेसको संस्थागत कार्य र अधिकारको प्रयोग गरिएको हुन्छ । यसमा वास्तविक संसारमा रहेका सशक्त विषय/वस्तु, व्यक्ति र घटनाहरूलाई सामाजिक प्रतिनिधित्वका रूपमा लिइन्छ र तिनै तथ्य र धारणालाई आधार बनाएर लेखकीय विश्व दृष्टिकोण उपयोग गरी आफ्नो पक्षको संस्थागत विचार प्रकट गरिन्छ । सम्पादकीयमा सङ्केतित र सन्दर्भित सङ्घटनात्मक तथ्य र धारणाहरू सामाजिक प्रतिनिधित्व हुन् । ती धेरैजसो समाचारबाट सार्वजनिक भइसकेका हुन्छन् । सार्वजनिक प्रतिनिधि तथ्य र धारणामा तर्कशक्ति, ज्ञान, दक्षता र संस्थागत अधिकारको उपयोग गरी सम्पादकीयमा सामूहिक धारणा प्रकट गरिन्छ ।

सम्पादकीय सङ्कथन सार्थक भाषाद्वारा सिर्जित ज्ञानात्मक शक्ति हो । यसको सूचना स्रोत वास्तविक समाज हो । भाषाले भौतिक वस्तु र सामाजिक व्यवहारलाई अर्थ दिएको हुन्छ । अर्थको उत्पादन र वितरणको लक्ष्य नै शक्तिशाली परिणाम दिनु हो (फुको, सन् २०००, पृ. ३३७) । विशिष्ट किसिमको भौतिक, सामाजिक र ऐतिहासिक सन्दर्भमा सम्पादकीयको भाषाले बोक्ने अर्थमा विशेष शक्ति हुन्छ । सङ्कथनले शक्तिको केन्द्रमा

रहेकाको शासकीय अभ्यास र प्रयोगको पक्षपोषण मात्र होइन, सत्ताको परिधिमा रहेका शक्तिहीन नागरिकका लागि शक्ति आर्जन गर्ने र उत्प्रेरणा दिने काम पनि गर्दछ । जुन देशमा मौलिक अधिकार खतरामा हुन्छ, त्यो देशमा सम्पादकीयले नागरिक अधिकारको रक्षाका लागि आवाज घन्काउन सक्छ (सामसी, सन् २००५, पृ. १६८) । सम्पादकीयलाई नागरिक अधिकारको आवाज घन्काउने शक्ति सत्ताको शासकीय वा सत्ताबाहिरको प्रतिरोधी कित्ताको केन्द्रमा रहेर शासन गर्ने वा प्रतिरोध गर्ने र प्रभावित हुनेहरू बीचको माध्यम भएका आधारमा प्राप्त हुन्छ । सम्पादकीयमा के कुरा भन्ने, के कुरालाई उपयुक्त तरिकाले कसरी भन्ने, सार्वभौम सत्यका आधारभूत सीमाहरू के के हुन्, कसलाई के विषय वा क्षेत्रमा बोल्ने अधिकार, अख्तियार र स्वीकृति प्राप्त छ, कुन बेला कहाँ के कस्ता कुरा बोल्नुपर्छ भन्ने अवस्था र मान्यताको निर्धारण शासकीय शक्तिले सङ्कथनका माध्यमबाट गरेको हुन्छ । सामाजिक सांस्कृतिक अवस्थामा सार्वभौम नभए पनि मानवीय व्यवहारको केन्द्रमा रहेका कतिपय तथ्यहरू सम्पादकीय सङ्कथनमा समेटिन्छन् । यसमा कसले, कहाँ, कहिले, कसरी, के बोल्छ र के हुनु पर्छ भन्ने कुरा पर्दछन् । मानवीय व्यवहारको केन्द्रमा रहने तथ्यहरूमा समेटिने सङ्कथनहरू वास्तविक संसारको शक्तिसम्बन्धबाट प्रवाहित र शक्तिसङ्घर्षद्वारा स्थापित भएर सम्पादकीयमा प्रकट हुन्छन् ।

शक्ति नियन्त्रित सामाजिक अभ्यास र अर्थसँग जोडिएका सत्यहरू अस्थिर रूपमा स्थापित हुने मान्यताको प्रभाव सम्पादकीयमा पनि पर्छ । अस्थिर रूपमा स्थापित सामाजिक अभ्यास, विचार, व्यवहार, अभिप्राय र ज्ञानका स्वरूपहरूले निर्माण गर्ने सङ्कथनात्मक संरचनाहरू अस्थिर हुने र ऐतिहासिक स्थितिले सिर्जना गरेका नयाँ ज्ञान अनुरूपको सङ्कथनात्मक संरचना बन्ने हुनाले सम्पादकीयका सङ्कथनात्मक धारणाहरू तदनुरूप संरचित हुन्छन् । मानवीय ज्ञानहरू सम्बन्धित समाजका निश्चित समयका शासकीय मूल्य र मान्यताको सीमामा बाँधिने र मानिसले यस्ता मूल्य, मान्यतालाई समय अनुसार परिवर्तन गर्दै लैजाने भएकाले सम्पादकीय सङ्कथनहरू पनि सोही अनुसार प्रभावित हुने हुन्छन् । सम्पादकीय सङ्कथन अर्थपूर्ण भाषा, व्यवहार र अभ्यासका प्रतिनिधित्वहरूको प्रस्तुति गर्ने निरन्तर प्रक्रिया हो । यसले भाषिक अर्थको प्रतिविम्बन गर्दछ तर कुनै पनि भाषा प्रयोक्ताको उद्देश्यमा आधारित अभाषिक अर्थको प्रतिविम्बन नगर्न पनि सक्छ । बृहत सङ्घटनाका सबै सामाजिक व्यवहार र भौतिक वस्तुहरू सम्पादकीयको भाषामा समेटिएका हुँदैनन् । सम्पादकीय सङ्कथनमा ज्ञानात्मक शक्तिका स्रोत बनेर समाजका शक्तिशाली प्रतिनिधित्वहरू भने भाषिक रूपमा निर्भर र मूर्त हुन आउँछन् ।

**(ग) शक्तिको प्रवाह**

शक्तिको प्रवाहमा सामाजिक प्रतिनिधित्वहरू केन्द्र र परिधिको क्षेत्रभित्र सत्ता, प्रतिपक्ष र प्रतिरोधमा सन्दर्भित भएर आउँछन् । शक्ति कोहीद्वारा कसैमाथि गरिने अभ्यासमा मात्र प्रकट हुन्छ (फुको, सन् २०००, पृ. ३४०) । यसरी प्रकट हुने शक्तिको प्रवाह केन्द्र र परिधि दुवैतिर हुन सक्छ । अहिलेको विश्वमा शक्तिको केन्द्र सत्तामा मात्र होइन, सत्ताबाहिर परिधितिर पनि विस्तारित हुन्छ भन्ने विचारलाई सत्य मानिन्छ । शक्तिको आधार परिधि पनि हो र त्यो प्रतिरोधद्वारा केन्द्र वा सत्तातिर जाने निरन्तरको प्रयासमा प्रवाहरत हुन्छ । सम्पादकीय निश्चित खालको विमर्शात्मक संरचना भएकाले यसमा शक्तिको स्रोतको रूपमा ज्ञानको प्रयोग गर्दा शक्तिको प्रवाह पनि निर्भर र मूर्त हुन आउँछ । यसमा भाषाका माध्यमद्वारा ज्ञानात्मक शक्तिको प्रयोग हुन्छ । यो सरकार,

सत्ता वा केन्द्र र नागरिक, गैरसत्ता वा परिधिको बिचमा रहेर समाजको बृहत्तर हितमा मध्यस्थता गर्ने संस्थागत सामाजिक भूमिकामा रहेको हुन्छ । शक्तिको प्रयोग शासकीय केन्द्र र सत्ताबाहिर प्रतिरोधी केन्द्रमा रहेका पक्षहरूले गर्दछन् । प्रभुत्व देखाउन र शासन कायम गर्न मात्र होइन, प्रतिरोध गरी सत्तामा जान पनि शक्तिको प्रयोग गरिन्छ । केन्द्र र परिधि दुवैतिरबाट शक्तिको प्रवाह गरिरहेका समसामयिक सामाजिक प्रतिनिधित्वका आधारमा तयार गरिने सम्पादकीयको विमर्शात्मक संरचनामा ज्ञानात्मक शक्तिको प्रयोग गरिन्छ । सम्पादकीयमा विभिन्न खालका केन्द्र र स्थानीय निकायका विविध तथ्य र विचारका माध्यमबाट ज्ञानात्मक शक्तिको प्रवाह प्रकट भइरहेको हुन्छ । समाजको हरेक तह र तप्कामा भइरहने शक्तिको प्रवाह र शक्तिसितको सांस्कृतिक सम्बन्धका कारणबाट आमसंचार संस्थाहरू पनि प्रभावित हुन्छन् । शक्तिसम्बन्धहरू सङ्केतका उत्पादन र आदानप्रदानका रूपमा क्रियाशील हुन्छन् (फुको, सन् २०००, पृ. ३३८) । त्यस्ता सङ्केतको उत्पादन र आदानप्रदानको प्रतिनिधित्व सम्पादकीयबाट पनि हुन्छ । कुनै निश्चित समय र स्थानका कुनै निश्चित तथ्य, संचार संस्थाको स्वामित्वलाई प्रभाव पार्ने तत्वहरू, संचारकर्मीको ज्ञानात्मक पहुँच, भाषिक दक्षता, वैचारिक आस्था आदिले सम्पादकीयको विमर्शात्मक संरचनालाई प्रभावित गर्दै शक्तिको प्रवाह गरिरहेका हुन्छन् । सम्पादकीयको ज्ञानात्मक शक्ति कहिले सत्ताबाट परिधितिर र कहिले परिधिबाट सत्तातिर अभिमुख भइरहेको हुन्छ । यसैले सम्पादकीय सङ्कथन शक्तिको प्रवाहमा सन्तुलित, वस्तुनिष्ठ, तार्किक, सुसङ्गठित र स्पष्टतासाथ प्रस्तुत हुनुपर्ने विधागत मान्यतामा आधारित हुन्छ ।

शक्तिको प्रवाहलाई यसको सम्बन्धले पनि प्रभाव पार्दछ । यसमा बुद्धिजीवीको वर्ग, कार्य तथा जीवनको अवस्था र समाजको राजनीतिक सत्यको प्रभाव रहन्छ (फुको, सन् २०००, पृ. १३१-१३२) । शक्तिसम्बन्धबाट प्रवाहित शक्तिका कारण सङ्कथन आफैं पनि कहिले शक्तिशाली र कहिले शक्तिहीन बन्न पुग्छ । सम्पादकीय सङ्कथनको निश्चित भूगोल र समय हुने भए पनि यसमा रहने ज्ञानमा विषय/वस्तु, व्यक्ति र घटनाको विविधता हुन्छ । यसले समाजमा शक्ति आर्जन गर्न, प्रतिरोध गर्न र प्रभाव जमाउन मद्दत गर्दछ ।

**(घ) प्रभुत्व स्थापना**

प्रभुत्वले कुनै पनि अख्तियारीपूर्ण विचार र अभ्यासहरूको निर्माण, निरन्तरता र पुनर्निर्माणको प्रक्रियालाई जनाउँछ । संस्कृतिभित्र प्रभुत्वको द्वन्द्व र अर्थको लागि सङ्घर्ष निरन्तर चल्ने हुनाले प्रभुत्वको अवस्थालाई कायम राख्नु निकै चुनौतीपूर्ण हुन्छ । प्रभुत्वलाई कायम राख्न दबावभन्दा सहमतिको अभ्यास बढी उपयोगी मानिन्छ । सहमतिजन्य वातावरण निर्माण गर्नमा विचारधाराको संयोजनकारी भूमिका रहन्छ । एन्टोनियो ग्राम्चीले प्रभुत्वलाई विचारधारात्मक शासनका रूपमा परिभाषित गरेका छन् । यसका लागि प्रभुत्वशाली वर्गका विभिन्न संरचनाहरू हुन्छन् । तिनको उद्देश्य विचारधारालाई कायम, प्रतिरक्षा र विकास गर्ने हुन्छ । विचारधारात्मक संरचनाको सबैभन्दा गतिशील अङ्ग प्रेस हो (ग्राम्ची, सन् २००६, पृ. १६) । विचार, अर्थ र अभ्यासहरूमा प्रभुत्वको अवस्था कायम रहन्छ । यसकारण नेतृत्वले आम रूपमा सर्वसाधारण नागरिकलाई उत्प्रेरित गर्ने नैतिक विचारधारात्मक सामूहिक शक्तिको निर्माण गर्नका लागि ज्ञानात्मक सङ्कथनको उपयोग गर्दछ । ज्ञानात्मक सङ्कथन शक्तिशाली सामाजिक समूहले स्थापित गरेको सत्यमा आधारित हुन्छ । ज्ञानात्मक सङ्कथनको प्रभावकारितामा प्रभुत्वको

अवस्था निर्भर रहन्छ । अहिलेको समाजमा विचारधारात्मक प्रभुत्वले शस्त्र र अर्थको बलले दिने दबावभन्दा बढी प्रभाव पार्न सक्छ । ग्राम्चीले विचारधारात्मक नियन्त्रणलाई प्रभुत्वको सर्वोच्च रूप मानेका छन् । यसमा सरलता र सहजता हुन्छ । कुनै पनि दार्शनिक तरङ्गको पृष्ठभूमिमा रहे पनि साझा विचारहरू बुझ्नलाई कठिन र आत्मसात गर्नलाई अप्ठेरा हुँदैनन् (ग्राम्ची, सन् १९७१ , पृ. ३२६) । यसमा दबावमूलक शक्तिभन्दा सहमतिजन्य शक्ति बढी हुन्छ । संचार माध्यमहरू सामाजिकीकरणका महत्त्वपूर्ण संस्था हुन् । आमसंचार संस्थाहरूले परिवार, सामाजिक तथा धार्मिक संस्था, शिक्षा प्रणाली र ट्रेड युनियनहरू जस्ता सामाजिकीकरणका अन्य संस्थाहरूले भन्दा प्रभावकारी रूपमा सहमति आर्जनका लागि माध्यमको काम गर्न सक्छन् । परिवार, सामाजिक तथा धार्मिक संस्था, शिक्षा प्रणाली र ट्रेड युनियनहरूसहित आमसंचारका माध्यमलाई शासक वर्गको चिन्तनलाई वैध तुल्याउने प्रयत्नमा लागिरहने प्रमुख माध्यमका रूपमा लिइन्छ । आम मानिसले यी संस्थाका व्यवहारलाई आलोचनात्मक नभई स्वाभाविक रूपमा स्वीकार गर्ने गरेको अवस्था छ । शासकहरूले विशेषतः कानुन, सुरक्षा र बौद्धिक क्षेत्रमा काम गर्ने वर्गलाई आफ्नो प्रभुत्वशाली विचारधाराको उपयोग गर्नमा सहज वातावरण प्रदान गरेका हुन्छन् ।

आमसंचार माध्यमहरूले बौद्धिक वर्गको प्रतिनिधित्व हुने संस्थाको भूमिका निर्वाह गर्दछन् । तिनको शक्ति वास्तविकताको उजागर गर्ने काममा रहेको हुन्छ (हल, सन् २००५, पृ. ६०) । मुलुकको कानुन र सुरक्षा व्यवस्थालाई ध्यानमा राखेर शासकीय प्रभुत्वको रूचि अनुसार आआफ्नै संस्थागत शैली र पहिचानसहित आमसंचार माध्यमहरू प्रयोगमा आएका हुन्छन् । प्रभुत्वको सांस्कृतिक मान्यतामा यस्ता कुराको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । यस्तो भए तापनि प्रभुत्वशाली नियन्त्रण अपूर्ण र अस्थायी मानिन्छ । प्रभुत्वले जहिले पनि वैकल्पिक समूह, नवीन चिन्तन र द्वन्द्वको चुनौतीलाई झेल्नुपर्ने हुन्छ । यसैले उसले सहमतिजन्य वातावरणको निर्माणमा सहयोग गर्दछ । यसका लागि विचारधारात्मक नियन्त्रणमा आमसंचार माध्यम प्रमुख र प्रभावकारी हुने भएकाले तिनमाथि शासक वर्ग र शक्तिशाली वैकल्पिक समूहहरूको दोहोरो प्रभाव र दबाव रहन्छ । शासक वर्गले प्रयत्न गर्दागर्दै पनि आफ्नो वैधता जोगाउन नसकेको अवस्थामा विचारधारात्मक नियन्त्रण वैकल्पिक शक्तिको पक्षमा जान सक्छ । वास्तविकताको उजागर गर्ने क्रममा त्यसको निरन्तर अवलोकन, विश्लेषण र अनुगमनकारी भूमिका आमसंचार माध्यमले गरेका हुन्छन् ।

आमसंचार माध्यमले आफ्नो संस्थागत वैचारिक अडान सम्पादकीय विधामार्फत स्पष्टतः मुखर गर्न सक्छन् । यसैले वैकल्पिक प्रभुत्वको निर्माण र विकास गर्नमा संचार सम्बद्ध बौद्धिक वर्गको भूमिका महत्त्वपूर्ण रहन्छ भन्ने सांस्कृतिक मान्यता रहेको पाइन्छ । आमसंचार माध्यममा सहभागी बौद्धिक वर्गले शासकीय विचारधारालाई स्वतन्त्रतापूर्वक ज्ञानात्मक शक्तिका माध्यमले चुनौती दिने र सर्वसाधारण शासित वर्गलाई सुसूचित गर्ने भूमिका पाएका हुन्छन् । यस्तो भूमिकाको प्रभावकारिता भने सो माध्यममा कार्यरत बौद्धिक वर्गको ज्ञानात्मक शक्तिको निरन्तर विकास र उपयोग गर्ने व्यवस्थापकीय, व्यावसायिक र वैयक्तिक क्षमतामा आधारित हुन्छ । बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको विश्लेषणमा सत्य निरूपणदेखि प्रभुत्व स्थापनासम्मका सङ्कथनका सांस्कृतिक मान्यताहरूको कुनै न कुनै रूपमा प्रभाव रहन्छ ।

## २.२.३ प्रतिनिधित्वका सन्दर्भको संचार

प्रतिनिधित्वका सन्दर्भको संचारले सम्पादकीयलाई सङ्कथन बुझाउने आधारभूत सामाजिक तथा सांस्कृतिक मान्यताको सन्दर्भपरक संचारलाई सङ्केत गर्दछ। निश्चित प्रक्रियाबाट उत्पादित पाठमा सामाजिक व्यवस्था तथा सांस्कृतिक पृष्ठभूमिको स्थितिसन्दर्भ रहन्छ। सांस्कृतिक पृष्ठभूमिका केही सूचकहरूको निर्माणले त्यस्ता पाठको वर्णन गर्नमा सहयोग पुऱ्याउँछ (ह्यालिडे र हसन, सन् १९९१ , पृ. ५०)। यो 'पहिल्यै जानेका कुरालाई बुझ्ने र संचार गर्ने' विशेष तरिकासित सन्दर्भित छ (मोस्कोविची, सन् २०००, पृ. ३१)। भाषा, मिडिया र संचारमा प्रतिनिधित्वहरू भनेका विचार, अनुभूति, तथ्य आदि जनाउने शब्दहरू, चित्रहरू, आवाजहरू, क्रमबद्ध अवस्था र समाचार कथाहरू आदि हुन् (हर्टले, सन् २००४, पृ. २०२)। वास्तविकता जान्न र बुझ्नका लागि आमसंचारको सामाजिक प्रक्रियाभित्र प्रतिनिधित्वका सन्दर्भहरू महत्त्वपूर्ण र अर्थपूर्ण हुन्छन्। प्रतिनिधित्वको सामाजिक सन्दर्भमा विशेष गरी राजनीतिक अर्थ जोडिन आउँछ। प्रतिनिधित्वहरूले सर्जक व्यक्तिहरू र समूहहरूको जीवनलाई नेतृत्व दिन्छन् (मोस्कोविची, सन् २०००, पृ. २७)। समाजमा स्थापित, नवस्थापित, प्रतिस्थापित र वैकल्पिक प्रतिनिधित्वहरूको अर्थपूर्ण व्यवस्थापनबाट सम्पादकीयले समाजमा विभिन्न सर्जक र समूहहरूलाई नेतृत्व दिइरहेको हुन्छ। एक आपसमा प्रतिनिधित्वहरूको वितरण, मिलान, आकर्षण र विकर्षण हुने क्रममा पुराना प्रतिनिधित्वहरू हराउने र नयाँ प्रतिनिधित्वहरूले स्थान पाउने क्रम चलिरहन्छ (मोस्कोविची, सन् २०००, पृ. २७)। निरन्तर चलिरहने यस्तो क्रमलाई सामयिक अभिव्यक्ति दिने संस्थागत बौद्धिक अभ्यास सम्पादकीयबाट भइरहेको हुन्छ।

समाजमा प्रभावशाली मानिएका विषय, व्यक्ति र विचारहरूको प्रतिनिधित्वको आमसंचार सम्पादकीयबाट भएको हुन्छ। वैयक्तिक भन्दा बढी सामूहिक प्रतिनिधित्वहरूको संचारमा सम्प्रेषक, प्रापक, माध्यम र विषय गरी चार प्रकारका व्यक्ति र साधनको संयुक्त कार्यव्यापार हुन्छ। सामाजिक सन्दर्भमा रहेका सम्बन्धहरूलाई सांस्कृतिक विचारधारा र व्यापक प्रणालीहरूमा परिभाषित गरिएको हुन्छ (ह्यालिडे र हसन, सन् १९९१ , पृ. ५)। परिभाषित मान्यता अनुसार सम्पादकीयमा कुनै पनि विषयको सम्प्रेषक पत्रकार हुन्छ, लक्ष्यित पाठकहरू प्रापक हुन्छन् र भाषाका माध्यमबाट निश्चित विधागत संरचनालाई अङ्गीकार गरी सूचना र धारणाको प्रवाह गरिएको हुन्छ। सम्पादकीयमा प्रतिनिधित्वहरू शब्दका रूपमा रहन्छन् र ती वास्तविक संसारबाट आयातीत हुन्छन्। वास्तविक संसारबाट आयातीत शब्दले एक प्रकारको वास्तविकता निर्माण गर्छन् (मोस्कोविची, सन् २०००, पृ. २३)। सम्पादकीयमा कार्यकारण सम्बन्धबाट निर्देशित भई वास्तविक संसारको सूचकको काम गर्ने हुनाले सन्दर्भक प्रतिनिधित्वहरू बढी हुन्छन्। प्रतिनिधित्वको सन्दर्भमा पहिचान, प्रभुत्व, भिन्नता, इतरता र प्रतिरोधको शक्तिसम्बन्धगत संचार कार्यहरू सम्पादकीय सङ्कथनमा विश्लेषणीय हुन्छन्।

**(क) पहिचानको संचार**

पहिचान स्थापित गर्ने एउटा आधार प्रतिनिधित्व भएकाले सम्पादकीयबाट व्यक्ति र समूहको पहिचानको पनि संचार भइरहेको हुन्छ। यसमा पनि सम्प्रेषक, प्रापक, माध्यम र विषय गरी चार प्रकारका व्यक्ति र साधनको

संयुक्त कार्यव्यापार हुन्छ । पहिचान पूर्णतः सामाजिक संरचना हो र यो निश्चित संस्कृतिबाट बनेको हुन्छ । आमसंचार अध्ययनमा पहिचानको सिद्धान्तले प्रतिनिधित्वहरू र तिनको सांस्कृतिक परिणतिलाई जनाउँछ (हर्टले, सन् २००४, पृ. १००) । पहिचानलाई स्वआर्जित मात्र नभएर सांस्कृतिक संरचनाले निर्धारण गरेको तथ्यका रूपमा लिइने भएकाले यसमा संस्कृतिका साझा विशेषता, निश्चित अर्थ र आधारहरू हुन्छन् ।

समाजमा प्रचलित विचारधारात्मक विमर्श र शक्ति संरचनाले व्यक्तिको निश्चित पहिचान निर्माणमा मद्दत गरेको हुन्छ र यी शक्तिका विशेष मोडालिटीबाट निर्मित हुन्छन् (हल, सन् २०११, पृ. ४) । यसैले सामाजिक प्रक्रियाभित्र पहिचानको सन्दर्भ अर्थपूर्ण हुन आउँछ । सम्पादकीयमा प्रस्तुत पहिचानहरू धारणात्मक हुन्छन् र यी विचारधारा र शक्तिको संरचनासँग जोडिएका हुन्छन् । यस्ता सङ्कथनले पहिचान निर्माण प्रक्रियालाई पनि सघाउँछन् । पहिचानको राजनीति पनि हुन्छ । पहिचानको राजनीतिले परम्परागत प्रतिनिधित्वका साधनबाट बहिष्करणमा परेकाहरूलाई राजनीतिक सहभागिता प्रदान गर्ने उद्देश्य राखेको हुन्छ (हर्टले, सन् २००४, पृ. १०१) । राजनीतिको महत्त्वपूर्ण घटक व्यक्ति भएकाले उसको पहिचान र ज्ञानको मूल्य हुन्छ । शक्तिको एउटा स्वरूपले व्यक्तिलाई विषय बनाउँछ (फुको, सन् २०००, पृ. ३३१) । शक्तिमा रहेका व्यक्तिले प्रतिनिधित्वलाई हेरफेर गरी भ्रमात्मक प्रतिनिधित्व निर्माण गर्न सक्छन् । फरक प्रतिनिधित्व प्रयोगको कारण र तरिकाको व्याख्या गर्न पहिचानको विधि, स्पर्धा, नकार र रूपान्तर बुझ्नु पर्छ (होवार्थ, सन् २००६) । पहिचानको प्रतिनिधित्व परम्परागत भए त्यसले यथास्थितिलाई प्रोत्साहन गर्छ । सम्पादकीयले केन्द्रमा राखेको समाजको सांस्कृतिक पृष्ठभूमिलाई ध्यानमा राखेर पहिचानको प्रतिनिधित्वलाई केलाउँदा त्यसमा निश्चित समय, भाषा र भूगोलको सन्दर्भ पनि परिचालित हुन्छ ।

पहिचानले सामाजिक प्रतिनिधित्वमा व्यक्तिका साथै विषय/वस्तु र घटनाको संचारलाई इङ्गित गर्छ । कुशलतापूर्वक मिलाएर बनाइएका सामाजिक सङ्कथनबाट पहिचान प्राप्त हुन्छ (होलिडे, हाइड र कुलम्यान, सन् २००५, पृ. १८) । यसमा व्यक्तिको परिचय, उसको सांस्कृतिक संलग्नता र कामहरू बढी सम्बन्धित हुन्छन् । व्यक्तिको जाति, वर्ग, लिङ्ग, क्षेत्र, पेशा, राजनीतिक सम्बद्धता आदिका आधारमा विविध खालको पहिचान निर्धारण हुन्छ । सबैको साझा, भिन्न, बहु र विशिष्ट पहिचान हुने हुनाले सम्पादकीयमा पहिचानको प्रतिनिधित्वले धेरै खालको सन्दर्भबाट अर्थ दिइरहेको हुन्छ । सम्पादकीयमा पहिचानको स्वरूप प्रतिनिधित्व, दृष्टिकोण, कार्य, परिणाम र संचार गर्ने तरिकामा भर पर्दछ । को र केका बारेमा कहिले र कसरी संचार गरियो भन्ने कुराले शक्तिसम्बन्धगत प्रभावको संस्कृतिलाई पनि पहिचान दिइरहेका हुन्छन् ।

सांस्कृतिक पहिचान विगत र भविष्यसँग बराबरै सम्बन्धित हुन्छ (हल, सन् २०११, पृ. ४) । सम्पादकीयमा राष्ट्रिय महत्त्वका क्रिया, प्रतिक्रिया र अभ्यासहरूमा निरन्तर विभिन्न पहिचानहरू जीवन्त बनेर आउँछन् । तिनमा वर्तमानमा उभिएर साझा इतिहास सम्झने, संस्कृतिका सीमाहरू बुझ्ने, साझा पहिचान बनाउने र भिन्नताहरूलाई पहिचान दिने प्रयास र अभ्यास हुन्छ । यस क्रममा पहिचानहरू निरन्तर परिवर्तनशील, सह-निर्मित र जटिल हुन सक्छन् । कहिल्यै नटुङ्गिने प्रक्रियाका विविध रूप समेत भएकाले पहिचानलाई

विभिन्नताहरूबिचमा सञ्चालित हुने प्रक्रियाका रूपमा पनि लिइन्छ (हल, सन् २०११, पृ. २)। सम्पादकीयमा शक्तिसम्बन्धको प्रभावका कारण पहिचानहरू सम्झौता, सम्बन्ध, काल्पनिकता र प्रतिरोधका विषय पनि हुन सक्छन्। सार्वजनिक तथ्य र धारणामा आधारित भएर लेखिए पनि सम्पादकीय सङ्कथनमा पहिचानको अन्तरसांस्कृतिक प्रकृतिले प्रभाव पार्दछ। सरकारी र गैरसरकारी स्वामित्वमा रहनु एउटा तहको पहिचान हो। एउटै खालको स्वामित्वमा रहेका आमसंचार माध्यमहरू पनि विभिन्न पहिचानका समूह र हैसियतका सङ्घटनात्मक पक्षसँग जोडिएर अर्को तहको पहिचान बनाएका हुन्छन्। यस्तो अवस्थाले आफू, आफ्ना र अरूसितको संचारलाई प्रभाव पार्दछ। साझा ज्ञानको विस्तार र सम्बन्धित व्यक्तिको पहिचानको बिचमा हैसियतको कुरा उठ्छ। फलतः सम्पादकीयमा प्रस्तुत पहिचानहरू अर्थपूर्ण, विवादित, प्रतिस्पर्धी र रूपान्तरित हुन सक्छन्। पहिचानहरू रणनीतिक र स्थानिक भए पनि तिनमा केही मात्रामा समानता हुन्छ (हल, सन् २०११, पृ. ३)। परम्परागत भए पनि पूर्वाग्रही पहिचानलाई स्थान दिनु सम्पादकीयमा रणनीतिक दृष्टिले उपयुक्त विकल्प मानिँदैन। साथै, सम्पादकीयमा पहिचानको निर्भरीकरण र मूर्तीकरण कार्यमा सुझबुझ र दक्षतासहित विश्वसनीयता अनिवार्य हुन्छ।

**(ख) प्रभुत्व, भिन्नता र इतरताको संचार**

सम्पादकीय सङ्कथनमा शक्तिको अभ्यास र प्रभावका कारण प्रतिनिधित्वमा प्रभुत्व, भिन्नता र इतरताको संचार हुन्छ। आमसंचार माध्यमले समाजको स्थापित र सम्भाव्य शक्तिशाली प्रतिनिधित्वलाई बढी महत्त्व र पहुँच दिएर प्रभुत्वशाली प्रतिनिधित्वहरूको वितरणलाई व्यापक गरी सामाजिकतालाई अधीनस्थ बनाउन सघाइरहेका हुन्छन्। समाजमा मूलधार र प्रतिपक्षी सामाजिक प्रतिनिधित्वहरूले आपसमा सङ्घर्ष गरी संचारमा प्रभाव पार्ने काम गर्दछन्। सम्पादकीयमा मूलधारका शक्तिशाली सामाजिक प्रतिनिधित्वहरूको अपेक्षाकृत बढी र व्यापक प्रयोग हुनु विधासम्मत कार्य हो। आमसंचार संस्था आफैं प्रभुत्वशाली प्रतिनिधित्व हो। प्रभुत्वशाली सामाजिक प्रतिनिधित्वमा 'प्रोपागाण्डा' को अभिलक्षण देखिन्छ (मोस्कोविची, सन् २००८, पृ. ३१५)। यसमा नकारात्मकता बढी हुन्छ। आमसंचारको प्रभुत्वशाली भाषाले आफू जस्तै शक्तिशाली प्रतिनिधित्वको संरक्षण गर्न खोज्छ र तिनैका केन्द्रीयतामा सूचना र विचार सम्प्रेषण गर्न खोज्छ।

प्रतिनिधित्वको सञ्जालले ज्ञानको प्राथमिकतापूर्ण श्रेणीको समर्थन गर्छ, पहिचानको विकासलाई रोक्छ र भिन्नता, मौका र शक्तिको सङ्कथनलाई कायम राख्छ (होवार्थ, सन् २००४)। आमसंचारको सामाजिक सिद्धान्तमा शक्ति र भिन्नताको सन्दर्भ हुन्छ। यस अनुसार आमसंचारले सार्वजनिक रूपमा ध्यानाकर्षण र जनमतलाई निर्देशित गर्ने, धारणा र विश्वासप्रति अभिप्रेरित गर्ने, आनीबानीमा प्रभाव पार्ने, वास्तविकताको व्याख्या गर्ने, स्तर र वैधानिकताको पुष्टि गर्ने, छिटो र व्यापकतासाथ छानी-छानी सूचना दिने, राजनीतिक र आर्थिक शक्ति भएकासँग पहुँचमा रहने काम गर्छ (म्याक्वेल, सन् २००७, पृ. ८६-८७)। आमसंचारको संस्थागत भिन्नताले फरक धारको सङ्कथन निर्माण गर्न सक्छ। भिन्न संस्थागत सन्दर्भहरूले बनिबनाउ ऐतिहासिक घटना वर्णनका विरुद्ध प्रतिरोधको सम्भावनालाई बढाउने वा रोक्ने पक्षमा महत्त्वपूर्ण भूमिका खेल्छन् (होवार्थ, सन् २००६)।

संस्थाको नियन्त्रण वा स्वामित्व कसमा छ, सञ्चालक र पत्रकारको रुचि समाजको कुन चाहिँ वास्तविकताको प्रस्तुति गर्नेमा छ भन्ने कुराले सम्पादकीय निर्देशित हुन्छ । यसले सम्बन्धित आमसंचार संस्थाले कुन शक्तिको प्रवर्द्धनमा कत्तिको भूमिका निर्वाह गर्छ, कसरी सङ्गठित हुन्छ र जनमतलाई प्रभावित पार्ने आफ्नो शक्तिको उपयोग कसरी गर्छ भन्ने निर्धारण गर्दछ ।

प्रभुत्वले आमसंचार संस्थाको काममा तात्विक भिन्नता देखाउँछ । यद्यपि सम्पादकीय सङ्कथनबाट प्रभुत्व, समानता, सहअस्तित्व, समावेशी आदि बारे सम्बन्धित आमसंचार संस्था र कार्यरत पत्रकार तथा कर्मचारीहरूको सामूहिक धारणा, झुकाव र लगाव प्रकट हुन्छ । विश्लेषण, अभ्यास आदिमा वस्तुलाई उठान गर्दा सम्भव भएसम्म अन्यको प्रभावलाई पनि समावेश गर्नु पर्छ (होवार्थ, सन् २००२) । प्रभुत्व र भिन्नताले सम्पादकीय सङ्कथनको लागि हुने सामाजिक प्रतिनिधित्वको चयन र वितरणमा सान्दर्भिक प्रतिनिधित्वको पहिचानमै रिक्तता सिर्जना गर्दछ । अन्यको तुलनामा विशेष समूहको पहिचानलाई नखुलाएरै पनि सामान्यीकरण गर्ने वा ढाकछोप गर्ने सङ्कथनीय अभ्यास पनि हुन्छ (हर्टले, सन् २००४, पृ. ८६-८७) । यसको कारक पूर्वाग्रह र ज्ञानको अभाव हुन सक्छ । आमसंचारको प्रभुत्वले समाजका कला, वैयक्तिक अनुभव र छविका माध्यमबाट हेर्ने हरेक मानिसको क्षमतालाई नदेखिने गरी बेवास्ता गर्दछ (होलिडे, हाइड र कुलम्यान, सन् २००५, पृ. ३९) । यसरी कसैलाई बेवास्ता गरी इतरमा राख्ने र कसैलाई ढाकछोप गरी सामान्यीकरण गर्ने काम सम्पादकीयमा पनि हुन सक्छ । पहिचान र प्रतिनिधित्वमा भिन्नता सिर्जना गरी प्रतिरोधलाई दबाउने प्रभुत्वशालीको अभ्यासबाट बेवास्ता गरिएका पक्षहरू संचारनिर्मित छवि समूहको इतरमा पर्दछन् ।

संचारले भिन्नता र त्यसका केही प्रतिनिधित्वहरूलाई पनि सीमित गर्छ (गिलेस्पी, सन् २००८) । यसैले सम्पादकीय पाठभित्र हरेक तहमा सन्दर्भको एउटा अंश बनेर भिन्नताको प्रतिनिधित्व देखा पर्छ । भिन्नतामा पनि उपस्थित र अनुपस्थित भिन्नता हुन्छ (होलिडे, हाइड र कुलम्यान, सन् २००५, पृ. १०४) । सम्पादकीयमा अर्को व्यक्ति वा समूहको मूर्तीकरण र अन्यको सिर्जनाबाट इतर हुन्छ । यो संस्कृतिवाद र सारतत्त्ववादबाट ग्रहण गरिएको प्रवृत्ति हो । इतर गर्ने काम अरू र आफ्नामा पनि हुन्छ । एउटालाई हटाएर अर्कोलाई स्थान दिने बेला हटाइएको प्रतिनिधित्व इतरमा पर्छ । मोस्कोविचीका अनुसार प्रभुत्वशाली प्रतिनिधित्वहरू पूर्णतः वैकल्पिक प्रतिनिधित्वको रिक्तताका रूप हुन् । सम्पादकीयमा सन्तुलनका लागि सधैं प्रस्तुत गरिए पनि वैकल्पिक प्रतिनिधित्वको वास्तविक आवाजलाई कम स्थान दिएर प्रतिपक्षी प्रतिनिधित्वको व्यवहार गरिन्छ । प्रतिपक्षी प्रतिनिधित्वहरू कम वितरित र बढी सूक्ष्म हुन सक्छन् (होवार्थ, सन् २००६) । सम्पादकीयमा यस्तो व्यवहार तिनमा भएको प्रतिरोधी गुण दबाउनलाई गरिन्छ । प्रभुत्वमा रहेको ध्रुवीय प्रतिनिधित्वभित्रको वैकल्पिक प्रतिनिधित्वमा प्रतिरोधी गुण हुन्छ । सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व सन्दर्भहरू प्रभुत्व, भिन्नता र इतरताको संचारका रूपमा विश्लेषणीय हुन्छन् ।

**(ग) प्रतिरोधको संचार**

प्रतिनिधित्वको प्रतिरोध प्रभुत्वको प्रभावबाट उत्पन्न हुने भिन्नता र इतरताबाट हुन्छ । ज्ञान, सङ्कथन,

संस्थान, प्रविधि, प्रशासन, व्यवस्थापन, कर्मचारीतन्त्र जस्ता क्षेत्रमा हुने शक्तिको अभ्यासले आफ्नै खालको प्रतिरोध जन्माउँछ (हर्टले, सन् २००४, पृ. १८३)। प्रभुत्वका विरुद्धको प्रतिरोध सामान्यतः ज्ञान, प्रतिस्पर्धा, योग्यता र ज्ञानात्मक शक्तिका कारण प्राप्त अवसरलाई लिएर हुन्छ। यसले गोप्यता, विकृति र व्यक्तिमाथि थोपरिएको रहस्यमयी प्रतिनिधित्वहरूको पनि विरोध गर्छ (फुको, सन् २०००, पृ. ३३७)। यस्तै, इतरले मानिसलाई आफ्नो प्रवर्द्धन र संरक्षण गर्ने क्रममा समूहभित्र र बाहिर तथा अरूबाट आफूलाई फरक गर्ने प्रवृत्तितिर डोऱ्याउँछ। साथै, प्रतिनिधित्वहरूका बिचको भिन्नताले संचारलाई आकर्षित गर्छ। भिन्नताको स्रोत सामाजिक प्रतिनिधित्व नै हो। भिन्नता भएको अवस्थामा त्यसको कुनै प्रतिनिधित्व र सो प्रतिनिधित्वप्रतिको सचेतना भएन भने असमझदारी हुन सक्छ (गिलेस्पी, सन् २००८)। भिन्नताकै कारण आपसमा तनाव र सङ्घर्ष हुन्छ। कुनै पनि प्रतिनिधित्वमा हुने गुणात्मकता र तनावमा संचार, सम्झौता, प्रतिरोध, अन्वेषण र रूपान्तरणको सम्भावना हुन्छ (होवार्थ, सन् २००६)। सम्पादकीयमा भिन्नताप्रतिको सचेतना र वैकल्पिक शक्तिका आवाजको समुचित प्रतिनिधित्वको अभावले पाठकीय प्रतिरोध जन्माउन सक्छ।

प्रतिरोधमा रूढ प्रतिपक्ष र प्रतिपक्षहरूमा भावनाको रूपान्तरण हुने प्रवत्ति देखापर्ने भए पनि विपरीत ध्रुवमा पहिचान बनाएका प्रतिरोधी प्रतिनिधित्वहरूले मेलमिलापलाई सजिलै अनुमति दिँदैनन्। जुनसुकै ध्रुवको भए पनि त्यो प्रतिपक्षले 'विषयबाट पूर्णतः समर्थन वा पूर्णतः खण्डनको माग गर्दछ' (मोस्कोविची, सन् २००८, पृ. ३२५)। संचारको राजनीति प्रतिरोधी पहिचानमा बन्ने र प्रतिरोध आर्थी अवरोधबाट गरिने हुन्छ। आमसंचारको प्रतिरोधी पहिचान खण्डन, अविश्वास, अस्वीकार, आलोचना आदि संचारात्मक अभ्यासबाट प्रकट हुन्छ। यी बौद्धिक साधन र अन्य प्रतिरोधका स्वरूपले मिडियाको प्रतिशक्तिको मोडको सङ्केत गर्दछन् (भ्यानडिक, सन् १९९५, पृ. १२)। आमसंचारमा प्रतिनिधित्वको प्रभाव र परिणाममा बढी ध्यान हुनु 'राजनीति' भएकाले शक्तिसम्बन्धहरूको स्वरूप बुझेर तिनको शक्तिको पहिचान गरी प्रतिरोध गरिन्छ। प्रतिरोधका लागि यसका शब्दहरू, वाक्यहरू वा अन्य संरचनात्मक तत्त्वहरू पनि बुझ्नु पर्दछ। सम्पादकीय सङ्कथनमा प्रतिनिधित्व सन्दर्भहरू प्रतिरोधको संचारका रूपमा पनि रहेका हुन्छन्। यसका शीर्षस्थ सङ्कथनमा रहेर कुनै पनि वास्तविक प्रतिनिधित्वसँग सन्दर्भित विषय/वस्तु, व्यक्ति र घटनाका सामाजिक प्रतिनिधित्वहरू सम्पादकीय सङ्कथनमा विश्लेषणीय हुन्छन्।

**(घ) शक्तिसम्बन्धको संचार**

शक्तिसम्बन्धको संचारले सम्पादकीय सङ्कथनमा प्रकट शक्तिसम्बन्धको प्रभावलाई जनाउँछ। सम्पादकीय सङ्कथनलाई सम्बन्धका आधारमा प्रभाव पार्नसक्ने शक्तिमा संस्थागत, व्यक्तिगत, बौद्धिक, व्यावसायिक र व्यवस्थापकीय सन्दर्भहरू पर्न आउँछन्। सामाजिक सन्दर्भहरूमा सम्बन्धहरूका माध्यमबाट ज्ञानको प्रसारण हुन्छ (ह्यालिडे र हसन, सन् १९९१, पृ. ५)। सम्पादकीयबाट ज्ञानात्मक शक्तिको सम्पादन र प्रसारण हुन्छ। ज्ञानको वितरण र ज्ञानात्मक कार्य शक्तिसँग सम्बन्धित हुन्छ (फुको, सन् २०००, पृ. ३३१)। यसले सहभागीहरूलाई कुनै न कुनै विषय र घटनासँग जोड्छ। यसको शक्तिले सामान्यतः सकारात्मक प्रतिफलका

लागि सूचित, शिक्षित र प्रेरित गर्दा कतिपय सम्बन्धहरू दबावमा पनि पर्छन् । प्रतिरोधका स्वरूपहरूलाई अलग गरेपछि शक्तिसम्बन्धलाई बुझ्न सकिन्छ (फुको, सन् २०००, पृ. ३२९) । सम्पादकीय सङ्कथनमा सामाजिक प्रतिनिधित्वहरू बिचको शक्तिको जटिल सम्बन्ध र सम्पर्कको प्रभाव रहन्छ । यसमा सङ्कथनका मान्यताभित्रका सत्य निरूपण, ज्ञानात्मक शक्तिको स्रोत, शक्तिको प्रवाह, प्रभुत्वको अवस्था र सम्पादकीय निर्माणको सांस्कृतिक पृष्ठभूमि र मापदण्डका साथै प्रतिनिधित्व सन्दर्भ अन्तर्गतका पहिचान, प्रभुत्व, भिन्नता, इतरता र प्रतिरोधको संचारसहित शक्तिसम्बन्ध र शब्दार्थमा चतुऱ्याईंसम्मका तथ्यहरू सन्दर्भित हुन्छन् । विचारधारात्मक घटक भएका सम्पादकीयका प्रतिनिधित्वहरूमा सधैं शक्तिको अभ्यासको प्रस्तुति हुने भएकाले समाजका हरेक तह र खण्डमा शक्तिको सम्बन्ध पनि विस्तारित र सञ्चालित भइरहेको हुन्छ । शक्तिको अभ्यास व्यक्ति र समूहहरूको सम्बन्धमा आधारित हुन्छ । आपसमा सम्बद्ध व्यक्तिहरू र समूहहरूको कार्यको माध्यमबाट शक्तिसम्बन्ध प्रकट हुन्छ ।

विभिन्न क्षेत्र र प्रयोजनमा गरिने ज्ञान र दक्षताको प्रयोगबाट '...सङ्कथनमा शक्तिको दुरुपयोग वा प्रभुत्वको पुनरुत्पादन' हुन्छ (भ्यानडिक, सन् २००८, पृ. १०) । शक्तिसम्बन्धमा शक्तिको अभ्यास गर्ने र गरिने पक्षहरू हुन्छन् । यी पक्षहरूले सामाजिक प्रतिनिधित्व गर्दछन् र सम्पादकीयमा ती विषय/वस्तु, व्यक्ति र घटनामा प्रकट हुन्छन् । सम्पादकीयमा मूलतः संचार संस्थामा आबद्ध पत्रकारहरू शक्तिको अभ्यास गर्नेमा र बहुसङ्ख्यक पाठकहरू शक्तिको अभ्यास गरिने वर्गमा पर्दछन् । यी दुई पक्षका बिचमा वास्तविक व्यक्ति र मिथकीय पात्रहरू उभ्याएर बनाइएको सङ्कथन रहेको हुन्छ । पाठकका समूहहरूले साझा मानेका विचार र अभिवृत्ति जस्ता सामाजिक संज्ञानहरू प्रतिनिधित्वका रूपमा सम्पादकीयमा शक्तिसम्बन्धको प्रभाव र कारणबाटै अभिव्यक्त भएका हुन्छन् ।

समाजमा रहेका शासकीय सहमति र दबावको स्थितिलाई सम्पादकीयमा प्रतिनिधित्व दिइन्छ । विद्यमान प्रभुत्वको अवस्थालाई वैध तुल्याउन र प्रतिरोधी शक्तिको निर्माण गर्नमा सम्पादकीयको भूमिका हुन्छ । सम्पादकीयमा पत्रकारले संस्थागत शक्तिको बौद्धिक अभ्यास गरेका हुन्छन् । बुद्धिजीवीहरूले पनि सत्यको सत्तालाई त्यतिको हदसम्म मात्र चलाउन सक्छन् जति सामाजिक संरचना र सञ्चालनका लागि आवश्यक हुन्छ (फुको, सन् २०००, पृ. १३२) । यसले बुद्धिजीवीको वैयक्तिक वर्ग, जीवन र कामको अवस्थागत सीमितताबाट सङ्कथन निर्माणमा पर्ने प्रभावलाई पनि सङ्केत गर्दछ । साथै, सामाजिक शक्तिको नियन्त्रणका कारण सम्पादकीयमा पहिचान दिइएका प्रतिनिधित्वहरू स्वीकार्य, अस्वीकार्य, भिडाइएका आदि हुन सक्तछन् । वर्तमान सूचना समाजमा आमसंचारका साधनहरूमा नियन्त्रण जमाउनु सामाजिक शक्तिको एउटा गम्भीर अवस्था हो (भ्यानडिक, सन् १९९५, पृ. ११) । नियन्त्रणले मिडियालाई एकतर्फी बनाउने खतरा रहन्छ र जो कोही सर्वसाधारण पाठकले प्रतिरोध गर्ने अवस्था आउन सक्छ । सम्पादकीयमा परिचयको प्रस्तुतिबाट मानिसले देखाउन चाहेको र देखाउन नचाहेको कुरा थाहा हुन्छ । आमसंचार गर्दा अधिकार प्राप्त व्यक्ति पत्रकारले परिचयहरूलाई खुलाएर, नखुलाएर र चतुऱ्याइँपूर्वक हेरफेर गरेर नियन्त्रणजन्य आम कार्यसाधन गर्न सक्छन् । यस तरिकामा कसैको पहिचानको अवमूल्यन, कसैको संरक्षण र कसैको बढाइचढाइ हुन सक्छ । प्रतिरोधी क्रियाकलापमा समेत देखा नपर्ने सामाजिक प्रतिनिधित्वहरू परम्परागत सोच र शक्ति संरचनाको घेराबाट बाहिर पर्न सक्छन् । शक्तिको अभ्यास गर्नेका

अगाडि शक्तिको अभ्यास गरिएको पक्ष राम्ररी परिचित र अन्तिमसम्म नै आफ्नो पक्षको शक्तिलाई पहिचान गरी कायम राख्ने खालको हुन्छ । यसैले सम्पादकीयमा संस्थापन पक्षका कुरा विस्तारमा आउँदा प्रतिरोधी शक्तिमा रहेको प्रतिपक्षको पनि सङ्क्षिप्त विचार आउनु पर्दछ ।

प्रतिनिधित्वहरूमा सूचित विकल्पहरूको सम्भाव्य परिवर्तनबाट प्रयोक्ताले आफूलाई आर्थी अवरोध र सम्भाव्य प्रतिरोधबाट जोगाउन सक्छन् । प्रतिनिधित्वलाई चतुऱ्याइँपूर्वक हेरफेर गरी आम कार्यसाधन गर्नु सबैभन्दा सामान्य उपाय भएकाले निश्चित शब्दार्थका जटिलताहरूलाई प्रस्तुतिका बेला वैकल्पिक प्रतिनिधित्वको प्रयोग गरी संरक्षण गर्न सकिन्छ (मोस्कोविची, सन् २००८, पृ. ३३४) । प्रतिरोधबाट जोगिने प्रभावकारी उपाय वहिष्करण पनि हो । यसलाई शक्तिको प्रयोग गर्ने र गरिने दुवै पक्षले अपनाउन सक्छन् । यसमा खास भाषिक संरचनाहरू वैकल्पिक प्रतिनिधित्वमा अन्तर्निहित हुन्छन् । यसले प्रतिनिधित्वको स्वतन्त्र भूमिकालाई सशक्त बनाउनेतिर लक्ष्यित गर्दछ (मोस्कोविची, सन् २००८, पृ. ३२५) । सङ्कथनलाई समर्थ बनाएर प्रतिरोधको व्यवस्थापन गर्नमा आर्थी अवरोधहरू जस्ता अति सूक्ष्म साञ्चारिक साधनको पनि प्रयोग हुन्छ । शक्तिसम्बन्धले सम्पादकीयको भाषिक सामर्थ्यलाई पनि प्रभाव पारेको हुन्छ ।

पाठमा रहेको विषय/वस्तु, व्यक्ति र घटनालाई राम्ररी नबुभ्दा सङ्कथनमा पहुँचको अभाव हुन्छ । आमसंचारको सङ्कथनमा पहुँचको सीमितता वा निष्क्रियतामा शक्तिहीनता हुन्छ (भ्यानडिक, सन् १९९५, पृ. १४) । सम्पादकीय लेख्नुअघि गरिने विषय/वस्तु, व्यक्ति र घटनाको अनुसन्धान र पठनले सङ्कथनमा पहुँच बढाउने मात्र होइन, प्रभावकारी सङ्कथन निर्माणमा बल पुऱ्याउँछ । सङ्कथनमा अनुसन्धान र पठनको सीमितताले लेखकीय ज्ञान र संज्ञानको दायरालाई सङ्कुचित गर्दछ र सम्पादकीय सङ्कथन प्रभावहीन हुन पुग्छ । प्रभावहीनता शक्तिहीनता पनि हो । शक्तिहीनतामा प्रतिरक्षात्मक क्षमता पनि हुँदैन । आमसंचार शक्ति भनेको सामान्यतः साङ्केतिक र अभिप्रेरणात्मक हुन्छ । आमसंचारले केही हदसम्म प्रारम्भिक रूपमा पाठक/श्रोताको दिमागलाई नियन्त्रण गर्न सक्छ (भ्यानडिक, सन् १९९५, पृ. १०) । प्रभुत्वशाली प्रतिनिधित्व र प्रतिपक्षीय प्रतिनिधित्वका बिचमा हुने आपसी टक्कर र प्रभावबाट सम्पादकीयको शक्तिसम्बन्ध निर्धारित हुन्छ । प्रतिपक्षप्रति सामान्यतः पूर्वाग्रह हुन्छ । कुनै खास अर्थमा प्रयोग गरिएको शब्दका अगाडि वा पछाडि थपिने अर्को खास शब्दबाट बन्ने पदावलीले अर्थको सन्दर्भलाई कुनै प्रतिपक्षसँग जोडेर पूर्वाग्रहको विस्तार गर्छ । समाजमा प्रभुत्व र भिन्नता रहेसम्म प्रतिपक्षमा भावनाको रूपान्तरणबाट उत्पन्न हुने प्रतिरोध र विरोधको सिलसिला निरन्तर चलिरहन्छ । समाजमा यस्ता दुवै पक्षले शक्तिका आधारमा केही न केही कार्य गर्छन् र शक्तिसम्बन्धको अनुभव गर्दछन् । यसैले सम्पादकीय सङ्कथनमा रहेका प्रतिनिधित्वहरूको पहिचानदेखि प्रभुत्व, भिन्नता, इतरता र प्रतिरोधको संचारमा शक्तिसम्बन्धको प्रभाव विश्लेषणीय हुन्छ ।

### २.२.४ सामाजिक प्रतिनिधित्वको सैद्धान्तिक स्वरूप र संचार

सेर्गेइ मोस्कोविचीको सामाजिक प्रतिनिधित्व सिद्धान्त आमसंचार सङ्कथनको विश्लेषणका लागि उपयोगी मानिँदै आएको छ । सामूहिक रूपमा प्रचलित सामाजिक धारणाहरू सामाजिक प्रतिनिधित्व हुन् । प्रतिनिधित्वको

संरचना, कथ्य र प्रकार्य हुन्छ। सामाजिक प्रतिनिधित्वको शास्त्रीय परिभाषामा मोस्कोविचीले सामाजिक प्रतिनिधित्वहरूलाई मूल्य, विचार र अभ्यासका प्रणाली हुन् भनेका छन्। कोही पनि आफ्नो दिमागमा पहिलेदेखि अनुकूलित प्रतिनिधित्वहरू, भाषा र संस्कृतिबाट मुक्त छैन (मोस्कोविची, सन् २०००, पृ. २३)। सामाजिक प्रतिनिधित्व सिद्धान्तमा मूलतः अभिवृत्ति र विचारको संचार गर्ने तरिका प्रस्तुत गरिएको छ। सामाजिक प्रतिनिधित्वले मानिसको व्यक्तिगत तथा सामूहिक इतिहासका साथै उनीहरूको विश्वका विभिन्न पक्षहरूलाई स्पष्ट नाम र वर्गीकरणको सङ्केत प्रदान गरी समुदायका सदस्यहरू बिचमा संचार गर्न सक्षम बनाउँछन्। प्रतिनिधित्वले सामान्य खालको विचारसँग मिल्ने गरी वस्तुलाई फरक अर्थ दिन्छ। प्रतिनिधित्वमा हुने साङ्केतिक वस्तुले व्यक्तिको ज्ञान र अनुभवमा रहेको कुनै सुपरिचित भागलाई अर्थका रूपमा लिन अनुमति दिन्छ। त्यो अर्थ एकै खालको सामाजिक प्रतिनिधित्वमा रहेका व्यक्तिहरूका लागि एकै प्रकारको हुन आउँछ।

प्रतिनिधित्वहरू अन्तर-वैयक्तिक संचारबाट उत्पन्न हुन्छन् र आधारभूत रूपमा नै सामाजिक हुन्छन् ( मोस्कोविची, सन् १९८४बी, पृ. १३)। यी जटिल मानसिक सारवस्तु हुन्। समाजका सदस्यहरू बिचमा अन्तरङ्ग वास्तविकता कहिल्यै पनि सम्प्रेषण हुँदैन (मोस्कोविची, सन् १९८४ए, पृ. ९६३)। सम्प्रेषित सामाजिक प्रतिनिधित्वका कथ्यमा विषय/वस्तु, व्यक्ति र घटना हुन्छन्। प्रतिनिधित्वहरूले सामाजिक समूहहरू बिचको अन्तर्क्रियाको प्रवाहलाई अपनाउँछन् (मोस्कोविची, सन् १९८४ए, पृ. ९५०)। सामाजिक प्रतिनिधित्वका कथ्यमा विविधता हुन्छ र कथ्यहरू विशेषतः धारणात्मक र संवेगात्मक हुन्छन्। सामाजिक प्रतिनिधित्वहरू प्रयोगको दबावका कारण निरन्तर परिमार्जित भएर जहिले पनि अस्थिर र अवास्तविक जस्ता हुन्छन्।

संचारले सामाजिक प्रतिनिधित्व र तिनको कथ्यको सामाजिक विशेषतालाई आधार बनाउँदै सामाजिक प्रतिनिधित्वलाई आयाम प्रदान गर्दछ। यसले दृश्य र अदृश्य दुवैसँग ती प्रतिनिधित्वहरूको आनीबानी र सम्बन्धहरूको समूहमा रहे जस्तै गरी काम गर्दछ ... (मोस्कोविची, सन् १९८४बी, पृ. १८)। निश्चित प्रतिनिधित्वको प्रयोग नगरी कुनै पनि विषय/वस्तु, व्यक्ति र घटनाको संचार गर्न सकिँदैन (मोस्कोविची, सन् २०००, पृ. २७४)। प्रतिनिधित्वहरू 'सम्प्रेषणका माध्यम' (मोस्कोविची, सन् २००८, पृ. ३१) र 'सम्प्रेषणका उपकरणहरू' (मोस्कोविची, सन् २००८, पृ. १२१) दुवै हुन्। सामाजिक प्रतिनिधित्वहरू संचारको कथ्यमा सुस्पष्ट र 'शब्दहरू र विम्बहरूको तहभित्र पुरिएका' कथ्यमा अस्पष्ट वा व्यञ्जना गरी दुवै रूपमा रहन सक्छन् ( मोस्कोविची, सन् १९९३ , पृ. १६८)। कहिलेकाहीँ प्रतिनिधित्वको कथ्य सुस्पष्टता साथ सम्प्रेषित हुन्छ भने अरू बेला यो प्रत्यक्ष मात्रै बन्छ। संचारको मान्यतामा रहेर अर्थ्याएपछि मात्र यो प्रत्यक्ष बन्छ। सामाजिक प्रतिनिधित्वमा सामान्यतः अमूर्त या दृश्यको सम्मिश्रणयुक्त अवधारणा र भाषिक तत्त्वहरू भए पनि धेरैजसोमा दृश्यको बाहुल्य रहन्छ। सामाजिक प्रतिनिधित्वमा समझदारीजन्य अवधारणा र बोध, अनुभूति वा प्रत्यक्षण बिचको उत्सुक अवस्था हुन्छ (मोस्कोविची, सन् १९८४बी, पृ. १७)। धेरैजसो अवस्थामा सामाजिक प्रतिनिधित्वहरूको छविको पाटो गह्रुङ्गो हुन्छ र छविको केन्द्रमा नै प्रतिनिधित्वको केन्द्र रहेको हुन्छ।

सामाजिक प्रतिनिधित्वमा सामाजिक प्रवृत्तिको प्रतिविम्बन हुन्छ। वक्ताहरूको एउटा समूहको साझा

वार्तामा प्रयुक्त कुनै पनि वस्तुको अर्थ हुन्छ । सामाजिक प्रतिनिधित्वहरू अर्थपूर्ण भएको खण्डमा मात्र व्यक्तिको संसार अर्थपूर्ण हुन्छ । फलतः अनुभव सामाजिक प्रतिनिधित्वहरूबाट नियन्त्रित हुन्छ (मोस्कोविची, सन्१९८४बी, पृ. ७) । सामाजिक प्रतिनिधित्वहरू संचारको मोड मात्र होइनन्, तिनमा संचार गरिएको कुराको अर्थ निर्माण गर्ने क्षमता समेत हुन्छ । सामाजिक प्रतिनिधित्वले कुनै व्यक्तिलाई उसको भौतिक विशेषता वा पेशागत स्तरका आधारमा कुनै परिचित समूहमा राख्छ (मोस्कोविची, सन् १९८५, पृ. ९१) । सामाजिक प्रतिनिधित्वको रूप अंशतः मूर्त र अमूर्त हुन्छ । सामाजिक प्रतिनिधित्वले मानिसलाई संयुक्त सुझबुझ निर्माण गरी अपरिचित विषय/वस्तु, व्यक्ति र घटनालाई परिचित बनाउँछ । यसले अपरिचितलाई निर्भरीकरण र मूर्तीकरण प्रक्रियाका माध्यमबाट परिचितमा समीकरण गर्छ । सामाजिक प्रतिनिधित्वमा मानिसको वास्तविकता समेटिने भएकाले सामाजिक प्रतिनिधित्वद्वारा मानिसको विश्वदृष्टि बाँधिन्छ । यस प्रकार भौतिक विज्ञानभन्दा फरक मानिएको समाज वैज्ञानिक विश्लेषणलाई पनि यही सहमतिजन्य विश्वदृष्टिसँग मिल्ने गरी परिसीमित गर्नुपर्ने अवस्था आउँछ । सामाजिक प्रतिनिधित्व सिद्धान्तले बाँधेको यसको स्वरूपका आधारमा सम्पादकीयको बृहत् सङ्घटनात्मक प्रतिनिधित्व विश्लेषणीय हुन्छ ।

**(क) निर्भरीकरण प्रक्रिया**

निर्भरीकरण प्रक्रियाले वस्तुहरूमा अर्थ प्रदान गर्ने भाषिक तरिकालाई जनाउँछ । मोस्कोविचीको सामाजिक प्रतिनिधित्व सिद्धान्तमा यस प्रक्रियाले सङ्कथन विश्लेषणमा भाषिक उपकरणको काम गर्छ । यसबाट सम्पादकीयमा रहेका प्रतिनिधित्वहरूको निर्भरीकरणलाई विश्लेषण गर्ने भाषिक आधार प्राप्त हुन्छ । यस प्रक्रियामा कुनै अपरिचित वस्तुलाई पहिले एउटा खालको सोचमा निर्धारित गरेर सामाजिक प्रतिनिधित्व बनाइन्छ । यो प्रक्रिया तथ्यमा आधारित हुन्छ । निर्भरीकृत छविको केन्द्रीयतामा सामाजिक प्रतिनिधित्वहरू बन्दछन् । कुनै समूहले कुनै अपरिचित वस्तुलाई भर दिने काम घटनाको सन्दर्भनबाट गर्दछ । यो सम्बन्धित सामाजिक प्रतिनिधित्वको केन्द्रमा रहन्छ (मोस्कोविची, सन् १९८४ए, पृ. ९५३) । मोस्कोविचीको विचारमा समूहको बोध/अनुभवमा भएको छिद्रले तिनीहरूको उत्सुकतालाई जगाउँछ । तिनै बोध/अनुभवका छिद्रमा अड्याएर अपरिचित धारणालाई उठाइन्छ (मोस्कोविची, सन् १९८४बी, पृ. २९-३०) । यसरी कुनै व्यक्ति वा समूहमा रहेको व्यक्तिले कुनै नयाँ, अपरिचित कुरालाई परिचित बनाउन गर्ने अनुभवको परीक्षणबाट निर्भरीकरण तरिका पत्ता लगाउन सकिन्छ । आफ्नो संसारलाई बुझ्ने चाहना भएका मानिसहरूले नयाँ अनुभवलाई आफूसँग सञ्चित ज्ञानको अनुभवसँग मिलान गर्न चाहन्छन् । निर्भरीकरणले अपरिचित अनुभवलाई परिचित रूपमा उत्पादन गर्दछ । मोस्कोविचीको भनाइ अनुसार, व्यक्ति वा समूहले कुनै अपरिचित संसारलाई कसरी परिचित बनाउँछन् भन्ने कुराको जाँच गर्नु पर्छ । समूहले एकपटक अपरिचित वस्तुलाई ग्रहण गरिसकेपछि पनि त्यसलाई अझै परिचित बनाउन प्रयास गरिरहन्छ । यो सामाजिक प्रतिनिधित्वको प्रक्रिया हो । यसमा विषय/वस्तु, व्यक्ति र घटनासित प्रत्यक्ष-परोक्ष रूपमा जोडिएका मूर्त-अमूर्त सबै खालका प्रतिनिधित्वहरू पर्न आउँछन् ।

कुनै विषय/वस्तु, व्यक्ति र घटना सामाजिक प्रतिनिधित्वमा निर्भर हुँदा त्यसका विशेषता र प्रवृत्तिहरू

समूहको पूर्व धारणासित मिल्नु पर्छ। पूर्वधारणासँग हुने मिलानले वस्तुलाई एउटा अर्थ प्रदान गर्दछ। यस्तो अर्थ त्यस वस्तुले अपरिचित अवस्थामा पाएको हुँदैन (मोस्कोविची, सन् १९८४बी, पृ. ३५)। निर्भरीकरण संयन्त्रले अपरिचित विषय/वस्तु, व्यक्ति र घटनालाई पहिलेको कुनै सुविख्यात सामाजिक प्रतिनिधित्वसँग तुलना र सम्प्रेषण गर्न सकिने गरी परिचित बनाउँछ। यसमा पछिल्लो चाहिँ नयाँबाट रूपान्तरित भएर स्थापित हुन आउँछ। त्यसपछि क्रमशः अपरिचित र नौलो विचारले पनि समाजको सामूहिक चौघेरा (फ्रेम)को सन्दर्भका माध्यमबाट जाने वा सुनेको विचारको रूप लिन्छ। नयाँ विचार वा परिदृश्यहरू स्थापित परिदृश्यको सन्दर्भमा जोडिन आउनु नै निर्भरीकरण हो।

स्थापित तथ्यको सन्दर्भमा जोडिएर नयाँ तथ्यहरूले सामाजिक प्रतिनिधित्व गर्दछन्। कुनै अपरिचित तथ्यलाई आनुभविक वस्तुसँग तुलना र सम्प्रेषण गर्न सकिने गरी परिचित बनाउन निर्भरीकरण गरिने हुनाले यसमा सामाजिक प्रतिनिधित्वहरू भाषिक प्रतिनिधित्वका माध्यमबाट व्यक्त हुन्छन्। निर्भरीकृत छविका केन्द्रीयतामा बनेका सामाजिक प्रतिनिधित्वहरूले सन्दर्भका आधारमा अर्थ दिन्छन्। निर्भरीकरण संयन्त्रमा विभिन्न उपकरणहरू रहेका हुन्छन्। यसमा नामिक, विषयगत, विपरीतार्थक, रूपकात्मक र संवेगात्मक उपकरण पर्दछन्।

**(ख) मूर्तीकरण प्रक्रिया**

मूर्तीकरण प्रक्रियाले वस्तुहरूमा अर्थ प्रदान गर्ने भूतप्रभावी प्रक्रियालाई जनाउँछ। मोस्कोविचीको सामाजिक प्रतिनिधित्व सिद्धान्तमा यस प्रक्रियाले पनि सङ्कथन विश्लेषणमा भाषिक उपकरणको काम गर्छ। यसबाट सम्पादकीय सङ्कथनमा रहेका प्रतिनिधित्वहरूको मूर्तीकरणलाई विश्लेषण गर्ने भाषिक आधार प्राप्त हुन्छ। यसमा एक पटक एउटा अपरिचित अनुभवलाई कुनै एक वा अर्को समूहको सामाजिक प्रतिनिधित्वका प्रकारभित्र राखिन्छ र यसका सारपूर्ण तत्त्वहरूलाई समूहका सदस्यहरूको मस्तिष्कभित्र पर्ने गरी चित्रका रूपमा पुनरूत्पादन गरिन्छ। यस्तो छवि त्यसपछि आदिम रूपका अन्य छविहरूसित सम्बन्धित हुन पुग्छ। अन्ततः पहिले अपरिचित रहेको वस्तुको छवि पनि केन्द्रका अन्य छविहरूसित सम्मिश्रित हुन्छ। यसरी बनेको सम्मिश्रित छवि सम्बन्धित समूहको लागि वास्तविकता बन्छ। यो अर्थमा त्यस बखत पूर्ण हुन्छ जब समूहका सदस्यहरू आफ्नो संसारको बारेमा कुरा गर्दा ती छविहरूको प्रयोग गर्छन् (मोस्कोविची, सन् १९८४बी, पृ. ४०)। यसरी अपरिचित विश्वलाई परिचित बनाउने सामाजिक प्रतिनिधित्वको क्षमताले प्रतिनिधित्व सन्दर्भहरूलाई तत्त्व, वस्तु, पदार्थ वा सत्ताका रूपमा काम गर्न अनुमति दिन्छन्। यसबाट अर्थहरू बनाउने र प्रदान गर्ने काम हुन्छ। मूर्तीकरण प्रक्रियामा ऐतिहासिक र पारम्परिक वा नियोजक दुवै खालका तत्त्वहरू रहेका हुन्छन् (मोस्कोविची, १९८४बी, पृ. ९/२९)। मूर्तीकरण प्रक्रियाहरूमा पहिले नै प्रतिनिधित्व आंशिक परिणाममा सन्दर्भित भएर आइसकेको रहेछ र त्यसलाई सामाजिक प्रतिनिधित्वको वास्तविकतामा थप ढाल्ने काम भएको छ भने त्यसमा ऐतिहासिक तत्त्व रहेको मानिन्छ। पारम्परिक तथा नियोजक तत्त्वले प्रतिनिधित्वमा नियन्त्रण गर्ने बलको काम गर्छ। त्यो एउटा जानकारीको शक्ति हो, जसको प्रतिरोध गर्न सकिँदैन।

मोस्कोविचीको विचारमा हिजोको जानकारीको सम्पूर्णताले आजको जानकारीको वास्तविकतालाई नियन्त्रण गर्दछ । यो काम प्रतिनिधित्वको मूर्तीकरणका माध्यमबाट हुने गर्छ । उनी भन्छन्-

> 'पहिले भएका अवस्थाहरूको प्रभावबाट कसैको पनि दिमाग स्वतन्त्र हुँदैन । यस्तो प्रभाव तिनको प्रतिनिधित्व, भाषा, संस्कृतिबाट आरोपित हुन्छ । ... हामी यति मात्र हेर्छौं, जति चालु मान्यताहरूले हामीलाई हेर्न अनुमति दिन्छन् ... प्रतिनिधित्वहरू पारम्परिक हुन्छन्, ती आफैं हामीमाथि प्रतिरोध गर्नै नसकिने बलका रूपमा थोपरिएका हुन्छन् । यो बल त्यस्तो संरचनाको मिश्रण हो, जुन कुरा हामीले सोच्नु अघि नै थियो, जसलाई परम्पराले हामीलाई हामीले के सोच्नुपर्छ भनेर आदेश गरेको हुन्छ' (मोस्कोविची, सन् १९८४बी, पृ. ८-९) ।

मूर्तीकरण प्रक्रियाबाट सन्दर्भहरू हुँदै सामाजिक प्रतिनिधित्वको पारम्परिक शक्ति समाजमा सञ्चारित भएको हुन्छ । सामाजिक प्रतिनिधित्व आजका मानिसमाथि थोपरिएको भूतकालका प्रभावहरूको परिणाम मानिन्छ । यस क्रममा सामाजिक प्रतिनिधित्वहरूको सिद्धान्तले सत्यवादी राय वा फैसला मात्र होइन, भ्रमको पनि व्याख्या गर्छ (मोस्कोविची, सन् १९८४बी, पृ. ३८) । सामाजिक प्रतिनिधित्वहरू अंशतः प्रतीकात्मक तत्त्वहरूबाट बनेका हुन्छन् । तिनले अविरोधी नियमको सहारा लिएर तर्कको आदेश पालना गर्नु जरुरी हुँदैन । यसैले सामाजिक प्रतिनिधित्वहरू वास्तविकतासँग मेल वा सङ्गति नगरीकन पनि अस्तित्वमा रहन सक्छन् । यसरी हेर्दा संचारका क्रममा कतिपय सामाजिक प्रतिनिधित्वहरूबाट समूहहरूले तिनीहरूको अनुभवमा भ्रामक अर्थ प्रदर्शन गर्न वा तिनमा त्यस्तो अर्थ थोपर्न पनि सक्छन् ।

मोस्कोविचीका अनुसार भ्रम र यथार्थ दुवै जानकारीका उपलब्धिहरू हुन् र यी दुवै प्रतिनिधित्वको संसारसित सम्बन्धित हुन्छन् । मोस्कोविचीका लागि सामाजिक प्रतिनिधित्वहरू मानसिक सारतत्त्वहरू हुन् । तिनीहरू अमूर्त र मूर्त तत्त्वहरूबाट बनेका हुन्छन् र तिनले प्रकारमा रहेर काम गर्छन् । यसैबाट व्यक्तिहरूले आआफ्नो विश्व वा संसारको अनुमान, अन्वय र व्याख्या गर्छन् । यसरी उनीहरूले सामूहिक मापदण्डमा रहेर काम गरिरहेका हुन्छन् । यो कुरा संचारकर्मीहरूमा पनि लागु हुन्छ । संचारकर्मीहरूले विभिन्न संचार माध्यमहरूबाट संस्थागत र आफ्नै खालका समूहगत अधिकार र पेशागत दायित्वसित सम्बन्धित कानुनी र नैतिक मूल्य, मान्यता तथा आचारसंहितालाई पृष्ठभूमिमा राखेर सम्पादकीयमा सन्दर्भगत तथ्यहरूको प्रयोग गर्दै त्यसैका आधारमा विश्लेषण प्रस्तुत गरेका हुन्छन् ।

आमसंचार मिडियाले कहिलेकाहीँ मूर्तीकरण गरी अपरिचित विषय/वस्तु, व्यक्ति र घटनालाई परिचित बनाउँछ । यस्तो बनाउने क्रममा मानिसले बुझ्न, छुन र देख्न सक्ने कुनै ठोस वस्तुमा घटना र विचारलाई रूपान्तरण गरिन्छ । बुझेको, छोएको र देखेको कुराले सोचेको कुरालाई प्रतिस्थापन गर्दछ (मोस्कोविची, सन् २०००, पृ. ५) । यसैले मिडियाले कुनै अमूर्त घटना र विचारलाई भौतिक संसारमा भएको कुनै खास सङ्घटनाको प्रतिनिधित्वलाई माध्यम बनाएर मूर्तता प्रदान गर्दछ । संवेगात्मक र वैयक्तिक गरी दुई प्रकारका प्रतिनिधित्वहरूको मूर्तीकरण हुन्छ ।

## २.३ विश्लेषणको अवधारणात्मक ढाँचा

सम्पादकीय, सङ्कथन र सामाजिक प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यतालाई एकीकृत गरेर विश्लेषणको अवधारणात्मक ढाँचा तयार गरिएको छ । बृहत् सङ्घटनात्मक प्रतिनिधित्व, निर्भरीकरण, मूर्तीकरण र शक्तिसम्बन्धको प्रभाव सम्बन्धी विश्लेषणका लागि तय गरिएका उपकरणहरूलाई सम्बन्धित उपशीर्षक अन्तर्गत् राखिएको छ ।

### २.३.१ बृहत् सङ्घटनात्मक प्रतिनिधित्व

बृहत् सङ्घटनात्मक प्रतिनिधित्वले सामूहिक प्रतिनिधित्वको सबैभन्दा बढी प्रचलित स्वरूपलाई जनाउँछ । यसलाई कुनै न कुनै तरिकाले सम्पादकीयको शीर्षस्थ संरचनामा समेटिएको हुन्छ । सम्पादकीय संरचनामा शीर्षस्थ प्रतिनिधित्वहरू सङ्कथनीय दृष्टिले बढी महत्त्वपूर्ण हुन्छन् । शीर्षकमा समेटिएका प्रतिनिधित्वहरूको अध्ययनबाट बृहत् सङ्घटनाको स्थापना, प्रत्यक्ष सूचकहरूको पहिचान र सन्दर्भसहित मूल कथ्यको विश्लेषण गर्न सकिन्छ । यस अन्तर्गत् क्रमशः बृहत् सङ्घटना, संरचना, सूचकीय सन्दर्भ, प्रतिनिधित्वको मूल कथ्य, अप्रत्यक्ष सूचकको बृहत् सङ्घटनात्मक सम्बन्धका साथै विवाद र द्वन्द्वका केन्द्रिय प्रतिनिधित्वहरूको खोलुवा गरिएको छ ।

**(क) बृहत् सङ्घटना**

बृहत् सङ्घटनाले सामूहिक प्रतिनिधित्वहरूको एउटा स्वरूपलाई जनाउँछ । सामूहिक प्रतिनिधित्वहरूबाट सङ्घटना र बृहत् सङ्घटनाको निर्माण हुन्छ । तिनले धारणा र विश्वासको सामान्य तहलाई निर्देशित गर्ने व्याख्यात्मक उपकरणको काम गर्छन् । बृहत् सङ्घटनालाई मोस्कोविचीले विशिष्ट सङ्घटना भनेका छन् । वास्तविकता र साझा सुझबुझको सिर्जना गर्ने संचार र बोधसित सम्बन्धित एउटा खास मोड नै विशिष्ट सङ्घटना हो (मोस्कोविची, सन् २०००, पृ. ३३) । सामूहिक प्रतिनिधित्वहरूले विभिन्न समयमा विभिन्न कोणबाट बृहत् सङ्घटनालाई परिपुष्ट गर्न मद्दत गरेका हुन्छन् ।

बृहत् सङ्घटना त्यस्तो खास विषयको नाम हो, जसमा विभिन्न विषय/वस्तु, व्यक्ति र घटनाहरू समेटिन सक्छन् र विभिन्न समयका भिन्न-भिन्न गतिविधिहरू पनि समग्रमा कुनै एउटा बृहत् सङ्घटनाका अङ्ग हुन्छन् । बृहत् सङ्घटनाले विषय/वस्तु, व्यक्ति र घटनाको व्यापक सन्दर्भलाई समेट्छ । त्यसमा परस्पर भिन्न र असान्दर्भिक मानिएका विषय/वस्तु, व्यक्ति र घटनाहरू पनि कुनै समयमा कुनै खास भावमा अन्तरसम्बन्धित भएर आउन सक्छन् । कुनै खास समयमा असम्बन्धित र असान्दर्भिक मानिएको विषय, व्यक्ति र घटना पनि कुनै खास समयमा बृहत् सङ्घटनासित सम्बन्धित र सान्दर्भिक हुन सक्छ । यसैले बृहत् सङ्घटनामा विषयगत समेटाइको व्यापकता भए जस्तै व्यक्ति र तिनका भूमिकाका साथै घटनामा हुने भिन्नता र तिनलाई हेर्ने दृष्टिकोणको भिन्नता पनि समेटिन सक्छ । विभिन्न सङ्घटनाहरूको अंश र तिनका सन्दर्भहरूको सहनिर्मितिबाट बृहत् सङ्घटना बनेको हुन्छ । सामाजिक प्रतिनिधित्वहरूमा हुने अन्तरविषयात्मक सम्बन्धमा बृहत् सङ्घटनाको

अंश रहेको हुन्छ। बृहत् सङ्घटनामा परिपूरक सङ्घटनामा जोडिएका विभिन्न पक्षमध्ये सबैभन्दा महत्त्वपूर्ण मानिएको वस्तुको शीर्षकीय सामाजिक प्रतिनिधित्व हुन्छ। यसमा परम्परा र भिन्नताका बिचबाट उत्पन्न विवाद र द्वन्द्वको सर्वाधिक प्रतिनिधित्व हुने सम्भावना रहन्छ।

**(ख) संरचना**

संरचनाले बृहत् सङ्घटनाको भाषिक स्वरूपलाई जनाउँछ। यो सम्पादकीयको शीर्षकमा कुनै न कुनै रूपमा मूर्त हुन आउँछ। यसलाई शीर्षस्थ सामाजिक प्रतिनिधित्वको भाषिक संरचना पनि मान्न सकिन्छ। सम्पादकीय सङ्कथनको जस्तै बृहत् सङ्घटनाको पनि शीर्षकीय संरचना हुन्छ। यसको निर्माण शब्दहरूको सार्थक सम्बन्धबाट भएको हुन्छ। यसको प्रस्तुति निश्चित ढाँचामा हुन्छ। शीर्षकीय संरचनामा प्रायः नाम घटकहरूको बाहुल्य रहन्छ। बृहत् सङ्घटना जनाउने क्रममा यस्ता घटकहरूमध्ये कुनैले साध्य र कुनैले साधनको प्रतिनिधित्व गरेका हुन्छन् र ती आपसमा संसक्त हुन्छन्। घटकहरूको संसक्तिसँग सामाजिक प्रतिनिधित्वको सूचकीय सन्दर्भ जोडिएको हुन्छ।

**(ग) सूचकीय सन्दर्भ**

सूचकीय सन्दर्भले सामाजिक प्रतिनिधित्वको सन्दर्भलाई सङ्केत र सूचित गर्ने भाषिक स्वरूपलाई जनाउँछ। कुनै पनि सम्पादकीय सङ्कथनको बृहत् सङ्घटनामा सूचकीय सन्दर्भहरू हुन्छन् र तिनले सामाजिक प्रतिनिधित्वहरूलाई दर्साउने काम गर्दछन्। सामाजिक वातावरणमा देखिने सङ्केतहरू भाषाको अर्थ प्रणालीसँग जोडिएर आउने 'वाह्य रूप' हुन् (ह्यालिडे र हसन, सन् १९९१, पृ. ४)। ती जटिल सञ्जालबाट बुनिएका र परिवर्तनशील हुन्छन्। यस्ता प्रतिनिधित्वका सङ्केतहरूले बाहिरी विश्वका वस्तुहरूलाई सन्दर्भित भने गरेका हुन्छन् (मोस्कोविची, सन् १९८४बी, पृ. ५)। सङ्कथनीय सूचकहरू प्रत्यक्ष र अप्रत्यक्ष चिह्नित हुन्छन्। सूचकीय सन्दर्भहरूले सामाजिक प्रतिनिधित्वका सन्दर्भको परिचालनमा सहमतिजन्य अवस्था सिर्जना गर्दछन्। प्रतिनिधित्वमा विचारधारा र प्रतिबन्धनको स्थिति रहने सन्दर्भ जोडिएको हुन्छ। यसमा निकट र दूरस्थ पृष्ठभूमि सन्दर्भहरू हुन सक्छन्। सन्दर्भका सम्बन्धहरूबाट बृहत् सङ्घटनादेखि शीर्षकीय संरचना हुँदै सम्पादकीय सङ्कथनका कुनै पनि संरचनामा आबद्ध भाषिक घटकहरूको कार्यकारण शृङ्खला परिचालन हुन्छ।

सूचकीय सन्दर्भहरूमा विविध विषय/वस्तु, व्यक्ति र घटनाहरू हुन्छन्। सन्दर्भहरू आन्तरिक र बाह्य खालका हुन सक्छन्। तिनको समेटाइमा ज्ञानात्मक पहुँच र सीपजन्य बौद्धिक प्रभुत्वको बल प्रयोग हुनाका साथै शक्तिसम्बन्धको प्रभाव रहेको हुन्छ। यसमा प्राथमिकता निर्धारण र सम्पादनमा चतुर्‍याइँपूर्ण आम कार्यसाधनको सन्दर्भ पनि जोडिएको हुन्छ। तिनले कार्य, कारण, समय, स्थान आदिको प्रतिनिधित्वलाई सन्दर्भित गरेका हुन्छन्। सन्दर्भहरूले कार्यकारण सम्बन्धबाट निर्देशित भई वास्तविक संसारको सूचकको काम गर्दछन्। यी निर्देशनात्मक पनि हुन्छन्। प्रतिनिधित्वमा प्रत्यक्ष र अप्रत्यक्ष सूचकहरू हुन सक्छन् र तिनले सरल र जटिल खालको प्रतिनिधित्व गरेका हुन सक्छन्।

**(घ) प्रतिनिधित्वको मूल कथ्य**

प्रतिनिधित्वको मूल कथ्यले बृहत् सङ्घटनाको शीर्षकीय संरचनादेखि हरेक सम्पादकीय सङ्कथनमा समेटिएका साझा धारणा र विषयगत तथ्यहरूको सामाजिक प्रतिनिधित्वलाई जनाउँछ। मूल कथ्यमा बृहत् सङ्घटनासँग सम्बन्धित र सन्दर्भित विषय र विचारको प्रतिनिधित्व हुन्छ। यस्ता प्रतिनिधित्वहरूको विकास क्रम विश्लेषणीय हुन्छ। बृहत् सङ्घटनाको बाह्य सन्दर्भलाई परिचालन गरी प्रत्यक्ष र अप्रत्यक्ष चिह्नित सूचकहरूबाट धेरै हदसम्म सही सामाजिक प्रतिनिधित्वको मूल कथ्य ग्रहण गर्न सकिन्छ। यस काममा बृहत् सङ्घटनाका विविध सन्दर्भहरूको पृष्ठभूमि पहिचान गर्नु महत्त्वपूर्ण हुन आउँछ। कुनै पनि बृहत् सङ्घटनाको मूल कथ्यमा विवाद र द्वन्द्वका ऐतिहासिक प्रतिनिधित्वहरूको महत्त्वपूर्ण स्थान हुन्छ। सम्पादकीय शीर्षकमा सारपूर्ण प्रतिनिधित्व गरेका तथ्यहरूले कुनै एउटा घटनामा मूल कथ्यको पूर्ण प्रतिनिधित्व गर्दछन् भने ती तथ्यहरूले बृहत् सङ्घटनामा अंशको प्रतिनिधित्व गरेका हुन्छन्। बृहत् सङ्घटनासित शीर्षस्थ प्रतिनिधित्वको अंश र पूर्णका साथै सहनिर्मितिको सम्बन्ध रहन्छ। यसै सम्बन्धको साझा भावभूमिबाट महत्त्वपूर्ण प्रतिनिधित्वको विकासका साथै मूल कथ्यको विषय र विचारलाई स्थापना गर्न सकिन्छ।

**(ङ) अप्रत्यक्ष सूचकको बृहत् सङ्घटनात्मक सम्बन्ध**

अप्रत्यक्ष सूचकको बृहत् सङ्घटनात्मक सम्बन्धले शीर्षस्थ सङ्कथनमा सोझै देखा नपरे पनि बृहत् सङ्घटनासित सम्बन्धित हुन आउने सूचकहरूको सन्दर्भलाई जनाउँछ। अप्रत्यक्ष सूचकहरू अचिन्हित अवस्थामै कुनै न कुनै सन्दर्भनका माध्यमबाट बृहत् सङ्घटनाको साझा धरातलमा समेटिन आउँछन्। संसक्तिका दृष्टिले अचिन्हित अवस्थामा रहेका कतिपय प्रतिनिधित्वहरू बृहत् सङ्घटनासितको तिनको संयुक्तिपरक सम्बन्धबाट परिचित हुन सक्छन्। यसरी शीर्षस्थ अप्रत्यक्ष सूचकहरूको माध्यमबाट शीर्षकीय संरचनामा अप्रकट प्रतिनिधित्वहरूको पनि पहिचान गर्न सकिन्छ। साथै, आन्तरिक वा बाह्य सन्दर्भ परिचालन गरी बृहत् सङ्घटनासितको तिनको सम्बन्धलाई विश्लेषण गर्न सकिन्छ।

**(च) विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्वहरू**

विवाद र द्वन्द्वका केन्द्रहरूले मूलतः विवाद र द्वन्द्वमा प्रत्यक्ष संलग्न व्यक्ति र त्यसबाट प्रभावित व्यक्तिहरूको समूहको शीर्षस्थ सामाजिक प्रतिनिधित्वलाई जनाउँछ। विवाद र द्वन्द्वका केन्द्रका रूपमा संलग्न व्यक्ति, विषय र घटनामध्ये कुनै न कुनै तथ्यको प्रतिनिधित्व सम्पादकीय शीर्षकमा समेत हुन्छ। विवाद र द्वन्द्वको सिर्जना व्यक्तिहरूबाट हुने भएकाले त्यस्ता व्यक्ति र समूहलाई तिनले उठाएका विषयको गम्भीरता र ती संलग्न घटनाले पारेको प्रभावको व्यापकताका आधारमा सम्पादकीयमा शीर्षस्थ स्थान दिइएको हुन्छ।

परिचालक, व्यवस्थापक र प्रभावित व्यक्तिहरूले विवाद र द्वन्द्वमा मानिसको भूमिकाको विविधतालाई जनाउँछन्। व्यक्तिहरू विवाद र द्वन्द्वका परिचालक र व्यवस्थापक मात्र होइनन्, त्यसबाट प्रभावित हुने सार्वभौम पक्ष पनि हुन्। सम्पादकीय शीर्षकमा सारभूत रूपमा त्यस्ता व्यक्ति र समूहहरू प्रत्यक्ष र अप्रत्यक्ष चिह्नित

हुन्छन् । चिह्नित व्यक्ति र समूहहरूको पृष्ठभूमिमा संस्थागत संरचनाको धारणात्मक सञ्जाल रहन्छ । शीर्षकमा धेरैजसो व्यक्ति, समूह, समुदाय, संस्था आदिको प्रतिनिधित्वलाई प्रत्यक्षतः सङ्क्षेपमा चिह्नित गरिएको हुन्छ । ती औपचारिक, अनौपचारिक, सरल र जटिल जस्तासुकै पनि हुन सक्छन् । यसमा व्यक्तिको भूमिका, परस्पर विरोधी विशिष्ट सम्बन्ध, अंश र सहनिर्मिति, व्यापक र विस्तारित प्रवृत्ति, परम्परा, भिन्न, इतर, ज्ञान-विज्ञानको उपयोग, अनुभवका सन्देश, अन्तर विषयात्मकता, प्रतीक तथा सार्वजनिक अलङ्कार, स्वेच्छाचारी र साङ्केतिक अर्थ आदिको सामाजिक प्रतिनिधित्व रहन्छ ।

प्रत्यक्ष चिह्नित शीर्षस्थ व्यक्ति, व्यक्ति समूह, संस्था, समिति र विम्बको द्वन्द्वात्मक स्थिति रहन्छ । यसमा प्रत्यक्ष चिह्नित केन्द्र र मूल धारका परिधिहरू हुन्छन् । शीर्षस्थ प्रतिनिधित्वमा विवाद र द्वन्द्वका परिचालक, व्यवस्थापक र प्रभावित सार्वभौम पक्षका विभिन्न संरचना र धारणाका सञ्जालहरूलाई सूचित गर्ने नाम, थर र विशेषण रहेका हुन्छन् । तिनले विवाद र द्वन्द्वका परिचालक, व्यवस्थापक र प्रभावित सार्वभौम पक्षहरूलाई परिचित गराएका हुन्छन् ।

सम्पादकीयमा विवाद र द्वन्द्वमा संलग्न र प्रभावित व्यक्तिको अनुभवको पनि सामाजिक प्रतिनिधित्व हुन सक्छ । तिनको अनुभव जटिल हुँदाहुँदै पनि कुनै सिद्धान्त, धारणाको सञ्जाल, रूपक र विम्बहरूका रूपमा सामाजिक प्रतिनिधित्व गर्दै व्यक्तिहरू शीर्षस्थ संचारात्मक अभ्यासमा उनिएका हुन्छन् । सामाजिक प्रतिनिधित्वका माध्यमबाट मात्रै सबै व्यक्तिहरूले उनीहरूको सामाजिक अन्तर्क्रियालाई सार्थक बनाउन सक्छन् (मोस्कोविची, सन् १९९३, पृ. १२९) । विवादमा संलग्न र द्वन्द्वग्रस्त व्यक्तिसँग यथार्थ र भ्रामक दुवै अनुभवहरू हुन्छन् । सामाजिक प्रतिनिधित्वहरूले अनुभवको बाहिरी विश्वलाई दर्साउँछन् र ती धारणात्मक दृष्टिले सही या गलत हुन सक्छन् । सामान्यतः सम्पादकीयको शीर्षस्थ प्रतिनिधित्वले व्यक्तिको अनुभवमा स्वेच्छाचारी अर्थ दिंदैन । शीर्ष व्यक्तिसितको अखबारको सम्बन्ध र साँस्कृतिक पहिचानको खोजीबाट वास्तविक अर्थको नजिक पुग्न सकिन्छ ।

मुक्त र स्वायत्त उपसमूहहरूमा आबद्ध व्यक्तिहरूले समाजका अङ्गहरूको अन्तर्क्रियात्मक निश्चित तहको स्वायत्त सम्बन्धलाई सम्मान र उपभोग गर्दै आफ्नै खालको धारणा बनाउँछन् (मोस्कोविची, सन् १९८८, पृ. २२१) । एउटै सङ्घटनामा पनि सामाजिक प्रतिनिधित्वका विविध तह हुन्छन् । निर्वाचनको सन्दर्भमा पर्यवेक्षकका रूपमा विश्वजगत् र प्रयोगकर्ताका रूपमा राष्ट्र जस्तो ठूलो समुदायदेखि पार्टीगत र स्वतन्त्र उम्मेदवार हुँदै मतदाता जस्तो सानो तर सार्वभौमसत्ता सम्पन्न मानिएको समूहसम्मका विभिन्न तहमा व्यक्तिहरू रहन्छन् । यो 'एउटा समाजले आफैं स्थापना गरेका विश्व-दृष्टिबाट हरेक समयमा सहभागी हुन्छ (मोस्कोविची, सन् १९८८, पृ. २१६) । व्यक्तिको सामाजिक प्रतिनिधित्वद्वारा उसको विश्वदृष्टि बाँधिने भएकाले त्यस्ता प्रतिनिधित्वले मानिसलाई संयुक्त सुझबुझ निर्माण गर्न र अपरिचितलाई परिचित बनाउन सघाउँछ । यसले समूहको मनोवैज्ञानिक परामिति पनि सङ्केत गर्छ ।

धेरैजसो सङ्कथन र ज्ञान मानिसका बारेमा हुने हुनाले मानिस कसरी वर्णित छ, कुन पहिचान, भूमिका, सम्बन्ध, सदस्यता, संगठन, पेसा, लैङ्गिकता, वर्ग, जातीयता, उमेर, प्रतिनिधित्व वा वाह्याकृतिमा छ जस्ता कुरा

एकदम गम्भीर हुन्छन् (भ्यानडिक, सन् २००८, पृ. १३)। सामाजिक प्रतिनिधित्वमा व्यक्तिबाटै भिन्नता र इतरताको निर्माण हुन्छ। यसले व्यक्तिको वर्गीय, लिङ्गीय, जातीय, क्षेत्रीय पृष्ठभूमिका आधारमा देखापर्न सक्ने विषयगत बुझाइको पृथकता र जटिलतालाई बेवास्ता गर्दछ। यसमा व्यक्तिको प्रतिनिधित्व, पहिचान,, प्रतिरोध, शक्तिसम्बन्ध, विचार आदिको व्याख्याका लागि सांस्कृतिक तत्त्वहरूको प्रयोग गरिन्छ। शीर्षस्थ प्रतिनिधित्वमा व्यक्तिको सार्वजनिक परिचय हुन्छ र त्यसमा एकरूपता र भिन्नता निर्माणको सांस्कृतिक अवस्था निश्चित हुन्छ। यस क्रममा परम्परा र इतरको प्रयोग हुन्छ। व्यक्तिले इतरको प्रतिनिधित्व गर्नबाट जोगिन आफ्नो प्रवर्द्धन र संरक्षण गर्छ। यस क्रममा उसले समूहभित्र र बाहिर तथा अरूबाट आफूलाई फरक गर्ने व्यापक र विस्तारित प्रवृत्ति देखाउँछ। यो कुरा सम्पादकीयको शीर्षस्थ प्रतिनिधित्वका सन्दर्भमा सम्बोधित, सम्बोधक, अङ्कित र अनङ्कित सबै व्यक्ति र व्यक्तिको समूहमा लागु हुन्छ।

समाजमा विवाद र द्वन्द्वका केन्द्रहरूले परम्परा र भिन्नताको प्रतिनिधित्व गर्दछन् भने सम्पादकीयमा सामूहिक सोचका विशेष रुचिका क्षेत्र मानिएका परम्परागत दृष्टिबाट भिन्न धारणाहरूलाई शीर्षस्थ स्थान दिइएको हुन्छ। भिन्न धारणाले व्यक्ति वा नागरिकको, नागरिक समूहको, विधानतः नागरिकको हैसियत राख्ने संघसंस्थाको दैनिक जीवनमा समस्या, चुनौती र तनाव सिर्जना गर्दछन्। विवाद र द्वन्द्वको केन्द्र मानिएका व्यक्तिसँग विवाद गर्नका लागि विषय/वस्तुहरू हुन्छन् र विषय/वस्तुलाई स्थापित गर्नका लागि गरिएका विभिन्न गतिविधिसँग घटनाहरू जोडिएका हुन्छन्। यसैले सामाजिक प्रतिनिधित्वमा व्यक्तिसँग सम्बन्धित विषय/वस्तु र घटनाका सन्दर्भहरू जोडिएका हुन्छन्। सम्पादकीयमा शीर्षस्थ विवाद र द्वन्द्वका केन्द्रमा रहेका व्यक्तिहरू प्रतिनिधित्वका दृष्टिले विश्लेषणीय हुन्छन्।

बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको विश्लेषण ढाँचा सम्पादकीय, सङ्कथन र सामाजिक प्रतिनिधित्वको एकीकृत सिद्धान्त नभएर विश्लेषणको आधार मात्र हो। यसलाई साधनका रूपमा प्रयोग गरी सम्पादकीयको शीर्षस्थ सङ्कथनमा रहेका बृहत् सङ्घटनात्मक प्रतिनिधित्वहरूलाई विश्लेषण गरी तार्किक निष्कर्षमा पुग्न सकिन्छ।

### २.३.२ प्रतिनिधित्वको निर्भरीकरण

सामाजिक प्रतिनिधित्व सिद्धान्तका दुईमध्ये एउटा भाषिक संयन्त्रका पाँच उपकरणलाई सम्पादकीय र सङ्कथनसम्बन्धी मान्यतासँग जोडेर प्रतिनिधित्वहरूको निर्भरीकरण विश्लेषणको ढाँचा तयार गरिएको छ। निर्भरीकरणका पाँच उपकरणलाई आवश्यकतानुसार संयुक्त र एकल साधनका रूपमा प्रयोग गर्दै सम्पादकीय सङ्कथनमा निर्भरीकरण गरिएका प्रतिनिधित्वहरूलाई विश्लेषण गर्न र तार्किक निष्कर्षमा पुग्न सकिन्छ।

#### (क) नामिक र विषयगत निर्भरीकरण

अपरिचित सङ्घटनालाई सुपरिचित विषय/वस्तु, व्यक्ति र घटनामा निर्भर गरी प्रकट अनुहारको नाम दिनु नामिक निर्भरता हो। संचारमा पहिचानका लागि प्रतिनिधित्वको नाम चाहिन्छ। यसैगरी अपरिचित

सङ्घटनाहरूका मूल भावलाई परिचित विषयमा निर्भर गरेर अर्थ प्रदान गर्नु विषयगत निर्भरता हो । मूल भावहरू भाषाभित्र कुनै नाममा सूचीबद्ध भएर विश्वव्यापी विचारका रूपमा सक्रिय रहन्छन् । यस्ता मूल भावहरू तत्त्वशास्त्रीय अवस्थितिबाट कुनै तार्किक, न्यायिक तथा विचार-विमर्शपरक मानवीय चेतनाको संचार र अनुमान क्षमतामा निर्भर हुन्छन् ।

समाजमा रीतपूर्वक कुनै व्यक्ति र वस्तुको नामकरण गर्ने अति नै विशिष्ट र महत्त्वपूर्ण संस्कार हुने भएकाले कोही र केहीलाई नाम दिनु भनेको वास्तवमा हाम्रो सांस्कृतिक पहिचानको चौघेरामा सम्बन्धित व्यक्ति र वस्तुको प्रतिनिधित्वको स्थान निश्चित गर्नु पनि हो (मोस्कोविची, सन् २०००, पृ. ४६) । नामबाट कुनै घटना, तथ्य, क्रिया, प्रसङ्ग, दृष्टिज्ञान आदिलाई अज्ञानता, अपरिचय र सङ्कुचनको घेराबाट मुक्त गर्न सकिन्छ । वास्तवमा नामिक व्यवस्थाको मुख्य उद्देश्य विशिष्ट गुणहरूको सम्प्रेषण गर्न, व्यक्तिको क्रियाकलाप पछाडिको नियत तथा प्रवृत्ति बुझ्न र विचारलाई स्वरूप दिन सघाउनु हो (मोस्कोविची, सन् २०००, पृ. ४८) । कुनै कुरालाई नाम दिँदा कुनै विशेष शब्द/पदावलीको जटिल संरचना बनाइन्छ । यस्तो संरचनाले अपरिचित विषय/वस्तु, व्यक्ति र घटनालाई वंशवृत्तसँग जोडेर स्थानीयकरण गर्छ र उत्सुकतापूर्ण अज्ञानताबाट परिचित बनाउँछ । यसरी स्थानीयकरण गरेपछि त्यस्तै विषय/वस्तु हाम्रो संस्कृतिमा स्थापित हुन्छ (मोस्कोविची, सन् २०००, पृ. ४६) । एउटा नयाँ राजनीतिक समूहलाई 'आतङ्ककारी', असाध्य रोगलाई 'प्राणघातक', जलवायु परिवर्तनको जटिल वैज्ञानिक प्रसङ्गलाई 'मौसम', डिजिटल प्रविधिबाट इन्टरनेटमार्फत् हुने सम्पर्कका साधनहरूलाई 'सामाजिक सञ्जाल' यस्तै केही नामका उदाहरण हुन् । यी र यस्ता प्रतिनिधित्वहरू नामिक निर्भरीकरणबाट बनेका हुन् (हैयर, सन् २०११, पृ. ११) । यसैले नाम दिने प्रक्रिया अमूर्तबाट मूर्त सन्दर्भसँग जोडिएको हुन्छ ।

नाम प्रायः अखबारका सामग्रीहरूको शीर्षक र परिचयमा देखापर्छ । यसले एउटा अस्पष्ट धारणालाई पूर्णतः सङ्कुचनको अवस्थाबाट मुक्त गरी त्यसमा रहेको अज्ञातपनलाई हटाउँछ । अज्ञात र अनाम हुनु संचारयोग्य छवि नहुनु र अरू छविहरूसँग सम्बन्धित नहुनु हो (मोस्कोविची, सन् २०००, पृ. ४६) । संचारजस्तै सामाजिक सहयोग लिएर प्रचलित विचारका आधारमा नामकरण गर्नु उपयुक्त मानिन्छ । नामकरण प्रक्रियाले वास्तविक विषय/वस्तु र अवस्थालाई बिगार्न हुँदैन र यो पक्षपातरहित हुनु पर्छ । नामकरणले विषय/वस्तु, व्यक्ति र घटना र तिनको अवस्थालाई राम्ररी बुझाएर नयाँ आयाम दिने विशेषता पक्डन सक्नु पर्छ । विशेषता अनुसार नामको वर्गीकरण हुन्छ । वर्गीकरण र नामकरण परम्परागत हुन्छन् । विशेष गरी सामाजिक समूहहरूको नामकरण परम्परा या रूढिसँग सम्बन्धित हुन्छ । रूढ नामकरणले सामाजिक प्रतिनिधित्वमा अन्य व्यक्तिको परिभाषा र मूल्याङ्कनमा यथार्थता, शुद्धता, सूक्ष्मता र सुस्पष्टताको भ्रम सिर्जना गर्दछ । भ्रमले कसैलाई सीमान्त, अधीनस्थ, आश्रित, गौण वा अप्रधान स्तर र यस्तै स्थानमा निश्चित गर्छ । आमसंचारमा गरिने परम्परित नामकरण दोहोरो रूपमा कपटपूर्ण हुन सक्छ । पहिलो, 'अन्य'लाई नकारात्मक विशेषण दिइन्छ र दोस्रो, त्यसैलाई तटस्थीकरण गरिएको अर्थमा बुझिन्छ । यस्तो नामकरणले वास्तविकताको सट्टा भ्रम सिर्जना गर्छ । यस्तो नामलाई समाज

निर्माणको अर्थमा हेरिँदैन । दोस्रो, परम्परित खालको नामले यसको उत्पत्ति, मूल अर्थ अनि प्रयोगको निरन्तरतालाई निश्चित गर्छ । यस्तो नाममा पनि बदलिँदो सन्दर्भमा समाज निर्माणको सकारात्मक तत्त्व हुँदैन ।

विषयगत निर्भरता मोस्कोविचीले सन् २००० र सन् २००१ मा गरेको भाषामा प्रचलित मूल भावको अवधारणाको प्रयोगमा आधारित छ। मूल भावको प्रयोग संरचनागत गहन तहमा सामाजिक प्रतिनिधित्वको पकडका लागि गरिन्छ। उनले दिएको तर्क के पाइन्छ भने सोचको सामूहिक सामान्य तरिका वा कुनै खास सन्दर्भमा उब्जने प्राथमिक विचारले नयाँ सामाजिक प्रतिनिधित्वको सिर्जना र संरचना गर्दछ। मूल भावहरू 'आधारभूत विचार' हुन्। यी 'पूर्व-अस्तित्वमा रहेका विचार' वा 'प्राथमिक विचार' हुन्। ती मूल भावहरू 'समाजबाट सिर्जित भएका हुन्छन् र समाजबाटै संरक्षित भएका हुन्छन् (मोस्कोविची, सन् २०००, पृ. १६३)।

मूल भावहरू संचारका क्रममा विभिन्न सङ्घटनाका साक्षी भएर उपस्थित हुन्छन्। तिनले कहिल्यै आफूलाई प्रकट गर्दैनन् (मोस्कोविची, सन् २०००, पृ. १८२)। यसैले संचार सामग्रीहरूले निश्चित भाषाको संरचना भन्दा परको विषयलाई अर्थमा समेटेका हुन्छन्। भाषिक संरचनामा रहेका मूल भावहरू सामाजिक सांस्कृतिक विचारधाराको नजिक हुन्छन्। विचारधाराहरू सामान्य चेतनाका रूप हुन्। तिनको प्रयोगमा पहिचान, प्रतिनिधित्व, प्रभुत्व, भिन्नता र शक्तिसम्बन्धको प्रभाव रहन्छ। सामान्य चेतना समाज र सामाजिक समूहहरूमा विचारका रूपमा रहेको हुन्छ। प्रजातन्त्र, मानव अधिकार, समानता, राष्ट्रवाद जस्ता प्रतिनिधित्वहरू विषयगत हुन्छन्। सशक्तीकरण, समावेशीकरण, मूल प्रवाहीकरण, राष्ट्रियकरण, वैयक्तिकीकरण जस्ता शब्द र विचारधारात्मक क्षितिज, नयाँ नेपाल निर्माण, राष्ट्र निर्माण, संविधान निर्माण, संविधानसभा निर्वाचन जस्ता पदावली पनि मूल भावका रूपमा प्रयोग भएका हुन्छन्। मूल भावमा विभिन्न सङ्घटनाहरू विषयगत रूपमा संलग्न हुन्छन्। सामाजिक प्रतिनिधित्वमा मूल भावहरू तुलनीय हुन्छन्। तुलनाले अर्थको विपरीततालाई सङ्केत गर्दछ।

निर्भरीकरणमा नाम र विषय आपसमा अन्योन्याश्रित हुन्छन् । भाषिक संरचनामा विषयगतको निर्भरता नामबाटै हुन्छ । नाममा उपस्थित विषयमा अपरिचित सङ्घटनाका मूल भावहरू रहन्छन् । मूल भावहरू विश्वव्यापी विचारका रूपमा सक्रिय रहने, तार्किक, न्यायिक तथा विचार-विमर्शपरक मानवीय चेतनाको संचार र अनुमान क्षमतामा निर्भर हुने, संरचनागत गहन तहमा सामाजिक प्रतिनिधित्वको पकडका लागि प्रयोग गरिने 'आधारभूत विचार' भएकाले तिनलाई नामबाटै खोजी गरी नामसँगै विश्लेषण गर्नु उपयुक्त हुन्छ। सामाजिक प्रतिनिधित्वमा मूल भावहरूले प्रदान गर्ने विषयको अर्थमा सन्दर्भित हुन आउने विपरीततालाई पनि नामबाटै पहिचान गर्न सकिन्छ। नाम दिने प्रक्रिया अमूर्तबाट मूर्त सन्दर्भसँग पनि जोडिने हुनाले अध्ययनमा कुनै विषय, घटना, तथ्य, क्रिया, प्रसङ्ग, दृष्टिज्ञान आदिलाई प्रकट गर्दै अज्ञानताको सङ्कुचित घेराबाट मुक्त गर्ने प्रयासका क्रममा प्रस्तुत गरिएका नामलाई स्थानीयकरण गर्न राखिएको नेपाली संस्कृतिको परिचयात्मक संरचनामा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनात्मक सन्दर्भ परिचालन गर्नुपर्ने हुन्छ। सम्पादकीयमा रहेका कतिपय नामहरूको स्पष्ट परिचय, विस्तार, विशेषताबाट प्रकट हुने प्रतिनिधित्व, विशेषतामा स्थानीयता, भिन्नता,

पक्षपात र तटस्थता, विषय/वस्तु, व्यक्ति, घटना र तिनको अवस्थाको नामकरणमा स्पष्टता, नयाँ आयाम, वास्तविकता, भ्रम र नकारात्मकता जस्ता कुरा विश्लेषणीय हुन्छन् ।

### (ख) विपरीतार्थक निर्भरीकरण

कुनै एउटा अपरिचित सङ्घटनाको अर्थलाई ठ्याक्कै उल्टो परिचित सङ्घटनासँग निर्भर गरी तुलनात्मक प्रस्तुति गर्नु विपरीतार्थक निर्भरता हो । विपरीतताले समाजमा तनाव वा गतिशीलताको सिर्जना गर्दछ । यसले तुलना, स्वीकार र अस्वीकारको अर्थबाट सामाजिक प्रतिनिधित्वमा परिवर्तन र विकासको अगुवाइ गर्छ । हरेक समाजमा जीवन/मरण, मानव/अमानव, जीव/निर्जीव, प्रविधि/प्रकृति, हामी/उनीहरू, समर्थन/विरोध, भय/निर्भय, आशा/निराशा, स्वतन्त्रता/दमन, उज्यालो/अँध्यारो, जाडो/गर्मी, दिन/रात, धनी/गरीब, तल/माथि, आगो/पानी, दुःख/सुख र यस्तै यस्तै विपरीतार्थी शब्द घटकहरू रहेका हुन्छन् । अर्थ बनाउन सक्ने विचार-विमर्शपरक, संवादात्मक वा सम्भाषणात्मक साधनहरूमा रहेको उल्टो अर्थ बनाउने क्षमताले सामाजिक प्रतिनिधित्वमा निर्भरताको काम गर्छ । यसमा ध्रुवीयता र अकरण उत्पन्न गर्ने क्षमता हुन्छ । विपरीत धारका विषय/वस्तु, व्यक्ति र घटनाहरू आपसमा तुलनीय हुन सक्छन् । कतिपय सन्दर्भमा विपरीतार्थी शब्दहरूले तनाव, द्वन्द्व र समस्याका स्रोतको प्रतिनिधित्व गर्दछन् र ती सार्वजनिक बहसका अङ्ग भएर सम्पादकीयमा प्रकट हुन्छन् । नयाँ सामाजिक प्रतिनिधित्वको विकास हुने अवस्थामा विपरीतार्थक निर्भरताको प्रयोग प्रभावकारी हुन्छ । विपरीतार्थीहरूमा मूल भावको पनि निर्भरीकरण हुन सक्छ ।

प्रतिनिधित्वले तुलना, सकार र नकारको अर्थबाट समाजमा तनाव वा गतिशीलताको सिर्जना गर्दै सामाजिक प्रतिनिधित्वमा परिवर्तन र विकासको अगुवाई गर्ने हुनाले यसलाई तनाव, द्वन्द्व वा समस्याका स्रोतका रूपमा सार्वजनिक बहसका अङ्ग बनाइएको हुन्छ । नयाँ सामाजिक प्रतिनिधित्वको विकास हुने अवस्थामा विपरीतार्थक निर्भरताको प्रयोग प्रभावकारी हुन्छ । यसमा मूल भाव पनि हुन सक्छ । यही आधारमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनाभित्रका अपरिचित सङ्घटनाको अर्थलाई परिचित सङ्घटनासँग तुलनात्मक रूपमा उल्टो गरी निर्भर गराइएका प्रतिनिधित्वहरू विश्लेषणीय हुन्छन् ।

### (ग) रूपकीय र संवेगात्मक निर्भरीकरण

कुनै अपरिचित सङ्घटनालाई कुनै परिचित विषय/वस्तु, व्यक्ति र घटनाका विम्बको माध्यमबाट अर्थ प्रदान गर्नु रूपकीय निर्भरता हो । रूपकहरूले वस्तु र परिघटनालाई कुनै अर्कै वस्तुको सापेक्षतामा कल्पना गरेर बोधगम्य बनाउँछन् । यसैगरी, अपरिचित सङ्घटनाबाट उत्पन्न हुने संवेगलाई परिचित संवेगहरूमा निर्भर गरेर अर्थ प्रदान गर्ने उपाय संवेगात्मक निर्भरता हो । यो मनोविज्ञानसँग बढी सम्बन्धित हुन्छ । रूपक र संवेगका सामाजिक प्रतिनिधित्वहरूलाई पनि सम्पादकीयमा भाषिक निर्भरता दिइएको हुन्छ । रूपकले वस्तु र परिघटनालाई कुनै अर्कै वस्तुको सापेक्षतामा कल्पना गरेर बोधगम्य बनाउँछ भने संवेगले ज्ञातको सापेक्षतामा अज्ञात वस्तु र परिघटनासित जोडिएको मनोविज्ञानलाई प्रकट गर्छ ।

संचारमा युद्ध र खेलकूदका विविध रिपोर्टिङहरूमा रूपकहरूको प्रयोग सामान्य मानिन्छ (हैयर, सन् २०११, पृ. ११)। सम्पादकीयमा पनि रूपकहरू प्रयोग भएका हुन्छन्। 'निर्वाचनको महायज्ञमा होमिनु, 'रगतको खोलो बगाउने धम्की दिनु', 'निर्ममतापूर्वक हत्या गर्नु', 'हात जोडेर विन्ती गर्नु', 'मानव ढाल बनाउनु', 'अर्जुन दृष्टि' जस्ता पदावलीमा रूपकीय अर्थ प्रयोग भएका हुन्छन्। सम्पादकीयको सामाजिक प्रतिनिधित्वमा तार्किक अर्थका लागि रूपकको प्रयोग हुन्छ। रूपकहरूले विषयलाई गम्भीरतापूर्वक प्रस्तुत गर्न सघाउँछन् र हाम्रो आफ्नै अस्तित्वको डरलाई पनि दर्साउँछन् (हैयर, सन् २०११, पृ. ११)। खास सन्दर्भमा हेर्दा कतिपय रूपकहरूले कुनै खास पक्षलाई पनि सङ्केत गरेका हुन्छन्।

कतिपय रूपक विश्वव्यापी हुन्छन् भने कतिपय रूपकले सांस्कृतिक विविधताको प्रतिविम्बन गर्दछन्। कतिपय रूपक निश्चित ठाउँमा निश्चित अर्थ प्रदान गर्ने खालका पनि हुन्छन्। दैनिक प्रयोगमा आउने भाषामै रूपकहरूको प्रशस्त प्रयोग हुन्छ। सोचाइ र संचार आधारभूत रूपमा रूपकीय हुन्छन्। प्रयोग बहुलता, काव्यात्मकता, विविधार्थकता, आयामिकता आदि दृष्टिले रूपकहरू फरक फरक हुन्छन्। धेरै समय प्रयोगमा आउने मूल रूपक हुन्। यस्ता रूपले संस्कृति झल्काउँछन् (हैयर, सन् २०११, पृ. ११)। हलो, गाई, छाता, घडी, यज्ञ, होम, युद्ध, आगो, जङ्गल, खेल, नाटक, मञ्च, आँखा, मेसीन, विरामी, रोग, मृत्यु, पुनर्जन्म आदि रूपकहरू नेपाली सोचमा लामो समयदेखि चलनचल्तीमा रहेका छन्।

मोस्कोविचीले अहिले मात्र होइन, सन् १९९३ मा नै पैसाको सामाजिक प्रतिनिधित्वसम्बन्धी लेखमा धैर्यको भावना र चाहनाको कुरा उठाएर संवेगीकरणका बारेमा चर्चा गरेका छन् (हैयर, सन् २०११, पृ. ८)। सामाजिक प्रतिनिधित्वमा संवेगात्मक संयोजकतासँग मिसिएको सङ्केतलाई स्थान दिइन्छ। संवेग भए मात्र संचार प्रक्रियामा सामाजिक प्रतिनिधित्वले एउटा नयाँ घटनालाई सुपरिचित घटनासँग जोड्दा सन्दर्भ दिन सक्छ (हैयर, सन् २०११, पृ. ९)। यसबाट अज्ञातले ज्ञात संवेगको रूप लिन्छ। चिन्ताको विषय/वस्तु, व्यक्ति र घटनालाई त्रास, खतरा, डरसँग जोडिन्छ भने निश्चिन्तताको भावलाई उमङ्ग, उल्लास आदि परिचित संवेगसँग सन्दर्भित गर्न सकिन्छ।

सामाजिक सङ्घटना र घटनाक्रमहरूलाई डरको, डराउन लागेको, रिसाएको, दुःखी भएको अथवा दया, करुणा, अनुकम्पा आदिको अनुभवमा समानुभूति भएको संवेगका रूपमा निर्भरीकरण गरिन्छ। आशा, डर, लोभ, त्रास, गल्ती, सत्कर्म, क्षमा, दया, करुणा, अनुकम्पा, प्रायश्चित आदि सुपरिचित संवेगसँग तुलनाका आधारमा सामाजिक प्रतिनिधित्वहरूलाई निर्भरीकरण गर्न सकिन्छ। संवेगहरू मनोवैज्ञानिक मात्रै नभएर समाज निर्मित पनि हुन्छन्। सामाजिक विधिविधान, ऐननियम, कानुनहरू र आचारसंहिताले सही या गलत कार्यसँग जोडिने संवेग निर्माण गरेका हुन्छन्। गल्ती, क्षमा, प्रायश्चित आदि सामाजिक मूल्यका रूपमा निर्मित आचारसंहिता र नियमकानुनको उल्लङ्घनसँग सम्बद्ध संवेग हुन्। आमसंचारले संवेगात्मक निर्भरतालाई सतही र हचुवाको भरमा नभई राम्रोसँग प्रयोग गर्नुपर्ने हुन्छ (हैयर, सन् २०११, पृ. ९)। संवेग निर्भरीकरणसँग मात्र नभई मूर्तीकरणसँग पनि सम्बन्धित हुन्छ।

सामाजिक प्रतिनिधित्वमा रूपकले दिने तार्किक अर्थले विषयको गम्भीरतालाई बढाउँछ भने संवेगले नयाँ

घटनालाई सुपरिचित घटनाको सन्दर्भबाट सङ्केत गर्दछ । यही आधारमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनाभित्र विविध सन्दर्भमा प्रयुक्त रूपकमा सङ्केतित विश्वव्यापी र निश्चित आयाम, सांस्कृतिक विविधता जस्ता कुनै खास पक्षका साथै मनोवैज्ञानिक र समाज निर्मित संवेगहरूमा निहित अनुभव र तुलना आदिलाई प्रकट गर्ने सामाजिक प्रतिनिधित्वहरूको निर्भरीकरण विश्लेषणीय हुन आउँछ ।

## २.३.३ प्रतिनिधित्वको मूर्तीकरण

सामाजिक प्रतिनिधित्व सिद्धान्तका दुईमध्ये एउटा भाषिक संयन्त्रका दुई उपकरणलाई सम्पादकीय र सङ्कथनसम्बन्धी मान्यतासँग जोडर प्रतिनिधित्वहरूको मूर्तीकरण विश्लेषणको ढाँचा तयार गरिएको छ । मूर्तीकरणका दुई उपकरणलाई साधनका रूपमा प्रयोग गर्दै सम्पादकीय सङ्कथनमा मूर्तीकरण गरिएका प्रतिनिधित्वहरूलाई विश्लेषण गर्न र तार्किक निष्कर्षमा पुग्न सकिन्छ ।

### (क) संवेगात्मक मूर्तीकरण

संवेगात्मक मूर्तीकरणले मनोवैज्ञानिक भावको प्रयोगलाई जनाउँछ । यस प्रक्रियामा कुनै पनि अपरिचित विषय/वस्तुको प्रभावलाई परिचित बनाएर नयाँ प्रतिनिधित्व प्रदान गर्न भावको प्रयोग गरिन्छ । यसमा दया, माया, आक्रोश, करुणा, घृणा जस्ता मानवीय भावसँग जोडेर प्रतिनिधित्वको प्रभावको मूर्तीकरण गरिएको हुन्छ । भावहरूले कुनै पनि सङ्घटनाका नयाँ प्रतिनिधित्वहरूमा मनोवैज्ञानिक तत्त्व र मानवीय मूल्य प्रदान गर्दछन् । यसरी मूर्तीकृत प्रतिनिधित्वहरू मानवीय रुचिका विषय/वस्तु बन्न सक्छन् । आमसंचार सङ्कथनमा नयाँ सामाजिक प्रतिनिधित्वहरूलाई सशक्त बनाएर स्थापित गर्न संवेगात्मक मूर्तीकरण संयन्त्रको कुशलतापूर्वक प्रयोग गरिएको हुन्छ । संवेगहरू ज्ञान, अनुभव र धारणासित सम्बन्धित हुन्छन् । तिनले मानिसको मनलाई भावनात्मक रूपमा स्पर्श गरेर प्रतिनिधित्वलाई मूर्त बनाएर स्थापित गर्न सक्छन् । कुनै बलियो संवेगात्मक तत्त्वको सँलग्नता भएको अवस्थामा सम्पादकीयमा उठाइएका विषय/वस्तु, व्यक्ति र घटनामध्ये कुनै पनि सामाजिक प्रतिनिधित्वलाई प्रतीकात्मक रूपले जोडेर पनि संवेगात्मक मूर्तीकरण गर्न सकिन्छ । यसमा विभिन्न खालका भावलाई विभिन्न तरिकाले शब्द र पदावलीका संरचनामार्फत् मूर्तीकरण गरी स्थापित गर्न सकिन्छ । सम्पादकीयमा समसामयिक प्रतीकहरूको निर्माण गरी विषय/वस्तु, व्यक्ति र घटनासँग जोडिएका कार्य र तिनले समाजमा पारेका र पार्न सक्ने सकारात्मक/नकारात्मक प्रभावलाई संवेगात्मक मूर्तीकरण गरिएको हुन्छ ।

संवेगात्मक मूर्तीकरणमा भाषिक रूपमा मूर्त भइसकेका मनोवैज्ञानिक भावले कुनै अपरिचित तत्त्व, वस्तु, पदार्थ वा सत्तालाई परिचित बनाउँदा प्रकट भएका नयाँ प्रतिनिधित्वहरूको विश्लेषण गरिन्छ । यसमा मनोवैज्ञानिक तत्त्व र मानवीय मूल्यलाई हेरिन्छ । सम्पादकीयमा प्रतीकात्मक रूपमा उठाइएका वस्तु, तत्त्व, पदार्थ वा सत्तामा कुनै न कुनै प्रकारले संवेगको संलग्नता हुन सक्ने भएकाले ती विश्लेषणीय पनि हुन्छन् । संवेगलाई के कस्ता शब्द र पदावलीका संरचनामार्फत् मूर्तीकरण गर्दै नयाँ सामाजिक प्रतिनिधित्वमा स्थापित गरिएको छ भन्ने तथ्यको खोजी गर्न सकिन्छ ।

(ख) **वैयक्तिक मूर्तीकरण**

वैयक्तिक मूर्तीकरणले विशेष व्यक्तिसित कुनै विचार वा घटनालाई सम्बन्धित गर्नुलाई जनाउँछ । उदाहरणका लागि फ्रायडलाई मनोविश्लेषणको, गान्धीलाई अहिंसावादी राजनीतिक प्रतिरोधको, मण्डेलालाई रङ्गभेद विरोधी मेलमिलापपूर्ण राजनीतिको, मन्टेस्क्युलाई निर्वाचन क्षेत्र निर्धारण रणनीतिको प्रतीकात्मक व्यक्तित्वका रूपमा चिनिन्छ। यसैले उनीहरूलाई तत् तत् विषयको प्रतीकका रूपमा अन्य मिल्दाजुल्दा विषय/वस्तु, व्यक्ति र घटनाका सन्दर्भमा मूर्तीकरण गरिन्छ। संचारमा कुनै कुरालाई कुनै सुप्रसिद्ध व्यक्तिसित सम्बन्धित गरेर हेर्नु सामान्य सङ्कथनात्मक शैली हो। यसो गर्दा सम्बन्धित व्यक्तिलाई यस्तै कुनै नयाँ विषय/वस्तु, व्यक्ति र घटनामा प्रभावकारी तरिकाले ध्यानाकर्षण गर्ने प्रतिनिधित्वका सन्दर्भमा प्रयोग गर्न सकिन्छ। यसबाट सम्बन्धित विषय/वस्तु, व्यक्ति र घटनाको प्रमाणीकरण र प्रसिद्धीकरण हुन्छ।

कुनै व्यक्तिको छविमा कुनै अपरिचित तत्त्व, वस्तु, पदार्थ वा सत्ता परिचित हुन आउँदा भाषिक रूपमा मूर्त देखिएका नयाँ प्रतिनिधित्वहरूको जन्म हुन्छ। तिनको सन्दर्भ विश्लेषणका क्रममा कुनै व्यक्तिसित जोडिएको कुनै भाव, विषय वा घटनाको सम्बन्ध पनि स्वतः मूर्त हुन आउँछ। त्यस्ता भाव, विषय वा घटनाले वैयक्तिक छविका माध्यमबाट आधिकारिकता, प्राथमिकता, प्रसिद्धि र विशिष्टताको बल पाउन सक्छन्। प्रतिनिधित्वहरूको मूर्तीकरणमा कुनै अपरिचित अनुभवलाई कुनै समूहको सामाजिक प्रतिनिधित्वका प्रकारभित्र राखेर त्यसका सारपूर्ण तत्त्व, वस्तु, पदार्थ वा सत्तालाई चित्रका रूपमा पुनरुत्पादन गर्नका लागि प्रयोग गरिएको भाषाका आधारमा सम्पादकीयमा मूर्तीकृत छविमा निहित र सन्दर्भित सारपूर्ण तत्त्वका अर्थको अध्ययन गरिन्छ । यस क्रममा महत्त्वका साथ प्रस्तुत गरिएका प्रतिनिधित्वको पहिचानका साथै त्यसमा संसक्त र संयुक्त भई मूर्त हुन आउने नयाँ प्रतिनिधित्वहरू पनि विश्लेषणीय हुन्छन्।

## २.३.४ प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव

शक्ति, सङ्कथन र सामाजिक प्रतिनिधित्वका सान्दर्भिक मान्यतालाई सम्पादकीयसँग जोडर प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव विश्लेषणको ढाँचा तयार गरिएको छ । यसलाई साधनका रूपमा प्रयोग गर्दै सम्पादकीय सङ्कथनमा परेको शक्तिसम्बन्धको प्रभावलाई विश्लेषण गर्न र तार्किक निष्कर्षमा पुग्न सकिन्छ।

(क) **संस्थागत बौद्धिक प्रभुत्व**

संस्थागत बौद्धिक प्रभुत्वले सम्पादकीय सङ्कथन निर्माण, प्रकाशन र वितरणको स्थितिसन्दर्भका साथै प्रेस स्वतन्त्रताको संस्थागत अधिकार, सामाजिक दायित्व, सामूहिक बौद्धिक अभ्यास, लेखकीय चेतना र ज्ञानलाई जनाउँछ। सम्पादकीय सङ्कथनमा कुनै खास समाजको सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक शक्ति संरचनाको बृहत्तर खाकाभित्र संचार संस्थाको भूमिका र त्यसले पाठकमा पार्ने प्रभाव पनि संलग्न हुन्छ। आमसंचार संस्था शक्तिशाली हुन्छन् र सङ्कथनमा छविको शक्तिशाली अर्थ निश्चित गरी उपलब्ध गराउन तिनको भूमिका प्रभावकारी हुन्छ (क्याम्पवेल र नेल, सन् १९९७, पृ. १४)। साथै, 'प्रमुख संचार माध्यमहरू आफैं

सम्भ्रान्त शक्ति र प्रभुत्वको संस्था हुन सक्छन्' (भ्यानडिक, सन् १९९५, पृ. १२)। सामाजिक प्रतिनिधित्वहरूका व्यापक अवधारणामा प्रभुत्वशाली र सूक्ष्म अवधारणामा प्रतिपक्षीय प्रतिनिधित्वहरूमार्फत् सम्पादकीयमा सोझै वैचारिक शक्तिको अभ्यास हुन्छ। यसैले समाजमा शक्ति र प्रभुत्वको प्रजननको अंशका रूपमा ज्ञानको उत्पादन र पुनरूत्पादन हुन्छ (भ्यानडिक, सन् २००८, पृ. १०)। सम्पादकीयमा सामान्यतः प्रेसको अभिप्रेरणात्मक शक्तिको अभ्यास गरी धेरैजसो पाठकको विचार र रूचिसँग मेल खाने सामाजिक प्रतिनिधित्वहरूको प्रकाशन गरिन्छ। यसमा प्रयुक्त र रिक्त सामाजिक प्रतिनिधित्वहरू भिन्नता र इतरतामा परेका हुन्छन्। आपसमा प्रतिस्पर्धी देखिने त्यस्ता प्रतिनिधित्वहरूको प्रस्तुतिमा शक्तिसम्बन्धको प्रभाव हुन्छ।

सम्पादकीयमा शक्तिको संस्थागत र ज्ञानात्मक अभ्यास हुन्छ। सङ्कथन र ज्ञानको स्वरूपमा सम्पूर्ण नयाँ 'शासन' छ (फुको, सन् २०००, पृ. ११४)। पत्रकारहरूले सम्पादकीय सङ्कथन उत्पादन र तीसँग सम्बद्ध विविध कार्यहरूद्वारा समाजमा रहेका विभिन्न शक्ति समूहहरूसितको शक्तिसम्बन्ध र संस्थागत प्रभुत्व प्रकट गरिरहेका हुन्छन्। सम्पादकीयमा प्रत्यक्ष क्रियाकलापहरूको सञ्चालन गर्ने मानसिक प्रतिनिधित्वहरू नियत, योजना, ज्ञान, विश्वास र विचारहरू हुन्। तिनमा शक्तिको अप्रत्यक्ष अभ्यास हुन्छ। सम्पादकीयको वैचारिक शक्तिले ज्ञान उद्बोधन गर्छ, कसैलाई सजिलो बनाउँछ र कसैलाई अप्ठेरोमा पार्छ। सम्पादकीयको संस्थागत बौद्धिक प्रभुत्वले आर्थी अवरोध, भिन्नता, इतरता र रिक्तता सिर्जना गरेर पनि शक्तिको अभ्यास गर्छ। सामाजिक प्रतिनिधित्वहरू जस्तै सम्पादकीय निर्माणसँग संलग्न पक्षहरू बिचका शक्तिसम्बन्धहरू स्थिर र एकपक्षीय हुँदैनन्। सामाजिक शक्तिहरू आमसंचार साधनमा पहुँच बढाउन र नियन्त्रण जमाउन चाहन्छन्। वर्तमान सूचना समाजमा आमसंचारका साधनहरूमा नियन्त्रण जमाउनु सामाजिक शक्तिको एउटा गम्भीर अवस्था हो (भ्यानडिक, सन् १९९५, पृ. ११)। यसले सम्पादकीयमा हुनुपर्ने वैचारिक बहुलता र गतिशीलतालाई कमजोर पार्दै स्वीकार्यताको दायरा घटाउँछ।

संस्थागत शक्तिको सांस्कृतिक मूल्य-मान्यताले गर्दा दैनिक अखबारका सम्पादकीय सङ्कथनहरूले आम मानिसको दिमागलाई वैचारिक रूपमा प्रभावित गर्न सक्छन्। मिडियाले केही हदसम्म प्रारम्भिक रूपमा पाठक/श्रोताको दिमागलाई नियन्त्रण गर्न सक्छ (भ्यानडिक, सन् १९९५, पृ. १०)। यस कामका लागि सम्पादकीय सङ्कथनलाई सबैभन्दा भिन्न, सशक्त र महत्त्वपूर्ण वैचारिक विधा मानिन्छ। वैचारिक शक्तिको प्रभावकारी अभ्यासका लागि रुचाइएको अर्थ र बोध हुने मानसिक प्रतिनिधित्वको मोडेललाई सम्पादकीयको प्राथमिकतामा पार्नु पर्छ। आधिकारिक सूत्रहरू, तथ्याङ्कहरू, विश्वसनीय प्रत्यक्षदर्शीहरू, तस्विरहरू र अन्य सीप तथा साधनहरूको यथोचित उपयोग गरी दावी गरिएको 'सत्य' लाई सत्य नै हो जस्तो गरी सम्पादकीयबाट प्रस्तुत गर्न सकिन्छ।

सम्पादकीय सङ्कथनमा लेखकीय चेतना र ज्ञानको कमी भयो भने सम्पादकीय कमजोर र पत्रकार शक्तिहीन हुन पुग्छ। बढी शक्तिशाली सामाजिक कार्यकर्ताहरूले ... सङ्कथनलाई नियन्त्रण गर्न सक्छन् ( भ्यानडिक, सन् १९९५, पृ. १२)। सम्पादकीयलाई पत्रकारिताको ज्ञान र सीप नभएका कार्यकर्ताहरूबाट नियन्त्रण

गर्न खोजियो भने त्यसमा असामान्य आर्थी अवरोध उत्पन्न भई सम्पादकीयको विधागत वैशिष्ट्य र बौद्धिक प्रभुत्व नै कमजोर हुन पुग्छ। यसैले मिडिया प्रयोगकर्ताहरूमा प्रेस, अखबारका विभिन्न विधाका काम, तिनको संरचनात्मक सङ्गठन, शीर्षक, प्रमुख वाक्य, पृष्ठभूमि सूचना तथा प्रत्यक्ष कथन, व्याकरण र पाठगत ज्ञानका अतिरिक्त पर्याप्त मात्रामा सुसङ्गठित 'विश्व-ज्ञान' पनि हुनु पर्दछ (भ्यानडिक, सन् १९९५, पृ. १४)। सम्पादकीयको सामाजिक प्रतिनिधित्वलाई बुझेपछि मात्र पाठगत ज्ञान लिन सकिन्छ। यसका लागि सम्पादकीयमा प्रयोग हुने समय, स्थान, सहभागीहरू, भावकहरू, सम्भाव्य वाक्क्रियाहरू, एजेण्डाहरू, शीर्षकहरूका साथै भाषा, शैली, रणनीति जस्ता प्रभावकारी तत्त्वहरूबारे जानकारी आवश्यक पर्छ। सम्पादकीय लेख्ने पत्रकार लेखन र सम्पादनमा दक्ष हुनाका साथै सामाजिक प्रतिनिधित्वले जनाउने ज्ञानको बोध गर्न सक्षम हुनुपर्छ।

संस्थागत बौद्धिक प्रभुत्व सामाजिक प्रतिनिधित्वको व्यापक अवधारणामा पर्दछ। सामाजिक प्रतिनिधित्वका विविध रूपको व्यापक वितरण हुने हुनाले सम्पादकीय प्रभुत्वशाली हुन्छ। यसमा कम वितरण हुने प्रतिपक्षीय प्रतिनिधित्वको प्रभाव कम हुन्छ। पत्रकारको संस्थागत बौद्धिक प्रभुत्वले सम्पादकीयमार्फत् विचारको प्रत्यक्ष प्रवाह गरी सामाजिकतालाई वशमा राख्तछ। प्रभुत्वशाली सामाजिक प्रतिनिधित्वका विचारधारात्मक तत्त्वले शक्तिको ज्ञानात्मक अभ्यास गर्दछ।

सम्पादकीयमा भएको ज्ञानात्मक शक्तिको अभ्यासको विश्लेषण यसको अन्तर्वस्तुका विविध पक्षलाई प्रकट गर्ने भाषिक अभिव्यक्तिका आधारमा गरिन्छ। स्रोतको प्रयोगबाट अभिवृत्तिको नियन्त्रण, आर्थी अवरोध, इतरको पहिचान र समाजमा दावी गरिएको सत्यको स्थापनार्थ प्रेसले गरेको शक्तिको निर्देशित अभ्यासलाई ध्यानमा राख्नु पनि जरुरी हुन्छ। संस्थागत बौद्धिक प्रभुत्वबाट सम्पादकीयमा प्रकट हुन आउने शक्तिसम्बन्धको विश्लेषणका क्रममा वैचारिक शक्तिको अभ्यास गर्दा मूलतः विद्यमान प्रभुत्वलाई वैध तुल्याउन वा प्रतिरोधी शक्तिको निर्माण गर्नमा सम्पादकीयको भूमिका के कस्तो छ ? शासकीय विचारधारालाई चुनौती दिनसक्ने र जनमानसलाई सुसूचित गर्नसक्ने क्षमता के कस्तो छ ? पाठकको चाहना र आवश्यकतालाई ध्यानमा राखेर प्रस्तुतिमा सहज वातावरण बनाइएको छ कि छैन ? साथै, अन्य वैकल्पिक समूह, नयाँ चिन्तन र द्वन्द्वबाट निरन्तर चुनौती र निरन्तर सहमतिको आवश्यकता बोध भए नभएको, दबावभन्दा सहमतिलाई प्राथमिकता दिइए नदिइएको, सहमति आर्जनको प्रमुख माध्यमको भूमिकामा रहे नरहेको, शासक वर्गबाट प्रयोग वा स्वतन्त्र भए नभएको, शासक वर्गका चिन्तनलाई वैध तुल्याउने प्रयत्न भए नभएको, शक्तिशाली सामाजिक समूहले स्थापित गरेको सत्यको तात्पर्यलाई वहन गरे नगरेको, विचारधारात्मक नियन्त्रणबाट प्रभुत्वको सर्वोच्च स्वरूप प्रकट गर्न सके नसकेको, नेतृत्वको आचरणमाथि प्रश्न उठाएर प्रतिप्रभुत्व प्रकट गरे नगरेको, विचार र अभ्यासमा प्रभुत्व भए नभएको, अख्तियारीपूर्ण विचार निर्माण, निरन्तरता र पुनर्निर्माण प्रक्रियामा प्रभावकारी सक्रियता नभए नभएको, संयोजनकारी भूमिका निर्वाह गरे नगरेको जस्ता सवालमध्ये सान्दर्भिक हुन आउने तथ्यको खोजी र विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा सम्बोधकको प्राथमिकतामा परेका सम्बोधित शक्ति समूह र ती समूहहरू बिचको भिन्नता, इतर र रिक्तता, आर्थी अवरोध, रुचाइएको अर्थ र बोध हुने मानसिक प्रतिनिधित्व, सत्यापन, लेखकीय चेतना, भाषिक सीप र

ज्ञानका साथै सुसङ्गठित विश्व-ज्ञान जस्ता पक्षहरूले महत्त्वपूर्ण अर्थ राख्छन् । यिनै तथ्यका आधारमा सम्पादकीयमा रहेका सम्बोधित पक्षहरू र तिनको प्रतिनिधित्व सन्दर्भको अध्ययन गरी सम्बोधक पक्षमा परेको शक्तिसम्बन्धको प्रभाव विश्लेषणीय हुन्छ ।

**(ख) संस्थागत स्वामित्वको प्रभुत्व**

संस्थागत स्वामित्वको प्रभुत्वले सरकारी र गैरसरकारी स्वामित्वले सम्पादकीयमा गरिने ज्ञानात्मक शक्तिको अभ्यासमा पार्ने प्रभावलाई जनाउँछ । सम्पादकीयको लेखकीय स्वामित्व व्यक्ति पत्रकारको भए पनि त्यो नामरहित प्रकाशित हुने हुनाले व्यक्ति अदृश्य हुन्छ । सम्पादकीय विचारको प्रकाशकीय स्वामित्व संचार संस्थामा रहन्छ र यसलाई सामूहिक वैचारिक शक्तिका रूपमा लिइन्छ । व्यक्ति पत्रकारले संचार माध्यमको स्वामित्वलाई ध्यानमा राखेर संस्थागत बौद्धिक प्रभुत्वको प्रतिनिधित्व गर्दै सम्पादकीय निर्माण र त्यससँग सम्बद्ध विविध कार्यहरूद्वारा समाजमा रहेका विभिन्न शक्ति समूहहरूसितको सम्बन्ध कायम गरिरहेको हुन्छ । सार्वजनिक क्षेत्रमा विविध खालका रूचिहरूको टक्कर हुन्छ र मानिसले संयोजित सामाजिक कार्यको लागि सम्झौता गर्छ (गिलेस्पी, सन् २००८) । पत्रकारहरू सम्पादकीयमा प्रत्यक्ष क्रियाकलापहरूको सञ्चालन गर्ने मानसिक प्रतिनिधित्वहरू हुन् । आफूलाई परिचालन गर्ने संस्थाका मालिकहरूका नियत, योजना, ज्ञान, विश्वास र विचारहरूसँग पत्रकारले सम्झौता गर्नु पर्ने हुन्छ । पत्रकारहरूले आफू कार्यरत संचार संस्थाको स्वामित्वमा संलग्न मानिसको स्वार्थ र रूचिमा वाधा नपर्ने गरी सम्पादकीयमा विचार प्रकट गरी प्रेसलाई प्राप्त संस्थागत शक्तिको निर्देशित अभ्यास गर्दछन् ।

सम्पादकीयमा सर्वसाधारण पाठकका समूहहरूले साझा मानेका सामाजिक संज्ञानहरूको रणनीतिक प्रयोग हुन्छ । बृहत् रूपमा सर्वसाधारणको मात्र होइन, अन्य सम्भ्रान्त संस्थाहरूको पनि सम्मान गर्दै प्रमुख समाचार मिडियाहरू स्वयं सम्भ्रान्त शक्ति र प्रभुत्वका संस्था बन्न पुग्दछन् (भ्यानडिक, सन् १९९५, पृ. १२) । त्यस्ता संस्थाले चलाएका अखबारको सम्पादकीयमा सर्वसाधारण पाठकका समूहहरूले साझा मानेका विचार, अभिवृत्ति जस्ता मानसिक प्रतिनिधित्वहरूलाई पनि स्वामित्वको स्वार्थ र रूचिसँग नबाझिने गरी मात्र प्रस्तुत गरेका हुन्छ । सम्पादकीयको शक्तिलाई संचार संस्थाको स्वामित्वको स्वरूप र त्यसमा संलग्न व्यवस्थापक, प्रतिनिधि पत्रकार, शक्तिशाली स्रोत र पाठकले प्रतिनिधित्व गर्ने सामाजिक तथा वैयक्तिक पृष्ठभूमि, उनीहरूको ज्ञान र चेतनाको स्तर, वैचारिक आस्था, अभिवृत्ति र भाषिक सीपले प्रभाव पार्दछ ।

सम्पादकीय लेखनमा संलग्न व्यक्ति पत्रकारले विशिष्ट शब्द र शैलीको प्रयोग गरी आफूमा रहेको एकल शक्तिलाई संस्था वा समूहको बहुल शक्तिको रूपमा अभिव्यक्त गर्दछ । यसका निम्ति सम्पादकीयमा म यस्तो विचार गर्छु को साटो हाम्रो विचारमा भन्ने वाक्य प्रयोग गरिन्छ (पौडेल, २०२७, पृ. २५२) । यस खालको शब्द र शैलीको प्रयोग गर्नमा पनि पत्रकार प्रतिनिधिहरूलाई संस्थागत स्वामित्वको शक्तिले उत्सुक, तत्पर, प्रेरित र वशीभूत बनाउँछ । सम्भ्रान्त सङ्कथनलाई नियन्त्रण गर्ने क्षमता राख्ने मिडियामा सम्भ्रान्तहरू आफ्नो शक्तिको अभ्यासका लागि पनि ती मिडियाहरूमै भर पर्दछन् र त्यसको बदलामा उनीहरूले शक्ति संरचनामा आफ्नो

भूमिका खेल्दछन् (भ्यानडिक, सन् १९९५, पृ. १२)। नेपालमा यो कुरा लगानी प्रवाह गरी निजी संचार संस्था चलाउने गैरसरकारी क्षेत्रका र व्यवस्थापनमा नियन्त्रण गरी संचार संस्थामा पकड जमाउने सरकारी क्षेत्रका सम्भ्रान्तहरूको स्वामित्वमा रहेका संचार संस्थाको सन्दर्भमा लागु हुन्छ।

शक्तिशाली समूहले आम जनताको अभिव्यक्ति दिएर नागरिकको सहमति जुटाउँदै छापा र संचारमार्फत् बल प्रयोग नगरीकनै पनि शक्तिहीनमाथि प्रभुत्व कायम गर्दछ। यस कार्यमा संस्थागत स्वामित्वले सामाजिक प्रतिनिधित्वका सूचनाको छनोट र विचार निर्माणलाई आफू अनुकूल बनाउन पत्रकारमाथि विभिन्न तरिकाले प्रभाव जमाउँछ। संस्थागत स्वामित्वको प्रभाव अनुसार कुन विषयमा सम्पादकीय सङ्कथन निर्माण गर्ने, त्यसका लागि कुन सूचना महत्त्वपूर्ण छ र कुन सूचनालाई महत्त्व नदिने भन्ने कुरामा पनि चतुऱ्याइँपूर्ण आम कार्यसाधन गरिन्छ। मूलतः सम्पादकीयमा दिने वा नदिने, शीर्षक के दिने, मुख्य वाक्य वा प्रमुख पदावली के कसरी दिने भन्ने कुरामा गरिने चतुऱ्याइँपूर्ण आम कार्यसाधन प्रमुख हुन्छ। पत्रकारले आफू संलग्न संचार संस्थाको स्वामित्वको प्रभावका आधारमा सर्वसाधारण जनताले ध्यान दिएको घटनाको सूचनालाई कम या बढी महत्त्व दिने वा नदिने पनि गर्न सक्छन्। शक्तिसम्बन्धमा शक्तिको अभ्यास गरिने पक्षले शक्तिको अभ्यास गर्नेका विरुद्ध सम्पूर्ण दायित्वहरूको क्षेत्रमा प्रतिक्रिया जनाउँछ, परिणाम ल्याउँछ र सम्भाव्य हस्तक्षेपहरू गर्दछ (फुको, सन् २०००, पृ. ३३८)। सम्पादकीयबाट आफूमाथि शक्तिको अभ्यास गरिएको भन्ने भएपछि जनस्तरको प्रतिनिधित्व गर्नेहरूबाट त्यसै अनुरूपको पाठकीय प्रतिक्रिया आउन सक्छ।

सम्पादकीय सङ्कथनको सन्दर्भमा संचार संस्थाको स्वामित्वले सम्पादकीय लेखक वा पत्रकारमार्फत समाजमा ज्ञानको रणनीतिक नियन्त्रण गर्छ। विधागत ज्ञान र सीपविहीन नियन्त्रणले सम्पादकीयमा शक्तिको नकारात्मक अभ्यास गराउँछ र इतरता, भिन्नता र रिक्तताको समस्या खडा हुन्छ। स्वामित्वमा रहेका व्यक्तिहरूले जानेको र मानेको विचारधाराले बहुसङ्ख्यक महिलाहरू, अल्पसङ्ख्यक समुदायहरू, कामदारहरूका सामाजिक प्रतिनिधित्वका विविध सन्दर्भहरूलाई सम्पादकीय सङ्कथनमा ल्याउनमा तिनका सूचनाको उत्पादनदेखि हुनुपर्ने समझदारीको अभावबाटै नियन्त्रण गरिदिन्छ। स्वामित्वले पत्रकारमार्फत् सम्पादकीयको विषय, अर्थ, शैली, अलङ्कार मात्र होइन, स्थिर, सीमित र जड मानिने परम्परागत छविहरूको दुरुपयोगबाट समेत सङ्कथनलाई नियन्त्रित गर्न सक्छ। ज्ञानभन्दा पर रहने सामाजिक संज्ञानका रूपहरू बोधका दृष्टिले कठिन भए जस्तै संस्थागत स्वामित्वसँग जोडिएका कतिपय अदृश्य कारणहरू दुर्बोध्य हुन्छन्। तिनले सम्पादकीय सङ्कथनको ज्ञानात्मक पहुँच, प्रतिपक्षी पठन र समझको आलोचनात्मक प्रतिशक्तिलाई बुझ्न नसकिने बनाउँछन्।

संचार संस्थामा प्रतिनिधित्वको पहिचानका लागि अत्यावश्यक एकरूपता र भिन्नताको निर्माण हुन्छ। सरकारी र गैरसरकारी स्वामित्वमा रहेका संचार संस्थाका बौद्धिक प्रतिनिधिमा आआफ्नो स्वामित्वको समूहगत भिन्नताको भावना हुन्छ। सम्पादकीयमा स्थान दिइने सामाजिक प्रतिनिधित्वमा पनि भिन्नता, इतरता र रिक्तताको अवस्था रहन्छ। स्वामित्वको शक्तिको नियन्त्रणमुखी प्रयोगले भने सम्पादकीयको बौद्धिक, सामाजिक, सांस्कृतिक प्रभाव र प्रेसको सामाजिक दायित्वसहितको सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको संस्थागत ज्ञानात्मक

शक्तिलाई कमजोर बनाउँछ । यसले अखबारप्रति अविश्वास, वहिष्कार, बेवास्ता जस्ता प्रतिरोधी पाठकीय चुनौती सिर्जना गर्दछ । शक्तिले बहिष्करण, सेन्सर र दमन गर्छ, अमूर्त बनाउँछ, मुकुण्डो लगाउँछ र छोपछाप गर्ने काम गर्दछ (फुको, सन् १९८०, पृ. १९४-१९५) । स्वामित्वको नकारात्मक प्रभावबाट सम्पादकीयमा पहिचान र स्थान पाउन लायक सामाजिक प्रतिनिधित्वका विषय/वस्तु, व्यक्ति र घटनालाई इतरमा राख्ने, भिन्न गर्ने र स्थान नदिने प्रवृत्तिले अनुचित प्रश्रय पाउँछ । सम्पादकीय सङ्कथनको प्रतिनिधित्वमा परेको शक्तिसम्बन्धको प्रभावलाई विभिन्न कोणबाट विश्लेषण गर्ने क्रममा भिन्नता, इतरता र रिक्तताको अवस्थालाई ध्यानमा राख्नुपर्ने हुन्छ । सम्पादकीयमा संस्थागत स्वामित्वसँग जोडिएको पत्रकारको र अन्य समानान्तर र समान स्वार्थ भएका संस्थाहरूसितको शक्तिसम्बन्धको पनि प्रभाव रहन्छ । शक्ति, स्वार्थ र स्वामित्वसित जोडिएको यस प्रक्रियाबाट सरकारी र गैरसरकारी दुवै स्वामित्वका अखबारका सम्पादकीय सङ्कथनहरू प्रभावित हुन सक्ने हुनाले ती विश्लेषणीय हुन्छन् ।

संस्थागत बौद्धिक स्वामित्वको प्रभुत्वबाट प्रकट हुन आउने शक्तिसम्बन्धको प्रभाव विश्लेषणमा वैचारिक शक्तिको अभ्यास गर्ने क्रममा सम्पादकीयमा भएको ज्ञानको उत्पादन र पुनरुत्पादन, विभिन्न शक्ति समूहसितको सम्बन्ध, भिन्नता, इतर र रिक्तता, आर्थी अवरोध, रुचाइएको अर्थ र बोध हुने मानसिक प्रतिनिधित्व, सत्यता, स्थापित सत्यको छनोट, लेखकीय चेतना, भाषिक सीप र ज्ञानका साथै सुसङ्गठित विश्व-ज्ञान जस्ता पक्षहरू महत्त्वपूर्ण मानिन्छन् । यिनै तथ्यका आधारमा सम्पादकीयमा रहेका सम्बोधित पक्षहरू र तिनको प्रतिनिधित्व सन्दर्भको अध्ययन गरी सम्बोधक पक्षमा परेको शक्तिसम्बन्धको प्रभाव विश्लेषणीय हुन आउँछ ।

## २.४ **निष्कर्ष**

सम्पादकीय सङ्कथन निर्माणको सांस्कृतिक पृष्ठभूमि र विधागत मापदण्ड, सङ्कथनका मान्यतामा शक्तिको विशेष स्थान र सामाजिक प्रतिनिधित्व सिद्धान्तमा समेटिएका भाषिक उपकरणहरूलाई बहुविषयक ज्ञान, अनुभव र प्रयोग पद्धतिको आधारमा एकीकृत गरी सैद्धान्तिक पर्याधारको निर्माण र विश्लेषणको अवधारणात्मक ढाँचा तयार गरिएको छ । यसमा बहुविषयगत अवधारणा, अन्तर्दृष्टि, अनुभव र मान्यताहरूलाई एकीकृत गरिएको छ । यसलाई शोधको साध्य नभई आंशिक साधन मात्र मान्न सकिने भए पनि यस खालको पर्याधार र पद्धतिबाट सम्पादकीयको गुणात्मक अध्ययन, व्याख्या र विश्लेषण गर्न सकिन्छ । यसरी गरिएको शोधकार्यबाट प्राप्त निष्कर्षलाई वास्तविकताको नजिक रहेको मान्न सकिन्छ ।

**परिच्छेद तीन**

# बृहत् सङ्घटनात्मक प्रतिनिधित्व : 'संविधानसभा निर्वाचन-२०७०'

## ३.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनासित सन्दर्भित सम्पादकीय सङ्कथनका शीर्षस्थ विषय/वस्तु, व्यक्ति र घटनाका शाब्दिक प्रतिनिधित्वहरूको अध्ययन र सर्वेक्षण गरी सबै शीर्षकहरूलाई एउटै सङ्घटनाको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण अंश मानेर समग्रमा तिनको मूल कथ्यको प्रतिनिधित्वपरक विश्लेषण गरिएको छ। यसअन्तर्गत बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको स्थापना, बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको विश्लेषण, बृहत् सङ्घटनामा विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्व उपशीर्षकहरू रहेका छन्। परिच्छेदको अन्त्यमा निष्कर्ष दिइएको छ।

## ३.२ बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको स्थापना

'कान्तिपुर' र 'गोरखापत्र' मा २०७० सालमा प्रकाशित २१७ वटा सम्पादकीयमा शीर्षस्थ रहेका सामाजिक प्रतिनिधित्वमा बृहत् सङ्घटनाको खोजी गर्दा संविधानसभा निर्वाचन- २०७० सित सम्बन्धित मूल कथ्य भेटिन आउँछ। संविधानसभा निर्वाचन- २०७० को विगत र भावी प्रभावको ऐतिहासिक र समसामयिक गतिविधिको सन्दर्भले यसलाई बृहत् सङ्घटनाको रूपमा उभ्याएको पाइन्छ। अध्ययनमा समेटिएका एउटै सङ्घटनासित सम्बन्धित सम्पादकीय सङ्ख्या २१७ रहेको छ। यसले वर्षभरि प्रकाशित कुल ६१० सम्पादकीय सङ्ख्याको ३५ प्रतिशत स्थान पाएको देखिन्छ। वैशाखदेखि चैतसम्म दुवै अखबारका सम्पादकीयका शीर्षस्थ प्रतिनिधित्वहरूको अध्ययन र सर्वेक्षण गरी विश्लेषण गर्दा बाह्रै महिना संविधानसभा निर्वाचन-२०७० सित सम्बन्धित सम्पादकीय सङ्कथनहरूको बाहुल्य रहेको पाइन्छ। संविधानसभा निर्वाचन-२०७० मा सामाजिक प्रतिनिधित्वका दृष्टिले विशिष्ट ऐतिहासिक कालखण्डका शक्तिशाली र महत्त्वपूर्ण मानिएका गतिविधिहरू समेटिएको पाइन्छ। २०७० सालका सम्पादकीयहरूको अध्ययन, सर्वेक्षण र विश्लेषणबाट संविधानसभा निर्वाचन-२०७० एउटा बृहत् सङ्घटनाका रूपमा स्थापित हुन आएको र त्यसले नेपाली राष्ट्रिय समाजको इतिहासमा सो वर्ष भएका राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक गतिविधिहरूको बृहत् सङ्घटनात्मक प्रतिनिधित्व गरेको पाइन्छ। प्राप्त तथ्यका आधारमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको स्थापनाका लागि बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको संरचना, बाह्य सन्दर्भ र सूचकीय सन्दर्भको अध्ययन गरिएको छ।

### ३.२.१ संरचना

बृहत् सङ्घटनात्मक प्रतिनिधित्व 'संविधानसभा निर्वाचन-२०७०' को संरचना तीन शब्दबाट बनेको

पाइन्छ । यो रैखिक ढाँचामा अक्षर, अङ्क र सङ्केत मिलेर बनेको स्थूल संरचना हो । यसमा 'संविधानसभा', 'निर्वाचन' र '२०७०' गरी तीन वटा नाम घटकहरू रहेका छन् । पहिलो घटकमा 'संविधान' र 'सभा' गरी दुईटा नामपदको संसक्ति रहेको पाइन्छ । 'संविधान' ले यस सङ्घटनाको साध्यको प्रतिनिधित्व गर्दछ भने 'सभा' ले संविधान निर्माण गर्ने संरचनागत साधनको प्रतिनिधित्व गरेको पाइन्छ । 'संविधानसभा' को आपसी संसक्तिले साध्य र साधनको प्रतिनिधित्व गरेको पाइन्छ । सङ्घटनाको दोस्रो घटक 'निर्वाचन' पनि तेस्रो घटक '२०७०' सँग धर्को सङ्केतबाट संसक्त हुन आएको पाइन्छ । कार्यबोधक नाम 'निर्वाचन' सित संसक्त समयबोधक नाम '२०७०' ले सङ्घटनात्मक कार्य र समयको प्रतिनिधित्व गरेको छ । बृहत् सङ्घटनाको संरचनागत रूप 'संविधानसभाको निर्वाचन-२०७०' को आन्तरिक संसक्तिले नेपालमा संविधानसभाको निर्वाचन एक पटक मात्र भएको होइन भन्ने वास्तविकताको समेत प्रतिनिधित्व गरेको पाइन्छ । बृहत् सङ्घटनाको संरचनामा रहेका 'संविधान', 'सभा' र 'निर्वाचन' मा क्रमशः साध्य, साधन र कार्यसित सम्बन्धित प्रतिनिधित्वमा अन्तरविषयात्मक विशिष्ट सम्बन्ध रहेको पाइन्छ । यसले 'निर्वाचन' हुँदै 'सभा' र 'संविधान' विषयसित संसक्त '-२०७०' मा क्रमशः विषय र समयको अंश र सहनिर्मितिको अवस्थाबाट सङ्घटनाको परिचय निर्माण गरेको देखिन्छ । '-२०७०' ले तत्कालीन समय सन्दर्भमा 'संविधानसभा निर्वाचन' सँग जोडिएका परम्परा, भिन्न, इतर, विवाद, द्वन्द्व, विशिष्ट सम्बन्ध आदिको समेत साङ्केतिक प्रतिनिधित्व गरेको पाइन्छ । 'निर्वाचन' ले शीर्षस्थ प्रतिनिधित्वमा शक्तिशाली प्रत्यक्ष सूचकका रूपमा 'संविधानसभा निर्वाचन-२०७०' को सरल र जटिल दुवै खालको प्रतिनिधित्व गरेको पाइन्छ ।

### ३.२.२ **बाह्यसन्दर्भ**

बृहत् सङ्घटना संविधानसभा निर्वाचन-२०७० को बाह्य सन्दर्भलाई हेर्दा नेपालमा २०६३ सालदेखि सुरू भएको अन्तरिम कालमा एउटा संविधानसभाको निष्फल अवसान भएपछि पुनः संविधानसभा गठनका लागि निर्वाचन गर्ने उद्देश्यका साथ २०७० सालमा भएका राष्ट्रिय गतिविधिसँग जोडिएको भेटिन्छ । यसमा खासगरी शक्तिशाली दलहरूबाट निर्वाचन गराउने कार्यादेश पाएको गैरदलीय सरकार, निर्वाचनको तयारी र प्रक्रिया, सहमति र असहमतिहरू, सुरक्षा, परराष्ट्र, कूटनीति, बदलिएको शक्ति सन्तुलन, सहभागिता, नयाँ सरकार गठनसहित निर्वाचनअघि र पछिको सन्दर्भको प्रतिनिधित्व भएको पाइन्छ । देशमा पहिलोपटक निर्वाचित संविधानसभाको निष्फल अवसान भएपछि लम्बिएको सङ्क्रमण कालमा ठूला राजनीतिक दलहरूका शीर्ष नेताहरूको पहलमा गैरदलीय चुनावी सरकार गठन भइसकेको अवस्था यसको निकट पृष्ठभूमि सन्दर्भ हो । अध्ययनमा समेटिएका सम्पादकीय शीर्षकहरूको सम्प्रेषणसित सम्बन्धित कार्यकारण शृङ्खलाको सुरूआत नेपाल सरकारले निर्वाचन मिति घोषणा नगरिसकेको सन्दर्भबाट भएको पाइन्छ । जनताले आफ्ना प्रतिनिधिहरूको माध्यमबाट अन्तरिम संविधान-२०६३ मा उल्लेख भए अनुसार 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक' संविधान बनाउनका लागि बनेको एउटा संविधानसभाको निष्फल अवसान र अर्को संविधानसभा गठनका लागि निर्वाचनको प्रक्रियामा जानुपर्ने मूल सन्दर्भ यी सम्पादकीय शीर्षकहरूमा सुरूदेखि नै जोडिएको पाइन्छ । पत्रकारले वास्तविक संसारमा भएका तथ्य र धारणाको सम्प्रेषण गर्ने भएकाले देशको वास्तविक संसारका तिनै सन्दर्भसँग विविध

कोणबाट जोडिन पुगेका विषय/वस्तु, व्यक्ति र घटनाहरूलाई आ-आफ्नो ज्ञानात्मक पहुँच र संस्थागत बौद्धिक प्रभुत्वका बलले प्राथमिकता निर्धारण गरी सम्पादकीय शीर्षकहरूमा चतुऱ्याइँपूर्वक आम कार्यसाधन गरी सारपूर्ण प्रतिनिधित्व गराएको पाइन्छ ।

### ३.२.३ सूचकीय सन्दर्भ

नेपाली राष्ट्रिय दैनिक अखबारको सम्पादकीयलाई प्रभाव पार्ने एउटा शक्तिशाली बलको रूपमा रहेको बृहत् सङ्घटनाका सम्पादकीय शीर्षकहरूमा वास्तविक संसारमा भएका विभिन्न विषय/वस्तु, व्यक्ति र घटनाहरूको प्रतिनिधित्व सूचित भएको पाइन्छ । संविधानसभा निर्वाचन-२०७० को शीर्षस्थ सूचकीय सन्दर्भलाई हेर्दा प्रत्यक्ष र अप्रत्यक्ष सूचकहरूको प्रयोग भएको देखिन्छ । सम्पादकीयका एक तिहाई शीर्षस्थ प्रतिनिधित्वहरूले संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनालाई प्रत्यक्ष सङ्केत गरेको पाइन्छ भने दुई तिहाई शीर्षस्थ प्रतिनिधित्वहरूले अप्रत्यक्ष रूपमा सङ्केत गरेको पाइन्छ । बृहत् सङ्घटनामा शीर्षस्थ प्रतिनिधित्वको सूचकीय सन्दर्भलाई शीर्षक, शब्द सङ्ख्या र तिनको प्रतिशतलाई तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.१

**शीर्षस्थ प्रतिनिधित्वका सूचकीय सन्दर्भ**

| शीर्षस्थ प्रतिनिधित्व | शीर्षक सङ्ख्या | प्रतिशत | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| प्रत्यक्ष सूचकहरू | ७३ | ३३.६ | २५८ | ३८.८ |
| अप्रत्यक्ष सूचकहरू | १४४ | ६६.४ | ४२५ | ६२.२ |
| जम्मा | २१७ | १०० | ६८३ | १०० |
| स्रोत : शोधकर्ताको अवलोकन | | | | |

प्रस्तुत तालिका नं. ३.१ को शीर्षक सङ्ख्याले अध्ययनमा समेटिएका सम्पादकीय शीर्षकको सङ्ख्या जनाउँछ भने शब्द सङ्ख्याले सम्बन्धित समूहको शीर्षकमा संसक्त शब्दहरूको समुच्चयलाई जनाउँछ । दुवै अखबारका २१७ सम्पादकीय शीर्षकहरूको सङ्कथनांशको समुच्चयमा शब्दको कुल सङ्ख्या ६८३ रहेको देखिन्छ । त्यसमा प्रत्यक्ष सूचकहरू भएका ७३ सम्पादकीय शीर्षकमा २५८ र अप्रत्यक्ष सूचक भएका १४४ सम्पादकीय शीर्षकहरूमा ४२५ शब्द रहेको देखिन्छ । शब्द सङ्ख्याका आधारमा हिसाब गर्दा प्रत्यक्ष सूचक भएका सम्पादकीय शीर्षकहरूले ३८ र अप्रत्यक्ष सूचक भएका सम्पादकीय शीर्षकहरूले ६२ प्रतिशत स्थान लिएको पाइन्छ । सामान्यतः कुनै पनि प्रतिनिधित्वले समाचारका रूपमा सञ्चार माध्यममा प्रवेश पाउनुअघि वास्तविक संसारमा गतिविधिका रूपमा शक्तिशाली उपस्थिति जनाएको हुन्छ । गतिविधिमा प्रयोग हुने शब्दहरू, अवलोकनीय कार्य र आनुभविक विशेषताका स्थापित मान्यताबाट समाचारमा प्रवेश पाएका शाब्दिक प्रतिनिधित्वका विकल्पहरूमध्ये बढी स्वीकार्य र स्थापित प्रतिनिधित्वहरूको प्रयोग सम्पादकीयमा गरिएको हुन्छ । यसरी हेर्दा संविधानसभा निर्वाचन-२०७० को शीर्षस्थ प्रतिनिधित्वमा त्यस्ता विकल्पहरूमध्ये बढी शक्तिशाली मानिएको प्रतिनिधित्वको सारपूर्ण प्रस्तुति रहेको देखिन्छ । शीर्षस्थ प्रतिनिधित्वमा चयनको विकल्प शक्तिशाली प्रतिनिधित्वहरूमै सीमित

भएको कुरा बृहत् सङ्घटनालाई प्रत्यक्ष सूचित गर्ने शीर्षस्थ प्रतिनिधित्वहरूको सीमितताले पुष्टि गरेको पाइन्छ। यो तथ्य यसपछिको प्रत्यक्ष सूचकहरू उपशीर्षकमा स्पष्ट हुन आउँछ।

### ३.३ बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको विश्लेषण

बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको विश्लेषणमा प्रत्यक्ष सूचक, अप्रत्यक्ष सूचक, सर्वाधिक शक्तिशाली सूचकको शीर्षकीय संरचना, अप्रत्यक्ष सूचकहरूको सम्बन्धगत विश्लेषणमा सन्दर्भ परिचालन, बृहत् सङ्घटनाको विकास र शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्यको अध्ययन रहेका छन्।

#### ३.३.१ प्रत्यक्ष सूचक

बृहत् सङ्घटनालाई प्रत्यक्ष सूचित गर्ने शक्तिशाली प्रतिनिधित्व र तिनका चयनको विकल्पलाई अध्ययनमा समेटिएका सम्पादकीय शीर्षकमा रहेका कुल ६८३ शब्दभित्रबाट पहिचान गर्नुपर्ने हुन्छ। शीर्षकमा समेटिएका सबै शब्दहरू प्रतिनिधित्वको रूपमा नरहने भए पनि सबै शीर्षकमा कम्तीमा एउटा शब्द बृहत् सङ्घटनाको सूचकको रूपमा रहेको पाइन्छ। बृहत् सङ्घटनामा संरचित शब्दहरूलाई ध्यानमा राखेर प्रत्यक्ष सूचकको खोजी गर्दा एक तिहाइ सम्पादकीय शीर्षकमा 'निर्वाचन', 'चुनाव', 'संविधान' र 'संविधानसभा' को प्रतिनिधित्व प्रत्यक्ष सूचित रहेको देखिन्छ। प्रत्यक्ष सूचक प्रतिनिधित्वमा चयनका विकल्पको सङ्ख्यात्मक वितरणलाई तालिका नं ३.२ मा दिइएको छ।

तालिका नं. ३.२

**चयनका विकल्पहरू**

| विकल्प रूप | शीर्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निर्वाचन | ३० | ४१ |
| चुनाव | १३ | १८ |
| चुनावी | १३ | १८ |
| संविधान | ९ | १२ |
| संविधानसभा | ७ | ९ |
| संवैधानिक | १ | १ |
| असंवैधानिक | १ | १ |
| जम्मा प्रत्यक्ष सूचक | ७३ | १०० |
| स्रोत : शोधकर्ताको अवलोकन | | |

तालिका नं. ३.२ मा रहेका तथ्यलाई अवलोकन गर्दा संविधानसभा निर्वाचन-२०७० लाई प्रत्यक्ष सूचित गर्ने प्रतिनिधित्वको सङ्ख्या कुल ७३ रहेको पाइन्छ। कुल ६८३ शब्दमा आबद्ध २१७ शीर्षकका समुच्चयमा प्रत्यक्ष सूचकको स्थान दश प्रतिशत रहेको देखिन्छ। यसमध्ये 'निर्वाचन' को प्रतिनिधित्व ३०, 'चुनाव' को प्रतिनिधित्व १३ र 'संविधानसभा' को प्रतिनिधित्व सात स्थानमा रहेको पाइन्छ। यसमा चयनको प्रमुख विकल्पमा 'निर्वाचन' र

'चुनाव' रहेको पाइन्छ भने 'चुनाव' बराबरै सङ्ख्यामा यसको रूपायन 'चुनावी' पनि प्रयोगमा आएको पाइन्छ। चयनको विकल्पमा 'निर्वाचन' को प्रतिनिधित्व ४१ प्रतिशत रहेको देखिन्छ। यसको विकल्पमा रहेका 'चुनाव' र 'चुनावी' को चयन ३६ प्रतिशत रहेको पाइन्छ। यसपछि 'संविधान', 'संविधानसभा', 'संवैधानिक' र 'असंवैधानिक' को प्रतिनिधित्व २३ प्रतिशत रहेको पाइन्छ। यस तथ्यले 'निर्वाचन' लाई सर्वाधिक शक्तिशाली, 'चुनाव' र 'चुनावी' लाई मध्यम शक्तिशाली प्रतिनिधित्वका रूपमा देखाएको पाइन्छ। यी दुईका तुलनामा 'संविधान' र 'संविधानसभा' का रूपायनहरू कम शक्तिशाली प्रत्यक्ष सूचकको रूपमा रहेका देखिन्छन्। यसमा नकारात्मक विशेषण जनाउने रूपको समेत प्रयोग भएको पाइन्छ।

### ३.३.२ अप्रत्यक्ष सूचक

बृहत् सङ्घटनासितको अप्रत्यक्ष सूचकहरूको सम्बन्धले सामाजिक प्रतिनिधित्वको सन्दर्भलाई सङ्केत गर्दछन्। संविधानसभा निर्वाचन-२०७० सित सम्बन्धित सम्पादकीय शीर्षकमा रहेका अप्रत्यक्ष सूचकहरूमध्ये बृहत् सङ्घटनासित सशक्त रूपमा जोडिएका सूचकहरूको सम्बन्धगत विश्लेषणलाई कालक्रमिक रूपमा तीन चरणमा विभाजन गरी यस प्रकार प्रस्तुत गरिएको छ;

#### (क) तयारी चरणमा स्थापित र सहयोगी अप्रत्यक्ष सूचकहरू

बैशाखदेखि साउनसम्मको अवधिलाई यस चरणमा समेटिएको छ। तयारी र प्रस्थान चरणमा पूर्वस्थापित, नवस्थापित र सहयोगी अप्रत्यक्ष सूचकहरूलाई प्रयोग भएको महिना खुल्ने गरी तालिका नं. ३.३ मा प्रस्तुत गरिएको छ। सहयोगी लहरमा कोष्ठकभित्र प्रस्तुत शीर्षकमा रहेका शब्दहरूले अपेक्षाकृत कम शक्तिशाली अप्रत्यक्ष सूचकको प्रतिनिधित्व गर्दछन्। तालिका नं. ३.३ मा प्रस्तुत तथ्यलाई हेर्दा बैशाखमा अप्रत्यक्ष सूचकको रूपमा 'सरकार', 'दलहरू', 'दर्ता' र 'असन्तुष्ट' स्थापित भएको देखिन्छ। बैशाखमा 'सरकार', 'सकारात्मक', 'दिशा', 'दलहरू', 'संयुक्त', 'पहल', 'दर्ता, 'पहिलो', 'परिणाम', 'समेट', 'बन्ने कि' जस्ता पहिचान, विशेषता र कार्य जनाउने शब्दहरूको प्रयोग भएको पाइन्छ। यस अवधिका सम्पादकीय शीर्षकहरूलाई ध्यानमा राखेर स्थापित सूचकहरूको विश्लेषण गर्दा 'सरकार' र 'दलहरू' सर्वाधिक शक्तिशाली सूचक 'निर्वाचन' सित चयनको विकल्पबाट स्थापित भएर अप्रत्यक्ष सूचक हुन आएको पाइन्छ। यस अवधिमा 'सरकार' को प्रतिनिधित्व दुई पटक भएको छ। यसअघि प्रत्यक्ष सूचक 'निर्वाचन' को बैकल्पिक प्रतिनिधित्व 'चुनाव' प्रयोग गरेर 'सुनिश्चित गर' भन्ने आग्रह भावको सम्पादकीय शीर्षकमा 'सरकार' व्यवस्थापकको रूपमा र गैरदलीय चुनावी सरकार निर्माता ठूला 'दलहरू' सहयोगी भूमिकामा लक्ष्यित रहेको पाइन्छ। सोही सम्पादकीयको अन्तर्वस्तुमा सबै दललाई चुनावमा समेट्नुपर्ने धारणाको प्रतिनिधित्वले 'असन्तुष्ट' को समेटाइलाई पनि बृहत् सङ्घटनाको अप्रत्यक्ष सूचकका रूपमा पहिचान दिएको देखिन्छ। 'असन्तुष्ट' लाई अप्रत्यक्ष सूचकको पहिचान दिनमा यसअघि नै अप्रत्यक्ष सूचकमा स्थापित 'सरकार' सँग भएको 'दलहरू' को विशिष्टीकृत कार्य 'संयुक्त पहल' ले पनि मद्दत गरेको पाइन्छ। यसपछि 'दर्ता' का अगाडि लुप्त रहेको 'दल' ले 'निर्वाचन' प्रक्रियालाई आकर्षित गरेको, 'पहिलो' र 'परिणाम' ले दलीय होडबाजीको समेत

सङ्केत गरेकाले 'दर्ता' ले पहिलो पटक कम शक्तिशाली रूपमै भए पनि बृहत् सङ्घटनाको अप्रत्यक्ष सूचकको पहिचान बनाएको देखिन्छ ।

तालिका नं. ३.३
**पहिलो चार महिनाका अप्रत्यक्ष सूचकहरू**

| महिना | पूर्वस्थापित | नवस्थापित | सहयोगी |
|---|---|---|---|
| वैशाख | सरकार | दर्ता | सकारात्मक, दिशा, संयुक्त, पहल, पहिलो, परिणाम, समेट, बन्ने कि |
| | दलहरू | असन्तुष्ट | |
| जेठ | सरकार | मतपत्र | ब्रेललिपि, सर्वोपरि, हित, त्यस्तो, म्याद, थप, सम्भावना, मार्ग, प्रशस्त, नबढाउनु, नआओस् (सिद्धान्तहीन अभ्यास) |
| | दर्ता | दल दर्ता | |
| | - | विवाद | |
| | - | कालो दिन | |
| असार | सरकार | नयाँ पुस्ता | नेतृत्व, सफल, जिम्मा, अधुरो, समेट्ने (उत्तरतर्फ साझेदारी) |
| | असन्तुष्ट | आचारसंहिता | |
| | विवाद | वैद्यहरू | |
| | - | सय दिन | |
| साउन | दर्ता | मतदाता | म्याद, अनुगमन, चुनौती, कार्यान्वयन, मोह, वाध्यता, परिणाम, प्रतीक्षा, थप्नुपर्ने, पुग्नैपर्ने (विषयान्तर हुने जोखिम) |
| | आचारसंहिता | दस्ता | |
| | दलहरू | सहमति | |
| | - | वार्ता | |
| स्रोत : शोधकर्ताको अवलोकन | | | |

तालिका नं. ३.३ मा रहेका तथ्य अनुसार जेठमा 'सरकार' र 'दर्ता' पूर्वस्थापित अप्रत्यक्ष सूचक हुन् भने 'मतपत्र', 'दल दर्ता', 'विवाद' र 'कालो दिन' नवस्थापित सूचक हुन् । 'ब्रेललिपि', 'सर्वोपरि', 'हित', 'त्यस्तो', 'म्याद', 'थप', 'सम्भावना', 'सिद्धान्तहीन', 'अभ्यास', 'मार्ग' 'प्रशस्त', 'नबढाउनु', 'नआओस्' जस्ता पहिचान, विशेषता र कार्य जनाउने शब्दहरू सहयोगी सूचकीय भूमिकामा रहेको पाइन्छ । पूर्वस्थापितमध्ये 'सरकार' शक्तिशाली सूचकको संसक्तिमा समेत रहेको शक्तिशाली अप्रत्यक्ष सूचक हो भने 'दल दर्ता' मा पनि 'निर्वाचन' सितको सहसम्बन्धका कारण सूचकीय हैसियत बलियो बनिसकेको देखिन्छ । यसर्थ 'मतपत्र' र 'दल दर्ता' लाई 'निर्वाचन' सितको सहसम्बन्धका आधारमा, 'विवाद' लाई 'असन्तुष्ट' र 'द्वन्द्वरतहरू' का साथै 'सरकार' र ठूला 'दलहरू' ले गरेको 'संयुक्त पहल' मा संसक्त भएका आधारमा, 'कालो दिन' लाई अघिल्लो संविधानसभाको निष्फल अवसानको साङ्केतिक विम्ब बनेको आधारमा बृहत् सङ्घटनाको अप्रत्यक्ष सूचकको पहिचान प्राप्त भएको देखिन्छ । यसै सिलसिलामा अध्यादेश नै नल्याई 'निर्वाचन' लाई ध्यानमा राखेर गरिएका 'सिद्धान्तहीन अभ्यास' ले पनि कम शक्तिशाली रूपमै भए पनि बृहत् सङ्घटनामा अप्रत्यक्ष सूचकको काम गरेको पाइन्छ ।

तालिका नं. ३.३ मा रहेका तथ्य अनुसार असारमा 'सरकार', 'असन्तुष्ट' र 'विवाद' पूर्वस्थापित अप्रत्यक्ष सूचक हुन् भने 'नयाँ पुस्ता', 'आचारसंहिता', 'वैद्यहरू' र 'सय दिन' नवस्थापित सूचक हुन् । 'नेतृत्व', 'सफल', 'जिम्मा', 'अधुरो', 'समेट्ने' जस्ता पहिचान, विशेषता र कार्य जनाउने शब्दहरू सहयोगी सूचकीय भूमिकामा रहेको पाइन्छ । यीमध्ये 'नेतृत्वमा नयाँ पुस्ता' र 'आचारसंहिता' निर्वाचनसितको सहसम्बन्धका आधारमा, 'वैद्यहरू'

समेटाइ र बृहत् सङ्घटनामा अन्तर्निहित 'विवाद' को सन्दर्भका साथै यसअघि नै स्थापित भइसकेको अप्रत्यक्ष सूचक 'असन्तुष्ट' मा चयनको विकल्प भएका आधारमा अप्रत्यक्ष सूचक बनेको पाइन्छ । यसमा 'सफल सय दिन' निर्वाचनको सन्दर्भमा परिलक्ष्यित भएकाले 'सरकार' को सूचकीय भूमिका सशक्त बन्दै आएको देखिन्छ भने 'उत्तरतर्फ साझेदारी' ले निर्वाचनमा चीनले गर्ने सहयोगलाई सङ्केत गर्दै कम प्रचलित हुनाले शक्तिहीन देखिए पनि अप्रत्यक्ष सूचकको काम गरेको पाइन्छ ।

तालिका नं. ३.३ मा रहेका तथ्य अनुसार साउनमा 'दर्ता', 'आचारसंहिता' र 'दलहरू' पूर्वस्थापित अप्रत्यक्ष सूचक हुन् भने 'मतदाता', 'दस्ता', 'सहमति', र 'वार्ता' नवस्थापित सूचक हुन् । 'म्याद', 'अनुगमन', 'चुनौती', 'कार्यान्वयन', 'मोह', 'वाध्यता', 'परिणाम', 'प्रतीक्षा', 'थप्नुपर्ने', 'हुने', 'पुग्नैपर्ने' जस्ता पहिचान, विशेषता र कार्य जनाउने शब्दहरू सहयोगी सूचकीय भूमिकामा रहेको पाइन्छ । यसमध्ये 'मतदाता दर्ता' र 'आचारसंहिता' निर्वाचनसितको सहसम्बन्धका आधारमा शक्तिशाली अप्रत्यक्ष सूचक बनेको पाइन्छ । यीसँग संसक्त 'म्याद थप' को माग, 'अनुगमन', 'कार्यान्वयन' र 'चुनौती' जस्ता प्रतिनिधित्वले निर्वाचन प्रक्रिया र कार्यका साथै तीसँग सम्बन्धित विषय/वस्तु र घटनाको गम्भीरताको सूचना दिए पनि तिनमा स्वतन्त्र सूचकीय क्षमता अत्यन्त गौण देखिन्छ । 'दलहरू' यसअघि नै 'विवाद' र 'द्वन्द्व' सित जोडिएको पृष्ठभूमिले गर्दा 'दस्ता मोह' जस्तो परस्पर विरोधी मान्यतामा आधारित रूचिको प्रतिनिधित्वमा संसक्त बनेर निर्वाचनको सङ्घटनामा अप्रत्यक्ष सूचक बन्न आइ पुगेको देखिन्छ । साउनको अन्तिम हप्तासम्ममा 'निर्वाचन' को अप्रत्यक्ष सूचकका रूपमा 'सहमति' र 'वार्ता' को प्रवेश भएको पाइन्छ । 'सहमति' मा 'वाध्यता' को र 'वार्ता' मा 'परिणाम' र 'प्रतीक्षा' को संसक्तिले निर्वाचनको तयारी र प्रस्थान चरणको अन्तिम सातासम्म आइपुग्दा पेचिलो बनिरहेको अवस्था र असहजतालाई निकास दिन गरिएका कार्यको परिणामप्रतिको उत्सुकताको प्रतिनिधित्व गरेको पाइन्छ । यसै सिलसिलामा निर्वाचनका लागि गठित सरकारले दीर्घकालीन नीति निर्णयमा चाख लिन थालेको अन्तर्वस्तुको प्रतिनिधित्व भएकाले 'विषयान्तर हुने जोखिम' ले पनि कम शक्तिशाली रूपमै भए पनि बृहत् सङ्घटनामा अप्रत्यक्ष सूचकको काम गरेको पाइन्छ ।

निर्वाचनको तयारी र प्रस्थान चरणमा सरकार, दलहरू, दल दर्ता, मतदाता दर्ता, मतपत्र, विवाद, कालो दिन, नयाँ पुस्ता, आचारसंहिता, वैद्यहरू, सय दिन, दस्ता, सहमति, वार्ता जस्ता सूचकहरू स्थापित भइसकेको देखिन्छ । यस अवधिमा स्थापित सूचकहरूसित संसक्त र स्वतन्त्र शब्दहरू जोखिम, चुनौती, मोह, वाध्यता, विषयान्तर, पहिलो बन्ने कि, त्यस्तो, नआओस्, अधुरो, नबढाउनु, थप्नुपर्ने, पुग्नैपर्ने जस्ता सूचकहरूले विवाद र द्वन्द्वको प्रतिनिधित्व गरेको पाइन्छ । सहमति, वार्ता, साझेदारी, संयुक्त पहल, सर्वोपरि हित, सफल, सम्भावना, सकारात्मक, समेट, समेट्ने, जिम्मा, आदिले द्वन्द्व व्यवस्थापन तथा शान्ति प्रयास भइरहेको जनाउनाका साथै दर्ता, दल दर्ता, मतदाता दर्ता, म्याद थप, मतपत्र, ब्रेललिपि, आचारसंहिता जस्ता सूचकहरूले निर्वाचनको सिद्धान्त, विधि र प्रक्रियाका तथ्य र धारणालाई प्रतिनिधित्व गरेको पाइन्छ । यस अवधिमा 'दिशा', 'पहिलो', 'त्यस्तो', 'कालो दिन', 'उत्तरतर्फ', 'मार्ग' जस्ता सूचकहरू विम्ब र सङ्केतहरूको रूपमा प्रयोग भएको पाइन्छ ।

**(ख) क्रमिक विकास चरणमा स्थापित र सहयोगी अप्रत्यक्ष सूचकहरू**

निर्वाचनको तयारीमा भइरहेको क्रमिक विकास र उत्कर्षको चरणमा भदौदेखि मङ्सिरसम्मको अवधि समेटिएको छ। यस अवधिमा प्रयुक्त पूर्वस्थापित, नवस्थापित र सहयोगी अप्रत्यक्ष सूचकहरूलाई प्रयोग भएको महिना खुल्ने गरी तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ। प्रस्तुत तालिका नं. ३.४ मा 'मङ्सिर ४' बाहेक सूचक सँगैका अङ्कले एक महिनामा भएको पुनरावृत्तिको पटकलाई जनाउँछन् भने सहयोगीमा कोष्ठकभित्र रहेका शीर्षकले फरक र कम शक्तिशाली सूचकको प्रतिनिधित्व गर्दछन्। भदौमा 'नामावली दर्ता', 'नेकपा-माओवादी', 'चन्दा', 'एक नेता, एक क्षेत्र', 'शीतलनिवास' र 'छलफल' नवस्थापित सूचकहरू हुन् भने 'मतदाता दर्ता', 'वार्ता', 'दलहरू' र 'सहमति' पूर्वस्थापित सूचक रहेका छन्। सहयोगी सूचकका रूपमा 'सावधानी', 'अपेक्षा', 'विराम', 'सक्रियता', 'पारदर्शिता', 'वैधानिकीकरण', 'सम्भावना', 'चुनौती', 'आशा', 'सकारात्मक', 'परिणाम', 'नलागोस्', 'हुनुपर्ने' शब्दहरूको प्रतिनिधित्व भएको पाइन्छ। यीमध्ये 'नामावली दर्ता' निर्वाचनसित सहसम्बन्धित रहेको र यसलाई यसअघिको चरणमा 'मतदाता दर्ता' का रूपमा स्थापित भएको अप्रत्यक्ष सूचकको चयनको विकल्पका रूपमा रहेको देखिन्छ। यसमा संसक्त 'सावधानी' ले 'मतदाता दर्ता' लाई बृहत् सङ्घटनाको शक्तिशाली अप्रत्यक्ष सूचक बनाएको पाइन्छ। निर्वाचन प्रक्रियासँग जोडिएको यसको अन्तर्वस्तुमा दूरगामी प्रभाव पार्ने गहन तथ्य र धारणाको प्रतिनिधित्व रहेको भेटिन्छ। बृहत् सङ्घटनामा पहिलो पटक औपचारिक रूपमा पार्टीको नामबाट प्रवेश पाएको दल 'नेकपा-माओवादी' बृहत् सङ्घटनाको अप्रत्यक्ष सूचक हो। यससित संसक्त 'अपेक्षा' ले निर्वाचनको

तालिका नं. ३.४

**दोस्रो चार महिनाका अप्रत्यक्ष सूचकहरू**

| महिना | पूर्वस्थापित | नवस्थापित | सहयोगी |
|---|---|---|---|
| भदौ | मतदाता दर्ता | नामावली दर्ता | सावधानी, अपेक्षा, विराम, सक्रियता, पारदर्शिता, वैधानिकीकरण, सम्भावना, चुनौती, नलागोस्, हुनुपर्ने<br><br>(सकारात्मक परिणामको आशा) |
| | वार्ता | नेकपा-माओवादी | |
| | दलहरू | चन्दा | |
| | सहमति२ | एक नेता, एक क्षेत्र | |
| | - | शीतलनिवास | |
| | - | छलफल | |
| असोज | दल | उम्मेदवार४ | छनोट२, चयन, योग्य, प्राथमिकता, अर्को, प्रयास, आत्मविश्वास, कमी, सुरक्षा प्रश्न, समावेशी, विद्रोही, मुद्दा, विरुद्ध, प्रण, मौसम, चाहियो<br><br>(चुकेको अवसर) |
| | सहमति | युवा | |
| | नेताहरू | आलम प्रकरण | |
| | किचलो | प्रतिनिधित्व | |
| | - | घोषणापत्र | |
| | - | महिला | |
| | - | बन्द | |
| | - | संस्कृति/राजनीति | |
| | - | सहभागिता | |

क्रमशः

| क्रमशः **दोस्रो चार महिनाका अप्रत्यक्ष सूचकहरू** | | | |
|---|---|---|---|
| **महिना** | **पूर्वस्थापित** | **नवस्थापित** | **सहयोगी** |
| कात्तिक | आचारसंहिता | आर्थिक पारदर्शिता | प्रश्न, परिचालन, समन्वय, सम्मान, अनुगमन, प्रसङ्ग, व्यवस्था, विश्वसनीय, सावधानी, दायित्व, कार्यान्वयन, समेट्ने, सवाल, उत्कर्ष, उपेक्षा, फिर्ता, अवरोध, अस्वीकार्य, क्रियाकलाप, बहिष्कृत, बहिष्कार, विरोधी, घरदैलो, शिक्षा, विरुद्ध, शान्तिपूर्ण, आग्रह (कार्यान्वयनमा कडाइ) |
| | उम्मेदवार/उम्मेदवारी | सेना/सुरक्षा | |
| | घोषणापत्र | आइएनजीओहरू | |
| | नेकपा-माओवादी | समानुपातिक | |
| | बन्द | दलित | |
| | - | पर्यवेक्षक | |
| | - | राजनीतिक पर्व | |
| | - | जन/जनता | |
| | - | मतदान | |
| | - | बम/हडताल | |
| मङ्सिर | पर्यवेक्षण | मौन अवधि | प्रभावकारी, आवश्यक, विशेष, सतर्कता, सम्मान, उच्च, सजगता, खाँचो, अधिकार, दायित्व३, कदर, आवश्यक, गल्ती, सम्मान, यथार्थ, निरन्तरता, सकारात्मक२, सन्देश, चुनौती, बाढी, लगानी, अग्रसरता, मापदण्ड, प्रशंसनीय, भूमिका, कदम, अपेक्षा, निराश, नपार, गर्नै नहुने, किन ? (विभ्रमात्मक कूटनीतिक सक्रियता) |
| | आचारसंहिता | कीर्तिमानी मत | |
| | सुरक्षा/सेना | आर्थिक२ स्थायित्व२ | |
| | मतदान | एमाओवादी | |
| | दलहरू | जनादेश२ | |
| | समावेशी प्रतिनिधित्व | कांग्रेस-एमाले | |
| | दल दर्ता | परिवर्तनका कार्यसूची | |
| | सहमति | बदर मत | |
| | समानुपातिक | मङ्सिर ४ | |
| | जनता | मतादेश | |
| | | | स्रोत : शोधकर्ताको अवलोकन |

विपक्षमा क्रियाशील पक्षको नेतृत्व गरेको यसलाई शक्तिशाली प्रतिनिधित्वको पहिचान दिएको देखिन्छ। यसअघि सूचकको स्थान लिइसकेको 'वार्ता' यस पटक 'विराम नलागोस्' मा र 'दलहरू' 'सक्रियता' मा संसक्त भएर पुनः सूचकीय भूमिकामा देखापरेको पाइन्छ। यस अवधिमा 'पारदर्शिता' सित संसक्त भएर 'चन्दा' पहिलो पटक बृहत् सङ्घटनामा स्थापित सूचक 'आचारसंहिता' लाई सहसम्बन्धनमा राख्दै अप्रत्यक्ष सूचकको भूमिकामा सशक्त हुन आएको देखिन्छ। 'एक नेता, एक क्षेत्र' निर्वाचनको प्रक्रियामा सहसम्बन्धित विषय भएकाले यसलाई शक्तिशाली अप्रत्यक्ष सूचक मानिन्छ। राष्ट्रपति कार्यालय रहेको 'शीतलनिवास' र 'छलफल' को संसक्तिले निर्वाचनको पक्ष र विपक्षमा यसअघि सूचित 'विवाद', 'वार्ता', 'सहमति' आदिलाई फरक रूप र ढङ्गमा चयनको विकल्प दिएको पाइन्छ। 'शीतलनिवास' लाई शक्तिशाली अप्रत्यक्ष सूचकको साङ्केतिक पहिचानको रूपमा लिन सकिन्छ। 'सहमति' ले पुनः 'वैधानिकीकरण', 'सम्भावना' र 'चुनौती' सँग जोडिएर अप्रत्यक्ष सूचकमा स्थापित भइसकेको उसको शक्तिको आयामलाई अझै बृहत्, व्यापक र गहन बनाएको पाइन्छ। बृहत् सङ्घटनाको यस्तो जटिल

सन्दर्भलाई 'सकारात्मक परिणामको आशा' अमूर्त भावपरक पदावलीबाट मात्रै प्रतिनिधित्व गराइएको पनि पाइन्छ। यी शब्दहरूमा स्वतन्त्र सूचकीय शक्तिको अभाव देखिन्छ।

तालिका नं. ३.४ का तथ्यमा भए अनुसार असोजमा 'उम्मेदवार', 'युवा' 'आलम प्रकरण', प्रतिनिधित्व, 'घोषणापत्र', 'महिला', 'सहभागिता', 'बन्द', 'संस्कृति' र 'राजनीति' नवस्थापित सूचक हुन् भने 'दल', 'सहमति', 'नेताहरू' र 'किचलो' पूर्वस्थापित अप्रत्यक्ष सूचक रहेको देखिन्छ। असोजमा 'अवसर', 'छनोट', 'अन्तरिक', 'प्राथमिकता' 'चयन', 'योग्य', 'प्रयास', 'आत्मविश्वास', 'कमी', 'सुरक्षा प्रश्न', 'समावेशी', 'विद्रोही', 'मुद्दा', 'विरुद्ध', 'प्रण', 'मौसम', 'चुकेको' र 'चाहियो' आदि पहिचान, विशेषता र कार्य जनाउने शब्दहरू सहयोगी सूचकको रूपमा रहेको पाइन्छ। यिनमा 'उम्मेदवार' ले निर्वाचनको प्रक्रियामा सहभागी व्यक्ति समूहको चार पटक प्रतिनिधित्व गरेको पाइन्छ भने त्यसमा दुई पटक 'छनोट', एकपटक चयनको विकल्पमा 'चयन' र एक पटक 'विद्रोही' शब्दको संसक्ति देखिन्छ। 'युवा' र 'महिला' ले 'उम्मेदवार' मा रहेको उमेर र लैङ्गिक समूहको प्रतिनिधित्व र 'विद्रोही' ले उम्मेदवारी प्रक्रियामा 'पारदर्शिता' नभएकाले 'दल' मा उत्पन्न 'आन्तरिक किचलो' लाई सतहमा ल्याइदिएको तथ्यलाई स्पष्टतः सूचित गरेको पाइन्छ। शीर्षकमा 'योग्य', पारदर्शिता', 'प्राथमिकता' 'सहभागिता', 'मुद्दा' शब्दहरू पनि 'उम्मेदवार' कै सहयोगी सूचकका रूपमा रहेकाले निर्वाचनको सहसम्बन्धमा रहेको प्रतिनिधित्व 'उम्मेदवार' ले सबैभन्दा बढी सशक्त अप्रत्यक्ष सूचकको भूमिका र पहिचान बनाएको देखिन्छ। यस्तै, निर्वाचनसँग सहसम्बन्धित प्रतिनिधित्वहरू 'दल', 'नेताहरू', 'घोषणापत्र', 'समावेशी प्रतिनिधित्व', 'राजनीति', 'सुरक्षा' आदि कम वितरित भए पनि तिनमा अप्रत्यक्ष सूचकको शक्ति अन्तर्निहित पाइन्छ। यिनमा 'प्रश्न', 'मुद्दा', 'मौसम' जस्ता विम्बहरू र 'आलम प्रकरण' जस्तो साङ्केतिक प्रतिनिधित्व पनि जोडिएको देखिन्छ। यस अतिरिक्त, वार्ता गरेर 'सहमति' गर्न नसक्दा 'चुकेको अवसर' पछि यस अवधिमा 'सहमति' को 'अर्को प्रयास' भएको, निर्वाचनमा अवरोध पुऱ्याउने 'बन्दविरुद्ध प्रण' गरिएको, 'संस्कृति' लाई 'राजनीति' सँग समानान्तर प्रतिनिधित्वमा उभ्याएर विभिन्न खालको सूचकीय भूमिका प्रदान गरिएको पाइन्छ।

तालिका नं. ३.४ मा भएका तथ्य अनुसार कात्तिकमा 'आर्थिक पारदर्शिता', 'सेना', 'आइएनजीओहरू', 'समानुपातिक', 'सुरक्षा', 'पर्यवेक्षक', 'राजनीतिक पर्व', 'दलित', 'जन', 'जनता', 'बम', 'हडताल' र 'मतदान' नवस्थापित सूचकहरू हुन् भने 'आचारसंहिता', 'उम्मेदवारी', 'घोषणापत्र', 'नेकपा-माओवादी' र 'बन्द' पूर्वस्थापित अप्रत्यक्ष सूचक रहेको देखिन्छ। कात्तिकमा 'प्रश्न', 'परिचालन', 'समन्वय', 'सम्मान', 'अनुगमन', 'प्रसङ्ग', 'व्यवस्था', 'विश्वसनीय', 'सावधानी', 'दायित्व', 'कार्यान्वयन', 'समेट्ने', 'सवाल', 'उत्कर्ष', 'उपेक्षा', 'फिर्ता', 'अवरोध', 'अस्वीकार्य', 'विरोधी', 'क्रियाकलाप', 'बहिष्कृत', 'बहिष्कार', 'घरदैलो', 'शिक्षा', 'विरुद्ध', 'शान्तिपूर्ण', 'आग्रह', 'लेऊ' आदि पहिचान, विशेषता र कार्य जनाउने शब्दहरू सहयोगी सूचकका रूपमा रहेको पाइन्छ। यीमध्ये 'पारदर्शिता', 'प्रश्न', 'आचारसंहिता', 'अनुगमन', 'उम्मेदवारी', 'सुरक्षा', 'घोषणापत्र', 'कार्यान्वयन', 'नेकपा-माओवादी', 'समेटाइ', 'बन्द' र 'राजनीति' ले यसअघि नै सम्पादकीय शीर्षकमा प्रवेश पाइसकेकाले तिनमा भएको सूचकीय क्षमताको विकास पनि हुँदै आएको देखिन्छ। 'आर्थिक' को 'पारदर्शिता' सँग, 'सेना' को 'परिचालन' र 'समन्वय' सँग, 'सम्मान' को 'आचारसंहिता' सँग, 'आइएनजीओहरू' को 'अनुगमन' सँग, 'समानुपातिक' को

'उम्मेदवारी प्रसङ्ग' सँग, 'व्यवस्था' को 'सुरक्षा' सँग संसक्ति रहेको पाइन्छ भने 'विश्वसनीय' को 'सुरक्षा' सँग, 'सावधानी' को 'समानुपातिक' सँग, 'पर्व' को 'राजनीतिक' सँग, 'उत्कर्ष' को 'राजनीतिक पर्व' सँग, 'फिर्ता' को 'बन्द' सँग संसक्ति रहेको देखिन्छ । बृहत् सङ्घटनामा पहिले नै परिचित शब्दहरूसितको संसक्तिबाट बृहत् सङ्घटनासित नयाँ शब्दहरूमा पनि सूचकीय सम्बन्ध कायम भएको पाइन्छ । यस अवधिमा प्रवेश पाएका 'पर्यवेक्षक' र 'मतदान' निर्वाचनसितको सहसम्बन्धका कारण अप्रत्यक्ष सूचक बनेको पाइन्छ भने 'दायित्व' ले 'पर्यवेक्षक' सँग, 'मतदान' ले 'शिक्षा' सँग जोडिएर 'मतदान शिक्षा' हुँदै 'घरदैलो' लाई पनि सूचकीय दायरामा ल्याएको देखिन्छ । यस्तै, पहिलो पटक उपस्थित 'दलित' यसअघिको 'समावेशी प्रतिनिधित्व' र 'समानुपातिक उम्मेदवारी' सँग सिद्धान्ततः जोडिएको समुदायको प्रतिनिधित्व हो भने 'जनता' निर्वाचनसँग जोडिएको सार्वभौमसत्तासम्पन्न व्यापक समूहको प्रतिनिधित्व हो । 'दलित' सँग 'उपेक्षा', 'जनता' सँग 'बहिष्कार' 'अस्वीकार्य', 'बहिष्कृत', 'जनविरोधी', 'क्रियाकलाप' 'विरुद्ध' आदि हुँदै 'बन्द', 'बम', 'अवरोध' 'हडताल', 'शान्तिपूर्ण', 'आग्रह' जस्ता शब्दहरू पनि आयोजकहरूसँग जसरी नै सन्दर्भित हुन आएको पाइन्छ । यस अतिरिक्त, 'कडाइ' को 'कार्यान्वयन' सँग र यी दुवैको 'आचारसंहिता' सँग विलोपको अवस्थामा रहेको सम्बन्ध स्थापित हुन आउँछ । विलोपको अवस्थामा अन्तर्पाठबाट स्थापित हुन आउने सम्बन्धले शीर्षकमा शक्तिहीन सूचकीय पहिचान रहेको देखाउँछ । यस अवधिमा नयाँ विम्बका रूपमा 'सवाल', 'प्रसङ्ग' 'व्यवस्था', 'घरदैलो' र 'निर्वाचन' जनाउने नयाँ सङ्केतका रूपमा 'राजनीतिक पर्व' को प्रयोग भएको पाइन्छ ।

तालिका नं. ३.४ मा भएका तथ्य अनुसार मङ्सिरमा 'मौन अवधि', 'कीर्तिमानी मत', 'आर्थिक स्थायित्व', 'एमाओवादी', 'जनादेश', 'कांग्रेस-एमाले', 'परिवर्तनका कार्यसूची', 'बदर मत', 'मङ्सिर ४' र 'मतादेश' नवस्थापित सूचक हुन् भने 'पर्यवेक्षण', 'आचारसंहिता', 'सुरक्षा', 'सेना', 'मतदान', 'दलहरू', 'समावेशी प्रतिनिधित्व', 'दल दर्ता', 'सहमति', 'समानुपातिक' र 'जनता' पूर्वस्थापित सूचक रहेको पाइन्छ । मङ्सिरमा 'प्रभावकारी', 'आवश्यक', 'विशेष', 'सतर्कता', 'सम्मान', 'उच्च', 'सुरक्षा', 'सजगता', 'खाँचो', 'अधिकार', 'दायित्व', 'कदर', 'गल्ती', 'दायित्व', 'यथार्थ', 'निरन्तरता', 'सकारात्मक', 'सन्देश', 'चुनौती', 'विभ्रमात्मक', 'कूटनीतिक', 'सक्रियता', 'बाढी', 'लगानी', 'अग्रसरता', 'मापदण्ड', 'प्रशंसनीय', 'भूमिका', 'सकारात्मक', 'कदम', 'अपेक्षा', 'निराश', 'नपार', 'गर्नै नहुने', 'किन?' आदि पहिचान, विशेषता र कार्य जनाउने शब्दहरू सहयोगी सूचक रहेको पाइन्छ । यस अवधिमा नयाँ सूचकमध्ये 'मौन अवधि' निर्वाचनसँग सहसम्बन्ध राख्ने सूचक प्रत्यक्षतः 'विशेष सतर्कता' बाट विलुप्त 'सुरक्षा' सँग जोडिएको पाइन्छ । 'मतदान', 'अधिकार', 'कीर्तिमानी मत' र 'बदर मत' निर्वाचनसित सहसम्बन्ध राख्ने सूचकहरू हुन् भने 'स्थायित्व' र 'लगानी' को संसक्ति पनि निर्वाचनको सन्दर्भमा यसअघि नै स्थापित सूचक 'आर्थिक' सँग सम्बद्ध रहेकाले यिनमा सूचकीय शक्ति रहेको मान्न सकिन्छ । 'एमाओवादी' 'गर्नै नहुने' र 'गल्ती' सँग, 'जनादेश' 'सम्मान' सँग, 'कांग्रेस-एमाले' 'दायित्व' सँग, 'परिवर्तनका कार्यसूची' 'निरन्तरता' सँग, 'मङ्सिर ४' 'मतादेश' सँग, 'बाढी' 'दल दर्ता' सँग, 'मापदण्ड' 'समानुपातिक' सँग, 'कदम' 'सकारात्मक' सँग र 'निराश' 'जनता' सँग संसक्त रहेकाले यिनमा बृहत् सङ्घटनाको अप्रत्यक्षमा प्रधान र सहयोगी सूचकीय पहिचान रहेको पाइन्छ । 'विभ्रमात्मक कूटनीतिक सक्रियता' मा निर्वाचनपछिको पूरक र प्रभाव चरणमा फरक क्षेत्रबाट शक्तिको

चलखेलमा भएको प्रतिनिधित्व पाइन्छ । यसले बृहत् सङ्घटनामा फरक कार्यको सूचकीय पहिचान र हैसियत बनाएको देखिन्छ । मङ्सिरमा विम्बका रूपमा 'खाँचो', 'कदम', 'बाढी' र सङ्केतका रूपमा 'मङ्सिर ४' रहेको पाइन्छ ।

निर्वाचन तयारीको क्रमिक विकास र उत्कर्ष चरणमा मतदाता दर्तादेखि मतादेशसम्ममा ४० भन्दा बढी सूचकहरू स्थापित भएको देखिन्छ । यस अवधिमा स्थापित सूचकहरूसित संसक्त सहयोगी स्वतन्त्र शब्दहरू 'सावधानी', 'विराम', 'चुनौती', 'नलागोस',, 'हुनुपर्ने', 'कमी', 'सुरक्षा प्रश्न', 'विद्रोही', 'मुद्दा', 'प्रश्न', 'चाहियो', 'उपेक्षा', 'सवाल', 'फिर्ता', 'अवरोध', 'अस्वीकार्य', 'बहिष्कृत', 'बहिष्कार', 'विरोधी', 'विरुद्ध', 'विशेष सतर्कता', 'खाँचो', 'गल्ती', 'निराश नपार', 'गर्नै नहुने', 'किन ?' जस्ता सूचकहरूले विवाद र द्वन्द्वको प्रतिनिधित्व गरेको पाइन्छ । 'अपेक्षा', 'सक्रियता', 'सम्भावना', 'आशा', 'सकारात्मक', 'प्राथमिकता', 'अर्को प्रयास', 'परिचालन', 'समन्वय', 'सम्मान', 'अनुगमन', 'दायित्व', 'कदर' आदिले द्वन्द्व व्यवस्थापन तथा शान्ति प्रयास भइरहेको जनाउनाका साथै समावेशी प्रतिनिधित्व, मतदान अधिकार, सहभागिता, घोषणापत्र, मौन अवधि, दल दर्ता, आचारसंहिता, पर्यवेक्षण, समानुपातिक, उम्मेदवारी, मतदाता दर्ता, नामावली दर्ता, एक नेता, एक क्षेत्र, चन्दा, आर्थिक पारदर्शिता जस्ता सूचकहरूले निर्वाचनको सिद्धान्त, विधि र प्रक्रियासँग सम्बन्धित तथ्य र धारणालाई प्रतिनिधित्व गरेको पाइन्छ ।

**(ग) पूरक चरणमा स्थापित र सहयोगी अप्रत्यक्ष सूचकहरू**

निर्वाचनको पूरक र प्रभावको चरणमा पुसदेखि चैतसम्मको अवधि समेटिएको छ । यस अवधिमा प्रयुक्त पूर्वस्थापित, नवस्थापित र सहयोगी अप्रत्यक्ष सूचकहरूलाई प्रयोग भएको महिना खुल्ने गरी तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छ । प्रस्तुत तालिका नं. ३.५ मा 'फागुन ७' बाहेक सूचक सँगैका अङ्कले एक महिनामा भएको पुनरावृत्तिको पटकलाई जनाउँछन् भने सहयोगीमा कोष्ठकभित्र रहेका शीर्षकले फरक र कम शक्तिशाली सूचकको प्रतिनिधित्व गर्दछन् । पुसमा 'समय', 'मुलुक', 'द्वन्द्व', 'संकट', 'उच्चस्तरीय संयन्त्र', 'अलमल', 'सर्वोच्च', 'अदालत' र 'अस्वीकार अधिकार' नवस्थापित सूचक हुन् भने 'दलहरू', 'सहमति', 'समानुपातिक', 'एमाओवादी', 'प्रतिनिधित्व', 'विवाद' र 'राजनीति' पूर्वस्थापित अप्रत्यक्ष सूचक रहेको पाइन्छ । पुसमा प्रयुक्त सहयोगी सूचकहरूमा 'अब', 'व्यर्थ', 'आवश्यकता', 'समाप्ति', 'औचित्य', 'सकारात्मक', 'पहल', 'कार्यान्वयन', 'पद्दति', 'सुधार', 'वैचारिक', 'व्याख्या', 'अपेक्षित', 'गर्न पाउनु', 'बैठक', 'मार्ग प्रशस्त', 'नथपौं', 'नगुमाऔं', 'नगर', 'गर्न पाउने' आदि पहिचान, विशेषता र कार्य जनाउने शब्दहरू प्रयोग भएको पाइन्छ । यस अवधिमा 'अब' समय सूचक र 'समय' को प्रयोग सबैभन्दा बढी पटक भएको पाइन्छ । चार पटक 'अब' र एक पटक 'समय' प्रयोग भएकोमा 'अब' को पहिलो संसक्ति 'नथपौं' सँग, दोस्रो संसक्ति 'व्यर्थमा समय नगुमाऔं' सँग, तेस्रो र चौथो संसक्ति 'अलमल नगर' सँग भएको पाइन्छ । यसले अप्रत्यक्षतः 'दलहरू' ले प्रत्यक्ष र समानुपातिक मत परिणाम आइसक्दा पनि 'समानुपातिक' प्रतिनिधित्वमा आफू अनुकूलका व्यक्तिलाई संविधानसभा सदस्य बनाउन खोज्दा ढिलाइ गरेको तथ्यलाई पटक-पटक सूचित गरेको देखिन्छ । साथै यस अवधिमा 'समानुपातिक प्रतिनिधित्वमा

विवाद' उत्पन्न भएर 'पद्धतिमा सुधार' को माग भएको तथ्यको पनि समय सूचकसँग सम्बन्ध रहेको पाइन्छ। यसले सहयोगी 'अब' को चार पटकसम्मको पुनरावृत्तिले 'समय' लाई नवस्थापित शक्तिशाली अप्रत्यक्ष सूचक बनाएको पाइन्छ। 'मुलुक' को 'आवश्यकता' र 'द्वन्द्व' को 'समाप्ति' सँगको संसक्तिमा 'मुलुक' पहिलो पटक निर्वाचनको पूरक र प्रभाव चरणमा अप्रत्यक्ष सूचकको रूपमा देखापरेको छ। पूर्वस्थापित 'दलहरू' को 'पहल' 'सकारात्मक' भनिए पनि यस अवधिमा पूर्वस्थापित 'एमाओवादी' मा संसक्त 'वैचारिक संकट' को 'संकट' र 'द्वन्द्व' को सहसम्बन्ध पूर्वस्थापित 'समानुपातिक' र 'विवाद' सँग रहेको पाइन्छ। यसैले केही हदसम्म आपसमा चयनको विकल्प हुनसक्ने गुण रहेका 'द्वन्द्व' र 'संकट' पनि यस अवधिमा अप्रत्यक्ष सूचकमा स्थापित हुन आएको पाइन्छ। 'औचित्य' सितको संसक्तिले 'उच्चस्तरीय संयन्त्र' लाई पनि विभिन्न खालका 'विवाद', 'द्वन्द्व' र 'संकट' सँग जोडिएका 'दलहरू' को सहउत्पादनका रूपमा शक्तिशाली अप्रत्यक्ष सूचकको पहिचान दिएको देखिन्छ। 'सर्वोच्च' को संसक्ति 'व्याख्या' सँग रहेको र व्याख्याको संसक्ति 'अपेक्षित' सँग रहेको अवस्थाले अलमल र ढिलाइ भइरहेको सन्दर्भमा विलोपमा 'अदालत' बुझिने, पूर्वस्थापित 'राजनीति' को समानान्तरमा 'अदालत' उल्लेख भएको, 'बैठकका लागि मार्ग प्रशस्त' मा रहेको 'बैठक' ले संविधानसभा बैठक जनाउने र 'अस्वीकार गर्न पाउने अधिकार' निर्वाचनसँगै जोडिएको फैसला हुनाले यस अवधिमा 'सर्वोच्च' र 'अस्वीकार अधिकार' लाई पनि नवस्थापितको सूचीमा अप्रत्यक्ष सूचकको रूपमा लिनुपर्ने हुन्छ। यसको तुलनामा 'बैठक' को संसक्ति 'संविधानसभा' सँग प्रत्यक्ष नरहेको र सहयोगी सूचक 'मार्ग प्रशस्त' मा पनि सूचकीय क्षमता कम सशक्त देखिन्छ। यस अवधिमा 'अराजकताको बाटो' जस्तो भावात्मक मात्र नभएर 'अब नथपौं', 'अब व्यर्थमा समय नगुमाऔं' र 'अब अलमल नगर' जस्ता क्रियात्मक शीर्षकहरूमा पनि अन्तर्वस्तुमा रहेको समसामयिक सन्दर्भका आधारमा मात्र अर्थको नजिक पुगिने भएकाले यिनमा भएका अप्रत्यक्ष सूचकहरू झनै अप्रत्यक्ष रूपमा रहेको पाइन्छ। पुसमा 'बाटो' र 'मार्ग' लाई विम्बका रूपमा र 'सर्वोच्च' लाई सङ्केतका रूपमा प्रयोग गरिएको पाइन्छ। यसबाहेक, यसअघि स्थापित भइसकेका सूचकहरूमध्ये 'दलहरू' मा 'सकारात्मक पहल' जस्ता सहयोगी सूचकहरू संसक्त रहेकाले, 'सहमति' मा 'आवश्यकता' र 'कार्यान्वयन' जस्ता सहयोगी सूचकहरू संसक्त रहेकाले, 'समानुपातिक' मा एक पटक 'पद्धतिमा सुधार' र अर्को पटक 'प्रतिनिधित्वमा विवाद' संसक्त रहेकाले, 'एमाओवादी' मा 'वैचारिक संकट' संसक्त रहेकाले, 'प्रतिनिधित्व' मा 'विवाद' र 'विवाद' मा 'प्रतिनिधित्व' दुवै 'समानुपातिक' मा संसक्त रहेकाले, 'राजनीति' मा 'अदालत' समानान्तरतामा संसक्त रहेकाले यी पूर्वस्थापित सूचकहरूको आपसी सम्बन्ध गहिरिँदै गएको, दायरा फराकिलो हुँदै भएको र सूचकीय क्षमता सशक्त बन्दै आएको पाइन्छ।

तालिका नं. ३.५ मा भएका तथ्य अनुसार माघमा 'छब्बीस छनोट', 'पद मोह', 'सहमतीय', 'स्वामित्व ग्रहण', 'लोकतन्त्र', 'बहुमतीय', 'कोइराला', 'गैरदलीय' नवस्थापित सूचक हुन् भने 'कांग्रेस', 'सरकार', 'सहमति', 'दलहरू', 'कांग्रेस-एमाले', 'एमाले', 'विवाद' पूर्वस्थापित अप्रत्यक्ष सूचक रहेको पाइन्छ। यस अवधिमा 'छब्बीस' ले 'छनोट' सितको संसक्तिमा संविधानसभामा मनोनीत सदस्यको समूहलाई सङ्केत गर्छ भने यसको 'छनोट' मा सहयोगी सूचक 'अग्रसरता' संसक्त पाइन्छ। सुरूमै सहयोगी सूचक 'फेरि पनि' सित रहेको संसक्त पदावली 'पद मोह' मा पूर्वस्थापित अप्रत्यक्ष सूचक 'कांग्रेस' को 'जिम्मेवारी' सितको संसक्ति, 'सरकार' को 'सहमतीय' र 'जरुरी'

सितको संसक्तिले पनि यसलाई सशक्त सूचकीय शक्ति प्रदान गरेको पाइन्छ । यसका साथै, पूर्वस्थापित 'सहमति' मा 'अधिकतम', 'प्रयास' र 'गर' को संसक्तिबाट पनि 'पदमोह' को पुनरावृत्तिलाई सूचकीय शक्ति प्राप्त भएको देखिन्छ । संविधानसभामा 'स्वामित्व ग्रहण' मा 'औचित्य' सितको संसक्तिले पूर्वस्थापित 'दलहरू' र तीसँग जोडिएको 'विवाद' र 'द्वन्द्व' लाई आकर्षित गर्ने हुनाले अप्रत्यक्ष सूचकको गुण सवल भएको देखिन्छ । पूर्व

तालिका नं. ३.५

**तेस्रो चार महिनाका अप्रत्यक्ष सूचकहरू**

| महिना | पूर्वस्थापित | नवस्थापित | सहयोगी |
|---|---|---|---|
| पुस | दलहरू | समय | अब४, व्यर्थ, आवश्यकता२, समाप्ति, औचित्य, सकारात्मक, पहल, कार्यान्वयन, पद्दति, सुधार, वैचारिक, व्याख्या, अपेक्षित, अस्वीकार, गर्न पाउने, मार्ग प्रशस्त, नथपौं, नगुमाऔं, नगर२, गर्न पाउने |
| | सहमति | मुलुक | |
| | समानुपातिक२ | द्वन्द्व/संकट | |
| | एमाओवादी | उच्चस्तरीय संयन्त्र | |
| | प्रतिनिधित्व | अलमल२ | |
| | विवाद | सर्वोच्च अदालत | |
| | राजनीति | बैठक | (अराजकताको बाटो) |
| | - | अस्वीकार अधिकार | |
| माघ | कांग्रेस | छब्बीस छनोट | अग्रसरता, फेरि, जिम्मेवारी, जरुरी, अधिकतम, प्रयास, औचित्य, आन्तरिक, आधार, पहल, लोकतान्त्रिक, व्यवस्थापन, कार्यादेश, शिक्षा, सफलता२, कामना, गर, बन, पाएको |
| | सरकार३ | पद मोह | |
| | सहमति२ | स्वामित्व ग्रहण | |
| | दलहरू | लोकतन्त्र | |
| | कांगेस-एमाले | कोइराला२ | |
| | एमाले | सहमतीय | |
| | विवाद | बहुमतीय | |
| | - | गैरदलीय | |
| फागुन | जनता | प्रधानमन्त्री | चुस्त३, भागवण्डा, हित, अग्रसरता, खाँचो, सान्दर्भिकता, दिवस, सन्देश, पाठ, पूर्णता, आधार, विस्तारित, अपेक्षा, खेर, बन, होइन, सिक्नुपर्ने, देऊ, रोक, बनाऊ, नफालियोस् |
| | कोइराला | फागुन ७ | |
| | सरकार | प्रजातन्त्र | |
| | समय बेसमय | सभाध्यक्ष | |
| | - | मन्त्रिपरिषद्२ | |
| | - | गाईजात्रा | (सकारात्मक लक्षण) |
| | - | समिति | |
| चैत | महिला२ | साझा कार्यक्रम | बेवास्ता, अर्थपूर्ण, अर्थतन्त्र, उकास्न, गति, सक्रियता, काम, प्राथमिकता, उदासीनता, स्थानीय, निर्वाचन, बढाउनुपर्ने, बढाउन, छँदै, गर्नुपर्ने |
| | प्रतिनिधित्व | एकता | |
| | कोइराला | समन्वय समिति | |
| | अवसर | मन्त्री | (समर्पणको खाँचो) |
| | - | शीर्ष नेतृत्व | |
| | | | स्रोत : शोधकर्ताको अवलोकन |

संसक्तिमा क्रमशः 'आन्तरिक' र 'दलहरू' रहेको 'लोकतन्त्र' मा पूर्वस्थापित 'कांग्रेस-एमाले' सहित 'विवाद' र 'लोकतान्त्रिक व्यवस्थापन' समेत सन्दर्भित भएकाले सूचकीय क्षमता सवल रहेको पाइन्छ। 'सहमतीय', 'बहुमतीय', र 'गैरदलीय' विशेषतामा पूर्वस्थापित 'सरकार' संसक्त रहेको, 'कोइराला', 'सरकार' कै नेतृत्व पदमा रहेको व्यक्तिको थर भएको, थरमा निजले पाएको 'कार्यादेश', निजले गर्ने कार्यप्रति गरिएको 'सफलता' र 'कामना' संसक्त रहेकाले 'सहमतीय', 'बहुमतीय', 'गैरदलीय' र 'कोइराला' मा सूचकीय शक्ति सवल रहेको देखिन्छ। यिनमा पनि 'सहमतीय' सरकारसँग 'जरुरी', 'बहुमतीय' सरकारसँग 'पहल' र 'गैरदलीय' सरकारसँग 'सफलता' र 'शिक्षा' जोडिएको अवस्थाले सूचकीय क्षमतामा विशिष्ट पहिचान पनि रहेको पाइन्छ। यस अवधिमा 'छब्बीस' लाई विम्बको रूपमा प्रयोग गरिएको देखिन्छ। यसबाहेक, यसअघि स्थापित भइसकेका सूचकहरूमध्ये 'कांग्रेस' मा 'जिम्मेवारी' सहयोगीका रूपमा संसक्त रहेकाले, 'सरकार' मा पहिलो पटक 'सहमतीय' र 'जरुरी' संसक्त रहेकाले, 'सहमती' मा 'अधिकतम प्रयास गर' संसक्त रहेकाले, 'दलहरू' मा 'आन्तरिक लोकतन्त्र' संसक्त रहेकाले, 'कांग्रेस-एमाले' मा 'सहमतिको आधार' संसक्त रहेकाले, 'एमाले' मा 'विवाद' को लोकतान्त्रिक व्यवस्थापन' संसक्त रहेकाले र 'विवाद' मा 'एमाले' र 'लोकतान्त्रिक व्यवस्थापन' संसक्त रहेकाले यी पूर्वस्थापित सूचकहरू आपसमा सहसम्बन्धित पनि हुँदै यिनमा रहेको सूचकीय दायरा फराकिलो र शक्तिशाली हुँदै आएको पाइन्छ।

तालिका नं. ३.५ मा भएका तथ्य अनुसार फागुनमा 'प्रधानमन्त्री', 'फागुन ७', 'प्रजातन्त्र', 'सभाध्यक्ष', 'पाठ', 'मन्त्रिपरिषद्', 'गाईजात्रा' र 'समिति' नवस्थापित सूचक हुन् भने 'जनता', 'कोइराला', 'सरकार' र 'समय' पूर्वस्थापित सूचक रहेको पाइन्छ। यस अवधिमा यस अघि स्थापित अप्रत्यक्ष सूचक 'कोइराला' को चयनको औपचारिक विकल्पका रूपमा 'सरकार' प्रमुखको पद 'प्रधानमन्त्री' रहेको, यसको अग्र संसक्तिमा 'चुस्त बन' समेत रहेकाले 'प्रधानमन्त्री' नवस्थापित अप्रत्यक्ष सूचक हुन आएको पाइन्छ। 'फागुन ७' र 'प्रजातन्त्र' चयनका विकल्पका रूपमा रहेका छन्। 'फागुन ७' सँग 'सान्दर्भिकता' र 'प्रजातन्त्र' सँग 'दिवस' र 'सन्देश' संसक्त हुन आएकाले यी दुवैले 'प्रजातन्त्र दिवस' लाई जनाएको र तिनमा संसक्त 'सान्दर्भिकता' र 'सन्देश' जस्ता सहयोगी सूचकले 'संविधानसभा निर्वाचन-२०७०' लाई जोड्ने हुनाले यस अवधिमा दुवै विकल्पहरू एकै पटक अप्रत्यक्ष सूचकमा स्थापित हुन आएको देखिन्छ। संविधानसभाका नवनिर्वाचित 'सभाध्यक्ष' को संसक्ति 'सिक्नुपर्ने पाठ' सँग रहेर अघिल्लो संविधानसभा र चालु संविधानसभाको सन्दर्भलाई जोड्ने एकै पात्र रहेको अवस्थाले नवस्थापित अप्रत्यक्ष सूचक भएको पाइन्छ। यस्तै पूर्वस्थापित शक्तिशाली अप्रत्यक्ष सूचक 'सरकार' को चयनको विकल्प 'मन्त्रिपरिषद्' रहेको र यसमा एकपटक 'पूर्णता देऊ' र अर्को पटक 'विस्तारित' र 'अपेक्षा' जस्ता सहयोगी सूचकहरू संसक्त रहेकाले नवस्थापित अप्रत्यक्ष सूचक हुन आएको देखिन्छ। 'गाईजात्रा' को अग्र भागमा 'बेसमय' र पश्च भागमा 'रोक !' जस्ता सहयोगी सूचकहरू संसक्त हुन आएर संविधानसभा निर्वाचन-२०७० पछि दलहरूले देखाएको अनपेक्षित गतिविधिको विरोधमा प्रकट साङ्केतिक अप्रत्यक्ष सूचकको स्थान बनाएको पाइन्छ। यस अतिरिक्त 'समिति' संविधानसभाको अङ्ग रहेको र 'चुस्त बनाऊ' सँग संसक्त रहेकाले बृहत् सङ्घटनाको अप्रत्यक्ष सूचक हुन आएको देखिन्छ। यसअघि स्थापित भइसकेका सूचकहरूमध्ये 'जनता' मा 'भागबण्डा होइन' र 'हित' जस्ता सशक्त सूचक र सूचकीय पदावली सहयोगीका रूपमा संसक्त रहेकाले, 'कोइराला' मा 'अग्रसरताको खाँचो'

जस्ता सहयोगी सूचकीय पदावली संसक्त रहेकाले, 'सरकार' मा 'चुस्त' र 'आधार' संसक्त रहेकाले, 'समय' मा 'खेर नफालियोस्' सहयोगी सूचकहरू संसक्त रहेकाले यी पूर्वस्थापित सूचकहरूको सूचकीय दायरा फराकिलो र सशक्त बन्दै आएको पाइन्छ। यस अवधिमा 'सकारात्मक लक्षण' जस्ता सहयोगी सूचकहरूको मात्रै संसक्तिबाट बनेको शीर्षक पनि भेटिन्छ।

तालिका नं. ३.५ मा भएका तथ्य अनुसार चैतमा 'साझा कार्यक्रम', 'एकता', 'समन्वय समिति', 'मन्त्री' र 'शीर्ष नेतृत्व' नवस्थापित सूचक हुन् भने 'महिला', 'प्रतिनिधित्व', 'कोइराला' र 'अवसर' पूर्वस्थापित अप्रत्यक्ष सूचक रहेका पाइन्छ। यस अवधिमा नवस्थापित अप्रत्यक्ष सूचक 'साझा कार्यक्रम' को सहयोगी सूचक 'अर्थपूर्ण' सँगको संसक्ति र यसको सहसम्बन्ध पूर्वस्थापित सूचक 'सरकार' र सरकार प्रमुख 'कोइराला' सँग भएको देखिन्छ। यस्तै, 'अर्थतन्त्र उकास्न' सँग संसक्ति भएको र पूर्वस्थापित अप्रत्यक्ष सूचकहरू 'आर्थिक' र 'लगानी' हुँदै 'दलहरू' सँग जोडिने भएकाले 'एकता' यस अवधिमा नवस्थापित अप्रत्यक्ष सूचक हुन आएको पाइन्छ। 'समन्वय समिति' को सहसम्बन्ध 'समिति' सँग रहेको र 'सक्रियता बढाउन' सँग संसक्त रहेकाले यो पनि बृहत् सङ्घटनाको अप्रत्यक्ष सूचक हुन आएको देखिन्छ। यस्तै, 'मन्त्री' को संसक्ति 'प्राथमिकता' सँग र 'शीर्ष नेतृत्व' को संसक्ति 'उदासीनता' सँग भएको पाइन्छ। यी दुवैको सहसम्बन्ध 'सरकार', 'दलहरू', 'विवाद' 'आर्थिक स्थायित्व' आदिसँग रहने हुनाले यिनलाई अप्रत्यक्ष सूचकको पहिचान दिन सकिन्छ। यस बाहेक यसअघि स्थापित भइसकेका सूचकहरूमध्ये 'महिला' मा एक पटक 'प्रतिनिधित्वमा बेवास्ता' र अर्को पटक 'स्थानीय निर्वाचन' जस्ता संसक्त सूचकीय पदावली सहयोगीका रूपमा संसक्त रहेकाले, 'कोइराला' मा 'बढाउनुपर्ने गति' जस्ता सहयोगी सूचकीय पदावली संसक्त रहेकाले र समयको विकल्प 'अवसर' मा 'छँदै गर्नुपर्ने काम' संसक्त रहेकाले यी पूर्वस्थापित सूचकहरूको सूचकीय दायरा फराकिलो र झनै सशक्त बनेको पाइन्छ।

निर्वाचनपछिको पूरक र प्रभाव चरणमा 'दलहरू', 'सहमति', 'समानुपातिक', 'एमाओवादी', 'प्रतिनिधित्व', 'विवाद', 'राजनीति', 'कांग्रेस', 'सरकार', 'कांग्रेस-एमाले', 'जनता', 'कोइराला', 'समय/बेसमय', 'महिला', 'अवसर' जस्ता स्थापित सूचकहरूको आपसी सम्बन्ध सघन र सूचकीय दायरा फराकिलो हुन पुगेको देखिन्छ। यस अवधिमा स्थापित सूचकहरूसित आपसमा संसक्त र स्वतन्त्र शब्दहरू 'समय', 'द्वन्द्व/संकट', उच्चस्तरीय संयन्त्र', 'अलमल', 'सर्वोच्च/अदालत', 'अस्वीकार अधिकार', 'छब्बीस छनोट', 'पद मोह', 'स्वामित्व ग्रहण', 'आन्तरिक लोकतन्त्र', 'कोइराला', 'सहमतीय', 'बहुमतीय', 'गैरदलीय', 'प्रधानमन्त्री', 'सभाध्यक्ष', 'मन्त्रिपरिषद्', 'गाईजात्रा', 'समिति', 'साझा कार्यक्रम', 'एकता', 'समन्वय समिति', 'मन्त्री', 'शीर्ष नेतृत्व' र तिनमा संसक्त 'व्यर्थ', 'आवश्यकता', 'समाप्ति', 'औचित्य', 'सुधार', 'वैचारिक', 'व्याख्या', 'अपेक्षित', 'अस्वीकार', 'अधिकार', 'नथपौं', 'नगुमाऔं', 'नगर', 'फेरि पनि', 'जिम्मेवारी', 'जरुरी', 'गर', 'बन', 'भागबण्डा', 'होइन', 'खाँचो', 'खेर', 'सिक्नुपर्ने', 'देऊ', 'रोक', 'बनाऊ', 'नफालियोस्', बेवास्ता', 'प्राथमिकता', 'उदासीनता', स्थानीय निर्वाचन', 'बढाउनुपर्ने', 'छँदै', 'गर्नुपर्ने' जस्ता सहयोगी सूचकहरूले कुनै न कुनै प्रकारले विवाद र द्वन्द्वको प्रतिनिधित्व गरेको पाइन्छ। 'सकारात्मक पहल', 'अधिकतम प्रयास' 'मार्ग प्रशस्त', विस्तारित', 'अपेक्षा', 'लोकतान्त्रिक व्यवस्थापन', 'कार्यादेश', 'पाठ', 'शिक्षा', 'सकारात्मक लक्षण', 'अर्थतन्त्र उकास्न', 'सक्रियता बढाउन', 'एकता', 'समन्वय' आदि सूचकहरूमा

आंशिक भए पनि द्वन्द्व व्यवस्थापन तथा उन्नतितिरको प्रयासको धारणात्मक सङ्केत भेटिन्छ। 'समानुपातिक पद्धति', 'समानुपातिक प्रतिनिधित्व', 'छब्बीस छनोट', 'अस्वीकार अधिकार', 'लोकतान्त्रिक व्यवस्थापन' जस्ता सूचकहरूले चाहिँ निर्वाचनको सिद्धान्त, विधि र प्रक्रियाका तथ्य र धारणालाई प्रतिनिधित्व गरेको पाइन्छ। यस अवधिमा 'मार्ग', 'खाँचो', 'बाटो' जस्ता सूचकहरू विम्ब र 'छब्बीस', 'फागुन ७', र 'गाईजात्रा' जस्ता सूचकहरू सङ्केतको रूपमा प्रयोग भएको पाइन्छ। यसमध्ये पनि 'बेसमयको गाईजात्रा', 'अराजकताको बाटो', 'विभ्रमात्मक कूटनीतिक सक्रियता' आदि विसङ्गतिका सूचकको रूपमा समेत रहेको पाइन्छ।

### ३.३.३ सर्वाधिक शक्तिशाली प्रत्यक्ष सूचकको शीर्षकीय संरचना

सर्वाधिक शक्तिशाली सूचक 'निर्वाचन' को शीर्षकीय प्रयोगलाई संरचनागत ढाँचामा तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ। तालिकामा कोष्ठकभित्रका शब्द र अङ्कहरू बृहत् सङ्घटनाका अंश प्रतिनिधित्वहरू हुन् भने प्रत्यक्ष सूचकको निकटमा कोष्ठीकृत प्रतिनिधित्वहरूले शीर्षकीय संरचनामा विलोपित उपस्थिति जनाउँछन्। शीर्षस्थ संरचनामा 'निर्वाचन' को संसक्ति रैखिक ढाँचामा रहेको पाइन्छ। संरचनागत ढाँचालाई ध्यानमा राखेर विश्लेषण गर्दा अधिकांश शीर्षकमा सूचक 'निर्वाचन' को स्थानगत अग्रता देखिन्छ। अधिकांश शीर्षकमा सूचकको निकटवर्त्ती अग्र स्थानमा कोष्ठीकृत 'संविधानसभा' र निकटवर्त्ती पश्च स्थानमा कोष्ठीकृत '२०७०' लुप्त रहेको पाइन्छ। सूचकसहित अग्र र पश्च गरी जम्मा आठ स्थानमा विस्तारित शीर्षस्थ शब्द र संसक्तिका रूपलाई हेर्दा 'निर्वाचन' सित जोडिएका 'द्वन्द्वरतहरू' मा द्वन्द्वको विषय/वस्तु र घटनाको केन्द्रमा व्यक्तिलाई उभ्याइएको पाइन्छ। यसमा विषय/वस्तुलाई व्यक्तीकरण गरिनाका साथै सर्वाधिक शक्तिशाली सूचकसित सबै भन्दा पहिले र सूचक भन्दा पनि अग्र स्थानमा राखिएको पाइन्छ। त्यसपछि 'आउँदै' सितको प्रक्रियात्मक संसक्तिले 'द्वन्द्व' को प्रतिनिधित्वलाई सूक्ष्म र व्यापक दुवै तहमा व्यापक र विस्तारित हुनसक्ने बनाएको पाइन्छ। सूक्ष्म तहमा तराईमा सशस्त्र 'द्वन्द्वरतहरू' लाई गराइएको शीर्षकीय प्रतिनिधित्वले व्यापक तहमा बृहत् सङ्घटनासितको राजनीतिक द्वन्द्वको छ दशकभन्दा लामो सम्बन्धको साङ्केतिक प्रतिनिधित्वलाई पनि स्थापित गर्ने देखिन्छ। 'निर्वाचन' सित जोडिएका 'द्वन्द्वरतहरू' बाट उत्पादित छविले वास्तविक संसारमा भ्रमको नभएर यथार्थको प्रतिनिधित्व गरेको देखिन्छ। यसलाई 'निर्वाचन' को पश्च संसक्तिमा रहेका तीन वटा 'सुरक्षा' विषय/वस्तुका प्रतिनिधित्व र तीमध्ये दुईमा संसक्त 'प्रत्याभूति' र 'सुनिश्चितता' जस्ता धारणात्मक प्रतिनिधित्वले पनि पुष्टि गरेको पाइन्छ। यसैगरी, 'निर्वाचन' प्रति व्यवस्थापकीय भूमिकामा रहेको प्रतिनिधित्व 'सरकार' को संसक्ति धारणात्मक प्रतिनिधित्व 'गम्भीरता' सँग रहनु, 'प्रक्रिया' सँगै 'वार्ता' विषय/वस्तुको कार्यात्मक प्रतिनिधित्व जोडिनु, 'निर्वाचन' का लागि 'पर्यवेक्षण' कार्यको प्रतिनिधित्वलाई 'औचित्य' को प्रतिनिधित्वसँग धारणात्मक संसक्ति कायम गर्नु र 'निर्वाचन' को हेतुसँग 'शान्ति' को प्रतिनिधित्व संसक्त हुनुले पनि सतहबाटै 'द्वन्द्वरतहरू' को सक्रिय छविलाई भ्रम नभएर यथार्थका रूपमा देखाउन सघाएको पाइन्छ।

काल्पनिक नभएर वास्तविक संसारको सम्प्रेषण गर्ने पत्रकारिताको विषयगत मान्यता र विचारधाराले प्रवेश पाउने सम्पादकीय संरचनाको विधागत प्रयोजनको मापदण्ड र सूचक एउटै भए पनि तालिका नं. ३.६ मा

सङ्घटनाको शक्तिशाली सूचक 'निर्वाचन' को संरचना र संसक्तिलाई केलाउँदा शब्द र व्याकरणिक युक्तिको चयनमा विविध विकल्पहरूको प्रयोग भएको पाइन्छ। विकल्पहरूको प्रयोगभित्र पनि 'निर्वाचन' को संरचनात्मक उपस्थिति अग्रस्थानमा बढी र संसक्ति आधारका रूपमा सबै भन्दा बढी सूचित भएको पाइन्छ। आधारमा जोड र लोपको स्थिति पनि देखिन्छ। संसक्तिमा सम्बन्ध, सम्प्रदान, समानान्तरता, करण आदिका साथै सूचकको स्थानगत

तालिका नं. ३.६

**'निर्वाचन' को शीर्षकीय संरचना र संसक्ति**

| अग्र | अग्र | सूचक | पश्च | पश्च | पश्च | पश्च | पश्च |
|---|---|---|---|---|---|---|---|
| द्वन्द्वरतहरू<br>-<br>-<br>-<br>-<br>-<br>-<br>- | (संविधानसभा) | निर्वाचन | (२०७०) | मा | आउँदै<br>सुरक्षा<br>सञ्चार<br>युवा<br>सुरक्षा<br>सुरक्षा<br>सञ्चारको<br>प्रविधि | -<br>प्रत्याभूति<br>-<br>-<br>सुनिश्चितता<br>-<br>भूमिका<br>प्रयोग | -<br>-<br>-<br>-<br>-<br>-<br>-<br>- |
| -<br>-<br>-<br>सम्पन्न | (संविधानसभा) | निर्वाचन | (२०७०) | को | तयारीमा<br>तयारीमा<br>रौनक<br>सन्देश | तीव्रता<br>-<br>दलहरू<br>- | -<br>-<br>-<br>- |
| -<br>-<br>-<br>- | (संविधानसभा) | निर्वाचन | (२०७०) | प्रति | सरकारको<br>छिमेकीको<br>अन्तर्राष्ट्रिय<br>भरोसा | गम्भीरता<br>ऐक्यबद्धता<br>ऐक्यबद्धता<br>- | -<br>-<br>-<br>- |
| -<br>- | (संविधानसभा) | निर्वाचन | (२०७०) | र | सञ्चार<br>कूटनीतिक | -<br>मर्यादा | -<br>- |
| -<br>- | (संविधानसभा) | निर्वाचन | (२०७०) | -<br>- | प्रक्रियासँगै<br>प्रक्रिया | वार्ता<br>शुरू | -<br>- |
| - | (संविधानसभा) | निर्वाचन | (२०७०) | का लागि | शान्ति | - | - |
| अस्थिरताको आरम्भ हुनुहुन्न | (संविधानसभा) | निर्वाचन | (२०७०) | - | - | - | - |
| - | (संविधानसभा) | निर्वाचन | (२०७०) | कम | खर्चिलो | बनाउन | जरुरी |
| - | (संविधानसभा) | निर्वाचन | (२०७०) | मै | एकोहोरिऔं | - | - |
| - | (संविधानसभा) | निर्वाचन | (२०७०) | - | पर्यवेक्षणको | औचित्य | - |
| लैङ्गिकमैत्री | (संविधानसभा) | निर्वाचन | (२०७०) | - | - | - | - |
| - | - | निर्वाचन | (२०७०) | क्षेत्र | निर्धारण | आयोगसँगको | अपेक्षा |
| आन्तरिक | - | निर्वाचन | - | को | खाँचो | - | - |
| स्थानीय | - | निर्वाचन | - | मा | महिला | - | - |
| स्थानीय | - | निर्वाचन | - | को | सुरसार | - | - |

स्रोत : शोधकर्ताको अवलोकन

प्रयोगमा विभिन्नता पाइन्छ। अधिकांश शीर्षकमा अग्रस्थानमा हुनु र आधारको प्रयोग बढी हुनुले 'निर्वाचन' को संरचना र संसक्तिगत प्रभुत्व पनि देखाउँछ। 'निर्वाचन' को सन्निकट अग्र र पश्च संसक्तिमा 'संविधानसभा' र

'२०७०' को रिक्त उपस्थितिले सूचकलाई संविधानसभा विषयको सङ्घनात्मक स्वरूपको थप शक्ति प्रदान गरेको पाइन्छ ।

बाह्य र अन्तःसन्दर्भनका कोणबाट हेर्दा बृहत् सङ्घटनाको केन्द्र र सर्वाधिक शक्तिशाली प्रतिनिधित्वको सूचक 'निर्वाचन' सँग संसक्त भएका कतिपय प्रतिनिधित्वहरूले बृहत् सङ्घटनामा अप्रत्यक्ष सूचकको पहिचान बनाएको पाइन्छ । अग्रस्थ 'द्वन्द्वरतहरू' ले विषयको प्रतिनिधित्वका साथै बृहत् सङ्घटनामा सहभागी भिन्न समूहको परिचय प्राप्त गरेको देखिन्छ । यस्तै, 'सम्पन्न' ले कार्यसिद्धि, 'अस्थिरताको आरम्भ हुनुहुन्न' ले बृहत् सङ्घटनामा विवाद र द्वन्द्व कायमै रहेको घटनात्मक र 'निर्वाचन' का कारण 'अस्थिरता आरम्भ' हुन नहुने धारणात्मक तथ्यको प्रतिनिधित्व गरेको पाइन्छ । यस अतिरिक्त, संविधानसभा निर्वाचन-२०७० का प्रक्रिया र विशेषतासँग व्यापक र विस्तारित हुँदै 'लैङ्गिकमैत्री' प्रतिनिधित्व अग्र स्थानमा संसक्त भएको पाइन्छ । यसमा बृहत् सङ्घटनामा अवलम्बन गरिएको परम्पराभन्दा भिन्न कार्यशैलीको प्रतिनिधित्व समेटिएको भेटिन्छ । यसले लैङ्गिक समूह, विषय र समतामूलक धारणाको सैद्धान्तिक प्रतिनिधित्वलाई व्यवहारमा 'निर्वाचन' को निकटवर्त्ती पहिचानमा स्थापित पनि गरेको पाइन्छ ।

'निर्वाचन' भन्दा पश्च स्थानमा संसक्त रहेका प्रतिनिधित्वहरूमा 'सुरक्षा प्रत्याभूति', 'सुरक्षा सुनिश्चितता', 'सुरक्षा' र 'शान्ति' ले असुरक्षा, विवाद र द्वन्द्वको विषय/वस्तुलाई निर्वाचनको सबै भन्दा नजिकको प्रतिनिधित्वका रूपमा पहिचान दिएको पाइन्छ । 'भरोसा' ले द्वन्द्व व्यवस्थापन भई नसकेको अवस्थामा हुन लागेको 'निर्वाचन' प्रति लक्ष्यित सकारात्मक मनोवैज्ञानिक धारणाको प्रतिनिधित्व गरेको पाइन्छ । यसैगरी, 'सञ्चार', 'सञ्चारको भूमिका', 'सञ्चार' र 'प्रविधि प्रयोग' ले निर्वाचनको लागि सहयोगी तथा उपयोगी साधनका रूपमा पहिचान बनाएको देखिन्छ । यस्ता प्रतिनिधित्वसितको संसक्तिले 'निर्वाचन' को प्रतिनिधित्वलाई सम्बन्धित ज्ञान उत्पादनमा विज्ञानको गतिविधिको उपयोग गर्ने धारणासँग जोड्न पनि मद्दत गरेको पाइन्छ । यसका साथै, 'तयारीमा तीव्रता', 'तयारीमा दलहरू', 'प्रक्रियासँगै वार्ता', 'प्रक्रिया शुरू', 'कम खर्चिलो बनाउन जरुरी', 'एकोहोरिऔं', 'रौनक', 'सन्देश', 'सरकारको गम्भीरता', 'युवा', 'छिमेकीको ऐक्यबद्धता', 'अन्तर्राष्ट्रिय ऐक्यबद्धता', 'कूटनीतिक मर्यादा', 'पर्यवेक्षणको औचित्य' जस्ता विषय/वस्तु, व्यक्ति र घटना सम्बद्ध प्रतिनिधित्वहरूले संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घनात्मक प्रतिनिधित्वमा अन्तरर्विषयात्मकता, परस्परविरोधी विशिष्ट सम्बन्ध, प्राधिकार र स्वार्थ समूहका साथै तीमध्ये कतिपयले गरेका भिन्न कार्य र त्यसबाट उत्पन्न विवादको पनि शीर्षस्थ प्रतिनिधित्व गरेको पाइन्छ । यस क्रममा शक्तिशाली सूचक 'निर्वाचन' सितको निकटस्थताले तत्-तत् विषय/वस्तु, व्यक्ति र घटनाले विशिष्ट पहिचानसहित संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनालाई अप्रत्यक्ष सूचित गर्ने शक्ति पनि आर्जन गरेको पाइन्छ ।

पत्रकारितामा प्रतिनिधित्वको सरल र सोझो प्रयोग हुनुपर्ने मान्यता रहे पनि तालिकामा रहेका अन्तिम चार वटा शीर्षकहरूमा प्रतिनिधित्वको जटिल प्रयोग भएको भेटिन्छ । ती शीर्षकमा 'निर्वाचन' को शाब्दिक प्रतिनिधित्व रहेको तर पहिलोले '२०७०' लाई छलेर 'क्षेत्र निर्धारण आयोग' सँग नामिक संसक्ति बनाएको पाइन्छ ।

यसबाट संविधानसभा निर्वाचन-२०७० को सन्दर्भसँग प्रत्यक्ष प्रक्रियात्मक सम्बन्ध जोडिएको निकायको प्रतिनिधित्वलाई सूचित गरेको पाइन्छ। बाँकी तीन वटा शीर्षकको अग्र भागमा 'स्थानीय' र 'आन्तरिक' प्रतिनिधित्वको विशिष्टीकरण रहेको पाइन्छ। यसले बिचमा रहेका 'संविधानसभा' र '२०७०' लाई फड्केर पश्च भागमा रहेका 'खाँचो', 'महिला' र 'सुरसार' सित संसक्ति कायम गरेको पाइन्छ। यी शीर्षकहरूमा प्रयुक्त प्रतिनिधित्वको जटिलताले प्रत्यक्ष सूचकसितको सम्बन्धमा अर्थावरोधको स्थिति ल्याएको पाइन्छ। यसमा सूचक शब्द प्रत्यक्ष भएसँगै बृहत् सङ्घटना संविधानसभा निर्वाचन-२०७० सितको सम्बन्धलाई विच्छेद गरेको स्थिति देखिन्छ। यसले निकट प्रतिनिधित्वहरूको आपसी सम्बन्धबाट उत्पन्न हुने भावलाई स्वाभाविक बनाएको पाइन्छ।

पाठको अन्तर्वस्तुमा रहेको सूचक 'निर्वाचन' सितको अन्तरङ्ग सम्बन्धले यसको प्रतिनिधित्वलाई जटिल बनाएको पाइन्छ। अन्तिमका तीनवटै शीर्षकले अर्को क्षेत्र र तहबाट बृहत् सङ्घटनाको सन्दर्भबाटै उत्पन्न अर्को सन्दर्भलाई सूचित गरेको पाइन्छ। तिनमा रहेको 'आन्तरिक निर्वाचनको खाँचो' ले संविधानसभा निर्वाचनपछि संसदीय दलको नेता छान्न भएको ढिलाइसँगै दलहरूमा हुनुपर्ने आन्तरिक निर्वाचन समेत नभइरहेको अवस्थाको प्रतिनिधित्व गरेको पाइन्छ। 'स्थानीय निर्वाचनमा महिला' र 'स्थानीय निर्वाचनको सुरसार' ले पनि शीर्षकमा रहेको सूचकीय अर्थलाई छोपेर बृहत् सङ्घटनासितको अन्तर्वस्तुगत सम्बन्धलाई प्रकट गरेको पाइन्छ। यस क्रममा संविधानसभामा महिलाको सहभागिता एक तिहाइ पनि नपुग्ने भयो भनी प्रत्यक्ष उम्मेदवारीदेखि नै आलोचित भएका दलहरूमध्येका कुनै नेताले अघिल्लो संविधानसभामा भन्दा २०७० मा गठित संविधानसभामा महिला सहभागिताको परिणाम खस्केको अवस्थामा डेढ दशकभन्दा लामो समयदेखि जनप्रतिनिधिविहीन स्थानीय निकाय निर्वाचनको अभाव भइरहेको सन्दर्भमा सोही शक्तिलाई क्षतिपूर्ति अवधारणाको शक्तिशाली बलको रूपमा प्रयोग गरेको सन्दर्भ आकर्षित भएको पाइन्छ। सम्पादकीयको अन्तर्वस्तुमा यो सन्दर्भ छोपिएको र स्थानीय निकाय निर्वाचन कार्यविधि ऐन-२०४८ लाई संशोधन गर्न तयार पारिएको विधेयकको अन्तिम रूप प्रकट भएको पाइन्छ। यसरी संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा दलीय र स्थानीय निर्वाचनदेखि, महिला सहभागितासम्मका विषय/वस्तु, व्यक्ति र घटना प्रत्यक्ष सूचकसँग शाब्दिक प्रतिनिधित्वका रूपमा मात्रै साम्य देखिए पनि वास्तवमा ती शीर्षकहरूमा अप्रत्यक्ष रूपमा सूच्य सन्दर्भले बृहत् सङ्घटनासँगको सम्बन्ध स्थापित गरेको पाइन्छ। यसले प्रतिनिधित्वमा अप्रत्यक्ष सूचकबाट निकटस्थ सन्दर्भमा प्रत्यक्ष हुँदै सन्दर्भका पनि सन्दर्भहरूको लगातार सम्बन्धहरूको परिचालन गरी बृहत् सङ्घटनासम्म पुग्नुपर्ने जटिल स्थितिको शीर्षस्थ प्रयोगको सन्दर्भलाई सङ्केत गर्दछ। यसबाट सम्पादकीयको शीर्षस्थ प्रतिनिधित्व वास्तविक संसारमा भएको गतिविधिबाट विभिन्न तहको संचारात्मक गतिविधि, अभ्यास, ज्ञानात्मक पहुँच र चयनको विकल्पलाई पार गरेर सार्वजनिक सम्प्रेषणका लागि प्रयोग गरिएका हुनाले तिनमा सरल मात्र नभएर जटिल प्रकृतिको प्रतिनिधित्व पनि रहेको पुष्टि हुन्छ।

### ३.३.४ अप्रत्यक्ष सूचकहरूको सन्दर्भ परिचालन

सम्पादकीय सङ्कथनमा शीर्षस्थ अप्रत्यक्ष सूचकहरूको सम्बन्धगत विश्लेषणमा विभिन्न सन्दर्भहरूको

परिचालन गर्नुपर्ने हुन्छ। बृहत् सङ्घटनासितको तिनको सूचकीय सम्बन्धलाई खुट्याउन तालिका नं. ३.७ मा अप्रत्यक्ष सूचकमा सन्दर्भ परिचालन गर्न सकिने शीर्षकका प्रतिनिधि उदाहरणहरूलाई प्रस्तुत गरिएको छ। तालिका नं. ३.७ मा रहेका शीर्षकहरूमध्ये पाठ सङ्केत (क२) मा रहेको शीर्षकीय सूचक 'असन्तुष्ट' लाई व्यापक समेटाइको अवधारणा र केही दलहरू निर्वाचन गराउने भनी बहालवाला प्रधान न्यायाधीशको अध्यक्षतामा गैरदलीय सरकार गठन गरिएको प्रक्रियासँग नै असहमत भएको सन्दर्भलाई परिचालन गरी संविधानसभा निर्वाचन-२०७० को सङ्घटनासित सम्बन्ध स्थापित गर्नुपर्ने हुन्छ। सूचकको 'समेट' क्रियासँग रहेको निर्देशनात्मक संसक्तिले भिन्न खालको व्यक्ति समूह जनाउने पहिचान दिइएको सूचक 'असन्तुष्ट' को सन्दर्भलाई बृहत् सङ्घटनासित संयुक्त बनाउन मद्दत गरेको पाइन्छ। पाठ सङ्केत (ख३) को शीर्षकमा सरकारसित विलोपित रूपमा 'चुनावी' विशेषण रहेको पाइन्छ। यसलाई सम्बन्धित विषयको ज्ञानात्मक पहुँचका माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। यसपछि सही सम्प्रेषणका लागि यसमा अन्तःसन्दर्भित 'सरकार' र निर्वाचनको पक्षमा रहेका 'दलहरू'को गतिविधि 'संयुक्त पहल' सितको संसक्तिलाई हेर्नुपर्ने हुन्छ। यसपछि बृहत् सङ्घटनासितको यसको सम्बन्ध परिचालित हुने देखिन्छ। पाठ सङ्केत (क६) मा रहेको शीर्षकमा सूचक 'कालो दिन' लाई चतुऱ्याइँपूर्वक

तालिका नं. ३.७

**अप्रत्यक्ष सूचकहरूको सन्दर्भ**

| क्र.सं. | शीर्षकहरू | पाठ सङ्केत |
|---|---|---|
| १. | असन्तुष्टलाई समेट | (क२) |
| २. | सरकार र दलहरूको संयुक्त पहल | (ख३) |
| ३. | नआओस् त्यस्तो कालो दिन | (क६) |
| ४. | ब्रेललिपिमा मतपत्र | (ख७) |
| ५. | विषयान्तर हुने जोखिम | (क१६) |
| ६. | शितलनिवासमा हुनुपर्ने छलफल | (क३०) |
| ७. | बन्दविरुद्ध प्रण | (क४३) |
| ८. | आर्थिक पारदर्शिताको प्रश्न | (क४४) |
| ९. | पर्यवेक्षकको दायित्व | (क५२) |
| १०. | राजनीतिक पर्वको उत्कर्ष | (ख५४) |
| ११. | विभ्रमात्मक कूटनीतिक सक्रियता | (क७२) |
| १२. | सर्वोच्चको व्याख्या अपेक्षित | (ख८०) |
| १३. | अब अलमल नगर | (क८१ र ८५) |
| १४. | स्वामित्व ग्रहणको औचित्य | (ख८७) |
| १५. | चुस्त वन प्रधानमन्त्री | (क९६) |
| १६. | समय खेर नफालियोस् | (ख९७) |
| १७. | संविधानसभाको निरन्तरता | (क१०९) |
| १८. | स्थानीय निर्वाचनमा महिला | (ख१०४) |
| | | स्रोत : शोधकर्ताको अवलोकन |

साङ्केतिक रूपमा प्रयोग गरी आम कार्यसाधन गरिएको पाइन्छ। यसमा रहेको 'कालो दिन' मा अघिल्लो संविधानसभा विघटन भएको रातिको समयलाई मूर्तीकरण गरिएको पाइन्छ भने सूचकसित अग्र संसक्तिमा राखिएको 'त्यस्तो' मा उक्त संविधानसभाको निष्फलताको प्रतिनिधित्व समेत निर्भरीकृत भएको पाइन्छ। 'नदोहोरियोस्' मा २०७० सालमा निर्वाचन भएर गठन हुने संविधानसभाले पनि संविधान बनाएर जारी गर्न नसक्दै विघटित हुने अवस्थामा नपुगोस् भन्ने कामनाको प्रतिनिधित्व रहेको पाइन्छ। यसमा प्रयोग गरिएका शब्दहरूमा प्रतिनिधित्वका अर्थ छोपिएको अवस्थामा भेटिन्छ। अध्ययनमा समेटिएका सम्पादकीयका शीर्षकमा राखिएका कतिपय प्रतिनिधित्वलाई यसरी नै सूचकको निरूपण गरी तिनमा छोपिएको साङ्केतिक अर्थको माध्यमबाट समेत बुझ्नुपर्ने अवस्था रहेको पाइन्छ।

तालिका नं. ३.७ मा पाठ सङ्केत (ख७) को शीर्षकमा 'मतपत्र' सूचकको रूपमा रहेको पाइन्छ। 'निर्वाचन' कार्यसित सह-सम्बन्धमा रहेको वस्तु प्रतिनिधित्व 'मतपत्र' भएकाले यसको 'ब्रेललिपि' सितको आधार संसक्तिले सोझै मतपत्रलाई नै विशिष्टीकृत गरेको पाइन्छ। बृहत् सङ्घटनासितको विशिष्टीकृत 'मतपत्र' को सूचकीय सम्बन्ध निर्वाचन आयोगको कार्यसँग जोडिएको पाइन्छ। आयोगले दृष्टिविहीनहरूका लागि विशेष खालको 'मतपत्र' तयार गर्ने निर्णय गरेको सन्दर्भबाट निर्वाचनसितको यसको सम्बन्ध निर्देशित भएको देखिन्छ। पाठ सङ्केत (क१६) मा रहेको शीर्षकको सूचक 'विषयान्तर' को बृहत् सङ्घटनासितको सम्बन्ध यसअघि प्रकाशित शीर्षस्थ प्रतिनिधित्वमा रहेको 'विषयान्तर' को अग्र संसक्ति 'चुनावबाट' स्पष्ट हुने देखिन्छ। अध्ययनमा समेटिएका शीर्षकको अन्तर्पाठीय सन्दर्भबाट पछिल्लो सूचकलाई 'चुनाव' सित संसक्त गरेपछि प्रस्तुत उदाहरणको सम्बन्ध बृहत् सङ्घटनासित जोडिन्छ। यस सूचकले चुनावी सरकारले निर्वाचन भन्दा बाहिरका दीर्घकालीन महत्त्वका विषयमा बढी ध्यान दिन थालेको सन्दर्भलाई आकर्षण गरेको पाइन्छ। पाठ सङ्केत (क३०) मा सूचक 'शीतलनिवास' सार्वजनिक अलङ्कारको सङ्केतका रूपमा अभिव्यक्त भएको पाइन्छ। यसले राष्ट्रपति कार्यालयको नामबाट राष्ट्रपतिको कामलाई समेत सन्दर्भमा जोडेको पाइन्छ। सङ्केतमा रहेको सूचकलाई आधार बनाएर 'हुनुपर्ने छलफल' को संसक्ति व्यवस्थाले बृहत् सङ्घटनासितको सूचकको सम्बन्धलाई वार्ता, व्यापक सहभागिता र समेटाइको अवधारणासँग पनि जोड्न मद्दत गरेको पाइन्छ। प्रस्तुत सूचकसित सबै दललाई निर्वाचनमा सहभागी हुने वातावरण निर्माण गर्नमा राष्ट्रपतिको भूमिकालाई पनि सन्दर्भित गरेर छलफलका विषय/वस्तु पनि सुझाइएको पाइन्छ। पाठ सङ्केत (क४३) मा सूचक 'बन्दविरुद्ध' र 'प्रण' सितको सूचकको संसक्तिले राष्ट्रिय प्रजातन्त्र पार्टीले चुनावी घोषणापत्रमा उल्लेख गरेको प्रतिबद्धताको सन्दर्भलाई आकर्षित गरेको पाइन्छ। यसले बृहत सङ्घटनामा अवरोध ल्याउन प्रतिरोधी शक्तिले गरेका बन्द र त्यसको विपक्षमा उभिएको जनमतसितको सूचकको सम्बन्धलाई पनि स्थापित गर्ने देखिन्छ। पाठ सङ्केत (क४४) को शीर्षकमा 'आर्थिक पारदर्शिताको प्रश्न' सिङ्गै एउटा संसक्त सूचक रहेको देखिन्छ। बृहत् सङ्घटनासितको यसको सम्बन्ध अध्ययनमा परेका शीर्षकको अन्तर्पाठबाट ग्रहण गर्न सकिन्छ। अघिल्लो महिना 'मितव्ययी चुनाव' शीर्षकमा रहेको सूचकीय सम्बन्ध यसमा बढी आकर्षित हुने देखिन्छ। यसका अतिरिक्त चुनावी खर्चको हिसाबकिताब देखाउने आचारसंहिताको सन्दर्भबाट यसको सूचकीय सम्बन्ध बृहत् सङ्घटनासित जोडिएको पाइन्छ। यस्तै, पाठ सङ्केत (क५२) को शीर्षकमा रहेको

सूचक 'पर्यवेक्षक' को सहसम्बन्ध 'निर्वाचन' सँग रहेको पाइन्छ । 'दायित्व' सितको सूचक 'पर्यवेक्षक' को संसक्तिले भने सूचकलाई परम्परा भन्दा भिन्न भई निर्वाचनमा विवाद र द्वन्द्वको व्यवस्थापन भन्दा परिचालनमा प्रवृत्त हुनसक्ने समूहका रूपमा शङ्काको घेराभित्र उभ्याएको पाइन्छ । बृहत् सङ्घटनासितको यसको सम्बन्ध दायित्वको ख्याल नगरी आवरणमा पर्यवेक्षक हुने प्रतिनिधित्वको सन्दर्भबाट परिचालित हुने देखिन्छ ।

तालिका नं. ३.७ को पाठ सङ्केत (ख५४) मा उल्लिखित शीर्षकमा सूचक 'राजनीतिक पर्व' सङ्केतका रूपमा रहेको पाइन्छ । 'उत्कर्ष' सित संसक्त भएको सूचकको बृहत् सङ्घटनासितको सम्बन्ध दशैं-तिहारसँगै बढेको चुनावी प्रचारप्रसार र तयारीका गतिविधिको उच्चतम अवस्थाको सन्दर्भबाट परिचालित हुन्छ । बृहत् सङ्घटनासित पाठ सङ्केत (क७२) मा रहेको शीर्षकको सूचक 'विभ्रमात्मक कूटनीतिक सक्रियता' आपसमा संसक्त भएर एकमुष्ठ रूपमा सन्दर्भित देखिन्छ । बृहत् सङ्घटनासितको यसको सम्बन्ध निर्वाचनपछिको सरकारसँगै शक्तिमा पुगेका नेतृत्वहरूसितको सम्बन्धमा भएको कूटनीतिक चलखेलको सन्दर्भबाट निर्देशित देखिन्छ । यसका अतिरिक्त, दुई महिनाअघि प्रकाशित 'निर्वाचन र कूटनीतिक मर्यादा' शीर्षकमा रहेको प्रत्यक्ष र शक्तिशाली सूचक 'निर्वाचन' सित 'कूटनीतिक मर्यादा' को समानान्तर सम्बन्ध स्थापित गरिएको पाइन्छ । अध्ययनमा समेटिएका सम्पादकीय शीर्षकमध्येकै अन्तर्पाठीय सन्दर्भबाट 'कूटनीतिक मर्यादा' को सम्बन्ध बृहत् सङ्घटनासित जोडिएको पृष्ठभूमिलाई परिचालन गरी हेर्दा 'कूटनीतिक सक्रियता' मा पनि 'निर्वाचन' सितको सम्बन्धको सूचकीय गुण आरोपण भएको देखिन्छ । पाठ सङ्केत (ख८०) को सूचक 'सर्वोच्च' सँग यसको 'व्याख्या' संसक्त रहेकाले विलोपमा 'अदालत' को उपस्थिति देखिन आउँछ । 'अपेक्षित' सितको थप संसक्तिले सङ्केतमा रहेको सूचक 'सर्वोच्च' को बृहत् सङ्घटनासितको सम्बन्ध प्राथमिकतामा पर्न आउँछ । यसलाई ध्यानमा राखेर हेर्दा 'निर्वाचन' पछि संविधानसभाको बैठक आह्वान गर्नका लागि देखिएको खिचातानी र कानुनी अलमललाई रिट निवेदनका माध्यमबाट सर्वोच्च अदालत पुऱ्याइएको सन्दर्भ परिचालन गरेपछि सूचकसहित बृहत् सङ्घटनासितको सूचकीय सम्बन्ध सही रूपमा सम्प्रेषणीय हुने देखिन्छ । पाठ सङ्केत (क८१ र ८५) मा रहेको एउटै प्रक्रियात्मक शीर्षकमा सूचक 'अलमल' अगाडि 'अब' समय सूचक र पछाडि निर्देशनात्मक क्रिया 'नगर' सँग संसक्त रहेको पाइन्छ । यसले पाठ सङ्केत (८०) कै सन्दर्भपछिको अलमललाई प्रतिनिधित्व गर्ने भएकाले बृहत् सङ्घटनासित यसको सम्बन्ध रहेको देखिन्छ । यसलाई अन्तर्पाठीय सन्दर्भमा केलाउँदा पाठ सङ्केत (ख९७) को 'समय' सूचकका रूपमा आएको भेटिन्छ । 'समय' लाई 'खेर नफालियोस्' सँग प्रक्रियात्मक ढङ्गले संसक्त तुल्याएर कामना गरिएको सन्दर्भ 'अलमल' सँग अन्तर्पाठीय रूपमा जोडिएको पाइन्छ भने 'समय' को प्रतिनिधित्व 'अलमल' र निष्फल गुमेको वा खेर गएको भावमा संसक्त भएको पाइन्छ । बृहत् सङ्घटनालाई सुरूदेखि 'समय' को कोणबाट विश्लेषण गर्दा निर्वाचनको मिति तोक्न भएको ढिलाइदेखि निर्वाचन भएपछिको सरकार गठनमा भएको 'अलमल' र सरकारी ढिलासुस्तीले संविधान निर्माण कार्य अघि बढ्न नसकेको प्रतिनिधित्वलाई सम्पादकीय शीर्षकमा समयका विभिन्न सूचकमार्फत् विभिन्न शैलीमा अभिव्यक्त गरिएको पाइन्छ । यी सबै सूचकहरूको सम्बन्ध बृहत् सङ्घटनासँग जोडिएकाले सम्पादकीय शीर्षकमा सारभूत विविधता ल्याउन 'समय' जनाउने अनौपचारिक सूचकहरूलाई पनि वैकल्पिक प्रतिनिधित्वका रूपमा प्रयोग गरिएको देखिन्छ ।

तालिका नं. ३.७ को पाठ सङ्केत (ख८७) मा रहेको शीर्षकको सूचक 'स्वामित्व ग्रहण' बृहत् सङ्घटनाको कार्य प्रक्रियासित विशिष्ट सन्दर्भमा अन्तर्पाठीय अग्र र पश्च संसक्तिबाट सम्बन्धित हुन आएको पाइन्छ। यसअघि नै पाठ सङ्केत (क९०) मा रहेको शीर्षक 'संविधानसभामा स्वामित्वको प्रश्न' ले 'स्वामित्व' को विषयलाई प्रत्यक्ष सूचक 'संविधानसभा' मा संसक्त गरेको पाइन्छ। यसपछि पाठ सङ्केत (क१०९) मा रहेको शीर्षकमा पनि 'निरन्तरता' सित 'संविधानसभा' को संसक्ति भेटिन्छ। यसरी अप्रत्यक्ष सूचक 'स्वामित्व ग्रहण' को प्रक्रियात्मक सम्बन्ध यसअघि विघटित संविधानसभामा भएका कामको स्वामित्व लिने र त्यसमा भएका कामलाई 'निरन्तरता' दिने सन्दर्भबाट परिचालित भएर बृहत् सङ्घटनासँग सम्बन्धित हुन आएको देखिन्छ। पाठ सङ्केत (क९६) मा रहेको शीर्षकमा 'प्रधानमन्त्री' व्यक्ति सङ्केतक पदीय प्रतिनिधित्वको सूचक रहेको पाइन्छ। यसको अगाडि क्रमशः 'बन' निर्देशक क्रिया र 'चुस्त' क्रिया विशेषणको संसक्तिले प्रत्यक्ष निर्वाचनको परिणामपछि बदलिएको शक्ति सन्तुलनका आधारमा प्रधानमन्त्री बन्न पुगेका व्यक्तिको कार्यशैलीमा देखिएको अलमल र ढिलाइप्रतिको असन्तोषलाई प्रतिनिधित्व गरेको पाइन्छ। बृहत् सङ्घटनासितको यस सूचकको सम्बन्ध निर्वाचनको पश्चप्रभावका रूपमा परिचालित भएको देखिन्छ।

तालिका नं. ३.७ को पाठ सङ्केत (ख१०४) मा रहेको शीर्षकको सूचक 'निर्वाचन' को अग्र स्थानमा संसक्त 'स्थानीय' विशेषणले भने बृहत् सङ्घटनासितको यसको सोझो सम्बन्धलाई इन्कार गरेको देखिन्छ। यस्तो भए तापनि 'स्थानीय निर्वाचनमा महिला' शीर्षकमा सहभागिताको सक्रिय सन्दर्भगत प्रभाव रहेकाले यो सूचक पनि जटिल प्रतिनिधित्वको रूपमा बृहत् सङ्घटनासँग सम्बन्धित हुन आएको पाइन्छ। पाठको अन्तर्वस्तुमा खोज्दा स्थानीय निकाय निर्वाचन कार्यविधि ऐन-२०४८ लाई संशोधन गर्न बनेको विधेयक अन्तिम चरणमा पुगेको र संविधानसभा निर्वाचन-२०७० मा दलका उम्मेदवारहरू मत माग्न जाँदा छ महिनाभित्र गर्ने भनी मतदातासँग प्रतिबद्धता जनाइएको स्थानीय निर्वाचनको सन्दर्भ यसमा परिचालित भएको देखिन्छ। यस बाहेकमा अघिल्लो संविधानसभामा भए जति वा कम्तीमा एक तिहाइ महिला पनि २०७० को संविधानसभामा सहभागी हुन नपाएको अवस्था आलोचित भइरहेका बेला स्थानीय निर्वाचनमा महिला सहभागिता ४० प्रतिशत सुनिश्चित गर्ने कुरा ल्याइएको परवर्त्ती सन्दर्भलाई पनि परिचालन गर्न सकिन्छ। यसमा बृहत् सङ्घटनासित सूचकको प्रत्यक्ष भए पनि जटिल प्रतिनिधित्वको सम्बन्ध आकर्षित भएको पाइन्छ। यसबाट संविधानसभा निर्वाचन-२०७० को सङ्घटनासँग वर्षभरि नै विभिन्न खालका विषय/वस्तु, व्यक्ति र घटनाका प्रतिनिधित्वहरू अप्रत्यक्ष रूपमा शीर्षकमा सूचित भए पनि तिनको सम्बन्धको लक्ष्य बृहत् सङ्घटना नै रहेको देखिन्छ।

बृहत् सङ्घटनाका सीमित प्रतिनिधित्वबाट वर्षभरि भएका गतिविधिलाई अभिव्यक्त गर्दा शीर्षकहरूमा हुने एकरूपताले निरस बनाउने भएकाले तिनलाई जीवन्तता दिने क्रममा अप्रत्यक्ष सूचकहरू बढी प्रयोग गरिएको पाइन्छ। शीर्षकीय प्रतिनिधित्वमा विविधता ल्याउन औपचारिक, अनौपचारिक नामको मात्र विकल्प प्रयोग नगरी विभिन्न विशेषण, विम्ब र सङ्केतहरूको प्रयोग गरिएको देखिन्छ। सम्पादकीयको शीर्षस्थ प्रतिनिधित्वले कुनै न

कुनै रूपमा वास्तविक संसारमा रहेको शक्तिशाली बलको प्रतिनिधित्व गर्ने कुरालाई 'निर्वाचन' को संरचना र संसक्तिका साथै अप्रत्यक्ष सूचकहरूको प्रतिनिधि उदाहरणको विविधताले पनि स्थापित गरेको देखिन्छ । बृहत् सङ्घटनालाई प्रत्यक्ष भन्दा अप्रत्यक्ष रूपमा सूचित गर्ने प्रतिनिधित्वहरूको सङ्ख्या बढी भएको तथ्यले शीर्षस्थ प्रतिनिधित्वहरूलाई शब्द र शैलीका दृष्टिले विविधतायुक्त र सामाजिक दृष्टिले व्यापक प्रतिनिधित्वपूर्ण रहेको देखाउँछ । वर्षभरि एउटै सङ्घटनासित सम्बन्धित गतिविधि हुनु, तिनका विषय/वस्तु, व्यक्ति र घटनाको बाहुल्य हुनु तर तिनलाई सम्पादकीय शीर्षकमा प्रतिनिधित्व गराउनका लागि चयनका स्थापित र उपयुक्त विकल्पहरू पर्याप्त नहुनुले अप्रत्यक्ष सूचकहरू र सङ्केतको समेत प्रयोग बढेको देखिन्छ । साथै, अप्रत्यक्ष सूचित प्रतिनिधित्वको बाहुल्यले बृहत् सङ्घटनाको प्रतिनिधित्व र सम्पादकीयलाई पठनीय बनाउने प्रयोजनपरक मान्यताका बिचमा रचनात्मक तनावको स्थिति पनि आकर्षित गरेको पाइन्छ । यस्तो स्थितिमा शीर्षस्थ प्रतिनिधित्वमा देखिएका मूर्त-अमूर्त सङ्केत र सूक्ष्म प्रयोगहरूले यसलाई प्रमाणित गरेको पाइन्छ । शीर्षस्थ प्रतिनिधित्वको शक्तिशाली सूचकको रूपमा रहेको 'निर्वाचन' को संरचना र संसक्तिको शैलीमा व्याकरणिक क्रमलाई विभिन्न तरिकाले स्थानान्तरण गरेर पनि विविधता ल्याउने अभ्यास गरेको पाइन्छ ।

## ३.४ बृहत् सङ्घटनाको विकास र शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्य

अध्ययनको कुल अवधि २०७० साललाई तीन खण्डमा विभाजन गरी बृहत् सङ्घटनाको विकाससँग जोडेर शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्यलाई विश्लेषण गर्न सकिन्छ । वैशाखदेखि साउनसम्मको चार महिना बृहत् सङ्घटनाको आरम्भसँगै प्रस्थान र तयारी खण्डका रूपमा, भदौदेखि पुससम्मको चार महिना क्रमिक विकास र उत्कर्ष खण्डका रूपमा र माघदेखि चैतसम्मको चार महिना पूरक र प्रभाव खण्डका रूपमा रहेको देखिन्छ । यसपछि सम्पादकीय प्रकाशनको समयक्रमलाई आधार बनाएर बृहत् सङ्घटनाको विकास र शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्यलाई पहिचान गरिएको छ । यसअन्तर्गत् तयारी चरणदेखि क्रमिक विकासको चरण हुँदै पुरक चरणमा विकसित शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्यको विश्लेषण गरिएको छ ।

### ३.४.१ तयारी चरणमा विकसित मूल कथ्य

बैशाख ३ गते 'कान्तिपुर' मा प्रकाशित 'चुनाव सुनिश्चित गर' देखि साउन ३२ गते 'गोरखापत्र' मा प्रकाशित 'वार्ताको परिणामको प्रतीक्षा' सम्मका कुल ४९ वटा सम्पादकीयका शीर्ष सङ्कथनांशको समुच्चयबाट प्राप्त हुने सामाजिक प्रतिनिधित्व बृहत् सङ्घटनाको प्रस्थान र तयारीसँग सम्बन्धित रहेको पाइन्छ । सङ्घटनाको विकासलाई महिना-महिनामा विभाजन गरी सामाजिक प्रतिनिधित्वको मूल कथ्यलाई पहिचान गरिएको छ ।

बैशाखमा बृहत् सङ्घटनाको सुरू भएर आठौं शृङ्खलासम्म अघि बढेको पाइन्छ । यस अवधिमा संविधानसभाको (क१) 'निर्वाचन सुनिश्चित' भई नसके पनि (ख१) सरकार 'सकारात्मक दिशामा' रहेको, चुनावी सरकारको गठन प्रक्रियाप्रति (क२) 'असन्तुष्ट' दल नेकपा-माओवादीलाई समेट्न बाँकी रहेको, तराईमा सशस्त्र (

ख२) 'द्वन्द्वरत' दलहरू 'निर्वाचनमा आउँदै' गरेको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ। साथै, नागरिकता वितरण र मतदाता अद्यावधिक कार्यमा उच्चस्तरीय राजनीतिक समितिमा रहेका दलहरूले (ख३) 'संयुक्त पहल' गरी सरकारलाई सघाउने भए पनि अझै (ख४) अनुकूल चुनावी वातावरण नभएको, निर्वाचन पक्षधर ठूला दलहरूले निर्वाचन आयोगमा (ख५) दल दर्तामै होडवाजी गर्नुका साथै अझै पनि अन्योल कायमै रहेकाले (ख६) चुनावी वातावरणको अभाव रहेको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा पहिचान हुन आउँछ। बैशाखको अन्त्यमा निर्वाचन आयोगले दृष्टिविहीनको लागि ब्रेललिपिमा मतपत्र तयार गर्ने निर्णय गरेको मूल कथ्यको प्रतिनिधित्व पनि जेठको सुरूमा प्रकाशित सम्पादकीयमा भेटिन्छ।

जेठ १ मा (ख७) 'ब्रेललिपिमा मतपत्र' बाट बृहत् सङ्घटनाको नवौं शृङ्खला सुरू भएर जेठ २९ गतेसम्ममा ११ शृङ्खला थपिँदै १९औंमा पुगेको पाइन्छ। यसबिच (क३) 'छरितो संविधानसभाको खाँचो' रहेको, राजनीतिक र कानुनी जटिलता र प्रतिकूलता बिच पनि निर्वाचन पक्षधर दलहरू र सरकारमा केही मात्रामा भए पनि (ख८) 'चुनावका लागि सक्रियता' देखिएको तर मोहन वैद्य नेतृत्वको नेकपा-माओवादी दल अझै (क४) 'चुनावी प्रक्रियामा' समेटिन नसकेको, राजनीतिक र कानुनी (ख९) 'विवाद' बढिरहेकाले गर्दा (क५) 'चुनावी तिथिको घोषणा' पनि हुन नसकेको मूल कथ्यलाई पहिचान गर्न सकिन्छ। यस्तैमा जेठ १४ गते (क६) 'त्यस्तो कालो दिन' का रूपमा अघिल्लो संविधानसभा विघटन भएको वर्ष दिनको सम्झना गर्दै त्यसको पुनरावृत्ति नहोस् भन्ने कामनाको मूल कथ्य पहिचान हुन्छ। निर्वाचन आयोगमा दर्ता हुन बैशाख १५ गतेदेखि एक महिनाको म्याद दिइए पनि समयमा सबै दल आई नसकेकाले (ख१०) 'दल दर्ता म्याद थपको सम्भावना' सँगसँगै अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले निर्वाचन अध्यादेशको टुङ्गो लगाउन र निर्वाचन मिति घोषणा गर्ने विषयमा जेठ २४ गतेभित्रै सहमतिमा पुग्न उच्चस्तरीय राजनीतिक समितिलाई आह्वान गरेको घटनाबाट (ख११) 'निर्वाचनप्रति सरकारको गम्भीरता' देखिनाका साथै प्रमुख राजनीतिक दलहरूले निर्वाचन मिति घोषणा नहुँदै चुनाव केन्द्रित गतिविधि गर्न र रणनीति बनाउन थालेर (क७) 'सिद्धान्तहीन अभ्यास' गरेको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ। जेठको अन्तिम सातामा आएर दलहरूले निर्वाचन कानुनमा रहेको दलीय विवादको टुङ्गो आफूले लगाउन नसकेर सरकारलाई नै जिम्मा दिई (ख१२) 'सरकारलाई मार्ग प्रशस्त' गरिदिएको मूल कथ्यको शीर्षस्थ प्रतिनिधित्व जेठसम्ममा देखिन्छ।

असारको पहिलो दिन निर्वाचनको मिति मङ्सिर ४ गतेका लागि तोकिएपछि बृहत् सङ्घटनाको तयारीले प्रमुख कार्य निर्वाचनको लागि प्रस्थान विन्दु पाएको देखिन्छ। असार महिनामा सङ्घटनाको मूल कथ्यमा १४ शृङ्खला थपिएको पाइन्छ। निर्वाचन मिति तोकिएसँगै (क८) 'चुनावी चुनौती' का साथै (ख१३) 'चुनावप्रति सरकारको प्रतिबद्धता' देखिन्छ। यसपछि क्रमशः (क९) 'नेतृत्वमा नयाँ पुस्ता' र (क१०) 'चुनावी सुरक्षा' हुनुपर्ने, (ख१५) 'निर्वाचनको तयारीमा तीव्रता' आएको, निर्वाचनका लागि (क११) 'उत्तरतर्फ साझेदारी' गरिएको, दलहरूमा (क१२) 'आन्तरिक निर्वाचनको खाँचो' रहेको मूल कथ्य पाइन्छ। यसपछि सत्ता पक्षले नेकपा-माओवादीले बहिष्कार गरे पनि निर्वाचन हुने चेतावनी दिएपछि पोखरामा बैठक गरी निर्वाचन भाँड्ने निर्णय लिएका (क१३) 'वैद्यहरू समेट्ने जिम्मा' सरकार र सत्ता सहयोगी चार राजनीतिक शक्तिले लिनुपर्ने, (ख१६) 'निर्वाचन क्षेत्र निर्धारण

आयोग' ले कसैको दबाव र प्रभावमा नपरी राष्ट्रिय दायित्व ठानेर निष्पक्षतापूर्वक क्षेत्र निर्धारण गर्नुपर्ने, सरकार र निर्वाचन पक्षधरहरूले (ख१७) 'असन्तुष्टसँग संवाद' गर्नुपर्ने र (ख१८) 'चुनावका लागि वार्ता' गर्नुपर्ने मूल कथ्यको प्रतिनिधित्व भएको पाइन्छ। यसका साथै, असारमै चीन र भारतबाट उच्चस्तरीय राजनीतिक टोली आएर जनाएको (ख१९) 'निर्वाचनप्रति छिमेकीको ऐक्यबद्धता' र निर्वाचन आयोगले साउन ७ गतेदेखि लागू हुने गरी बनाएको (क१४) 'अधुरो आचारसंहिता' को मूल कथ्यले बृहत् सङ्घटना विकासको क्रममा देखिएका जटिल र सरल दुवै अवस्थाको पहिचान दिएको पाइन्छ।

साउनदेखि बृहत् सङ्घटनाको ३४औं शृङ्खला सुरू हुन्छ र ३२ गते १६ शृङ्खला थपिएर ५६औं शृङ्खलामा पुगेपछि तयारी र प्रस्थानको चरण सकिन्छ। साउन २ गते अन्तरिम चुनावी मन्त्रीपरिषद्ले चुनावी प्रक्रिया र माहोल निर्माण गर्न भन्दा दीर्घकालीन र संवेदनशील मुद्दामा बढी चासो दिन थालेकामा (क१५) 'चुनावबाट विषयान्तर नहोऊ' भनी खबरदारी गरिएको, यस बिचमा ३२ लाख भन्दा बढी नागरिक मतदाता नामावलीमा दर्ता हुनबाट छुटेकोले (ख२०) 'मतदाता दर्ता म्याद थप्नुपर्ने' अवस्था रहेको, चुनावी सरकारले विमानस्थलको स्तरोन्नति गर्ने र सीमावर्त्ती क्षेत्रमा चेक प्वाइन्ट खडा गर्ने जस्ता दीर्घकालीन नीतिगत निर्णय लिएका कारण निर्वाचनका लागि सरकार बनाउने दलहरू सशङ्कित भएकाले चुनावबाट (क१६) 'विषयान्तर हुने जोखिम' देखिएको, निर्वाचन आचारसंहिता लागू भएको दोस्रो दिन नै पूर्वराजा ज्ञानेन्द्र हिमानी ट्रष्टमार्फत् राहत वितरण गर्न भनी दार्चुला पुगेको घटनाले (क१७) 'आचारसंहिता अनुगमनका चुनौती' लाई टड्कारो पारे पनि (ख२१) 'आचारसंहिता कार्यान्वयन' गर्ने प्रतिबद्धताको अभाव रहेको अवस्थाका बिच मुलुकमा रहेको राजनीतिक र संवैधानिक सङ्कट टार्ने निर्विकल्प उपाय भएकाले सबै राजनीतिक दल र समूहलाई समेटेर (क१८) 'निर्वाचनमै एकोहोरिऔं' भन्ने भावनाको प्रतिनिधित्व मूल कथ्यमा रहेको पाइन्छ। दलहरू निर्वाचनमा केन्द्रित भइरहेकै बेला निजी क्षेत्रका उद्योग व्यवसयीले राजनीतिक दललाई चन्दा नदिने आचारसंहिता निर्माण गरेकाले (क१९) 'राजनीतिक दलको चुनावी खर्च' को पारदर्शितामा प्रश्न उठेको, निर्वाचन लक्षित सुरक्षा दस्ता निर्माणमा अग्रसरताले प्रमुख राजनीतिक (क२०) 'दलहरूको दस्ता मोह' देखाएको, सामूहिक सुरक्षा बैठकमा गृहमन्त्रीले अपहरण, फिरौती, चन्दा आतङ्क र गुण्डागर्दी जस्ता आपराधिक घटनालाई निस्तेज पार्न निर्देशन दिएर (ख२२) 'निर्वाचनमा सुरक्षा प्रत्याभूति' देखाएको पाइन्छ। राज्यका तर्फबाट वार्ताका लागि पठाइएका दुइटा लिखित आग्रहलाई बेवास्ता गर्दै निर्वाचन मतपेटिकालाई सार्वजनिक स्थलमा हथौडाले हानेर फुटाउनेदेखि चुनाव हुन नदिन हरेक मतदान केन्द्रमा दस्ता खटाउने योजना बनाएको नेकपा-माओवादीलाई (क२१) 'उग्रता छाडेर चुनावमा आऊ' भनी आग्रह गरिएको, उच्चस्तरीय राजनीतिक समिति र विभिन्न दलहरूबिच सुरू भएको फरक-फरक वार्ता निर्वाचनलाई सहज बनाउनका लागि (ख२४) 'सहमतिमा पुग्नैपर्ने वाध्यता' भएको, उच्चस्तरीय राजनीतिक समिति र सरकारले नेकपा-माओवादी, उपेन्द्र यादव नेतृत्वको मधेसी फोरम नेपाल लगायतका दलहरूसँग ढिलो भए पनि वार्ता थालेर राम्रो गरेको तर तिनमा (क२२) 'चुनावी दृढताको खाँचो' देखिएको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा पाइन्छ। साथै, (ख२५) 'निर्वाचनमा सञ्चार' विषयमा निर्वाचन आयोगले पत्रकारलाई प्रशिक्षण दिन थालेको, अन्तर्राष्ट्रिय युवा दिवस पारेर कार्यक्रममा गरिएको सम्बोधनमा अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष

खिलराज रेग्मीबाट (ख२६) 'निर्वाचनमा युवा' ले सहयोग पुऱ्याउनका लागि अपिल गरिएको, राजनीतिक दलहरू वार्तामा रहेकाले जनताले (ख२७) 'वार्ताको परिणामको प्रतीक्षा' गरेको मूल कथ्यको प्रतिनिधित्वले बृहत् सङ्घटनाको विकासलाई निर्वाचनको तयारीको पनि पछिल्लो चरणमा पुऱ्याएको देखिन्छ ।

तयारी र प्रस्थान अवधिको मूल कथ्यलाई विश्लेषण गर्दा संविधानसभा निर्वाचन-२०७० का लागि गठित अन्तरिम चुनावी मन्त्रिपरिषद् नाम दिइएको गैरदलीय सरकारले गरेको प्रारम्भिक चरणको गृहकार्यका साथै निर्वाचनको मिति तोकिएपछिका नागरिकका आशा, अपेक्षा, आशङ्का र दलहरूको सहयोगी, असहयोगी र अवरोधकारी गतिविधिको सरल र जटिल सन्दर्भमा उनिएको मूल कथ्यको शीर्षस्थ प्रतिनिधित्वले बृहत् सङ्घटनाको विकासमा पनि त्यस्तै खालका जटिलताहरूका माध्यमबाट विविध मोडहरूको सिर्जना गरेको पाइन्छ ।

### ३.४.२ क्रमिक विकास चरणमा विकसित मूल कथ्य

भदौदेखि मङ्सिरसम्मको अवधि बृहत् सङ्घटना संविधानसभा निर्वाचन-२०७० को लागि सबैभन्दा बढी महत्त्वपूर्ण र सम्पादकीयमा प्रतिनिधित्व उत्पादनका दृष्टिले उर्वर खण्ड रहेको पाइन्छ । यस अवधिमा 'कान्तिपुर' मा ५५ र 'गोरखापत्र' मा ४५ गरी कुल १०० वटा सम्पादकीय प्रकाशित भएको भेटिन्छ ।

भदौमा बृहत् सङ्घटनाको ५०औं शृङ्खला सुरू भएर २ देखि ३० गतेसम्म १६ शृङ्खला थपिँदै ६५औं शृङ्खलासम्म पुगेको पाइन्छ । यस अवधिमा निर्वाचन आयोगले थपिदिएको एक हप्ताको म्यादमा मतदाताको फोटोसहितको (ख२८) 'नामावली दर्तामा सावधानी' आवश्यक देखिएको, संविधानसभा निर्वाचनका पक्षमा रहेका नेताहरूले पार्टीभित्र आफ्नो धारणा राखेर पार्टीलाई ध्वंसात्मक नभएर रचनात्मक मार्गतर्फ ल्याउन भन्दै निर्वाचनमा आउन (क२३) 'नेकपा-माओवादीप्रति अपेक्षा' गरिएको, निर्वाचन आउन तीन महिना पनि बाँकी नरहेको र सुनिश्चिततामा प्रश्न बाँकी नै रहेकाले राजनीतिक दलहरूले (क२४) 'चुनावले मागेको माहोल' दिन जनता समक्ष आ-आफ्ना प्रत्यासी लिएर चुनावी अभियानलाई तीव्रता दिन ढिला भएको मूल कथ्य पाइन्छ । प्रमुख राजनीतिक दलहरूले नेकपा-माओवादीसहितको मोर्चासित गोलमेच सम्मेलन गर्न सिद्धान्ततः स्विकारेको चौबिस घण्टा नबित्दै मोर्चा पक्षले चुनाव सार्न र सरकार परिवर्तन गर्ने माग दोहोऱ्याएकाले (क२५) 'निर्वाचन प्रक्रियासँगै वार्ता' जारी राख्नुपर्ने परिस्थिति सिर्जना भएकोमा (ख२९) 'वार्तामा विराम नलागोस्' भन्ने कामना गरिएको पाइनाका साथै विगतमा भन्दा सुरक्षा चुनौती बढेको अवस्थामा सरकारले अझै पनि (क२६) 'निर्वाचनमा सुरक्षा सुनिश्चितता' दिन नसकेको मूल कथ्यको प्रतिनिधित्व भएको पाइन्छ । विषम परिस्थितिमा पनि निर्वाचनका लागि राजनीतिक दलहरू उम्मेदवार छनोट, चुनावी घोषणापत्र लेखन, सदस्यता वितरण र जिल्लाको वस्तुस्थिति बुझ्ने काममा (ख३०) 'दलहरूको सक्रियता' देखिएको, राजनीतिक दलहरूको आर्थिक अपारदर्शिता नेपाली लोकतन्त्र संस्थागतको अभ्यासमा एउटा ठूलो चुनौती रहेकाले नेपाली कांग्रेसले (क२७) 'चन्दामा पारदर्शिता' को लागि चेकमार्फत् कारोबार गर्ने निर्णय गरेको, (ख३१) 'निर्वाचनको तयारीमा दलहरू' ले जिल्लास्थित स्थानीय कार्यसमितिबाट प्रत्यक्ष र समानुपातिक उम्मेदवारको सूची सिफारिस गर्न लगाएको मूल कथ्य यस अवधिमा समेटिएको पाइन्छ । यसपछि (क२८) 'चुनावी तीव्रताका लागि तयारी' का क्रममा वार्तामा सहमति भई उपेन्द्र

यादव नेतृत्वको मधेसी जनअधिकार फोरम र अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टी निर्वाचनमा सहभागी हुने भएकाले थप सहयोग पुऱ्याएको, विभिन्न पार्टीका शीर्ष र वरिष्ठ नेताहरूले दु-दुई निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिने तयारी गरेकाले (क२९) 'एक नेता, एक क्षेत्र' को उचित र व्यावहारिक भावनाको कदर नगरिएको अवस्थामा (ख३२) 'निर्वाचनमा सुरक्षा' को सुनिश्चितता खोजिएको मूल कथ्यको प्रतिनिधित्व पनि यस अवधिमा रहेको पाइन्छ। राष्ट्रपति रामबरण यादवबाट पहिलो संविधानसभामा प्रतिनिधित्व गरेका सबै राजनीतिक दल र तिनबाट बनेका नयाँ दलहरू समेतलाई (क३०) 'शितलनिवासमा ... छलफल' का लागि डाकिएको, वहालवाला प्रधान न्यायाधीशको अध्यक्षतामा चुनावी सरकार गठन गर्न उच्चस्तरीय राजनीतिक समितिले ११ बुँदे सहमति गरी अन्तरिम संविधानका २५ वटा प्रावधान संशोधन गरेका र त्यसमा संविधानसभा सदस्य सङ्ख्या ४९१ कायम गरिएको पृष्ठभूमिमा निर्वाचनमा सहभागी हुन चाहने दलहरूबिचमै विवाद रहेकाले थप संशोधन गर्न आवश्यक भएको र यसबाट (ख३३) 'सहमतिको वैधानिकीकरण' मा प्रश्न उठेको, नेकपा-माओवादीलाई मूल प्रवाहमा समेट्न शीतलनिवासमा थालिएको सर्वदलीय वार्तामा (क३१) 'सहमतिका सम्भावना र चुनौती' दुवै भएको र पनि वार्ताबाट (ख३४) 'सकारात्मक परिणामको आशा' गरिएको मूल कथ्यको प्रतिनिधित्व बृहत् सङ्घटनामा रहेको पाइन्छ।

असोजमा बृहत् सङ्घटनाको ६६औं शृङ्खला सुरू हुन्छ र २ देखि ३१ गतेसम्म २३ शृङ्खला थपिएर ८८औं शृङ्खलासम्म पुगेको देखिन्छ। शीतलनिवासमा भएको सर्वदलीय छलफल पनि निर्वाचनमा नेकपा-माओवादीको सहभागिता जुटाउनमा (क३२) 'चुकेको अवसर' सावित भएको, स्थानीय तहबाट सिफारिस भएर लोकतान्त्रिक तरिकाले आए पनि केन्द्रमा (क३३) 'उम्मेदवार छनोटमा पारदर्शिता' नभएको, (ख३५) 'निर्वाचनका लागि शान्ति' अपरिहार्य रहेको, आकांक्षीहरूको असन्तुष्टि र गुटबन्दी बढेपछि (ख३४) 'दलमा आन्तरिक किचलो' सतहमै आएको, प्रमुख दलका नेताले (क३५) 'उम्मेदवार छनोटमा युवा प्राथमिकता' को लागि आ-आफ्नो पार्टीमा नयाँ पुस्ता र नयाँ अनुहार भनेर दबाव दिएको दावी गरे पनि छनोटको लगाम बृद्ध र शीर्ष नेतृत्वमा रहेकाले आशलाग्दा युवामा पनि निराशा र असुरक्षाको भावना बढेर गुट-उपगुटमा लाग्न वाध्य भएको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा भएको पाइन्छ। साथै, सरकारले (ख३६) 'सुरक्षित निर्वाचनका लागि सेना' परिचालन गर्ने निर्णय गरेको, प्रत्येक पार्टीमा उम्मेदवारी दावा गर्नेहरू पाँच हजार भन्दा बढी भएकाले सो भीडबाट (ख३७) 'योग्य उम्मेदवारको चयन' गर्न दलहरूलाई फलामको च्युरा चपाउनु जस्तै भएको, एक आइरिस नागरिकले नेकपा-माओवादीको कार्यक्रममा सहभागी भई निर्वाचन बहिष्कार गर्ने स्वरमा स्वर मिलाएको समाचार सार्वजनिक भएपछि निर्वाचन आयोगले (ख३८) 'निर्वाचन र कूटनीतिक मर्यादा' को स्मरण गराएको, उम्मेदवारको नामावलीको टुङ्गो लगाउने बेला दलहरूले (क३६) 'संविधानसभालाई सार्थक बनाउने सर्त' ख्याल गर्न जरुरी भएको, संविधानसभाको निर्वाचन आउन एक महिना बिस दिन बाँकी हुँदा नेकपा-माओवादीको नेतृत्वमा रहेको ३३ दलीय गठबन्धनले उच्चस्तरीय राजनीतिक समितिसँग पुनः वार्ता गर्ने जानकारी दिएपछि (ख३९) 'सहमतिका लागि अर्को प्रयास' को सम्भावना बढेको मूल कथ्यको प्रतिनिधित्व बृहत् सङ्घटनामा असोजको १५ गतेसम्ममा भएको पाइन्छ। कुल १३० मा १२४ दलले समानुपातिक सहभागिताका लागि निर्वाचन आयोगमा निवेदन दर्ता गराएपछि

(ख४०) 'निर्वाचन प्रक्रिया शुरू' भएसँगै प्रत्यक्षतर्फ घोषित उम्मेदवारको सूचीमा ११ जना नेता दुई-दुई क्षेत्रबाट लड्ने र प्रभावशाली नेता समेत समानुपातिक सूचीमा रहेकाले (क३७) 'नेताहरूमा आत्मविश्वासको कमी' देखिएको, नेकपा-माओवादीले सशक्त बहिष्कार गर्ने धम्की दिँदादिँदै पनि मङ्सिर ४ मै हुने निर्वाचनतर्फ मुलुक विधिवत् अग्रसर भएर निर्वाचन आयोगमा उम्मेदवारी दर्ता गर्दा बाजागाजासहित सिन्दुर जात्रा गरेपछि (क३८) 'निर्वाचनको रौनक' बढ्ने र माहोल बन्ने सन्देश गएका मूल कथ्य यस अवधिमा समेटिएको पाइन्छ। मतदान गर्न ४६ दिन बाँकी रहँदा (ख४१) 'निर्वाचनमा सञ्चारको भूमिका' सहयोगी हुनाको विकल्प नरहेको, नेकपा एमालेका बारा क्षेत्र नं. ४ का उम्मेदवार महमुद आलममाथि भएको गोली प्रहारले चुनावी वातावरणमा (क३९) 'आलम प्रकारणपछिका सुरक्षा प्रश्न' जन्माएको, मिश्रित प्रणाली अनुसार उम्मेदवारी दर्ता गराइसकेको परिप्रेक्ष्यमा प्रत्यक्ष उम्मेदवारी भन्दा समानुपातिक उम्मेदवारीको बन्द सूचीतिरबाट बढी (ख४२) 'समावेशी प्रतिनिधित्व' निश्चित हुने व्यवस्था भए पनि दलहरूले प्रभावकारी उपयोग गर्न नसकेको, समानुपातिक सूची संशोधनीय समेत देखिएको अवस्थामा दलहरूले मतदातामा जानका लागि पर्याप्त तयारी समेत नगरेकाले (क४०) 'घोषणापत्र चाहियो' भन्ने आवाज उठाउन परेको, निर्वाचनमा पार्टीका कतिपय (ख४३) 'विद्रोही उम्मेदवार' सशक्त समेत देखिएकाले सम्बन्धित दलहरूले तिनलाई उम्मेदवारी फिर्ता गरेर आधिकारिक उम्मेदवारलाई सघाउन अनुरोध गरेको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा भएको पाइन्छ। निर्वाचन आयोगले प्रत्यक्ष निर्वाचनमा दस प्रतिशत मात्रै महिला उम्मेदवार भएको तथ्याङ्क सार्वजनिक गरेपछि संविधानसभामा कम्तीमा ३३ प्रतिशत पनि नपुग्ने निश्चित भएको भनी (क४१) 'महिला सहभागिताको मुद्दा' मा पुनः बहस उठेको, हरेक दलले चन्दा सङ्कलनलाई तीव्र पारेको र प्रमुख दलहरूले उम्मेदवार मनोनयन गर्दा बाजागाजासहित देखाएको तामझामले उम्मेदवारले जनही खर्च गर्न पाउने १० लाख रुपियाँभन्दा दसौं गुणा बढी खर्च गरी चुनाव भड्किलो र खर्चिलो पार्ने सङ्केत दिएकाले (क४२) 'चुनावी खर्चको अनुगमन' तथा (ख४४) 'मितव्ययी चुनाव' का लागि निर्वाचन आयोगले राष्ट्रिय-अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूबाट निर्वाचन गतिविधिको अनुगमन गराएर चुनावी वातावरणको मूल्याङ्कन गर्न पहल थालेको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा भएको पाइन्छ। राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले विरोधका नाममा गरिने 'बन्दविरुद्ध प्रण' घोषणापत्रमार्फत् गरेको, दलहरूले चाडबाडमा आयोजना गर्ने शुभकामना आदानप्रदान कार्यक्रमलाई सादगीपूर्ण बनाएर दशैंको टीकासम्म केही समय सुस्ताएको चुनावी सरगर्मी टीकापछि बढ्न थाल्ने र त्यसपछि पनि तिहार, बकरिद, नेपाल संवत्‌को नयाँ वर्ष, छठ नजिकिँदै आउने भएकाले (ख४५) 'संस्कृति र राजनीतिको मौसम' एकसाथ अघि जाने अनुमान गरिएको मूल कथ्यको प्रतिनिधित्व पनि असोजको बृहत् सङ्घटनामा रहेको पाइन्छ।

कात्तिकमा बृहत् सङ्घटनाको ८९औं शृङ्खला सुरू हुन्छ र ३ देखि २९ गतेसम्म ३३ शृङ्खला थपिएर १२१औं शृङ्खलासम्म पुगेको पाइन्छ। ठूला दलहरूले बैंकिङ प्रणालीबाट चन्दा सङ्कलन गर्ने घोषणा र प्रतिबद्धता जनाए पनि खातामा जम्मा भएको रकमलाई हेर्दा चन्दा लिने/दिनेले बैंकलाई प्राथमिकतामा नराखेकाले निर्वाचनमा दलहरूले गर्ने खर्चमा (क४४) 'आर्थिक पारदर्शिताको प्रश्न' उठेको, निर्वाचनको सुरक्षाका लागि (क४५) 'सेना परिचालन' भएको र सेनाले गृह प्रशासन, प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको

'समन्वय' मा काम गर्ने व्यवस्था गरिएको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा पाइन्छ। गोरखा, रुकुम लगायतमा त्रासको वातावरण, ठूला दलका ठूला नेताको हवाइजहाजमा देश दौडाहा, अदालत भवनमै पम्पलेट टाँसिएका तस्बिरहरू सार्वजनिक भएको जस्ता घटनाले आचारसंहिता उल्लङ्घनमा तीव्रता देखाउन थालेकाले निर्वाचन आयोगले अनुगमनका निम्ति उच्चस्तरीय टोली बनाएको र (क४६) 'कार्यान्वयनमा कडाइ' गर्नुपर्ने देखिएको मूल कथ्य यस अवधिमा पाइन्छ। केही जिल्लामा दलका कार्यकर्ताबिच झडप भएको, तराईका जिल्लामा भारतीय नम्बर प्लेटका गाडीहरू चुनावी प्रचारमा संलग्न भएका समाचारले निर्वाचन (ख४६) 'आचारसंहिताको सम्मान' भइरहेको नदेखाएको, यही बेला लगानीलाई निश्चित र पारदर्शी बनाउन राष्ट्रिय जनमत सिर्जना र 'लबिइङ' कार्यमा समेत संलग्न हुने गरेका (क४७) 'आइएनजीओहरूको अनुगमन' गर्ने सरकारी प्रस्ताव आएको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा समेटिएको पाइन्छ। निर्वाचन आयोगले उम्मेदवारको नाम सार्वजनिक गरेपछि ठूला दलका नेताले समानुपातिक टिकट वितरणमा पनि संघर्षको इतिहासलाई उपेक्षा गरेका र पुरानै कोठरी प्रथा अपनाएको आरोपसँगै उठेको (ख४७) 'समानुपातिक उम्मेदवारी प्रसङ्ग' मा एउटै जिल्ला र निर्वाचन क्षेत्रबाट दस-बाह्रजना र कतिपय जिल्ला र निर्वाचन क्षेत्रमा एकजना पनि उम्मेदवार प्रस्तुत नगरेर निष्ठाको राजनीति गर्नेहरूप्रति अन्याय गरिएको, केही ठाउँमा चुनावविरोधी हरकतहरू भएपछि (क४८) 'चुनावी सुरक्षाको चुनौती' रोक्न गृहमन्त्री माधवप्रसाद घिमिरेबाट क्षेत्रीय सुरक्षा गोष्ठीको उद्घाटना हुँदा चुनावविरोधी गतिविधि सरकारलाई सह्य नहुने कुरा दोहोऱ्याइए पनि बाराका तत्कालीन एमाले उम्मेदवार महमुद आलमको हत्यामा एमालेकै पूर्वसांसद् कुसवाहको हात रहेको तथ्य बाहिर आएपछि (क४९) 'चुनावी सुरक्षाको व्यावहारिक पक्ष' नेकपा-माओवादीको बहिष्कार र विरोधमा सीमित नदेखिएको, (ख४८) 'विश्वसनीय सुरक्षा व्यवस्था' का लागि राजनीतिक सहमति जरुरी हुने मूल कथ्य समेटिएको भेटिन्छ। सबै क्षेत्र, जातजाति, लिङ्ग र समुदायका मानिसको सहभागिता सुनिश्चित गर्नुपर्ने भए पनि राष्ट्रिय स्तरका केही नेता र नेतृले समानुपातिक उम्मेदवारी रोजेको र नेतृत्वमा परिवारवाद हावी भएकाले (क५०) 'समानुपातिकमा सावधानी' हुन नसके असन्तुष्टि र द्वन्द्वको पुनरावृत्ति हुने देखिएको, वास्तविक जनमत एउटा तर चुनावी परिणाम अर्को हुन नदिनमा (ख४९) 'निर्वाचन पर्यवेक्षणको औचित्य' रहेको, उम्मेदवारहरू घोषणापत्रमा विकासका हावादारी आश्वासन लिएर मत माग्न घरदैलो गर्दा मतदाता पनि विकासे मागमा अल्मलिएको अवस्थामा (क५१) 'संविधानकै मुद्दामा केन्द्रित होऔं' भन्दै नेता तथा उम्मेदवारलाई जवाफदेही तुल्याउन मतदातालाई सुझाइएको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा देखिन्छ। मतदान गर्ने दिन आउन १९ दिन बाँकी छँदै मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले सरकार र निर्वाचन आयोगले गर्नुपर्ने तयारी प्रायः पूरा भएको जानकारी विशेष अन्तर्वार्ताबाट गराएको सार्वजनिक भएपछि चुनावविरोधी छिटफुट घटनाका बिच जनतामा 'निर्वाचनप्रति भरोसा' थपिएको, नेकपा-माओवादी लगायतका ३३ दलले अवरोध र हिंसामुखी गतिविधि बढाएका, प्रतिस्पर्धी दलका कार्यकर्ताहरू झडपमा उत्रिन थालेकाले स्वदेशी तथा विदेशी ५४ संस्थाका ७४ हजार (क५२) 'पर्यवेक्षकको दायित्व' बढ्नाका साथै प्रायः सबै दलले सार्वजनिक गरेका घोषणापत्रमा आर्थिक, सामाजिक, सांस्कृतिक र विकासका विषयलाई समेटेकाले (ख५२) 'घोषणापत्रको

कार्यान्वयन' हुन नसक्ने टिप्पणी सम्बन्धित क्षेत्रका विज्ञ र अनुभवीबाट आउन थालेको मूल कथ्यको प्रतिनिधित्व यस अवधिको बृहत् सङ्घटनामा रहेको पाइन्छ ।

असोजको तेस्रो साताको सुरूमा एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबाट संविधानसभामा कुनै न कुनै रूपमा (क५३) 'नेकपा-माओवादीलाई समेट्ने सवाल' उठाउँदै मन्त्रिपरिषद्बाट मनोनीत गरिने २६ सिट दिन र संविधान बन्ने क्रममा उनीहरूका एजेण्डा सम्बोधन गर्न सकिने प्रस्ताव अघि सारिएको, लोकतान्त्रिक निर्वाचनमा पत्रकारमाथि आक्रमण भएका कारण (ख५३) 'चुनावी प्रचार र सञ्चारको सम्मान' मा तालमेल नदेखिएको मूल कथ्य पाइन्छ । नेकपा-माओवादीले बन्दको लामो कार्यक्रम घोषणा गरेपछि नेपालमा रहेका विदेशी राजदूतहरूले बैठक गरी संयुक्त राष्ट्रसंघका आवासीय संयोजकका तर्फबाट जारी गराएको विज्ञप्तिमा 'शान्तिपूर्ण चुनावी अभियान रोक्ने कार्य गैरकानुनी रहेको' उल्लेख हुनाको साथै हिंसा र धम्की दिएर गरिने बन्दविरुद्ध दबावमूलक प्रतिक्रिया जनाएको कार्यबाट (क५४) 'निर्वाचनप्रति अन्तर्राष्ट्रिय ऐक्यबद्धता' प्रकट भएको, सांस्कृतिक चाडपर्वसँगै राजनीतिक पर्व संविधानसभाको प्रतिनिधि निर्वाचनका लागि मतदान हुन १२ दिन बाँकी रहेको अवस्थामा सरकार र राजनीतिक दलहरूको तयारी पूरा भएको, मतदाता परिचयपत्र पनि छापिँदै गरेकाले चुनावी माहोललाई (ख५४) 'राजनीतिक पर्वको उत्कर्ष' मानिएको, राजनीतिक मूल धारमा विभिन्न जातजाति, लिङ्ग, क्षेत्र आदिको प्रतिनिधित्वमा समावेशी मुद्दाले प्रमुखता पाएका बेला करिब १३ प्रतिशत मतदाता रहेको एउटा समुदाय (क५५) 'दलित उपेक्षा' मा परेको मूल कथ्यको प्रतिनिधित्व यस अवधिमा पाइन्छ । साथै, निर्वाचन तयारीका लागि नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सञ्चारमाध्यम लगायतले निर्वाह गरेको भूमिका र तयारीको प्रशंसा र गैरकानुनी बन्दको विरोधमा जारी विज्ञप्तिमार्फत् (ख५५) 'चुनावप्रति अन्तर्राष्ट्रिय चासो' चिन्ता र अडान प्रकट भएको, लादिएको बन्दको प्रतिकार जनस्तरबाटै हुनुपर्ने र त्यसो भएमा निर्वाचन रोकिने सम्भावना टर्ने भएकाले (क५६) 'बन्द फिर्ता लेऊ' भनिएको, सम्पूर्ण तयारी र प्रक्रिया पूरा नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चा विपक्ष र विरोधमा उभिए पनि (क५७) 'आशंका नगरौं, चुनावमै होमिऔं' भन्ने भाव प्रवल भएको बेला निर्वाचन पक्षधरहरूले निर्वाचनका लागि (ख५६) 'कुनै पनि अवरोध अस्वीकार्य' ठानेको मूल कथ्य यस अवधिमा पाइन्छ । संविधानसभा निर्वाचन-२ को संघारमा आयोजित बन्दलाई सशक्त पार्न बिहानै ठाउँ ठाउँमा शङ्कास्पद वस्तु राख्ने र सवारी साधनमा आगजनी गरेर तर्साउने गरे पनि (क५८) 'जनविरोधी क्रियाकलाप' ठानेर दिउँसोदेखि आम जनताले ठाउँ ठाउँमा अवज्ञा गरेको, निर्वाचनमा सहभागी दलहरूले आचारसंहिता विपरीत छ हजार भन्दा बढी बालबालिकालाई बालबालिकालाई जुलुसमा लाने, घरदैलो कार्यक्रममा झण्डा बोकाउने, माइक बोकाउने, पोसटर टाँस्न र पर्चा बाँड्न लगाउने कामका साथै, सूचनावाहकको रूपमा प्रयोग गरी (ख५७) र (क५९) 'चुनावमा बालबालिकाको दुरुपयोग' गरेको मूल कथ्य पनि यस अवधिमा पाइन्छ । निर्वाचन हुन नदिने उद्देश्यले आह्वान गरिएका कारण (ख५८) 'जनताबाट बहिष्कृत बन्द' र आम हड्तालको अवज्ञा भएकाले (क६०) 'बम, बन्द र बहिष्कार' लाई फिर्ता लिन सुझाइएको, ९० करोड रुपियाँ खर्चसहित चार हजार ७२१ निर्वाचन कर्ता र २२ हजार स्वयंसेवक परिचालन गरी (ख५९) 'घरदैलोमा मतदान शिक्षा' दिइएको, (क६१) 'निर्वाचनमा प्रविधि प्रयोग' गरी मुलुकका २४० निर्वाचन अधिकृतका कार्यालयदेखि मतदान केन्द्रहरू र मुख्यालयलाई ट्र्याकिङ गर्ने तरिका

अपनाइएको र नेपाल उद्योग वाणिज्य महासंघले राजनीतिक दलहरूलाई (ख६०) 'बन्द, हड्तालविरुद्ध शान्तिपूर्ण आग्रह' गरेको मूल कथ्यको प्रतिनिधित्व बृहत् सङ्घटनामा कात्तिकसम्ममा रहेको पाइन्छ ।

मङ्सिरमा बृहत् सङ्घटनाको १२२औं शृङ्खला सुरू भएर २ देखि ३० गतेसम्म २८ शृङ्खला थपिँदै १४९औं शृङ्खलासम्म पुगेको पाइन्छ। निर्वाचन प्रक्रिया अन्तिम चरणमा पुगेको र राजनीतिक दलहरूको प्रचारप्रसार कार्यक्रम सकिएको यस अवधिमा (क६२) 'प्रभावकारी पर्यवेक्षण आवश्यक' रहेको, निर्वाचनलाई भयरहित र निष्पक्ष सम्पन्न गर्न (क६३) 'मौन अवधिमा विशेष सतर्कता', (ख६१) 'आचार संहिताको सम्मान' का साथै (क६४) 'उच्च सुरक्षा सजगताको खाँचो' देखिएको अवस्थामा विस्तृत शान्ति सम्झौता यताका सात वर्षको सम्झना गर्दै निर्वाचनको दिन (ख६२) 'मतदान अधिकार र दायित्व' को मनन समेत गरिएको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ। विवाद, द्वन्द्व र आशङ्काका बिचमा पनि व्यवस्थित, विवादरहित र शान्तिपूर्ण ढङ्गले इतिहासमै पहिलोपटक ७० प्रतिशत भन्दा बढी मतदाताले मतदान गरेर सफल बनाएको निर्वाचनमा (क६५) 'कीर्तिमानी मतको कदर' गर्न र (ख६३) 'सम्पन्न निर्वाचनको सन्देश' विगतमा भएका कमीकमजोरीलाई सुधार्दै दलीय राजनीतिमा सहमतीय संस्कृति विकास हुनुपर्ने रहेको, निर्वाचनमा खसेको ऐतिहासिक मतले प्रजातान्त्रिक मूल्यमान्यता दरिलो गरी स्थापित भएकाले अब मुलुकमा (क६६) 'आर्थिक स्थायित्व आवश्यक' रहेको, परिणाम आएपछि जनमतको कदर गर्नु (ख६४) 'दलहरूको दायित्व' भएको मूल कथ्यको प्रतिनिधित्व देखिन्छ।, अपेक्षित परिणाम हासिल हुने नदेखेपछि मतगणना प्रक्रिया बहिष्कार गर्ने र संविधानसभाबाटै बाहिर बस्ने घोषणा गरेर (क६७) 'एमाओवादीले गर्नै नहुने गल्ती' गरेको, केही नयाँ प्रक्रिया स्थापनाका क्रममा (ख६५) 'लैङ्गिकमैत्री निर्वाचन' भएको, मतदान सकिएपछि निर्वाचनलाई शान्तिपूर्ण सम्पन्न भएको भनी स्वागत गरेको दललाई प्रत्यक्षतर्फको धेरैजसो परिणाम सार्वजनिक भइसकेपछि (क६८) 'एमाओवादी : संविधानसभा नछाड' भन्दै कोही पनि मात्तिने र आत्तिने होइन, (ख६६) 'जनादेशको सम्मान' गरी संविधान निर्माण र सरकार सञ्चालन गर्न समेत सुझाइएको मूल कथ्य यस अवधिमा पाइन्छ। साथै, दोस्रो र तेस्रोबाट पहिलो र दोस्रो दुई ठूला दल बन्ने सङ्केत देखिएकाले (क६९) 'कांग्रेस-एमालेको दायित्व' गल्ती दोहोरिन नदिन नेतृत्वदायी सहकर्मीको भूमिकामा बदलिएको, (ख६७) 'मतदानमा यथार्थ जनादेश' नभए संविधानसभा अदालतमा गएर प्रमाणित गर्न प्रमुख निर्वाचन आयुक्तको चुनौती सार्वजनिक भएको, अघिल्लो संविधानसभामा भइसकेका कार्य र अन्तरिम संविधान-२०६३ मा स्थापित (क७०) 'परिवर्तनका कार्यसूचीलाई निरन्तरता' दिन सुझाइएको मूल कथ्य पाइन्छ। निर्वाचनपछि पुँजी बजारमा कारोबार र सेयरको मूल्य बढेकाले (ख६८) 'सकारात्मक आर्थिक सन्देश' गएको, अघिल्लो संविधानसभा निर्वाचनमा भन्दा यसपालि बदर मत बढेकाले मतदाता शिक्षामा भएको लगानी खेर जानाका साथै जनमतमा असर पार्ने भएकाले (क७१) 'बदर मत घटाउने चुनौती' बढेको, महिला, दलित आदिको हकमा अघिल्लो संविधानसभामा भए जति र राज्यले सङ्कल्प गरे जस्तो (ख६९) 'समावेशी प्रतिनिधित्व' नभएको, भारत, चीन, अमेरिका, बेलायत, युरोपेली युनियनका राजदूतहरूले परराष्ट्र मन्त्रालयमा जानकारी नै नदिई नेताका घर-घर धाएर कूटनीतिक आचारसंहिताको धज्जी उडाउँदै (क७२) 'विभ्रमात्मक कूटनीतिक सक्रियता' देखाएको मूल कथ्यको प्रतिनिधित्व मङ्सिरको दोस्रो सातासम्मको बृहत् सङ्घटनामा भएको पाइन्छ ।

मङ्सिरको तेस्रो साता लागेपछि परिवर्तनकारी शक्तिहरू कांग्रेस, एमाले, एमाओवादी र मधेसवादीहरू मिलेर नयाँ संविधान निर्माणको अभिभारा पूरा गर्नुपर्ने (क७३) 'मंसिर ४ को मतादेश' भएको, ७८ दलले दर्ताका लागि हस्ताक्षर गरेका १० हजार जनाको मत समेत नपाएको देखिएकाले (ख७०) 'दल दर्ताको बाढी किन ?' भन्ने प्रश्न उठाइएको, सेयर बजारमा नेप्से परिसूचक बढेर (क७४) 'लगानीका लागि स्थायित्व' प्रति राजनीतिलाई सङ्केत गरेको, कांग्रेस र एमालेबिच (क७५) 'सहमतिको अग्रसरता' देखिए पनि संविधानसभामा महिला, जनजाति, दलित, पिछडा वर्गको आवाजलाई मुखरित गर्न प्रतिनिधित्वको सिद्धान्तमा रहेको (क७६) 'समानुपातिकको मापदण्ड' को मर्म र भावनालाई कुल्चिएको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ । निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउन (ख७१) 'सेनाको प्रशंसनीय भूमिका' रहेर ब्यारेकमा पनि फर्किइसकेको, सहमतीय सरकार बनाएर संविधान निर्माणमा लाग्न दलहरूबाट (ख७२) 'सकारात्मक कदमको अपेक्षा' गर्दागर्दै पनि ढिलाइ गरिरहेका दलहरूलाई (क७७) 'जनतालाई निराश नपार' भनिएको मूल कथ्यको प्रतिनिधित्व मङ्सिरसम्मको बृहत् सङ्घटनामा रहेको पाइन्छ ।

सारांशतः यो अवधिमा मूल धारमा रहेका दलहरू निर्वाचनको प्रक्रियामा अघि बढ्ने र निर्वाचनमा सामेल हुन नचाहने दलहरूको विरोध र अवरोधको गतिविधिसँगै निर्वाचन सम्पन्न भएर प्रत्यक्ष समानुपातिक दुवैको परिणाम आएपछि नयाँ सरकार बनाउने चरणमा प्रवेश गरेर पनि अलमलिइरहेको अवस्था दर्साउने मूल कथ्यको सारपूर्ण प्रतिनिधित्व सम्पादकीय शीर्षकमा समेटिएको पाइन्छ । यस अवधिमा पनि विषय/वस्तु, व्यक्ति र घटनाको प्रतिनिधित्व सरल मात्र नभएर जटिल खालको पनि देखिन्छ ।

### ३.४.३ पूरक चरणमा विकसित मूल कथ्य

प्रस्तुत खण्डमा 'कान्तिपुर' मा ३५ र 'गोरखापत्र' मा ३३ गरी कुल ६८ वटा सम्पादकीय प्रकाशित भएको देखिन्छ । यस अवधिमा प्रत्यक्ष निर्वाचनको परिणामपछि बदलिएको राजनीतिक शक्ति सन्तुलनले काममा पारेको प्रभाव, समानुपातिक प्रतिनिधित्वसहित संविधानसभाको पूर्णता र सरकार निर्माणमा ढिलाइदेखि नवगठित सरकारको सुस्तता र नेतृत्वको उदासीन कार्यशैलीसम्मको प्रतिनिधित्व रहेको पाइन्छ ।

पुसमा बृहत् सङ्घटनाको १५०औं शृङ्खला सुरू भई १ देखि ३० गतेसम्म १९ शृङ्खला थपिएर १६८औं शृङ्खलासम्म पुगेको पाइन्छ । आउन लागेको लोकपाल विधेयक आर्थिक अनियमितता र भ्रष्टाचार नियन्त्रणमा कोशेढुङ्गा हुने र त्यसका लागि (ख७३) 'निर्वाचन कम खर्चिलो बनाउन जरुरी' ठानिएको, ठूला दलहरूको संयुक्त आग्रहमा निर्वाचन आयोगले दोस्रो पटक पनि समानुपातिक सूची बुझाउने म्याद थपेकाले दलीय ढिलासुस्तीलाई बढावा नदिन आयोगलाई (क७८) 'अब नथपौं' र दलहरूलाई (ख७४) 'अब व्यर्थमा समय नगुमाऔं' भनिएको, नेकपा-माओवादी अध्यक्ष मोहन वैद्यले पत्रकार सम्मेलन गरी निर्वाचनका बेला भएका हिंसा र बम विष्फोटको जिम्मेवारीसहित (क७९) 'अराजकताको बाटो' मा अग्रसर हुने जनाउ दिएपछि त्यसलाई लक्ष्य गरी (ख७५) 'मुलुकको आवश्यकता द्वन्द्व समाप्ति' भनिएको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ । संविधान जारी नै नभएको अवस्थामा अघिल्लो संविधानसभाबाटै निर्वाचित भएर निरन्तर रहेका राष्ट्रपति र उपराष्ट्रपति हुँदाहुँदै ती पदलाई

भागबण्डाको विषय बनाउन खोजिएपछि दलहरूलाई (ख७६) 'केन्द्रविन्दु संविधान बनाऊ !' भनिएको, (क८०) 'उच्चस्तरीय संयन्त्रको औचित्य' मा बहस चलेको, निर्धारित मितिमै समानुपातिक नामावली बुझाउन (ख७७) 'दलहरूबीच सकारात्मक पहल' भएको, कांग्रेस, एमाले, एमाओवादीसहितका दलहरूले चार बुँदे सहमति गरी राजनीतिक गतिरोध अन्त्य गरेपछि संविधान र सरकार निर्माणमा (क८१) 'अब अलमल नगर' भनिएको, १२ बुँदे बृहत् शान्ति सम्झौतादेखि पछिल्लो चार बुँदेसम्मको दलीय गतिविधिले (ख७८) 'आवश्यकता सहमति कार्यान्वयनको' भन्ने देखाएको मूल कथ्यको प्रतिनिधित्व रहेको पाइन्छ । साथै, मिश्रित भनिए पनि समानुपातिकको बाहुल्य भएको र सुरूमै विवाद आएकाले (क८२) 'समानुपातिक पद्धतिमा सुधार' को आवश्यकता रहेको, (क८३) 'एमाओवादीको वैचारिक संकट' चर्किएको, (ख७९) 'समानुपातिक पद्धतिमा विवाद' का कारण खोतलिएको पाइन्छ । यसै अवधिमा संविधानसभाको बैठक आह्वान सरकार प्रमुख कि राष्ट्राध्यक्षले गर्ने भनी चुलिएको विवाद अदालत पुगेकोले अलमल हटाउन (ख८०) 'सर्वोच्चको व्याख्या अपेक्षित' रहेको, सर्वोच्च अदालतले निर्वाचनमा उम्मेदवारलाई (ख८१) 'अस्वीकार गर्न पाउने अधिकार' को व्यवस्था गर्न निर्देशनात्मक आदेश जारी गरेको, निर्वाचन सम्पन्न भएको ५० दिन भइसक्दा पनि दलहरूले ढिलासुस्ती गरिरहेकाले (क८४) 'संविधानसभाको बैठक बोलाऊ' भनिएको, माघ ८ गतेका लागि बैठक आह्वान भइसकेपछि पनि (क८५) 'अब अलमल नगर' भनिएको मूल कथ्य पाइन्छ ।, राष्ट्रपति पक्ष पछि हटेकाले मन्त्रिपरिषद् अध्यक्ष भनिएका 'प्रधानमन्त्री' लाई (ख८२) 'बैठकका लागि मार्गप्रशस्त' भएको, राजनीतिक कुरा अदालत लाने र अदालतले पनि राजनीतिक फैसला गर्नमा रुचि देखाउन थालेकाले (ख८३) 'राजनीति र अदालत' एक आपसमा मुछिने सम्भावना भएको मूल कथ्यको प्रतिनिधित्व पनि पुस महिनाको बृहत् सङ्घटनामा रहेको पाइन्छ ।

माघमा बृहत् सङ्घटनाको १६९औं शृङ्खला सुरू भएर १ देखि २९ गतेसम्म १६ शृङ्खला थपिँदै १८४औं शृङ्खलासम्म पुगेको पाइन्छ । संविधानसभाको पहिलो बैठकलाई पूर्णता दिन मनोनीत सदस्यका लागि दलहरूको सहयोगमा मन्त्रिपरिषद्ले (क८६) 'छब्बीस छनोटको अग्रसरता' लिइहाल्नुपर्ने देखिएको, ठूला दलहरूमा (ख८४) 'फेरि पनि पदकै मोह !' सतहमा आएको, ८० प्रतिशत नयाँ सभासद्हरूलाई लिएर दलहरूले (क८७) 'एक वर्षभित्र संविधान' बनाउने प्रतिबद्धता पूरा गर्न स्वामित्व ग्रहणदेखि रूपरेखा र कार्यतालिका बनाएर अनुसरण गर्नुपर्ने र (ख८५) 'एक मात्र ध्येय संविधान निर्माण' बनाउनुपर्ने देखिएको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ । निर्वाचनपछि एमाले र अरू दलसँग दूरी नबढाउने (क८८) 'कांग्रेसको जिम्मेवारी' रहेको, (ख८६) 'सहमतीय सरकार जरुरी' भएको र दलहरूलाई (क८९) 'सहमतिको अधिकतम प्रयास गर' भनिएको मूल कथ्यको प्रतिनिधित्व माघको दोस्रो सातासम्म बृहत सङ्घटनामा रहेको पाइन्छ । प्रतिबद्धता अनुरूप एक वर्षभित्रै संविधान जारी गर्न (क९०) 'संविधानसभामा स्वामित्वको प्रश्न' लाई समाधान गर्न प्रमुख तीन दलको कार्यदलले काम गरिरहेको बेला अघिल्लो संविधानसभाको निरन्तरता नभएकाले यो संविधानसभाले पहिले भएका कामको (ख८७) 'स्वामित्व ग्रहणको औचित्य' नभएको भनी संविधानसभा बैठक अवरुद्ध समेत गरिएको, संसदीय दलको नेता छान्ने क्रममा (क९१) 'दलहरूमा आन्तरिक लोकतन्त्र' देखावटी मात्रै नभएर वास्तवमै हुनुपर्ने देखिएको, एनेकपा माओवादी र राप्रपा नेपालले विपक्षमा बस्ने घोषणा गरेकाले सरकारदेखि संविधान निर्माणसम्मको सहकार्यका लागि (क९२) 'कांग्रेस-

एमाले सहमतिको आधार' तय गर्न ढिला भइसकेको अवस्थामा (ख८८) 'बहुमतीय सरकारका लागि पहल' थालिएको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ । यस क्रममा निर्वाचनमार्फत् संसदीय दलको नेता चुनेर (क९३) 'एमाले विवादको लोकतान्त्रिक व्यवस्थापन' गरिएको, संविधानसभा निर्वाचन भएको ८३ औं दिनमा बनेको बहुमतीय संयुक्त सरकारको नेतृत्व गर्न पुगेका नेपाली कांग्रेसका सभापति तथा संसदीय दलका नेता सुशील (क९४) 'कोइरालाले पाएको कार्यादेश' मूलतः संविधान निर्माण नै भएको र (ख८९) 'कोइरालालाई सफलताको कामना' गरिनाका साथै प्रधान न्यायाधीश खिलराज रेग्मी नेतृत्वको निवर्तमान (क९५) 'गैरदलीय सरकारको सफलता र शिक्षा' दलहरूका लागि अनुकरणीय भएको मूल कथ्यको प्रतिनिधित्व माघ महिनाको बृहत् सङ्घटनामा रहेको पाइन्छ ।

फागुनमा बृहत् सङ्घटनाको १८५औं शृङ्खला सुरू भई १ देखि २७ गतेसम्म १७ शृङ्खला थपिएर २०१औं शृङ्खलासम्म पुगेको पाइन्छ । यस अवधिमा मन्त्रिपरिषद्, संवैधानिक परिषद्, सुरक्षा परिषद्, राष्ट्रिय योजना आयोग र राष्ट्रिय विकास परिषद्बाहेक ४४ निकायमा अध्यक्षता ग्रहण गर्ने र अनुत्पादक काममा समय खर्चने कुप्रथाको अन्त्य गरी (क९६) 'चुस्त बन प्रधानमन्त्री' भनिएको, (ख९०) 'भागबण्डा होइन, जनताको हित' मा लाग्न सुझाइएको, राष्ट्रपतिबाट प्रधानमन्त्रीलाई सातबुँदे निर्देशन दिने काम भई (क९७) 'असंवैधानिक आकांक्षा' प्रकट भएको, एमालेसितको सहमति विवाद हटाउन प्रधानमन्त्रीको पदमा रहेका (क९८) 'कोइराला-अग्रसरताको खाँचो' देखिएको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ । संविधान निर्माण गरी परिवर्तनलाई संस्थागत गर्नमा (क९९) 'फागुन ७ को सान्दर्भिकता' रहेको, दलहरू मिलेर सरकार गठन गरी संविधान निर्माण गर्नमा (ख९१) 'प्रजातन्त्र दिवसको सन्देश' रहेको, सभाध्यक्षमा सुवास नेम्वाङ पुनः निर्वाचित भएकाले अघिल्लो असफलताबाट (क१००) 'सभाध्यक्षले सिक्नुपर्ने पाठ' को हेक्का गराइएको र नेम्वाङ सर्वसम्मत हुनुलाई (ख९२) 'सकारात्मक लक्षण' मानिएको, बल्लबल्ल बनेको सरकारमा पनि कांग्रेस र एमालेबिच पद बाँडफाँटमा गृह मन्त्रालयलाई प्रतिष्ठाको विषय बनाएर अड्डी लिने र सरकार छाड्ने समेतको धम्की दिने कामले समय खाइरहेको देखाउँदै (ख९३) 'बेसमयको गाईजात्रा रोक !' समेत भनिएको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ । साथै, संविधानसभामा पहिले भइसकेका कामलाई नदोहोऱ्याउने गरी काम गर्न सुरूमै स्पष्ट भएर (क१०२) 'चुस्त समिति बनाऊ' भनिएको, मन्त्रिपरिषद् विस्तार हुने भएपछि दलहरूलाई (ख९४) 'अबको अर्जुनदृष्टि केवल संविधानप्रति' हुनुपर्ने भनिएको, राज्य र सहायक मन्त्री नराखी मन्त्रीबाटै काम लिनु (क१०३) 'चुस्त सरकारका आधार' रहेको, प्रतिबद्धता अनुरूप समयमै संविधान निर्माण र स्थानीय निकायको निर्वाचन (ख९५) 'विस्तारित मन्त्रिपरिषद्बाट अपेक्षा' राखिएको मूल कथ्यको प्रतिनिधित्व फागुनको दोस्रो सातासम्म बृहत् सङ्घटनामा भएको पाइन्छ । कानुनी र प्रशासनिक प्रक्रिया अघि बढाएर (ख९६) 'स्थानीय निर्वाचनको सुरसार' थालिएको, संविधानसभाको बैठक बस्नुअघि नै २६ सदस्यहरूको मनोनयन हुनुपर्नेमा अझै सरकारले अग्रसरता नलिएकोले (क१०४) 'संविधानसभालाई पूर्णता देऊ' भनिएको, प्रमाणीकरण कसले गर्ने भन्ने विवादमा संविधानसभा नियमावली-२०७० ल्याउन ढिला गरेर (ख९७) 'समय खेर नफालियोस्' भनिएको मूल कथ्यको प्रतिनिधित्व फागुनसम्मको बृहत् सङ्घटनामा रहेको पाइन्छ ।

चैतमा बृहत् सङ्घटनाको २०२औं शृङ्खला सुरू भएर २ देखि २७ गतेसम्म १६ शृङ्खला थपिँदै २१७औं शृङ्खलासम्म पुगेको पाइन्छ। दलहरूबाट प्रत्यक्षतर्फको उम्मेदवारीदेखि नै संविधानसभामा हुनुपर्ने कम्तीमा एक तिहाइ (क१०५) 'महिला प्रतिनिधित्वमा बेवास्ता' गरिएको, एमाओवादी र नेकपा-माओवादी बिच कार्यगत एकताको घोषणा भएपछि (क१०६) 'संविधान लेख्नलाई हुनुपर्छ सहकार्य' भनिएको, (१०७) 'संवैधानिक नियुक्तिमा कानुनी अड्चन' हटाएर राज्य व्यवस्थालाई सहज सञ्चालन गर्न प्रधानमन्त्रीले अग्रसरता नलिएको, संयुक्त सरकारका नाममा (ख९८) 'अर्थपूर्ण साझा कार्यक्रम' ल्याइएको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ। प्रधानमन्त्रीबाट गिरिजा स्मृति दिवसमा (ख९९) 'संविधानका लागि सहमति र सहकार्य' गर्न आह्वान, मलेसियाका पूर्वराष्ट्रपति डा. महाथिर मोहम्मदले नेपालको विकासका लागि राजनीतिक स्थिरता, आर्थिक स्थायित्व र लगानीका लागि सुझाएपछि दलहरूलाई संविधान निर्माणसँगै (ख१००) 'अर्थतन्त्र उकास्न एकता' हुनुपर्ने भनिएको, न्यूनतम साझा कार्यक्रम संसद् छलेर ल्याएकोमा कटाक्ष गर्दै प्रधानमन्त्रीको नेतृत्व र कार्यशैलीप्रति सुस्त र एकलकाँटे भनी सरकारभित्रै रहेका कांग्रेसीले समेत तीव्र आलोचना गर्न थालेपछि सरकार चलाउन र समयमै संविधान निर्माण गर्न (क१०८) 'कोइरालाले बढाउनुपर्ने गति' मा विवाद नरहेको, (ख१०१) 'सक्रियता बढाउन समन्वय समिति' गठन गरिने भएको, (ख१०२) 'शान्ति, संविधाननिम्ति शुभ कदम' चालेको देखाउन संविधानसभा समिति निर्माण र उच्चस्तरीय राजनीतिक समिति गठन गरिएको मूल कथ्यको प्रतिनिधित्वलाई चैतको दोस्रो सातासम्म बृहत् सङ्घटनामा जोडिएको पाइन्छ। यसपछि अपूर्ण अवस्थामा नै स्वामित्व ग्रहण गरेर (क१०९) 'संविधानसभाको निरन्तरता' कायम गरिएको, (क११०) 'अवसर छँदै गर्नुपर्ने काम' सुझाउँदै राज्य प्रशासन सञ्चालनको दायित्व बोकेर पनि सरोकार बाहिरका औपचारिक कार्यक्रममा घण्टौं व्यर्थमा समय खर्चिने होड चलेकाले (क१११) 'मन्त्रीका प्राथमिकता' मा बहस चल्दै गर्दा संविधानसभामा २०७१ साल माघ ८ मा संविधान जारी गर्ने कार्यतालिका घोषणाको अवसरमा उपस्थित नै नभएपछि छर्लङ्ग भएको (क११२) 'शीर्ष नेतृत्वको उदासीनता' प्रति सभाध्यक्षले असन्तुष्टि व्यक्त गरेको मूल कथ्यको प्रतिनिधित्व पाइन्छ। कार्यतालिकामा घोषणा गरिएअनुसार समयमै संविधान जारी गर्नका लागि (ख१०३) 'समर्पणको खाँचो' रहेको, संविधानसभाको निर्वाचनमा मत माग्न जाँदा दलहरूले छ महिनाभित्र निर्वाचन गर्ने जनाएको प्रतिबद्धतालाई ध्यानमा राख्दै प्रक्रिया अघि बढाउन स्थानीय निकाय निर्वाचन कार्यविधि ऐन-२०४८ लाई संशोधन गर्न तयार पारिएको विधेयकको अन्तिम रूपमा राजनीतिक दलहरूले (ख१०४) 'स्थानीय निर्वाचनमा महिला' लाई ५० प्रतिशत उम्मेदवारी छुट्याउनैपर्ने र स्थानीय निकाय प्रमुख र उपप्रमुखमध्ये कुनै एक पदमा महिला हुनैपर्ने व्यवस्था गरिएको, कार्यशैलीप्रति तीव्र आलोचना भएपछि प्रधानमन्त्रीले पहिलोपटक पत्रकारहरूसँग आमनेसामने भई (ख१०५) 'सहमति, सहकार्य र एकताबाटै संविधान' निर्माण गर्नका लागि आफू लागिपरेको स्पष्टीकरण दिएको मूल कथ्यको प्रतिनिधित्व चैतसम्मको बृहत् सङ्घटनामा रहेको पाइन्छ।

सालभरिमा २१७ शृङ्खलामा संरचित बृहत् सङ्घटनामा प्रतिनिधित्वहरू सहमतिजन्य हुने भएकाले वास्तविक संसारका कतिपय सम्बन्धित र महत्त्वपूर्ण तथ्य र धारणाहरू शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्यमा नपर्न सक्ने अवस्था पनि उत्तिकै महत्त्वपूर्ण हुन आउँछ। प्रतिनिधित्वमा हुने प्राथमिकता, प्रतिस्पर्धा र प्रतिबन्धनको

अवस्थालाई समेत ध्यानमा राखेर हेर्दा एकै दिन प्रकाशित एउटै घटनामा आधारित दुई अखबारका शीर्षकले मूल कथ्यका रूपमा प्रस्तुत गरेका तथ्य र धारणामा एकरूपता भन्दा विविधताको बाहुल्य रहेको देखिन्छ। यसबाट सम्पादकीय शीर्षकको मूल कथ्यमा बृहत् सङ्घटनासित सम्बन्धित कतिपय महत्त्वपूर्ण प्रतिनिधित्वहरू वास्तविक संसारबाट शब्दको संसार हुँदै पत्रकारको ज्ञानात्मक परिधिभित्र पुगी सम्पादकीयमा शीर्षस्थ हुन नसकेको मान्यतालाई पनि स्वीकार गर्नुपर्ने हुन्छ।

### ३.५ विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्व

विवाद र द्वन्द्वको सिर्जना व्यक्तिहरूबाट हुने हुनाले व्यक्तिहरूलाई नै विवाद र द्वन्द्वका केन्द्रका रूपमा लिनुपर्ने हुन्छ। सम्पादकीय शीर्षकमा व्यक्ति र समूहहरूलाई विभिन्न पहिचानमा सारभूत रूपमा प्रस्तुत गरिने र पृष्ठभूमिमा रहेका संस्थागत संरचनाको धारणात्मक सञ्जालले व्यक्तिको पहिचानलाई सुस्पष्ट पार्ने हुनाले सम्पादकीय शीर्षकमा सारभूत रूपमा प्रत्यक्ष चिह्नित व्यक्तिको खोजी गर्दा ती कुरालाई ध्यानमा राख्नुपर्ने देखिन्छ। यसैले धेरैजसो व्यक्ति, समूह, समुदाय, संस्था आदिको प्रतिनिधित्वलाई सङ्क्षेपमा चिह्नित गर्नुपर्ने सम्पादकीय शीर्षकको विशेषता र वाध्यतालाई ध्यानमा राखेर तिनको औपचारिक, अनौपचारिक, सरल र जटिल रूपका बिचबाट तिनको प्रतिनिधित्व पहिचान गरिएको छ। यसरी विवाद र द्वन्द्वका केन्द्रका रूपमा निरूपण गरिएका व्यक्तिको भूमिका, परस्पर विरोधी विशिष्ट सम्बन्ध, अंश र सहनिर्मिति, व्यापक र विस्तारित प्रवृत्ति, परम्परा, भिन्न, इतर, ज्ञान-विज्ञानको उपयोग, अनुभवका सन्देश, अन्तर विषयात्मकता, प्रतीक तथा सार्वजनिक अलङ्कार, स्वेच्छाचारी र साङ्केतिक अर्थ आदिको प्रतिनिधित्वलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्पादकीय शीर्षकमा सूचित गरिएको हुन्छ। यस खालका सूचनाबाट सही प्रतिनिधित्व ग्रहण गर्नका लागि बृहत् सङ्घटनाको बाह्य सन्दर्भलाई परिचालन गर्नुपर्ने हुन्छ।

बृहत् सङ्घटना 'संविधानसभा निर्वाचन-२०७०' लाई सम्पादकीयमा नेपाली राजनीतिमा छ दशक भन्दा लामो अवधिदेखि चलेको विवाद र द्वन्द्वको उपलब्धिलाई संस्थागत गर्ने एउटा सार्वभौम संरचना गठन गर्ने विधिवत् माध्यमका रूपमा लिएको पाइन्छ। यस सङ्घटनासँग अधिकांश नेपाली जनताले रोजेको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र सार्वभौमसत्ता सम्पन्नताको अधिकारलाई विधिपूर्वक संस्थागत गर्न विभिन्न कालखण्डमा भएका विविध खालका राजनीतिक संघर्षको पृष्ठभूमि जोडिएको पाइन्छ। नेपालको अन्तरिम संविधान-२०६३ मा उल्लेख भए अनुसार 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक' शासन व्यवस्था भएको संविधान निर्माण गर्ने सार्वभौम जनताका प्रतिनिधिहरूको चयन गर्ने तर कहिले गर्ने, कसरी गर्ने र निर्वाचन कसले गराउने भन्ने बारेमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटना विवाद र द्वन्द्वमा परेको देखिन्छ। सम्पादकीयमा सारपूर्ण प्रतिनिधित्व गरेका तथ्यहरूले संविधानसभा निर्वाचन-२०७० सित सम्बन्धित कुनै एउटा घटनामा विवाद र द्वन्द्वको पूर्ण प्रतिनिधित्व गर्दछन् भने ती तथ्यहरूले बृहत् सङ्घटनामा अंशको प्रतिनिधित्व गरेको पाइन्छ। यसबाट बृहत् सङ्घटनासित सम्पादकीय शीर्षकको अंश र पूर्णका साथै सहनिर्मितिको सम्बन्ध रहेको पनि देखिन आउँछ।

### ३.५.१ विवाद र द्वन्द्वका प्रत्यक्ष चिह्नित केन्द्रहरूको निरूपण

शीर्षस्थ व्यक्ति, व्यक्ति समूह, संस्था, समिति र विम्बको द्वन्द्वात्मक स्थितिलाई स्रोतको पाठ सङ्केतसहित प्रत्यक्ष चिह्नित केन्द्र र मूल धारका परिधिहरूको निरूपण गरी परिशिष्ट ३ मा एकीकृत गरी दिइएको छ। परिशिष्ट ३ मा एकीकृत गरी दिइएको तालिकामा रहेका द्वन्द्वका केन्द्रहरूलाई हेर्दा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा 'कान्तिपुर' र 'गोरखापत्र' का सम्पादकीयमा विवाद र द्वन्द्वमा शीर्ष भूमिका निर्वाह गर्ने पदाधिकारीदेखि त्यसलाई व्यवस्थापन गर्ने सरकरी पक्ष र प्रभावित हुने जनसमूह तथा समुदायहरूको शीर्षस्थ प्रतिनिधित्व रहेको पाइन्छ। सम्पादकीय शीर्षकहरूमा व्यक्ति, व्यक्ति समूह, संस्था, समिति र विम्बहरूको प्रयोगबाट द्वन्द्वका केन्द्रहरूलाई प्रत्यक्ष चिह्नित गरी प्रतिनिधित्व गराइएको पाइन्छ। २०७० सालमा प्रकाशित नियमित सम्पादकीयमध्ये अध्ययनमा परेका २१७ मा ८२ वटा सम्पादकीयमा द्वन्द्वका केन्द्रका रूपमा व्यक्ति, संस्था, समूह र समुदायहरूको शीर्षस्थ प्रतिनिधित्व प्रत्यक्ष चिह्नित देखिन्छ। यो भनेको कुल अध्ययन गरिएका सम्पादकीयहरूको ३८ प्रतिशत हो। यसमा रहेका द्वन्द्वका केन्द्रहरूको विश्लेषण गर्दा सम्पादकीय शीर्षकमा पार्टी, सरकार, सरकारी र संवैधानिक निकाय, संघसंस्था, समूह, समुदाय जस्ता कुनै न कुनै सैद्धान्तिक संरचना र धारणात्मक सञ्जालको माध्यमबाट प्रकट हुन आउने मानिसको प्रतिनिधित्व रहेको पाइन्छ। विवाद र द्वन्द्वको सिर्जना, अभ्यास, व्यवस्थापन र प्रभावको चक्रमा कुनै न कुनै रूपमा मानिसहरूको संलग्नता पाइन्छ। यसैले यसपछिका उपशीर्षकहरूमा परिशिष्ट ३ को तालिकामा रहेका द्वन्द्वका केन्द्रहरूलाई आधार बनाएर परिचालन, व्यवस्थापन र सार्वभौम पक्षको प्रतिनिधित्वलाई विश्लेषण गरिएको छ।

**(क) परिचालन पक्षमा संलग्न केन्द्रहरू**

सम्पादकीय शीर्षकमा रहेका विभिन्न संरचना र धारणाका सञ्जालहरूलाई सूचित गर्ने नाम, थर र विशेषणबाट विवाद र द्वन्द्वका प्रमुख परिचालकहरू परिचित हुन आएको पाइन्छ। परिशिष्ट ३ मा उपलब्ध द्वन्द्वका केन्द्रहरूलाई विश्लेषण गर्दा बहुसङ्ख्यक मानिसहरू पार्टी, सरकार, सरकारी र संवैधानिक निकाय, संघसंस्था, समूह, समुदाय जस्ता कुनै न कुनै सैद्धान्तिक संरचना र धारणात्मक सञ्जालमा आबद्ध भएका आधारमा प्रत्यक्ष चिह्नित भएको पाइन्छ। चिह्नित व्यक्तिहरूमध्ये राजनीतिक दलका नेताहरूले संविधानसभा निर्वाचन-२०७० को पक्ष र विपक्षमा रहेर विवाद र द्वन्द्वको प्रमुख परिचालको भूमिका निर्वाह गरेको बुझिन्छ। सम्पादकीयमा प्रमुख परिचालकहरूको शीर्षस्थ प्रतिनिधित्वलाई तालिका नं. ३.८ मा प्रस्तुत गरिएको छ। प्रस्तुत तालिकाको पृष्ठभूमिमा परिशिष्ट ३ एकीकृत रहेको छ भने त्यसको बृहत् सङ्घटनात्मक पृष्ठभूमिमा परिशिष्ट २क र ख रहेका छन्। परिशिष्ट ३ एकीकृतलाई विषय/वस्तु र घटनासँग जोडेर बुझ्नका लागि परिशिष्ट २क र ख उपयोगी रहेका छन्। विश्लेषणका क्रममा सम्बन्धित प्रतिनिधित्वका सम्पादकीय शीर्षक र पाठ सङ्केतसँग स्वतः जोडिएर आउने सम्पादकीय शीर्षकमा प्रयुक्त सूचना र धारणाका साथै तिनमा अन्तर्निहित मूल कथ्यको यथोचित उपयोग गरिएको छ। तालिकामा एक भन्दा बढी प्रतिनिधित्व रहेका शीर्षकलाई एक भन्दा बढी पटक गणना गरिएको छ। साथै, यसमा महिना र गतेले प्रकाशन मिति जनाउँछन् भने क वा खले सम्बन्धित अखबारलाई सङ्केत गर्छन्।

तालिका नं. ३.८ मा देखिएका तथ्यलाई विश्लेषण गर्दा विवाद र द्वन्द्वका प्रमुख परिचालकका रूपमा 'नेकपा-माओवादी', 'एमाओवादी', 'कांग्रेस', 'एमाले' लाई सम्पादकीय शीर्षकमा औपचारिक र आधिकारिक नामबाट प्रतिनिधित्व चिह्नित गरेको पाइन्छ। पार्टीको औपचारिक र आधिकारिक नामबाट चिह्नित सम्पादकीय सङ्ख्या ११ रहेको र यसले कुल ८२ मा १३ प्रतिशत र तालिकामा रहेका १५ प्रतिनिधित्वमा ७३ प्रतिशत स्थान लिएको पाइन्छ। यस अतिरिक्त 'असन्तुष्ट' 'द्वन्द्वरतहरू' र 'वैद्यहरू' जस्ता विशेषण र थरको माध्यमबाट अनौपचारिक रूपमा पनि विवाद र द्वन्द्वका प्रमुख परिचालकको प्रतिनिधित्वलाई प्रत्यक्ष चिह्नित गरिएको पाइन्छ। अनौपचारिक प्रयोगमा भिन्नता देखिन्छ। भिन्न प्रतिनिधित्वको प्रयोग 'असन्तुष्ट' विशेषणमा दुई, 'द्वन्द्वरतहरू' विशेषणमा एक र 'वैद्यहरू' थरमा एक गरी पाँच पटक गरिएको पाइन्छ। भिन्न प्रतिनिधित्वले संविधानसभा निर्वाचन-२०७० को विपक्षमा रहेका नेकपा-माओवादीसहित उसको गठबन्धनमा रहेका ३३ दललाई र मधेसी मोर्चामा आबद्ध सशस्त्र प्रतिरोधी समूहलाई जनाएको पाइन्छ।

तालिका नं. ३.८
**प्रमुख परिचालकहरूको शीर्षस्थ प्रतिनिधित्व**

| **प्रतिनिधित्व** | **प्रकार** | **सङ्ख्या** | **महिना, गते र प्रकाशन** | | |
|---|---|---|---|---|---|
| एमाओवादी | औपचारिक | ३ | मङ्सिर७/क | मङ्सिर९/क | पुस१८/क |
| कांग्रेस | औपचारिक | ३ | मङ्सिर१०/क | माघ१२/क | माघ२१/क |
| एमाले | औपचारिक | ३ | मङ्सिर१०/क | माघ२१/क | माघ२३/क |
| नेकपा-माओवादी | औपचारिक | १ | भदौ४/क | कात्तिक१७/क | - |
| असन्तुष्ट | अनौपचारिक | २ | बैशाख५/क | असार२४/ख | - |
| द्वन्द्वरतहरू | अनौपचारिक | १ | बैशाख५/ख | - | - |
| वैद्यहरू | अनौपचारिक | १ | असार१९/क | - | - |
| | जम्मा प्रतिनिधित्व | १५ | (औपचारिक ११ र अनौपचारिक ४) | | |
| | | | | | स्रोत : शोधकर्ताको अवलोकन |

प्रमुख परिचालकहरू सम्बद्ध पार्टीहरूको आधिकारिक नामको प्रयोगलाई हेर्दा 'एमाओवादी', 'कांग्रेस', 'एमाले' को प्रयोग तीन-तीन पटक र 'नेकपा-माओवादी' को प्रयोग दुई पटक भएको देखिन्छ। यसबाट विघटित संविधानसभामा प्राप्त मतका आधारमा ठूला मानिएका तीन दलको बराबरी प्रतिनिधित्व पाइन्छ। यी तीन दलको सम्पूर्ण प्रतिनिधित्वको तुलनामा एमाओवादीबाट अलग्गिएको दल 'नेकपा-माओवादी' ले सम्पादकीय शीर्षकमा आधिकारिक नामको १८ प्रतिशत स्थान पाएको भेटिन्छ। आधिकारिक नामले प्रत्यक्ष चिह्नित यी चार दल र यिनैसँग आबद्ध अरू दल र समूहहरूका बिचमा संविधानसभा निर्वाचन-२०७० को तयारीदेखि उत्कर्ष र प्रभावको अवधिसम्म विवाद र द्वन्द्वको परिचालन भएको पाइन्छ। बैशाख ५ गते प्रकाशित 'असन्तुष्टलाई समेट' र 'द्वन्द्वरतहरू निर्वाचनमा आउँदै' शीर्षकका सम्पादकीयबाट सुरूमा संविधानसभा निर्वाचन-२०७० सम्पन्न गर्ने निर्णय भए पनि त्यसलाई कसले गराउने, कसरी गर्ने, कहिले गर्ने, किन गर्ने, निर्वाचनमा सबै दलको सहभागिता कसरी जुटाउने विवाद र द्वन्द्वको सर्वसम्मत टुङ्गो लाग्न नसकेको देखिन्छ। फलतः सहभागी हुन चाहनेले कसरी

निर्वाचनलाई सम्पन्न गर्ने र सहभागी हुन नचाहनेले कसरी निर्वाचनलाई सम्पन्न हुन नदिने भन्नेमा आ-आफ्नो शक्ति खर्च गरेको देखिन्छ । निर्वाचन भइसकेपछि पनि प्रतिरोधी दलको प्रतिनिधित्वलाई संविधानसभामा कसरी सुनिश्चित गर्ने भन्नेहरूका चासोका बिचमा २०७० सालमा वर्षभरि नै विवाद र द्वन्द्वको वैचारिक शृङ्खला समेत अघि बढेको पाइन्छ । यसका प्रमुख परिचालकहरू कुनै पार्टी, पार्टी समूह, मोर्चा र गठबन्धनको संरचनाका नेतृत्वकर्ता र पक्ष तथा विपक्षले लिएको धारणात्मक सञ्जालबाट परिचित हुन आउँछन् । प्रमुख परिचालकहरूले अन्तरिम संविधानमा उल्लेख भए अनुसार 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक' शासन व्यवस्था भएको संविधानलाई ध्येयको वस्तु बनाउँदै जनताका तर्फबाट संविधान निर्माण गर्ने प्रतिनिधिहरूको निर्वाचन-२०७० को पक्ष र विपक्षमा रही द्वन्द्वात्मक गतिविधिको सञ्चालन र धारणात्मक तथ्यको आदानप्रदान गरेको देखिन्छ ।

विवाद र द्वन्द्वका प्रमुख परिचालकहरूको प्रतिनिधित्वका आधारमा वर्षभरिको गतिविधिलाई केलाउँदा सबैभन्दा पहिले औपचारिक तर्फ 'नेकपा-माओवादी' पार्टीको नाम आएको पाइन्छ । भदौ ४ र कात्तिक १७ गते क्रमशः 'नेकपा-माओवादीप्रतिको अपेक्षा' र 'नेकपा-माओवादीलाई समेट्ने सवाल' मा उसलाई औपचारिक नामबाट प्रतिनिधित्व गराइए पनि बैशाख ५ गतेदेखि नै सम्पादकीयमा उसको शीर्षस्थ प्रतिनिधित्व देखिन्छ । औपचारिक र अनौपचारिक गरी सबै भन्दा बढी पटक चिह्नित पार्टी 'नेकपा-माओवादी' प्रतिरोधी शक्तिको भूमिकामा परिचित रहेको पाइन्छ । यसपछि नेकपा 'एमाओवादी', नेपाली 'कांग्रेस' र नेकपा 'एमाले' पार्टीको औपचारिक प्रतिनिधित्व रहेको पाइन्छ । 'एमाओवादी' को पहिचान अघिल्लो संविधानसभामा सबै भन्दा पहिलो दल, गैरदलीय अन्तरिम चुनावी सरकारको कामलाई राजनीतिक रूपमा सघाउन उच्चस्तरीय राजनीतिक समितिको नेतृत्वमा समेत रहेको र मङ्सिर ४ गते संविधानसभा निर्वाचन भएको साँझसम्म संविधानसभा निर्वाचनको पक्षमा विज्ञप्ति जारी गरेको तथ्यका आधारमा निर्वाचनको पक्षधरका रूपमा स्थापित देखिन्छ । विघटित संविधानसभामा दोस्रो दल नेपाली कांग्रेस र तेस्रो दल नेकपा एमालेसँगै निर्वाचनको पक्षमा रहेको 'एमाओवादी' निर्वाचन हुनुअघिसम्म सम्पादकीय शीर्षकमा 'दल', 'दलहरू', 'नेता', 'नेताहरू' मा सन्दर्भित र अन्तर्निहित भई निर्वाचन पक्षधरहरूको प्रमुख भूमिकामा रहेको पाइन्छ । निर्वाचनपछि 'शीर्ष नेतृत्व' मा समेत यो पार्टीका नेताको प्रतिनिधित्वलाई छोडिएको पाइँदैन । निर्वाचनअघि 'दल', 'दलहरू', 'नेता', 'नेताहरू' र निर्वाचनपछिको 'शीर्ष नेतृत्व' को प्रतिनिधित्वमा रहेको निर्वाचन पक्षधरहरूको पहिचानको अंश निर्वाचनपछि स्थानको क्रम बदलिए पनि 'एमाओवादी', 'कांग्रेस' र 'एमाले' मा बाँडिएकै देखिन्छ । निर्वाचनको मतगणना हुँदै गर्दा र 'शीर्ष नेतृत्व' को प्रतिनिधित्व हुनुभन्दा पहिलेको चार महिना जति निर्वाचन पक्षधरका रूपमा प्रमुख परिचालकको भूमिका निर्वाह गरेको पार्टी 'एमाओवादी' ले निर्वाचनको परिणाम स्वीकार नगर्ने धारणाका माध्यमबाट आफ्नो पक्षधरतामा परिवर्तन ल्याउने सङ्केत दिएको पाइन्छ । संविधानसभा निर्वाचन-२०७० को मतगणना जारी रहेको अवस्थामा मङ्सिर ७ गते 'एमाओवादीले गर्नै नहुने गल्ती' र ९ गते 'एमाओवादी : संविधानसभा नछाड' मा भएको शीर्षस्थ प्रतिनिधित्वले 'एमाओवादी' लाई सम्पादकीय शीर्षकमा औपचारिक नामबाट 'कांग्रेस' र 'एमाले' भन्दा पहिले उभ्याएर संविधानसभा निर्वाचन र त्यसबाट बन्न लागेको संविधानसभाको विपक्षमा जान खोजेको दलका रूपमा पहिचान दिएको देखिन्छ । यस्तै, पुस १८ गते

'एमाओवादीको वैचारिक संकट' मा भएको शीर्षस्थ प्रतिनिधित्वले संविधानसभामा पहिलोबाट तेस्रो स्थानमा सरेको 'एमाओवादी' ले पक्षमा भूमिका निर्वाह गर्ने भन्दा प्रतिपक्षतिरै स्थानान्तरित हुने लगावलाई निरन्तरता दिएको र त्यसको कारण उसमा रहेको 'वैचारिक सङकट' रहेको देखिन्छ। निर्वाचनको तयारीदेखि क्रमिक विकास र उत्कर्षको अन्तिम महिनाको सुरूसम्म निर्वाचनको पक्षमा रहेका प्रमुख परिचालकहरूमध्येमा पनि शीर्ष नेतृत्वमा रहेको एमाओवादीको भूमिकामा निर्वाचन परिणामपछि वैचारिक विचलन आएको र पक्षधरतामा गतिशीलता रहेको प्रतिनिधित्व सम्पादकीयमा समेटिएको पाइन्छ। निर्वाचनपछि पक्षधरतामा सोझै नभए पनि प्राथमिकतामा भएको क्षयीकरणबाट उत्पन्न एक खालको गतिशीलता कांग्रेसमा पनि देखिन्छ। निर्वाचनपछि कांग्रेसका 'शीर्ष नेतृत्व' पार्टी सभापतिबाट संसदीय दलका नेता हुँदै प्रधानमन्त्रीको पदीय पहिचानमा पुग्दासम्म संविधानसभालाई पूर्णता दिनेदेखि संविधान निर्माणको प्राथमिकतामा देखिएको क्षयीकरणका कारण सम्पादकीय शीर्षकमा 'कोइराला' थरबाट समेत पटक-पटक सम्बोधित भएका पाइन्छन्। यसमा रहेको अन्तर्ववस्तुले कार्यशैली उदासीन र अनपेक्षित रहे पनि उनको पदीय भूमिकालाई विवाद र द्वन्द्वको प्रमुख परिचालकमध्येबाट सरकार सञ्चालन र संविधान निर्माणको व्यवस्थापकीय भूमिकातिर बढी आकर्षित र स्थानान्तरित भएको देखाउँछ।

औपचारिक नामको सन्दर्भमा सम्पादकीय शीर्षकमा 'एमाओवादी' पछि कांग्रेस' र 'एमाले' मङ्सिर १० गते एकै पटक एउटै सम्पादकीयमा औपचारिक नामबाट प्रतिनिधित्वमा आएको देखिन्छ। 'कांग्रेस-एमालेको दायित्व' शीर्षक सम्पादकीयमा यी दुई दलहरूलाई निर्वाचन परिणामपछि आइपरेको विषम परिस्थितिलाई बेलैमा सम्हाल्नपर्ने दायित्व बुझ्न नसकेको अवस्थामा देखिन्छ। यसका साथै निर्वाचन पक्षधर तीनै सहयात्रीहरूको स्थान परिवर्तन भए पनि प्रमुख तीन दलकै रूपमा उभिएको अवस्थामा संविधान निर्माण गर्नका लागि 'एमाओवादी' लाई संविधानसभा छाडेर बाहिरिन नदिन गर्नुपर्ने नेतृत्वको दायित्व भने यी दुई दलमा सरेको धारणाको प्रतिनिधित्व पाइन्छ। निर्वाचनपछि माघ १२ गते 'कांग्रेसको जिम्मेवारी' र २१ गते 'कांग्रेस-एमाले सहमतिको आधार' मा सरकार निर्माणसँगै तेस्रो ठूलो दललाई संविधानसभा छाडेर गल्ती गर्न नदिनका लागि नेतृत्व लिनुपर्ने र तीनै दलले अझै सहकार्य गर्न आवश्यक भएको धारणाको प्रतिनिधित्व पाइन्छ। यस्तै, माघ २३ गते 'एमाले विवादको लोकतान्त्रिक व्यवस्थापन' समेतबाट 'एमाले' र 'कांग्रेस' ले संविधानसभा निर्वाचन-२०७० को पक्षमा निरन्तर रहे पनि समयमै अपेक्षित जिम्मेवारी, सहमति र सहकार्यको परिपालना गर्नसकेको पहिचान बनाएको पाइन्छ। यसरी यी औपचारिक प्रतिनिधित्वको मात्रै अध्ययनबाट पनि संविधानसभा निर्वाचन-२०७० को पक्षमा रहेर विवाद र द्वन्द्वका प्रमुख परिचालकको पहिचान बनाएका तीन पार्टीहरूको हैसियतमा निर्वाचनले सामान्य परिवर्तन ल्याइदिएको र सामान्य परिवर्तनपछि पनि 'एमाओवादी' को पक्षधरता पार्टीको वैचारिक सङ्कटका कारण स्थिर नदेखिएको पाइन्छ भने 'कांग्रेस' सरकारको नेतृत्वमा गएर व्यवस्थापकीय जिम्मेवारीतिर सरेको पाइन्छ। 'एमाओवादी' र 'कांग्रेस' को तुलनामा निर्वाचनप्रति 'एमाले' को पक्षधरता अलि बढी कायम देखिए पनि 'कांग्रेस' सँगै सरकारमा साझेदारी गरेकोले विवाद र द्वन्द्वको व्यवस्थापकीय भूमिकामा स्थानान्तरित भएको देखिन्छ। यसका साथै, सरकारमा गएपछि संविधानसभालाई पूर्णता दिएर संविधान निर्माण गर्नुपर्ने मूल प्राथमिकतालाई कायम राख्न नसकेकाले निर्वाचनप्रतिको पक्षधरतामा 'कांग्रेस' र 'एमाले' दुवैमा ह्रासोन्मुख प्रवृत्ति पाइन्छ।

संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा प्रतिरोधी शक्तिको प्रमुख परिचालक नेकपा-माओवादी' पार्टीले सम्पादकीयमा सबै भन्दा बढी शीर्षस्थ प्रतिनिधित्व पाएर पनि औपचारिक भन्दा तीन गुणा बढी अनौपचारिक प्रतिनिधित्वमा आश्रित देखिन्छ। निर्वाचनको विपक्षी धारलाई परिचालन गर्ने प्रमुख शक्तिको रूपमा रहेको यस पार्टीको अनौपचारिक प्रतिनिधित्व बैशाख ५ र असार २४ गते 'असन्तुष्ट' विशेषणमा र असार १९ गते 'वैद्यहरू' नामक थरबाट भएको पाइन्छ। 'असन्तुष्ट' र 'वैद्यहरू' ले 'नेकपा-माओवादी' को वैकल्पिक प्रतिनिधित्व गर्दै उसको नेतृत्वमा बनेको ३३ दलीय गठबन्धनलाई जनाएको पाइन्छ। बैशाख ५ गतेकै सम्पादकीय शीर्षकमा 'द्वन्द्वरतहरू' विशेषणमा मधेसी मोर्चामा आबद्ध भएर सरकारसँग वार्तामा आई निर्वाचनमा सहभागी हुन खोजेका तराईमा सशस्त्र द्वन्द्व गरी प्रतिरोधमा उत्रिएकाहरूको प्रतिनिधित्व रहेको पाइन्छ। यसबाट सम्पादकीय शीर्षकमा बृहत् सङ्घटनाको विपक्षमा रहेका प्रमुख परिचालककहरूको पहिचानलाई औपचारिक भन्दा अनौपचारिक नाम र विकल्पमा पनि गुणले बढी प्रतिनिधित्व गराएको देखिन्छ। अनौपचारिक विशेषणमा निहित नकारात्मक अर्थका कारण संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा प्रतिरोधी शक्तिको प्रतिनिधित्वलाई भिन्न पहिचान दिने गरी चिह्नित गरिएको पाइन्छ। यसो गरिए तापनि सम्पादकीय शीर्षकको अन्तर्वस्तुमा प्रतिरोधी शक्तिलाई निर्वाचन प्रक्रियामा आउन नदिई संविधानसभाबाट इतर गर्ने अभिप्राय रहेको पाइँदैन। विपक्षमा रहेर प्रमुख परिचालकको भूमिका निर्वाह गर्नेहरूमा नेकपा-माओवादीको पक्षधरता वर्षभरि नै विपक्षीका रूपमा स्थिर रहेको पाइन्छ। मधेसी मोर्चाको पक्षधरता निर्वाचन तयारीका लागि भएको मतदाता नामावली सङ्कलनका बेला विपक्षमा रहेर प्रतिरोधकारी भूमिका निर्वाह गरेको, निर्वाचनको प्रक्रिया सुदृढ भएर अघि बढ्न थालेपछि वार्तामा आएको र सहमति गरी सहभागीका रूपमा पक्षमा स्थानान्तर भएको देखिन्छ। यसैले पक्षधरतामा मधेसी मोर्चाको प्रवृत्ति गतिशील रहेको देखिन्छ। यस बाहेक 'दल', 'दलहरू', 'नेता', 'नेताहरू' मा पनि विपक्षी धारका प्रमुख परिचालककहरू अंशतः सन्दर्भित र अन्तर्निहित रहेको पाइन्छ। प्रमुख परिचालककहरूलाई समेट्ने थप वैकल्पिक तथा साझा प्रतिनिधित्वलाई तालिका नं. ३.९ मा प्रस्तुत गरिएको छ। तालिकामा एउटा शीर्षकमा एक भन्दा बढी प्रतिनिधित्व रहेका र तिनको गणना अर्को तालिकामा पनि भएको छ। महिना र गतेले प्रकाशन मिति जनाउँछन् भने क वा खले सम्बन्धित अखबारलाई सङ्केत गर्छन्।

तालिका नं. ३.९ मा विवाद र द्वन्द्वका प्रमुख परिचालककहरूका वैकल्पिक प्रतिनिधित्व 'दल', 'दलहरू' ले संस्थागत संरचनाका समूह नामको प्रतिनिधित्व गर्दछन् र तिनले कहिलेकाहीँ पक्ष र विपक्षमा रहेका प्रमुख परिचालककहरूको साझा प्रतिनिधित्व पनि गरेको पाइन्छ। 'दल', 'दलहरू' को सङ्ख्या आठ रहेको छ। यस्तै 'नेता', 'नेताहरू' र 'शीर्ष नेतृत्व' ले पदीय संरचनाका समूह नामको प्रतिनिधित्व गर्दछन् र तिनको सङ्ख्या तीन वटा रहेको पाइन्छ। कहिलेकाहीँ पक्ष र विपक्षमा रहेका प्रमुख परिचालककहरूको साझा प्रतिनिधित्व समेत गर्न सक्ने वैकल्पिक प्रतिनिधित्वको यो सङ्ख्यालाई प्रमुख परिचालकका औपचारिक र अनौपचारिक प्रतिनिधित्व १४ सँग जोड्दा प्रमुख परिचालकलाई जनाउने प्रतिनिधित्वको कुल सङ्ख्या २५ हुन आउँछ। त्यसमा 'दल', दलहरू', 'नेता', 'नेताहरू' र 'शीर्ष नेतृत्व' जस्ता वैकल्पिक प्रतिनिधित्वले मात्रै ४४ प्रतिशत स्थान लिएको पाइन्छ। यसमा अनौपचारिक प्रतिनिधित्वलाई समावेश गर्ने हो भने वैकल्पिक प्रतिनिधित्वको स्थान ६० प्रतिशत हुन आउँछ। यस

हिसाबबाट विश्लेषण गर्दा सम्पादकीय शीर्षकमा रहेको प्रमुख परिचालकहरूको प्रतिनिधित्वमा वैकल्पिक र अनौपचारिक प्रतिनिधित्वहरूको कुल स्थान औपचारिक प्रतिनिधित्वको भन्दा शक्तिशाली र बहुवितरित रहेको देखिन्छ। 'दल' र 'दलहरू' मा विवाद र द्वन्द्वमा रहेको दलीय संलग्नताको सामूहिक प्रतिनिधित्व समेटिएको देखिन्छ भने तिनीहरूमा प्रतिनिधित्व विभाजित हुने हुनाले पक्षधरताको सूचना चाहिँ रिक्त रहेको पाइन्छ। 'नेता', 'नेताहरू'

तालिका नं. ३.९

**प्रमुख परिचालकहरूको वैकल्पिक प्रतिनिधित्व**

| प्रतिनिधित्व | महिना, गते र प्रकाशन | | | | | | सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| दल | जेठ१९/ख | असोज७/क | - | - | - | - | २ |
| दलहरू | बैशाख१०/ख | साउन१६/क | भदौ१३/ख | भदौ१७/ख | मङ्सिर६/ख | माघ१९/क | ६ |
| नेता | भदौ२५/क | - | - | - | - | - | १ |
| नेताहरू | असोज१७/क | - | - | - | - | - | १ |
| शीर्ष नेतृत्व | चैत२३/क | - | - | - | - | - | १ |
| जम्मा | - | | | | | | ११ |
| जम्मा | (अनौपचारिक प्रतिनिधित्वसहित) | | | | | | १५ |
| स्रोत : शोधकर्ताको अवलोकन | | | | | | | |

र 'शीर्ष नेतृत्व' ले प्रमुख परिचालकको संस्थापन र प्रतिरोधी दुवैको सन्दर्भ अनुसार पूर्ण र अंशको प्रतिनिधित्व गरेको पाइन्छ। ती समूह नामहरूले दलको संस्थागत औपचारिक संरचनाबाट दलमा आबद्ध रहेकाहरूलाई नेतृत्व गरेका र 'उच्चस्तरीय राजनीतिक संयन्त्र' नामको दलहरू भन्दा माथिको अनौपचारिक संरचनालाई आलोपालो अध्यक्षता गर्दै सामूहिक नेतृत्व गरेका खास व्यक्तिहरूको समेत प्रतिनिधित्व गरेको पाइन्छ। यसका साथै, सम्पादकीय शीर्षकमा 'नेतृत्व' लाई 'शीर्ष' रूपमा मूर्तीकरण गरेर प्रतिनिधित्वलाई विशिष्टीकृत रूप प्रदान गरिएको देखिन्छ। 'शीर्ष नेतृत्व' को व्यक्ति पहिचानलाई मूलतः दलको औपचारिक, अनौपचारिक नाम र विशेषणका साथै समूह नामसितको नेताहरूको सम्बन्धका आधारमा खुलाउन सकिन्छ। यस अनुसार एमाओवादी अध्यक्षका रूपमा पुष्पकमल दाहाल, नेपाली कांग्रेस सभापतिका रूपमा सुशील कोइराला, नेकपा एमाले वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्रीहरूका रूपमा माधवकुमार नेपाल, झलनाथ खनाल, मधेसी जनअधिकार फोरमका अध्यक्ष र मधेसीमोर्चाको नेतृत्वकर्ताका रूपमा उपेन्द्र यादव आदिको प्रतिनिधित्व स्पष्ट हुन आउँछ। यस्तै, विवाद र द्वन्द्वका प्रमुख परिचालक 'नेताहरू' मा मोहन वैद्य 'किरण' को स्थिर र उपेन्द्र यादवको गतिशील प्रतिरोधी प्रतिनिधित्व पनि समेटिन्छ।

संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनासँग विभिन्न आयाम, तह र रूपहरूको संरचनामा रहेर व्यक्तिहरूले विवाद र द्वन्द्वको शीर्षस्थ प्रतिनिधित्व गरेको पाइन्छ। संविधानसभा निर्वाचन-२०७० को विरोधी र पक्षधर दुवै खालका 'दलहरू' को 'दस्ता मोह' बाट विवाद र द्वन्द्वमा दलीय आधारमा संस्थागत संलग्नताको सामाजिक प्रतिनिधित्वलाई प्रत्यक्ष चिह्नित गरिएको पाइन्छ। यसले दलहरूलाई विवाद र द्वन्द्वका मामिलामा परम्परा भन्दा भिन्न क्षेत्रका भातृ सङ्गठन खोल्नमा समेत रुचि देखाउने व्यक्ति र व्यक्ति समूहको बोलवाला

भएको राजनीतिक संरचनाका रूपमा पहिचान दिएको पाइन्छ । 'दलहरूको दस्ता मोह' मा 'दल' र 'दस्ता' बिचमा अन्तरविषयात्मकता पाइनाका साथै तिनमा संसक्त 'मोह' ले दुई विषयमा रहेको अन्तरविरोधी विशिष्ट सम्बन्धलाई समेत प्रकट गरेको पाइन्छ । यसले दलहरूमा विवाद र द्वन्द्वलाई शान्तिपूर्ण र वैचारिक व्यवस्थापन गर्न भन्दा हिंसा र बाहुबलमा आधारित शक्तिको प्रयोग गर्नमा रुचि रहेको र त्यसमा दलहरूबिच प्रतिस्पर्धा हुन थालेको अन्तर्वस्तुलाई सङ्केत गर्दछ । यसैगरी, 'दल' मा 'आन्तरिक किचलो' ले दलमा संलग्न व्यक्तिहरू समूह बाहिर मात्र होइन, आफ्नै समूह भित्र पनि विवाद र द्वन्द्वको सामाजिक प्रतिनिधित्व गर्दछन् भन्ने देखाउँछ । यो तथ्य 'दल' लाई आधार बनाएर 'आन्तरिक' विशिष्टीकरणसहित 'किचलो' सँगको संसक्तिमार्फत् सम्पादकीय शीर्षकमा प्रत्यक्ष चिह्नित भएको पाइन्छ ।

प्रमुख परिचालकहरूलाई सम्पादकीय पाठ र पूर्वपाठहरूले सन्दर्भित गर्ने ऐतिहासिक तथ्यका आधारमा गहिरिएर हेर्दा दश वर्षे सशस्त्र सङ्घर्षको नेतृत्व गरेको माओवादी पार्टीबाट शान्ति प्रक्रियामा रहँदारहँदै वैद्य समूह अलग भएपछि साना केही दललाई समेटेर बनेको 'एमाओवादी' पार्टीसँग 'कांग्रेस' र 'एमाले' पार्टीहरू निर्वाचन हुँदासम्म संस्थापन शक्तिका रूपमा संविधानसभा निर्वाचन-२०७० को पक्षमा एकगठ भएर उभिएको देखिन्छ। तीन दलको एकीकृत शक्तिलाई असीमित उपभोग गर्दै आएका 'नेताहरू' प्रभुत्वशाली प्रवृत्तिका अवगुणहरूले ग्रस्त देखिन्छन् । उनीहरूले उच्चस्तरीय राजनीतिक संयन्त्रका नाममा अघिल्लो संविधानसभालाई ओझेलमा पार्ने अनौपचारिक संरचना तयार गरेको, संविधानसभालाई छलेर विभिन्न वार्ता, गतिविधि र निर्णयहरू गरेको, पटक-पटक संविधानसभाको म्याद थपेर पनि संविधान जारी गर्न नसकेर अन्ततः संविधानसभाकै निष्फल अवसान गराएको देखिन्छ । यसबाट उनीहरू आलोचित मात्र भएनन्, दलहरूले निर्वाचन मिति घोषणा गरेर पनि संविधानसभा निर्वाचन गराउन सक्तैनन् भन्ने अर्को असफलताको उदाहरण पनि जनतासामु देखाएपछि मात्रै गैरदलीय चुनावी सरकार गठन गर्न तयार भएको पाइन्छ । यसपछि उनीहरूले गैरदलीय सरकारलाई राजनीतिक रूपले सघाउने भनी उच्चस्तरीय राजनीतिक समिति बनाएर द्वन्द्व व्यवस्थापनमा सहयोगीको भूमिका समेत गर्न खोजेको देखिन्छ । यस क्रममा तीन दलले २०७० सालमा संविधानसभा निर्वाचन गर्ने पक्षमा रहेर सबै राजनीतिक दलहरूलाई प्रतिस्पर्धीका रूपमा निर्वाचनमा सहभागी भएर जनादेश लिन आह्वान गरेको पाइन्छ । यस्तो गरे पनि संस्थापन मानिएका 'नेताहरू' ले क्षेत्रीय, नयाँ र साना मानिएका दलहरूले प्रतिरोध गर्दै निर्वाचनको विपक्षमा उभिँदा तिनीहरू सबैलाई राजनीतिक रूपले निर्वाचनमा समेट्न सकेको तथ्य भेटिँदैन । यसैले तीन ठूला 'दलहरू' र तिनका ठूला 'नेताहरू' लाई आफू मात्रै संविधानसभा निर्वाचनमा जाने होइन, सबै खालका दलीय शक्ति र समूहलाई समेट्ने दायित्व पनि लिनुपर्ने दबाव नागरिक समाज र संचार क्षेत्रबाट परेको देखिन्छ । विपक्षमा रहेका प्रतिरोधी राजनीतिक शक्ति र सशस्त्र समूहसँग वार्ता गरी निर्वाचनका पक्षमा सहमति जुटाउने प्रक्रियामा सरकारलाई सघाउन ती 'नेताहरू' ले पटक-पटक समय दिएको भने देखिन्छ । यसका साथै संविधानसभामा आफ्नो दलको प्रभुत्व सुनिश्चित गर्न संस्थापन पक्षका 'दलहरू' आपसी प्रतिस्पर्धामा पनि लागि परेको अवस्थामा ती 'नेताहरूमा आत्मविश्वासको कमी' रहेको तथ्यलाई पनि सम्पादकीय शीर्षकले सतहमा ल्याइदिएको देखिन्छ । सम्पादकीय शीर्षकमा बराबरी औपचारिक प्रतिनिधित्व पाएका ठूला तीन दलहरूले अनकौं जटिलताहरूका बिचमा

पनि निर्वाचनको पक्षमा एकढिक्का भएर सीमित भइसकेको आफ्नो प्रभुत्वलाई संस्थापनको सन्निकट समेत उभ्याएर व्यापक र विस्तारित बनाउन खोजेको देखिन्छ। 'नेकपा-माओवादी' ले पनि ३३ दलीय गठबन्धनको नेतृत्व गरी निर्वाचन विरोधी अडान कायम राख्दै बन्द र आम हड्‌ताल आह्वान गरेर त्यसमा बम र शङ्कास्पद वस्तु समेत प्रयोग गरी आफ्नो शक्तिलाई व्यापक र विस्तारित देखिने गरी प्रदर्शन गर्न खोजेको पाइन्छ। पहिलेको माओवादी पार्टीबाट अलग्गिएको 'नेकपा-माओवादी' पार्टीले निर्वाचन गराउने गैरदलीय सरकार गठनको प्रक्रियामै विरोध जनाएको र संविधानसभा निर्वाचन-२०७० को विपक्षमा उभिएर वर्षभरि नै बृहत् सङ्घटनामा प्रतिरोधी शक्तिको नेतृत्व गरेको पाइन्छ। प्रतिरोधी गतिविधिलाई जनसमर्थन नदेखिएको अवस्थासम्म आइपुग्दा पनि अडान कायमै राखेको पाइन्छ। यसबाट गठबन्धनलाई निर्वाचनको पक्षमा भएका असल र सवल पक्षलाई समेत स्वीकार गर्न नचाहने समूहका रूपमा जनताले लिएका तथ्यहरूको प्रतिनिधित्व पनि सम्पादकीय शीर्षक र त्यसको अन्तर्वस्तुमा भेटिन्छ। संविधानसभा निर्वाचनको पक्षमा रहेका र विरोधमा लागेका प्रमुख पार्टीहरूको पहिचानका लागि औपचारिक र अनौपचारिक नामको प्रयोगमा भिन्नताले विवाद र द्वन्द्वको प्रतिनिधित्व मात्र होइन, निरन्तरताको सङ्केत पनि गरेको पाइन्छ।

संविधानसभा निर्वाचन-२०७० मा परिचालित विवाद र द्वन्द्वमा संविधानसभामा विभिन्न प्रक्रियाबाट सहभागी भएर प्रवेश गर्न चाहने आकांक्षी र उत्प्रेरितहरू संलग्न भएर विभिन्न प्रतिनिधित्व उत्पादन समेत गरेको पाइन्छ। त्यसमा निर्वाचन प्रक्रियामा सहभागी 'उम्मेदवार' हरूका साथै 'महिला', 'युवा', 'बालबालिका' र 'दलित' जस्ता परम्परागत समूह प्रतिनिधित्वका साथै 'पहिलो', 'आलम' र 'छब्बीस' जस्ता भिन्न र विशिष्ट सन्दर्भका प्रतिनिधित्वहरू उल्लेख्य रहेको पाइन्छ। सम्पादकीय शीर्षकमा प्रत्यक्ष चिह्नित आकांक्षी, उत्प्रेरित, सीमान्तीकृत, असुरक्षित, विस्थापित र विलम्बितहरूको प्रतिनिधित्वलाई तालिका नं. ३.१० मा प्रस्तुत गरिएको छ। तालिकामा एक भन्दा बढी प्रतिनिधित्व रहेका शीर्षकको गणना एक भन्दा बढी पटक भएको छ। महिना र गतेले प्रकाशन मिति जनाउँछन् भने क वा खले सम्बन्धित अखबारलाई सङ्केत गर्छन्।

तालिका नं ३.१० मा विवाद र द्वन्द्वको केन्द्रमा सहभागिताका लागि आकांक्षी, उत्प्रेरित, सीमान्तीकृत, असुरक्षित, विस्थापित र विलम्बितहरूको प्रतिनिधित्व सङ्ख्या १९ रहेको पाइन्छ। सम्पादकीय शीर्षकमा यस खालका द्वन्द्वका केन्द्रले कुल ८२ मा २३ प्रतिशत स्थान पाएको देखिन्छ। तालिकामा प्रस्तुत तथ्यलाई आधार मानेर सम्पादकीय शीर्षकको अन्तर्वस्तुमा प्रवेश गर्दा राजधानीमा रहेका ठूला पार्टीका केन्द्रीय संरचनाले जिल्लास्थित स्थानीय तहको पार्टी संरचनामा रहेका पदाधिकारीलाई प्रत्यक्ष र समानुपातिक उम्मेदवारको सिफारिस सूची पठाउन लगाएपछि पार्टीभित्रका आकांक्षी र दावेदारहरू बिच विवाद र द्वन्द्वको परिचालन भएको पाइन्छ। असोजको पहिलो साता 'उम्मेदवार' मा प्रकट यस्तो विवाद र द्वन्द्वको शृङ्खलाको प्रारम्भिक प्रतिनिधित्व बैशाखको तेस्रो साता 'पहिलो' मा अन्तर्निहित दलीय प्रतिस्पर्धामा रहेको पाइन्छ। दल दर्ताका क्रममा 'पहिलो' हुने दलीय होडबाजीको लाक्षणिक प्रतिनिधित्वदेखि संविधानसभामा समावेशी समानुपातिक प्रतिनिधित्व गर्न पाइने नीतिबाट उत्प्रेरित विभिन्न खालका 'उम्मेदवार' का आकांक्षी, सीमान्तीकृत, असुरक्षित, विस्थापित र विलम्बित

अवस्थामा पुगेका र पुऱ्याउनेहरू बिचको विवाद र द्वन्द्वको प्रतिनिधित्व चैतसम्मका सम्पादकीयमा निरन्तर रहेको देखिन्छ। साउनको अन्त्यमा मन्त्रिपरिषद् अध्यक्षबाट निर्वाचन अभियानमा 'युवा' लाई प्रेरित गर्ने अभिव्यक्तिसहित असोजमा सम्भाव्य उम्मेदवारहरूको दलीय सूचीमा पर्न कतिपय आकांक्षीहरूले गरेको अस्वाभाविक दौडधूप, दबाव र प्रभाव सतहमा आउन थालेपछि 'योग्य उम्मेदवार' हरू पाखा पर्ने सम्भावनाले अन्तर्द्वन्द्वमा परेको र पिरोलिएको प्रतिनिधित्वलाई सम्पादकीयको अन्तर्वस्तुमा प्राथमिता र सहानुभूतिपूर्वक समेटिएको पाइन्छ। यस अतिरिक्त' उम्मेदवार छनोट' गर्दा 'योग्य' लाई छुटाउन नहुने, असफलसिद्ध भएका पुस्तालाई दोहोऱ्याउनु सट्टा नयाँ पुस्ताका 'युवा' लाई 'प्राथमिकता' मा पार्न आकांक्षी र उत्प्रेरकका प्रयासको प्रतिनिधित्व पाइन्छ। प्रत्यक्ष निर्वाचनको उम्मेदवारी विवाद र द्वन्द्व सतहमा आएसँगै समानुपातिक उम्मेदवारीमा पनि दलको नेतृत्वले अदृश्य चलखेल र दाउपेच गरेको पाइन्छ। यो कुरा निर्वाचन आयोगले बन्द-सूचीलाई पटक-पटक नियम अनुसार सच्याउन लगाएर पनि महिलादेखि दलितसम्मका समुदायहरू बेवास्ता र उपेक्षामा परेको परिणामले पुष्टि गर्दछ र यस्तो प्रतिनिधित्वलाई सम्पादकीय शीर्षकमै प्रत्यक्ष चिह्नित गरिएको पाइन्छ। यसको प्रतिनिधित्व कात्तिक ८ मा 'समानुपातिक उम्मेदवारी प्रसङ्ग', १३ मा 'समानुपातिकमा सावधानी', मङ्सिर २६ मा 'समानुपातिकको मापदण्ड' र पुस १८ मा 'समानुपातिक प्रतिनिधित्वमा विवाद' जस्ता शीर्षकहरूबाट भएको देखिन्छ। यसका अतिरिक्त, 'महिला' लाई 'सहभागिताको मुद्दा' मा बेवास्ता र 'दलित' लाई 'उपेक्षा' गरिएका प्रतिनिधित्वहरू सम्पादकीय शीर्षकमा प्रत्यक्ष चिह्नित रहेको पाइन्छ।

तालिका नं. ३.१०

**आकांक्षी, उत्प्रेरित, सीमान्तकृत, असुरक्षित, विस्थापित र विलम्बितहरू**

| **प्रतिनिधित्व** | **सङ्ख्या** | **महिना, गते र प्रकाशन** | | | |
|---|---|---|---|---|---|
| उम्मेदवार | ४ | असोज३/क | असोज८/क | असोज१०/ख | असोज२२/ख |
| समानुपातिक | ४ | कात्तिक८/ख | कात्तिक१३/क | मङ्सिर२६/क | पुस१८/ख |
| महिला | ३ | असोज२३/क | चैत२/क | चैत२४/ख | |
| युवा | २ | साउन३०/ख | असोज८/क | - | |
| बालबालिका | २ | कात्तिक२६/ख | कात्तिक२७/क | - | |
| पहिलो | १ | बैशाख१९/ख | - | - | |
| आलम | १ | असोज२०/क | - | - | |
| दलित | १ | कात्तिक२२/क | - | - | |
| छब्बीस | १ | माघ१/क | - | - | |
| जम्मा | १९ | - | | | |
| स्रोत : शोधकर्ताको अवलोकन | | | | | |

तालिका नं. ३.१० मा उल्लिखित प्रतिनिधित्वमा सबैजसो कोष्ठीकृत समूहको पहिचानमा रहेका व्यक्तिको उपस्थिति पाइन्छ। तीमध्ये पनि 'बालबालिका' बाहेक सबै कोष्ठीकृत व्यक्ति समूहको प्रतिनिधित्व 'उम्मेदवार' को सह सन्दर्भमा रहेर विशिष्टता प्रकट गर्ने विकल्प प्रतिनिधित्वका रूपमा रहेको देखिन्छ। यसमा 'आलम' ले 'प्रकरण' को रूपमा भौतिक असुरक्षाको शिकार भएर मृत्यु समेत वरण गरेका कारण उम्मेदवारबाट विस्थापनमा

परेको, असुरक्षाको कारण निर्वाचन हुन नदिने प्रतिरोधी शक्तिको आक्रमण नभएर दलभित्रकै आकांक्षीमा रहेको आपराधिक कदम रहेको एउटा गम्भीर प्रकृतिको विवाद र द्वन्द्वको विम्बका रूपमा प्रतिनिधित्व गरेको पाइन्छ। यस्तै, 'छब्बीस' ले 'छनोट' कार्यका सन्दर्भमा मनोनीत हुन पाउने विज्ञ र जनजातिमा कोष्ठीकृत पहिचान भएका व्यक्तिको सामूहिक प्रतिनिधित्व गरेको देखिन्छ। सम्पादकीय शीर्षकमा 'उम्मेदवार' लाई संविधानसभा सदस्य उम्मेदवारीका सन्दर्भमा प्रत्यक्ष, समानुपातिक र मनोनीत हुनेमा 'योग्य', 'युवा', 'महिला', 'दलित' का साथै 'विद्रोही' मा समेत कोष्ठीकृत गरेको पाइन्छ। यस क्रममा 'युवा' लाई प्राथमिकतासँग जोडिएको, महिलालाई एक तिहाइ सहभागितामा सीमित हुने गरी दिइएको अधिकार पनि नपाउने अवस्थामा पुऱ्याइएको र दलितलाई उपेक्षा गर्दै सहभागितामा सीमान्तीकरण गरिएको देखिन्छ। 'उम्मेदवार' छनोट प्रक्रिया र मापदण्डको पारदर्शितामा विवाद र द्वन्द्व गाँसिएको अवस्थामा दलीय उम्मेदवारलाई असहयोग गर्दै स्वतन्त्र उम्मेदवार बनेकालाई सम्पादकीय शीर्षकमा 'विद्रोही' मा कोष्ठीकरण गरी अन्तरविरोधी र अर्थमा अवरोध ल्याउने प्रतिनिधित्वलाई समेत स्थान दिएको पाइन्छ। 'उम्मेदवार' सँग जोडिएको उम्मेदवारी विषयको विवाद र द्वन्द्वमा प्रत्यक्षदेखि समानुपातिक र मनोनीतसम्मको नीति र व्यवहारमा रहेको भिन्नता, जनस्तरदेखि नेतृत्व तहसम्मको संलग्नता, वैशाखदेखि चैतसम्मको समयावधि, योग्यतादेखि सुरक्षा र पारदर्शितासम्मको प्रश्न उठेको प्रतिनिधित्वको सरल, प्रतीकात्मक र जटिल रूप समेत सम्पादकीय शीर्षकमा प्रत्यक्ष चिह्नित देखिन्छ। यसमा शक्तिमा भएकाहरू, शक्तिमा आफू जान चाहेकाहरू र शक्तिमा आफ्नो समूह र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न सचेत र सक्रिय भएकाहरूसम्म परिचालित र प्रभावित भएको पाइन्छ। प्रत्यक्ष, समानुपातिक र मनोनीत गरी तीन खालको समूह र सोही अनुरूपको प्रक्रियासँग 'उम्मेदवारी' विवाद र द्वन्द्व जोडिएको पाइन्छ। समानुपातिक समावेशी सहभागिताको सैद्धान्तिक नीतिलाई नेतृत्वले गरेको दुरूपयोगको दृष्टान्त अघिल्लो संविधानसभा बनिसकेको अवस्थामा उम्मेदवारीलाई आकांक्षीहरूले जीवन मरणको सवाल बनाएर सशस्त्र हिंसामा समेत उत्रिएको पाइन्छ। असोज २० गते एमालेका प्रत्यक्षतर्फका बाराका उम्मेदवारलाई जिल्लामा गोली हानिएको, हत्याको घटनामा अनुसन्धान गर्दा पार्टीभित्रकै पूर्वसभासद्को संलग्नता देखिएको तथ्यले संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा प्रतीकात्मक नयाँ प्रतिनिधित्व 'आलम प्रकरण' लाई समेत जन्माएको पाइन्छ। यस प्रकरणले निर्वाचनमा उठेको 'सुरक्षा' विषयको प्रतिनिधित्वलाई 'प्रश्न' का रूपमा अन्तरविषयात्मक बनाएर बृहत् सङ्घटनासँग जोड्ने काम गरेको देखिन्छ। यसबाट उम्मेदवारीसित सम्बन्धित प्रतिनिधित्वमा विवाद र द्वन्द्वको विविध रूप, व्यापक आयाम र विस्तारित प्रवृत्ति देखिन्छ। 'उम्मेदवार' हरू आकांक्षी, उत्प्रेरित, सीमान्तीकृत, असुरक्षित, विस्थापित र विलम्बित प्रतिनिधित्वमा आफूभित्र र दलभित्रको अन्तर्सङ्घर्षका साथै अन्तर्दलीय राजनीतिक प्रतिस्पर्धामा उत्रने बेला विस्तारित र व्यापक हुँदै आर्थिक, नैतिक, सुरक्षा, बाल अधिकार जस्ता विषयसँग जोडिएर पनि विवाद र द्वन्द्वमा संलग्न रहेको पाइन्छ। दलका केन्द्रीय नेताहरूले 'उम्मेदवार छनोटमा पारदर्शिता' नदेखाएका प्रतिनिधित्वले आर्थिक, नैतिक आदि सवाललाई विवाद र द्वन्द्वको विषय बनाएको पाइन्छ। यसका साथै, उम्मेदवारीसँग नजोडिएका, समाजमा सबै भन्दा संवेदनशील र गम्भीर समूहका रूपमा परिचित 'बालबालिका' लाई दलहरूबाट चुनावमा 'दुरूपयोग' गरिएको तथ्यको प्रतिनिधित्व बृहत् सङ्घटनामा दोहोऱ्याइएको पाइन्छ।

तालिकामा समेटिएका प्रतिनिधित्व भन्दा फरक खालका व्यक्ति समूहहरू पनि संविधानसभा निर्वाचन-२०७० मा विवाद र द्वन्द्वको परिचालनमा संलग्न भएको देखिन्छ। सम्पादकीय शीर्षकमा रहेको उनीहरूको प्रतिनिधित्व र त्यसमा अर्न्तनिहित वस्तु तथ्यलाई केलाउँदा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा निर्वाचन पर्यवेक्षणको दायित्व निर्वाहमा शङ्का गरिएका 'पर्यवेक्षक', विकासको आवरणमा गाउँ पुगेका 'आइएनजीओहरू', ऐक्यबद्धता जनाउने 'छिमेकी', चासो देखाउने 'अन्तर्राष्ट्रिय' समुदायका साथै निर्वाचन परिणाम आएपछि घटनाले औपचारिकता नपाउँदै विभ्रमात्मक सक्रियता देखाउने 'कूटनीतिक' पदाधिकारीहरूमा समेत विवाद र द्वन्द्व परिचालित भएको पाइन्छ। सम्पादकीय शीर्षक र अन्तर्वस्तुमा समेटिएका विभिन्न तथ्यका कारण संविधानसभा निर्वाचन-२०७० मा विवाद र द्वन्द्वका प्रतिनिधित्वले अन्तरविरोधी क्षेत्रमा समेत विस्तारित भएर विविध, व्यापक र गम्भीर रूपमा भिन्न प्रवृत्तिलाई समेत प्रकट गरेको पाइन्छ।

**(ख) व्यवस्थापन पक्षमा संलग्न केन्द्रहरू**

संविधानसभा निर्वाचन-२०७० सित सम्बन्धित विवाद र द्वन्द्वको प्रमुख व्यवस्थापकको भूमिकामा संरचनागत दृष्टिले निर्वाचनअघिको गैरदलीय चुनावी सरकार र निर्वाचनपछिको दलीय सरकारमा सहभागी भएकाहरू प्रमुख रहेको पाइन्छ। व्यवस्थापन पक्षका प्रतिनिधित्वहरूलाई तालिका नं. ३.११ मा प्रस्तुत गरिएको छ। प्रस्तुत तालिकामा एउटै शीर्षकमा रहेका फरक प्रतिनिधित्वको गणना अर्को तालिकामा पनि भएको छ। साथै, अघिल्ला अङ्कहरूले क्रमशः महिना र गते जनाउँछन् भने सँगैका क वा खले सम्बन्धित अखबारलाई सङ्केत गर्छन्। तालिका नं. ३.११ मा प्रस्तुत प्रतिनिधित्वको विश्लेषण गर्दा व्यवस्थापन पक्षका प्रतिनिधित्वहरू विभिन्न तह, संरचना, क्षेत्राधिकार र विषयसित सम्बन्धित रहेको पाइन्छ। तिनमा संस्था, पद, थर र सङ्केतको प्रयोग भएको देखिन्छ। सरकारदेखि मन्त्रीसम्मको प्रतिनिधित्वमा राज्यका तीन अङ्गमध्ये कार्यकारिणीका विभिन्न नाम र विकल्पहरूको प्रयोगबाट एकै वर्षमा तीन भन्दा बढी सैद्धान्तिक आधार भएका सजीव र निर्जीव सरकारको प्रतिनिधित्व गराइएको पाइन्छ। यसमा 'सरकार' को प्रतिनिधित्व ६ पटक, 'सहमतीय', 'गैरदलीय' र 'बहुमतीय' सरकारको प्रतिनिधित्व एक-एक पटक र 'मन्त्रिपरिषद्' वैकल्पिक प्रतिनिधित्वमा प्रयोग भएको देखिन्छ। यसमा निर्वाचन पक्षधर तीन ठूला दल र मधेसी मोर्चासहितको उच्चस्तरीय राजनीतिक संयन्त्रका 'नेताहरू' को सहमतिमा बनेको अन्तरिम चुनावी मन्त्रिपरिषद्को प्रतिनिधित्व सबै भन्दा पहिले देखिन्छ। विशिष्ट परिस्थितिमा वहालवाला प्रधान न्यायाधीशको नेतृत्वमा गठित 'गैरदलीय' चुनावी सरकार भएकाले यसलाई औपचारिक रूपमा 'मन्त्रिपरिषद्' भनिए पनि सम्पादकीय शीर्षकमा चुनावी सरकारका लागि यसको प्रयोग भएको देखिँदैन। बैशाखदेखि माघको अन्तिमसम्म सम्पादकीय शीर्षकमा प्रत्यक्ष चिह्नित 'सरकार' ले चुनावी सरकारको सैद्धान्तिक संरचनामा खडा भएको पहिचान पाएको देखिन्छ। यसले निर्वाचनको पक्ष र विपक्षमा परिचालित सबै विषय र क्षेत्रको विवाद र द्वन्द्वलाई व्यवस्थापन गर्दै सबै राजनीतिक शक्तिलाई समेटेर संविधानसभा निर्वाचन-२०७० सम्पन्न गर्ने जिम्मेवारी पाएको तथ्यको प्रतिनिधित्व सम्पादकीयको शीर्षकमा विभिन्न तरिकाले प्रत्यक्ष चिह्नित भएको भेटिन्छ। बैशाख ४ गते 'सकारात्मक दिशामा' रहेको, १० गते 'दलहरू' सँग मिलेर 'संयुक्त पहल' गरेको,

जेठ २९ गते विवाद र द्वन्द्वको व्यवस्थापन गर्दै निर्वाचनको प्रक्रियामा प्रवेश गर्न ‘सरकारलाई मार्ग प्रशस्त’ गरिएको, आसर ११ गते ‘सरकारका’ ‘सय दिन’ ‘सफल’ भएको शीर्षकीय प्रतिनिधित्व सम्पादकीयमा देखिन्छ। यसरी प्रत्यक्ष चिह्नित प्रतिनिधित्व सरकारी स्वामित्वको अखबार ‘गोरखापत्र’ मा पाइन्छ भने यस अवधिमा निजी स्वामित्वको अखबार ‘कान्तिपुर’ ले फरक ढङ्गले सरकारका व्यवस्थापकीय भूमिकाको प्रतिनिधित्व गराएको पाइन्छ। बैशाख ३ गते ‘चुनाव सुनिश्चित गर’, बैशाख ५ गते ‘असन्तुष्टलाई समेट’, साउन ३ गते ‘चुनावबाट विषयान्तर नहोऊ’, पुस २५ गते ‘संविधानसभाको बैठक बोलाऊ’ जस्ता ‘सरकार’ लाई लक्ष्यित गरिएका निर्देशनात्मक कथनहरूबाट विवाद र द्वन्द्वको व्यवस्थापनमा ‘सरकार’ का प्राथमिकताका कामको प्रतिनिधित्व भएको देखिन्छ भने माघ २९ गते ‘गैरदलीय सरकारका सफलता र शिक्षा’ जस्तो विशिष्ट नामले प्रत्यक्ष चिह्नित कथनका माध्यमबाट कठिन परिस्थिति र सीमित अधिकारका बिचमा पनि प्राप्त ‘सफलता’ लाई राजनीतिक दलहरूले ‘शिक्षा’ का रूपमा लिनुपर्ने धारणाको प्रतिनिधित्व गरेको पाइन्छ। चुनावी सरकारलाई दलहरूले ‘सरकार’ भन्न नचाहेर ‘मन्त्रिपरिषद्’ नाम दिए पनि सम्पादकीय शीर्षकमा त्यसलाई ‘सरकार’ को प्रतिनिधित्व दिइएको र संविधानसभा निर्वाचन-२०७० पछि बनेको दलहरूको बहुमतीय सरकारलाई फागुन ९ र १५ गते

तालिका नं. ३.११

**व्यवस्थापन पक्षका प्रतिनिधित्वहरू**

| **प्रतिनिधित्व** | **महिना, गते र प्रकाशन** | | | | | |
|---|---|---|---|---|---|---|
| सरकार | १-४/ख | १-१०/ख | २-१९/ख | ३-२/ख | ३-११/ख | ११-१४/क |
| सहमतीय सरकार | १०-१४ख | - | | | | |
| गैरदलीय सरकार | १०-२९क | - | | | | |
| बहुमतीय सरकार | १०-२१ख | - | | | | |
| मन्त्रिपरिषद् | ११-९क | ११-१५ख | - | | | |
| कोइराला | १०-२८क | १०-२८ख | ११-४क | १२-१२क | - | |
| प्रधानमन्त्री | ११-१क | - | | | | |
| मन्त्री | १२-२१क | - | | | | |
| उच्चस्तरीय संयन्त्र | ९-८क | - | | | | |
| सर्वोच्च | ९-२१ख | - | | | | |
| संविधानसभा | १०-१६क | ११-२६क | १२-१६क | - | | |
| सभाध्यक्ष | ११-८क | - | | | | |
| समिति | ११-१२क | - | | | | |
| समन्वय समिति | १२-१२ख | - | | | | |
| आयोग | ३-२०ख | - | | | | |
| सेना | ६-९ख | ७-५क | ८-२६ख | - | | |
| जम्मा सङ्ख्या | २९ | - | | | | |

स्रोत : शोधकर्ताको अवलोकन

'मन्त्रिपरिषद्' नामको प्रतिनिधित्व गराइएको पाइन्छ। सरकारी र निजी दुवै अखबारमा भएका यस खालका प्रतिनिधित्वहरूले मुलुक र जनताप्रतिको दायित्वलाई भन्दा आफूलाई नेतृत्वमा टिकाइरहन जेसुकै पनि गर्ने शीर्ष नेतृत्व पालेका दलहरूले सरकारका बारेमा आपसमा गरेका सहमतिलाई मान्यता दिएको देखाउँदैनन्। दलहरूले नीतिगत रूपमा सरकारलाई 'मन्त्रिपरिषद्' भनेको र सरकार प्रमुखलाई 'प्रधानमन्त्री' भन्न निषेध गरेको अवस्थामा राज्यको चौथो अङ्ग प्रेसले दलीय विवाद र द्वन्द्वको व्यवस्थापन गर्ने भूमिकामा गैरदलीय विशेषताको 'सरकार' मानेको तथ्यको प्रतिनिधित्व गर्दछ। यसले दलीय हुनु मात्रै शक्ति सम्पन्नता होइन, स्वतन्त्र मुलुकका सार्वभौम जनताका लागि दायित्व निर्वाह गर्नु ठूलो कुरा हो र राम्रा काम गरेर दलहरूले शक्ति आर्जन गर्नुपर्ने सुझबुझपूर्ण सन्देशलाई पनि यस खालका प्रतिनिधित्व र तिनको वैकल्पिक प्रयोगले प्रकट गरेको पाइन्छ।

माघ १४ र २१ मा 'सहमतीय' र 'बहुमतीय' विशेषणसहित भएको 'सरकार' को प्रतिनिधित्व निर्जीव प्रकृतिको रहेको पाइन्छ। सम्पादकीय शीर्षकमा ती दुई 'सरकार' को प्रतिनिधित्व सम्भावनाको वैकल्पिक परिकल्पनामा मात्र सीमित देखिन्छ। 'सहमतीय सरकार' मा 'जरुरी' र 'बहुमतीय सरकार' का लागि 'पहल' को संसक्तिले यसको पुष्टि गर्दछ।

विवाद र द्वन्द्वको व्यवस्थापकको प्रमुख संरचनाको प्रतिनिधित्वपछि सरकारी प्रमुखको भूमिकामा रहने व्यक्तिको पदीय पहिचानलाई पनि सम्पादकीयमा शीर्षस्थ स्थान दिइएको पाइन्छ। यस्तो प्रतिनिधित्वको क्रम निर्वाचनपछि गठित दलीय सरकारका प्रमुखको थर र उनले धारण गरेको पदबाट सुरू भएको पाइन्छ। माघ २८ गते दुवै अखबारमा 'कोइराला' थरको प्रयोगले सरकार प्रमुखको थरको पहिचान दिएको पाइन्छ। 'कान्तिपुर' मा फागुन १ गते 'प्रधानमन्त्री' पदको पहिचान दिएपछि पुनः फागुन ४ र १२ गते थरकै प्रतिनिधित्व प्रयोग गरेको देखिन्छ। निर्वाचन अघिसम्म विवाद र द्वन्द्वका प्रमुख परिचालकमध्येका एक व्यक्ति निर्वाचनपछि सरकार प्रमुखका हैसियतमा विवाद र द्वन्द्वका व्यवस्थापकको भूमिकामा पुगेपछि तीन हप्तामा चार पटक थरले र एक पटक पदले चिह्नित भएको पाइन्छ। माघ २८ मा 'कोइराला' ले 'पाएको कार्यादेश' र 'कोइराला' लाई 'सफलताको कामना' को प्रतिनिधित्व, फागुन ४ मा 'कोइराला' को 'अग्रसरताको खाँचो' र चैत १२ मा 'कोइराला' ले 'बढाउनुपर्ने गति' को प्रतिनिधित्वले कोइरालामा आफूले पाएको 'कार्यादेश' र 'कामना' लाई बेवास्ता गर्ने, अग्रसरता नदेखाउने र अपेक्षित गति पनि नबढाउने प्रवृत्ति देखिन्छ। यसबिचमा फागुन १ गते 'चुस्त बन प्रधानमन्त्री' शीर्षकमा 'कोइराला' लाई 'प्रधानमन्त्री' पदले पनि सम्बोधन गरिएको र निर्देशनात्मक शैलीको प्रयोग भएको पाइन्छ। फागुन ९ गते 'मन्त्रिपरिषद्लाई पूर्णता देऊ' भन्ने निर्देशनात्मक शैली मूलतः प्रधानमन्त्री 'कोइराला' प्रति लक्ष्यित रहेको र फागुन १५ गतेको 'विस्तारित मन्त्रिपरिषद्बाट अपेक्षा' को प्रमुख लक्ष्य पनि प्रधानमन्त्री 'कोइराला' रहेको देखिन्छ। यसपछि चैत २१ मा प्रकाशित 'मन्त्रीका प्राथमिकता' मा पनि 'प्रधानमन्त्री' कै भूमिकाको व्यापक र विस्तारित प्रतिनिधित्व गरेको पाइन्छ। यस्ता तथ्यले संविधानसभा निर्वाचन-२०७० को मतादेशबाट बनेका 'प्रधानमन्त्री' बाट मुलुकले चुस्तता, गतिशीलता, अग्रसरता, पूर्णता खोजेको प्रतिनिधित्व प्रस्तुत गरेको पाइन्छ। यस क्रममा विवाद र द्वन्द्वको व्यवस्थापनमा 'प्रधानमन्त्री' पदमा रहेका 'कोइराला' को भूमिकाको प्रतिनिधित्व भने शिथिल र शक्तिहीन देखिन्छ। 'प्रधानमन्त्री' को शिथिलता र शक्तिहीनताले निर्वाचनपछिको सरकार गठन नहुँदासम्म विवाद र द्वन्द्वको

प्रमुख परिचालकमध्ये एक रहेका 'कोइराला' ले संविधानसभा निर्वाचन-२०७० मा निर्णायक भूमिका खेलेका सार्वभौम नागरिकहरूमा आशा, आग्रह, अपेक्षासँगै आक्रोश र निराशाको उत्पादन गर्न थालेको तथ्यको प्रतिनिधित्व विषय/वस्तु र घटना केन्द्रित सम्पादकीय शीर्षकहरूमा पनि समेटिएको पाइन्छ। सम्पादकीय शीर्षकमा नकारात्मक तथ्यलाई पनि सकारात्मक तरिकाले प्रस्तुत गर्ने मान्यतालाई ध्यानमा राखेर हेर्ने हो भने सरकारदेखि मन्त्रीसम्म व्यापक रहेका १७ सम्पादकीयका यस्ता तथ्यले वास्तविक संसारमा अझै बढी नकारात्मकता रहेको सङ्केतको पनि प्रतिनिधित्व गरेको देखिन्छ।

तालिका नं. ३.११ मा उल्लिखित २९ मध्ये १७ सम्पादकीयमा रहेको सरकारदेखि मन्त्रीसम्मको भूमिकाबाट कार्यपालिकाले ५९ प्रतिशत स्थान पाएको देखिन्छ। स्थान आधिक्यले बृहत् सङ्घटनाको प्रभाव र पूरक खण्डमा विवाद र द्वन्द्वको व्यवस्थापनमा कार्यपालिकाको प्रमुख अङ्गको भूमिकामा नकारात्मक प्रतिनिधित्वलाई बढी उजागर गराएको पाइन्छ।

कार्यपालिका अन्तर्गत्का निकायहरूमा सेना र निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिनिधित्व देखिन्छ। निर्वाचनलाई सुरक्षित सम्पन्न गराउन सघाएर सेनाले विवाद र द्वन्द्वको व्यवस्थापनका क्रममा सकारात्मक भूमिका निर्वाह गरेको र निर्वाचन क्षेत्र निर्धारणमा रचनात्मक भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको प्रतिनिधित्व सम्पादकीय शीर्षकमा पाइन्छ। असोज ९मा 'सुरक्षित निर्वाचनका लागि सेना', कात्तिक ५ मा 'सेना परिचालन र समन्वय' र मङ्सिर २६ मा 'सेनाको प्रशंसनीय भूमिका' ले यसको पुष्टि गरेको पाइन्छ। यस्तै, असार २० मा 'निर्वाचन क्षेत्र निर्धारण आयोगसँगको अपेक्षा' पछि क्षेत्र निर्धारणका विवाद र द्वन्द्वको प्रतिनिधित्व सम्पादकीयमा नभएकाले आयोगको भूमिकालाई विवाद र द्वन्द्वको व्यवस्थापनमा सकारात्मक रहेको देखिन्छ।

व्यवस्थापन पक्षमा रहेका बाँकी आठ प्रतिनिधित्वमा 'उच्चस्तरीय संयन्त्र' एउटा यस्तो निकाय हो, जसको वैधानिक धरातल नभए पनि अघिल्लो संविधानसभाको कार्यकालमा शीर्ष नेतृत्वको समूहले यसलाई सक्रिय गराएको देखिन्छ। संविधानसभा निर्वाचन-२०७० मा चुनावी सरकारलाई सघाउन भनी 'उच्चस्तरीय राजनीतिक समिति'का नाममा पनि 'संयन्त्र' लाई सक्रिय बनाएको पाइन्छ। निर्वाचन सम्पन्न भइसकेपछि पुस ८ गते प्रकाशित 'उच्चस्तरीय संयन्त्रको औचित्य' ले पुनः त्यसलाई सक्रिय बनाउने शीर्ष नेतृत्वको अभिप्रायमाथि अघिल्लो संविधानसभा निष्फल अवसान भएको उदाहरणसहित विवाद र द्वन्द्वको व्यवस्थापनमा यस्तो 'संयन्त्र' को 'औचित्य' प्रश्नात्मक भएको तथ्यको प्रतिनिधित्व गरेको देखिन्छ। शीर्ष नेतृत्व समूहले संवैधानिक घेरा बाहिर परिचालन गरेको विवादास्पद संरचनाको औचित्यमाथिको प्रश्नपछि विवाद र द्वन्द्वको व्यवस्थापन पक्षमा 'संविधानसभा' को रूपमा व्यवस्थापिकासित सम्बन्धित प्रतिनिधित्वको बाहुल्य देखिन्छ। यसमा मङ्सिरको निर्वाचनपछि पूर्णता नपाए पनि माघमा गठन भएर सक्रिय रहेको 'संविधानसभा', सर्वसम्मत 'सभाध्यक्ष', संविधानसभाका विभिन्न 'समिति' र 'समन्वय समिति' को प्रतिनिधित्व समेटिएको पाइन्छ। अघिल्लो संविधानसभामा सम्पन्न भएका कामलाई नदोहोर्‍याउने र दलहरूले निर्वाचनका बेला मतदातासँग सार्वजनिक प्रतिबद्धता गरे बमोजिम एक वर्षभित्रै संविधान निर्माण गर्ने विषयमा दलहरूमा मतैक्य नरहेकोले 'संविधानसभामा

स्वामित्वको प्रश्न' उठेको र बैठकमा अवरोध समेत पुऱ्याइएको तथ्यको प्रतिनिधित्व माघ १६ गतेको सम्पादकीयमा पाइन्छ। यसअघिको संविधानसभामा सभाध्यक्षको अनुभव सँगालिसकेका व्यक्ति सभाध्यक्षमा सर्वसम्मत भएकाले उनलाई पदबाट लक्षियत गरी फागुन ८मा 'सभाध्यक्षले सिक्नुपर्ने पाठ' को प्रतिनिधित्व गराइएको पाइन्छ। यसपछि पनि सिद्धान्ततः ६०१ सभासद् हुनुपर्नेमा सरकारका तर्फबाट सिफारिस हुने विज्ञको मनोनयन नगरिएकाले फागुन २६ मा 'संविधानसभालाई पूर्णता देऊ' भन्ने निर्देशनात्मक शैली प्रयोग गरेर 'अपूर्णता' को प्रतिनिधित्व गराइएको र चैत १६ गते संविधानसभासँग अघिल्लो 'संविधानसभाको निरन्तरता' कायम गरिएको प्रतिनिधित्व सम्पादकीय शीर्षकमा रहेको पाइन्छ। यसरी आफैं विवादित र अपूर्ण अवस्थामा भए पनि 'संविधानसभा' ले विवाद र द्वन्द्वको व्यवस्थापनमा सफलता हासिल गर्दै अघि बढ्न थालेको तथ्यको प्रतिनिधित्व सम्पादकीयमा समेटिएको देखिन्छ।

संविधानसभा निर्वाचन-२०७० र त्यसबाट उत्पन्न विवाद र द्वन्द्वको व्यवस्थापनमा न्यायपालिकाको भूमिका रहेको तथ्यको प्रतिनिधित्व पनि सम्पादकीयमा रहेको पाइन्छ। पुस २१ गतेको 'सर्वोच्चको व्याख्या अपेक्षित' मा सर्वोच्च अदालतको भूमिकाको अपेक्षा गरिएको प्रतिनिधित्व चिह्नित देखिन्छ। अन्तरिम संविधानमा संविधानसभाको बैठक स्पष्टतः प्रधानमन्त्रीले आह्वान गर्ने प्रावधान रहेको तर व्यवहारमा वहालवाला प्रधान न्यायाधीश खिलराज रेग्मीलाई विशिष्ट परिस्थितिमा प्रधानमन्त्री नभनेर 'अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष' भनिएको अवस्थामा राष्ट्रपति पक्षले 'सर्वोच्च अदालत' मा मुद्दा हालेकाले न्यायपालिकोको व्यवस्थापकीय भूमिका आकर्षित भएको देखिन्छ। यसको अन्तर्वस्तुमा राष्ट्रपतिबाट संविधानसभा बैठक आह्वान गराउन खोजिए पनि विवाद बढ्ने देखिएकाले राष्ट्रपति स्वयं पछि हटेको र सर्वोच्च अदालतले मन्त्रिपरिषद् अध्यक्षले नै प्रधानमन्त्रीको भूमिका निर्वाह गरेकाले उनैले बैठक आह्वान गर्न बाटो खोलिदिने गरी फैसला दिएको प्रतिनिधित्व रहेको पाइन्छ। चुनावी सरकार प्रमुखलाई 'मन्त्रिपरिषद् अध्यक्ष' भनेर 'प्रधानमन्त्री' पदको वैकल्पिक प्रतिनिधित्वको नाम दिइए पनि त्यसको प्रयोग सम्पादकीय शीर्षकमा भएको पाइँदैन। तालिका नं. १२ का तथ्यहरूलाई केलाएर निष्कर्षमा पुग्दा विवाद र द्वन्द्वका परिचालक दलका नेताहरू सरकारमा पुगेर व्यवस्थापकीय भूमिका निर्वाह गर्ने बेला व्यवस्थापिका र न्यायपालिकामा रहेका समकक्षी व्यक्तिको कार्यशैली र कार्यकौशलका तुलनामा कम शक्तिशाली र निरीह रूपमा प्रस्तुत भएको तथ्यको प्रतिनिधित्वमा बाहुल्य रहेको देखिन्छ।

**(ग) सार्वभौम पक्षमा संलग्न केन्द्रहरू**

संविधानसभा निर्वाचन-२०७० सित सम्बन्धित विवाद र द्वन्द्वको पछाडि मुलुकको प्रतिनिधित्व गर्ने सार्वभौम पक्षका रूपमा व्यक्ति नागरिकको व्यापक र सार्वभौम सत्ता सम्पन्न समूहको उपस्थिति रहेको पाइन्छ। सम्पादकीय शीर्षकमा विवाद र द्वन्द्वका केन्द्रमा उभ्याइएका सार्वभौम पक्षका प्रतिनिधित्वहरूलाई तालिका नं. ३.१२ मा प्रस्तुत गरिएको छ। तालिकामा महिना र गतेले प्रकाशन मिति जनाउँछन् भने क वा खले सम्बन्धित अखबारलाई सङ्केत गर्छन्। तालिका नं. ३.१२ मा प्रस्तुत तथ्यलाई हेर्दा सम्पादकीय शीर्षकमा दश प्रतिशत स्थान सार्वभौम पक्षले पाएको देखिन्छ। परिचालन र व्यवस्थापन पक्षका तुलनामा सङ्ख्याका हिसाबले यो

प्रतिनिधित्व निकै कम ठहरिन्छ। सम्पादकीय शीर्षक निर्माणको सिद्धान्तलाई विचार पुऱ्याउँदा यो सङ्ख्यालाई पनि कम मान्न सकिँदैन। कुनै दल र सीमित स्वार्थ भएका कुनै पनि समूहमा विभाजित नभएर व्यापक समूहमा

तालिका नं. ३.१२
**सार्वभौम पक्ष**

| **प्रतिनिधित्व** | **सङ्ख्या** | **महिना, गते र प्रकाशन** | | |
|---|---|---|---|---|
| जनता | ३ | कात्तिक२७/ख | मङ्सिर३०/क | फागुन१/ख |
| जन | ३ | कात्तिक२६/क | मङ्सिर९/ख | मङ्सिर१०/ख |
| मतदाता | १ | साउन३/ख | - | |
| प्रजा | १ | फागुन७/ख | - | |
| जम्मा | ८ | - | | |

स्रोत : शोधकर्ताको अवलोकन

धेरैजसो अदृश्य रहने सार्वभौम समूहको मूर्तता निर्वाचनमा पनि मतदानमा देखिन्छ। विवाद र द्वन्द्वका परिचालकहरूले सार्वभौम पक्षको शक्तिलाई निर्वाचनका बेला मतदाताका रूपमा मूर्त देखे पनि अरू बेला सकेसम्म निरीह बनाउन चाहेको देखिन्छ। सशस्त्र द्वन्द्व र बन्द, हड्ताल आह्वान गरिएका बेला सार्वभौम पक्षलाई बढी शक्तिहीन बनाएर आयोजकहरूले आफ्नो शक्ति देखाउने गरेको पाइन्छ। संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा निर्वाचनअघिको बन्द र आमहड्माललाई विभिन्न पक्षले फिर्ता गर्न आग्रह गर्दागर्दै पनि आयोजकले नमानेको बेला कात्तिक २७ गते 'जनताबाट बहिष्कृत बन्द' मा 'जनता' लाई सम्पादकीय शीर्षकमै प्रत्यक्ष चिह्नित गरी सार्वभौम पक्षको शक्तिको प्रतिनिधित्व गराइएको देखिन्छ। मङ्सिर ३० गते सरकारप्रति लक्ष्यित 'जनतालाई निराश नपार' भन्ने निर्देशनात्मक कथनले सत्तामा रहेका हुन् या विपक्षमा, संविधानसभाको पक्षमा रहेका हुन् या विपक्षमा जुनसुकै दलले पनि सार्वभौम पक्ष 'जनता' लाई विवाद र द्वन्द्वमा उपयोग गर्ने र बेवास्ता गर्ने नीति लिन्छन् भन्ने तथ्यको प्रतिनिधित्व गरेको पाइन्छ। फागुन १ गतेको 'भागबण्डा होइन, जनताको हित' शीर्षकको सम्पादकीयले पनि निर्वाचनको पक्षमा रहेका दलहरू निर्वाचनपछि जनमतबाटै हैसियत बढाएका ठूला दलहरू पदीय 'भागबण्डा' मै अलमलिएका र 'जनताको हित' लाई ध्यान नदिएका तथ्यको प्रतिनिधित्व गरेको पाइन्छ। सार्वभौम पक्षको प्रतिनिधित्व 'जनता' को विकल्प 'जन' रहेको पाइन्छ। यी दुई वैकल्पिक प्रतिनिधित्वको बराबरी प्रयोग भएको देखिन्छ। 'जनता' स्वायत्त प्रतिनिधित्वका रूपमा चिह्नित देखिन्छ भने 'जन' लाई बद्ध प्रतिनिधित्वका रूपमा प्रयोग गरेको पाइन्छ। कात्तिक २६ गतेको 'जनविरोधी क्रियाकलाप', मङ्सिर ९ को 'जनादेशको सम्मान', मङ्सिर १० को 'मतदानमा यथार्थ जनादेश' शीर्षकमा रहेका 'जन' लाई एक ठाउँमा 'विरोध' सँग र अर्का दुई ठाउँमा 'आदेश' सँग आबद्ध गरी सार्वभौम पक्षलाई प्रत्यक्ष चिह्नित गरिएको पाइन्छ। यसका अतिरिक्त 'मतदाता' र 'प्रजा' बाट पनि सार्वभौम पक्षलाई सम्पादकीय शीर्षकमा प्रतिनिधित्व गराइएको देखिन्छ। साउन ३ गते 'मतदाता दर्ता म्याद थप्नुपर्ने' मा स्वायत्त र फागुन ७ गते 'प्रजातन्त्र दिवसको सन्देश' मा तन्त्रसित बद्ध रूपमा सार्वभौम पक्षको प्रतिनिधित्व चिह्नित भएको देखिन्छ। यसबाट स्वायत्त भए पनि 'मतदाता' लाई सार्वभौम शक्तिको प्रयोग गर्नका लागि दर्ता प्रक्रियामा जानुपर्ने र 'प्रजा' लाई तन्त्रसँग बद्ध गराएर

सार्वभौम पक्षलाई राजनीतिक दृष्टिले सैद्धान्तिक रूपमा शक्तिशाली पहिचान दिन खोजेको पाइन्छ। बृहत् सङ्घटनामा परिचालित विवाद र द्वन्द्वको सिलसिलामा सार्वभौम पक्ष धेरैजसो शक्तिहीन, दलहरू र देशी विदेशी स्वार्थ समूहहरूको अनुत्तरदायी र अनैतिक गतिविधिबाट पीडित भएको देखिन्छ। यसका अतिरिक्त सार्वभौम अधिकार प्रयोग गर्ने अवसर नदिनका लागि आह्वान गरिएको बन्द र आमहड्तालमा हतियार उठाएर तर्साउनेसम्मको लगातारको प्रदर्शनबाट प्रताडित भएर बहिष्कारको बाटोबाट प्रतिकारमा समेत उत्रिएको प्रतिनिधित्व सम्पादकीय शीर्षकमा रहेको देखिन्छ। सार्वभौम पक्षले बन्द र आमहड्तालको अवज्ञा गरेर एकपटक र धम्की र आतङ्कका बिचमा पनि बिहानैदेखि मतदान स्थलमा गएर मताधिकारको प्रयोगमा सक्रियता देखाएर आ-आफ्नो सार्वभौम शक्तिलाई एकीकृत रूपमा ७० प्रतिशत माथि पुऱ्याएको अन्तर्वस्तु सम्पादकीयमा रहेको पाइन्छ। साथै, परिशिष्ट ३ एकीकृतमा रहेको तालिकामा प्रस्तुत मूल धारका परिधिहरूलाई विश्लेषण गर्दा अप्रत्यक्ष चिह्नित व्यक्तिहरू पनि विवाद र द्वन्द्वमा समेटिन आएको पाइन्छ। तीमध्ये सबैको अन्तिम परिधिमा सार्वभौम पक्ष जोडिएको पाइन्छ।

### ३.६ निष्कर्ष

संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा समेटिएका सम्पादकीयमा शीर्षस्थ सबै प्रतिनिधित्वहरू प्रत्यक्ष र अप्रत्यक्ष सूचकमा आधारित छन् र तिनको विकल्पमा चयनको अभाव रहे पनि शैली र संरचनामा व्याकरणिक क्रमभङ्गताले विविधता दिएको पाइन्छ। अप्रत्यक्ष सूचकहरूको बाहुल्य र सङ्केत समेतले नीरसतालाई घटाएर रचनात्मक तनावको स्थिति सिर्जना गरेको छ। मूल कथ्यका प्रतिनिधित्वहरू समय, प्रक्रिया र घटना क्रम अनुसार सरल ढङ्गले मात्र नभएर उतारचढावसहित अनियमित र अप्रत्यासित ढङ्गले समेत प्रयुक्त छन्। विषय र घटनाको क्रममा अनियमितता र क्रमभङ्गता भए पनि बृहत् सङ्घटनाको ऐतिहासिक मूल्य र सन्दर्भले मूल कथ्यलाई एकत्रित गरेको छ। शीर्षस्थ प्रतिनिधित्वमा परिचालित हुने बृहत् सङ्घटनासितको सम्बन्धगत विश्लेषणमा अंशतः अर्थावरोधको अवस्था पनि रहेको छ।

विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्वमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनासँग विभिन्न आयाम, तह र रूपको संरचनामा रहेर व्यक्तिहरूले परिचालन, व्यवस्थापन र सामना गर्ने सार्वभौम पक्षको प्रतिनिधित्व गरेको पाइन्छ। व्यक्तिको सन्दर्भसँग विषय/वस्तु र घटना जोडिनाले तिनको आबद्धता राष्ट्रिय र अन्तर्राष्ट्रिय कुनै बृहत्तर सैद्धान्तिक संरचना र धारणात्मक सञ्जालसँग रहेको देखिन्छ। औपचारिक, अनौपचारिक पार्टी पहिचानका साथै दल, सरकार, नेता, उम्मेदवार, आयोग, सेना जस्ता संस्थागत र पदीय संरचनाका साथै महिला, युवा, बालबालिका, दलित, पर्यवेक्षक, छिमेकी जस्ता सामाजिक समूहका व्यक्ति र व्यक्ति समूहहरूको प्रतिनिधित्व छ। द्वन्द्वका केन्द्रमा सबै भन्दा बढी 'दल' र यसका वैकल्पिक प्रतिनिधित्वलाई चिह्नित गरिएको छ। दलहरूमा 'एमाओवादी', 'कांग्रेस', 'एमाले', 'नेकपा-माओवादी' र तिनमा संलग्न 'नेता' र तिनलाई जनाउने वैकल्पिक प्रतिनिधित्वहरूको प्रयोगमा विविधता पनि छ। धेरैजसो व्यक्तिलाई सामूहिक रूपमा दलीय पहिचानबाट विवाद र द्वन्द्वमा संलग्न पाइन्छ। यसमा 'दल', 'दलहरू', 'दलहरू र दस्ता', 'एमाओवादी', 'कांग्रेस र एमाले',

‘कांग्रेस-एमाले’, ‘कांग्रेस’, ‘एमाले’, ‘नेता’, ‘नेताहरू’, ‘उम्मेदवार’, ‘शीर्ष नेतृत्व’ र ‘छब्बीस’ जस्ता प्रतिनिधित्वहरूको उपस्थिति छ। संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा विरोधी र पक्षधर दुवै खालका दलहरूमा रहेको दस्ता मोहले परम्परा भन्दा भिन्न र अन्तरविरोधी क्षेत्रमा समेत व्यापक र विस्तारित हुने प्रवृत्ति देखाउँछ। विवाद र द्वन्द्वको शान्तिपूर्ण र वैचारिक व्यवस्थापन भन्दा हिंसा र बाहुबलमा आधारित शक्तिको प्रयोगमा दलहरूको विशेष रुचि रहेको र समयमा सही निर्णय गर्न पनि नसक्ने गरी दलहरू अन्तर्द्वन्द्वमा फसेका छन्। यसबाट उत्पन्न परिस्थितिका कारण लैङ्गिक, उमेरगत र जातीय पहिचानमा कोष्ठीकृत हुनपुगेका भिन्न र सीमान्तीकृत व्यक्तिहरूलाई मूल धारमा समेट्ने बौद्धिक प्रयत्न र खबरदारी पनि छ। साथै, निर्वाचनका क्रममा मारिएका पूर्व सभासद्लाई असुरक्षाको प्रतीक घटनाको पहिचान दिन, ३३ दलीय गठबन्धनलाई निर्वाचन विरोधीको पहिचान दिन र संविधानसभा निर्वाचन-२०७० पछि प्रधानमन्त्रीको पदीय पहिचान दिन विवाद र द्वन्द्वका प्रतिनिधित्वहरूलाई व्यक्तिका थरबाट भिन्न-भिन्न तरिकाले चिह्नित गरिएको छ।

परिच्छेद चार

# प्रतिनिधित्वको निर्भरीकरण

## ४.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा आबद्ध सम्पादकीयहरूमा भाषाका माध्यमबाट निर्भर गराइएका सामाजिक प्रतिनिधित्वहरूको विश्लेषण गरिएको छ । यसमा नामिक र विषयगत निर्भरीकरण विश्लेषण, विपरीतार्थक, रूपकात्मक र संवेगात्मक निर्भरता उपशीर्षकहरू रहेका छन् । परिच्छेदको अन्त्यमा निष्कर्ष दिइएको छ ।

## ४.२ नामिक र विषयगत निर्भरीकरण विश्लेषण

विश्लेषणका लागि प्रस्तुत गरिएका नामिक र विषयगत निर्भरताका उल्लेखनीय उदाहरणहरूलाई प्रकाशन मितिका आधारमा सङ्ख्यात्मक क्रममा राखिएको छ । पहिले प्रकाशित उदाहरणलाई पहिले दिएर हरेक उदाहरणको लगत्तैपछि विश्लेषण प्रस्तुत गरिएको छ । विश्लेषणका क्रममा मूलतः बृहत् सङ्घटनामा स्थापित भइसकेका आधारभूत तथ्यहरूलाई मूल सन्दर्भमा राखेर नयाँ नामिक निर्भरतामा समेटिएका सामाजिक प्रतिनिधित्वको पहिचान गरिएको छ ।

> असारमा निर्वाचनको सम्भावना टरेपछि चैत १ मा अन्तरिम संविधानमा फुकाइएको २५ बुँदे, बाधा-अड्काउ प्रावधान अनुसार पनि मंसिरभित्र निर्वाचन गराउनैपर्ने बाध्यता सरकारसामु छ । (उदाहरण नं. १, परिशिष्ट ४, पाठ सङ्केत क२)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : असारमा निर्वाचनको सम्भावना टरेको छ ।

उपवाक्य २ : चैत १ मा अन्तरिम संविधानमा (निर्वाचनको लागि) बाधा अड्काउ फुकाइयो ।

उपवाक्य ३ : (निर्वाचनको लागि) बाधा अड्काउ (फुकाउने अधिकार) प्रावधानमा २५ बुँदा छन् ।

उपवाक्य ४ : (बाधा अड्काउ फुकाउने अधिकार प्रावधान अनुसार) मंसिरभित्र निर्वाचन गराउनैपर्ने छ ।

उपवाक्य ५ : (निर्वाचन गराउने) बाध्यता सरकारसामु छ ।

प्रस्तुत पाँच उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा पहिलो र चौथो उपवाक्यमा रहेको 'निर्वाचन' ले नामसहित परिचित विषयको सङ्केत गरेको पाइन्छ । यसले वाक्यलाई वर्तुलित

बनाउँदै 'मंसिरभित्र निर्वाचन गराउनैपर्ने वाध्यता' मा सरकार रहेको तथ्य र धारणालाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा निर्भरता प्रदान गरेको पाइन्छ। 'निर्वाचन' को पश्च सन्दर्भनमा रहेको 'सरकार' मा व्यक्तिको संस्थागत सामूहिक प्रतिनिधित्व र अग्र सन्दर्भनमा समय, अवस्था र पूर्वकार्यको प्रतिनिधित्व पाइन्छ।

प्रस्तुत वाक्यको आन्तरिक सन्दर्भनमा रहेका 'असारमा निर्वाचनको सम्भावना' मा समय र अवस्थाको, 'अन्तरिम संविधान' मा फुकाइएको '२५ बुँदे बाधा-अड्काउ प्रावधान' जस्ता नाम पदावलीहरूमा सरकारको 'वाध्यता' सँग जोडिएका विषय/वस्तुसहितका वैधानिक पूर्वकार्यलाई सामाजिक प्रतिनिधित्वका रूपमा समेटिएको पाइन्छ। यसमा प्रयुक्त अधिकांश नाम र विषयहरू परिचित, परम्परित, आनुभविक र तटस्थ देखिए पनि 'फुकाइएको २५ बूँदे, बाधा-अड्काउ प्रावधान' नाम पदावलीमा रहेको 'फुकाइएको' पदको रूपायन, स्थानगत विचलन, अल्पविराम र धर्सो चिन्हले सामान्यतः अर्थावरोधको स्थिति उत्पन्न गराएको देखिन्छ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'असन्तुष्टलाई समेट' शीर्षक सम्पादकीयसँग जोडिएको छ। पाँचमध्ये पहिलो अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'सरकार', 'दलहरू', 'कतिपय दल', 'सरकारको आह्वान' मा संस्थागत व्यक्ति र क्रियाकलापका साथै 'जारी राजनीतिक प्रक्रियाप्रति असहमति', 'यथास्थितिमा संविधानसभाको निर्वाचनमा सहभागी नहुने अडान', वार्ताको औपचारिक प्रक्रिया' जस्ता विषय/वस्तु रहेको पाइन्छ। यसको पश्च सन्दर्भनमा 'असारमै निर्वाचन', 'बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन', 'सार्वजनिक रूपमा रेग्मीको नाम प्रस्ताव गर्ने पहिलो पार्टी एमाओवादी', 'असारमा मिति नतोकेकोमा सरकारप्रति असन्तुष्टि', 'सरकारको विश्वसनीयतामा पनि कमी', 'गठनको एक महिना', 'सरकारले निर्वाचन केन्द्रित तदारुकता देखाउन नसक्दा आशंका', 'कात्तिक-मंसिरमै निर्वाचन', 'त्यसको माहोल', 'सबैलाई आश्वस्त पार्नु सरकारको दायित्व' जस्ता नाम र विषय/वस्तु समेटिएका पदावलीहरूको प्रयोग पाइन्छ। यसमा बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा रहेको पृष्ठभूमि तथ्यबाट 'सरकार' मा रहेको परम्पराभन्दा भिन्न मूल भाव रहेको सामाजिक प्रतिनिधित्वलाई 'अन्तरिम चुनावी मन्त्रिपरिषद्' नामकरण गरिएको पाइन्छ।

विश्लेषित सङ्कथनमा स्थापित नाम र विषयहरूकै संयोजनबाट बनेको मन्त्रिपरिषद्को नयाँ नामले संविधानसभा निर्वाचन-२०७० को तयारीको विशिष्ट सन्दर्भसहित यसमा रहेको विषयगत आयामलाई पनि जनाएको छ। यसमा वैशाखअघि गठित चुनावी सरकारको ढिलासुस्तीका कारण वैशाखमा उत्पन्न भिन्न परिस्थिति र सम्पादकीय धारणालाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा स्थापित गरिएको छ।

> तराईमा सक्रिय कतिपय सशस्त्र समूहले राजनैतिक नारा दिएका भए पनि उनीहरूको व्यवहार राजनैतिक कम र हत्या अपहरण चन्दा आतङ्कमा बढी केन्द्रित देखिएकाले उनीहरूलाई राजनैतिक अवतरणका लागि पनि निर्वाचनको उपयोग उपयोगी हुने देखिएको छ। (उदाहरण नं. २, परिशिष्ट ४, पाठ सङ्केत ख२)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : तराईमा कतिपय सशस्त्र समूहहरू सक्रिय छन् ।

उपवाक्य २ : (तराईमा सक्रिय कतिपय सशस्त्र समूह) उनीहरूले राजनैतिक नारा दिएका छन् ।

उपवाक्य ३ : उनीहरू राजनैतिक व्यवहार कम गर्छन् ।

उपवाक्य ४ : उनीहरू हत्या, अपहरण, चन्दा आतङ्कमा बढी केन्द्रित देखिन्छन् ।

उपवाक्य ५ : उनीहरूको राजनैतिक अवतरण हुनसक्छ ।

उपवाक्य ६ : उनीहरूलाई निर्वाचनको उपयोग उपयोगी हुने देखिन्छ ।

प्रस्तुत छ उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'तराईमा सक्रिय कतिपय सशस्त्र समूहहरू' र 'निर्वाचन' को नामिक र विषयगत उपस्थिति सबल रहेको देखिन्छ । यसमा 'तराईमा कतिपय सशस्त्र समूहहरू सक्रिय' रहेको तथ्यबाट मूलतः 'तराईमा सक्रिय कतिपय सशस्त्र समूहहरू' नामकरण हुन आउँछ र तिनकै विषयका केन्द्रीयतामा थप सामाजिक प्रतिनिधित्वहरू समेटिएको र अन्त्यमा 'निर्वाचन' सँग सन्दर्भित गरिएको पाइन्छ । यसको मूल भावमा अवस्था, विपरीतताहरू र कारणसहित धारणाको सामाजिक प्रतिनिधित्व रहेको पाइन्छ ।

प्रस्तुत वाक्यको आन्तरिक सन्दर्भनमा 'तराई', 'विगत', 'सशस्त्र समूह', 'राजनैतिक नारा', 'राजनैतिक व्यवहार', 'हत्या', 'अपहरण', 'चन्दा आतङ्क', 'राजनैतिक अवतरण', 'निर्वाचनको उपयोग' जस्ता परिचित नाम र तिनमा समेटिएका विषय/वस्तुहरूमा भिन्न विचार, अवस्था, कार्य, अनुभव, सुझाव आदिको सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । परम्परित र आनुभविक यी नाममध्ये राजनैतिक नारा, हत्या, अपहरण, चन्दा आतङ्क आदि नामले नकारात्मक विषयसहित निर्वाचनको सन्दर्भमा विपरीत तथ्य र धारणाको सामाजिक प्रतिनिधित्व गरेका छन् । प्रस्तुत सङ्कथनमा 'तराईमा सक्रिय कतिपय' भनी स्थानिक परिचयसहित नामकरण गरिएको 'सशस्त्र समूहहरू' को निर्भरतामा सामान्यतः 'तराई' को भौगोलिक पहिचान नकारात्मक देखिन्छ भने संविधानसभा निर्वाचन-२०७० को तयारीमा सहभागिताको विषयगत सन्दर्भलाई परिचालन गर्दा 'कतिपय' ले अधिकांश तराईवासीलाई भिन्न पहिचानको घेराभन्दा बाहिर पारेर न्याय गरेको पनि पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'द्वन्द्वरतहरू निर्वाचनमा आउँदै' शीर्षक सम्पादकीयसँग जोडिएको छ । दुईमध्ये पहिलो अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'सशस्त्र द्वन्द्वरत भूमिगत सङ्गठनहरू' भन्ने नामको सन्दर्भ 'तराई क्षेत्र' र 'विगत' हुँदै 'प्रस्तावित संविधानसभा निर्वाचन', 'शान्तिपूर्ण तवर', 'सहभागी', 'सरकार', 'वार्ता', 'हातहतियार', 'निर्वाचन', 'सहभागी हुने तयारी', 'जनतामा विश्वास गर्नेहरू', 'सशस्त्र द्वन्द्वमा रहेकाहरू', 'प्रजातन्त्रको जीत', 'विद्रोह द्वन्द्व', 'प्रजातन्त्रमा सशस्त्र विद्रोह', 'द्वन्द्वमा संलग्नहरू', 'सत्य', 'अनुभव', 'हतियार', 'विश्व', 'अनुभव', 'नेपाल' र पश्च सन्दर्भनमा 'स्वागतयोग्य र खुशीको समाचार', 'संविधानसभाको

निर्वाचन', 'धेरैभन्दा धेरै दल, समुदाय तथा क्षेत्र', 'सहभागिता', 'राजनैतिक कार्यक्रम, दर्शन तथा नेतृत्व', 'विवाद', 'दलहरू', 'विभाजन', 'प्रजातन्त्र', 'निर्वाचन', 'सहभागी नहुनेसम्मको निर्णय', 'त्यस्ता दल', 'जनता', 'टाढा', 'नकारात्मक परिणाम', 'निर्वाचन', 'सहभागी हुने बताएका समूहहरू', 'उचित माग', 'सहभागिताको वातावरण', 'जिम्मेवारी', 'सरकार' जस्ता विभिन्न खालका नाम र विषयहरू रहेको पाइन्छ । यसमा नामकरण गरिएका 'सशस्त्र द्वन्द्वरत भूमिगत सङ्गठनहरू', 'सशस्त्र द्वन्द्वमा रहेकाहरू' र 'द्वन्द्वमा संलग्नहरू' ले राजनीतिक सङ्गठन र राजनीतिकर्मीको भिन्न पहिचान दिन्छन् । तिनलाई प्रारम्भमै 'प्रस्तावित संविधानसभाको निर्वाचन' नामसँग 'शान्तिपूर्व तवरले सहभागी हुने' कार्यलाई स्थापना गर्दै अन्त्यमा सहभागिताको वातावरण बनाउने जिम्मेवारी सरकारमा आएको धारणासहित प्रस्तुत गरिएको छ । पाठगत सन्दर्भनको पृष्ठभूमि र विश्लेषित वाक्यमा रहेका तथ्य र धारणाको संश्लेषणबाट संविधानसभा निर्वाचन-२०७० मा परम्पराभन्दा भिन्न र विपरीत व्यवहारलाई समेत विधीकरण गर्न खोज्ने राजनीति र पेसाकर्मीको सहकार्य प्रकट भएको बुझ्न सकिन्छ ।

विश्लेषित सङ्कथनमा संविधानसभा निर्वाचनलाई कुनै पनि सशस्त्र समूहको 'राजनीतिक अवतरणका लागि उपयोग' गर्ने 'उपयोगी' माध्यम बनाउन सुझाउने विचारले राजनीति विषयमा सङ्गठित भएर घुसेको विपरीत विषय अपराधीकरणलाई संचार तथा बौद्धिक पेसाकर्मीको चेतनाले समेत चिर्न नसकिरहेको अवस्थाको सामाजिक प्रतिनिधित्व गरेको छ । यसमा संविधानसभा निर्वाचनसँग सहसम्बन्धित विषय सहभागितालाई समेटाइ र राजनीतिक अवतरणका नाममा राजनीतिको विपरीत विषय अपराधीकरणलाई अनुमोदन गर्ने बौद्धिक प्रयास भएको सामाजिक प्रतिनिधित्व पनि देखिन्छ ।

> संविधानसभाको आकार छरितो हुँदा सबैको प्रतिनिधित्व हुँदैन भन्ने सोचाइ ठूला दलका नेताहरूको आफैंप्रतिको अविश्वास मात्र हो । (उदाहरण नं. ३, परिशिष्ट ४, पाठ सङ्केत क३)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : संविधानसभाको आकार छरितो हुनसक्छ ।

उपवाक्य २ : (छरितो संविधानसभामा) सबैको प्रतिनिधित्व हुनसक्छ ।

उपवाक्य ३ : (सबैको प्रतिनिधित्व) हुँदैन भन्ने सोचाइ ठूला दलका नेताहरूको (छ) ।

उपवाक्य ४ : (यो सोचाइ) उनीहरूको आफैंप्रतिको अविश्वास मात्र हो ।

प्रस्तुत चार उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'संविधानसभाको आकार', 'प्रतिनिधित्व', 'ठूला दलका नेताहरू', 'सोचाइ' र 'आफैंप्रतिको अविश्वास' जस्ता नाम र विषयहरूमा सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । यसमा पहिलो उपवाक्यमा रहेका पदहरूको क्रमलाई हेरफेर गरेपछि 'छरितो संविधानसभा' विषयको नामकरण हुन आउँछ । 'छरितो संविधानसभा' को समानान्तरतामा 'ठूला दलका नेताहरू' रहेको पाइन्छ । यसमा दुई समानान्तर प्रमुख प्रतिनिधित्वमध्ये 'छरितो संविधानसभा'को सन्निकट पश्च

सन्दर्भनमा 'सबैको प्रतिनिधित्व' र 'ठूला दलका नेताहरू' को सन्निकट पश्च सन्दर्भनमा 'आफैंप्रतिको अविश्वास' लाई पनि समानान्तर रूपमै उभ्याइएको देखिन्छ ।

प्रस्तुत वाक्यको आन्तरिक सन्दर्भनमा रहेका 'संविधानसभा', 'आकार', 'सबै', 'प्रतिनिधित्व', 'सोचाइ', 'ठूला दल', 'नेताहरू', 'आफैंप्रतिको अविश्वास' जस्ता परम्परित, परिचित र आनुभविक नाम र विषयको संयोजनबाट बनेको एउटा पदावली 'ठूला दलका नेताहरू' को नामिक निर्भरतामा विपरीत सोचका कारण बनेको आत्मविश्वासहीन पहिचानको विषय नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा आएको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'छरितो संविधानसभाको खाँचो' शीर्षक सम्पादकीयसँग जोडिएको छ । छमध्ये अन्तिम अनुच्छेदको प्रारम्भमा रहेको यस सङ्कथनको पश्च सन्दर्भनमा 'चाहना', 'कोटा', 'सानो समुदाय', 'प्रतिनिधित्व', 'छुटेका', 'मनोनीत कोटा', 'विकल्प बाँकी', 'मनोनयन', 'चुनाव हारेका', 'सभासद्', 'दुरुपयोग', 'अठोटको खाँचो', 'समावेशीता', 'प्रतिनिधित्व', 'नेतृत्व विकास', अनुभव', 'थुप्रै नेताहरू', 'आफ्नै अनुभव', 'सभासदको सङ्ख्या', 'जनता', 'बोझ', 'नेताहरूको ध्यान', 'प्रतिनिधित्व प्रणाली' 'निर्वाचन सुधार' जस्ता नाम र विषयहरू समेटिएको पाइन्छ । यी परिचित, परम्परित र आनुभविक नाम र विषयहरूबाट बनेका पदावलीहरू 'छरितो संविधानसभा' मा 'सबैको प्रतिनिधित्व' लाई सहसम्बन्धित विषयका रूपमा उठाइएको पाइन्छ । यसको विपरीततामा 'ठूला दलका नेताहरू' नाममा 'आफैंप्रतिको अविश्वास' को विषयलाई उभ्याइएको देखिन्छ । यसबाट 'संविधानसभा' मा 'प्रतिनिधित्व' को विषयलाई 'ठूला दलका नेताहरू' को 'आफैंप्रतिको अविश्वास' का रूपमा नयाँ सामाजिक प्रतिनिधित्व स्थापित हुन आएको पाइन्छ । यसमा भाषिक संरचनामा अप्रकट भए पनि मूल भावमा मनोविज्ञान समेत विषयका रूपमा जोडिएको पाइन्छ ।

विश्लेषित सङ्कथनमा संविधानसभाको संरचना, प्रतिनिधित्वको सवाल र नेताहरूको नियतको नामिक र विषयगत निर्भरतामा नयाँ सामाजिक प्रतिनिधित्व प्रयोग भएको देखिन्छ । यसले २०७० सालको संविधानसभा 'निर्वाचन' को तयारीका क्रममा सतहमा आएका नेपालका नयाँ तर नेतृत्वको मानसिक तहमा विकृतिका जड बनेर रहेका हीनग्रन्थीका कारण राजनीतिमा उत्पन्न भिन्न र गहन खालको जटिलताको सामाजिक प्रतिनिधित्व गरेको पाइन्छ ।

> निष्पक्ष र भयरहित निर्वाचनको वातावरण तयार पार्न आचारसंहिताको पूर्ण परिपालना अनिवार्य छ भन्ने कुरा सबै सरोकारवालाले गम्भीरतापूर्वक मनन गर्नु आवश्यक छ । (उदाहरण नं. ४, परिशिष्ट ४, पाठ सङ्केत क१७)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : निष्पक्ष र भयरहित निर्वाचनको वातावरण तयार (पार्नु पर्छ) ।

उपवाक्य २ : (यसो गर्न) आचारसंहिताको पूर्ण परिपालना अनिवार्य छ ।

उपवाक्य ३ : यो कुरा सबै सरोकारवालाले गम्भीरतापूर्वक मनन गर्न आवश्यक छ ।

प्रस्तुत तीन उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा रहेका 'निर्वाचनको वातावरण', 'आचारसंहिता' र 'सरोकारवाला' को नामिक र विषयगत निर्भरतामा 'निष्पक्ष र भयरहित' लक्ष्य र 'पूर्ण परिपालना' सर्त जनाउने धारणाको सामाजिक प्रतिनिधित्व रहेको देखिन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा क्रमशः 'निष्पक्ष र भयरहित निर्वाचनको वातावरण', 'आचारसंहिता', 'पूर्ण परिपालना', 'सबै', 'सरोकारवाला', 'गम्भीरता', 'मनन' जस्ता परम्परित र परिचित नाम, विषय र विशेषणहरूबाट निर्मित पदावलीहरू भेटिन्छन् । यीमध्ये 'निष्पक्ष र भयरहित निर्वाचन' को विशिष्ट नामिक र विषयगत निर्भरतामा अनुभवजन्य विचारलाई लक्ष्यसँग जोड्दै सर्तको रूपमा नयाँ सामाजिक प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ । यसमा विचारका रूपमा पनि नयाँ सामाजिक प्रतिनिधित्व परिचित हुन आएको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'आचारसंहिता अनुगमनका चुनौती' शीर्षक सम्पादकीयसँग जोडिएको छ । चारमध्ये अन्तिम अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'निर्वाचन आयोग', 'पहिलो व्यक्ति', 'पूर्वराजा ज्ञानेन्द्र', 'हिमानी ट्रष्ट', 'बाढीपीडित', 'सरकारी संयन्त्र', 'जिल्ला कार्यालय', 'कुनै व्यक्ति वा संघसंस्था' जस्ता संस्थागत, समूहगत र व्यक्तिगत नामका साथै 'दायरा', 'दोस्रो दिन', 'मंगलबार', 'सुदूरपश्चिम', 'लागू', 'दार्चुला', 'राहत', 'तयारी', 'मानवीय दृष्टि', 'सहयोग' जस्ता विविध नाम र 'आचारसंहिता', 'राहत वितरण', 'आचारसंहिता लागू भइसकेको सन्दर्भ', 'सरकारी संयन्त्र र प्रणाली' जस्ता विषयगत नाम पदावलीहरू रहेको पाइन्छ । यी नाम र विषयहरूको प्रयोग निर्वाचनमा आचारसंहिता पालना गर्ने र गराउने सन्दर्भमा देखापरेका समसामयिक प्रतिनिधित्वहरूलाई परम्परित, परिचित र आनुभविक तथ्यहरूमा निर्भर गराउने क्रममा भएको देखिन्छ ।

विश्लेषित सङ्कथनमा बृहत् सङ्घटना र सम्पादकीय लेखनको शैलीगत मान्यताका आधारभूत सन्दर्भलाई परिचालन गर्दा संविधानसभा निर्वाचन-२०७० निष्पक्ष र भयरहित नहुन सक्छ, आचारसंहिताको उल्लङ्घन हुन थालेको छ र सबै सरोकारवालाले आचारसंहिताको पूर्ण परिपालनालाई गम्भीरतापूर्वक मनन गर्न सकेका छैनन् भन्ने सामाजिक प्रतिनिधित्वहरूलाई प्रकारान्तरले प्रकट गरिएको पाइन्छ ।

दबाव, धम्की र प्रलोभनको माध्यम अपनाउनु संहिताको उल्लङ्घन र जनमतको अनादर पनि हो । ( उदाहरण नं. ५, परिशिष्ट ४, पाठ सङ्केत ख२१)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : (निर्वाचनमा) दबाव, धम्की र प्रलोभन दिइन्छ ।

उपवाक्य २ : (यसो गर्नु) संहिताको उल्लङ्घन हो ।

उपवाक्य ३ : (यसो गर्नु) जनमतको अनादर पनि हो ।

प्रस्तुत तीन उपवाक्यहरूबाट बनेको एउटा छोटो तर जटिल वाक्यको संरचनागत ढाँचामा 'दबाव, धम्की र प्रलोभन', 'संहिता' र 'जनमत' जस्ता नाम र विषयहरू संयोजित रहेको पाइन्छ । यी नाम र विषयको निरन्तर संयोजन र समानान्तर सम्बन्धमा धारणात्मक सामाजिक प्रतिनिधित्व निर्भर भएको देखिन्छ । यसमा 'संहिता'ले निर्वाचनको सहसम्बन्धमा रहेको नियामक दस्तावेज 'आचारसंहिता' विषयको सङ्केत गर्दछ । यही सङ्केतबाट स्थापित नाममा नयाँ सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'दबाव', 'धम्की' र 'प्रलोभन', 'माध्यम', 'संहिताको उल्लङ्घन' र 'जनमतको अनादर' जस्ता परिचित, परम्परित र आनुभविक नाम र पदावलीहरू रहेको भेटिन्छ । यसमा 'जनमत' ले निर्वाचन विषयलाई सन्दर्भित गर्दछ भने 'दबाव', 'धम्की' र 'प्रलोभन' विषयका एकीकृत नामबाट नकारात्मक कार्यको सामाजिक प्रतिनिधित्व प्रकट हुन आउँछ । यस्ता नकारात्मक कार्यलाई विषयीकरण गर्दै 'संहिताको उल्लङ्घन' र 'जनमतको अनादर' नामकरण गरिएको छ । यसबाट संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटना निर्वाचनसँग सहसम्बन्धित विषय आचारसंहितासँग जोडिएको बुझ्न सकिन्छ । 'संहिता' को संसक्ति 'उल्लङ्घन' र 'जनमत' को संसक्ति 'अनादर' सँग भएकाले यसमा नकारात्मक कार्यको सामाजिक प्रतिनिधित्व रहेको पाइन्छ । यसमा आचारसंहितालाई 'संहिता' मात्र नाम दिएर 'माध्यम' शब्दको अनावश्यक प्रयोग भएकाले सामान्य अर्थावरोधको स्थिति पनि सिर्जना भएको देखिन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'आचारसंहिता कार्यान्वयन' शीर्षक सम्पादकीयसँग जोडिएको छ । तीनमध्ये अन्तिम अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'आचारसंहिता', 'सामाजिक जीवन पद्धति', 'व्यक्ति र समष्टि', 'कार्यसम्पादन', 'कुनै न कुनै प्रकार', 'आचार वा आचरण', 'चुनावी अवधि', 'आचारसंहिता', 'निश्चित उद्देश्य र समय', 'निर्वाचन आचारसंहिता', 'जनताको मत', 'निर्भय र स्वतन्त्र', 'अभिव्यक्त हुन पाउने वातावरण', 'जनमत', 'प्रभावित वा आफ्नो पक्ष', 'दल र तिनका उम्मेदवार', 'आचारसंहिताले निर्दिष्ट गरेको सीमा', 'विचार', 'योजना', 'कार्यक्रम' आदि र पश्च सन्दर्भनमा 'सरोकारवालाहरू', 'ध्यान', 'निष्पक्ष निर्वाचन' र 'आचारसंहिता पालना साथै कार्यान्वयन गर्ने प्रतिबद्धता' जस्ता नाम र विषयगत पदावलीहरू उल्लेख भएको पाइन्छ । यी नाम र विषयहरू निर्वाचनमा आचारसंहिता पालना गर्ने र गराउने सन्दर्भमा सकारात्मक र सहयोगीका रूपमा प्रयुक्त देखिन्छन् । यिनमा अनावश्यक शब्दहरू पनि रहेका र तिनले कतिपय नामिक संसक्तिलाई कमजोर तुल्याएको पनि पाइन्छ ।

विश्लेषित सङ्कथनमा बृहत् सङ्घटना र सम्पादकीय लेखनको शैलीगत मान्यताका आधारभूत सन्दर्भलाई परिचालन गर्दा संविधानसभा निर्वाचन-२०७० को प्रचार प्रसारका क्रममा मूल्य मान्यता विपरीत भएका कार्यका विरुद्धको धारणात्मक सामाजिक प्रतिनिधित्वलाई नामिक र विषयगत निर्भरता दिइएको पाइन्छ ।

हामी यतिबेला चरम राजनीतिक संकटको अवस्थामा छौं । चुनाव यतिखेरको निर्विकल्प बाटो हो । प्रमुख राजनीतिक दलहरू, (ले?) त्यसकारण दस्तामोह त्याग्नुपर्छ । र, निष्पक्ष, भयरहित र धाँधलीरहित निर्वाचन

सम्पन्न गर्ने बाटोतर्फ अग्रसर हुनुपर्छ । (उदाहरण नं. ६, परिशिष्ट ४, पाठ सङ्केत क२०)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : हामी यतिबेला चरम राजनीतिक संकटको अवस्थामा छौं ।

उपवाक्य २ : चुनाव यतिखेर निर्विकल्प छ ।

उपवाक्य ३ : प्रमुख राजनीतिक दलहरू (ले त्यसकारण) दस्तामोह त्याग्नुपर्छ ।

उपवाक्य ४ : निष्पक्ष, भयरहित र धाँधलीरहित निर्वाचन गर्नुपर्छ ।

प्रस्तुत चार उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'चरम राजनीतिक संकटको अवस्था', 'चुनाव', 'प्रमुख राजनीतिक दलहरू', 'दस्तामोह' र निर्वाचन' को नामिक र विषयगत उपस्थिति रहेको देखिन्छ । यसमा खासगरी, 'चरम राजनीतिक संकटको अवस्था' र 'दस्तामोह' विषयगत नाममा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा 'प्रमुख राजनीतिक दलहरू' ले गरेका कार्यबाट नेपाली नागरिकले भोगेको विषम परिस्थितिको धारणात्मक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'प्रमुख राजनीतिक दलहरू' संस्थागत/समूह वाचक नाम, 'यतिबेला' 'यतिखेर', 'अवस्था', 'निर्विकल्प बाटो', 'निष्पक्ष', 'सम्पन्न गर्ने बाटो' जस्ता विविध नाम र 'चरम राजनीतिक संकट', 'दस्तामोह', 'चुनाव', 'निर्वाचन', 'भय', 'धाँधली', जस्ता विषयगत नाम र पदावलीहरू रहेको पाइन्छ । यिनको संयोजनमा संविधानसभा निर्वाचन-२०७० को विषम अवस्था, प्रमुख राजनीतिक दलहरूबाट निर्वाचनका क्रममा देखाइएका निर्वाचनको मान्यता विपरीतका अराजनीतिक कामप्रतिको मोहका साथै त्यस्तो मोहलाई रोक्दै निर्वाचनलाई सही तरिकाले सम्पन्न गर्न सचेत गराइएको धारणागत सामाजिक प्रतिनिधित्व समेटिएको पाइन्छ । यसमा 'प्रमुख राजनीतिक दलहरू' सम्बोधित देखिन्छन् र तिनैमा मूलतः 'चरम राजनीतिक संकटको अवस्था', 'निर्विकल्प चुनाव', 'दस्तामोह' र 'निष्पक्ष, भयरहित र धाँधलीरहित निर्वाचन' जस्ता स्थापित विषयमा नयाँ अवस्था, कार्य र लक्ष्यको सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । उल्लिखित परिचित र परम्परित नामहरूमा निर्भर आनुभविक सांस्कृतिक विषयका तथ्यहरूले एउटा संविधानसभा असफल गराएर अर्को संविधानसभाको निर्वाचनका क्रममा दलीय क्रियाकलापका कारण उत्पन्न 'चरम राजनीतिक संकट' को परिदृश्य र प्रमुख राजनीतिक दलहरूले देखाएको 'दस्तामोह' त्याग्नुपर्ने विचारलाई नयाँ प्रतिनिधित्वका रूपमा परिचित गराएको पाइन्छ । यसमा अधिकांश नामहरू तटस्थ देखिए पनि केही नामले निर्वाचनको विषयगत सन्दर्भमा भिन्न अवस्थाको प्रतिनिधित्व गरेको पाइन्छ । तेस्रो उपवाक्यमा कारणबोधक 'त्यसकारण' लाई नाम पदावलीको पश्च सन्दर्भनमा र क्रियापदावलीको अग्र सन्दर्भनमा स्थान दिएर वाक्यात्मक ढाँचामा विचलन ल्याइएको र 'ले' विभिक्ति छुट्न गए पनि त्यसले मूल भावमा अर्थावरोध भने सिर्जना गरेको पाइँदैन ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'दलहरूको दस्ता मोह' शीर्षक सम्पादकीयसँग जोडिएको छ । चारमध्ये तेस्रो अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'दस्ता', 'सुरक्षा दस्ता', 'लड्ने भिड्ने लडाकू

समूह', 'माओवादीका लडाकू', 'हतियार बन्द समूह', 'दल' 'हरेक पार्टी' जस्ता संस्थागत/समूह वाचक नाम, 'बुथ कब्जा', 'धाँधली', 'चुनाव', 'हिंसा', 'भिडन्त', 'निर्वाचन', 'माहोल', 'जोखिम' आदि विविध विषयगत नामको प्रयोग देखिन्छ । मध्य सन्दर्भनमा 'राजनीति र संविधान निर्माण' र 'निर्वाचनको ऐतिहासिक महत्व' जस्ता विषयगत नाम पदावलीहरूको उल्लेख छ । अधिकांश नामहरू निर्वाचनको विषयगत सन्दर्भमा विरोधी सम्बन्ध र नकारात्मक भए पनि तिनको प्रयोग सहयोगी सम्बन्ध र सकारात्मक भाव जगाउने धारणाका लागि भएको पाइन्छ ।

विश्लेषित सङ्कथनमा नामिक निर्भरतामा रहेका विषयगत तथ्य र धारणालाई २०७० साल साउन महिनाको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भबाट परिचालन गर्दा 'संविधानसभा निर्वाचन-२०७०' को तयारीका बेला प्रमुख राजनीतिक दलहरूबाट निरन्तर देखाइएका परम्पराभन्दा नितान्त भिन्न विपरीत चरित्र र कामबाट उत्पन्न विषम परिस्थितिप्रति खबरदारी गर्न सक्ने जिम्मेवार सम्पादकीय धारणालाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा भेट्न सकिन्छ ।

> भय, लोभ, दबाव र धाँधलीग्रसित मतदानले जनताको यथार्थ अभिमत प्रतिविम्बित गर्दैन र त्यस्तो निर्वाचनको परिणाम लोकतन्त्र अनुकूल हुँदैन । (उदाहरण नं. ७, परिशिष्ट ४, पाठ सङ्केत ख२२)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : (लोकतन्त्रमा) भय, लोभ, दबाव र धाँधलीग्रसित मतदान (हुन हुँदैन) ।

उपवाक्य २ : (भएमा त्यसले) जनताको यथार्थ अभिमत प्रतिविम्बित गर्दैन ।

उपवाक्य ३ : त्यस्तो निर्वाचनको परिणाम लोकतन्त्र अनुकूल हुँदैन ।

प्रस्तुत तीन उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'भय, लोभ, दबाव र धाँधलीग्रसित मतदान', 'जनताको यथार्थ अभिमत', 'निर्वाचनको परिणाम' र 'लोकतन्त्र' विषयको नामिक उपस्थिति रहेको देखिन्छ । यसमा 'मतदान' लाई 'जनताको यथार्थ अभिमत' र 'निर्वाचन' लाई 'लोकतन्त्र' को सापेक्षतामा निर्भर गराइएको पाइन्छ । 'भय, लोभ, दबाव र धाँधली' नकारात्मक नामहरूलाई समानान्तर रूपमा 'ग्रसित' सँगको क्रियात्मक र 'मतदान' सँगको विषयगत संसक्ति दिएर भिन्न सामाजिक प्रतिनिधित्वको नामकरण गरिएको देखिन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'जनता' समूह वाचक नाम, 'भय', 'लोभ', 'दबाव', 'धाँधली', 'मतदान', 'यथार्थ अभिमत', 'निर्वाचनको परिणाम', 'लोकतन्त्र' जस्ता विविध विषयगत नामहरू भेटिन्छन् । यीमध्ये परिचित, परम्परित र आनुभविक नामहरूमा 'जनता' अप्रत्यक्ष सम्बोधित देखिन्छ भने 'भय', 'लोभ', 'दबाव', 'धाँधली' ले नकारात्मकता जनाएका छन् । 'मतदान', 'अभिमत', 'निर्वाचन', 'परिणाम', 'लोकतन्त्र' जस्ता नाम र विषयहरू सकारात्मक र तुलनात्मक रूपमा तटस्थ देखिन्छन् । यी नामहरूमा कार्य, कारण, धारणा, अनुभव आदि जनाउने विषयको संयोजनसाथ नयाँ सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'निर्वाचनमा सुरक्षा प्रत्याभूति' शीर्षक सम्पादकीयसँग जोडिएको छ। तीनमध्ये दोस्रो अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'सरकार' र 'जनता' संस्थागत तथा समूह नाम, 'मुलुक', 'शान्ति', 'शाश्वत दायित्व', 'अभिमत', 'निर्वाचन', 'महत्वपूर्ण अवसर', 'बेला', 'सुरक्षा', 'प्रत्याभूति', 'विशेष तयारी' आदि विविध विषयगत नाम रहेको पाइन्छ। पश्च सन्दर्भनमा 'गृहमन्त्री', 'गृहमन्त्रालयका उच्च अधिकारीहरू', 'पाँचै विकास क्षेत्रका क्षेत्रीय प्रशासक', 'सुरक्षा निकायका प्रमुखहरू', 'सरकार', 'गृहमन्त्री', 'सुरक्षा निकाय', 'अधिकारीहरू', 'चुनावविरोधी तत्व वा सङ्गठन', 'जनता', 'भूमिगत सङ्गठनहरू' जस्ता संस्थागत र समूह नाम रहेको पाइन्छ भने 'आवरण', 'संरचना', 'लक्षित उद्देश्य', 'असम्भव', 'ध्यान', 'राजधानी', 'सोमबार', 'सामूहिक बैठक', 'बैठक', 'छलफल', 'विषय', 'बेला', 'महत्वपूर्ण कार्य', 'गाम्भीर्य', 'अठोट प्रकट', 'निस्तेज', 'निर्देशन', 'ध्यान', 'गतिविधि', 'खतरा' 'सुरक्षा बैठकको निष्कर्ष' जस्ता विविध नाम र पदावलीहरू समेटिएको भेटिन्छ। यस्तै, 'शान्ति सुरक्षा', 'अपहरण', 'फिरौती, 'चन्दा आतङ्क', 'गुण्डागर्दी', 'आपराधिक घटना', 'धाँधली' 'चुनाव', 'सम्भावित द्वन्द्व', 'निर्वाचन', 'डर', 'धम्की', 'निर्वाचन सुरक्षा रणनीति' जस्ता विषयगत नाम रहेको पाइन्छ। यी परिचित, परम्परित र आनुभविक नामहरूमध्ये 'निर्वाचनको आवरण', 'धाँधलीबाट बन्ने संरचना', 'अपहरण फिरौती, चन्दा आतङ्क', 'गुण्डागर्दी', 'आपराधिक घटना', 'सम्भावित द्वन्द्व', 'चुनावविरोधी तत्व वा सङ्गठन', 'डर', 'धम्की', 'भूमिगत सङ्गठनहरू', 'असम्भव', 'खतरा' जस्ता नाम र पदावलीहरू निर्वाचनको विषयका सन्दर्भमा विरोधी समूहका र नकारात्मक अर्थका देखिन्छन् भने तिनको प्रयोग केही तटस्थ, सकारात्मक र सहयोगी नामका साथ मूलतः सकारात्मक धारणाको लागि भएको देखिन्छ।

विश्लेषित सङ्कथनमा प्रकट नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल साउनको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन हुँदा 'संविधानसभा निर्वाचन-२०७०' को तयारीका क्रममा भएका र हुनसक्ने असुरक्षा र द्वन्द्व जस्ता नकारात्मक गतिविधिका साथै यसको परिणामबाट उत्पन्न हुने भिन्न सामाजिक प्रतिनिधित्वलाई सकारात्मक नाम र विषयको तुल्यतामा निर्भर भएको भेटिन्छ।

> असन्तुष्ट पक्षको खासगरी वैद्य समूहको सर्तलाई हेर्दा सजिलै सहमति हुने र नेकपा-माओवादी चुनावमा सहभागी हुने कल्पना गर्न सकिँदैन। (उदाहरण नं. ८, परिशिष्ट ४, पाठ सङ्केत ख२४)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : असन्तुष्ट पक्ष (वैद्य समूहले चुनावका लागि सजिलै सहमति हुन नसक्ने) सर्त राखेको छ।

उपवाक्य २ : खासगरी वैद्य समूहको सर्तलाई हेर्दा सजिलै सहमति हुने (कल्पना गर्न सकिँदैन।)

उपवाक्य ३ : नेकपा-माओवादी चुनावमा सहभागी हुने कल्पना गर्न सकिँदैन।

प्रस्तुत तीन उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा प्रमुखतः 'असन्तुष्ट पक्ष', 'वैद्य समूह' र 'नेकपा-माओवादी' जस्ता मानवीय समूह जनाउने नामहरू विषयगत पनि रहेको पाइन्छ। यसमा वैद्य समूहलाई 'असन्तुष्ट पक्ष' नामकरण गरिएको र त्यसकै केन्द्रीयतामा 'शर्त' र 'सहमति' सहित 'नेकपा-

माओवादी' मा 'चुनाव' र 'सहभागी' जस्ता नामहरूको संयोजन गर्दै 'सहभागी हुने कल्पना' गर्न नसकिने धारणाको सामाजिक प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा क्रमशः 'असन्तुष्ट पक्ष', 'वैद्य समूह', 'नेकपा-माओवादी' संस्थागत समूह वाचक नामका साथै 'शर्त', 'सजिलै सहमति', 'चुनाव', 'सहभागी' र 'कल्पना' जस्ता विविध खालका नाम र पदावलीहरू रहेको देखिन्छ । यसमा 'असन्तुष्ट पक्ष' नामकरणमा नकारात्मक, रुढ र पूर्वाग्रह जनाउने विषय रहेको पाइन्छ भने 'वैद्य समूह' लाई अनौपचारिक र 'नेकपा-माओवादी' लाई तुलनात्मक रूपमा औपचारिक तथा तटस्थ नामका रूपमा लिइएको छ । विश्लेषित वाक्यमा नामसँग तार्किक रूपमा एनेकपा माओवादीबाट टुक्रिएर बनेको 'नेकपा-माओवादी' पार्टी स्थापित हुन आएको छ । यसपछि स्थापित नेताको थरबाट 'वैद्य समूह' मा विषयीकृत र विशिष्टीकृत हुँदै निर्वाचनको सन्दर्भमा विस्तारित भएर 'असन्तुष्ट पक्ष' का रूपमा भिन्न र किनारीकृत हुन पुगेको देखिन्छ । यी तिनै नामले वास्तवमा एउटै पार्टी, पक्ष वा समूहलाई सङ्केत गर्ने भए पनि संयोजक 'र' को प्रयोगले सामाजिक प्रतिनिधित्वमा अर्थावरोध उत्पन्न भएको र फरक पार्टी भएको भ्रम समेत सिर्जना गरेको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'सहमतिमा पुग्नैपर्ने वाध्यता' शीर्षक सम्पादकीयसँग जोडिएको छ । तीनमध्ये दोस्रो अनुच्छेदको मध्यमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'वैद्य समूह', 'सरकार', 'यादव नेतृत्वको गठबन्धन', 'तीन राजनीतिक दल', 'मधेशी मोर्चा', 'राजनीतिक उच्चस्तरीय समिति', 'वर्तमान सरकार', 'असन्तुष्ट पक्ष' जस्ता संस्थागत तथा समूह वाचक नामका साथै 'मिति', 'निर्वाचन मिति', 'राजीनामा', '१८ वटा माग', 'शर्त', 'टेबुल', 'छ सूत्रीय माग', 'गठन', 'बेला', '११ बुँदे सहमति', '२५ बुँदे बाधा अड्काउ फुकाउ', 'परिवर्तन', 'माग', 'लचिलो' जस्ता विविध नाम रहेको देखिन्छ । यसमा 'चुनाव', 'वार्ता', 'बाधा अड्काउ फुकाउ प्रावधान', 'संविधान संशोधन', 'सरकारको राजीनामा' जस्ता विषय समेटिएको पाइन्छ । पश्च सन्दर्भनमा 'चुनाव बहिष्कार गर्ने धम्की दिएका दल', 'निर्वाचन पक्षीय दलहरू', 'कथित असन्तुष्टहरू', 'चुनाव पक्षीय राजनीतिक समिति', 'मुलुकका सबै', 'राजनीतिक दल', 'सहभागी', 'नेपाली जनता' जस्ता संस्थागत समूह नामहरूको उल्लेख पाइन्छ । यसमा समेटिएका विविध खालका नाममा 'मिति', 'नजिक', 'बेला', 'प्रचारप्रसार', 'आशा', 'घोषित मिति', 'निर्वाचन', 'आशंका', 'समय', बहिष्कार', 'वार्ता', 'अनेक बहाना', 'छलफलको वातावरण', 'आलटाल', 'दिन', 'घर्काइ', 'वार्ता', सकारात्मक परिणाम', 'यतिबेला', 'अपेक्षा' आदि पर्दछन् । यसमा 'चुनावी घोषणापत्र', 'वार्ता', 'निर्वाचन' जस्ता विषयहरू रहेको पाइन्छ । यीमध्ये केही नामहरू निर्वाचनको सन्दर्भमा प्राथमिकतामा परेका र केही नामहरू पूर्वाग्रहपूर्ण र नकारात्मक देखिन्छन् । यस्ता नामहरूको प्रयोग सामान्यतः तटस्थ र सहयोगी वर्गमा पर्ने नामका साथ निर्वाचनको सन्दर्भमा पक्षपोषक धारणाको सामाजिक प्रतिनिधित्वका लागि भएको देखिन्छ ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल साउनको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन हुँदा दलीय कार्य र प्राथमिकतामा

देखिएको भिन्नता, असन्तुष्टि, अविश्वास र द्वन्द्वको नयाँ स्वरूपगत सङ्केतको सामाजिक प्रतिनिधित्व नामिक र विषयगत निर्भरतामा रहेको भेटिन्छ ।

केही दल विशेषले मात्रै चुनावी प्रक्रियामा विशेषाधिकार पाएको जस्तो र अरू दललाई एक्लिएको, हेपिएको वा साक्षी किनारासरह बस्नुपरेजस्तो जुन अवस्था उत्पन्न भएको छ, गोलमेचले त्यस्तो अमिल्दो र अव्यावहारिक अवस्थाको अन्त्य गर्न सक्छ । (उदाहरण नं. ९,परिशिष्ट ४, पाठ सङ्केत क२५)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : केही दल विशेषले मात्रै चुनावी प्रक्रियामा विशेषाधिकार पाएको जस्तो (अमिल्दो र अव्यावहारिक अवस्था उत्पन्न भएको छ) ।

उपवाक्य २ : अरू दललाई एक्लिएको, हेपिएको वा साक्षी किनारासरह बस्नुपरेजस्तो (अमिल्दो र अव्यावहारिक) अवस्था उत्पन्न भएको छ ।

उपवाक्य ३ : गोलमेचले त्यस्तो अमिल्दो र अव्यावहारिक अवस्थाको अन्त्य गर्न सक्छ ।

प्रस्तुत तीन उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'केही दल विशेष', 'चुनावी प्रक्रियामा विशेषाधिकार', 'अरू दल', 'एक्लिएको, हेपिएको वा साक्षी किनारासरह', 'गोलमेच' र 'अमिल्दो र अव्यावहारिक अवस्था' को नामिक र विषयगत उपस्थिति रहेको देखिन्छ। यसमा गोलमेच सम्मेलनलाई 'गोलमेच' नामकरण गरिएको र त्यही नामको केन्द्रीयतामा 'केही दल विशेष' र 'अरू दल' बिचको भिन्नताका विषयबाट उत्पन्न भएको 'अमिल्दो र अव्यावहारिक अवस्था' को नयाँ सामाजिक प्रतिनिधित्व रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'केही दल विशेष', 'अरू दल' जस्ता संस्थागत/समूह वाचक नामहरू, 'विशेषाधिकार', 'एक्ल्याइँ', 'हेपाइ', 'साक्षी', 'किनारा', 'बसाई', 'अवस्था', 'गोलमेच' जस्ता विविध नाम र 'चुनावी प्रक्रिया', 'अमिल्दो र अव्यावहारिक अवस्था' जस्ता विषयगत नामहरू रहेको पाइन्छ । यी परिचित, परम्परित र आनुभविक नामबाट बनेका पदावलीहरूमध्ये 'केही दल विशेष' को भिन्नतामा 'अरू दल', रहेको देखिन्छ भने 'विशेषाधिकार', 'एक्लिएको', 'हेपिएको', 'साक्षी किनारासरह' बस्नुपरे जस्तो' नयाँ नकारात्मक तथ्यहरूमा 'अमिल्दो र अव्यावहारिक अवस्था' जनाउने मूल भाव 'गोलमेच' नाममा विषयीकरण हुँदै नयाँ सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'निर्वाचन प्रक्रियासँगै वार्ता' शीर्षक सम्पादकीयसँग जोडिएको छ । चारमध्ये दोस्रो अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'वैद्य नेतृत्वको मोर्चा', 'वार्ताविरोधी', 'प्रस्तुत पक्ष', 'मोर्चा', 'वैद्य नेतृत्व', 'असन्तुष्ट पक्ष', 'केही प्रमुख दल', 'केही राजनीतिक शक्ति' जस्ता संस्थागत/समूह वाचक नामसहित 'मुख', 'दावी', 'माग', 'सर्तहरू', 'चाहना', 'सम्मेलन', 'शक्तिशाली संस्था', 'निर्वाचनको तिथि', 'गोलमेच सम्मेलन', 'टुङ्गो', 'अडान', 'माध्यम', 'समेटाइ', 'चुनाव', 'अवसर', 'यतिबेला', 'नाम' जस्ता विविध नाम

समेटिएको देखिन्छ। यसमा 'सहमति', 'सरकार परिवर्तन', 'नयाँ संविधानका अन्तर्वस्तु', 'शक्तिशाली संस्था गोलमेच', 'संविधानसभा', 'सर्वपक्षीय छलफल', 'चुनावी निर्णय प्रक्रिया', 'सिन्डिकेट' आदि विषयगत नाम र पदावलीहरू उल्लेख भएको पाइन्छ। यीमध्ये अधिकांश नामहरू परिचित, परम्परित र आनुभविक देखिन्छन्। केही नामहरू निर्वाचनको सन्दर्भमा नकारात्मक विषयका वाहक देखिन्छन् भने तिनको प्रयोग केही तटस्थ र सहयोगी नामका साथ सकारात्मक धारणाको लागि भएको देखिन्छ। यसमा 'वैद्य नेतृत्वको मोर्चा', 'केही प्रमुख दल', 'केही राजनीतिक शक्ति', 'असन्तुष्ट पक्ष', 'वैद्य नेतृत्व' जस्ता समूह वाचक नामकरणमा परम्परागत पूर्वाग्रह पाइन्छ। कार्य, अवस्था र धारणाको संयोजनमा प्रयोग गरिएका अधिकांश नाम र विषयका पदावलीहरू वस्तुनिष्ठ र तटस्थताप्रति सचेत रहेको पनि देखिन्छ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल भदौको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन हुँदा दलीय हैसियतमा देखिएको भिन्नता, त्यसबाट उत्पन्न असङ्गत अवस्था र दलीय सहमति जस्ता विषयका नाममा दलहरूबिच निरन्तर गहिराइतिर गइरहेको द्वन्द्वको अवस्था जस्ता नकारात्मक सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ।

> निर्वाचन जस्तो लोकतान्त्रिक अभ्यासलाई नै बहिष्कार गर्ने बाटो अपनाउँदा त्यस्ता दल वास्तवमै जनतालाई निर्णय प्रक्रियामा सहभागी हुने उनीहरूको अधिकार उपभोग गराउने पक्षमा छ वा छैन भन्ने कुरा समेत स्पष्ट हुने हुनाले यो वा त्यो बहानामा निर्वाचन बहिष्कारको नारा लगाउनेहरूले गम्भीर विचार गर्नैपर्ने देखिन्छ। (उदाहरण नं. १०, परिशिष्ट ४, पाठ सङ्केत ख३०)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : निर्वाचन लोकतान्त्रिक अभ्यास हो।

उपवाक्य २ : निर्णय प्रक्रियामा जनताको सहभागी हुने अधिकार हुन्छ।

उपवाक्य ३ : (निर्वाचनलाई) बहिष्कार गर्ने दलहरू पनि छन्।

उपवाक्य ४ : (उनीहरू) यो वा त्यो बहानामा निर्वाचन बहिष्कारको नारा लगाउने गर्छन्।

उपवाक्य ५ : त्यस्ता दल वास्तवमै जनतालाई अधिकार उपभोग गराउने पक्षमा छ वा छैन स्पष्ट हुन्छ।

उपवाक्य ६ : तिनले गम्भीर विचार गर्नैपर्ने देखिन्छ।

प्रस्तुत छ उपवाक्यहरूबाट बनेको एउटा अत्यन्त जटिल वाक्यको संरचनागत ढाँचामा 'निर्वाचन', 'लोकतान्त्रिक अभ्यास', 'निर्णय प्रक्रिया', 'जनता', 'सहभागी हुने अधिकार', 'बहिष्कार गर्ने दलहरू', 'यो वा त्यो बहाना', निर्वाचन वहिष्कारको नारा', 'जनता', 'अधिकार उपभोग' र 'गम्भीर विचार' जस्ता नाम र विषयका पद र पदावलीको उपस्थिति रहेको देखिन्छ। यसमा 'निर्वाचन'लाई 'लोकतान्त्रिक अभ्यास'को विषयसँग नामिक तुल्यता प्रदान गरिएको, निर्वाचन बहिष्कार गर्ने दललाई 'त्यस्ता दल', 'यो वा त्यो बहाना' गर्दै 'निर्वाचन बहिष्कारको नारा लगाउने' विशेषतासहितको नामिक पहिचान दिएर 'गम्भीर विचार' गर्न जोडका साथ सुझाइएको, 'त्यस्ता दल'को

नामिक निर्भरतामा 'निर्णय प्रक्रियामा जनताको अधिकार' हुने सैद्धान्तिक विषयलाई जोड्दै 'जनताको अधिकार उपभोग' गराउने कार्यप्रति उनीहरूको पक्षधरता स्पष्ट हुने तर्कको सामाजिक प्रतिनिधित्वलाई उभ्याउन खोजिएको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'निर्वाचन बहिष्कारको नारा लगाउनेहरू', 'त्यस्ता दल', 'जनता', 'अधिकार उपभोग गराउने पक्ष' जस्ता संस्थागत र समूह वाचक नामका साथै 'निर्वाचन', 'बहिष्कार', 'बहाना', 'गम्भीर विचार' जस्ता विविध नाम र 'लोकतान्त्रिक अभ्यास', 'निर्णय प्रक्रिया', 'सहभागी हुने अधिकार', जस्ता विषयगत नाम पदावलीहरू रहेको पाइन्छ । यसमा निर्वाचन बहिष्कारको पक्षमा रहेका दलहरूप्रति अन्यथा भावसहित किनारीकृत गर्न खोजिएको मूल भावको सामाजिक प्रतिनिधित्व पाइन्छ । यसमा प्रयुक्त परम्परित, परिचित र आनुभविक नामहरूमध्ये 'यो वा त्यो बहानामा निर्वाचन बहिष्कारको नारा लगाउनेहरू' जस्ता पदावलीमा भिन्न अवस्था, धारणा, अनुभव आदिका सामाजिक प्रतिनिधित्व पाइन्छन् । यसमा एकभन्दा बढी नामहरूमा निर्भर विभिन्न तथ्यहरू, थप नामिक विशेषता र थप सैद्धान्तिक विषयहरू एकैपटक अनावश्यक शब्दहरूसहित जोडिएका कारण वाक्यमा निर्भर गर्न खोजिएको सामाजिक प्रतिनिधित्वमा स्पष्टता देखिँदैन । यसमा समेटिएका विभिन्न नामिक र विषयगत तथ्य र धारणालाई केलाएर सामाजिक प्रतिनिधित्वलाई खोज्दा अर्थावरोधको सामना गर्नुपर्ने देखिन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'दलहरू (को?) सक्रियता' शीर्षक सम्पादकीयसँग जोडिएको छ । तीनमध्ये अन्तिम अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'कसै...कसै', 'जनता', 'सही पक्ष', 'आम', 'सबै' जस्ता समूह वाचक नाम र सर्वनामका साथै 'आशय', 'कामना', 'प्रयास', 'मुलुक', 'देश', 'प्रतिबद्धता', 'दोस्रो संविधानसभा', 'उद्देश्य', 'उपाय', 'कमी कमजोरी', 'सुधार', 'समय', 'जीत', हार', 'दृष्टिकोण', 'अगाडि', 'वातावरण', 'निर्वाचन', 'होम', 'आवश्यकता', 'कल्याण', 'परिणाम', 'अवस्था', 'सिर्जना' जस्ता विविध नामहरू रहेको पाइन्छ । यसमा 'संविधानसभा निर्वाचन', 'आमसहमति', 'नयाँ संविधान', 'समय धेरै पेचिलो बन्दै गएको अवस्था', जस्ता विषयगत नाम पदावलीहरू रहेको पाइन्छ । यीमध्ये सबैजसो नामहरू निर्वाचनको विषयका सन्दर्भमा सकारात्मक र दलहरूको सन्दर्भमा तटस्थ देखिए पनि समूह जनाउने नामहरू हचुवा र भाववाचक नामहरूको बाहुल्यका कारण सामाजिक प्रतिनिधित्वले सशक्त नामिक र विषयगत निर्भरता पाउन सकेको देखिँदैन ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल भदौको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन हुँदा दलहरूबाट देखाइएका सक्रियतामा विशेषतः बहिष्कारको पक्षमा रहेका दलहरूप्रति लक्ष्यित सम्पादकीय धारणालाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा उभ्याउन खोजिएको पाइन्छ ।

> समयमै चुनाव नहुँदा अतिवादी जोखिम बढ्न सक्छ र प्राप्त अग्रगामी उपलब्धि गुम्न सक्छ भन्नेमा सबै संवेदनशील हुँदै बन्दै गरेको चुनावी माहोललाई थप चुनावमय बनाउनेतर्फ अग्रसर हुनु आवश्यक छ । (

उदाहरण नं. ११, परिशिष्ट ४, पाठ सङ्केत क३८)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : समयमै चुनाव नहुँदा अतिवादी जोखिम बढ्न सक्छ ।

उपवाक्य २ : (समयमै चुनाव नहुँदा) प्राप्त अग्रगामी उपलब्धि गुम्न सक्छ ।

उपवाक्य ३ : (अतिवादी जोखिम बढ्ने र अग्रगामी उपलब्धि गुम्नेमा) सबै संवेदनशील हुनुपर्छ ।

उपवाक्य ४ : चुनावी माहोल बन्दै गरेको छ ।

उपवाक्य ५ : (चुनावी माहोललाई) थप चुनावमय बनाउनेतर्फ अग्रसर हुनु आवश्यक छ ।

प्रस्तुत पाँच उपवाक्यहरूबाट बनेको एउटा अत्यन्त जटिल वाक्यको संरचनागत ढाँचामा 'समयमै चुनाव', 'अतिवादी जोखिम', 'अग्रगामी उपलब्धि', 'चुनावी माहोल' जस्ता नाम पदावलीमा विषयको उपस्थिति रहेको देखिन्छ । यसमा 'समयमै चुनाव' नहुने अवस्थालाई 'अतिवादी जोखिम' बढ्ने र प्राप्त 'अग्रगामी उपलब्धि' गुम्ने भिन्न अवस्थासँग नामिक तुल्यता प्रदान गरिएको र बन्दै गरेको 'चुनावी माहोल' को विषयलाई 'संवेदनशील' भएर 'थप चुनावमय' बनाउन 'सबै' लाई सुझाइएको सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'अतिवादी', 'अग्रगामी', 'सबै' जस्ता समूह वाचक नाम/सर्वनामका साथै 'समय', 'चुनाव', 'जोखिम', 'उपलब्धि', 'संवेदनशीलता', 'चुनावमय', 'बनाइ', 'अग्रसरता' जस्ता विविध नाम र 'चुनावी माहोल' जस्ता विषयगत नाम पदावली रहेको पाइन्छ। यसमा सामाजिक प्रतिनिधित्वको नामकरणमा 'अग्रगामी उपलब्धि' सँग जोडिएको समयमै संविधानसभा निर्वाचन हुनुपर्ने विषय प्राथमिकतामा रहेको देखिन्छ भने 'अतिवादी जोखिम' सँग जोडिएको समयमै निर्वाचन हुन नदिने विषय भिन्नतामा परेको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'निर्वाचनको रौनक' शीर्षक सम्पादकीयसँग जोडिएको छ। चारमध्ये अन्तिम अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'दलहरू', 'हरेक राजनीतिक दल' जस्ता समूह नामका साथै 'चुनावी बाटो', 'चुनावी गतिविधि', 'तीव्रता', 'अर्को विषय', 'निर्माण', 'दसैं-तिहार', 'चाडपर्व', 'चुनावी प्रचार', 'कार्यक्रम', 'केही कम', 'त्यसअघि', 'प्रष्ट धारणा', 'मुलुक', 'यतिबेला', 'पार', 'एउटा', 'विकल्प', 'निर्वाचन', 'संस्थागत गराइ', 'मुख्य आधार', 'सल्टाइ', 'विषय', 'अन्तिम अवसर', 'उपभोग' जस्ता विविध नाम र पदावली रहेको पाइन्छ । यसमा 'चुनावी घोषणापत्र', 'विगतको संविधानसभा', 'संघीयता', 'शासकीय स्वरूप', 'राजनीतिक र संवैधानिक संकट', 'लोकतन्त्र', 'निर्वाचन', 'अग्रगामी व्यवस्था', जस्ता विषयगत नाम र पदावलीहरू समेटिएको पाइन्छ। यीमध्ये सबैजसो नाम निर्वाचन विषयको अपरिहार्यतामा केन्द्रित र दलहरूको सन्दर्भमा तटस्थ देखिन्छन् । यसमा प्रयुक्त सबैजसो नाम र पदावलीहरू परम्परित, परिचित र आनुभविक रहेको पाइन्छ । यसमा रहेको 'ठूलो राजनीतिक र संवैधानिक संकट' ले निर्वाचनको स्थापित सन्दर्भमा मुलुकमा देखिएको विषम

अवस्थालाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा उभ्याएको पाइन्छ । त्यसमा विषयगत नामहरू सङ्कटलाई पार लगाउने पक्षमा रहेका धारणालाई सहयोग गर्ने आनुभविक तथ्यका रूपमा समेटिएको पाइन्छ ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल असोजको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन हुँदा निर्वाचनको माहोल बढाउन प्रेरित गर्ने र आवश्यक पर्ने विभिन्न तथ्यहरूलाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरतामा भेटिन्छ ।

> निर्वाचन आयोगले चुनावलाई धाँधली र भयरहित एवं निष्पक्ष बनाउने कार्यलाई प्राथमिकतामा राखे जस्तै चुनावलाई कम खर्चिलो बनाउनेतर्फ पनि ध्यान दिएको छ । (उदाहरण नं. १२, परिशिष्ट ४, पाठ सङ्केत ख४४)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : निर्वाचन आयोगले चुनाव गराउँछ ।

उपवाक्य २ : (निर्वाचन आयोगले) चुनावलाई धाँधली र भयरहित एवं निष्पक्ष बनाउँछ ।

उपवाक्य ३ : (चुनाव धाँधली र भयरहित एवं निष्पक्ष बनाउने) कार्य (आयोगको) प्राथमिकतामा छ ।

उपवाक्य ४ : (आयोगले) चुनावलाई कम खर्चिलो बनाउनेतर्फ पनि ध्यान दिएको छ ।

प्रस्तुत चार उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'निर्वाचन आयोग', 'चुनाव' र 'चुनावलाई कम खर्चिलो बनाउन ध्यान' जस्ता नामिक र विषयगत पद/पदावलीको उपस्थिति रहेको देखिन्छ । यसमा 'निर्वाचन आयोग' को संस्थागत नामिक निर्भरतामा 'धाँधली र भयरहित एवं निष्पक्ष चुनाव' गराउने विषयगत तथ्यलाई उभ्याइएको र त्यसको समानान्तरतामा 'चुनावलाई कम खर्चिलो बनाउनेतर्फ ध्यान' दिइएको सामाजिक प्रतिनिधित्व पाइन्छ । पछिल्लो उपवाक्यको मूल भावका आधारमा 'मितव्ययी चुनाव' विषयको नामकरण हुन आउँछ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'निर्वाचन आयोग' संस्थागत नाममा 'चुनाव', 'धाँधली', 'भय', 'निष्पक्ष', 'बनाइ', 'कार्य', 'प्राथमिकता', 'कम खर्च', 'ध्यान' जस्ता विविध नामहरू रहेको पाइन्छ । यी परिचित, परम्परित र आनुभविक नामहरू मूलतः निर्वाचन आयोगको कार्यसित सम्बन्धित देखिन्छन् । यसमा 'चुनाव' को थप नामिक निर्भरतामा 'धाँधली र भयरहित एवं निष्पक्ष' विशेषतालाई प्राथमिकतामा राखेको र त्यसलाई प्रकारान्तरले 'मितव्ययी बनाउन ध्यान' दिएको कार्यको प्रतिनिधित्व निर्भर गराइएको देखिन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'मितव्ययी चुनाव' शीर्षक सम्पादकीयसँग जोडिएको छ । तीमध्ये पहिलो अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'निर्वाचन आयोग', 'उम्मेदवारहरू', 'आयोग' जस्ता संस्थागत र समूहगत नामका साथै 'संविधानसभा निर्वाचन', 'कम खर्च', 'बनाइ', 'पहल', 'यसअघि',

'आचारसंहिता', 'जारी', 'चुनाव', 'प्रचारप्रसार', 'सिलसिला', 'खर्च', गराइ', 'पाइ', 'रकम', 'सीमा', 'अहिले', 'तडकभडकपूर्ण', 'प्रचार सामग्री', 'भोजभतेर', 'निषेध' जस्ता विविध नामहरू रहेको पाइन्छ। पश्च सन्दर्भनमा 'आयोग', 'राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू', 'चुनावमा प्रत्यक्ष संलग्न दलहरू' जस्ता संस्थागत र समूह नामका साथै 'निर्वाचन', 'गतिविधि', 'अनुगमन', 'चुनावी वातावरण', 'मूल्याङ्कन', 'निर्धारण', 'गराइ', 'मापदण्ड', 'लागू', 'विषय', 'ध्यान', 'आचारसंहिता', 'मापदण्ड', 'पालना', 'विषय', 'अनुगमन', 'कडाइ', 'निर्देशन', 'गम्भीरता', 'पालना', 'अनुगमन', 'ढुक्क', 'मापदण्ड', 'पालना', 'अनुगमन', 'मूल्याङ्कन', 'आवश्यकता', 'सुझाव', 'नसिहत', 'व्यवस्था' जस्ता विविध नाम र विषयहरू समेटिएका भेटिन्छन्। यीमध्ये सबैजसो नाम र विषयहरू निर्वाचन आयोगको कार्यका सन्दर्भमा परिचित, परम्परित र आनुभविक रहेका छन्। यिनलाई सकारात्मक कार्यको प्रतिनिधित्वका रूपमा निर्भरता प्रदान गरिएको देखिन्छ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल असोजको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन हुँदा मतभेद, असमझदारी, विकृति र आशङ्काका बिचमा निर्वाचन आयोगबाट भएका नियमित काम र सकारात्मक कारवाहीलाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरता प्रदान गरिएको भेटिन्छ।

> डर, त्रास, लोभ, लालच र बुथकब्जा जस्ता दुष्कार्यबाट जनताको मत प्रभावित पारियो भने वास्तविक जनमत एउटा तर चुनावी परिणाम अर्को हुन्छ। (उदाहरण नं. १३, परिशिष्ट ४, पाठ सङ्केत ख५०)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : डर, त्रास, लोभ, लालच र बुथकब्जा (गर्नु दुष्कार्य हो)।

उपवाक्य २ : (यस्ता) दुष्कार्यबाट जनताको मत प्रभावित हुन्छ।

उपवाक्य ३ : (दुष्कार्यबाट जनता प्रभावित भए) वास्तविक जनमत एउटा (हुन्छ)।

उपवाक्य ४ : (दुष्कार्यबाट जनता प्रभावित भए) चुनावी परिणाम अर्को हुन्छ।

प्रस्तुत चार उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'दुष्कार्य', 'जनताको मत', 'वास्तविक जनमत' र 'चुनावी परिणाम' जस्ता नाम र विषयको उपस्थिति रहेको देखिन्छ। यसमा 'दुष्कार्य' नाममा 'डर, त्रास, लोभ, लालच र बुथकब्जा जस्ता' नकारात्मक नामको समूहलाई विशेषताका रूपमा निर्भर गराइएको र त्यही नामको जगमा 'जनताको मत' प्रभावित हुने विषयमा 'वास्तविक जनमत' एउटा र 'चुनावी परिणाम' अर्को हुने धारणाको सामाजिक प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'जनता' समूह वाचक नाममा 'डर', 'त्रास', 'लोभ', 'लालच', 'बुथकब्जा', 'दुष्कार्य', 'मत', 'प्रभाव', 'वास्तविक जनमत', 'चुनावी परिणाम' जस्ता नाम र विषयहरू जोडिएको पाइन्छ। यी परम्परित र परिचित नामिक तथ्यहरूमा आनुभविक सांस्कृतिक विषय समाविष्ट रहेको भेटिन्छ।

यसमा विभिन्न नकारात्मक नामहरूसँग समानान्तर रूपमा जोडिएको एउटा नकारात्मक नाम 'दुष्कार्य' मा जनताको मत प्रभावित हुने धारणात्मक तथ्य प्रकट भएको र जनताको मत प्रभावित हुने कार्यलाई वास्तविक जनमत एउटा र चुनावी परिणाम अर्को हुने विषयगत तथ्यले निर्वाचनको सन्दर्भमा स्पष्टता प्रदान गरेको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'निर्वाचन पर्यवेक्षणको औचित्य' शीर्षक सम्पादकीयसँग जोडिएको छ । तीनमध्ये पहिलो अनुच्छेदमा रहेको यस सङ्कथनको पूर्व सन्दर्भनमा 'जनता' समूह वाचक नामका साथै 'निर्वाचन', 'लोकतान्त्रिक अभ्यास', 'वास्तविक विचार', 'प्रतिनिधित्व' जस्ता विषयगत नामहरू रहेको पाइन्छ । पश्च सन्दर्भनमा 'जनता', 'प्रतिनिधि', 'आम मतदाता', 'सहभागी', 'सबै पक्ष', 'राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय सञ्जाल', राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू', 'निर्वाचन आयोग' जस्ता समूह वाचक नामका साथै 'नेपाल', '२०१५ साल', 'आमजनमत', 'प्रतिविम्बित भएको कुरा', 'ढुक्क', 'भनाइ', 'सकाइ', 'अवस्था', 'पीडा', 'सुन्दरता', 'स्रोतसम्पन्नता', 'मुलुक', 'समृद्धि', 'बाटो', 'बल', 'योग्यता', 'सक्षमता', 'चयन', 'गराइ', 'सकाइ', 'वातावरण', 'प्रभाव', 'काम', 'सम्भावना', 'हरेक निर्वाचन', 'स्वच्छता', 'निष्पक्षता', 'धाँधलीरहितता', 'निर्वाचन', 'नियम', 'आचारसंहिता', 'पालना', 'अनुगमन', 'विधि', 'अन्तराष्ट्रिय जगत', 'स्थापना', 'नेपाल', 'निर्वाचन प्रक्रिया', 'स्वच्छता', 'अनुगमन', 'अनुमति', 'यसपटक', 'संविधानसभा', 'निर्वाचनको अभ्यास', 'चुनावी परिणाम' जस्ता विविध खालका नाम रहेको पाइन्छ । यसमा 'राजनीतिक अतिवाद र अराजकतावाद', 'जनताको अधिकार', 'निर्वाचन आचारसंहिता पर्यवेक्षण र अनुगमन' जस्ता विषयगत नाम पदावलीहरू पनि समेटिएको भेटिन्छ । यसमा सांस्कृतिक रूपमा परिचित, परम्परित र आनुभविक नाम र विशेषता जनाउने कार्यहरूको संयोजनमा मूलतः 'निर्वाचन पर्यवेक्षणको औचित्य' विषयसँग सम्बन्धित तथ्यहरू र तिनका आधारमा विश्लेषित नयाँ अवस्था, धारणा, अनुभव आदिको सामाजिक प्रतिनिधित्व रहेको पाइन्छ । यसमा अधिकांश नामहरू तटस्थ भए पनि कतिपय नाम पदावलीको संसक्तिमा भने प्रभावकारिताको अभाव देखिन्छ ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल कात्तिकको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा चुनाव प्रचारप्रसारका क्रममा हुनसक्ने अस्वस्थ प्रतिस्पर्धालाई रोक्न निर्वाचन आयोगबाट भएका नियामक र अनुगमनका कामका साथै तिनले पार्ने सकारात्मक प्रभावसित सम्बन्धित सम्पादकीय धारणालाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरता प्रदान गरिएको पाइन्छ ।

> यसबीच चुनाव प्रचारप्रसारका क्रममा विभिन्न ठाउँमा उम्मेदवारका गाडीमा आगजनी, कार्यक्रममा व्यवधान र केही स्थानमा झडप जस्ता अप्रिय घटना गरिएका छन् । (उदाहरण नं. १४, परिशिष्ट ४, पाठ सङ्केत ख५४)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : यसबिच चुनाव प्रचारप्रसारका घटना भएका छन् ।

उपवाक्य २ : विभिन्न ठाउँमा उम्मेदवारका गाडीमा आगजनी गरियो ।

उपवाक्य ३ : (विभिन्न ठाउँका) कार्यक्रममा व्यवधान गरियो ।

उपवाक्य ४ : केही स्थानमा झडप भए ।

उपवाक्य ५ : (चुनाव प्रचारप्रसारका क्रममा आगजनी, व्यवधान र झडप हुनु) अप्रिय घटना हुन् ।

प्रस्तुत पाँच उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'चुनाव प्रचारप्रसार', 'विभिन्न ठाउँ', 'उम्मेदवारका गाडीमा आगजनी', 'कार्यक्रममा व्यवधान', 'केही स्थानमा झडप' र 'अप्रिय घटना' को नामिक उपस्थितिमा विषय पनि समेटिएको देखिन्छ । यसमा 'अप्रिय घटना' को मूल नामिक निर्भरतामा 'चुनाव प्रचारप्रसार' को विषय सहनामिक उपस्थितिमा रहेको पाइन्छ । तिनमा 'विभिन्न ठाउँ' ले स्थानिक विविधता, 'उम्मेदवारका गाडीमा आगजनी' ले समूह व्यक्ति, वस्तु र कार्य, 'कार्यक्रममा व्यवधान' ले थप कार्य र 'केही स्थानमा झडप' ले स्थानसहित कार्यका सामाजिक प्रतिनिधित्वहरूलाई निर्भरता प्रदान गरेको देखिन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'उम्मेदवार' समूह वाचक नामका साथै 'यसबीच', 'चुनाव', 'प्रचारप्रसार', 'क्रम', 'विभिन्न ठाउँ', 'गाडी', 'आगजनी', 'कार्यक्रम', 'व्यवधान', 'केही स्थान', 'झडप', 'अप्रिय घटना' जस्ता विविध नाममा विषयगत सन्दर्भ समेटिएको पाइन्छ । यसमा प्रयुक्त नामसहित विषय समेटिएका अधिकांश पदावलीहरू सांस्कृतिक दृष्टिले परिचित, परम्परित र आनुभविक रहेको र यसबाट निर्वाचन प्रचारप्रसारका क्रममा भएका नकारात्मक सामाजिक प्रतिनिधित्व प्रकट हुन आएको देखिन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'राजनीतिक पर्व (को?) उत्कर्ष' शीर्षक सम्पादकीयसँग जोडिएको छ । तीनमध्ये अन्तिम अनुच्छेदको प्रारम्भमा रहेको यस सङ्कथनको पश्च सन्दर्भनमा 'दल दर्ताको वैधानिक प्रक्रिया पनि पूरा नगरेको नेकपा-माओवादी', 'मानिस', 'नेकपा-माओवादी', 'चुनावमा सहभागी हुन पाउने अन्य दल', 'वैद्य माओवादीका पाका नेता', 'सरकार', 'जनता' जस्ता समूह वाचक नामका साथै 'चुनाव', 'बहिष्कारको कार्यक्रम', 'कुरा', 'आशंका', 'आगजनी', 'धेरैजसो अप्रिय घटना', 'हात रहेको आमधारणा', 'चुनाव बहिष्कार', 'सुरक्षित हक', 'शान्तिपूर्ण र शालीन तरिका', 'प्रयोग', 'सम्मान', 'विषय', 'बुझाइ', 'कुरा', 'मतदान', 'अधिकार', 'आवश्यकता', 'सुरक्षा', 'प्रवन्ध', 'रोक्न खोजाइ', 'अप्रिय स्थिति', 'हित', 'चुनाव', 'गराइ', 'प्रतिबद्ध रहेको अवस्था', 'केही क्षेत्र', 'पछि', 'मतदान', 'तोकिएकै मिति', 'विश्वास', 'लामो समय', 'व्यग्र प्रतीक्षा' 'मतदानको दिन', 'नजिक', 'चुनावी माहोल', 'उत्कर्ष' जस्ता विभिन्न नाम र पदावलीहरू रहेका छन् । यसमा विशेषतः 'लोकतन्त्र', 'जनताको अधिकार', 'राजनीतिक संस्कार', 'मतदानको अधिकार', 'देश, राजनीति, राष्ट्रियता र जनता' जस्ता विषयहरू समेटिएको पाइन्छ । यी नाम र विषयहरू परिचित, परम्परित र आनुभविक पनि रहेका छन् । यिनमा चुनाव प्रचारप्रसारका क्रममा उत्पन्न नयाँ अवस्था, अनुभव, धारणा आदिको सामाजिक प्रतिनिधित्व निर्भर पाइन्छ । यसमा विशेषतः 'दल दर्ताको वैधानिक प्रक्रिया पनि पूरा नगरेको' तथ्यले 'नेकपा-माओवादी' पार्टीलाई र 'वैद्य माओवादीका पाका नेता' विशेषताले मोहन वैद्य किरणलाई नकारात्मक छविमा भिन्न देखाउँदै किनारीकृत गरिएको सामाजिक प्रतिनिधित्वमा केही हदसम्म पूर्वाग्रह पनि देखिन्छ ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल कात्तिकको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा चुनाव प्रचारप्रसारका गतिविधि गर्नमा पुऱ्याइएको अवरोधबाट उत्पन्न भिन्न परिस्थितिको मूल्याङ्कनलाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरता दिइएको भेटिन्छ ।

हक अधिकारका नाममा जब बल प्रयोग हुन थाल्छ, जब राजनीतिक पार्टीले हिंसाको सहारा लिन थाल्छ, त्यो क्रियाकलाप अलोकतान्त्रिक हुन जान्छ । त्यो क्रियाकलाप गैरजिम्मेवार बन्न जान्छ । (उदाहरण नं. १५, परिशिष्ट ४, पाठ सङ्केत क५८)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : (लोकतान्त्रिक पद्धतिमा) हक अधिकारका कुरा उठ्छन् ।

उपवाक्य २ : (हक अधिकारका नाममा जव राजनीतिक पार्टीबाट) बल प्रयोग हुन थाल्छ ।

उपवाक्य ३ : राजनीतिक पार्टीले हिंसाको सहारा लिन थाल्छ ।

उपवाक्य ४ : त्यो (बल प्रयोग र हिंसा) क्रियाकलाप अलोकतान्त्रिक हुन जान्छ ।

उपवाक्य ५ : त्यो (बल प्रयोग र हिंसा) क्रियाकलाप गैरजिम्मेवार बन्न जान्छ ।

प्रस्तुत पाँच उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा ' हक अधिकार', 'बल प्रयोग', 'राजनीतिक पार्टी', 'हिंसाको सहारा', 'अलोकतान्त्रिक क्रियाकलाप', 'गैरजिम्मेवार क्रियाकलाप' जस्ता नाम पदावलीमा विषयको पनि उपस्थिति रहेको देखिन्छ । यसमा पछिल्ला दुई पदावलीहरूलाई पुनर्निर्माण गरी 'अलोकतान्त्रिक र गैरजिम्मेवार क्रियाकलाप' नामकरण गर्न सकिन्छ । यिनै विषयगत नाममा निर्भर क्रियाकलापको सामाजिक प्रतिनिधित्वलाई क्रमशः हिंसाको सहारा, राजनीतिक पार्टी, बल प्रयोग र हक अधिकार' जस्ता पदावलीहरूमा उभ्याउँदै लगिएको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'राजनीतिक पार्टी' समूह वाचक नामका साथै 'हक', 'अधिकार', 'नाम', 'बल', 'प्रयोग', 'हिंसा', 'सहारा', 'क्रियाकलाप', 'अलोकतन्त्र', 'गैरजिम्मेवारी' जस्ता विविध नामहरू रहेको पाइन्छ । यी परिचित, परम्परित र आनुभविक नामहरूकै संसक्तिमा 'हक अधिकार', 'बल प्रयोग', 'हिंसाको सहारा', 'अलोकतान्त्रिक र गैरजिम्मेवार क्रियाकलाप' जस्ता विषय समेटिएको छ । यसमा मूलतः स्थापित नाम 'राजनीतिक पार्टी' मा 'हिंसाको सहारा' लिन थालेको विषय निर्भर देखिन्छ । त्यसपछि धारणाका रूपमा स्थापित 'अलोकतान्त्रिक र गैरजिम्मेवार क्रियाकलाप' भएको विषयमा 'हक अधिकारका नाममा वल प्रयोग' हुन थालेको अवस्थाको नयाँ सामाजिक प्रतिनिधित्व निर्भर हुन आएको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'जनविरोधी क्रियाकलाप' शीर्षक सम्पादकीयसँग जोडिएको छ । चारमध्ये पहिलो अनुच्छेदको मध्यमा रहेको यस सङ्कथनको अग्र सन्दर्भनमा 'विरोध', 'मनपरी', 'सीमा' जस्ता

नामसहित ‘लोकतान्त्रिक पद्धति’, ‘लोकतान्त्रिक प्रणाली’ जस्ता विषय रहेको र पश्च सन्दर्भनमा ‘माओवादीसहितको मोर्चा’, ‘आम जनता’, ‘अरु’, ‘जन’ जस्ता संस्थागत र समूह वाचक नामका साथै ‘राजनीतिक विमति’, ‘हक’, ‘जोकोहीलाई सुरक्षित’, ‘नाम’, ‘मौलिक हक’, ‘अधिकार’, ‘हनन’, ‘सास्ती’, ‘त्रास’, ‘तौरतरिका’, ‘शान्तिपूर्ण’, ‘मनन’, ‘विरोध’, ‘कार्यक्रम’, ‘तत्काल फिर्ता’, ‘अख्तियार’ जस्ता विविध नामको प्रयोग भएको पाइन्छ । यस अतिरिक्त ‘लोकतान्त्रिक विधि’, ‘मौलिक हक’, ‘त्रासमा राख्ने अधिकार’, ‘राजनीतिक चरित्र’, ‘लोकतन्त्र’, ‘राजनीतिक विमति’, ‘विरोधको राजनीति’, ‘जनविरोधी बन्द’ जस्ता विषयगत नाम पदावलीहरू भेटिन्छन् । यसमा निर्वाचनमा सहभागी राजनीतिक पार्टीका निर्वाचन आचारसंहिता र मान्यता विरोधी विषयसँग जोडिएका क्रियाकलापको सामाजिक प्रतिनिधित्वको विषयगत संयुक्ति मूलतः ‘जनविरोधी क्रियाकलाप’ नाममा निर्भर रहेको पाइन्छ ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल कात्तिकको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा राजनीतिक पार्टीबाट विरोध र विमतिका नाममा भएका बल प्रयोग र हिंसामुखी प्रवृत्तिका विषयप्रति सचेत हुँदै विरोधमा उभिएको सम्पादकीय धारणाको सामाजिक प्रतिनिधित्व भेटिन्छ ।

> निर्वाचन प्रयोजनमा बालबालिकाको प्रयोग हुनुले दलहरूको गैरजिम्मेवार र असंवेदनशील प्रवृत्ति उजागर गरेको छ । (उदाहरण नं. १६, परिशिष्ट ४, पाठ सङ्केत क५९)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : निर्वाचनमा (दलहरूबाट) बालबालिकाको प्रयोग भयो ।

उपवाक्य २ : (यसले) दलहरूको गैरजिम्मेवार (प्रवृत्ति उजागर गरेको छ) ।

उपवाक्य ३ : (यसले दलहरूको) असंवेदनशील प्रवृत्ति उजागर गरेको छ ।

प्रस्तुत तीन उपवाक्यहरूबाट बनेको एउटा छोटो तर जटिल वाक्यको संरचनागत ढाँचामा ‘निर्वाचनमा बालबालिकाको प्रयोग’, ‘दलहरूको गैरजिम्मेवार र असंवेदनशील प्रवृत्ति’ विषयको नामिक उपस्थिति रहेको देखिन्छ । यसमा मूलतः ‘बालबालिका’ र ‘दलहरू’ को नामिक निर्भरतामा ‘निर्वाचनमा प्रयोग’ भएको विषयलाई जोड्दै ‘गैरजिम्मेवार र असंवेदनशील प्रवृत्ति उजागर गरेको’ धारणासहित नयाँ सामाजिक प्रतिनिधित्वलाई उभ्याइएको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा ‘बालबालिका’, ‘दलहरू’ जस्ता संस्थागत समूह वाचक नामका साथै ‘निर्वाचन’, ‘प्रयोजन’, ‘प्रयोग’, ‘गैरजिम्मेवारी’, ‘असंवेदनशीलता’, ‘प्रवृत्ति’, ‘उजागर’ जस्ता विविध नाम रहेको पाइन्छ । यी नामहरू परम्परित, परम्परागत र आनुभविक सांस्कृतिक विषयसँग सम्बन्धित छन् । तिनमा निर्वाचनमा सहभागी दलहरूबाट प्रचारप्रसारका क्रममा आचारसंहिता विषयमा सांस्कृतिक मान्यता विपरीत भएका कार्य र अवस्थासहित तिनको विरुद्धमा सचेत धारणागत सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'चुनावमा बालबालिकाको दुरुपयोग' शीर्षक सम्पादकीयसँग जोडिएको छ। चारमध्ये अन्तिम अनुच्छेदको मध्यमा रहेको यस सङ्कथनको अग्र सन्दर्भनमा 'राज्य', 'राजनीतिक दल', 'सरकार', 'राजनीतिक दलहरू', 'बालबालिका', जस्ता संस्थागत र समूह वाचक नामका साथै 'अबोध', 'आफ्नो अधिकार', 'आवाज', 'अशक्तता', 'ससाना प्रलोभन', 'फसाइ', 'जुनसुकै अवस्था', 'प्रयोग', 'दायित्व', 'सवाल', 'हस्ताक्षर', 'प्रतिबद्धता', 'अधिकार', 'संरक्षण', 'कानुन', 'प्रतिबद्धता', 'कागज', 'सीमित', 'निर्वाचन', 'राजनीतिक अभीष्ट', 'पूरा', 'बिनाहिच्किचाहट' जस्ता विविध नामहरू रहेको पाइन्छ। यसमा 'बालअधिकार', 'अधिकारको संरक्षण', 'विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू', 'कानुन' जस्ता विषयगत नामहरू पनि समेटिएको देखिन्छ। पश्च सन्दर्भनमा 'बालबालिका' समूह नामका साथै 'दुरुपयोग', 'अनुगमनकारी निकाय', 'सूक्ष्म अनुगमन', 'आचारसंहिता' जस्ता नाममा विभिन्न विषय पनि समेटिएको देखिन्छ। यसमा स्थापित समूह नाम 'बालबालिका' मा 'उनीहरूको अबोधपनासहित अधिकार संरक्षण' को विषयगत प्रतिनिधित्व प्राथमिकतामा परेको देखिन्छ भने निर्वाचन आचारसंहिता विपरीत गएर बालबालिकाको दुरुपयोग गर्ने दलहरू र बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षरसहित प्रतिबद्धता जनाए पनि कानुन कार्यान्वयन नगर्ने राज्यको कामको सामाजिक प्रतिनिधित्व किनारीकृत भएको पाइन्छ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल कात्तिकको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा निर्वाचन प्रचारप्रसारका क्रममा दलहरूबाट भएका गैरजिम्मेवार र अराजनीतिक कामहरू नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरतामा प्रकट हुन आएको पाइन्छ।

> उसले खासगरी जिल्ला-जिल्लामा चुनाव सामग्रीको ढुवानी र मतदानसम्बन्धी सबै कार्यक्रमको आधुनिक प्रविधिबाट 'ट्र्याकिङ' गर्ने तरिका अपनाएको छ। (उदाहरण नं. १७, परिशिष्ट ४, पाठ सङ्केत क६१)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : (निर्वाचन आयोग)ले जिल्ला-जिल्लामा चुनाव सामग्री ढुवानी गर्छ।

उपवाक्य २ : (निर्वाचन आयोग)ले मतदानसम्बन्धी सबै कार्यक्रम गर्छ।

उपवाक्य ३ : (निर्वाचन आयोग)ले आधुनिक प्रविधिबाट (कामको) 'ट्र्याकिङ' गर्ने तरिका अपनाएको छ।

प्रस्तुत तीन उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'चुनाव सामग्रीको ढुवानी', 'मतदानसम्बन्धी सबै कार्यक्रम', 'आधुनिक प्रविधि' र 'ट्र्याकिङ गर्ने तरिका' को नामिक र विषयगत उपस्थिति रहेको देखिन्छ। यसमा मूलतः 'चुनाव सामग्री ढुवानी' विषयलाई उदाहरणमा सार्वनामित निर्वाचन आयोगको कामका रूपमा उभ्याउँदै 'आधुनिक प्रविधिबाट ट्र्याकिङ गर्ने तरिका' को नयाँ सामाजिक प्रतिनिधित्वलाई नामिक र विषयगत निर्भरता दिइएको पाइन्छ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'उस' सर्वनाममा चिन्हित निर्वाचन आयोगसहित 'जिल्ला-जिल्ला', 'चुनाव सामग्री', 'ढुवानी', 'मतदान', 'सबै कार्यक्रम', 'आधुनिक प्रविधि', 'ट्रयाकिङ' 'तरिका' जस्ता विविध नाम रहेको पाइन्छ। यसमा सङ्केतित मूल नाम 'निर्वाचन आयोग' कै केन्द्रीयतामा स्थानिक र कार्य प्रकृतिगत व्यापकताको पहिचान दिने विषयगत तथ्यहरू सामाजिक प्रतिनिधित्वका रूपमा समेटिएको पाइन्छ। यसमा नेपाली भाषाको सन्दर्भमा 'ट्रयाकिङ' बाहेक अन्य नाम र विषयहरू परिचित, परम्परित र आनुभविक देखिन्छन्।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'निर्वाचनमा प्रविधि प्रयोग' शीर्षक सम्पादकीयसँग जोडिएको छ। चारमध्ये पहिलो अनुच्छेदको मध्यमा रहेको यस सङ्कथनको अग्र सन्दर्भनमा 'निर्वाचन आयोग' संस्थागत नामका साथै 'अधिकतम प्रयोग', 'तुलनात्मक रूप', 'चुस्तता', 'बनाइ', 'गराइ', 'प्रयास' जस्ता विविध नाम र 'सूचना प्रविधि', 'चुनावी प्रक्रिया' जस्ता विषय रहेको पाइन्छ। पश्च सन्दर्भनमा 'निर्वाचन आयोग', 'निर्वाचन अधिकृत कार्यालय', 'मतदान केन्द्रहरू', 'दक्ष र इमानदार जनशक्ति' जस्ता संस्थागत समूह नामका साथै 'काठमाडौं', 'मुख्यालय', 'देश', 'निर्वाचन', 'गतिविधि', 'अनुगमन', 'जडान', 'प्रविधि', 'मतदान', 'मतगणना', 'प्रक्रिया', '२४० वटा', 'विद्युत', 'अनुगमन', 'प्रणाली', 'गडबढी', 'समस्या', 'सूचना', 'प्रवाह', 'सहयोग', 'व्यवस्था', 'निर्वाचन', 'धाँधली', 'उपलब्धता', 'प्रविधि', 'प्रभाव', 'कार्यान्वयन', 'आवश्यकता', 'प्राविधिक तयारी', जस्ता विविध नामहरू रहेको पाइन्छ। यसमा 'निर्वाचन', 'मतदान प्रक्रिया', 'प्रविधि', 'सूचना प्रवाह', 'विद्युतीय अनुगमन प्रणाली', 'जनशक्ति' जस्ता विषयगत नाम पनि समाविष्ट रहेको देखिन्छ। यसमा प्रयुक्त नाम र विषयहरूमा विविधता रहे पनि अधिकांश पद र पदावलीहरू निर्वाचनमा प्रविधि प्रयोगको विषयका सवालमा तटस्थ देखिन्छन्।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल कात्तिकको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा निर्वाचन आयोगबाट भएको सूचना प्रविधिको प्रयोगबाट जिल्ला-जिल्लामा भएका सबै कामको मुख्यालयबाटै ट्रयाकिङ गर्ने विद्युतीय तरिकाले नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरता पाएको देखिन्छ।

भारत, चीन, अमेरिका, संयुक्त राष्ट्रसंघलगायत सबैले निर्वाचनको स्वागत गरेका छन्। (उदाहरण नं. १८, परिशिष्ट ४, पाठ सङ्केत क६७)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : भारत, चीन, अमेरिका, संयुक्त राष्ट्रसंघलगायत (देशहरू छन्)।

उपवाक्य २ : (ती) सबै (देश) ले निर्वाचनको स्वागत गरेका छन्।

प्रस्तुत दुई उपवाक्यहरूबाट बनेको एउटा छोटो र कम जटिल वाक्यको संरचनागत ढाँचामा 'भारत', 'चीन', 'अमेरिका', 'संयुक्त राष्ट्रसंघ' र 'निर्वाचनको स्वागत' को नामिक र विषयगत उपस्थिति रहेको देखिन्छ।

यसमा 'सबै' देश जनाउने नामको संयोजनमा समेटिन आउने विविध विषयगत तथ्यमा 'निर्वाचनको स्वागत' भएको कार्यको नयाँ सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'भारत', 'चीन', 'अमेरिका', 'संयुक्त राष्ट्रसंघ', 'लगायत सबै', देशका नाममा 'निर्वाचन' र 'स्वागत' सित सन्दर्भित विषय समेटिएको पाइन्छ । यसमा प्राथमिकतामा परेका देशका नामहरू विषयगत रूपमा परिचित, परम्परित हुनाका साथै यिनले 'निर्वाचनको स्वागत' गरेको नयाँ सामाजिक प्रतिनिधित्वका साथमा अन्य आनुभविक सांस्कृतिक तथ्यहरू पनि निर्भर रहेको बुझ्न सकिन्छ । देशका नामहरूको अन्त्यमा 'लगायत सबै' ले अन्य देशलाई समेत समेटाइको दायरामा ल्याएर निर्वाचनको प्रक्रिया र परिणामलाई दिइएको मान्यताको अमूर्त प्रतिनिधित्वलाई मूर्त, व्यापक र विस्तारित बनाएको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'एमाओवादीले गर्नै नहुने गल्ती' शीर्षक सम्पादकीयसँग जोडिएको छ । चारमध्ये दोस्रो अनुच्छेदको अन्त्यमा रहेको यस सङ्कथनको अग्र सन्दर्भनमा 'एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल', 'दुई पूर्व उपाध्यक्ष बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ', 'पत्रकार', 'दाहाल र भट्टराई', 'आम मतदाता', 'युरोपियन युनियन', 'कार्टर सेन्टर', 'स्वदेशी-विदेशी पर्यवेक्षक' जस्ता संस्थागत, समूह वाचक र व्यक्ति नाम तथा थरसमेत उल्लेख भएको पाइन्छ । यसमा 'पत्रकार सम्मेलन', 'निर्वाचन', 'धाँधली', 'मतपेटिका', 'फेरबदल', 'मतदान', 'पार्टी', 'औपचारिक धारणा', 'निर्वाचन ऐतिहासिक र शान्तिपूर्ण', 'स्वागत', 'आभार प्रकट', 'चुनाव', 'सघन अवलोकन', 'निष्पक्षता', 'शान्ति', 'सम्पन्न भएको प्रतिक्रिया' जस्ता नाम र विषयहरू समेटिएका छन् । विशेषतः निर्वाचन परिणाम आएपछि फरक प्रतिक्रिया दिएका कारण 'एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल' को नाममा नकारात्मक कार्यको सामाजिक प्रतिनिधित्व निर्भर देखिन्छ भने 'दुई पूर्व उपाध्यक्ष बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ' सहयोगीका रूपमा उभिएको पाइन्छ । यसको विपरीततामा 'युरोपियन युनियन', 'कार्टर सेन्टर' र 'स्वदेशी-विदेशी पर्यवेक्षक' नाममा निर्वाचन प्रक्रिया र परिणामको विषयका पक्षमा सकारात्मक सामाजिक प्रतिनिधित्व निर्भर देखिन्छ । विपरीत धारको प्रतिनिधित्व गर्ने यी नामहरूको बिचमा 'आम मतदाता' र 'पत्रकार' को सामाजिक प्रतिनिधित्व रहेको पाइन्छ । यस बाहेक अधिकांश पद र पदावलीहरूलाई प्रतिनिधित्वका दृष्टिले वास्तविक र तटस्थ मान्न सकिन्छ ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका विषयगत तथ्य र धारणामा २०७० साल मङ्सिरको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा निर्वाचन सम्पन्न भएर परिणाम आइसकेपछि एमाओवादीले दिएको फरक प्रतिक्रियालाई गलत सावित गर्न सबै स्वदेशी-विदेशीले गरेको स्वागतलाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरता प्रदान गर्दै प्रस्तुत गरेको देखिन्छ ।

> व्यवस्थापिका-संसद्मा सहजै सुविधाजनक बहुमत जुटाउन सक्ने पहिलो र दोस्रो हैसियतका दलहरू- नेपाली कांग्रेस र नेकपा एमालेले संयुक्त सरकार गठन गर्ने अब निश्चित प्रायः भएको छ । (उदाहरण नं. १९, परिशिष्ट ४, पाठ सङ्केत क९२)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : व्यवस्थापिका-संसद्मा बहुमत जुटाउन (सक्नुपर्छ) ।

उपवाक्य २ : (व्यवस्थापिका-संसद्मा) पहिलो र दोस्रो दलहरू- नेपाली कांग्रेस र नेकपा एमाले हुन् ।

उपवाक्य ३ : (तिनीहरूको मतमा) सहजै सुविधाजनक बहुमत जुटाउन सक्ने हैसियत (छ ।)

उपवाक्य ४ : अब (नेपाली कांग्रेस र नेकपा एमालेले) संयुक्त सरकार गठन गर्ने निश्चित प्रायः छ ।

प्रस्तुत चार उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'व्यवस्थापिका-संसद्', 'सुविधाजनक बहुमत', 'दलहरू', 'नेपाली कांग्रेस र नेकपा एमाले', 'संयुक्त सरकार' जस्ता नाम र विषयको उपस्थिति देखिन्छ । यी स्थापित नाम र विषयमा संरचना, विधि, संस्था, कार्य र सम्भावना जनाउने नयाँ सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'दलहरू', 'नेपाली कांग्रेस', 'नेकपा एमाले' संस्थागत समूह नाम, 'व्यवस्थापिका-संसद्', 'सहज', 'सुविधा', 'बहुमत', 'जुटाइ', 'सकाइ', 'हैसियत', 'गठन', 'गराइ', 'अब', 'निश्चित प्रायः' जस्ता विविध नाम र 'संयुक्त सरकार', 'सुविधाजनक बहुमत', 'व्यवस्थापिका-संसद्' सित जोडिएका विषय समेटिएको पाइन्छ । यसमा स्थापित नाम 'नेपाली कांग्रेस र नेकपा एमाले' मा नयाँ नाम 'संयुक्त सरकार गठन' गर्ने विषयसहित 'अब निश्चित प्रायः भएको' नयाँ सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । यस नयाँ प्रतिनिधित्वलाई 'सरकार' गठन गर्न 'व्यवस्थापिका-संसद', मा 'सुविधाजनक बहुमत' जुटाउने विधि पुऱ्याउन सहजै सक्ने 'पहिलो र दोस्रो हैसियतका दलहरू' जस्ता स्थापित नामिक र विषयगत तथ्यहरूमा निर्भर गराइएको पाइन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'कांग्रेस-एमाले सहमतिको आधार' शीर्षक सम्पादकीयसँग जोडिएको छ । पाँचमध्ये पहिलो अनुच्छेदको प्रारम्भमा रहेको यस सङ्कथनको पश्च सन्दर्भनमा 'एनेकपा माओवादी र राप्रपा नेपाल', 'दुई दल', 'आम जनता', 'मुख्य राजनीतिक दलहरू', 'कांग्रेस-एमाले', 'अन्य', 'सम्भावित सत्ता-साझेदारहरू' जस्ता संस्थागत समूह नामका साथै 'विपक्षमा बसाइ', 'घोषणा', 'सरकार', 'निर्माण', 'प्रक्रिया', 'अपेक्षित तीव्रता', 'गठन', 'अनुमान', 'सीमित', 'चुनाव' 'अढाई महिना', 'नयाँ सरकार', 'बृद्धि', 'निराशा', 'समय', 'किनारा', 'आवश्यकता', 'जरुरी' जस्ता विविध नाम रहेको देखिन्छ । यसमा 'नयाँ सरकार गठन', 'सरकार निर्माण', 'सत्ता-साझेदारी', 'प्रतिपक्ष', 'राजनीतिक सम्झौता' आदिसँग जोडिएका विषयहरू समाविष्ट रहेको पाइन्छ । यसमा 'कांग्रेस-एमाले' प्राथमिकतामा र 'एनेकपा माओवादी र राप्रपा नेपाल' लगायत 'अन्य सम्भावित सत्ता-साझेदारहरू' किनारामा रहेका देखिन्छन् । यस बाहेक अधिकांश नाम र विषयहरू सामान्यतः तटस्थ भेटिन्छन् । यसमा 'नयाँ सरकार गठन' को स्थापित नामिक विषयमा निर्वाचनपछिको अढाई महिना लामो ढिलाइ हुँदा पनि सम्भावनामै सीमित रहेको अवस्थाप्रतिको असन्तोषको विषयलाई नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा निर्भरता प्रदान गरिएको पाइन्छ ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नाम र विषयसँग जोडिएका तथ्य र धारणामा २०७० साल माघको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा सरकार गठनमा भइरहेको असामान्य ढिलासुस्ती, व्यवस्थापिका-संसद्मा पुगेका दलहरूको हैसियत, सुविधाजनक बहुमत र सम्भाव्य जोडघटाउको अवस्थालाई नामिक र विषयगत निर्भरता प्रदान गरिएको देखिन्छ ।

> दोस्रो संविधानसभामा रहेका ३० दल तथा दुई स्वतन्त्र सभासद् सबैको एक मात्र केन्द्रबिन्दु भनेको संविधान नै हो र हुनु पनि पर्छ, विगतमा संविधानलाई गौण र सत्तालाई केन्द्र मानिएकै कारण सफलता आकाशपारिको विषय बनेको कटु यथार्थ अहिले स्मरण गर्नैपर्छ । (उदाहरण नं. २०, परिशिष्ट ४, पाठ सङ्केत ख८८)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : दोस्रो संविधानसभामा ३० दल (निर्वाचित छन्) ।

उपवाक्य २ : (दोस्रो संविधानसभामा) दुई स्वतन्त्र सभासद् (निर्वाचित) रहेका छन् ।

उपवाक्य ३ : सबै (सभासद्)को एक मात्र केन्द्रबिन्दु भनेको संविधान नै हो ।

उपवाक्य ४ : (सबै सभासद्को एक मात्र केन्द्रबिन्दु भनेको संविधान नै) हुनु पनि पर्छ ।

उपवाक्य ५ : विगतमा संविधानलाई गौण मानियो ।

उपवाक्य ६ : (विगतमा) सत्तालाई केन्द्र मानियो ।

उपवाक्य ७ : (यसैकारण) सफलता आकाशपारिको विषय बन्यो ।

उपवाक्य ८ : (यस्तो) कटु यथार्थ (को) अहिले स्मरण गर्नैपर्छ ।

प्रस्तुत आठ उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा 'दोस्रो संविधानसभा', '३० दल', 'दुई स्वतन्त्र सभासद्', 'संविधान', 'सत्ता', 'सफलता' र 'कटु यथार्थ' जस्ता नाम र विषयको उपस्थिति रहेको देखिन्छ । यसमा मुख्यतः 'दोस्रो संविधानसभा' र 'संविधान' नाममा संविधान निर्माण विषयसँग जोडिएका तथ्य र धारणाको नयाँ सामाजिक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा '३० दल', 'दुई स्वतन्त्र सभासद्', 'सबै' जस्ता संस्थागत र समूह नामका साथै 'दोस्रो संविधानसभा', 'एक मात्र केन्द्रबिन्दु', 'संविधान', 'विगत', 'गौण', 'सत्ता', 'केन्द्र', 'सफलता', 'आकाश', 'पारिको विषय', 'कटु यथार्थ', 'अहिले', 'स्मरण' जस्ता नाम र विषयहरू समेटिएको पाइन्छ । यसमा 'केन्द्रविन्दु', 'आकाशपारिको विषय', कटु यथार्थ जस्ता नाम पदावलीको समेटाइले जटिलता र अस्पष्टता मिश्रित अर्थावरोधको स्थिति सिर्जना गरेको देखिन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'बहुमतीय सरकार (का लागि?) पहल' शीर्षक सम्पादकीयसँग जोडिएको छ । तीनमध्ये अन्तिम अनुच्छेदको प्रारम्भमा रहेको यस सङ्कथनको पश्च सन्दर्भनमा 'वर्तमान

राजनीतिक नेतृत्व', 'सबै', 'राजनीतिक दल', 'तमाम राजनीतिक दल', 'दल', 'सरकार', 'जन' जस्ता संस्थागत समूह नामका साथै 'ग्रहण', 'सक्षमता', 'इतिहास', 'पाठ', 'कमी', 'कमजोरी', 'असफलता', 'खुबी', 'सरकार', 'गठन', 'सन्दर्भ', 'विषय', 'राष्ट्रिय अभिभारा', 'ऐक्यबद्धता', 'भागबन्डा', 'राजनीति', 'अपूरणीय क्षति', 'पद', 'दलीय साख', 'खस्काइ', 'पारा', 'जन-आवाज', 'बाँडफाँड', 'अलमल', 'बहुमत' 'गम्भीरता', 'इमानदारी', 'एकता', 'समय', 'माग', 'वर्षदिन' 'संविधान', 'युगान्तकारी काम', 'बाधा', 'सवाल', 'सक्रियता', 'वाञ्छनीयता' जस्ता नाम र विषयहरू रहेको पाइन्छ । यस बाहेक, 'बहुमतीय सरकार', 'सरकार गठनको प्रक्रिया', 'भागबन्डाको राजनीति', 'संविधान', 'राष्ट्रियता', 'भागबन्डाको सरकार', 'बहुमतीय सरकार', 'दलीय साख' जस्ता विषय समेटिएको पाइन्छ । यसमा रहेका अधिकांश नाम र विषयगत पद र पदावलीहरूको अनावश्यक प्रयोगका साथै पुनरावृत्ति भएको पाइन्छ । तिनमा अधिकांशतः नकारात्मक विषयको नामिक प्रतिनिधित्व निर्भर देखिन्छ ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल माघको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा संविधानसभामा सहभागी दल र स्वतन्त्र सभासद्को काम संविधान निर्माणतिरभन्दा सत्तामुखी भएर पदीय भागबन्डालाई प्राथमिकतामा राख्ने प्रवृत्तिको पुनरावृत्ति भएको तथ्य नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरतामा प्रकट हुन आएको देखिन्छ ।

> कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको यो दिन कान्तिपुर पब्लिकेसन्सका लागि पनि एउटा सुखद संयोगको दिन हो, किनभने मुलुकलाई प्रजातान्त्रिक बाटोमा हिँडाउने तिथिको सम्झना गर्दै गर्दा हामी २१ औं वार्षिकोत्सव मनाउँदै छौं । (उदाहरण नं. २१, परिशिष्ट ४, पाठ सङ्केत क९९)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : (फागुन ७ गते) कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको दिन (हो) ।
उपवाक्य २ : यो दिन कान्तिपुर पब्लिकेसन्सका लागि पनि एउटा सुखद संयोगको दिन हो ।
उपवाक्य ३ : (आज हामी) मुलुकलाई प्रजातान्त्रिक बाटोमा हिँडाउने तिथिको सम्झना गर्दै छौं ।
उपवाक्य ४ : (आजै) हामी (कान्तिपुर पब्लिकेसन्सको) २१ औं वार्षिकोत्सव मनाउँदै छौं ।

प्रस्तुत चार उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा मुख्यतः 'कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको दिन' र 'कान्तिपुर पब्लिकेसन्स' को समानान्तर नामिक र विषयगत उपस्थिति रहेको देखिन्छ । यसको निर्भरतामा 'एउटा सुखद संयोगको दिन', 'मुलुकलाई प्रजातान्त्रिक बाटोमा हिँडाउने तिथिको सम्झना', 'हामी' र '२१औं वार्षिकोत्सव' मनाउँदै गरेका तथ्यहरू संयोजित भएर नयाँ सामाजिक प्रतिनिधित्व निर्माण भएको भेटिन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'कान्तिपुर पब्लिकेसन्स' संस्थागत नाम, 'कठोरता', 'विरुद्धता',

'सफलता', 'दिन', 'एउटा', 'सुख', 'संयोग', 'दिन', 'मुलुक', 'बाटो', 'हिँडाइ', 'तिथि', 'सम्झना', '२१', 'वार्षिकोत्सव' जस्ता विविध नामहरूका साथै 'निरङ्कुश व्यवस्था', 'जनक्रान्ति', 'प्रजातन्त्र' जस्ता विषयमा आमसंचार संस्था स्थापनाको सन्दर्भ समेत समेटिएको पाइन्छ । यसमा स्थापित नाम 'दिन' मा 'कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको' विषयको विशिष्ट सन्दर्भ निर्भर रहेको पाइन्छ । साथै, त्यसमा 'कान्तिपुर पब्लिकेसन्स' को वार्षिकोत्सव मनाउँदै गरेको अर्को सन्दर्भको विशिष्टतालाई जोड्दै 'एउटा सुखद संयोग' भएको धारणाले नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा विषयसहित नामिक निर्भरता पाएको पाइन्छ । यसमा प्रयुक्त अधिकांश नाम र विषय परम्परित, परिचित र आनुभविक खालका देखिन्छन् ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'फागुन ७ को सान्दर्भिकता' शीर्षक सम्पादकीयसँग जोडिएको छ । चारमध्ये अन्तिम अनुच्छेदको मध्यमा रहेको यस सङ्कथनको अग्र सन्दर्भनमा 'फागुन ७', 'सन्दर्भ', 'फर्काइ', 'दिन', 'नेपाल', 'एक जुग', 'एउटा दिन' जस्ता विविध नाम र 'प्रजातान्त्रिक आन्दोलन' विषय रहेको पाइन्छ । पश्च सन्दर्भनमा 'कान्तिपुर' संस्थागत नामका साथै '०४६ साल', 'प्रजातन्त्र', 'पुनःस्थापना', 'खुला', 'परिवेश', 'स्वतन्त्रता', 'व्यावसायिकता', 'मिडिया', 'प्रोत्साहन', 'यात्रा', 'लोकतन्त्र', 'मूल्य', 'मान्यता', 'मुलुक', 'रक्षा', 'अविराम', 'जारी', 'अप्ठेरा', 'चुनौती', 'क्षण', 'बेहोराइ', 'अघि बढाइ', 'संस्थागत विकास', 'नयाँ संविधान', 'निर्माण', 'स्वार्थ', 'विकास', 'मूलभूत मुद्दा', 'आगामी दिन', 'दृढता', 'अझ मजबुत' जस्ता विविध नाम समेटिएको पाइन्छ । यसमा 'स्वतन्त्र र व्यावसायिक मिडिया', 'लोकतान्त्रिक मूल्य, मान्यता', 'सार्वभौमिकता', 'संघीय लोकतन्त्र', 'राष्ट्रियता' जस्ता विषयहरू उल्लेखित पाइन्छ । यसमा प्रयुक्त अधिकांश पद र पदावलीहरू परम्परित, परिचित, आनुभविक र सकारात्मक देखिन्छन् ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल फागुनको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा प्रजातन्त्र दिवस पारेर स्वतन्त्र र व्यावसायिक मिडियाका रूपमा स्थापित कान्तिपुर पब्लिकेसन्सको लक्ष्य मुलुकको सार्वभौमिकताको रक्षा र लोकतन्त्रको संस्थागत विकाससँग सन्दर्भित भएको नयाँ सामाजिक प्रतिनिधित्व नामिक र विषयगत निर्भरतामा उद्घाटित हुन आएको देखिन्छ ।

> लामो राजनीतिक उतारचढावपछि नेपाली राजनीतिक नेतृत्वलाई जनआन्दोलनले कमाएका उपलब्धि रक्षा गर्दै त्यसलाई संस्थागत गर्ने अवसर दोहोऱ्याएर आएको छ । (उदाहरण नं. २२, परिशिष्ट ४, पाठ सङ्केत क११२)

प्रस्तुत वाक्यको संरचनामा निर्भर नामिक र विषयगत सन्दर्भलाई विभिन्न उपवाक्यहरूमा केलाएर यस प्रकार विश्लेषण गर्न सकिन्छ;

उपवाक्य १ : (नेपालमा) लामो राजनीतिक उतारचढाव (भयो) ।

उपवाक्य २ : (अहिले) नेपाली राजनीतिक नेतृत्वलाई जनआन्दोलनले कमाएका उपलब्धि रक्षा गर्ने ( अवसर दोहोऱ्याएर आएको छ) ।

उपवाक्य ३ : त्यसलाई संस्थागत गर्ने अवसर दोहोऱ्याएर आएको छ ।

प्रस्तुत तीन उपवाक्यहरूबाट बनेको एउटा जटिल वाक्यको संरचनागत ढाँचामा मूलतः 'नेपाली राजनीतिक नेतृत्व' र 'जनआन्दोलनले कमाएका उपलब्धि' को नामिक र विषयगत उपस्थिति सबल देखिन्छ । यी पदावलीहरूमा 'लामो राजनीतिक उतारचढाव', 'रक्षा' र 'संस्थागत गर्ने अवसर' 'दोहोऱ्याएर आएको' तथ्यलाई निर्भरता दिइएको पाइन्छ । यसमा 'जनआन्दोलनले कमाएका उपलब्धिलाई रक्षा गर्दै संस्थागत गर्ने नेपाली राजनीतिक नेतृत्वको काम' मा विषयहरूको समेटाइ देखिन्छ भने 'दोहोऱ्याएर आएको' नयाँ सामाजिक प्रतिनिधित्व 'अवसर' नाममा निर्भर हुन आएको पाइन्छ ।

प्रस्तुत उदाहरणको आन्तरिक सन्दर्भनमा 'नेपाली राजनीतिक नेतृत्व' संस्थागत समूह नामका साथै 'लामो राजनीति', 'उतारचढाव', 'कमाइ', 'उपलब्धि', 'रक्षा', 'संस्थागतता', 'गराइ', 'अवसर' र 'दोहोऱ्याइ' जस्ता विविध नामहरू र 'नेपाली राजनीति', 'जनआन्दोलन', 'नेतृत्व' जस्ता विषय समेटिएको पाइन्छ । यसमा प्रयुक्त अधिकांश नाम र विषयहरू परम्परित, परिचित र आनुभविक भए पनि सामान्य अर्थावरोधको अवस्था रहेको देखिन्छ ।

प्रस्तुत उदाहरणको पाठगत सन्दर्भ 'शीर्ष नेतृत्व(को?) उदासीनता' शीर्षक सम्पादकीयसँग जोडिएको छ । चारमध्ये अन्तिम अनुच्छेदको मध्यमा रहेको यस सङ्कथनको अग्र सन्दर्भनमा 'प्रधानमन्त्री', 'सुशील कोइराला', 'प्रमुख दलहरू', 'हाम्रा दल', 'राजनीतिक नेतृत्व, 'दलहरू' जस्ता पदीय, व्यक्तिगत, संस्थागत र समूह नामका साथै 'ढिलासुस्ती', 'नियति', 'दोस्रो संविधानसभा', 'निर्वाचन', 'कैयौं साता', 'सपथ', 'पछि', 'कैयौं दिन', 'गठबन्धन', 'पूर्णता', 'गृहमन्त्री', 'विवाद', 'प्रमाणीकरण', 'विवाद', 'धेरै समय' 'विगत', 'दृष्टान्त', 'सरकार', 'समय' 'काम', 'फत्ते गराइ', 'कुरा', 'अहम् मुद्दाहरू', 'सहमति', 'खोज', 'विषय', 'समस्या', 'रूप', 'पाइलापाइला', 'मतभेद', 'आगामी माघ', 'कमजोरी', 'सुधार', 'आवश्यकता', 'निप्टारा' जस्ता विविध नाम समेटिएको पाइन्छ । यसमा 'नेपाली राजनीति', 'सरकार निर्माण', 'संविधानसभा', 'संविधान निर्माण', 'निर्धारित कार्यतालिका', 'नयाँ संविधान', 'मतभेद', 'विवाद', 'सहमति' जस्ता विषयको उल्लेख भएको पाइन्छ । पश्च सन्दर्भमा 'शीर्ष नेतृत्व' समूह नाम र 'अवसर', 'संवेदनशीलता' जस्ता विविध नाम र विषय रहेको पाइन्छ । यसमा संरचनागत भिन्नता, नाम र अन्य पदहरू बिचको आपसी संसक्ति अत्यन्त सबल देखिन्छ । लामा पदावलीहरूमा पनि अर्थावरोधको अवस्था भने सिर्जना भएको पाइँदैन ।

विश्लेषित सङ्कथनको आन्तरिक र पाठगत सन्दर्भमा रहेका नामसँग जोडिएका तथ्य र धारणामा २०७० साल चैतको नेपालको सङ्क्रमणकालीन राजनीतिक सन्दर्भ परिचालन गर्दा निर्वाचन परिणाम आएपछि देखिएको असामान्य ढिलासुस्तीको पृष्ठभूमिमा राजनीतिक नेतृत्वलाई नयाँ संविधान निर्माणतिर प्रेरित गर्ने तथ्य र धारणाले नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा नामिक र विषयगत निर्भरता पाएको देखिन्छ ।

### ४.२.१ नामिक निर्भरीकरणमा विषय

बृहत् सङ्घटनाको नामकरण 'संविधानसभा निर्वाचन-२०७०' मा 'संविधानसभा' र 'निर्वाचन' विषयको प्रत्यक्ष प्रभाव देखिन्छ । यसमा रहेको '२०७०' ले समयलाई तत्कालीन संविधानसभा निर्वाचनसँग जोडेर मूलतः राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र कानुनी विषय, संविधान र संविधानका अन्तर्वस्तुका विविध विषयलाई समेत सङ्केत गरेको बुझ्न सकिन्छ । यसमा 'दोस्रो संविधानसभा', 'अर्को संविधानसभा', 'प्रस्तावित संविधानसभा', जस्ता नामबाट बृहत् सङ्घटनाको विषयगत विशिष्टतालाई परिचित बनाउन खोजिएको पाइन्छ । नेपालको ऐतिहासिक सन्दर्भमा संविधानसभा निर्वाचनको पनि वंशवृत्त पाइन्छ । यसलाई 'दोस्रो', 'अर्को' र 'प्रस्तावित' शब्दले विषयीकरण गरेको भेटिन्छ । यसले नेपाली राजनीतिक इतिहास र लोकतान्त्रिक संस्कृतिसँग जोडिएका विविध विषयको परिचित संरचनामा बृहत् सङ्घटनाको स्थानीयकरण गरेको छ । यसका लागि विशिष्ट भाषिक संरचना निर्माण गरिएको पनि देखिन्छ । यही विशिष्ट भाषिक संरचनामा 'संविधानसभा निर्वाचन-२०७०' नामकरण भएको र यही बृहत् सङ्घटनामा विविध विषय समेटिनसक्ने स्थान उपलब्ध भएको पाइन्छ । यसरी स्थापित नामको परिचित, परम्परित र आनुभविक संरचनामा सन्दर्भित भएर तत्कालीन तथा सामयिक घटना, तथ्य, क्रिया, प्रसङ्ग, दृष्टिज्ञान आदिमा विभिन्न विषयहरूको प्रभाव परेको पाइन्छ । महत्त्वपूर्ण प्रतिनिधित्वका रूपमा भेटिएका नामहरूमा निहित विषयको प्रभावलाई यहाँ संस्थागत, समूहगत र अवस्थागत प्रतिनिधित्वका आधारमा विश्लेषण गरिएको छ ।

#### (क) संस्थागत प्रतिनिधित्व

संस्थागत प्रतिनिधित्वमा राष्ट्रिय स्तरमा सरकार, सरकारी निकायसहित अन्तर्राष्ट्रिय स्तरमा गैरसरकारी संघसंस्था र राष्ट्रिय दलहरूको औपचारिक नाममा जोडिएका विषयको प्रभाव प्रमुख देखिन्छ । यस्तो प्रभाव प्रथमतः 'अन्तरिम चुनावी मन्त्रिपरिषद्' मा रहेको छ र यो सर्वाधिक नयाँ सामाजिक प्रतिनिधित्वका रूपमा भेटिन्छ । यस नाममा राष्ट्रिय तहका व्यक्ति समूहको सर्वोच्च संस्थागत प्रतिनिधित्व रहेको पाइन्छ । यसलाई नामकरण गर्ने भाषिक संरचनामा क्रमशः समय, कार्य र कर्ता जनाउने विषय प्रत्यक्ष रहेको देखिन्छ । यसमा 'मन्त्रिपरिषद्' लाई सामान्यतः 'सरकार'को पर्यायवाची प्रतिनिधित्वका अर्थमा बुझिए पनि यो 'अन्तरिम' कालखण्डमा दलहरूको सहमतिमा गठित गैरदलीय सरकारको विशिष्ट कार्यसँग सम्बन्धित संस्थाको रूपमा रहेको पाइन्छ । यसमा संविधानसभा 'चुनाव' विषयको सूक्ष्म तहमा र राजनीतिको व्यापक तहमा विषयगत प्रभाव रहेको देखिन्छ । यस नामलाई अर्को प्रकारले 'बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकार', 'रेग्मी नेतृत्वको सरकार', 'रेग्मी नेतृत्वको गैरदलीय सरकार', 'रेग्मी नेतृत्वको चुनावी सरकार', 'गैरदलीय चुनावी सरकार', 'वर्तमान सरकार' नामकरण गरिएको पाइन्छ । यसका साथै, 'सरकारी संयन्त्र र प्रणाली', 'सरकारी संयन्त्र' जस्ता नामकरणमा सरकारको प्रतिनिधित्व पाइन्छ । यसरी सम्बोधित र सङ्केतित नाममा मूलतः २०७० सालको संविधानसभा निर्वाचनको विशिष्ट सन्दर्भमा राजनीति, कानुन, शक्ति पृथकीकरण, राज्य व्यवस्थापन, निर्वाचन व्यवस्थापन र प्रशासन जस्ता विषयको प्रभाव भेट्न सकिन्छ । यी नाममा प्रतिनिधित्व गराइएको

सरकारले अधिकांशतः संविधानसभा निर्वाचन-२०७० का सन्दर्भमा व्यवस्थापकीय भूमिकाको प्रतिनिधित्व गरेको पाइन्छ ।

सरकारका काम र कर्तव्यका विषयलाई 'सरकारको आह्वान', 'सरकारको दायित्व', 'सरकारसँगको वार्ता', 'सहभागिताको वातावरण बनाउने जिम्मेवारी सरकारमा', 'सरकारको शाश्वत दायित्व', 'सरकारको गाम्भीर्य र अठोट', 'सरकार चुनाव गराउन प्रतिबद्ध रहेको अवस्था' जस्ता पदावली र सरकारको कामका कारण उत्पन्न विशेष अवस्थालाई 'असारमा मिति नतोकेकोमा सरकारप्रति असन्तुष्टि', 'सरकारको विश्वसनीयतामा पनि कमी', 'सरकारले निर्वाचन केन्द्रित तदारुकता देखाउन नसक्दा आशंका' जस्ता भावपरक नामकरणमा विशेषगरी मनोविज्ञान विषयको प्रभाव रहेको पाइन्छ ।

निर्वाचन सम्पन्न भएपछि दलीय 'सरकार गठनको सन्दर्भ' र 'सरकार गठनका सवाल', 'सरकार गठनको विषय' जस्ता नामसहित 'सरकार निर्माण', 'सरकार गठन', 'संयुक्त सरकार', 'बहुमतीय सरकार गठनको प्रक्रिया', 'बहुमतीय सरकार गठन' र 'भागबण्डाको सरकार' जस्ता नामकरण गरिएको पाइन्छ । यसमा मूलतः राजनीतिक र आर्थिक विषयको प्रभाव रहेको देखिन्छ ।

अन्तर्राष्ट्रिय तहका गैरसरकारी संस्थाको नाममा 'संयुक्त राष्ट्रसंघ', 'युरोपियन युनियन', 'कार्टर सेन्टर', आदिको नामिक प्रतिनिधित्वमा अन्तर्राष्ट्रिय राजनीति, अर्थ व्यवस्था, समाज, संस्कृतिका साथै संवैधानिक कानुन, निर्वाचन आचारसंहिता, अनुगमन र पर्यवेक्षण जस्ता विषयको प्रभाव रहेको बुझ्न सकिन्छ ।

राष्ट्रिय राजनीतिमा संलग्न दलहरूको औपचारिक नाम जोडिएका प्रतिनिधित्वमा 'सार्वजनिक रूपमा रेग्मीको नाम प्रस्ताव गर्ने पहिलो पार्टी एमाओवादी', 'माओवादीसहितको मोर्चा', 'नेकपा-माओवादी', 'एनेकपा माओवादी', 'राप्रपा नेपाल', 'कांग्रेस-एमाले', 'नेपाली कांग्रेस', 'नेकपा एमाले' का साथै 'अन्य' लाई सम्भावित सत्ता साझेदारका रूपमा उल्लेख गरिएको पाइन्छ । कुनै न कुनै स्थापित राजनीतिक विचारधाराको प्रतिनिधित्व समेत गर्ने यी नामहरूमध्ये एमाओवादीको अग्र सन्दर्भनमा अन्तरिम चुनावी सरकार निर्माणको प्रस्तावसँग सम्बन्धित विषयहरूको प्रभाव देखिन्छ भने माओवादीसहितको मोर्चामा मधेशी जनअधिकार फेरमलगायतका दलहरूसँग जोडिएका विचारधारासहित सशस्त्र द्वन्द्वसँग सम्बन्धित विषयहरूले प्रभाव पारेको देखिन्छ । औपचारिक नाम उल्लेख भएका र 'अन्य' नामकरणको रिक्त स्थानमा सम्भाव्य सत्ता साझेदारको हैसियतमा संविधानसभामा प्रतिनिधित्व गर्न पुगेका ३० दलका विषय र ती दलहरूले बोकेको विचारधाराको प्रभाव देखिन्छ । यस क्रममा 'दल दर्ताको वैधानिक प्रक्रिया पनि पूरा नगरेको नेकपा-माओवादी', 'वैद्य माओवादीका पाका नेता', एमाओवादीले गर्नै नहुने गल्ती' जस्ता नाम पदावलीहरू पनि उल्लेखनीय रहेको पाइन्छ । ती नाममा अन्यथा र नकारात्मकताको सामाजिक प्रतिनिधित्व रहेको देखिन्छ । यस प्रकार औपचारिक नाममा उल्लिखित दलहरूमा परिचित, परम्परित र आनुभविक विचारधारासहित तिनले सरकारको काममा सहयोगी र विरोधी, सहभागी र असहभागी भूमिका निर्वाह गर्ने क्रममा तिनमा विभिन्न विषयको प्रभाव रहेको बुझ्न सकिन्छ ।

### (ख) समूहगत प्रतिनिधित्व

अनौपचारिक नामकरण गरिएका संस्था, पेसा र समूहमा संलग्न मानिस जनाउने नाममा सबैभन्दा बढी राजनीतिक पार्टी जनाउने समूह नामको प्रयोग भएको पाइन्छ। यस क्रममा 'दल', 'दलहरू', 'राजनीतिक दल', 'प्रमुख दलहरू', 'प्रमुख राजनीतिक दलहरू', 'मुख्य राजनीतिक दलहरू' जस्ता नाममा राजनीति र प्रभुत्वशाली शक्तिको प्रभाव देखिन्छ। 'तीन राजनीतिक दल', 'केही प्रमुख दल', 'केही दल विशेष', 'कतिपय दल', 'त्यस्ता दल', 'हाम्रा दल, 'यी दुई दल', '३० दल', 'धेरैभन्दा धेरै दल, समुदाय तथा क्षेत्रको सहभागिता', 'हरेक राजनीतिक दल', 'तमाम राजनीतिक दल', 'केही राजनीतिक शक्ति', 'दल र तिनका उम्मेदवार' जस्ता नाममा मूलतः गणित, शक्ति राजनीति, समाज, भूगोल, सहभागिता, उम्मेदवारी जस्ता विषयको प्रभाव रहेको पाइन्छ। यसैगरी, 'चुनावमा प्रत्यक्ष संलग्न दलहरू', 'निर्वाचन पक्षीय दलहरू', 'चुनावमा सहभागी हुन पाउने अन्य दल', 'राजनीतिक पार्टी', 'पार्टी' र 'मोर्चा' नाममा राजनीति, निर्वाचन, सहभागिता, शक्ति, समाज र द्वन्द्व जस्ता विषयको प्रभाव रहेको देखिन्छ। यसका साथै, 'मधेशी मोर्चा', 'मोर्चा', 'राजनीतिक उच्चस्तरीय समिति', 'निर्वाचनमा सहभागी हुने बताएका समूहहरू', 'वैद्य समूह', 'यादव नेतृत्वको गठबन्धन', 'चुनाव पक्षीय राजनीतिक समिति', 'वैद्य नेतृत्व', 'उसको चाहना', 'अन्य', 'सम्भावित सत्ता-साझेदारहरू' जस्ता नाममा जाति, भूगोल, राजनीत, द्वन्द्व, शक्ति, सहभागिता, मनोविज्ञान, सत्ता-साझेदारी जस्ता विषयको प्रभाव रहेको पाइन्छ। यसमा 'राजनीतिक उच्चस्तरीय समिति' नामले संविधान बाहिरको शक्तिशाली संयन्त्रको प्रतिनिधित्वलाई सङ्केत गर्न खोजिएको पाइन्छ। यद्यपि, यसको वास्तविक नाम 'उच्चस्तरीय राजनीतिक समिति' रहेको पाइन्छ। यसमा यथास्थितिमा निर्वाचनमा सहभागी हुन नचाहेर सरकारसँग वार्तामा रहेका नयाँ दल र समूहलाई 'असन्तुष्ट पक्ष', 'कथित असन्तुष्टहरू', 'सशस्त्र समूहहरू', 'द्वन्द्वरतहरू', 'सशस्त्र द्वन्द्वरत भूमिगत सङ्गठनहरू', 'सशस्त्र द्वन्द्वमा रहेकाहरू', 'द्वन्द्वमा संलग्नहरू', 'चुनाव बहिष्कार गर्ने धम्की दिएका दल', 'चुनावविरोधी तत्व वा सङ्गठन', 'भूमिगत सङ्गठनहरू', 'चुनाव बहिष्कार गर्ने दलहरू', 'बहिष्कार गर्ने दलहरू', 'अरू दल' जस्ता नाम पनि दिइएको पाइन्छ भने निर्वाचन पक्षीय भनेर चिनिएका प्रमुख राजनीतिक दलसँग सन्दर्भित 'माओवादीका लडाकू', 'हतियार बन्द समूह', 'सुरक्षा दस्ता' जस्ता समूहगत नाम भेटिन्छन्। यी नाममा निर्भर प्रतिनिधित्वमा सशस्त्र द्वन्द्व, भिन्नता र मूल्यविहीन तथा आपराधिक शक्तिको राजनीति जनाउने विषयहरूको प्रभाव परेको देखिन्छ।

पद र पहिचान जनाउने क्रममा 'मन्त्रिपरिषद्का अध्यक्ष', 'प्रधानमन्त्री', 'ठूला दलका नेताहरू', 'वर्तमान राजनीतिक नेतृत्व', 'शीर्ष नेतृत्व', 'नेपाली राजनीतिक नेतृत्व', 'थुप्रै नेताहरू', 'चुनाव हारेका', 'सभासद्', 'अधिकारीहरू', 'गृहमन्त्री', 'गृहमन्त्रालयका उच्च अधिकारीहरू', 'पाँचै विकास क्षेत्रका क्षेत्रीय प्रशासक', 'सुरक्षा निकायका प्रमुखहरू', 'उम्मेदवारहरू', 'राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू', राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू', 'स्वदेशी-विदेशी पर्यवेक्षक', 'बालबालिका', 'दुई स्वतन्त्र सभासद्', 'सबै सरोकारवालाहरू' जस्ता नाम दिइएको पाइन्छ। यी नामले २०७० सालमा राज्य सञ्चालनदेखि निर्वाचन व्यवस्थापन गर्ने, निर्वाचनबाट चुनिएर राज्य सञ्चालनको जिम्मा लिने, निर्वाचन प्रतिस्पर्धामा सहभागी हुने, सुरक्षा व्यवस्था मिलाउने, पर्यवेक्षण

गर्ने र निर्वाचनमा दलहरूद्वारा दुरुपयोग गरिएका अबोध समूह र निर्वाचनमा विजयी स्वतन्त्र समूहको प्रतिनिधित्व गरेको पाइन्छ । यी नाममा राज्य सञ्चालन र व्यवस्थापन, निर्वाचन, क्षेत्रीय प्रशासन, शान्ति सुरक्षा, सहभागिता, उम्मेदवारी, प्रतिस्पर्धा, संविधानसभाको संरचना, नेतृत्व, शक्ति, द्वन्द्व, आचारसंहिता, बालबालिका जस्ता राजनीतिक, संवैधानिक, प्रशासनिक, व्यवस्थापकीय र सामाजिक सांस्कृतिक विषयको प्रभाव देख्न सकिन्छ । यस्तै, 'नेताहरूको ध्यान', 'सभासदको सङ्ख्या', 'सबै पक्ष', 'सहभागी', 'सही पक्ष', 'कसैको जीत कसैको हार', 'सबैको जीत' जस्ता नाममा शक्ति र राजनीतिका साथै मनोविज्ञान, गणित, आचारसंहिता, खेलकूद जस्ता विषयको पनि प्रभाव रहेको देखिन्छ ।

निर्वाचनमा मतदाताका रूपमा सहभागी समूहलाई 'नेपाली जनता', 'जनता', 'जनताको दृष्टिकोण', 'मुलुकका सबै', 'सबै', 'आम जनता', 'व्यक्ति र समष्टि' नामबाट प्रतिनिधित्व गराइएको पाइन्छ । यी नाममा राष्ट्र, राष्ट्रियता, सार्वभौमसत्ता, भूगोल, समाज, निर्वाचन, मतदान, जाति, वर्ग लिङ्ग, क्षेत्र आदि विषय समेटिएको बुझ्न सकिन्छ । यसका साथै, 'सबै', 'सरोकारवाला', 'दार्चुलाका बाढीपीडित' जस्ता नाम पनि भेटिन्छन् । तिनमा समाज, राहत, राजनीति, भूगोल, प्रकृति र प्रकोपका साथै मानवीय संवेदना जनाउने विषयको प्रभाव रहेको पाइन्छ । निर्वाचनको सन्दर्भमा 'दार्चुलाका बाढीपीडित' नामकरणमा विशेषतः राहत र आचारसंहिता विषयको प्रभाव रहेको देखिन्छ ।

व्यक्ति नामसहित समूहको प्रतिनिधित्व गर्नेमा 'बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी', 'मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी', 'पूर्वराजा ज्ञानेन्द्र', 'एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल', 'दुई पूर्व उपाध्यक्ष बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ', 'प्रधानमन्त्री सुशील कोइराला', 'दाहाल र भट्टराई' जस्ता नाम उल्लेख भएको पाइन्छ । यसमा निर्वाचनपछिको दलीय सरकार बन्नुअघिको सन्दर्भमा खिलराज रेग्मीको नाम न्यायपालिका र कार्यपालिकाको प्रमुखमा रहेका एउटै व्यक्तिका रूपमा र 'पूर्वराजा ज्ञानेन्द्र' को नाम 'हिमानी ट्रष्ट' बाट गर्न खोजिएको राहत वितरण र आचारसंहिता विषयमा उल्लंघन गर्ने 'पहिलो व्यक्ति' का रूपमा परिचित हुन आएको पाइन्छ । यस्तै, निर्वाचन परिणाम आएपछिको सन्दर्भमा 'एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल', 'दुई पूर्व उपाध्यक्ष बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ' र 'प्रधानमन्त्री सुशील कोइराला' जस्ता पदीय पहिचानसहितका व्यक्ति नाममा धाँधलीको आरोप र सरकारी काम कारवाहीमा ढिलासुस्ती विषयबाट प्रभावित प्रतिनिधित्व रहेको देखिन्छ ।

**(ग) अवस्थागत प्रतिनिधित्व**

दलले गरेका काम र कामबाट उत्पन्न अवस्थाको नामकरणमा विषयको प्रभाव रहन्छ । यस खण्डमा निर्वाचनसँग कुनै न कुनै प्रकारले जोडिएका त्यस्ता सामाजिक प्रतिनिधित्वमा परेको विषयगत प्रभावको खोजी गरिएको छ । यस क्रममा 'दलहरूमा विभाजन', 'दलहरूको दस्तामोह', 'दलहरूको गैरजिम्मेवार र असंवेदनशील प्रवृत्ति' 'दलैपिच्छे चलिरहेका पदीय विषय', 'दलीय साख खस्काउने पारा' जस्ता नकारात्मक नामकरणका साथै निर्वाचन वा चुनावसँग संसक्त प्रतिनिधित्वहरू महत्त्वपूर्ण देखिन्छन् । यसमा 'निर्वाचन सुरक्षा रणनीति', 'चुनावी घोषणापत्र निर्माण', 'चुनावी घोषणापत्र', 'चुनावी प्रचारका कार्यक्रम', 'चुनाव प्रचारप्रसार', 'निर्वाचन सुधार'

'निर्वाचनको वातावरण', 'निर्वाचनको अभ्यास', 'निर्वाचन आचारसंहिता', 'निर्वाचनको परिणाम', 'चुनावी परिणाम', 'निर्वाचन पर्यवेक्षण', 'चुनावी वातावरणको मूल्याङ्कन', 'चुनावको सघन अवलोकन', 'निर्वाचन प्रक्रियाको स्वच्छता अनुगमन', 'निर्वाचन गतिविधिको अनुगमन', 'निर्वाचन आयोग', 'आयोगको निर्देशन', 'निर्वाचन आयोगको अनुमति', 'चुनाव सामग्रीको ढुवानी', 'चुनाव प्रचारप्रसारको सिलसिला', 'निर्वाचनको स्वागत', 'निर्वाचन ऐतिहासिक र शान्तिपूर्ण', 'चुनावी प्रक्रिया', 'चुनावी निर्णय प्रक्रियाहरू', 'चुनावी माहोल', 'थप चुनावमय', 'चुनावी बाटो', 'चुनावी गतिविधि', 'देशभरिका निर्वाचन गतिविधि', 'निर्वाचनमा सहभागी', 'निर्वाचनको माहोल', 'चुनावी अवधि', 'चुनावको मिति', 'निर्वाचन मिति', 'निर्वाचनको तिथि','समयमै चुनाव', 'असारमै निर्वाचन', 'कात्तिक-मंसिरमै निर्वाचन', 'निर्वाचनको बेला', 'एउटै विकल्प निर्वाचन', 'लोकतन्त्रलाई संस्थागत गर्ने मुख्य आधार निर्वाचन', 'संविधानसभा निर्वाचन', 'संविधानसभाको निर्वाचन', 'यो निर्वाचन', 'हरेक निर्वाचन', 'प्रस्तावित संविधानसभा निर्वाचन', 'धाँधली र भयरहित एवं निष्पक्ष चुनाव', 'निष्पक्ष निर्वाचन', 'निष्पक्ष, भय र धाँधलीरहित 'निर्वाचन', 'जनताको अभिमत अभिव्यक्त हुने निर्वाचन', '२४० वटै निर्वाचन अधिकृत कार्यालय', 'चुनावलाई कम खर्चिलो बनाउन ध्यान', 'समेटेर चुनावमा लैजाने अवसर', 'निर्वाचनमा आउनु प्रजातन्त्रको जीत', 'निर्वाचनको उपयोग', 'निर्वाचनमा सहभागी हुने तयारी', 'चुनाव बहिष्कार गर्न पाउने सुरक्षित हक' जस्ता नाम पदावलीहरू पर्न आउँछन् । यस्तै, नकारात्मक अवस्था जनाउने नामकरणमा 'यथास्थितिमा संविधानसभाको निर्वाचनमा सहभागी नहुने अडान', 'निर्वाचनमा सहभागी नहुनेसम्मको निर्णय', 'निर्वाचनको आवरण', 'निर्वाचन वहिष्कारको नारा', 'चुनावी प्रक्रियामा विशेषाधिकार', 'चुनावी निर्णय प्रक्रियाहरूमा सिन्डिकेट', 'निर्वाचन हुनेमा आशंका', 'निर्वाचन बिथोलिने जोखिम', 'चुनाव बहिष्कारको कार्यक्रम', 'मानिसमा चुनाव हुने कुरामा आशंका', 'निर्वाचनमा बालबालिकाको प्रयोग', 'निर्वाचनमा धाँधली' जस्ता नाम पदावलीहरू पर्न आउँछन् । यी पदावलीहरूमा मूलतः निर्वाचनको अवस्थासँग जोडिएका शान्ति सुरक्षा, घोषणापत्र, सञ्चार, वातावरण, अभ्यास, आचारसंहिता, पर्यवेक्षण, वातावरण मूल्याङ्कन, अनुगमन, प्रक्रिया, परिणाम, ढुवानी, समर्थन, इतिहास, निर्णय प्रक्रिया, समय, लोकतन्त्र, संविधानसभा, निष्पक्षता, भय, धाँधली, जनमत, मितव्ययिता, समावेशी, उपयोगिता, बहिष्कार, अधिकार, द्वन्द्व, प्रभुत्व, सहभागिता, उपयोगिता, सङ्गठन, अधिकार, बालबालिका, मनोविज्ञान जस्ता विषयबाट प्रभावित सामाजिक प्रतिनिधित्व पाइन्छ ।

संविधानसँग संसक्त अवस्थागत प्रतिनिधित्वहरूमा 'संविधानको संशोधन', 'नयाँ संविधान', 'नयाँ संविधानका अन्तर्वस्तु', 'संविधान निर्माण', 'नयाँ संविधान निर्माण', 'विगतको संविधानसभा', 'दोस्रो संविधानसभा', 'यसपटकको संविधानसभा', 'संविधानसभाको आकार' जस्ता पदावली पर्न आउँछन् । संविधानसभाको पर्यायवाची नाम 'व्यवस्थापिका-संसद्' समेतलाई विचार गर्दा यस खालका नाममा संशोधन, नवीनता, निर्माण, इतिहास, संविधानसभा, संरचना र संसदीय व्यवस्था विषयको प्रभाव प्रतिनिधित्वमा पाइन्छ । नयाँ संविधानका साथै संविधानसभासँग संसक्त अन्तर्वस्तुले प्रतिनिधित्वमा सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक जस्ता विषयको समग्र प्रभावलाई सङ्केत गरेको बुझ्न सकिन्छ । यसमा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था, सङ्घीयता, शासकीय स्वरूप, समावेशी समानुपातिक प्रतिनिधित्व, न्याय व्यवस्था, मौलिक अधिकार लगायतका विषयहरू

सङ्केतित रहेको पाइन्छ । निर्वाचन र संविधानसँग संसक्त नाम पदावलीमा रहेका प्रतिनिधित्वमा सरकारदेखि जनतासम्म, उम्मेदवारीदेखि मतदानको अधिकार हुँदै बालबालिकाको दुरुपयोगसम्म, निर्वाचन प्रक्रियामा व्यवस्थापकीय भूमिका निर्वाह गर्ने निर्वाचन आयोगदेखि आयोगका कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने सुरक्षा निकाय, युरोपियन युनियन, कार्टर सेन्टर जस्ता नाम भेटिन्छन् । तिनको प्रतिनिधित्वमा राष्ट्रियदेखि अन्तर्राष्ट्रिय तहको समाज, संस्कृति, अर्थ र राजनीति विषयको प्रभाव रहेको पाइन्छ ।

अवस्थागत प्रतिनिधित्वमा राजनीति र लोकतन्त्रसँग निकट संसक्त पदावलीलाई पनि लिन सकिन्छ । यसमा 'नेपाली राजनीति', 'देश, राजनीति, राष्ट्रियता' 'राजनैतिक व्यवहार', 'राजनीतिक संस्कार', 'राजनीतिक चरित्र', 'राजनैतिक अवतरण', 'राजनैतिक नारा', 'राजनीतिक अतिवाद र अराजकतावाद', 'राजनीतिक विमति', 'राजनीतिक विमति राख्न पाउने हक', 'लामो राजनीतिक उतारचढाव', 'आवश्यक राजनीतिक सम्झौता', 'विरोधको राजनीतिक, शान्तिपूर्ण र लोकतान्त्रिक विधि', 'लोकतान्त्रिक अभ्यास', 'लोकतान्त्रिक पद्धति', 'लोकतान्त्रिक प्रणाली', 'लोकतान्त्रिक मूल्य, मान्यता', 'संघीय लोकतन्त्र', 'जारी राजनीतिक प्रक्रियाप्रति असहमति', 'राजनैतिक कार्यक्रम, दर्शन तथा नेतृत्वको विवाद', 'चरम राजनीतिक संकटको अवस्था', 'ठूलो राजनीतिक र संवैधानिक संकट', 'भागबन्डाको राजनीति', 'अलोकतान्त्रिक क्रियाकलाप' जस्ता पदावलीहरू रहेको पाइन्छ । यी नाम पदावलीहरूमा विशेषतः राष्ट्र, राष्ट्रियता, संस्कृति, विवाद, द्वन्द्व, अधिकार, इतिहास, सहमति, व्यवहार जस्ता विषयको प्रभाव देखिन्छ ।

'वार्ता', 'छलफल', 'सहमति', 'सहभागिता', 'प्रतिनिधित्व', 'कोटा', 'अधिकार', 'मतदाता' नामको निकट संसक्तिबाट बनेका अवस्थागत पदावलीहरू पनि भेटिन्छन् । यसमा 'अरुको मौलिक हक अधिकार हनन', 'त्रासमा राख्ने अधिकार', 'मुखले आफूहरू वार्ताविरोधी नभएको दावी' जस्ता स्पष्टतः नकारात्मक अवस्था देखाउने नाम पदावलीका साथै 'आम सहमति', 'वार्ताको औपचारिक प्रक्रिया', 'वार्ताको टेबुल', 'वार्ताको सकारात्मक परिणाम', 'छलफलको वातावरण', 'सर्वपक्षीय छलफलको माध्यम', '११ बुँदे सहमति', 'सहमति खोज्ने विषय', 'शान्तिपूर्ण तवरले सहभागी', 'सहभागी हुने अधिकार', 'सानो समुदायको पनि प्रतिनिधित्व', 'प्रतिनिधित्व प्रणाली', 'योग्य, सक्षम प्रतिनिधि चयन गर्नसक्ने वातावरण', 'छुटेकालाई मनोनीत कोटा', 'आम मतदाताको अधिकार', 'अधिकार उपभोग', 'अधिकारको संरक्षण', 'बालअधिकारका सवाल', 'हक अधिकार', 'अधिकारको आवाज', 'अधिकार संरक्षण' जस्ता तटस्थ र सकारात्मक जस्ता देखिने पदावली रहेको पाइन्छ । यिनमा विशेषतः द्वन्द्व, द्वन्द्व व्यवस्थापन, सहभागिता सिद्धान्त, प्रतिनिधित्व र कोटा प्रणाली, अधिकार कानुन र मतदातासित सम्बन्धित राजनीतिक विषयको प्रभाव देखिन्छ ।

'जनता', 'मत', 'मतदान' 'आचारसंहिता' र 'अनुगमन' नामको निकट संसक्तिबाट बनेका अवस्थागत प्रतिनिधित्वहरूमा 'आम जनतालाई सास्ती', 'जनतामा विश्वास गर्नेहरू' जस्ता नकारात्मकता प्रकट गर्ने पदावली पनि भेटिन्छन् । यसका साथै 'जनताको मत', 'वास्तविक जनमत', 'आमजनमत', 'मतदान केन्द्रहरू', 'मतदानको अधिकार', 'पछि मतदान', 'मतदानको दिन', 'आचारसंहिता लागू', 'आचारसंहिता लागू भइसकेको सन्दर्भ', 'आचार

वा आचरण', 'आचारसंहिता पालना साथै कार्यान्वयन गर्ने प्रतिबद्धता', 'आचारसंहिता लगायतका मापदण्ड', 'नियम र आचारसंहिताको पालना', 'आचारसंहिता अनुगमनकारी निकाय', 'आचारसंहिता जारी', 'अनुगमन गर्ने विधि' जस्ता तटस्थ र सकारात्मक अवस्थाबोधक नाम पदावलीहरू भेटिन्छन् । यिनमा जनता, दुःख, संयन्त्र, अधिकार र वास्तविकताका साथै व्यवस्था, विधि, नीति, मापदण्ड, व्यवहार, अनुगमन, जस्ता विषयको प्रभाव रहेको पाइन्छ ।

भावपरक अवस्थाबोधक शब्द र पदावलीका प्रतिनिधित्वमा 'पूर्ण परिपालना', 'गम्भीरता', 'मनन' 'आशा', 'अपेक्षा', 'राम्रो आशय र कामना', 'प्रयास', 'प्रतिबद्धता', 'उद्देश्य', 'उपाय', 'सुधार', 'होमनुपर्ने आवश्यकता', 'कल्याण', 'सिर्जना', 'संवेदनशीलता', 'तीव्रता', 'अग्रगामी उपलब्धि', 'प्रष्ट धारणा', 'अग्रगामी व्यवस्था', 'प्राथमिकता', 'पहल', 'गम्भीरतापूर्वक पालना', 'ढुक्क', 'शान्तिपूर्ण र शालीन तरिका', 'सम्मान', 'विश्वास', 'लामो समय', 'व्यग्र प्रतीक्षा', 'जरुरी', 'सफलता', 'स्मरण', 'खुबी', 'राष्ट्रिय अभिभारा', 'ऐक्यबद्धता', 'एउटा सुखद संयोगको दिन', 'तिथिको सम्झना', 'साख', 'समयको माग', 'युगान्तकारी काम', 'स्वार्थ', 'दृढता', 'रक्षा', 'संस्थागत गर्ने अवसर', 'पूर्णता', 'अहम् मुद्दाहरू', 'रूप', 'पाइलापाइला' आदि पनि उल्लेख्य रहेको पाइन्छ । यस बाहेक 'आफैंप्रतिको अविश्वास', 'अमिल्दो र अव्यावहारिक अवस्था', 'एक्लिएको', 'हेपिएको', 'साक्षी किनारासरह', 'समय धेरै पेचिलो बन्दै गएको अवस्था', 'हत्या', 'अपहरण', 'चन्दा आतङ्क', 'भय, लोभ, दबाव र धाँधलीग्रसित मतदान', 'धाँधलीबाट बन्ने संरचना', 'अपहरण फिरौती, चन्दा आतङ्क', 'गुण्डागर्दी', 'आपराधिक घटना', 'सम्भावित द्वन्द्व', 'डर', 'धम्की', 'खतरा', 'आलटाल', 'माग र सर्तहरू', 'अडान', 'यो वा त्यो बहाना', 'हातहतियार', 'विद्रोह द्वन्द्व औचित्यहीन', 'प्रजातन्त्रमा सशस्त्र विद्रोह', 'हतियार', 'अतिवादी जोखिम', 'सल्टाउन नसकेका विषय', 'संस्थागत गर्ने अन्तिम अवसर', 'डर, त्रास, लोभ, लालच र बुथकब्जा जस्ता दुष्कार्य', 'उम्मेदवारका गाडीमा आगजनी', 'कार्यक्रममा व्यवधान', 'केही स्थानमा झडप' र 'अप्रिय घटना', 'आगजनी लगायतका धेरैजसो अप्रिय घटना', 'रोक्न खोज्दा हुने अप्रिय स्थिति', 'बल प्रयोग', 'हिंसाको सहारा', 'गैरजिम्मेवार क्रियाकलाप' 'जनविरोधी क्रियाकलाप' 'विरोध', 'मनपरी', 'दुरुपयोग नगरिने अठोटको खाँचो', 'दबाव, धम्की र प्रलोभन', 'उल्लङ्घन', 'अनादर' 'जनविरोधी बन्दका कार्यक्रम', 'कानुन कागजमै सीमित', 'दुरुपयोग', 'गडबढी', 'समस्या', 'धाँधली', 'मतपेटिका फेरबदल', 'विपक्षमा बस्ने घोषणा', 'बढ्दै गएको निराशा', 'कटु यथार्थ' 'कमी', 'कमजोरी', 'असफलता', 'अपूरणीय क्षति', 'भागबन्डा', 'पदीय बाँडफाँडको विषय', 'अलमल', 'बाधा', 'कठोर निरंकुशता', 'अप्ठेरा र चुनौतीपूर्ण क्षण', 'उदासीनता' 'ढिलासुस्ती', 'नियति', 'विवाद', 'समस्या', 'मतभेद', 'असहमति', 'जनतासँग टाढा', 'नकारात्मक परिणाम', 'बोझ', 'यो वा त्यो बहाना' 'पीडा', 'बाधा' जस्ता नकारात्मक अवस्थाबोधक नाम र पदावलीहरूको प्रयोग भएको भेटिन्छ । यिनमा विशेषगरी द्वन्द्व, विद्रोह, अपराध, राजनीति, मनोविज्ञान, कानुन, नीति, व्यवस्थापन जस्ता विषयको प्रभाव देखिन्छ ।

## ४.३ विपरीतार्थक निर्भरीकरण विश्लेषण

विपरीतार्थक निर्भरताको विश्लेषणका लागि प्रस्तुत गरिएका उदाहरणहरूलाई प्रकाशन मितिका आधारमा सङ्ख्यात्मक क्रममा राखिएको छ । पहिले प्रकाशित उदाहरणलाई पहिले दिएर हरेक उदाहरणको लगत्तैपछि

विश्लेषण प्रस्तुत गरिएको छ। विश्लेषणका क्रममा मूलतः बृहत् सङ्घटनामा स्थापित भइसकेका आधारभूत तथ्यहरूलाई तुलनात्मक सन्दर्भमा राखेर विपरीतार्थक निर्भरताबाट प्रकट हुन आएका सामाजिक प्रतिनिधित्वहरूको पहिचान गरिएको छ।

> नेताहरूको ध्यान सभासदको संख्यामा होइन, प्रतिनिधित्व प्रणाली र निर्वाचन सुधारमा जान आवश्यक छ। (उदाहरण नं. १, परिशिष्ट ४, पाठ सङ्केत क३)

प्रस्तुत उदाहरणमा 'सभासद्को संख्या' परिचित सङ्घटनाका रूपमा स्थापित रहेको पाइन्छ। त्यसको तुलनामा 'प्रतिनिधित्व प्रणाली' र 'निर्वाचन सुधार' मा जानु आवश्यक भएको सङ्घटनालाई प्राथमिकतामा राख्दै 'होइन' क्रियापदको प्रयोगद्वारा विपरीतार्थक निर्भरता प्रदान गरिएको पाइन्छ। यसले नेताहरूको ध्यान सभासद्को संख्यामा गएको तथ्यको विपरीततामा प्रतिनिधित्व प्रणाली र निर्वाचन सुधारमा जान आवश्यक रहेको प्रतिनिधित्वलाई निर्भरता प्रदान गरेको पाइन्छ। यस सङ्कथनमा 'नेताहरूको ध्यान' सभासद्को संख्यामा जानु आवश्यक नभएको तर्कका माध्यमद्वारा स्थापित प्रतिनिधित्व र नव स्थापित प्रतिनिधित्वहरू बिचको सम्बन्ध तनावपूर्ण रहेको देखिन्छ। यस्तो सम्बन्धका माध्यमबाट बृहत् सङ्घटनामा महत्त्वपूर्ण भएर पनि नेताहरूद्वारा प्राथमिकता बाहिर राखिएका, ओझेलमा पारिएका वा अपरिचित जस्तै रहेका नयाँ प्रतिनिधित्वहरू उद्घाटित भएको पाइन्छ।

> उच्चस्तरीय राजनीतिक समितिको बुधबारको बैठकले वैद्य समूहका मागहरू पूरा गर्न नसकिने निष्कर्ष निकालेको छ। तर यसको अर्थ उक्त पार्टीसँग संवादको प्रक्रिया अन्त्य गर्नुहुन्न। (उदाहरण नं. २, परिशिष्ट ४, पाठ सङ्केत क२२)

प्रस्तुत उदाहरणमा 'उच्चस्तरीय राजनीतिक समितिको बुधबारको बैठकले वैद्य समूहका मागहरू पूरा गर्न नसकिने निष्कर्ष निकालेको' स्थापित प्रतिनिधित्वको विपरीततामा 'उक्त पार्टीसँग संवादको प्रक्रिया अन्त्य गर्नुहुन्न' भन्ने नयाँ प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ। यस क्रममा अघिल्लो उपवाक्यमा रहेको प्रतिनिधित्वलाई सकारात्मक क्रियापद 'छ' प्रयोग गरिएको र पछिल्लो प्रतिनिधित्वमा नकारात्मक क्रियापद 'हुन्न' प्रयोग गरिएको देखिन्छ। यसले 'वैद्य समूहका मागहरू पूरा गर्न नसकिने' उच्चस्तरीय राजनीतिक समितिको निष्कर्षलाई पनि 'संवाद प्रक्रियाको अन्त्य' गर्न नहुने प्रतिक्रियामा रूपमा अर्थ्याएको पाइन्छ। दुई मूल क्रियापद भएका उपवाक्यमा विपरीतार्थक अधियोजी 'तर' को संसक्तिले अघिल्लो र पछिल्लो प्रतिनिधित्वका बिचमा तनाव भेटिन्छ। दुई प्रतिनिधित्वहरू बिच रहेको तनावको सम्बन्धबाट बृहत् सङ्घटनामा उच्चस्तरीय राजनीतिक समितिले व्यवस्थापन गर्न नसकिने निष्कर्ष निकालेको द्वन्द्वको वातावरणलाई निरन्तरता दिने प्रतिनिधित्वको विपरीततामा 'संवादको प्रक्रिया अन्त्य गर्न नहुने' नयाँ प्रतिनिधित्व निर्भर रहेको पाइन्छ।

> चुनावको मिति नजिकिँदै छ, वार्ता बल्ल शुरू भयो। (उदाहरण नं. ३, परिशिष्ट ४, पाठ सङ्केत ख२४)

प्रस्तुत उदाहरणमा 'चुनावको मिति नजिकिँदै' रहेको स्थापित प्रतिनिधित्वमा 'वार्ता बल्ल सुरू' भएको

प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ । दुई उपवाक्यहरू बिच अल्पविराम चिह्न र मूल क्रियापदहरू 'छ' र 'भयो' दुवै सकारात्मक देखिए पनि क्रियायोगी 'बल्ल' ले विपरीतता प्रदान गरेको पाइन्छ । जम्मा आठ शब्दमा रहेका दुई उपवाक्यहरू बिचको संयोजनमा विपरीतार्थक अधियोजीको रिक्तता र क्रियायोगीका सहायताले उत्पन्न गरिएको विपरीतताका कारण अभिव्यक्ति जटिल रहेको पाइन्छ । यसमा 'निर्वाचनको मिति' नजिकिएको प्रतिनिधित्व र 'वार्ता सुरू' भएको प्रतिनिधित्वका बिचमा 'बल्ल' ले तनाव उत्पन्न गर्दै विपरीतार्थक निर्भरता प्रदान गरेको पाइन्छ ।

> वैद्य नेतृत्वले भनेजस्तो शक्तिशाली संस्था गोलमेच होइन, संविधानसभालाई बनाउनु पर्छ । यद्यपि गोलमेच सम्मेलनलाई एउटा त्यस्तो सर्वपक्षीय छलफलको माध्यम बनाउन सकिन्छ, जसले असन्तुष्ट पक्षलाई पनि समेटेर चुनावमा लैजाने अवसर देओस् । (उदाहरण नं. ४, परिशिष्ट ४, पाठ सङ्केत क२५)

प्रस्तुत उदाहरणको अघिल्लो वाक्यमा 'शक्तिशाली संस्था गोलमेच' स्थापित प्रतिनिधित्व र 'संविधानसभा' नव स्थापित प्रतिनिधित्व रहेको पाइन्छ । यी दुईको बिचमा 'होइन' क्रियापदले विपरीतार्थकको काम गर्दै तनाव सिर्जना गरेको देखिन्छ । यसमा 'वैद्य समूहले भनेजस्तो' वाक्यांश र 'बनाउनु पर्छ' क्रियापदका बिचमा पनि तनावको सम्बन्ध देखिन्छ । यसरी 'शक्तिशाली संस्था गोलमेच' नभएको र 'संविधानसभा' लाई शक्तिशाली संस्था बनाउनु पर्छ' भन्ने तर्कमा रहेको एक चरणको विपरीतार्थक निर्भरताको शृङ्खलात्मक सम्बन्ध अर्को वाक्यको प्रारम्भमा रहेको 'यद्यपि' सँग रहेको देखिन्छ । पछिल्लो वाक्यमा गोलमेचले 'गोलमेच सम्मेलन' का रूपमा नामिक पूर्णता पाएको देखिन्छ । यसका साथै यसलाई 'सर्वपक्षीय छलफलको माध्यम' बनाउन सकिने र त्यसले 'असन्तुष्ट पक्षलाई पनि समेटेर चुनावमा लैजाने अवसर' दिने कामना गरिएको पाइन्छ । यी तिवटै प्रतिनिधित्वको सोझो सम्बन्ध अघिल्लो वाक्यको स्थापित प्रतिनिधित्व 'गोलमेच' सित जोडिन्छ । यसअघि 'गोलमेच'को 'शक्तिशाली संस्था' सितको स्थापित सम्बन्धलाई विपरीततामा बदल्दै 'संविधानसभा' लाई 'शक्तिशाली संस्था' का रूपमा स्थापित गरिएको पाइन्छ । यसरी विपरीतार्थक निर्भरताबाट 'शक्तिशाली संस्था' को सोझो सम्बन्ध 'संविधानसभा' सित रहेको देखाउँछ र यसले 'संविधानसभा' लाई शक्तिशाली संस्थाका रूपमा नयाँ प्रतिनिधित्व प्रदान गर्दै प्राथमिकतामा पारेर 'गोलमेच सम्मेलन' लाई सहयोगीका रूपमा किनारामा धकेलेको देखिन्छ ।

> यस्तो जटिलताबीच पनि चुनावको आग्रह गरिरहेका राजनीतिक दलहरू चुनावी वातावरण बनाउन सक्रिय देखिएका छन् । तर अहिलेको त्यो सक्रियता पर्याप्त र परिणामदायी देखिएको छैन । (उदाहरण नं. ५, परिशिष्ट ४, पाठ सङ्केत ख८)

प्रस्तुत उदाहरणमा 'जटिलताबीच पनि चुनावको आग्रह गरिरहेका राजनीतिक दलहरू चुनावी वातावरण बनाउन सक्रिय देखिएका' तथ्यलाई स्थापित गर्दै त्यसको विपरीततामा 'अहिलेको त्यो सक्रियता पर्याप्त र परिणामदायी' नदेखिएको प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ । यसमा 'छन्' र 'छैन' क्रियापदहरू बिचमा सङ्गति स्थापना नभएको र दुई उपवाक्यहरूको बिचमा विपरीतार्थक अधियोजी 'तर' को प्रयोग भएको देखिन्छ ।

यस सङ्कथनमा विशेषगरी 'चुनावी वातावरण बनाउन सक्रिय देखिएका' स्थापित प्रतिनिधित्वको विपरीततार्थक निर्भरतामा 'सक्रियता पर्याप्त र परिणामदायी नदेखिएको' प्रतिनिधित्व स्थापित हुन आएको पाइन्छ। यसले 'सक्रिय देखिनु' र 'सक्रियता पर्याप्त र परिणामदायी नदेखिनु' का बिचमा अन्तर र तनावको अवस्था सिर्जना गरेको देखिन्छ।

> यसअघि असारभित्र गर्ने भनिएको निर्वाचन काबुबाहिरको परिस्थिति आएमा मंसिरसम्ममा गर्ने भनेर राजनैतिक प्रतिबद्धता जाहेर गरिए पनि तदनुरूप निर्णय लिन नसक्दा असन्तुष्टि र आशंका बढ्दै गएको थियो। (उदाहरण नं. ६, परिशिष्ट ४, पाठ सङ्केत क८)

प्रस्तुत उदाहरणमा 'राजनैतिक प्रतिबद्धता जाहेर गरिएको' स्थापित प्रतिनिधित्वमा 'तदनुरूप निर्णय लिन नसकेको' र 'असन्तुष्टि र आशंका बढ्दै गएको' प्रतिनिधित्वलाई विपरीतार्थक निर्भरता प्रदान गरिएको पाइन्छ। यसमा सबै प्रतिनिधित्वहरू भूतकालिक समापिका क्रिया 'थियो' मा पूर्ण देखिन्छन्। दुई उपवाक्यमा बिचमा असमापिका क्रिया 'गरिए' को उपस्थिति र त्यसको संसक्ति अधियोजी 'पनि' सँग रहेकाले स्थापित र नव स्थापित प्रतिनिधित्वहरूका बिचमा विपरीतार्थकताका कारण तनाव उत्पन्न भएको पाइन्छ। अघिल्लो उपवाक्यमा स्थापित प्रतिनिधित्वको अग्र सन्दर्भनमा 'असारभित्र गर्ने भनिएको', 'काबुबाहिरको परिस्थिति आएमा मंसिरसम्ममा गर्ने' भनिएको जस्ता प्रतिनिधित्वहरू सरल ढङ्गले जोडिँदै 'गरिए पनि' मा आएर विपरीत ढङ्गले मोडिएको पाइन्छ। क्रिया र योजकको विपरीतार्थक संसक्तिपछिको उपवाक्यमा 'तदनुरूप निर्णय लिन नसक्नु' का कारण 'असन्तुष्टि र आशंका बढ्दै गएको' भावनात्मक प्रतिनिधित्व समेत निर्भर हुन आएको पाइन्छ।

> गोलमेच सम्मेलन गर्ने सहमति भइसक्दा पनि निकै अगाडि बढिसकेको राजनीतिक प्रक्रियालाई पुनः प्रारम्भिक बिन्दुमै फर्काउने माग अगाडि सार्दा गतिरोध सिर्जनाभन्दा अर्को उपलब्धि हुन सक्दैन। ( उदाहरण नं. ७, परिशिष्ट ४, पाठ सङ्केत ख२९)

प्रस्तुत उदाहरणमा 'गोलमेच सम्मेलन गर्ने सहमति' भइसकेको स्थापित प्रतिनिधित्वमा 'निकै अगाडि बढिसकेको राजनीतिक प्रक्रियालाई पुनः प्रारम्भिक बिन्दुमै फर्काउने माग अगाडि सार्दा गतिरोध सिर्जना' भएको प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ। यसमा 'भइसक्दा पनि' असमापिका क्रियापद र अधियोजीको संसक्तताले सङ्कथनलाई विपरीत मोड दिएको पाइन्छ। यसमा स्थापित प्रतिनिधित्वमा स्पष्टता पाइन्छ भने त्यसको विपरीततामा नव स्थापित प्रतिनिधित्वहरूमा शब्द र पदावलीको अनावश्यक र असङ्गतिपूर्ण प्रयोग भएको भेटिन्छ। फलतः नयाँ प्रतिनिधित्वहरूको प्रस्तुति कमजोर रहेको देखिन्छ।

> यस्ता अनुभव र शिक्षाबाट मुलुकमा जारी निर्वाचन प्रक्रियालाई सघाउनु वा त्यसको पक्षमा सक्दो सहयोग पुऱ्याउनु नेपालका सञ्चारमाध्यमको दायित्व बनेको छ। अन्यथा मुलुकले बेहोर्नुपर्ने अकल्पनीय दुर्घटनाको जिम्मेवारी हाम्रा सञ्चारमाध्यमले पनि लिनुपर्ने र पछुताउनुपर्ने अवस्था मात्र बाँकी रहनेछ। ( उदाहरण नं. ८, परिशिष्ट ४, पाठ सङ्केत ख४१)

प्रस्तुत उदाहरणमा 'नेपालका सञ्चारमाध्यमको दायित्व' अन्तर्गत् 'निर्वाचन प्रक्रियालाई सघाउनु' स्थापित प्रतिनिधित्व रहको एउटा वाक्यमा 'अन्यथा' अधियोजीले विपरीतार्थकता प्रदान गरेको पाइन्छ। यसमा 'मुलुकले बेहोर्नुपर्ने अकल्पनीय दुर्घटनाको जिम्मेवारी सञ्चारमाध्यमले लिनुपर्ने र पछुताउनुपर्ने' प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ। दुई लामा वाक्यका बिचमा पूर्णविरामसहित 'अन्यथा' मा निर्भर गराइएको नयाँ प्रतिनिधित्व र स्थापित प्रतिनिधित्वका बिचमा कार्य र कारण शृङ्खलामा तनाव सिर्जना गरिएको पाइन्छ। प्रतिनिधित्वमा सङ्क्षिप्तता र स्पष्टताको अभावले विपरीतार्थक निर्भरताको प्रभावकारिता कमजोर रहेको देखिन्छ ।

> अनुभव सँगालिँदै जाँदा आफू हिँडेको बाटो वा राजनीति(क?) दर्शनसँग विमति भएर दल परिवर्तन गर्ने वा विद्रोही हुने कुरा राजनीतिमा अन्यथा मानिँदैन तर चुनावको चहलपहल शुरू भएपछि दलबदलु र विद्रोहीहरूको ओइरो लाग्न शुरु हुन्छ। (उदाहरण नं. ९,परिशिष्ट ४, पाठ सङ्केत ख४३)

प्रस्तुत उदाहरणमा 'दल परिवर्तन गर्ने वा विद्रोही हुने कुरा राजनीतिमा अन्यथा मानिँदैन' लाई स्थापित प्रतिनिधित्वका रूपमा र 'चुनावको चहलपहल शुरू भएपछि दलबदलु र विद्रोहीहरूको ओइरो लाग्न शुरु हुन्छ' लाई विपरीतार्थक प्रतिनिधित्वका रूपमा निर्भरता दिन खोजिएको पाइन्छ। यसमा 'अनुभव सँगालिँदै जाँदा आफू हिँडेको बाटो वा राजनीति(क?) दर्शनसँग विमति भएर' वाक्यांशले त्यसपछि स्थापित प्रतिनिधित्वलाई ओझेलमा पार्नाका साथै अघिल्लो र पछिल्लो उपवाक्यको लम्बाइमा असन्तुलन पैदा गरेर स्थापित र नव स्थापित प्रतिनिधित्वहरूको सम्बन्धमा बिचमा अर्थावरोध ल्याउने देखिन्छ। यसमा 'तर' अधियोजीको विरीतार्थक स्पष्टतालाई 'मानिँदैन' र 'हुन्छ' बिचको क्रियात्मक असङ्गतिले छेकेका कारण विपरीतार्थक निर्भरताको प्रभावकारिता पुष्टि हुन सकेको पाइँदैन ।

> आचारसंहिता लगायतका मापदण्ड बनाउने तर त्यसको पालनाको विषयमा अनुगमन कडाइ नगर्ने हो भने चुनावमा प्रत्यक्ष संलग्न दलहरूले आयोगको निर्देशनलाई गम्भीरतापूर्वक पालना गर्लान् नै भनेर ढुक्क पर्न नसकिएला। (उदाहरण नं. १०, परिशिष्ट ४, पाठ सङ्केत ख४४)

प्रस्तुत उदाहरणमा 'आचारसंहिता लगायतका मापदण्ड' बनाइएको कामको स्थापित प्रतिनिधित्वको विपरीतार्थक निर्भरतामा 'पालनाको विषयमा अनुगमन कडाइ नगर्ने' प्रतिनिधित्व रहेको पाइन्छ। यस्तै, 'चुनावमा प्रत्यक्ष संलग्न दलहरू' स्थापित प्रतिनिधित्वमा 'आयोगको निर्देशनलाई गम्भीरतापूर्वक पालना गर्लान् नै भनेर ढुक्क पर्न नसकिएला' भन्ने विपरीतार्थक प्रतिनिधित्व निर्भर रहेको देखिन्छ। यसमा 'आचारसंहिता पालना' सित 'चुनावमा प्रत्यक्ष संलग्न दलहरू' को र 'अनुगमन कडाइ नगर्ने' कार्यसित 'आयोगको निर्देशन' को सोझो सम्बन्ध देखिन्छ। यस्तो सम्बन्धलाई अघिल्लो उपवाक्यमा अधियोजी 'तर' ले विपरीतता प्रदान गर्दै 'हो भने' क्रिया र कारकसहित सम्भाव्य परिणामको प्रतिनिधित्वलाई पछिल्लो उपवाक्यमा जोडिएको पाइन्छ। यसमा 'आचारसंहिता' र 'मापदण्ड' को 'पालना' र 'अनुगमन' सित रहेको सोझो सम्बन्धलाई 'कडाइ' क्रियायोगी र 'नगर्ने' क्रियाले उल्टो बनाएको पाइन्छ भने यसले सोझो हुनुपर्ने 'दलहरू' र 'आयोग' को कार्यगत सम्बन्धलाई उल्टो बनाएको पाइन्छ ।

निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्नु एउटा चुनौती छ भने त्यसपछि संविधान निर्माणको अर्को ठूलो चुनौती हाम्रासामु बाँकी छन् । (उदाहरण नं. ११, परिशिष्ट ४, पाठ सङ्केत क४३)

प्रस्तुत उदाहरणमा 'निष्पक्ष र भयरहित निर्वाचन' र 'संविधान निर्माण' गर्ने स्थापित प्रतिनिधित्वमा क्रमशः 'सम्पन्न गर्नु चुनौती' भएको र 'अर्को ठूलो चुनौती' बाँकी रहेको प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ । यसमा दुई उपवाक्य बिचको अधियोजी 'भने' सहित दुवैमा रहेको साध्य र कार्यको भिन्नतामा विपरीतार्थकता देखिन्छ ।

आचारसंहिता विपरीतका भित्तेलेखन मेटाउन सम्बन्धित पक्षलाई दिएको निर्देशन कार्यान्वयन नभए आफैंले मेटाएर सम्बन्धित पक्षबाट खर्च असुल गराउन सक्छ । तर आयोग प्रारम्भमै दलहरूलाई सचेत गराउने काममा चुकेको देखिन्छ । (उदाहरण नं. १२, परिशिष्ट ४, पाठ सङ्केत क४६)

प्रस्तुत उदाहरणमा निर्वाचन आयोगले 'आचारसंहिता विपरीतका भित्तेलेखन मेटाउन सम्बन्धित पक्षलाई दिएको निर्देशन कार्यान्वयन' नभएको स्थापित प्रतिनिधित्वमा 'आफैंले मेटाएर सम्बन्धित पक्षबाट खर्च असुल गराउन' सक्ने प्रतिनिधित्वलाई र 'दलहरूलाई सचेत गराउने काममा' मा 'आयोग चुकेको' प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ । यसमा शब्ददेखि वाक्य तहसम्मको विपरीतार्थक निर्भरता पाइन्छ । शब्द र पदावलीका तहमा हेर्दा 'आचारसंहिता' र भित्तेलेखन', 'लेख्नु' र 'मेटाउनु', 'निर्देशन कार्यान्वयन नहुनु' र खर्च असुल गराउनु', 'आयोग' र 'सम्बन्धित पक्ष' वा 'दलहरू', 'सचेत गराउनु' र 'चुक्नु' जस्ता विपरीतता देखिन्छन् भने वाक्यका तहमा नकारात्मक क्रिया 'नभए' ले एकचरणमा र अधियोजी 'तर' ले अर्को चरणमा विपरीततार्थक निर्भरता प्रदान गरेको देखिन्छ ।

राष्ट्रिय स्तरका केही नेताले समेत प्रत्यक्ष प्रतिस्पर्धाको जोखिमपूर्ण परीक्षामा सामेल हुनुको साटो समानुपातिकबाट सभासद बन्ने आरामदायी बाटो रोजे । (उदाहरण नं. १३, परिशिष्ट ४, पाठ सङ्केत क५०)

प्रस्तुत उदाहरणमा स्थापित प्रतिनिधित्व 'राष्ट्रिय स्तरका केही नेता' मा ' प्रत्यक्ष प्रतिस्पर्धाको जोखिमपूर्ण परीक्षामा सामेल' नभएको र 'समानुपातिकबाट सभासद् बन्ने आरामदायी बाटो रोजेको' प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ । यसमा शब्द र पदावलीका तहमा हेर्दा 'राष्ट्रिय स्तरका केही नेता' र 'सभासद्', 'प्रत्यक्ष प्रतिस्पर्धा' र 'समानुपातिक', 'जोखिमपूर्ण' र 'आरामदायी', 'परीक्षा' र 'बाटो', 'सामेल हुनु' र 'रोज्नु' बिचमा कतै सोझो र कतै विपरीत सम्बन्ध रहेको देखिन्छ । यी सबैलाई वाक्यका तहमा 'साटो' ले विपरीतार्थक निर्भरता दिएको पाइन्छ ।

लोकतान्त्रिक प्रणालीमा निष्पक्ष र भयरहित निर्वाचन अनिवार्य सर्त हो । तर जसरी निर्वाचनको तयारीका क्रममा हिंसात्मक गतिविधि बढ्न थालेका छन्, चुनावी प्रतिस्पर्धामा ओर्लिएका नेताहरू निर्वाचन

आचारसंहिता उल्लंघन गर्दैछन्, त्यसले निर्वाचन निष्पक्ष र भयरहित हुने कुरामा संशय खडा गरेको छ। (उदाहरण नं. १४, परिशिष्ट ४, पाठ सङ्केत क५२)

प्रस्तुत उदाहरणमा 'लोकतान्त्रिक प्रणालीमा निष्पक्ष र भयरहित निर्वाचन अनिवार्य सर्त' भएको स्थापित प्रतिनिधित्वको विपरीतार्थकतामा 'निर्वाचन निष्पक्ष र भयरहित हुने कुरामा संशय खडा गरेको' प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ। यी दुई मूल प्रतिनिधित्वलाई विपरीतता प्रदान गर्न अधियोजी 'तर' को प्रयोग भएको पाइन्छ। यसलाई पदावलीका तहमा हेर्दा 'लोकतान्त्रिक प्रणाली', 'निष्पक्ष र भयरहित निर्वाचन' र 'चुनावी प्रतिस्पर्धामा ओर्लिएका नेताहरू' बिचको सोझो सम्बन्धलाई 'निर्वाचनको तयारीमा बढेका हिंसात्मक गतिविधि', 'निर्वाचन आचारसंहिता उल्लंघन' र 'निर्वाचन निष्पक्ष र भयरहित हुने कुरामा संशय खडा गरेको' तथ्यले विपरीत दिशातिर मोडेको पाइन्छ। यसमा सुरूमै स्थापित एउटा प्रतिनिधित्वको विपरीततामा एकभन्दा बढी नयाँ प्रतिनिधित्वहरूलाई निर्भर गराइएको पाइन्छ।

खासगरी प्रभावशाली पश्चिमा मुलुकहरूले वैद्य समूहलाई 'प्रचारात्मक झुण्ड' का रूपमा लिंदै उनीहरूलाई महत्व नै दिन नहुने राय राख्ने गरेका छन् भने छिमेकी मुलुकहरूले उनीहरूबाट हुन सक्ने अवरोधलाई कम आकलन गर्न नहुने धारणा राखेका छन्। (उदाहरण नं. १५, परिशिष्ट ४, पाठ सङ्केत क५४)

प्रस्तुत उदाहरणमा "पश्चिमा मुलुकहरूले वैद्य समूहलाई 'प्रचारात्मक झुण्ड' का रूपमा लिंदै उनीहरूलाई महत्व नै दिन नहुने राय राख्ने गरेका" स्थापित प्रतिनिधित्वको विपरीतार्थकतामा 'छिमेकी मुलुकहरूले उनीहरूबाट हुन सक्ने अवरोधलाई कम आकलन गर्न नहुने धारणा राखेका' प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ। यी दुई प्रतिनिधित्वका बिचमा वाक्यका तहमा अधियोजी 'भने' ले विपरीतता प्रदान गरेको पाइन्छ। शब्दका र पदावलीका तहमा हेर्दा 'राय' र 'धारणा' का विचमा समानार्थकता रहे पनि 'पश्चिमा मुलुकहरू' र 'छिमेकी मुलुकहरू', 'वैद्य समूहलाई महत्व नै दिन नहुने' र 'उनीहरूबाट हुन सक्ने अवरोधलाई कम आकलन गर्न नहुने' प्रतिनिधित्वहरूका बिचमा विपरीतता देखिन्छ। यसका साथै, 'प्रभावशाली' र प्रचारात्मक झुण्ड' विशेषताको विपरीततामा रिक्तता पाइन्छ।

मुलुकमा समावेशिताको नारा उर्लेको छ। समावेशी लोकतन्त्र संस्थागत गर्ने अभ्यास चलेको छ। विभिन्न जात, जाति, क्षेत्र, लिङ्ग आदि समुदाय आ-आफ्नो सहभागिता र अधिकार सुरक्षित गर्न लागेका छन्। तर दलित यस्तो समुदाय हो, जो आज पनि राज्यले आफूहरूलाई अवहेलना गरेको महसुस गरिरहेको छ। (उदाहरण नं. १६, परिशिष्ट ४, पाठ सङ्केत क५५)

प्रस्तुत उदाहरणमा 'विभिन्न जात, जाति, क्षेत्र, लिङ्ग आदि समुदाय आ-आफ्नो सहभागिता र अधिकार सुरक्षित गर्न लागेका' स्थापित प्रतिनिधित्वको विपरीतार्थकतामा 'दलित समुदाय राज्यले आफूहरूलाई अवहेलना गरेको महसुस गरिरहेको' प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यी दुई प्रतिनिधित्वका बिचमा विपरीतार्थक अधियोजी 'तर' को प्रयोग भएको देखिन्छ। शब्द र पदावलीको तहमा हेर्दा 'मुलुक', 'राज्य', 'समावेशिताको नारा उर्लेको',

'समावेशी लोकतन्त्र संस्थागत गर्ने अभ्यास चलेको' जस्ता प्रतिनिधित्वहरू आपसमा समानार्थी देखिए पनि यिनले वाक्यका तहमा विपरीततालाई व्यापक र गहन बनाउन सघाएको पाइन्छ । यसमा 'विभिन्न जात, जाति, क्षेत्र, लिङ्ग आदि समुदाय' र दलित समुदाय', 'आ-आफ्नो सहभागिता र अधिकार सुरक्षित गर्न लागेका' र 'राज्यले आफूहरूलाई अवहेलना गरेको महसुस गरिरहेको' जस्ता प्रतिनिधित्वहरूका बिचमा विपरीतता देखिन्छ । क्रियापद 'छ', तीनपटक र 'छन्' एक पटक प्रयोग भए पनि यसले विपरीतार्थक सङ्गतिमा बाधा पुऱ्याएको पाइँदैन ।

> संविधानसभा-२ को निर्वाचन संघारमा आइसकेको छ । मुलुकभर चुनावी माहोल छ । राजनीतिक दल र नेताहरूले प्रचारप्रसारलाई तीव्र पारेका छन् । कार्यालय, चौतारा, चियापसल र सर्वसाधारणका जमघट हुने स्थलमा चुनावी चर्चा र रौनक छ । यसका बाबजूद एउटा कोणबाट चुनाव हुँदैन कि भनेर आशंका गर्न छोडिएको छैन । (उदाहरण नं. १७, परिशिष्ट ४, पाठ सङ्केत क५७)

प्रस्तुत उदाहरणमा 'संविधानसभा-२ को निर्वाचन संघारमा आइसकेको', 'मुलुकभर चुनावी माहोल रहेको', 'राजनीतिक दल र नेताहरूले प्रचारप्रसारलाई तीव्र पारेका', 'कार्यालय, चौतारा, चियापसल र सर्वसाधारणका जमघट हुने स्थलमा चुनावी चर्चा र रौनक रहेको' स्थापित प्रतिनिधित्वको विपरीतार्थकतामा 'एउटा कोणबाट चुनाव हुँदैन कि भनेर आशंका गर्न नछोडिएको' प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ । चार वटा समान धारका प्रतिनिधित्वहरूपछि रहेको अधियोजी 'यसका बाबजूद' ले नयाँ प्रतिनिधित्वलाई विपरीतार्थक निर्भरता दिएको देखिन्छ । शब्द र पदावलीका तहमा हेर्दा 'संविधानसभा-२' र 'निर्वाचन', 'राजनीतिक दल' र 'नेताहरू' को विपरीततामा भिन्नता र रिक्तता देखिए पनि 'मुलुकभर', 'कार्यालय', 'चौतारा', 'चियापसल', 'सर्वसाधारणका जमघट हुने स्थल'को विपरीततामा 'एउटा कोण', 'संघारमा आइसकेको', 'चुनावी माहोल रहेको', 'चुनावी चर्चा र रौनक रहेको', 'प्रचारप्रसार तीव्र पारिएको' जस्ता प्रतिनिधित्वको विपरीततामा 'चुनाव हुँदैन कि भनेर आशंका गर्न नछोडिएको' पदावली देखिन्छ । यसमा समानार्थक र विपरीतार्थक प्रतिनिधित्वहरूको मात्रालाई विचार गर्दा असन्तुलन देखिए पनि विपरीत अर्थको महत्त्व भारी रहेको पाइन्छ ।

> सरकारले संवैधानिक निकायमा छिट्टै पदाधिकारी नियुक्ति गर्नका लागि अन्तरिम संविधानको बाधा अड्काउ फुकाउ आदेश संशोधन गर्न संसद्मा विधेयक त पेस गरेको छ, तर यो प्रक्रियाले अपेक्षित तीव्रता लिन सकेको छैन । पेस गरिएको विधेयकमा प्रधानमन्त्री अध्यक्ष रहने परिषद्मा प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलका नेता र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री सदस्य रहने संविधानकै पुरानै व्यवस्थालाई राखिएको छ । तर यसले आधिकारिकता तब मात्र पाउने छ, जब यसलाई संसद्बाट पारित गरिनेछ । (उदाहरण नं. १८, परिशिष्ट ४, पाठ सङ्केत क१०७)

प्रस्तुत उदाहरणमा 'सरकारले संवैधानिक निकायमा छिट्टै पदाधिकारी नियुक्ति गर्नका लागि अन्तरिम संविधानको बाधा अड्काउ फुकाउ आदेश संशोधन गर्न संसद्मा विधेयक पेस गरेको' स्थापित प्रतिनिधित्वको विपरीतार्थकतामा 'त्यो प्रक्रियाले अपेक्षित तीव्रता लिन नसकेको' प्रतिनिधित्वलाई निर्भर गराइएको पाइन्छ । यसको लगत्तै 'पेस गरिएको विधेयकमा प्रधानमन्त्री अध्यक्ष रहने परिषद्मा प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलका

नेता र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री सदस्य रहने संविधानकै पुरानै व्यवस्थालाई राखिएको' स्थापित प्रतिनिधित्वको विपरीतार्थकतामा 'यसले संसद्बाट पारित भएपछि मात्र आधिकारिकता पाउने' प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । यसमा निरन्तर रहेका चार वाक्यलाई एउटै अधियोजी 'तर' ले दुई ठाउँमा विपरीतता प्रदान गरेको देखिन्छ । अघिल्लोलाई शब्द र पदावली तहमा हेर्दा 'सरकार', 'संवैधानिक निकाय', 'पदाधिकारी', 'संसद्' कर्ता प्रतिनिधित्वहरू 'विधेयक', 'अन्तरिम संविधान', 'बाधा अड्काउ फुकाउ आदेश', 'संशोधन गर्न', 'पेस गरेको', 'छिट्टै नियुक्ति' कर्म वा कार्य प्रतिनिधित्वहरू आपसमा अन्तर्सम्बन्धित रहेर निर्भरता दिएपछि 'यो' सर्वनामसहित 'प्रक्रिया', 'अपेक्षित तीव्रता', 'लिन नसकेको' जस्ता प्रतिनिधित्वहरू विपरीत अवस्थाका रूपमा प्रकट भएको देखिन्छ । यस्तै, पछिल्लोलाई शब्द र पदावली तहमा हेर्दा 'विधेयक', 'संविधानकै पुरानै व्यवस्था', 'प्रधानमन्त्री अध्यक्ष रहने परिषद्', 'प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलका नेता र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री सदस्य', 'पेस गरिएको', 'रहने', 'राखिएको' जस्ता प्रतिनिधित्वको विपरीततामा 'यसले आधिकारिकता' पाउने सर्तमा 'यसलाई संसद्बाट पारित गरिनुपर्ने' प्रतिनिधित्वलाई उभ्याइएको पाइन्छ । यसमा एउटा वाक्यपछिको अर्को वाक्यको शृङ्खलामा विपरीतार्थक निर्भरताको निरन्तर प्रयोग भएको पाइन्छ ।

## ४.४ रूपकीय र संवेगात्मक निर्भरीकरण विश्लेषण

रूपकीय र संवेगात्मक निर्भरीकरणको विश्लेषणका लागि प्रस्तुत गरिएका उदाहरणहरूलाई प्रकाशन मितिका आधारमा सङ्ख्यात्मक क्रममा राखिएको छ । पहिले प्रकाशित उदाहरणलाई पहिले दिएर हरेक उदाहरणको लगत्तैपछि विश्लेषण प्रस्तुत गरिएको छ । विश्लेषणका क्रममा मूलतः बृहत् सङ्घटनामा समेटिएका तथ्यहरूलाई प्रदान गरिएको रूपकीय र संवेगात्मक निर्भरताका विविध अंशलाई छनोट गरी तिनबाट प्रकट हुन आएका सामाजिक प्रतिनिधित्वहरूको पहिचान गरिएको छ ।

> खालि मनोनयनको बाटोलाई चुनाव हारेकालाई सभासद बनाउने भऱ्याङका रूपमा दुरुपयोग नगरिने अठोटको खाँचो छ । ... आफ्नै अनुभवबाट पनि नसिक्ने हो भने सभासदको संख्यालाई जनताले फेरि पनि बोझ मात्र ठान्नेछन् । (उदाहरण नं. १, परिशिष्ट ४, पाठ सङ्केत क३)

प्रस्तुत उदाहरणमा बाटो, भऱ्याङ, खाँचो, बोझ जस्ता शब्दको रूपकीय प्रयोग भएको देखिन्छ । तीमध्ये 'बाटो' मा मनोनयन प्रक्रियालाई, 'भऱ्याङ' मा सभासद् बनाउने कार्यलाई, 'खाँचो' मा सभासद् मनोनयन प्रक्रियाको दुरुपयोग नगरिने अठोटको अभावलाई र 'बोझ'मा सभासद्को संख्यालाई निर्भर गराइएको पाइन्छ । यी रूपकहरूमा निर्भर तथ्यको गहिराइमा हेर्दा 'चुनाव हारेका', 'आफ्नै अनुभवबाट पनि नसिक्ने' जस्ता पदावलीमा संवेगको निर्भरता भेटिन्छ । विगतमा सभासद् मनोनयन प्रक्रियाको दुरुपयोग हुनु, वर्तमानमा पनि त्यसलाई दुरुपयोग नगरिने अठोटको अभाव हुनाको परिणाम जनताले सभासद्को संख्यालाई बोझ मात्र ठान्ने मनोवैज्ञानिक तथ्यमा विसङ्गति बोधक संवेगको तीव्रता रहेको पाइन्छ ।

यो तीन महिनामा निर्वाचन प्रक्रियालाई अगाडि बढाउन सरकारले कति दाल पिँध्नुपर्‍यो भन्ने कुरा आफ्नो स्थानमा छ। (उदाहरण नं. २, परिशिष्ट ४, पाठ सङ्केत क८)

प्रस्तुत उदाहरणमा 'दाल पिँध्नु' पदावलीको रूपकीय प्रयोग भएको पाइन्छ। यसमा निर्वाचन प्रक्रियालाई अघि बढाउने कामको निर्भरताका साथै सो कामको अप्ठेरोसँग जोडिएको संवेगलाई 'कति... भन्ने कुरा आफ्ना स्थानमा छ' वाक्यांशले निर्भरता दिएको पाइन्छ।

एउटै नेताले एकभन्दा बढी क्षेत्रमा किन नजर डुलाउँदै छन् ? किनभने उनीहरूमा एकै क्षेत्रबाट चुनाव जितिन्छ भन्ने पूर्ण आत्मविश्वास छैन। एकातिर असफल हुइने पो हो कि भन्ने भयग्रस्त मानसिकतामा नेताहरू छन् भने अर्कोतर्फ उनीहरूले आफ्नो पार्टीमा आफ्नो अधिकारको नाजायज उपयोग गरिरहेका छन् अर्थात् कानुनी प्रावधानको अधिकार र पार्टीभित्रको पहुँच र प्रभाव दुवैको यो दुरुपयोग हो। ( उदाहरण नं. ३, परिशिष्ट ४, पाठ सङ्केत क२९)

प्रस्तुत उदाहरणमा 'नजर डुलाउनु' पदावलीमा रूपकीयता देखिन्छ भने 'भयग्रस्त मानसिकता' मा संवेगको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। भयको संवेग नेताहरूप्रति लक्षित देखिन्छ। यसमा नेताहरूमा एकै क्षेत्रबाट चुनाव जितिन्छ भन्ने पूर्ण आत्मविश्वास नहुनु, पार्टीमा आफ्नो अधिकारको नाजायज उपयोग वा दुरुपयोग गर्नु जस्ता तथ्यमा त्रास र हीनताबोधजन्य विसङ्गत क्रियाकलापबाट उत्पन्न हुने संवेगको निर्भरता पाइन्छ। 'पार्टीभित्रको पहुँच र प्रभाव दुवैको यो दुरुपयोग हो' भन्ने निष्कर्षले विसङ्गति बोधलाई थप बल पुऱ्याएको देखिन्छ।

सहमतिका कारण गोलमेच बैठकबाट निर्वाचनमा सबै राजनीतिक दल सहभागी हुने वातावरण बन्नेसन्दर्भमा नागरिकमा पलाएको झिनो आशा दुई दिन नबित्दै ध्वस्त भएको छ। (उदाहरण नं. ४, परिशिष्ट ४, पाठ सङ्केत ख२९)

प्रस्तुत उदाहरणमा 'वातावरण', 'पलाएको झिनो आशा दुई दिन नबित्दै ध्वस्त' जस्ता शब्द र पदावलीमा रूपकीयताका साथै संवेगको प्रतिनिधित्व निर्भर रहेको देखिन्छ। यसमा गोलमेच बैठकबाट दलहरू बिच सहमति होला र निर्वाचनमा सबै राजनीतिक दल सहभागी होलान् भन्ने आशालाई 'झिनो' विशेषणसहित 'पलाएको' कार्यमा र निराशालाई 'दुई दिन नबित्दै ध्वस्त भएको' परिणाममा निर्भर गराएर प्रतिनिधित्वलाई संवेगात्मक बनाउन खोजिएको पाइन्छ। यद्यपि, 'सहमतिका कारण गोलमेच बैठकबाट निर्वाचनमा सबै राजनीतिक दल सहभागी हुने वातावरण बन्नेसन्दर्भमा' भन्ने वाक्यांशमा स्पष्टताको अभावका साथै अनावश्यक शब्दको प्रयोग भएको पाइन्छ। यसले अर्थावरोध सिर्जना गर्दै आशा र निराशाको संवेगलाई कमजोर बनाएको देखिन्छ।

समय धेरै पेचिलो बन्दै गएको अवस्थामा आमसहमतिमार्फत निर्वाचनमा होमिनुपर्ने आवश्यकतालाई नकार्दा कसैको पनि कल्याण हुने देखिँदैन। (उदाहरण नं. ५, परिशिष्ट ४, पाठ सङ्केत ख३०)

प्रस्तुत उदाहरणमा 'पेचिलो बन्नु', 'होमिनु' र 'कल्याण' जस्ता शब्द र पदावलीमा रूपकीयताका साथै

संवेगात्मक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यसमा निर्वाचनमा सबै दल सहभागी हुन आमसहमति नभएको समयलाई सङ्केत गर्न 'धेरै पेचिलो बन्दै गएको अवस्था' भनिएको पाइन्छ भने निर्वाचनमा सहभागी हुनुलाई 'होमिनु' र निर्वाचनमा सहभागी हुन नचाहनुलाई 'कल्याण' नहुने तर्कमा रूपकीकरण गरिएको देखिन्छ। निर्वाचनको अनिवार्यतालाई 'होम' को सांस्कृतिक रूपकमा उभ्याउँदै त्यससँग 'कल्याण' को मनोविज्ञानलाई समेत जोडेर संवेगात्मक निर्भरता दिन खोजिएको पाइन्छ। यद्यपि, 'होमिनुपर्ने आवश्यकता' को 'होम' र होम गर्ने सांस्कृतिक कार्यसँग जोडिएको 'कल्याण'को मनोविज्ञानबाट उत्पन्न हुने संवेगको प्रभावकारिता र विश्वसनीयता बारेमा प्रश्न उठाउन सकिन्छ।

> मुलुकका सबै राजनीतिक शक्ति र नेपाली जनता निर्वाचनका लागि तयार छन् तर नेकपा-माओवादी मुलुकको समग्र इच्छामाथि व्यवधान बनेर उभिएको छ। ... जनभावनालाई उपेक्षा गर्ने दलको भविष्य रहँदैन भन्ने ऐतिहासिक तथ्य बेलैमा सबैले बुझ्नु दीर्घ जीवनको अपेक्षा गर्नेहरूलाई आवश्यक छ। ( उदाहरण नं. ६, परिशिष्ट ४, पाठ सङ्केत ख३३)

प्रस्तुत उदाहरणमा 'मुलुकको समग्र इच्छामाथि व्यवधान बनेर उभिएको', 'जनभावनाको उपेक्षा गर्ने दलको भविष्य', 'दीर्घ जीवनको अपेक्षा गर्नेहरू' जस्ता पदावलीमा संवेगको निर्भरता पाइन्छ। यसमा मुलुकका सबै राजनीतिक शक्ति र नेपाली जनता निर्वाचनका लागि तयार भएको अवस्थामा नेकपा-माओवादी तयार नहुनुलाई 'मुलुकको समग्र इच्छामाथि व्यवधान बनेर उभिएको' रूपमा प्रस्तुत गरिएको देखिन्छ। साथै, यसमा रहेको पछिल्लो वाक्यको संयुक्तिलाई हेर्दा 'जनभावनालाई उपेक्षा गर्ने दलको भविष्य नरहने' कुरामा निर्भर गराइएको भयको संवेगलाई 'बेलैमा सबैले बुझ्नु आवश्यक' भएको तर्क र 'दीर्घ जीवनको अपेक्षा गर्नेहरू' विशेषणले त्यति औचित्यपूर्ण र सबल बनाउन सकेको देखिँदैन।

> समयमै चुनाव नहुँदा अतिवादी जोखिम बढ्न सक्छ र प्राप्त अग्रगामी उपलब्धि गुम्न सक्छ भन्नेमा सबै संवेदनशील हुँदै बन्दै गरेको चुनावी माहोललाई थप चुनावमय बनाउनेतर्फ अग्रसर हुनु आवश्यक छ। ( उदाहरण नं. ७, परिशिष्ट ४, पाठ सङ्केत क३८)

प्रस्तुत उदाहरणमा 'अतिवादी जोखिम' र 'अग्रगामी उपलब्धि गुम्न सक्ने' पदावलीमा भयको संवेग निर्भर देखिन्छ। त्यसलाई 'संवेदनशील हुनु', 'चुनावी माहोललाई थप चुनावमय बनाउनेतर्फ अग्रसर हुनु' जस्ता शब्द र पदावलीले समेत भरथेग गरेको पाइन्छ।

> जनमतको पारख र सम्मान हुने चुनावी प्रक्रियाबाट भागेर कुनै पनि राजनीतिक शक्तिको अस्तित्व सुरक्षित हुँदैन र जुनसुकै बाटो लिए पनि अन्ततः लोकतान्त्रिक प्रणाली अन्तर्गत जनमतको अग्निपरीक्षामा आउनैपर्ने वस्तुस्थिति नेपालको इतिहासले पनि स्थापित गरेको छ। (उदाहरण नं. ८, परिशिष्ट ४, पाठ सङ्केत ख३४)

प्रस्तुत उदाहरणमा 'बाटो', 'अग्निपरीक्षा' जस्ता रूपकका साथै 'भाग्नु' क्रियामा असुरक्षा र भयको संवेग

निर्भर रहेको पाइन्छ । यसमा चुनावी प्रक्रियाबाट भाग्नुलाई राजनीतिक शक्तिको अस्तित्वको सुरक्षासँग जोडेर भय उत्पन्न गर्दै लोकतान्त्रिक प्रणालीको हवाला दिएर निर्वाचनमा सहभागी हुनुलाई 'जनमतको अग्निपरीक्षा' मा सामेल हुनुसँग तुलना गरिएको पाइन्छ । 'अग्निपरीक्षा' रूपकले कठोर अनुशासनको सांस्कृतिक पक्षलाई प्रतिनिधित्व गर्दछ । यसमा निर्वाचनमा सहभागी हुन डराउने दलहरूको भयग्रस्त संवेगको प्रतिनिधित्व देखिन्छ । यद्यपि, यसमा 'वस्तुस्थिति' 'नेपालको इतिहासले पनि स्थापित गरेको' वाक्यांश अनावश्यक र अर्थावरोधी रहेको देखिन्छ । यसले भयको संवेगलाई संसक्त र संयुक्त हुन दिएको देखिँदैन ।

> नेपालका सञ्चारमाध्यम वा पत्रकारहरू प्रजातन्त्रसँगै आफूलाई पनि फल्नेफुल्ने अवसर प्राप्त भएको अनुभव र यथार्थका साक्षी हुन् । प्रजातन्त्रको हत्या हुँदा स्वतन्त्र पत्रकारिताको पनि मृत्यु भएको सबैले अनुभूत गरेकै कुरा हो । (उदाहरण नं. ९, परिशिष्ट ४, पाठ सङ्केत ख४१)

प्रस्तुत उदाहरणमा 'फल्नेफुल्ने अवसर', 'साक्षी', 'हत्या', 'मृत्यु' जस्ता शब्द र पदावलीको रूपकीय प्रयोग भएको पाइन्छ । यसमा 'फल्नेफुल्ने अवसर' को विपरीततामा 'हत्या', 'मृत्यु' जस्ता रूपकहरूमा भयको संवेग निर्भर गराउन खोजिएको देखिन्छ । यसमा सञ्चारमाध्यम वा पत्रकारहरूलाई प्रजातन्त्रसँगै फल्नेफुल्ने अवसर प्राप्त भएको अनुभव गर्ने समूहका 'साक्षी' का रूपमा उभ्याउँदै प्रजातन्त्र नहुनुलाई 'हत्या' हुनु र त्यसको तुल्यतामा स्वतन्त्र पत्रकारितालाई पनि 'मृत्यु' हुनुमा भय तथा आतङ्कको संवेग रहेको पाइन्छ । यद्यपि, यसमा 'सञ्चारमाध्यम वा पत्रकारहरू', 'अनुभव र यथार्थ', जस्ता शब्दको प्रयोग संसक्तिले संयुक्तिको चुस्ततालाई कमजोर बनाएर संवेगको प्रभावलाई फिक्का बनाएको पाइन्छ ।

> अन्यथा मुलुकले बेहोर्नुपर्ने अकल्पनीय दुर्घटनाको जिम्मेवारी हाम्रा सञ्चारमाध्यमले पनि लिनुपर्ने र पछुताउनुपर्ने अवस्था मात्र बाँकी रहनेछ । (उदाहरण नं. १०, परिशिष्ट ४, पाठ सङ्केत ख४१)

प्रस्तुत उदाहरणमा 'अन्यथा', 'अकल्पनीय दुर्घटना', 'पछुताउनुपर्ने अवस्था' जस्ता शब्द र पदावलीमा धम्की र भयको संवेग निर्भर रहेको पाइन्छ । यसमा सञ्चारमाध्यमको जिम्मेवारीसँग मुलुकले बेहोर्नुपर्ने अकल्पनीय दुर्घटना' लाई जोड्दै 'पछुताउनुपर्ने अवस्था मात्र बाँकी रहने' कुरा उठाइएको देखिन्छ । यसमा पश्चातापको संस्कृति र मनोविज्ञानसँग जोडिएको संवेग निर्भर देखिन्छ ।

> यसरी अधिकांश दलहरूले उम्मेदवारलाई मैदानमा पठाइसक्दा पनि घोषणापत्र तयार नपारेर आम मतदाताको अवमूल्यन गरेका छन् । ... जसको मत र विश्वास लिएर संविधानसभा र सत्तामा पुग्नुछ, उनैलाई बेवास्ता गर्ने गरी मौखिक वाचा जनाउँदै चुनावमा होमिनु स्वस्थ राजनीतिक संस्कार होइन । ( उदाहरण नं. ११, परिशिष्ट ४, पाठ सङ्केत क४०)

प्रस्तुत उदाहरणमा 'मैदान', 'अवमूल्यन', 'मौखिक वाचा', 'होमिनु' र 'स्वस्थ राजनीतिक संस्कार' जस्ता शब्द र पदावलीमा रूपकीयता भेटिन्छ । यीमध्ये 'मैदान' मा निर्वाचन क्षेत्र, 'अवमूल्यन' मा बेवास्ता, 'मौखिक वाचा' मा चुनावी प्रतिबद्धता, 'होमिनु' मा मत माग्न जानु र 'स्वस्थ राजनीतिक संस्कार' मा निर्वाचन प्रक्रया र

पद्धतिको सही अभ्यास हुनुपर्ने तथ्य र धारणाको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यसमा विशेषतः भूगोल, अर्थ, संस्कृति, स्वास्थ्य र शरीर विज्ञानका शब्दहरूको रूपकीय प्रयोगका साथै तिनले समग्रतामा दलहरूको कार्यशैलीप्रति विसङ्गतिको संवेग पाइन्छ।

> जीवनभरको राजनीतिक यात्रालाई दाउमा थापेर विद्रोह गर्ने पीडितहरू र राजनीतिमा लाग्ने बित्तिकै पद वा अवसर नपाएर विद्रोह गर्नेहरूको मूल्याङ्कन भिन्न भिन्न कोणबाट गरिनुपर्ने भए पनि विद्रोही संस्कारले मुलुकको राजनीति, राजनीतिक स्थिरता र चरित्रलाई मद्दत नगर्ने निश्चित छ। (उदाहरण नं. १२, परिशिष्ट ४, पाठ सङ्केत ख४३)

प्रस्तुत उदाहरणमा सामान्यतः 'यात्रा', 'दाउ', 'संस्कार', 'स्थिरता', 'चरित्र' जस्ता शब्दहरूमा रूपकीयता देखिन्छ। यसमा 'यात्रा' ले आबद्ध सक्रियता, 'दाउ' ले अनिश्चितता, 'संस्कार' ले प्रणाली र प्रवृत्ति, 'स्थिरता र चरित्र' ले पनि पद्धति र प्रवृत्तिलाई नै सङ्केत गरेको पाइन्छ। यसमा 'जीवनभर', 'विद्रोह गर्ने पीडितहरू' जस्ता शब्द र पदावलीले दलीय उम्मेदवारको विरुद्धमा उम्मेदवारी दिने दलका कार्यकर्ताप्रति सहानुभूतिको संवेग उत्पन्न गर्न खोजेको पाइन्छ भने यसको विपरीततामा 'विद्रोही संस्कार' लाई अनुचित ठहऱ्याएर संवेगलाई नियन्त्रण गर्न खोजिएको पनि पाइन्छ।

> यस्तो महत्वपूर्ण र संवेदनशील बखतमा बन्दजस्ता अनुचित विरोधका शैली अपनाइयो भने त्यसले आम जनजीवन र अर्थतन्त्रलाई त प्रभावित गर्छ नै, थप पुनः संविधान निर्माण प्रक्रियालाई प्रभावित गर्नसक्ने जोखिम हुन्छ। (उदाहरण नं. १३, परिशिष्ट ४, पाठ सङ्केत क४३)

प्रस्तुत उदाहरणमा 'महत्वपूर्ण र संवेदनशील बखत', 'बन्दजस्ता अनुचित विरोधका शैली', 'आम जनजीवन र अर्थतन्त्रलाई त प्रभावित गर्छ नै', 'थप पुनः संविधान निर्माण प्रक्रियालाई प्रभावित गर्नसक्ने जोखिम' जस्ता पदावलीमा निर्वाचन हुन नदिन गरिएको बन्दका विरुद्धको संवेगको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यसमा अन्ततः संविधान निर्माण प्रक्रियालाई अवरुद्ध गर्न सक्ने जोखिमलाई देखाएर बन्दको प्रभाव भयावह हुने संवेगलाई जनाइएको पाइन्छ।

> दशैं, तिहारपछिको राजनीतिक चाडका रूपमा संविधानसभाको निर्वाचन नेपाली नागरिकका घर आँगनमा भुल्किँदैछ। ... नेपाली समाजमा अनादिकालदेखि छाउँदै आएको सांस्कृतिक चाड पूर्वको यो मौसममा यसपटक राजनीतिक उमङ्ग पनि सहयात्रीका रूपमा आएको छ र आसन्न चुनावी चाड सकारात्मक परिणाम र सन्देशसहित सम्पन्न गर्नु सबैको कर्तव्य भएको छ। (उदाहरण नं. १४, परिशिष्ट ४, पाठ सङ्केत ख४५)

प्रस्तुत उदाहरणमा 'राजनीतिक चाड', 'सांस्कृतिक चाड', 'राजनीतिक उमङ्ग', 'सहयात्री', 'चुनावी चाड' जस्ता रूपकहरूको प्रयोग भएको पाइन्छ। यी रूपकहरू अधिकांशतः राजनीति र संस्कृतिको मिश्रणबाट बनेको देखिन्छ। यसमा संविधानसभाको निर्वाचनलाई 'भुल्किनु' क्रियाका माध्यमबाट 'घाम झुल्किनु' मा रूपकीयता

प्रदान गर्दै आशाको संवेग उत्पन्न गर्न खोजिएको पाइन्छ । यसैगरी, अनादिकालदेखि 'छाउँदै आएको' क्रियामा व्यापकता र निरन्तरताको, 'सहयात्री' मा राजनीति र संस्कृतिको मिश्रणलाई रूपकीय बनाइनाका साथै ' उमङ्ग' को संवेग उत्पन्न गर्न खोजिएको पाइन्छ । यद्यपि, यसमा रूपकहरू शब्दजालका रूपमा दोहोरिएर समेत आएकाले तिनमा जोडिएको आशा र उमङ्गको संवेग सवल रूपमा स्थापित हुन पाएको देखिँदैन ।

> गोरखा, रुकुमलगायतका जिल्लामा सुरु भएका घटनाले त्रासको वातावरण सिर्जना भएको छ । (उदाहरण नं. १५, परिशिष्ट ४, पाठ सङ्केत क४६)

प्रस्तुत उदाहरणमा 'त्रासको वातावरण' पदावलीमा भयको संवेगात्मक प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । 'गोरखा, रुकुमलगायतका जिल्लामा सुरु भएका घटना' मा कुनै रूपकीयता नभए पनि तिनले प्रकट गर्ने सामाजिक प्रतिनिधित्वमा भयको निर्भरता विश्वसनीय देखिन्छ। सम्पादकीयमा सामान्यतः यस खालको संवेगात्मक निर्भरतालाई उचित र सही प्रतिनिधित्व मान्न सकिन्छ ।

> ठूला दलका ठूला नेताहरूले हवाईजहाजमार्फत् देश दौडाहा गरिरहेका छन् । त्यसको स्रोत पारदर्शी गराउँदै उम्मेदवार र दलले गर्न पाउने खर्च सीमा नाघ्न नदिन आयोग बेलैमा सतर्क रहनुपर्छ । अर्कातिर कुनै दल या उम्मेदवारलाई स्रोतसाधन, जनशक्ति जुटाउने रणनीतिका साथ 'डमी उम्मेदवार' हरू खडा गर्ने रोग पनि भित्रिएको छ । (उदाहरण नं. १६, परिशिष्ट ४, पाठ सङ्केत क४६)

प्रस्तुत उदाहरणमा 'देश दौडाहा', 'पारदर्शी', 'सीमा', 'डमी उम्मेदवार', 'रोग' जस्ता रूपकहरूको प्रयोग भएको देखिन्छ । यीमध्ये 'देश दौडाहा' ले विभिन्न निर्वाचन क्षेत्रको भ्रमण, 'पारदर्शी' ले प्रत्यक्ष, 'सीमा' ले खर्चको हद, 'डमी उम्मेदवार' ले नक्कली उम्मेदवार, र 'रोग' ले विकृतिको प्रतिनिधित्वलाई निर्भरता दिएको पाइन्छ। यसमा अधिकांश रूपकहरू प्रचलित रहेका र अनावश्यक शब्दको प्रयोग नभएकाले स्पष्टतः ठूला दलका ठूला नेता र उम्मेदवारहरूको विकृत कार्यशैलीसँग जोडिएको विसङ्गति बोधक संवेगको प्रतिनिधित्व पनि निर्भर रहेको पाइन्छ ।

> कतिपय महिला नेतृहरूले पनि प्रत्यक्षको प्रतिस्पर्धाबाट भाग्दै समानुपातिकमा आफ्नो नाम सुरक्षित गर्न चाहे । (उदाहरण नं. १७, परिशिष्ट ४, पाठ सङ्केत क५०)

प्रस्तुत उदाहरणमा 'प्रतिस्पर्धा' नाम र 'भाग्दै' क्रियामा रूपकीयतासहित सुरक्षा र भयको मिश्रित संवेग निर्भर रहेको पाइन्छ। यसमा 'कतिपय महिला नेतृहरू'ले प्रत्यक्षतर्फ प्रतिस्पर्धा गर्नभन्दा आफूलाई 'समानुपातिक' सूचीमा 'सुरक्षित गर्न चाहे' को सामाजिक प्रतिनिधित्वमा निर्वाचन मनोविज्ञानमा लैङ्गिकताका साथै भय र सुरक्षाको संवेग जोडिएको पाइन्छ ।

> दलहरूले उच्च प्रतिबद्धता व्यक्त गर्नु वा विकासको सपना देखाउनु स्वाभाविक हो भने आफ्ना प्रतिबद्धतालाई कार्यान्वयन गर्नुपर्ने नैतिक उत्तरदायित्व पनि उनीहरूको काँधमा रहन्छ । (उदाहरण नं. १८, परिशिष्ट ४, पाठ सङ्केत ख५२)

प्रस्तुत उदाहरणमा 'सपना', 'काँध' जस्ता रूपकका साथै 'नैतिक उत्तरदायित्व' मा सांस्कृतिक संहितामा सही ठहरिनुपर्ने मनोवैज्ञानिक दबावको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । यसमा 'सपना' ले दलहरूको प्रतिबद्धता वा उद्देश्यलाई, 'काँध' ले जिम्मेवारीलाई रूपकीयता प्रदान गरेको पाइन्छ भने 'नैतिक उत्तरदायित्व' ले दलहरूलाई नैतिक दबावको संवेगतिर धकेल्न खोजेको देखिन्छ । प्रतिबद्धतामा रहेको 'उच्च' विशेषण र 'सपना', 'काँध' जस्ता बहुप्रचलित रूपकहरूले सामाजिक प्रतिनिधित्वको निर्भरतामा यथार्थता र नवीनता दिन सकेको पाइँदैन । यसले 'नैतिक उत्तरदायित्व' मा रहेको संवेगको शक्तिलाई क्षीण गराएको पाइन्छ ।

> चुनाव भाँड्ने प्रपञ्च कहीं कतैबाट हुन्छ भने त्यो विवेकहीनता मात्रै होइन, मुलुकप्रतिकै अपराध हुने छ । त्यसकारण राजनीतिक दल, मतदाता सबै आधारहीन आशंकाको पछि नलागी निर्वाचनको महासमरमा होमिन आवश्यक छ । (उदाहरण नं. १९, परिशिष्ट ४, पाठ सङ्केत क५७)

प्रस्तुत उदाहरणमा 'प्रपञ्च', 'अपराध', 'महासमर', 'होम' जस्ता रूपकको प्रयोग हुनाका साथै जालझेल, अविवेक, अपराध र आशंकाको मनोविज्ञानलाई निर्भरता दिँदै निर्वाचन भाँड्न खोज्नेको विपक्षमा रहेका दल र मतदाताको आत्मविश्वास र दृढताको संवेगलाई जगाउन खोजिएको पाइन्छ । यसमा 'प्रपञ्च' ले जालझेललाई, 'अपराध' ले चुनाव भाँड्ने जालझेललाई, 'महासमर' ले निर्वाचनलाई र 'होमिनु' ले सहभागिताको सामाजिक प्रतिनिधित्वलाई रूपकीय निर्भरता प्रदान गरेको पाइन्छ । यसमा रहेका प्रपञ्च वा जालझेल, अविवेक, अपराध, आशंका र महासमर जस्ता शब्दको सोझो र रूपकीय अर्थले समग्रतामा निर्वाचनसँग जोडिएको द्वन्द्वको गहिराईबाट उत्पन्न संवेगको विविधतापूर्ण प्रतिनिधित्वलाई निर्भरता दिएको बुझिन्छ ।

> घोषणापत्रलाई  दलहरूको 'देखाउने दाँत' का रूपमा व्याख्या गर्ने चलन बढिरहेको समयमा चुनाव प्रचारका क्रममा हुन थालेको बालबालिकाको प्रयोगले उक्त व्याख्या सही नै हो कि भन्ने पक्षमा बल पुग्न आएको छ । (उदाहरण नं. २०, परिशिष्ट ४, पाठ सङ्केत ख५७)

प्रस्तुत उदाहरणमा 'देखाउने दाँत', 'चलन', 'बल पुग्न आउनु' जस्ता रूपकका साथै आशंका र विसङ्गतिको संवेगलाई निर्भरता दिइएको पाइन्छ । यसमा 'देखाउने दाँत' ले दलहरूको घोषणापत्रलाई कार्यान्वयन नगरिने दस्तावेज, 'चलन' ले व्यवहार र 'बल पुग्न आउनु' ले समर्थन वा प्रमाणित गर्नुलाई रूपकीय निर्भरता दिइएको पाइन्छ । यी तथ्यलाई 'चुनाव प्रचार' मा 'बालबालिकाको प्रयोग' गरिएको सन्दर्भबाट उत्पन्न विसङ्गति र आशंकाको संवेगलाई निर्भरता दिन प्रयोग गरिएको देखिन्छ । यद्यपि, 'व्याख्या गर्ने चलन बढिरहेको समयमा' जस्ता पदावलीमा रूपकसहित कतिपय शब्दको अनावश्यक प्रयोग समेत भएको देखिन्छ । यसले संवेगको तीव्रतामा समेत आघात पुऱ्याएको पाइन्छ ।

> अहिलेको राष्ट्रिय जिम्मेवारी भने अन्तिम चरणको तयारीमा पुगिसकेको निर्वाचनको राष्ट्रिय संकल्प सफल पार्नु हो । (उदाहरण नं. २१, परिशिष्ट ४, पाठ सङ्केत क६०)

प्रस्तुत उदाहरणमा 'राष्ट्रिय संकल्प' मा रूपकीयता र दृढताको संवेग निर्भर रहेको पाइन्छ । यसमा

'निर्वाचनको तयारी अन्तिम चरणमा पुगिसकेको' तथ्यको प्रतिनिधित्वले सफलता र आशा मिश्रित दृढताको संवेगलाई 'राष्ट्रिय संकल्प' का रूपमा समेत निर्भरता दिएको देखिन्छ ।

रेग्मी सरकारले निर्वाचनको सफल आयोजना गरेर 'अर्जुनदृष्टि' ठीक ठाउँमा लगाएको प्रमाणित गरेको छ । (उदाहरण नं. २२, परिशिष्ट ४, पाठ सङ्केत क६५)

प्रस्तुत उदाहरणमा 'अर्जुनदृष्टि' मा अर्जुनले लक्ष्यलाई ठीक गाउँमा लगाएर तोकिएको कार्यलाई सफल बनाएको पौराणिक तथ्यलाई निर्वाचनको सफल आयोजनाका लागि रूपकीयता प्रदान गरिएको देखिन्छ । 'अर्जुनदृष्टि' मा निर्वाचन सम्पन्न गर्ने एकल लक्ष्यलाई रेग्मी सरकारले सफल बनाएको तथ्यसहित विजयको संवेगात्मक प्रतिनिधित्व पनि निर्भर रहेको पाइन्छ ।

पहिलो संविधानसभाको निर्वाचनबाट निर्माण गरिएको संविधानसभा संविधानलाई अन्तिम रूप नदिँदै विघटन भएको घाउ बोकेर बसेका नेपालीका लागि यो निर्वाचन आशाको किरण बनी झुल्किएको छ । ( उदाहरण नं. २३, परिशिष्ट ४, पाठ सङ्केत ख६३)

प्रस्तुत उदाहरणमा 'अन्तिम रूप', 'घाउ', 'आशाको किरण', 'झुल्किनु' जस्ता रूपक र पीडा मिश्रित आशाको संवेग भएका प्रतिनिधित्वको निर्भरता भेटिन्छ । 'अन्तिम रूप' मा संविधान जारी, 'घाउ' मा पहिलो संविधानसभा विघटन, 'आशाको किरण' मा संविधानसभा निर्वाचन-२०७० र 'झुल्किएको' मा घाम उदाउनाको रूपकीय निर्भरता देखिन्छ । यसमा नेपालीको प्रतिनिधित्वलाई 'घाउ बोकेर बसेका' अवस्थामा रहेको उल्लेख गरिएको भेटिन्छ । यसमा नेपालीलाई दुःख, रोग र चिन्ताग्रस्त संवेग उत्पन्न गर्ने निरीह र आशामुखी पात्रका रूपमा निर्भरता दिएको पाइन्छ ।

निर्वाचनको सफलतासँगै राजनीतिकको नयाँ अध्याय शुरु भएको छ । राजनीतिक दृष्टिले मुलुक अब नयाँ युगमा प्रवेश गरेको छ । (उदाहरण नं. २४, परिशिष्ट ४, पाठ सङ्केत ख६४)

प्रस्तुत उदाहरणमा ' नयाँ अध्याय शुरु' हुनु र 'नयाँ युगमा प्रवेश' गर्नु जस्ता पदावलीमा रूपकीय निर्भरता रहेको पाइन्छ । यसमा निर्वाचनको सफलतासँग जोडिएको राजनीतिक अवस्थाको प्रतिनिधित्वलाई रूपकीयता प्रदान गर्दा लक्ष्य प्राप्तिबाट उत्पन्न हुने सुख र सन्तोषको संवेग पनि जोडिएको पाइन्छ ।

यही ढंगले सबैलाई समेट्ने गरी हिँड्दा राज्यको रथ सहजतापूर्वक अगाडि बढ्नेछ । (उदाहरण नं. २५, परिशिष्ट ४, पाठ सङ्केत क६९)

प्रस्तुत उदाहरणमा 'रथ' ले राज्यको गतिलाई रूपकीयता प्रदान गरेको पाइन्छ । यसमा राज्यले 'सबैलाई समेट्ने गरी हिँडेको' कार्यको प्रतिनिधित्वमा जोडिएको 'सहजतापूर्वक अगाडि बढ्ने' पदावलीमा भविष्यप्रति आशावादी हुन सकिने संवेगले निर्भरता पाएको बुझिन्छ ।

नयाँ संविधान लेख्न र जारी गर्न जति ढिलाइ गरिन्छ, परिवर्तनका कार्यसूची धरापमा पर्ने जोखिम उति रहन्छ । तसर्थ जनआन्दोलन र परिवर्तनका संवाहक राजनीतिक दलहरूले बेलैमा होस् पुर्‍याउँदै संविधान

निर्माणलाई गति दिनुपर्छ, नयाँ सत्ता गठनको औपचारिकता चाँडै टुंग्याएर । (उदाहरण नं. २६, परिशिष्ट ४, पाठ सङ्केत क७०)

प्रस्तुत उदाहरणमा 'ढिलाइ', 'धरापमा पर्ने जोखिम', 'बेलैमा होस पुऱ्याउनु, 'गति दिनु' जस्ता शब्द र पदावलीमा रूपकीयताका साथै भयको संवेग निर्भर रहेको पाइन्छ । यसमा 'ढिलाइ' मा समयमै नयाँ संविधान लेख्न र जारी गर्न अवरोध पुऱ्याउने कार्यशैलीको असरलाई 'धरापमा पर्ने जोखिम' सँग तुल्यता प्रदान गरिएको पाइन्छ । यसो गर्दा परिवर्तनका कार्यसूची लागू नहुने तथ्यसँग मूलतः भयको संवेग जोडिएको देखिन्छ । यससँगै राजनीतिक दलहरूलाई 'परिवर्तनका संवाहक' को विशेषताभित्र समूहकरण गरी उत्साहको संवेग थपिनाका साथै 'बेलैमा होस पुऱ्याउँदै' संविधान निर्माण कार्यलाई 'गति दिन' नयाँ सरकार गठनको औपचारिकता चाँडै टुङ्ग्याउन सुझाइएको पनि पाइन्छ ।

सत्ता गठबन्धन गर्ने कुरामा पुरानै प्रवृत्ति दोहोरिएर पालैपालो प्रधानमन्त्री बन्ने चक्करमा प्रमुख दलका नेता फसे भने फेरि पनि संविधानसभाको अग्रगामी मुद्दा बेवारिसे बन्ने छन् र संविधान निर्माणमा ग्रहण लाग्ने छ । (उदाहरण नं. २७, परिशिष्ट ४, पाठ सङ्केत क७३)

प्रस्तुत उदाहरणमा 'चक्कर', 'फस्नु', 'अग्रगामी मुद्दा', 'बेवारिसे बन्नु', 'ग्रहण लाग्नु' जस्ता शब्द र पदावलीमा रूपकीयताका साथै विसङ्गतिपूर्ण भय, निरीहता र निराशाको संवेगलाई निर्भरता दिइएको पाइन्छ । यसमा 'चक्कर' ले पालैपालो प्रधानमन्त्री बन्ने पुरानै प्रवृत्ति दोहोरिने सम्भावनामा भयको, 'फस्नु' ले प्रमुख दलका नेतामा रहेको पदलोलुपताको, 'अग्रगामी मुद्दा' ले संविधानसभाले संस्थागत गर्नुपर्ने लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका मूल्य मान्यताको, 'बेवारिसे बन्नु' ले स्वामित्व ग्रहण नगरिने अवस्थामा निरीहताको, 'ग्रहण लाग्नु' ले संविधान निर्माण कार्य ओझेलमा पर्ने अवस्थामा निराशाको संवेगलाई निर्भरता प्रदान गरेको देखिन्छ । यसमा रूपक र संवेगको प्रयोग अभिन्न रूपमा सफल र सशक्त रहेको पाइन्छ ।

सूचीमा नाम परेका कांग्रेस एमालेका आकांक्षीहरू यतिबेला आफ्ना पक्षमा लबिङ गर्न नेताहरूको घरदैलो चहारिरहेका छन् । (उदाहरण नं. २८, परिशिष्ट ४, पाठ सङ्केत क७६)

प्रस्तुत उदाहरणमा 'घरदैलो चहारिरहेका' पदावलीमा रूपकीयताका साथै विसङ्गतिपूर्ण संवेगको निर्भरता रहेको पाइन्छ । यसमा समानुपातिक सूचीमा नाम परेका आकांक्षीहरूलाई आफ्ना पक्षमा लबिङ गर्न नेताहरूको 'घरदैलो चहारिरहेका' अवस्थाले निरीहताको संवेग उत्पन्न गर्दै कांग्रेस एमालेका नेताहरूले यसअघि देखाएको मनपरी निर्णय गर्ने हैकमवादी कार्यशैलीका कारण आकांक्षी कार्यकर्तामा समेत नेतृत्वको विवेकप्रति अविश्वासको मनोविज्ञान बढेको र तिनले नेताका घर-घरमा भौतारिंदै हिँड्नुपर्ने अवस्था सिर्जना भएको सामाजिक प्रतिनिधित्वमा विसङ्गतिको संवेगले पनि निर्भरता पाएको बुझिन्छ ।

मतभेदका गम्भीर मुद्दाहरूमा हम्मेसी सहमति नगर्ने प्रमुख दलहरूले म्याद थप्दै जाने सन्दर्भमा चाहिँ सजिलै सहमति बनाएका छन् र आयोगले पनि दलहरूको आग्रहलाई 'शिरोपर' गरेझैं म्याद थप्दै गएको छ । ...निश्चय पनि प्रमुख दलहरूका आन्तरिक समन्वय र व्यवस्थापनका चुनौती होलान् । तर यसको

अर्थ दलले पटकपटक म्याद थप्ने आग्रह गर्ने र आयोगले 'लालमोहर' लगाउँदै जानु उचित होइन । यसो गर्नाले दोस्रो संविधानसभाको विधिवत् प्रारम्भ गर्ने समय घचेटिँदै जाने छ । (उदाहरण नं. २९, परिशिष्ट ४, पाठ सङ्केत क७८)

प्रस्तुत उदाहरणमा 'मुद्दाहरू', 'शिरोपर गर्नु', 'लालमोहर लगाउँदै जानु' जस्ता शब्द र पदावलीमा रूपकीयताका साथै तिनको संसक्तिमा रहेका शब्द र पदावलीमा संवेगको प्रतिनिधित्व पनि निर्भर रहेको पाइन्छ । यसमा 'मुद्दाहरू' ले दलीय मतभेद, 'शिरोपर गर्नु' ले दलको आग्रहमा निर्वाचन आयोगले समानुपातिक सभासद् छनोटको सूची बुझाउने म्याद थप्ने र 'लालमोहर लगाउँदै जानु' ले पनि पटकपटकको आग्रहलाई अनुमोदन गर्दै जाने कार्यको प्रतिनिधित्वलाई रूपकीय निर्भरता दिएको देखिन्छ । यसका साथै, ती रूपकसँग संसक्त रहेका 'गम्भीर', 'निश्चय पनि', 'चुनौती', 'पटकपटक', 'उचित होइन', 'समय घचेटिँदै जाने' जस्ता शब्द र पदावलीले दलीय द्वन्द्व वा मतभेद, ढिलासुस्ती र विसङ्गतिपूर्ण कार्यशैलीलाई निर्वाचन आयोगले पनि नियन्त्रण गर्न नखोजेर साथ दिँदै गरेकोमा अन्ततः दोस्रो संविधानसभाको विधिवत् प्रारम्भ हुन ढिलाइ भइरहेको अवस्थाको सामाजिक प्रतिनिधित्वमा निराशाको संवेगलाई पनि निर्भरता दिइएको पाइन्छ ।

सहमतिकै रटानका कारण पहिलो संविधानसभाको अवसान गरिएको कारण नै दोस्रो संविधानसभा निर्वाचनको वाध्यता मुलुकले बेहोर्नु परेको हो । ... दोस्रो सभाको चुनावपछि पनि शुरु भएको उही सहमतिको रटानले मुलुकको राजनीतिक गतिलाई बाधित र मुलुकलाई अनिर्णयको बन्दी बनाउने अवस्था देखिदै छ । (उदाहरण नं. ३०, परिशिष्ट ४, पाठ सङ्केत ख७४)

प्रस्तुत उदाहरणमा 'रटान', 'सहमतिकै रटान', 'अवसान', 'वाध्यता', 'बेहोर्नु परेको' जस्ता शब्द र पदावलीमा रूपकीयतासहित संवेगको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । 'रटान' मा सहमतिको विषयमा पटक पटक कुरा गर्ने तर काम नगर्ने प्रवृत्ति, 'अवसान' मा पहिलो संविधानसभा विघटन गरिएको घटनालाई रूपकीयता प्रदान गरिएको देखिन्छ भने 'वाध्यता' मा मुलुकले दोस्रो संविधानसभाको निर्वाचन गर्नैपर्ने अवस्थालाई 'बेहोर्नु परेको' क्रिया पदावलीसँगको संसक्तिले विसङ्गति, अवसाद र दुःखको संवेगलाई बल पुऱ्याएको पाइन्छ । साथै, 'सहमतिको रटान', 'राजनीतिक गति', 'अनिर्णयको बन्दी' जस्ता पदावलीमा रूपकीयताका साथै दुःख र निराशाको संवेगलाई निर्भरता दिइएको पाइन्छ । 'सहमतिको रटान' मा 'उही' विशेषणले सहमतिको विषयमा पटक पटक कुरा गर्ने तर काम नगर्ने विसङ्गतिपूर्ण प्रवृत्तिका कारण मुलुकको 'राजनीतिक गति' मा अवरोध पुग्ने र दोस्रो संविधानसभाको निर्वाचनपछि पनि संविधान निर्माण गर्ने लक्ष्यमा पुग्न बाधा पार्ने कामबाट मुलुकलाई 'अनिर्णयको बन्दी' बनाउने अवस्था देखिन थालेको प्रतिनिधित्व भेटिन्छ । यसमा 'अनिर्णयको बन्दी' रूपकसहित उल्लिखित शब्द र पदावलीमा दुःख र निराशाको संवेगलाई भर दिएको पाइन्छ ।

नेपालले धेरै द्वन्द्व र हिंसाका चरण बेहोरेको छ । हिंसात्मक द्वन्द्वका कारण मुलुकले अनाहकमा ठूलो जनधनको क्षति भोग्नुपरेको छ र विकासको दृष्टिले देश वर्षौं पछाडि धकेलिएको छ । विगतमा विद्युत्

योजनाहरूको निर्माणमा गरिएको अवरोधले मुलुकलाई लामो लोडसेडिङको अन्धकारमा धकेलिदिएको छ। (उदाहरण नं. ३१, परिशिष्ट ४, पाठ सङ्केत ख७५)

प्रस्तुत उदाहरणमा 'धेरै द्वन्द्व र हिंसा बेहोरेको', 'अनाहकमा ठूलो जनधनको क्षति भोग्नुपरेको', 'वर्षौं पछाडि धकेलिएको', 'लामो लोडसेडिङको अन्धकारमा धकेलिदिएको' जस्ता पदावलीमा द्वन्द्व र हिंसा जस्ता मानव सिर्जित विपत्ति, क्षति, सङ्कट, असहज अवस्था आदिबाट उत्पन्न हुन सक्ने दुःखद् र अवसादपूर्ण मनोदशाको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यसमा मूलतः विगतको मूल्याङ्कन प्रस्तुत गरिएको देखिन्छ। यसमा प्रयोग भएका 'धेरै', 'ठूलो', 'वर्षौं', 'लामो' जस्ता विशेषणले रूपकीय संसक्ति र संवेगको संयुक्तिमा हुनुपर्ने वस्तुनिष्ठता र विश्वसनीयतालाई खस्काएको पाइन्छ।

अहिलेका सम्पूर्ण प्रक्रियाको औचित्यमाथि प्रश्न उठाएर हिंसामुखी र अराजकताको बाटोमा माओवादी अग्रसर हुन खोजेको हो भने त्यो उसको महा भुल हुने छ। (उदाहरण नं. ३२, परिशिष्ट ४, पाठ सङ्केत क७९)

प्रस्तुत उदाहरणमा मूलतः 'हिंसामुखी र अराजकताको बाटो', 'महा भुल हुनु' जस्ता पदावलीमा रूपकीयताका साथै हिंसा र अराजकताजन्य अपराधलाई महा भुलका रूपमा आत्मबोध गराउने क्रममा उत्पन्न हुन सक्ने संवेगको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यसमा 'प्रश्न उठाउनु', 'अग्रसर हुन खोज्नु' जस्ता क्रिया पदावलीमा पनि रूपकीयता भेटिन्छ। तिनमा 'अहिलेका सम्पूर्ण प्रक्रियाको औचित्यमाथि' प्रश्न उठाएर 'हिंसामुखी र अराजकताको बाटो' लिन खोज्नुलाई 'महा भुल हुने' ठहऱ्याइएका पदावलीको संसक्तिबाट नैतिक रूपमा अपराधबोधको मानसिकतालाई जगाउन खोजिएको पाइन्छ।

चयनमा इमानदार कार्यकर्ता उपेक्षित भएका पनि छन् र कतिपय कार्यकर्तामा बढेको सभासद् हुने महत्वाकांक्षाले पनि विवादको आगोमा घिउ थप्ने काम गरेको छ। (उदाहरण नं. ३३, परिशिष्ट ४, पाठ सङ्केत ख७९)

प्रस्तुत उदाहरणमा 'विवादको आगोमा घिउ थप्ने काम गर्नु' पदावलीमा रूपकीयताका साथै 'इमानदार कार्यकर्ता उपेक्षित' भएका र कतिपय कार्यकर्तामा बढेको सभासद् हुने महत्वाकांक्षा' जस्ता पदावलीमा संवेगको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यसमा उम्मेदवार चयनका क्रममा नेतृत्वमा रहेका व्यक्तिबाट इमानदार कार्यकर्ता उपेक्षित भएका तथ्यको प्रतिनिधित्वले नेतृत्वले लिएको विसङ्गतिपूर्ण नीति, अन्यायपूर्ण व्यवहारका कारण इमानदार कार्यकर्ताको अवस्थालाई निरीह देखाएको पाइन्छ भने यसको विपरीततामा बेइमान कार्यकर्ताले प्रश्रय पाएको, उनीहरूमा सभासद् हुने महत्त्वाकांक्षा बढाएको तथ्य उपस्थित हुन आएको देखिन्छ। यस्तो विवादपूर्ण अवस्थालाई 'आगो' र यसरी विवाद बढाउने कार्यलाई 'आगोमा घिउ थप्ने काम गरेको' भनी रूपकीय निर्भरता दिएर उपेक्षा, अन्याय र विसङ्गतिको संवेगलाई पनि जगाउन खोजिएको पाइन्छ।

मुलुकलाई सङ्क्रमणकालको भुमरीबाट उतार्न सहमतीय प्रणाली नै महौषधी ठहरिनेमा विवाद रहँदैन तर

त्यो सहमति ओठे नाराको विषय मात्र बन्न नहुनेमा दुईमत रहँदैन। ... सत्ताको अवाञ्छनीय छिनाझप्टीले जसरी राजनीतिक दललाई कलङ्कको तलाउमा गोता खान वाध्य बनायो, त्यो प्रवृत्तिको अब पुनरावृत्ति हुनुहुँदैन। (उदाहरण नं. ३४, परिशिष्ट ४, पाठ सङ्केत ख८५)

प्रस्तुत उदाहरणमा 'सङ्क्रमणकालको भुमरीबाट उतार्न', 'महौषधी ठहरिने', 'ओठे नाराको विषय', 'सत्ताको छिनाझप्टी', 'कलङ्कको तलाउ', 'गोता खान वाध्य बनाउनु' जस्ता पदावलीमा रूपकीयताका साथै संवेगको पनि प्रतिनिधित्वलाई निर्भर गराउन खोजिएको देखिन्छ। यसको अघिल्लो खण्डमा मुलुकलाई सङ्क्रमणकालको 'भुमरी' मा परेको, भुमरीबाट उतार्न सहमतीय प्रणाली नै 'महौषधी' ठहरिनेमा विवाद नरहने, त्यसका लागि सहमति 'ओठे नाराको विषय' बन्न नहुनेमा दुईमत नरहने जस्ता पदावलीको संसक्ति देखिन्छ। यस्तैगरी, पछिल्लो खण्डमा सत्ताको अवाञ्छनीय 'छिनाझप्टी' ले राजनीतिक दललाई 'कलङ्कको तलाउ' मा 'गोता खान' वाध्य बनाएको र अब त्यो प्रवृत्तिको पुनरावृत्ति हुन नहुने जस्ता पदावलीको संसक्ति देखिन्छ। यसमा अनावश्यक शब्द र पदावलीको प्रयोग भएको पाइन्छ। 'जसरी' को समानान्तरमा हुनुपर्ने 'त्यसरी' योजकको अभावका साथै 'बनायो' र 'हुनहुँदैन' क्रियाको बिचमा सङ्गतिको अभावले संयुक्तिलाई सशक्त बन्न दिएको पाइँदैन। यसमा रूपकीयताको भद्दा प्रयोग हुनाले त्यसबाट उत्पन्न हुन सक्ने संवेगको तीव्रता र विश्वसनीयतालाई खस्काएको पाइन्छ।

कांग्रेस-एमालेले सम्भव भएसम्म यी सबै विषयहरूलाई एउटै डालोमा राखेर मिलनबिन्दु खोज्न सकेमा राजनीतिक प्रक्रियाले तीव्रता लिन सक्छ। ... चुनाव भएको अढाई महिना बितिसक्दा पनि नयाँ सरकार गठन हुन नसक्दा आम जनतामा बढ्दै गएको निराशालाई मुख्य राजनीतिक दलहरूले समयमै किनारा लगाउनुपर्छ। (उदाहरण नं. ३५, परिशिष्ट ४, पाठ सङ्केत क९२)

प्रस्तुत उदाहरणमा 'एउटै डालोमा राखेर मिलनबिन्दु खोज्न सक्नु' मा रूपकीयताका साथै 'सम्भव भएसम्म सबै विषयहरू' र 'राजनीतिक प्रक्रियाले तीव्रता लिन सक्ने' पदावलीमा सहमतिका सम्भावना र आशाको संवेग निर्भर रहेको पाइन्छ। यसमा एउटै 'डालो' ले एकीकृत रूपमा हुने समेटाइ र 'मिलनविन्दु' ले सहमतिलाई रूपकीय निर्भरता दिएको देखिन्छ। यसको संसक्तिमा कांग्रेस र एमाले दलको क्षमता र राजनीतिक प्रक्रियाले तीव्रता लिने सम्भावनाको प्रतिनिधित्व रहेकाले यसमा चुनौतीका साथै सम्भावना र आशाको संवेग मिश्रित भएको मान्न सकिन्छ। साथै, 'किनारा लगाउनुपर्ने' पदावलीमा रूपकीयता र 'बढ्दै गएको निराशा' मा संवेगको प्रतिनिधित्व निर्भर देखिन्छ। यसमा निर्वाचन भएको अढाई महिना बितिसक्दा पनि मुख्य राजनीतिक दलहरूले सरकार गठन हुन नसकेको घटनाको प्रतिनिधित्वमा आम जनतामा 'बढ्दै गएको निराशा' को संवेगलाई निर्भरता दिँदै ढिलासुस्तीलाई समयमै अन्त्य गर्न दिइएको सुझाव 'किनारा लगाउनु' मा रूपकीय प्रयोग भएको पाइन्छ।

अहिलेको सन्दर्भमा उनीहरू (दल ?) लाई जनताले दिएको जिम्मेवारी भनेको यथाशीघ्र नयाँ संविधान निर्माण हो। दलहरूले आफ्नो अर्जुनदृष्टि यसैमा केन्द्रित गर्नुपर्छ। ... शासकीय महत्वाकांक्षा भएको

> व्यक्तिका हातमा त्यस्तो असीमित अधिकार गएको खण्डमा त्यसको दुरुपयोग हुने खतरासमेत हुन्छ। (उदाहरण नं. ३६, परिशिष्ट ४, पाठ सङ्केत क९५)

प्रस्तुत उदाहरणमा 'अर्जुनदृष्टि' रूपकमा जनताले नयाँ संविधान निर्माण गर्न दललाई दिएको जिम्मेवारीको प्रतिनिधित्वका साथै, 'शासकीय महत्वाकांक्षा', 'असीमित अधिकार', 'दुरुपयोग हुने खतरा' जस्ता पदावलीमा निर्वाचनका लागि गठित गैरदलीय सरकारको सफलताका सन्दर्भमा भयको संवेगलाई पनि निर्भर गराइएको पाइन्छ। यसमा दलहरूले यसअघि नयाँ संविधान निर्माण गर्नमा 'अर्जुनदृष्टि' केन्द्रित गर्न नसकेका कारण प्रधानन्यायाधीशको नेतृत्वमा असीमित शासकीय अधिकार गएको र त्यसमा असीमित अधिकारको दुरुपयोग हुने खतरासमेत रहेको तथ्यको प्रतिनिधित्वबाट भयको संवेग प्रकट गरिएको पाइन्छ।

> सम्पूर्ण राजनीतिक दल अर्जुनदृष्टिका साथ अब एकमात्र कार्यभार सम्पन्न गर्न समर्पित हुनु किन पनि जरुरी छ भने सरकार गठनमै यत्तिका दिन बितिसकेकाले अब थोरै समय पनि घर्किन नदिन युगीन दायित्वको विषय बनेको छ। (उदाहरण नं. ३७, परिशिष्ट ४, पाठ सङ्केत ख८९)

प्रस्तुत उदाहरणमा 'अर्जुनदृष्टि' रूपकका साथै, 'युगीन दायित्वको विषय', 'थोरै समय पनि घर्किन नदिनु' जस्ता पदावलीमा ढिलासुस्तीबाट उत्पन्न हुन सक्ने संवेगलाई निर्भर गराउन खोजिएको देखिन्छ। यद्यपि, यसमा 'अर्जुनदृष्टिका साथ एकमात्र कार्यभार सम्पन्न गर्न समर्पित हुनुपर्ने', र 'सरकार गठनमै यत्तिका दिन बितिसकेकाले' पदावलीका बिचमा रहेको योजक पदावली 'किन पनि जरुरी छ भने' मा संयुक्तिगत तालमेल भेटिँदैन। यसले बहुप्रचलित रूपकमा रहेको अर्थको सरलता र स्पष्टतामा वाधा पुऱ्याएको देखिन्छ। यसमा समयसँग संसक्त रहेको 'घर्किन नदिनु' क्रिया पदावलीले अभिव्यक्तिलाई पूर्वाग्रहरहित हुन दिएको देखिँदैन भने 'थोरै' विशेषणले दर्शाउने हचुवा भाव र 'युगीन दायित्वको विषय' बनेको निष्कर्षले बहुप्रचलित रूपकको लक्ष्यप्रति समर्पित हुनमा भइरहेको ढिलासुस्तीले आम रूपमा बढाएको संवेगलाई कुशलतापूर्वक जोगाउन सकेको पाइँदैन।

> राजनीतिक दलले सत्ता, पदका निम्ति चाहना राख्नु र त्यसका लागि तह अनुसारको दावी गर्नु अनौठो होइन तर लम्बिँदो संक्रमणकाल समाप्त गर्न वर्षदिनभित्रै सविधान ल्याउने युगान्तकारी अभियानमा लागेका शक्ति यसरी पदकै हानथापमा देखिनु शुभद्योतक पटक्कै होइन। ... जे होस् नेतृत्वले आवेश, आवेग र आक्रोशलाई नजिक टिम्किनै नदिने प्रवृत्ति अँगाल्नसके राजनीतिक परिवक्वता बढ्दै जानेछ र यसले अन्ततः सबैको भलो गर्नेछ। ... गृह मन्त्रालय भागबण्डाको प्रश्नले एमाले-कांग्रेसबीच उब्जाएको तनाव सत्ता-मनोविज्ञान शक्तिकेन्द्रित नै रहेको जनाउँदछ। नेताहरू यो आत्मविनाश दलदलबाट माथि उठ्न जरुरी छ। (उदाहरण नं. ३८, परिशिष्ट ४, पाठ सङ्केत ख९०)

प्रस्तुत उदाहरणमा 'सत्ता, पदका निम्ति चाहना राख्नु', 'दावी गर्नु', 'लम्बिँदो संक्रमणकाल समाप्त गर्नु', 'युगान्तकारी अभियानमा लाग्नु', 'पदकै हानथापमा देखिनु', 'शुभद्योतक पटक्कै नहुनु', 'आवेश, आवेग र आक्रोशलाई नजिक टिम्किनै नदिने प्रवृत्ति अँगाल्नसक्नु', 'राजनीतिक परिवक्वता बढ्दै जानु', 'सबैको भलो गर्नु', 'भागबण्डाको प्रश्नले तनाव उब्जनु', 'सत्ता-मनोविज्ञान शक्तिकेन्द्रित नै रहनु', 'आत्मविनाश दलदलबाट माथि

उठ्न जरुरी हुनु' जस्ता पदावलीमा आंशिक रूपकीयताका साथै विसङ्गति बोधक संवेगको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यसमा निर्वाचनपछि सत्ता गठबन्धनमा रहेका कांग्रेस र एमाले पार्टी बिच देखिएको पदीय भागबण्डाको खटपटमा चुलिएको राजनीतिक खिचातानीसँग जोडिएको संवेगलाई 'चाहना', 'दावी', 'लम्बिँदो संक्रमणकाल', 'युगान्तकारी अभियान', 'पदकै हानथाप', 'आवेश, आवेग र आक्रोश', 'राजनीतिक परिपक्वता', 'सबैको भलो', 'भागबण्डाको प्रश्न', 'तनाव', 'सत्ता-मनोविज्ञान', आत्मविनाशको दलदल', 'माथि उठ्नु जरुरी' जस्ता शब्द र पदावलीलाई कतै सकारात्मक र कतै नकारात्मक क्रिया पदावली प्रयोग गरी निर्भरता दिन खोजिएको पाइन्छ। यसमा प्रत्यक्ष शब्दको भार बढी र रूपकीय शब्दको भार कम देखिन्छ। यसमा 'शुभद्योतक पटक्कै होइन' र 'नजिक टिम्किनै नदिने प्रवृत्ति अँगाल्नसके' जस्ता पदावलीको प्रयोगले रूपकीय ओज र संवेगात्मक सारको तार्किक शक्तिलाई खस्काएको समेत पाइन्छ।

> मुलुकलाई सङ्क्रमणकालको चक्रवातबाट उम्काउन एकताको बल भिक्नुपर्ने राजनीतिक दल पदीय भागबण्डामा अलमलिन थालेपछि भविष्य पनि आशङ्काकै खाडलतर्फ जाकिँदै गएको भान भइरहेको छ। (उदाहरण नं. ३९, परिशिष्ट ४, पाठ सङ्केत ख९१)

प्रस्तुत उदाहरणमा 'सङ्क्रमणकालको चक्रवात', 'एकताको बल', 'पदीय भागबण्डामा अलमल', 'आशङ्काको खाडल', 'जाकिँदै गएको भान हुनु' जस्ता पदावलीमा रूपकीयताका साथै संवेगको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ। यसमा एकातिर 'मुलुकलाई संक्रमणकालको चक्रवातबाट उम्काउन राजनीतिक दलले एकताको बल भिक्नुपर्ने धारणाको स्थापना गरिएको पाइन्छ भने त्यसको विपरीततामा दलहरू पदीय भागबण्डामा अलमलिन थालेपछि मुलुकको भविष्य आशङ्काको खाडलतर्फ जाकिँदै गएको भान भइरहेको प्रतिनिधित्वलाई उभ्याइएको देखिन्छ। विशेषगरी, 'चक्रवात' र 'खाडलतर्फ जाकिँदे भएको भान भइरहेको' रूपक र पदावलीमा भयको संवेग निर्भर देखिन्छ। भयलाई दलहरू एक नभएको र पदीय भागबण्डामा अलमलिन थालेको प्रतिनिधित्वले पनि आधार दिएको पाइन्छ। यसमा 'चक्रवातबाट उम्काउने', 'एकताको बल भिक्नुपर्ने' जस्ता पदावलीमा रूपकलाई सही भाव दिनसक्ने क्रियात्मक संसक्ति नभएको र 'आशङ्काकै खाडलतर्फ जाकिँदै गएको भान भइरहेको' पदावलीमा वस्तुनिष्ठताभन्दा मनोगतता बढी देखिने हुँदा रूपक र संवेगको तालमेल खस्किन पुगेको अवस्था भेटिन्छ।

> अविश्वासको जगमा मेलमिलापको अट्टालिका ठडिनै नसक्ने ध्रुवसत्यलाई आत्मसात गरी अब राजनीतिक दल हरेक कार्यमा सर्वसम्मत पद्धति अँगाल्नेतर्फ प्रवृत्त हुनैपर्छ। (उदाहरण नं. ४०, परिशिष्ट ४, पाठ सङ्केत ख९२)

प्रस्तुत उदाहरणमा 'अविश्वासको जग', 'मेलमिलापको अट्टालिका' जस्ता रूपकका साथै 'ठडिनै नसक्ने ध्रुवसत्य' पदावलीमा राजनीतिक दलले देखाएको कार्यशैलीबाट फेरि पनि संविधान निर्माण होला भन्ने कुराप्रति अविश्वासको संवेगलाई निर्भर गराउन खोजिएको पाइन्छ। यद्यपि, यसमा एकातिर 'अविश्वासको जग' मा 'मेलमिलापको अट्टालिका' को संसक्ति सवल र तुल्यता रोचक देखिए पनि त्यसलाई जोड दिएर 'ठडिनै नसक्ने

ध्रुवसत्य' भन्नु पूर्वाग्रहपूर्ण देखिन्छ भने अर्कोतिर यसको अन्तिममा रहेको वाक्यांश 'अब राजनीतिक दल हरेक कार्यमा सर्वसम्मत पद्धति अँगाल्नेतर्फ प्रवृत्त हुनैपर्छ' मा दिइएको सुझाव पनि स्पष्ट, व्यावहारिक र तर्कसङ्गत नभएको पाइन्छ। यसबाट रूपकीय संसक्ति जतिसुकै सबल भए पनि त्यससँग जोडिएका तथ्य सरल, स्पष्ट, व्यावहारिक र तार्किक नभएमा संवेगले सही निर्भरता पाउन सक्तैन भन्ने देखिन्छ।

> सरकार सञ्चालनमै अलमल भइरह्यो र सत्ताघटकबीच नै तनाव सिर्जना भइरह्यो भने निश्चय नै राष्ट्रको मूल गन्तव्य ओझेलमा पर्नेछ। (उदाहरण नं. ४१, परिशिष्ट ४, पाठ सङ्केत ख१०१)

प्रस्तुत उदाहरणमा 'मूल गन्तव्य ओझेलमा पर्नु', 'अलमल भइरहनु' र 'तनाव सिर्जना भइरहनु' पदावलीमा आंशिक रूपकीयताका साथै विसङ्गति र निराशाको संवेग निर्भर रहेको पाइन्छ। यसमा सरकार सञ्चालनमा ढिलासुस्ती भइरहेको र सत्ताघटकमा तनाव सिर्जना भइरहेको तथ्यको सामाजिक प्रतिनिधित्वमा राष्ट्रको मूल गन्तव्य ओझेलमा पर्ने रूपकमा धारणालाई उभ्याइएको पाइन्छ। यसमा विशेष गरी 'मूल गन्तव्य' रूपकले संविधान निर्माण गरी जारी गर्ने कार्य र 'ओझेलमा पर्ने' रूपकले असफलताको सङ्केतका साथै र निराशाको संवेगलाई जनाएको पाइन्छ।

> राष्ट्रिय प्राथमिकताहरू राजनीतिक दाउपेचको जाँतोमा किचिने परम्परा झैं संविधान निर्माण पनि किचियो। ... अबको बाँकी नौ महिना नेतृत्व पंक्तिसँगै सदस्यहरूले संविधान निर्माणको काममा एकलव्य दृष्टि दिएर समर्पित हुनैपर्छ। यस अवधिमा कुनै पनि बहानामा संविधानका काममा विलम्ब गर्ने हो भने संविधानसभाको प्रतिबद्धता फेरि पनि लर्खराउन सक्छ भन्ने सबै पक्षले हेक्का राख्नैपर्छ। (उदाहरण नं. ४२, परिशिष्ट ४, पाठ सङ्केत ख१०३)

प्रस्तुत उदाहरणमा 'राजनीतिक दाउपेचको जाँतोमा किचिने परम्परा', 'एकलब्य दृष्टि दिएर समर्पित हुनैपर्ने', 'कुनै पनि बहानामा विलम्ब', 'प्रतिबद्धता फेरि पनि लर्खराउन सक्ने' र सबै पक्षले हेक्का राख्नैपर्ने' जस्ता पदावलीमा रूपकीयताका साथै विसङ्गति विरुद्ध निश्चय र दृढता मिश्रित संवेगको निर्भरता पाइन्छ। यसमा विशेष गरी, राजनीतिक दाउपेचलाई 'जाँतो' को रूपमा र त्यसमा राष्ट्रिय प्राथमिकताहरू 'किचिने' गरेको कार्यलाई 'परम्परा' का रूपमा प्रस्तुत गरेर राजनीतिले राष्ट्रिय प्राथमिकतालाई धुलोपिठो पार्ने गरेको विसङ्गतिपूर्ण संवेगलाई भर दिन खोजिएको पाइन्छ। यसमा संविधान निर्माणलाई 'एकलव्य दृष्टि' दिएर समर्पित हुनैपर्ने धारणामा प्रकट रूपकीयताको भने तालमेल देखिँदैन। 'एकलव्य' लाई अर्जुनको जस्तो 'दृष्टि' को संसक्तिमा भन्दा गुरुभक्तिको रूपमा लिने गरिन्छ र उनले जस्तो समर्पित हुने हो भने संविधान निर्माण कार्य सम्पन्न गर्नै नसक्ने अवस्थामा पुग्ने गरी आफ्नो क्षमता र प्रयासलाई समर्पण गर्नैपर्ने सुझाव दिएको अर्थलाई अनर्थका रूपमा लिनुपर्ने हुन्छ। यस बाहेक कुनै पनि वहानामा विलम्ब गर्दा संविधान निर्माणको कामलाई 'लर्खराउन सक्ने' पदावलीमा उभ्याएर असफलताको सङ्केत गर्दै सबै पक्षले हेक्का राख्नैपर्नेमा जोड दिइएको पाइन्छ। यसले संविधान निर्माणको काममा समर्पित हुनैपर्ने, ढिलाइ हुन नहुने र कामलाई सफल बनाउनैपर्ने धारणामा दृढताको संवेगलाई जगाउन खोजे पनि सबै रूपक सही ठाउँमा सही तरिकाले प्रयोग हुनसकेको भने देखाउँदैन।

सरकारले सुस्त शैली नछाड्ने, महत्वपूर्ण कार्यसूचीलाई थाती राख्ने र अनिर्णयको बन्दी बनिरहने हो भने चाहिँ समय क्रमसँगै अहिले उठेका असन्तुष्टि र आलोचनाका स्वर बढ्दै जानेछन्, जसको अन्तिम परिणति दलहरू संविधान लेखनको काम छाडेर सरकार गठन र विघटनको संसदीय जोड-घटाउमा लाग्नु हुनेछ । (उदाहरण नं. ४३, परिशिष्ट ४, पाठ सङ्केत क१०८)

प्रस्तुत उदाहरणमा 'अनिर्णयको बन्दी', 'उठेका स्वर', 'जोड-घटाउमा लाग्नु' जस्ता पदावलीमा रूपकीयताका साथै 'सुस्त शैली नछाड्ने', 'थाती राख्ने', 'असन्तुष्टि र आलोचनाका स्वर बढ्दै जाने', 'संविधान लेखनको काम छाडेर सरकार गठनमा लाग्ने' जस्ता पदावलीमा विभिन्न कोणबाट विसङ्गति बोध हुन सक्ने संवेगको निर्भरता भेटिन्छ । यसमा 'अनिर्णयको बन्दी' मा ढिलासुस्ती गरेर महत्त्वपूर्ण कार्यसूचीलाई अघि बढाउने निर्णय गर्न नसक्नु, 'उठेका स्वर' मा असन्तुष्टि र आलोचना बढ्दै जानु, 'जोड-घटाउमा लाग्नु' मा संविधान लेखनको काम छाडेर संसदीय सरकार गठन र विघटनको प्रतिनिधित्व निर्भर रहेको पाइन्छ । यी प्रतिनिधित्वहरूको सारमा विसङ्गत कार्यबाट उत्पन्न हुन सक्ने विसङ्गति बोधको संवेग रहेको पाइन्छ ।

## ४.५ निष्कर्ष

नामिक, विषयगत, विपरीतार्थक, रूपकीय र संवेगात्मक प्रतिनिधित्वको निर्भरीकरण प्रक्रियालाई केलाउँदा कतिपय सम्पादकीयमा सफल र फरक प्रयोगका साथै कमी कमजोरीहरू पनि रहेको पाइन्छ । प्रतिनिधित्वहरूको नामिक निर्भरीकरणमा दलीय राजनीति, न्याय, मनोविज्ञान, द्वन्द्व, उमेर शास्त्र तथा शरीर विज्ञानको सांस्कृतिक भिन्नताको, द्वन्द्वको राजनीति र राजनीतिमा अपराधीकरणको, ठूला दलका नेताहरूको गुणमा मनोविज्ञान विषयको प्रभावका साथै निर्वाचनपछि गठित संयुक्त सरकारका प्रधानमन्त्रीको कार्यशैलीमा नकारात्मक कार्य र प्रवृत्तिको सामाजिक प्रतिनिधित्व पाइन्छ । कतिपय नामहरू वास्तविक विषय/वस्तु र अवस्थालाई बिगार्ने खालका पनि रहेकाले तिनले झल्काउने विशेषता पूर्वाग्रही र विभेदकारी रहेको, सांस्कृतिक मूल्य र मान्यताभन्दा भिन्न नामहरू पनि रहेको, कतिपय नामकरणमा विषयको स्पष्टता र नयाँ आयामको कमी रहेको, रूढ र परम्परित नामकरण अत्यधिक रहेकाले बदलिँदो राजनीतिक सन्दर्भमा समाज निर्माणको वास्तविक सकारात्मक तत्त्वको प्रतिनिधित्वलाई सीमित गरिएको पाइन्छ । यस्ता नामले अन्य व्यक्तिको परिभाषा र मूल्याङ्कनमा यथार्थता, शुद्धता, सूक्ष्मता र सुस्पष्टताको भ्रम सिर्जना गरेकाले कतिपय प्रतिनिधित्वहरू सीमान्त, अधीनस्थ, आश्रित, गौण वा अप्रधान स्तर र स्थानमा रहेको पाइन्छ ।

प्रतिनिधित्वहरूको विपरीतार्थक निर्भरीकरणबाट स्थापित र नव स्थापित प्रतिनिधित्वहरू बिचको सम्बन्धलाई तनावपूर्ण बनाउँदै सम्पादकीयलाई पठनीय बनाइएको पाइन्छ । एकभन्दा बढी प्रतिनिधित्वहरू सरल ढङ्गले जोडिँदै आएर अन्त्यमा विपरीत ढङ्गले मोडिनु, असमापिका क्रियापद र अधियोजीको संसक्तता हुनु, दुई उपवाक्यका मूल क्रियापदहरू सकारात्मक देखिएको अवस्थामा क्रियायोगी 'बल्ल' को प्रयोग हुनु, एकचरणमा 'नभए' र अर्को चरणमा 'तर' प्रयोग हुनु, वाक्यका तहमा 'साटो' मात्रै प्रयोग हुनु, एकै खालका प्रतिनिधित्वहरू बिचको सोझो सम्बन्धलाई अर्को खालको प्रतिनिधित्वले फरक बनाउनु, सुरूमै स्थापित एउटा प्रतिनिधित्वमा

एकभन्दा बढी नयाँ प्रतिनिधित्वहरूलाई अड्याउनु, कारणसहित सम्भाव्य परिणाम, साध्य र कार्य, वाक्यको शृङ्खला जोड्नु जस्ता विविध उपायबाट सफलतापूर्वक विपरीतार्थक निर्भरीकरण गरिएको भेटिन्छ । सम्पादकीयमा विपरीतार्थक निर्भरीकरणको कमजोर प्रयोगले कतिपय सङ्कथन जटिल हुन पुगेको पाइन्छ । शब्द र पदावलीको अनावश्यक र असङ्गतिपूर्ण प्रयोग, लामा वाक्यहरू, सङ्क्षिप्तता र स्पष्टताको अभाव, उपवाक्यहरूको लम्बाइमा असन्तुलन, क्रियात्मक असङ्गति, विपरीतार्थक अधियोजीको रिक्तता र क्रियायोगी मात्र हुनु, प्रतिनिधित्वको पहिचान र आपसी सम्बन्ध प्रकट गर्न नसक्नु जस्ता अर्थावरोधले सम्पादकीय सङ्कथनलाई थप जटिल बनाएको देखिन्छ ।

प्रतिनिधित्वहरूको रूपकीय र संवेगात्मक निर्भरीकरणबाट तार्किक अर्थ दिँदा नाम, विशेषण, क्रिया आदिको एकल र संयोजित रूपबाट बनेका शब्द र पदावलीको प्रयोग गरिएको भेटिन्छ । राजनीति, भूगोल, अर्थ, संस्कृति, स्वास्थ्य र शरीर विज्ञानका शब्दहरूको रूपकीय प्रयोगले दलहरूको कार्यशैलीप्रति विसङ्गतिको संवेग पाइन्छ । कतिपय शब्द र वाक्यांशमा असहज काम, भय, त्रास, धम्की, आशा, निराशा, आतङ्क, असुरक्षा, सुरक्षा, सहानुभूति, उमङ्ग, आशंका, आत्मविश्वास, दृढता, सफलता, पीडा मिश्रित आशा, दुःख, रोग, चिन्ता, निरीहता, आशामुखी पात्रता, जालभेल, अविवेक, अपराध, ढिलासुस्ती, विसङ्गति, हीनताबोधजन्य क्रियाकलापबाट उत्पन्न पश्चातापको संस्कृति र मनोविज्ञानसँग जोडिएको संवेग भेटिन्छ । निर्वाचन मनोविज्ञानमा लैङ्गिकताका साथै सुरक्षा र भयको मिश्रित संवेगको प्रतिनिधित्व पाइन्छ । सही ठाउँमा राखिएको सही शब्दको सोझो र रूपकीय अर्थले निर्वाचनमा द्वन्द्वको गहिराईबाट उत्पन्न संवेगको विविधतापूर्ण प्रतिनिधित्वलाई निर्भरता दिएको पाइन्छ । पौराणिक तथ्य, तुल्यता, रूपक र संवेगको अभिन्न प्रयोग सफल र सशक्त देखिन्छ । यसमा अवसाद, दुःख, निराशा, उपेक्षा, अन्याय, द्वन्द्व र हिंसा जस्ता मानव सिर्जित विसङ्गतिर विपत्ति, क्षति, सङ्कट, असहज अवस्था आदिबाट उत्पन्न हुन सक्ने मनोदशाको प्रतिनिधित्वसहित विगतको मूल्याङ्कन प्रस्तुत गरिएको पाइन्छ । रूपक र संवेगको निर्भरीकरणमा अस्पष्टता, अनावश्यक शब्द प्रयोग, संयुक्तिगत सवलताको अभाव जस्ता अर्थावरोधका कारण सम्पादकीयका कतिपय सङ्कथन प्रभावहीन र अविश्वसनीय हुन पुगेको पनि भेटिन्छ । कतिपय रूपकहरू शब्दजालका रूपमा दोहोरिएर आएका, अनावश्यक शब्द र पदावली जोडिएका अवस्थामा रहेकाले संवेग हराएको, बहुप्रचलित रूपकहरूमा नयाँ सामाजिक प्रतिनिधित्वको यथार्थता र नवीनता निर्भर हुन नसकेको, रूपकसहित शब्दको अनावश्यक प्रयोग भएको, संयुक्तिगत तालमेल नभएको, पूर्वाग्रहपूर्ण, हचुवा र बहुप्रचलित रूपकमा संवेगलाई निर्भर गराउन खोजिएको, अर्थको तालमेल नभएको, प्रत्यक्ष शब्द र रूपकीय शब्दको भार असन्तुलित भएको, वस्तुनिष्ठता भन्दा मनोगतता बढी देखिएको जस्ता कमजोरीले तार्किकता, विश्वसनीयता र सवलतामा बाधा पुऱ्याउँदा संवेगको तीव्रतामा आधात पुगेको भेटिन्छ । सामाजिक प्रतिनिधित्वहरूलाई नाम वा विषयका रूपमा, विपरीतता र रूपकीय अर्थ तथा संवेगात्मक भावमा कुशलतापूर्वक निर्भर गराउँदा सम्पादकीय सङ्कथन प्रभावशाली, विश्वसनीय र सशक्त हुने देखिन्छ ।

## परिच्छेद पाँच

# प्रतिनिधित्वको मूर्तीकरण

### ५.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा आबद्ध सम्पादकीय सङ्कथनमा मूर्तीकृत सामाजिक प्रतिनिधित्वहरूको विश्लेषण गरिएको छ। यसमा संवेगात्मक मूर्तीकरण र वैयक्तिक मूर्तीकरण उपशीर्षकहरू रहेका छन्। परिच्छेदको अन्त्यमा निष्कर्ष दिइएको छ।

### ५.२ संवेगात्मक मूर्तीकरण विश्लेषण

विश्लेषणका लागि प्रस्तुत गरिएका संवेगात्मक मूर्तताका उल्लेखनीय उदाहरणहरूलाई प्रकाशन मितिका आधारमा सङ्ख्यात्मक क्रममा राखिएको छ। पहिले प्रकाशित उदाहरणलाई पहिले दिएर हरेक उदाहरणको लगत्तैपछि विश्लेषण प्रस्तुत गरिएको छ। विश्लेषणका क्रममा मूलतः बृहत् सङ्घटनामा स्थापित भइसकेका आधारभूत तथ्यहरूलाई मूल सन्दर्भमा राखेर संवेगात्मक मूर्ततामा समेटिएका नयाँ सामाजिक प्रतिनिधित्वहरूको पहिचान गरिएको छ।

> समावेशीताले प्रतिनिधित्व गरायो तर नेतृत्व विकास गराएन भन्ने अनुभव थुप्रै नेताहरूले सुनाइरहेका छन्। आफ्नै अनुभवबाट पनि नसिक्ने हो भने सभासदको संख्यालाई जनताले फेरि पनि बोझ मात्र ठान्नेछन्। नेताहरूको ध्यान सभासदको संख्यामा होइन, प्रतिनिधित्व प्रणाली र निर्वाचन सुधारमा जान आवश्यक छ। (उदाहरण नं. १, परिशिष्ट ४, पाठ सङ्केत क३)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा 'सभासद्को सङ्ख्या' लाई 'बोझ' का रूपमा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यसमा 'सभासद्को सङ्ख्या' सँग 'बोझ' को संयुक्तिले विषय/वस्तुलाई मनोवैज्ञानिक तत्त्व र मानवीय मूल्य प्रदान गर्दै मानवीय रुचिको विषय पनि बनाएको पाइन्छ। यसमा 'बोझ' को संरचना र अर्थ पारम्परिक र परिचित रहनाका साथै यसमा सोच्न सकिने गरी रहेको अतीतको जानकारीको सम्पूर्णताले 'सभासद्को सङ्ख्या' सँग जोडिएको संवेगलाई मूर्त बनाएको देखिन्छ। यसका अतिरिक्त, 'सभासद्को सङ्ख्या' को अग्र सन्दर्भनमा रहेका 'समावेशीता' र 'प्रतिनिधित्व' को 'नेतृत्व विकास' सँग विरोधी सम्बन्ध रहेको पाइन्छ भने पश्च सन्दर्भनमा रहेका 'प्रतिनिधित्व प्रणाली' र 'निर्वाचन सुधार' जस्ता विषयले पनि 'समावेशीता' र 'प्रतिनिधित्व' सँगको विरोधी सम्बन्धलाई नै प्रकट गरेको पाइन्छ। यसबाट 'बोझ' मा सोच्न सकिने गरी रहेको अतीतको जानकारीको सम्पूर्णताले आजको समावेशी प्रतिनिधित्वसँग जोडिएको भावलाई विपरीत धारमा बुझिने गरी नियन्त्रण गरेको पाइन्छ। 'बोझ' ले दिने अर्थको प्रभावले निकटस्थ प्रतिनिधित्व 'सभासद्को सङ्ख्या' मा

थोपरिएको संवेगको बललाई अप्रतिरोधी पनि बनाएको पाइन्छ । यसमा 'सभासद्को सङ्ख्या' बारे पत्रकारले वा नागरिकले सोचेको कुरालाई 'बोझ' मा प्रतिस्थापन गर्दै घृणा भावमा परिणत गरिएको पाइन्छ ।

> २०६४ सालमा संविधानसभाको पहिलो निर्वाचन हुँदा अहिलेको जस्तो प्रतिकूल अवस्था थिएन । पूर्वविद्रोही माओवादीदेखि मूलधारका राजनीतिक दलहरूलगायत समग्र राष्ट्रले चुनावलाई राष्ट्रिय अभीष्ट बनाएको थियो । अहिले विभाजित मनस्थितिमा निर्वाचन हुँदै छ । तुलनात्मक रूपले सानै सही, एउटा चिनिएको राजनीतिक शक्ति चुनाव बिथोल्ने घोषित नीति लिएर अगाडि बढिरहेको छ । उससँग राजनीतिक समझदारी सम्भव नभएको अवस्थामा आइपर्ने सुरक्षा जटिलताको सामना गर्न राज्यका तर्फबाट आवश्यक प्रबन्ध मिलाउनुपर्ने खाँचो छ । (उदाहरण नं. २, परिशिष्ट ४, पाठ सङ्केत क२६)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को सुरक्षा अवस्थालाई २०६४ सालको संविधानसभा निर्वाचनको अवस्थासँग दाँजेर संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा संविधानसभा निर्वाचन-२०७० को सुरक्षा अवस्था २०६४ सालको संविधानसभा निर्वाचनको भन्दा भिन्न रहेको तथ्यलाई 'प्रतिकूल अवस्था' को विपरीततामा प्रकट हुन आउने 'अनुकूल अवस्था' र त्यसलाई उतिबेला 'समग्र राष्ट्रले चुनावलाई राष्ट्रिय अभीष्ट बनाएको' प्रतिनिधित्वले पुष्टि गरेको भेटिन्छ । विगतको निर्वाचनको भिन्नतामा अहिले 'विभाजित मनस्थिति' हुनु, 'एउटा चिनिएको राजनीतिक शक्ति चुनाव बिथोल्ने घोषित नीति लिएर अगाडि बढिरहनु', 'राजनीतिक समझदारी सम्भव नभएको अवस्था' हुनु, 'सुरक्षा जटिलता' आइपर्ने सम्भावना रहनु जस्ता पदावलीमा संसक्त सामाजिक प्रतिनिधित्वहरू समेटिएको पाइन्छ । यसमा सुरक्षा जटिलताको सामना गर्न राज्यले 'प्रबन्ध मिलाउनुपर्ने खाँचो' रहेको सामाजिक प्रतिनिधित्व पनि भेटिन्छ । यसले 'सुरक्षा जटिलता' भित्र लुकेको असुरक्षाको मनोवैज्ञानिक भावलाई सङ्केत गरेको पाइन्छ । यसमा अघिल्लो निर्वाचनका बेलाको सकारात्मक अवस्थाको विपरीततामा नकारात्मक अवस्थाको नयाँ सामाजिक प्रतिनिधित्व 'सुरक्षा जटिलता' बनेको र त्यसको संयुक्तिमा असुरक्षासँगै भय र आशङ्काको संवेगले मूर्तता पाएको देखिन्छ ।

> देशले एउटा प्रतिबद्धता गरिसकेको छ- दोस्रो संविधानसभामार्फत नयाँ संविधान लेख्ने । यो उद्देश्यका लागि लिइएका उपायहरूमा कहीँ कतै कमी कमजोरी छन् भने त्यसलाई सुधार गरी अगाडि बढ्ने समय सकिएको छैन । समय धेरै पेचिलो बन्दै गएको अवस्थामा आमसहमतिमार्फत निर्वाचनमा होमिनुपर्ने आवश्यकतालाई नकार्दा कसैको पनि कल्याण हुने देखिँदैन । (उदाहरण नं. ३, परिशिष्ट ४, पाठ सङ्केत ख३०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० लाई देशले गरेको 'एउटा प्रतिबद्धता' को रूपमा जनाउँदै 'दोस्रो संविधानसभामार्फत नयाँ संविधान लेख्ने' उद्देश्य पूरा गर्ने 'उपाय' का रूपमा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा देशले गरिसकेको एउटा 'प्रतिबद्धता' का रूपमा संविधानसभा निर्वाचन-२०७० लाई सम्पन्न गर्नेपर्ने कार्यका रूपमा संवेगात्मक मूर्तता प्रदान गर्न खोजिएको देखिन्छ । यस क्रममा 'समय' लाई कमी कमजोरी सुधार्न अभाव नभएको र धेरै पेचिलो बन्दै गएको अवस्थाका रूपमा मूर्तता दिँदै चुनौती झेलेर पनि

निर्वाचन सम्पन्न गर्नुपर्ने अवस्थालाई 'होमिनुपर्ने आवश्यकता' र निर्वाचनपछि प्राप्त हुने आध्यात्मिक सुखको संवेगलाई 'कल्याण' मा मूर्तता प्रदान गरिएको पाइन्छ । यसमा 'प्रतिबद्धता', 'होमिनुपर्ने आवश्यकता' र 'कल्याण' जस्ता प्रतिनिधित्वहरू सांस्कृतिक मनोविज्ञानसँग सम्बन्धित रहेको र तिनको संयुक्तिमा रहेको संवेगको बललाई सम्पादकीयमा संविधानसभा निर्वाचन-२०७० लाई जसरी पनि सम्पन्न गर्न प्रेरित गर्न प्रयोग गरिएको देखिन्छ ।

> २०४८ सालको चुनावमा तत्कालीन निर्वाचन कानुनले एउटा उम्मेदवारले ५ निर्वाचन क्षेत्रसम्म उम्मेदवारी दिन सक्ने प्रावधान तोकेको थियो । अहिलेको कानुनमा त्यस्तो सीमा पनि राखिएको छैन । जसले गर्दा पहुँच र प्रभाव भएका नेताहरूले जति पनि चुनाव क्षेत्रबाट लड्न सक्ने अवस्था छ। त्यसकारण एकजना नेताले कतिवटा क्षेत्रबाट निर्वाचनमा प्रतिस्पर्धा गर्न पाउने भन्ने कानुनी रूपमै किटान गर्नु एकातिर जरुरी छ भने अर्कोतर्फ नेताहरू स्वयंले पनि कानुनमा छ भन्दैमा त्यो अधिकारको दुरुपयोग गर्नेतर्फ अग्रसर हुनु उचित होइन । (उदाहरण नं. ४, परिशिष्ट ४, पाठ सङ्केत क२९)

प्रस्तुत उदाहरणमा संविधानसभासभा निर्वाचन-२०७० लाई '२०४८ सालको चुनाव' मा प्रयुक्त 'निर्वाचन कानुन' को सापेक्षतामा राखेर संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यस क्रममा 'उम्मेदवारी र निर्वाचन क्षेत्रको सीमा नतोकिएको' प्रावधानले ल्याउनसक्ने विकृति र विचलनसँग सम्बन्धित भावले मूर्तता पाएको देखिन्छ। प्रचलित निर्वाचन कानुनमा 'पहुँच र प्रभाव भएका नेताहरू' सँग 'जति पनि चुनाव क्षेत्रबाट लड्न सक्ने अवस्था' संसक्त देखिन्छ। यसमा ती नेताहरूसँग 'अधिकारको दुरुपयोग गर्नेतर्फ अग्रसर भएको' नयाँ सामाजिक प्रतिनिधित्व पनि संसक्त भेटिन्छ। यसमा यी कुरालाई विगतको निर्वाचन कानुनमा रहेका विकृति नियन्त्रक प्रावधानको सापेक्षतामा हेरिएको पाइन्छ। यसो गर्दा विकृति बढाउने कानुन बनाएकामा नेतृत्वको बदनियत, स्वेच्छाचारिता र खराब आचरण देखिएसँगै आशङ्का, वितृष्णा, विसङ्गत भाव आदि मूर्त हुन आएको पाइन्छ। यसमा विगतको निर्वाचन कानुनका प्रावधानको तुलनाबाट मूर्त हुन आउने प्रचलित निर्वाचन कानुनजन्य विकृतिसँग जोडिएको संवेगको बल अप्रतिरोधी रहेको पाइन्छ ।

> मंसिर ४ मा हुने दोस्रो संविधानसभा निर्वाचनको अन्तिम तयारीमा निर्वाचन आयोग र नेपाल सरकार जुटिरहेको अवस्थामा 'निर्वाचन सुरक्षा' को विषय अहिले सर्वाधिक महत्वपूर्ण विषयका रूपमा उठेको छ । २०६४ सालमा भएको संविधानसभाको निर्वाचन र २०७० साल मंसिरमा हुन लागेको निर्वाचनको सुरक्षा चुनौतीमा केही फरक छ। यसको अर्थ अहिले सुरक्षा चुनौती नै छैन भन्ने होइन। सङ्क्रमणकालीन अवस्थामा रहेका हरेक देशका निर्वाचनमा सुरक्षाका चुनौती हुन्छन् नै। (उदाहरण नं. ५, परिशिष्ट ४, पाठ सङ्केत ख३२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को 'निर्वाचन सुरक्षा' विषयलाई २०६४ सालको संविधानसभा निर्वाचनको सापेक्षतामा मूर्तीकरण गर्न खोजिएको पाइन्छ। यस क्रममा निर्वाचन आयोग र नेपाल सरकार निर्वाचनको अन्तिम तयारीमा जुटिरहेको र सुरक्षा चुनौती केही फरक रहेको सामाजिक प्रतिनिधित्वको संसक्ति देखिए पनि केमा भिन्नता रहेको हो सो कुराको उल्लेख पाइँदैन । यसबाट वर्तमानलाई विगतको घटनासँग

दाँज्ने क्रममा घटना र विषयलाई लिएर पनि सुरक्षा चुनौती जस्तो विषयको गहिराईलाई दुवैतिरबाट मूर्त बनाउन नसक्दा संवेगात्मक तथ्यहरू अस्पष्ट र सतही हुन पुगेको देखिन्छ । यसलाई संवेगात्मक मूर्तीकरणको अपरिपक्व र अकुशल प्रयोगका रूपमा लिन सकिन्छ ।

> शीतलनिवासको सर्वदलीय बैठकमा नेकपा-माओवादीले गोलमेच सभाको आयोजनालाई मुख्य मागका रूपमा अगाडि सारेको छ, जो लामो समयदेखि उसले राख्दै आएको हो । ...त्यस्तो बैठकले नयाँ संविधान निर्माणको मार्गचित्र, पूर्ण समानुपातिक निर्वाचनको प्रस्ताव र प्रस्तावित संविधानको मूलभूत अन्तरवस्तुमाथि बहस होस् भन्ने जुन आग्रह नेकपा-माओवादीको छ, त्यो पनि छलफलको विषय बन्न सक्छ । (उदाहरण नं. ६, परिशिष्ट ४, पाठ सङ्केत क३१)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा सबैको सहभागिता जुटाउन सहजीकरणका लागि आयोजित 'शीतलनिवासको सर्वदलीय बैठक' लाई 'गोलमेच सभा' को तुल्यतामा नेकपा-माओवादीले लामो समयदेखि राख्दै आएको माग' भनी संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा 'शीतलनिवासको सर्वदलीय बैठक' र 'गोलमेच सभा' आयोजनाको मागसँग 'नयाँ संविधान निर्माणको मार्गचित्र, पूर्ण समानुपातिक निर्वाचनको प्रस्ताव र प्रस्तावित संविधानको मूलभूत अन्तरवस्तुमाथि बहस होस् भन्ने आग्रह' जस्ता तथ्यहरूलाई संसक्त गर्दै तिनलाई छलफलको विषय बन्न सक्ने जनाइएको पनि पाइन्छ । यसबाट यस्तो आग्रह राख्दै आएको नेकपा-माओवादीको माग उचित रहेको सन्देश प्रवाह हुनाका साथै सम्पादकीयमा उक्त पार्टीप्रतिको उदार र समझदार भावले मूर्तता पाएको देखिन्छ ।

> संविधानसभाको चुनावका माध्यमबाट मुलुकमा स्थायी संविधान बनाउन जनमतको सहभागिता जुट्नेछ र जनप्रतिनिधि संस्थाको स्थापना हुनेछ । पहिलो संविधानसभाको विघटनबाट पश्चातापमा परेका दलहरूले दोस्रो संविधानसभालाई फलदायी बनाउने विश्वास गर्नुपर्नेछ । निर्वाचन सिवाय अर्को उपाय नभएका बेला सबै राजनीतिक दललाई चुनावमा सहभागी हुन राष्ट्रपतिले आयोजना गर्नुभएको सर्वदलीय बैठकले सकारात्मक परिणाम दिनुपर्छ । (उदाहरण नं. ७, परिशिष्ट ४, पाठ सङ्केत ख३४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० लाई 'पहिलो संविधानसभा विघटन' सम्बन्धी अतीतको प्रसङ्गमा लगेर संवेगात्मक मूर्तीकरण गर्न खोजिएको पाइन्छ । यस क्रममा दलहरूलाई 'पश्चातापमा परेका' र तिनले दोस्रो संविधानसभालाई 'फलदायी बनाउने विश्वास गर्नुपर्ने' जस्ता पदावलीमा संसक्त सामाजिक प्रतिनिधित्व भेटिन्छन् । यिनमा रहेको 'पश्चाताप' र 'विश्वास' जस्ता प्रतिनिधित्वहरू मनोगत मानिन्छन् । दलहरू पश्चातापमा परेको प्रमाण विनाको अभिव्यक्तिलाई भ्रमका रूपमा लिन सकिन्छ । यसको अग्र सन्दर्भन र पश्च सन्दर्भनमा रहेका वाक्यहरूले 'दलहरू पश्चातापमा परेको' र तिनले 'फलदायी बनाउनुपर्ने विश्वास गर्नुपर्ने' भावनालाई सङ्गतिपूर्वक समर्थन गरेको पाइँदैन । यसैले यसमा गर्न खोजिएको संवेगात्मक मूर्तीकरणलाई भ्रमपूर्ण, अपरिपक्व र कमजोर देखिन्छ । अघिल्लो र पछिल्लो सन्दर्भमा रहेका वाक्यसितको संयुक्ति र 'हुनेछ', 'गर्नुपर्नेछ' र

'दिनुपर्छ' जस्ता क्रियापदको प्रयोगले पनि प्रस्तुत उदाहरणमा गर्न खोजिएको संवेगात्मक मूर्तीकरणको संयुक्ति सङ्गतिपूर्ण र विश्वसनीय बन्न सघाएको देखिँदैन ।

> घोषणापत्रमा दलहरूले विगतको संविधानसभाले सल्टाउन नसकेका विषय जस्तो संघीयता, शासकीय स्वरूपलगायतमा प्रष्ट धारणा अघि सार्न सक्नुपर्छ । (उदाहरण नं. ८, परिशिष्ट ४, पाठ सङ्केत क३८)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा दलहरूले घोषणापत्रमा प्रष्ट पार्नुपर्ने धारणालाई 'विगतको संविधानसभाले सल्टाउन नसकेका विषय' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा संसक्त पदावली 'संघीयता, शासकीय स्वरूपलगायत' मा सल्टाउन नसकेका विषयको थप स्पष्टतासहित रहेको पाइन्छ । यसमा 'विगतको संविधानसभामा दलहरूले सल्टाउन नसकेका विषय' ले 'संविधानसभा निर्वाचन-२०७० मा प्रस्तुत गरिने दलीय घोषणापत्रलाई सरल र सहज दस्तावेज नभएको जनाउँछ । यसको संयुक्तिमा कठिनता र जटिलतासँगै असहज भाव मूर्त हुन आएको पाइन्छ ।

> निर्वाचनका विषयमा सरकार, निर्वाचन आयोग, राजनीतिक दलहरूको भूमिका आ-आफ्नो ठाउँमा भरपर्दो देखिएको छ । ... नेपालको पत्रकारिताले पनि गल्तीबाट सिकेको छ र सिक्नु जरुरी छ । ... नेपाली सञ्चारले लोकतान्त्रिक पद्धतिप्रति सबै राजनीतिक दलको समर्थन नभएकै कारण संविधान बन्न, बनाउन नसकिएको यथार्थ पनि आत्मसात गरेको छ । प्रवृत्ति र राजनीतिका नाममा हिंसा तथा अपराधीकरण प्रोत्साहित भएको यथार्थ पनि यसले बुझेको छ । यस्ता अनुभव र शिक्षाबाट मुलुकमा जारी निर्वाचन प्रक्रियालाई सघाउनु वा त्यसको पक्षमा सक्दो सहयोग पुऱ्याउनु नेपालका सञ्चारमाध्यमको दायित्व बनेको छ । अन्यथा मुलुकले बेहोर्नुपर्ने अकल्पनीय दुर्घटनाको जिम्मेवारी हाम्रा सञ्चारमाध्यमले पनि लिनुपर्ने र पछुताउनुपर्ने अवस्था मात्र बाँकी रहनेछ । (उदाहरण नं. ९,परिशिष्ट ४, पाठ सङ्केत ख४१)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा सरकार, निर्वाचन आयोग र राजनीतिक दलको भूमिका भरपर्दो देखिएको सामाजिक प्रतिनिधित्वलाई स्थापित गर्दै पत्रकारिता क्षेत्रको भूमिकाको प्रतिनिधित्वलाई फरक भावमा मूर्तता दिन खोजिएको पाइन्छ । यसको दोस्रो खण्डमा 'संविधान बन्न बनाउन नसकिएको', 'हिंसा तथा अपराधीकरण प्रोत्साहित भएको' जस्ता विगतका घटनालाई 'गल्तीका रूपमा लिएर पत्रकारिताले सो 'गल्तीबाट सिकेको र सिक्नु जरुरी' भएको भावलाई प्रकट गरिएको छ । यसमा 'नेपालको पत्रकारिता', 'राजनीतिक दल', लोकतान्त्रिक पद्धति', 'हिंसा र अपराधीकरण', 'सञ्चारमाध्यमको दायित्व' जस्ता विषयसँग सम्बन्धित अतीतका घटनालाई 'गल्ती' को मनोभावनामा ढाल्दै वर्तमानमा पत्रकारिताले 'सिक्नु जरुरी' भएको आदेशात्मक भाव जोडिएकाले पत्रकारिताको कामप्रति असन्तुष्टि भाव मूर्त भएको पाइन्छ । यसमा भविष्यतर्फ इङ्गित गर्दै 'अकल्पनीय दुर्घटनाको जिम्मेवारी लिनुपर्ने र पछुताउनुपर्ने' चेतावनीयुक्त धारणाको प्रतिनिधित्व गराएर सञ्चारमाध्यमलाई दोषी ठहऱ्याउँदै संवेगात्मक मूर्तीकरण गर्न खोजिएको समेत पुष्टि हुन्छ । यद्यपि, यसमा एउटै अनुच्छेदमा रहेका वाक्यहरू बिच भाव सङ्गतिको अभावका साथै अतीतमा पत्रकारिता इतर क्षेत्रबाट भए गरेका

धेरै खालका घटनालाई समेटेर 'गल्ती' चाहिँ नेपाली पत्रकारिताले मात्रै गरेको आशयसाथ चेतावनी दिन खोज्दा संवेगात्मक मूर्तीकरण अविश्वसनीय र अतिरञ्जित बन्न पुगेको पाइन्छ ।

> संविधानसभा निर्वाचनलाई कम खर्चिलो बनाउने पहल निर्वाचन आयोगले गरेको छ। यस अघि आचारसंहिता जारी गरेर उम्मेदवारहरूले चुनाव प्रचार प्रसारको सिलसिलामा खर्च गर्न पाउने रकमको सीमा तोकेको आयोगले अहिले तडकभडकपूर्ण प्रचार सामग्री र भोजभतेरमा समेत निषेध गरेको छ। ( उदाहरण नं. १०, परिशिष्ट ४, पाठ सङ्केत ख४४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० लाई कम खर्चिलो बनाउन निर्वाचन आयोगले गरेको पहललाई उसले जारी गरिसकेको 'आचारसंहिता' मा जोडेर संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। 'आचारसंहिता' को मितव्ययितासँग सम्बन्धित दफामा उम्मेदवारले प्रचारप्रसारको क्रममा 'खर्च गर्न पाउने रकमको सीमा' तोकेको अतीतको प्रतिनिधित्वको संयुक्तिलाई वर्तमानमा 'तडकभडकपूर्ण प्रचारसामग्री र भोजभतेरमा समेत निषेध गरेको' प्रतिनिधित्वसँग आबद्ध गराइएको देखिन्छ। यसबाट आचारसंहिता पालनासँग जोडिएको नैतिक बन्धनसहित निर्वाचन खर्चमा कडाइ गरिएको संवेगलाई मूर्त बनाउन खोजिएको पाइन्छ ।

> गोरखा, रुकुमलगायतका जिल्लामा सुरु भएका घटनाले त्रासको वातावरण सिर्जना भएको छ। फरक सिद्धान्त बोकेका दलहरूलाई प्रचारप्रसारमा निषेध गर्नेदेखि सरकारी कार्यालयहरूमा पर्चा पम्पलेट टाँस्न नपाइने प्रावधान उल्लंघन भइरहेका छन्। यहाँसम्म अदालत भवनमै पम्पलेट टाँसिएका तस्विरहरू सार्वजनिक भइरहेका छन्। आचारसंहिता विपरीतका भित्तेलेखन मेटाउन सम्बन्धित पक्षलाई दिएको निर्देशन कार्यान्वयन नभए आफैंले मेटाएर सम्बन्धित पक्षबाट खर्च असुल गराउन सक्छ। तर आयोग प्रारम्भमै दलहरूलाई सचेत गराउने काममा चुकेको देखिन्छ। (उदाहरण नं. ११, परिशिष्ट ४, पाठ सङ्केत क४६)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० का सिलसिलामा गोरखा, रुकुम लगायतका जिल्लामा सुरू भएका निर्वाचन बिथोल्ने घटनाबाट 'त्रासको वातावरण सिर्जना भएको' प्रतिनिधित्वमा संवेगात्मक मूर्तीकरण भएको पाइन्छ। 'त्रासको वातावरण सिर्जना भएको' पदावलीमा संसक्त प्रतिनिधित्व आचारसंहिता उल्लंघनका घटनासँग पनि सम्बन्धित देखिन्छ। यसमा रहेको 'त्रास' को संवेगलाई 'फरक सिद्धान्त भएका दलहरूलाई प्रचारप्रसारमा निषेध' गर्नेदेखि अदालत र सरकारी कार्यालयहरूमा पर्चा पम्पलेट टाँसिएका तस्विर सार्वजनिक भइरहेका घटनाको संसक्तिले थप मूर्त बनाएको पाइन्छ। यसमा 'भित्तेलेखन मेटाउन दिइएको निर्देशन कार्यान्वयन नभए निर्वाचन आयोगले आफैं मेटाएर खर्च असुल गराउन सक्ने प्रावधान भए पनि आयोगले सुरूमै दलहरूलाई सचेत गराउने काममा चुकेको' प्रतिनिधित्वले 'त्रासको वातावरण सिर्जना भएको' संवेगलाई निर्वाचन आयोग सम्बद्ध घटनामा समेत मूर्तता प्रदान गरेको देखिन्छ। यसमा निर्वाचन विरोधीदेखि निर्वाचनमा सहभागी र निर्वाचन गराउने पक्षसित समेत जोडिएका अतीतका घटनाबाट वर्तमानमा रहेको भय र 'त्रास' को संवेगलाई कुशलतासाथ मूर्तीकरण गरिएको देखिन्छ ।

नेपालमा निर्वाचनको अभ्यास २०१५ सालदेखि नै हुन थालेको भए पनि चुनावी परिणाममा आमजनमत प्रतिविम्बित भएको कुरा ढुक्कसँग भन्न सकिने अवस्था छैन। त्यसैले राजनीतिक अतिवाद र अराजकतावादको पीडामा यो सुन्दर र स्रोतसम्पन्न मुलुक समृद्धिको बाटोमा हिँड्न सकेको छैन, जनता बलिया हुन सकेका छैनन्। जनता बलिया हुनका लागि उनीहरूले योग्य, सक्षम प्रतिनिधि चयन गर्नसक्ने वातावरण हुनुपर्दछ। आम मतदाताको यो अधिकारलाई प्रभावित गर्ने काम हुने सम्भावना हरेक निर्वाचनमा रहन्छ। त्यस्तो नहोस् भनेर नै स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनका लागि नियम र आचारसंहिताको पालना निर्वाचनमा सहभागी सबै पक्षले गरे वा नगरेको अनुगमन गर्ने विधि अन्तर्राष्ट्रिय जगतमै स्थापित छ। नेपालमा पनि निर्वाचन प्रक्रियाको स्वच्छता अनुगमन गर्न राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय सञ्जाललाई पनि सहभागी गराउन थालिएको छ। यसपटकको संविधानसभा निर्वाचन पर्यवेक्षणका लागि निर्वाचन आयोगको अनुमतिमा राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू खटिइसकेका छन्। (उदाहरण नं. १२, परिशिष्ट ४, पाठ सङ्केत ख५०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को 'पर्यवेक्षणका लागि निर्वाचन आयोगको अनुमतिमा राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू खटिइसकेका' पदावलीमा संसक्त सामाजिक प्रतिनिधित्वलाई २०१५ सालदेखि भएको नेपालको निर्वाचन अभ्यासमा 'आमजनमत प्रतिविम्बित भएको कुरा ढुक्कसँग भन्न सकिने अवस्था' नरहेको भावनासँग जोडेर संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यस क्रममा मुलुकमा भएको 'राजनीतिक अतिवाद र अराजकतावाद' लाई 'पीडा' मा मूर्तीकरण गर्दै मुलुक समृद्धिको बाटोमा हिँड्न नसकेको र जनता बलिया हुन नसकेका सामाजिक प्रतिनिधित्वहरूको उल्लेख भएको देखिन्छ। यसमा निर्वाचन अभ्याससँग जोडिएको अतीतको शङ्कास्पद परिणाम र पीडादायी अनुभवका साथ संविधानसभा निर्वाचन-२०७० लाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन आचारसंहिता अनुगमन गर्ने अन्तर्राष्ट्रिय सञ्जालको सहभागिताको औचित्य पुष्टि गर्ने प्रयासस्वरूप संवेगात्मक मूर्तीकरण भएको देखिन्छ। यसमा विशेषत: विगतका निर्वाचन अभ्यासमा जनमतका नाममा भएका कार्यको संयुक्तिबाट खुल्न आउने विकृति र विसङ्गतिमा मूर्त आशङ्का, पीडा जस्ता संवेगको प्रतिनिधित्व भेटिन्छ। यसको बलले वर्तमानको निर्वाचनमा त्यस्तो हुन नदिन हरसम्भव प्रयास भएको आशयको संयुक्तिलाई प्रकट गरेको देखिन्छ।

विगतका अनुभवमा उभिएर हेर्ने हो भने राजनीतिक विषयमा पनि दलहरूले आफ्ना घोषणापत्र विपरीत गएर सहमति गरेका छन् भने विकाससम्बन्धी आश्वासनहरू पनि उपेक्षित भएका उदाहरण प्रशस्त पाइन्छन्। (उदाहरण नं. १३, परिशिष्ट ४, पाठ सङ्केत ख५२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा दलहरूले घोषणापत्रमा राखेका कुरा र विकाससम्बन्धी आश्वासनहरूमा विश्वास गर्न नसकिने संवेगलाई 'विगतका अनुभव' मा मूर्तीकरण गरिएको पाइन्छ। 'विगतका अनुभव' पदावलीको संसक्ति आफैंमा अमूर्त प्रतिनिधित्व मानिन्छ। तापनि यसको संयुक्तिमा दलहरूको अविश्वसनीय व्यवहार मूर्त हुन आउने देखिन्छ। यसका साथै, विकाससम्बन्धी आश्वासनहरू उपेक्षित

भएका प्रशस्त उदाहरणको संसक्तिमा मूर्त हुन आउने दलहरूका घोषणापत्र र विकाससम्बन्धी आश्वासनहरूको संयुक्तिमा अविश्वास, उपेक्षा तथा वितृष्णाको संवेग उत्पन्न हुन सक्ने देखिन्छ ।

> सबैलाई ज्ञात भएकै कुरा हो- मंसिर ४ मा हुन गइरहेको संविधानसभाको दोस्रो निर्वाचनका निम्ति मुलुकका मुख्य राजनीतिक शक्तिहरूबीच एक स्तरको 'राजनीतिक सहमति' भएजस्तै विदेशी सरोकारवालाहरूबीच पनि बिरलै हुने 'अन्तर्राष्ट्रिय सहमति' देखिएको छ । (उदाहरण नं. १४, परिशिष्ट ४, पाठ सङ्केत क५४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० का निम्ति विदेशी सरोकारवालाहरूबिच भएको 'अन्तर्राष्ट्रिय सहमति' लाई मुलुकका मुख्य राजनीतिक शक्तिहरूबिच भएको एक स्तरको 'राजनीतिक सहमति' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यस क्रममा दुर्लभ भावको प्रतिनिधित्व मूर्त हुन आएको देखिन्छ भने राष्ट्रिय राजनीतिमा बुझिने गरेको 'सहमति' को दुर्लभ अभ्यासको प्रतिनिधित्वको बललाई 'अन्तराष्ट्रिय सहमति' को नयाँ प्रतिनिधित्वलाई बुझाउने विगतको खाकाका रूपमा प्रयोग गरिएको पाइन्छ ।

> दल दर्ताको वैधानिक प्रक्रिया पनि पूरा नगरेको नेकपा-माओवादीले चुनाव बहिष्कारको कार्यक्रम तय गरेका कारण मानिसमा चुनाव हुने कुरामा आशंका जन्माइदिएको हो भने आगजनीलगायतका धेरैजसो अप्रिय घटनामा उसको हात रहेको आमधारणा छ । ... सरकारले जनताको मतदान गर्न पाउने अधिकारलाई सुरक्षित गर्न आवश्यक सुरक्षा प्रबन्ध गरिसकेको अवस्थामा मतदानको अधिकार रोक्न खोज्दा हुने अप्रिय स्थितिले अन्ततः देश, राजनीति, राष्ट्रियता र जनता कसैको पनि हित गर्नेछैन । सरकार चुनाव गराउन प्रतिबद्ध रहेको अवस्थामा आवश्यक देखिए केही क्षेत्रमा पछि मतदान गराउने गरी तोकिएकै मितिमा चुनाव हुने विश्वास अहिले बढेको छ भने जनताले लामो समयदेखि व्यग्र प्रतीक्षा गरेको मतदानको दिन नजिकिँदै गर्दा चुनावी माहोल उत्कर्षमा पुगेको छ । (उदाहरण नं. १५, परिशिष्ट ४, पाठ सङ्केत ख५४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा तोकिएकै मितिमा चुनाव हुनेमा आशङ्का र विश्वासको दाहोरो संवेगलाई क्रमशः 'नेकपा- माओवादीले चुनाव बहिष्कारको कार्यक्रम तय गरेको' र 'सरकारले सुरक्षा प्रबन्ध गरिसकेको' घटनामा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसको अघिल्लो खण्डमा रहेको 'आशङ्का' को संयुक्ति 'आगजनीलगायत धेरैजसो अप्रिय घटना' सँग संसक्त 'नेकपा-माओवादीको हात रहेको आमधारणा' सँग रहेको देखिन्छ । पछिल्लो खण्डमा रहेको 'विश्वास' को संयुक्ति 'जनताको मतदान गर्न पाउने अधिकार' को सुरक्षा गर्न सरकार लागेको अवस्थाको प्रतिनिधित्वसँग रहेको पाइन्छ । यसमा मतदानको अधिकारलाई रोक्न खोज्दा हुने सम्भाव्य स्थितिलाई 'अप्रिय स्थिति' मा मूर्तीकरण गर्दै 'कसैको पनि हित नगर्ने' पदावलीमा संवेग रहेको पाइन्छ । 'कसैको पनि' को संयुक्तिमा 'देश, राजनीति, राष्ट्रियता र जनता' मूर्त हुन आएको देखिन्छ । यसबाट आशङ्काभन्दा विश्वासको संवेगलाई बलशाली बनाउन खोजिएको प्रष्ट हुन्छ । यस क्रममा 'सरकार चुनाव गराउन प्रतिबद्ध रहेको अवस्था' र 'आवश्यक देखिए केही क्षेत्रमा पछि मतदान गराउने'

सम्भावनाको प्रतिनिधित्व समेटिएको पाइन्छ । प्रस्तुत उदाहरणमा आशङ्का र विश्वासको संवेगलाई मूर्तीकरण गर्दा विगतका अत्यावश्यक र ठोस तथ्यका अतिरिक्त प्रारम्भमै 'दल दर्ताको वैधानिक प्रक्रिया पनि पूरा नगरेको' पदावलीमा संसक्त प्रतिनिधित्व जोडिएको पाइन्छ । यस अतिरिक्त, यसमा नजिकिँदै गरेको 'मतदानको दिन' लाई 'जनताले लामो समयदेखि व्यग्र प्रतीक्षा गरेको' दिनका रूपमा संवेगात्मक मूर्तीकरण गरिएको र 'चुनावी माहोल उत्कर्षमा पुगेको' भावनात्मक प्रतिनिधित्वलाई स्थापना गरिएको देखिन्छ । यस्ता अतिरिक्त प्रतिनिधित्वले मूर्तीकरणका क्रममा लक्ष्यित आशङ्का र विश्वासको संवेगमा निहित बललाई क्षयीकरण गर्दै अभिव्यक्तिलाई वस्तुगत, विश्वसनीय र सन्तुलित हुनबाट समेत रोकेर पूर्वाग्रही बनाएको देखिन्छ ।

> छुवाछूत वा छोइछिटोको परम्परागत सोच, नयाँ पुस्तामा घटे पनि अझै आम समाज यो समस्याबाट पूर्णतः मुक्त छैन । परम्परागत र सामन्ती सोचका कारण उसै पनि अपहेलित र शोषित दलित समुदाय प्रमुख राजनीतिक दलहरूको कोपभाजनमा पर्नु दुर्भाग्य हो । पहिलो संविधानसभामा ५० जना दलित सभासद भएपछि यो समुदायमा केही उत्साह आएको थियो । राजनीतिक मूलधारमा आफ्ना कुरा सुनिने भयो भनेर तिनमा उत्साह छाएको थियो तर संविधानसभा-२ को प्रत्यक्ष उम्मेदवार छनोटमा उपेक्षामा परेपछि तिनमा निराशाले घर गरेको मात्रै छैन, संविधानसभा-२ मा दलित सहभागिता न्यून हुन सक्ने संकेत पनि देखिएको छ । (उदाहरण नं. १६, परिशिष्ट ४, पाठ सङ्केत क५५)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा दलित सहभागिता न्यून हुने सङ्केतलाई विगतको 'छुवाछूत वा छोइछिटोको परम्परागत सोच', 'परम्परागत र सामन्ती सोच', 'पहिलो संविधानसभा' र 'संविधानसभा-२ को प्रत्यक्ष उम्मेदवार छनोट' जस्ता सामाजिक सांस्कृतिक संरचना र राजनीतिक घटना-परिघटनासँग जोडेर संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा दलित समुदाय सबैभन्दा पहिले 'अपहेलित र शोषित' सामाजिक वर्गमा मूर्तीकृत देखिन्छ । यसपछि 'प्रमुख राजनीतिक दलहरूको कोपभाजनमा परेको' दलित समुदायको अवस्थालाई 'दुर्भाग्य' को संवेगमा, 'पहिलो संविधानसभामा ५० जना दलित सभासद' हुनुलाई 'केही उत्साह' को संवेगमा र 'संविधानसभा-२ को प्रत्यक्ष उम्मेदवार छनोट' मा उपेक्षामा पर्नुलाई 'निराशा' को संवेगमा मूर्तीकरण गरिएको पाइन्छ । यसमा अनावश्यक प्रतिनिधित्वहरूको प्रयोग नभएकाले विगतका घटना र तीसँग जोडिएर मूर्तीकृत भएका संवेगमा स्पष्टता पनि देखिन्छ । यसमा अपहेलना, शोषण, दुर्भाग्य, केही उत्साह, उपेक्षा र निराशाको संवेगात्मक शृङ्खलाले अन्ततः 'संविधानसभा-२ मा दलित सहभागिता न्यून हुने सङ्केत' लाई स्पष्टता प्रदान गरेको पाइन्छ ।

> गत संविधानसभा असफल भयो भन्दैमा अब बन्ने संविधानसभा पनि असफल नै हुन्छ भनेर अड्कल गर्नु कुनै अर्थमा न्यायसंगत हुन सक्दैन । गल्तीले नै सबैलाई परिस्कृत बनाउँछ । त्यसैलाई मुद्दा बनाएर निर्वाचन बिथोल्नेजस्ता गतिविधि तथा विरोधका कार्यक्रम गर्नु अहिले मुलुकका लागि घातक हुनसक्छ । ( उदाहरण नं. १७, परिशिष्ट ४, पाठ सङ्केत ख५६)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० बाट बन्ने संविधानसभालाई 'गत संविधानसभा' को

'असफलता' मा संवेगात्मक मूर्तीकरण गरी त्यसको विपरीत सफल हुने भावना जगाउन खोजिएको पाइन्छ। यसमा 'न्याय' र 'मुद्दा' जस्ता विषयका साथै 'गल्ती' र 'घात' जस्ता मनोभाव जनाउने संरचनामा 'गत संविधानसभा' को असफलताको विपरीत 'अब बन्ने संविधानसभा' को सफलताको संवेगलाई मूर्तीकरण गरिएको पाइन्छ। यस क्रममा 'निर्वाचन बिथोल्ने गतिविधि तथा विरोधका कार्यक्रम' को प्रतिनिधित्व पनि उल्लेख भएको देखिन्छ। यसमा 'गत संविधानसभाको असफलता' मा मूर्तीकृत निराशाजनक संवेगको बलले 'अब बन्ने संविधानसभा' को हकमा त्यसको विपरीत हुन आउने 'सफलता' मा आशाको संवेगलाई मूर्त गर्न खोजेको।

> निर्वाचन प्रयोजनमा बालबालिकाको प्रयोग हुनुले दलहरूको गैरजिम्मेवार र असंवेदनशील प्रवृत्ति उजागर गरेको छ। उनीहरूले यो प्रवृत्तिलाई सच्याई तत्काल बालबालिकाको दुरुपयोग रोक्नुपर्छ भने आचारसंहिताको अनुगमनकारी निकायले पनि सूक्ष्म अनुगमन गर्दै ककसले, कहाँ-कहाँ दुरुपयोग गरेका छन्, त्यसलाई बन्द गर्न सक्नुपर्छ। (उदाहरण नं. १८, परिशिष्ट ४, पाठ सङ्केत क५९)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा दलहरूले बालबालिकाको प्रयोग गरेको घटनालाई 'गैरजिम्मेवार र असंवेदनशील प्रवृत्ति' र 'दुरुपयोग' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यस प्रवृत्तिको संयुक्ति 'आचारसंहिता' र 'अनुगमनकारी निकाय' को कार्यसँग रहेको देखिन्छ। यसरी दलहरूको गैरजिम्मेवार र असंवेदनशील प्रवृत्तिलाई तत्काल सच्याइनुपर्ने, रोक्नुपर्ने र बन्द गर्नुपर्ने भनी प्रकारान्तरले 'अपराध' वा 'गल्ती' को संवेगलाई मूर्तता दिइएको पाइन्छ। यसमा विगतदेखि नै सामाजिक सांस्कृतिक रूपमा अर्थपूर्ण बनिसकेका 'बालबालिका' र यिनको 'दुरुपयोग' जस्ता संरचनाको बलबाट निर्वाचनमा सहभागी दलहरूले गरेका र गर्नसक्ने कार्यप्रति विशेष निगरानी राख्नुपर्ने भाव पनि प्रकट हुन आएको देखिन्छ।

> अझ पछिल्ला दिनमा बम र पेट्रोलको प्रयोगबाट आम जनतामा आतंक फैलाउने जुन प्रयास गरिँदै छ, त्यसले नेकपा-माओवादीको राजनीतिक छविलाई बिल्कुलै राम्रो गरेको छैन। जनताले अस्वीकार गरेको बन्द र सक्कली-नक्कली बम प्रहारको सिलसिला नेकपा-माओवादीले तत्काल रोक्नुपर्छ र वैधानिक दायरामै रहेर आफ्ना गतिविधि अगाडि बढाउनुपर्छ। यसैमा राष्ट्रको र नेकपा-माओवादीसमेतको हित निहित छ। (उदाहरण नं. १९, परिशिष्ट ४, पाठ सङ्केत क६०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा नेकपा-माओवादीबाट पछिल्ला दिनमा भएका घटनालाई 'आतङ्क' मा मूर्तीकरण गरी त्यसले पार्ने प्रभावलाई राष्ट्र र नेकपा माओवादीको 'हित' को संवेगसँग जोडिएको पाइन्छ। यस क्रममा 'नेकपा-माओवादीको राजनीतिक छवि', 'जनताले अस्वीकार गरेको बन्द', 'सक्कली-नक्कली बम' र 'वैधानिक दायरा' जस्ता विगतमा स्थापित संरचनामा संसक्त पदावलीको प्रयोग भेटिन्छ। यसको संयुक्तिमा 'आतङ्क' बाट उत्पन्न हुने भय र 'हित' बाट उत्पन्न हुन सक्ने गल्ती बोधको संवेगात्मक बलले स्पष्टता पाएको पाइन्छ।

> केही स्थानका पर्खाल वा भित्तामा निर्वाचन आयोगले छापेका पोस्टर टाँस्दैमा बदर मतको परिणाम घट्ने विश्वास गर्न सकिन्न। त्यसका लागि लक्ष्यित वर्गका घरमै पुगी अभ्याससहित मतदाता शिक्षा प्रदान

गर्नुपर्ने हुन्छ । निर्वाचनको दिन धेरै बाँकी नभए पनि () दिनमा पनि धेरै गर्न सकिन्छ । (उदाहरण नं. २०, परिशिष्ट ४, पाठ सङ्केत ख५९)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा 'बदर मत' लाई 'घट्ने विश्वास गर्न नसकिने' भनी संवेगात्मक मूर्तीकरण गर्न खोजिएको पाइन्छ । यसमा 'बदर मत घट्ने विश्वास गर्न नसकिने' प्रतिनिधित्वमा अप्रत्यक्ष रूपमा मात्र विगतको निर्वाचन मूर्तीकृत हुन आउने देखिन्छ । यसमा विगतका प्रतिनिधित्वहरू प्रत्यक्ष रूपमा 'निर्वाचन आयोगले छापेका पोस्टर', 'केही स्थानका पर्खाल वा भित्तामा टाँसिएका' जस्ता संसक्त पदावलीको प्रयोगमा मूर्त हुन आउँछन् । यसरी मूर्त हुन आएका घटनामा 'लक्ष्यित वर्गका घरमै पुगी अभ्यास सहित' को 'मतदान शिक्षा' आवश्यक पर्ने नयाँ प्रतिनिधित्वलाई स्थापित गरिएको पाइन्छ । यसो गर्दा 'बदर मत' घटाउने लक्ष्यका लागि उपायका रूपमा रहेको 'मतदाता शिक्षा' सँग जोडिन सक्ने संवेगको बललाई एकाकार रूपमा कुशलतापूर्वक मूर्तीकरण गर्न सकेको देखिँदैन । 'टाँस्दैमा' क्रियाको प्रयोगमा भेटिने 'असन्तुष्टि' लेखकीय संवेगका रूपमा रहेको देखिन्छ । लेखकीय संवेगबाट सम्पादकीयमा मूर्तीकरण प्रक्रियाबाट प्रकट हुनुपर्ने संवेगको वस्तुता ओझेलमा परेको पाइन्छ ।

> निर्वाचन आयोगले सूचना प्रविधिको अधिकतम प्रयोग गरेर चुनावी प्रक्रियालाई तुलनात्मक रूपले चुस्त बनाउन गरेको प्रयास सराहनीय छ । ... काठमाडौंमा रहेको मुख्यालयबाटै देशभरिका निर्वाचन गतिविधि अनुगमन गर्न सकिने गरी जडान गरिएको प्रविधिले मतदान र मतगणना प्रक्रियालाई विवादरहित बनाउन मद्दत पुऱ्याउने अपेक्षा राखिएको छ । खासगरी २४० वटै निार्वचन अधिकृत कार्यालयदेखि मतदान केन्द्रहरू र मुख्यालयलाई एउटै विद्युतीय अनुगमन प्रणालीमा जोडिएको कारण कहीं-कतै गडबडी वा समस्या उत्पन्न भयो भने तत्कालै सूचना प्रवाह र सहयोग गर्न मिल्ने व्यवस्थाले निर्वाचनलाई धाँधलीरहित बनाउन सघाउनेछ । यद्यपि यससँग जोडिएको मुख्य पाटो भनेको उपलब्ध प्रविधिको प्रभावकारी कार्यान्वयन हो, जसमा हामी प्रायः चुक्ने गरेका छौं । तसर्थ निर्वाचन आयोगले आवश्यक प्राविधिक तयारीसँगै दक्ष र इमानदार जनशक्तिमार्फत् त्यसलाई लागू गर्नेतर्फ विशेष रूपमा ध्यान दिनुपर्छ । (उदाहरण नं. २१, परिशिष्ट ४, पाठ सङ्केत क६१)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा निर्वाचन आयोगले सूचना प्रविधिको अधिकतम प्रयोग गरेको प्रतिनिधित्वलाई 'सराहनीय प्रयास' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा 'चुनावी प्रक्रियालाई तुलनात्मक रूपले चुस्त बनाउन गरेको प्रयास' पदावलीको संसक्तिले स्पष्टता प्रदान गरेको देखिन्छ । यसको पछिल्लो खण्डमा 'काठमाडौंमा रहेको मुख्यालय', 'देशभरिका निर्वाचन गतिविधि अनुगमन गर्न सकिने गरी जडान गरिएको प्रविधि', 'मतदान र मतगणना प्रक्रिया' जस्ता संसक्त पदावलीमा निर्मित प्रतिनिधित्वले विगतमा निर्धारित र घटित तथ्यलाई अगाडि सारेको पाइन्छ । यिनको संयुक्तिमा 'विवादरहित बनाउन मद्दत पुऱ्याउने अपेक्षा राखिएको' प्रतिनिधित्व रहेको र त्यसले आशाको संवेगलाई मूर्तता दिएको पाइन्छ । यसमा रहेका 'निर्वाचन अधिकृत कार्यालय', 'मतदान केन्द्र', 'मुख्यालय', 'विद्युतीय अनुगमन प्रणाली' आदि संरचनामा मूर्त सामाजिक

सांस्कृतिक अर्थको संयुक्तिमा 'कहीं-कतै गडबडी वा समस्या उत्पन्न हुन सक्ने' भयको संवेग रहेको पाइन्छ। यसका साथै 'तत्कालै सूचना प्रवाह र सहयोग गर्न मिल्ने व्यवस्थाले निर्वाचनलाई धाँधलीरहित बनाउन सघाउने' संसक्त पदावलीमा निर्मित प्रतिनिधित्वमा भयको संवेगलाई घटाउने आशा र विश्वासको संवेग मूर्त हुन आएको देखिन्छ। साथै, यसमा सूचना प्रविधिको प्रभावकारी कार्यान्वयनमा 'हामी प्रायः चुक्ने गरेका छौं' भन्ने वाक्यांशमा निहित प्रतिनिधित्वमा अविश्वास र आशङ्काको संवेगको संयुक्ति पाइन्छ। यसमा 'निर्वाचन आयोगले आवश्यक प्राविधिक तयारीसँगै दक्ष र इमानदार जनशक्तिमार्फत् त्यसलाई लागू गर्नेतर्फ विशेष रूपमा ध्यान दिनुपर्ने' वाक्यांशमा संसक्त सुझावको संयुक्तिमा वस्तुतः भय, आशा, विश्वास, अविश्वास र आशङ्काका संवेगको सामान्यीकरण भएको पाइन्छ।

> यसैगरी, 'नेपाल सधैं खुल्ला छ' जस्ता रचनात्मक र सन्देशमूलक कार्यक्रममार्फत युवाहरूले देशप्रति देखाएको चासो र चिन्तालाई पनि बन्दकर्ताले आफ्ना कार्यक्रमप्रति जनताले देखाएको प्रतिक्रियाका रूपमा लिनुपर्दछ। आज देशले बन्द, हड्तालभन्दा पनि निर्वाचनमार्फत संविधान र त्यसमार्फत समृद्धिको कामना गरेको छ। यस घडीमा राजनीतिक दल र उद्योग व्यवसायीहरूले एउटै लक्ष लिएर अगाडि जानुपर्ने अवस्था छ। दलले हामी राजनीतिक स्थिरता दिन्छौं, तपाईंहरूले आर्थिक समृद्धि दिनुहोस् भनेर व्यवसायीहरूलाई विश्वस्त बनाउनुपर्ने अवस्थामा यी दुई शक्तिबीच कटुता देखियो भने अन्ततः यसले मुलुकको हित गर्दैन। (उदाहरण नं. २२, परिशिष्ट ४, पाठ सङ्केत ख६०)

प्रस्तुत उदाहरणमा सर्वप्रथम संविधानसभा निर्वाचन-२०७० लाई निर्धारित समयमै सम्पन्न गर्न प्रेरित गर्ने भावनाका साथ 'नेपाल सधैं खुल्ला छ' कार्यक्रममा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यस क्रममा निर्वाचन बिथोल्न गरिएको बन्दप्रति युवाले देखाएको प्रतिक्रियालाई 'चासो र चिन्ता' को भावमा समेट्दै कार्यक्रमलाई 'रचनात्मक र सन्देशमूलक' विशेषतामा समेत मूर्तता दिइएको पाइन्छ। यसपछिको वाक्यमा संसक्त पदावली 'समृद्धिको कामना' मा शान्त भावको संयुक्ति रहेको भेटिन्छ। यद्यपि, 'आज देशले बन्द, हड्तालभन्दा पनि निर्वाचनमार्फत संविधान र त्यसमार्फत समृद्धिको कामना गरेको छ।' वाक्यको मनोगत प्रस्तुति सम्पादकीयको लागि उपयुक्त मानिँदैन। यसपछिको वाक्यमा तत्कालीन समयलाई 'घडी' र दल तथा व्यवसायीहरूलाई 'शक्ति' को संरचनामा ढालेर समय र दल तथा व्यवसायीहरूको सवलतालाई मूर्त बनाउन खोजिएको पाइन्छ। यसको अन्तिम वाक्यमा 'कटुता' र 'हित' जस्ता संरचनाको संयुक्तिमा अप्रिय र शान्त भावले मूर्तता पाउने देखिन्छ। दोस्रो जस्तै अन्तिम वाक्यको प्रस्तुति शैलीमा सम्पादकीय विधाको लागि अपेक्षित वस्तुगत गुणको अभाव खट्किन्छ। यसबाट सम्पादकीयका कतिपय वाक्यमा संवेगात्मक मूर्तीकरणको अकुशल र असफल प्रयोग समेत भएको र एउटै अनुच्छेदमा रहेका वाक्यहरू बिचमा पनि संवेगात्मक मूर्तीकरणको संयुक्ति पक्षलाई सुसङ्गत बनाउन नसकिएको देखिन्छ।

> मुलुकलाई आर्थिक रूपले समृद्ध लोकतान्त्रिक मुलुक बनाउने जनताको चाहना लामो समयसम्म पनि पूरा हुन सकेको छैन। २००७ साल, २०१५ साल वा २०३६ सालका राजनीतिक घटनाक्रमले पनि मुलुकमा

राजनीतिक स्थायित्व र समृद्धि प्रदान गर्न सकेन । २०६५ सालमा बनेको संविधानसभाप्रति आमजनताको निकै भरोसा थियो तर त्यसले पनि जनतामा निराशामात्र दियो । दुई वर्षमा संविधान निर्माण गर्ने भने पनि चार वर्ष व्यतित गरेर अर्बौं रुपियाँ बराबरको साधनस्रोत खर्च गर्दा पनि जनताले संविधान पाउन सकेनन् । २०६५ सालमा बनेको संविधानसभा र त्यस सभाका सभासद्प्रति जनताको ठूलो अपेक्षा थियो तर जनताको आकाङ्क्षा अनुरूपको कुनै काम हुन सकेन । अहिले मुलुकमा संविधानसभा सदस्य निर्वाचनको अर्को विकल्प छैन र मतदानभन्दा अर्को ठूलो लोकतान्त्रिक अभ्यास हुन सक्दैन । (उदाहरण नं. २३, परिशिष्ट ४, पाठ सङ्केत ख६२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० लाई 'आर्थिक रूपले समृद्ध लोकतान्त्रिक मुलुक बनाउने जनताको चाहना' लाई 'लामो समयसम्म पनि पूरा हुन नसकेको' आशयको प्रतिनिधित्वसँग संसक्त गरी संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यस क्रममा राजनीतिक स्थायित्व र समृद्धि प्रदान गर्न नसकेको तथ्यलाई '२००७ साल, २०१५ साल र २०३६ सालका राजनीतिक घटनाक्रम' मा मूर्तीकरण गरिएको भेटिन्छ भने संविधानसभाप्रतिको आमजनताको भरोसालाई निराशामा परिणत गरेको तथ्यलाई '२०६५ सालमा बनेको संविधानसभा' मा मूर्तीकरण गरिएको पाइन्छ । यसमा 'दुई वर्षमा संविधान निर्माण गर्ने भने पनि चार वर्ष व्यतित गरेर अर्बौं रुपियाँ बराबरको साधनस्रोत खर्च गर्दा पनि जनताले संविधान पाउन' नसकेको वाक्यांशमा संसक्त प्रतिनिधित्व पाइनाका साथै, यसमा '२०६५ सालमा बनेको संविधानसभा' मा त्यसका सभासद्प्रति जनताको अपेक्षा र आकाङ्क्षा अनुरूपको कुनै काम हुन नसकेको' भावको संयुक्ति पाइन्छ । प्रस्तुत अनुच्छेदमा विलम्ब र अकर्मण्यताले जगाएको निराशा, वितृष्णा भावको मूर्तीकरण प्रमुख देखिन्छ । यसको अन्तिम वाक्यमा संसक्त 'अहिले मुलुकमा संविधानसभा सदस्य निर्वाचनको अर्को विकल्प छैन र मतदानभन्दा अर्को ठूलो लोकतान्त्रिक अभ्यास हुन सक्दैन ।' को भाव संयुक्ति भने अघिल्ला वाक्यहरूमा गरिएको संवेगात्मक मूर्तीकरणसँग सहज रूपमा मिल्न सकेको पाइँदैन । यसमा सम्पादकीयको एउटै अनुच्छेदभित्र एकै खालका विगतका घटनाहरूको एकसाथ मूर्तीकरण गरिएको र विगतको एउटै घटनालाई फरक संवेगका लागि दोहोऱ्याएर पनि मूर्तीकरण गरिएको पाइन्छ । प्रस्तुत अनुच्छेदको विश्लेषणबाट सम्पादकीयमा हुने गरेको संवेगात्मक मूर्तीकरणको प्रयोगमा भावगत परिपक्वता, संसक्तिगत कुशलता र संयुक्तिपरक सचेतताको अभाव रहेको समेत देखिन्छ ।

पहिलो संविधानसभाको निर्वाचनबाट निर्माण गरिएको संविधानसभा संविधानलाई अन्तिम रूप नदिँदै विघटन भएको घाउ बोकेर बसेका नेपालीका लागि यो निर्वाचन आशाको किरण बनी झुल्किएको छ । संविधान निर्माण गर्ने प्रक्रिया जारी रहने क्रममा यो निर्वाचनले देशलाई सरकार र विधायिका पनि दिने भएकाले पनि विद्यमान राजनीतिक अन्योललाई चिर्न आजको दिन निर्णायक हुने देखिन्छ । (उदाहरण नं. २४, परिशिष्ट ४, पाठ सङ्केत ख६३)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को मतदानको दिनलाई 'पहिलो संविधानसभा' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा 'नेपालीका लागि आशाको किरण बनी झुल्किएको' पदावलीमा

संसक्त प्रतिनिधित्वमा संवेगको संयुक्ति रहेको पाइन्छ । यसको पहिलो वाक्यमा नेपालीलाई ‘पहिलो संविधानसभा विघटन भएको घाउ बोकेर बसेका’ व्यक्तिका रूपमा मूर्तीकरण गर्दै तिनको संयुक्तिमा असफलताले दिएको पीडाको संवेगलाई समेट्न खोजिएको देखिन्छ । यसपछिको वाक्यमा यस निर्वाचनले देशलाई सरकार र विधायिका दिने विगतको जानकारी मूर्त देखिनुका साथै ‘आजको दिन’ मा संविधानसभा निर्वाचन-२०७० को मतदान कार्य र यस कार्यले ‘विद्यमान राजनीतिक अन्योललाई चिर्न निर्णायक हुने’ संवेगलाई मूर्तता दिन खोजेको पाइन्छ । समग्रमा प्रस्तुत उदाहरणमा विगतका रूपमा पहिलो संविधानसभा विघटनसँग जोडिएको राजनीतिक अन्योलको पीडा र वर्तमानका रूपमा दोस्रो संविधानसभा निर्वाचनको मतदान गर्ने दिनसँग जोडिएको आशा र विश्वासको संवेगको मिश्रित मूर्तीकरण भएको देखिन्छ ।

> सफल निर्वाचनले बाहिरी विश्वमा अब नेपाल द्वन्द्वग्रस्त नभई प्रजातान्त्रिक मुलुक बनेको सन्देश दिएको छ । यदि दलहरूले यसलाई सदुपयोग गर्न सके ठूला पूर्वाधार, जलविद्युत् लगायत क्षेत्रमा विदेशी लगानी ल्याउन सकिन्छ । ठूलो लगानी बढ्दा बढी रोजगारी सिर्जना हुन्छ । रोजगार युवाशक्तिले मुलुकको विकासमा योगदान दिन सक्छन् । लगानीकर्ताले प्रतिफलको सुनिश्चितता नभई रकम ल्याउँदैनन् । मुलुकमा राजनीतिक गतिरोधकै कारण लगानीको प्रतिफल सुनिश्चित हुन नसकेको हो । ... पहिलो संविधानसभाको निर्वाचनयता अधिकांश वर्षमा समयमै बजेट आउन सकेन । उक्त वर्षहरूमा आर्थिक वृद्धिदर ४ प्रतिशतभन्दा कम रह्यो । सरकारले खर्च गर्न नसक्दा निजी क्षेत्रको उत्पादन बिक्री हुन सकेनन् । (उदाहरण नं. २५, परिशिष्ट ४, पाठ सङ्केत क६६)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० निर्धारित समयमै सम्पन्न भएपछि विगतको ‘द्वन्द्वग्रस्त’ पहिचानको विपरीततामा सफलताको संवेगसहित वर्तमानको ‘प्रजातान्त्रिक’ पहिचानलाई मूर्तता प्रदान गरिएको छ । यसमा द्वन्द्वग्रस्ततासँग जोडिएका असुरक्षा, अव्यवस्था, आतङ्क, शोक, चिन्ता, भय आदिको अन्त्य र प्रजातन्त्रसँग व्यवस्थागत रूपमा जोडिएका सुरक्षा, सुव्यवस्था, समृद्धि, खुशी, निर्भय जस्ता संवेगहरू पनि भेटिन्छन् । यसको समग्रतामा नेपालको द्वन्द्वग्रस्त पहिचान र राजनीतिक गतिरोधमा अल्झिएका विगतका विसङ्गत गतिविधिको निराशाजनक पृष्ठभूमिले वर्तमानको उपलब्धिका रूपमा रहेको प्रजातान्त्रिक पहिचानको सदुपयोगबाट हुन सक्ने आर्थिक उन्नतिप्रति आशाको संवेग पनि जगाउन खोजिएको पाइन्छ । यस क्रममा नेपालको ‘प्रजातान्त्रिक’ पहिचानलाई ठूला पूर्वाधार, जलविद्युत लगायत क्षेत्रमा विदेशी लगानी ल्याउन सकिने, लगानी बढे रोजगारी बढी सिर्जना हुने र युवाशक्तिले विकासमा योगदान गर्नसक्ने अवसरका रूपमा प्रस्तुत गरिएको देखिन्छ । यसमा मुलुकको ‘द्वन्द्वग्रस्त’ पहिचानलाई ‘राजनीतिक गतिरोध’ को रूपमा लिइएको र त्यसलाई लगानीको प्रतिफल सुनिश्चित नहुने अवस्थाको रूपमा मूर्तीकरण गर्न खोजिएको देखिन्छ । यस अतिरिक्त पनि यसमा ‘पहिलो संविधानसभाको निर्वाचनयताका अधिकांश वर्ष’ पदावलीको संसक्तिमा मूर्त हुन आउने समयमै बजेट आउन नसकेर आर्थिक बृद्धिदर ४ प्रतिशतभन्दा कम रहेको, सरकारले खर्च गर्न नसकेर निजी क्षेत्रको

उत्पादन बिक्री हुन नसकेको आशय जनाउने प्रतिनिधित्वको संयुक्तिमा विसङ्गति र दलका कार्यप्रतिको असन्तुष्टिको संवेग भेट्न सकिन्छ ।

> भारत, चीन, अमेरिका, संयुक्त राष्ट्रसंघलगायत सबैले निर्वाचनको स्वागत गरेका छन् । यस्तो अवस्थामा एमाओवादी नेतृत्व आफ्नै पूर्वघोषणा एवम् राष्ट्रिय-अन्तर्राष्ट्रिय अभिमतलाई बेवास्ता गरी एकांगी ढंगले संविधानसभाको प्रक्रियाविरुद्ध जानु आत्मघाती हुन जान्छ । (उदाहरण नं. २६, परिशिष्ट ४, पाठ सङ्केत क६७)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० लाई अन्तर्राष्ट्रिय समुदायले स्वागत गरेको अवस्था र त्यसको विपरीततामा एमाओवादी नेतृत्व जान खोजेको घटनालाई एमाओवादीको आफ्नै 'पूर्व घोषणापत्र', 'राष्ट्रिय-अन्तर्राष्ट्रिय अभिमत' र 'संविधानसभाको प्रक्रिया' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा संसक्त पदावलीहरूको संयुक्तिमा 'आत्मघाती' हुनजाने संवेगले मूर्तता पाएको पाइन्छ । यसमा सामाजिक सांस्कृतिक संरचनामा निश्चित अर्थ बनाइसकेका विगतका घोषणा, अभिमत र प्रक्रियाको विरुद्धमा एमाओवादी नेतृत्वले लिन खोजेको कदमको संयुक्ति 'आत्मघात' सँग जोडिएको छ । यसमा रहेको बलले अवसाद र असन्तुष्टिको संवेगलाई अप्रतिरोधी बनाएको पाइन्छ ।

> सैद्धान्तिक रूपमा मात्र अँगालिएको र व्यावहारिक सुनिश्चितता हुन बाँकी रहेको मुख्य मुद्दा भनेको संघीयताको कार्यान्वयन हो । एकाध नेताहरू एकात्मक प्रणालीतर्फै फर्कन चाहे पनि यसको अनिवार्यतालाई लिएर कुनै पनि परिवर्तनकारी दलमा द्विविधा देखिन्न, भलै यसको स्वरूप, संख्या र आधारलाई लिएर फरकफरक मतहरू छन् । हालको निर्वाचनले एकल जातीय पहिचान र 'एक मधेस प्रदेश' का पक्षमा रहेका दलहरूलाई अल्पमतमा पारेको तथा बहुपहिचानमा आधारित संघीयता पक्षधर दलहरूले बहुमत पाएको सन्दर्भमा संघीयताको मोडल त्यहीअनुरूप तय हुने निश्चितप्रायः छ । दलहरूले यसबारे अन्तिम छलफल संविधानसभाभित्रै गरेर चाँडो टुंगोमा पुग्नुपर्छ । किनभने पहिलो संविधानसभा मूलतः यही मुद्दामा अनिर्णित रहेकाले असफल बन्न पुगेको थियो । यसबाहेक शासकीय स्वरूपसम्बन्धी भिन्नभिन्न अवधारणालगायत संविधान निर्माणका अन्य मतभेदलाई पनि दलहरूले टुंग्याउन बाँकी छ । ( उदाहरण नं. २७, परिशिष्ट ४, पाठ सङ्केत क७०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० बाट बनेको संविधानसभामा संघीयताको कार्यान्वयन गर्ने कामलाई मुख्य 'मुद्दा' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यसमा विवाद र झमेला आइपर्ने परिस्थितिबाट उत्पन्न हुन सक्ने विलम्बमा अशान्त भावलाई समेटिएको पाइन्छ । यस क्रममा 'एकाध नेताहरू एकात्मक प्रणालीतर्फै फर्कन चाहेको', र 'यसको अनिवार्यतालाई लिएर कुनै पनि परिवर्तनकारी दलमा द्विविधा नदेखिएको', र 'सङ्घीयताको स्वरूप, संख्या र आधारका विषयमा फरकफरक मतहरू रहेका' वाक्यांशमा संसक्त प्रतिनिधित्वलाई समेट्दै संघीयताको मोडलको परिकल्पनाको आधारलाई 'निर्वाचनले एकल जातीय पहिचान र 'एक मधेस प्रदेश' का पक्षमा रहेका दलहरूलाई अल्पमतमा पारेको तथा बहुपहिचानमा आधारित संघीयता पक्षधर

दलहरूले बहुमत पाएको सन्दर्भ' सँग संयुक्ति प्रदान गरिएको पाइन्छ । यति गरिसकेपछि 'दलहरूले सङ्घीयताबारे अन्तिम छलफल संविधानसभाभित्रै गरेर चाँडो टुंगोमा पुग्नुपर्ने' तर्कका साथै 'पहिलो संविधानसभा मूलतः यही मुद्दामा अनिर्णित रहेकाले असफल बन्न पुगेको' विगतमा संवेगात्मक मूर्तीकरण गरिएको देखिन्छ । प्रस्तुत अनुच्छेदको सुरूमा उल्लिखित सङ्घीयता कार्यान्वयनको 'मुद्दा' को संयुक्तिमा विवाद, झमेला र विलम्बजन्य अशान्त संवेग मूर्त हुन आउने देखिन्छ । यसको बलले अन्त्यमा उल्लिखित वाक्यांशले प्रतिनिधित्व गर्ने 'शासकीय स्वरूपसम्बन्धी भिन्नभिन्न अवधारणालगायत संविधान निर्माणका अन्य मतभेदलाई पनि दलहरूले टुंग्याउन बाँकी रहेको' सन्दर्भलाई पनि समेटेको पाइन्छ ।

> विगतमा संविधान निर्माणमा सहमति हुन नसक्नुमा एउटा प्रमुख कारण दलहरूको सत्तामुखी राजनीति थियो । अधिकांश समय दलहरूले गठबन्धन परिवर्तन गर्ने र सत्तामा पुग्ने दाउपेचमै आफूलाई केन्द्रित गरे । अहिले पनि कुनै पनि दललाई सत्ता सञ्चालनका लागि प्रस्ट बहुमत छैन, गठबन्धन गर्नुपर्ने आवश्यकता छ । (उदाहरण नं. २८, परिशिष्ट ४, पाठ सङ्केत क७३)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को परिणामपछि 'कुनै पनि दललाई सत्ता सञ्चालनका लागि प्रष्ट बहुमत नभएकोले गठबन्धन गर्नुपर्ने आवश्यकता रहेको' प्रतिनिधित्वलाई 'दलहरूको सत्तामुखी राजनीति' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । 'दलहरूको सत्तामुखी राजनीति' मा संसक्त प्रतिनिधित्वलाई विगतमा संविधान निर्माणमा सहमति हुन नसक्नाको एउटा प्रमुख कारण ठहऱ्याइएको पाइन्छ । साथै, 'अधिकांश समय दलहरूले गठबन्धन परिवर्तन गर्ने र सत्तामा पुग्ने दाउपेचमै आफूलाई केन्द्रित गरेको' वाक्यांशमा संसक्त प्रतिनिधित्वले दलहरूको सत्तामुखी व्यवहारलाई विकृति र विसङ्गतिको रूपमा स्थापित गरेको पाइन्छ । स्थापित तथ्यहरूको संयुक्तिमा त्यस्ता दलहरूप्रति वितृष्णा र उनीहरूबाट फेरि पनि संविधान निर्माण हुने कुरामा आशङ्का र अविश्वासको संवेगलाई मूर्तता दिइएको पाइन्छ ।

> दल दर्ता गरेपछि राज्यका तर्फबाट पाइने सुविधा, आर्थिक लाभ र संविधानसभामा पुग्न पाइने जस्ता आकर्षणले तानिएका केही व्यक्ति मिलेर दल दर्ता गर्ने प्रवृत्ति देखिएको छ । जसरी तसरी संविधानसभामा पुगेपछि एक, दुई प्रतिनिधि भएकाहरूले पनि सरकारमा सहभागी हुन बार्गेनिङ् गर्ने प्रचलन अघिल्लो संविधानसभाबाटै शुरु भएको हो । समानुपातिक प्रणालीका कारण प्रायः सधैं कुनै पनि दलको संसद्मा बहुमत नआउने (हङ् पार्लियामेन्ट) को अवस्थाले सरकार तथा राजनीति अस्थिर हुन र समानुपातिकबाट सभामा पुगेका केही प्रतिनिधिको पनि सरका(र?)मा सहभागी हुन धम्की र बोलबाला चल्ने गरेको छ । ( उदाहरण नं. २९, परिशिष्ट ४, पाठ सङ्केत ख७०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा मूर्तीकृत 'दल दर्ता गर्ने प्रवृत्ति', 'अघिल्लो संविधानसभा' र 'समानुपातिक प्रणाली' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यस्ता प्रतिनिधित्वहरूबाट संविधान निर्माण नभएर राज्यबाट पाइने लाभ लिन र सरकारमा सहभागी हुन धम्की दिने र बोलवाला चलाउनेसम्मको विकृति र विसङ्गतिजन्य संवेगले मूर्तता पाएको पाइन्छ । यसमा पनि गहिरिएर हेर्दा दल दर्तालाई

'प्रवृत्ति', सरकारमा सहभागी हुन बार्गेनिङ् गर्ने कार्यलाई 'प्रचलन' र यस्तो कार्य सुरू भएको संरचनालाई 'अघिल्लो संविधानसभा' मा संवेगात्मक मूर्तीकरण गरिएको देखिन्छ। दल दर्ता गर्ने प्रवृत्तिमा 'राज्यका तर्फबाट पाइने सुविधा, आर्थिक लाभ र संविधानसभामा पुग्न पाइने जस्ता आकर्षणले तानिएका केही व्यक्ति मिलेर' गरिएको कार्यको संसक्त वाक्यांशले प्रतिनिधित्व जनाउँछ। यसको संयुक्तिमा दलीय विकृति र विसङ्गतिलाई सङ्केत गरिएको पाइन्छ। दलीय विकृति र विसङ्गतिको कारणका रूपमा 'समानुपातिक प्रणाली' रहेको देखिन्छ। यसमा '(हङ् पार्लियामेन्ट) को अवस्था', 'अस्थिर सरकार तथा राजनीति', 'केही प्रतिनिधिको धम्की र बोलबाला चल्ने गरेको' पदावलीमा संसक्त प्रतिनिधित्वहरू समेटिएको देखिन्छ। यस्ता प्रतिनिधित्वहरूको संयुक्तिमा संविधान निर्माणको सन्दर्भमा निराशा, साना दल र समानुपातिक प्रणालीको सन्दर्भमा वितृष्णा र असन्तुष्टिको संवेग मूर्त हुन आएको पाइन्छ।

> अर्थात् प्रमुख दलहरूको आन्तरिक व्यवस्थापनको कमजोरी र उदासीनताका कारण समानुपातिकतर्फबाट निर्वाचित हुनेहरूको नामावली सार्वजनिक गर्ने प्रक्रिया ढिलो हुँदै छ। जसले संविधानसभाको पहिलो बैठक, सरकार गठन र संविधान निर्माणलगायतका सबै प्रक्रियामा ढिलाइ हुने संकेत देखिएको छ, जुन सुखद होइन। (उदाहरण नं. ३०, परिशिष्ट ४, पाठ सङ्केत क७६)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० सम्पन्न भएपछि समानुपातिकतर्फबाट निर्वाचित हुनेहरूको नामावली सार्वजनिक गर्ने प्रक्रिया ढिलो हुनुलाई 'प्रमुख दलहरूको आन्तरिक व्यवस्थापनको कमजोरी र उदासीनता' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यसबाट संसक्त वाक्यांश 'संविधानसभाको पहिलो बैठक, सरकार गठन र संविधान निर्माणलगायतका सबै प्रक्रियामा ढिलाइ हुने सङ्केत देखिएको' प्रतिनिधित्वमा सुखको विपरीततामा प्रकट हुने दुःखको संवेगले मूर्तता पाएको देखिन्छ। यसमा रहेका 'कमजोरी', 'उदासीनता' र 'ढिलाइ' ले दुःखको संवेगलाई थप बलियो बनाएको पाइन्छ।

> निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित हुने सभासदको सूची बुझाउने म्याद दोस्रोपटक थपेको छ। प्रमुख राजनीतिक दलहरूको उच्चस्तरीय संयन्त्रले फेरि म्याद थप्न निर्वाचन आयोगलाई आग्रह गरेपछि उसले सात दिन म्याद थपेको हो। यसअघि कांग्रेसको आग्रहमा आयोगले पुस ३ गतेसम्मका लागि दलहरूलाई सूची बुझाउन समय तोकेको थियो। दोस्रो समयसीमा आउन एक दिन बाँकी रहँदै प्रमुख दलहरूले म्याद बढाउन सहमति गरेका छन्। मतभेदका गम्भीर मुद्दाहरूमा हम्मेसी सहमति नगर्ने प्रमुख दलहरूले म्याद थप्दै जाने सन्दर्भमा चाहिँ सजिलै सहमति बनाएका छन् र आयोगले पनि दलहरूको आग्रहलाई 'शिरोपर' गरेझैं म्याद थप्दै गएको छ। निश्चय पनि प्रमुख दलहरूका आन्तरिक समन्वय र व्यवस्थापनका चुनौती होलान्। तर यसको अर्थ दलले पटकपटक म्याद थप्ने आग्रह गर्ने र आयोगले 'लालमोहर' लगाउँदै जानु उचित होइन। यसो गर्नाले दोस्रो संविधानसभाको विधिवत् प्रारम्भ गर्ने समय घचेटिँदै जाने छ। (उदाहरण नं. ३१, परिशिष्ट ४, पाठ सङ्केत क७८)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० सम्पन्न भएपछि समानुपातिकतर्फ निर्वाचित हुने

सभासदको सूची बुझाउने म्याद दोस्रोपटक थपिएपछि म्याद थप्न सहमत प्रमुख दलहरूको आग्रहलाई निर्वाचन आयोगले मानेको कार्यलाई संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यसमा विगतको संविधानसभादेखि 'प्रमुख राजनीतिक दलहरूको उच्चस्तरीय संयन्त्र' को निरङ्कुश छवि, 'प्रमुख दलहरू' को हम्मेसी सहमति नगर्ने छविको विपरीत म्याद थप्दै जान गरेको सहमति', निर्वाचन आयोगले 'शिरोपर गरे झैँ' गरी बनाएको आज्ञाकारी छविको सम्मिश्रणले 'संविधानसभाको विधिवत् प्रारम्भ' हुने प्रक्रियाको कार्यान्वयनमा भइरहेको ढिलाइबाट उत्पन्न हुने विसङ्गतिजन्य संवेगलाई मूर्तता दिइएको पाइन्छ। यस क्रममा पहिलो पटक म्याद थप्न कांग्रेसले गरेको आग्रह, अघिल्लो संविधानसभामा सहमति हुन नसकेका 'मतभेदका गम्भीर मुद्दाहरू' र म्याद थपका लागि 'सजिलै' भएको सहमतिदेखि प्रमुख दलहरूमा रहेको आन्तरिक समन्वय र व्यवस्थापनका चुनौतीसम्मलाई ध्यानमा राख्दै निर्वाचन आयोगको 'लालमोहर' लगाउँदै जाने कामलाई ढिलासुस्तीमा साथ दिएको अर्थमा अनुचित ठहऱ्याउँदै असन्तुष्टिको संवेग प्रकट भएको देखिन्छ। यसमा संसक्त रहेको 'संविधानसभाको विधिवत् प्रारम्भ गर्ने समय घचेटिँदै जाने' पदावलीमा निर्मित प्रतिनिधित्वमा अघिल्लो संविधानसभाको निष्फल अवसानको घटना पछिल्लो संविधानसभाको हकमा पनि दोहोरिन सक्ने भयको संवेगले संयुक्ति पाएको बुझ्न सकिन्छ।

> संविधानसभाको निर्वाचन सम्पन्न भएको पनि करिब एक महिना हुन लागेको छ। गत मंसिर ४ गते भएको प्रत्यक्षतर्फको मत परिणाम सार्वजनिक भएको समेत तीन हप्ता बितिसकेको छ भने दलहरूले समानुपातिकको पहिलो म्याद अनुसार आ-आफ्नो उम्मेदवारको नाम प्रस्तुत गरेको भए त्यसको परिणाम पनि आइसक्थ्यो। राजनीतिक दलहरूलाई सहमति र समझदारी खोज्ने समय उपलब्ध गराउन निर्वाचन आयोगले समानुपातिकको नामावली बुझाउने म्याद बढाइदिए पछि औपचारिक रूपमा निर्वाचन परिणाम पूर्णतः सार्वजनिक नभएको अवस्था छ। ... सहमतिकै रटानका कारण पहिलो संविधानसभाको अवसान गरिएको कारण नै दोस्रो संविधानसभा निर्वाचनको वाध्यता मुलुकले बेहोर्नु परेको हो। दोस्रो सभाको चुनावपछि पनि शुरु भएको उही सहमतिको रटानले मुलुकको राजनीतिक गतिलाई बाधित र मुलुकलाई अनिर्णयको बन्दी बनाउने अवस्था देखिदै छ। (उदाहरण नं. ३२, परिशिष्ट ४, पाठ सङ्केत ख७४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को निर्वाचन परिणाम पूर्णतः सार्वजनिक नभएको अवस्थालाई 'राजनीतिक दलहरूलाई सहमति र समझदारी खोज्ने समय उपलब्ध गराउन निर्वाचन आयोगले समानुपातिकको नामावली बुझाउने म्याद बढाइदिएको' प्रतिनिधित्वमा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यसको अघिल्लो खण्डमा मतदान कार्य सकिएर प्रत्यक्षतर्फको 'मत परिणाम सार्वजनिक भएको समेत तिन हप्ता बितिसकेको', 'दलहरूले समानुपातिकको पहिलो म्याद अनुसार आ-आफ्नो उम्मेदवारको नाम प्रस्तुत गरेको भए त्यसको परिणाम पनि आइसक्थ्यो' भन्ने विचारमा असन्तुष्टिको भावलाई मूर्तता दिइएको देखिन्छ। पूर्व सन्दर्भनमा रहेको यस अभिव्यक्ति लगत्तै पछिको वाक्यभित्र संसक्ते 'निर्वाचन आयोगले म्याद बढाइदिएको' पदावलीमा रहेको प्रतिनिधित्वलाई 'राजनीतिक दलहरूलाई सहमति र समझदारी खोज्ने समय उपलब्ध गराउन' भन्ने तर्कको प्रतिनिधित्वलाई वाधकको रूपमा लिन सकिन्छ। यसले असन्तुष्टिको संयुक्तिमा रहेको संवेगको बललाई मत्थर

बनाएको पाइन्छ। प्रस्तुत अनुच्छेदको पछिल्लो खण्डको पहिलो वाक्यमा संसक्त रहेका पदावलीमा 'पहिलो संविधानसभाको अवसान' लाई 'सहमतिको रटान' मा संवेगात्मक मूर्तीकरण गरिएको भेटिन्छ। यस क्रममा दोस्रो संविधानसभाको निर्वाचनलाई मुलुकले बेहोर्नु परेको 'वाध्यता' को अनुभूतिका साथ असन्तुष्टि र असहजताको संवेग प्रकट भएको पाइन्छ। यस पछिको वाक्यमा संसक्त 'दोस्रो सभाको चुनावपछि पनि शुरु भएको उही सहमतिको रटान' का साथै 'मुलुकको राजनीतिक गतिलाई बाधित र मुलुकलाई अनिर्णयको बन्दी बनाउने अवस्था देखिँदै' गरेको पदावलीका प्रतिनिधित्वहरूमार्फत् असन्तुष्टि, असहजतासहित विसङ्गति बोधक संयुक्तिले संवेगको बलमा तीव्रता थपेको देखिन्छ।

> द्वन्द्वका कारण क्षतिग्रस्त बनाइएका भौतिक संरचना अझै पुनःनिर्माण भएका छैनन् र तिनको निर्माणका लागि बर्षौंसमेत अर्बौं रकम खर्च हुने देखिएको छ। विकास योजनाहरू अवरुद्ध पारिएका कारण भोग्नु परेको घाटा सामान्य अनुमानभन्दा बाहिर छ। ... ज-जसका गल्ती र कमजोरीका कारण भए पनि देशले बेहोरेको यतिविध्न क्षतिप्रति अब त नेपाली समाज, राजनीतिक दल र राज्यसंयन्त्रले गम्भीरतासाथ समीक्षा साथै प्रायश्चित समेत गर्नु आवश्यक छ। (उदाहरण नं. ३३, परिशिष्ट ४, पाठ सङ्केत ख७५)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० सम्पन्न भइसकेपछि पनि देशमा द्वन्द्वका कारण क्षतिग्रस्त बनाइएका भौतिक संरचनाको पुनः निर्माणमा भएको ढिलाइलाई विगतमा भएका 'गल्ती र कमजोरीका कारण देशले बेहोरेको क्षति' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यस अतिरिक्त 'विकास योजनाहरू अवरुद्ध पारिएका' विगतका घटनामा 'भोग्नु परेको घाटा सामान्य अनुमानभन्दा बाहिर रहेको' संवेग र 'गल्ती र कमजोरीका कारण देशले बेहोरेको ... क्षति' मा 'प्रायश्चित गर्नु आवश्यक' भएको संवेगको संयुक्ति देखिन्छ। यसमा संसक्त पदावली 'नेपाली समाज, राजनीतिक दल र राज्यसंयन्त्र' मा मूर्त प्रतिनिधित्वमा गम्भीरतासाथ समीक्षा गर्नुपर्ने तर्कको पनि संयुक्ति भेटिन्छ। यस उदाहरणलाई समग्रतामा केलाउँदा 'द्वन्द्वकालमा क्षतिग्रस्त बनाइएका भौतिक संरचना' का रूपमा संसक्त प्रतिनिधित्वमा पुनः निर्माणमा भएको ढिलाइ, घाटा, गल्ती र कमजोरी, समीक्षा र प्रायश्चितजन्य संवेगको संयुक्ति पाइन्छ। यसबाट असन्तुष्टि, असहजताका साथै क्षमा भाव पनि प्रकट भएको पाइन्छ।

> सबै तह, समुदाय र विषय विशेषज्ञको समेत प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यले व्यवस्थित गरिएको निर्वाचन प्रणालीको समानुपातिक विधिलाई उपेक्षा गर्दै राजनीतिक दल र सम्बद्ध नेतृत्वले आफन्त, पैसा दिने र पहुँचवालालाई पुरस्कृत गर्न प्रयोग गरेको गुनासो सर्वत्र बढेको छ। समानुपातिक सूचीबाट सदस्य छनोटको क्रममा राजनीतिक रूपले सक्रिय, इमानदार र स्वच्छ छवि भएकालाई उपेक्षा गरिएको गम्भीर आरोप दलहरूमाथि लागेको छ। (उदाहरण नं. ३४, परिशिष्ट ४, पाठ सङ्केत ख७९)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० मा अनुसरण गरिएको निर्वाचन प्रणालीको समानुपातिक विधिको उपेक्षामा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यस क्रममा सबै तह, समुदाय र विषय विशेषज्ञको समेत प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य रहेको प्रतिनिधित्वको विपरीततामा राजनीतिक दल र सम्बद्ध

नेतृत्वले आफन्त, पैसा दिने र पहुँचवालालाई पुरस्कृत गर्न प्रयोग गरेको गुनासो सर्वत्र बढेको' पदावली संसक्त देखिन्छ। यसमा मूर्त प्रतिनिधित्वमा विकृति र विसङ्गतिजन्य संवेगको संयुक्ति देखिन्छ। यस खालको संवेगलाई 'समानुपातिक सूचीबाट सदस्य छनोटको क्रममा राजनीतिक रूपले सक्रिय, इमानदार र स्वच्छ छवि भएकालाई उपेक्षा गरिएको गम्भीर आरोप दलहरूमाथि लागेको' वाक्यांशले तीव्रतासाथ मूर्त बनाउन सघाएको पाइन्छ। यसमा समानुपातिक विधिको दुरुपयोग गरेको गुनासोसहित गम्भीर आरोप लागेका राजनीतिक दल र सम्बद्ध नेतृत्वप्रति घृणा, असन्तोष र वितृष्णा भावको संयुक्ति रहेको पाइन्छ।

> विगतमा संसद् र संविधानसभाको काममा उचित प्राथमिकता निर्धारण हुन नसक्दा आइपरेका समस्यालाई मनन् गरेर तदनुरूपको कार्यतालिका बनाउनुपर्छ र त्यसलाई कडाइका साथ अनुशरण गरिनुपर्छ। (उदाहरण नं. ३५, परिशिष्ट ४, पाठ सङ्केत क८७)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० पछि बनेको संविधानसभाले दिनुपर्ने कामको प्राथमिकतालाई 'विगतमा संसद् र संविधानसभाको काममा उचित प्राथमिकता निर्धारण हुन नसक्दा आइपरेका समस्या' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यसमा संसक्त रहेको 'संसद् र संविधानसभाको काममा उचित प्राथमिकता निर्धारण' हुनुपर्ने र 'कार्यतालिका बनाएर कडाइका साथ अनुसरण' गरिनुपर्ने तर्कमा निर्देशनमूलक कठोर संवेगको संयुक्ति भेटिन्छ। यसमा विगतको संसद् र संविधानसभामा आइपरेका समस्यामा मूर्त असफलताजन्य संवेगको बलले नवगठित संविधानसभामा समस्या दोहोरिन नहुने भावलाई जगाउन सघाएको पाइन्छ।

> विगतमा सहमतिको नारा धेरै लगाइए पनि व्यवहारमा भने त्यसको छेकछन्दै नदेखाइनाले सबै थोक भताभुङ्ग हुनपुगेको यथार्थ रहेको छ। (उदाहरण नं. ३६, परिशिष्ट ४, पाठ सङ्केत ख८५)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० बाट बनेको संविधानसभामा दोहोरिएको सहमतिको सन्दर्भलाई अघिल्लो संविधानसभामा लगाइएका 'सहमतिको नारा' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यस क्रममा संसक्त 'विगतमा सहमतिको नारा धेरै लगाइएको' तर 'व्यवहारमा त्यसको छेकछन्दै नदेखाइनाले सबै थोक भताभुङ्ग हुनुपुगेको यथार्थ रहेको' प्रतिनिधित्वहरूबाट सहमति हुने कामप्रति अविश्वास भावले संयुक्ति पाएको देखिन्छ। यसमा सहमतिको कुरा उठाउने पात्रहरू पुरानै रहेका र तिनको प्रवृत्ति फेरिनसक्नेमा विश्वास गर्न नसकेका कारण निराशा, वितृष्णा र विसङ्गतिको संवेगले पनि मूर्तता पाउनसक्ने देखिन्छ।

> लिनसक्नेका निम्ति इतिहास पाठ हो, कमी, कमजोरी र असफलता पुनरावृत्त हुन नदिनुमै वर्तमान राजनीतिक नेतृत्वको खुबी देखिनेछ। अतः सरकार गठनको विषयलाई सहज रूपमा लिई राष्ट्रिय अभिभारा पूरा गर्ने दिशामा सबैको ऐक्यबद्धता अपरिहार्य बनेको छ। बहुमतीय सरकार गठनको प्रक्रिया अगाडि बढ्दा बिर्सन नहुने कुरा के हो भने यो केवल भागबन्डाको सरकारका रूपमा मात्रै परिचित हुनु हुँदैन। भागबन्डाको राजनीतिले यसै पनि राजनीतिक दललाई अपूरणीय क्षति गराउँदै लगेको छ। दलैपिच्छे चलिरहेका पदीय विषय होऊन् वा सरकार गठनको सन्दर्भ - सबैमा भागबन्डाले प्रमुख स्थान

ओगटिइरहेकाले पनि दलीय साख नै खस्काउने पारा धेरै लम्बिन नहुने जन-आवाज बढेको छ । पदीय बाँडफाँडको विषयले अलमल बढाउन दिनु हुँदैन । (उदाहरण नं. ३७, परिशिष्ट ४, पाठ सङ्केत ख८८)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० सम्पन्न भइसकेपछि बहुमतीय सरकार गठनको सन्दर्भलाई 'भागबन्डाको सरकार' र 'भागबन्डाको राजनीति' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यस क्रममा भागबन्डाको राजनीतिले राजनीतिक दलमा पारेको असरलाई 'अपूरणीय क्षति' र सबै दल भागबन्डामा लागेको अवस्थालाई 'दलीय साख नै खस्काउने पारा' को रूपमा संसक्त गरी तिनमा निराशा र आक्रोशको भावलाई संयुक्ति प्रदान गरिएको पाइन्छ । अनुच्छेदको सुरूमै 'लिनसक्नेका निम्ति इतिहास पाठ' सहित 'विगतका कमी कमजोरी पुनरावृत्त हुन नदिनुमा राजनीतिक नेतृत्वको खुबी' देखिने विचारको प्रतिनिधित्वमा राजनीतिक नेतृत्वको क्षमताप्रति प्रश्न वा अविश्वास भावको संयुक्ति पाइन्छ । बिचमा 'राष्ट्रिय अभिभारा', 'ऐक्यबद्धता अपरिहार्य' जस्ता बहुप्रचलित अमूर्त पदावलीहरू, एउटै वाक्यमा 'केवल', 'मात्रै' जस्ता पर्यायवाची शब्दको दोहोरो संसक्तिले संवेगको संयुक्तिमा हुनुपर्ने तीव्रतालाई बाधा पार्न खोजेको भेटिन्छ भने अन्त्यमा रहेको 'पदीय बाँडफाँडको विषयले अलमल बढाउन नहुने' तर्कमा ढिलासुस्ती विरुद्धको संवेगलाई पनि संयुक्ति प्रदान गर्न खोजिएको पाइन्छ । यसबाट मूलतः राजनीतिक दलको नेतृत्वले विगतकै कमी, कमजोरीलाई दोहोऱ्याउन थालेकाले अन्ततः नयाँ संविधानसभालाई असफलतामा पुऱ्याउने भय, आक्रोश र निराशाको संवेगले संयुक्ति पाएको देखिन्छ ।

> विगतमा चार वर्षसम्म संविधान बन्न नसक्नु, सात महिनासम्म सरकार बन्ने अवस्था नरहनु र राजनीतिबाहिरका व्यक्ति ल्याई सरकार बनाउनुपर्ने वस्तुस्थिति सिर्जना हुनुका पछाडि राजनीतिक दलको बेमेल नै प्रमुख कारण रहेको स्वीकार्न कसैले आनाकानी गर्नुहुँदैन । आउँदा दिनमा पनि मुखले सहमति, सहकार्य भट्याउने र व्यवहारमा त्यसको खिल्ली उडाउने कार्य भएमा शुभपरिणाम झन् टाढिँदै जाने पक्का छ । तसर्थ तमाम राजनीतिक दल अब राष्ट्रिय मूल गन्तव्यप्रति ऐक्यबद्ध हुनैपर्छ । दोस्रो संविधानसभाको निर्वाचनमा जनतासमक्ष वर्षदिनभित्रै संविधान ल्याउने वाचाबन्धन गरिएकाले पनि मूलध्येयबाट दायाँ, बायाँ हुने स्थिति कसैको देखिँदैन । विगतमा असफलता बेहोर्नुपरेकाले दलीय साख जोगाउनसमेत अब शान्ति प्रक्रिया र संविधान निर्माणको कार्यलाई सबैले सर्वाधिक प्राथमिकतामा राख्नैपर्छ ।। (उदाहरण नं. ३८, परिशिष्ट ४, पाठ सङ्केत ख८९)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० बाट बनेको संविधानसभामा सहभागी राजनीतिक दलको क्रियाकलापलाई अघिल्लो संविधानसभामा भएका क्रियाकलापमा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यस क्रममा संसक्त पदावलीहरू 'विगतमा चार वर्षसम्म संविधान बन्न नसक्नु, सात महिनासम्म सरकार बन्ने अवस्था नरहनु र राजनीतिबाहिरका व्यक्ति ल्याई सरकार बनाउनुपर्ने वस्तुस्थिति सिर्जना हुनु' मा रहेका प्रतिनिधित्वहरूको प्रमुख कारकको रूपमा 'राजनीतिक दलको बेमेल' लाई उभ्याइएको देखिन्छ । यसमा मूर्तीकृत विगतका क्रियाकलापमा 'मुखले सहमति, सहकार्य भट्याउने र व्यवहारमा त्यसको खिल्ली उडाउने कार्य' को पनि

संसक्ति भेटिन्छ। यसले नयाँ संविधानसभामा स्थान पाए 'शुभपरिणाम झन् टाढिँदै जाने पक्का' रहेको पदावलीमा संसक्त धारणामा दलहरूप्रति अविश्वास र तिनका कामले ल्याउने परिणामप्रति भयको संवेगले संयुक्ति पाएको भेटिन्छ। यसमा संसक्त 'तमाम राजनीतिक दल', 'राष्ट्रिय मूल गन्तव्य', 'वर्षदिनभित्रै संविधान ल्याउने वाचाबन्धन', 'मूलध्येयबाट दायाँ, बायाँ हुने स्थिति' जस्ता पदावलीहरू अमूर्त वा अस्वाभाविक देखिन्छन्। यस्ता पदावलीले संवेगको संयुक्तिमा हुनुपर्ने तीव्रतामा बाधा पारेको पाइन्छ। अनुच्छेदको अन्त्यमा विगतको 'असफलता' को प्रतिनिधित्वलाई 'बेहोर्नुपरेको' क्रियात्मक प्रतिनिधित्वले अप्रिय भावको संयुक्ति दिएको पाइन्छ भने 'दलीय साख जोगाउने' क्रिया पदावलीमा दलहरूप्रतिको अविश्वास र खबरदारीको समेत प्रतिनिधित्व संयुक्त हुन आएको पाइन्छ। यसका साथै, संसक्त पदावली 'शान्ति प्रक्रिया र संविधान निर्माणको कार्य' मा रहेको प्रतिनिधित्वलाई पुनः असफल हुन नदिन 'सबैले सर्वाधिक प्राथमिकतामा राख्नैपर्ने' विचारको संयुक्ति दिँदा विशेष जोड रहेको भाव देखिन्छ।

> अझसम्म सूचना र कामको अनुगमन नहुँदा महत्वपूर्ण र संवेदनशील मुद्दामा गहन छलफल गरी नीति/रणनीति परिमार्जित गर्ने शैली स्थापित भएको छैन। सरकारका महत्वपूर्ण कागजात, महँगो लगानीमा बनेका प्रतिवेदनहरू समेत पाइँदैनन्। यहाँसम्म कि मन्त्रिपरिषद्बाटै निर्णय भएका दस्तावेजहरू समेत व्यवस्थित ढंगले राख्ने प्रचलन स्थापित भएको छैन। परम्परावादी शैली अन्त्य गर्दै प्रधानमन्त्री कार्यालयमा अत्यन्तै गतिशील र तत्कालै सूचना संकलन गर्ने र विश्लेषण गरी रणनीति अख्तियार गर्ने खालको संयन्त्र हुनुपर्छ। समय खपत गर्ने प्रकृतिका औपचारिक कार्यक्रम (मा?) प्रधानमन्त्री उपस्थित प्रथा पनि अन्त्य गरिनु पर्छ। यो पृष्ठभूमिमा संवैधानिक र कानुनी हिसाबले अधिकारको बढोत्तरी भए जसरी नै हिसाबले प्रधानमन्त्री कार्यालय चुस्त र गतिशील बनाउनुपर्छ। औपचारिकताका निम्ति अध्यक्षता गर्ने, कूलपति या संरक्षक रहने ठाउँबाट प्रधानमन्त्री बाहिरिनुपर्छ र त्यो समय दीर्घकालीन हितमा खर्चनुपर्छ। (उदाहरण नं. ३९, परिशिष्ट ४, पाठ सङ्केत क९६)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० पछि नयाँ सरकारको काम कारवाहीलाई 'परम्परावादी शैली' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। 'परम्परावादी शैली' का रूपमा संसक्त पदावलीमा 'सूचना र कामको अनुगमन', 'नीति/रणनीति परिमार्जित गर्ने शैली' को अभाव रहेको, 'सरकारका प्रतिवेदनहरू र मन्त्रिपरिषद्का दस्तावेजहरू समेत व्यवस्थित ढंगले राख्ने प्रचलन स्थापित नभएको' प्रतिनिधित्वलाई समेटिएको पाइन्छ। यस क्रममा 'अझसम्म' मा ढिलासुस्तीका साथै संसक्त पदावलीहरू 'महत्वपूर्ण कागजात', 'महँगो लगानी', 'महत्वपूर्ण र संवेदनशील मुद्दा' 'गहन छलफल' मा महत्ताबोध, गम्भीरता र संवेदनशीलताको संवेगको संयुक्ति पाइन्छ। यसका साथै, 'परम्परावादी शैली' को अन्त्यप्रति राखिएको अपेक्षा भावलाई प्रधानमन्त्री कार्यालयमा केन्द्रित गरिएको पाइन्छ। प्रधानमन्त्री कार्यालयमा 'अत्यन्तै गतिशील र तत्कालै सूचना संकलन गर्ने र विश्लेषण गरी रणनीति अख्तियार गर्ने खालको संयन्त्र' हुनुपर्ने, 'समय खपत गर्ने प्रकृतिका औपचारिक कार्यक्रम (मा?) प्रधानमन्त्री उपस्थित प्रथा पनि अन्त्य गरिनु पर्ने' र 'संवैधानिक र कानुनी अधिकारको बढोत्तरी भए जसरी नै

हिसाबले प्रधानमन्त्री कार्यालय चुस्त र गतिशील' बनाउनुपर्ने, 'औपचारिकताका निम्ति अध्यक्षता गर्ने, कूलपति या संरक्षक रहने ठाउँबाट प्रधानमन्त्री बाहिरिनुपर्ने' र 'त्यो समय दीर्घकालीन हितमा खर्चनुपर्ने' प्रतिनिधित्वहरू संसक्त पदावलीका रूपमा भेटिन्छन् । तिनमा जोडका साथ 'परम्परावादी शैली' र 'प्रथा' विरुद्धको संवेगले संयुक्ति पाएको देखिन्छ ।

> शान्ति र संविधान नै राष्ट्र तथा जनताको प्रमुख माग र आकांक्षा भएकाले जिम्मेवार राजनीतिक दल यो वा त्यो बहानामा बिच्किन मिल्दैन । राष्ट्रिय मूलमुद्दालाई थाती राखी भागबन्डालाई ध्येय ठान्ने प्रवृत्तिले जनादेशको केवल अपमान गर्नेछ । ... गृह मन्त्रालय भागबण्डाको प्रश्नले एमाले-कांग्रेसबीच उब्जाएको तनाव सत्ता-मनोविज्ञान शक्तिकेन्द्रित नै रहेको जनाउँदछ । नेताहरू यो आत्मविनाश दलदलबाट माथि उठ्न जरुरी छ । (उदाहरण नं. ४०, परिशिष्ट ४, पाठ सङ्केत ख९०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० सम्पन्न भएपछि सरकार निर्माणमा जिम्मेवार राजनीतिक दलले देखाएको फरक व्यवहारलाई शान्ति र संविधान नै राष्ट्र र जनताको प्रमुख माग र आकांक्षा भएको प्रतिनिधित्वमा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ । यस क्रममा विभिन्न बहानामा बिच्किएको धारणा पनि प्रकट भएको पाइन्छ । यसमा 'बिच्किनु' क्रियाको संयुक्तिबाट दलप्रति हेय भावले समेत मूर्तता पाएको देखिन्छ । यसमा शान्ति र संविधानलाई 'राष्ट्रिय मूलमुद्दा' पदावलीमा संसक्त गरी भागबन्डालाई ध्येय ठान्नुलाई 'प्रवृत्ति' मा थप मूर्तीकरण गरिएको पनि देखिन्छ । यसरी शान्ति र संविधानका कामलाई थाती राखी भागबन्डालाई लक्ष्य ठान्ने प्रतिनिधित्वमा 'जनादेशको केवल अपमान' हुने धारणा जोडिएको पाइन्छ । यसले दलको कार्य जनाउने प्रतिनिधित्वको संसक्तिलाई स्वीकार्य नभएर हेय भावको संयुक्ति प्रदान गरिएको देखाउँछ ।

प्रस्तुत उदाहरणमा पहिलो खण्डमा रहेको शान्ति र संविधान नै राष्ट्र र जनताको प्रमुख माग र आकांक्षा भएको विगत दोस्रो खण्डमा रहेको गृह मन्त्रालय भागबण्डाको सन्दर्भमा पनि मूर्त हुन आएको पाइन्छ । गृह मन्त्रालय भागबण्डाको सन्दर्भमा उल्लिखित 'प्रश्न', 'तनाव', 'शक्तिकेन्द्रित सत्ता-मनोविज्ञान' र 'आत्मविनाशको दलदल' जस्ता शब्द र संसक्त पदावलीले पहिलो खण्डमा मूर्तीकृत 'शान्ति र संविधान' को विपरीततामा हेय भावका साथ 'बिच्किनु' क्रियाले भन्दा पनि गहन र सघन रूपमा संवेगलाई मूर्तता दिएको पाइन्छ । यस क्रममा भागबन्डाको प्रश्नले एमाले-कांग्रेसबिच तनाव उब्जाएको र सत्ता-मनोविज्ञान शक्तिकेन्द्रित नै रहेको धारणात्मक प्रतिनिधित्वको प्रयोगपछि प्रयुक्त 'नेताहरूले यो आत्मविनाश दलदलबाट माथि उठ्न जरुरी' भएको प्रतिक्रियाबाट मनोवैज्ञानिक रूपमा तनाव उब्जाउने, शक्तिकेन्द्रित, आत्मविनाशकारी जस्ता कामलाई गलत भएको सन्देश दिँदै त्यस्तो काम छाड्नुपर्ने मनोभावलाई संयुक्ति प्रदान गर्न खोजिएको बुझ्न सकिन्छ ।

> कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको यो दिन कान्तिपुर पब्लिकेसन्सका लागि पनि एउटा सुखद संयोगको दिन हो, किनभने मुलुकलाई प्रजातान्त्रिक बाटोमा हिँडाउने तिथिको सम्झना गर्दै गर्दा हामी २१ औं वार्षिकोत्सव मनाउँदै छौं । ०४६ सालमा प्रजातन्त्रको पुनः स्थापनापछिको खुला परिवेशमा स्वतन्त्र र व्यावसायिक मिडियाले प्रोत्साहन पाउन थालेपछि सुरू भएको कान्तिपुरको यात्रा लोकतान्त्रिक

मूल्य, मान्यता र मुलुकको सार्वभौमिकताको रक्षाका लागि अबिराम जारी छ र रहने छ। अप्ठेरा र चुनौतीपूर्ण क्षण बेहोर्दै अघि बढेका हामी संघीय लोकतन्त्रको संस्थागत विकास, नयाँ संविधान निर्माण, मुलुकको स्वार्थ र राष्ट्रियता अनि विकासलगायतका मुलभूत मुद्दालाई केन्द्रमा राखी अविचलित भएर अघि बढेका छौं र आगामी दिनमा हाम्रो यो दृढता अझ मजबुत हुँदै जाने छ। (उदाहरण नं. ४१, परिशिष्ट ४, पाठ सङ्केत क९९)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० सम्पन्न भएपछि आएको प्रजातन्त्र दिवसमा कान्तिपुर पब्लिकेसन्सको एक्काइसौं वार्षिकोत्सव मनाउँदै गरेको सन्दर्भसहित सो दिनलाई 'कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको' र 'एउटा सुखद संयोग' को दिनका रूपमा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यसमा संसक्त पदावली 'मुलुकलाई प्रजातान्त्रिक बाटोमा हिँडाउने तिथि' का रूपमा प्रजातन्त्र दिवस मूर्तीकृत रहेको र त्यसको सम्झनामा कान्तिपुर पब्लिकेसन्सले २१ औं वार्षिकोत्सव मनाउँदै गरेको घटनाको प्रतिनिधित्व देखिन्छ। त्यसमा प्रजातन्त्र र मिडियाको सहकार्य र सहयात्रालाई सुखद संयोगका रूपमा मूर्तीकरण गरिएको पाइन्छ।। प्रजातन्त्र दिवसमा संसक्त पदावलीहरू '०४६ सालमा प्रजातन्त्रको पुनः स्थापनापछिको खुला परिवेश', 'स्वतन्त्र र व्यावसायिक मिडियाले प्रोत्साहन पाउन थालेको अवस्था', 'कान्तिपुरको यात्राको थालनी', 'लोकतान्त्रिक मूल्य, मान्यता र मुलुकको सार्वभौमिकताको रक्षा', 'यात्रा अबिराम जारी' 'अप्ठेरा र चुनौतीपूर्ण क्षण बेहोर्दै अघि बढेका हामी' जस्ता प्रतिनिधित्वमा सुखसँगै दुःखका संवेगको संयुक्ति रहेको भेटिन्छ। साथै, यसमा संसक्त पदावलीहरू 'संघीय लोकतन्त्रको संस्थागत विकास, नयाँ संविधान निर्माण, मुलुकको स्वार्थ र राष्ट्रियता अनि विकासलगायतका प्रतिनिधित्वलाई 'मुलभूत मुद्दा' का रूपमा मूर्तीकरण गरिएको देखिन्छ। तिनै मूलभूत मुद्दालाई कान्तिपुर पब्लिकेसन्सले केन्द्रमा राखी अविचलित भएर अघि बढिरहेको प्रतिनिधित्वमा दृढता र आगामी दिनमा अझ मजबुत हुँदै जाने प्रतिबद्धताको संवेगले संयुक्ति पाएको पाइन्छ।

असहिष्णुता, दम्भ, अहं, वैमनस्य र सत्तालोभ जस्ता कुप्रवृत्तिका कारण राजनीतिक दल आपसमा मिल्न नसकेकाले पहिलो संविधानसभा निरर्थक अवसानको बिन्दु बन्न पुग्यो। ... सात सालको क्रान्तिमा भाग लिएका, पञ्चायती व्यवस्थाविरुद्ध सङ्घर्ष गरेका, जनान्दोलन पहिलो तथा दोस्रोमा सहभागी भएका राजनीतिक दल समेत पछिल्लो संविधानसभामा रहनुलाई उल्लेख्य मान्नसकिन्छ। जनान्दोलनकारी शक्तिमात्रै मिल्दा पनि शान्तिप्रक्रिया पूर्ण हुनुका साथै लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घात्मक, समावेशी, सहभागितामूलक संविधान आउने सम्भावना प्रबल छ तर साझेदारी सरकार गठनका सन्दर्भमा काँग्रेस तथा एमालेबीच पदविशेषका निम्ति मनोमालिन्य बढ्नुले भविष्य सुखद दर्शाएको छैन। ... शहीदका सपना जनताका आकाङ्क्षा र राष्ट्रिय आवश्यकतालाई राजनीतिक दलले गौण ठान्ने भूल कदापि गर्नु हुँदैन। (उदाहरण नं. ४२, परिशिष्ट ४, पाठ सङ्केत ख९१)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० पछि साझेदारी सरकार गठनमा काँग्रेस तथा एमाले बिच पदविशेषका लागि बढेको मनोमालिन्यको सन्दर्भलाई पहिलो संविधानसभाको अवसानका कारणमा संवेगात्मक

मूर्तीकरण गरिएको पाइन्छ। यसको पहिलो खण्डमा संसक्त 'असहिष्णुता, दम्भ, अहं, वैमनस्य र सत्तालोभ' पदावलीमा रहेको प्रतिनिधित्वलाई 'कुप्रवृत्ति' का रूपमा मूर्तीकरण गर्दै सोही प्रवृत्तिलाई 'राजनीतिक दल आपसमा मिल्न नसकेकाले पहिलो संविधानसभाको अवसान भएको' प्रतिनिधित्वको कारक ठहऱ्याइएको देखिन्छ। यसमा संसक्त रहेको 'निरर्थक' विशेषणका माध्यमबाट अवसानको घटनामा अप्रिय मनोभावले संयुक्ति पाएको देखिन्छ। यसमा 'कुप्रवृत्ति' को सामाजिक सांस्कृतिक संरचना र अर्थबाट दलका कार्य र प्रवृत्तिप्रति घृणा र वितृष्णाको संवेग मूर्त हुन आउने देखिन्छ। प्रस्तुत उदाहरणको दोस्रो खण्डमा पछिल्लो संविधानसभामा सहभागी दललाई 'सात सालको क्रान्ति', 'पञ्चायती व्यवस्थाविरुद्धको सङ्घर्ष', 'जनान्दोलन पहिलो तथा दोस्रोमा भएको तिनको सहभागिता' जस्ता पदावलीमा संसक्त प्रतिनिधित्वमा मूर्तीकरण गरी 'सहभागितालाई उल्लेख्य मान्न सकिने र जनान्दोलनकारी शक्तिमात्रै मिल्दा पनि शान्तिप्रक्रिया पूर्ण हुनुका साथै लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घात्मक, समावेशी, सहभागितामूलक संविधान आउने सम्भावना प्रबल रहेको' सुखद संवेगलाई संयुक्ति दिइएको पाइन्छ। यसको विपरीततामा साझेदारी सरकार गठनका सन्दर्भमा काँग्रेस तथा एमालेबिच पदविशेषका निम्ति मनोमालिन्य बढेको कारण भविष्य सुखद नभएको संवेगले यसलाई काटेको पनि छ। प्रस्तुत उदाहरणको तेस्रो खण्डमा संसक्त पदावलीमा रहेको 'शहीदका सपना जनताका आकाङ्क्षा र राष्ट्रिय आवश्यकतालाई राजनीतिक दलले गौण ठानेको' प्रतिनिधित्वलाई 'भूल' मा मूर्तीकरण गर्दै त्यस्तो 'कदापि गर्नु हुँदैन' भन्ने तर्कका माध्यमबाट चेतावनीको संवेगलाई पनि संयुक्ति दिइएको पाइन्छ।

> विगतको भूल दोहोरिन नदिन पनि अब राजनीतिक दल शान्ति एवं संविधानका निम्ति एकचित्त भई अग्रसर हुनुको विकल्प छैन। राजनीतिक दल सहमति, सहकार्य र ऐक्यबद्धताका साथ अघि लम्केमा वर्षदिनभित्रै संविधान आउनेमा शंका रहँदैन। एकवर्षभित्रै संविधान ल्याउने सम्बन्धमा सबै राजनीतिक दलको समान धारणा रहेकाले पनि निर्धारित अवधिभित्रै संविधान आउने आशा जगाएको हो। राजनीतिक दलमा मेल र सहकार्य असम्भव नरहेको दृष्टान्त संविधानसभाका अध्यक्ष पदको निर्वाचनमा प्रष्ट भएकाले आउँदा दिनमा पनि अभूतपूर्व एकता प्रदर्शन गर्ने दिशामा राजनीतिक दल रत्ती चुक्नै नहुने प्रष्ट छ। ( उदाहरण नं. ४३, परिशिष्ट ४, पाठ सङ्केत ख९२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० पछिको संविधानसभामा अघिल्लो संविधानसभाले भोगेको निष्फल अवसानको परिणति नदोहोऱ्याउन 'विगतको भूल' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यसका लागि राजनीतिक दल शान्ति एवं संविधानका निम्ति एकचित्त भई अग्रसर हुनाको विकल्प नभएको धारणा प्रकट गर्दै 'राजनीतिक दल सहमति, सहकार्य र ऐक्यबद्धताका साथ अघि लम्केमा वर्षदिनभित्रै संविधान आउनेमा शंका नरहने' संवेग प्रकट गरिएको पाइन्छ। यस्तै, संसक्त पदावली 'एकवर्षभित्रै संविधान ल्याउने सम्बन्धमा सबै राजनीतिक दलको समान धारणा रहेको' प्रतिनिधित्वमा 'निर्धारित अवधिभित्रै संविधान आउने आशा जगाएको' संवेगको संयुक्ति देखिन्छ। यसपछि, संविधानसभा अध्यक्ष पदको निर्वाचनमा भएको सर्वसम्मतिको घटनामा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। यसलाई संसक्त पदावली 'राजनीतिक दलमा मेल र सहकार्य असम्भव

नरहेको' प्रतिनिधित्वलाई दृष्टान्तका रूपमा लिएर यसमा 'आउँदा दिनमा पनि अभूतपूर्व एकता प्रदर्शन गर्ने दिशामा राजनीतिक दल रत्ती चुक्नै नहुने' मनोभावको संयुक्ति रहेको देखिन्छ। यसरी प्रस्तुत उदाहरणमा अघिल्लो संविधानसभाको भूल र निराशाको बलले पछिल्लो संविधानसभाका सन्दर्भमा आशङ्काको कारकको काम गरेको पाइन्छ। यसमा अध्यक्ष पदको निर्वाचनमा भएको सहमतिले आशा र विश्वासको संवेगलाई संयुक्ति दिइएको देखिन्छ।

> ... अर्थात विगतका दृष्टान्त हेर्ने हो भने हाम्रा दल, राजनीतिक नेतृत्व, सरकार समयमै काम फत्ते गर्ने कुरामा त चुक्दै आएका छन् नै, अहम् मुद्दाहरूमा सहमति खोज्ने विषय पनि समस्याकै रूपमा रहेको छ। पाइलापाइलामा दलहरूबीच मतभेद हुने गर्छ। तर संविधान निर्माण आगामी माघमा सक्ने हो भने दलहरूले यी दुवै कमजोरी सुधार्न आवश्यक हुन्छ। निर्धारित कार्यतालिकाअनुसार काम सम्पन्न गर्न सक्नुपर्छ र नयाँ संविधानका विषयमा जेजति मतभेद र असहमति छन्, तिनलाई निप्टारा लगाउन सक्नुपर्छ। (उदाहरण नं. ४४, परिशिष्ट ४, पाठ सङ्केत क११२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० पछि बनेको संविधानसभाको कार्यतालिकाको सनदर्भलाई 'विगतको दृष्टान्त' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। 'विगतको दृष्टान्त' बाट बृहत् संरचनामा 'अघिल्लो संविधानसभा' सङ्केतित हुन आउँछ। त्यसमा संसक्त पदावलीहरूमा 'दल, राजनीतिक नेतृत्व, सरकार समयमै काम फत्ते गर्ने कुरामा त चुक्दै आएका', 'अहम् मुद्दाहरूमा सहमति खोज्ने विषय पनि समस्याकै रूपमा रहेको' र 'पाइलापाइलामा दलहरूबीच मतभेद हुने' प्रतिनिधित्व समेटिएको पाइन्छ। यसको संयुक्तिमा रहेका विलम्ब, असहमति र विवादमा समस्याको र समस्यामा अशान्ति र वितृष्णा भावको प्रभाव देखिन्छ। साथै, दलहरू बिचको मतमभेदको मात्रालाई 'पाइलापाइला' मा मूर्तीकरण गर्दा समस्याबाट असामान्य र अति भाव उत्पन्न भएको पाइन्छ। यसपछि कार्यतालिका अनुसार 'संविधान निर्माण आगामी माघमा सक्ने' प्रतिनिधित्वलाई सर्तका रूपमा लिएर 'दलहरूले समयमा काम नसक्ने र अहम् मुद्दाहरूमा सहमति गर्न नसक्ने प्रतिनिधित्वलाई 'कमजोरी' मा संवेगात्मक मूर्तीकरण गरिएको देखिन्छ। यसमा कमजोरीलाई 'सुधार्न आवश्यक' जनाउँदै 'निर्धारित कार्यतालिकाअनुसार काम सम्पन्न गर्न सक्नुपर्ने र नयाँ संविधानका विषयमा भएका मतभेद र असहमतिलाई निप्टारा लगाउन सक्नुपर्ने प्रतिनिधित्व संसक्त रहेको पाइन्छ। दलहरूको छविलाई सुस्त, अविश्वसनीय, समस्याग्रस्त देखाउने यी प्रतिनिधित्वहरूको संयुक्तिमा आशङ्का, निराशा, वितृष्णा, अनुत्साह जस्ता संवेग मूर्त भएको देखिन्छ।

> त्यसो त विगतमा दुई वर्षे जनादेशमा गठित संविधानसभाले चार वर्ष खचँदा पनि संविधान दिन नसकेको तीतो अनुभव छ। त्यो सभाले पनि कार्यतालिका बनाएरै काम शुरु गरेको थियो। त्यो कार्यतालिका १२ पटकसम्म संशोधन, हेरफेर गर्नुपरेको थियो। नेपालका अन्य विकासे योजनाजस्तै संविधान निर्मााण्को योजना पनि समयबद्धरूपमा पूरा भएन। ... अघिल्लो संविधानसभाका अभिलेखहरूको स्वामित्व पनि यो सभाले ग्रहण गरेको छ तापनि दलहरूबीच सहमति नभएमा एउटै मात्र विषयले

संविधान निर्माणको काम रोकिन सक्छ। त्यसैले अब विगतमा जस्तो सहमति खोज्ने नाममा अन्तरिम संविधान र संविधानसभा नियमावलीको व्यवस्था अनुरूप विवादित विषयहरूलाई प्रक्रिया (जनमत सङ्ग्रह) मा गएरै भए पनि समयभित्रै टुङ्गो लगाउन खुट्टा कमाउनु हुँदैन। त्यस्तै, विगतमा संविधानसभाको संवैधानिक समिति र सभा स्वयंलाई उच्चस्तरीय संयन्त्रका नाममा निर्णय गर्न नदिइएको पक्का हो। त्यो अनुभवलाई हेक्का राख्दै यसपटक पनि सभाभित्र होइन बाहिरबाट, अन्तरिम संविधान र सभा नियमावलीले नचिन्ने संयन्त्र खडा गरिनु हुँदैन। ... सभाको कार्यतालिका प्रस्तुत गर्ने दिनमा समेत नेताहरूका आसन रित्ता भएको प्रति सभा सदस्यहरूले कडा आपत्ति जनाउँदै सरकार र नेताहरूको इच्छाशक्ति र नियतमा प्रश्न उठाउनु भयो। यो प्रश्नको समाधान नेतृत्व पङ्तिले दिनैपर्छ। विगतमा नेताहरूले सभा तथा समितिका बैठकहरूमा उपस्थित हुन छाडेर तपसिलका कामलाई प्राथमिकता दिँदा हुनुपर्ने निर्णय हुन नसकेका अनुभव छन्। त्यो गल्ती अब नदोहोऱ्याइयोस्। (उदाहरण नं. ४५, परिशिष्ट ४, पाठ सङ्केत ख१०३)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० बाट बनेको संविधानसभाको सन्दर्भमा तीन वटा खण्ड समेटिएका छन्। पहिलो खण्डमा कार्यतालिका निर्माणको सन्दर्भलाई 'विगतमा गठित संविधानसभा' मा संवेगात्मक मूर्तीकरण गरिएको पाइन्छ। विगतको संविधानसभाले दुई वर्षे जनादेशमा चार वर्ष खचँदा पनि संविधान दिन नसकेको प्रतिनिधित्वलाई 'तीतो अनुभाव' मा समेत संवेगात्मक मूर्तीकरण गरिएको भेटिन्छ। यसमा विगतको संविधानसभामा संसक्त 'कार्यतालिका बनाएरै काम शुरु गरेको', 'कार्यतालिका १२ पटकसम्म संशोधन, हेरफेर गर्नुपरेको' प्रतिनिधित्वबाट पछिल्लो संविधानसभाले कार्यतालिका निर्माण गरेको प्रतिनिधित्वलाई महत्त्वपूर्ण मान्न नसकिने र त्यसबाट उत्साह, आशा र विश्वासको आर्जन गर्न नसकिने संवेगलाई संयुक्ति प्रदान गरिएको पाइन्छ। यसमा संविधान निर्माणको योजना 'नेपालका अन्य विकासे योजना' मा समेत मूर्तीकृत भएको र त्यस्ता योजनासित संसक्त 'समयबद्धरूपमा पूरा नभएको' प्रतिक्रियात्मक प्रतिनिधित्वको संयुक्तिमा निराशाको संवेग मूर्त भएको देखिन्छ। प्रस्तुत उदाहरणको दोस्रो खण्डमा संविधानसभाले गरेको स्वामित्व ग्रहणको सन्दर्भमा 'अघिल्लो संविधानसभा' को संवेगात्मक मूर्तीकरण भएको पाइन्छ। यसमा स्वामित्वसँग अभिलेखहरू र अभिलेखहरूसँग सहमति र संविधान निर्माणको संसक्तिबाट असजिलो सम्बन्ध मूर्त भएको पाइन्छ। यसमा संसक्त पदावली 'दलहरूबीच सहमति नभएमा एउटै मात्र विषयले संविधान निर्माणको काम रोकिन सक्ने' प्रतिनिधित्वमा यसको पुष्टि भेटिन्छ। सहमतिलाई 'विगतमा जस्तो सहमति खोज्ने नाममा' मूर्तीकरण गरी विसङ्गतिको भाव प्रकट गरिएको पाइन्छ भने 'अन्तरिम संविधान र संविधानसभा नियमावलीको व्यवस्था अनुरूप विवादित विषयहरूलाई प्रक्रिया (जनमत सङ्ग्रह) मा गएरै भए पनि समयभित्रै टुङ्गो लगाउन खुट्टा कमाउनु हुँदैन' भन्ने धारणात्मक प्रतिनिधित्वमा विसङ्गतिलाई चिर्नु जरुरी भएको धारणासहित उत्साहबर्द्धक संवेगलाई संयुक्ति प्रदान गरिएको पाइन्छ। यस क्रममा विगतको संविधानसभा कालमा संवैधानिक समिति र सभालाई निर्णय गर्न नदिइएको विसङ्गत अवस्थालाई 'उच्चस्तरीय संयन्त्रका नाममा' संवेगात्मक मूर्तीकरण गरिएको देखिन्छ। यस पटकको संविधानसभालाई सफल बनाउन 'अन्तरिम संविधान र सभा नियमावलीले नचिन्ने संयन्त्र' खडा गरिनु नहुने

तर्कलाई 'त्यो अनुभव' मा मूर्तीकरण गरी त्यसलाई हेक्का राख्नुपर्ने धारणामा विगतका काम गर्ने तौरतरिकाप्रतिको असन्तुष्टिको संवेगले संयुक्ति पाएको भेटिन्छ। प्रस्तुत उदाहरणको तेस्रो खण्डमा संविधान 'सभाको कार्यतालिका प्रस्तुत गर्ने दिनमा समेत नेताहरूका आसन रित्ता भएका' र त्यसप्रति 'सभा सदस्यहरूले कडा आपत्ति जनाउँदै सरकार र नेताहरूको इच्छाशक्ति र नियतमा प्रश्न उठाउनु भएका' पदावलीमा प्रकट प्रतिनिधित्वमा अघिल्लो खण्डमा मूर्तीकृत विगतको संविधानसभा सन्दर्भित हुन आउने देखिन्छ। यसमा 'प्रश्नको समाधान नेतृत्व पङ्तिले दिनैपर्ने' कुरा उठाउँदै 'विगतमा नेताहरूले सभा तथा समितिका बैठकहरूमा उपस्थित हुन छाडेर तपसिलका कामलाई प्राथमिकता दिँदा हुनुपर्ने निर्णय हुन नसकेका अनुभव' संसक्त रहेका र 'त्यो गल्ती अब नदोहोऱ्याइयोस्' भन्ने भावको संयुक्ति पाइन्छ। यसमा विगतमा भए गरेका काम र अनुभवलाई 'गल्ती' मा संवेगात्मक मूर्तीकरण गरिएको देखिन्छ। यसको समग्रतामा विगतका असफलताबाट उत्पन्न निराशालाई मूर्त बनाएर त्यसलाई वर्तमानमा दोहोरिन दिनु नहुने तर्कको संयुक्तिमा सफलताका लागि आशावादी भएर उत्साहपूर्वक अघि बढ्नु र खबरदारी गर्नुपर्ने संवेगलाई मूर्तता दिन खोजिएको बुझिन्छ।

### ५.३ वैयक्तिक मूर्तीकरण विश्लेषण

विश्लेषणका लागि प्रस्तुत गरिएका वैयक्तिक मूर्तताका उल्लेखनीय उदाहरणहरूलाई प्रकाशन मितिका आधारमा सङ्ख्यात्मक क्रममा राखिएको छ। विश्लेषणका क्रममा मूलतः बृहत् सङ्घटनामा स्थापित भइसकेका आधारभूत तथ्यहरूलाई मूल सन्दर्भमा राखेर वैयक्तिक मूर्ततामा समेटिएका नयाँ सामाजिक प्रतिनिधित्वहरूको पहिचान गरिएको छ।

> आयोगको आचारसंहिताको दायरामा पर्ने पहिलो व्यक्ति पूर्वराजा ज्ञानेन्द्र भएका छन्। उनी आचारसंहिता लागू भएको दोस्रो दिन मंगलबार हिमानी ट्रष्टमार्फत सुदूरपश्चिमका बाढीपीडितलाई राहत वितरण गर्न दार्चुला पुगेका थिए। तर आचारसंहिता लागू भइसकेकाले सरकारी संयन्त्रमार्फत वितरण गर्नुपर्ने कुरा उठेपछि पूर्वराजा ज्ञानेन्द्र जिल्ला कार्यालयमार्फत राहत उपलब्ध गराउन तयार भएका छन्। मानवीय दृष्टिले कुनै व्यक्ति वा संघसंस्थाले सहयोग गर्न खोज्नु, राहत उपलब्ध गराउनु सकारात्मक हो। तर आचारसंहिता लागू भइसकेको सन्दर्भमा त्यस्तो सहयोग सरकारी संयन्त्र र प्रणालीमार्फत उपलब्ध गरिनुपर्छ। निष्पक्ष र भयरहित निर्वाचनको वातावरण तयार पार्न आचारसंहिताको पूर्ण परिपालना अनिवार्य छ भन्ने कुरा सबै सरोकारवालाले गम्भीरतापूर्वक मनन गर्नु आवश्यक छ। (उदाहरण नं. १, परिशिष्ट ४, पाठ सङ्केत क१७)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा आचारसंहिताको दायरामा पर्ने पहिलो व्यक्तिका रूपमा 'पूर्वराजा ज्ञानेन्द्र' को वैयक्तिक मूर्तीकरण भएको पाइन्छ। प्रारम्भमा उनको छवि 'हिमानी ट्रष्टमार्फत सुदूरपश्चिमका बाढीपीडितलाई राहत वितरण गर्न दार्चुला पुगेका' प्रतिनिधित्वमा संसक्त हुनाले आचारसंहिता उल्लंघनकर्ताका रूपमा देखिन्छ। पछि उनको छवि 'जिल्ला कार्यालयमार्फत राहत उपलब्ध गराउन तयार भएका' प्रतिनिधित्वमा संसक्त देखिन्छ। यसले उनको छविलाई आचारसंहिता पालना गर्नमा सहमत

व्यक्तिका रूपमा मूर्तीकृत गरेको देखिन्छ। यसमा ज्ञानेन्द्र शाहको नामिक प्रतिनिधित्व 'पूर्वराजा ज्ञानेन्द्र' मा हुनाको साथै घटनामा उनको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ। यसका अतिरिक्त, यसमा हिमानी शाहको नामिक प्रतिनिधित्व 'हिमानी ट्रष्ट' मा भएको र घटनामा उनको अप्रत्यक्ष संलग्नता सन्दर्भित हुन आएको पाइन्छ। यसमा प्रयुक्त वैयक्तिक मूर्तीकरणको संयुक्ति 'आचारसंहिताको पूर्ण परिपालना अनिवार्य' भएको सन्देशसहित 'बाढीपीडितलाई राहत' सँग रहेको देखिन्छ। यसले मानवीय सन्दर्भको सकारात्मक कदमलाई पनि छूट नभएको र सरकारी संयन्त्रमार्फत् व्यवस्थापन गरिएको घटनालाई प्रसिद्धीकरण गरेको पाइन्छ।

> विगतमा माओवादीका लडाकूले जस्तो देखिने गरी हतियारबन्द समूह नभए पनि त्यस्तो दस्तालाई दलले बाहुबलका रूपमा प्रयोग गर्छन्। भन्नलाई हरेक पार्टीले 'बुथ' कब्जा या धाँधली गर्न नदिन सुरक्षा जस्ता चाहिने दावा गरे पनि यथार्थ यस्ता दस्ताकै कारण चुनाव हिंसा र भिडन्त प्रधान हुन्छन्, जसले निर्वाचनको माहोल बिथोल्ने मात्रै होइन, निर्वाचन नै बिथोलिने जोखिम हुन्छ। (उदाहरण नं. २, परिशिष्ट ४, पाठ सङ्केत क२०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा राजनीतिक पार्टीले आवश्यक ठानेका सुरक्षा दस्तालाई 'माओवादीका लडाकू' को सामूहिक पहिचानका सापेक्षतामा वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ। निर्वाचनमा 'हरेक पार्टीले 'बुथ' कब्जा या धाँधली गर्न नदिन सुरक्षा दस्ता चाहिने दावा' गरेपछि 'त्यस्तो दस्तालाई दलले बाहुबलका रूपमा प्रयोग गर्ने', 'यस्ता दस्ताकै कारण चुनाव हिंसा र भिडन्त प्रधान हुने', 'निर्वाचनको माहोल बिथोल्ने' र 'निर्वाचन नै बिथोलिने जोखिम हुने' प्रतिनिधित्वहरूको संसक्ति रहेको देखिन्छ। यसमा दस्तालाई 'हतियारबन्द समूह' छविको विपरीततामा तुल्यता प्रदान गर्दा 'माओवादीका लडाकू' को वैयक्तिक मूर्तीकरण हुन पुगेको पाइन्छ। यसबाट सुरक्षा दस्तासँग प्राकृतिक रूपमै जोडिएको हिंसा, भिडन्त र जोखिमको प्रसिद्धीकरण भएको देखिन्छ।

> मोहन वैद्यजस्ता परिपक्व राजनीतिज्ञले जनताको अधिकार स्थापित गर्ने र मुलुकमा स्थायित्व ल्याउने अवसर गुमाउने माध्यम कदापि बन्नुहुन्न। यदि आफ्ना फरक मतहरू छन् भने त्यसैलाई चुनावी मुद्दा बनाएर जनतासमक्ष जान सकिने बाटो अपनाउनुपर्छ। (उदाहरण नं. ३, परिशिष्ट ४, पाठ सङ्केत क२२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा फरक मतलाई मुद्दा बनाएर जनतासमक्ष जान सकिने बाटो अपनाउन सुझाइएको सन्दर्भमा 'मोहन वैद्य' को वैयक्तिक मूर्तीकरण भएको पाइन्छ। यसमा उनलाई एकातिर 'परिपक्व राजनीतिज्ञ' को उपमा दिइएको देखिन्छ भने अर्कातिर उनी 'जनताको अधिकार स्थापित गर्ने र मुलुकमा स्थायित्व ल्याउने अवसर गुमाउने माध्यम बन्न नहुने' मा जोड दिइएको पाइन्छ। यसमा वैद्यलाई 'फरक मतहरू' भएका नेताको रूपमा लिइएको र फरक मतहरूलाई 'चुनावी मुद्दा बनाएर जनतासमक्ष जान' पनि जोडका साथ सुझाइएको पाइन्छ। निर्वाचन विरोधीको रूपमा सक्रिय रहेका वैद्यको वैयक्तिक छविमा मुलुकको स्थायित्व र जनताको अधिकार गुम्नसक्ने खतराको संयुक्तिले प्रसिद्धी पाएको देखिन्छ।

वार्तामा वैद्य समूहले निर्वाचन मिति सार्नुपर्ने र सरकारले राजीनामा दिनुपर्ने लगायत १८ वटा माग र शर्त वार्ताको टेबलमा राखेको छ । यस्तै, यादव नेतृत्वको गठबन्धनले छ सूत्रीय माग प्रस्तुत गरेको छ । ... असन्तुष्ट पक्षको खासगरी वैद्य समूहको शर्तलाई हेर्दा सजिलै सहमति हुने र नेकपा-माओवादी चुनावमा सहभागी हुने कल्पना गर्न सकिँदैन । निर्वाचनको मिति नजिकिएको बेला चुनाव बहिष्कार गर्ने धम्की दिएका दल र चुनावी घोषणापत्र तयार पार्न नभ्याएका र प्रचार प्रसारमा खासै नगएका निर्वाचन पक्षीय दलहरूबीच वार्ता शुरु हुनु आशालाग्दो भए पनि घोषित मितिमा निर्वाचन हुनेमा आशङ्का बढाउने खालको पनि छ । (उदाहरण नं. ४, परिशिष्ट ४, पाठ सङ्केत ख२४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा असन्तुष्ट पक्षका नेताका रूपमा मोहन वैद्य र उपेन्द्र यादवको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । यसमा 'वैद्य समूह' र 'यादव नेतृत्वको गठबन्धन' मा उनीहरू थरबाट मूर्तीकृत हुन आएको देखिन्छ । उनीहरू निर्वाचन नजिकिएको समय र वार्तासँग सम्बन्धित भएर देखा परेका छन् । यसमा 'वैद्य समूहले निर्वाचन मिति सार्नुपर्ने र सरकारले राजीनामा दिनुपर्ने लगायत १८ वटा माग र शर्त वार्ताको टेबलमा राखे' जस्तै 'यादव नेतृत्वको गठबन्धनले छ सूत्रीय माग प्रस्तुत गरेको' प्रतिनिधित्वको संसक्ति रहेको देखिन्छ । यसका अतिरिक्त, दोस्रो खण्डमा विशेषगरी 'वैद्य समूह' को रूपमा प्रसिद्धि पाएको नेकपा-माओवादी चुनावमा सहभागी नहुँदा घोषित मितिमा निर्वाचन हुनेमा आशङ्का बढेको प्रतिनिधित्वको संयुक्तिले प्राथमिकता पाएको देखिन्छ ।

आफूलाई निर्वाचनको पक्षधर भनाउन चाहने मोहन वैद्य नेतृत्वको ३३ दलीय गठबन्धनले गोलमेच सम्मेलनको मुखमा पुनः निर्वाचन सार्ने र सरकार विघटन जस्ता मागले भने भनेको र गरेको कुराबीच सन्तुलन स्थापना भएको देखिएन । ... सहमतिपछिका दुई दिनमा एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यबीच बेग्लै भेटवार्ता भएको थियो । वार्ता असफल भएपछि वैद्य समूह सहभागी नभए पनि निर्वाचन हुने कुरामा राजनीतिक समितिका नेताहरूले दृढता व्यक्त गरेका छन् । (उदाहरण नं. ५, परिशिष्ट ४, पाठ सङ्केत ख२९)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा गोलमेच र भेटवार्ताको सम्बन्धमा मोहन वैद्य र पुष्पकमल दाहालको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । यसमा मोहन वैद्यलाई 'आफूलाई निर्वाचनको पक्षधर भनाउन चाहने', ३३ दलीय गठबन्धनको नेतृत्वकर्ता, गोलमेच सम्मेलन हुनलाग्दा निर्वाचन सार्ने र सरकार विघटन गर्ने माग राखेर भनेको र गरेको कुराबिच सन्तुलन स्थापना नगर्ने व्यक्तिका रूपमा मूर्तीकरण गरिएको देखिन्छ । यसको दोस्रो खण्डमा पुष्पकमल दाहाललाई एनेकपा माओवादीका अध्यक्षको रूपमा मूर्तीकरण गर्दा मोहन वैद्यलाई नेकपा-माओवादीका अध्यक्षका रूपमा मूर्तीकरण गरिएको पाइन्छ । उनीहरूको प्रतिनिधित्व सहमतिपछिका दुई दिनमा बेग्लै भेटवार्ता गर्ने, वार्ता असफल हुने जस्ता कामसित संसक्त रहेको देखिन्छ । यसमा पुष्पकमल दाहाल राजनीतिक समितिका एक नेताका रूपमा पनि मूर्तीकृत भएको पाइन्छ ।

दाहालको उक्त छविका कारण निर्वाचनमा वैद्य समूह सहभागी नभए पनि निर्वाचन हुने कुरामा राजनीतिक समितिका नेताहरू दृढ रहेको प्रतिनिधित्वको संयुक्तिले प्रसिद्धि पाएको देखिन्छ ।

> राष्ट्रपति रामवरण यादवले पहिलो संविधानसभामा प्रतिनिधित्व गरेका सबै राजनीतिक दलहरू, तिनबाट बनेका नयाँ दलहरूसमेतलाई छलफलका निम्ति शुक्रबार शीतलनिवास डाकेका छन् । समकालीन राजनीतिका गतिरोध हटाउन र आसन्न निर्वाचन सफल पार्न नेतृत्वदायी सक्रिय भूमिका खेल्ने सुविधा अन्तरिम संविधानले राष्ट्रपतिलाई दिएको छैन । तर, उनको सहजीकरणमा यदि प्रमुख राजनीतिक शक्तिहरू मेलमिलापको बाटोमा फर्कन्छन् र चुनाव सुनिश्चित हुन्छ भने त्यो समाधानमुखी प्रयास नै ठहर्नेछ । खासगरी चुनावी प्रक्रियाबाट अलग रहेको मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीलाई मूल प्रवाहमा सामेल गर्ने/हुने ढोका यसले खोल्न सक्छ । यस अर्थमा शीतलनिवासमा गर्न लागिएको सर्वदलीय भेलालाई वैद्य पक्षले भनिआएको गोलमेच सम्मेलनकै प्रारम्भिक खाका पनि मान्न सकिन्छ । यद्यपि यसलाई त्यस किसिमले अगाडि बढाउने वा नबढाउने भन्ने कुरा दलहरू शुक्रबार कसरी प्रस्तुत हुन्छन् भन्नेमै निर्भर छ । (उदाहरण नं. ६, परिशिष्ट ४, पाठ सङ्केत क३०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा सबै दलको समेट्नका निम्ति सहजीकरण गर्ने भूमिकामा राष्ट्रपति रामवरण यादव र चुनावी प्रक्रियाबाट अलग धारमा नेकपा-माओवादी नेता मोहन वैद्यको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । यसमा पहिलो संविधानसभामा प्रतिनिधित्व गरेका सबै राजनीतिक दलहरू, तिनबाट बनेका नयाँ दलहरूसमेतलाई छलफलका निम्ति शुक्रबार शीतलनिवास डाकेर मेलमिलाप गराइ चुनाव सुनिश्चित गर्न सहजीकरण र समाधानमुखी प्रयास गर्ने व्यक्तिका रूपमा राष्ट्रपति रामवरण यादवको छवि मूर्तीकृत पाइन्छ । मोहन वैद्यको छवि चुनावी प्रक्रियाबाट अलग रहेको नेकपा-माओवादीको नेतृत्वकर्ताका रूपमा मूर्तीकृत पाइन्छ । निर्वाचनका सन्दर्भमा यी दुईको छवि फरक खालको देखिन्छ । एकको भूमिका निर्वाचनमा सबैको सहभागिता जुटाउन सहजीकरण गर्ने र अर्कोको भूमिका यथास्थितिमा निर्वाचनमा सहभागी नहुने पक्षको नेतृत्व गर्ने व्यक्तिका रूपमा रहेको पाइन्छ । यसमा शीतलनिवासमा शुक्रबार गर्न लागिएको सर्वदलीय भेलाबाट फरक धारका समूह र दललाई मूल प्रवाहमा सामेल गर्ने वा हुने ढोका खोल्न सकिने, भेलालाई गोलमेच सम्मेलनकै प्रारम्भिक खाका मान्न सकिने र प्रतिफल दलहरूको प्रस्तुतिमा भरपर्ने जस्ता विचारको संयुक्तिले प्रसिद्धि पाएको देखिन्छ ।

> संविधानसभाको चुनावका माध्यमबाट मुलुकमा स्थायी संविधान बनाउन जनमतको सहभागिता जुट्नेछ र जनप्रतिनिधि संस्थाको स्थापना हुनेछ । पहिलो संविधानसभाको विघटनबाट पश्चातापमा परेका दलहरूले दोस्रो संविधानसभालाई फलदायी बनाउने विश्वास गर्नुपर्नेछ । निर्वाचन सिवाय अर्को उपाय नभएका बेला सबै राजनीतिक दललाई चुनावमा सहभागी हुन राष्ट्रपतिले आयोजना गर्नुभएको सर्वदलीय बैठकले सकारात्मक परिणाम दिनुपर्छ । (उदाहरण नं. ७, परिशिष्ट ४, पाठ सङ्केत ख३४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा सर्वदलीय बैठक आयोजकका

रूपमा राष्ट्रपतिको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ। यसमा राष्ट्रपति पदको माध्यमबाट रामवरण यादवको व्यक्तित्व 'निर्वाचन सिवाय अर्को उपाय नभएका बेला सबै राजनीतिक दललाई चुनावमा सहभागी हुन' प्रेरित गर्ने पहलकर्ताका रूपमा मूर्तीकृत हुन आएको देखिन्छ। उनको पहलको संसक्ति 'संविधानसभाको चुनावका माध्यमबाट मुलुकमा स्थायी संविधान बनाउन जनमतको सहभागिता जुट्ने', 'जनप्रतिनिधि संस्थाको स्थापना हुने', 'पहिलो संविधानसभाको विघटनबाट पश्चातापमा परेका दलहरूले दोस्रो संविधानसभालाई फलदायी बनाउने विश्वास गर्नुपर्ने' जस्ता प्रतिनिधित्वसँग रहेको पाइन्छ। यसबाट निर्वाचनमा सबैको सहभागिता जुटाउन आयोजना गरिएको सर्वदलीय बैठकको संयुक्तिले प्रसिद्धि पाएको देखिन्छ।

> एमालेले पार्टी अध्यक्ष झलनाथ खनाल, कांग्रेसले उपसभापति रामचन्द्र पौडेल र एमाओवादीले बाबुराम भट्टराईको नेतृत्वमा घोषणापत्र मस्यौदा टोली बनाए पनि यी तीन वटै दलले त्यसलाई अन्तिम रूप दिन वा अनुमोदन गर्न सकेका छैनन्। मधेसी दलहरूले पनि घोषणापत्र जारी गरेका छैनन्। राप्रपा नेपालले चाहिँ मंगलबार सार्वजनिक गर्ने जनाएको छ। यसरी अधिकांश दलहरूले उम्मेदवारलाई मैदानमा पठाइसक्दा पनि घोषणापत्र तयार नपारेर आम मतदाताको अवमूल्यन गरेका छन्। घोषणापत्र नभए पनि केही हुन्न भन्ने यस्तो प्रवृत्तिले अन्ततः चुनाव जसरी पनि जिते हुन्छ भन्ने सन्देश दिएको छ। (उदाहरण नं. ८, परिशिष्ट ४, पाठ सङ्केत क४०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा दलहरूका घोषणापत्र मस्यौदा टोलीका नेताका रूपमा झलनाथ खनाल, रामचन्द्र पौडेल र बाबुराम भट्टराईको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ। उनीहरू पार्टीद्वारा घोषणापत्र मस्यौदा टोलीको नेतृत्वकर्ताका रूपमा खटाइएका व्यक्तित्वका रूपमा रहेको देखिन्छ। यस क्रममा खनाल नेकपा एमाले पार्टी अध्यक्षका रूपमा, पौडेल कांग्रेस उपसभापतिका रूपमा र भट्टराई एमाओवादीका रूपमा मूर्तीकृत देखिन्छन्। उनीहरूसँग सबैले आ-आफ्नो पार्टीको तर्फबाट निर्वाचन घोषणापत्रको मस्यौदा बनाए पनि अन्तिम रूप दिन वा अनुमोदन गर्न नसकेको प्रतिनिधित्व संसक्त देखिन्छ। यसमा मधेसी दलहरू, राप्रपा नेपाल लगायत अधिकांश दलहरूसँगै उनीहरूको कार्य पनि लाञ्छित भएको पाइन्छ। यसमा 'उम्मेदवारलाई मैदानमा पठाइसक्दा पनि घोषणापत्र तयार नपारेर आम मतदाताको अवमूल्यन गरेका', 'घोषणापत्र नभए पनि केही हुन्न भन्ने' र 'अन्ततः चुनाव जसरी पनि जिते हुन्छ भन्ने सन्देश दिएको' प्रतिनिधित्वको संसक्तिमा उनीहरूको नामसँग जोडिएर घोषणापत्र तयारी र जारी गर्नमा भएको ढिलाइको संयुक्तिले प्रसिद्धि पाएको देखिन्छ।

> दलहरूको आर्थिक स्रोतबारेमा विगतमा पनि पटक-पटक बहस भएको छ। २०५८ सालमा तत्कालीन सरकारले दलहरूको चुनावी खर्च पारदर्शी बनाउन भनेर ल्याएको राजनीतिक दलसम्बन्धी विधेयक वा २०६० सालमा तत्कालीन अर्थमन्त्री प्रकाशचन्द्र लोहनीले पनि बजेटमै निर्वाचन आयोगमा दर्ता राष्ट्रिय मान्यताप्राप्त दललाई अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा प्राप्त गरेको मतको आधारमा प्रतिमत २० रुपैयाँका दरले अनुदान दिने घोषणा आदिमा सबै दलबीच सहमति बन्न नसक्दा कार्यान्वयन हुन सकेन।

जसले गर्दा अहिले पनि दलहरूको हिसाब किताब पारदर्शी बनाउने कुरा हाम्रालागि ठूलो चिन्ता र चुनौतीको विषय भएको छ । त्यसकारण आसन्न चुनाव त्यस्तो चुनौती सामना गर्ने अर्को अवसर भएर आएको छ । निर्वाचन आयोगबाट दलहरूको चुनावी खर्चको गम्भीर अनुगमन एकातिर आवश्यक छ भने अर्कोतर्फ स्वयं दलहरू पनि जिम्मेवार हुँदै चुनावी खर्च भड्किलो होइन, पारदर्शी बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । (उदाहरण नं. ९, परिशिष्ट ४, पाठ सङ्केत क४२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा चुनावी खर्चको पारदर्शितासित प्रकाशचन्द्र लोहनीको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । उनी दलहरूको आर्थिक स्रोत तथा दलहरूको चुनावी खर्चको पारदर्शिता बारे २०६० सालमा बजेट ल्याएका अर्थमन्त्रीका रूपमा मूर्तीकृत देखिन्छन् । उनको संसक्ति 'निर्वाचन आयोगमा दर्ता राष्ट्रिय मान्यताप्राप्त दललाई अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा प्राप्त गरेको मतको आधारमा प्रतिमत २० रुपैयाँका दरले अनुदान दिने घोषणा' को विगतबाट संविधानसभा निर्वाचन-२०७० को 'चुनावी खर्चको गम्भीर अनुगमन', 'चुनावी खर्च भड्किलो होइन, पारदर्शी बनाउने' चासो र चुनौतीसँग रहेको पाइन्छ । यद्यपि, उनको प्रयास 'सबै दलबीच सहमति बन्न नसक्दा कार्यान्वयन हुन सकेन' भन्ने प्रतिनिधित्व स्मरणीय हुनाका साथै यसमा चुनावी खर्च मितव्ययी र पारदर्शी बनाउने चासो र चुनौतीको संयुक्तिले प्रसिद्धि पाएको देखिन्छ ।

राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूबाट निर्वाचन गतिविधिको अनुगमन गराएर आयोगले चुनावी वातावरणको मूल्याङ्कन गर्ने भएको छ भने आफूले निर्धारण गरेका मापदण्डलाई लागू गराउने विषयमा पनि ध्यान दिने नै छ । (उदाहरण नं. १०, परिशिष्ट ४, पाठ सङ्केत ख४४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा निर्वाचन पर्यवेक्षणको काममा 'राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू' बाट सामूहिक पहिचानको सङ्केतद्वारा वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । यसमा हरेक 'पर्यवेक्षक' को कार्य 'निर्वाचन गतिविधिको अनुगमन' र 'चुनावी वातावरणको मूल्याङ्कन' सँग संसक्त रहेको र यस कार्यबाट पर्यवेक्षकको छवि अनुगमन र मूल्याङ्कनकर्तामा मूर्तीकृत भएको देखिन्छ । यसमा निर्वाचन आयोगले गराउने उक्त कार्य 'पर्यवेक्षक' को छविमा संयुक्त रूपमा विशिष्टीकृत भएको पनि बुझ्न सकिन्छ ।

ठूला दलका ठूला नेताहरूले हवाईजहाजमार्फत् देश दौडाहा गरिरहेका छन् । त्यसको स्रोत पारदर्शी गराउँदै उम्मेदवार र दलले गर्न पाउने खर्च सीमा नाघ्न नदिन आयोग बेलैमा सतर्क रहनुपर्छ । ( उदाहरण नं. ११, परिशिष्ट ४, पाठ सङ्केत क४६)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा खर्चको सीमा र पारदर्शिताका लागि 'ठूला दलका ठूला नेताहरू' र 'उम्मेदवार' मा सामूहिक पहिचानको सङ्केतद्वारा वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । यसमा विशेष गरी 'हवाईजहाजमार्फत् देश दौडाहा गरिरहेका' र 'दलले गर्न पाउने खर्चको सीमा' नाघ्नेको रूपमा 'ठूला दलका ठूला नेता' को छवि मूर्तीकृत देखिन्छ भने 'खर्चको सीमा' नाघ्ने र ननाघ्ने दुवै

खालको छविमा 'उम्मेदवार' मूर्तीकृत हुन आएको देखिन्छ। यसले निर्वाचन खर्चको स्रोत पारदर्शी गराउने र खर्चको सीमा नाघ्न नदिने कामसँग संसक्त र संयुक्त निर्वाचन आयोगको दायित्वलाई प्रसिद्धीकरण गरेको पाइन्छ।

> यस अघिको निर्वाचनमा आचारसंहिता उल्लङ्घन गर्ने तत्कालीन मन्त्रीलाई समेत नगद जरिवाना गरेको दृष्टान्त आयोगसँग छँदैछ। यस निर्वाचनमा पनि कसैबाट आचारसंहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा निर्वाचन आयोगले त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि आदेश दिनुपर्दछ। त्यस्तो आदेशबमोजिम काम कारवाही नरोकिएमा वा बदर नगरेमा आयोगले आचारसंहिता उल्लंघनकर्तालाई एक लाख रुपियाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था गरिएको छ। कुनै उम्मेदवारले आचारसंहिता उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्दसमेत गर्न सक्छ। चुनावी प्रचार अभियानमा लाखौं रुपियाँ खर्च गरेर चुनाव जित्छु भन्ने सोच नराखे पनि हुन्छ। (उदाहरण नं. १२, परिशिष्ट ४, पाठ सङ्केत ख४६)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा आचारसंहिता उल्लंघन र जरिवानालाई 'तत्कालीन मन्त्री' मा पदीय पहिचानको सङ्केतद्वारा वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ। यसमा 'मन्त्री' विशेषको छवि अघिल्लो निर्वाचनमा भएको 'आचारसंहिता उल्लङ्घन' मा 'नगद जरिवाना' मा परेका बलियो दृष्टान्तका रूपमा मूर्तीकृत हुन आएको देखिन्छ। 'मन्त्री' विशेषको छविसँग 'आचारसंहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा निर्वाचन आयोगले त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि आदेश दिनुपर्ने', 'आदेशबमोजिम काम कारवाही नरोकिएमा वा बदर नगरेमा आयोगले आचारसंहिता उल्लंघनकर्तालाई एक लाख रुपियाँसम्म जरिवाना गर्नसक्ने', 'उम्मेदवारी रद्दसमेत गर्न सक्ने' व्यवस्था गरिएको तथ्यपरक र 'चुनावी प्रचार अभियानमा लाखौं रुपियाँ खर्च गरेर चुनाव जित्छु भन्ने सोच नराखे पनि हुने' धारणात्मक प्रतिनिधित्व संसक्त रहेको पाइन्छ। यसमा 'मन्त्री' को पदीय र 'मन्त्री' विशेषको वैयक्तिक छविका कारण आचारसंहिता उल्लंघनमा कारवाही गर्नैपर्ने भावनाको संयुक्तिले बल र प्रसिद्धि पाएको देखिन्छ।

> कतिसम्म भने अघिल्लो दिन पार्टी प्रवेश गरेका व्यक्तिको नामसमेत समानुपातिक सूचीमा राखेको देखियो। राष्ट्रिय स्तरका केही नेताले समेत प्रत्यक्ष प्रतिस्पर्धाको जोखिमपूर्ण परीक्षामा सामेल हुनुको साटो समानुपातिकबाट सभासद बन्ने आरामदायी बाटो रोजे। कतिपय महिला नेतृहरूले पनि प्रत्यक्षको प्रतिस्पर्धाबाट भाग्दै समानुपातिकमा आफ्नो नाम सुरक्षित गर्न चाहे। समानुपातिकमा नाम छनौट गर्दा परिवारवाद हावी भएको अर्को प्रवृत्ति पनि उजागर भयो। (उदाहरण नं. १३, परिशिष्ट ४, पाठ सङ्केत क५०)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा प्रतिनिधित्व र प्रतिस्पर्धालाई 'अघिल्लो दिन पार्टी प्रवेश गरेका व्यक्ति', 'राष्ट्रिय स्तरका केही नेता', 'सभासद', र 'कतिपय महिला नेतृहरू' मा

समूह पहिचानको सङ्केतद्वारा वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ । यसमा 'अघिल्लो दिन पार्टी प्रवेश गरेका व्यक्ति' मा 'समानुपातिक सूचीमा परेको', 'राष्ट्रिय स्तरका केही नेता' मा 'प्रत्यक्ष प्रतिस्पर्धाको जोखिमपूर्ण परीक्षामा सामेल हुनुको साटो समानुपातिकबाट सभासद बन्ने आरामदायी बाटो रोजेको', 'कतिपय महिला नेतृहरू' मा 'प्रत्यक्षको प्रतिस्पर्धाबाट भाग्दै समानुपातिकमा आफ्नो नाम सुरक्षित गर्न चाहेको' प्रतिनिधित्वको संसक्ति रहेको देखिन्छ । यी सबैजसोको छविको मूर्तीकरणसँग 'समानुपातिकमा नाम छनौट' को प्रसङ्ग र कुनै न कुनै रूपमा 'परिवारवाद हावी भएको अर्को प्रवृत्ति पनि उजागर भएको' तथ्यको पनि संसक्ति रहेको पाइन्छ । यसमा 'अघिल्लो दिन पार्टी प्रवेश गरेका व्यक्ति', 'राष्ट्रिय स्तरका केही नेता', 'सभासद', र 'कतिपय महिला नेतृहरू' जस्ता समूह पहिचानबाट मूर्तीकृत हुन आउने वैयक्तिक छविले समानुपातिक सभासद छनोट कार्यको संयुक्तिलाई विकृति र विसङ्गतिका रूपमा प्रसिद्धीकरण गरेको पनि देखिन्छ ।

> त्यसो त संविधानसभा निर्वाचन-२ को पर्यवेक्षण गर्न विदेशी तथा स्वदेशी पर्यवेक्षकले थालिसकेका छन् । निर्वाचन आयोगले ५४ स्वदेशी तथा विदेशी संस्थाहरूका करीव ७४ हजार पर्यवेक्षकलाई निर्वाचन पर्यवेक्षण गर्ने अनुमति दिएको छ । युरोपियन युनियनकी निर्वाचन पर्यवेक्षण मिसन प्रमुख इभा जोलीले बुधबार पत्रकारसँग कुरा गर्दै गम्भीर चासो साथ निर्वाचन पर्यवेक्षणमा लाग्ने बताएकी छन् । युरोपियन युनियनकी जोलीले भनेजस्तै चुनाव पर्यवेक्षण गर्न खटिएका सबै पर्यवेक्षकहरूले बिना कुनै आग्रह क्रियाशील हुनुपर्छ । किनभने निष्पक्ष र भयरहित बनाउन पर्यवेक्षक स्वयं पनि निष्पक्ष हुन सक्नुपर्छ । ( उदाहरण नं. १४, परिशिष्ट ४, पाठ सङ्केत क५२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा निर्वाचन पर्यवेक्षण मिसन प्रमुखका रूपमा 'इभा जोली' को वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । यसमा उनलाई 'युरोपियन युनियनकी निर्वाचन पर्यवेक्षण मिसन प्रमुख' को रूपमा मूर्तीकृत गर्दै साथमा 'विदेशी तथा स्वदेशी पर्यवेक्षक' मा समूह पहिचानको सङ्केतद्वारा ५४ संस्थाका करीव ७४ हजार व्यक्तिको मूर्तीकरण भएको देखिन्छ । उनीहरू सबै निर्वाचन आयोगबाट अनुमति प्राप्त पर्यवेक्षकको हैसियतमा 'पर्यवेक्षणको काम थालिसकेको' सन्दर्भमा संसक्त देखिन्छन् । युरोपियन युनियनकी निर्वाचन पर्यवेक्षण मिसन प्रमुख इभा जोलीको छवि 'पत्रकारसँग कुरा गर्दै गम्भीर चासो साथ निर्वाचन पर्यवेक्षणमा लाग्ने' आधिकारिक पात्रका रूपमा पनि मूर्तीकृत भएको पाइन्छ । 'युरोपियन युनियनकी जोलीले भनेजस्तै' पदावलीका माध्यमबाट जोलीलाई 'चुनाव पर्यवेक्षण गर्न खटिएका सबै पर्यवेक्षकहरूले बिना कुनै आग्रह क्रियाशील हुनुपर्ने' धारणाको आदर्श पात्रका रूपमा मूर्तीकरण गरिएको पाइन्छ । जोलीलगायत सबै पर्यवेक्षकहरू निर्वाचन 'निष्पक्ष र भयरहित बनाउन पर्यवेक्षक स्वयं पनि निष्पक्ष हुन सक्नुपर्ने' विचारसँग संसक्त र संयुक्त देखिन्छन् । उनीहरूको छविबाट पर्यवेक्षण कार्यको प्रसिद्धीकरण पनि भएको पाइन्छ ।

> लोकतन्त्रमा चुनाव बहिष्कार गर्नपाउने सुरक्षित हकलाई नेकपा-माओवादीले शान्तिपूर्ण र शालीन तरिकाले प्रयोग गरेर चुनावमा सहभागी हुन पाउने अन्य दल वा जनताको अधिकारलाई सम्मान गर्नु नै

राजनीतिक संस्कार हो भन्ने विषय वैद्य माओवादीका पाका नेतालाई बुझाइराख्नुपर्ने कुरा पक्कै होइन । (उदाहरण नं. १५, परिशिष्ट ४, पाठ सङ्केत ख५४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा राजनीतिक संस्कारलाई 'वैद्य माओवादीका पाका नेता' नाम दिएर मोहन वैद्य किरणको वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ । यसमा 'नेकपा-माओवादी', 'अन्य दल वा जनता' मा समूह पहिचानको सङ्केतद्वारा पनि वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ । यसमा 'वैद्य माओवादीका पाका नेता' तथा 'नेकपा-माओवादी' मा सङ्केतित नेतृत्वलाई 'लोकतन्त्रमा चुनाव बहिष्कार गर्नपाउने सुरक्षित हक', को 'शान्तिपूर्ण र शालीन प्रयोग', 'चुनावमा सहभागी हुन पाउने अन्य दल वा जनताको अधिकार' को 'सम्मान' सँग संसक्त गरिएको पाइन्छ । साथै, 'अन्य दल' र 'जनता' मा पनि 'लोकतन्त्र', 'चुनाव', 'हक', 'अधिकार' र 'सम्मान' जस्ता प्रतिनिधित्वहरू सम्बन्धित रहेको देखिन्छ । यसमा निर्वाचनका सन्दर्भमा 'वैद्य माओवादीका पाका नेता' भनी मोहन वैद्य किरणको नेतृत्व शैली र छविलाई व्यङ्ग्यात्मक रूपमा प्रयोग गरी 'राजनीतिक संस्कार' को विषयलाई प्रसिद्धीकरण गरिएको पाइन्छ ।

मुलुकको अहिलेको राजनीतिक सन्दर्भमा चुनावी प्रक्रिया अन्तर्गत हुने स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित मतदान लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने उद्देश्यप्रति लक्षित रहेको सन्देशका साथ अध्यक्ष रेग्मीले चुनावी सुरक्षाका लागि आवश्यक तयारी पूरा भएको र चुनावविरोधी गतिविधि सरकारलाई सह्य नहुने बताएर मतदातालाई निर्भयसाथ चुनावमा सहभागी हुनसक्ने प्रत्याभूति दिनुभएको छ । निर्वाचन कुनै राजनीतिक दल र सरकारको भन्दा पनि जनताको अधिकार हो । (उदाहरण नं. १६, परिशिष्ट ४, पाठ सङ्केत ख५१)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा निर्भयसाथ सहभागी हुने प्रत्याभूति सम्बन्धमा 'अध्यक्ष रेग्मी' नाममा मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । यसमा अध्यक्ष रेग्मीको छवि 'मुलुकको अहिलेको राजनीतिक सन्दर्भमा चुनावी प्रक्रिया अन्तर्गत हुने स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित मतदान लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने उद्देश्यप्रति लक्षित रहेको', 'चुनावी सुरक्षाका लागि आवश्यक तयारी पूरा भएको' र 'चुनावविरोधी गतिविधि सरकारलाई सह्य नहुने' सन्देशका बाहकका रूपमा मूर्तीकृत देखिन्छ । यसमा अध्यक्ष रेग्मीलाई 'मतदातालाई निर्भयसाथ चुनावमा सहभागी हुनसक्ने प्रत्याभूति दिनुभएको' प्रतिनिधित्वसँग संसक्त गरिएको पाइन्छ । रेग्मीको सन्देशका सन्दर्भमा 'निर्वाचन कुनै राजनीतिक दल र सरकारको भन्दा पनि जनताको अधिकार' भएको प्रतिनिधित्व पनि संसक्त रहेको भेटिन्छ । संयुक्तिगत रूपमा हेर्दा अध्यक्ष रेग्मीको छविले चुनावी सुरक्षाको तयारी पूरा भएको प्रतिनिधित्वलाई आधिकारिकताका साथै प्रसिद्धीकरण गरेको देखिन्छ ।

बहिष्कारवादीहरूको निर्वाचन बिथोल्ने उद्देश्य भएकाले सुरक्षा जोखिममा सबैभन्दा धेरै मतदाता छन् । मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र निर्वाचन आयोगले आम जनतालाई ढुक्कसँग मतदान गर्न जान आह्वान गरे पनि आम मतदाताका मनमा मनोवैज्ञानिक त्रास कायमै छ । गैरजिम्मेवार ढंगले जसरी

गुडिरहेको बसमा पेट्रोल बम हानिएको छ, त्यसखाले जोखिमपूर्ण प्रवृत्ति विद्यमान रहेकाले आम मतदाता ढुक्क हुन सकेका छैनन् । सुरक्षा संयन्त्रले आम मतदातालाई निर्भयसाथ मतदान गर्ने व्यवस्था गर्न सक्नुपर्छ । मतदाता आउने बाटोघाटो, मतदान केन्द्र सुरक्षाका दृष्टिले जोखिममा हुन सक्छन् । यी स्थानमा अत्यधिक सुरक्षा सतर्कता अपनाउन सक्नुपर्छ । मतदानको तोकिएको समयावधिभर सुरक्षा जोखिम रहिरहने हुँदा चौबिसै घन्टा विशेष चनाखो रहनु जरुरी छ । (उदाहरण नं. १७, परिशिष्ट ४, पाठ सङ्केत क६४)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा सुरक्षा जोखिम र मनोवैज्ञानिक त्रास घटाउने जिम्मेवारीसँग 'खिलराज रेग्मी' को वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । रेग्मी 'मन्त्रिपरिषद्का अध्यक्ष' को पदीय हैसियतमा 'आम जनतालाई ढुक्कसँग मतदान गर्न जान आह्वान गर्नेको रूपमा मूर्तीकृत देखिन्छन् । यसमा 'बहिष्कारवादीहरू', 'मतदाता', 'आम जनता' र 'आम मतदाता' मा समूह पहिचानको सङ्केतद्वारा पनि वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । विशेष गरी, 'बहिष्कारवादीहरू' निर्वाचन बिथोल्ने उद्देश्य भएका व्यक्तिका रूपमा, 'मतदाता' सबैभन्दा धेरै सुरक्षा जोखिममा रहेका व्यक्तिका रूपमा, 'आम जनता' रेग्मीद्वारा ढुक्कसँग मतदान गर्न जान आह्वान गरिएका व्यक्तिका रूपमा र 'आम मतदाता' मनमा मनोवैज्ञानिक त्रास कायमै रहेका व्यक्तिका रूपमा संसक्त भएर मूर्तीकृत देखिन्छन् । यसमा 'मतदाता', 'आम जनता' र 'आम मतदाता' मा एकै खालका व्यक्ति समूहले मूर्तता पाएको र त्यसको विपरीततामा 'बहिष्कारवादीहरू' को वैयक्तिक छवि मूर्त भएको देखिन्छ । 'बहिष्कारवादीहरू' गैरजिम्मेवार ढंगले गुडिरहेको बसमा पेट्रोल बम हान्ने कार्यसँग संसक्त रहेर जोखिमपूर्ण प्रवृत्तिका कारक बनेको देखिन्छ भने 'आम मतदाता' त्यस्तो जोखिमपूर्ण प्रवृत्ति विद्यमान रहेकाले ढुक्क हुन नसकेको अवस्थासँग संसक्त देखिन्छन् । यस्तो अवस्थामा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसँग उनको मातहतमा रहेको 'सुरक्षा संयन्त्र' को संयुक्ति उल्लेख्य पाइन्छ । सुरक्षा संयन्त्रले आम मतदातालाई निर्भयसाथ मतदान गर्ने व्यवस्था गर्न सक्नुपर्ने, मतदाता आउने बाटोघाटो, मतदान केन्द्र सुरक्षाका दृष्टिले जोखिममा हुन सक्ने स्थानमा अत्यधिक सुरक्षा सतर्कता अपनाउन सक्नुपर्ने र मतदानका लागि तोकिएको समयावधिभर सुरक्षा जोखिम रहिरहने हुँदा चौबिसै घन्टा विशेष चनाखो रहनु जरुरी हुने' विषयगत तथा सन्दर्भगत प्रतिनिधित्वलाई मूर्तता दिएको पाइन्छ। यसमा खिलराज रेग्मीको वैयक्तिक मूर्तीकरणका कारण मतदातामा रहेको मनोवैज्ञानिक त्रासको अवधारणाले पेट्रोल बम हानिएको घटना र सुरक्षा संयन्त्रको सजगतामा सन्दर्भित हुँदै आधिकारिकता र प्रसिद्धि पाएको देखिन्छ ।

प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको अराजनीतिक सरकारले संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्नेमा धेरैको आशंका थियो । रेग्मी सरकारले निर्वाचनको सफल आयोजना गरेर 'अर्जुनदृष्टि' ठीक ठाउँमा लगाएको प्रमाणित गरेको छ । यसका निम्ति मन्त्रिपरिषद् अध्यक्ष रेग्मी र उनको क्याबिनेट-टिम प्रशंसाको पात्र छ । (उदाहरण नं. १८, परिशिष्ट ४, पाठ सङ्केत क६५)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा निर्वाचनकर्ताका रूपमा रहेको

अराजनीतिक सरकारलाई 'खिलराज रेग्मी' मा वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ । रेग्मी 'प्रधानन्यायाधीश' पदसहित 'अराजनीतिक सरकारको नेतृत्वकर्ता' र 'मन्त्रिपरिषद् अध्यक्ष' का रूपमा मूर्तीकृत देखिन्छन् । उनको संसक्ति 'संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्ने' कामसँग भएको र सो काम सम्पन्न हुनेमा 'धेरैको आशंका' रहे पनि 'निर्वाचनको सफल आयोजना गरेर 'अर्जुनदृष्टि' ठीक ठाउँमा लगाएको प्रमाणित गरेको' प्रतिनिधित्वसँग रहेको देखिन्छ । यसमा 'मन्त्रिपरिषद् अध्यक्ष रेग्मी र उनको क्याबिनेट-टिम प्रशंसाको पात्र' रहेको प्रतिनिधित्वले रेग्मीको छवि सकारात्मक हुनाका साथै उनको नेतृत्वको सरकार प्रशंसित रहेको पाइन्छ ।

> एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले आफ्ना दुई पूर्वउपाध्यक्ष बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठलाई दायाँ-वायाँ राखी बुधबार बिहान पत्रकार सम्मेलन गरेर निर्वाचनमा धाँधली भएको र मतपेटिका फेरबदल गरिएको जुन दावी गरे र त्यसका निम्ति जसरी एकाध घटना दृष्टान्तका रूपमा अगाडि सारे, त्यो बिल्कुलै विश्वसनीय छैन । दाहाल र भट्टराई स्वयंले मतदान सम्पन्न भएकै साँझ पार्टीका तर्फबाट औपचारिक धारणा सार्वजनिक गर्दै निर्वाचन ऐतिहासिक र शान्तिपूर्ण ढंगले सम्पन्न भएको भन्दै त्यसको स्वागत गर्नुका साथै आम मतदाताप्रति आभार प्रकट गरेका थिए । चुनावको सघन अवलोकन गरेका युरोपियन युनियन, कार्टर सेन्टरलगायत स्वदेशी-विदेशी पर्यवेक्षकहरूले पनि निर्वाचन निष्पक्ष एवम् शान्तिपूर्वक सम्पन्न भएको प्रतिक्रिया दिएका छन् । (उदाहरण नं. १९, परिशिष्ट ४, पाठ सङ्केत क६७)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा धाँधली भएको दावीलाई 'पुष्पकमल दाहाल', 'बाबुराम भट्टराई' र 'नारायणकाजी श्रेष्ठ' मा वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ । यसमा पुष्पकमल दाहाल 'एमाओवादी अध्यक्ष' को पदीय हैसियतसहित प्रमुखका रूपमा र बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ 'पूर्वउपाध्यक्ष' को पदीय हैसियतमा सहयोगीका रूपमा 'पत्रकार सम्मेलन गरेर निर्वाचनमा धाँधली भएको र मतपेटिका फेरबदल गरिएको दावी गर्ने व्यक्तिका रूपमा मूर्तीकृत देखिन्छन् । दावीका क्रममा उनीहरूको बसाइदेखि 'एकाध घटना दृष्टान्तका रूपमा अगाडि सारेको' र 'त्यो बिल्कुलै विश्वसनीय नभएको' प्रतिक्रियाबाट उनीहरूको छवि नकारात्मक रूपमा चित्रित र मूर्तीकृत भएको पाइन्छ । साथै, 'दाहाल र भट्टराई स्वयंले मतदान सम्पन्न भएकै साँझ पार्टीका तर्फबाट औपचारिक धारणा सार्वजनिक गर्दै निर्वाचन ऐतिहासिक र शान्तिपूर्ण ढंगले सम्पन्न भएको भन्दै त्यसको स्वागत गर्नुका साथै आम मतदाताप्रति आभार प्रकट गरेका' प्रतिनिधित्वहरूको संसक्तिले मूर्तीकृत व्यक्तिहरूमा अस्थिर र अविश्वसनीय प्रवृत्ति रहेको देखाँछ । दावी कर्ताहरू 'चुनावको सघन अवलोकन गरेका युरोपियन युनियन, कार्टर सेन्टरलगायत स्वदेशी-विदेशी पर्यवेक्षकहरूले पनि निर्वाचन निष्पक्ष एवम् शान्तिपूर्वक सम्पन्न भएको प्रतिक्रिया दिएका' प्रतिनिधित्वहरूको संसक्तिबाट अप्ठेरो अवस्थामा धकेलिएको पाइन्छ । मूलतः निर्वाचनमा धाँधली भएको देखाउन खोजेका व्यक्तिहरूको छविलाई 'युरोपियन युनियन, कार्टर सेन्टरलगायत स्वदेशी-विदेशी पर्यवेक्षकहरू' मा मूर्तीकृत समूह व्यक्तिका छविले ओझेलमा पारेको देखिन्छ । विशेषतः कार्टर सेन्टरमा आबद्ध पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टरसहित माओवादी

अध्यक्ष र पूर्व उपाध्यक्षहरूको छविले धाँधलीको पक्ष र विपक्षमा रहेका तथ्य र तर्कहरूलाई प्रसिद्धीकरण गरेको पाइन्छ ।

> अनुभवका आधारमा यसअघि भएका चुनावसँग तुलना गरियो भने शुद्धताको स्तरमा दोस्रो संविधानसभाको चुनाव धेरै माथि रहेको र निर्भयसाथ सम्पन्न भएको मान्नैपर्छ । निर्वाचन पर्यवेक्षण र अनुगमन कार्यमा संलग्न युरोपेली समुदाय र कार्टर सेन्टर लगायतका स्वदेशी, विदेशी अनुगमनकर्ताले दिएका प्रतिवेदनले निर्वाचन निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न भएको बताएर यथार्थ जनमत प्रस्तुत भएको पुष्टि गरेका छन् । पराजयपछि जनादेशलाई अस्वीकृत गर्ने प्रकृतिका केही राजनीतिक दलको अभिव्यक्तिलाई निर्वाचन आयोगका प्रमुख आयुक्तले पुष्टि गर्न दिनुभएको परोक्ष चुनौती मननयोग्य छ । सम्भव भए जति सबै स्रोत, साधन र विश्वस्तरीय उपाय अपनाएर निर्वाचनलाई धाँधलीरहित निष्पक्ष र शान्तिपूर्ण बनाउन आयोग र सरकारले निर्वाह गरेको भूमिकाप्रति आशंका नगर्न अनुरोध गरेर मतदानमा यथार्थ जनादेश व्यक्त भएको सन्देश दिनुभएको स्पष्ट नै छ । कुनै पक्षले मतदान वा गणनाप्रति आशंका गरेको हो भने प्रमुख आयुक्तले भन्नुभए जस्तै संविधानसभा अदालतमा उजुरी दिएर आफ्नो पक्ष राख्न र प्रमाणित गर्न सक्नुपर्छ । अन्यथा जनतालाई भ्रमित पार्न अनर्गल टिप्पणी गर्ने र आफैंलाई मुलुकभरबाट प्राप्त जनमत निर्देशित जनादेशलाई समेत अपमानित गर्ने शैली अलोकतान्त्रिक ठहरिनेछ । (उदाहरण नं. २०, परिशिष्ट ४, पाठ सङ्केत ख६७)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा निर्वाचन पर्यवेक्षण र अनुगमनका चुनौतीलाई 'युरोपेली समुदाय', 'कार्टर सेन्टर लगायतका स्वदेशी, विदेशी अनुगमनकर्ता' र 'निर्वाचन आयोगका प्रमुख आयुक्त' मा विभिन्न तरिकाले वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ । यसमा 'युरोपेली समुदाय', 'कार्टर सेन्टर लगायतका स्वदेशी, विदेशी अनुगमनकर्ता' हरू विशेषतः निर्वाचन पर्यवेक्षण र अनुगमनमा संलग्न रहेर निर्वाचन निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न भएको प्रतिवेदन दिएको समूह कार्यमा मूर्तता पाएको देखिन्छ । उनीहरूलाई 'शुद्धताको स्तरमा दोस्रो संविधानसभाको चुनाव धेरै माथि रहेको र निर्भयसाथ सम्पन्न भएको' धारणासित संसक्त गरिएको पाइन्छ । यसपछि 'निर्वाचन आयोगका प्रमुख आयुक्त' नामरहित भए पनि 'पराजयपछि जनादेशलाई अस्वीकृत गर्ने प्रकृतिका केही राजनीतिक दलको अभिव्यक्तिलाई पुष्टि गर्न परोक्ष चुनौती दिने आधिकारिक व्यक्तिका रूपमा इङ्गीत र मूर्तीकृत देखिन्छन् । उनको संसक्ति 'सम्भव भए जति सबै स्रोत, साधन र विश्वस्तरीय उपाय अपनाएर निर्वाचनलाई धाँधलीरहित निष्पक्ष र शान्तिपूर्ण बनाउन आयोग र सरकारले निर्वाह गरेको भूमिकाप्रति आशंका नगर्न अनुरोध गर्ने', 'मतदानमा यथार्थ जनादेश व्यक्त भएको सन्देश दिने', 'कुनै पक्षले मतदान वा गणनाप्रति आशंका गरेको हो भने संविधानसभा अदालतमा उजुरी दिएर आफ्नो पक्ष राख्न र प्रमाणित गर्न सक्नुपर्ने' 'अन्यथा जनतालाई भ्रमित पार्न अनर्गल टिप्पणी गर्ने र आफैंलाई मुलुकभरबाट प्राप्त जनमत निर्देशित जनादेशलाई समेत अपमानित गर्ने शैली अलोकतान्त्रिक ठहरिने' विचारको प्रतिनिधित्वसँग रहेको देखिन्छ । यसमा 'युरोपेली समुदाय', 'कार्टर सेन्टर लगायतका स्वदेशी, विदेशी अनुगमनकर्ता' को प्रतिवेदन र

'निर्वाचन आयोगका प्रमुख आयुक्त' को चुनौतीको संयुक्तिले निर्वाचनको निष्पक्षता र शुद्धतालाई प्रसिद्धीकरण गरेको पाइन्छ ।

> निर्वाचनका बेला हिंसा र विष्फोटका घटना हुँदा मौन बसेको नेकपा-माओवादीले एक महिनापछि आएर ती विष्फोट र आतंक आफूले फैलाएको सगर्व घोषणा गरेको छ । सोमबार पत्रकार सम्मेलन गरेर पार्टी अध्यक्ष मोहन वैद्यले, 'बम पड्काएको' जिम्मेवारी लिँदै गर्दा उनी अत्यन्त गैरजिम्मेवार देखिएका छन् । उनको प्रस्तुतिमा राजनीतिकभन्दा अराजकता र वितण्डावादी चिन्तन हावी छ । उनी अझै युद्धको धङधडीबाट मुक्त हुन नसकेको प्रष्ट देखिन्छ । आफूलाई जनताका नाममा राजनीति गरेको दाबी गर्ने शक्तिले जनता आहत भएको हिंसा र आतंकका घटनालाई पुष्टि गर्न खोज्नु आलोच्य मात्रै होइन, खेदपूर्ण कुरा हो । के दोष थियो, भोटेवहालका बालकको जो आज माओवादीले राखेको बमका कारण हातका सबै औंला गुमाउन वाध्य छन् ? राजधानीलगायत देशका विभिन्न भागमा बस र माइक्रोबसमा यात्रा गर्ने सर्वसाधारण र बालबालिकाले के बिगारेका थिए, जो माओवादीको आतंकको सिकार भए ? माओवादीले चुनावको पूर्वसन्ध्यामा गरेका क्रियाकलाप कतै राजनीतिक थिएनन्, ती आपराधिक र आतंकबाट प्रेरित थिए । सर्वत्र तिरस्कार भएका तिनै हिंसाप्रधान गतिविधिलाई अहिले उसले ठीक ठहऱ्याएर पुनः अराजकताकै बाटामा अग्रसर हुने जनाउ दिएको छ । (उदाहरण नं. २१, परिशिष्ट ४, पाठ सङ्केत क७९)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा भएका हिंसा र विष्फोटका घटनामा 'मोहन वैद्य' एकातिर र 'भोटेवहालका बालक' देखि 'माइक्रोबस चढ्ने सर्वसाधारण र बालबालिका' सम्मको विभिन्न तरिकाले वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । यसमा 'मोहन वैद्य' नेकपा-माओवादी पार्टी अध्यक्षका रूपमा 'निर्वाचनका बेला हिंसा र विष्फोटका घटना हुँदा मौन बसेको' र एक महिनापछि पत्रकार सम्मेलन गरेर 'ती विष्फोट र आतंक आफूले फैलाएको सगर्व घोषणा गरेको' व्यक्तिका रूपमा मूर्तीकृत देखिन्छन् । साथै, उनलाई 'बम पड्काएको' जिम्मेवारी लिँदै गर्दा उनी अत्यन्त गैरजिम्मेवार देखिएका', 'उनको प्रस्तुतिमा राजनीतिकभन्दा अराजकता र वितण्डावादी चिन्तन हावी' रहेको र 'उनी अझै युद्धको धङधडीबाट मुक्त हुन नसकेको' प्रतिनिधित्वमा संसक्त गरी चित्रित गरिएको पाइन्छ । यसमा 'आफूलाई जनताका नाममा राजनीति गरेको दाबी गर्ने शक्तिले जनता आहत भएको हिंसा र आतंकका घटनालाई पुष्टि गर्न खोज्नु आलोच्य मात्रै होइन, खेदपूर्ण कुरा' भएको उल्लेख गर्दै वैद्यलाई 'के दोष थियो, भोटेवहालका बालकको जो आज माओवादीले राखेको बमका कारण हातका सबै औंला गुमाउन वाध्य छन् ? राजधानीलगायत देशका विभिन्न भागमा बस र माइक्रोबसमा यात्रा गर्ने सर्वसाधारण र बालबालिकाले के बिगारेका थिए, जो माओवादीको आतंकको सिकार भए ?' भनी प्रश्न गरिएको पाइन्छ । प्रश्नका क्रममा संसक्त 'भोटेवहालका बालक', 'सर्वसाधारण' र 'बालबालिका' हरू निर्दोष, असल र आतंकको सिकार बनाइएका पात्रका रूपमा मूर्तीकृत देखिन्छन् । 'भोटेवहालका बालक' माओवादीले राखेको बमका कारण हातका सबै औंला गुमाउन वाध्य भएका, 'सर्वसाधारण' र 'बालबालिका' माइक्रोबसमा यात्रा गरेका कारण 'माओवादी आतंकको सिकार' भएको प्रतिनिधित्वसित संसक्त रहेको पाइन्छ । उनीहरूको विपरीततामा मोहन वैद्यको छवि चित्रित र मूर्तीकृत देखिन्छ । वैद्यलाई माओवादी नेताका रूपमा

लक्षित गरी 'माओवादीले चुनावको पूर्वसन्ध्यामा गरेका क्रियाकलाप कतै राजनीतिक' नभएर 'आपराधिक र आतंकबाट प्रेरित' भएको, 'सर्वत्र तिरस्कार भएका तिनै हिंसाप्रधान गतिविधिलाई' ठीक ठहऱ्याएर 'पुनः अराजकताकै बाटामा अग्रसर हुने जनाउ दिएको' प्रतिनिधित्वसँग संसक्त गरिएको पाइन्छ। यसबाट मोहन वैद्यको छविमा निर्दयता र 'भोटेवहालका बालक' देखि माइक्रोबस चढ्ने सर्वसाधारण र बालबालिकाको छविमा कारुणिकताले मूर्तता पाएको देखिन्छ।

> संसद् सचिवालयले बहुमतीय आधारमा प्रधानमन्त्री छान्ने औपचारिक समयतालिका त जारी गरिहाल्ने छ, तर सबभन्दा पहिले मुख्य दलहरूबीच राजनीतिक सम्झौता हुन जरुरी छ। यसका निम्ति भावी प्रधानमन्त्रीका रूपमा प्रस्तावित कांग्रेस सभापति सुशील कोइरालाले व्यक्तिगत रूपमा पनि अग्रसरता लिनुपर्छ। (उदाहरण नं. २२, परिशिष्ट ४, पाठ सङ्केत क९२)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा भावी प्रधानमन्धीका रूपमा प्रस्तावित सुशील कोइरालाको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ। उनी 'कांग्रेस सभापति' को पदीय हैसियतमा मूर्तीकृत देखिन्छन्। उनलाई 'भावी प्रधानमन्त्रीका रूपमा प्रस्तावित' व्यक्तिका रूपमा स्थान दिइएको अवस्थामा उनको सक्रियता भने खासै देखिन नसकेको अनुभव संसक्त भएको पाइन्छ। उनको संसक्ति 'संसद् सचिवालयले बहुमतीय आधारमा प्रधानमन्त्री छान्ने औपचारिक समयतालिका' जारी गरिहाल्ने कामसँग रहेको र त्यसका लागि मुख्य दलहरूबिच राजनीतिक सम्झौता कायम गर्न अग्रसरता लिनुपर्ने भए पनि अग्रसरता लिइनसकेका व्यक्तिका रूपमा रहेको पाइन्छ। निर्वाचनपछि सरकार बन्न ढिलाइ भइरहेको र राजनीतिक सम्झौता नभइसकेको अलमलको अवस्थाले सुशील कोइरालाको व्यक्तित्वमा आधिकारिकतासँगै प्रसिद्धि पाएको देखिन्छ।

> यस अर्थमा यो प्रयोगलाई सफल मान्न सकिएला, तर व्यवस्थापिका-कार्यपालिका-न्यायपालिका गरी राज्यका तीनवटै अंगका प्रमुखहरूको अधिकार एकै व्यक्तिमा केन्द्रित गर्ने उक्त कदम निकै जोखिमपूर्ण रहेको यथार्थ दलहरूले बिर्सन मिल्दैन। शासकीय महत्वाकांक्षा भएको व्यक्तिका हातमा त्यस्तो असीमित अधिकार गएको खण्डमा त्यसको दुरुपयोग हुने खतरासमेत हुन्छ। धन्य, रेग्मीमा त्यस्तो आकांक्षा देखिएन, जसको फलस्वरूप मुलुकले थप जटिलता भोग्नु परेन। तथापि प्रधानन्यायाधीशलाई गैरदलीय सरकारको नेतृत्व गर्न लगाउने जोखिमपूर्ण प्रयोग अब दोहोऱ्याइनु हुन्न। (उदाहरण नं. २३, परिशिष्ट ४, पाठ सङ्केत क९५)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा प्रमुख दलहरूबाट कार्यकारी प्रमुखको जिम्मेवारी पाएका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ। 'रेग्मी' थरबाट सम्प्रेषित व्यक्ति खिलराजसँग 'व्यवस्थापिका-कार्यपालिका-न्यायपालिका गरी राज्यका तीनवटै अंगका प्रमुखको अधिकार' पाएर पनि शासकीय महत्त्वाकांक्षा नभएको र उनीबाट 'असीमित अधिकारको दुरुपयोग हुने खतरा र जटिलता मुलुकले झेल्नु नपरेको प्रतिनिधित्वको संसक्ति देखिन्छ। रेग्मी गैरदलीय सरकारको नेतृत्व गर्ने वहालवाला प्रधानन्यायाधीशको हैसियतमा रहेका र दलहरूबाट जोखिमपूर्ण प्रयोग गरिएका तर सफलतापूर्वक

निर्वाचन गराउने कार्य सम्पादन गरेका असल व्यक्तिका रूपमा चित्रित र मूर्तीकृत देखिन्छन् । यस अर्थमा उनलाई 'धन्य' मानिएको पनि पाइन्छ । रेग्मीको व्यक्तित्वमा मुलुकको जटिलतालाई थप जटिल बन्न नदिने सर्वोच्च कार्यकारिणी, आधिकारिक, शालीन र जिम्मेवार पात्रको प्रतिनिधित्वले मूर्तता पाएको देखिन्छ ।

> सहमति, सहकार्य र एकताका माध्यमबाट अघि बढ्ने नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइरालाको अभिव्यक्तिबाट भावी दिनका क्रियाकलापको झझल्को आकलन गर्नसकिन्छ । राजनीतिक दलबीच हिजो पनि सहमति, सहकार्य र एकताको खाँचो थियो भने आजका दिनमा पनि त्यसको दरकार त्यत्ति नै छ र आउँदा दिनमा समेत त्यसको आवश्यकता अपरिहार्य रहिरहनेमा दुईमत रहँदैन । (उदाहरण नं. २४, परिशिष्ट ४, पाठ सङ्केत ख८९)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा सहमति, सहकार्य र एकताका साथ अघि बढ्ने अभिव्यक्तिमा सुशील कोइरालाको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ । उनी नवनिर्वाचित प्रधानमन्त्रीको हैसियतमा रहेकाले उनको अभिव्यक्तिमा 'भावी दिनका क्रियाकलापको झझल्को आकलन गर्न सकिने' तर्कको संसक्तिका साथै सहमति, सहकार्य र एकताको सदैव खाँचो, दरकार र अपरिहार्यता रहेको प्रतिनिधित्वको संयुक्तिले आधिकारिकता र प्रसिद्धि पाएको देखिन्छ ।

> संविधानसभा हाम्रा लागि ऐतिहासिक सन्दर्भ बोकेको मुद्दा हो । यो नेपाली राजनीतिको त्यो मुद्दा हो, जसले मूर्तरूप लिन ६ दशक लाग्यो । त्यस हिसाबले यो हाम्रा लागि ठूलो उपलब्धि हो । तर यत्रो ठूलो उपलब्धिको न हामीले रक्षा गर्न सक्यौं न त यसको मूल्य नै बुझ्यौं । पहिलो संविधानसभा पटकपटक अवमूल्यन भयो । शीर्ष नेताहरू हम्मेसि सभामा गएनन् । सहमति खोज्ने नाममा रिसोर्ट र होटेलका जोटाकोठा चहारे जसले गर्दा संविधानसभा शीर्ष नेतृत्वको छायाँमा सीमित हुन पुग्यो । यसलाई जति नै सार्वभौम सभा भनिए पनि व्यवहारमा यो निरीह देखियो । अझ कतिपय सभासदका यौन काण्ड, रातो पासपोर्ट काण्ड, बिजुली चोर्नेदेखि एसएलसी परीक्षा नक्कली परीक्षार्थीलाई दिलाउने, कुर्सी फाल्नेदेखि सुटकेस फोड्नेसम्मका अमर्यादित र संविधानसभाको गरिमाविपरीतका क्रियाकलाप हुँदा पनि उनले सभासदहरूलाई कुनै 'रुलिङ' गरेनन् । संविधानसभाको यसरी मानमर्दन भइरहँदा उनले सबैको राम्रो हुने लालच मात्रै देखाए । यस्ता थुप्रै कमजोरीबाट सभाध्यक्ष नेम्वाङले पाठ सिक्न सक्नुपर्छ । (उदाहरण नं. २५, परिशिष्ट ४, पाठ सङ्केत क१००)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा भूतप्रभावी प्रतिनिधित्वहरूलाई सभाध्यक्ष नेम्वाङ, शीर्ष नेताहरू र कतिपय सभासदमा वैयक्तिक मूर्तीकरण गरिएको पाइन्छ । मूलतः 'सभाध्यक्ष नेम्वाङ' मा सुवासचन्द्र नेम्वाङ सम्प्रेषित देखिन्छन् । उनको व्यक्तित्व ऐतिहासिक सन्दर्भ बोकेको छ दशक लामो राजनीतिक मुद्दाबाट प्राप्त उपलब्धिका रूपमा रहेको संविधानसभासँग संसक्त रहेको देखिन्छ । उनको व्यक्तित्व र संविधानसभाको सन्दर्भसँग जोडिएर यसमा 'शीर्ष नेताहरू' र 'कतिपय सभासद' का क्रियाकलापले पनि मूर्तता पाएको भेटिन्छ । खासगरी, 'सभाध्यक्ष नेम्वाङ' 'पहिलो संविधानसभा पटकपटक अवमूल्यन' हुँदा हामीलाई प्राप्त

'ठूलो उपलब्धिको रक्षा गर्न' र 'मूल्य बुझ्न नसक्ने' अधिकारीका रूपमा चित्रित देखिन्छन्। यस क्रममा 'शीर्ष नेताहरू' 'हम्मेसि सभामा नजाने', 'सहमति खोज्ने नाममा रिसोर्ट र होटेलका जोटाकोठा चहार्ने' र 'जति नै सार्वभौम सभा भनिए पनि व्यवहारमा' 'संविधानसभा' लाई आफ्नो 'छायाँमा सीमित' बनाएर निरीह देखाउने सन्दर्भको संसक्तिमा मूर्तीकृत भेटिन्छन्। यस्तै, 'कतिपय सभासद' हरू 'यौन काण्ड, रातो पासपोर्ट काण्ड, बिजुली चोर्नेदेखि एसएलसी परीक्षा नक्कली परीक्षार्थीलाई दिलाउने, कुर्सी फाल्नेदेखि सुटकेस फोड्नेसम्मका अमर्यादित र संविधानसभाको गरिमाविपरीतका क्रियाकलाप' गर्ने सन्दर्भको संसक्तिमा चित्रित भेटिन्छन्। 'सभाध्यक्ष नेम्वाङ' को छवि 'सभासदहरूलाई कुनै 'रुलिङ' नगर्ने', 'संविधानसभाको मानमर्दन भइरहँदा सबैको राम्रो हुने लालच मात्रै देखाउने' जस्ता 'थुप्रै कमजोरी' का साथ संसक्त भएर मूर्त हुन आएको पाइन्छ। उनी पछिल्लो संविधानसभामा पुनः निर्वाचित सभाध्यक्ष भएको हैसियतमा चर्चित देखिन्छन्। यसमा अघिल्लो संविधानसभामा सभाध्यक्ष नेम्वाङले देखाएका कमी कमजोरीबाट पाठ सिक्न सक्नुपर्ने तर्क गर्दा असफलतालाई डोऱ्याउने कतिपय विकृति र विसङ्गतिपरक प्रतिनिधित्वको संयुक्तिले उनको वैयक्तिक मूर्तीकरणबाट आधिकारिकता र प्रसिद्धि पाएको देखिन्छ।

> जनतालाई थप निराश नपार्ने, आम अपेक्षा पूरा गर्न र राष्ट्रिय कार्यसूचीलाई सफलतापूर्वक सम्पन्न गर्न सरकारले यसबीच देखिएका कमी-त्रुटिलाई सच्याउँदै मुख्य कार्यभार पूरा गर्नेमा तीव्रता दिन सक्नुपर्छ। निर्णयहीन बनेर र निरीहता प्रदर्शन गरेर राज्य चल्दैन। तसर्थ प्रधानमन्त्री कोइरालाले आफ्नो कार्यशैलीमा व्यापक फेरबदल ल्याउँदै काम गर्ने गति बढाउनु अपरिहार्य छ। (उदाहरण नं. २६, परिशिष्ट ४, पाठ सङ्केत क१०८)

प्रस्तुत उदाहरणमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा 'प्रधानमन्त्री कोइराला' नाममा सुशील कोइरालाको वैयक्तिक मूर्तीकरण भएको पाइन्छ। उनको छवि प्रधानमन्त्री भएको हैसियतमा 'जनतालाई थप निराश नपार्ने, आम अपेक्षा पूरा गर्न र राष्ट्रिय कार्यसूचीलाई सफलतापूर्वक सम्पन्न गर्न सरकारले यसबिच देखिएका कमी-त्रुटिलाई सच्याउँदै मुख्य कार्यभार पूरा गर्नेमा तीव्रता दिन सक्नुपर्ने' अपेक्षासँग संसक्त रहेको देखिन्छ। यस क्रममा उनको छवि 'निर्णयहीन बनेर र निरीहता प्रदर्शन गरेर राज्य चलाइरहेका' कमजोर प्रधानमन्त्रीका रूपमा मूर्तीकृत भएको पाइन्छ। यसै सन्दर्भमा आधिकारिक व्यक्तित्व 'प्रधानमन्त्री कोइराला' मा 'आफ्नो कार्यशैलीमा व्यापक फेरबदल ल्याउँदै काम गर्ने गति बढाउनु अपरिहार्य रहेको' तर्कको संयुक्तिले प्रसिद्धि पाएको देखिन्छ।

## ५.४ निष्कर्ष

प्रतिनिधत्वहरूको संवेगात्मक र वैयक्तिक मूर्तीकरणबाट सम्पादकीयमा संविधानसभा निर्वाचन-२०७० का विविध घटना र विषय/वस्तुलाई शीर्ष नेतृत्व, विभिन्न तहका राजनीतिकर्मी, शासक-प्रशासक र पत्रकारको छवि र तिनले विगतमा गरेका गलत कार्यहरू प्रकट हुन आएको पाइन्छ। विशेष गरी पहिलो संविधानसभाको असफलतापछि मुलुकमा व्याप्त निराशा, बोझ, पश्चाताप, घृणा, अविश्वास, वितृष्णा, उपेक्षा, कठोरता, कुण्ठा, गल्ती, त्रास, भय, शोक, चिन्ता, अशान्ति, असन्तोष, पीडा, दया, करुणा आदि संवेगको मूर्तीकरण भएको देखिन्छ।

समग्रमा विश्लेषण गर्दा नेपालको अन्तरिम संविधान-२०६३ मा उल्लिखित 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक' युगतिरको राजनीतिक रूपान्तरण र सङ्क्रमणकालीन अवस्थामा भएको एउटा संविधानसभाको निष्फल अवसानपछि पुनः अर्को संविधानसभाको निर्वाचन-२०७० को अवसरमा देखिएका घटना र विषय/वस्तुहरूका सम्बन्धमा प्रतिनिधि अखबारले उठाएका बहस र बहसका क्रममा प्रयोगमा ल्याएका सामाजिक प्रतिनिधित्वहरूसित आबद्ध भएर सांस्कृतिक सन्दर्भका विभिन्न अवधारणा, विचारधारा र मूल्य प्रणालीहरूले संवेगात्मक र वैयक्तिक मूर्तता पाउँदा प्रतिनिधित्वको प्रसिद्धीकरण भएको पनि पाइन्छ। वैयक्तिक मूर्ततामा व्यक्तिको प्रत्यक्ष, परोक्ष, एकल र समूह पहिचानको प्रयोग हुनाका साथै पदीय पहिचानको सङ्केत पनि भेटिन्छ। प्रत्यक्ष व्यक्तिहरू कतै एकल र कतै समूहमा विभिन्न हैसियत र पहिचानमा उल्लिखित भेटिन्छन्। यसमा हिंसा, आतङ्क, क्रूरता, निर्दयता, अस्थिरता, अविश्वसनीयता जस्ता प्रवृत्ति समेटिएको पाइन्छ। सम्पादकीयमा विपरीत छविका व्यक्ति र तिनका समूहको टक्करका साथै व्यक्ति, प्रवृत्ति, व्यक्ति समूह बिचको तनाव र द्वन्द्वको मूर्तीकरणमा खराबको विपरीततामा असल, सकारात्मकको विपरीततामा नकारात्मक, निर्दयताको विपरीततामा कारुणिकताका साथै विभिन्न खालका विकृति र विसङ्गति जनाउने प्रतिनिधित्वको छवि भेटिन्छ। कसैको छवि तटस्थ र पीडित पक्षका रूपमा चित्रित देखिन्छ भने एउटै व्यक्तिको छवि कुनै सन्दर्भमा सकारात्मक र कुनै सन्दर्भमा नकारात्मक पाइन्छ।

विभिन्न तरिकाले मूर्तीकृत व्यक्तिहरूबाट विभिन्न घटना र विषय/वस्तुले प्रमाणिकता, विशिष्टता, आधिकारिकता र प्रसिद्धि भने पाएको देखिन्छ। संवेगात्मक र वैयक्तिक प्रतिनिधित्वको मूर्तीकरण प्रक्रियालाई केलाउँदा कतिपय सम्पादकीयमा सफल र फरक प्रयोगका साथै कमी कमजोरीहरू पनि रहेको पाइन्छ। वास्तविकतासँग मेल नखाने संवेगमा मूर्तीकृत घटना र विषय/वस्तुले विश्वसनीयता गुमाएको र सम्पादकीयको स्तर र साखलाई खस्काएको पाइन्छ। मूर्तीकृत प्रतिनिधित्वहरू संस्कृति, मनोविज्ञान आदिसँग सम्बन्धित प्रतिनिधित्वका अर्थमा जाति, लिङ्ग, वर्ग र क्षेत्रगत समसामयिक विचारधारा र मूल्यहरूको पनि प्रभाव भेट्न सकिन्छ। विशेषणयुक्त नामबाट देखिने पूर्वाग्रहका साथै भाषिक कमजोरी, वैचारिक अस्पष्टता र मनोगत वाक्यले वास्तविकभन्दा भ्रमको प्रतिनिधित्व मूर्तीकृत देखिन्छ। यसबाट सम्पादकीयमा देखिन आएका कतिपय नयाँ प्रयोग पनि स्थापित हुन सक्ने विधागत आधार देखिँदैन। सामाजिक प्रतिनिधित्वहरूलाई संवेगात्मक र वैयक्तिक छविका माध्यमबाट अर्थ तथा भावलाई कुशलतापूर्वक मूर्तता दिँदा सम्पादकीय सङ्कथन प्रभावशाली, विश्वसनीय र सशक्त हुन सक्ने देखिन्छ।

## परिच्छेद छ

# प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव

### ६.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनामा आबद्ध सम्पादकीय सङ्कथनमा परेको शक्तिसम्बन्धको प्रभावको विश्लेषण गरिएको छ । यसमा संस्थागत बौद्धिक प्रभुत्व र संस्थागत स्वामित्वको प्रभुत्व विश्लेषण उपशीर्षकहरू रहेका छन् । परिच्छेदको अन्त्यमा निष्कर्ष दिइएको छ ।

### ६.२ संस्थागत बौद्धिक प्रभुत्व विश्लेषण

विश्लेषणका लागि प्रस्तुत गरिएका संस्थागत बौद्धिक प्रभुत्वका उल्लेखनीय उदाहरणहरूलाई प्रकाशन मितिका आधारमा सङ्ख्यात्मक क्रममा राखिएको छ । पहिले प्रकाशित उदाहरणलाई पहिले दिएर हरेक उदाहरणको लगत्तैपछि विश्लेषण प्रस्तुत गरिएको छ । विश्लेषणका क्रममा सम्बोधक शक्तिलाई सङ्केतमा प्रस्तुत गरी मूलतः बृहत् सङ्घटनामा स्थापित भइसकेका आधारभूत तथ्यहरूलाई मूल सन्दर्भमा राखेर संस्थागत बौद्धिक प्रभुत्वको अवस्था दर्साउने सामाजिक प्रतिनिधित्वहरूको पहिचान गरिएको छ ।

> उच्चस्तरीय राजनीतिक समितिको बुधबारको बैठकले वैद्य समूहका मागहरू पूरा गर्न नसकिने निष्कर्ष निकालेको छ । तर यसको अर्थ उक्त पार्टीसँग संवादको प्रक्रिया अन्त्य गर्नुहुन्न । अन्तिम अवस्थासम्म लचिलो बनेर सहमतिका उपाय खोजिरहन जरुरी छ । त्यो किन पनि भने संविधानसभा निर्वाचनको अग्रगामी लोकतान्त्रिक विधि अपनाउनुपर्छ भन्ने झिनो मत अझै पनि उक्त पार्टीमा विद्यमान छ र बाह्य प्रयासले त्यो धारलाई हौसला प्रदान गर्न एवम् पार्टीको मत परिवर्तन गर्नसमेत सक्छ । तमाम प्रयासका बावजूद नेकपा-माओवादी संविधानसभाको प्रक्रिया बाहिरै रह्यो भने त्यो दुर्भाग्यपूर्ण हुनेछ । मोहन वैद्यजस्ता परिपक्व राजनीतिज्ञले जनताको अधिकार स्थापित गर्ने र मुलुकमा स्थायित्व ल्याउने अवसर गुमाउने माध्यम कदापि बन्नुहुन्न । यदि आफ्ना फरक मतहरू छन् भने त्यसैलाई चुनावी मुद्दा बनाएर जनतासमक्ष जान सकिने बाटो अपनाउनुपर्छ । (उदाहरण नं. १, परिशिष्ट ४, पाठ सङ्केत क२२)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : उच्चस्तरीय राजनीतिक समिति, वैद्य समूह, उक्त पार्टी, नेकपा-माओवादी ।

सम्बद्ध घटना : बैठकको निष्कर्ष ।

सम्बद्ध विषय/वस्तुहरू : माग, संवाद, सहमति, संविधानसभा (निर्वाचन) को प्रक्रिया, अग्रगामी लोकतान्त्रिक विधि, जनताको अधिकार, मुलुकको स्थायित्व, फरक मत, चुनावी मुद्दा ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा सशर्त निर्वाचनमा सहभागी हुन चाहनेको माग पूरा गर्न नसकिने निष्कर्षको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास भएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल ११७ शब्दबाट बनेका सात वाक्यहरू रहेका छन् । यस संरचनाको प्रारम्भमा उच्चस्तरीय राजनीतिक समिति शासकीय केन्द्रमा र वैद्य समूह परिधिमा रहेको देखिन्छ । समितिको निष्कर्षका कारण परिधिभन्दा पनि पर धकेलिएको वैद्य समूहले नेकपा-माओवादी पार्टीलाई जनाएको पाइन्छ । अनुच्छेद संविधानसभा निर्वाचनको पक्ष र विपक्षमा रहेका दुई शक्ति बिचको द्वन्द्वको उत्कर्ष घटनाबाट प्रारम्भ भएको देखिन्छ । प्रारम्भमै समितिले 'मागहरू पूरा गर्न नसकिने निष्कर्ष' निकालेको बैठकको घटना जनमानसलाई सुसूचित गर्दै त्यसको विपरीततामा संवाद अन्त्य गर्न नहुने र सहमतिका उपाय खोजिरहनुपर्ने सुझाव प्रस्तुत गरिएको छ । यसबाट सम्बोधक पक्षले शासकीय शक्तिको केन्द्रमा रहेको सम्बोधित पक्षको निष्कर्षलाई चुनौती दिएर परिधिमा धकेलिएको शक्तिलाई मूलधारतिर फर्काउन खोजेको पाइन्छ । यस क्रममा प्रयुक्त 'संविधानसभा निर्वाचनको अग्रगामी लोकतान्त्रिक विधि', 'जनताको अधिकार स्थापित गर्ने', 'मुलुकमा स्थायित्व ल्याउने' आदि प्रतिनिधित्वले स्थापित सत्यको तात्पर्यलाई तर्कसङ्गत तरिकाले वहन गरेको पाइन्छ । यसमा 'जनता' लाई तेस्रो पक्षका रूपमा लिएर अधिकारको सन्दर्भमा जोडिएको पाइन्छ । सम्बोधक पक्षले परिधिमा धकेलिएको सम्बोधित पक्ष 'नेकपा-माओवादी संविधानसभाको प्रक्रिया बाहिरै रहेमा दुर्भाग्यपूर्ण हुने' आशय प्रकट गरेर शासकीय र वैकल्पिक शक्तिबिच समन्वयकारी भूमिका निर्वाह गरेको देखिन्छ । साथै, किनारामा धकेलिएको पक्षको नेतालाई 'मोहन वैद्यजस्ता परिपक्व राजनीतिकज्ञ' भनी क्षतिपूर्ति भावको प्रयोगसहित 'आफ्ना फरक मतहरू' लाई 'चुनावी मुद्दा बनाएर जनसमक्ष जान' अभिप्रेरित गरेको पाइन्छ । सम्बोधकले स्वतन्त्र प्रेसले खेल्ने समन्वयकारी वा मध्यस्थताको भूमिकालाई कुशलतापूर्वक निर्वाह गरेकाले सम्पादकीयमा संस्थागत बौद्धिक प्रभुत्व धनात्मक रहेको मान्न सकिन्छ ।

> चुनावको मिति नजिकिँदै छ, वार्ता बल्ल शुरू भयो । वार्तामा वैद्य समूहले निर्वाचन मिति सार्नुपर्ने र सरकारले राजीनामा दिनुपर्ने लगायत १८ वटा माग र शर्त वार्ताको टेबलमा राखेको छ । यस्तै, यादव नेतृत्वको गठबन्धनले छ सूत्रीय माग प्रस्तुत गरेको छ । तीन राजनीतिक दल र मधेशी मोर्चा सम्मिलित राजनीतिक उच्चस्तरीय समिति वर्तमान सरकार गठनका बेला भएको ११ बुँदे सहमति र २५ बुँदे बाधा अड्काउ फुकाउबाट गरिएको संविधानको संशोधनमा परिवर्तन हुनुपर्ने असन्तुष्ट पक्षको मागप्रति लचिलो देखिएको छ । असन्तुष्ट पक्षको खासगरी वैद्य समूहको शर्तलाई हेर्दा सजिलै सहमति हुने र नेकपा-माओवादी चुनावमा सहभागी हुने कल्पना गर्न सकिँदैन । निर्वाचनको मिति नजिकिएको बेला चुनाव बहिष्कार गर्ने धम्की दिएका दल र चुनावी घोषणापत्र तयार पार्न नभ्याएका र प्रचार प्रसारमा खासै नगएका निर्वाचन पक्षीय दलहरूबीच वार्ता शुरु हुनु आशालाग्दो भए पनि घोषित मितिमा निर्वाचन

हुनेमा आशङ्का बढाउने खालको पनि छ । समय रहुञ्जेल बहिष्कारलगायत यो वा त्योसँग वार्ता नगर्ने अनेक बहाना बनाएका कथित असन्तुष्टहरू र बेलैमा छलफलको वातावरण बनाउन जुट्नुपर्ने चुनाव पक्षीय राजनीतिक समितिको आलटालले दिन घर्किएको छ । शुरु वार्ताले सकारात्मक परिणाम देओस् र निर्वाचनमा मुलुकका सबै राजनीति(क?) दल सहभागी बनून् भन्ने यतिबेला नेपाली जनताले लिएको अपेक्षा हो । (उदाहरण नं. २, परिशिष्ट ४, पाठ सङ्केत ख२४)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : राजनीतिक उच्चस्तरीय समिति, वैद्य समूह, सरकार, यादव नेतृत्वको गठबन्धन, तीन राजनीतिक दल, मधेशी मोर्चा, असन्तुष्ट पक्ष, चुनाव वहिष्कार गर्ने धम्की दिएका दल, निर्वाचन पक्षीय दलहरू, अनेक बहाना बनाएका कथित असन्तुष्टहरू, चुनाव पक्षीय राजनीतिक समिति, मुलुकका सबै राजनीतिक दल, नेपाली जनता ।

सम्बद्ध घटना : वार्ता सुरू ।

सम्बद्ध विषय/वस्तुहरू : चुनाव, वार्ता, माग र सर्त, ११ बुँदे सहमति, २५ बुँदे बाधा अड्काउ फुकाउ, संविधान संशोधन, सहमति, सहभागिता, चुनाव बहिष्कार, चुनावी घोषणापत्र ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा ढिलो गरी वार्ता सुरू भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १८६ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित 'राजनीतिक उच्चस्तरीय समिति' र 'वैद्य समूह' निर्वाचनको पक्ष र विपक्षमा रहेका दुई विपरीत धारका प्रतिनिधि शक्ति देखिन्छन् । गलत नामबाट सम्बोधित 'राजनीतिक उच्चस्तरीय समिति' शासकीय शक्तिको केन्द्रमा रहेको देखिन्छ । यसमा 'तीन राजनीतिक दल र मधेशी मोर्चा' शक्तिशालीको पक्षपोषणका लागि सम्बोधित देखिन्छन् । 'वैद्य समूह' वा नेकपा-माओवादी' र 'यादव नेतृत्वको गठबन्धन' सामूहिक रूपमा 'असन्तुष्ट पक्ष' र 'कथित असन्तुष्टहरू' नामबाट समेत सम्बोधित पाइन्छन् । अधिकांश नामका अगाडि लगाइएका विभिन्न विशेषणहरूबाट सम्बोधकले भिन्नतालाई स्थापित गर्दै परिधीय शक्तिलाई इतर गर्न खोजेको देखिन्छ । सम्बोधित समितिलाई 'मागप्रति लचिलो देखिएको' र माग राख्ने पक्षको नेतृत्व गर्ने 'नेकपा-माओवादी'लाई 'चुनावमा सहभागी हुने कल्पना गर्न सकिँदैन' भन्ने तथ्य र विचारको संयोजनबाट पनि भिन्नतालाई निरन्तरता दिएको देखिन्छ । यस्तै, 'चुनाव बहिष्कार गर्ने धम्की दिएका दल' र 'चुनावी घोषणापत्र तयार पार्न नभ्याएका र प्रचारप्रसारमा खासै नगएका निर्वाचन पक्षीय दलहरू' बिचको वार्तालाई 'आशालाग्दो भए पनि घोषित मितिमा निर्वाचन हुनेमा आशङ्का बढाउने खालको' टिप्पणीमा शासकीय शक्ति र परिधिको शक्तिबिच सहमति र समन्वयकारी भूमिका निर्वाह गर्नभन्दा दूरी बढाउने

वैचारिक अभ्यास भएको बुझिन्छ । यसपछि 'समय रहुञ्जेल वहिष्कारलगायत यो वा त्योसँग वार्ता नगर्ने अनेक वहानामा बनाएका कथित असन्तुष्टहरू' र 'बेलैमा छलफलको वातावरण बनाउन जुट्नुपर्ने चुनाव पक्षीय राजनीतिक समितिको आलटालले दिन घर्किएको' अभिव्यक्तिमा भिन्नतासहित दुवै पक्षको कमजोरीलाई 'चुनावको मिति नजिकिँदै छ, वार्ता बल्ल शुरू भयो' भन्ने पहिलो वाक्यमा रहेको ढिलाइको भावसँग जोडिएको पाइन्छ । यद्यपि, पहिलो वाक्यमै मनोगत प्रभाव देखिनु र अन्तिम वाक्यमा 'वार्ताले सकारात्मक परिणाम देओस् र निर्वाचनमा मुलुकका सबै राजनीतिक दल सहभागी बनून् भन्ने यतिबेला नेपाली जनताले लिएको अपेक्षा हो' भन्ने अभिव्यक्तिको सङ्गति त्यसअघिका वाक्यहरूसँग नमिल्नुले वैचारिक अभ्यासलाई शक्तिहीन देखाएको पाइन्छ । यसमा सम्बोधित 'सबै राजनीतिक दल' र 'नेपाली जनता' सित सन्दर्भित अभिव्यक्तिसँग अघिल्ला वाक्यमा रहेका भावको तार्किक सङ्गति र तादात्म्य रहेको पाइँदैन । अधिकांशतः लामा र जटिल वाक्यका कारण अर्थावरोध हुनु, शासकीय पक्षको पक्षधरता देखिनु, आग्रही भविष्यवाणीसहित सहमति निर्माण र समन्वयकारी भूमिकाको बेवास्ता हुनु, शक्तिशाली सामाजिक समूहले स्थापित गरेको सत्यको तात्पर्यलाई वहन गर्ने ज्ञानात्मक पहुँचको कमी र अभिव्यक्ति कौशलको अभाव आदिले पाठकको चाहना र आवश्यकतालाई समुचित ध्यान दिन सकेको दखाउँदैनन् । यसमा पर्याप्त सूचना भए पनि वस्तुनिष्ठताको अभाव र शासकीय पक्षको नाम समेत त्रुटिपूर्ण भएकाले समग्र अभिव्यक्तिको विश्वसनीयतामा प्रश्न उठ्ने देखिन्छ। यसबाट सम्बोधकको कमजोरी पक्ष धनात्मक र सम्पादकीयको संस्थागत प्रभुत्व पक्ष ऋणात्मक बन्न पुगेको देखिन्छ ।

> वैद्य नेतृत्वको मोर्चाले मुखले आफूहरू वार्ताविरोधी नभएको दावी गरे पनि उक्त पक्षले राखेका माग र सर्तहरू सहमति निर्माणमा अनुकूल देखिँदैनन् । मोर्चा गोलमेच सम्मेलनलाई 'शक्तिशाली संस्था' बनाउन चाहन्छ । सम्मेलनले सरकार परिवर्तन, निर्वाचनको तिथि सार्ने, नयाँ संविधानका अन्तरवस्तुको टुङ्गो लगाओस् भन्ने अडान उसको छ। वैद्य नेतृत्वले भनेजस्तो शक्तिशाली संस्था गोलमेच होइन, संविधानसभालाई बनाउनु पर्छ। यद्यपि गोलमेच सम्मेलनलाई एउटा त्यस्तो सर्वपक्षीय छलफलको माध्यम बनाउन सकिन्छ, जसले असन्तुष्ट पक्षलाई पनि समेटेर चुनावमा लैजाने अवसर देओस् । यतिबेला केही प्रमुख दलका नाममा केही राजनीतिक शक्तिको चुनावी निर्णय प्रक्रियाहरूमा 'सिन्डीकेट' चलेको छ । केही दल विशेषले मात्रै चुनावी प्रक्रियामा विशेषाधिकार पाएको जस्तो र अरू दललाई एक्लिएको, हेपिएको वा साक्षी किनारासरह बस्नुपरेजस्तो जुन अवस्था उत्पन्न भएको छ, गोलमेचले त्यस्तो अमिल्दो र अव्यावहारिक अवस्थाको अन्त्य गर्न सक्छ। नेकपा-माओवादीसहितको मोर्चाले त्यस अर्थमा गोलमेचलाई अवसरका रूपमा उपयोग गर्ने नीति लिनु उचित हुन्छ । (उदाहरण नं. ३, परिशिष्ट ४, पाठ सङ्केत क२५)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : वैद्य नेतृत्वको मोर्चा, वैद्य नेतृत्व, असन्तुष्ट पक्ष, केही प्रमुख दल, केही राजनीतिक शक्ति, केही दल विशेष, अरू दल, नेकपा-माओवादीसहितको मोर्चा ।

सम्बद्ध घटना : वार्ताविरोधी नभएको दावी

सम्बद्ध विषय/वस्तुहरू : माग र सर्तहरू, सहमति, गोलमेच सम्मेलन, शक्तिशाली संस्था, सरकार परिवर्तन, निर्वाचन, नयाँ संविधानका अन्तर्वस्तु, संविधानसभा, सर्वपक्षीय छलफल, समेटाइ, चुनावी निर्णय प्रक्रियामा सिन्डीकेट, विशेषाधिकार, साक्षी किनारासरहको अमिल्दो र अव्यावहारिक अवस्था, अवसर उपयोगको नीति ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा सहमति निर्माणमा प्रतिकूल देखिने माग र सर्तको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १३९ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन् । यस संरचनामा वैद्य नेतृत्वको मोर्चा, नेकपा-माओवादीसहितको मोर्चा, असन्तुष्ट पक्ष, केही प्रमुख दल, केही राजनीतिक शक्ति, केही दल विशेष र अरू दल सम्बोधित रहेका देखिन्छन् । यसमध्ये वैद्य नेतृत्वको मोर्चा, नेकपा-माओवादीसहितको मोर्चा, असन्तुष्ट पक्ष नामबाट सम्बोधित शक्ति एउटै रहेको र त्यसले परिधिमा रहेको शक्तिको प्रतिनिधित्व गरी निर्वाचनमा जानका लागि माग र सर्तहरू राखेको देखिन्छ । यस्तै, केही प्रमुख दल, केही राजनीतिक शक्ति, केही दल विशेष नामबाट सम्बोधित शक्ति एउटै रहेको र त्यसले केन्द्रमा रहेको शक्तिको प्रतिनिधित्व गरी चुनावी निर्णय प्रक्रियाहरूमा विशेषाधिकार पाएको जस्तो गरी 'सिन्डीकेट' समेत चलाएको पाइन्छ । यसमा परिधिमा रहेर केन्द्रतिर जान खोजेको शक्ति र केन्द्रमा रहेर प्रभुत्व जमाइरहेको शक्ति बिचको द्वन्द्वको अवस्थालाई व्यवस्थापन गर्न वैचारिक अभ्यास गरी समन्वयकारी भूमिका निर्वाह गरेको पाइन्छ । यस क्रममा शासकीय पक्षबाट प्रस्तावित र आयोजित 'सर्वपक्षीय छलफल'लाई परिधीय शक्तिले चाहे अनुसार 'गोलमेच सम्मेलन' मान्न सकिने तर्क गर्दै र दुवै शक्तिका कमजोरीलाई औंल्याउँदै सम्बोधकले निर्वाचनबाट निर्माण हुने 'संविधानसभा' लाई 'शक्तिशाली संस्था' बनाउनपर्ने राय दिएको पाइन्छ । यसमा दुवै पक्षले भनेजस्तो देखिने गरी समाधानका उपाय सुझाइएको र संविधानसभा निर्वाचनमा सबैको समेटाइलाई लक्ष्य बनाएर शक्तिशाली सामाजिक समूहद्वारा स्थापित सत्यको तात्पर्यलाई वहन गरेको देखिन्छ । यसमा प्रयुक्त 'अरू दल' मा निर्वाचन पक्षीय दलहरूभित्र पनि भिन्नता, इतर र रिक्तताको सङ्केत पाइन्छ भने 'सरकार' परिवर्तन गर्नुपर्ने विषयका रूपमा भेटिन्छ । यसमा सम्बोधित शक्ति, घटना र विषय/वस्तुको संयोजनलाई हेर्दा शासकीय र परिधीय शक्तिका गुणदोष पर्गेल्न सक्ने, सीमान्तीकृतलाई समेट्न सक्ने, जनमानसलाई सुसूचित गर्न सक्ने कौशल र ज्ञानात्मक पहुँच धनात्मक रहेकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व पनि धनात्मक हुन पुगेको देखिन्छ ।

मंसिर ४ मा हुने दोस्रो संविधानसभा निर्वाचनको अन्तिम तयारीमा निर्वाचन आयोग र नेपाल सरकार जुटिरहेको अवस्थामा 'निर्वाचन सुरक्षा' को विषय अहिले सर्वाधिक महत्वपूर्ण विषयका रूपमा उठेको छ । २०६४ सालमा भएको संविधानसभाको निर्वाचन र २०७० साल मंसिरमा हुन लागेको निर्वाचनको सुरक्षा

चुनौतीमा केही फरक छ । यसको अर्थ अहिले सुरक्षा चुनौती नै छैन भन्ने होइन । सङ्क्रमणकालीन अवस्थामा रहेका हरेक देशका निर्वाचनमा सुरक्षाका चुनौती हुन्छन् नै । नेपालको पछिल्लो राजनीतिक अवस्था मतदानका दिनसम्म यही रूपमा जाने हो भने सुरक्षाको प्रश्न झन पेचिलो बन्ने अनुमान गर्न सकिन्छ । निर्वाचन स्वच्छ, निष्पक्ष, भयरहित र आमस्वीकार्य हुनका लागि राज्यले भरपर्दो सुरक्षा व्यवस्था गर्नुपर्छ, त्यसमा कुनै कन्जुस्याइँ गर्नै मिल्दैन । अहिले सरकारले एकीकृत सुरक्षा योजना निर्माण गरिरहेको र ४५ हजार म्यादी प्रहरी भर्नाका लागि आयोगले सहमति प्रदान गरेको अवस्था छ । देशका १० हजार १७ मतदान स्थल र १८ हजार ४४३ मतदान केन्द्रमा सुरक्षा प्रदान गर्नु चानचुने कुरा होइन । मतदाताको अधिकारको सुरक्षा गर्ने दायित्व राज्यको हो । कुनै मतदान केन्द्र वा वरिपरि कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई मतदातालाई मतदानबाट बञ्चित गर्ने कार्य हुन सक्छन् । यस्ता कार्यलाई रोकेर सुरक्षाको सुनिश्चितता हुनैपर्छ । (उदाहरण नं. ४, परिशिष्ट ४, पाठ सङ्केत ख३२)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : निर्वाचन आयोग र नेपाल सरकार, राज्य, सरकार, आयोग ।

सम्बद्ध घटना : निर्वाचनको अन्तिम तयारी, एकीकृत सुरक्षा योजना निर्माण, म्यादी प्रहरी भर्नाका लागि सहमति ।

सम्बद्ध विषय/वस्तुहरू : 'निर्वाचन सुरक्षा', संविधानसभाको निर्वाचन, निर्वाचनको सुरक्षा चुनौती, सङ्क्रमणकालीन अवस्था, नेपालको पछिल्लो राजनीतिक अवस्था, मतदान, निर्वाचनमा स्वच्छता, निष्पक्षता, भयरहितता र आमस्वीकार्यता, सुरक्षा व्यवस्था, मतदान स्थल, मतदान केन्द्र, मतदाताको अधिकारको सुरक्षा, राज्यको दायित्व, विसङ्गति, अनियमितता, धाँधली, डर त्रास, मतदातालाई मतदानबाट बञ्चिति, सुरक्षाको सुनिश्चितता ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचनको अन्तिम तयारीमा निर्वाचन सुरक्षा विषयक प्रतिनिधित्वको आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १८२ शब्दबाट बनेका ११ वाक्यहरू रहेका छन् । यस संरचनामा निर्वाचन आयोग र नेपाल सरकार निर्वाचन पक्षधर शक्ति र तिनलाई बुझाउने मतदाता, म्यादी प्रहरी जस्ता समूहहरू विषयका रूपमा प्रत्यक्ष सम्बोधित देखिन्छन् भने निर्वाचनको विपक्षमा रहेका शक्ति र समूहहरू अप्रत्यक्ष सम्बोधित रहेको पाइन्छ । यसमा निर्वाचन तयारी र सुरक्षा विषयसँग सम्बन्धित केन्द्रीय शक्ति र तिनका पक्षधरहरू प्राथमिकतामा रहेको र प्रतिरोधी शक्ति भने पहिचानको रिक्ततासाथ सम्भाव्य कार्यबाट मात्र उल्लिखित भएको पाइन्छ । निर्वाचन सुरक्षाको विषयसँग सत्तामा रहेका प्रभुत्वशाली पक्ष सम्बोधित रहेको तर परिधिमा रहेको प्रतिरोधी शक्तिको लागि

'मतदातालाई मतदानबाट वञ्चित गर्ने कार्य' का साथै 'विसङ्गति, अनियमितता, धाँधली, डर त्रास' देखाउने सम्भावनामा सीमित गरी पहिचानमा रिक्तता रहेको पाइन्छ। यसले सम्बोधक पक्षमा हुनुपर्ने सन्तुलन, समन्वयकारी चेत र मध्यस्थताको भूमिका गौण बनाएको पाइन्छ। प्रारम्भ वाक्यमा रहेको प्रस्थापना र अन्तिम वाक्यमा भाव सङ्गति देखिए पनि बिचका कतिपय वाक्यमा सङ्गति भेटिँदैन। 'यसको अर्थ अहिले सुरक्षा चुनौती नै छैन भन्ने होइन।', 'सुरक्षाको प्रश्न झन पेचिलो बन्ने अनुमान गर्न सकिन्छ।' र 'त्यसमा कुनै कन्जुस्याइँ गर्नै मिल्दैन।' जस्ता वाक्य र वाक्यांशको असङ्गत प्रयोग भएको बुझिन्छ। यिनमा वस्तुनिष्ठताको अभाव र आग्रही भाव पाइन्छ। निर्वाचन तयारीमा भएका घटना र तथ्यपरक सूचनामा पहुँच हुँदाहुँदै पनि सही ठाउँमा सही सूचनाको प्रयोग नभएकाले सम्बोधकको विचारधारात्मक अभ्यास अर्थावरोधी र अविश्वसनीय देखिन्छ। ज्ञान र सूचनाको संयोजनमा विभिन्न कमजोरीका कारण सम्पादकीयमा संस्थागत बौद्धिक प्रभुत्व ऋणात्मक हुन पुगेको पाइन्छ।

> राष्ट्रपति रामवरण यादवले पहिलो संविधानसभामा प्रतिनिधित्व गरेका सबै राजनीतिक दलहरू, तिनबाट बनेका नयाँ दलहरूसमेतलाई छलफलका निम्ति शुक्रबार शीतलनिवास डाकेका छन्। समकालीन राजनीतिका गतिरोध हटाउन र आसन्न निर्वाचन सफल पार्न नेतृत्वदायी सक्रिय भूमिका खेल्ने सुविधा अन्तरिम संविधानले राष्ट्रपतिलाई दिएको छैन। तर, उनको सहजीकरणमा यदि प्रमुख राजनीतिक शक्तिहरू मेलमिलापको बाटोमा फर्कन्छन् र चुनाव सुनिश्चित हुन्छ भने त्यो समाधानमुखी प्रयास नै ठहर्नेछ। खासगरी चुनावी प्रक्रियाबाट अलग रहेको मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीलाई मूल प्रवाहमा सामेल गर्ने/हुने ढोका यसले खोल्न सक्छ। यस अर्थमा शीतलनिवासमा गर्न लागिएको सर्वदलीय भेलालाई वैद्य पक्षले भनिआएको गोलमेच सम्मेलनकै प्रारम्भिक खाका पनि मान्न सकिन्छ। यद्यपि यसलाई त्यस किसिमले अगाडि बढाउने वा नबढाउने भन्ने कुरा दलहरू शुक्रबार कसरी प्रस्तुत हुन्छन् भन्नेमै निर्भर छ। (उदाहरण नं. ५, परिशिष्ट ४, पाठ सङ्केत क३०)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : राष्ट्रपति रामवरण यादव, पहिलो संविधानसभामा प्रतिनिधित्व गरेका सबै राजनीतिक दलहरू, तिनबाट बनेका नयाँ दलहरूसमेत, प्रमुख राजनीतिक शक्तिहरू, मोहन वैद्य नेतृत्वको नेकपा-माओवादी, वैद्य पक्ष, दलहरू।

सम्बद्ध घटना : छलफलका निम्ति डाक्नु।

सम्बद्ध विषय/वस्तुहरू : राजनीतिक गतिरोध, आसन्न निर्वाचनको सफलता, नेतृत्वदायी सक्रिय भूमिका खेल्ने सुविधा, अन्तरिम संविधान, सहजीकरण, मेलमिलाप, चुनावको सुनिश्चितता, चुनावी प्रक्रिया, समेटाइ, सर्वदलीय भेला, गोलमेच सम्मेलन, दलीय प्रस्तुति।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा छलफलका निम्ति शितलनिवास डाकिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ। यस अनुच्छेदको संरचना कुल ११८ शब्दबाट बनेका छ वटा वाक्यहरू रहेका छन्। यस संरचनामा राष्ट्रपति रामवरण यादव, सबै राजनीतिक दलहरू, तिनबाट बनेका नयाँ दलहरूसमेत, प्रमुख राजनीतिक शक्तिहरू र दलहरू निर्वाचन पक्षधर र केन्द्रीय शक्तिका प्रतिनिधिका रूपमा देखिन्छन्। केन्द्रीय शक्तिमा पनि प्रमुख, भिन्न र इतरको प्रतिनिधित्व पाइन्छ। मोहन वैद्य नेतृत्वको नेकपा-माओवादी र वैद्य पक्ष निर्वाचनको विपक्षमा रहेको परिधीय शक्तिको प्रतिनिधिका रूपमा भेटिन्छन्। यसमा राष्ट्रपति रामवरण यादव सर्वोच्च पदमा रहेर शक्तिको अभ्यास गर्ने 'समकालीन राजनीतिको गतिरोध हटाउन र आसन्न निर्वाचन सफल पार्न नेतृत्वदायी सक्रिय भूमिका' खेल्दै गरेका देखिन्छन्। उनको 'सर्वदलीय भेला गर्ने' कदमलाई सम्बोधक पक्षले 'प्रमुख राजनीतिक दलहरू मेलमिलापको बाटोमा फर्कन्छन् र चुनाव सुनिश्चित हुन्छ भने त्यो समाधानमुखी नै ठहर्ने' विचार व्यक्त गरेको पाइन्छ। यस्तो विचारलाई 'खासगरी चुनावी प्रक्रियाबाट अलग रहेको मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीलाई मूल प्रवाहमा सामेल गर्ने/हुने' सम्भावनासँग जोडिएको पाइन्छ। यसमा 'सर्वदलीय भेला' लाई 'गोलमेच सम्मेलनकै प्रारम्भिक खाका' मान्न सकिने तर्क गरी परिधीय शक्तिलाई र 'दलहरू' प्रस्तुत हुने तरिकामा निर्भर हुने कुरा उठाएर केन्द्रीय शक्तिलाई सन्तुलनमा राख्न खोजिएको पाइन्छ। 'अन्तरिम संविधान' को सन्दर्भले ज्ञानात्मक पहुँच, 'मेलमिलाप' र 'चुनाव सुनिश्चित हुन्छ भने' ले ससर्त समाधानमुखी विचार प्रकट गरेको पाइन्छ। प्रस्तुत विचारधारात्मक अभ्यासमा ज्ञानात्मक पहुँच, तार्किक शैली, अर्थावरोधहीनता, वस्तुगतता, समेटाइ भाव र समन्वयकारी भूमिका देखिने हुनाले सम्बोधक पक्षको विचारधारात्मक अभ्यास र संस्थागत बौद्धिक प्रभुत्व धनात्मक रहेको पाइन्छ।

> संविधानसभाको निर्वाचन सम्पन्न गर्न वा सर्वसम्मत बनाउन सबैको सहभागिता चाहिएको हो। बिथोल्न र बिगार्न धेरै शक्ति चाहिँदैन, सानै शक्तिले पनि निर्वाचनको वातावरण अशान्त बनाउनसक्ने सम्भावनालाई उपेक्षा गर्न मिल्दैन। मुलुकका सबै राजनीतिक शक्ति र नेपाली जनता निर्वाचनका लागि तयार छन् तर नेकपा-माओवादी मुलुकको समग्र इच्छामाथि व्यवधान बनेर उभिएको छ। राजनीतिक समितिले गरेको प्रयास र जनताले माओवादीलाई चुनावमा समेट्नुपर्छ भनी व्यक्त गरेको आग्रहलाई नेकपा-माओवादीले अत्यन्त उपेक्षा गरेको छ। जनभावनालाई उपेक्षा गर्ने दलको भविष्य रहँदैन भन्ने ऐतिहासिक तथ्य बेलैमा सबैले बुझ्नु दीर्घ जीवनको अपेक्षा गर्नेहरूलाई आवश्यक छ। दोस्रो संविधानसभाका लागि मतदानको मिति धेरै दिन बाँकी नरहेको अवस्थामा संवैधानिक लगायतका प्रक्रिया पूरा गर्न सरकार र राजनीतिक समितिले अब ढिला गर्नुहुँदैन। (उदाहरण नं. ६, परिशिष्ट ४, पाठ सङ्केत ख३३)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : मुलुकका सबै राजनीतिक शक्ति र नेपाली जनता, नेकपा-माओवादी, राजनीतिक समिति, जनता, माओवादी, जनभावनालाई उपेक्षा गर्ने दल, सबै, दीर्घ जीवनको अपेक्षा गर्नेहरू, सरकार र राजनीतिक समिति ।

सम्बद्ध घटना : व्यवधान र प्रक्रिया पूरा गर्नमा ढिलाइ हुनु ।

सम्बद्ध विषय/वस्तुहरू : संविधानसभाको निर्वाचन, सबैको सहभागिता, सर्वसम्मति, निर्वाचनको वातावरण अशान्त बनाउनसक्ने सम्भावना, व्यवधान, समेटाइ, दलीय भविष्य, दोस्रो संविधानसभा, मतदानको मिति धेरै दिन बाँकी नरहेको अवस्था, संवैधानिक लगायतका प्रक्रिया, ढिलाइ ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संविधानसभा निर्वाचनमा सबैको सहभागिता आवश्यक भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ। यस अनुच्छेदको संरचनामा कुल ११४ शब्दबाट बनेका छ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिमध्ये मुलुकका सबै राजनीतिक शक्ति, नेपाली जनता, राजनीतिक समिति, जनता, सरकार र राजनीतिक समिति निर्वाचन पक्षधर र केन्द्रीय शक्ति समूहमा देखिन्छन् भने नेकपा-माओवादी र जनभावनालाई उपेक्षा गर्ने दल निर्वाचनको विपक्षमा रहेको परिधीय शक्ति समूहको रूपमा भेटिन्छ। यसमा सम्बोधित 'दीर्घ जीवनको अपेक्षा गर्नेहरू' शक्तिको स्थान नखुलेका अवस्थामा भेटिन्छन् । सम्बोधक पक्षले 'संविधानसभाको निर्वाचन सम्पन्न गर्न वा सर्वसम्मत बनाउन सबैको सहभागिता चाहिएको' तर्कसहित उठान गरेको अनुच्छेदको प्रारम्भमा 'निर्वाचन सम्पन्न गर्न' पदावलीको विकल्पमा 'सर्वसम्मत बनाउन' पदावली प्रयोग पाइन्छ। यसले समाजमा स्थापित सत्यको तात्पर्य वहन गरेको पाइँदैन । यस्तै, 'मुलुकका सबै राजनीतिक शक्ति र नेपाली जनता निर्वाचनका लागि तयार' भएको 'तर नेकपा-माओवादी' व्यवधान बनेको तथ्यका बिचमा असङ्गतिपूर्ण इतर भाव देखिन्छ। विभिन्न विशेषणयुक्त नामिक प्रतिनिधित्वको प्रयोगबाट केन्द्रीय र परिधीय शक्तिका बिचमा विग्रह र असन्तुलनलाई बल दिएको देखिन्छ। साथै, 'धेरै', 'सानै', 'सबै' शब्दमा रहेका रिक्तता र 'दीर्घ जीवनको अपेक्षा गर्नेहरू' जस्ता अनावश्यक विशेषणहरूले वस्तुनिष्ठता र सङ्गतिमा आघात पुऱ्याएको पाइन्छ। यसमा सम्प्रेषित अनर्थकारी भावले अविश्वसनीयता बढाएकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व ऋणात्मक हुन पुगेको पाइन्छ।

> दलहरू चुनावी बाटोमा बढ्दै गर्दा अब तीव्रतासाथ बढाउनुपर्ने अर्को विषय हो, चुनावी घोषणापत्र निर्माण। दसैं-तिहारजस्ता चाडपर्व नजिकिँदै गरेकाले चुनावी प्रचारका कार्यक्रम केही कम भए पनि त्यसलगत्तै चुनावी गतिविधिले तीव्रता पाउनेछ। त्यसअघि नै दलहरूले आफ्नो घोषणापत्र निर्माण गरिसक्नुपर्छ। घोषणापत्रमा दलहरूले विगतको संविधानसभाले सल्टाउन नसकेका विषय जस्तो संघीयता, शासकीय स्वरूपलगायतमा प्रष्ट धारणा अघि सार्न सक्नुपर्छ। मुलुक यतिबेला ठूलो राजनीतिक र संवैधानिक संकटमा छ। यो संकटबाट पार पाउने हामीसँग रहेको एउटै विकल्प निर्वाचन हो।

लोकतन्त्रलाई संस्थागत गर्ने मुख्य आधार निर्वाचन मात्रै हो। त्यसकारण यो निर्वाचनलाई हरेक राजनीतिक दलले अग्रगामी व्यवस्था संस्थागत गर्ने अन्तिम अवसरका रूपमा उपभोग गर्नुपर्छ। समयमै चुनाव नहुँदा अतिवादी जोखिम बढ्न सक्छ र प्राप्त अग्रगामी उपलब्धि गुम्न सक्छ भन्नेमा सबै संवेदनशील हुँदै बन्दै गरेको चुनावी माहोललाई थप चुनावमय बनाउनेतर्फ अग्रसर हुनु आवश्यक छ। ( उदाहरण नं. ७, परिशिष्ट ४, पाठ सङ्केत क३८)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : दलहरू, हरेक राजनीतिक दल।

सम्बद्ध घटना : दसैं-तिहारजस्ता चाडपर्व नजिकिँदै गरेको, चुनावी प्रचारका कार्यक्रम केही कम भएको, घोषणापत्र निर्माण नभएको र चुनावी माहोल बन्दै गरेको।

सम्बद्ध विषय/वस्तुहरू : चुनावी घोषणापत्र निर्माण, चुनावी गतिविधिको तीव्रता, विगतको संविधानसभाले सल्टाउन नसकेका विषय, संघीयता, शासकीय स्वरूपलगायत, राजनीतिक र संवैधानिक संकट, निर्वाचन, लोकतन्त्र, अग्रगामी व्यवस्था, अतिवादी जोखिम, अग्रगामी उपलब्धि।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा चुनावी घोषणापत्र निर्माणमा तीव्रता जरुरी भएको प्रतिनिधित्वका आधारमा.वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ। यस अनुच्छेदको संरचनामा कुल १३२ शब्दबाट बनेका नौ वाक्यहरू रहेका छन्। यस संरचनामा दलहरू, हरेक राजनीतिक दलहरू, हामी, सबैमा निर्वाचन पक्षधर केन्द्रीय शक्ति सम्बोधित देखिन्छन्। विपक्षमा रहेको परिधीय शक्ति विषयका रूपमा रहेको 'अतिवादी जोखिम' पदावलीमा रहेकाले अप्रत्यक्षतः सङ्केतित पाइन्छ। मूलतः 'निर्वाचन घोषणापत्र निर्माण' को केन्द्रीयतामा 'संघीयता, शासकीय स्वरूपलगायत' जस्ता द्वन्द्वका गूढ विषयका साथै 'राजनीतिक र संवैधानिक संकट', 'लोकतन्त्र', 'अग्रगामी व्यवस्था', 'अतिवादी जोखिम', 'अग्रगामी उपलब्धि' जस्ता शब्द र पदावलीमा शक्तिशालीद्वारा स्थापित सत्यको तात्पर्य वहन भएको भेटिन्छ। यसमा क्रमशः दसैं-तिहारजस्ता चाडपर्व नजिकिँदै गरेको, चुनावी प्रचारका कार्यक्रम केही कम भएको, घोषणापत्र निर्माण नभएको र चुनावी माहोल बन्दै गरेको घटनामा संयोजित विचारले परिस्थितिको जटिलतालाई सहजतातिर फर्काउन खोजेको पाइन्छ। यस क्रममा निर्वाचनलाई संकटबाट पार पाउने 'हामीसँग रहेको' 'एउटै विकल्प' भनी 'लोकतन्त्रलाई संस्थागत गर्ने', 'अग्रगामी व्यवस्था संस्थागत गर्ने अन्तिम अवसर' का रूपमा 'उपभोग' गर्न सुझाइएको पाइन्छ। यसमा 'उपभोग' शब्द अनुपयुक्त र 'हामीसँग रहेको' पदावली अनावश्यक रहेकाले आंशिक अर्थावरोध देखिन्छ। मुलुकको वृहत्तर स्वार्थका लागि निर्वाचनमा आफ्नो पक्षधरता समेत देखाएको सम्बोधक पक्षले केन्द्रीय र परिधीय

शक्तिमा सहभागी भएकाहरूको गुणदोष पहिचान गर्ने, सचेत गर्ने र सुझाव दिने भूमिका निर्वाह गरेको पाइन्छ। विशेष गरी ज्ञानात्मक पहुँच र वैचारिक स्पष्टताले सम्पादकीयको संस्थागत बौद्धिक प्रभुत्वलाई धनात्मक बनाएको मान्न सकिन्छ।

> विद्रोही वा स्वतन्त्र उम्मेदवार बन्न पाउने हक लोकतन्त्रमा सबैलाई उपलब्ध छ। विचारको राजनीति गर्नेहरूले विचार त्यागेर अवसरको पछाडि मात्रै दगुर्ने कुरा त्यति सहज लाग्दैन। अनुभव सँगालिँदै जाँदा आफू हिँडेको बाटो वा राजनीति(क?) दर्शनसँग विमति भएर दल परिवर्तन गर्ने वा विद्रोही हुने कुरा राजनीतिमा अन्यथा मानिँदैन तर चुनावको चहलपहल शुरू भएपछि दलबदलु र विद्रोहीहरूको ओइरो लाग्न शुरु हुन्छ। यसमा राजनीतिक आदर्श नभएर लोभ, पाप वा पद र पैसाको करामतले काम गरेको पाइन्छ। राजनीतिक दलहरूमा विद्रोही बढ्नु निष्ठा र सिद्धान्तको राजनीति स्खलित हुनुको प्रतिविम्ब हो भने बढी विद्रोही हुँदा संविधानसभा, संसद्मा कुनै पनि दलको बहुमत कायम हुन नसक्ने अवस्था आउने सम्भावना पनि बढ्छ। बढ्दो अवसरवादी, व्यक्तिवादी र आपराधिक मनोवृत्तिले गाँजेको राजनीतिक मनोदशा मुलुकमा केही वर्षयता निकै बढेको सङ्केत नै विद्रोही उम्मेदवारको भीड बढ्नु हो। प्रायः विद्रोही उम्मेदवारले राजनीतिक आदर्श प्राप्तिका लागि अथवा वैचारिक उत्थानका लागि विद्रोह गरेको नभेटिए पनि टिकट बाँड्ने दलका नेताहरूले निष्ठालाई सम्मान गर्न नसकेका कारण पनि दुःखी भएर विद्रोह गर्नेहरू पनि छन्। जीवनभरको राजनीतिक यात्रालाई दाउमा थापेर विद्रोह गर्ने पीडितहरू र राजनीतिमा लाग्ने बित्तिकै पद वा अवसर नपाएर विद्रोह गर्नेहरूको मूल्याङ्कन भिन्न भिन्न कोणबाट गरिनुपर्ने भए पनि विद्रोही संस्कारले मुलुकको राजनीति, राजनीतिक स्थिरता र चरित्रलाई मद्दत नगर्ने निश्चित छ। (उदाहरण नं. ८, परिशिष्ट ४, पाठ सङ्केत ख४३)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : विद्रोही वा स्वतन्त्र उम्मेदवार, सबै, विचारको राजनीति गर्नेहरू, दलबदलु र विद्रोहीहरू, कुनै पनि दल, विद्रोही उम्मेदवार, टिकट बाँड्ने दलका नेताहरू, दुःखी भएर विद्रोह गर्नेहरू, जीवनभरको राजनीतिक यात्रालाई दाउमा थापेर विद्रोह गर्ने पीडितहरू र राजनीतिमा लाग्ने बित्तिकै पद वा अवसर नपाएर विद्रोह गर्नेहरू।

सम्बद्ध घटना : विचार त्यागेर अवसरको पछाडि मात्रै दगुर्नु, विद्रोही हुनु, चुनावको चहलपहल शुरू हुनु, राजनीतिक दलहरूमा विद्रोही बढ्नु, अवसरवादी बढ्नु, व्यक्तिवादी र आपराधिक मनोवृत्तिले गाँज्नु, विद्रोही उम्मेदवारको भीड बढ्नु, निष्ठालाई सम्मान गर्न नसक्नु।

सम्बद्ध विषय/वस्तुहरू : विद्रोही वा स्वतन्त्र उम्मेदवार बन्न पाउने हक, लोकतन्त्र, राजनीति(क?) दर्शन,

विमति, दल परिवर्तन, राजनीति, राजनीतिक आदर्श, लोभ, पाप वा पद र पैसाको करामत, निष्ठा र सिद्धान्तको राजनीति, संविधानसभा, संसद्, बहुमत कायम हुन नसक्ने अवस्था आउने सम्भावना, राजनीतिक मनोदशा, राजनीतिक आदर्श, वैचारिक उत्थानका लागि विद्रोह, मूल्याङ्कन, विद्रोही संस्कार, मुलुकको राजनीति, राजनीतिक स्थिरता र चरित्र ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा लोकतन्त्रमा उम्मेदवारीको हक सबैलाई भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १९८ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिमध्ये 'राजनीतिक दलहरू', 'कुनै पनि दल', र 'टिकट बाँड्ने दलका नेताहरू' शक्तिको केन्द्रमा रहेको पाइन्छ भने बाँकी सबै सम्बोधितहरू शक्तिको परिधिमा रहेका प्रतिरोधी शक्तिका रूपमा चिनाइएका छन् । अधिकांशतः विशेषणयुक्त शक्ति समूह सम्बोधित देखिन्छन् । सम्बोधितहरूसँग विचार त्यागेर अवसरको पछाडि मात्रै दगुर्नु, विद्रोही हुनु, चुनावको चहलपहल शुरू हुनु, राजनीतिक दलहरूमा विद्रोही बढ्नु, बढ्दो अवसरवादी, व्यक्तिवादी र आपराधिक मनोवृत्तिले गाँज्नु, विद्रोही उम्मेदवारको भीड बढ्नु, निष्ठालाई सम्मान गर्न नसक्नु जस्ता घटनाका साथै लोकतन्त्र, राजनीति(क?) दर्शन, दल परिवर्तन, चुनावको चहलपहल, राजनीतिक आदर्श, लोभ, पाप वा पद र पैसाको करामत, निष्ठा र सिद्धान्तको राजनीति, संविधानसभा, संसद्, बहुमत कायम हुन नसक्ने अवस्था आउने सम्भावना, अवसरवादी, व्यक्तिवादी र आपराधिक मनोवृत्तिले गाँजेको राजनीतिक मनोदशा, विद्रोही उम्मेदवारको भीड, राजनीतिक आदर्श, वैचारिक उत्थान, निष्ठालाई सम्मान, राजनीतिक यात्रा, मूल्याङ्कन, विद्रोही संस्कार, मुलुकको राजनीति, राजनीतिक स्थिरता र चरित्र जस्ता विषयहरू सम्बद्ध रहेको पाइन्छ । यसमा निर्वाचन पक्षधर विभिन्न दलभित्र उम्मेदवारी दिने र चाहनेका बिचमा भएको शक्ति सङ्घर्षको प्रतिनिधित्व भेटिन्छ । यसलाई प्रस्तुत गर्ने क्रममा समन्वय र सन्तुलनभन्दा विग्रह र असन्तुलन ल्याउने वैचारिक अभ्यास भएको देखिन्छ । यसमा सम्बोधक पक्षले दलका टिकट बाँड्ने नेताले गरेको वा गर्न सक्ने शक्तिको दुरुपयोगप्रति खबरदारीको तुलनामा विद्रोह गरी जनतामा जान चाहने उम्मेदवारलाई बढी दोषी देखाएर परिधीय शक्तिलाई उम्मेदवार हुन पाउने अधिकारबाट वञ्चित गरी चुनावी धेराबाट बाहिर धकेल्ने प्रयास भएको पाइन्छ । विद्रोह गर्नेलाई अधिकांश वाक्यमा नकारात्मक विशेषणयुक्त विभिन्न खालका नामहरू दिइएको तथ्यले यसको पुष्टि गर्दछ । यद्यपि, अनुच्छेदको प्रारम्भमै विद्रोहीको विकल्पमा स्वतन्त्र उम्मेदवार अर्थ लाग्ने नामको प्रयोग हुनु, सम्बोधितलाई दिइएको नाममा समेत सही शब्द सही स्थानमा प्रयोग नहुनु, अनर्थ प्रकट हुने गरी शब्द तथा पदावलीको संयोजन गरिनु, आवश्यकभन्दा धेरै घटना र विषय/वस्तु समेटिनु जस्ता अर्थावरोधले सम्पादकीयलाई वस्तुनिष्ठ, तार्किक, सन्तुलित र स्तरीय हुन दिएको पाइँदैन । यसबाट सम्बोधक पक्षको बौद्धिक प्रभुत्वमा ऋणात्मकता भारी भएको देखिन्छ ।

दलहरूको आर्थिक स्रोतबारेमा विगतमा पनि पटक-पटक बहस भएको छ । २०५८ सालमा तत्कालीन सरकारले दलहरूको चुनावी खर्च पारदर्शी बनाउन भनेर ल्याएको राजनीतिक दलसम्बन्धी विधेयक वा २०६० सालमा तत्कालीन अर्थमन्त्री प्रकाशचन्द्र लोहनीले पनि बजेटमै निर्वाचन आयोगमा दर्ता राष्ट्रिय

मान्यताप्राप्त दललाई अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा प्राप्त गरेको मतको आधारमा प्रतिमत २० रुपैयाँका दरले अनुदान दिने घोषणा आदिमा सबै दलबीच सहमति बन्न नसक्दा कार्यान्वयन हुन सकेन । जसले गर्दा अहिले पनि दलहरूको हिसाब किताब पारदर्शी बनाउने कुरा हाम्रालागि ठूलो चिन्ता र चुनौतीको विषय भएको छ । त्यसकारण आसन्न चुनाव त्यस्तो चुनौती सामना गर्ने अर्को अवसर भएर आएको छ । निर्वाचन आयोगबाट दलहरूको चुनावी खर्चको गम्भीर अनुगमन एकातिर आवश्यक छ भने अर्कोतर्फ स्वयं दलहरू पनि जिम्मेवार हुँदै चुनावी खर्च भड्किलो होइन, पारदर्शी बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । (उदाहरण नं. ९,परिशिष्ट ४, पाठ सङ्केत क४२)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : दलहरू, तत्कालीन सरकार, तत्कालीन अर्थमन्त्री प्रकाशचन्द्र लोहनी, निर्वाचन आयोग, राष्ट्रिय मान्यताप्राप्त दल, सबै दल ।

सम्बद्ध घटना : दलहरूको हिसाब किताब पारदर्शी बनाउन पटक पटक वहस हुनु, चिन्ता र चुनौती बन्नु, २०६० सालको बजेटमै घोषणा हुनु र कार्यान्वयन हुन नसक्नु ।

सम्बद्ध विषय/वस्तुहरू : दलहरूको आर्थिक स्रोत, चुनावी खर्चको पारदर्शिता, राजनीतिक दलसम्बन्धी विधेयक, अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा प्राप्त गरेको मतको आधारमा अनुदान दिने घोषणा, दलीय सहमतिको अभाव, आसन्न चुनाव, चुनावी चुनौती सामना गर्ने अर्को अवसर, चुनावी खर्चको गम्भीर अनुगमनको आवश्यकता, दलीय जिम्मेवारी ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा दलहरूको आर्थिक स्रोतबारे पटक-पटक बहस भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास भएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १२२ शब्दबाट बनेका पाँच वाक्यहरू रहेका छन् । यस संरचनामा दलहरू शक्तिको केन्द्रमा र निर्वाचन आयोग शक्तिको परिधिमा रहेको पाइन्छ । यसमा मितव्ययिताका साथै चुनाव खर्चलाई पारदर्शी बनाउन चाहने शक्ति र यसको विपक्षमा कार्यरत शक्ति बिचको सङ्घर्षको प्रतिनिधित्व पाइन्छ । प्रस्तुतिका क्रममा दलहरूको प्रभुत्वलाई सही र सन्तुलित स्थानमा ल्याउन निर्वाचन आयोगले खर्चको अनुगमन गर्नुपर्ने विचारलाई अघि सारिएको र आयोगले गर्नुपर्ने कार्यलाई बल दिन नियमनकारी दस्तावेजमा ‘राजनीतिक दलसम्बन्धी विधेयक’, भूतप्रभावी अभ्यासकर्तामा ‘तत्कालीन सरकार’ र कर्ताको वैयक्तिक छविमा ‘अर्थमन्त्री प्रकाशचन्द्र लोहनी’लाई समेत प्रयोग गरिएको देखिन्छ । यसबाट परिधीय शक्तिलाई केन्द्रतिर जान प्रेरित गर्ने र शक्तिलाई सन्तुलनमा ल्याउन जोड दिने विषय/वस्तुको समावेशीका साथै ज्ञानात्मक पहुँच प्रकट भएको पाइन्छ । यसमा ‘हाम्रा लागि’ पदावली अर्थावरोधका रूपमा देखिए पनि अधिकांशतः सरल, स्पष्ट, वस्तुनिष्ठ ज्ञानात्मक

पहुँचले पूर्ण, तार्किक, सन्तुलित र स्तरीय प्रस्तुति रहेको देखिन्छ । यिनै गुणका कारण सम्बोधक पक्षको वैचारिक प्रभुत्व सबल रहेको पाइन्छ ।

> संविधानसभा निर्वाचनलाई कम खर्चिलो बनाउने पहल निर्वाचन आयोगले गरेको छ। यस अघि आचारसंहिता जारी गरेर उम्मेदवारहरूले चुनाव प्रचार प्रसारको सिलसिलामा खर्च गर्न पाउने रकमको सीमा तोकेको आयोगले अहिले तडकभडकपूर्ण प्रचार सामग्री र भोजभतेरमा समेत निषेध गरेको छ। निर्वाचन आयोगले चुनावलाई धाँधली र भयरहित एवं निष्पक्ष बनाउने कार्यलाई प्राथमिकतामा राखे जस्तै चुनावलाई कम खर्चिलो बनाउनेतर्फ पनि ध्यान दिएको छ। राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूबाट निर्वाचन गतिविधिको अनुगमन गराएर आयोगले चुनावी वातावरणको मूल्याङ्कन गर्ने भएको छ भने आफूले निर्धारण गरेका मापदण्डलाई लागू गराउने विषयमा पनि ध्यान दिने नै छ। आचारसंहिता लगायतका मापदण्ड बनाउने तर त्यसको पालनाको विषयमा अनुगमन कडाइ नगर्ने हो भने चुनावमा प्रत्यक्ष संलग्न दलहरूले आयोगको निर्देशनलाई गम्भीरतापूर्वक पालना गर्लान् नै भनेर ढुक्क पर्न नसकिएला। यस कारण आफ्नो मापदण्ड पालना भए नभएको अनुगमन गरी मूल्याङ्कन गर्नुका साथै दिनुपर्नेलाई आवश्यक सुझाव र नसिहत दिने व्यवस्था गरिनु समीचीन हुन्छ। (उदाहरण नं. १०, परिशिष्ट ४, पाठ सङ्केत ख४४)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : निर्वाचन आयोग, उम्मेदवारहरू, राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू, चुनावमा प्रत्यक्ष संलग्न दलहरू,

सम्बद्ध घटना : संविधानसभा निर्वाचनलाई कम खर्चिलो बनाउने पहल, तडकभडकपूर्ण प्रचार सामग्री र भोजभतेरमा निषेध, चुनावलाई कम खर्चिलो बनाउनेतर्फ ध्यान,

सम्बद्ध विषय/वस्तुहरू : आचारसंहिता, चुनाव प्रचार प्रसार, खर्चको सीमा, धाँधली र भयरहित एवं निष्पक्ष चुनाव, निर्वाचन गतिविधिको अनुगमन, चुनावी वातावरणको मूल्याङ्कन, आचारसंहिता लगायतका निर्धारित मापदण्ड लागू र पालना, अनुगमनमा कडाइ, आयोगको निर्देशन पालना, सुझाव र नसिहत दिने व्यवस्था ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संविधानसभा निर्वाचनलाई कम खर्चिलो बनाउने पहल भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ। यस अनुच्छेदको संरचनामा कुल १४० शब्दबाट बनेका छ वाक्यहरू रहेका छन्। यस संरचनामा निर्वाचन आयोग शक्तिको केन्द्रमा र उम्मेदवारहरू तथा चुनावमा प्रत्यक्ष संलग्न दलहरू शक्तिको परिधिमा रहेको

पाइन्छ। यसमा निर्वाचन आयोग र उम्मेदवारहरू तथा चुनावमा प्रत्यक्ष संलग्न दलहरू बिचको शक्ति सङ्घर्षको प्रतिनिधित्व रहेको यस अनुच्छेदमा आयोगले संविधानसभा निर्वाचनलाई कम खर्चिलो बनाउने गरेको पहल, तडकभडकपूर्ण प्रचार सामग्री र भोजभतेरमा निषेध गरेको घटनासँग आचारसंहिता, चुनाव प्रचार प्रसार, खर्चको सीमा, धाँधली र भयरहित एवं निष्पक्ष चुनाव, निर्वाचन गतिविधिको अनुगमन, चुनावी वातावरणको मूल्याङ्कन, आचारसंहिता लगायतका निर्धारित मापदण्ड लागू र पालना, अनुगमनमा कडाइ, आयोगको निर्देशन पालना, सुझाव र नसिहत दिने व्यवस्था जस्ता विषय/वस्तु सम्बद्ध रहेको पाइन्छ। 'निर्वाचन आयोग', 'आयोग' र 'आयोगको निर्देशन' जस्ता नाम र विषयगत शब्द र पदावलीको प्रयोग बाहुल्यमा आयोगप्रतिको पक्षधरता देखिन्छ। पक्षधरतालाई आयोगको कामसँग जोडिएको पछिल्लो घटनालाई 'पहल निर्वाचन आयोगले गरेको', 'आयोगले अहिले तडकभडकपूर्ण प्रचार सामग्री र भोजभतेरमा समेत निषेध गरेको', 'निर्वाचन आयोगले ... कार्यलाई प्राथमिकतामा राखेको', 'कम खर्चिलो बनाउनेतर्फ पनि ध्यान दिएको', 'अनुगमन गराएर आयोगले ... गर्ने भएको ... ध्यान दिने नै छ।' जस्ता अभिव्यक्तिले बल पुऱ्याएको पाइन्छ। अधिकांशतः निर्वाचन आयोगले गरेका र गर्नुपर्ने कामलाई लिएर गरिएको वैचारिक अभ्यासमा सम्बोधक पक्षले 'राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई' निर्वाचन आयोगकै कामलाई बल दिने शक्तिका रूपमा प्रयोग गरेको पाइन्छ भने 'उम्मेदवारहरू' र 'चुनावमा प्रत्यक्ष संलग्न दलहरू' लाई प्रतिरोधी शक्तिका रूपमा प्रस्तुत गर्दा 'दिनुपर्नेलाई' सङ्केतद्वारा भिन्न र इतरमा राखेको पनि देखिन्छ। यसमा रहेको ज्ञानात्मक पहुँच र वस्तुनिष्ठता जस्ता गुणलाई पक्षधरता, पुनरुक्ति र बिचमा रहेका अनावश्यक शब्द, पदावली र असङ्गत वाक्यले अर्थावरोध सिर्जना गरी बाधा पुऱ्याएको पाइन्छ। यसले सम्बोधक पक्षको बौद्धिक प्रभुत्वलाई अपेक्षाकृत कमजोर बनाएको बुझिन्छ।

> मुलुक गम्भीर संक्रमणकालमा छ। एकचोटी संविधानसभा असफल भई दोस्रोपटक त्यसको निर्वाचन हुन गइरहेको छ। निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्नु एउटा चुनौती छ भने त्यसपछि संविधान निर्माणको अर्को ठूलो चुनौती हाम्रासामु बाँकी छन्। यस्तो महत्वपूर्ण र संवेदनशील बखतमा बन्दजस्ता अनुचित विरोधका शैली अपनाइयो भने त्यसले आम जनजीवन र अर्थतन्त्रलाई त प्रभावित गर्छ नै, थप पुनः संविधान निर्माण प्रक्रियालाई प्रभावित गर्नसक्ने जोखिम हुन्छ। यस्ता थुप्रै जोखिमलाई न्यून गर्नका लागि सबै दल बन्दविरुद्ध एकमुख, एकजुट हुन आवश्यक छ। खासगरी प्रमुख राजनीतिक दलहरूले घोषणापत्र सार्वजनिक गर्दैगर्दा घोषणापत्रमै बन्द नगर्ने प्रण गर्नु अनिवार्य छ। (उदाहरण नं. ११, परिशिष्ट ४, पाठ सङ्केत क४३)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : आम जनजीवन, सबै दल, प्रमुख राजनीतिक दलहरू।

सम्बद्ध घटना : दोस्रोपटक संविधानसभाको निर्वाचनमा बन्द र विरोध

सम्बद्ध विषय/वस्तुहरू : मुलुकमा गम्भीर संक्रमणकाल, निष्पक्ष र भयरहित निर्वाचन, संविधानसभाको असफलता, संविधान निर्माणको चुनौती, महत्वपूर्ण र संवेदनशील बखत, बन्दजस्ता विरोधका शैली, अर्थतन्त्रमा प्रभाव, पुनः संविधान निर्माण प्रक्रियामा प्रभाव, जोखिम न्यूनीकरण, बन्दविरुद्ध एकमुखता र एकजुटता, घोषणापत्र सार्वजनिकीकरण, बन्द नगर्ने प्रणको अनिवार्यता ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा मुलुक गम्भीर संक्रमणकालमा रहेको प्रतिनिधित्वलाई प्रस्थापना गरी वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल ९६ शब्दबाट बनेका छ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित 'प्रमुख राजनीतिक दलहरू' र 'सबै दल' शक्तिको केन्द्रमा र बन्द आह्वानकर्ताहरू शक्तिको परिधिमा रहेर सङ्घर्षरत रहेको पाइन्छ । 'सबै दल' प्रमुख राजनीतिक दलकै सहकर्मीका रूपमा बुझिन्छन् भने 'आम जनजीवन' बन्दको दुस्प्रभाव पर्ने वर्गका रूपमा समेटिएका छन् । यसमा परिधीय शक्ति असम्बोधित रहेको छ र त्यो नामिक रिक्तताका कारण कार्यका आधारमा मात्र बुझिने देखिन्छ । यसमा दोस्रोपटक हुन लागेको संविधानसभाको निर्वाचन हुन नदिन बन्द गरी विरोध हुने घटनामा मुलुकको गम्भीर संक्रमणकाल, निष्पक्ष र भयरहित निर्वाचन, संविधानसभाको असफलता, संविधान निर्माणको चुनौती, महत्त्वपूर्ण र संवेदनशील बखत, बन्दजस्ता विरोधका शैली, अर्थतन्त्र र पुनः संविधान निर्माण प्रक्रियामा प्रभाव, जोखिम न्यूनीकरण, बन्दविरुद्ध एकता, घोषणापत्रमा बन्द नगर्ने प्रणको अनिवार्यता जस्ता विषय/वस्तुका प्रतिनिधित्व सम्बद्ध रहेका छन् । यसमा 'निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्न' बाधा पुऱ्याउने भएकाले बन्दलाई स्पष्टतः 'अनुचित विरोधका शैली' भनिएको पाइन्छ । यसमा सम्बद्ध विषय/वस्तुले केन्द्रमा रहेको लक्षित कार्य र परिधिबाट गरिने प्रतिरोधपूर्ण कार्यका बिचमा सकारात्मक र नकारात्मक प्रभाव प्रकट गरेको पाइन्छ । यसमा बन्द आह्वानकर्तादेखि 'प्रमुख राजनीतिक दलहरू' र 'सबै दल'सम्मलाई 'बन्द' का सन्दर्भमा समदूरीमा राखिएको देखिन्छ । दोस्रो वाक्यमा प्रयुक्त 'हाम्रासामु' अर्थावरोधी रहे पनि सम्पादकीयका अधिकांश शब्द, पदावली र वाक्यमा हुनुपर्ने संसक्ति र संयुक्तिमा सरलता, स्पष्टता, सङ्गति, ज्ञानात्मक पहुँच, वस्तुनिष्ठता, सन्तुलन र समन्वय जस्ता गुणहरू स्तरीय रहेका कारण सम्बोधक पक्षको बौद्धिक प्रभुत्व धनात्मक रहेको पाइन्छ ।

> यतिबेला राजनीतिक परम्परा अनुसार मुलुकका राजनीतिक दलहरूले जारी गरेका घोषणापत्रका विविध पक्षमध्ये आफूलाई रुचि लागेका पक्ष वा पेशासँग मेल खाने विधालाई लिएर सक्षम वर्गले अध्ययन विश्लेषण गर्न थालेका छन् । उद्योगी व्यवसायीहरूले सबै दलबाट अहिलेसम्म प्रस्तुत घोषणापत्रमा प्रस्ताव गरिएको आर्थिक मुद्दालाई कार्यान्वयन हुन नसक्ने भनी टिप्पणी गरेका छन् । विगतका अनुभवमा उभिएर हेर्ने हो भने राजनीतिक विषयमा पनि दलहरूले आफ्ना घोषणापत्र विपरीत गएर सहमति गरेका छन् भने विकाससम्बन्धी आश्वासनहरू पनि उपेक्षित भएका उदाहरण प्रशस्त पाइन्छन् । उनीहरूले मत आकर्षित गर्न प्रायः असम्भव योजना प्रस्तुत गरेको प्रतिक्रिया औपचारिक/अनौपचारिक रूपमा व्यक्त गर्न थालिएको छ । घोषणापत्र दलहरूको राजनीतिक प्रतिबद्धता हो । दलहरूले उच्च प्रतिबद्धता व्यक्त गर्नु वा विकासको सपना देखाउनु स्वाभाविक हो भने आफ्ना प्रतिबद्धतालाई कार्यान्वयन गर्नुपर्ने नैतिक

उत्तरदायित्व पनि उनीहरूको काँधमा रहन्छ । (उदाहरण नं. १२, परिशिष्ट ४, पाठ सङ्केत ख५२)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : उद्योगी व्यवसायीहरू, मुलुकका राजनीतिक दलहरू, सक्षम वर्ग, सबै दल, दलहरू,

सम्बद्ध घटना : घोषणापत्रको अध्ययन विश्लेषणको थालनी, कार्यान्वयन हुन नसक्ने टिप्पणी, मत आकर्षित गर्ने असम्भव योजना प्रस्तुत गरेको प्रतिक्रिया ।

सम्बद्ध विषय/वस्तुहरू : राजनीतिक परम्परा, घोषणापत्रमा प्रस्तावित आर्थिक मुद्दा,

विगतका अनुभव, राजनीतिक विषय, घोषणापत्र विपरीत सहमति, विकाससम्बन्धी आश्वासनको उपेक्षा, घोषणापत्र, राजनीतिक प्रतिबद्धता, विकासको सपना, प्रतिबद्धता कार्यान्वयन, नैतिक उत्तरदायित्व ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा उद्योगी व्यवसायीहरूले दलीय घोषणापत्रको विश्लेषण गरी प्रतिक्रिया दिएको प्रतिनिधित्वमा शक्तिको वैचारिक अभ्यास भएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १२२ शब्दबाट बनेका छ वाक्यहरू रहेका छन् । यस संरचनामा 'उद्योगी व्यवसायीहरू' र 'सक्षम वर्ग' शक्तिको केन्द्रमा रहेको र 'मुलुकका राजनीतिक दलहरू' ,'सबै दल', 'दलहरू', 'उनीहरू' शक्तिको परिधिमा रहेको देखिन्छ । यसमा सम्बद्ध राजनीतिक परम्परा, घोषणापत्रमा प्रस्तावित आर्थिक मुद्दा, विगतका अनुभव, राजनीतिक विषय, घोषणापत्र विपरीत सहमति, विकाससम्बन्धी आश्वासनको उपेक्षा, घोषणापत्र, राजनीतिक प्रतिबद्धता, विकासको सपना, प्रतिबद्धता कार्यान्वयन, नैतिक उत्तरदायित्व जस्ता विषय/वस्तुले 'मुलुकका राजनीतिक दलहरू', 'सबै दल', 'दलहरू', 'उनीहरू' निर्वाचनमा मत माग्ने आधारमा रूपमा लिइने घोषणापत्रको विश्वसनीयतामा भरपर्न नसकिने व्यवहार देखाएका कारण परिधीय हुन पुगेको र घोषणापत्रका बारेमा टिप्पणी र प्रतिक्रिया दिनसक्ने 'उद्योगी व्यवसायीहरू' लाई 'सक्षम वर्ग' बाट समेत सङ्केतित रहेकाले केन्द्रमा रहेको बुझिन्छ । यद्यपि, यसमा 'सक्षम वर्ग' को सम्बोधनबाट भिन्नतामा उपस्थित हुन आउने अक्षम वर्ग रिक्त र इतरमा परेको देखिन्छ । यसमा पक्षधरता, विग्रह र असन्तुलन रहेको पाइन्छ । यसका साथै, 'राजनीतिक परम्परा अनुसार', 'जारी गरेका', 'विविध पक्षमध्ये आफूलाई रुचि लागेका पक्ष वा पैशासँग मेल खाने विधालाई लिएर सक्षम वर्गले' जस्ता अनावश्यक शब्द, पदावली, वाक्यांश आदिले वाक्यलाई लम्ब्याएर अर्थावरोध समेत सिर्जना गरेको, 'उदाहरण प्रशस्त पाइन्छन्', 'औपचारिक/अनौपचारिक रूपमा व्यक्त गर्न थालिएको' आदिले विश्वसनीयताको आधारमा आघात पार्ने देखिन्छ । यस्तै, संयुक्तिका दृष्टिले 'घोषणापत्र दलहरूको राजनीतिक प्रतिबद्धता हो ।' वाक्य सही ठाउँमा नहुनाले अर्थावरोधी हुन सक्ने देखिन्छ । यसमा ज्ञानात्मक पहुँच हुँदाहुँदै पनि सही तरिकाले प्रस्तुत नभएका कारण सम्बोधक पक्षको बौद्धिक प्रभुत्वमा ऋणात्मकताले थिचेको पाइन्छ ।

सबैलाई ज्ञात भएकै कुरा हो- मंसिर ४ मा हुन गइरहेको संविधानसभाको दोस्रो निर्वाचनका निम्ति मुलुकका मुख्य राजनीतिक शक्तिहरूबीच एक स्तरको 'राजनीतिक सहमति' भएजस्तै विदेशी सकारेकारवालाहरूबीच पनि बिरलै हुने 'अन्तर्राष्ट्रिय सहमति' देखिएको छ। तर, यसको विरोधमा उत्रिएको वैद्य समूहलाई कसरी लिने भन्ने सवालमा उनीहरूबीच केही विमति देखिन्छ। खासगरी प्रभावशाली पश्चिमा मुलुकहरूले वैद्य समूहलाई 'प्रचारात्मक झुण्ड' का रूपमा लिंदै उनीहरूलाई महत्व नै दिन नहुने राय राख्ने गरेका छन् भने छिमेकी मुलुकहरूले उनीहरूबाट हुन सक्ने अवरोधलाई कम आकलन गर्न नहुने धारणा राखेका छन्। निश्चय पनि नेकपा-माओवादीलाई पूर्णतः बेवास्ता गर्ने नीति व्यावहारिक छैन। तत्काल सुरक्षा दृष्टिबाट उनीहरूको सामना कसरी गर्ने भन्नेबारे गम्भीरतापूर्वक सोच्न जति जरुरी छ, दीर्घकालीन रूपमा राजनीतिक समाधान खोज्नुपर्ने खाँचो उत्तिकै छ। (उदाहरण नं. १३, परिशिष्ट ४, पाठ सङ्केत क५४)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : सबै, मुलुकका मुख्य राजनीतिक शक्तिहरू, विदेशी सकारेकारवालाहरू, वैद्य समूह, उनीहरू, प्रभावशाली पश्चिमा मुलुकहरू, छिमेकी मुलुकहरू, नेकपा-माओवादी।

सम्बद्ध घटना : 'अन्तर्राष्ट्रिय सहमति' देखिएको, वैद्य समूहको अवरोधबारे फरक विचार प्रकट।

सम्बद्ध विषय/वस्तुहरू : संविधानसभाको दोस्रो निर्वाचन, 'राजनीतिक सहमति', विरोध, विमति, बेवास्ता गर्ने नीति, व्यावहारिकता, तत्कालीन सुरक्षा सामना, दर्घिकालीन राजनीतिक समाधान।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संविधानसभाको दोस्रो निर्वाचन निम्ति 'अन्तर्राष्ट्रिय सहमति' देखिएको प्रतिनिधित्वका आधारमा शक्तिको वैचारिक अभ्यास भएको पाइन्छ। यस अनुच्छेदको संरचनामा कुल ११६ शब्दबाट बनेका पाँच वाक्यहरू रहेका छन्। यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये विदेशी सकारेकारवालाहरू, प्रभावशाली पश्चिमा मुलुकहरू र छिमेकी मुलुकहरू केन्द्रमा र वैद्य समूह तथा नेकपा-माओवादी परिधिमा रहेको पाइन्छ। मुलुकका मुख्य राजनीतिक शक्तिहरू 'राष्ट्रिय सहमति' को विषय/वस्तुसहित उदाहरणका रूपमा सम्बोधित भेटिन्छन्। केन्द्रमा रहेका शक्तिहरू निर्वाचन पक्षधर र परिधिका शक्तिहरू 'निर्वाचनको विरोधमा उत्रिएको' अवस्थामा चित्रित देखिन्छन्। यसमा राष्ट्रिय र अन्तर्राष्ट्रिय, निर्वाचन पक्षधर र निर्वाचन विरोधी, प्रभावशाली पश्चिमा मुलुक र छिमेकी मुलुकहरू गरी विभिन्न तहका शक्ति समूहहरूको समानान्तर संयोजन भएको पाइन्छ। सम्बोधित शक्तिमा सम्बद्ध घटना र विषय/वस्तुको संसक्ति र संयुक्तिमा अर्थावरोध भेटिंदैन। सम्बोधक पक्षमा कसैप्रति रिक्तता र इतरको भावना देखिँदैन। 'सबैलाई ज्ञात भएकै कुरा हो-' वाक्यांशमा सम्बोधित 'सबै' ले कसैमाथि भेदभाव नराखेको हुँदा

सबै खालका पाठकले आफूलाई सम्मान गरिएको ठान्न सक्ने पनि देखिन्छ। यसमा घटना र विषय/वस्तुमा सत्यता, वैचारिक स्पष्टता, प्रस्तुतिमा सिर्जनशीलतासहित सरलता, सङ्क्षिप्तता, पूर्णता जस्ता गुणले सम्बोधक पक्षको बौद्धिक प्रभुत्वलाई उच्चस्तरमा पुऱ्याएको मान्न सकिन्छ।

> जनताबाट स्वीकृत राजनीतिले नै समस्याको समाधान गर्नसक्दछ। अहिले नेपाली जनताले स्वीकार गरेको र वर्तमान नेपालको राजनीतिक निकासका लागि निर्विकल्प उपाय भनेको निर्वाचन नै हो। तसर्थ जनताको लोकतान्त्रिक अधिकार उपभोग गर्ने प्रक्रियामा अवरोध सिर्जना गरेर सर्वसाधारणलाई असुविधा पार्नलाई आफ्नो उपलब्धि मान्नुभन्दा पनि देशको आवश्यकता र अपरिहार्यलाई बुझेर निर्वाचनलाई सहज तुल्याउने बाटोमा सम्बन्धित पक्ष आउनुपर्ने देखिन्छ। तोडफोड, आगजनी, यातायात बन्द जस्ता कार्यबाट देश र जनताले असीमित दुःख भोगिसकेको छ, देशको साधनस्रोतको प्रशस्त दुरुपयोग भइसकेको छ। विगतमा कतिपय राजनीतिक दलहरूले यस्ता कार्य गर्नुलाई गल्ती भन्दै आत्मालोचना गर्नुका साथै अबदेखि विरोध प्रदर्शनका लागि यस्ता उपायलाई नअपनाउने प्रतिबद्धता पनि व्यक्त गरिसकेका छन्। तसर्थ राजनीतिक दलहरूले नै अव्यावहारिक तथा अनुपयोगी मानिसकेको अभ्यासलाई अपनाएर राजनीतिलाई अगाडि बढाउन सकिँदैन भन्ने कुरालाई सबैले मनन गर्नुपर्ने देखिन्छ। यसपटक भएको बन्दको अवज्ञाबाट शिक्षा लिएर जनताले रुचाएको, जनताको हितमा भएको र जनताका लागि आवश्यक वातावरण सिर्जना गर्नमा समर्पित गर्नु नै उत्तम हुने भएकोले बन्द हडताल जस्ता जनतालाई दुःखमा पर्ने कदममा संलग्न नहुने प्रतिबद्धता राजनीतिक दलहरूले पुनः एकपटक व्यक्त गर्नुपर्ने देखिन्छ। (उदाहरण नं. १४, परिशिष्ट ४, पाठ सङ्केत ख५८)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : जनता, नेपाली जनता, सर्वसाधारण, कतिपय राजनीतिक दलहरू, राजनीतिक दलहरू, सबै।

सम्बद्ध घटना : जनस्तरबाट बन्दको अवज्ञा।

सम्बद्ध विषय/वस्तुहरू : राजनीतिक समस्या, राजनीतिक निकास, निर्वाचन, जनताको लोकतान्त्रिक अधिकार उपभोग गर्ने प्रक्रिया, अवरोध, असुविधा, देशको आवश्यकता र अपरिहार्यता, तोडफोड, आगजनी, यातायात बन्द जस्ता कार्य, देश र जनताको असीमित दुःख, साधनस्रोतको दुरुपयोग, आत्मालोचना, विरोध प्रदर्शन, बन्द नगर्ने प्रतिबद्धता, अव्यावहारिक तथा अनुपयोगी अभ्यास, राजनीति, शिक्षा, जनरुचि, जनहित, वातावरण सिर्जनामा समर्पण, बन्द हडताल, दुःख नदिने प्रतिबद्धता।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा जनस्तरबाट बन्दको अवज्ञा भएको प्रतिनिधित्वका आधारमा शक्तिको वैचारिक अभ्यास भएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १६५ शब्दबाट बनेका सात वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये जनता, नेपाली जनता, सर्वसाधारण, सम्बन्धित पक्ष, कतिपय राजनीतिक दलहरू, राजनीतिक दलहरू केन्द्रमा र सम्बन्धित पक्ष परिधिमा रहेको पाइन्छ । यसमा सम्बद्ध राजनीतिक समस्या, राजनीतिक निकास, निर्वाचन, जनताको लोकतान्त्रिक अधिकार उपभोग गर्ने प्रक्रिया, अवरोध, असुविधा, देशको आवश्यकता र अपरिहार्यता, तोडफोड, आगजनी, यातायात बन्द जस्ता कार्य, देश र जनताको असीमित दुःख, साधनस्रोतको दुरुपयोग, आत्मालोचना, विरोध प्रदर्शन, बन्द नगर्ने प्रतिबद्धता, अव्यावहारिक तथा अनुपयोगी अभ्यास, राजनीति, शिक्षा, जनरुचि, जनहित, वातावरण सिर्जनामा समर्पण, बन्द हडताल, दुःख नदिने प्रतिबद्धता जस्ता विषय/वस्तुहरू स्थापित सत्यको रूपमा रहे पनि तिनको प्रयोगमा छरितोपना देखिँदैन । साथै, नामिक सम्बोधनबाट कुनै पनि शक्तिलाई स्पष्ट पहिचान दिएर सन्तुलित र मध्यस्थकारी हैसियतमा विषय/वस्तुको तार्किक विश्लेषण गर्न नसक्नु, निबन्ध शैलीबाट अनुच्छेद प्रारम्भ गर्नु, क्रियात्मक सङ्गतिको अभाव हुनु र केही शब्दको प्रयोग सही ठाउँमा भएको नदेखिनुलाई कमजोरीका रूपमा लिन सकिन्छ । यसमा ज्ञानात्मक पहुँचको अभाव नभए पनि प्राप्त तथ्यलाई प्रभावकारी ढङ्गले विधागत सीप लगाएर प्रस्तुत गर्न नसक्दा उत्पन्न हुन आएका अर्थावरोधका कारण सम्बोधक पक्षको बौद्धिक प्रभुत्व ऋणात्मक हुन पुगेको पाइन्छ ।

> नेकपा-माओवादीले वर्तमान सरकार प्रमुखले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्ने र निर्वाचनको तिथि सार्नुपर्ने अडान राखेर चुनाव वहिष्कार गरेको जनाएको हो । ती मागप्रति सिद्धान्ततः अरू धेरैको पनि समर्थन थियो । त्यस अर्थमा माओवादीको चुनाव वहिष्कारप्रति गैरमाओवादी तप्कामा पनि धेरथोर राजनीतिक सदाशय देखिन्थ्यो । माओवादीबिना संविधानसभा निर्वाचन हुन लागेकामा थुप्रै स्वतन्त्र बुद्धिजीवीहरूले चिन्ता र सरोकार राखिआएका छन् । हामीलाई पनि लाग्छ- नेकपा-माओवादीजस्तो राजनीतिक घटकलाई नसमेटी संविधान लेख्ने प्रयोजनको निर्वाचनमा जाने निर्णय त्रुटिपूर्ण थियो, जसको कारण र कारक को थिए भन्नेबारेमा इतिहासमा समीक्षा हुने छ । अहिलेको राष्ट्रिय जिम्मेवारी भने अन्तिम चरणको तयारीमा पुगिसकेको निर्वाचनको राष्ट्रिय संकल्प सफल पार्नु हो । यसलाई वहिष्कार गर्ने अधिकार नेकपा-माओवादीलाई छ, तर उसले यसका निम्ति अरूको अधिकार खोस्न र वल प्रयोग गर्न पाउँदैन । अझ पछिल्ला दिनमा बम र पेट्रोलको प्रयोगबाट आम जनतामा आतंक फैलाउने जुन प्रयास गरिँदै छ, त्यसले नेकपा-माओवादीको राजनीतिक छविलाई बिल्कुलै राम्रो गरेको छैन । जनताले अस्वीकार गरेको बन्द र सक्कली-नक्कली बम प्रहारको सिलसिला नेकपा-माओवादीले तत्काल रोक्नुपर्छ र वैधानिक दायरामै रहेर आफ्ना गतिविधि अगाडि बढाउनुपर्छ । यसैमा राष्ट्रको र नेकपा-माओवादीसमेतको हित निहित छ । (उदाहरण नं. १५, परिशिष्ट ४, पाठ सङ्केत क६०)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : नेकपा-माओवादी, सरकार प्रमुख, अरू धेरै, गैरमाओवादी तप्का, थुप्रै स्वतन्त्र बुद्धिजीवीहरू, हामी, को, आम जनता, जनता

सम्बद्ध घटना : निर्वाचनको अन्तिम तयारीमा आतंक फैलाउने प्रयास ।

सम्बद्ध विषय/वस्तुहरू : चुनाव वहिष्कार, प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्ने र निर्वाचनको तिथि सार्नुपर्ने अडान, राजनीतिक सदाशय, माओवादीबिना संविधानसभा निर्वाचन, राजनीतिक घटकको समेटाइ, निर्वाचनमा जाने निर्णय, ऐतिहासिक समीक्षा, राष्ट्रिय जिम्मेवारी, राष्ट्रिय संकल्प, निर्वाचन वहिष्कार गर्ने अधिकार, अरूको अधिकार खोसाइ र वल प्रयोग, बम र पेट्रोलको प्रयोग, नेकपा-माओवादीको राजनीतिक छवि, जनताले अस्वीकार गरेको बन्द, सक्कली-नक्कली बम प्रहारको सिलसिला, वैधानिक दायरा, गतिविधि, राष्ट्रको र नेकपा-माओवादीको हित ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचनको अन्तिम तयारीमा आतंक फैलाउने प्रयास भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास भएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १७७ शब्दबाट बनेका दश वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिको केन्द्रमा नेकपा-माओवादी रहेको पाइन्छ भने परिधिमा अरू धेरै, गैर माओवादी तप्का, थुप्रै बुद्धिजीवीहरू, हामी, को, अरू, आमजनता, जनता रहेको देखिन्छ । वर्तमान सरकार र नेकपा-माओवादीको शक्ति सङ्घर्षलाई यसमा सम्बद्ध विषय/वस्तुले पनि प्रकट गरेको पाइन्छ । सबैभन्दा बढी सम्बोधित र सङ्केतित भएका कारण नेकपा-माओवादी केन्द्रमा रहेको देखिए पनि निर्वाचन विरोधी अडान र गतिविधिले उसलाई परिधितिर फर्काइरहेको देखिन्छ । यसमा सम्बद्ध विषयमध्ये नेकपा-माओवादीलाई निर्वाचनमा नसमेटेर त्रुटी भएको तर चुनाव बहिष्कार गरेको उसले 'बन्द र सक्कली नक्कली बम प्रहारको सिलसिला रोब्नुपर्ने र वैधानिक दायरामै रहेर गतिविधि गर्नुपर्ने, अरूको अधिकार खोस्न र वल प्रयोग गर्न नपाइने तर्क गरिएको पाइन्छ । यसमा सम्बोधक पक्षले निर्वाचनलाई राष्ट्रिय संकल्पका रूपमा लिएको र त्यसलाई सफल पार्नु राष्ट्रिय जिम्मेवारी भएको तथ्यका साथ 'हामी' को प्रयोग गरी विचारको स्थापना गरेर गुण दोषका साथ सही र गलत पक्षलाई सन्तुलनमा राख्दै प्रतिरोधी शक्तिलाई वैधानिक दायरामा रहन प्रेरित गरेको पाइन्छ । ज्ञानात्मक पहुँच, सन्तुलन र समन्वयकारी पहल, 'हामी' शब्दको सही तथा सशक्त प्रयोग, तर्क सङ्गत र स्पष्ट विचार, अविवादित तरिकाले परिधिमा धकलिएको शक्तिप्रति समेटाइ भाव आदिले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व धनात्मक बनाएको पाइन्छ ।

देशमा अझै ३४ प्रतिशत जनसङ्ख्या निरक्षर छन् । निरक्षर जनतालाई मतदाता शिक्षा सबैभन्दा बढी

खाँचो पर्दछ । यसर्थ बदर मत घटाउने सबैभन्दा भरपर्दो माध्यम मतदाता शिक्षा नै भएकोले यससम्बन्धी पहललाई तीव्रता दिनुपर्ने देखिन्छ । मतदाता शिक्षाका लागि परिचालन गरिएका कार्यकर्ता तथा स्वयम्सेवकहरूलाई थप प्रभावकारी रूपमा परिचालन गर्ने तथा उनीहरूको कार्यशैली र उनीहरूले दिने जानकारीलाई लक्षित वर्गको आवश्यकता अनुरूप बनाउने दिशामा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । केही स्थानका पर्खाल वा भित्तामा निर्वाचन आयोगले छापेका पोस्टर टाँस्दैमा बदर मतको परिणाम घट्ने विश्वास गर्न सकिन्न । त्यसका लागि लक्ष्यित वर्गका घरमै पुगी अभ्यास सहित मतदाता शिक्षा प्रदान गर्नुपर्ने हुन्छ । निर्वाचनको दिन धेरै बाँकी नभए पनि दिनमा पनि धेरै गर्न सकिन्छ । राज्यले मतदाता शिक्षाका लागि गरेको लगानीको सदुपयोग भएको कुरा निर्वाचनमा हुने मतदानमा प्रतिविम्बित हुनपर्दछ । (उदाहरण नं. १६, परिशिष्ट ४, पाठ सङ्केत ख५९)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : निरक्षर जनता, कार्यकर्ता तथा स्वयम्सेवकहरू, सम्बन्धित निकाय, राज्य ।

सम्बद्ध घटना : मतदाता शिक्षामा लगानी, कार्यकर्ता तथा स्वयंसेवक परिचालन, केही स्थानका पर्खाल वा भित्तामा पोस्टर ।

सम्बद्ध विषय/वस्तुहरू : निरक्षरता, मतदाता शिक्षा, बदर मत, परिचालित कार्यकर्ता तथा स्वयम्सेवकहरूको कार्यशैली र जानकारी, लक्षित वर्ग, अभ्यास सहित मतदाता शिक्षा प्रदान, निर्वाचन, लगानीको सदुपयोग, मतदान ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा मतदाता शिक्षामा भएको कार्य र लगानीको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभयास भएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १२४ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिमध्ये सम्बन्धित निकाय, परिचालित कार्यकर्ता तथा स्वयंसेवकहरू, निरक्षर जनताबाट भएको शक्तिको अभ्यासको सामान्य चर्चा गर्न खोजिएको पाइन्छ । आधिकारिकताका दृष्टिले प्रभुत्वमा बुझिने निर्वाचन आयोगलाई विषयसँग आबद्ध गरेर 'सम्बन्धित निकाय'बाट सम्बोधित देखिन्छ । यसमा सम्बद्ध विषय/वस्तुहरू सान्दर्भिक देखिए पनि शक्तिको केन्द्र र परिधिमा रहेका पक्षहरूलाई स्पष्टतः स्थापित नगरिएको हुनाले प्रभावकारितामा ह्रास आएको पाइन्छ । यसमा शक्तिको केन्द्र र परिधिमा कुन कुन पक्ष छन् ? उनीहरूबिचको शक्ति सन्तुलन केका लागि चाहिन्छ र शक्ति सन्तुलनका उपायहरू के के हुन् भन्ने स्पष्ट दृष्टिकोणको अभाव हुनु, शब्दको अनावश्यक प्रयोग र पुनरुक्ति हुनु यसका अर्थावरोधी पक्ष हुन् । यसले सम्बोधक पक्षको बौद्धिक प्रभुत्वलाई ऋणात्मक बनाएको पाइन्छ ।

निर्वाचन आयोगले सूचना प्रविधिको अधिकतम प्रयोग गरेर चुनावी प्रक्रियालाई तुलनात्मक रूपले चुस्त बनाउन गरेको प्रयास सराहनीय छ। उसले खासगरी जिल्ला-जिल्लामा चुनाव सामग्रीको ढुवानी र मतदानसम्बन्धी सबै कार्यक्रमको आधुनिक प्रविधिबाट 'ट्र्याकिङ' गर्ने तरिका अपनाएको छ। काठमाडौंमा रहेको मुख्यालयबाटै देशभरिका निर्वाचन गतिविधि अनुगमन गर्न सकिने गरी जडान गरिएको प्रविधिले मतदान र मतगणना प्रक्रियालाई विवादरहित बनाउन मद्दत पुऱ्याउने अपेक्षा राखिएको छ। खासगरी २४० वटै निार्वचन अधिकृत कार्यालयदेखि मतदान केन्द्रहरू र मुख्यालयलाई एउटै विद्युतीय अनुगमन प्रणालीमा जोडिएको कारण कहीं-कतै गडबडी वा समस्या उत्पन्न भयो भने तत्कालै सूचना प्रवाह र सहयोग गर्न मिल्ने व्यवस्थाले निर्वाचनलाई धाँधलीरहित बनाउन सघाउनेछ। यद्यपि यससँग जोडिएको मुख्य पाटो भनेको उपलब्ध प्रविधिको प्रभावकारी कार्यान्वयन हो, जसमा हामी प्राय चुक्ने गरेका छौं। तसर्थ निर्वाचन आयोगले आवश्यक प्राविधिक तयारीसँगै दक्ष र इमानदार जनशक्तिमार्फत् त्यसलाई लागू गर्नेतर्फ विशेष रूपमा ध्यान दिनुपर्छ। (उदाहरण नं. १७, परिशिष्ट ४, पाठ सङ्केत क६१)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : निर्वाचन आयोग, काठमाडौंमा रहेको मुख्यालय, २४० वटै निर्वाचन अधिकृत कार्यालयदेखि मतदान केन्द्रहरू, हामी, दक्ष र इमानदार जनशक्ति।

सम्बद्ध घटना : सूचना प्रविधिको अधिकतम प्रयोग गरी चुनावी प्रक्रियालाई चुस्त बनाउने प्रयास।

सम्बद्ध विषय/वस्तुहरू : चुनाव सामग्रीको ढुवानी र मतदान कार्यक्रम, आधुनिक प्रविधिबाट 'ट्र्याकिङ' गर्ने तरिका, निर्वाचन गतिविधि अनुगमन, मतदान र मतगणना प्रक्रिया, विद्युतीय अनुगमन प्रणाली, गडबडी वा समस्या, सूचना प्रवाह र सहयोगको व्यवस्था, धाँधलीरहित निर्वाचन, उपलब्ध प्रविधिको प्रभावकारी कार्यान्वयन, प्राविधिक तयारी।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा चुनावी प्रक्रियामा सूचना प्रविधिको अधिकतम प्रयोगको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ। यस अनुच्छेदको संरचनामा कुल १३५ शब्दबाट बनेका छ वाक्यहरू रहेका छन्। यस संरचनामा सम्बोधित निर्वाचन आयोग शक्तिको केन्द्रमा, मातहतका संरचनागत अंगहरू, दक्ष र इमानदार जनशक्तिलाई शक्तिको अभ्यासमा रहेको देखिन्छ। यसमा रहेको दक्ष र इमानदार जनशक्तिको विपरीततामा प्रकट हुन आउने प्रतिरोधी शक्तिलाई 'अदक्ष र बेइमान जनशक्ति' का रूपमा बुझिन्छ र यसको स्थानमा रिक्तता पाइन्छ। 'अदक्ष र बेइमान जनशक्ति'सँग सूचना प्रविधिमा उत्पन्न हुन सक्ने समस्या तथा गडबढी जोडिएको देखिन्छ। यसमा 'हामी'को प्रयोगबाट उत्पन्न आंशिक अर्थावरोध बाहेक सम्बोधक पक्षले ज्ञानात्मक पहुँच, सुझबुझ, समन्वय,

सन्तुलन, वस्तुनिष्ठता, सरलतार स्पष्टता, तार्किकता र कौशलका साथ वैचारिक अभ्यास गरी बौद्धिक प्रभुत्वलाई कायम राखेको पाइन्छ ।

> विगत केही समयदेखि नेपाल उद्योग वाणिज्य महासंघले नेपाल बन्द वा आमहड्तालले मुलुकको आर्थिक अवस्था डाँवाडोल बनाउँछ भन्दै त्यसो नगर्न राजनीतिक दलहरूलाई आग्रह गरेका छन् । आग्रह बेवास्ता गरी बन्द हड्ताल जस्ता गतिविधि जारी राखिनु उचित होइन । बन्दको शान्तिपूर्ण विरोध भइरहेको छ । खासमा यो विरोध नभएर शान्तिपूर्ण आग्रह हो । यसलाई विरोधका रूपमा बुझ्नु हुँदैन । यिनै दलले औद्योगिक क्षेत्रलाई समस्या हुनेगरी बन्द हड्ताल नगर्ने विगतमा गरेका लिखित सहमतिलाई महासंघले सम्झाउने प्रयत्न मात्र गरेको हो । महासंघले कुनै एक दलको कार्यक्रमलाई लक्षित गरी यस्ता शान्तिपूर्ण आग्रह गरेको नभई आमनागरिकको जनजीवन सामान्य राख्न गरेकाले आह्वानलाई मुलुकको वृहत्तर हितसँग जोडेर हेर्नुपर्ने हुन्छ। यसैगरी, 'नेपाल सधैं खुल्ला छ' जस्ता रचनात्मक र सन्देशमूलक कार्यक्रममार्फत युवाहरूले देशप्रति देखाएको चासो र चिन्तालाई पनि बन्दकर्ताले आफ्ना कार्यक्रमप्रति जनताले देखाएको प्रतिक्रियाका रूपमा लिनुपर्दछ । आज देशले बन्द, हड्तालभन्दा पनि निर्वाचनमार्फत संविधान र त्यसमार्फत समृद्धिको कामना गरेको छ। यस घडीमा राजनीतिक दल र उद्योग व्यवसायीहरूले एउटै लक्ष लिएर अगाडि जानुपर्ने अवस्था छ । दलले हामी राजनीतिक स्थिरता दिन्छौं, तपाईंहरूले आर्थिक समृद्धि दिनुहोस् भनेर व्यवसायीहरूलाई विश्वस्त बनाउनुपर्ने अवस्थामा यी दुई शक्तिबीच कटुता देखियो भने अन्ततः यसले मुलुकको हित गर्दैन । (उदाहरण नं. १८, परिशिष्ट ४, पाठ सङ्केत ख६०)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : नेपाल उद्योग वाणिज्य महासंघ, राजनीतिक दलहरू, यिनै दल, महासंघ, कुनै एक दल, आम नागरिक, युवाहरू, बन्दकर्ता, जनता, राजनीतिक दल र उद्योग व्यवसायीहरू, व्यवसायीहरू,

सम्बद्ध घटना : नेपाल बन्द वा आमहड्ताल नगर्न आग्रह, बन्द हड्ताल जस्ता गतिविधि जारी, बन्दको शान्तिपूर्ण विरोध ।

सम्बद्ध विषय/वस्तुहरू : मुलुकको डाँवाडोल आर्थिक अवस्था, औद्योगिक क्षेत्रका समस्या, बन्द हड्ताल, विगतका लिखित सहमति, शान्तिपूर्ण आग्रह, आमनागरिकको जनजीवन, मुलुकको वृहत्तर हित, 'नेपाल सधैं खुल्ला छ' जस्ता रचनात्मक र सन्देशमूलक कार्यक्रम, देशप्रतिको चासो र चिन्ता,

बन्दप्रतिको प्रतिक्रिया, निर्वाचनमार्फत संविधान, संविधानमार्फत् समृद्धिको कामना, राजनीतिक स्थिरता, आर्थिक समृद्धि, दुई शक्तिबीचको कटुता, मुलुकको हित ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा नेपाल बन्द वा आमहड्ताल नगर्न गरिएको आग्रह, बन्द हड्ताल जस्ता गतिविधि जारी रहेको अवस्थामा बन्दको शान्तिपूर्ण विरोध भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १८३ शब्दबाट बनेका ११ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिको केन्द्रमा नेपाल उद्योग वाणिज्य महासंघ र परिधिमा राजनीतिक दलहरू रहेको देखिन्छ । केन्द्रमा राखिएको शक्तिप्रतिको पक्षधरता दोस्रो वाक्यदेखि सातौं वाक्यसम्म रहेको पाइन्छ । यसपछि 'युवाहरू' ले गरेका 'रचनात्मक र सन्देशमूलक कार्यक्रम' को प्रसङ्ग पनि पक्षधरतालाई बल पुऱ्याउन प्रयोग भएको बुझिन्छ । पक्षधरताका कारण 'राजनीतिक दल र उद्योगी व्यवसायीहरू' लाई 'एउटै लक्ष्य लिएर अगाडि जान' गरिएको चर्चा पनि अभिप्रेरणामुखी नभएर अविश्वसनीय बन्न पुगेको पाइन्छ । साथै, 'हामी' र 'तपाईंहरू' भएको वाक्य उद्धरणभित्र नपरेकाले अर्थावरोधी देखिन्छ । यसमा मुख्यतः सन्तुलन र समन्वयकारी भूमिका, तार्किक सङ्गति, वस्तुनिष्ठताभन्दा उपदेशात्मकता र पक्षधरता बढी देखिएकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व ऋणात्मक हुन पुगेको पाइन्छ ।

> प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको अराजनीतिक सरकारले संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्नेमा धेरैको आशंका थियो । रेग्मी सरकारले निर्वाचनको सफल आयोजना गरेर 'अर्जुनदृष्टि' ठीक ठाउँमा लगाएको प्रमाणित गरेको छ । यसका निम्ति मन्त्रिपरिषद् अध्यक्ष रेग्मी र उनको क्याबिनेट-टिम प्रशंसाको पात्र छ । सरकारको चुनावी अठोट पूरा गर्न नेपाली सेना, दुइटै प्रहरी संगठनलगायत सुरक्षा अंगहरूले जे-जस्तो प्रभावकारी भूमिका निर्वाह गरे, त्यो पनि उल्लेखनीय छ । निर्वाचन आयोगले कतिपय प्राविधिक सीमितताका बाबजूद गरेको प्रभावकारी कार्यसम्पादन प्रशंसायोग्य छ । खासगरी आचारसंहिताको परिपालना गराउन, भड्किलो प्रचारवाजी रोक्न, तस्विरसहितको परिचयपत्र जारी गर्न र दोहोरिएका मतदाता छानेर मतदान पद्धतिलाई छरितो बनाउन आयोगले उल्लेख्य योगदान पुऱ्याएको छ । (उदाहरण नं. १९, परिशिष्ट ४, पाठ सङ्केत क६५)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको अराजनीतिक सरकार, धेरै, रेग्मी सरकार, मन्त्रिपरिषद् अध्यक्ष रेग्मी र उनको क्याबिनेट-टिम, नेपाली सेना, दुइटै प्रहरी संगठनलगायत सुरक्षा अंगहरू, निर्वाचन आयोग, आयोग ।

सम्बद्ध घटना : निर्वाचनको सफल आयोजना ।

सम्बद्ध विषय/वस्तुहरू : संविधानसभाको दोस्रो निर्वाचनको सम्पन्नता र आशंका, सरकारको चुनावी अठोट, प्रभावकारी भूमिका निर्वाह, प्राविधिक सीमितता, प्रभावकारी कार्यसम्पादन, आचारसंहिताको परिपालना, भड्किलो प्रचारवाजी, तस्बिरसहितको परिचयपत्र, दोहोरिएका मतदाताको छनोट, छरितो मतदान पद्धति ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचनको सफल आयोजना भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १०२ शब्दबाट बनेका छ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित सरकार, सरकारी निकाय तथा सुरक्षा अंगहरू, निर्वाचन आयोग शक्तिको केन्द्रमा देखिन्छन् भने परिधिमा रहेका शक्तिलाई 'धेरैको आशंका' मा सङ्केतित रिक्ततामा रहेको बुझिन्छ । यसमा प्रयुक्त सरकारको विशिष्ट विशेषण, 'अर्जुनदृष्टि' को रूपकीयताले अभिव्यक्ति कौशल र आचारसंहिताको परिपालना, भड्किलो प्रचारवाजी, तस्बिरसहितको परिचयपत्र, दोहोरिएका मतदाताको छनोट, छरितो मतदान पद्धति जस्ता विषय/वस्तुको सम्बद्धताले ज्ञानात्मक पहुँच प्रकट गरेको पाइन्छ । यसमा परिधीय शक्तिको सङ्केतसहित सर्वोच्च उद्देश्य प्राप्तिका कारक वा कर्ताप्रतिको कृतज्ञताको प्रकटीकरणमा देखिएको वस्तुनिष्ठता, रूपकीयता वा कलात्मकता, सङ्क्षिप्तता, स्पष्टता जस्ता सबल गुणहरूले सम्बोधक पक्षको बौद्धिक प्रभुत्वलाई उच्चस्तरमा पुऱ्याएको मान्न सकिन्छ ।

निर्वाचनको सफलतासँगै राजनीतिकको नयाँ अध्याय शुरु भएको छ । राजनीतिक दृष्टिले मुलुक अब नयाँ युगमा प्रवेश गरेको छ । केही दिनभित्रै यसको परिणाम पनि प्रकाशित हुने नै छ । कुन पार्टीले कति मत पाए वा जनताले कुन पार्टीका कुन घोषणापत्रलाई के कति मन पराए, त्यो त निर्वाचनको परिणामले नै बताउला तर अहिलेलाई कुन पार्टीको विजय होला भन्नुभन्दा पनि भावी दिनमा दलहरूले जनमतलाई के कति सम्मान र सम्बोधन गर्न सक्लान् भन्ने कुरा नै महत्वपूर्ण हुन आउँछ । निर्वाचनमा एउटाको विजय र अर्कोको पराजय स्वभाविक हो । दुवै शक्ति वा भए जति सबै शक्तिको एकैसाथ विजय र पराजय सम्भव कुरा नै होइन । एउटाको विजय हुन्छ भने अर्कोको पराजय हुनैपर्छ तर जय र पराजय भन्नुभन्दा पनि सबै एक भएर जनभावनाको कदर गर्नेतर्फ सबै पक्ष उन्मुख हुन सक्नुपर्छ । यसका लागि जित्ने पक्षले अहंकारबाट माथि उठ्न सक्नुपर्छ र हार्ने पक्षले पनि मन खिन्न नबनाई जनचाहना अनुसारको संविधान बनाउने पुनित कार्यमा सहयोगको हात बढाउनुपर्छ । यसै पनि यो निर्वाचन सर्वपक्षीय निर्वाचन निर्माण गर्न हो । यस्तो काम त्यतिबेला सम्पन्न हुन्छ जतिबेला सबैको सहयोग जुट्न पुग्छ भन्ने कुरालाई बिर्सन हुँदैन । यसैले निर्वाचन बाहिर रहेका पक्षलाई पनि मूलधारमा समेट्ने प्रयास हुनैपर्छ । (उदाहरण नं. २०, परिशिष्ट ४, पाठ सङ्केत ख६४)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : पार्टी, जनता, दलहरू, दुवै शक्ति वा भए जति सबै शक्ति, एउटा, अर्को, सबै,सबै पक्ष, जित्ने पक्ष, हार्ने पक्ष, निर्वाचन बाहिर रहेका पक्ष ।

सम्बद्ध घटना : निर्वाचनको सफलता, मुलुक नयाँ युगमा प्रवेश

सम्बद्ध विषय/वस्तुहरू : राजनीतिकको नयाँ अध्याय, परिणाम प्रकाशनको आशा, कुन पार्टीको कति मत, घोषणापत्र, निर्वाचनको परिणाम, विजय, जनमतको सम्मान र सम्बोधन, निर्वाचनमा विजय र पराजय, जय र पराजय, जनभावनाको कदर, अहंकार र खिन्नता, जनचाहना अनुसारको संविधान, सबैको सहयोग, मूलधारमा समेट्ने प्रयास ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचन सफल भएर मुलुक नयाँ युगमा प्रवेश गरेको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास भएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १८७ शब्दबाट बनेका ११ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधितमध्ये निर्वाचनमा भाग लिएका पार्टी, दल, जनता आदिलाई शक्तिको केन्द्रमा र निर्वाचन बाहिर रहेका पक्ष शक्तिको परिधिमा रहेको पाइन्छ । अधिकांश वाक्यलाई शक्तिको केन्द्रमा सङ्घर्षरत सहभागीहरूलाई निर्वाचन परिणामले पार्नसक्ने दुस्प्रभावको सम्भावनालाई मत्थर पार्न भएका मनोवैज्ञानिक प्रयासका रूपमा लिन सकिन्छ । अन्तिम वाक्यमा निर्वाचन बाहिर रहेका पक्षको पनि उल्लेखन र समेटाइ भावले समन्वयकारी भूमिका पनि देखाउँछ । यद्यपि, यसमा सम्बोधित शक्तिहरूको पहिचानमा नामिक स्पष्टताको अभाव, सम्बद्ध विषय/वस्तुहरूको स्थापनागत असङ्गति, पुनरुक्ति, उपदेशात्मकता, अर्थावरोध आदिले सम्बोधक पक्षको ज्ञानात्मक पहुँचलाई ओझेलमा पार्दै बौद्धिक प्रभुत्वलाई ऋणात्मक बनाइदिएको पाइन्छ ।

यही ढंगले सबैलाई समेट्ने गरी हिंड्दा राज्यको रथ सहजतापूर्वक अगाडि बढ्नेछ । यो किन पनि भने अपेक्षित परिणाम प्राप्त नभएपछि एमाओवादी, मधेसी फोरम नेपाल, संघीय समाजवादीलगायत केही दलहरूले संविधानसभाको प्रक्रिया नै बहिष्कार गर्ने जुन अतिवादी प्रतिक्रिया जनाएका छन्, त्यो आफैंमा उचित त छँदै छैन, उनीहरूले जनादेश स्वीकार गर्नैपर्छ । तर तिनलाई प्रक्रिया बाहिर जान नदिन नेतृत्वदायी हैसियतमा पुगेका कांग्रेस-एमालेले पनि लचिलो रचनात्मक भूमिका खेल्नुपर्छ । किनभने नेकपा-माओवादीले चुनावी प्रक्रिया नै बहिष्कार गरेको र अब एमाओवादीलगायतका दलले पनि त्यही बाटो समात्ने हो भने नयाँ संविधान निर्माण कार्यमा प्रतिकूल असर पर्न सक्छ । (उदाहरण नं. २१, परिशिष्ट ४, पाठ सङ्केत क६९)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : सबै, एमाओवादी, मधेसी फोरम नेपाल, संघीय समाजवादीलगायत केही दलहरू, उनीहरू, कांग्रेस-एमाले, नेकपा-माओवादी, एमाओवादीलगायतका दल ।

सम्बद्ध घटना : जनादेश अस्वीकार गर्ने प्रतिक्रिया

सम्बद्ध विषय/वस्तुहरू : अनपेक्षित परिणाम, संविधानसभाको प्रक्रिया बहिष्कार, अतिवादी प्रतिक्रिया, जनादेश स्वीकार, नेतृत्वदायी हैसियत, रचनात्मक भूमिका, चुनावी प्रक्रिया बहिष्कार, नयाँ संविधान निर्माणमा पर्नसक्ने प्रतिकूल असर ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संविधानसभाको प्रक्रिया वहिष्कार गर्ने प्रतिक्रिया जनाइएको प्रतिनिधित्वलाई आधार बनाएर वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल ९३ शब्दबाट बनेका चार वाक्यहरू रहेका छन् । यस संरचनामा निर्वाचन परिणामपछि एमाओवादी, मधेसी फोरम नेपाल, संघीय समाजवादीलगायत केही दलहरू शक्तिको केन्द्रबाट परिधितिर जान खोजेका, कांग्रेस-एमाले शक्तिको केन्द्रमै रहेका र नेकपा-माओवादी शक्तिको घेरा बाहिर रहेको पाइन्छ । निर्वाचनमा सहभागी दलहरू र निर्वाचनमा सहभागी नै नभएका दलबिचको तह तहको र गतिशील प्रकृतिको शक्ति सङ्घर्षमा सम्बद्ध विषय/वस्तुको सन्तुलित मात्राले सम्बोधक पक्षको विचारमा सन्तुलन ल्याउनाका साथै समन्वयकारी भूमिकालाई पनि उजागर गरेको देखिन्छ । यसको प्रस्तुतिमा रूपकीयता वा कलात्मकता, तार्किकता, स्पष्टता, वस्तुनिष्ठता, सङ्क्षिप्तता जस्ता गुण रहेको र अर्थावरोध नभएकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व धनात्मक हुन पुगेको पाइन्छ ।

> अनुभवका आधारमा यसअघि भएका चुनावसँग तुलना गरियो भने शुद्धताको स्तरमा दोस्रो संविधानसभाको चुनाव धेरै माथि रहेको र निर्भयसाथ सम्पन्न भएको मान्नैपर्छ । निर्वाचन पर्यवेक्षण र अनुगमन कार्यमा संलग्न युरोपेली समुदाय र कार्टर सेन्टर लगायतका स्वदेशी, विदेशी अनुगमनकर्ताले दिएका प्रतिवेदनले निर्वाचन निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न भएको बताएर यथार्थ जनमत प्रस्तुत भएको पुष्टि गरेका छन् । पराजयपछि जनादेशलाई अस्वीकृत गर्ने प्रकृतिका केही राजनीतिक दलको अभिव्यक्तिलाई निर्वाचन आयोगका प्रमुख आयुक्तले पुष्टि गर्न दिनुभएको परोक्ष चुनौती मननयोग्य छ । सम्भव भए जति सबै स्रोत, साधन र विश्वस्तरीय उपाय अपनाएर निर्वाचनलाई धाँधलीरहित निष्पक्ष र शान्तिपूर्ण बनाउन आयोग र सरकारले निर्वाह गरेको भूमिकाप्रति आशंका नगर्न अनुरोध गरेर मतदानमा यथार्थ जनादेश व्यक्त भएको सन्देश दिनुभएको स्पष्ट नै छ । कुनै पक्षले मतदान वा गणनाप्रति आशंका गरेको हो भने प्रमुख आयुक्तले भन्नुभए जस्तै संविधानसभा अदालतमा उजुरी दिएर आफ्नो पक्ष राख्न र प्रमाणित गर्न सक्नुपर्छ । अन्यथा जनतालाई भ्रमित पार्न अनर्गल टिप्पणी गर्ने र आफैंलाई मुलुकभरबाट प्राप्त जनमत निर्देशित जनादेशलाई समेत अपमानित गर्ने शैली अलोकतान्त्रिक ठहरिनेछ । (उदाहरण नं. २२, परिशिष्ट ४, पाठ सङ्केत ख६७)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : युरोपेली समुदाय र कार्टर सेन्टर लगायतका स्वदेशी, विदेशी अनुगमनकर्ता, केही राजनीतिक दल, निर्वाचन आयोगका प्रमुख आयुक्त, आयोग र सरकार, कुनै पक्ष, प्रमुख आयुक्त, जनता, आफैं ।

सम्बद्ध घटना : धाँधलीको आरोप लगाएर जनादेश नमान्नेलाई पुष्टि गर्न परोक्ष चुनौती ।

सम्बद्ध विषय/वस्तुहरू : चुनावी शुद्धताको तुलना, दोस्रो संविधानसभाको चुनाव, निर्वाचन पर्यवेक्षण र अनुगमन प्रतिवेदन, निर्भय, निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण निर्वाचन, जनमत, पराजयपछिका अभिव्यक्ति, जनादेश, सम्पूर्ण स्रोत, साधन र विश्वस्तरीय उपाय, आशंका, मतदान, यथार्थ जनादेश, मतदान वा गणनाप्रति आशंका, संविधानसभा अदालत, उजुरी, पक्ष र प्रमाण, भ्रमित पार्ने टिप्पणी, जनादेशलाई अपमानित गर्ने अलोकतान्त्रिक शैली ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा धाँधलीको आरोप लगाएर जनादेश नमान्नेलाई पुष्टि गर्न परोक्ष चुनौती दिइएको प्रतिनिधित्वलाई आधार बनाएर वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १५८ शब्दबाट बनेका छ वाक्यहरू रहेका छन् । यस संरचनामा निर्वाचन आयोगका प्रमुख आयुक्त, आयोग र सरकार, प्रमुख आयुक्त शक्तिको केन्द्रमा, युरोपेली समुदाय र कार्टर सेन्टर लगायतका स्वदेशी, विदेशी अनुगमनकर्ता र जनता केन्द्रमा रहेका शक्तिका सहयोगी शक्तिका रूपमा भेटिन्छन् भने केही राजनीतिक दल, कुनै पक्ष, आफैंबाट सम्बोधित शक्तिहरू केन्द्रबाट परिधितिर जान खोजेको र तिनलाई जनादेशबाट प्राप्त शक्तिको हैसियतमै रहन सुझाइएको पाइन्छ । यसमा प्रमुख निर्वाचन आयुक्तलाई प्रयोग गरिएको आदरार्थी क्रिया, आयुक्तकै भनाइलाई आधार बनाएर प्रस्तुत गरिएको विचार आदिले सङ्घर्षरत शक्तिहरूबिच भिन्नता र इतर भावनालाई स्थापित गरी पक्षधरता समेत प्रकट गरेको पाइन्छ । साथै, यसमा अनावश्यक पदावली र उपवाक्यको समेत प्रयोग भएको भेटिन्छ । उदाहरणका लागि युरोपेली समुदाय र कार्टर सेन्टरलगायतका स्वदेशी, विदेशी अनुगमनकर्ताको अघि रहेको 'निर्वाचन पर्यवेक्षण र अनुगमन कार्यमा संलग्न' भन्ने वाक्यांश र 'जनमत निर्देशित जनादेश' पदावलीमा 'जनमत निर्देशित' पदावली अनावश्यक देखिन्छ । अनावश्यक शब्द, पदावली र वाक्यांशको समेत प्रयोगले सम्बद्ध घटना, विषय/वस्तु र सम्बोधित शक्तिहरू बिचको संसक्ति र संयुक्तिलाई दखल दिएर अर्थावरोध गरेको पाइन्छ । यसमा सन्तुलन र समन्वयकारी भूमिकाको अभाव र अर्थावरोधी अभिव्यक्तिले गर्दा सम्बोधक पक्षको बौद्धिक प्रभुत्व ऋणात्मक हुन पुगेको देखिन्छ ।

सैद्धान्तिक रूपमा मात्र अँगालिएको र व्यावहारिक सुनिश्चितता हुन बाँकी रहेको मुख्य मुद्दा भनेको संघीयताको कार्यान्वयन हो । एकाध नेताहरू एकात्मक प्रणालीतर्फै फर्कन चाहे पनि यसको

अनिवार्यतालाई लिएर कुनै पनि परिवर्तनकारी दलमा द्विविधा देखिन्न, भलै यसको स्वरूप, संख्या र आधारलाई लिएर फरकफरक मतहरू छन् । हालको निर्वाचनले एकल जातीय पहिचान र 'एक मधेस प्रदेश' का पक्षमा रहेका दलहरूलाई अल्पमतमा पारेको तथा बहुपहिचानमा आधारित संघीयता पक्षधर दलहरूले बहुमत पाएको सन्दर्भमा संघीयताको मोडल त्यहीअनुरूप तय हुने निश्चितप्रायः छ । दलहरूले यसबारे अन्तिम छलफल संविधानसभाभित्रै गरेर चाँडो टुंगोमा पुग्नुपर्छ । किनभने पहिलो संविधानसभा मूलतः यही मुद्दामा अनिर्णित रहेकाले असफल बन्न पुगेको थियो । यसबाहेक शासकीय स्वरूपसम्बन्धी भिन्नभिन्न अवधारणालगायत संविधान निर्माणका अन्य मतभेदलाई पनि दलहरूले टुंग्याउन बाँकी छ । नयाँ संविधान लेख्न र जारी गर्न जति ढिलाइ गरिन्छ, परिवर्तनका कार्यसूची धरापमा पर्ने जोखिम उति रहन्छ । तसर्थ जनआन्दोलन र परिवर्तनका संवाहक राजनीतिक दलहरूले बेलैमा होस् पुऱ्याउँदै संविधान निर्माणलाई गति दिनुपर्छ, नयाँ सत्ता गठनको औपचारिकता चाँडै टुंग्याएर । (उदाहरण नं. २३, परिशिष्ट ४, पाठ सङ्केत क७०)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : एकाध नेताहरू, कुनै पनि परिवर्तनकारी दल, एकल जातीय पहिचान र 'एक मधेस प्रदेश' का पक्षमा रहेका दलहरू, बहुपहिचानमा आधारित संघीयता पक्षधर दलहरू, दलहरू२, जनआन्दोलन र परिवर्तनका संवाहक राजनीतिक दलहरू ।

सम्बद्ध घटना : संघीयता पक्षधर दलहरूले बहुमत पाए पनि कार्यान्वयनको टुङ्गो लगाउन बाँकी रहेको ।

सम्बद्ध विषय/वस्तुहरू : संघीयता कार्यान्वयन, एकात्मक प्रणाली, फरक मतहरू, निर्वाचन, अल्पमत, बहुमत, संघीयताको मोडल, संविधानसभा, पहिलो संविधानसभाको असफलता, शासकीय स्वरूपसम्बन्धी भिन्नभिन्न अवधारणा, संविधान निर्माणका अन्य मतभेद, नयाँ संविधान लेखन र जारीमा ढिलाइ, परिवर्तनका कार्यसूची धरापमा पर्ने जोखिम, संविधान निर्माणको गति, नयाँ सत्ता गठनको औपचारिकता ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचन परिणामपछि अल्पमत र बहुमतमा परेको मुद्दाको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास भएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १५१ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिमध्ये कुनै पनि परिवर्तनकारी दल, बहुपहिचानमा आधारित संघीयता पक्षधर दलहरू, जनआन्दोलन र परिवर्तनका संवाहक राजनीतिक दलहरू, दलहरू२ केन्द्रमा देखिन्छन् भने एकाध नेताहरू, एकल जातीय पहिचान र 'एक मधेस प्रदेश' का पक्षमा रहेका दलहरू शक्तिकाे परिधिमा भेटिन्छन् । केन्द्र र परिधिमा रहेका यी

शक्तिहरूबिच संघीयता कार्यान्वयनको विषयमा सङ्घर्ष रहेको पाइन्छ। अनुच्छेदको सुरूमै मुख्यद्दाको रूपमा यस विषयलाई स्थापना गरेपछि पक्ष र विपक्षमा रहेका शक्तिहरूलाई विषय जनाउने विभिन्न विशेषणसहितका नाम दिइएको पाइन्छ। यसमा लामा लामा विशेषणयुक्त नाम र विषय/वस्तुको अर्थावरोधहीन अन्तर्ससम्बन्धले ज्ञानात्मक पहुँच, तार्किकता, वैचारिक स्पष्टता, वस्तुनिष्ठता, सङ्क्षिप्तता जस्ता गुणहरूलाई स्तरीय र कुशलतापूर्वक स्थापित गरेकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व धनात्मक बनेको पाइन्छ।

> संविधानसभाको निर्वाचन सम्पन्न भएको पनि करिब एक महिना हुन लागेको छ। गत मंसिर ४ गते भएको प्रत्यक्षतर्फको मत परिणाम सार्वजनिक भएको समेत तीन हप्ता बितिसकेको छ भने दलहरूले समानुपातिकको पहिलो म्याद अनुसार आ-आफ्नो उम्मेदवारको नाम प्रस्तुत गरेको भए त्यसको परिणाम पनि आइसक्थ्यो। राजनीतिक दलहरूलाई सहमति र समझदारी खोज्ने समय उपलब्ध गराउन निर्वाचन आयोगले समानुपातिकको नामावली बुझाउने म्याद बढाइदिए पछि औपचारिक रूपमा निर्वाचन परिणाम पूर्णतः सार्वजनिक नभएको अवस्था छ। नेपाली राजनीतिमा सहमतिको रटानले लामो समय व्यतित गरेको भए पनि परिणाम भने सोचेअनुरूपको आउने परम्परा छैन। सहमतिको परिणाम- खन्ने पहाड निस्कने मुसा, भन्ने उखान जस्तै भएको छ। सहमतिकै रटानका कारण पहिलो संविधानसभाको अवसान गरिएको कारण नै दोस्रो संविधानसभा निर्वाचनको वाध्यता मुलुकले बेहोर्नु परेको हो। दोस्रो सभाको चुनावपछि पनि शुरु भएको उही सहमतिको रटानले मुलुकको राजनीतिक गतिलाई बाधित र मुलुकलाई अनिर्णयको बन्दी बनाउने अवस्था देखिदै छ। (उदाहरण नं. २४, परिशिष्ट ४, पाठ सङ्केत ख७४)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : दलहरू, राजनीतिक दलहरू।

सम्बद्ध घटना : प्रत्यक्ष निर्वाचन परिणाम आइसक्दा पनि समानुपातिक उम्मेदवारको नामावली छनोट लगायतका काममा ढिलाइ भइरहनु।

सम्बद्ध विषय/वस्तुहरू : संविधानसभाको निर्वाचन, मत परिणाम सार्वजनिकीकरण नभएको अवस्था, समानुपातिक उम्मेदवारको नाम प्रस्तुतिको म्याद, सहमति र समझदारी खोज्ने समय, नेपाली राजनीतिमा सहमतिको रटान, लामो समयको खर्च, सहमतिको परिणाम, पहिलो संविधानसभाको अवसान, दोस्रो संविधानसभा निर्वाचनको मुलुकी वाध्यता, सहमतिको रटानको पुनरावृत्ति, मुलुकको राजनीतिक गति बाधित र मुलुकलाई अनिर्णयको बन्दी बनाइरहने अवस्था।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा प्रत्यक्षतर्फको निर्वाचन सम्पन्न भएपछिका काममा भइरहेको ढिलाइको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास

गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १४१ शब्दबाट बनेका सात वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिमा दलहरू, राजनीतिक दलहरू र निर्वाचन आयोग देखिन्छन् । यसमा प्रतिरोधीका रूपमा कुनै पनि शक्ति देखिँदैन । अभिव्यक्ति शैलीलाई हेर्दा सम्बोधक स्वयं प्रतिरोधीका रूपमा प्रस्तुत भएको बुझिन्छ । यसमा ढिलाइ नहोस् भन्ने शक्तिको सामाजिक प्रतिनिधित्व रिक्त हुनु र सम्बोधक आफैं प्रतिरोधी भावमा देखिँदा सन्तुलन र समन्वयकारी भूमिका गौण हुन पुगेको पाइन्छ । तेस्रो वाक्यमा 'बढाइदिए पछि' र 'नभएको अवस्था छ' बिचमा सङ्गतिको, सम्बद्ध घटना र विषय/वस्तुको प्रस्तुतिमा सङ्क्षिप्तता, वस्तुनिष्ठता, चुस्तता जस्ता गुणको अभाव देखिन्छ । सुरू वाक्यमा उल्लिखित 'पनि करिब एक महिना हुन लागेको', 'गत मंसिर ४ गते भएको प्रत्यक्षतर्फको मत परिणाम सार्वजनिक भएको समेत तीन हप्ता बितिसकेको' मा प्रतिनिधित्वको भद्दा प्रस्थापना, पछिल्ला वाक्यहरूमा 'सहमतिको रटान' पदावलीमा लेखकीय संवेगका साथै पटक पटकको पुनरुक्ति, 'सोचेअनुरूपको आउने परम्परा' र 'बनाउने अवस्था देखिँदै' जस्ता अनावश्यक पदावलीको समेत प्रयोग भएको देखिन्छ । यस्ता अर्थावरोधका कारण पाँचौ वाक्यमा रहेको उखानको प्रभावकारिता समेत ओझेलमा परेको पाइन्छ । साथै, यसमा विधासम्मत अभिव्यक्ति कौशल नभएकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व बढी नै ऋणात्मक हुन पुगेको देखिन्छ ।

> हामी यतिबेला संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने अभियानमा छौं । यतिबेला नेपाली राजनीतिमा न हिंसाको आधार र औचित्य कसैले स्थापित गर्न सक्छ न निषेधको नै । हामीले पटकपटक सम्पादकीयमार्फत माओवादीलाई निषेध नगरी राष्ट्रिय राजनीतिको मूलधारमा समेटेर लैजानुपर्छ भनेर ठूला राजनीतिक शक्तिलाई आग्रह गरेका छौं । फेरि पनि हाम्रो आग्रह त्यही हुने छ, अहिलेको संक्रमण पार गरेर नयाँ पद्धति स्थापित गर्न दोस्रो संविधानसभाबाट चुनिएका ठूला दलले नेकपा-माओवादीलाई सँगै हिँडाउने अधिकतम प्रयास गर्नुपर्छ र तिनका मुद्दाको यथोचित सुनुवाइ हुनुपर्छ । र, माओवादीले पनि अहिलेकै प्रक्रियाभित्र बसेर समाधान खोज्ने प्रयास गर्नुपर्छ । अहिलेका सम्पूर्ण प्रक्रियाको औचित्यमाथि प्रश्न उठाएर हिंसामुखी र अराजकताको बाटोमा माओवादी अग्रसर हुन खोजेको हो भने त्यो उसको महा भुल हुने छ । यसखाले हठवादिताले उसको राजनीतिक अवसान हुने र फगत एउटा अराजकतावादी समूहमा सीमित हुने जोखिम हुन्छ । त्यसकारण माओवादी बेलैमा सच्चिनु आवश्यक छ । (उदाहरण नं. २५, परिशिष्ट ४, पाठ सङ्केत क७९)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : हामी, माओवादी, ठूला राजनीतिक शक्ति, चुनिएका ठूला दल, नेकपा-माओवादी,

सम्बद्ध घटना : गणतन्त्र संस्थागत गर्ने अभियानमा संलग्नता

सम्बद्ध विषय⁄वस्तुहरू : संघीय लोकतान्त्रिक गणतन्त्र, नेपाली राजनीति, हिंसाको आधार र औचित्य, निषेध, सम्पादकीयमार्फत राष्ट्रिय राजनीतिको मूलधारमा समेटाइ, संक्रमण, नयाँ पद्धति स्थापना, दोस्रो संविधानसभा, प्रक्रिया, समाधान प्रयास, प्रक्रियाको औचित्यमाथि प्रश्न, अराजकता, हठवादिता, राजनीतिक अवसान, अराजकतावादी समूह, जोखिम ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय⁄वस्तुहरूको संयोजनलाई हेर्दा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने अभियानमा रहेका प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १३६ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन् । यस संरचनामा ठूला राजनीतिक शक्ति, दोस्रो संविधानसभाबाट चुनिएका ठूला दल शक्तिको केन्द्रमा र माओवादी, नेकपा-माओवादी परिधिमा रहेको रहेको पाइन्छ । यी दुईको शक्ति सङ्घर्षमा हिंसा, निषेध, राष्ट्रिय राजनीति, मलधारमा समेटाइ, सङ्क्रमण, नयाँ पद्धति स्थापना, दोस्रो संविधानसभा, प्रक्रियाभित्रको समाधान, प्रक्रियाको औचित्य, अराजकता, हठवादिता, राजनीतिक अवसान, अराजकतावादी समूहमा परिणत हुने जोखिम जस्ता विषय⁄वस्तुको सम्बद्धता सान्दर्भिक देखिन्छ । यसमा दोस्रो वाक्यको 'हामी' र तेस्रो वाक्यको 'हाम्रो' शब्दको सही प्रयोग भएको देखिन्छ । साथै, प्रारम्भको 'हामी' का कारण आंशिक अर्थावरोध देखिए पनि यसमा ज्ञानात्मक पहुँच, समन्वयकारी भूमिका, स्पष्ट विचार, तार्किक र प्रभावकारी शैलीको प्रयोग भएकाले सम्बोधक पक्षको संस्थागत बौद्धिक प्रभुत्व धनात्मक रहेको पाइन्छ ।

> दोस्रो संविधानसभाको निर्वाचनमा बहिष्कारवादीले उत्पन्न गर्न खोजेको हिंसा र आतंकको नेपाली नागरिकले मौन प्रतिवाद गरेका छन् र मुलुकमा हिंसात्मक द्वन्द्वलाई ठाउँ नभएको सन्देश दिएका छन् । यातायात बन्द र बम विष्फोटका घटनालाई समेत रत्तिभर नटेरेर अत्यधिक मतदाता चुनावमा सहभागी बनेबाट नागरिकले शान्तिपूर्ण राजनीतिका लागि व्यक्त गरेको अभिमत बुझ्न सकिन्छ । चुनाव वहिष्कारको नेतृत्व गरेको नेकपा-माओवादीले त्यतिबेला अस्वीकृत गरे पनि अहिले आएर चुनाव बिथोल्न विष्फोटका घटना गराएको स्वीकारेको छ । चुनावताका गराइएको विष्फोटमा परेर दुई निर्दोष नागरिकको ज्यानसमेत गयो । मुलुकले बेहोरेको अनावश्यक जनधनको क्षतिप्रति नेकपा-माओवादी पनि संवेदनशील र जिम्मेवार हुन आवश्यक छ । मुलुकका सबै दलबीच समझदारी कायम गरेर राजनीतिक निकास दिन सक्दा मात्र दलहरूको सान्दर्भिकता र जनमत जोगिने हो । नेकपा-माओवादीले घोषणा गरेको विद्रोह र विध्वंसको उपाय मुलुक र नेपाली जनताले अब थेग्न र सहनसक्ने स्थिति छैन । शान्तिपूर्ण उपायको माध्यमबाट उसले आफ्ना कार्यको औचित्य स्थापित गर्नुपर्नेछ । जनता र कार्यकर्तालाई दुःख पुग्ने कामबाट सबै राजनीतिक दल जोगिनु नै मुलुक र नागरिकको हकहितमा हुनेछ । (उदाहरण नं. २६, परिशिष्ट ४, पाठ सङ्केत ख७५)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय⁄वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : बहिष्कारवादी, नेपाली नागरिक, मतदाता, नागरिक, नेकपा-माओवादी, दुई निर्दोष नागरिक, मुलुकका सबै दल, नेपाली जनता, जनता र कार्यकर्ता, सबै राजनीतिक दल, नागरिक ।

सम्बद्ध घटना : मौन प्रतिवाद गर्दै हिंसात्मक द्वन्द्वलाई ठाउँ नभएको सन्देश दिनु

सम्बद्ध विषय/वस्तुहरू : दोस्रो संविधानसभाको निर्वाचन, हिंसा र आतंक, यातायात बन्द र बम विष्फोटका घटना, चुनावमा सहभागिता, शान्तिपूर्ण राजनीति, चुनाव वहिष्कार, जनधनको क्षति, संवेदनशीलता र जिम्मेवारी, समझदारी, राजनीतिक निकास, दलहरूको सान्दर्भिकता र जनमत, विद्रोह र विध्वंस, थेग्न र सहनसक्ने स्थिति, शान्तिपूर्ण उपाय, कार्यको औचित्य, दुःख पुग्ने काम, नागरिकको हकहित ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा हिंसा र आतङ्कको मौन प्रतिवाद भएको र हिंसात्मक द्वन्द्वलाई ठाउँ नभएको सन्देश दिइएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १५९ शब्दबाट बनेका नौ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित नेपाली नागरिक, मतदाता, नागरिक, दुई निर्दोष नागरिक, मुलुकका सबै दल, नेपाली जनता, जनता र कार्यकर्ता, सबै राजनीतिक दल, नागरिक जस्ता शक्ति एकातिर र बहिष्कारवादीका साथै चुनाव वहिष्कारको नेतृत्व गरेको नेकपा-माओवादी अर्कातिर रहेको पाइन्छ । यीमध्ये शक्तिको केन्द्र र परिधिमा रहेका शक्तिको अवस्थामा स्पष्टता र निरन्तरताको अभाव देखिन्छ । प्रारम्भ वाक्यमा नेपाली नागरिक शक्तिको केन्द्रमा र वहिष्कारवादी परिधिमा देखिन्छन् भने चौथो वाक्यमा परिधीय शक्तिबाटै दुई निर्दोष नागरिक ज्यान गुमाउने हदसम्म पीडित देखिन्छन् । सातौं वाक्यमा चुनाव वहिष्कारको नेतृत्व गरेको नेकपा-माओवादी केन्द्रमा र नेपाली जनता परिधिमा रहेको बुझिन्छ भने नवौं वाक्यमा सबै राजनीतिक दल पीडक, जनता र कार्यकर्ता पीडित देखिन्छन् । आठौं वाक्यको क्रियापदमा कालिक सङ्गतिको अभाव भेटिन्छ । नागरिकलाई मुलुकको समानान्तरतामा हकहितसँग जोडिएको पनि पाइन्छ । धेरै घटना र सन्दर्भलाई एउटै अनुच्छेदमा राख्दा सूचना र विचारमा तालमेल मिलाउन सकेको पाइँदैन । यसमा सङ्क्षिप्तता र सङ्गतिको अभाव, परस्पर विरोधी भाव, पुनरुक्ति जस्ता अर्थावरोधका कारण सम्बोधक पक्षको बौद्धिक प्रभुत्व बढी नै ऋणात्मक हुन पुगेको पाइन्छ ।

नेपालमा अस्तित्वमा रहेका दर्जनौं कम्युनिस्ट पार्टी/समूहहरूमध्ये नेकपा एमालेले उदारवादी वामपन्थी दलको छवि सुरक्षित राखेको छ भने संविधानसभाको प्रक्रिया बहिष्कार गरेको नेकपा-माओवादीले हिंसावादी विद्रोही राजनीतिको वकालत गर्ने गरेको छ । यस अर्थमा यी दुई दलहरूको वैचारिक कित्ता स्पष्ट छ र तदनुरूप नै तिनले आआफ्नो राजनीति अगाडि बढाइरहेका छन् । यस्तो अवस्थामा एमाओवादीको वैचारिक गन्तव्य के हो ? मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीसँग मिलेर जान वा उसले झैं बन्दुकको भाषा बोल्न त अब सम्भव छैन । त्यो उचित पनि होइन । यस्तो अवस्थामा

एमाओवादीले मूलधारको वामपन्थी -समाजवादी पार्टीको मार्गचित्र समात्ने हो भने त्यो एमालेभन्दा कुन अर्थमा भिन्न हुन्छ ? चुनावी प्रतिस्पर्धामा एमालेले उछिनिसकेको सन्दर्भमा यो प्रश्न पनि कार्यकर्ताले उठाउने छन् । सँगै तर्क आउन सक्छ- यदि भिन्न अस्तित्व नहुने हो भने एमाओवादीले एमालेसँगै पार्टी एकता किन नगर्ने ? भलै यो पनि तत्काल व्यावहारिक रूपमा सम्भव छैन । (उदाहरण नं. २७, परिशिष्ट ४, पाठ सङ्केत क८३)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : नेपालमा अस्तित्वमा रहेका दर्जनौं कम्युनिस्ट पार्टी/समूहहरू, नेकपा एमाले, नेकपा-माओवादी, दुई दलहरू, एमाओवादी, मोहन वैद्य नेतृत्वको नेकपा-माओवादी, (एमाओवादी) कार्यकर्ता

सम्बद्ध घटना : निर्वाचन परिणामपछिको फरक हैसियतमा एमाओवादी पार्टीको छविको भिन्नता, वैचारिक कित्ताको किटान र गन्तव्यमा प्रश्न उठ्नु ।

सम्बद्ध विषय/वस्तुहरू : उदारवादी वामपन्थ, संविधानसभाको प्रक्रिया बहिष्कार, हिंसावादी विद्रोही राजनीति, वैचारिक कित्ता अनुरूपको दलीय राजनीति, मूलधारको वामपन्थी-समाजवादी पार्टीको मार्गचित्र, भिन्नता वा भिन्न अस्तित्व, चुनावी प्रतिस्पर्धा, पार्टी एकता, व्यावहारिक सम्भावना ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचन परिणामपछिको फरक हैसियतमा एमाओवादी पार्टीको छविको भिन्नता, वैचारिक कित्ताको किटान र गन्तव्यप्रतिको प्रश्नसम्बन्धी प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल २३६ शब्दबाट बनेका नौ वाक्यहरू रहेका छन् । यस संरचनामा नेकपा एमाले केन्द्रमा, नेकपा-माओवादी परिधिमा र एमाओवादी निश्चित छवि नबनेको अवस्थामा प्रश्नले घेरिएको देखिन्छ । चुनावी प्रतिस्पर्धामा एमालेले उछिनेको सन्दर्भसहित 'उदारवादी वामपन्थी दलको छवि सुरक्षित मानिएको' र 'संविधानसभाको प्रक्रिया वहिष्कार गरेको नेकपा-माओवादी हिंसावादी विद्रोही राजनीतिको वकालत गर्ने गरेको' विषय स्थापित सत्यका रूपमा भेटिन्छन् । एमाओवादीको वैचारिक कित्ता र गन्तव्य माथि प्रश्न उठाएर 'बन्दुकको भाषा बोल्न' सम्भव नभएको तर्क गरिएको पाइन्छ । यसमा एमाओवादीको पहिचानको खोजीमा 'मूलधारको वामपन्थी समाजवादी पार्टी' को मार्गचित्रलाई पनि स्थापित सत्यका रूपमा लिइएको पाइन्छ । यसमा नेपालमा अस्तित्वमा रहेका कम्युनिष्ट पार्टीहरूको अस्तित्वको भिन्नताबारे बहस गर्दै अन्ततः एमालेसँगै पार्टी एकता गरे हुने भए पनि तत्काल सम्भव नभएको निष्कर्ष पनि देखिन्छ । यसमा सम्बोधक पक्षले ज्ञानात्मक पहुँचसँगै वैचारिक स्पष्टता, सङ्क्षिप्तता, तर्क

शक्ति, प्रश्न, समाधानका उपाय र व्यावहारिक पक्षलाई अर्थावरोध बिना कलात्मक प्रयोगसहित प्रस्तुत गरेकाले बौद्धिक प्रभुत्व धनात्मक रहेको पाइन्छ ।

भौगोलिक विविधता र सांस्कृतिक बहुलता भएको मुलुकमा संविधानसभा गठन गर्दा सबै समुदाय, क्षेत्र र जनजातिलाई प्रतिनिधित्व गराउन समानुपातिक प्रणालीबाट सहज हुने मान्यताका साथ मिश्रित निर्वाचन रोजिएको हो । संविधानसभाको गठन २४० प्रत्यक्ष निर्वाचित, ३३५ समानुपातिक सूचीबाट चुनिएका तथा २६ जना मनोनित गरिएका सदस्यबाट हुने व्यवस्था गरिएको छ । सबै तह, समुदाय र विषय विशेषज्ञको समेत प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यले व्यवस्थित गरिएको निर्वाचन प्रणालीको समानुपातिक विधिलाई उपेक्षा गर्दै राजनीतिक दल र सम्बद्ध नेतृत्वले आफन्त, पैसा दिने र पहुँचवालालाई पुरस्कृत गर्न प्रयोग गरेको गुनासो सर्वत्र बढेको छ । समानुपातिक सूचीबाट सदस्य छनोटको क्रममा राजनीतिक रूपले सक्रिय, इमानदार र स्वच्छ छवि भएकालाई उपेक्षा गरिएको गम्भीर आरोप दलहरूमाथि लागेको छ । मुलुकको राजनीतिमा विकृति भित्र्याउने कारणमा प्रयुक्त भएकाले यस समानुपातिक विधिलाई नै अन्त्य गरिनुपर्ने विचार व्यक्त गर्न थालिएको छ । सबै दलले प्रस्तुत गरेको समानुपातिक प्रतिनिधित्वको प्रवृत्तिलाई नियाल्दा अहिले उठेको विवाद वा लगाइएको आरोप शतप्रतिशत असत्य छ भन्ने देखिँदैन भने शतप्रतिशत सही पनि छैन। चयनमा इमानदार कार्यकर्ता उपेक्षित भएका पनि छन् र कतिपय कार्यकर्तामा बढेको सभासद् हुने महत्वाकांक्षाले पनि विवादको आगोमा घिउ थप्ने काम गरेको छ। प्रतिनिधित्व पाउने र नपाउनेहरूबिच आरोप प्रत्यारोप समेत चलेको छ र एकले अर्काको इमानदारी तथा योगदानमाथि प्रश्न ठड्याउँदै आफूमात्र स्वच्छ र इमानदार भएको दावा गर्न थालिएको छ । उद्देश्य अनुरूप समानुपातिक प्रणालीलाई प्रयोग नगरिएका कारण आक्षेप लगाउनेहरूलाई विवाद बढाउनसमेत मलजल पुगेको छ । (उदाहरण नं. २८, परिशिष्ट ४, पाठ सङ्केत ख७९)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : सबै जनजाति, २४० प्रत्यक्ष निर्वाचित, ३३५ समानुपातिक सूचीबाट चुनिएका तथा २६ जना मनोनित गरिएका सदस्य, राजनीतिक दल र सम्बद्ध नेतृत्व, आफन्त, पैसा दिने र पहुँचवाला, राजनीतिक रूपले सक्रिय, इमानदार र स्वच्छ छवि भएका, दलहरू, सबै दल, इमानदार कार्यकर्ता, कतिपय कार्यकर्ता, आक्षेप लगाउनेहरू ।

सम्बद्ध घटना : मिश्रित निर्वाचन प्रणाली रोजिएको र समानुपातिक विधिको उपेक्षा (दुरुपयोग) गरिएको ।

सम्बद्ध विषय/वस्तुहरू : भौगोलिक विविधता र सांस्कृतिक बहुलता, संविधानसभा गठन व्यवस्था, समुदाय, क्षेत्र र जनजातिको प्रतिनिधित्व, समानुपातिक प्रणाली, मिश्रित निर्वाचन, तह, समुदाय र विषय विशेषज्ञको प्रतिनिधित्व, निर्वाचन प्रणाली, समानुपातिक विधिको उपेक्षा, समानुपातिक

सूचीबाट सदस्य छनोट, राजनीतिक रूपले सक्रिय, इमानदार र स्वच्छ छवि भएकाको उपेक्षा, दलहरूमाथि आरोप, मुलुकको राजनीतिमा विकृति, समानुपातिक प्रतिनिधित्वको विवाद, सभासद् हुने बढ्दो महत्वाकांक्षा, प्रतिनिधित्व पाउने र नपाउनेहरूबिच आरोप प्रत्यारोप, इमानदारी तथा योगदानमाथि प्रश्न, स्वच्छ र इमानदार दावा, विवाद ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा मिश्रित निर्वाचन प्रणाली रोजिएको र समानुपातिक विधिको उपेक्षा (दुरुपयोग) गरिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल २१६ शब्दबाट बनेका नौ वाक्यहरू रहेका छन् । यस संरचनामा राजनीतिक दल र सम्बद्ध नेतृत्व शक्तिको केन्द्रमा, नेतृत्वका आफन्त, पैसा दिने र पहुँचवाला केन्द्रको नजिकमा, सबै जनजाति विधिवत् रूपमा परिधिबाट केन्द्रतिर ल्याउन खोजिएका र राजनीतिक रूपले सक्रिय, इमानदार र स्वच्छ छवि भएका तथा इमानदार कार्यकर्ता शक्तिको परिधिमा धकेलिएको देखिन्छ । मूलतः संविधानसभामा प्रतिनिधित्व पाउने र नपाउनेहरू बिचको शक्ति सङ्घर्षमा राजनीतिक दलका नेतृत्व र उपेक्षित कार्यकर्ता तथा जनजातिको सन्दर्भ तानिएको पाइन्छ । ‘आक्षेप लगाउनेहरू’ प्रति इतरको भावनासहित सम्बोधक पक्षमा हुनुपर्ने समन्वय र मध्यस्थताको भूमिका गौण भएको भेटिन्छ । यसमा यसमा समानुपातिक प्रणालीको स्थापित मान्यतालाई स्थान दिएर त्यसको दुरुपयोग भएको प्रतिनिधित्वलाई स्पष्टतासाथ प्रस्तुत गर्न सकिएको पाइँदैन । ‘मनोनीत गरिएका’, ‘र विषय विशेषज्ञको समेत’, कारणमा प्रयुक्त’ जस्ता अनावश्यक शब्दहरूबाट बनेका लामा लामा वाक्य र त्यस्ता धेरै वाक्य समूहबाट बनेको अनुच्छेदमा वैचारिक स्पष्टतालाई वाधा पुऱ्याउने गरी सूचनाको प्रयोग भएको पनि भेटिन्छ । यसमा ‘उठेको विवाद वा लगाइएको आरोप शतप्रतिशत असत्य छ भन्ने देखिँदैन भने शतप्रतिशत सही पनि छैन’ जस्ता वाक्यांशले अभिव्यक्तिको स्तर र कर्ता लुप्त भएका वाक्यले सम्बोधक र सम्बोधित बिचको दूरी बढाएर प्रभावकारितालाई खस्काएको पनि पाइन्छ । समग्रमा यसमा स्पष्टता भन्दा अर्थावरोध भारी भएकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व बढी नै ऋणात्मक हुन पुगेको देखिन्छ ।

दोस्रो संविधानसभालाई सफल पार्न, नयाँ संविधान निर्माण गर्न त्यस सभामा प्रतिनिधित्व गर्ने तीस दलकै भूमिका र जिम्मेवारी छ । यद्यपि तीमध्ये पनि निर्णायक ठूला दलको यसमा बढी दायित्व हुन्छ । यतिखेर दोस्रो संविधानसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रोस बनेको छ, दोस्रो ठूलो दल एमाले भएको छ भने पहिलो संविधानसभामा पहिलो ठूलो दल भएको एमाओवादी तेस्रो स्थानमा खुम्चिएको छ । सभासद संख्याका हिसाबले केही तलमाथि भए पनि मुख्य यिनै दलहरूबीच निर्माण हुने सहमति र समझदारीले नयाँ संविधान लेखनलाई सुनिश्चित गर्ने छ । त्यसकारण यतिबेला नेपाली कांग्रेसले राजनीतिक समझदारी निर्माण गर्ने अग्रसरता लिनुपर्छ । २६ सभासद मनोनयनदेखि शक्ति बाँडफाँड, सरकार गठन र संविधान निर्माणसम्मको यात्रालाई समझदारी निर्माण गर्दै पूरा गर्न बाटोका सबै प्रमुख दलहरू केन्द्रित हुनु जरुरी छ । (उदाहरण नं. २९, परिशिष्ट ४, पाठ सङ्केत क८५)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : तीस दल, निर्णायक ठूला दल, नेपाली कांग्रेस, एमाले, एमाओवादी, सबै प्रमुख दलहरू ।

सम्बद्ध घटना : पहिलोबाट दोस्रो संविधानसभामा मुख्य तीन दलको हैसियत फेरबदल हुनु ।

सम्बद्ध विषय/वस्तुहरू : दोस्रो संविधानसभाको सफलता, नयाँ संविधान निर्माण, प्रतिनिधित्व गर्नेको भूमिका, जिम्मेवारी, दायित्व, पहिलो संविधानसभा, सभासद संख्या, सहमति र समझदारी, नयाँ संविधान लेखनको सुनिश्चितता, राजनीतिक समझदारी निर्माणमा अग्रसरता, २६ सभासद मनोनयन, शक्ति बाँडफाँड, सरकार गठन र संविधान निर्माणसम्मको यात्रा, समझदारी निर्माण ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा पहिलोबाट दोस्रो संविधानसभामा मुख्य तीन दलको हैसियत फेरबदल भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल ११७ शब्दबाट बनेका छ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित ठूला दलको पहिचानभित्र नेपाली कांग्रेस, एमाले र एमाओवादी रहेका छन् र तिनको प्रतिनिधित्वको हैसियतमा आएको फेरबदलबाट शक्ति सङ्घर्षको छनक पाइन्छ । मुख्य यिनै दलहरू बिच निर्माण हुने 'सहमति र समझदारी' को छिद्रबाट पहिलो संविधानसभामा भएका असहमति र असमझदारीका अभ्यासलाई बुझ्न सकिन्छ । यसमा 'सबै प्रमुख दलहरू' मा तीनै पार्टी एक जस्तो देखिए पनि यिनीहरूमा रहेका अन्तरभिन्नतालाई सूक्ष्मतासाथ विश्लेषण गरिएको भेटिन्छ । त्यसमा पनि नेपाली कांग्रेस शक्तिको उपल्लो तहमा पुगेर पनि 'राजनीतिक समझदारी निर्माण गर्ने अग्रसरता' लिइ नसकेको अवस्था र पहिलो संविधानसभामा पहिलो स्थान पाएको 'एमाओवादी तेस्रो स्थानमा खुम्चिन पुगेको' तथ्यले उनीहरूको शक्तिहीनता र अक्षमता प्रकट गर्छ । यसमा सम्बद्ध विषय/वस्तुहरू स्थापित सत्यमा आधारित रहेको र तिनलाई स्पष्टतासाथ आत्मसात गरिएको पाइन्छ । यसमा सन्तुलन र समन्वयकारी भूमिकाका साथै सम्बोधक पक्षको ज्ञानात्मक पहुँच, वस्तुनिष्ठता, तार्किकता, अर्थावरोधहीनता जस्ता गुणहरू रहेकाले बौद्धिक प्रभुत्व धनात्मक हुन पुगेको पाइन्छ ।

> बैठक आह्वानको विवाद अन्त्यसँगै यतिबेला देखिएको अन्योलको समेत अन्त्य भएको छ र संविधानसभाको बैठकसँगै सरकार निर्माण र सभाको गतिविधि अगाडि बढ्न सहज भएको छ । बैठक आह्वानका मार्गप्रशस्त गर्न राष्ट्रपतिले प्रकट गर्नुभएको सदाशयता र उदारतालाई मुलुकका राजनीतिक दलहरूले पनि शिक्षाका रूपमा ग्रहण गरेर संविधानसभाको कार्य प्रक्रियालाई निर्वाध अगाडि बढाउनु तथा प्रतिज्ञा अनुसार एक वर्षमा संविधान बनाउने कामलाई निर्वाध सक्रिय बनाउनु जरुरी छ । संविधान बनाउने काम महत्वपूर्ण भएकाले सानामसिना विवादमा मुलुकी राजनीतिलाई बन्दी बनाएर राख्न र

संविधानसभाको बाटो छेकेर शक्तिको बाँडफाँटमा अत्यधिक रुमल्लिनु सबैका लागि प्रत्युत्पादक हुनसक्छ। यस्ता विषयमा राजनीतिक दलहरू संवेदनशील छन् र जनसमक्ष आफूले गरेको प्रतिज्ञालाई साकार पार्न निश्चय पनि सक्षम र इमानदार छन् भन्ने अनुभूति जनतामा जानु राजनीतिप्रतिको विश्वसनीयता वृद्धि हुनु हो। ढिलाइ गर्ने अवसर राजनीतिक दलहरूलाई अब उपलब्ध छैन। अन्तरिम संविधानमा रहेका कमजोरीलाई अनुभव गरेका दलहरूले भावी संविधानमा त्यस्ता कमजोरी समावेश नगराउनका लागि पर्याप्त ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। नयाँ संविधानले अन्तिम रूपमा नपाएसम्म नेपाली राजनीतिको यतिबेलासम्मको संक्रमणको अन्त्य हुन सम्भव छैन। संविधान निर्माण गरेर मुलुकलाई राजनीतिक स्थिरता प्रदान गर्नु र विकास निर्माणका कामलाई द्रुत गतिमा बढाउनु नै राजनीतिसँगको अपेक्षा हो। (उदाहरण नं. ३०, परिशिष्ट ४, पाठ सङ्केत ख८२)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : राष्ट्रपति, मुलुकका राजनीतिक दलहरू, राजनीतिक दलहरू, जनता, दलहरू

सम्बद्ध घटना : बैठक आह्वानको विवाद अन्त्य

सम्बद्ध विषय/वस्तुहरू : संविधानसभाको बैठक, सरकार निर्माण, सभाको गतिविधि, सदाशयता र उदारता, शिक्षा, संविधानसभाको कार्य प्रक्रिया, प्रतिज्ञा अनुसार एक वर्षमा संविधान बनाउने काम, विवाद, राजनीति, शक्तिको बाँडफाँट, सक्षमता र इमानदारी, राजनीतिप्रतिको विश्वसनीयता, ढिलाइ गर्ने अवसर, अन्तरिम संविधानका कमजोरीको अनुभव, भावी संविधानमा ध्यान, नयाँ संविधान, नेपाली राजनीतिको संक्रमण, संविधान निर्माणबाट राजनीतिक स्थिरता, विकास निर्माणका काम, राजनीतिसँगको अपेक्षा।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा बैठक आह्वानको विवाद अन्त्य भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ। यस अनुच्छेदको संरचनामा कुल १७९ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन्। यस संरचनामा सम्बोधित शक्तिमध्ये राष्ट्रपति केन्द्रमा र मुलुकका राजनीतिक दलहरू, राजनीतिक दलहरू, दलहरू र परिधिमा र जनता, सबै र जन सक्रीय शक्ति सङ्घर्षभन्दा बाहिर रहेको देखिन्छ। यसमा विवाद र अन्योलको अन्त्यसँगै संविधानसभाको बैठक, सरकार निर्माण, सभाको गतिविधि, सदाशयता र उदारता, शिक्षा, संविधानसभाको कार्य प्रक्रिया, प्रतिज्ञा अनुसार एक वर्षमा संविधान बनाउने काम, विवाद, राजनीति, शक्तिको बाँडफाँट, सक्षमता र इमानदारी, राजनीतिप्रतिको विश्वसनीयता, ढिलाइ गर्ने अवसर, अन्तरिम संविधानका कमजोरीको अनुभव, भावी संविधानमा ध्यान, नयाँ संविधान, नेपाली राजनीतिको संक्रमण, संविधान निर्माणबाट राजनीतिक स्थिरता, विकास

निर्माणका काम, राजनीतिसँगको अपेक्षा जस्ता शब्द र पदावलीहरू विषय/वस्तुका रूपमा भेटिन्छन्। दोस्रो वाक्यमा राष्ट्रपतिको कदमलाई 'सदाशयता र उदारता' भनेर देखाइएको पक्षधरतालाई दलहरूलाई शिक्षाका रूपमा ग्रहण गर्न सुझाइएको वाक्यांशले पुष्टि गर्ने देखिन्छ भने चौथो वाक्यमा निबन्धात्मकता पाइन्छ। व्याकरणिक त्रुटि औंल्याउन नसकिने तर एउटा वाक्यमा एकभन्दा बढी विषय, अनावश्यक शब्द र पदावली, घुमाउरा वाक्यको प्रचुरताले ज्ञानात्मक पहुँच रहे जस्तो देखिए पनि वैचारिक स्पष्टताको अभाव पाइन्छ। यसमा समन्वय र मध्यस्थता, तटस्थता, वस्तुनिष्ठता, तार्किकताको अभावसँगै अर्थावरोध बढी भएकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्वमा ऋणात्मकता बढी देखिन्छ।

> अहिले सरोकारवाला सबैको दायित्व भनेको संविधानसभा र व्यवस्थापिका-संसद्को प्रक्रियालाई तीव्रता दिनु हो। खासगरी दलहरूले आ-आफ्ना संसदीय दलका नेताहरू छान्ने, सभाध्यक्ष-सभामुख चयन गर्ने, विषयगत समितिहरू र सरकार गठन गर्नेतिर लागिहाल्नुपर्छ। विगतमा संसद् र संविधानसभाको काममा उचित प्राथमिकता निर्धारण हुन नसक्दा आइपरेका समस्यालाई मनन् गरेर तदनुरूपको कार्यतालिका बनाउनुपर्छ र त्यसलाई कडाइका साथ अनुशरण गरिनुपर्छ। सबभन्दा मुख्य कुरा, प्रमुख राजनीतिक दलहरूले संविधानसभाको पहिलो बैठक भएको एक वर्षभित्रै नयाँ संविधान जारी गर्ने जुन सार्वजनिक प्रतिबद्धता जारी गरेका छन्, त्यसलाई पूरा गर्नैपर्छ। त्यो लक्ष्य हासिल गर्नका निम्ति संसदीय दलका नेता छान्नेदेखि सरकारको नेतृत्व गर्ने जस्ता मामिलालाई लिएर हरेकजसो मुख्य पार्टीमा देखिएको आन्तरिक विवाद यथाशिघ्र हल गर्न जरुरी छ। (उदाहरण नं. ३१, परिशिष्ट ४, पाठ सङ्केत क८७)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : सरोकारवाला सबै, दलहरू, प्रमुख राजनीतिक दलहरू, हरेकजसो मुख्य पार्टी

सम्बद्ध घटना : संविधानसभा र व्यवस्थापिका-संसद्को प्रक्रियालाई तीव्रता दिने दायित्व

सम्बद्ध विषय/वस्तुहरू : संसदीय दलका नेताहरू र सभाध्यक्ष-सभामुख चयन, विषयगत समितिहरू र सरकार गठन, संसद् र संविधानसभाको विगतका काम, प्राथमिकता निर्धारण, समस्याको मनन्, कार्यतालिका निर्माण र कडाइका साथ अनुशरण, संविधानसभाको पहिलो बैठक भएको एक वर्षभित्रै नयाँ संविधान जारी गर्ने सार्वजनिक प्रतिबद्धता, पार्टीमा आन्तरिक विवाद।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संविधानसभा र व्यवस्थापिका-संसद्को प्रक्रियालाई तीव्रता दिने दायित्वको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ। यस अनुच्छेदको संरचनामा कुल १११ शब्दबाट बनेका पाँच वाक्यहरू रहेका छन्। यस संरचनामा प्रमुख राजनीतिक दलहरू, हरेकजसो मुख्य पाटी, दलहरू, सरोकारवाला सबै शक्तिको मैदानमा रहेको

पाइन्छ। दायित्वका दृष्टिले प्रमुख राजनीतिक दलहरू केन्द्रमा देखिन्छन् भने अरू केन्द्रबाट परै रहेको पाइन्छ। सम्बोधित शक्तिहरू मूलतः संविधानसभा र व्यवस्थापिका संसद्को प्रक्रियालाई तीव्रता दिने दायित्वको विषय/वस्तुसँग सम्बद्ध रहेको देखिन्छ। यसमा संसदीय दलका नेताहरू, सभाध्यक्ष-सभामुख, विषयगत समितिहरू र सरकार गठनका साथै नेतृत्व जस्ता शब्द र पदावली पर्दछन्। यसमा संसद् र संविधानसभाको काममा प्राथमिकता निर्धारण, कार्यतालिका निर्माण र अनुशरण, नयाँ संविधान जारी गर्ने सार्वजनिक प्रतिबद्धता, पार्टीको आन्तरिक विवाद पनि समेटिएको पाइन्छ। छोटा र थोरै वाक्यहरूबाट बनेको यस अनुच्छेदमा ज्ञानात्मक पहुँच, तार्किक शैली, वस्तुनिष्ठता, स्पष्टता, सूक्ष्मता, अर्थावरोधरहित निर्देशात्मकता जस्ता गुणहरू रहेकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व धनात्मक रहेको देखिन्छ।

> मुलुकलाई सङ्क्रमणकालको भुमरीबाट उतार्न सहमतीय प्रणाली नै महौषधी ठहरिनेमा विवाद रहँदैन तर त्यो सहमति ओठे नाराको विषय मात्र बन्न नहुनेमा दुईमत रहँदैन। विगतमा सहमतिको नारा धेरै लगाइए पनि व्यवहारमा भने त्यसको छेकछन्दै नदेखाइनाले सबै थोक भताभुङ्गा हुनपुगेको यथार्थ रहेको छ। पछिल्लो अवधिमा नेपाली कांग्रेस, नेकपा (एमाले) र एनेकपा माओवादीले वर्षदिनभित्र संविधान निर्माण गर्नेसम्बन्धमा सहमतीय आधारमा अगाडि बढ्ने वचनबद्धता व्यक्त गर्नुले सकारात्मक भाव नदेखाएको होइन तर विगतमा सहमति गरेकै भोलिपल्टदेखि त्यसको खोइरो खन्नथाल्ने परिपाटी रहेकाले जनमानस मौखिक सहमतिलाई व्यावहारिक जामा पहिऱ्याइहाल्ने सुरमा तत्काल देखिएका छैनन्। राजनीतिक दललाई नयाँ संविधानसभाले विगतमा निर्माण गर्न नसकिएका संविधान निर्माणको अभूतपूर्व कार्य गर्न तथा दलीय गौरवशाली साख बढाउन स्वर्णिम अवसर प्रदान गरेको छ। इतिहासले पटक-पटक अवसर नदिनसक्छ, त्यसैले प्राप्त शुभ अवसरलाई मूल गन्तव्य प्राप्तिका दिशामा अर्थपूर्ण सावित गराउने जिम्मेवारी यतिखेर राजनीतिक दलकै काँधमा आएको छ। सत्ताको अवाञ्छनीय छिनाझप्टीले जसरी राजनीतिक दललाई कलङ्कको तलाउमा गोता खान वाध्य बनायो, त्यो प्रवृत्तिको अब पुनरावृत्ति हुनुहुँदैन। संविधान निर्माण नभएसम्म सहकार्य र एकता कुनै पनि वस्तुस्थितिमा भङ्ग हुनै नदिने दृढ प्रतिज्ञासाथ राजनीतिक दल अग्रसर भए भने गन्तव्यप्राप्ति निशिचत छ। ऐक्यबद्धता र द्रुत क्रियाशीलता नै शुभकारक भएकाले अर्को संविधानसभालाई निर्धारित अवधिभित्रै सार्थक तुल्याउन राजनीतिक दल विशेष गम्भीर, इमानदार तथा सक्रिय हुनैपर्छ। (उदाहरण नं. ३२, परिशिष्ट ४, पाठ सङ्केत ख८५)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : नेपाली कांग्रेस, नेकपा (एमाले) र एनेकपा माओवादी, जनमानस, राजनीतिक दल

सम्बद्ध घटना : सङ्क्रमणकालमा सहमतीय प्रणाली नारामा सीमित रहेको

सम्बद्ध विषय/वस्तुहरू : सङ्क्रमणकाल, सहमतीय प्रणाली, विगतमा लगाइएको सहमतिको नारा र भताभुङ्ग व्यवहार, वर्षदिनभित्र संविधान निर्माण गर्न सहमतीय आधारमा अगाडि बढ्ने वचनबद्धता, सहमतिको खोइरो खन्नथाल्ने परिपाटी, मौखिक सहमति, नयाँ संविधानसभा, संविधान निर्माणको अभूतपूर्व कार्य गर्न तथा दलीय गौरवशाली साख बढाउने स्वर्णिम अवसर, इतिहासले दिएको शुभ अवसर, दलीय जिम्मेवारी, सत्ता छिनाझप्टी गर्ने प्रवृत्तिको पुनरावृत्ति, सहकार्य र एकता, मूल गन्तव्य र गन्तव्यप्राप्तिको सुनिश्चितता, ऐक्यबद्धता र द्रुत क्रियाशीलता, अर्को संविधानसभाको सार्थकता, दलीय गम्भीरता, इमानदारी र सक्रियता ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा सङ्क्रमणकालमा सहमतीय प्रणाली नारामा सीमित रहेको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १९८ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन् । यस संरचनामा नेपाली कांग्रेस, नेकपा (एमाले) र एनेकपा माओवादी र राजनीतिक दल शक्तिको एकातिर र जनमानस अर्कातिर रहेको पाइन्छ । राजनीतिक दलहरूले वचनबद्धता पूरा गर्ने लक्षण नदेखाएकाले जनमानसमा अविश्वास बढेको आशयले शक्तिको दुरुपयोग र शक्ति सङ्घर्षको रूपलाई जनाउँछ । राष्ट्रिय राजनीतिमा सर्वोच्च मानिएका जनमानस र सक्रीय मानिएका राजनीतिक दलहरू जस्ता स्थापित सत्यमा सङ्क्रमणकाल, सहमतीय प्रणाली, विगतमा लगाइएको सहमतिको नारा र भताभुङ्ग व्यवहार, वर्षदिनभित्र संविधान निर्माण गर्न सहमतीय आधारमा अगाडि बढ्ने वचनबद्धता, सहमतिको खोइरो खन्नथाल्ने परिपाटी, मौखिक सहमति, नयाँ संविधानसभा, संविधान निर्माणको अभूतपूर्व कार्य गर्न तथा दलीय गौरवशाली साख बढाउने स्वर्णिम अवसर, इतिहासले दिएको शुभ अवसर, दलीय जिम्मेवारी, सत्ता छिनाझप्टी गर्ने प्रवृत्तिको पुनरावृत्ति, सहकार्य र एकता, मूल गन्तव्य र गन्तव्यप्राप्तिको सुनिश्चितता, ऐक्यबद्धता र द्रुत क्रियाशीलता, अर्को संविधानसभाको सार्थकता, दलीय गम्भीरता, इमानदारी र सक्रियता जस्ता विषय/वस्तु समेटिएको पाइन्छ । यसमा रहेका लामा वाक्यहरूमा तार्किक शैली, स्पष्टता र वस्तुनिष्ठताको अभाव देखिन्छ । 'भुमरीबाट उतार्न', 'महौषधी ठहरिनेमा विवाद रहँदैन', 'ओठे नाराको विषय', 'छेकछन्दै नदेखाइनाले सबैथोक भताभुङ्ग हुनपुगेको यथार्थ', '... गरेकै भोलिपल्टदेखि त्यसको खोइरो खन्न थाल्ने परिपाटी', 'जामा पहिर्‍याइहाल्ने सुरमा', 'अभूतपूर्व कार्य गर्न तथा दलीय गौरवशाली साख बढाउन स्वर्णिम अवसर प्रदान गरेको', 'प्राप्त शुभअवसरलाई मूलगन्तव्य प्राप्तिका दिशामा अर्थपूर्ण सावित गराउने जिम्मेवारी', 'सत्ताको अवाञ्छनीय छिनाझप्टी', 'कलङ्कको तलाउमा गोता खान वाध्य', 'सहकार्य र एकता कुने पनि वस्तुस्थितिमा भङ्ग हुनै नदिने दृढ प्रतिज्ञासाथ', 'गन्तव्य प्राप्ति निश्चित छ' 'ऐक्यबद्धता र द्रुत क्रियाशीलता नै शुभकारक भएकाले' जस्ता पदावली तथा वाक्यांशहरू व्याकरणका दृष्टिले खासै त्रुटिपूर्ण नभए पनि अनावश्यक, आलङ्कारिक र अवस्तुगत समेत भएकाले अर्थावरोधी देखिन्छन् । यसमा अत्यधिक अर्थावरोधका कारण सम्बोधक पक्षको बौद्धिक प्रभुत्व बढी नै ऋणात्मक हुन पुगेको पाइन्छ ।

व्यवस्थापिका-संसद्मा सहजै सुविधाजनक बहुमत जुटाउन सक्ने पहिलो र दोस्रो हैसियतका दलहरू- नेपाली कांग्रेस र नेकपा एमालेले संयुक्त सरकार गठन गर्ने अब निश्चित प्रायः भएको छ । खासगरी

एनेकपा माओवादी र राप्रपा नेपालको विपक्षमा बस्ने घोषणाले यी दुई दललाई सरकार निर्माणका निम्ति एक ठाउँमा उभिन थप प्रेरितसमेत गरेको छ। तर, त्यो प्रक्रियाले अपेक्षित तीव्रता नपाउँदा सरकार गठन हुन अझै कति दिन लाग्ला भन्ने विषय अनुमानमै सीमित भएको छ। चुनाव भएको अढाई महिना बितिसक्दा पनि नयाँ सरकार गठन हुन नसक्दा आम जनतामा बढ्दै गएको निराशालाई मुख्य राजनीतिक दलहरूले समयमै किनारा लगाउनुपर्छ। यसका निम्ति कांग्रेस-एमाले र अन्य सम्भावित सत्ता-साझेदारहरूले आवश्यक राजनीतिक सम्झौता गर्न जरुरी छ। त्यसभन्दा पहिले उनीहरूले आआफ्नै आन्तरिक असमझदारी टुंग्याउनुपर्छ। (उदाहरण नं. ३३, परिशिष्ट ४, पाठ सङ्केत क९२)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : पहिलो र दोस्रो हैसियतका दलहरू- नेपाली कांग्रेस र नेकपा एमाले, एनेकपा माओवादी र राप्रपा नेपाल, आम जनता, मुख्य राजनीतिक दलहरू, कांग्रेस-एमाले र अन्य सम्भावित सत्ता-साझेदारहरू

सम्बद्ध घटना : संयुक्त सरकार गठन गर्ने निश्चित प्रायः भएको

सम्बद्ध विषय/वस्तुहरू : व्यवस्थापिका-संसद्, सुविधाजनक बहुमत जुटाउने हैसियत,

सरकार निर्माणका निम्ति प्रेरणा र प्रक्रिया, अनुमानमै सीमित सरकार गठन, चुनाव भएको अढाई महिना बितिसकेको अवस्था, बढ्दो निराशा, राजनीतिक सम्झौता, आन्तरिक असमझदारी।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संयुक्त सरकार गठन गर्ने निश्चित प्रायः भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ। यस अनुच्छेदको संरचनामा कुल ११७ शब्दबाट बनेका छ वाक्यहरू रहेका छन्। यस संरचनामा पहिलो र दोस्रो हैसियतका दलहरू- नेपाली कांग्रेस र नेकपा एमाले शक्तिको केन्द्रमा र एनेकपा माओवादी र राप्रपा नेपाल परिधिमा रहको देखिन्छ। 'अन्य सम्भावित सत्ता-साझेदारहरू' शक्तिको मैदानमा केन्द्रतिर जाने सम्भावना भएका दलका रूपमा सङ्केतित पाइन्छ भने 'मुख्य राजनीतिक दलहरू' ले 'पहिलो र दोस्रो हैसियत भएका दलहरू' लाई लक्षित गरेको बुझिन्छ। यसमा सरकार र प्रतिपक्षमा रहने दलहरू बिचको आन्तरिक र अन्तरपार्टी शक्ति सङ्घर्षलाई प्रस्तुत गर्ने क्रममा विषय/वस्तुका रूपमा व्यवस्थापिका-संसद्, सुविधाजनक बहुमत जुटाउने हैसियत, सरकार निर्माणका निम्ति प्रेरणा र प्रक्रिया, अनुमानमै सीमित सरकार गठन, चुनाव भएको अढाई महिना बितिसकेको अवस्था, बढ्दो निराशा, राजनीतिक सम्झौता, आन्तरिक असमझदारीको सम्बद्धता रहेको पाइन्छ। आरम्भ वाक्यमा स्थापित प्रतिनिधित्वलाई दोस्रो वाक्यमा थप जानकारीसहितको निरँतरता र तेस्रो वाक्यमा विचार प्रस्तुत भएको देखिन्छ। यस्तै, चौथो, पाँचौ र छैटौं वाक्यमा थप जानकारीसहित सर्वोच्च शक्तिका रूपमा स्थापित

'आम जनता'सँग निराशालाई सम्बद्ध गराइएको पाइन्छ । यसमा ज्ञानात्मक पहुँच, स्पष्ट विचार, अर्थावरोधहीनता, सूक्ष्मता, समन्वय, मध्यस्थकारी भूमिका आदि गुण रहेकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व धनात्मक हुन पुगेको देखिन्छ ।

> दोस्रो संविधानसभामा रहेका ३० दल तथा दुई स्वतन्त्र सभासद् सबैको एक मात्र केन्द्रबिन्दु भनेको संविधान नै हो र हुनु पनि पर्छ, विगतमा संविधानलाई गौण र सत्तालाई केन्द्र मानिएकै कारण सफलता आकाशपारिको विषय बनेको कटु यथार्थ अहिले स्मरण गर्नैपर्छ । लिनसक्नेका निम्ति इतिहास पाठ हो, कमी, कमजोरी र असफलता पुनरावृत्त हुन नदिनुमै वर्तमान राजनीतिक नेतृत्वको खुबी देखिनेछ । अतः सरकार गठनको विषयलाई सहज रूपमा लिई राष्ट्रिय अभिभारा पूरा गर्ने दिशामा सबैको ऐक्यबद्धता अपरिहार्य बनेको छ । बहुमतीय सरकार गठनको प्रक्रिया अगाडि बढ्दा बिर्सन नहुने कुरा के हो भने यो केवल भागबन्डाको सरकारका रूपमा मात्रै परिचित हुनु हुँदैन । भागबन्डाको राजनीतिले यसै पनि राजनीतिक दललाई अपूरणीय क्षति गराउँदै लगेको छ । दलैपिच्छे चलिरहेका पदीय विषय होऊन् वा सरकार गठनको सन्दर्भ - सबैमा भागबन्डाले प्रमुख स्थान ओगटिइरहेकाले पनि दलीय साख नै खस्काउने पारा धेरै लम्बिन नहुने जन-आवाज बढेको छ । पदीय बाँडफाँडको विषयले अलमल बढाउन दिनु हुँदैन । अतः बहुमतीय सरकार गठनका लागि तमाम राजनीतिक दल गम्भीर, इमानदार तथा एक हुनु समयको माग बनेको छ । वर्षदिनभित्रै संविधान ल्याउने युगान्तकारी काममा बाधा पार्ने भएकाले पनि अब राजनीतिक दल सरकार गठनका सवाललाई लम्बिन नदिन उत्तिकै सक्रिय हुनु वाञ्छनीय छ । (उदाहरण नं. ३४, परिशिष्ट ४, पाठ सङ्केत ख८८)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : दोस्रो संविधानसभामा रहेका ३० दल तथा दुई स्वतन्त्र सभासद् सबै, सबै, राजनीतिक दल, तमाम राजनीतिक दल, राजनीतिक दल ।

सम्बद्ध घटना : बहुमतीय सरकार गठन प्रक्रियामा भागबण्डाको राजनीति विरुद्ध जनआवाज बढ्नु

सम्बद्ध विषय/वस्तुहरू : संविधान, सत्ता, इतिहास, कमजोरी र असफलता, वर्तमान राजनीतिक नेतृत्वको खुबी, सरकार गठनको विषय, राष्ट्रिय अभिभारा, ऐक्यबद्धता, भागबन्डाको सरकार, भागबन्डाको राजनीति, क्षति, दलैपिच्छे चलिरहेका पदीय विषय, सरकार गठनको सन्दर्भ, दलीय साख, पदीय बाँडफाँडको विषय, गम्भीरता, इमानदारी तथा एकता, वर्षदिनभित्रै संविधान ल्याउने काम, बाधा सरकार गठनका सवाल ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा बहुमतीय

सरकार गठन प्रक्रियामा भागबण्डाको राजनीति विरुद्ध जनआवाज बढेको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ। यस अनुच्छेदको संरचनामा कुल १८६ शब्दबाट बनेका नौ वाक्यहरू रहेका छन्। यस संरचनामा सुरूका तीन वाक्यहरू पृष्ठभूमिका रूपमा रहेर चौथो वाक्यमा भन्न खोजिएको कुरा आंशिक रूपमा भेटिन्छ। पृष्ठभूमि निबन्धात्मक भएकाले अर्थावरोधी देखिन्छ। यसमा राजनीतिक दल, तमाम राजनीतिक दल, सबै जस्ता शक्तिहरू सङ्घर्षरत देखिन्छन्। यद्यपि तिनको कित्ता स्पष्ट देखिँदैन। जन-आवाज बढेको सन्दर्भमा उल्लिखित 'जन' ले स्थापित सर्वोच्च शक्तिको सङ्केत गरे पनि 'गुनासो' सँगको संसक्तिले राजनीतिक दल, तमाम राजनीतिक दल, सबैको तुलनामा शक्तिहीन अवस्थामा भेटिन्छ। यसमा सम्बद्ध विषय/वस्तुहरूमध्ये सरकार गठनको विषय, दलैपिच्छे चलिरहेका पदीय विषय, सरकार गठनको सन्दर्भ, पदीय बाँडफाँडको विषय, वर्षदिनभित्रै संविधान ल्याउने काम, सरकार गठनका सवाल आदिमा अनावश्यक शब्दको समेत प्रयोग भएको र विषय/वस्तुसँग संसक्त पदावलीहरू पनि सोही प्रकृतिका रहेकाले अर्थावरोध पाइन्छ। लामा वाक्य, धेरै वाक्यबाट बनेको एउटा अनुच्छेदमा भन्न खोजिएको कुरा प्रष्टसँग उठाउन सकिएको पाइँदैन। असान्दर्भिक सूचना, निबन्धात्मक शैलीमा उनिएका विचारको बाहुल्यले सम्पादकीयमा हुनुपर्ने ज्ञानात्मक पहुँच, सूचना र विचारको संयोजित प्रस्तुतिलाई थिचेको पाइन्छ। यसमा सङ्क्षिप्तता, स्पष्टता, तार्किकताको अभावले समन्वय र मध्यस्थकारी भूमिका समेत गौण देखिएकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व बढी नै ऋणात्मक हुन पुगेको पाइन्छ।

> अझसम्म सूचना र कामको अनुगमन नहुँदा महत्वपूर्ण र संवेदनशील मुद्दामा गहन छलफल गरी नीति/रणनीति परिमार्जित गर्ने शैली स्थापित भएको छैन। सरकारका महत्वपूर्ण कागजात, महँगो लगानीमा बनेका प्रतिवेदनहरू समेत पाइँदैनन्। यहाँसम्म कि मन्त्रिपरिषद्बाटै निर्णय भएका दस्तावेजहरू समेत व्यवस्थित ढंगले राख्ने प्रचलन स्थापित भएको छैन। परम्परावादी शैली अन्त्य गर्दै प्रधानमन्त्री कार्यालयमा अत्यन्तै गतिशील र तत्कालै सूचना संकलन गर्ने र विश्लेषण गरी रणनीति अख्तियार गर्ने खालको संयन्त्र हुनुपर्छ। समय खपत गर्ने प्रकृतिका औपचारिक कार्यक्रम (मा?) प्रधानमन्त्री उपस्थित प्रथा पनि अन्त्य गरिनु पर्छ। यो पृष्ठभूमिमा संवैधानिक र कानुनी हिसाबले अधिकारको बढोत्तरी भए जसरी नै हिसाबले प्रधानमन्त्री कार्यालय चुस्त र गतिशील बनाउनुपर्छ। औपचारिकताका निम्ति अध्यक्षता गर्ने, कूलपति या संरक्षक रहने ठाउँबाट प्रधानमन्त्री बाहिरिनुपर्छ र त्यो समय दीर्घकालीन हितमा खर्चनुपर्छ। (उदाहरण नं. ३५, परिशिष्ट ४, पाठ सङ्केत क९६)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : प्रधानमन्त्री।

सम्बद्ध घटना : महत्त्वपूर्ण र संवेदनशील मुद्दामा गहन छलफल गरी नीति/रणनीति परिमार्जित गर्ने शैली स्थापित नभएको

सम्बद्ध विषय/वस्तुहरू : सूचना र कामको अनुगमन, सरकारका महत्त्वपूर्ण कागजात, महँगो लगानीमा बनेका प्रतिवेदनहरू, मन्त्रिपरिषद्बाटै निर्णय भएका दस्तावेजहरू, व्यवस्थित ढंगले राख्ने प्रचलन, परम्परावादी शैली, प्रधानमन्त्री कार्यालय, सूचना संकलन र विश्लेषण गर्ने रणनीति, संयन्त्र, समय खपत गर्ने औपचारिक कार्यक्रम, प्रधानमन्त्री उपस्थित प्रथा, संवैधानिक र कानुनी अधिकारको बढोत्तरी, प्रधानमन्त्री कार्यालयको चुस्तता र गतिशीलता, औपचारिकताका निम्ति अध्यक्षता गर्ने, कूलपति या संरक्षक रहने ठाउँ, दीर्घकालीन हित ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा प्रधानमन्त्री कार्यालयमा महत्त्वपूर्ण र संवेदनशील मुद्दामा गहन छलफल गरी नीति/रणनीति परिमार्जित गर्ने शैली स्थापित नभएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १२१ शब्दबाट बनेका सात वाक्यहरू रहेका छन् । यस संरचनामा नीत/रणनीति स्थापना, सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री कार्यालय आदि हुँदै अन्त्यमा 'प्रधानमन्त्री' सम्बोधित रहेको पाइन्छ । स्थापित सत्यमा शक्तिशाली मानिएका 'प्रधानमन्त्री' व्यवहारमा हुनुपर्ने जति शक्तिशाली नभएको देखिन्छ । यसक्रममा सूचना र कामको अनुगमन, सरकारका महत्त्वपूर्ण कागजात, महँगो लगानीमा बनेका प्रतिवेदनहरू, मन्त्रिपरिषद्बाटै निर्णय भएका दस्तावेजहरू, व्यवस्थित ढंगले राख्ने प्रचलन, परम्परावादी शैली, प्रधानमन्त्री कार्यालय, सूचना संकलन र विश्लेषण गर्ने रणनीति, संयन्त्र, समय खपत गर्ने औपचारिक कार्यक्रम, प्रधानमन्त्री उपस्थित प्रथा, संवैधानिक र कानुनी अधिकारको बढोत्तरी, प्रधानमन्त्री कार्यालयको चुस्तता र गतिशीलता, औपचारिकताका निम्ति अध्यक्षता गर्ने, कूलपति या संरक्षक रहने ठाउँ, दीर्घकालीन हित जस्ता विषय/वस्तुको सान्दर्भिक सम्बद्धता पाइन्छ । यसमा ज्ञानात्मक पहुँच, वैचारिक स्पष्टता, सङ्क्षिप्तता, तार्किकता, अर्थावरोधहीनता र समन्वयात्मक शैली आदि जस्ता गुणले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व उच्चस्तरको देखिन आउँछ ।

असहिष्णुता, दम्भ, अहं, वैमनस्य र सत्तालोभ जस्ता कुप्रवृत्तिका कारण राजनीतिक दल आपसमा मिल्न नसकेकाले पहिलो संविधानसभा निरर्थक अवसानको बिन्दु बन्न पुग्यो । समयले फेरि राजनीतिक दललाई स्वर्णिम अवसर दिएको वस्तुस्थिति छ । दोस्रो संविधानसभाको निर्वाचनपछि राजनीतिक दलले आफू सुध्रन र मुलुकलाई सही दिशामा डोर्‍याउने अनमोल समय प्राप्त गरेका छन् । सात सालको क्रान्तिमा भाग लिएका, पञ्चायती व्यवस्थाविरुद्ध सङ्घर्ष गरेका, जनान्दोलन पहिलो तथा दोस्रोमा सहभागी भएका राजनीतिक दल समेत पछिल्लो संविधानसभामा रहनुलाई उल्लेख्य मान्नसकिन्छ । जनान्दोलनकारी शक्तिमात्रै मिल्दा पनि शान्तिप्रक्रिया पूर्ण हुनुका साथै लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घात्मक, समावेशी, सहभागितामूलक संविधान आउने सम्भावना प्रबल छ तर साझेदारी सरकार गठनका सन्दर्भमा काँग्रेस तथा एमालेबीच पदविशेषका निम्ति मनोमालिन्य बढ्नुले भविष्य सुखद दर्शाएको छैन । मुलुकलाई

सङ्क्रमणकालको चक्रवातबाट उम्काउन एकताको बल भिक्नुपर्ने राजनीतिक दल पदीय भागबण्डामा अलमलिन थालेपछि भविष्य पनि आशङ्काकै खाडलतर्फ जाकिँदै गएको भान भइरहेको छ। शहीदका सपना जनताका आकाङ्क्षा र राष्ट्रिय आवश्यकतालाई राजनीतिक दलले गौण ठान्ने भूल कदापि गर्नु हुँदैन। ऐतिहासिक भूल सच्याउने अवसर कमै प्राप्त हुन्छ। समयको मागलाई आत्मसात गर्नसक्ने नेता तथा दल नै इतिहासमा स्वर्णाक्षरले अङ्कित हुने हो। प्रजातन्त्रलाई नारा, भाषणमा नभई व्यवहार, आचरण, जीवनशैलीमा उतार्न सकिएमा मात्र मुलुक सही अर्थमा प्रजातान्त्रिक प्रक्रियामा द्रुतगामी हुनसक्छ। अतः राजनीतिक दलले कम्तीमा शान्ति प्रक्रिया नटुङ्गिउञ्जेल तथा संविधान नबनुञ्जेल आफूलाई सत्तापक्ष र विपक्षको खेमामा नराखी भागबण्डामा नअल्भिई इमानदारीसाथ मुलुक तथा मुलुकवासीका लागि समर्पित हुन जरुरी छ। आजको प्रजातन्त्र दिवसले यत्ति प्रेरणा जगाउनसकोस्, राष्ट्रिय अपेक्षा यही हो। (उदाहरण नं. ३६, परिशिष्ट ४, पाठ सङ्केत ख९१)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : राजनीतिक दल, जनान्दोलनकारी शक्ति, काँग्रेस तथा एमाले, नेता तथा दल, शहीद, जनता, मुलुकवासी।

सम्बोधित शक्तिसँग सम्बद्ध घटना : असहिष्णुता, दम्भ, अहं, वैमनस्य र सत्तालोभ जस्ता कुप्रवृत्तिसँग जोडिएर आपसमा मिल्न नसकेका राजनीतिक दललाई समयले स्वर्णिम अवसर दिनु।

सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू : पहिलो संविधानसभाको अवसान, दोस्रो संविधानसभाको निर्वाचन, सात सालको क्रान्तिमा सहभागिता, पञ्चायती व्यवस्थाविरुद्ध सङ्घर्ष, जनान्दोलन पहिलो तथा दोस्रोमा सहभागिता, शान्तिप्रक्रिया, लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घात्मक, समावेशी, सहभागितामूलक संविधान, साझेदारी सरकार गठनका सन्दर्भ, पदविशेषका निम्ति मनोमालिन्य, सङ्क्रमणकाल, एकता, पदीय भागबण्डा, शहीदका सपना, जनताका आकाङ्क्षा, राष्ट्रिय आवश्यकता, ऐतिहासिक भूल, समयको माग, इतिहास, प्रजातन्त्र, नारा, भाषण, व्यवहार, आचरण, जीवनशैली, प्रजातान्त्रिक प्रक्रिया, संविधान, सत्तापक्ष र विपक्ष, भागबण्डा, इमानदारी, समर्पण, प्रजातन्त्र दिवस, प्रेरणा, राष्ट्रिय अपेक्षा।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा असहिष्णुता, दम्भ, अहं, वैमनस्य र सत्तालोभ जस्ता कुप्रवृत्तिसँग जोडिएर आपसमा मिल्न नसकेका राजनीतिक दललाई समयले स्वर्णिम अवसर दिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ। यस अनुच्छेदको संरचनामा कुल २२७ शब्दबाट बनेका १२ वाक्यहरू रहेका छन्। यस संरचनामा राजनीतिक दल विभिन्न

विशेषणसहित सात स्थानमा उल्लिखित हुँदै जनान्दोलनकारी शक्ति, कांग्रेस, एमाले र नेताबाट समेत सम्बोधित भएर शक्तिको केन्द्रमा र शहीद, जनता, मुलुकवासी परिधिमा रहेको पाइन्छ । यसमा विशेषतः राजनीतिक दलसँग पहिलो संविधानसभाको अवसान, दोस्रो संविधानसभाको निर्वाचन, सात सालको क्रान्तिमा सहभागिता, पञ्चायती व्यवस्थाविरुद्ध सङ्घर्ष, जनान्दोलन पहिलो तथा दोस्रोमा सहभागिता, शान्तिप्रक्रिया, लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घात्मक, समावेशी, सहभागितामूलक संविधान, साझेदारी सरकार गठनका सन्दर्भ, पदविशेषका निम्ति मनोमालिन्य, सङ्क्रमणकाल, एकता, पदीय भागबण्डा, राष्ट्रिय आवश्यकता, ऐतिहासिक भूल, समयको माग, इतिहास, प्रजातन्त्र, नारा, भाषण, व्यवहार, आचरण, जीवनशैली, प्रजातान्त्रिक प्रक्रिया, संविधान, सत्तापक्ष र विपक्ष, भागबण्डा, इमानदारी, समर्पण, प्रजातन्त्र दिवस, प्रेरणा, राष्ट्रिय अपेक्षा, शहीदसँग सपना, जनतासँग आकाङ्क्षा र यी सबैजसो विषय/वस्तु मुलुकवासीसँग सम्बद्ध रहेको पाइन्छ । यसमा राजनीतिक दलले शक्तिको दुरुपयोग गरेको स्थापित सत्यलाई समेट्न खोज्दा अर्थावरोधको अत्यधिक प्रयोग भएको देखिन्छ । यसको पहिलो वाक्यमा पहिलो संविधानसभा असफल हुनाको कारणभित्रका पनि प्रवृत्तिलाई समेटेर ज्ञानात्मक पहुँचमा सूक्ष्मता प्रकट गरिए पनि 'निरर्थक अवसानको विन्दु बनन पुग्यो' वाक्यांशको प्रयोग अनुपयुक्त देखिन आउँछ । त्यसपछिका वाक्यमा 'स्वर्णिम अवसर दिएको वस्तुस्थिति छ', 'अनमोल समय प्राप्त गरेका छन्', 'उल्लेख्य मान्न सकिन्छ', 'भविष्य सुखद दर्शाएको छैन', 'भविष्य पनि आशङ्काकै खाडलतर्फ जाकिँदै गएको भान भइरहेको छ', 'ऐतिहासिक भूल सच्याउने अवसर कमै प्राप्त हुन्छ', 'समयको मागलाई आत्मसात गर्नसक्ने ... नै इतिहासमा स्वर्णाक्षरले अङ्कित हुने हो', 'उतार्न सकिएमा मात्र ... द्रुतगामी हुनसक्छ', 'यत्ति प्रेरणा जगाउनसकोस्, राष्ट्रिय अपेक्षा यही हो' जस्ता वाक्यांशहरू सही ठाउँमा सही तरिकाले प्रयुक्त भएको पाइँदैन । सातौं वाक्यमा निष्कर्ष दिएर बाह्रौं वाक्यमा कमना प्रकट गर्दै टुङ्ग्याइनुले सम्पादकीयको शैली र शक्ति दुवैलाई क्षीण बनाएको पाइन्छ । लामा र धेरै वाक्यहरूको संरचनाले अनुच्छेदलाई भद्दा बनाएको पाइन्छ । यस अतिरिक्त राजनीतिक दलमा रहेका कुप्रवृत्तिलाई हटाउन सुझाउने शक्तिशाली तर्कको अभावले पनि सम्बोधक पक्षको बौद्धिक प्रभुत्व ऋणात्मक हुन पुगेको पाइन्छ ।

> संविधानसभा हाम्रा लागि ऐतिहासिक सन्दर्भ बोकेको मुद्दा हो । यो नेपाली राजनीतिको त्यो मुद्दा हो, जसले मूर्तरूप लिन ६ दशक लाग्यो । त्यस हिसाबले यो हाम्रा लागि ठूलो उपलब्धि हो । तर यत्रो ठूलो उपलब्धिको न हामीले रक्षा गर्न सक्यौं न त यसको मूल्य नै बझ्यौं । पहिलो संविधानसभा पटकपटक अवमूल्यन भयो । शीर्ष नेताहरू हम्मेसि सभामा गएनन् । सहमति खोज्ने नाममा रिसोर्ट र होटेलका जोटाकोठा चहारे जसले गर्दा संविधानसभा शीर्ष नेतृत्वको छायाँमा सीमित हुन पुग्यो । यसलाई जति नै सार्वभौम सभा भनिए पनि व्यवहारमा यो निरीह देखियो । अझ कतिपय सभासदका यौन काण्ड, रातो पासपोर्ट काण्ड, बिजुली चोर्नेदेखि एसएलसी परीक्षा नक्कली परीक्षार्थीलाई दिलाउने, कुर्सी फाल्नेदेखि सुटकेस फोड्नेसम्मका अमर्यादित र संविधानसभाको गरिमाविपरीतका क्रियाकलाप हुँदा पनि उनले सभासदहरूलाई कुनै 'रुलिङ' गरेनन् । संविधानसभाको यसरी मानमर्दन भइरहँदा उनले सबैको राम्रो हुने

लालच मात्रै देखाए । यस्ता थुप्रै कमजोरीबाट सभाध्यक्ष नेम्वाङले पाठ सिक्न सक्नुपर्छ । (उदाहरण नं. ३७, परिशिष्ट ४, पाठ सङ्केत क१००)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : हामी, शीर्ष नेताहरू, शीर्ष नेतृत्व, सभासद्हरू, उन (सभामुख), सभाध्यक्ष नेम्वाङ ।

सम्बद्ध घटना : संविधानसभाको मूल्य बुझेर रक्षा गर्न नसकिएको

सम्बद्ध विषय/वस्तुहरू : संविधानसभाको ऐतिहासिक सन्दर्भ, नेपाली राजनीति, पहिलो संविधानसभाको अवमूल्यन, सहमतिको खोजी, सार्वभौम सभाको व्यावहारिक निरीहता, कतिपय सभासदका यौन काण्ड, रातो पासपोर्ट काण्ड, बिजुली चोर्नेदेखि एसएलसी परीक्षा नक्कली परीक्षार्थीलाई दिलाउने र कुर्सी फाल्नेदेखि सुटकेस फोड्नेसम्मका क्रियाकलाप, 'रुलिङ', संविधानसभाको मानमर्दन, सबैको राम्रो हुने लालच, कमजोरीबाट सिक्नुपर्ने पाठ ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संविधानसभाको मूल्य बुझेर रक्षा गर्न नसकिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १४२ शब्दबाट बनेका ११ वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित 'सभाध्यक्ष नेम्वाङ', 'हामी', 'शीर्ष नेताहरू', 'शीर्ष नेतृत्व', 'सभासद्हरू', 'सबै' शक्तिको मैदानमा देखिन्छन् । सभाध्यक्ष नेम्वाङको केन्द्रीयतामा अनुच्छेद गठन भएको देखिन्छ । विषय/वस्तुका रूपमा समेटिएका तथ्यहरू नेपाली राजनीतिको स्थापित सत्यसँग सन्दर्भित पाइन्छन् । यसमा शीर्ष नेताहरूदेखि सभासद्हरूसम्मलाई रुलिङ गर्ने शक्तिशाली पदमा रहेका सभाध्यक्ष नेम्वाङको 'सबैको राम्रो हुने लालच मात्रै' ले संविधानसभालाई नै निरीह देखाएको विचारमा विगतका घटना र विषय/वस्तुको सूक्ष्म प्रस्तुति भेटिन्छ । यसमा 'हाम्रा/हामी' शब्दको प्रयोगले आंशिक अर्थावरोध सिर्जना गरे पनि ज्ञानात्मक पहुँच, तार्किक शैली, आवश्यक मात्र शब्दको छनोट, स्पष्टता, वस्तुनिष्ठता, सूक्ष्मता जस्ता गुणले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व धनात्मक पाइन्छ । मूलतः ऐतिहासिक सन्दर्भ बोकेको ठूलो उपलब्धि मानिएको संविधानसभाका शीर्ष नेताहरूदेखि कतिपय सभासद् र सभाध्यक्षका विगतका कमी कमजोरी औंल्याउँदा स्थापित सत्यको प्रयोग गर्दै अन्त्यमा सभाध्यक्ष नेम्वाङलाई पाठ सिक्न गरिएको निर्देशनले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व उच्च रहेको देखिन्छ ।

सत्ताका लागि सत्ताघटकसँग 'न नौ न तेह्र' को सम्बन्ध भए पनि एनेकपा माओवादीले अध्यक्ष पदमा जसरी सर्वसम्मतिको ताली पड्काएको छ, यसबाट उसको उचाइ बढेको स्वीकार्न कसैले आनाकानी गर्नुहुँदैन । यो सर्वसम्मतिको अभ्यास संविधान निर्माणका अनेक चरणमा अत्यावश्यक देखिन्छ । आपसी विश्वासले नै सहमति, सहकार्य एवं एकताको बाटो पहिल्याउने हो । अविश्वासको जगमा मेलमिलापको

अट्टालिका ठडिनै नसक्ने ध्रुवसत्यलाई आत्मसात गरी अब राजनीतिक दल हरेक कार्यमा सर्वसम्मत पद्धति अँगाल्नेतर्फ प्रवृत्त हुनैपर्छ । राजनीतिक दल आपसमा मिल्दा असम्भव ठानिएका काम पनि फत्ते भएका र नमिल्दा ससाना खहरे पनि विकराल सावित भएका उदाहरण अनेक छन् । विगतको भूल दोहोरिन नदिन पनि अब राजनीतिक दल शान्ति एवं संविधानका निम्ति एकचित्त भई अग्रसर हुनुको विकल्प छैन । राजनीतिक दल सहमति, सहकार्य र ऐक्यबद्धताका साथ अघि लम्केमा वर्षदिनभित्रै संविधान आउनेमा शंका रहँदैन । एकवर्षभित्रै संविधान ल्याउने सम्बन्धमा सबै राजनीतिक दलको समान धारणा रहेकाले पनि निर्धारित अवधिभित्रै संविधान आउने आशा जगाएको हो । राजनीतिक दलमा मेल र सहकार्य असम्भव नरहेको दृष्टान्त संविधानसभाका अध्यक्ष पदको निर्वाचनमा प्रष्ट भएकाले आउँदा दिनमा पनि अभूतपूर्व एकता प्रदर्शन गर्ने दिशामा राजनीतिक दल रत्ती चुक्नै नहुने प्रष्ट छ । (उदाहरण नं. ३८, परिशिष्ट ४, पाठ सङ्केत ख९२)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : एनेकपा माओवादी, राजनीतिक दल, कसै, सबै

सम्बद्ध घटना : अध्यक्ष पदमा सर्वसम्मति

सम्बद्ध विषय/वस्तुहरू : सत्ताका लागि सत्ताघटकसितको सम्बन्ध, सर्वसम्मतिको अभ्यास, संविधान निर्माणका अनेक चरण, आपसी विश्वास, सहमति, सहकार्य एवं एकता, अविश्वास, मेलमिलाप, सर्वसम्मत पद्धति, विगतको भूल, शान्ति एवं संविधान, सहमति, सहकार्य र ऐक्यबद्धता, वर्षदिनभित्रै संविधान आउने, एकवर्षभित्रै संविधान ल्याउने, सबै राजनीतिक दलको समान धारणा, निर्धारित अवधिभित्रै संविधान आउने आशा, मेल र सहकार्य, संविधानसभाका अध्यक्ष पदको निर्वाचन, एकता प्रदर्शन ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संविधानसभा अध्यक्ष पदमा सर्वसम्मति भएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १७५ शब्दबाट बनेका नौ वाक्यहरू रहेका छन् । यस संरचनामा एनेकपा माओवादी, राजनीतिक दल, सबै शक्तिको मैदानमा देखिन्छन् । यीमध्ये एनेकपा माओवादी दल शक्तिको परिधिबाट सहयोगी भूमिका निर्वाह गरी केन्द्रतिर गएको पाइन्छ । 'संविधानसभाका अध्यक्ष' भने पदीय विषयका रूपमा मात्र सम्बोधित देखिन्छ । 'न नौ न तेह्र' को सम्बन्ध भनी आलङ्कारिक कथनसहित उपदेशात्मक शैलीबाट प्रारम्भ भएको अनुच्छेदमा विषय/वस्तुको पुनरुक्ति र अनावश्यक पदावली र वाक्यांशको जञ्जाल भेटिन्छ । यसमध्ये 'सर्वसम्मतिको ताली पड्काएको', 'अनेक चरणमा', 'अविश्वासको जगमा मेलमिलापको अट्टालिका ठडिनै नसक्ने

ध्रुवसत्य', 'ससाना खहरे पनि विकराल सावित भएका उदाहरण अनेक छन्', 'विगतको भूल', 'अघि लम्केमा', 'अभूतपूर्व एकता प्रदर्शन गर्ने दिशामा', 'रत्ती चुक्नै नहुने प्रष्ट छ' उल्लेख्य देखिन्छन् । स्थापित सत्यको प्रयोगमा पुनरुक्ति र आलङ्कारिकताको प्रभावले वस्तुगतभन्दा मनोगत पक्ष भारी हुन गएको पाइन्छ । यसले अर्थावरोध पनि सिर्जना गरेको देखिन्छ । यसमा एनेकपा माओवादीलाई सत्ताका लागि सत्ताघटकसँग 'न नौ न तेह्र' को सम्बन्ध भएको उल्लेख गरी सम्बोधकले राजनीतिक दल र सबै राजनीतिक दल बिचको दूरीलाई सन्तुलनमा राख्न सकेको पाइँदैन । संविधानसभा अध्यक्षको सर्वसम्मत चयन भएको सन्दर्भलाई अनावश्यक विषय/वस्तु र भावमा जोड्न खोज्दा सम्बोधक पक्षको बौद्धिक प्रभुत्वमा ऋणात्मक असर परेको देखिन्छ ।

> सरकारले संवैधानिक निकायमा छिट्टै पदाधिकारी नियुक्ति गर्नका लागि अन्तरिम संविधानको बाधा अड्काउ फुकाउ आदेश संशोधन गर्न संसद्मा विधेयक त पेस गरेको छ, तर यो प्रक्रियाले अपेक्षित तीव्रता लिन सकेको छैन । पेस गरिएको विधेयकमा प्रधानमन्त्री अध्यक्ष रहने परिषद्मा प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलका नेता र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री सदस्य रहने संविधानकै पुरानै व्यवस्थालाई राखिएको छ । तर यसले आधिकारिकता तब मात्र पाउने छ, जब यसलाई संसद्बाट पारित गरिनेछ । तसर्थ सर्वप्रथम सरकार, राजनीतिक दलहरू र मूलतः संसद्ले यो कामलाई तीव्रता दिएर टुङ्ग्याउन जरुरी छ । त्यसपश्चात् क्षमता र दक्षताका आधारमा तत् संवैधानिक अंगहरूमा नियुक्ति गरिहाल्नुपर्छ, ताकि आम नागरिकले आम निर्वाचनपछि राज्यका सबै अंगहरू पुनः सुचारु भएको व्यवहारिक तवरमै अनुभूति गर्न सकून् । (उदाहरण नं. ३९, परिशिष्ट ४, पाठ सङ्केत क१०७)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : सरकार, प्रधानमन्त्री, राजनीतिक दलहरू र संसद्, आम नागरिक ।

सम्बद्ध घटना : संवैधानिक निकायमा पदाधिकारी नियुक्ति गर्न अन्तरिम संविधानको बाधा अड्काउ फुकाउ आदेश संशोधन विधेयक संसद्मा पेस भए पनि प्रक्रियाले तीव्रता नलिएको ।

सम्बद्ध विषय/वस्तुहरू : संवैधानिक परिषद्, प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलका नेता र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री सदस्य रहने संविधानको व्यवस्था, आधिकारिकता, संसद्बाट पारित गरिने प्रक्रिया,क्षमता र दक्षता, संवैधानिक अंगहरूमा नियुक्ति, आम निर्वाचनपछिको समय, राज्यका सबै अंगहरू पुनः सुचारु भएको अवस्थाको अनुभूति ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संवैधानिक निकायमा पदाधिकारी नियुक्ति गर्न अन्तरिम संविधानको बाधा अड्काउ फुकाउ आदेश संशोधन विधेयक संसद्मा पेस भए पनि प्रक्रियाले अपेक्षित तीव्रता नलिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको

देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल ११२ शब्दबाट बनेका पाँच वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरू सरकार, प्रधानमन्त्री, राजनीतिक दलहरू र संसद्, आम नागरिक रहेको पाइन्छ । यसमा गर्नुपर्ने कामको शक्ति सरकार, प्रधानमन्त्री, राजनीतिक दलहरू र संसद्मा रहेको र ती सबैको शक्तिको स्रोत भने आम नागरिक रहेको स्थापित सत्य स्पष्टतासाथ सङ्केतित रहेको पाइन्छ । साथै, पदाधिकारी, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलका नेता र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री विषयका रूपमा सम्बद्ध शक्तिका रूपमा देखिन्छन् । यसमा सरकार र राजनीतिक दलहरू संवैधानिक निकायमा पदाधिकारी नियुक्ति प्रक्रियामा शक्तिको मैदानमा रहेका र तिनको गतिले अपेक्षित तीव्रता लिन नसकेको अवस्थाको विश्लेषण पाइन्छ । यस क्रममा संवैधानिक परिषद्, प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलका नेता र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री सदस्य रहने संविधानको व्यवस्था, आधिकारिकता, संसद्बाट पारित गरिने प्रक्रिया, क्षमता र दक्षता, संवैधानिक अंगहरूमा नियुक्ति, आम निर्वाचनपछिको समय, राज्यका सबै अंगहरू पुनः सुचारु भएको अवस्थाको अनुभूतिसम्मका विषय/वस्तु समेटिएको देखिन्छ । यसमा ज्ञानात्मक पहुँच, वस्तुगत आधार, तार्किक शैली, स्पष्टता, अर्थावरोधहीनता जस्ता गुणहरू रहेकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व धनात्मक रहेको पाइन्छ ।

> गैरआवासीय नेपालीलाई नेपालको विकास, निर्माणको काममा सहभागी गराइने, घरेलु उद्योगको प्रवर्द्धन गरिने, कलकारखानालाई आवश्यक विद्युत् उपलब्ध गराइने, जलस्रोत, पर्यटन आदिमा देशी, विदेशी लगानीकर्तालाई प्रोत्साहित गरिने कार्यक्रम छन् । काठमाडौं, ललितपुर तथा भक्तपुरका सडकमा सौर्य ऊर्जाका बत्ती बाल्नुका साथै सौर्य ऊर्जा तथा नवीकरणीय ऊर्जामा प्रोत्साहन दिइने भएको छ । पूर्व-पश्चिम रेल मार्ग, काठमाडौंमा मेट्रो मार्ग, लुम्बिनी क्षेत्र विकास गुरुयोजना निर्माण, उत्तर-दक्षिण लोकमार्ग, मध्यमार्ग, विमानस्थलको स्तरीकराण तथा अन्तर्राष्ट्रिय स्तरका विमानस्थलको वृद्धि, गरीबी निवारण गर्न आयमूलक कार्यक्रमको विस्तार, स्थानीय सीप, साधन र स्रोतको उपयोगमा बल दिनुका साथै राष्ट्रिय भूउपयोग नीति तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने कार्यक्रम छन् । सहस्राब्दी विकास लक्ष्य अनुरूप निरक्षरता उन्मूलन गरिने, शिक्षामा विद्यमान खाडल कम गरिने कार्यक्रम छ । क्रिकेट एकेडेमीको स्थापना र अन्तर्राष्ट्रिय स्तरको मैदान बनाउने सराहनीय कार्यक्रम पनि रहेको छ । सामाजिक सुरक्षाका कार्यक्रममा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगपन भएका व्यक्ति तथा सीमान्तकृत हुन वाध्य भएकालाई अघि बढाउन विभिन्न कार्यक्रम समावेश गरिएका छन् । बजार अनुगमनमा तीव्रता अँगालिने भएको छ भने कृषि, किसान तथा सिंचाइ विकास गर्न दिइएको साझा कार्यक्रममा सञ्चार क्षेत्रको मर्यादा र विकासनिम्ति प्रेस काउन्सिलको भूमिका बढाइने कुरा प्रशंसनीय छ । (उदाहरण नं. ४०, परिशिष्ट ४, पाठ सङ्केत ख९८)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : गैरआवासीय नेपाली, देशी, विदेशी लगानीकर्ता, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगपन भएका व्यक्ति तथा सीमान्तकृत हुन वाध्य भएका ।

सम्बद्ध घटना : नीति तथा कार्यक्रम सार्वजनिक ।

सम्बद्ध विषय/वस्तुहरू : विकास निर्माणमा गैरआवासीय नेपालीको सहभागिता, घरेलु उद्योगको प्रवर्द्धन, कलकारखानालाई विद्युत्को उपलब्धता, जलस्रोत, पर्यटन आदिमा देशी, विदेशी लगानीकर्तालाई प्रोत्साहन, सडकमा बालिने सौर्य बत्ती, सौर्य ऊर्जा तथा नवीकरणीय ऊर्जामा प्रोत्साहन, पूर्व-पश्चिम रेल मार्ग, काठमाडौंमा मेट्रो मार्ग, लुम्बिनी क्षेत्र विकास गुरुयोजना निर्माण, उत्तर-दक्षिण लोकमार्ग, मध्यमार्ग, विमानस्थलको स्तरीकरण तथा अन्तर्राष्ट्रिय स्तरका विमानस्थलको वृद्धि, गरीबी निवारणमा आयमूलक कार्यक्रमको विस्तार, स्थानीय सीप, साधन र स्रोतको उपयोग, राष्ट्रिय भूउपयोग नीति, घरेलु उद्योग प्रवर्द्धन, सहस्राब्दी विकास लक्ष्य, निरक्षरता उन्मूलन, शिक्षामा विद्यमान असमानता, क्रिकेट एकेडेमी स्थापना र अन्तर्राष्ट्रिय स्तरको मैदान निर्माण, सामाजिक सुरक्षा, बजार अनुगमन, कृषि, किसान तथा सिंचाइ विकासको साझा कार्यक्रम, सञ्चार क्षेत्रको मर्यादा र विकास, प्रेस काउन्सिलको भूमिका ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा सरकारबाट वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १७८ शब्दबाट बनेका सात वाक्यहरू रहेका छन् । यस संरचनामा कार्यकारी शक्तिको सम्बोधन भएको पाइँदैन । विषयसित आबद्ध भएर सम्बोधित हुन पुगेका शक्तिहरूमा गैरआवासीय नेपाली, देशी, विदेशी लगानीकर्ता, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगपन भएका व्यक्ति तथा सीमान्तकृत हुन वाध्य भएका पदावलीमा समूहको उपस्थिति देखिन्छ । यिनीहरू कार्यकारी शक्तिको रूपमा सङ्केतित हुन आउने सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा उल्लिखित विषयका रूपमा परिधिबाट केन्द्रतिर ल्याइनुपर्ने शक्तिका रूपमा प्रस्तुत भएका भेटिन्छन् । यसमा सम्बद्ध अन्य विषय/वस्तुहरूमा विकास निर्माण, सहभागिता, घरेलु उद्योगको प्रवर्द्धन, कलकारखानामा विद्युत्को उपलब्धता, जलस्रोत, पर्यटन आदिमा देशी, विदेशी लगानीकर्तालाई प्रोत्साहन, सौर्य सडक बत्ती, सौर्य ऊर्जा तथा नवीकरणीय ऊर्जामा प्रोत्साहन, पूर्व-पश्चिम रेल मार्ग, काठमाडौंमा मेट्रो मार्ग, लुम्बिनी क्षेत्र विकास गुरुयोजना निर्माण, उत्तर-दक्षिण लोकमार्ग, मध्यमार्ग, विमानस्थलको स्तरीकरण तथा अन्तर्राष्ट्रिय स्तरका विमानस्थलको वृद्धि, गरीबी निवारणमा आयमूलक कार्यक्रमको विस्तार, स्थानीय सीप, साधन र स्रोतको उपयोग, राष्ट्रिय भूउपयोग नीति, घरेलु उद्योग प्रवर्द्धन, सहस्राब्दी विकास लक्ष्य, निरक्षरता उन्मूलन, शिक्षामा विद्यमान असमानता, क्रिकेट एकेडेमी स्थापना र अन्तर्राष्ट्रिय स्तरको मैदान निर्माण, सामाजिक सुरक्षा, बजार अनुगमन, कृषि, किसान तथा सिंचाइ विकासको साझा कार्यक्रम, सञ्चार क्षेत्रको मर्यादा र विकास, प्रेस काउन्सिलको भूमिका पर्दछन् । प्रस्तुत अनुच्छेदमा सरकारले नीति तथा कार्यक्रममा

समेटेका विषय/वस्तुका अंशलाई सम्प्रेषण गर्दा स्थापित सत्यको सूचना बढी र विचार कम गरिए पनि लेखकीय चतुऱ्याइँपूर्ण आम कार्यसाधन गरिएको देख्न सकिन्छ । यसमा क्रिकेट एकेडेमीको स्थापना र अन्तर्राष्ट्रिय स्तरको मैदान बनाउने' नीतिलाई 'सराहनीय' र 'सञ्चार क्षेत्रको मर्यादा र विकासनिम्ति प्रेस काउन्सिलको भूमिका बढाइने' नीतिलाई 'प्रशंसनीय' मानिएको देखिन्छ । अन्य अधिकांश नीतिलाई कुनै टिप्पणी नगरी प्रस्तुत गरिएको अवस्थामा यी दुई नीति मात्र कसरी र किन 'सराहनीय' र 'प्रशंसनीय' मानिए होलान् भन्ने प्रश्न उठ्नसक्ने देखिन्छ । यसमा लेखकीय रुचिको वा सम्बद्धताको विषयमार्फत् सरकारप्रति कृतज्ञता प्रकट गरिएको अनुमान लगाउन सकिन्छ । यस्तो लेखकीय चतुऱ्याइँपूर्ण आम कार्यसाधनले सम्बोधक पक्षमा हुनुपर्ने तटस्थता र सन्तुलनको अभाव देखाउँछ । यसका साथै, स्थापित सत्यका रूपमा बनिबनाउ सामग्रीको सम्प्रेषण बढी र विश्लेषण कम भएकाले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व ऋणात्मक देखिन आउँछ ।

> बिहानीले दिनको संकेत गर्छ भनेझैं यो सरकारले सुखद सम्भावना देखाइरहेको छैन । त्यसको कारक अरू नभई स्वयं हो । यद्यपि यही कमजोरीलाई आधार बनाएर कोइराला सरकार असफल भइसक्यो वा पूर्णतः अक्षम भयो भनेर अहिल्यै निष्कर्ष निकाल्नु हतारो हुनेछ । सरकारले सुस्त शैली नछाड्ने, महत्वपूर्ण कार्यसूचीलाई थाती राख्ने र अनिर्णयको बन्दी बनिरहने हो भने चाहिँ समय क्रमसँगै अहिले उठेका असन्तुष्टि र आलोचनाका स्वर बढ्दै जानेछन्, जसको अन्तिम परिणति दलहरू संविधान लेखनको काम छाडेर सरकार गठन र विघटनको संसदीय जोड-घटाउमा लाग्नु हुनेछ । त्यसकारण जनतालाई थप निराश नपार्ने, आम अपेक्षा पूरा गर्न र राष्ट्रिय कार्यसूचीलाई सफलतापूर्वक सम्पन्न गर्न सरकारले यसबीच देखिएका कमी-त्रुटिलाई सच्याउँदै मुख्य कार्यभार पूरा गर्नेमा तीव्रता दिन सक्नुपर्छ । निर्णयहीन बनेर र निरीहता प्रदर्शन गरेर राज्य चल्दैन । तसर्थ प्रधानमन्त्री कोइरालाले आफ्नो कार्यशैलीमा व्यापक फेरबदल ल्याउँदै काम गर्ने गति बढाउनु अपरिहार्य छ । (उदाहरण नं. ४१, परिशिष्ट ४, पाठ सङ्केत क१०८)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिहरू : प्रधानमन्त्री कोइराला, सरकार, दलहरू, जनता, आम ।

सम्बद्ध घटना : महत्त्वपूर्ण कार्यसूचीलाई थाती राख्ने र निर्णय नगर्ने सुस्त शैली नछाडिएको ।

सम्बद्ध विषय/वस्तुहरू : सरकारी कार्यशैलीको कमजोरी, असफलता, असन्तुष्टि र आलोचना, संविधान लेखन, सरकार गठन र विघटनको संसदीय जोड-घटाउ, जनतामा थप निराशा, आम अपेक्षाको परिपूरण, राष्ट्रिय कार्यसूची, सरकारी कमी-त्रुटि, निर्णयहीनता र निरीहता प्रदर्शन, राज्य सञ्चालन, प्रधानमन्त्री कोइरालाको कार्यशैलीमा व्यापक फेरबदल, काम गर्ने गति ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा महत्त्वपूर्ण कार्यसूचीलाई थाती राख्ने र बेलैमा निर्णय नगर्ने सुस्त शैली नछाडिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल १३५ शब्दबाट बनेका सात वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरूमा प्रधानमन्त्री कोइराला, सरकार, कोइराला सरकार, दलहरू, जनता, आम रहेको देखिन्छ । केन्द्रमा रहेको कार्यकारी शक्तिले सर्वोच्च शक्ति जनतालाई निराश पारेर र आम अपेक्षा बेलैमा पूरा नगरेर परिधिमा धकेलेको पाइन्छ । यसमा सम्बद्ध सरकारी कार्यशैलीको कमजोरी, असफलता, असन्तुष्टि र आलोचना, संविधान लेखन, सरकार गठन र विघटनको संसदीय जोड-घटाउ, जनतामा थप निराशा, आम अपेक्षाको परिपूरण, राष्ट्रिय कार्यसूची, सरकारी कमी-त्रुटि, निर्णयहीनता र निरीहता प्रदर्शन, राज्य सञ्चालन, प्रधानमन्त्री कोइरालाको कार्यशैलीमा व्यापक फेरबदल, काम गर्ने गति जस्ता विषय/वस्तुहरू स्थापित सत्यका रूपमा देखिन्छन् । शक्तिशाली हुनुपर्ने सरकारले 'निर्णयहीन बनेर निरीहता प्रदर्शन गरेर राज्य' सञ्चालन गरेको तथ्यले शक्तिको कमजोर अभ्यासलाई दर्शाउँछ । यसमा सरकार प्रमुख कोइरालाको थर किटेर 'कार्यशैलीमा व्यापक फेरबदल ल्याउँदै काम गर्ने गति बढाउन अपरिहार्य' भएको विचार पाइन्छ । सरकार र जनता बिचको दूरी बढेको तथ्यलाई सन्तुलित र मध्यस्थकारी भूमिकामा प्रकट गरिएको पाइन्छ । ज्ञानात्मक पहुँच, वस्तुनिष्ठता, स्पष्टता, समझदारी, निर्देशात्मकता, अर्थावरोधहीनता आदिले सम्बोधक पक्षको बौद्धिक प्रभुत्वलाई धनात्मक बनाएको पाइन्छ ।

> त्यसो त विगतमा दुई वर्षे जनादेशमा गठित संविधानसभाले चार वर्ष खर्चंदा पनि संविधान दिन नसकेको तीतो अनुभव छ । त्यो सभाले पनि कार्यतालिका बनाएरै काम शुरु गरेको थियो । त्यो कार्यतालिका १२ पटकसम्म संशोधन, हेरफेर गर्नुपरेको थियो । नेपालका अन्य विकासे योजनाजस्तै संविधान निर्माण्को योजना पनि समयबद्धरूपमा पूरा भएन । राष्ट्रिय प्राथमिकताहरू राजनीतिक दाउपेचको जाँतोमा किचिने परम्परा झैं संविधान निर्माण पनि किचियो । संविधान निर्माण जस्तो गहन विषयमा भन्दा झिना-मसिना विषयमा दलहरू अल्झँदा राजनीतिक असमझदारी बढेर विगतमा अधिकांश विषयमा सहमति भएर पनि संविधान जारी हुन नसकेको हो । हुन त संविधान निर्माण्का ९० प्रतिशत काम पूरा भएका छन्, बाँकी १० प्रतिशत विषयमात्र टुङ्गो लगाउनु पर्ने छ, त्यति काम गर्न सकिन्छ भन्ने नेताहरूको भनाइ सुनिन्छ । अघिल्लो संविधानसभाका अभिलेखहरूको स्वामित्व पनि यो सभाले ग्रहण गरेको छ तापनि दलहरूबीच सहमति नभएमा एउटै मात्र विषयले संविधान निर्माणको काम रोकिन सक्छ । त्यसैले अब विगतमा जस्तो सहमति खोज्ने नाममा अन्तरिम संविधान र संविधानसभा नियमावलीको व्यवस्था अनुरूप विवादित विषयहरूलाई प्रक्रिया (जनमत सङ्ग्रह) मा गएरै भए पनि समयभित्रै टुङ्गो लगाउन खुट्टा कमाउनु हुँदैन । त्यस्तै, विगतमा संविधानसभाको संवैधानिक समिति र सभा स्वयंलाई उच्चस्तरीय संयन्त्रका नाममा निर्णय गर्न नदिइएको पक्का हो । त्यो अनुभवलाई हेक्का राख्दै यसपटक पनि सभाभित्र होइन बाहिरबाट, अन्तरिम संविधान र सभा नियमावलीले नचिन्ने संयन्त्र खडा गरिनु हुँदैन । सभा नै सार्वभौम छ भन्ने राजनीतिक नेतृत्व पक्तिले

स्वीकार गर्नुपर्छ। सभामा रहेका दलीय नेतृत्व पंक्तिप्रति फेरि पनि प्रश्न उठेको छ। सभाको कार्यतालिका प्रस्तुत गर्ने दिनमा समेत नेताहरूका आसन रित्ता भएको प्रति सभा सदस्यहरूले कडा आपत्रि जनाउँदै सरकार र नेताहरूको इच्छाशक्ति र नियतमा प्रश्न उठाउनु भयो। यो प्रश्नको समाधान नेतृत्व पङ्तिले दिनैपर्छ। विगतमा नेताहरूले सभा तथा समितिका बैठकहरूमा उपस्थित हुन छाडेर तपसिलका कामलाई प्राथमिकता दिँदा हुनु पर्ने निर्णय हुन नसकेका अनुभव छन्। त्यो गल्ती अब नदोहोऱ्याइयोस्। अबको बाँकी नौ महिना नेतृत्व पंक्तिसँगै सदस्यहरूले संविधान निर्माणको काममा एकलब्य दृष्टि दिएर समर्पित हुनैपर्छ। यस अवधिमा कुनै पनि बहानामा संविधानका काममा विलम्ब गर्ने हो भने संविधानसभाको प्रतिबद्धता फेरि पनि लर्खराउन सक्छ भन्ने सबै पक्षले हेक्का राख्नैपर्छ। (उदाहरण नं. ४२, परिशिष्ट ४, पाठ सङ्केत ख१०३)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : ख

सम्बोधित शक्तिहरू : संविधानसभा, दलहरू, नेताहरू, राजनीतिक नेतृत्व पंक्ति, सभामा रहेका दलीय नेतृत्व पंक्ति, सभा सदस्यहरू, नेतृत्व पंक्तिसँगै सदस्यहरू, सबै पक्ष।

सम्बद्ध घटना : कार्यतालिका प्रस्तुतिका दिन संविधानसभामा नेताहरूका आशनमा देखिएको रिक्ततासँगै सभासद्बाट उठाइएका प्रश्न।

सम्बद्ध विषय/वस्तुहरू : विगतको संविधानसभा, संविधान नल्याएको अनुभव, कार्यतालिका निर्माण र संशोधन, नेपालका विकासे योजना, संविधान निर्माणको योजना, समयबद्धता, राष्ट्रिय प्राथमिकताहरू, राजनीतिक दाउपेच, संविधान निर्माण, झिना-मसिना विषय, राजनीतिक असमझदारी, दलीय सहमति-असहमति, अघिल्लो संविधानसभाका अभिलेखहरूको स्वामित्व ग्रहण, अन्तरिम संविधान र संविधानसभा नियमावली, विवादित विषयहरूको प्रक्रियागत (जनमत सङ्ग्रह) टुङ्गो, संवैधानिक समिति र सभा, उच्चस्तरीय संयन्त्र, विगतको अनुभव, अन्तरिम संविधान र सभा नियमावलीले नचिन्ने संयन्त्र, सभाको सार्वभौमिकता, सभाको कार्यतालिका प्रस्तुति, नेताहरूका रित्ता आसन, सभा सदस्यहरूको कडा आपत्ति, सरकार र नेताहरूको इच्छाशक्ति र नियतमा प्रश्न, समाधान, सभा तथा समितिका बैठकहरूमा अनुपस्थिति, प्राथमिकतामा तपसिलका काम, निर्णयहीनताका अनुभव, गल्ती, बाँकी नौ महिनाको अवधि, संविधान निर्माणको काममा समर्पण, संविधानसभाको प्रतिबद्धता।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा कार्यतालिका प्रस्तुतिका दिन संविधानसभामा नेताहरूका आशनमा देखिएको रिक्ततासँगै सभासद्बाट उठाइएका प्रश्नको

प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको देखिन्छ । यस अनुच्छेदको संरचनामा कुल ३२६ शब्दबाट बनेका १९ वाक्यहरू रहेका छन् । यस संरचनामा संविधानसभाको मैदानमा शक्तिको अभ्यास गरिरहेका विभिन्न पात्रहरू सम्बोधित रहेको देखिन्छ । यसमा संविधानसभा, दलहरू, नेताहरू, राजनीतिक नेतृत्व पंक्ति, सभामा रहेका दलीय नेतृत्व पंक्ति, सभा सदस्यहरू, नेतृत्व पंक्तिसँगै सदस्यहरू, सबै पक्ष जस्ता नाम तथा सर्वनाम प्रयोग गरी विगतको असफलतासँग वर्तमानको संविधानसभाको कार्यशैलीको तुलना गरी खबरदारी गर्न खोजिएको देखिन्छ । यसमा सम्बद्ध विगतको संविधानसभा, संविधान नल्याएको अनुभव, कार्यतालिका निर्माण र संशोधन, नेपालका विकासे योजना, संविधान निर्माणको योजना, समयबद्धता, राष्ट्रिय प्राथमिकताहरू, राजनीतिक दाउपेच, संविधान निर्माण, झिना-मसिना विषय, राजनीतिक असमझदारी, दलीय सहमति-असहमति, अघिल्लो संविधानसभाका अभिलेखहरूको स्वामित्व ग्रहण, अन्तरिम संविधान र संविधानसभा नियमावली, विवादित विषयहरूको प्रक्रियागत (जनमत सङ्ग्रह) टुङ्गो, संवैधानिक समिति र सभा, उच्चस्तरीय संयन्त्र, विगतको अनुभव, अन्तरिम संविधान र सभा नियमावलीले नचिन्ने संयन्त्र, सभाको सार्वभौमिकता, सभाको कार्यतालिका प्रस्तुति, नेताहरूका रित्ता आसन, सभा सदस्यहरूको कडा आपत्ति, सरकार र नेताहरूको इच्छाशक्ति र नियतमा प्रश्न, समाधान, सभा तथा समितिका बैठकहरूमा अनुपस्थिति, प्राथमिकतामा तपसिलका काम, निर्णयहीनताका अनुभव, गल्ती, बाँकी नौ महिनाको अवधि, संविधान निर्माणको काममा समर्पण, संविधानसभाको प्रतिबद्धता जस्ता विषय/वस्तुहरू स्थापित सत्यका भए पनि तिनको चयन र प्रस्तुतिमा छरितोपना र परिष्कारको अभाव पनि देखिन्छ । लामा र धेरै वाक्यहरूको प्रयोग, नामिक विकल्प र पुनरुक्ति, तार्किक-अतार्किक वाक्यहरूको मिश्रण जस्ता कमजोरीले अर्थावरोध सिर्जना गरेको पाइन्छ । साथै, सातौं वाक्यमा 'नेताहरूको भनाइ सुनिन्छ', दशौं वाक्यमा 'नदिइएको पक्का हो', चौधौं वाक्यमा 'नियतमा प्रश्न उठाउनु भयो' लगायतका क्रिया पदावलीहरूमा सङ्गति र संयुक्तिको अभाव भेटिन्छ । यसमा मूलतः ज्ञानात्मक पहुँच भए पनि प्रस्तुतिमा विधागत सीपको अभावले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व ऋणात्मक हुन पुगेको देखिन्छ ।

### ६.३ संस्थागत स्वामित्वको प्रभुत्व विश्लेषण

विश्लेषणका लागि प्रस्तुत गरिएका उल्लेखनीय उदाहरणहरूलाई प्रकाशन मितिका आधारमा सङ्ख्यात्मक क्रममा राखिएको छ । पहिले प्रकाशित उदाहरणलाई पहिले दिएर हरेक उदाहरणको लगत्तैपछि विश्लेषण प्रस्तुत गरिएको छ । विश्लेषणका क्रममा सम्बोधक शक्तिलाई सङ्केतमा प्रस्तुत गरी मूलतः बृहत् सङ्घटनामा स्थापित भइसकेका आधारभूत तथ्यहरूलाई मूल सन्दर्भमा राखेर संस्थागत स्वामित्वको प्रभुत्वपरक प्रभाव दर्साउने सामाजिक प्रतिनिधित्वहरूको पहिचान गरिएको छ ।

> सरकारले ढिलै भए पनि जारी राजनीतिक प्रक्रियाप्रति असहमति जनाउँदै यथास्थितिमा संविधानसभाको निर्वाचनमा सहभागी नहुने अडान राखेका दलहरूसँग वार्ताको औपचारिक प्रक्रिया अगाडि बढाएको छ । कतिपय दलले सरकारको आह्वानलाई सकारात्मक रूपमा लिएका छन् । असारमा निर्वाचनको सम्भावना

टरेपछि चैत १ मा अन्तरिम संविधानमा फुकाइएको २५ बुँदे बाधा-अड्काउको प्रावधानअनुसार पनि मंसिरभित्र निर्वाचन गराउनैपर्ने बाध्यता सरकारसामु छ। असारमै निर्वाचन गर्ने भनेर बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन भएको थियो। सार्वजनिक रूपमा रेग्मीको नाम प्रस्ताव गर्ने पहिलो पार्टी एमाओवादीले असारमा निर्वाचनको मिति नतोकेकोमा सरकारप्रति असन्तुष्टि जनाइसकेको छ। निर्वाचनकै लागि बनाइएकाले समय घर्किंदै जाँदा सरकारको विश्वसनीयतामा पनि कमी आउँछ। गठनको एक महिना बित्दासमेत सरकारले निर्वाचन केन्द्रित तदारुकता देखाउन नसक्दा आशंका बढेको छ। त्यसैले कात्तिक-मंसिरमै निर्वाचन गर्ने हुँदा पनि त्यसको माहोल दिनप्रतिदिन बढाउँदै लगेर सबैलाई आश्वस्त पार्नु सरकारको दायित्व हो। (उदाहरण नं. १, परिशिष्ट ४, पाठ सङ्केत क२)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : सरकार, दलहरू, कतिपय दल, एमाओवादी, सबै।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : ढिलै भए पनि वार्ताको प्रक्रिया अघि बढाइएको।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : जारी राजनीतिक प्रक्रियाप्रति असहमति, यथास्थिति, संविधानसभाको निर्वाचनमा सहभागिता, अडान, वार्ताको औपचारिक प्रक्रिया, सरकारको आह्वान, असारमा निर्वाचनको सम्भावना टर्नु, अन्तरिम संविधान, बाधा-अड्काउ फुकाउको प्रावधान, मंसिरभित्र निर्वाचन गराउनैपर्ने बाध्यता, बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन, सार्वजनिक रूपमा रेग्मीको नाम प्रस्ताव गर्ने पहिलो पार्टी, असारमा निर्वाचनको मिति नतोकेकोमा असन्तुष्टि, ढिलाइ, विश्वसनीयता, निर्वाचन केन्द्रित तदारुकताको कमी, आशंका, कात्तिक-मंसिरमै निर्वाचन, निर्वाचनको माहोल, आश्वस्तता, सरकारको दायित्व।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचनमा जान असहमत दलहरूसँग ढिलै भए पनि सरकारबाट वार्ताको प्रक्रिया अघि बढाइएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ। यस अनुच्छेदको संरचनामा कुल १३५ शब्दबाट बनेका आठ वाक्यहरू रहेका छन्। यस संरचनामा सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये कुनैसित पनि सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिँदैन। यसले सम्बोधक पक्षलाई सबैसित समदूरीमा रहेको मान्न सकिन्छ। संस्थागत रूपमा गैरसरकारी स्वामित्वमा रहेको प्रकाशन संस्थाबाट प्रकाशित अखबारको सम्पादकीय भए पनि यसमा सरकार, एमाओवादी, दलहरू, दल र सबै जस्ता नाम र सर्वनाममा समेटिएका

शक्तिका मानसिक प्रतिनिधित्व जनाउने समूहहरूमध्ये सबैभन्दा बढी सरकारको प्रतिनिधित्व सम्बोधित रहेको पाइन्छ। यसमा सम्बद्ध 'जारी राजनीतिक प्रक्रियाप्रति असहमति', यथास्थिति, संविधानसभाको निर्वाचनमा सहभागिता, अडान, वार्ताको औपचारिक प्रक्रिया, सरकारको आह्वान, असारमा निर्वाचनको सम्भावना टर्नु, अन्तरिम संविधान, बाधा-अड्काउ फुकाउको प्रावधान, मंसिरभित्र निर्वाचन गराउनैपर्ने बाध्यता, बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन, सार्वजनिक रूपमा रेग्मीको नाम प्रस्ताव गर्ने पहिलो पार्टी, असारमा निर्वाचनको मिति नतोकेकोमा असन्तुष्टि, ढिलाइ, विश्वसनीयता, निर्वाचन केन्द्रित तदारुकताको कमी, आशंका, कात्तिक-मंसिरमै निर्वाचन, निर्वाचनको माहोल, आश्वस्तता, 'सरकारको दायित्व' जस्ता विषय/वस्तुहरूबाट ज्ञानको उत्पादन र पुनरुत्पादन गरिएको पाइन्छ। यसो गर्दा पहिचानमा भिन्नता र रिक्तता भेटिए पनि कसैप्रति इतर भाव प्रकट भएको पाइँदैन। साथै, स्थापित सत्यको छनोटमा चुस्तता र वैचारिक स्पष्टता देखिन्छ। यसमा विशेष गरी 'ढिलै भए पनि', 'असारमै निर्वाचन गर्ने भनेर बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन भएको', 'सार्वजनिक रूपमा रेग्मीको नाम प्रस्ताव गर्ने पहिलो पार्टी', 'असारमा निर्वाचनको मिति नतोकेकोमा सरकारप्रति असन्तुष्टि जनाइसकेको', 'निर्वाचनकै लागि बनाइएकाले समय घर्किँदै जाँदा सरकारको विश्वसनीयतामा पनि कमी' जस्ता वाक्यांश र पदावलीहरूमा सम्बोधक पक्षबाट रुचाइएको अर्थ र जोड दिन खोजिएको प्रतिनिधित्व स्थापित हुन आउँछ। यसको सत्यतामा अर्थावरोध र पक्षधरता देखिँदैन। सम्पादकीयको विधागत प्रस्तुतिका कोणबाट हेर्दा यसमा लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञान सुसङ्गठित देखिन आउँछ।

> यसैबीच सरकार र मन्त्रिपरिषद्का अध्यक्ष (ले?) दलहरूसँग परामर्श शुरु गरेर निर्वाचन वातावरण बनाउन सकारात्मक प्रयास गर्नुभएको छ। उहाँले नेपाली कांग्रेस (,?) नेकपा (एमाले) र अन्य ठूला-साना दलहरूसँग वार्ता गरिसक्नुभएको छ। निर्वाचन आयोगको नेतृत्वसँग समेत भएको यस्तो वार्ताबाट निर्वाचनको मिति तोक्नुभन्दा अघि निर्वाचनका लागि आवश्यक कानुनी विधि विधान र राजनीतिक सहमतिको प्रक्रिया पूरा हुनुपर्ने सुझाव आएको छ। प्राप्त सुझावहरूको कार्यान्वयन पहिलो प्राथमिकता हो। यस्ता प्रक्रिया पूरा भएपछि मात्र चुनावका लागि राष्ट्रिय वातावरण निर्माण हुनेछ। सरकारले शुरु गरेको पहलले चुनावप्रति उत्पन्न आशंका हटाएर सकारात्मक र उपलब्धिमूलक वातावरण बनाउने विश्वास गर्न सकिन्छ। (उदाहरण नं. २, परिशिष्ट ४, पाठ सङ्केत ख८)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : सरकार र मन्त्रिपरिषद्का अध्यक्ष, दलहरू, नेपाली कांग्रेस (,?) नेकपा (एमाले) र अन्य ठूला-साना दलहरू, निर्वाचन आयोगको नेतृत्व।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : निर्वाचन वातावरण बनाउन परामर्श शुरु गरी वार्ता गरिसकिएको ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : निर्वाचनको मिति, निर्वाचनका लागि कानुनी विधि विधान, राजनीतिक सहमतिको प्रक्रिया, प्राप्त सुझावहरूको कार्यान्वयन, चुनावका लागि राष्ट्रिय वातावरण निर्माण, सरकारी पहल, चुनावप्रति उत्पन्न आशंका निवारण, सकारात्मक र उपलब्धिमूलक वातावरण बनाउने विश्वास ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचन वातावरण बनाउन परामर्श सुरु गरी वार्ता गरिसकिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल ९६ शब्दबाट बनेका छ वटा वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये सरकारसित सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ । संस्थागत रूपमा सरकारी स्वामित्वमा रहेको प्रकाशन संस्थाबाट प्रकाशित अखबारको सम्पादकीय भएको तथ्य पहिलो र दोस्रो वाक्यमा स्थापित सूचनासित संयोजित विचारको विश्लेषणबाट बुझ्न सकिन्छ । यसमा बोध हुने शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये 'सरकार' र 'मन्त्रिपरिषद् अध्यक्ष' प्राथमिकतामा परेको पाइन्छ । 'सरकार' र 'मन्त्रिपरिषद् अध्यक्ष' ले दलहरूसँग परामर्श सुरू गर्नुलाई 'निर्वाचन वातावरण बनाउन सकारात्मक प्रयास गर्नुभएको' विचारसहित विभिन्न 'दलहरूसँग वार्ता गरिसक्नुभएको' घटनालाई रुचाइएको अर्थका रूपमा लिन सकिन्छ । यसमा सरकारी निकाय भए पनि निर्वाचन आयोगको नेतृत्वसँगको वार्तामा उठाइएका विषय/वस्तुभन्दा सरकार प्रमुखको हैसियतलाई बढी ध्यान दिएर ज्ञानको पुनरुत्पादन गरिएको देखिन्छ । यसले सम्बद्ध विषय/वस्तुहरूसितको वैचारिक संयोजनमा हुन सक्ने प्रभावकारिता र नयाँपनलाई ओझेलमा पारेको पाइन्छ । साथै, दलहरूमा पनि 'नेपाली कांग्रेस', 'नेकपा (एमाले)' नामसहित प्राथमिकतामा पारिएका देखिन्छन् भने 'अन्य ठूला-साना दलहरू' भित्र भिन्नता, रिक्तता र इतर भाव समेत भेटिन्छ । यसले स्वामित्वसँगको उच्चपद र निकटताका आधारमा विभिन्न शक्ति समूहहरूले स्थान पाएको र नपाएको अवस्थालाई दर्शाउँछ । यसको चौथो विशुद्ध विचार वाक्यका रूपमा रहेको र पाँचौ वाक्यमा फरक ढङ्गले त्यसको निरन्तरता भएको भेटिन्छ । पाँचौ वाक्यमा रहेको 'यस्ता प्रक्रिया' को सम्बन्ध चौथो वाक्यसँग नरहेकाले चौथो वाक्य अर्थावरोधी हुन आउँछ । साथै, अन्तिम वाक्यको 'सरकार' र पहिलो वाक्यको 'सरकार' बिचको संयुक्तिको तालमेललाई 'सरकार' सँग संसक्त 'मन्त्रिपरिषद् अध्यक्ष' ले अर्थावरोधी बनाइदिएकाले यसमा रुचाइएको अर्थ र बोध हुने मानसिक प्रतिनिधित्व खजमजिएको पाइन्छ । यसमा सम्बोधक पक्षको स्वामित्वसितको प्रकट सम्बन्ध र त्यसमा पनि उपल्लो हैसियतको मानसिक प्रतिनिधित्वसितको सन्निकटता प्रदर्शनले सम्पादकीयको विधागत सीपका साथै लेखकीय चेतना र विश्व-ज्ञानको सुसङ्गठनमा ऋणात्मक प्रभाव पारेको देखिन्छ ।

संविधानसभाको निर्वाचनलाई एक मात्र उद्देश्यका रूपमा बोकेको अन्तरिम चुनावी मन्त्रिपरिषद्ले आफ्नो कार्यकालको तीन महिनाभित्रै संविधानसभा निर्वाचनको मिति घोषणा गरेर राष्ट्रलाई निर्वाचनको बाटोमा

अगाडि बढाएको छ। यो तीन महिनामा निर्वाचन प्रक्रियालाई अगाडि बढाउन सरकारले कति दाल पिँध्नुपर्‍यो भन्ने कुरा आफ्नो स्थानमा छ। सरकारलाई सहयोग गर्न गठित उच्चस्तरीय राजनीतिक समितिमा सहभागी दलहरूबिच निर्वाचनसम्बन्धी विधेयकमा तीन महिनासम्म पनि सहमति जुट्न नसक्दा निर्वाचन मिति घोषणामा विलम्ब हुन पुगेको थियो। निर्वाचन मिति घोषणा गरिदिएरमात्र निर्वाचन हुन सक्दैन भन्ने यथार्थ बुझेर नै सरकारले असन्तुष्ट दलहरूबिच सहमतिका लागि पनि पटक पटक प्रयास गर्‍यो। निर्वाचनसम्बन्धी विधेयकका विषयमा सहमति जुटाउन नसकी सरकारलाई नै त्यसको टुङ्गो लगाउने जिम्मा दिएपछि सरकारले संविधानसभाको निर्वाचन आगामी मङ्सिर ४ गते हुने घोषणा गर्नुका साथै निर्वाचन क्षेत्र निर्वाचन प्रयोजनार्थ निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन र संविधानसभा सदस्य निर्वाचन अध्यादेश-२०७० लाई अन्तिम रूप दिने कार्य पनि सम्पन्न गरिसकेको छ। (उदाहरण नं. ३, परिशिष्ट ४, पाठ सङ्केत ख१३)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : अन्तरिम चुनावी मन्त्रिपरिषद्, सरकार, उच्चस्तरीय राजनीतिक समितिमा सहभागी दलहरू, असन्तुष्ट दलहरू।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : संविधानसभा निर्वाचनको मिति घोषणा।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : संविधानसभाको निर्वाचन, मन्त्रिपरिषद्को कार्यकाल, निर्वाचन प्रक्रिया, निर्वाचनसम्बन्धी विधेयक, असहमति, निर्वाचन मिति घोषणामा विलम्ब, सहमतिका प्रयास, निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन र संविधानसभा सदस्य निर्वाचन अध्यादेश-२०७० को अन्तिम रूप।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा संविधानसभा निर्वाचनको मिति घोषणा गरिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ। यस अनुच्छेदको संरचनामा कुल १३९ शब्दबाट बनेका पाँच वटा वाक्यहरू रहेका छन्। यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये सरकारसित सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ। प्रस्तुत अनुच्छेद संस्थागत रूपमा सरकारी स्वामित्वमा रहेको प्रकाशन संस्थाबाट प्रकाशित अखबारको सम्पादकीय भएको कुरा पहिलो वाक्यमा संयोजित सूचना र विचारको विश्लेषणबाट बुझ्न सकिन्छ। यसको निरन्तरता पाँचौं वाक्यसम्म नै रहेको पाइन्छ। यसमा बोध हुने शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये 'अन्तरिम चुनावी मन्त्रिपरिषद्' र 'सरकार' सर्वोच्च कार्यकारी शक्तिका पर्यायवाची नाम हुन् र 'उच्चस्तरीय राजनीतिक समितिमा सहभागी दलहरू' सहयोगी शक्तिका रूपमा रहेको पाइन्छ। यसमा प्रतिरोधीका रूपमा रहेका शक्तिलाई 'असन्तुष्ट दलहरू' नाम दिइएको छ।

यस्तो नकारात्मक विशेषणयुक्त नामबाटै सम्बोधकीय भिन्नता, रिक्तता र इतर भावलाई बुझ्न सकिन्छ। सरकारको उद्देश्य र कार्यको सद्धाहनासहित प्रारम्भ गरिएको सूचना र विचारको संयोजनमा सहयोगी र प्रतिरोधी शक्तिहरूलाई फरक ढङ्गले उल्लेख गर्नुले संस्थागत स्वामित्वको पक्षपोषणलाई झल्काउँछ। यसमा संविधानसभाको मिति घोषणा गरिएको कार्यका सन्दर्भमा रुचाइएको अर्थलाई हेर्दा 'तीन महिनाभित्रै' बाट छिट्टै, 'कति दाल पिँध्नुपऱ्यो' बाट धेरै परिश्रमपूर्वक, 'सरकारलाई सहयोग गर्न गठित' बाट सरकार नै शक्तिशाली हो र अरू शक्तिहरू सहयोगी रहेको, 'तीन महिनासम्म पनि सहमति जुट्न नसक्दा' बाट अरू शक्तिले गर्न नसकेको र 'भन्ने यथार्थ बुझेर नै सरकारले' बाट सरकार समझदार छ भन्ने अर्थ दिन खोजिएको पाइन्छ। अनुच्छेदको अन्तिम वाक्यको सुरू वाक्यांशमा 'निर्वाचनसम्बन्धी विधेयकका विषयमा सहमति जुटाउन नसकी सरकारलाई नै त्यसको टुङ्गो लगाउने जिम्मा दिएपछि' उल्लेख भएकामा त्यसमा कर्ता शक्ति लोप भएकाले अर्थावरोध देखिन्छ। त्यसपछि 'सरकारले संविधानसभाको निर्वाचन आगामी मङ्सिर ४ गते हुने घोषणा गर्नुका साथै निर्वाचन क्षेत्र निर्वाचन प्रयोजनार्थ निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन र संविधानसभा सदस्य निर्वाचन अध्यादेश-२०७० लाई अन्तिम रूप दिने कार्य पनि सम्पन्न गरिसकेको छ।' वाक्यांशहरूको उल्लेख पाइन्छ। यसरी अन्तिम वाक्यको 'सरकार' र पहिलो वाक्यको 'अन्तरिम चुनावी मन्त्रिपरिषद्' को पर्यायवाची संयुक्तिभित्र सम्बोधक पक्षले संस्थागत स्वमित्वको प्रभुत्वलाई स्थापना गर्न खोज्दा विधागत सीप, शैली र शक्तिमाथि घात हुन पुगेको पाइन्छ।

> नेकपा-माओवादी वैद्य समूहको माग निर्वाचनमा जानमा भन्दा अल्मल्याउन वा निर्वाचन सार्न र बिथोल्न उद्यत रहेको निष्कर्षमा राजनीतिक समितिमा सहभागी दलका नेताहरू पुगेका छन्। पूरा गर्नै नसकिने वैद्य समूहको मागका कारण वार्ता असफल भएको उनीहरूले बताएका छन् भने वार्ता असफल भएकोप्रति आश्चर्य व्यक्त गर्दै माओवादी अध्यक्ष मोहन वैद्यले पुनः वार्ताका लागि आग्रह गरेका छन्। गोलमेच सम्मेलन गर्ने सहमति भइसक्दा पनि निकै अगाडि बढिसकेको राजनीतिक प्रक्रियालाई पुनः प्रारम्भिक बिन्दुमै फर्काउने माग अगाडि सार्दा गतिरोध सिर्जनाभन्दा अर्को उपलब्धि हुन सक्दैन। आफूलाई निर्वाचनको पक्षधर भनाउन चाहने मोहन वैद्य नेतृत्वको ३३ दलीय गठबन्धनले गोलमेच सम्मेलनको मुखमा पुनः निर्वाचन सार्ने र सरकार विघटन जस्ता मागले भने भनेको र गरेको कुराबिच सन्तुलन स्थापना भएको देखिएन। सहमतिका कारण गोलमेच बैठकबाट निर्वाचनमा सबै राजनीतिक दल सहभागी हुने वातावरण बन्नेसन्दर्भमा नागरिकमा पलाएको झिनो आशा दुई दिन नबित्दै ध्वस्त भएको छ। सहमतिपछिका दुई दिनमा एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यबिच बेग्लै भेटवार्ता भएको थियो। वार्ता असफल भएपछि वैद्य समूह सहभागी नभए पनि निर्वाचन हुने कुरामा राजनीतिक समितिका नेताहरूले दृढता व्यक्त गरेका छन्। (उदाहरण नं. ४, परिशिष्ट ४, पाठ सङ्केत ख२९)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : नेकपा-माओवादी वैद्य समूह, राजनीतिक समितिमा सहभागी दलका नेताहरू, माओवादी अध्यक्ष मोहन वैद्य, आफूलाई निर्वाचनको पक्षधर भनाउन चाहने मोहन वैद्य नेतृत्वको ३३ दलीय गठबन्धन, सबै राजनीतिक दल, नागरिक, एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्य, वैद्य समूह, राजनीतिक समितिका नेताहरू ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : निर्वाचनमा जानमा भन्दा अल्मल्याउन वा निर्वाचन सार्न र बिथोल्न उद्यत रहेको निष्कर्ष । वार्ता असफल । वार्ता असफल भएकोप्रति आश्चर्य व्यक्त । पुनः वार्ताका लागि आग्रह ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : वैद्य समूहको माग, गोलमेच सम्मेलन गर्ने सहमति, राजनीतिक प्रक्रिया, गतिरोध सिर्जना, गोलमेच सम्मेलन, पुनः निर्वाचन सार्ने र सरकार विघटन जस्ता माग, असन्तुलन, गोलमेच बैठक, निर्वाचनमा सहभागिता, आशा, निराशा, बेग्लै भेटवार्ता, असहभागिता, निर्वाचन हुने कुरामा दृढता ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा निर्वाचनमा जानमा भन्दा अल्मल्याउन वा निर्वाचन सार्न र बिथोल्न उद्यत रहेको निष्कर्षसहित वार्ता असफल भएको र वार्ता असफल भएकोप्रति आश्चर्य व्यक्त गर्दै पुनः वार्ताका लागि आग्रह गरिएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १७४ शब्दबाट बनेका सात वटा वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये 'राजनीतिक समितिका नेताहरू' निर्वाचन पक्षधर रहेको र तिनको कार्यगत निकट सम्बन्ध सरकार र नागरिकसित रहेको हुनाले समिति र नेताहरूसित पनि सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ। प्रस्तुत अनुच्छेदमा 'राजनीतिक समितिका नेताहरू' निर्वाचन पक्षधर भएर सरकारलाई सहयोग पुऱ्याउने शक्तिका रूपमा परिचित रहेका र तिनको विचारलाई स्थापित सत्यका रूपमा प्राथमिकतासाथ छनोट गरी उपयोग गरिएको पाइन्छ। स्थापित सत्यको प्रयोगमा छनोटको मौका उपयोग गर्ने क्रममा 'नेकपा-माओवादी वैद्य समूह' तथा 'माओवादी अध्यक्ष मोहन वैद्य' का भनाइ समेटिए पनि त्यसमा लेखकीय समर्थन पाइँदैन । तेस्रो वाक्यमा प्रस्तुत 'गतिरोध सिर्जनाभन्दा अर्को उपलब्धि हुन सक्दैन ।' भन्ने लेखकीय विचार स्वामित्वको रुचिसँग मिल्दोजुल्दो रहेको बुझ्न सकिन्छ। चौथो वाक्यमा 'आफूलाई निर्वाचनको पक्षधर भनाउन चाहने' वाक्यांशले 'मोहन वैद्य नेतृत्वको ३३ दलीय गठबन्धन' लाई इतरसहितको भिन्नता प्रकट गरिएको पाइन्छ। यसमा 'भनेको र गरेको कुराबिच सन्तुलन स्थापना भएको देखिएन ।' भन्ने विचार वस्तुगत देखिए पनि गठबन्धनप्रतिको इतर भावका कारण स्वामित्व निकट शक्तिको कार्य र विचारलाई उचित देखाउने रुचि र अभिप्रायले कुशल अभिव्यक्ति पाएको देखिँदैन । यसको पाँचौं वाक्यमा 'सहमतिका कारण गोलमेच बैठकबाट निर्वाचनमा सबै राजनीतिक दल सहभागी हुने वातावरण

बन्नेसन्दर्भमा' वाक्यांश अर्थावरोधी देखिन्छ । यसै वाक्यको पछिल्लो खण्डमा उल्लिखित 'नागरिक' कार्यकारी स्वामित्वको कार्यसँग जोडिएको सबैभन्दा माथिल्लो शक्तिको प्रतीक मानिन्छ । यसमा रहेका छैटौं र सातौं वाक्यहरूमा स्थापित सत्य घटनाको उल्लेख मात्र गरिएको र विचारको अभाव रहेकाले अर्थावरोधी हुन पुगेको देखिन्छ । यसमा संस्थागत स्वामित्वको प्रभुत्वलाई स्थापना गर्ने क्रममा सम्बोधक पक्षको विधागत सीप र शैलीको कौशल भने कमजोर रहेको पाइन्छ ।

निर्वाचनका विषयमा सरकार, निर्वाचन आयोग, राजनीतिक दलहरूको भूमिका आ-आफ्नो ठाउँमा भरपर्दो देखिएको छ । निर्वाचनको प्रचार-प्रसार गर्न र उपयोगिताको विषयमा जनतालाई सुसूचित गर्न पत्रकार एवं सञ्चारमाध्यमको योगदान पहिलो र महत्वपूर्ण रहने कुरामा विवाद छैन । नेपालका सञ्चारमाध्यम वा पत्रकारहरू प्रजातन्त्रसँगै आफूलाई पनि फल्नेफुल्ने अवसर प्राप्त भएको अनुभव र यथार्थका साक्षी हुन् । प्रजातन्त्रको हत्या हुँदा स्वतन्त्र पत्रकारिताको पनि मृत्यु भएको सबैले अनुभूत गरेकै कुरा हो । नेपालको पत्रकारिताले पनि गल्तीबाट सिकेको छ र सिक्नु जरुरी छ । यतिबेला सञ्चारमाध्यमको अघिल्तिर निर्वाचनलाई सघाउनुको विकल्प छैन । निर्वाचनलाई सघाउनु देश, जनता र लोकतन्त्रलाई सघाउनु हो भने अन्ततः आफ्नै पेशाको स्वतन्त्रता वा जनताको सुसूचित हुने अधिकारलाई सघाउनु हो । नेपाली सञ्चारले लोकतान्त्रिक पद्धतिप्रति सबै राजनीतिक दलको समर्थन नभएकै कारण संविधान बन्न, बनाउन नसकिएको यथार्थ पनि आत्मसात गरेको छ । प्रवृत्ति र राजनीतिका नाममा हिंसा तथा अपराधीकरण प्रोत्साहित भएको यथार्थ पनि यसले बुझेको छ । यस्ता अनुभव र शिक्षाबाट मुलुकमा जारी निर्वाचन प्रक्रियालाई सघाउनु वा त्यसको पक्षमा सक्दो सहयोग पुऱ्याउनु नेपालका सञ्चारमाध्यमको दायित्व बनेको छ । अन्यथा मुलुकले बेहोर्नुपर्ने अकल्पनीय दुर्घटनाको जिम्मेवारी हाम्रा सञ्चारमाध्यमले पनि लिनुपर्ने र पछुताउनुपर्ने अवस्था मात्र बाँकी रहनेछ । (उदाहरण नं. ५, परिशिष्ट ४, पाठ सङ्केत ख४१)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : सरकार, निर्वाचन आयोग, राजनीतिक दलहरू, जनता, पत्रकार, नेपालका सञ्चारमाध्यम वा पत्रकारहरू, सबै, सबै राजनीतिक दल ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : हिंसा तथा अपराधीकरण प्रोत्साहित ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : निर्वाचनको प्रचार-प्रसार, जनतालाई सुसूचित गर्ने काम, सञ्चारमाध्यमको योगदान, प्रजातन्त्र, अनुभव र यथार्थ, प्रजातन्त्रको हत्या, स्वतन्त्र पत्रकारिताको मृत्यु, नेपालको पत्रकारिताका गल्ती, सिकाइ र सघाइ, पेशाको स्वतन्त्रता,

जनताको सुसूचित हुने अधिकार, नेपाली सञ्चार, लोकतान्त्रिक पद्धति, सर्वदलीय समर्थनको अभाव, संविधान बन्न, बनाउन नसकिएको यथार्थ, प्रवृत्ति र राजनीति, हिंसा तथा अपराधीकरण, अनुभव र शिक्षा, मुलुकमा जारी निर्वाचन प्रक्रिया, सञ्चारमाध्यमको दायित्व, मुलुकले बेहोर्नुपर्ने अकल्पनीय दुर्घटना, जिम्मेवारी, पछुताउनुपर्ने अवस्था ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा सञ्चारमाध्यमबाट राजनीतिमा रहेको हिंसा र अपराधीकरण प्रोत्साहित हुन नहुने प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १८१ शब्दबाट बनेका ११ वटा वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये सरकार र निर्वाचन आयोगसित सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ । उल्लिखित मानसिक प्रतिनिधित्वसँग सम्बन्धित घटना र विषय/वस्तुका आधारमा हेर्दा स्वामित्वसँग जोडिएको कार्यमा सञ्चारमाध्यम र पत्रकारहरूले नसघाएको, गल्ती गरेको, दायित्व निर्वाह नगरेको, अकल्पनीय दुर्घटनाको जिम्मेवारी लिनुपर्ने र पछुताउनुपर्ने अवस्था बाँकी रहने विचारलाई रुचाइएको अर्थका रूपमा ग्रहण गर्न सकिन्छ । यसमा संस्थागत स्वामित्वको प्रभुत्व प्रकट हुन आएको देखिन्छ । यसलाई प्रकट गर्दा सुरूकै वाक्यमा सरकार, निर्वाचन आयोग र राजनीतक दलहरूको भूमिका भरपर्दो देखिएको तथ्यलाई स्थापना गरिएको पाइन्छ । त्यसपछिका तीन वटा वाक्यमा विभिन्न भूमिका बाँधेपछि पाँचौं वाक्यमा नेपालको पत्रकारिताले गल्तीबाट सिकेको, छैटौं वाक्यमा सञ्चारमाध्यमले निर्वाचनलाई सघाउनाको विकल्प नभएको, दशौं वाक्यमा सघाउनुलाई दायित्व मानिएको र अन्तिम वाक्यमा चेतावनीको भाव समेटिएको पाइन्छ । यसमा सञ्चारमाध्यम र पत्रकारहरू, पेशाको सुरक्षा र जनताको सुसूचित हुने अधिकारका बिचमा पर्यायवाची जनाउने संयोजक 'वा' प्रयोग गरेर अर्थाविरोधी बनाइएको भेटिन्छ । साथै, 'हाम्रा सञ्चारमाध्यम' पदावलीमा संस्थागत स्वामित्वको कार्यकारी प्रमुखले प्रयोग गर्न सक्ने भाषाको प्रयोग भएकाले सम्पादकीयबाट सही अर्थको सञ्चार हुन सकेको पाइँदैन । यसमा सम्बोधक पक्षको विधागत सीप, शैली र भाषिक कौशलको अभावले संस्थागत स्वामित्वको प्रभुत्वपरक प्रभावको प्रस्तुतिमा ऋणात्मकता थपेको पाइन्छ ।

मुलुकको अहिलेको राजनीतिक सन्दर्भमा चुनावी प्रक्रिया अन्तर्गत हुने स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित मतदान लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने उद्देश्यप्रति लक्षित रहेको सन्देशका साथ अध्यक्ष रेग्मीले चुनावी सुरक्षाका लागि आवश्यक तयारी पूरा भएको र चुनावविरोधी गतिविधि सरकारलाई सह्य नहुने बताएर मतदातालाई निर्भयसाथ चुनावमा सहभागी हुनसक्ने प्रत्याभूति दिनुभएको छ । निर्वाचन कुनै राजनीतिक दल र सरकारको भन्दा पनि जनताको अधिकार हो । जनताको अधिकार कुण्ठित गर्ने छुट कसैलाई हुँदैन र त्यस्तो छुट सरकारले कसैलाई दिन पनि सक्दैन । जनताको जिउधनको अहर्निश सुरक्षा गर्नु राज्यसंयन्त्रको दायित्व नै हो भने निर्वाचन जस्ता जनताको अधिकार र अभिमत व्यक्त हुने विशेष अवसरमा सुरक्षा व्यवस्थालाई विशेष प्रकारले परिचालित गर्नु सरकारको अभीष्ट र दायित्वसमेत हो । ( उदाहरण नं. ६, परिशिष्ट ४, पाठ सङ्केत ख५१)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : अध्यक्ष रेग्मी, सरकार, मतदाता, राजनीतिक दल, सरकार, जनता, राज्यसंयन्त्र, कसै ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : चुनावी सुरक्षाको तयारी पूरा भएको र चुनावविरोधी गतिविधि सरकारलाई सह्य नहुने बताइएको ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : मुलुकको राजनीतिक सन्दर्भ, चुनावी प्रक्रिया, स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित मतदान, लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने उद्देश्य, चुनावी सुरक्षाको तयारी, चुनावविरोधी गतिविधि, निर्भयसाथ चुनावमा सहभागी हुनसक्ने प्रत्याभूति, निर्वाचन, जनताको अधिकार, जनताको अधिकार कुण्ठित गर्ने छुट, जनताको जिउधनको सुरक्षा, राज्यसंयन्त्रको दायित्व, जनताको अधिकार र अभिमत, सुरक्षा व्यवस्थाको परिचालन, सरकारको अभीष्ट र दायित्व ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा चुनावी सुरक्षाको तयारी पूरा भएको र चुनावविरोधी गतिविधि सरकारलाई सह्य नहुने बताइएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १०७ शब्दबाट बनेका चार वटा वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये सरकारसित सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ । संस्थागत रूपमा सरकारी स्वामित्वमा रहेको प्रकाशन संस्थाबाट प्रकाशित अखबारको समपादकीय भएको कुरा प्रस्तुत अनुच्छेदमा स्थापित सूचना र विचारको विश्लेषणबाट बुझ्न सकिन्छ । यसमा बोध हुने शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये 'अध्यक्ष रेग्मी' अन्तरिम चुनावी मनित्रपरिषद्का अध्यक्ष खिलराज रेग्मी सरकार प्रमुखको हैसियतमा रहेको पाइन्छ । यसमा शक्तिका विभिन्न समूहका रूपमा 'मतदाता', 'राजनीतिक दल', 'जनता' र 'कसै' पनि सम्बोधित भेटिन्छन् । यस्ता मानसिक प्रतिनिधित्वसँग सम्बन्धित घटना र विषय/वस्तुका आधारमा हेर्दा सरकार प्रमुखले चुनावविरोधी गतिविधि सह्य नहुने बताएर 'चुनावमा सुरक्षाको प्रत्याभूति दिनु भएको' विचारलाई रुचाइएको अर्थका रूपमा अनुमान लगाउन सकिन्छ । यसमा सरकार प्रमुख, सरकार, सरकारी निकायका कार्य, अधिकार र दायित्वमा अभिव्यक्ति घुमेको हुनाले स्वामित्वको प्रभुत्व प्रकट हुन आएको देखिन्छ । प्रभुत्वलाई प्रकट गर्दा समेटिएका विषय/वस्तुहरूको बाहुल्य र स्थापित सत्यको छनोटमा रहेको चुस्तताको अभावले भने रुचाइएको अर्थलाई ओझेलमा पारेको देखिन्छ । यसमा प्रारम्भ र अन्तिम वाक्य अत्यधिक लामा हुनु र बिचका दुई वाक्य छोटा हुनुले वाक्यात्मक संरचनामा एकरूपता स्पष्टता नभएको दर्शाउँछ । चारै वाक्यमा 'सरकार' को उल्लेखसहित अध्यक्ष रेग्मी र राज्यसंयन्त्रको प्रयोगले निर्वाचनसँग जोडिएका गम्भीर विषय/वस्तुहरू शाब्दिक जटिलता र अर्थावरोध बनेको पाइन्छ । निर्वाचनको

पक्षमा आफ्ना भनाइ राख्दा स्वामित्वकै तर्फबाट बोलिएको कुरा 'त्यस्तो छूट सरकारले कसैलाई पनि दिन सक्दैन ।' वाक्यांशमा देखिन्छ । यस्तो पक्षधरताले संस्थागत स्वामित्वको प्रभुत्वबाट सम्बोधक पक्ष तटस्थ, वस्तुगत र सन्तुलित हुन नसकेको देखाउँछ । यसबाट लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सुसङ्गठन थिचिएर सम्पादकीयको शक्ति खस्कन पुगेको पाइन्छ ।

> यसबिच चुनाव प्रचारप्रसारका क्रममा विभिन्न ठाउँमा उम्मेदवारका गाडीमा आगजनी, कार्यक्रममा व्यवधान र केही स्थानमा झडप जस्ता अप्रिय घटना गरिएका छन् । दल दर्ताको वैधानिक प्रक्रिया पनि पूरा नगरेको नेकपा-माओवादीले चुनाव बहिष्कारको कार्यक्रम तय गरेका कारण मानिसमा चुनाव हुने कुरामा आशंका जन्माइदिएको हो भने आगजनीलगायतका धेरैजसो अप्रिय घटनामा उसको हात रहेको आमधारणा छ । लोकतन्त्रमा चुनाव बहिष्कार गर्नपाउने सुरक्षित हकलाई नेकपा-माओवादीले शान्तिपूर्ण र शालीन तरिकाले प्रयोग गरेर चुनावमा सहभागी हुन पाउने अन्य दल वा जनताको अधिकारलाई सम्मान गर्नु नै राजनीतिक संस्कार हो भन्ने विषय वैद्य माओवादीका पाका नेतालाई बुझाइराख्नुपर्ने कुरा पक्कै होइन । सरकारले जनताको मतदान गर्न पाउने अधिकारलाई सुरक्षित गर्न आवश्यक सुरक्षा प्रबन्ध गरिसकेको अवस्थामा मतदानको अधिकार रोक्न खोज्दा हुने अप्रिय स्थितिले अन्ततः देश, राजनीति, राष्ट्रियता र जनता कसैको पनि हित गर्नेछैन । सरकार चुनाव गराउन प्रतिबद्ध रहेको अवस्थामा आवश्यक देखिए केही क्षेत्रमा पछि मतदान गराउने गरी तोकिएकै मितिमा चुनाव हुने विश्वास अहिले बढेको छ भने जनताले लामो समयदेखि व्यग्र प्रतीक्षा गरेको मतदानको दिन नजिकिँदै गर्दा चुनावी माहोल उत्कर्षमा पुगेको छ । (उदाहरण नं. ७, परिशिष्ट ४, पाठ सङ्केत ख५४)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : उम्मेदवार, नेकपा-माओवादी, मानिस, वैद्य माओवादीका पाका नेता, सरकार, जनता, कसै ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : चुनाव प्रचारप्रसारका कार्यक्रममा व्यवधान र झडप ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : चुनावी प्रचारप्रसार, आगजनी, व्यवधान, झडप, दल दर्ताको वैधानिक प्रक्रिया, चुनाव बहिष्कारको कार्यक्रम, चुनाव हुनेमा आशंका, लोकतन्त्र, चुनाव बहिष्कारको हक, शान्तिपूर्ण र शालीन तरिका, चुनावमा सहभागी हुन पाउने अधिकारको सम्मान, राजनीतिक संस्कार, मतदान गर्न पाउने अधिकारको सुरक्षा, सुरक्षा प्रबन्ध, मतदानको अधिकार, अप्रिय स्थिति, देश, राजनीति, राष्ट्रियता र जनताको हित, चुनाव गराउने प्रतिबद्धता,

मतदान, तोकिएकै मितिमा चुनाव हुने विश्वास, मतदानको व्यग्र प्रतीक्षा, चुनावी माहोलको उत्कर्षता ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा चुनाव प्रचारप्रसारका कार्यक्रममा व्यवधान र झडप भएका प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १६४ शब्दबाट बनेका पाँच वटा वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये सरकारसित सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ । संस्थागत रूपमा सरकारी स्वामित्वमा रहेको प्रकाशन संस्थाबाट प्रकाशित अखबारको समपादकीय भएको कुरा प्रस्तुत अनुच्छेदको चौथो र पाचौं वाक्यमा स्थापित सूचना र विचारको विश्लेषणबाट स्पष्टतः बुझ्न सकिन्छ । यसमा बोध हुने शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये 'सरकार' का काम कारवाहीको पक्षधरता पनि यी दुई वाक्यमा देखिन्छ । 'सरकारले जनताको मतदान गर्न पाउने अधिकारलाई सुरक्षित गर्न आवश्यक प्रवन्ध गरिसकेको अवस्थामा' र 'सरकार चुनाव गराउन प्रतिबद्ध रहेको अवस्थामा' वाक्यांशबाट यसको पुष्टि हुन्छ । सुरूका तीन वाक्यहरूमा चुनाव बिथोल्न गरिएका व्यवधान र झडपसित सन्दर्भित स्थापित सत्यको उपयोग गर्ने क्रममा 'नेकपा-माओवादी' सहित 'अन्य दल' र 'जनता' जस्ता शक्ति समूहको उल्लेख गरिएको भेटिन्छ । 'अन्य दल' र 'जनता' लाई निर्वाचन पक्षधर शक्तिका रूपमा उपयोग गरिएको र 'नेकपा-माओवादी' लाई सशक्त प्रतिरोधी शक्तिका रूपमा लिइएको पाइन्छ । यसमा नेकपा-माओवादीको लागि 'दल दर्ताको वैधानिक प्रक्रिया पनि पूरा नगरेको' र 'वैद्य माओवादीका पाका नेतालाई बुझाइराख्नुपर्ने कुरा पक्कै होइन ।' जस्ता वाक्यांशको समेत प्रयोग गरेर फरक गरिएको र रुचाइएको अर्थमा अवरोध ल्याउन खोजिएको देखिन्छ । 'अन्य दल' र 'जनता' का बिचमा 'वा' संयोजकले अर्थावरोध सिर्जना गरेको पनि पाइन्छ । यसमा उल्लिखित घटना र विषय/वस्तुहरूलाई हेर्दा स्थापित सत्यको छनोटमा चुस्तता र प्रस्तुतिमा स्पष्टता तथा प्रभावकारिताको कमी देखिन्छ । लामा लामा वाक्यहरूको प्रयोगले अभिव्यक्तिलाई जटिल बनाएको पाइन्छ । अघिल्ला तीन वाक्यहरूमा प्रतिरोधी शक्तिका क्रियाकलापसँग जोडिएका सूचनालाई 'अप्रिय घटना' भन्दै पूर्वाग्रह झल्काउने वाक्यांश समेत रहेको तथ्यलाई पछिल्ला दुई वाक्यमा उल्लिखित 'सरकार' का काम कारवाहीको पक्षपोषण गर्नमा उपयोग गरिएको मान्न सकिन्छ । यद्यपि, वाक्यहरूमा समेटिएका विभिन्न वाक्यांशहरूमा हुनुपर्ने तार्किक सङ्गतिको कमीको शृङ्खला 'चुनावी माहोल उत्कर्षमा पुगेको छ ।' भन्ने निष्कर्ष कथनसम्मै अनुभव गर्न सकिन्छ । यसमा निर्वाचनको पक्षमा आफ्ना भनाइ राख्दा स्वामित्वको प्रभुत्वलाई सम्बोधक पक्षले पूर्वाग्रहरहित, तर्कसङ्गत, वस्तुनिष्ठ, तटस्थ र सन्तुलित ढङ्गले राख्न नसक्दा लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सुसङ्गठन खजमजिन पुगेको र सम्पादकीयको विधागत शक्ति कमजोर हुन पुगेको पाइन्छ ।

सहमति, सहकार्य र एकताका माध्यमबाट अघि बढ्ने नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइरालाको अभिव्यक्तिबाट भावी दिनका क्रियाकलापको झझल्को आकलन गर्नसकिन्छ । राजनीतिक दलबिच हिजो पनि सहमति, सहकार्य र एकताको खाँचो थियो भने आजका दिनमा पनि त्यसको दरकार त्यत्ति नै छ र आउँदा दिनमा समेत त्यसको आवश्यकता अपरिहार्य रहिरहनेमा दुईमत रहँदैन । विगतमा चार वर्षसम्म

संविधान बन्न नसक्नु, सात महिनासम्म सरकार बन्ने अवस्था नरहनु र राजनीतिबाहिरका व्यक्ति ल्याई सरकार बनाउनुपर्ने वस्तुस्थिति सिर्जना हुनुका पछाडि राजनीतिक दलको बेमेल नै प्रमुख कारण रहेको स्वीकार्न कसैले आनाकानी गर्नुहुँदैन। आउँदा दिनमा पनि मुखले सहमति, सहकार्य भट्याउने र व्यवहारमा त्यसको खिल्ली उडाउने कार्य भएमा शुभपरिणाम झन् टाढिँदै जाने पक्का छ। तसर्थ तमाम राजनीतिक दल अब राष्ट्रिय मूल गन्तव्यप्रति ऐक्यबद्ध हुनैपर्छ। दोस्रो संविधानसभाको निर्वाचनमा जनतासमक्ष वर्षदिनभित्रै संविधान ल्याउने वाचाबन्धन गरिएकाले पनि मूलध्येयबाट दायाँ, बायाँ हुने स्थिति कसैको देखिँदैन। विगतमा असफलता बेहोर्नुपरेकाले दलीय साख जोगाउनसमेत अब शान्ति प्रक्रिया र संविधान निर्माणको कार्यलाई सबैले सर्वाधिक प्राथमिकतामा राख्नैपर्छ। सम्पूर्ण राजनीतिक दल अर्जुनदृष्टिका साथ अब एकमात्र कार्यभार सम्पन्न गर्न समर्पित हुनु किन पनि जरुरी छ भने सरकार गठनमै यत्तिका दिन बितिसकेकाले अब थोरै समय पनि घर्किन नदिन युगीन दायित्वको विषय बनेको छ। लोकतान्त्रिक, गणतान्त्रिक, संघात्मक, सहभागितामूलक, समावेशी नयाँ नेपालको परिकल्पना साकार पार्ने दिशामा सरकार तथा समस्त राजनीतिक दललाई सफलता मिलोस्, आजको हार्दिक कामना यही छ। (उदाहरण नं. ८, परिशिष्ट ४, पाठ सङ्केत ख८९)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइराला, राजनीतिक दल, तमाम राजनीतिक दल, राजनीतिबाहिरका व्यक्ति, सबै, सम्पूर्ण राजनीतिक दल, सरकार तथा समस्त राजनीतिक दल।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : सहमति, सहकार्य र एकताबाट अघि बढ्ने सरकार प्रमुखको अभिव्यक्ति।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : सहमति, सहकार्य र एकता, चार वर्षसम्म संविधान बन्न नसकेको, सात महिनासम्म सरकार नबनेको र राजनीतिबाहिरका व्यक्ति ल्याई सरकार बनाइएको विगत, राजनीतिक दलको बेमेल, भावी दिन, राष्ट्रिय मूल गन्तव्यप्रति ऐक्यबद्धता, दोस्रो संविधानसभाको निर्वाचन, जनतासमक्ष वर्षदिनभित्रै संविधान ल्याउन गरिएको वाचाबन्धन, विगतका असफलता, दलीय साख, शान्ति प्रक्रिया र संविधान निर्माणको कार्यलाई प्राथमिकता, सरकार गठनमै बितेका धेरै दिन, युगीन दायित्व, लोकतान्त्रिक, गणतान्त्रिक, संघात्मक, सहभागितामूलक, समावेशी नयाँ नेपालको परिकल्पना, सफलताको कामना।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा सहमति, सहकार्य र एकताबाट अघि बढ्ने सरकार प्रमुखको अभिव्यक्ति आएको प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको

अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल २०९ शब्दबाट बनेका नौ वटा वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये सरकारसित सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ । संस्थागत रूपमा सरकारी स्वामित्वमा रहेको प्रकाशन संस्थाबाट प्रकाशित अखबारको सम्पादकीय भएको र सरकार प्रमुखको प्रभुत्वलाई प्राथमिकतामा राखिएको कुरा प्रस्तुत अनुच्छेदको सुरू र अन्तिम वाक्यमा स्थापित सूचना र विचारको विश्लेषणबाट स्पष्टतः बुझ्न सकिन्छ । यसमा बोध हुने शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइरालाको अभिव्यक्तिप्रति आशावादिता प्रकट गरिएको पाइन्छ । सुरूमै 'सहमति, सहकार्य र एकताका माध्यमबाट अघि बढ्ने' स्थापित सत्यमा आधारित कोइरालाको अभिव्यक्तिलाई 'भावी क्रियाकलापको झझल्को आकलन गर्न सकिन्छ ।' भन्ने विचारले साथ दिएर अन्त्यमा 'सरकार तथा समस्त राजनीतिक दललाई सफलता मिलोस्' भन्ने 'कामना' समेत गरिएको पाइन्छ । यसमा शक्तिको मैदानमा 'समस्त राजनीतिक दल' हरू रहे पनि केन्द्रमा 'नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइराला' को अभिव्यक्तिलाई रुचाइएको अर्थका रूपमा लिइएको पाइन्छ । राजनीतिक दलहरूलाई 'मुखले सहमति भट्याउने र व्यवहारमा त्यसको खिल्ली उडाउने' विगतको स्थापित सत्यसँग सन्दर्भित गरेर 'शुभपरिणाम झन् टाढिँदै जाने पक्का' ठानिएकाले प्रतिरोधी शक्तिका रूपमा लिइएको बुझ्न सकिन्छ । यसमा 'राजनीतिक दल' को विगतको क्रियाकलाप सहमति, सहकार्य र एकताको विरुद्धमा जानाले असफलता हात परेको महत्त्वपूर्ण तथ्यसहित नयाँ नेपालको परिकल्पना, शान्ति प्रक्रिया, संविधान निर्माण, लोकतन्त्र, गणतन्त्र, संघीयता, सहभागिता, समावेशी आदिलाई विषय/वस्तुका रूपमा समेटेर ज्ञानको पुनरुत्पादन गरिएको पाइन्छ । यस क्रममा उपदेशात्मता, असङ्गत वाक्यदेखि शब्दहरूमा सामान्य बोलीचालीदेखि संस्कृत लेख्य शब्दहरूको मिश्रण र अनावश्यक शब्दहरूको समेत प्रयोग, कर्ता समेत लोप भएको अवस्था, उपदेशात्मक क्रियापद आदिले अर्थावरोध सिर्जना गरेको पनि भेटिन्छ । समग्रमा सरकार प्रमुखका रूपमा परिचित स्वामित्वको प्रभुत्वलाई सम्बोधक पक्षले अर्थावरोधहीन र सन्तुलित ढङ्गले राख्न नसक्दा लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सुसङ्गठन सशक्त हुन नसकेर सम्पादकीयको विधागत शक्ति कमजोर हुन पुगेको पाइन्छ ।

> फागुन ७ कै सन्दर्भमा फर्किंदा, यो दिन नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि एक जुगमा आएको एउटा दिन थियो । कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको यो दिन कान्तिपुर पब्लिकेसन्सका लागि पनि एउटा सुखद संयोगको दिन हो, किनभने मुलुकलाई प्रजातान्त्रिक बाटोमा हिँडाउने तिथिको सम्झना गर्दै गर्दा हामी २१ औं वार्षिकोत्सव मनाउँदै छौं । ०४६ सालमा प्रजातन्त्रको पुनः स्थापनापछिको खुला परिवेशमा स्वतन्त्र र व्यावसायिक मिडियाले प्रोत्साहन पाउन थालेपछि सुरू भएको कान्तिपुरको यात्रा लोकतान्त्रिक मूल्य, मान्यता र मुलुकको सार्वभौमिकताको रक्षाका लागि अबिराम जारी छ र रहने छ । अप्ठेरा र चुनौतीपूर्ण क्षण बेहोर्दै अघि बढेका हामी संघीय लोकतन्त्रको संस्थागत विकास, नयाँ संविधान निर्माण, मुलुकको स्वार्थ र राष्ट्रियता अनि विकासलगायतका मुलभूत मुद्दालाई केन्द्रमा राखी अविचलित भएर अघि बढेका छौं र आगामी दिनमा हाम्रो यो दृढता अझ मजबुत हुँदै जाने छ । ( उदाहरण नं. ९,परिशिष्ट ४, पाठ सङ्केत क९९)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : कान्तिपुर पब्लिकेसन्स, हामी ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : कान्तिपुर पब्लिकेसन्सले २१ औं वार्षिकोत्सव मनाउँदै गरेको ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : फागुन ७ को दिन, नेपालको प्रजातान्त्रिक आन्दोलन, कठोर निरंकुशता, जनक्रान्तिको सफलता, प्रजातन्त्र, प्रजातन्त्रको पुनः स्थापनापछिको खुला परिवेश, स्वतन्त्र र व्यावसायिक मिडिया, कान्तिपुरको यात्रारम्भ, लोकतान्त्रिक मूल्य, मान्यता र मुलुकको सार्वभौमिकताको रक्षा, अप्ठेरा र चुनौतीपूर्ण क्षण, संघीय लोकतन्त्रको संस्थागत विकास, नयाँ संविधान निर्माण, मुलुकको स्वार्थ, राष्ट्रियता अनि विकासलगायतका मुलभूत मुद्दा, अविराम, अविचलित दृढता ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा कान्तिपुर पब्लिकेसन्सका कर्मचारी तथा पत्रकारले २१ औं वार्षिकोत्सव मनाउँदै गरेका प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १२५ शब्दबाट बनेका चार वटा वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये कान्तिपुर पब्लिकेसन्ससित सम्बोधक पक्ष 'हामी' को संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ । संस्थागत रूपमा गैरसरकारी स्वामित्वमा रहेको प्रकाशन संस्थाबाट प्रकाशित अखबारको सम्पादकीय भएको कुरा प्रस्तुत अनुच्छेदका सबै वाक्यमा स्थापित सूचना र विचारको विश्लेषणबाट स्पष्टतः बुझ्न सकिन्छ । यसमा बोध हुने शक्तिका मानसिक प्रतिनिधित्वहरू संस्थागत रूपमा 'कान्तिपुर पब्लिकेसन्स' र 'संस्थामा आबद्धहरूको समूह सर्वनाम हामी' बाट प्रकट हुने स्वामित्वको प्रभुत्व र आपसी शक्तिसम्बन्धलाई स्पष्टतः बुझ्न सकिन्छ । यसमा प्रतिरोधी शक्तिको मानसिक प्रतिनिधित्वको पहिचान भेटिँदैन । फागुन ७ को विशिष्ट सन्दर्भसँग जोडिएको प्रजातान्त्रिक आन्दोलनको सफलता र त्यससँग जोडिएको कान्तिपुर पब्लिकेसन्सको स्थापना, उद्देश्य, कार्य, लक्ष्य र प्रतिबद्धतालाई रुचाइएको अर्थका रूपमा ग्रहण गर्न सकिन्छ । यसमा समेटिएका विषय/वस्तुहरू फागुन ७ को दिन, नेपालको प्रजातान्त्रिक आन्दोलन, कठोर निरंकुशता, जनक्रान्तिको सफलता, प्रजातन्त्र, प्रजातन्त्रको पुनः स्थापनापछिको खुला परिवेश, स्वतन्त्र र व्यावसायिक मिडिया, कान्तिपुरको यात्रारम्भ, लोकतान्त्रिक मूल्य, मान्यता र मुलुकको सार्वभौमिकताको रक्षा, अप्ठेरा र चुनौतीपूर्ण क्षण, संघीय लोकतन्त्रको संस्थागत विकास, नयाँ संविधान निर्माण, मुलुकको स्वार्थ, राष्ट्रियता अनि विकासलगायतका मुलभूत मुद्दा, अविराम, अविचलित दृढता' लाई स्थापित सत्यका रूपमा लिन सकिन्छ र तिनको अर्थावरोधहीन संयोजनबाट ज्ञानको पुनरुत्पादन भएको पाइन्छ । यसमा स्वामित्वको प्रभुत्वलाई सम्बोधक

पक्षले तार्किकता, वस्तुनिष्ठता, सन्तुलनसहित लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानलाई सुसङ्गठित र व्यवस्थित ढङ्गले राखेकाले सम्पादकीयको विधागत शक्ति सशक्त हुन पुगेको पाइन्छ ।

> सरकारका काम, कारबाहीमा ढिलासुस्ती भइरहेको चर्चा चलिरहेका बखत संयुक्त सरकार समन्वय समिति गठन गरिने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको सत्तारोही नेपाली कांग्रेस तथा नेकपा (एमाले)को बैठकको दुवै दलका पाँच, पाँचजना शीर्षनेता सम्मिलित संयुक्त सरकार समन्वय समिति बनाउने निर्णय गरेको हो । संविधान निर्माण तथा सरकारका कामलाई प्रभावकारी तुल्याउने उद्देश्यले गठन गरिने समितिले यदाकदा हुनसक्ने असमझदारी मेट्न विशेष भूमिका खेल्ने अपेक्षा राखिएको छ । विभिन्न राजनीतिक नियुक्ति लगायतका काममा कुनै प्रकारको द्विविधा अथवा अन्तर्विरोधको स्थिति सिर्जना नहोस् भन्ने उद्देश्यले पनि बढाइएको क्रियाशीलतालाई सकारात्मक मान्नुपर्छ । सरकार सञ्चालनमै अलमल भइरह्यो र सत्ताघटकबीच नै तनाव सिर्जना भइरह्यो भने निश्चय नै राष्ट्रको मूल गन्तव्य ओझेलमा पर्नेछ । यतिखेर वर्षदिनभित्रै संविधान निर्माण गर्ने धोको बोकेका राजनीतिक दलका निम्ति एक, एक क्षण अनमोल रहेकाले थोरै बेर पनि खेर जान दिनै नहुने अवस्था छ । यस्तो विषम, सङ्क्रमणकालीन घडीमा सरकारका काम, कारवाही पनि रणनीतिक हिसाबमै द्रुतगामी हुनु जरुरी छ । (उदाहरण नं. १०, परिशिष्ट ४, पाठ सङ्केत ख१०१)

प्रस्तुत उदाहरणमा सम्बोधक, सम्बोधित शक्तिहरू, सम्बोधित शक्तिसँग सम्बद्ध विषय/वस्तुहरू र शक्तिको वैचारिक अभ्यासलाई यस प्रकार पहिचान गर्न सकिन्छ;

सम्बोधक : क

सम्बोधित शक्तिका मानसिक प्रतिनिधित्वहरू : सरकार, नेपाली कांग्रेस, नेकपा (एमाले), दुवै दलका पाँच, पाँचजना शीर्षनेता, सत्ताघटक, राजनीतिक दल ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध घटना : काम कारवाहीमा ढिलासुस्ती भइरहेको चर्चासँगै संयुक्त सरकार समन्वय समिति गठन गर्ने निर्णय ।

मानसिक प्रतिनिधित्वहरूसँग सम्बद्ध विषय/वस्तुहरू : संयुक्त सरकार समन्वय समिति, संविधान निर्माण, सरकारका कामको प्रभावकारिता, असमझदारी मेट्ने भूमिका, राजनीतिक नियुक्ति लगायतका काम, द्विविधा अथवा अन्तर्विरोधको स्थिति, क्रियाशीलता, सरकार सञ्चालनमा अलमल, तनाव, राष्ट्रको मूल गन्तव्य, वर्षदिनभित्रै संविधान निर्माण, अनमोल क्षण खेर जानु, विषमता, सङ्क्रमणकाल, रणनीति, द्रुतगामिता ।

प्रस्तुत उदाहरणमा विश्लेषित शक्ति, सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनलाई हेर्दा काम कारवाहीमा ढिलासुस्ती भइरहेको चर्चासँगै संयुक्त सरकार समन्वय समिति गठन गर्ने निर्णय प्रतिनिधित्वका आधारमा वैचारिक शक्तिको अभ्यास गरिएको पाइन्छ । यस अनुच्छेदको संरचनामा कुल १४७ शब्दबाट बनेका

सात वटा वाक्यहरू रहेका छन् । यस संरचनामा सम्बोधित शक्तिहरूमध्ये सरकारसित सम्बोधक पक्षको संस्थागत स्वामित्वगत शक्तिसम्बन्ध रहेको देखिन्छ । संस्थागत रूपमा सरकारी स्वामित्वमा रहेको प्रकाशन संस्थाबाट प्रकाशित अखबारको सम्पादकीय भएको कुरा प्रस्तुत अनुच्छेदमा स्थापित सूचना र विचारको विश्लेषणबाट स्पष्टतः बुझ्न सकिन्छ । यसमा बोध हुने शक्तिका मानसिक प्रतिनिधित्वहरूमध्ये 'सरकार', 'नेपाली कांग्रेस, नेकपा (एमाले), 'दुवै दलका पाँच, पाँचजना शीर्षनेता', र 'सत्ताघटक' शक्तिको केन्द्रमा रहेका स्वामित्वका विविध नाम र रूप रहेको पाइन्छ भने 'राजनीतिक दल' मा मात्र परिधिमा रहेका अन्य दलको अस्तित्वलाई पनि बुझ्न सकिन्छ । नेपाली कांग्रेस र नेकपा (एमाले) लाई 'सत्तारोही' विशेषण दिएर स्वामित्वको पहिचानलाई विशेष प्राथमिकतामा राखिएको र 'राजनीतिक दल' लाई 'वर्षदिनभित्रै संविधान निर्माण गर्ने धोको बोकेका' भनेर चिनाइएकोले सरकारकै काममा समर्थक भूमिका खेल्न प्रेरित गर्न खोजिएको आशयलाई रुचाइएको अर्थका रूपमा लिन सकिन्छ । शक्तिको केन्द्रमा रहेको स्वामित्वका विभिन्न शक्ति समूह तथा नेतालाई सरकारका काम र समन्वय समिति गठन गर्ने निर्णयका विषय/वस्तुसँग आबद्ध गरिएको पाइन्छ । यसमा संविधान निर्माण र सरकारका कामलाई प्रभावकारी बनाउने उद्देश्यले समिति गठन गरिने निर्णयको स्थापित सत्यसँग 'यदाकदा हुनसक्ने असमझदारी मेट्न विशेष भूमिका खेल्ने अपेक्षा राखिएको विचारलाई संयोजन गरिएको देखिन्छ । साथै, 'द्विविधा अथवा अन्तर्विरोधको स्थिति सिर्जना' नहोस् भन्ने उद्देश्यको स्थापित सत्यलाई सरकारबाट 'बढाइएको क्रियाशीलता' का रूपमा लिएर 'सकारात्मक मान्नुपर्ने' विचारको संयोजन गरी ज्ञानको पुनरुत्पादन गरिएको पाइन्छ । यसमा प्रयुक्त अन्य विषय/वस्तुहरूमा 'राजनीतिक नियुक्ति लगायतका काम', 'द्विविधा अथवा अन्तर्विरोधको स्थिति', 'क्रियाशीलता', 'सरकार सञ्चालनमा अलमल', 'तनाव', 'राष्ट्रको मूल गन्तव्य', 'वर्षदिनभित्रै संविधान निर्माण', 'अनमोल क्षण खेर जान्', 'विषमता', 'सङ्क्रमणकाल', 'रणनीति', 'द्रुतगामिता' मध्ये केहीमा स्पष्टता र केहीमा अस्पष्टता रहेको पाइन्छ । यसमा 'प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठक' जस्ता अनावश्यक सूचना समेटिएको तर केको बैठक हो भन्ने सूचना कतै नभएको अवस्थाले अर्थावरोध सिर्जना गरेको भेटिन्छ । साथै, छैटौं वाक्यको 'धोको बोकेका' पदावली अनुपयुक्त रहेको र सातौं वाक्यको 'यस्तो विषम, सङ्क्रमणकालीन घडी' ले सन्दर्भित गर्ने पूर्ववाक्य नभएकाले अस्पष्टता देखिन्छ । त्यसैमा आधारित 'सरकारका काम कारवाही पनि रणनीतिक हिसाबमै द्रुतगामी हुनु जरुरी' भएको वाक्यांशलाई तार्किक दृष्टिले सङ्गतिपूर्ण मान्न सकिँदैन । यसमा स्वामित्वको प्रभुत्वलाई स्थापना गर्न खोज्दा सम्बोधक पक्षले विधागत सीप, शैली, स्पष्टता, तार्किकता जस्ता पक्षलाई ध्यान दिन नसक्दा लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सङ्गठन कमजोर हुन पुगेको पाइन्छ ।

## ६.४ निष्कर्ष

संस्थागत बौद्धिक प्रभुत्व धनात्मक रहेका सम्पादकीयमा उल्लिखित शक्तिहरू र तीसँग सम्बद्ध घटना र विषय/वस्तुहरूमा शक्तिका स्रोतको पहिचान, शक्ति सङ्घर्षमा तिनको स्थान निर्धारण, खासगरी केन्द्र र परिधिमा रहेका शक्तिहरूबिचको सङ्घर्षको प्रस्तुतिमा अर्थावरोधहीनता, विश्लेषणमा ज्ञानात्मक पहुँच, स्पष्टता, वस्तुनिष्ठता, तार्किकता, विधागत प्रस्तुति सीपमा विशेष गरी नामिक स्पष्टता, भाषिक सरलता, सूचना र विचारको सम्प्रेषणमा

सन्तुलन, मध्यस्थता तथा समन्वयकारी भूमिका, सङ्क्षिप्तता अर्थावरोधहीन कला तथा आलङ्कारिकता जस्ता गुणको बाहुल्यले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व देखाउँछ ।

संस्थागत बौद्धिक प्रभुत्व ऋणात्मक रहेका सम्पादकीयमा शक्तिका स्रोतको पहिचान, शक्ति सङ्घर्षमा तिनको स्थान निर्धारण, केन्द्र र परिधिमा रहेका शक्तिहरूबिचको सङ्घर्षको प्रस्तुति बढी अर्थावरोधयुक्त पाइन्छ । विश्लेषणमा समन्वय, मध्यस्थता तथा सन्तुलनको बदला पूर्वाग्रह, पक्षधरताका साथै लामा र पर्यायवाची नाम र विशेषणहरूको अत्यधिक प्रयोग, ज्ञानात्मक पहुँच भए पनि स्पष्टता, वस्तुनिष्ठता, तार्किकता, विधागत प्रस्तुतिको सीपमा नामिक अस्पष्टता, पूर्वाग्रहपूर्ण विशेषणयुक्त नामको प्रयोग, भाषिक जटिलता, सूचना र विचारको संयोजित सम्प्रेषणमा असन्तुलन, पक्षधरता, लामा वाक्यहरूको बाहुल्यमा बनेका लामा अनुच्छेद, अर्थावरोधी कला र आलङ्कारिकताको प्रयोग जस्ता गुणको कमीले सम्बोधक पक्षको बौद्धिक प्रभुत्व कमजोर देखिन्छ ।

संस्थागत स्वामित्वको प्रभुत्व देखिने सम्पादकीयमा ज्ञानको पुनरुत्पादन गर्दा शक्तिका स्रोतका रूपमा स्वामित्वको पहिचान, विभिन्न समूहहरूसितको शक्ति सङ्घर्षमा स्वामित्वका कामको बयान र बचावट, प्रस्तुतिमा पक्षधरता र अर्थावरोधको बाहुल्य, सूचना र विचारको संयोजनमा देखिने लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सङ्गठनमा प्रभाव देखिन्छ । सङ्ख्यात्मक हिसाबले सरकारी स्वामित्वको प्रभुत्वले सम्पादकीयमा बढी प्राथमिकता पाए पनि तिनमा सम्बोधक पक्षमा हुनुपर्ने विधागत सीप, शैलीगत सशक्तता र प्रभावकारितामा व्यवस्थापकीय पक्षले सकारात्मक हस्तक्षेप गर्न नसकेको तथ्यले संस्थागत बौद्धिक सामर्थ्य कमजोर रहेको देखाउँछ । गैरसरकारी स्वामित्वको प्रभुत्वले भने सरकारी होस् या निजी, सम्बोधक पक्षको लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सुसङ्गठनसहित विधागत सीप, शैली र सशक्तीकरणलाई पनि ध्यान दिएको पाइन्छ ।

परिच्छेद सात

# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा 'कान्तिपुर' र 'गोरखापत्र'मा २०७० सालमा प्रकाशित सम्पादकीयमा रहेको बृहत् सङ्घटनात्मक प्रतिनिधित्व, निर्भरीकरण र मूर्तीकरणका साथै प्रतिनिधित्वमा शक्तिसम्बन्धगत प्रभावको अनुसन्धानात्मक अध्ययनको परिचय र पूर्वकार्यको समीक्षा दिइएको छ। पूर्वकार्यको समीक्षा गर्दा सम्पादकीय, सङ्कथन र सामाजिक प्रतिनिधित्वसित सम्बद्ध विधागत, भाषिक तथा सांस्कृतिक महत्त्वका पुस्तकाकार र सङ्कलनात्मक कृति, प्रकाशित र अप्रकाशित शोधपत्र, कार्यपत्र र पत्रिका, स्मारिका तथा परिशिष्टाङ्कमा प्रकाशित फूटकर लेखरचनाको विश्लेषण गरिएको छ। पूर्वकार्यहरूको अध्ययनबाट नेपाली दैनिक अखबारको सम्पादकीयमा बृहत् सङ्घटनात्मक सामाजिक प्रतिनिधित्वको पहिचान, निर्भरीकरण, मूर्तीकरण र शक्तिसम्बन्धको प्रभावको प्राज्ञिक अनुसन्धानात्मक सङ्कथन विश्लेषणको सर्वथा खाँचो रहेको बुझ्न सकिन्छ।

दोस्रो परिच्छेदमा सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा दिइएको छ। यसमा सम्पादकीय निर्माणको सांस्कृतिक पृष्ठभूमि र विधागत मापदण्ड, शक्तिको विशेष र रणनीतिक स्थानका साथै सामाजिक प्रतिनिधित्व सिद्धान्तका भाषिक उपकरणहरूलाई एकीकृत गर्दै बहुविषयगत अवधारणा, अन्तर्दृष्टि, अनुभव र मान्यताहरूलाई समेटिएको छ।

शोधप्रबन्धको तेस्रो, चौथो, पाँचौं र छैटौं परिच्छेदहरू विश्लेषणका मूल खण्ड हुन्। तेस्रो परिच्छेदमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको रूपमा 'संविधानसभा निर्वाचन-२०७०' लाई पहिचान गरी सोको शीर्षस्थ प्रतिनिधित्वसहित मूल कथ्यको अभिलेखीकरण गरिएको छ। यसमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वअन्तर्गत संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटना, संरचना, सूचकीय सन्दर्भ, प्रतिनिधित्वको मूल कथ्य, विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्वहरूको अवधारणाका आधारमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वको स्थापना, संरचना, बाह्यसन्दर्भ, सूचकीय सन्दर्भको पहिचानसहित प्रत्यक्ष सूचक, अप्रत्यक्ष सूचक, सर्वाधिक शक्तिशाली प्रत्यक्ष सूचकको शीर्षकीय संरचना, अप्रत्यक्ष सूचकहरूको सम्बन्धगत विश्लेषणमा सन्दर्भ परिचालन गरिएको छ। यस्तै, बृहत् सङ्घटनाको विकास र शीर्षस्थ प्रतिनिधित्वको मूल कथ्यमा तयारी, क्रमिक विकास र पूरक चरणमा विभाजन, विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्वमा प्रत्यक्ष चिन्हित केन्द्रहरूको निरूपणका साथै परिचालन, व्यवस्थापन र सार्वभौम पक्षमा संलग्न केन्द्रहरूको उपस्थिति पाइन्छ। चौथो परिच्छेदमा प्रतिनिधित्वहरूको निर्भरीकरणअन्तर्गत नामिक र विषयगत निर्भरीकरण प्रक्रियाका विविध प्रयोगको खोजी गरिएको छ। यसमा विषयभित्र संस्थागत, समूहगत र अवस्थागत प्रतिनिधित्वको निर्भरताका साथै विपरीतार्थक, रूपकीय र संवेगात्मक निर्भरीकरण प्रक्रियामा भएका विविध प्रयोगको खोजी गरी सबल र दुर्बल पक्षलाई पहिल्याइएको छ। यस्तै, पाँचौं

परिच्छेदमा प्रतिनिधित्वहरूको मूर्तीकरणअन्तर्गत संवेगात्मक र वैयक्तिक मूर्तीकरण प्रक्रियामा भएका विविधताको खोजी गरी सवल र दुर्वल पक्षलाई पहिल्याइएको छ । छैटौं परिच्छेदमा प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभावअन्तर्गत संस्थागत बौद्धिक प्रभुत्व र संस्थागत स्वामित्वको प्रभुत्वबाट सम्पादकीयको गुणस्तर समेत प्रभावित भएको तथ्यको उजागर गरिएको छ ।

सातौं परिच्छेदमा शोधको निष्कर्ष र मूल प्राप्तिका साथै भावी शोधकार्यका लागि सम्पादकीय सङ्कथनमा मूल कथ्य र बौद्धिक प्रभुत्व, नामिक निर्भरीकरण र वैयक्तिक मूर्तीकरण, संवेगको निर्भरीकरण र मूर्तीकरण, यथार्थ र भ्रमको प्रतिनिधित्व, लेखकीय चेतना र विधागत सीप जस्ता शीर्षकहरू सुझाइएको छ ।

## ७.२ शोधको निष्कर्ष

प्रस्तुत शोधकार्यको निष्कर्ष सम्पादकीय सङ्कथनमा प्रतिनिधित्वसित सन्दर्भित पूर्वकार्यको समीक्षा र मूल अध्ययनबाट प्राप्त सैद्धान्तिक र प्रायोगिक तथ्यमा आधारित छ । सम्पादकीय भनेको सबैभन्दा ठूलो भाषिक एकाइ सङ्कथनको विधागत विशेष संरचना र सन्दर्भपरक अर्थयुक्त लेख्य-पाठ्य र लेख्य-श्रव्य एकालापपूर्ण पाठ भएकाले यसमा प्रतिनिधित्वहरूको तार्किक संयोजन भए मात्र सम्पादकीय सशक्त र प्रभावकारी हुन सक्छ । 'कान्तिपुर' र 'गोरखापत्र' दैनिकका सम्पादकीयको अध्ययनबाट प्राप्त मूलभूत निष्कर्षलाई सङ्क्षेपमा यस प्रकार प्रस्तुत गरिएको छ;

### ७.२.१ बृहत् सङ्घटनात्मक प्रतिनिधित्व

बृहत् सङ्घटनात्मक प्रतिनिधित्व सम्बन्धमा प्राप्त निष्कर्षहरू बुँदागत रूपमा यस प्रकार छन्;

(क) सम्पादकीय सङ्कथनमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्वका रूपमा स्थापित 'संविधानसभा निर्वाचन-२०७०' को मूल कथ्यलाई शृङ्खलाबद्ध तरिकाले रैखिक ढाँचामा एकत्रित गर्ने सामर्थ्य सबै शीर्षस्थ सामाजिक प्रतिनिधित्वहरूमा रहेको देखिन्छ । त्यस्ता प्रतिनिधित्वहरू आफैंमा पूर्ण र सारभूत सङ्कथनका रूपमा पनि रहेको पाइन्छ । बृहत् सङ्घटनाको विकासमा मूल कथ्यका प्रतिनिधित्वहरू समय, प्रक्रिया र घटना क्रमअनुसार सरल ढङ्गले मात्र नभएर उतारचढावसहित अनियमित र अप्रत्यासित ढङ्गले समेत सम्पादकीय शीर्षकमा प्रयुक्त भएको पाइन्छ । बृहत् सङ्घटनालाई सन्दर्भित गर्नमा प्रत्यक्षभन्दा अप्रत्यक्ष सूचकको बढी प्रयोग भेटिन्छ । प्रत्यक्ष सूचकका स्थापित र उपयुक्त विकल्पहरूमा चयनको अभाव देखिए पनि अभिव्यक्ति शैली र संरचनामा व्याकरणिक क्रमभङ्गताले प्रस्तुतिमा विविधता ल्याएको र अप्रत्यक्ष सूचकमा मूर्त-अमूर्त शब्दका सङ्केत, अभिव्यक्ति शैली र संरचनामा व्याकरणिक क्रमभङ्गताले विविधताका साथै पठनमा रचनात्मक तनावको स्थिति सिर्जना गरेको पाइन्छ ।

(ख) विभिन्न आयाम, तह र रूपहरूको संरचनामा रहेर व्यक्तिहरूले विवाद र द्वन्द्वको परिचालन, व्यवस्थापन र सामना गर्ने सार्वभौम पक्षको प्रतिनिधित्व गर्दा तिनमा विषय र घटनाको पनि प्रतिनिधित्व पाइन्छ । विवाद

र द्वन्द्वका केन्द्रमा 'दल' र यसका वैकल्पिक प्रतिनिधित्वहरू सबैभन्दा बढी चिह्नित रहेका छन् । विवाद र द्वन्द्वको प्रतिनिधित्व गर्ने व्यक्तिहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय कुनै बृहत्तर सैद्धान्तिक संरचना र धारणात्मक सञ्जालमा आबद्ध रहेको देखिन्छ । औपचारिक, अनौपचारिक पार्टी पहिचानका साथै दल, सरकार, नेता, उम्मेदवार, आयोग, सेना जस्ता संस्थागत र पदीय संरचनाका साथै महिला, युवा, बालबालिका, दलित, पर्यवेक्षक, छिमेकी जस्ता सामाजिक समूहका व्यक्ति र व्यक्ति समूहहरूको प्रतिनिधित्व रहेको देखिन्छ । उनीहरूमध्ये धेरैजसोको संलग्नता सामूहिक रूपमा दलीय पहिचानबाट भएको पाइन्छ । यसमा 'दल', 'दलहरू', 'दलहरू र दस्ता', 'एमाओवादी', 'कांग्रेस र एमाले', 'कांग्रेस-एमाले', 'कांग्रेस', 'एमाले', 'नेता', 'नेताहरू', 'उम्मेदवार', 'शीर्ष नेतृत्व' र 'छब्बीस' जस्ता विषयगत, व्यक्तिगत र घटनागत प्रतिनिधित्वहरूको उपस्थिति देखिन्छ । सम्पादकीयमा विवाद र द्वन्द्वको शान्तिपूर्ण र वैचारिक व्यवस्थापन गर्नभन्दा हिंसा र बाहुबलमा आधारित शक्तिको प्रयोग गर्नमा विशेष रुचि रहेको र समयमा सही निर्णय गर्न नसक्दा अन्तर्द्वन्द्वमा फसेको अवस्थाको प्रतिनिधित्व रहेको पाइन्छ ।

(ग) बृहत् सङ्घटना संविधानसभा निर्वाचन-२०७० को विरोधी र पक्षधर दुवै खालका दलहरूमा रहेको दस्ता मोहबाट परम्पराभन्दा भिन्न र अन्तरविरोधी क्षेत्रमासमेत व्यापक र विस्तारित हुने प्रवृत्ति भेटिन्छ । साथै, निर्वाचनका क्रममा मारिएका पूर्वसभासद्लाई असुरक्षाको प्रतीक घटनाको पहिचान दिन, ३३ दलीय गठबन्धनलाई निर्वाचन विरोधीको पहिचान दिन र संविधानसभा निर्वाचन-२०७० पछि प्रधानमन्त्रीको पदीय पहिचान दिन विवाद र द्वन्द्वका प्रतिनिधित्वहरूलाई व्यक्तिका थरबाट भिन्न-भिन्न तरिकाले चिह्नित गरिएको पाइन्छ । शीर्षस्थ प्रतिनिधित्वमा अंशतः अर्थावरोधको अवस्था पनि रहेको देखिन्छ । सम्पादकीयमा लैङ्गिक, उमेरगत र जातीय पहिचानमा कोष्ठीकृत भिन्न र सीमान्तकृतहरूलाई मूल धारमा समेट्ने बौद्धिक प्रयत्न र खबरदारी पनि भेटिन्छ ।

### ७.२.२ प्रतिनिधित्वको निर्भरीकरण

प्रतिनिधित्वहरूको निर्भरीकरण सम्बन्धमा प्राप्त निष्कर्षहरू बुँदागत रूपमा यस प्रकार छन्;

(क) प्रतिनिधित्वहरूको नामिक निर्भरीकरणमा दलीय राजनीति, न्याय, मनोविज्ञान, द्वन्द्व, उमेर शास्त्र तथा शरीर विज्ञानको सांस्कृतिक भिन्नता जस्ता विषयको प्रभाव रहेको पाइन्छ । नामकरणमा नकारात्मक कार्य र प्रवृत्तिको सामाजिक प्रतिनिधित्व पनि पाइन्छ । सम्पादकीयमा कतिपय नामहरू वास्तविक विषय/वस्तु र अवस्थालाई बिगार्ने खालका, नामले झल्काउने विशेषता पूर्वाग्रही तथा विभेदकारी रहेका र सांस्कृतिक मूल्य तथा मान्यताभन्दा भिन्नखालका पनि भेटिन्छन् । परम्परित नामकरणले विषयको अस्पष्टताका साथै अन्य व्यक्तिको परिभाषा र मूल्याङ्कनमा यथार्थता, शुद्धता, सूक्ष्मता र सुस्पष्टताको भ्रम सिर्जना गरेको भेटिन्छ । नामकरणबाट वास्तविक नभएर भ्रमको समेत सामाजिक प्रतिनिधित्व गराइएको हुँदा कतिपय सम्पादकीयको विश्वसनीयतामा प्रश्न उठाउन सकिन्छ ।

(ख) प्रतिनिधित्वहरूको विपरीतार्थक निर्भरीकरणको सवल प्रयोगबाट स्थापित र नव स्थापित प्रतिनिधित्वहरू बिचको सम्बन्धलाई तनावपूर्ण बनाउँदै सम्पादकीयलाई पठनीय बनाइएको पाइन्छ। यसमा एकभन्दा बढी प्रतिनिधित्वहरू सरल ढङ्गले जोडिँदै आएर अन्त्यमा विपरीत ढङ्गले मोडिएको, असमापिका क्रियापद र अधियोजीको संसक्तता रहेको, दुई उपवाक्यका मूल क्रियापदहरू सकारात्मक देखिएको अवस्थामा पनि क्रियायोगीको प्रयोग भएको, एकैखालका प्रतिनिधित्वहरूबिचको सोझो सम्बन्धलाई अर्कोखालको प्रतिनिधित्वले फरक बनाएको, सुरूमै स्थापित एउटा प्रतिनिधित्वमा एकभन्दा बढी नयाँ प्रतिनिधित्वहरूलाई अड्याइएको, सकारात्मक एकवचन क्रियापद र बहुबचन क्रियापद एकै पटक प्रयोग गरिएको, समान धारका धेरै प्रतिनिधित्वहरूपछि अधियोजी राखी एउटा मात्र नयाँ प्रतिनिधित्वलाई जोडिएको, अघिल्लो उपवाक्य र पछिल्लो उपवाक्यमा फरक क्रियाबाट कारणसहित सम्भाव्य परिणामलाई जोडिएको, दुई उपवाक्य बिचमा अधियोजी प्रयोग गरी साध्य र कार्यलाई जोडिएको, एउटा वाक्यपछि निरन्तर अर्को वाक्यको शृङ्खला जोडिएको जस्ता उपायको अवलम्बन गरिएको भेटिन्छ।

(ग) विपरीतार्थक निर्भरीकरणको दुर्वल प्रयोगबाट स्थापित र नव स्थापित प्रतिनिधित्वका बिचमा जटिलता उत्पन्न भई सम्पादकीयलाई कमजोर बनाएको पनि भेटिन्छ। यसमा स्थापित र नव स्थापितमध्ये कुनै एउटा प्रतिनिधित्वमा स्पष्टता र अर्कोमा अस्पष्टता ल्याउनमा अनावश्यक शब्द र पदावलीको असङ्गतिपूर्ण प्रयोग समेत भएको, नयाँ प्रतिनिधित्व र स्थापित प्रतिनिधित्व बिचमा कार्य र कारण शृङ्खलामा तनाव सिर्जना भए पनि सङ्क्षिप्तता र स्पष्टताको अभाव रहेको, अघिल्लो र पछिल्लो उपवाक्यको लम्बाइमा असन्तुलन हुँदा स्थापित प्रतिनिधित्व ओझेलमा परेको, अधियोजीमा देखिने विपरीतार्थक स्पष्टतालाई क्रियात्मक असङ्गतिले छेकेको, वाक्यका तहमा विपरीतार्थक अधियोजीको रिक्तता र क्रियायोगी मात्र रहेको जस्ता कमजोरी रहेको पाइन्छ । विपरीतार्थक निर्भरताका प्रतिनिधित्वहरू नामिक दृष्टिले असंसक्त र विषयका दृष्टिले कमजोर हुन पुगेको पनि पाइन्छ। विपरीतार्थक निर्भरीकरणले प्रतिनिधित्वको पहिचान र आपसी सम्बन्धलाई प्रकट गर्दा उत्पन्न अर्थावरोधले सम्पादकीय सङ्कथनलाई थप जटिल बनाएको पनि देखिन्छ।

(घ) रूपकीय र संवेगात्मक निर्भरीकरण अभिन्न रूपमा सफल र सशक्त रहेका सम्पादकीयमा सङ्कथन सवल देखिन्छ । नाम, विशेषण, क्रिया आदिको एकल र संयोजित शब्द र पदावलीको रूपकीय प्रयोगबाट सम्पादकीयमा अवसाद, दुःख र निराशाको संवेगलाई बढी निर्भरता दिइएको पाइन्छ। संस्कृति, राजनीति, भूगोल, अर्थ, स्वास्थ्य, मनोविज्ञान र शरीर विज्ञान विषयका शब्दहरूको रूपकीय प्रयोगबाट निर्वाचनमा असहजता, भय, त्रास, धम्की, आशा, निराशा, आतङ्क, असुरक्षा, सुरक्षा, सहानुभूति, उमङ्ग, आशंका, आत्मविश्वास, दृढता, सफलता, पीडा मिश्रित आशा, दुःख, रोग, चिन्ता, निरीहता, आशामुखी पात्रता, जालझेल, अविवेक, अपराध, ढिलासुस्ती, विसङ्गति, लैङ्गिकता, हीनताबोधजन्य क्रियाकलापबाट उत्पन्न पश्चातापको संवेगले निर्भरता पाएको भेटिन्छ।

(ङ) रूपकीय निर्भरीकरणमा संसक्ति सवल र तुल्यता रोचक देखिए पनि संयुक्ति फितलो भएका सम्पादकीयको सङ्कथनीय शक्ति कमजोर रहेको पाइन्छ । यस्ता सम्पादकीयमा बहुप्रचलित रूपकहरूमा नयाँ सामाजिक प्रतिनिधित्वको यथार्थता र नवीनता निर्भर हुन नसकेको, रूपकसहित अनावश्यक शब्दहरू पनि प्रयोग गरिएको पाइन्छ । रूपकीय निर्भरीकरणको कमजोरीले सम्पादकीयमा संवेगको शक्तिलाई क्षीण बनाएर त्यसको तीव्रतामा पनि आघात पुऱ्याएको भेटिन्छ । सम्पादकीय लेखकको भाषिक दक्षता, विश्वज्ञान र वास्तविक संसारप्रतिको सन्तुलित दृष्टि र सुझबुझमा हुनुपर्ने कमीका कारण उत्पन्न अर्थावरोधले संवेगको मूर्ततालाई कमजोर बनाएर सम्पादकीय सङ्कथनलाई नै प्रभावहीन र अविश्वसनीय बनाएको पनि देखिन्छ ।

### ७.२.३ प्रतिनिधित्वको मूर्तीकरण

प्रतिनिधित्वहरूको मूर्तीकरण सम्बन्धमा प्राप्त निष्कर्षहरू बुँदागत रूपमा यस प्रकार छन्;

(क) प्रतिनिधित्वहरूको संवेगात्मक मूर्तीकरण भएका सम्पादकीयमा नेपालको अन्तरिम संविधान-२०६३ मा उल्लिखित 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक' युगतिरको राजनीतिक रूपान्तरण र सङ्क्रमण कालमा भएको एउटा संविधानसभाको निष्फल अवसानपछि पुनः अर्को संविधानसभाको निर्वाचन-२०७० को अवसरमा देखिएका घटना र विषय/वस्तुमा संलग्न व्यक्तिका सम्बन्धमा उठाइएका बहसका सिलसिलामा रोजिएका सामाजिक प्रतिनिधित्वहरू रहेको पाइन्छ । विशेषगरी पहिलो संविधानसभाको असफलतापछि मुलुकमा व्याप्त निराशा, बोझ, पश्चाताप, घृणा, अविश्वास, वितृष्णा, उपेक्षा, कठोरता, कुण्ठा, गल्ती, त्रास, भय, शोक, चिन्ता, अशान्ति, असन्तोष, पीडा, दया, करुणा आदि संवेगको मूर्तीकरण भएको देखिन्छ ।

(ख) प्रतिनिधित्वहरूको वैयक्तिक मूर्तीकरण भएका सम्पादकीयमा संविधानसभा निर्वाचन-२०७० का खास घटना र विषय/वस्तुलाई प्रमाणिकता, विशिष्टता, आधिकारिकता र प्रसिद्धि प्रदान गरिएको पाइन्छ । यसमा व्यक्तिको प्रत्यक्ष, परोक्ष, एकल र समूहका साथै पदीय पहिचानको सङ्केत भेटिन्छ । व्यक्तित्वसँग मुख्यतः निर्वाचन आचारसंहिता, निर्वाचन वहिष्कार, असन्तुष्टि, सर्वदलीय छलफल, गोलमेच सभा, घोषणापत्र तयारीमा ढिलाइ, आर्थिक स्रोत र चुनावी खर्चको पारदर्शिता, निर्वाचन तयारी र सम्पन्न गर्ने प्रतिबद्धता, पर्यवेक्षण कार्य, निष्पक्षता र धाँधलीको दावी विवाद, राजनीतिक संस्कार, अराजनीतिक सरकार, हिंसा आतङ्कसहित मनोवैज्ञानिक त्रास, युद्धको धङधडी, राजनीतिक अराजकता र वितण्डावाद, प्रस्तावित प्रधानमन्त्रीको कार्यशैली, प्रधानमन्त्रीको कार्यशैलीमा अलमल र ढिलासुस्तीको निरन्तरता, गैरदलीय सरकारको सफलता, सभाध्यक्षले अघिल्लो संविधानसभामा देखाएका कमी कमजोरी, निर्वाचनपछि जनतामा थपिएको निराशा, नयाँ प्रधानमन्त्रीको निर्णयहीनता र निरीहता प्रदर्शन जस्ता घटना र विषय/वस्तुको संयुक्ति देखिन्छ । यसमा शीर्ष नेतृत्व, विभिन्न तहका राजनीतिकर्मी, शासक-प्रशासक र पत्रकार स्वयंले विगतमा गरेका गलत कार्यहरूको प्रतिनिधित्व पाइन्छ । सम्पादकीयमा संस्कृति, मनोविज्ञान आदि विषयसँग

सम्बन्धित प्रतिनिधित्वका अर्थमा जाति, लिङ्ग, वर्ग र क्षेत्रगत समसामयिक विचारधारा र मूल्यहरूको पनि प्रभाव भेट्न सकिन्छ ।

(ग) सम्पादकीयमा व्यक्ति, प्रवृत्ति र व्यक्ति समूहबिचको तनाव र द्वन्द्वको मूर्तीकरणमा खराबको विपरीततामा असल, सकारात्मकको विपरीततामा नकारात्मक, निर्दयताको विपरीततामा कारुणिकताका साथै विभिन्न खालका विकृति र विसङ्गति जनाउने प्रतिनिधित्वको छवि नाम र/वा विशेषणबाट प्रकट भएको भेटिन्छ । विशेषणयुक्त नाममा पूर्वाग्रह देखिन्छ भने कसैको छवि तटस्थ र पीडित पक्षमा, एउटै व्यक्तिको छवि कतै सकारात्मक र कतै नकारात्मक रहेको भेटिन्छ। मुख्यतः नकारात्मक छविमा निर्वाचन विरोधी र सकारात्मक छविमा निर्वाचन पक्षधरले मूर्तता पाएको पाइन्छ। सर्वाधिक सकारात्मक छविको केन्द्रमा खिलराज रेग्मी र उनको नेतृत्वको मन्त्रिपरिषद्सँग सम्बन्धित प्रशासनिक कार्य रहेको देखिन्छ। रेग्मीको छवि निर्वाचन सम्पन्न गर्ने कार्यमा सर्वोच्च कार्यकारिणी, आधिकारिक, दृढ निश्चयी, शालीन, सफल र जिम्मेवार देखिन्छ। सर्वाधिक नकारात्मक छविको केन्द्रमा मोहन वैद्य किरण र उनले नेतृत्व गरेको निर्वाचन विरोधी पक्षधरतासँग जोडिएका घटना र विषय/वस्तु पर्न आउँछन्। यसमा हिंसा, आतङ्क, क्रूरता, निर्दयता, अस्थिरता, अविश्वसनीयता जस्ता प्रवृत्ति समेटिएको पाइन्छ ।

(घ) संवेगात्मक र वैयक्तिक मूर्तीकरण गर्दा सम्पादकीयमा भाषिक कमजोरी, वैचारिक अस्पष्टता र मनोगत वाक्यले स्थान पाएको पनि भेटिन्छ । मनोगत वाक्यले भ्रमको प्रतिनिधित्व गर्ने भएकाले सम्पादकीयको साख र विश्वसनीयतामा आघात पुऱ्याएको देखिन्छ। सम्पादकीयमा सामाजिक प्रतिनिधित्वको वास्तविक मूर्तीकरण हुनुपर्छ भन्ने आधारभूत मान्यताको भञ्जन भएको समेत पाइन्छ । मान्यताको भञ्जनबाट उत्पन्न नयाँ प्रयोगलाई सम्पादकीयमा स्थापित गर्न सकिने सांस्कृतिक मूल्यमान्यता र विधागत मापदण्डका आधार भने देखिँदैन ।

### ७.२.४ प्रतिनिधित्वमा शक्तिसम्बन्धको प्रभाव

प्रतिनिधित्वहरूमा शक्तिसम्बन्धको प्रभाव सम्बन्धमा निष्कर्षहरू यस प्रकार छन्;

(क) शक्तिसम्बन्धका कोणबाट हेर्दा संविधानसभा निर्वाचन-२०७० को बृहत् सङ्घटनासँग सम्बन्धित सम्पादकीयमा प्रकट प्रतिनिधित्वहरूमा संस्थागत बौद्धिक प्रभुत्व र संस्थागत स्वामित्वको प्रभुत्वले प्रभाव पारेको देखिन्छ। संस्थागत बौद्धिक प्रभुत्व धनात्मक रहेका सम्पादकीयमा उल्लिखित शक्तिहरू र तीसँग सम्बद्ध घटना र विषय/वस्तुहरूमा शक्तिका स्रोतको पहिचान, शक्ति सङ्घर्षमा तिनको स्थान निर्धारण, खासगरी केन्द्र र परिधिमा रहेका शक्तिहरूबिचको सङ्घर्षको प्रस्तुतिमा अर्थावरोधहीनता, विश्लेषणमा ज्ञानात्मक पहुँच, स्पष्टता, वस्तुनिष्ठता, तार्किकता, विधागत प्रस्तुति सीप जस्ता गुणहरूको बाहुल्य रहेको पाइन्छ । विशेष गरी नामिक स्पष्टता, भाषिक सरलता, सूचना र विचारको सम्प्रेषणमा सन्तुलन, मध्यस्थता

तथा समन्वयकारी भूमिका, सङ्क्षिप्तता, अर्थावरोधहीन कला तथा आलङ्कारिकताको प्रयोग भएबाट सम्पादकीयमा सम्बोधक पक्षको बौद्धिक प्रभुत्व बलियो रहेको देखिन्छ ।

(ख) संस्थागत बौद्धिक प्रभुत्व ऋणात्मक रहेका सम्पादकीयमा उल्लिखित शक्तिहरू र तीसँग सम्बद्ध घटना र विषय/वस्तुहरूमा शक्तिका स्रोतको पहिचान, शक्ति सङ्घर्षमा तिनको स्थान निर्धारण, केन्द्र र परिधिमा रहेका शक्तिहरूबिचको सङ्घर्षको प्रस्तुतिमा अर्थावरोध बढी भेटिन्छ । विश्लेषणमा समन्वय, मध्यस्थता तथा सन्तुलनको बदला पूर्वाग्रह, पक्षधरताका साथै लामा र पर्यायवाची नाम र विशेषणहरूको अत्यधिक प्रयोग, ज्ञानात्मक पहुँच भए पनि स्पष्टता, वस्तुनिष्ठता, तार्किकता, विधागत प्रस्तुतिको सीप, भाषिक दक्षताजस्ता गुणहरूको कमी रहेको देखिन्छ । यसका अतिरिक्त नामिक अस्पष्टता, पूर्वाग्रह देखिने विशेषणयुक्त नामको प्रयोग, भाषिक जटिलता, सूचना र विचारको संयोजित सम्प्रेषणमा असन्तुलन, पक्षधरता, लामा वाक्यहरूको बाहुल्यमा बनेका लामा अनुच्छेद, अर्थावरोधी कला र आलङ्कारिकताको प्रयोग भएबाट सम्बोधक पक्षको बौद्धिक प्रभुत्व कमजोर रहेको देखिन्छ ।

(ग) संस्थागत स्वामित्वको प्रभुत्व रहेका सम्पादकीयमा उल्लिखित शक्तिका मानसिक प्रतिनिधित्वहरू, तिनका नियत, योजना, ज्ञान, विश्वास र विचार अनि तीसँग सम्बद्ध घटना र विषय/वस्तुहरूको संयोजनबाट ज्ञानको पुनरुत्पादन गर्दा शक्तिका स्रोतका रूपमा स्वामित्वको पहिचान, विभिन्न समूहहरूसितको शक्ति सङ्घर्षमा स्वामित्वका कामको बयान र बचावट, प्रस्तुतिमा पक्षधरता र अर्थावरोधको बाहुल्य, सूचना र विचारको संयोजनमा देखिने लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सङ्गठनमा शिथिल र सशक्त दुवै खालको प्रभाव रहेको देखिन्छ । सङ्ख्यात्मक हिसाबले सरकारी स्वामित्वको प्रभुत्वले सम्पादकीयमा बढी प्राथमिकता पाए पनि तिनमा सम्बोधक पक्षमा हुनुपर्ने विधागत सीप, शैलीगत सशक्तता र प्रभावकारितामा व्यवस्थापकीय पक्षले सकारात्मक हस्तक्षेप गर्न नसकेको बुझिन्छ । गैरसरकारी स्वामित्वको प्रभुत्वले भने सरकारी होस् या निजी सन्दर्भमा, सम्बोधक पक्षको लेखकीय चेतना, ज्ञान र विश्व-ज्ञानको सुसङ्गठनसहित भाषिक दक्षता, विधागत सीप, शैली र सशक्तीकरणलाई पनि ध्यान दिएको पाइन्छ ।

**अन्त्यमा** प्रस्तुत शोधकार्य प्रारम्भ गर्ने बेला सम्पादकीय सङ्कथनमा सामाजिक प्रतिनिधित्वसँग सम्बन्धित चार वटा प्राक्कल्पना गरिएको थियो । प्राक्कल्पनामा सम्पादकीयमा समेटिएका कतिपय सामाजिक प्रतिनिधित्वहरूको भाषिक निर्भरीकरण र मूर्तीकरण सही ढङ्गले नभएमा भ्रमको प्रतिनिधित्व हुन्छ, शक्तिसम्बन्धबाट प्रभावित भएर मात्रै सम्पादकीय लेखियो भने सो विधाको सङ्कथनीय साख जोगाउन मुस्किल पर्छ, सम्पादकीयमा शक्तिसम्बन्धको अनुचित प्रभाव पर्‍यो भने बौद्धिक प्रभुत्वको सामूहिक संचार शक्ति क्षीण भएर जान्छ र यी कुरालाई सामाजिक प्रतिनिधित्व सिद्धान्तका भाषिक उपकरण र सांस्कृतिक मान्यताका कोणबाट पहिचान गर्न सकिन्छ भन्ने लागेको थियो । सो प्राक्कल्पना प्रस्तुत शोधप्रबन्धको मूल अध्ययनको निष्कर्षबाट सत्य सावित हुन आएको स्पष्ट देखिन्छ ।

## ७.३ शोधको मूल प्राप्ति

शोधप्रश्नहरूको समग्र एवं वस्तुनिष्ठ समाधान नै यसका मूल प्राप्ति हुन् । यसलाई यस प्रकार प्रस्तुत गरिएको छ;

(क) बृहत् सङ्घटनात्मक प्रतिनिधित्वमा परिचित र स्थापित 'संविधानसभा निर्वाचन-२०७०' लाई सम्पादकीयको शीर्षस्थ संरचनामा प्रत्यक्ष र अप्रत्यक्ष सूचकहरूको माध्यमबाट रचनात्मक तनावको स्थितिसमेत उत्पन्न हुने गरी सङ्केतित र सन्दर्भित गरिएको, मूल कथ्यको विकासमा उतारचढावसमेत रहेको, विवाद र द्वन्द्वका केन्द्रीय प्रतिनिधित्वमा व्यक्तिको भूमिका अग्रणी र गतिशील रहेको पाइन्छ ।

(ख) प्रतिनिधित्वहरूको निर्भरीकरणमा कतिपय सफल र फरक प्रयोगका साथै केही कमी कमजोरीहरू पनि रहेको पाइन्छ । नामिक र विषयगत निर्भरीकरणमा नामहरू पूर्वाग्रही, विभेदकारी, सांस्कृतिक मूल्य मान्यताभन्दा भिन्न, नयाँ आयामको कमी, रूढ र परम्परित नामको बाहुल्य, अन्य व्यक्तिको परिभाषा र मूल्याङ्कनमा यथार्थता, शुद्धता, सूक्ष्मता र सुस्पष्टताजन्य भ्रमका साथै विषयको अस्पष्टता रहेको पाइन्छ । कतिपय प्रतिनिधित्वहरू सीमान्त, अधिनस्थ, आश्रित, गौण वा अप्रधान स्तर र स्थानमा रहेको भेटिन्छ । विपरीतार्थक निर्भरीकरणमा स्थापित र नवस्थापित प्रतिनिधित्वहरूको सम्बन्धलाई तनावपूर्ण बनाउँदै सम्पादकीयलाई पठनीय बनाइए पनि अर्थावरोधका कारण सम्पादकीय सङ्कथन जटिल बनेको पाइन्छ । रूपकीय र संवेगात्मक निर्भरीकरणमा प्रायः विसङ्गतिको प्रतिनिधित्व रहेको देखिन्छ । रूपक र संवेगको निर्भरीकरणमा अस्पष्टता, अनावश्यक शब्दको संसक्तिका साथै संयुक्तिका तहमा सवलताको अभावजन्य अर्थावरोधले सम्पादकीयका कतिपय सङ्कथनलाई प्रभावहीन, भ्रमपूर्ण वा अविश्वसनीय बनाएको पाइन्छ ।

(ग) प्रतिनिधित्वहरूको संवेगात्मक र वैयक्तिक मूर्तीकरणमा संविधानसभा निर्वाचन-२०७० सँग सन्दर्भित शीर्ष नेतृत्व, विभिन्न तहका राजनीतिकर्मी, शासक-प्रशासक र पत्रकारको छवि तथा तिनले विगतमा गरेका गलत कार्यहरू प्रकट भएको पाइन्छ । सम्पादकीयमा सफल र फरक प्रयोगका साथै विशेषणयुक्त नामबाट देखिने पूर्वाग्रह, भाषिक कमजोरी, वैचारिक अस्पष्टता र मनोगत वाक्यले वास्तविक नभई भ्रमको प्रतिनिधित्वलाई समेत मूर्तीकृत गरेको पाइन्छ ।

(घ) प्रतिनिधित्वहरूमा शक्तिसम्बन्धको प्रभावमा सरकारी स्वामित्वमा रहेको अखबारका सम्पादकीयमा संस्थागत स्वामित्वको प्रभुत्वले बढी स्थान र प्राथमिकता पाए पनि गुणात्मक पक्षमा सरकारी स्वामित्वको संस्थागत बौद्धिक प्रभुत्व कमजोर देखिन्छ भने गैरसरकारी स्वामित्वको संस्थामा रहेको सम्बोधक पक्ष संस्थागत बौद्धिक प्रभुत्वमा सशक्त रहेको पाइन्छ ।

## ७.४ भावी शोधकर्ताका लागि सुझाव

सम्पादकीय सङ्कथनको प्रतिनिधित्व सन्दर्भमा भाषिक अध्ययन गर्न सकिने अनन्त सम्भावना रहेका छन् । विविध कोणबाट गर्न सकिने थप अध्ययनले सम्पादकीयमा रहेका सामाजिक प्रतिनिधित्वहरूलाई सामाजिक

सांस्कृतिक सन्दर्भमा गहनता र व्यापकतासाथ बुभ्न सघाउने निश्चित छ। सम्पादकीय सङ्कथनमा निर्भरता र मूर्तता पाएका सामाजिक प्रतिनिधित्वका विशिष्ट सन्दर्भहरूमध्ये कुनै एक वा दुई विषयलाई लिएर विश्लेषण गर्नु व्यावहारिक र उपयुक्त हुने देखिन्छ। प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि गरिएको अध्ययन र अनुभवबाट प्राप्त ज्ञानका आधारमा भावी शोधकर्ताका लागि उपयोगी हुने केही शीर्षकलाई सुभ्नावका रूपमा यस प्रकार प्रस्तुत गरिएको छ;

(क) सम्पादकीय सङ्कथनको मूल कथ्य र बौद्धिक प्रभुत्व

(ख) सम्पादकीय सङ्कथनमा नामिक निर्भरीकरण र वैयक्तिक मूर्तीकरण

(ग) सम्पादकीय सङ्कथनमा संवेगको निर्भरीकरण र मूर्तीकरण

(घ) सम्पादकीय सङ्कथनमा यथार्थ र भ्रमको प्रतिनिधित्व

(ङ) सम्पादकीय सङ्कथनमा लेखकीय चेतना र विधागत सीप

# परिशिष्टहरू

परिशिष्ट १ क : कान्तिपुर

| सम्पादकीय शीर्षक र प्रतिनिधित्व सन्दर्भ | | |
|---|---|---|
| **महिना र गते** | **सम्पादकीय शीर्षक** | **सामाजिक प्रतिनिधित्व** |
| बैशाख १ | महासमितिको अर्थपूर्ण सन्देश | नेकां महासमिति |
| बैशाख २ | साझा उत्साह | साझा बस पुनःसञ्चालन |
| बैशाख ३ | चुनाव सुनिश्चित गर | संविधानसभा निर्वाचन |
| बैशाख ४ | डढेलो आतंक | आगलागी |
| बैशाख ५ | असन्तुष्टलाई समेट | निर्वाचन |
| बैशाख ६ | लाइसेन्स दिनेलाई पनि कारवाही | चालक अनुमतिपत्र बेथिति |
| बैशाख ७ | शनिवार | |
| बैशाख ८ | दाहालको उत्तरायण | प्रचण्डको चीन भ्रमण |
| बैशाख ९ | एम्बुलेन्सको दुरुपयोग | एम्बुलेन्स दुरुपयोग |
| बैशाख १० | लाइसेन्स वितरणमा अनियमितता | चालक अनुमतिपत्रमा अनियमितता |
| बैशाख ११ | लोकतन्त्रका सात वर्ष | लोकतन्त्र दिवस |
| बैशाख १२ | अनुगमन नरोक | बजार अनुगमन |
| बैशाख १३ | त्रिदेशीय साझेदारी सर्त | नेपाल-भारत-चीन साझेदारी |
| बैशाख १४ | शनिवार | |
| बैशाख १५ | नागरिकता वितरणमा सजगता | नागरिकता वितरण |
| बैशाख १६ | बढुवा द्वन्द्व | निजामती सहसचिव बढुवा द्वन्द्व |
| बैशाख १७ | राष्ट्रपति, रेग्मी र दलहरूको दायित्व | लोकमानसिंह कार्की विवाद |
| बैशाख १८ | पाठ्यपुस्तकको चरम अभाव | पाठ्यपुस्तक अभाव |
| बैशाख १९ | दिल्ली सन्देश | दिल्ली सन्देश |
| बैशाख २० | प्रेस स्वतन्त्रतामा अशुभ संकेत | प्रेस स्वतन्त्रतामा शङ्का |
| बैशाख २१ | शनिवार | |
| बैशाख २२ | परिवर्तन प्रतिगमन | लोकमानसिंह कार्की विवाद |
| बैशाख २३ | हतियार फिर्ता गर | माओवादीका हतियार |
| बैशाख २४ | क्रिकेटमा फड्को | क्रिकेटमा विजय |
| बैशाख २५ | संवैधानिक हकको अपहरण | लोकमानसिंह कार्की विवाद |
| बैशाख २६ | जनआन्दोलनको अपमान | लोकमानसिंह कार्की विवाद |
| बैशाख २७ | पीडकलाई कडा कारवाही | यौन हिंसाका पीडक |
| बैशाख २८ | शनिवार | |
| बैशाख २९ | प्रधानन्यायाधीशबाट रेग्मीको बिदाइ | मपअध्यक्ष रेग्मी र बार-बेन्च |
| बैशाख ३० | कूटनीतिक मापदण्डका कुरा | कूटनीतिक मापदण्ड |
| बैशाख ३१ | औषधिमा अनुगमन | औषधि अनुगमन |
| | | |
| जेठ १ | नागरिकता वितरणमा सतर्क होऊ | नागरिकता वितरण |
| जेठ २ | छरितो संविधानसभाको खाँचो | संविधानसभा निर्वाचन |
| जेठ ३ | मदनको सान्दर्भिकता | मदन भण्डारी |
| जेठ ४ | शनिवार | |
| जेठ ५ | चुनावी प्रक्रियामा जाऊ | संविधानसभा निर्वाचन |
| जेठ ६ | स्ववियु चुनावको निष्पक्षतामा प्रश्न | स्ववियु निर्वाचन |
| जेठ ७ | संरक्षकलाई पनि कारवाही गर | डनका संरक्षक र सम्पत्ति शुद्धीकरण |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| जेठ ८ | कांग्रेसको आन्तरिक असन्तुष्टि | नेका अन्तरकलह |
| जेठ ९ | चुनावी तिथिको घोषणा | निर्वाचन मिति घोषणा |
| जेठ १० | हत्यारा पत्ता लगाऊ | हक हत्याको छानबीन |
| जेठ ११ | शनिवार | |
| जेठ १२ | रेग्मीको राजीनामा | शक्ति पृथकीकरण |
| जेठ १३ | विद्यार्थीको चन्दा आतंक | स्ववियु निर्वाचन |
| जेठ १४ | नआओस् त्यस्तो कालो दिन | पहिलो संविधानसभा विघटन स्मृति |
| जेठ १५ | माओवादी अतिवाद | माओवादीको आक्रमण |
| जेठ १६ | त्रिशुलीको क्षमता विस्तार नगर | त्रिशूली ऊर्जा विवाद |
| जेठ १७ | दुर्घटना न्यूनीकरणका उपाय | सवारी दुर्घटना |
| जेठ १८ | शनिवार | |
| जेठ १९ | अपहरण हेर्न छुट्टै संयन्त्र | अपहरण हेर्ने संयन्त्र |
| जेठ २० | कम्लरीको माग सुनियोस् | कम्लरीका माग |
| जेठ २१ | ग्यास सिलिण्डरको जोखिम | उपभोक्ता ग्यास सिलियडर जोखिममा |
| जेठ २२ | छुवाछुतविरुद्ध सामाजिक उत्प्रेरणा | छुवाछुतविरुद्ध उत्प्रेरणा |
| जेठ २३ | कन्तबिजोग विकास खर्च | विकास खर्च विजोग |
| जेठ २४ | न्यायपरिषद्को अलमल | अलमलमा न्यायपरिषद् |
| जेठ २५ | शनिवार | |
| जेठ २६ | सिद्धान्तहीन अभ्यास | संविधानसभा निर्वाचन |
| जेठ २७ | त्रिशूली-३'ए' भ्रष्टाचारको नमुना | त्रिशूली-भ्रष्टाचार |
| जेठ २८ | दलितमाथि आक्रमण गर्नेलाई कारबाही | दलित-आक्रमण र कारवाही |
| जेठ २९ | जीर्ण पुलको जोखिम | जीर्ण पुलको जोखिम |
| जेठ ३० | एसएलसी : असफलताका कारक | प्रवेशिकाको असफलता |
| जेठ ३१ | अब काम अगाडि बढाऊ | त्रिशूलीको क्षमता विस्तार |
| | | |
| असार १ | शनिवार | |
| असार २ | चुनावी चुनौती | संविधानसभा निर्वाचन |
| असार ३ | नेतृत्वमा नयाँ पुस्ता | एमाओवादीमा नयाँ प्रस्ताव |
| असार ४ | बाढीको विनाश | बाढीबाट विनाश |
| असार ५ | उपभोक्ताविरुद्धको अपराध | उपभोक्तामाथि अपराध |
| असार ६ | चुनावी सुरक्षा | निर्वाचनमा सुरक्षा |
| असार ७ | गुप्तचरी पुनसंरचना | गुप्तचरी पुनसंरचना |
| असार ८ | शनिवार | - |
| असार ९ | अनुदार नीति सच्याऊ | अनुदार शिक्षा नीति संशोधनीय |
| असार १० | ग्रेड घटुवा कार्यान्वयनमा शंका | शिक्षामा ग्रेड घटुवा |
| असार ११ | सरकारका सय दिन | चुनावी सरकार |
| असार १२ | खेलाडीको अवमूल्यन | खेलाडीको अवमूल्यन |
| असार १३ | उत्तरतर्फ साझेदारी | संविधानसभा निर्वाचनमा चीन |
| असार १४ | सत्ताको दुरुपयोग | भ्रष्टाचारमा सत्ता |
| असार १५ | शनिवार | - |
| असार १६ | आन्तरिक निर्वाचनको खाँचो | दलमा आन्तरिक निर्वाचन अभाव |
| असार १७ | अमानवीय आन्दोलन | आपूर्ति बन्द आन्दोलन |
| असार १८ | कार्यान्वयन चुनौतीपूर्ण | कृषि रणनीति |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| असार १९ | वैद्यहरू समेट्ने जिम्मा | संविधानसभा निर्वाचन |
| असार २० | भट्टराईको अग्निपरीक्षा | पदमुक्ति ईच्छा |
| असार २१ | शैक्षिक विकृति | शैक्षिक विकृति |
| असार २२ | शनिवार | |
| असार २३ | इजिप्टको प्रतिगमन | इजिप्टमा सत्ता विप्लव |
| असार २४ | दूषित राजनीति | राजनीतिमा विकृति |
| असार २५ | वार्ताको मिलनबिन्दु | राजनीतिमा वार्ता |
| असार २६ | अक्षम्य अपराध | व्यापारीको आक्रोश |
| असार २७ | कूटनीतिक लज्जा | कूटनीतिमा मायाकुमारी |
| असार २८ | अधुरो आचारसंहिता | निर्वाचन आचारसंहितामा अपूर्णता |
| असार २९ | शनिवार | |
| असार ३० | एमाओवादीको अन्योल | एमाओवादी पार्टी विवाद |
| असार ३१ | तडकभडक निरुत्साहित गरौं | वैवाहिक कार्यक्रम |
| | | |
| साउन १ | बजेट कार्यान्वयनका चुनौती | बजेट कार्यान्वयन |
| साउन २ | चुनावबाट विषयान्तर नहोऊ | संविधानसभा निर्वाचन |
| साउन ३ | प्रशोधित पानीको बेथिति | खानेपानी बेथिति |
| साउन ४ | नयाँ ट्याक्सी आउन देऊ | नयाँ ट्याक्सी प्रवेश विवाद |
| साउन ५ | शनिवार | |
| साउन ६ | विषयान्तर हुने जोखिम | संविधानसभा निर्वाचन |
| साउन ७ | रेमिट्यान्सको सदुपयोग | विप्रेषण |
| साउन ८ | 'क्रान्तिकारी' विभ्रम | राजनीतिमा क्रान्ति र भ्रम |
| साउन ९ | आचारसंहिता अनुगमनका चुनौती | निर्वाचन आचारसंहिता अनुगमन |
| साउन १० | बेलबारी बर्बरताको सन्देश | बर्बरतापूर्ण लैङ्गिक हिंसा |
| साउन ११ | राष्ट्रिय प्रतिष्ठा | शक्ति समूह पुरस्कृत |
| साउन १२ | शनिवार | |
| साउन १३ | महिला हिंसामा एनजीओको भूमिका | लैङ्गिक हिंसा रोक्न गैसस |
| साउन १४ | निर्वाचनमै एकोहोरिऔं | संविधानसभा निर्वाचन |
| साउन १५ | राजनीतिक दलको चुनावी खर्च | निर्वाचनमा दलको खर्च |
| साउन १६ | दलहरूको दस्ता मोह | निर्वाचनमा दलीय दस्ता विवाद |
| साउन १७ | उग्रता छाडेर चुनावमा आऊ | निर्वाचनमा संयमित सहभागिता |
| साउन १८ | बर्डफ्लुको दोहोरो मार | बर्डफ्लुको मार |
| साउन १९ | शनिवार | |
| साउन २० | जनस्वास्थ्यमा खेलबाड | जनस्वास्थ्यमा खेलबाड |
| साउन २१ | आत्महत्याको डरलाग्दो रूप | आत्महत्याको डरलाग्दो रूप |
| साउन २२ | आममाफीको अवसर | वैदेशिक रोजगारीमा महिला |
| साउन २३ | भारतसँगको राजनीतिक सम्बन्ध | नेपाल र भारतको राजनीतिक सम्बन्ध |
| साउन २४ | चुनावी दृढताको खाँचो | संविधानसभा निर्वाचन |
| साउन २५ | नागरिक सचेतता आवश्यक | अख्तियार दुरुपयोगविरुद्ध सचेतना |
| साउन २६ | शनिवार | |
| साउन २७ | कृषिजन्य आयात घटाउने उपाय | कृषिजन्य आयात |
| साउन २८ | भर्ना छनोटका दोषीलाई कारबाही | सशस्त्र प्रहरी भर्नाका दोषी |
| साउन २९ | लापरबाहीको नमुना | त्रिभुवन विमानस्थलमा विकृति |
| साउन ३० | विपद व्यवस्थापनको मद्दा | विपद् व्यवस्थापन |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| साउन ३१ | संकटमा विद्युत् आयोजना | विद्युत् आयोजना |
| साउन ३२ | स्वाभिमानी नेताको अवसान | नेताको अवसान |
| | | |
| भदौ १ | शनिवार | |
| भदौ २ | विमानस्थलको समग्र सुधार | त्रिभुवन विमानस्थल सुधार |
| भदौ ३ | दोषी नउम्किऊन् | बोक्सीको आरोपमा हत्या |
| भदौ ४ | नेकपा-माओवादीप्रतिको अपेक्षा | संविधानसभा निर्वाचन |
| भदौ ५ | सेवा अवधि थप्ने नियत | प्रहरी सेवा अवधि |
| भदौ ६ | चुनावले मागेको माहोल | संविधानसभा निर्वाचन |
| भदौ ७ | महँगीको मारमा चुलो | महँगीको मार |
| भदौ ८ | शनिवार | |
| भदौ ९ | डलरले बढाएका चुनौती | बजार अर्थ |
| भदौ १० | निर्वाचन प्रक्रियासँगै वार्ता | निर्वाचन प्रक्रिया र वार्ता |
| भदौ ११ | समायोजनको अन्तिम चरण | सेना समायोजन |
| भदौ १२ | अधिकारी दम्पतीको जीवनरक्षा गर | सङ्क्रमणकालीन न्याय |
| भदौ १३ | निर्वाचनमा सुरक्षा सुनिश्चितता | निर्वाचनमा सुरक्षा |
| भदौ १४ | चन्दामा पारदर्शिता | निर्वाचनमा चन्दा |
| भदौ १५ | शनिवार | |
| भदौ १६ | सरकारको रहस्यमय मौनता | आतङ्कवाद र सरकार |
| भदौ १७ | अझै मेहनत गर्नुपर्छ | साफ च्याम्पियनसिप |
| भदौ १८ | औचित्यहीन भ्रमण | राष्ट्रसंघमा सहभागिता |
| भदौ १९ | ऊर्जामा न्यून लगानी | ऊर्जामा कम लगानी |
| भदौ २० | चुनावी तीव्रताका लागि तयारी | निर्वाचन तीव्रताको तयारी |
| भदौ २१ | कुखुरा व्यवसायीलाई राहत | कुखुरापालनमा राहत |
| भदौ २२ | शनिवार | |
| भदौ २३ | अधिकारी प्रकरणको पाठ | बन्दको प्रतिकार |
| भदौ २४ | कार्यादेश बाहिरको कदम | शम्भु थापाको ल फर्ममा छापा |
| भदौ २५ | एक नेता, एक क्षेत्र | संविधानसभा निर्वाचन |
| भदौ २६ | सर्पदंश भ्याक्सिनको अभाव | सर्पदंश भ्याक्सिन अभाव |
| भदौ २७ | रेग्मीको अवाञ्छित मोह | राष्ट्रसंघ महासभामा सहभागिता |
| भदौ २८ | शीलतनिवासमा हुनुपर्ने छलफल | संविधानसभा निर्वाचन |
| भदौ २९ | शनिवार | |
| भदौ ३० | सहमतिका सम्भावना र चुनौती | संविधानसभा निर्वाचन |
| भदौ ३१ | बन्दका नाममा अतिवाद | यात्रुसहित बसमा आगजनी |
| भदौ ३२ | - | - |
| | | |
| असोज १ | हतियारका जोखिम | शस्त्रको खतरा |
| असोज २ | चुकेको अवसर | संविधानसभा निर्वाचन |
| असोज ३ | उम्मेदवार छनोटमा पारदर्शिता | उम्मेदवार छनोट |
| असोज ४ | मिचाहा प्रवृत्ति | भारतको व्यवहार |
| असोज ५ | शनिवार | |
| असोज ६ | कूटनीतिक लज्जा | मायाकुमारी |
| असोज ७ | दलमा आन्तरिक किचलो | संविधानसभा निर्वाचन |
| असोज ८ | उम्मेदवार छनोटमा युवा प्राथमिकता | युवा उम्मेदवार छनोट |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| असोज ९ | निगमको नियत | पेट्रोलियम मूल्य र अभाव |
| असोज १० | सापुबारे जनचेतना आवश्यक | सापु स्वास्थ्य चेतना |
| असोज ११ | पिछडिएको क्षेत्रलाई प्राथमिकता | विकासमा पछि पारिएको क्षेत्र |
| असोज १२ | शनिवार | |
| असोज १३ | संविधानसभालाई सार्थक बनाउने सर्त | संविधानसभा निर्वाचन |
| असोज १४ | दसैंमा महँगीको मार | दसैंमा महँगीको मार |
| असोज १५ | हचुवा शैलीमा अख्तियार | भ्रष्टाचार निवारणमा हचुवा शैली |
| असोज १६ | कानुनको दुरुपयोग | सामाजिक सञ्जालमा दिनेश आचार्य काण्ड |
| असोज १७ | नेताहरूमा आत्मविश्वासको कमी | संविधानसभा निर्वाचन |
| असोज १८ | निर्वाचनको रौनक | संविधानसभा निर्वाचन |
| असोज १९ | शनिवार | |
| असोज २० | आलम प्रकरणपछिका सुरक्षा प्रश्न | निर्वाचन सुरक्षामा शङ्का |
| असोज २१ | दसैंमा दुर्घटना | चाडवाडको चापमा सवारी दुर्घटना |
| असोज २२ | घोषणापत्र चाहियो | संविधानसभा निर्वाचन |
| असोज २३ | महिला सहभागिताको मुद्दा | संविधानसभा निर्वाचन |
| असोज २४ | चुनावी खर्चको अनुगमन | निर्वाचन खर्च अनुगमन |
| असोज २५ | दसैंको सन्देश | विजयको पर्व |
| असोज २६ | शनिवार | |
| असोज २७ | - प्रकाशन बन्द- | - |
| असोज २८ | - प्रकाशन बन्द- | - |
| असोज २९ | - प्रकाशन बन्द- | - |
| असोज ३० | - प्रकाशन बन्द- | - |
| असोज ३१ | बन्दविरुद्ध प्रण | राप्रपा निर्वाचन घोषणापत्र |
| असोज ३२ | - | |
| | | |
| कात्तिक १ | अदालती चुस्तताको खाँचो | अदालती कार्यशैली |
| कात्तिक २ | शनिवार | |
| कात्तिक ३ | आर्थिक पारदर्शिताको प्रश्न | निर्वाचनमा आर्थिक पारदर्शिता |
| कात्तिक ४ | एनआरएनका चुनौती | विदेशमा बस्ने नेपाली |
| कात्तिक ५ | सेना परिचालन र समन्वय | निर्वाचन सुरक्षामा सेना |
| कात्तिक ६ | कार्यान्वयनमा कडाइ | निर्वाचन आचारसंहिता |
| कात्तिक ७ | आईएनजीओहरूको अनुगमन | निर्वाचनमा विदेशी संस्थाको अनुगमन |
| कात्तिक ८ | सडक यात्राको त्रास | असुरक्षित सडक यातायात |
| कात्तिक ९ | शनिवार | |
| कात्तिक १० | अस्थिरताको आरम्भ हुन हुन्न निर्वाचन | अस्थिरता हटाउन निर्वाचन |
| कात्तिक ११ | फुटबलको भविष्य | खेलकूदमा फुटबल |
| कात्तिक १२ | चुनावी सुरक्षाको व्यावहारिक पक्ष | निर्वाचनमा सुरक्षा |
| कात्तिक १३ | समानुपातिकमा सावधानी | समानुपातिक प्रतिनिधित्वमा जालझेल |
| कात्तिक १४ | संविधानकै मुद्दामा केन्द्रित होऔं | निर्वाचनमा संविधानको मुद्दा |
| कात्तिक १५ | पर्यवेक्षकको दायित्व | निर्वाचन पर्यवेक्षक |
| कात्तिक १६ | शनिवार | |
| कात्तिक १७ | नेकपा-माओवादीलाई समेट्ने सवाल | संविधानसभा निर्वाचनमा समेटाइ |
| कात्तिक १८ | -प्रकााशन बन्द- | |
| कात्तिक १९ | -प्रकााशन बन्द- | |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| कात्तिक २० | -प्रकाशन बन्द- | |
| कात्तिक २१ | निर्वाचनप्रति अन्तर्राष्ट्रिय ऐक्यबद्धता | निर्वाचनमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता |
| कात्तिक २२ | दलित उपेक्षा | निर्वाचनमा दलितको उपेक्षा |
| कात्तिक २३ | शनिवार | |
| कात्तिक २४ | बन्द फिर्ता लेऊ | निर्वाचनमा भाँजो हाल्ने बन्द |
| कात्तिक २५ | आशंका नगरौं, चुनावमै होमियौं | संविधानसभा निर्वाचन |
| कात्तिक २६ | जनविरोधी क्रियाकलाप | निर्वाचनका बेला बन्द |
| कात्तिक २७ | चुनावमा बालबलिकाको दुरुपयोग | निर्वाचनमा बालबालिका |
| कात्तिक २८ | बम, बन्द र बहिष्कार | निर्वाचनमा बम, बन्द र बहिष्कार धम्की |
| कात्तिक २९ | निर्वाचनमा प्रविधि प्रयोग | निर्वाचनमा प्रविधि |
| कात्तिक ३० | - | - |
| कात्तिक ३१ | - | - |
| कात्तिक ३२ | - | - |
| | | |
| मङ्सिर १ | शनिवार | |
| मङ्सिर २ | प्रभावकारी पर्यवेक्षण आवश्यक | निर्वाचनमा पर्यवेक्षण |
| मङ्सिर ३ | मौन अवधिमा विशेष सतर्कता | निर्वाचन मौन अवधिमा सतर्कता |
| मङ्सिर ४ | उच्च सुरक्षा सजगताको खाँचो | निर्वाचनमा उच्च सुरक्षा सजगता |
| मङ्सिर ५ | कीर्तिमानी मतको कदर | निर्वाचनमा कीर्तिमानी मत |
| मङ्सिर ६ | आर्थिक स्थायित्व आवश्यक | निर्वाचनपछि आर्थिक स्थायित्व |
| मङ्सिर ७ | एमाओवादीले गर्नै नहुने गल्ती | निर्वाचनपछि एमाओवादीको धम्की |
| मङ्सिर ८ | शनिवार | |
| मङ्सिर ९ | एमाओवादी : संविधानसभा नछाड | निर्वाचनपछि एमाओवादीलाई सुझाव |
| मङ्सिर १० | कांग्रेस-एमालेको दायित्व | निर्वाचनपछि कांग्रेस-एमाले |
| मङ्सिर ११ | परिवर्तनका कार्यसूचीलाई निरन्तरता | निर्वाचनपछि परिवर्तनका कार्यसूची |
| मङ्सिर १२ | बदर मत घटाउने चुनौती | निर्वाचनमा बदर मत |
| मङ्सिर १३ | सफलतासँगै चुनौती | खेलकुद |
| मङ्सिर १४ | विभ्रमात्मक कूटनीतिक सक्रियता | निर्वाचनपछिको विभ्रमात्मक कूटनीति |
| मङ्सिर १५ | शनिवार | |
| मङ्सिर १६ | मङ्सिर ४ को मतादेश | निर्वाचनको मतादेश |
| मङ्सिर १७ | एड्सविरुद्ध चेतना | एचआइभी/एड्सविरुद्ध चेतना |
| मङ्सिर १८ | अनुगमन नरोक | बजार/ उपभोक्ता अनुगमन |
| मङ्सिर १९ | खेलाडीको सम्मान | खेलकुदमा विजय |
| मङ्सिर २० | लगानीका लागि स्थायित्व | निर्वाचनपछि लगानीमा स्थायित्व |
| मङ्सिर २१ | फेरि मारमा उपभोक्ता | उपभोक्ता मारमा |
| मङ्सिर २२ | शनिवार | |
| मङ्सिर २३ | मण्डेलाबाट सिक्ने कुरा | नेल्सन मण्डेलाको निधन |
| मङ्सिर २४ | सहमतिको अग्रसरता | निर्वाचनपछि सहमतितिर |
| मङ्सिर २५ | सोह्र दिने अभियानको औचित्य | लैङ्गिक हिंसाविरुद्ध अभियान |
| मङ्सिर २६ | समानुपातिकको मापदण्ड | समानुपातिक प्रतिनिधित्वमा झेल |
| मङ्सिर २७ | शिक्षक नतिजामा छानबिन | शैक्षिक क्षेत्र विवाद |
| मङ्सिर २८ | सार्वजनिक यातायातको विजोग | सार्वजनिक यातायातमा विकृति |
| मङ्सिर २९ | शनिवार | |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| मङ्सिर ३० | जनतालाई निराश नपार | निर्वाचनपछि सरकार निर्माण प्रयास |
| मङ्सिर ३१ | - | - |
| मङ्सिर ३२ | - | - |
| | | |
| पुस १ | फेरि पुँजी नफर्कियोस् | जलविद्युत/ऊर्जा लगानी |
| पुस २ | अब नथपौं | समानुपातिक सूचीको म्याद |
| पुस ३ | अराजकताको बाटो | संविधानसभा निर्वाचनपछिको बेथिति |
| पुस ४ | वैदेशिक रोजगारका समस्या | अप्रवासन/रोजगार समस्या |
| पुस ५ | नियुक्ति सुनुवाइबाटै | न्यायाधीश नियुक्तिमा सुनुवाइ |
| पुस ६ | शनिवार | |
| पुस ७ | जाडोको जोखिम | जाडो मौसमको जोखिम |
| पुस ८ | उच्चस्तरीय संयन्त्रको औचित्य | निर्वाचनपछि उच्चस्तरीय संयन्त्र |
| पुस ९ | जनक शिक्षाका दुर्दशा | शिक्षामा बेथिति र विकृति |
| पुस १० | अब अलमल नगर | निर्वाचनपछि सरकार निर्माण प्रयास |
| पुस ११ | कृषिको कहाली | कृषिमा विकृति |
| पुस १२ | जोखिममा श्रमिक | वैदेशिक रोजगारीको जोखिम |
| पुस १३ | शनिवार | |
| पुस १४ | बालबालिकाको हक | कारागारका बालबालिकाको हक |
| पुस १५ | केजरीवालका चुनौती | भारतमा भ्रष्टाचारविरुद्धको राजनीति |
| पुस १६ | समानुपातिक पद्धतिमा सुधार | समानुपातिक निर्वाचन पद्धतिमा सुधार |
| पुस १७ | कार्यान्वयनको चुनौती | स्वास्थ्यमा आदेश कार्यान्वयन |
| पुस १८ | एमाओवादीको वैचारिक संकट | निर्वाचनपछि एमाओवादीको विचार |
| पुस १९ | मेलम्चीमा कमजोरी नदोहोऱ्याऊ | खानेपानी आयोजनामा कमजोरी |
| पुस २० | शनिवार | |
| पुस २१ | नेपाली चलचित्र चल्ने सर्त | चलचित्र सञ्चालन |
| पुस २२ | वाग्मती सफाइ अभियान | वाग्मती सफाइ अभियान |
| पुस २३ | वित्तीय अपराधीमाथि कारबाहीको खाँचो | वित्तीय अपराधमा दण्डहीनता |
| पुस २४ | संशयमा उपभोक्ता अधिकारकर्मी | उपभोक्ता अधिकारकर्मीका शङ्का |
| पुस २५ | संविधानसभाको बैठक बोलाऊ | संविधानसभा बैठक बोलाउन आलटाल |
| पुस २६ | एमआरपी वितरणमा चुस्तता जरुरी | राहदानी वितरण |
| पुस २७ | शनिवार | |
| पुस २८ | क्रिकेटको दीर्घकालीन विकास | क्रिकेटको विकास योजना |
| पुस २९ | अब अलमल नगर | निर्वाचनपछिको काममा आलटाल |
| पुस ३० | अनुत्तरदायी नियुक्ति | त्रिवि डिन नियुक्ति अनुत्तरदायी |
| पुस ३१ | - | - |
| पुस ३२ | - | - |
| | | |
| माघ १ | छब्बीस छनोटको अग्रसरता | संविधानसभामा विज्ञको छनोट बाँकी |
| माघ २ | विकासमा व्यवधान | पुँजीगत खर्च |
| माघ ३ | कछुवा गति | सडक विस्तारमा सुस्तता |
| माघ ४ | शनिवार | |
| माघ ५ | निरीह राज्य संयन्त्र | वैदेशिक रोजगारीमा निरीह राज्य |
| माघ ६ | जनस्वास्थ्यप्रति सरकारी उदासीनता | जनस्वास्थ्यमा उदासीनता |
| माघ ७ | तस्करी नियन्त्रणमा सुरक्षा चुनौती | तस्करी नियन्त्रणमा सुरक्षा |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| माघ ८ | एक वर्षभित्र संविधान | निर्वाचनको एक वर्षभित्र संविधान |
| माघ ९ | मेडिकल शिक्षामा बृहत्तर सुधार | मेडिकल शिक्षामा विकृति |
| माघ १० | पोखराको आकर्षण | पोखरा पर्यटन |
| माघ ११ | शनिवार | |
| माघ १२ | कांग्रेसको जिम्मेवारी | निर्वाचनपछि कांग्रेसको जिम्मेवारी |
| माघ १३ | क्यान्सर अस्पतालको बेथिति | क्यान्सर अस्पताल अस्तव्यस्त |
| माघ १४ | संस्थागत विद्यालयको अनुगमन | संस्थागत विद्यालय अनुगमन |
| माघ १५ | सहमतिको अधिकतम प्रयास गर | सरकार निर्माणमा सहमति प्रयास |
| माघ १६ | संविधानसभामा स्वामित्वको प्रश्न | अघिल्लो संविधानसभाको स्वामित्व |
| माघ १७ | सफा वाग्मतीका चुनौती | वाग्मतीको वातावरण |
| माघ १८ | शनिवार | |
| माघ १९ | दलहरूमा आन्तरिक लोकतन्त्र | दलहरूमा आन्तरिक लोकतन्त्र अभाव |
| माघ २० | बजार अनुगमन नरोक | बजार अनुगमन |
| माघ २१ | कांग्रेस-एमाले सहमतिको आधार | कांग्रेस-एमाले सहमतिको आधार |
| माघ २२ | कानुनी मापदण्ड आवश्यक | परराष्ट्रमा कानुनी मापदण्ड अभाव |
| माघ २३ | एमाले विवादको लोकतान्त्रिक व्यवस्थापन | एमाले विवादको व्यवस्थापन |
| माघ २४ | उपचार खर्चको चरम दुरुपयोग | उपचारमा राज्यकोषको दुरुपयोग |
| माघ २५ | शनिवार | |
| माघ २६ | डिन नियुक्तिमा विलम्ब नगर | मेडिकल शिक्षा विवाद |
| माघ २७ | राजधानीको सुरक्षा चुनौती | राजधानीमा अपराध |
| माघ २८ | कोइरालाले पाएको कार्यादेश | निर्वाचनपछि कोइराला सरकार गठन |
| माघ २९ | गैरदलीय सरकारको सफलता र शिक्षा | चुनावी सरकारका सफलता |
| माघ ३० | - | - |
| माघ ३१ | - | - |
| माघ ३२ | - | - |
| | | |
| फागुन १ | चुस्त बन प्रधानमन्त्री | प्रधानमन्त्रीमा चुस्तताको अभाव |
| फागुन २ | असंवैधानिक आकांक्षा | राजनीतिमा प्रचण्डको आकांक्षा |
| फागुन ३ | शनिवार | |
| फागुन ४ | कोइराला-अग्रसरताको खाँचो | प्रम कोइरालामा अग्रसरता अभाव |
| फागुन ५ | विमानस्थल व्यवस्थापनको मुद्दा | हवाई यातायात व्यवस्थापन |
| फागुन ६ | नौबिसे-नागढुङ्गा सास्ती | सडक यातायातमा बेहाल |
| फागुन ७ | फागुन ७को सान्दर्भिकता | प्रजातन्त्र र निर्वाचनमा फागुन ७ |
| फागुन ८ | सभाध्यक्षले सिक्नुपर्ने पाठ | सभाध्यक्षले पाठ सिक्न बाँकी |
| फागुन ९ | मन्त्रिपरिषद्लाई पूर्णता देऊ | अझै अपूर्ण मन्त्रिपरिषद् |
| फागुन १० | शनिवार | |
| फागुन ११ | द्वन्द्वको छिटा | बारुदी सुरुङको खतरा |
| फागुन १२ | चुस्त समिति बनाऊ | निर्वाचनपछि चुस्त समिति आवश्यक |
| फागुन १३ | प्रधानाध्यापकको आचरण | शैक्षिक नेतृत्वमा नैतिकता अभाव |
| फागुन १४ | चुस्त सरकारका आधार | निर्वाचनपछि चुस्त सरकार |
| फागुन १५ | गौतमका गृह-योजना | गृहमन्त्रीका योजना शान्ति सुरक्षा |
| फागुन १६ | सेमेस्टर प्रणालीका सकारात्मक पक्ष | शिक्षामा सेमेस्टर प्रणाली |
| फागुन १७ | शनिवार | |
| फागुन १८ | गुण्डागर्दीविरुद्ध अभियान | गुण्डागर्दीविरुद्ध अभियान |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| फागुन १९ | विद्यालयका भाडामा छानबिन | विद्यालयका भाडामा आशङ्का |
| फागुन २० | उदारीकरणभित्र सुधारको खाँचो | उदारीकरणमा सुधारको अभाव |
| फागुन २१ | लगानी आकर्षित गर्ने आधार | म्यान्मार सम्मेलन |
| फागुन २२ | सडकमा सास्ती | नेविसं. नेता पक्राउपछि सडक सास्ती |
| फागुन २३ | राजदूत नियुक्तिमा तदारुकताको खाँचो | राजदूत नियुक्तिमा बेवास्ता |
| फागुन २४ | शनिवार | |
| फागुन २५ | चेलीबेटीको नियति र नारी दिवस | अन्तर्राष्ट्रिय महिला दिवसमा नेपाली |
| फागुन २६ | संविधानसभालाई पूर्णता देऊ | अझै अपूर्ण संविधानसभा |
| फागुन २७ | सडक अराजकता नियन्त्रण गर | नेविसं. नेता पक्राउपछि सडक अवरुद्ध |
| फागुन २८ | ट्रमा सेन्टरको यथाशीघ्र सञ्चालन | ट्रमा सेन्टर सञ्चालनमा किचलो |
| फागुन २९ | दार्चुलामा नमेटिएको पीडा | दार्चुला बाढी विनाशमा राहत |
| फागुन ३० | हतियारको मनोवैज्ञानिक त्रास | हतियारको मनोवैज्ञानिक संत्रास |
| फागुन ३१ | - | - |
| फागुन ३२ | - | - |
| | | |
| चैत १ | शनिवार | |
| चैत २ | महिला प्रतिनिधित्वमा बेवास्ता | संविधानसभामा महिला सङ्ख्या कम |
| चैत ३ | भड्किलो खर्च | पार्टी कार्यक्रममा बढी खर्च |
| चैत ४ | संविधान लेख्नलाई हुनुपर्छ सहकार्य | संविधान लेखनमा सहकार्य जरुरी |
| चैत ५ | संवैधानिक नियुक्तिमा कानुनी अड्चन | संवैधानिक नियुक्तिमा कानुनी अड्चन |
| चैत ६ | क्रिमियाको गलत नजिर | क्रिमियाको नजिर |
| चैत ७ | क्रिकेट-सफलता र सामुन्नेका चुनौती | क्रिकेटमा सफलता |
| चैत ८ | शनिवार | |
| चैत ९ | एसएलसीको मर्यादामा प्रश्न | प्रवेशिका परीक्षाको घट्दो मर्यादा |
| चैत १० | वन मास्नेलाई कारवाही होस् | वनविनाशमा दण्डहीनता |
| चैत ११ | नेपाली सन्दर्भमा महाथिर मोडल | महाथिर मोडलको नेपाली सन्दर्भ |
| चैत १२ | कोइरालाले बढाउनुपर्ने गति | प्रम कोइरालाको धिमा गति |
| चैत १३ | क्यानका काम | क्यानका काम |
| चैत १४ | विद्यार्थी टिकाउने चुनौती | अनाकर्षक शैक्षिक वातावरण |
| चैत १५ | शनिवार | |
| चैत १६ | संविधानसभाको निरन्तरता | संविधानसभाका कामको निरन्तरता |
| चैत १७ | स्वच्छन्दतावादी शैलीमा कर्मचारीतन्त्र | स्वच्छन्द कर्मचारीतन्त्र |
| चैत १८ | अवसर छँदै गर्नुपर्ने काम | निर्वाचनपछिका काममा ढिलाइ |
| चैत १९ | सामाजिक सुरक्षा भत्ताको दुरुपयोग | सामाजिक सुरक्षा भत्ता दुरुपयोग |
| चैत २० | सडक सुरक्षा सुनिश्चित गर | माइक्रो बसको आतङ्क |
| चैत २१ | मन्त्रीका प्राथमिकता | निर्वाचनपछि संविधानमा कम ध्यान |
| चैत २२ | शनिवार | |
| चैत २३ | शीर्ष नेतृत्वको उदासीनता | निर्वाचनपछि उदासीन शीर्ष नेतृत्व |
| चैत २४ | उपभोक्ता सधैं मारमा | बजारको मारमा उपभोक्ता |
| चैत २५ | अशोभनीय अभिव्यक्ति | गृहमन्त्रीको अशोभनीय अभिव्यक्ति |
| चैत २६ | तदर्थवादमा न्यायालय | न्यायाधीशको पदावधि थप विवाद |
| चैत २७ | तत्काल कारवाही आवश्यक | सुनकोसी पुलको विवाद |
| चैत २८ | विश्वविद्यालय जोगाउने उपाय | विश्वविद्यालय असुरक्षित |
| चैत २९ | शनिवार | |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| चैत ३० | द्वन्द्वका घाउ पुर्ने माध्यम | शान्ति प्रक्रियाबाट द्वन्द्व व्यवस्थापन |
| चैत ३१ | - | - |
| चैत ३२ | - | - |

परिशिष्ट १ ख : गोरखापत्र

| सम्पादकीय शीर्षक र प्रतिनिधित्व सन्दर्भ | | |
|---|---|---|
| **महिना र गते** | **सम्पादकीय शीर्षक** | **सामाजिक प्रतिनिधित्व** |
| बैशाख १ | नयाँ वर्ष फलोस् फुलोस् | नयाँ वर्ष |
| बैशाख २ | प्रकाशन नभएको | - |
| बैशाख ३ | शिक्षामा अराजकता | शिक्षामा विकृति |
| बैशाख ४ | सकारात्मक दिशामा सरकार | चुनावी सरकार |
| बैशाख ५ | द्वन्द्वरतहरू निर्वाचनमा आउँदै | निर्वाचनमा आकर्षण |
| बैशाख ६ | सडक विस्तारमा तीव्रता देऊ | सडक विस्तार |
| बैशाख ७ | शनिवार | - |
| बैशाख ८ | नागरिकता अभियान | नागरिकता वितरण |
| बैशाख ९ | राष्ट्रपति-अध्यक्ष भेटको सन्देश | नेता भेटघाट |
| बैशाख १० | सरकार र दलहरूको संयुक्त पहल | निर्वाचन पहल |
| बैशाख ११ | परिवर्तनलाई संस्थागत गरौं | लोकतन्त्र दिवस |
| बैशाख १२ | पानीको हाहाकार र सम्पत्तीकरण | खानेपानी समस्या |
| बैशाख १३ | दमकल सेवाको आधुनिकीकरण | दमकल सेवा |
| बैशाख १४ | शनिवार | |
| बैशाख १५ | खुला कारागारको अभ्यास | परिवर्तित सजाय |
| बैशाख १६ | अवधारणापत्रको औचित्य | अवधारणापत्र वेपत्ता |
| बैशाख १७ | अनुकूल चुनावी वातावरणको अपेक्षा | निर्वाचन वातावरण |
| बैशाख १८ | श्रमिक दिवसको सार्थकता | श्रमिक दिवस |
| बैशाख १९ | दर्तामा पहिलो बन्ने कि परिणाममा ? | दल दर्तामा होडवाजी |
| बैशाख २० | फुटपाथ व्यापार-विकल्प वा समस्या | फुटपाथ व्यापार |
| बैशाख २१ | शनिवार | |
| बैशाख २२ | समाज विकासमा प्रेस स्वतन्त्रता | प्रेस स्वतन्त्रता र समाज |
| बैशाख २३ | राहत वितरणमा ढिलाइ नहोस् | आगलागी |
| बैशाख २४ | गोरखापत्रको ११३ वर्षे यात्रा | गोरखापत्र वार्षिकी |
| बैशाख २५ | क्रिकेट खेलाडीलाई बधाई | क्रिकेटमा विजय |
| बैशाख २६ | आँखा दानबाट नयाँ ज्योति | आँखा प्रत्यारोपण |
| बैशाख २७ | सवारी साधनमा आरक्षणको प्रश्न | सवारीमा आरक्षण |
| बैशाख २८ | शनिवार | |
| बैशाख २९ | निगमको दुरवस्था | नेपाल वायुसेवा निगम |
| बैशाख ३० | आवश्यकता चुनावी वातावरणको | निर्वाचन वातावरण |
| बैशाख ३१ | पाठ्यपुस्तकको अभाव | पाठ्यपुस्तक अभाव |
| | | |
| जेठ १ | ब्रेललिपिमा मतपत्र | ब्रेल मतपत्र |
| जेठ २ | चुनावका लागि सक्रियता | निर्वाचन पहल |
| जेठ ३ | छिमेकीसँगको सहकार्य | चीन/भारत |
| जेठ ४ | शनिवार | |
| जेठ ५ | राप्रपाको एकीकरण प्रसंग | पार्टी एकीकरण |
| जेठ ६ | विद्यार्थी भर्नाको अस्वस्थ होडवाजी | स्ववियु निर्वाचन |
| जेठ ७ | कथित डनहरू र राजनीतिक संरक्षण | सम्पत्ति शुद्धीकरण |
| जेठ ८ | विवाद नबढाउनुमै सर्वोपरि हित | निर्वाचन विवाद |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| जेठ ९ | निजी क्षेत्रको उत्साह | सुरुङ मार्ग |
| जेठ १० | हत्यारा नउम्कियोस् | पूर्वसभासद् हत्या |
| जेठ ११ | शनिवार | |
| जेठ १२ | शिक्षक र राजनीतिक सदस्यता | शिक्षकको दलीय संलग्नता |
| जेठ १३ | राष्ट्रिय गौरवको आयोजना सुस्त | कालीगण्डकी |
| जेठ १४ | सहमतिको संस्कृति | अनसन तोड |
| जेठ १५ | गणतन्त्रको संस्थागत विकास | गणतन्त्र दिवस |
| जेठ १६ | लागू औषध नियन्त्रणमा सक्रियता | लागू औषध |
| जेठ १७ | आन्तरिक पर्यटनमा कर्मचारी वर्ग | पर्यटनमा कर्मचारी |
| जेठ १८ | शनिवार | |
| जेठ १९ | दल दर्ता म्याद थपको सम्भावना | दल दर्ता म्याद |
| जेठ २० | मुक्त कमलरीको संघर्ष | कमलरी संघर्ष |
| जेठ २१ | नेपाल-भारत गृहसचिवस्तरीय सहमति | द्विपक्षीय वार्ता |
| जेठ २२ | निर्वाचनप्रति सरकारको गम्भीरता | चुनावी सरकार |
| जेठ २३ | छुवाछुतको कलंक | छुवाछुत |
| जेठ २४ | जीवनका लागि वातावरण | जीवन र वातावरण |
| जेठ २५ | शनिवार | |
| जेठ २६ | प्रशासनिक दायित्व | प्रशासन |
| जेठ २७ | विद्युतीय फोहरको चुनौती | विद्युतीय फोहर |
| जेठ २८ | बजेटसँग अपेक्षा | बजेट |
| जेठ २९ | सरकारलाई मार्ग प्रशस्त | निर्वाचन पहल |
| जेठ ३० | एसएलसीको निराशाजनक प्रतिफल | एसएलसी परिणाम |
| जेठ ३१ | विवादास्पद निर्णय | त्रिशूली विवाद |
| | | |
| असार १ | शनिवार | |
| असार २ | चुनावप्रति सरकारको प्रतिबद्धता | चुनावी सरकार |
| असार ३ | दल बदल्ने संस्कार | दल बदल |
| असार ४ | बन्द नगर्न आग्रह | बन्दको बन्द |
| असार ५ | बाढीको विनाश लीला | बाढीबाट विनाश |
| असार ६ | आन्दोलनमा सुन व्यवसाय | सुन आन्दोलन |
| असार ७ | निर्वाचनको तयारीमा तीव्रता | निर्वाचन तयारी |
| असार ८ | शनिवार | |
| असार ९ | योजना आयोगको तयारी | योजना आयोग |
| असार १० | तलब बृद्धिको माग | तलब तनाव |
| असार ११ | सरकारका सफल सय दिन | चुनावी सरकार |
| असार १२ | तेह्रौं योजनाको लक्ष्य | तेह्रौं योजना |
| असार १३ | असल छिमेकीको सन्देश | छिमेकी देश |
| असार १४ | गोर्खा सैन्य भर्नाको परम्परा | गोर्खा सैन्य भर्ना |
| असार १५ | शनिवार | |
| असार १६ | आर्थिक कूटनीतिप्रतिको चासो | आर्थिक कूटनीति |
| असार १७ | उमावि शुल्कमा बेथिति | शिक्षा शुल्क |
| असार १८ | मर्कामा उपभोक्ता | उपभोक्ताको मर्का |
| असार १९ | दीर्घकालीन कृषि रणनीति | कृषि रणनीति |
| असार २० | निर्वाचन क्षेत्र निर्धारण आयोगसँगको अपेक्षा | निर्वाचन क्षेत्र निर्धारण |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| असार २१ | श्रमजीवी पत्रकारको अवस्था | श्रमजीवी पत्रकार |
| असार २२ | शनिवार | |
| असार २३ | शान्ति प्रक्रियाको उपलब्धि | शान्ति प्रक्रिया |
| असार २४ | असन्तुष्टसँग विवाद | निर्वाचनमा विवाद |
| असार २५ | मानसिक स्वास्थ्यमा बजेट | मानसिक स्वास्थ्य र बजेट |
| असार २६ | चुनावका लागि वार्ता | चुनावी वार्ता |
| असार २७ | निर्वाचनप्रति छिमेकीको ऐक्यबद्धता | निर्वाचन र छिमेकी देश |
| असार २८ | न्यायसंगत आदेश | न्यायिक आदेश |
| असार २९ | शनिवार | |
| असार ३० | अवनति सार्वजनिक संस्थानको | सार्वजनिक संस्थान |
| असार ३१ | भानुको सम्झना | भानुभक्त स्मृति |
| | | |
| साउन १ | बजेटलाई सार्थक बनाउने चुनौती | बजेटको सार्थकता |
| साउन २ | बजेटप्रति सकारात्मक निजी क्षेत्र | बजेट र निजी क्षेत्र |
| साउन ३ | मतदाता दर्ता म्याद थप्नुपर्ने | मतदाता दर्ता म्याद |
| साउन ४ | सामुदायिक विद्यालयको सुधार योजना | विद्यालय शिक्षा सुधार |
| साउन ५ | शनिवार | |
| साउन ६ | सहस्राब्दी विकास लक्ष्य र लैङ्गिकता | विकास लक्ष्य र लैङ्गिकता |
| साउन ७ | जननेताको सम्झना | बीपी स्मृति |
| साउन ८ | पुष्पलालको सम्झना | पुष्पलाल स्मृति |
| साउन ९ | आचारसंहिता कार्यान्वयन | निर्वाचन आचारसंहिता |
| साउन १० | नागरिकता प्रमाणपत्रमा त्रुटि | नागरिकतामा त्रुटि |
| साउन ११ | एक युगको अवसान | नरबहादुर कर्माचार्य निधन |
| साउन १२ | शनिवार | |
| साउन १३ | प्रहरीको विवादास्पद आचरण | प्रहरी आचरण विवाद |
| साउन १४ | वैदेशिक श्रममा महिला | विदेशमा महिला श्रम |
| साउन १५ | आचारसंहिताभित्र निजी क्षेत्र | व्यावसायिक आचारसंहिता |
| साउन १६ | निर्वाचनमा सुरक्षा प्रत्याभूति | निर्वाचनमा सुरक्षा |
| साउन १७ | जलविद्युत्मा लगानी | ऊर्जा लगानी |
| साउन १८ | चुनावका लागि वार्ता | चुनावी वार्ता |
| साउन १९ | शनिवार | |
| साउन २० | बर्डफ्लुको बेमौसमी उपस्थिति | बर्डफ्लु सङ्क्रमण |
| साउन २१ | पानी आपूर्तिमा लापर्वाही | खानेपानी समस्या |
| साउन २२ | संस्कृति नीतिको कार्यान्वयन | नीति कार्यान्वयन |
| साउन २३ | बेरुजु फछ्र्यौटमा कडाइ | बेरुजु फछ्र्यौट |
| साउन २४ | सहमतिमा पुग्नैपर्ने बाध्यता | निर्वाचन निम्ति सहमति |
| साउन २५ | प्राथमिकतामा लगानीमैत्री वातावरण | लगानीमैत्री वातावरण |
| साउन २६ | शनिवार | |
| साउन २७ | सामाजिक सद्भावनिम्ति सक्रियता | सारस्वर घटना |
| साउन २८ | निर्वाचनमा सञ्चार | निर्वाचनको सञ्चार |
| साउन २९ | कर्णाली विकासका लागि अवसर | कर्णाली विकास |
| साउन ३० | निर्वाचनमा युवा | निर्वाचन र युवा |
| साउन ३१ | न्यायको प्रतीक्षा | द्वन्द्वपीडित बाआमा |
| साउन ३२ | वार्ताको परिणामको प्रतीक्षा | निर्वाचनलाई वार्ता |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| भदौ १ | शनिवार | |
| भदौ २ | नामावली दर्तामा सावधानी | नामावली दर्ता |
| भदौ ३ | सडक विस्तार कार्यमा सुस्तता | सडक विस्तारमा सुस्तता |
| भदौ ४ | सहमतिमा आधारित परराष्ट्र नीति | परराष्ट्र नीति |
| भदौ ५ | डलरको मूल्यवृद्धिको मार | मूल्यवृद्धि |
| भदौ ६ | धावन मार्गले बिगारेको छवि | विमानस्थल धावन मार्ग |
| भदौ ७ | सांस्कृतिक सम्पदाको सुरक्षा | सम्पदा सुरक्षा |
| भदौ ८ | शनिवार | |
| भदौ ९ | मर्कामा नपरून् व्यवसायी | कुखुरापालन |
| भदौ १० | वार्तामा विराम नलागोस् | निर्वाचन निम्ति वार्ता |
| भदौ ११ | बजारको प्रभावकारी अनुगमन | बजार अनुगमन |
| भदौ १२ | सेना समायोजन : ऐतिहासिक कोशेढुङ्गा | सेना समायोजन |
| भदौ १३ | दलहरूको सक्रियता | निर्वाचनमा दलहरू |
| भदौ १४ | सेवाग्राहीको अधिकार | भ्रष्ट कर्मचारीतन्त्र |
| भदौ १५ | शनिवार | |
| भदौ १६ | उपेक्षामा पुस्तकालय | पुस्तकालय उपेक्षा |
| भदौ १७ | निर्वाचनको तयारीमा दलहरू | निर्वाचनको तयारी |
| भदौ १८ | प्रगति मार्गमा राष्ट्रिय गौरवका आयोजना | राष्ट्रिय गौरवका आयोजना |
| भदौ १९ | स्वास्थ्य क्षेत्रलाई उपेक्षा अस्वीकार्य | स्वास्थ्यको उपेक्षा |
| भदौ २० | गैससको पारदर्शिता | गैसस पारदर्शिता |
| भदौ २१ | सूचना प्रविधिको सदुपयोग | सूचना प्रविधि |
| भदौ २२ | शनिवार | |
| भदौ २३ | निजामती सेवामा अपेक्षित सुधार | निजामती सेवामा सुधार |
| भदौ २४ | साक्षरता अभियान असफल | साक्षरता अभियान |
| भदौ २५ | निर्वाचनमा सुरक्षा | निर्वाचन सुरक्षा |
| भदौ २६ | बीपी जन्मशताब्दीको सान्दर्भिकता | बीपी जयन्ती |
| भदौ २७ | फत्तेमानलाई सम्झँदै | फत्तेमानको निधन |
| भदौ २८ | सहमतिको वैधानिकीकरण | निर्वाचन निम्ति सहमति |
| भदौ २९ | शनिवार | |
| भदौ ३० | सकारात्मक परिणामको आशा | निर्वाचनको तयारी |
| भदौ ३१ | समावेशी संरचना | नीति र व्यवहार |
| भदौ ३२ | - | - |
| | | |
| असोज १ | बालविवाहको विडम्बना | बालविवाह |
| असोज २ | सुपथ मूल्यका पसल | दशैं बजार |
| असोज ३ | प्राथमिकतामा विज्ञान प्रविधि | विज्ञान प्रविधि |
| असोज ४ | सीमाको सम्मान अपेक्षित | सीमा (दक्षिण) |
| असोज ५ | शनिवार | |
| असोज ६ | निर्वाचनका लागि शान्ति | निर्वाचन निम्ति शान्ति |
| असोज ७ | चाडपर्व र चोरीका घटना | चाडपर्व र चोरी |
| असोज ८ | स्थानीय निकायमा बजेटको उपयोग | स्थानीय बजेट |
| असोज ९ | सुरक्षित निर्वाचनका लागि सेना | निर्वाचन निम्ति सेना |
| असोज १० | योग्य उम्मेदवारको चयन | योग्य उम्मेदवार र छनोट |
| असोज ११ | निर्वाचन र कूटनीतिक मर्यादा | निर्वाचनमा कूटनीति |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| असोज १२ | शनिवार | |
| असोज १३ | पर्यटन र पानी | पर्यटन दिवस |
| असोज १४ | विश्वमञ्चमा नेपालको धारणा | रासं महासभा सम्बोधन |
| असोज १५ | सहमतिका लागि अर्को प्रयास | निर्वाचन निम्ति सहमति |
| असोज १६ | निर्वाचन प्रक्रिया शुरू | निर्वाचन प्रक्रिया थालनी |
| असोज १७ | फलदायी भ्रमण | प्रम रासं भ्रमण |
| असोज १८ | निर्वाचनमा सञ्चारको भूमिका | निर्वाचनको सञ्चार |
| असोज १९ | शनिवार | |
| असोज २० | पत्रकारका लागि दुर्घटना विमा | पत्रकार विमा |
| असोज २१ | समावेशी प्रतिनिधित्व | निर्वाचनमा समावेशी |
| असोज २२ | विद्रोही उम्मेदवार | उम्मेदवारीमा विद्रोह |
| असोज २३ | शहरी गरिबीमा ध्यान | शहरी गरिबी |
| असोज २४ | मितव्ययी चुनाव | निर्वाचन खर्च |
| असोज २५ | साहित्य संगोष्ठी | साहित्य संगोष्ठी |
| असोज २६ | शनिवार | |
| असोज २७ | - प्रकाशन बन्द- | - |
| असोज २८ | - प्रकाशन बन्द- | - |
| असोज २९ | - प्रकाशन बन्द- | - |
| असोज ३० | - प्रकाशन बन्द- | - |
| असोज ३१ | संस्कृति र राजनीतिको मौसम | पर्वमा चुनावी गतिविधि |
| असोज ३२ | - | - |
| | | |
| कात्तिक १ | सडकमा बालबालिका | सडक बालबालिका |
| कात्तिक २ | शनिवार | |
| कात्तिक ३ | खुला विश्वविद्यालयको बाटो हेर्दै | खुला विश्वविद्यालय |
| कात्तिक ४ | बागमती सफाइको निरन्तरता | बागमती सफाइ |
| कात्तिक ५ | नेपालमा गैर-आवासीय नेपाली | गैर-आवासीय नेपाली |
| कात्तिक ६ | आचारसंहिताको सम्मान | निर्वाचन आचारसंहिता |
| कात्तिक ७ | सरसफाइमा विशेष चासो जरुरी | सरसफाइ अभाव |
| कात्तिक ८ | समानुपातिक उम्मेदवारी प्रसङ्ग | समानुपातिक उम्मेदवारी |
| कात्तिक ९ | शनिवार | |
| कात्तिक १० | चुनावी सुरक्षाको चुनौती | निर्वाचनमा सुरक्षा |
| कात्तिक ११ | पुष्प व्यवसायको सम्भावना | पुष्प व्यवसाय |
| कात्तिक १२ | विश्वसनीय सुरक्षा व्यवस्था | निर्वाचनमा सुरक्षा |
| कात्तिक १३ | निर्वाचन पर्यवेक्षणको औचित्य | निर्वाचन पर्यवेक्षण |
| कात्तिक १४ | निर्वाचनप्रति भरोसा | निर्वाचनमा भरोसा |
| कात्तिक १५ | घोषणापत्रको कार्यान्वयन | निर्वाचन घोषणापत्र |
| कात्तिक १६ | शनिवार | |
| कात्तिक १७ | चुनावी प्रचार र सञ्चारको सम्मान | निर्वाचन र सञ्चार |
| कात्तिक १८ | -प्रकाशन बन्द- | |
| कात्तिक १९ | -प्रकाशन बन्द- | |
| कात्तिक २० | -प्रकाशन बन्द- | |
| कात्तिक २१ | राजनीतिक पर्वको उत्कर्ष | निर्वाचन चहलपहल |
| कात्तिक २२ | चुनावप्रति अन्तर्राष्ट्रिय चासो | निर्वाचनमा विदेशको चासो |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| कात्तिक २३ | शनिवार | |
| कात्तिक २४ | व्यवस्थित शहरी विकास | व्यवस्थित विकास |
| कात्तिक २५ | कुनै पनि अवरोध अस्वीकार्य | निर्वाचनमा अवरोध |
| कात्तिक २६ | चुनावमा बालबालिकाको दुरुपयोग | निर्वाचनमा बालबालिका |
| कात्तिक २७ | जनताबाट बहिष्कृत बन्द | बन्दको बहिष्कार |
| कात्तिक २८ | घरदैलोमा मतदान शिक्षा | मतदान शिक्षा |
| कात्तिक २९ | बन्द, हडतालविरुद्ध शान्तिपूर्ण आग्रह | निर्वाचन निम्ति शान्ति |
| कात्तिक ३० | - | |
| कात्तिक ३१ | - | - |
| कात्तिक ३२ | - | - |
| | | |
| मङ्सिर १ | शनिवार | |
| मङ्सिर २ | कर दिवसको सार्थकता | कर दिवस |
| मङ्सिर ३ | आचार संहिताको सम्मान | निर्वाचन आचार संहिता |
| मङ्सिर ४ | मतदान अधिकार र दायित्व | मतदान अधिकार |
| मङ्सिर ५ | सम्पन्न निर्वाचनको सन्देश | निर्वाचन सम्पन्न |
| मङ्सिर ६ | दलहरूको दायित्व | निर्वाचनपछि दलहरू |
| मङ्सिर ७ | लैङ्गिकमैत्री निर्वाचन | लैङ्गिकमैत्री निर्वाचन |
| मङ्सिर ८ | शनिवार | |
| मङ्सिर ९ | जनादेशको सम्मान | निर्वाचनको जनादेश |
| मङ्सिर १० | मतदानमा यथार्थ जनादेश | मतदानको जनादेश |
| मङ्सिर ११ | सकारात्मक आर्थिक सन्देश | निर्वाचनको आर्थिक सन्देश |
| मङ्सिर १२ | अन्त्य हुनैपर्ने महिला हिंसा | महिला हिंसाविरुद्ध अभियान |
| मङ्सिर १३ | समावेशी प्रतिनिधित्व | निर्वाचनमा समावेशी |
| मङ्सिर १४ | क्रिकेटमा नयाँ इतिहास | क्रिकेटमा विजय |
| मङ्सिर १५ | शनिवार | |
| मङ्सिर १६ | दल दर्ताको बाढी किन ? | दल दर्ता बृद्धि |
| मङ्सिर १७ | एचआइभीको चुनौती | एचआइभी/एड्स |
| मङ्सिर १८ | हिमाली क्षेत्रको संरक्षण | हिमाली वातावरण |
| मङ्सिर १९ | खुलामञ्चको दुरुपयोग | खुलामञ्च |
| मङ्सिर २० | भ्रष्टाचार न्यूनीकरणतर्फ | भ्रष्टाचारमा कमी |
| मङ्सिर २१ | उत्पादनमुखी अर्थतन्त्रमा दृष्टि | उत्पादनमुखी अर्थतन्त्र |
| मङ्सिर २२ | शनिवार | |
| मङ्सिर २३ | बिदा मण्डेला ! | मण्डेलाको निधन |
| मङ्सिर २४ | हवाई सेवा सुरक्षा | हवाई सुरक्षा |
| मङ्सिर २५ | मानव अधिकारको सम्मान | मानव अधिकार |
| मङ्सिर २६ | सेनाको प्रशंसनीय भूमिका | निर्वाचन सुरक्षामा सेना |
| मङ्सिर २७ | सकारात्मक कदमको अपेक्षा | समानुपातिक चयन |
| मङ्सिर २८ | फोहर व्यवस्थापन | फोहर व्यवस्थापन |
| मङ्सिर २९ | शनिवार | |
| मङ्सिर ३० | वैदेशिक रोजगारका चुनौती | वैदेशिक रोजगारी |
| मङ्सिर ३१ | - | - |
| मङ्सिर ३२ | - | - |
| | | |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| पुस १ | निर्वाचन कम खर्चिलो बनाउन जरुरी | निर्वाचन खर्च |
| पुस २ | अब व्यर्थमा समय नगुमाऔं | निर्वाचनपछि गुमेको समय |
| पुस ३ | मुलुकको आवश्यकता द्वन्द्व समाप्ति | द्वन्द्व व्यवस्थापन |
| पुस ४ | केन्द्रविन्दु संविधान बनाऊ ! | संविधान निर्माण लक्ष्य |
| पुस ५ | बढ्दो चिसो र सरकारी दायित्व | मौसम र सरकार |
| पुस ६ | शनिवार | |
| पुस ७ | विकासका लागि ऊर्जा | ऊर्जा/जलविद्युत |
| पुस ८ | पारवहन सन्धिमा परिमार्जन | पारवहन सन्धि |
| पुस ९ | दलहरूबीच सकारात्मक पहल | दलहरूको पहल |
| पुस १० | राजस्व सङ्कलनमा चुस्तता | राजस्व सङ्कलन |
| पुस ११ | आवश्यकता सहमति कार्यान्वयनको | निर्वाचनपछिको सहमति |
| पुस १२ | विशेष आर्थिक क्षेत्रको प्रतीक्षा | विशेष आर्थिक क्षेत्र |
| पुस १३ | शनिवार | |
| पुस १४ | वातवरणमैत्री विकास | वातावरण र विकास |
| पुस १५ | शीतलहरको चुनौती | शीतलहर/मौसम |
| पुस १६ | सुर्तीजन्य व्यवसायमा कडाइ | सुर्तीजन्यमा आदेश |
| पुस १७ | संविधानका लागि मेलमिलाप | संविधान निम्ति मेलमिलाप |
| पुस १८ | समानुपातिक प्रतिनिधित्वमा विवाद | समानुपातिकमा विवाद |
| पुस १९ | प्रसङ्ग मोन्सान्टोको | कृषि बिउ विवाद |
| पुस २० | शनिवार | |
| पुस २१ | सर्वोच्चको व्याख्या अपेक्षित | निर्वाचन/गठन व्याख्या |
| पुस २२ | आईटी पार्कप्रतिको आशा | सूचनाप्रविधि |
| पुस २३ | अस्वीकार गर्न पाउने अधिकार | अस्वीकार अधिकार |
| पुस २४ | अंग्रेजीमय शिक्षा | शिक्षामा अङ्ग्रेजी भाषा |
| पुस २५ | राहदानीमा हैरानी | राहदानी समस्या |
| पुस २६ | कारागारलाई सुधारगृह बनाऊ | कारागार सुधार |
| पुस २७ | शनिवार | |
| पुस २८ | प्रदूषण नियन्त्रणमा सक्रियता अपेक्षित | वायु प्रदूषण |
| पुस २९ | बैठकका लागि मार्गप्रशस्त | निर्वाचनपछिको बाटो |
| पुस ३० | राजनीति र अदालत | निर्वाचनपछि व्याख्या |
| पुस ३१ | - | - |
| पुस ३२ | - | - |
| | | |
| माघ १ | वृद्धाश्रमका लागि मापदण्ड | जेष्ठ नागरिक |
| माघ २ | राज्य उदासीन बन्नुहुँदैन | वैदेशिक रोजगारी |
| माघ ३ | फेरि पनि पदकै मोह ! | निर्वाचनपछि नेका |
| माघ ४ | शनिवार | |
| माघ ५ | मानव बेचबिखनविरूद्ध अभियान | मानव बेचबिखन |
| माघ ६ | मर्कामा नपरून् सेवाग्राही | चिकित्सा क्षेत्र हडताल |
| माघ ७ | सौर्य ऊर्जा विस्तार आवश्यक | सौर्य ऊर्जा |
| माघ ८ | एक मात्र ध्येय संविधान निर्माण | निर्वाचनपछि संविधान |
| माघ ९ | कमलरीको वास्तविक मुक्ति कहिले | मुक्त कमलरी |
| माघ १० | आन्दोलन रोक्नु नै उचित | चिकित्सा क्षेत्रमा आन्दोलन |
| माघ ११ | शनिवार | |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| माघ १२ | सडक निर्माणमा सुधार आवश्यक | सडक विस्तार |
| माघ १३ | पोलियो अभियानको सार्थकता | पोलियो अभियान |
| माघ १४ | सहमतीय सरकार जरुरी | निर्वाचनपछि सरकार |
| माघ १५ | निजी क्षेत्रको सम्मान | अर्थतन्त्रमा निजी क्षेत्र |
| माघ १६ | शहीदका सपना | शहीद दिवस |
| माघ १७ | स्वामित्व ग्रहणको औचित्य | संसभामा स्वामित्व ग्रहण |
| माघ १८ | शनिवार | |
| माघ १९ | लगानीका लागि सकारात्मक वातावरण | लगानी वातावरण |
| माघ २० | आर्थिक कूटनीतिका लागि पहल | आर्थिक कूटनीति |
| माघ २१ | बहुमतीय सरकारका लागि पहल | निर्वाचनपछि सरकार |
| माघ २२ | सपना नहोस् मेलम्चीको पानी | मेलम्ची खानेपानी |
| माघ २३ | छात्रावासको दुरवस्था | छात्रावास बेथिति |
| माघ २४ | वायु ऊर्जाको उपयोग | वायु ऊर्जा |
| माघ २५ | शनिवार | |
| माघ २६ | अन्त्य हुनैपर्छ- सीमाविवाद | सीमा विवाद |
| माघ २७ | पुनः डा.केसीको अनशन प्रसङ्ग | स्वास्थ्य शिक्षाको बजार |
| माघ २८ | कोइरालालाई सफलताको कामना | निर्वाचनपछि सरकार |
| माघ २९ | आगलागी : सचेतता जरुरी | आगलागी चेतना |
| माघ ३० | - | - |
| माघ ३१ | - | - |
| माघ ३२ | - | - |
| | | |
| फागुन १ | भागबन्डा होइन, जनताको हित | निर्वाचनपछि सरकार |
| फागुन २ | क्यान्सरविरुद्ध अभियान | क्यान्सरविरुद्ध अभियान |
| फागुन ३ | शनिवार | |
| फागुन ४ | सडक सञ्जालमा प्रगति | सडक सञ्जाल |
| फागुन ५ | स्वीप अपरेशनबाट अपेक्षा | शान्तिसुरक्षा |
| फागुन ६ | विमान दुर्घटनाले उब्जाएका प्रश्न | हवाई दुर्घटना |
| फागुन ७ | प्रजातन्त्र दिवसको सन्देश | प्रजातन्त्र दिवस |
| फागुन ८ | सकारात्मक लक्षण | निर्वाचनपछि लक्षण |
| फागुन ९ | हरियालीनिम्ति अभियानको खाँचो | हरियाली अभियान |
| फागुन १० | शनिवार | |
| फागुन ११ | बेसमयको गाईजात्रा रोक ! | निर्वाचनपछिको तमासा |
| फागुन १२ | क्यान्सरविरुद्ध अभियान : निरन्तरता र गम्भीरता जरुरी | क्यान्सरविरुद्ध अभियान |
| फागुन १३ | अबको अर्जुनदृष्टि केवल संविधानप्रति | निर्वाचनपछि संविधान |
| फागुन १४ | आशालाग्दो आर्थिक सम्मेलन | आर्थिक सम्मेलन |
| फागुन १५ | विस्तारित मन्त्रिपरिषद्बाट अपेक्षा | निर्वाचनपछि सरकार |
| फागुन १६ | सरकारी सञ्चारमाध्यमको औचित्य | सरकारी सञ्चारमाध्यम |
| फागुन १७ | शनिवार | |
| फागुन १८ | दाइजोविरुद्ध सामाजिक अभियान | दाइजो प्रथाविरुद्ध अभियान |
| फागुन १९ | बिमस्टेकको सार्थक अभियान | बिमस्टेक सम्मेलन |
| फागुन २० | उपेक्षामा ढुङ्गेधारा र पोखरी | ढुङ्गेधारा र पोखरी |
| फागुन २१ | सकारात्मक लक्षण | विकास निर्माण |
| फागुन २२ | प्रम कोइरालाको अर्थपूर्ण भ्रमण | बिमस्टेक भ्रमण |

| महिना र गते | सम्पादकीय शीर्षक | सामाजिक प्रतिनिधित्व |
|---|---|---|
| फागुन २३ | स्थानीय निर्वाचनको सुरसार | स्थानीय निर्वाचन |
| फागुन २४ | शनिवार | |
| फागुन २५ | लुम्बिनीको प्रचार अभियान | लुम्बिनी प्रचार अभियान |
| फागुन २६ | भोलामा खोला ओगट्ने प्रवृत्ति | ऊर्जामा विकृति |
| फागुन २७ | समय खेर नफालियोस् ! | निर्वाचनपछिको समय |
| फागुन २८ | चुरे क्षेत्र संरक्षणमा सक्रियता | चुरे संरक्षण |
| फागुन २९ | गृहमन्त्रीको स्वागतयोग्य सन्देश | शान्तिसुरक्षा |
| फागुन ३० | मिर्गौला रोगविरुद्ध सक्रियता | मृगौला स्वास्थ्य |
| फागुन ३१ | - | - |
| फागुन ३२ | - | - |
| | | |
| चैत १ | शनिवार | |
| चैत २ | सद्भाव, मैत्री र उल्लासको पर्व फागु | फागु पर्व |
| चैत ३ | आर्थिक विकासको बाटो | अर्थतन्त्र |
| चैत ४ | विश्वकप क्रिकेटमा आशलाग्दो शुरुवात | विश्वकप क्रिकेट |
| चैत ५ | अर्थपूर्ण साझा कार्यक्रम | निर्वाचनपछि कार्यक्रम |
| चैत ६ | निर्मूल हुनैपर्छ, बालविवाहको कुप्रथा | बालविवाह कुप्रथा |
| चैत ७ | एसएलसी केही विचारणीय पक्ष | प्रवेशिका शिक्षा |
| चैत ८ | शनिवार | |
| चैत ९ | संविधानका लागि सहमति र सहकार्य | निर्वाचनपछि संविधान |
| चैत १० | पानी व्यवस्थापनको प्रश्न | खानेपानी व्यवस्थापन |
| चैत ११ | अर्थतन्त्र उकास्न एकता | निर्वाचनपछि अर्थतन्त्र |
| चैत १२ | सक्रियता बढाउन समन्वय समिति | निर्वाचनपछि समिति |
| चैत १३ | सहकारीले गुणात्मक फड्को मार्नुपर्छ | सहकारी |
| चैत १४ | शान्ति, संविधाननिम्ति शुभ कदम | निर्वाचनपछि संविधान |
| चैत १५ | शनिवार | |
| चैत १६ | प्रवेशिका परीक्षा प्रकरण | प्रवेशिका परीक्षा |
| चैत १७ | न्यायाधीश नियुक्तिको प्रसङ्ग | न्यायाधीश नियुक्ति |
| चैत १८ | कर्मचारीतन्त्रको दोहोरो चरित्र | दोहोरो कर्मचारीतन्त्र |
| चैत १९ | कृषि क्षेत्रको कटु यथार्थ | कृषिमा विकृति |
| चैत २० | राज्य मूकदर्शक बन्न मिल्दैन | शिक्षामा राज्य |
| चैत २१ | आगलागी घटनाका पाठहरू | आगलागी |
| चैत २२ | शनिवार | |
| चैत २३ | समर्पणको खाँचो | निर्वाचनपछि समर्पण |
| चैत २४ | स्थानीय निर्वाचनमा महिला | निर्वाचनमा महिला |
| चैत २५ | भ्रष्टाचारविरुद्ध सक्रियता | अख्तियारको सक्रियता |
| चैत २६ | निर्विकल्प कृषि र औद्योगिक क्रान्ति | कृषि र उद्योग |
| चैत २७ | सहमति, सहकार्य र एकताबाटै संविधान | निर्वाचनपछि संविधान |
| चैत २८ | विराटनगरका अवसर र चुनौती | विराटनगर |
| चैत २९ | शनिवार | |
| चैत ३० | आर्थिक विकासको बाटो | आर्थिक विकास |
| चैत ३१ | - | - |
| चैत ३२ | - | - |

परिशिष्ट २ क : कान्तिपुर

| सम्पादकीय शीर्षकमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्व | | |
|---|---|---|
| **महिना र गते** | **सम्पादकीय शीर्षक** | **बृहत् सङ्घटना** (२०७०) |
| बैशाख ३ | चुनाव सुनिश्चित गर | संविधानसभा निर्वाचन |
| बैशाख ५ | असन्तुष्टलाई समेट | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : २ | जम्मा : २७ वटा |
| जेठ २ | छरितो संविधानसभाको खाँचो | निर्वाचन |
| जेठ ५ | चुनावी प्रक्रियामा जाऊ | निर्वाचन |
| जेठ ९ | चुनावी तिथिको घोषणा | निर्वाचन |
| जेठ १४ | नआओस् त्यस्तो कालो दिन | विघटित संविधानसभा |
| जेठ २६ | सिद्धान्तहीन अभ्यास | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ५ | जम्मा : २७ वटा |
| असार २ | चुनावी चुनौती | निर्वाचन |
| असार ६ | चुनावी सुरक्षा | निर्वाचन |
| असार १३ | उत्तरतर्फ साझेदारी | निर्वाचन |
| असार १६ | आन्तरिक निर्वाचनको खाँचो | निर्वाचन |
| असार १९ | वैद्यहरू समेट्ने जिम्मा | निर्वाचन |
| असार २८ | अधुरो आचारसंहिता | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ७ | जम्मा : २६ वटा |
| साउन २ | चुनावबाट विषयान्तर नहोऊ | निर्वाचन |
| साउन ६ | विषयान्तर हुने जोखिम | निर्वाचन |
| साउन ९ | आचारसंहिता अनुगमनका चुनौती | निर्वाचन |
| साउन १४ | निर्वाचनमै एकोहोरिऔं | निर्वाचन |
| साउन १५ | राजनीतिक दलको चुनावी खर्च | निर्वाचन |
| साउन १६ | दलहरूको दस्ता मोह | निर्वाचन |
| साउन १७ | उग्रता छाडेर चुनावमा आऊ | निर्वाचन |
| साउन २४ | चुनावी दृढताको खाँचो | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ८ | जम्मा : २८ वटा |
| भदौ ४ | नेकपा-माओवादीप्रतिको अपेक्षा | निर्वाचन |
| भदौ ६ | चुनावले मागेको माहोल | निर्वाचन |
| भदौ १० | निर्वाचन प्रक्रियासँगै वार्ता | निर्वाचन |
| भदौ १३ | निर्वाचनमा सुरक्षा सुनिश्चितता | निर्वाचन |
| भदौ १४ | चन्दामा पारदर्शिता | निर्वाचन |
| भदौ २० | चुनावी तीव्रताका लागि तयारी | निर्वाचन |
| भदौ २५ | एक नेता, एक क्षेत्र | निर्वाचन |
| भदौ २८ | शीलतनिवासमा हुनुपर्ने छलफल | निर्वाचन |
| भदौ ३० | सहमतिका सम्भावना र चुनौती | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ९ | जम्मा : २६ वटा |
| असोज २ | चुकेको अवसर | निर्वाचन |
| असोज ३ | उम्मेदवार छनोटमा पारदर्शिता | निर्वाचन |
| असोज ७ | दलमा आन्तरिक किचलो | निर्वाचन |
| असोज ८ | उम्मेदवार छनोटमा युवा प्राथमिकता | निर्वाचन |
| असोज १३ | संविधानसभालाई सार्थक बनाउने सर्त | निर्वाचन |

| महिना र गते | सम्पादकीय शीर्षक | बृहत् सङ्घटना (२०७०) |
|---|---|---|
| असोज १७ | नेताहरूमा आत्मविश्वासको कमी | निर्वाचन |
| असोज १८ | निर्वाचनको रौनक | निर्वाचन |
| असोज २० | आलम प्रकरणपछिका सुरक्षा प्रश्न | निर्वाचन |
| असोज २२ | घोषणापत्र चाहियो | निर्वाचन |
| असोज २३ | महिला सहभागिताको मुद्दा | निर्वाचन |
| असोज २४ | चुनावी खर्चको अनुगमन | निर्वाचन |
| असोज ३१ | बन्दविरुद्ध प्रण (घोषणापत्र राप्रपा) | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : १२ | जम्मा : २३ वटा |
| कात्तिक ३ | आर्थिक पारदर्शिताको प्रश्न | निर्वाचन |
| कात्तिक ५ | सेना परिचालन र समन्वय | निर्वाचन |
| कात्तिक ६ | (आचारसंहिता) कार्यान्वयनमा कडाइ | निर्वाचन |
| कात्तिक ७ | आईएनजीओहरूको अनुगमन | निर्वाचन |
| कात्तिक १० | अस्थिरताको आरम्भ हुन हुन्न निर्वाचन | निर्वाचन |
| कात्तिक १२ | चुनावी सुरक्षाको व्यावहारिक पक्ष | निर्वाचन |
| कात्तिक १३ | समानुपातिकमा सावधानी | निर्वाचन |
| कात्तिक १४ | संविधानकै मुद्दामा केन्द्रित होऔं | निर्वाचन |
| कात्तिक १५ | पर्यवेक्षकको दायित्व | निर्वाचन |
| कात्तिक १७ | नेकपा-माओवादीलाई समेट्ने सवाल | निर्वाचन |
| कात्तिक २१ | निर्वाचनप्रति अन्तर्राष्ट्रिय ऐक्यबद्धता | निर्वाचन |
| कात्तिक २२ | दलित उपेक्षा | निर्वाचन |
| कात्तिक २४ | बन्द फिर्ता लेऊ | निर्वाचन |
| कात्तिक २५ | आशंका नगरौं, चुनावमै होमियौं | निर्वाचन |
| कात्तिक २६ | जनविरोधी क्रियाकलाप | निर्वाचन |
| कात्तिक २७ | चुनावमा बालबलिकाको दुरुपयोग | निर्वाचन |
| कात्तिक २८ | बम, बन्द र बहिष्कार | निर्वाचन |
| कात्तिक २९ | निर्वाचनमा प्रविधि प्रयोग | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन १८ | जम्मा : २२ वटा |
| मङ्सिर २ | प्रभावकारी पर्यवेक्षण आवश्यक | निर्वाचन |
| मङ्सिर ३ | मौन अवधिमा विशेष सतर्कता | निर्वाचन |
| मङ्सिर ४ | उच्च सुरक्षा सजगताको खाँचो | निर्वाचन |
| मङ्सिर ५ | कीर्तिमानी मतको कदर | निर्वाचन |
| मङ्सिर ६ | आर्थिक स्थायित्व आवश्यक | निर्वाचन |
| मङ्सिर ७ | एमाओवादीले गर्नै नहुने गल्ती | निर्वाचन |
| मङ्सिर ९ | एमाओवादी : संविधानसभा नछाड | निर्वाचन |
| मङ्सिर १० | कांग्रेस-एमालेको दायित्व | निर्वाचन |
| मङ्सिर ११ | परिवर्तनका कार्यसूचीलाई निरन्तरता | निर्वाचन |
| मङ्सिर १२ | बदर मत घटाउने चुनौती | निर्वाचन |
| मङ्सिर १३ | सफलतासँगै चुनौती | खेलकुद |
| मङ्सिर १४ | विभ्रमात्मक कूटनीतिक सक्रियता | निर्वाचन |
| मङ्सिर १६ | मङ्सिर ४ को मतादेश | निर्वाचन |
| मङ्सिर २० | लगानीका लागि स्थायित्व | निर्वाचन |
| मङ्सिर २४ | सहमतिको अग्रसरता | निर्वाचन |

| महिना र गते | सम्पादकीय शीर्षक | बृहत् सङ्घटना (२०७०) |
|---|---|---|
| मङ्सिर २६ | समानुपातिकको मापदण्ड | निर्वाचन |
| मङ्सिर ३० | जनतालाई निराश नपार | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन र निर्वाचन प्रयास १६ | जम्मा : २५ वटा | |
| पुस २ | अब नथपौं | निर्वाचन |
| पुस ३ | अराजकताको बाटो | निर्वाचन |
| पुस ८ | उच्चस्तरीय संयन्त्रको औचित्य | निर्वाचन |
| पुस १६ | समानुपातिक पद्धतिमा सुधार | निर्वाचन |
| पुस १८ | एमाओवादीको वैचारिक संकट | निर्वाचन |
| पुस २५ | संविधानसभाको बैठक बोलाऊ | निर्वाचन |
| पुस २९ | अब अलमल नगर | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन र निर्वाचन प्रभाव ८ | जम्मा : २६ वटा | |
| माघ १ | छब्बीस छनोटको अग्रसरता | निर्वाचन |
| माघ ८ | एक वर्षभित्र संविधान | निर्वाचन |
| माघ १२ | कांग्रेसको जिम्मेवारी | निर्वाचन |
| माघ १५ | सहमतिको अधिकतम प्रयास गर | निर्वाचन |
| माघ १६ | संविधानसभामा स्वामित्वको प्रश्न | निर्वाचन |
| माघ १९ | दलहरूमा आन्तरिक लोकतन्त्र | निर्वाचन |
| माघ २१ | कांग्रेस-एमाले सहमतिको आधार | निर्वाचन |
| माघ २३ | एमाले विवादको लोकतान्त्रिक व्यवस्थापन | निर्वाचन |
| माघ २८ | कोइरालाले पाएको कार्यादेश | निर्वाचन |
| माघ २९ | गैरदलीय सरकारको सफलता र शिक्षा | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन र निर्वाचन असर १० वटा | जम्मा : २५ वटा | |
| फागुन १ | चुस्त बन प्रधानमन्त्री | निर्वाचन |
| फागुन २ | असंवैधानिक आकांक्षा | निर्वाचन |
| फागुन ४ | कोइराला-अग्रसरताको खाँचो | निर्वाचन |
| फागुन ७ | फागुन ७को सान्दर्भिकता | निर्वाचन |
| फागुन ८ | सभाध्यक्षले सिक्नुपर्ने पाठ | निर्वाचन |
| फागुन ९ | मन्त्रिपरिषद्लाई पूर्णता देऊ | निर्वाचन |
| फागुन १२ | चुस्त समिति बनाऊ | निर्वाचन |
| फागुन १४ | चुस्त सरकारका आधार | निर्वाचन |
| फागुन २३ | राजदूत नियुक्तिमा तदारुकताको खाँचो | परराष्ट्र |
| फागुन २६ | संविधानसभालाई पूर्णता देऊ | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन र निर्वाचन प्रभाव ९ | जम्मा : २६ वटा | |
| चैत २ | महिला प्रतिनिधित्वमा बेवास्ता | निर्वाचन |
| चैत ४ | संविधान लेख्नलाई हुनुपर्छ सहकार्य | निर्वाचन |
| चैत ५ | संवैधानिक नियुक्तिमा कानुनी अड्चन | निर्वाचन |
| चैत १२ | कोइरालाले बढाउनुपर्ने गति | निर्वाचन |
| चैत १६ | संविधानसभाको निरन्तरता | निर्वाचन |
| चैत १८ | अवसर छँदै गर्नुपर्ने काम | निर्वाचन |
| चैत २१ | मन्त्रीका प्राथमिकता | निर्वाचन |
| चैत २३ | शीर्ष नेतृत्वको उदासीनता | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन र निर्वाचन प्रभाव : ८ | जम्मा : २५ वटा | |

परिशिष्ट २ ख : गोरखापत्र

| सम्पादकीय शीर्षकमा बृहत् सङ्घटनात्मक प्रतिनिधित्व | | |
|---|---|---|
| **महिना र गते** | **सम्पादकीय शीर्षक** | **बृहत् सङ्घटना** (२०७०) |
| बैशाख ४ | सकारात्मक दिशामा सरकार | संविधानसभा निर्वाचन |
| बैशाख ५ | द्वन्द्वरतहरू निर्वाचनमा आउँदै | निर्वाचन |
| बैशाख १० | सरकार र दलहरूको संयुक्त पहल | निर्वाचन |
| बैशाख १७ | अनुकूल चुनावी वातावरणको अपेक्षा | निर्वाचन |
| बैशाख १९ | दर्तामा पहिलो बन्ने कि परिणाममा ? | निर्वाचन |
| बैशाख ३० | आवश्यकता चुनावी वातावरणको | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ६ | जम्मा : २६ वटा |
| जेठ १ | ब्रेललिपिमा मतपत्र | निर्वाचन |
| जेठ २ | चुनावका लागि सक्रियता | निर्वाचन |
| जेठ ८ | विवाद नबढाउनुमै सर्वोपरि हित | निर्वाचन |
| जेठ १९ | दल दर्ता म्याद थपको सम्भावना | निर्वाचन |
| जेठ २२ | निर्वाचनप्रति सरकारको गम्भीरता | निर्वाचन |
| जेठ २९ | सरकारलाई मार्ग प्रशस्त | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ६ | जम्मा : २७ वटा |
| असार २ | चुनावप्रति सरकारको प्रतिबद्धता | निर्वाचन |
| असार ७ | निर्वाचनको तयारीमा तीव्रता | निर्वाचन |
| असार ११ | सरकारका सफल सय दिन | निर्वाचन |
| असार २० | निर्वाचन क्षेत्र निर्धारण आयोगसँगको अपेक्षा | निर्वाचन |
| असार २४ | असन्तुष्टसँग विवाद | निर्वाचन |
| असार २६ | चुनावमा लागि वार्ता | निर्वाचन |
| असार २७ | निर्वाचनप्रति छिमेकीको ऐक्यबद्धता | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ७ | जम्मा : २६ वटा |
| साउन ३ | मतदाता दर्ता म्याद थप्नुपर्ने | निर्वाचन |
| साउन ९ | आचारसंहिता कार्यान्वयन | निर्वाचन |
| साउन १६ | निर्वाचनमा सुरक्षा प्रत्याभूति | निर्वाचन |
| साउन १८ | चुनावका लागि वार्ता | निर्वाचन |
| साउन २४ | सहमतिमा पुग्नैपर्ने वाध्यता | निर्वाचन |
| साउन २८ | निर्वाचनमा सञ्चार | निर्वाचन |
| साउन ३० | निर्वाचनमा युवा | निर्वाचन |
| साउन ३२ | वार्ताको परिणामको प्रतीक्षा | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ८ | जम्मा : २८ वटा |
| भदौ २ | नामावली दर्तामा सावधानी | निर्वाचन |
| भदौ १० | वार्तामा विराम नलागोस् | निर्वाचन |
| भदौ १३ | दलहरूको सक्रियता | निर्वाचन |
| भदौ १७ | निर्वाचनको तयारीमा दलहरू | निर्वाचन |
| भदौ २५ | निर्वाचनमा सुरक्षा | निर्वाचन |
| भदौ २८ | सहमतिको वैधानिकीकरण | निर्वाचन |
| भदौ ३० | सकारात्मक परिणामको आशा | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : | निर्वाचन : ७ | जम्मा : २६ वटा |
| असोज ६ | निर्वाचनका लागि शान्ति | निर्वाचन |

| महिना र गते | सम्पादकीय शीर्षक | बृहत् सङ्घटना (२०७०) |
|---|---|---|
| असोज ९ | सुरक्षित निर्वाचनका लागि सेना | निर्वाचन |
| असोज १० | योग्य उम्मेदवारको चयन | निर्वाचन |
| असोज ११ | निर्वाचन र कूटनीतिक मर्यादा | निर्वाचन |
| असोज १५ | सहमतिका लागि अर्को प्रयास | निर्वाचन |
| असोज १६ | निर्वाचन प्रक्रिया शुरू | निर्वाचन |
| असोज १८ | निर्वाचनमा सञ्चारको भूमिका | निर्वाचन |
| असोज २१ | समावेशी प्रतिनिधित्व | निर्वाचन |
| असोज २२ | विद्रोही उम्मेदवार | निर्वाचन |
| असोज २४ | मितव्ययी चुनाव | निर्वाचन |
| असोज ३१ | संस्कृति र राजनीतिको मौसम | चाडबाड र निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन : ११ | जम्मा : २३ वटा | |
| कात्तिक ६ | आचारसंहिताको सम्मान | नि. आचारसंहिता |
| कात्तिक ८ | समानुपातिक उम्मेदवारी प्रसङ्ग | निर्वाचन |
| कात्तिक १० | चुनावी सुरक्षाको चुनौती | निर्वाचन |
| कात्तिक १२ | विश्वसनीय सुरक्षा व्यवस्था | निर्वाचन |
| कात्तिक १३ | निर्वाचन पर्यवेक्षणको औचित्य | निर्वाचन |
| कात्तिक १४ | निर्वाचनप्रति भरोसा | निर्वाचन |
| कात्तिक १५ | घोषणापत्रको कार्यान्वयन | निर्वाचन |
| कात्तिक १७ | चुनावी प्रचार र सञ्चारको सम्मान | निर्वाचन |
| कात्तिक २१ | राजनीतिक पर्वको उत्कर्ष | निर्वाचन |
| कात्तिक २२ | चुनावप्रति अन्तर्राष्ट्रिय चासो | निर्वाचन |
| कात्तिक २५ | कुनै पनि अवरोध अस्वीकार्य | निर्वाचन/बन्द |
| कात्तिक २६ | चुनावमा बालबालिकाको दुरुपयोग | निर्वाचन |
| कात्तिक २७ | जनताबाट बहिष्कृत बन्द | निर्वाचन |
| कात्तिक २८ | घरदैलोमा मतदान शिक्षा | निर्वाचन |
| कात्तिक २९ | बन्द, हडतालविरुद्ध शान्तिपूर्ण आग्रह | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन : १५ वटा | जम्मा : २१ वटा | |
| मङ्सिर ३ | आचार संहिताको सम्मान | निर्वाचन |
| मङ्सिर ४ | मतदान अधिकार र दायित्व | निर्वाचन |
| मङ्सिर ५ | सम्पन्न निर्वाचनको सन्देश | निर्वाचन |
| मङ्सिर ६ | दलहरूको दायित्व | निर्वाचन |
| मङ्सिर ७ | लैङ्गिकमैत्री निर्वाचन | निर्वाचन |
| मङ्सिर ९ | जनादेशको सम्मान | निर्वाचन |
| मङ्सिर १० | मतदानमा यथार्थ जनादेश | निर्वाचन |
| मङ्सिर ११ | सकारात्मक आर्थिक सन्देश | निर्वाचन |
| मङ्सिर १३ | समावेशी प्रतिनिधित्व | निर्वाचन |
| मङ्सिर १६ | दल दर्ताको बाढी किन ? | निर्वाचन |
| मङ्सिर २६ | सेनाको प्रशंसनीय भूमिका | निर्वाचन |
| मङ्सिर २७ | सकारात्मक कदमको अपेक्षा | निर्वाचन/समानुपातिक |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचनपछिको प्रभाव १२ वटा | जम्मा : २५ वटा | |
| पुस १ | निर्वाचन कम खर्चिलो बनाउन जरुरी | निर्वाचन |
| पुस २ | अब व्यर्थमा समय नगुमाऔं | निर्वाचन |
| पुस ३ | मुलुकको आवश्यकता द्वन्द्व समाप्ति | निर्वाचन |
| पुस ४ | केन्द्रविन्दु संविधान बनाऊ ! | निर्वाचन |

| महिना र गते | सम्पादकीय शीर्षक | बृहत् सङ्घटना (२०७०) |
|---|---|---|
| पुस ९ | दलहरूबीच सकारात्मक पहल | निर्वाचन |
| पुस ११ | आवश्यकता सहमति कार्यान्वयनको | निर्वाचन |
| पुस १८ | समानुपातिक प्रतिनिधित्वमा विवाद | निर्वाचन |
| पुस २१ | सर्वोच्चको व्याख्या अपेक्षित | निर्वाचन/गठन |
| पुस २३ | अस्वीकार गर्न पाउने अधिकार | निर्वाचन |
| पुस २९ | बैठकका लागि मार्गप्रशस्त | निर्वाचन |
| पुस ३० | राजनीति र अदालत | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचनपछिको प्रभाव ११ वटा | जम्मा : २६ वटा | |
| माघ ३ | फेरि पनि पदकै मोह ! | निर्वाचन (नेका) |
| माघ ८ | एक मात्र ध्येय संविधान निर्माण | निर्वाचन |
| माघ १४ | सहमतीय सरकार जरुरी | निर्वाचन |
| माघ १७ | स्वामित्व ग्रहणको औचित्य | निर्वाचन |
| माघ २१ | बहुमतीय सरकारका लागि पहल | निर्वाचन |
| माघ २८ | कोइरालालाई सफलताको कामना | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : ६ वटा निर्वाचन | जम्मा : २५ वटा | |
| फागुन १ | भागबन्डा होइन, जनताको हित | निर्वाचन |
| फागुन ७ | प्रजातन्त्र दिवसको सन्देश | प्रजातन्त्र दिवस |
| फागुन ८ | सकारात्मक लक्षण | निर्वाचन |
| फागुन ११ | बेसमयको गाईजात्रा रोक ! | निर्वाचन |
| फागुन १३ | अबको अर्जुनदृष्टि केवल संविधानप्रति | निर्वाचन |
| फागुन १५ | विस्तारित मन्त्रिपरिषद्बाट अपेक्षा | निर्वाचन |
| फागुन २३ | स्थानीय निर्वाचनको सुरसार | स्थानीय निर्वाचन |
| फागुन २७ | समय खेर नफालियोस् ! | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन ५ | जम्मा : २६ वटा | |
| चैत ५ | अर्थपूर्ण साझा कार्यक्रम | निर्वाचन |
| चैत ९ | संविधानका लागि सहमति र सहकार्य | निर्वाचन |
| चैत ११ | अर्थतन्त्र उकास्न एकता | निर्वाचन |
| चैत १२ | सक्रियता बढाउन समन्वय समिति | निर्वाचन |
| चैत १४ | शान्ति, संविधाननिम्ति शुभ कदम | निर्वाचन |
| चैत २३ | समर्पणको खाँचो | निर्वाचन |
| चैत २४ | स्थानीय निर्वाचनमा महिला | स्थानीय निर्वाचन |
| चैत २७ | सहमति, सहकार्य र एकताबाटै संविधान | निर्वाचन |
| सर्वाधिक प्रतिनिधित्व : निर्वाचन ८ | जम्मा : २५ वटा | |

परिशिष्ट ३ : एकीकृत

| संविधानसभा निर्वाचन-२०७० को वृहत् सङ्घटनासँग सन्दर्भित सम्पादकीयहरू | | | |
|---|---|---|---|
| **क्र.सं.** | **महिना र गते** | **शीर्षस्थ सङ्कथनांशको समुच्चय** | **पाठ सङ्केत** |
| १ | बैशाख ३ | चुनाव सुनिश्चित गर | क१ |
| २ | बैशाख ४ | सकारात्मक दिशामा सरकार | ख१ |
| ३ | बैशाख ५ | असन्तुष्टलाई समेट | क२ |
| ४ | बैशाख ५ | द्वन्द्वरतहरू निर्वाचनमा आउँदै | ख२ |
| ५ | बैशाख १० | सरकार र दलहरूको संयुक्त पहल | ख३ |
| ६ | बैशाख १७ | अनुकूल चुनावी वातावरणको अपेक्षा | ख४ |
| ७ | बैशाख १९ | दर्तामा पहिलो बन्ने कि परिणाममा ? | ख५ |
| ८ | बैशाख ३० | आवश्यकता चुनावी वातावरणको | ख६ |
| ९ | जेठ १ | ब्रेललिपिमा मतपत्र | ख७ |
| १० | जेठ २ | छरितो संविधानसभाको खाँचो | क३ |
| ११ | जेठ २ | चुनावका लागि सक्रियता | ख८ |
| १२ | जेठ ५ | चुनावी प्रक्रियामा जाऊ | क४ |
| १३ | जेठ ८ | विवाद नबढाउनुमै सर्वोपरि हित | ख९ |
| १४ | जेठ ९ | चुनावी तिथिको घोषणा | क५ |
| १५ | जेठ १४ | नआओस् त्यस्तो कालो दिन | क६ |
| १६ | जेठ १९ | दल दर्ता म्याद थपको सम्भावना | ख१० |
| १७ | जेठ २२ | निर्वाचनप्रति सरकारको गम्भीरता | ख११ |
| १८ | जेठ २६ | सिद्धान्तहीन अभ्यास | क७ |
| १९ | जेठ २९ | सरकारलाई मार्ग प्रशस्त | ख१२ |
| २० | असार २ | चुनावी चुनौती | क८ |
| २१ | असार २ | चुनावप्रति सरकारको प्रतिबद्धता | ख१३ |
| २२ | असार ३ | नेतृत्वमा नयाँ पुस्ता | क९ |
| २३ | असार ६ | चुनावी सुरक्षा | क१० |
| २४ | असार ७ | निर्वाचनको तयारीमा तीव्रता | ख१४ |
| २५ | असार ११ | सरकारका सफल सय दिन | ख१५ |
| २६ | असार १३ | उत्तरतर्फ साझेदारी | क११ |
| २७ | असार १६ | आन्तरिक निर्वाचनको खाँचो | क१२ |
| २८ | असार १९ | वैद्यहरू समेट्ने जिम्मा | क१३ |
| २९ | असार २० | निर्वाचन क्षेत्र निर्धारण आयोगसँगको अपेक्षा | ख१६ |
| ३० | असार २४ | असन्तुष्टसँग विवाद | ख१७ |
| ३१ | असार २६ | चुनावमा लागि वार्ता | ख१८ |
| ३२ | असार २७ | निर्वाचनप्रति छिमेकीको ऐक्यबद्धता | ख१९ |
| ३३ | असार २८ | अधुरो आचारसंहिता | क१४ |
| ३४ | साउन २ | चुनावबाट विषयान्तर नहोऊ | क१५ |
| ३५ | साउन ३ | मतदाता दर्ता म्याद थप्नुपर्ने | ख२० |
| ३६ | साउन ६ | विषयान्तर हुने जोखिम | क१६ |
| ३७ | साउन ९ | आचारसंहिता अनुगमनका चुनौती | क१७ |
| ३८ | साउन ९ | आचारसंहिता कार्यान्वयन | ख२१ |
| ३९ | साउन १४ | निर्वाचनमै एकोहोरिऔं | क१८ |
| ४० | साउन १५ | राजनीतिक दलको चुनावी खर्च | क१९ |

| क्र.सं. | महिना र गते | शीर्षस्थ सङ्कथनांशको समुच्चय | पाठ सङ्केत |
|---|---|---|---|
| ४१ | साउन १६ | दलहरूको दस्ता मोह | क२० |
| ४२ | साउन १६ | निर्वाचनमा सुरक्षा प्रत्याभूति | ख२२ |
| ४३ | साउन १७ | उग्रता छाडेर चुनावमा आऊ | क२१ |
| ४४ | साउन १८ | चुनावका लागि वार्ता | ख२३ |
| ४५ | साउन २४ | चुनावी दृढताको खाँचो | क२२ |
| ४६ | साउन २४ | सहमतिमा पुग्नैपर्ने बाध्यता | ख२४ |
| ४७ | साउन २८ | निर्वाचनमा सञ्चार | ख२५ |
| ४८ | साउन ३० | निर्वाचनमा युवा | ख२६ |
| ४९ | साउन ३२ | वार्ताको परिणामको प्रतीक्षा | ख२७ |
| ५० | भदौ २ | नामावली दर्तामा सावधानी | ख२८ |
| ५१ | भदौ ४ | नेकपा-माओवादीप्रतिको अपेक्षा | क२३ |
| ५२ | भदौ ६ | चुनावले मागेको माहोल | क२४ |
| ५३ | भदौ १० | निर्वाचन प्रक्रियासँगै वार्ता | क२५ |
| ५४ | भदौ १० | वार्तामा विराम नलागोस् | ख२९ |
| ५५ | भदौ १३ | निर्वाचनमा सुरक्षा सुनिश्चितता | क२६ |
| ५६ | भदौ १३ | दलहरूको सक्रियता | ख३० |
| ५७ | भदौ १४ | चन्दामा पारदर्शिता | क२७ |
| ५८ | भदौ १७ | निर्वाचनको तयारीमा दलहरू | ख३१ |
| ५९ | भदौ २० | चुनावी तीव्रताका लागि तयारी | क२८ |
| ६० | भदौ २५ | एक नेता, एक क्षेत्र | क२९ |
| ६१ | भदौ २५ | निर्वाचनमा सुरक्षा | ख३२ |
| ६२ | भदौ २८ | शीलतनिवासमा हुनुपर्ने छलफल | क३० |
| ६३ | भदौ २८ | सहमतिको वैधानिकीकरण | ख३३ |
| ६४ | भदौ ३० | सहमतिका सम्भावना र चुनौती | क३१ |
| ६५ | भदौ ३० | सकारात्मक परिणामको आशा | ख३४ |
| ६६ | असोज २ | चुकेको अवसर | क३२ |
| ६७ | असोज ३ | उम्मेदवार छनोटमा पारदर्शिता | क३३ |
| ६८ | असोज ६ | निर्वाचनका लागि शान्ति | ख३५ |
| ६९ | असोज ७ | दलमा आन्तरिक किचलो | क३४ |
| ७० | असोज ८ | उम्मेदवार छनोटमा युवा प्राथमिकता | क३५ |
| ७१ | असोज ९ | सुरक्षित निर्वाचनका लागि सेना | ख३६ |
| ७२ | असोज १० | योग्य उम्मेदवारको चयन | ख३७ |
| ७३ | असोज ११ | निर्वाचन र कूटनीतिक मर्यादा | ख३८ |
| ७४ | असोज १३ | संविधानसभालाई सार्थक बनाउने सर्त | क३६ |
| ७५ | असोज १५ | सहमतिका लागि अर्को प्रयास | ख३९ |
| ७६ | असोज १६ | निर्वाचन प्रक्रिया शुरू | ख४० |
| ७७ | असोज १७ | नेताहरूमा आत्मविश्वासको कमी | क३७ |
| ७८ | असोज १८ | निर्वाचनको रौनक | क३८ |
| ७९ | असोज १८ | निर्वाचनमा सञ्चारको भूमिका | ख४१ |
| ८० | असोज २० | आलम प्रकरणपछिका सुरक्षा प्रश्न | क३९ |
| ८१ | असोज २१ | समावेशी प्रतिनिधित्व | ख४२ |
| ८२ | असोज २२ | घोषणापत्र चाहियो | क४० |
| ८३ | असोज २२ | विद्रोही उम्मेदवार | ख४३ |
| ८४ | असोज २३ | महिला सहभागिताको मुद्दा | क४१ |

| क्र.सं. | महिना र गते | शीर्षस्थ सङ्कथनांशको समुच्चय | पाठ सङ्केत |
|---|---|---|---|
| ८५ | असोज २४ | चुनावी खर्चको अनुगमन | क४२ |
| ८६ | असोज २४ | मितव्ययी चुनाव | ख४४ |
| ८७ | असोज ३१ | बन्दविरुद्ध प्रण | क४३ |
| ८८ | असोज ३१ | संस्कृति र राजनीतिको मौसम | ख४५ |
| ८९ | कात्तिक ३ | आर्थिक पारदर्शिताको प्रश्न | क४४ |
| ९० | कात्तिक ५ | सेना परिचालन र समन्वय | क४५ |
| ९१ | कात्तिक ६ | कार्यान्वयनमा कडाइ | क४६ |
| ९२ | कात्तिक ६ | आचारसंहिताको सम्मान | ख४६ |
| ९३ | कात्तिक ७ | आईएनजीओहरूको अनुगमन | क४७ |
| ९४ | कात्तिक ८ | समानुपातिक उम्मेदवारी प्रसङ्ग | ख४७ |
| ९५ | कात्तिक १० | अस्थिरताको आरम्भ हुन हुन्न निर्वाचन | क४८ |
| ९६ | कात्तिक १० | चुनावी सुरक्षाको चुनौती | ख४८ |
| ९७ | कात्तिक १२ | चुनावी सुरक्षाको व्यावहारिक पक्ष | क४९ |
| ९८ | कात्तिक १२ | विश्वसनीय सुरक्षा व्यवस्था | ख४९ |
| ९९ | कात्तिक १३ | समानुपातिकमा सावधानी | क५० |
| १०० | कात्तिक १३ | निर्वाचन पर्यवेक्षणको औचित्य | ख५० |
| १०१ | कात्तिक १४ | संविधानकै मुद्दामा केन्द्रित होऔं | क५१ |
| १०२ | कात्तिक १४ | निर्वाचनप्रति भरोसा | ख५१ |
| १०३ | कात्तिक १५ | पर्यवेक्षकको दायित्व | क५२ |
| १०४ | कात्तिक १५ | घोषणापत्रको कार्यान्वयन | ख५२ |
| १०५ | कात्तिक १७ | नेकपा-माओवादीलाई समेट्ने सवाल | क५३ |
| १०६ | कात्तिक १७ | चुनावी प्रचार र सञ्चारको सम्मान | ख५३ |
| १०७ | कात्तिक २१ | निर्वाचनप्रति अन्तर्राष्ट्रिय ऐक्यबद्धता | क५४ |
| १०८ | कात्तिक २१ | राजनीतिक पर्वको उत्कर्ष | ख५४ |
| १०९ | कात्तिक २२ | दलित उपेक्षा | क५५ |
| ११० | कात्तिक २२ | चुनावप्रति अन्तर्राष्ट्रिय चासो | ख५५ |
| १११ | कात्तिक २४ | बन्द फिर्ता लेऊ | क५६ |
| ११२ | कात्तिक २५ | आशंका नगरौं, चुनावमै होमियौं | क५७ |
| ११३ | कात्तिक २५ | कुनै पनि अवरोध अस्वीकार्य | ख५६ |
| ११४ | कात्तिक २६ | जनविरोधी क्रियाकलाप | क५८ |
| ११५ | कात्तिक २६ | चुनावमा बालबालिकाको दुरुपयोग | ख५७ |
| ११६ | कात्तिक २७ | चुनावमा बालबलिकाको दुरुपयोग | क५९ |
| ११७ | कात्तिक २७ | जनताबाट बहिष्कृत बन्द | ख५८ |
| ११८ | कात्तिक २८ | बम, बन्द र बहिष्कार | क६० |
| ११९ | कात्तिक २८ | घरदैलोमा मतदान शिक्षा | ख५९ |
| १२० | कात्तिक २९ | निर्वाचनमा प्रविधि प्रयोग | क६१ |
| १२१ | कात्तिक २९ | बन्द, हडतालविरुद्ध शान्तिपूर्ण आग्रह | ख६० |
| १२२ | मङ्सिर २ | प्रभावकारी पर्यवेक्षण आवश्यक | क६२ |
| १२३ | मङ्सिर ३ | मौन अवधिमा विशेष सतर्कता | क६३ |
| १२४ | मङ्सिर ३ | आचार संहिताको सम्मान | ख६१ |
| १२५ | मङ्सिर ४ | उच्च सुरक्षा सजगताको खाँचो | क६४ |
| १२६ | मङ्सिर ४ | मतदान अधिकार र दायित्व | ख६२ |
| १२७ | मङ्सिर ५ | कीर्तिमानी मतको कदर | क६५ |
| १२८ | मङ्सिर ५ | सम्पन्न निर्वाचनको सन्देश | ख६३ |

| क्र.सं. | महिना र गते | शीर्षस्थ सङ्कथनांशको समुच्चय | पाठ सङ्केत |
|---|---|---|---|
| १२९ | मङ्सिर ६ | आर्थिक स्थायित्व आवश्यक | क६६ |
| १३० | मङ्सिर ६ | दलहरूको दायित्व | ख६४ |
| १३१ | मङ्सिर ७ | एमाओवादीले गर्नै नहुने गल्ती | क६७ |
| १३२ | मङ्सिर ७ | लैङ्गिकमैत्री निर्वाचन | ख६५ |
| १३३ | मङ्सिर ९ | एमाओवादी : संविधानसभा नछाड | क६८ |
| १३४ | मङ्सिर ९ | जनादेशको सम्मान | ख६६ |
| १३५ | मङ्सिर १० | कांग्रेस-एमालेको दायित्व | क६९ |
| १३६ | मङ्सिर १० | मतदानमा यथार्थ जनादेश | ख६७ |
| १३७ | मङ्सिर ११ | परिवर्तनका कार्यसूचीलाई निरन्तरता | क७० |
| १३८ | मङ्सिर ११ | सकारात्मक आर्थिक सन्देश | ख६८ |
| १३९ | मङ्सिर १२ | बदर मत घटाउने चुनौती | क७१ |
| १४० | मङ्सिर १३ | समावेशी प्रतिनिधित्व | ख६९ |
| १४१ | मङ्सिर १४ | विभ्रमात्मक कूटनीतिक सक्रियता | क७२ |
| १४२ | मङ्सिर १६ | मङ्सिर ४ को मतादेश | क७३ |
| १४३ | मङ्सिर १६ | दल दर्ताको बाढी किन ? | ख७० |
| १४४ | मङ्सिर २० | लगानीका लागि स्थायित्व | क७४ |
| १४५ | मङ्सिर २४ | सहमतिको अग्रसरता | क७५ |
| १४६ | मङ्सिर २६ | समानुपातिकको मापदण्ड | क७६ |
| १४७ | मङ्सिर २६ | सेनाको प्रशंसनीय भूमिका | ख७१ |
| १४८ | मङ्सिर २७ | सकारात्मक कदमको अपेक्षा | ख७२ |
| १४९ | मङ्सिर ३० | जनतालाई निराश नपार | क७७ |
| १५० | पुस १ | निर्वाचन कम खर्चिलो बनाउन जरुरी | ख७३ |
| १५१ | पुस २ | अब नथपौं | क७८ |
| १५२ | पुस २ | अब व्यर्थमा समय नगुमाऔं | ख७४ |
| १५३ | पुस ३ | अराजकताको बाटो | क७९ |
| १५४ | पुस ३ | मुलुकको आवश्यकता द्वन्द्व समाप्ति | ख७५ |
| १५५ | पुस ४ | केन्द्रविन्दु संविधान बनाऊ ! | ख७६ |
| १५६ | पुस ८ | उच्चस्तरीय संयन्त्रको औचित्य | क८० |
| १५७ | पुस ९ | दलहरूबीच सकारात्मक पहल | ख७७ |
| १५८ | पुस १० | अब अलमल नगर | क८१ |
| १५९ | पुस ११ | आवश्यकता सहमति कार्यान्वयनको | ख७८ |
| १६० | पुस १६ | समानुपातिक पद्धतिमा सुधार | क८२ |
| १६१ | पुस १८ | एमाओवादीको वैचारिक संकट | क८३ |
| १६२ | पुस १८ | समानुपातिक प्रतिनिधित्वमा विवाद | ख७९ |
| १६३ | पुस २१ | सर्वोच्चको व्याख्या अपेक्षित | ख८० |
| १६४ | पुस २३ | अस्वीकार गर्न पाउने अधिकार | ख८१ |
| १६५ | पुस २५ | संविधानसभाको बैठक बोलाऊ | क८४ |
| १६६ | पुस २९ | अब अलमल नगर | क८५ |
| १६७ | पुस २९ | बैठकका लागि मार्गप्रशस्त | ख८२ |
| १६८ | पुस ३० | राजनीति र अदालत | ख८३ |
| १६९ | माघ १ | छब्बीस छनोटको अग्रसरता | क८६ |
| १७० | माघ ३ | फेरि पनि पदकै मोह ! | ख८४ |
| १७१ | माघ ८ | एक वर्षभित्र संविधान | क८७ |
| १७२ | माघ ८ | एक मात्र ध्येय संविधान निर्माण | ख८५ |

| क्र.सं. | महिना र गते | शीर्षस्थ सङ्कथनांशको समुच्चय | पाठ सङ्केत |
|---|---|---|---|
| १७३ | माघ १२ | कांग्रेसको जिम्मेवारी | क८८ |
| १७४ | माघ १४ | सहमतीय सरकार जरुरी | ख८६ |
| १७५ | माघ १५ | सहमतिको अधिकतम प्रयास गर | क८९ |
| १७६ | माघ १६ | संविधानसभामा स्वामित्वको प्रश्न | क९० |
| १७७ | माघ १७ | स्वामित्व ग्रहणको औचित्य | ख८७ |
| १७८ | माघ १९ | दलहरूमा आन्तरिक लोकतन्त्र | क९१ |
| १७९ | माघ २१ | कांग्रेस-एमाले सहमतिको आधार | क९२ |
| १८० | माघ २१ | बहुमतीय सरकारका लागि पहल | ख८८ |
| १८१ | माघ २३ | एमाले विवादको लोकतान्त्रिक व्यवस्थापन | क९३ |
| १८२ | माघ २८ | कोइरालाले पाएको कार्यादेश | क९४ |
| १८३ | माघ २८ | कोइरालालाई सफलताको कामना | ख८९ |
| १८४ | माघ २९ | गैरदलीय सरकारको सफलता र शिक्षा | क९५ |
| १८५ | फागुन १ | चुस्त बन प्रधानमन्त्री | क९६ |
| १८६ | फागुन १ | भागबन्डा होइन, जनताको हित | ख९० |
| १८७ | फागुन २ | असंवैधानिक आकांक्षा | क९७ |
| १८८ | फागुन ४ | कोइराला-अग्रसरताको खाँचो | क९८ |
| १८९ | फागुन ७ | फागुन ७को सान्दर्भिकता | क९९ |
| १९० | फागुन ७ | प्रजातन्त्र दिवसको सन्देश | ख९१ |
| १९१ | फागुन ८ | सभाध्यक्षले सिक्नुपर्ने पाठ | क१०० |
| १९२ | फागुन ८ | सकारात्मक लक्षण | ख९२ |
| १९३ | फागुन ९ | मन्त्रिपरिषद्लाई पूर्णता देऊ | क१०१ |
| १९४ | फागुन ११ | बेसमयको गाईजात्रा रोक ! | ख९३ |
| १९५ | फागुन १२ | चुस्त समिति बनाऊ | क१०२ |
| १९६ | फागुन १३ | अबको अर्जुनदृष्टि केवल संविधानप्रति | ख९४ |
| १९७ | फागुन १४ | चुस्त सरकारका आधार | क१०३ |
| १९८ | फागुन १५ | विस्तारित मन्त्रिपरिषद्बाट अपेक्षा | ख९५ |
| १९९ | फागुन २३ | स्थानीय निर्वाचनको सुरसार | ख९६ |
| २०० | फागुन २६ | संविधानसभालाई पूर्णता देऊ | क१०४ |
| २०१ | फागुन २७ | समय खेर नफालियोस् ! | ख९७ |
| २०२ | चैत २ | महिला प्रतिनिधित्वमा बेवास्ता | क१०५ |
| २०३ | चैत ४ | संविधान लेख्नलाई हुनुपर्छ सहकार्य | क१०६ |
| २०४ | चैत ५ | संवैधानिक नियुक्तिमा कानुनी अड्चन | क१०७ |
| २०५ | चैत ५ | अर्थपूर्ण साझा कार्यक्रम | ख९८ |
| २०६ | चैत ९ | संविधानका लागि सहमति र सहकार्य | ख९९ |
| २०७ | चैत ११ | अर्थतन्त्र उकास्न एकता | ख१०० |
| २०८ | चैत १२ | कोइरालाले बढाउनुपर्ने गति | क१०८ |
| २०९ | चैत १२ | सक्रियता बढाउन समन्वय समिति | ख१०१ |
| २१० | चैत १४ | शान्ति, संविधाननिम्ति शुभ कदम | ख१०२ |
| २११ | चैत १६ | संविधानसभाको निरन्तरता | क१०९ |
| २१२ | चैत १८ | अवसर छँदै गर्नुपर्ने काम | क११० |
| २१३ | चैत २१ | मन्त्रीका प्राथमिकता | क१११ |

| क्र.सं. | महिना र गते | शीर्षस्थ सङ्कथनांशको समुच्चय | पाठ सङ्केत |
|---|---|---|---|
| २१४ | चैत २३ | शीर्ष नेतृत्वको उदासीनता | क११२ |
| २१५ | चैत २३ | समर्पणको खाँचो | ख१०३ |
| २१६ | चैत २४ | स्थानीय निर्वाचनमा महिला | ख१०४ |
| २१७ | चैत २७ | सहमति, सहकार्य र एकताबाटै संविधान | ख१०५ |

परिशिष्ट ४

# विश्लेषणका लागि छानिएका अनुच्छेदहरू

**अघिल्लो छ महिनाका सम्पादकीयका उदाहरणहरू**

(१) सरकारले ढिलै भए पनि जारी राजनीतिक प्रक्रियाप्रति असहमति जनाउँदै यथास्थितिमा संविधानसभाको निर्वाचनमा सहभागी नहुने अडान राखेका दलहरूसँग वार्ताको औपचारिक प्रक्रिया अगाडि बढाएको छ । कतिपय दलले सरकारको आह्वानलाई सकारात्मक रूपमा लिएका छन् । असारमा निर्वाचनको सम्भावना टरेपछि चैत १ मा अन्तरिम संविधानमा फुकाइएको २५ बुँदे बाधा-अड्काउको प्रावधानअनुसार पनि मंसिरभित्र निर्वाचन गराउनैपर्ने बाध्यता सरकारसामु छ । असारमै निर्वाचन गर्ने भनेर बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन भएको थियो । सार्वजनिक रूपमा रेग्मीको नाम प्रस्ताव गर्ने पहिलो पार्टी एमाओवादीले असारमा निर्वाचनको मिति नतोकेकोमा सरकारप्रति असन्तुष्टि जनाइसकेको छ । निर्वाचनकै लागि बनाइएकाले समय घर्किंदै जाँदा सरकारको विश्वसनीयतामा पनि कमी आउँछ । गठनको एक महिना बित्दासमेत सरकारले निर्वाचन केन्द्रित तदारुकता देखाउन नसक्दा आशंका बढेको छ । त्यसैले कात्तिक-मंसिरमै निर्वाचन गर्ने हुँदा पनि त्यसको माहोल दिनप्रतिदिन बढाउँदै लगेर सबैलाई आश्वस्त पार्नु सरकारको दायित्व हो । (क२) ('असन्तुष्टलाई समेट' शीर्षकका पाँचमध्ये पहिलो अनुच्छेद)

(२) तराई क्षेत्रमा विगतमा सशस्त्र द्वन्द्वरत भूमिगत सङ्गठनहरू प्रस्तावित संविधानसभाको निर्वाचनमा शान्तिपूर्ण तवरले सहभागी हुने भएका छन् । उनीहरूले सरकारसँगको वार्तामा हातहतियार बुझाउँदै आफूहरू निर्वाचनमा सहभागी हुने तयारीमा रहेका बताएका छन् । जनतामा विश्वास गर्नेहरूले निर्वाचनलाई जनतासँग आफ्ना भनाइ राख्ने र जनमत लिने अवसरका रूपमा प्रयोग गर्दछन् । सशस्त्र द्वन्द्वमा रहेकाहरू निर्वाचनमा आउनुलाई प्रजातन्त्रको जीत भनेर बुझ्न सकिन्छ । आफ्ना कुरा शान्तिपूर्ण तवरले जनतामा राख्न पाउँदासम्म विद्रोह द्वन्द्व औचित्यहीन ठहरिन्छन् । निर्वाचनमार्फत आफ्ना कुरा जनतामा राख्न सकिने भएकाले प्रजातन्त्रमा सशस्त्र विद्रोहको औचित्य रहँदैन । द्वन्द्वमा संलग्नहरूले ढिलोचाँडो यस्तो सत्य अनुभव गरेपछि हतियार बिसाउने गर्दछन् । यो विश्वको अनुभव पनि हो नेपालको मात्र होइन । तराईमा सक्रिय कतिपय सशस्त्र समूहले राजनैतिक नारा दिएका भए पनि उनीहरूको व्यवहार राजनैतिक कम र हत्या अपहरण चन्दा आतङ्कमा बढी केन्द्रित देखिएकाले उनीहरूलाई राजनैतिक अवतरणका लागि पनि निर्वाचनको उपयोग उपयोगी हुने देखिएको छ । यो स्वागतयोग्य र खुशीको समाचार हो । संविधानसभाको निर्वाचन भएकाले यसमा धेरैभन्दा धेरै दल, समुदाय तथा क्षेत्रको सहभागिता रहनु पर्दछ, यसबाट ती वर्गको आवाज संविधानसभामा पुगी संविधानमा लिपिबद्ध हुनेछन् । राजनैतिक कार्यक्रम, दर्शन तथा नेतृत्वको विवादले अलग अलग दृष्टिकोण र दलहरूमा विभाजन हुनु प्रजातन्त्रमा स्वाभाविक भए पनि निर्वाचनमा सहभागी नहुनेसम्मको निर्णयले त्यस्ता दलहरूलाई जनतासँग टाढा बनाउने गर्दछ । यसको नकारात्मक परिणाम स्वयं ती दलहरूमा नै पर्नेछ । निर्वाचनमा सहभागी हुने बताएका समूहहरूका उचित

मागलाई सम्बोधन गरेर सहभागिताको वातावरण बनाउने जिम्मेवारी सरकारमा आएको छ । (ख२) ('द्वन्द्वरतहरू निर्वाचनमा आउँदै' शीर्षकका दुईमध्ये पहिलो अनुच्छेद)

(३) संविधानसभाको आकार छरितो हुँदा सबैको प्रतिनिधित्व हुँदैन भन्ने सोचाइ ठूला दलका नेताहरूको आफैंप्रतिको अविश्वास मात्र हो । उनीहरूले चाहेमा आफ्नो कोटाबाट जतिसुकै सानो समुदायको पनि प्रतिनिधित्व गराउन सक्छन् । त्यसमा पनि छुटेकालाई मनोनीत कोटाबाट लैजान सकिने विकल्प बाँकी छ । खालि मनोनयनको बाटोलाई चुनाव हारेकालाई सभासद बनाउने भऱ्याङका रूपमा दुरुपयोग नगरिने अठोटको खाँचो छ । समावेशीताले प्रतिनिधित्व गरायो तर नेतृत्व विकास गराएन भन्ने अनुभव थुप्रै नेताहरूले सुनाइरहेका छन् । आफ्नै अनुभवबाट पनि नसिक्ने हो भने सभासदको संख्यालाई जनताले फेरि पनि बोझ मात्र ठान्नेछन् । नेताहरूको ध्यान सभासदको संख्यामा होइन, प्रतिनिधित्व प्रणाली र निर्वाचन सुधारमा जान आवश्यक छ । (क३) ('छरितो संविधानसभाको खाँचो' शीर्षकका छमध्ये अन्तिम अनुच्छेद)

(४) यस्तो जटिलताबीच पनि चुनावको आग्रह गरिरहेका राजनीतिक दलहरू चुनावी वातावरण बनाउन सक्रिय देखिएका छन् । तर अहिलेको त्यो सक्रियता पर्याप्त र परिणामदायी देखिएको छैन । यसैबीच सरकार र मन्त्रिपरिषद्का अध्यक्ष (ले?) दलहरूसँग परामर्श शुरु गरेर निर्वाचन वातावरण बनाउन सकारात्मक प्रयास गर्नुभएको छ । उहाँले नेपाली कांग्रेस (,?) नेकपा (एमाले) र अन्य ठूला-साना दलहरूसँग वार्ता गरिसक्नुभएको छ । निर्वाचन आयोगको नेतृत्वसँग समेत भएको यस्तो वार्ताबाट निर्वाचनको मिति तोक्नुभन्दा अघि निर्वाचनका लागि आवश्यक कानुनी विधि विधान र राजनीतिक सहमतिको प्रक्रिया पूरा हुनुपर्ने सुझाव आएको छ । प्राप्त सुझावहरूको कार्यान्वयन पहिलो प्राथमिकता हो । यस्ता प्रक्रिया पूरा भएपछि मात्र चुनावका लागि राष्ट्रिय वातावरण निर्माण हुनेछ । सरकारले शुरु गरेको पहलले चुनावप्रति उत्पन्न आशंका हटाएर सकारात्मक र उपलब्धिमूलक वातावरण बनाउने विश्वास गर्न सकिन्छ । (ख८) ('चुनावका लागि सक्रियता' शीर्षकका तिनमध्ये अन्तिम अनुच्छेद)

(५) सरकारले अपेक्षा गरेभन्दा निकै ढिलो भए पनि संविधानसभा निर्वाचनको मिति घोषणा गरेको छ । यसअघि असारभित्र गर्ने भनिएको निर्वाचन काबुबाहिरको परिस्थिति आएमा मंसिरसम्ममा गर्ने भनेर राजनैतिक प्रतिबद्धता जाहेर गरिए पनि तदनुरूप निर्णय लिन नसक्दा असन्तुष्टि र आशंका बढ्दै गएको थियो । यस अर्थमा अन्तरिम चुनावी मन्त्रिपरिषद्ले निर्वाचनको तिथि तय गर्ने जस्तो सामान्य प्राविधिक निर्णय लिँदा समेत ठूलै उपलब्धिसरह मान्नुपर्ने अवस्था आयो । दोस्रोचोटि गर्न लागिएको संविधानसभा निर्वाचनको प्रारम्भिक कदमका रूपमा यो स्वागतयोग्य छ तर सँगै सामुन्ने देखिएका चुनौतीहरूको यथोचित सम्बोधनबिना यसको सफलता सुनिश्चित छैन । तसर्थ अब सरोकारवालाहरूको ध्यान निर्वाचनका प्राविधिक प्रक्रिया अगाडि बढाउनेसँगै यससँग जोडिएका राजनीतिक समस्याहरू हल गर्नेतर्फ केन्द्रित हुनुपर्छ । (क८) ('चुनावी चुनौती' शीर्षकका पाँचमध्ये पहिलो अनुच्छेद)

(६) संविधानसभाको निर्वाचनलाई एक मात्र उद्देश्यका रूपमा बोकेको अन्तरिम चुनावी मन्त्रिपरिषद्ले आफ्नो

कार्यकालको तीन महिनाभित्रै संविधानसभा निर्वाचनको मिति घोषणा गरेर राष्ट्रलाई निर्वाचनको बाटोमा अगाडि बढाएको छ । यो तीन महिनामा निर्वाचन प्रक्रियालाई अगाडि बढाउन सरकारले कति दाल पिँध्नुपऱ्यो भन्ने कुरा आफ्नो स्थानमा छ । सरकारलाई सहयोग गर्न गठित उच्चस्तरीय राजनीतिक समितिमा सहभागी दलहरूबीच निर्वाचनसम्बन्धी विधेयकमा तीन महिनासम्म पनि सहमति जुट्न नसक्दा निर्वाचन मिति घोषणामा विलम्ब हुन पुगेको थियो । निर्वाचन मिति घोषणा गरिदिएरमात्र निर्वाचन हुन सक्दैन भन्ने यथार्थ बुझेर नै सरकारले असन्तुष्ट दलहरूबीच सहमतिका लागि पनि पटक पटक प्रयास गऱ्यो । निर्वाचनसम्बन्धी विधेयकका विषयमा सहमति जुटाउन नसकी सरकारलाई नै त्यसको टुङ्गो लगाउने जिम्मा दिएपछि सरकारले संविधानसभाको निर्वाचन आगामी मङ्सिर ४ गते हुने घोषणा गर्नुका साथै निर्वाचन क्षेत्र निर्वाचन प्रयोजनार्थ निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन र संविधानसभा सदस्य निर्वाचन अध्यादेश-२०७० लाई अन्तिम रूप दिने कार्य पनि सम्पन्न गरिसकेको छ । (ख१३) ('चुनावप्रति सरकारको प्रतिबद्धता' शीर्षकका चारमध्ये पहिलो अनुच्छेद)

(७) आयोगको आचारसंहिताको दायरामा पर्ने पहिलो व्यक्ति पूर्वराजा ज्ञानेन्द्र भएका छन् । उनी आचारसंहिता लागू भएको दोस्रो दिन मंगलबार हिमानी ट्रष्टमार्फत सुदूरपश्चिमका बाढीपीडितलाई राहत वितरण गर्न दार्चुला पुगेका थिए । तर आचारसंहिता लागू भइसकेकाले सरकारी संयन्त्रमार्फत वितरण गर्नुपर्ने कुरा उठेपछि पूर्वराजा ज्ञानेन्द्र जिल्ला कार्यालयमार्फत राहत उपलब्ध गराउन तयार भएका छन् । मानवीय दृष्टिले कुनै व्यक्ति वा संघसंस्थाले सहयोग गर्न खोज्नु, राहत उपलब्ध गराउनु सकारात्मक हो । तर आचारसंहिता लागू भइसकेको सन्दर्भमा त्यस्तो सहयोग सरकारी संयन्त्र र प्रणालीमार्फत उपलब्ध गरिनुपर्छ । निष्पक्ष र भयरहित निर्वाचनको वातावरण तयार पार्न आचारसंहिताको पूर्ण परिपालना अनिवार्य छ भन्ने कुरा सबै सरोकारवालाले गम्भीरतापूर्वक मनन गर्नु आवश्यक छ । (क१७) ('आचारसंहिता अनुगमनका चुनौती' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(८) आचारसंहिता सामाजिक जीवन पद्धति समेत हो । व्यक्ति र समष्टिले पनि आ-आफ्नो कार्यसम्पादन गर्दा कुनै न कुनै प्रकारको आचार वा आचरण कायम गर्नुपर्दछ । चुनावी अवधिमा आउने जस्ता आचारसंहिता निश्चित उद्देश्य र समयका लागि हुन्छन् । निर्वाचन आचारसंहिता जनताको मत निर्भय र स्वतन्त्र रूपमा अभिव्यक्त हुन पाउने वातावरण बनाउन जारी गरिन्छ । जनमतलाई प्रभावित वा आफ्नो पक्षमा लिन दल र तिनका उम्मेदवारले आचारसंहिताले निर्दिष्ट गरेको सीमाभित्र रहेर आ-आफ्ना विचार, योजना र कार्यक्रम सार्वजनिक गर्न सक्छन् र गर्नुपर्छ । दबाव, धम्की र प्रलोभनको माध्यम अपनाउनु संहिताको उल्लङ्घन र जनमतको अनादर पनि हो । यस्ता कृत्यले समाजमा राम्रो संस्कार विकास हुँदैन । यस विषयमा सराकोरवालाहरूको ध्यान जानुपर्छ र निष्पक्ष निर्वाचनका लागि आचारसंहिता पालना साथै कार्यान्वयन गर्ने प्रतिबद्धता चाहिन्छ । (ख२१) ('आचारसंहिता कार्यान्वयन' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(९) दस्ता भनेको त्यस्तो समूह हो, जसको मूल चरित्र 'सैन्य' हुन्छ । अर्थात् लड्ने भिड्ने लडाकू समूहलाई दस्ता भनिन्छ । विगतमा माओवादीका लडाकूले जस्तो देखिने गरी हतियारबन्द समूह नभए पनि त्यस्तो दस्तालाई दलले बाहुबलका रूपमा प्रयोग गर्छन् । भन्नलाई हरेक पार्टीले 'बुथ' कब्जा या धाँधली गर्न नदिन सुरक्षा जस्ता चाहिने

दावा गरे पनि यथार्थ यस्ता दस्ताकै कारण चुनाव हिंसा र भिडन्त प्रधान हुन्छन्, जसले निर्वाचनको माहोल बिथोल्ने मात्रै होइन, निर्वाचन नै बिथोलिने जोखिम हुन्छ । हामी यतिबेला चरम राजनीतिक संकटको अवस्थामा छौं । चुनाव यतिखेरको निर्विकल्प बाटो हो । यो कुनै पनि कारण र बहानामा बिथोलिनु हुन्न । राजनीति र संविधान निर्माणलाई पुनः सुचारु पार्न यो निर्वाचनको ऐतिहासिक महत्व छ । प्रमुख राजनीतिक दलहरू (ले?) त्यसकारण दस्तामोह त्याग्नुपर्छ । र, निष्पक्ष, भयरहित र धाँधलीरहित निर्वाचन सम्पन्न गर्ने बाटोतर्फ अग्रसर हुनुपर्छ । (क२०) ('दलहरूको दस्ता मोह' शीर्षकका चारमध्ये तेस्रो अनुच्छेद)

(१०) मुलुकमा निरन्तर शान्ति, सुरक्षा कायम राख्नु सरकारको शाश्वत दायित्व हो । जनताको अभिमत अभिव्यक्त हुने निर्वाचन जस्तो महत्वपूर्ण अवसरका बेला सुरक्षा प्रत्याभूतिका लागि सरकारले विशेष तयारी गर्नुपर्ने हुन्छ । भय, लोभ, दबाव र धाँधलीग्रसित मतदानले जनताको यथार्थ अभिमत प्रतिविम्बित गर्दैन र त्यस्तो निर्वाचनको परिणाम लोकतन्त्र अनुकूल हुँदैन । निर्वाचनको आवरणमा धाँधलीबाट बन्ने संरचनाले लक्षित उद्देश्य पूरा गर्न पनि असम्भव नै हुन्छ । यही तथ्यलाई ध्यानमा राखेर गृहमन्त्रीसमेत गृह मन्त्रालयका उच्च अधिकारीहरू, पाँचै विकास क्षेत्रका क्षेत्रीय प्रशासक र सुरक्षा निकायका प्रमुखहरूसँग राजधानीमा सोमबार सामूहिक बैठक भएको छ । बैठकमा छलफल भएका विषयले निर्वाचनको बेला कायम राख्नुपर्ने शान्ति, सुरक्षाको महत्वपूर्ण कार्यप्रति सरकारको गाम्भीर्य र अठोट प्रकट भएको छ । गृहमन्त्रीले अपहरण, फिरौती, चन्दा आतङ्क र गुण्डागर्दी जस्ता आपराधिक घटनालाई निस्तेज पार्न सुरक्षा निकायका अधिकारीहरूलाई निर्देशन दिनुभएको छ । चुनावमा हुने सम्भावित द्वन्द्व, चुनावविरोधी तत्त्व वा सङ्गठनले निर्वाचन बिथोल्न जनतालाई दिने डर, धम्की र गर्ने गतिविधिलगायत भूमिगत सङ्गठनहरूले उत्पन्न गर्नसक्ने खतरालाई पनि ध्यानमा राखेर निर्वाचन सुरक्षा रणनीति तय गर्नुपर्ने सुरक्षा बैठकको निष्कर्ष छ । (ख२२) ('निर्वाचनमा सुरक्षा प्रत्याभूति' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(११) उच्चस्तरीय राजनीतिक समितिको बुधबारको बैठकले वैद्य समूहका मागहरू पूरा गर्न नसकिने निष्कर्ष निकालेको छ । तर यसको अर्थ उक्त पार्टीसँग संवादको प्रक्रिया अन्त्य गर्नुहुन्न । अन्तिम अवस्थासम्म लचिलो बनेर सहमतिका उपाय खोजिरहन जरुरी छ । त्यो किन पनि भने संविधानसभा निर्वाचनको अग्रगामी लोकतान्त्रिक विधि अपनाउनुपर्छ भन्ने झिनो मत अझै पनि उक्त पार्टीमा विद्यमान छ र बाह्य प्रयासले त्यो धारलाई हौसला प्रदान गर्न एवम् पार्टीको मत परिवर्तन गर्नसमेत सक्छ । तमाम प्रयासका बावजूद नेकपा-माओवादी संविधानसभाको प्रक्रिया बाहिरै रह्यो भने त्यो दुर्भाग्यपूर्ण हुनेछ । मोहन वैद्यजस्ता परिपक्व राजनीतिज्ञले जनताको अधिकार स्थापित गर्ने र मुलुकमा स्थायित्व ल्याउने अवसर गुमाउने माध्यम कदापि बन्नुहुन्न । यदि आफ्ना फरक मतहरू छन् भने त्यसैलाई चुनावी मुद्दा बनाएर जनतासमक्ष जान सकिने बाटो अपनाउनुपर्छ । (क२२) ('चुनावी दृढताको खाँचो' शीर्षकका पाँचमध्ये चौथो अनुच्छेद)

(१२) चुनावको मिति नजिकिँदै छ, वार्ता बल्ल शुरू भयो । वार्तामा वैद्य समूहले निर्वाचन मिति सार्नुपर्ने र सरकारले राजीनामा दिनुपर्ने लगायत १८ वटा माग र शर्त वार्ताको टेबलमा राखेको छ । यस्तै, यादव नेतृत्वको

गठबन्धनले छ सूत्रीय माग प्रस्तुत गरेको छ । तीन राजनीतिक दल र मधेशी मोर्चा सम्मिलित राजनीतिक उच्चस्तरीय समिति वर्तमान सरकार गठनका बेला भएको ११ बुँदे सहमति र २५ बुँदे बाधा अड्काउ फुकाउबाट गरिएको संविधानको संशोधनमा परिवर्तन हुनुपर्ने असन्तुष्ट पक्षको मागप्रति लचिलो देखिएको छ । असन्तुष्ट पक्षको खासगरी वैद्य समूहको शर्तलाई हेर्दा सजिलै सहमति हुने र नेकपा-माओवादी चुनावमा सहभागी हुने कल्पना गर्न सकिँदैन । निर्वाचनको मिति नजिकिएको बेला चुनाव बहिष्कार गर्ने धम्की दिएका दल र चुनावी घोषणापत्र तयार पार्न नभ्याएका र प्रचार प्रसारमा खासै नगएका निर्वाचन पक्षीय दलहरूबीच वार्ता शुरु हुनु आशालाग्दो भए पनि घोषित मितिमा निर्वाचन हुनेमा आशङ्का बढाउने खालको पनि छ । समय रहुञ्जेल बहिष्कारलगायत यो वा त्योसँग वार्ता नगर्ने अनेक बहाना बनाएका कथित असन्तुष्टहरू र बेलैमा छलफलको वातावरण बनाउन जुट्नुपर्ने चुनाव पक्षीय राजनीतिक समितिको आलटालले दिन घर्किएको छ । शुरु वार्ताले सकारात्मक परिणाम देओस् र निर्वाचनमा मुलुकका सबै राजनीति(क?) दल सहभागी बनून् भन्ने यतिबेला नेपाली जनताले लिएको अपेक्षा हो । (ख२४) ('सहमतिमा पुग्नैपर्ने वाध्यता' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(१३) वैद्य नेतृत्वको मोर्चाले मुखले आफूहरू वार्ताविरोधी नभएको दावी गरे पनि उक्त पक्षले राखेका माग र सर्तहरू सहमति निर्माणमा अनुकूल देखिँदैनन् । मोर्चा गोलमेच सम्मेलनलाई 'शक्तिशाली संस्था' बनाउन चाहन्छ । सम्मेलनले सरकार परिवर्तन, निर्वाचनको तिथि सार्ने, नयाँ संविधानका अन्तरवस्तुको टुङ्गो लगाओस् भन्ने अडान उसको छ । वैद्य नेतृत्वले भनेजस्तो शक्तिशाली संस्था गोलमेच होइन, संविधानसभालाई बनाउनु पर्छ । यद्यपि गोलमेच सम्मेलनलाई एउटा त्यस्तो सर्वपक्षीय छलफलको माध्यम बनाउन सकिन्छ, जसले असन्तुष्ट पक्षलाई पनि समेटेर चुनावमा लैजाने अवसर देओस् । यतिबेला केही प्रमुख दलका नाममा केही राजनीतिक शक्तिको चुनावी निर्णय प्रक्रियाहरूमा 'सिन्डीकेट' चलेको छ । केही दल विशेषले मात्रै चुनावी प्रक्रियामा विशेषाधिकार पाएको जस्तो र अरू दललाई एक्लिएको, हेपिएको वा साक्षी किनारासरह बस्नुपरेजस्तो जुन अवस्था उत्पन्न भएको छ, गोलमेचले त्यस्तो अमिल्दो र अव्यावहारिक अवस्थाको अन्त्य गर्न सक्छ । नेकपा-माओवादीसहितको मोर्चाले त्यस अर्थमा गोलमेचलाई अवसरका रूपमा उपयोग गर्ने नीति लिनु उचित हुन्छ । (क२५) ('निर्वाचन प्रक्रियासँगै वार्ता' शीर्षकका चारमध्ये दोस्रो अनुच्छेद)

(१४) नेकपा-माओवादी वैद्य समूहको माग निर्वाचनमा जानमा भन्दा अल्मल्याउन वा निर्वाचन सार्न र बिथोल्न उद्यत रहेको निष्कर्षमा राजनीतिक समितिमा सहभागी दलका नेताहरू पुगेका छन् । पूरा गर्नै नसकिने वैद्य समूहको मागका कारण वार्ता असफल भएको उनीहरूले बताएका छन् भने वार्ता असफल भएकोप्रति आश्चर्य व्यक्त गर्दै माओवादी अध्यक्ष मोहन वैद्यले पुनः वार्ताका लागि आग्रह गरेका छन् । गोलमेच सम्मेलन गर्ने सहमति भइसक्दा पनि निकै अगाडि बढिसकेको राजनीतिक प्रक्रियालाई पुनः प्रारम्भिक बिन्दुमै फर्काउने माग अगाडि सार्दा गतिरोध सिर्जनाभन्दा अर्को उपलब्धि हुन सक्दैन । आफूलाई निर्वाचनको पक्षधर भनाउन चाहने मोहन वैद्य नेतृत्वको ३३ दलीय गठबन्धनले गोलमेच सम्मेलनको मुखमा पुनः निर्वाचन सार्ने र सरकार विघटन जस्ता मागले भने भनेको र गरेको कुराबीच सन्तुलन स्थापना भएको देखिएन । सहमतिका कारण गोलमेच बैठकबाट

निर्वाचनमा सबै राजनीतिक दल सहभागी हुने वातावरण बन्नेसन्दर्भमा नागरिकमा पलाएको झिनो आशा दुई दिन नबित्दै ध्वस्त भएको छ । सहमतिपछिका दुई दिनमा एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यबीच बेग्लै भेटवार्ता भएको थियो । वार्ता असफल भएपछि वैद्य समूह सहभागी नभए पनि निर्वाचन हुने कुरामा राजनीतिक समितिका नेताहरूले दृढता व्यक्त गरेका छन् । (ख२९) ('वार्तामा विराम नलागोस्' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(१५) २०६४ सालमा संविधानसभाको पहिलो निर्वाचन हुँदा अहिलेको जस्तो प्रतिकूल अवस्था थिएन । पूर्वविद्रोही माओवादीदेखि मूलधारका राजनीतिक दलहरूलगायत समग्र राष्ट्रले चुनावलाई राष्ट्रिय अभीष्ट बनाएको थियो । अहिले विभाजित मनस्थितिमा निर्वाचन हुँदै छ । तुलनात्मक रूपले सानै सही, एउटा चिनिएको राजनीतिक शक्ति चुनाव बिथोल्ने घोषित नीति लिएर अगाडि बढिरहेको छ । उससँग राजनीतिक समझदारी सम्भव नभएको अवस्थामा आइपर्ने सुरक्षा जटिलताको सामना गर्न राज्यका तर्फबाट आवश्यक प्रबन्ध मिलाउनुपर्ने खाँचो छ । यसबाहेक मुख्य राजनीतिक दलहरूले नै विभिन्न नामधारी युवा दस्ताहरू तयार पार्ने, बल प्रयोग गर्ने र आपराधिक गिरोहहरूलाई प्रश्रय दिने काम गरेर राजनीति र अपराधलाई एकअर्कामा मिसमास गराइदिएको अवस्था छ । राजनीतिक अपराधीकरण बढेको यो अवस्थामा बहिष्कारवादी शक्तिभन्दा चुनावी प्रक्रियामा भाग लिइरहेका यस्ता दलहरूको बलवादी शैली घातक छ । त्यसलाई चुनावी प्रक्रियामा हावी नहुने गरी सुरक्षा सुनिश्चितता दिलाउने दायित्व गृह प्रशासनको जिम्मेवारमि पर्छ । (क२६) ('निर्वाचनमा सुरक्षा सुनिर्शिचतता' शीर्षकका चारमध्ये दोस्रो अनुच्छेद)

(१६) राम्रो आशय र कामनासहित संविधानसभा निर्वाचनका लागि गरिएका प्रयासमा आमसहमति कायम गरेर अगाडि बढ्दा मुलुकलाई नयाँ मार्गप्रसस्त गर्न सकिन्छ । देशले एउटा प्रतिबद्धता गरिसकेको छ- दोस्रो संविधानसभामार्फत नयाँ संविधान लेख्ने । यो उद्देश्यका लागि लिइएका उपायहरूमा कहीँ कतै कमी कमजोरी छन् भने त्यसलाई सुधार गरी अगाडि बढ्ने समय सकिएको छैन । समय धेरै पेचिलो बन्दै गएको अवस्थामा आमसहमतिमार्फत निर्वाचनमा होमिनुपर्ने आवश्यकतालाई नकार्दा कसैको पनि कल्याण हुने देखिँदैन । निर्वाचनबाट परिणामगत रूपमा कसैको जीत कसैको हार हुने भए पनि जनताको दृष्टिकोणमा सही पक्ष अगाडि बढ्न पाउने वातावरण सिर्जना हुने भएकोले सबैको जीत हुने अवस्था सिर्जना हुन्छ । निर्वाचन जस्तो लोकतान्त्रिक अभ्यासलाई नै बहिष्कार गर्ने बाटो अपनाउँदा त्यस्ता दल वास्तवमै जनतालाई निर्णय प्रक्रियामा सहभागी हुने उनीहरूको अधिकार उपभोग गराउने पक्षमा छ वा छैन भन्ने कुरा समेत स्पष्ट हुने हुनाले यो वा त्यो बहानामा निर्वाचन बहिष्कारको नारा लगाउनेहरूले गम्भीर विचार गर्नैपर्ने देखिन्छ । (ख३०) ('दलहरूको सक्रियता' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(१७) एउटै नेताले एकभन्दा बढी क्षेत्रमा किन नजर डुलाउँदै छन् ? किनभने उनीहरूमा एकै क्षेत्रबाट चुनाव जितिन्छ भन्ने पूर्ण आत्मविश्वास छैन । दुई क्षेत्र रोज्नुले जनाधार आफ्नो पछाडि रहेकामा नेताहरू स्वयं आश्वस्त नभएको देखिन्छ । एकातिर असफल हुइने पो हो कि भन्ने भयग्रस्त मानसिकतामा नेताहरू छन् भने अर्कोतर्फ

उनीहरूले आफ्नो पार्टीमा आफ्नो अधिकारको नाजायज उपयोग गरिरहेका छन् अर्थात् कानुनी प्रावधानको अधिकार र पार्टीभित्रको पहुँच र प्रभाव दुवैको यो दुरुपयोग हो । २०४८ सालको चुनावमा तत्कालीन निर्वाचन कानुनले एउटा उम्मेदवारले ५ निर्वाचन क्षेत्रसम्म उम्मेदवारी दिन सक्ने प्रावधान तोकेको थियो । अहिलेको कानुनमा त्यस्तो सीमा पनि राखिएको छैन । जसले गर्दा पहुँच र प्रभाव भएका नेताहरूले जति पनि चुनाव क्षेत्रबाट लड्न सक्ने अवस्था छ । त्यसकारण एकजना नेताले कतिवटा क्षेत्रबाट निर्वाचनमा प्रतिस्पर्धा गर्न पाउने भन्ने कानुनी रूपमै किटान गर्नु एकातिर जरुरी छ भने अर्कोतर्फ नेताहरू स्वयंले पनि कानुनमा छ भन्दैमा त्यो अधिकारको दुरुपयोग गर्नेतर्फ अग्रसर हुनु उचित होइन । (क२९) ('एक नेता, एक क्षेत्र' शीर्षकका चारमध्ये दोस्रो अनुच्छेद)

(१८) मंसिर ४ मा हुने दोस्रो संविधानसभा निर्वाचनको अन्तिम तयारीमा निर्वाचन आयोग र नेपाल सरकार जुटिरहेको अवस्थामा 'निर्वाचन सुरक्षा' को विषय अहिले सर्वाधिक महत्वपूर्ण विषयका रूपमा उठेको छ । २०६४ सालमा भएको संविधानसभाको निर्वाचन र २०७० साल मंसिरमा हुन लागेको निर्वाचनको सुरक्षा चुनौतीमा केही फरक छ । यसको अर्थ अहिले सुरक्षा चुनौती नै छैन भन्ने होइन । सङ्क्रमणकालीन अवस्थामा रहेका हरेक देशका निर्वाचनमा सुरक्षाका चुनौती हुन्छन् नै । नेपालको पछिल्लो राजनीतिक अवस्था मतदानका दिनसम्म यही रूपमा जाने हो भने सुरक्षाको प्रश्न झन पेचिलो बन्ने अनुमान गर्न सकिन्छ । निर्वाचन स्वच्छ, निष्पक्ष, भयरहित र आमस्वीकार्य हुनका लागि राज्यले भरपर्दो सुरक्षा व्यवस्था गर्नुपर्छ, त्यसमा कुनै कन्जुस्याइँ गर्नै मिल्दैन । अहिले सरकारले एकीकृत सुरक्षा योजना निर्माण गरिरहेको र ४५ हजार म्यादी प्रहरी भर्नाका लागि आयोगले सहमति प्रदान गरेको अवस्था छ । देशका १० हजार १७ मतदान स्थल र १८ हजार ४४३ मतदान केन्द्रमा सुरक्षा प्रदान गर्नु चानचुने कुरा होइन । मतदाताको अधिकारको सुरक्षा गर्ने दायित्व राज्यको हो । कुनै मतदान केन्द्र वा वरिपरि कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई मतदातालाई मतदानबाट बञ्चित गर्ने कार्य हुन सक्छन् । यस्ता कार्यलाई रोकेर सुरक्षाको सुनिश्चितता हुनैपर्छ । (ख३२) ('निर्वाचनमा सुरक्षा' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(१९) राष्ट्रपति रामवरण यादवले पहिलो संविधानसभामा प्रतिनिधित्व गरेका सबै राजनीतिक दलहरू, तिनबाट बनेका नयाँ दलहरूसमेतलाई छलफलका निम्ति शुक्रबार शीतलनिवास डाकेका छन् । समकालीन राजनीतिका गतिरोध हटाउन र आसन्न निर्वाचन सफल पार्न नेतृत्वदायी सक्रिय भूमिका खेल्ने सुविधा अन्तरिम संविधानले राष्ट्रपतिलाई दिएको छैन । तर, उनको सहजीकरणमा यदि प्रमुख राजनीतिक शक्तिहरू मेलमिलापको बाटोमा फर्कन्छन् र चुनाव सुनिश्चित हुन्छ भने त्यो समाधानमुखी प्रयास नै ठहर्नेछ । खासगरी चुनावी प्रक्रियाबाट अलग रहेको मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीलाई मूल प्रवाहमा सामेल गर्ने/हुने ढोका यसले खोल्न सक्छ । यस अर्थमा शीतलनिवासमा गर्न लागिएको सर्वदलीय भेलालाई वैद्य पक्षले भनिआएको गोलमेच सम्मेलनकै प्रारम्भिक खाका पनि मान्न सकिन्छ । यद्यपि यसलाई त्यस किसिमले अगाडि बढाउने वा नबढाउने भन्ने कुरा दलहरू

शुक्रबार कसरी प्रस्तुत हुन्छन् भन्नेमै निर्भर छ । (क३०) ('शीतलनिवासमा हुनुपर्ने छलफल' शीर्षकका चारमध्ये पहिलो अनुच्छेद)

(२०) संविधानसभाको निर्वाचन सम्पन्न गर्न वा सर्वसम्मत बनाउन सबैको सहभागिता चाहिएको हो । बिथोल्न र बिगार्न धेरै शक्ति चाहिँदैन, सानै शक्तिले पनि निर्वाचनको वातावरण अशान्त बनाउनसक्ने सम्भावनालाई उपेक्षा गर्न मिल्दैन । मुलुकका सबै राजनीतिक शक्ति र नेपाली जनता निर्वाचनका लागि तयार छन् तर नेकपा-माओवादी मुलुकको समग्र इच्छामाथि व्यवधान बनेर उभिएको छ । राजनीतिक समितिले गरेको प्रयास र जनताले माओवादीलाई चुनावमा समेट्नुपर्छ भनी व्यक्त गरेको आग्रहलाई नेकपा-माओवादीले अत्यन्त उपेक्षा गरेको छ । जनभावनालाई उपेक्षा गर्ने दलको भविष्य रहँदैन भन्ने ऐतिहासिक तथ्य बेलैमा सबैले बुझ्नु दीर्घ जीवनको अपेक्षा गर्नेहरूलाई आवश्यक छ । दोस्रो संविधानसभाका लागि मतदानको मिति धेरै दिन बाँकी नरहेको अवस्थामा संवैधानिक लगायतका प्रक्रिया पूरा गर्न सरकार र राजनीतिक समितिले अब ढिला गर्नुहुँदैन । (ख३३) ('सहमतिको वैधानिकीकरण' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(२१) शीतलनिवासको सर्वदलीय बैठकमा नेकपा-माओवादीले गोलमेच सभाको आयोजनालाई मुख्य मागका रूपमा अगाडि सारेको छ, जो लामो समयदेखि उसले राख्दै आएको हो । हालको सर्वदलीय छलफल पनि वास्तवमा एक किसिमको गोलमेच जस्तै हो । आवश्यक परेमा गोलमेच नाम राखेरै पनि सर्वपक्षीय बैठक आयोजना गर्न सकिन्छ । त्यस्तो बैठकले नयाँ संविधान निर्माणको मार्गचित्र, पूर्ण समानुपातिक निर्वाचनको प्रस्ताव र प्रस्तावित संविधानको मूलभूत अन्तरवस्तुमाथि बहस होस् भन्ने जुन आग्रह नेकपा-माओवादीको छ, त्यो पनि छलफलको विषय बन्न सक्छ । (क३१) ('सहमतिका सम्भावना र चुनौती' शीर्षकका चारमध्ये दोस्रो अनुच्छेद)

(२२) मुलुकका सामु उपस्थित यावत् कठिनाइ निवारण गर्ने र राजनीतिलाई सही दिशा दिने कर्तव्य खासगरी राजनीतिक दलहरूकै हो । राजनीतिलगायत राज्यका सबै संयन्त्र र विषयलाई गति प्रदान गर्न जनसहभागिता आवश्यक हुन्छ र निर्वाचन जनसहभागिताको उपल्लो र व्यापक लोकतान्त्रिक माध्यम हो । दलहरूको अस्तित्व, उचाइ र प्रभावको मापन पनि स्वच्छ निर्वाचनका माध्यमबाट नै हुने हो । जनमतको पारख र सम्मान हुने चुनावी प्रक्रियाबाट भागेर कुनै पनि राजनीतिक शक्तिको अस्तित्व सुरक्षित हुँदैन र जुनसुकै बाटो लिए पनि अन्ततः लोकतान्त्रिक प्रणाली अन्तर्गत जनमतको अग्निपरीक्षामा आउनैपर्ने वस्तुस्थिति नेपालको इतिहासले पनि स्थापित गरेको छ । संविधानसभाको चुनावका माध्यमबाट मुलुकमा स्थायी संविधान बनाउन जनमतको सहभागिता जुट्नेछ र जनप्रतिनिधि संस्थाको स्थापना हुनेछ । पहिलो संविधानसभाको विघटनबाट पश्चातापमा परेका दलहरूले दोस्रो संविधानसभालाई फलदायी बनाउने विश्वास गर्नुपर्नेछ । निर्वाचन सिवाय अर्को उपाय नभएका बेला सबै राजनीतिक दललाई चुनावमा सहभागी हुन राष्ट्रपतिले आयोजना गर्नुभएको सर्वदलीय बैठकले सकारात्मक परिणाम दिनुपर्छ । खासगरी असन्तुष्टिका नाममा कुनै दलले बहिष्कारको बाटो लियो भने पनि अब मुलुक निर्वाचनकै बाटोमा जाने निश्चित छ भन्ने बुझ्न पनि शीतलनिवासको बैठकले अन्तिम मौका र प्रष्ट सन्देश दिएको छ । (ख३४) ('सकारात्मक परिणामको आशा' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(२३) दलहरू चुनावी बाटोमा बढ्दै गर्दा अब तीव्रतासाथ बढाउनुपर्ने अर्को विषय हो, चुनावी घोषणापत्र निर्माण । दसैं-तिहारजस्ता चाडपर्व नजिकिँदै गरेकाले चुनावी प्रचारका कार्यक्रम केही कम भए पनि त्यसलगत्तै चुनावी गतिविधिले तीव्रता पाउनेछ । त्यसअघि नै दलहरूले आफ्नो घोषणापत्र निर्माण गरिसक्नुपर्छ । घोषणापत्रमा दलहरूले विगतको संविधानसभाले सल्टाउन नसकेका विषय जस्तो संघीयता, शासकीय स्वरूपलगायतमा प्रष्ट धारणा अघि सार्न सक्नुपर्छ । मुलुक यतिबेला ठूलो राजनीतिक र संवैधानिक संकटमा छ । यो संकटबाट पार पाउने हामीसँग रहेको एउटै विकल्प निर्वाचन हो । लोकतन्त्रलाई संस्थागत गर्ने मुख्य आधार निर्वाचन मात्रै हो । त्यसकारण यो निर्वाचनलाई हरेक राजनीतिक दलले अग्रगामी व्यवस्था संस्थागत गर्ने अन्तिम अवसरका रूपमा उपभोग गर्नुपर्छ । समयमै चुनाव नहुँदा अतिवादी जोखिम बढ्न सक्छ र प्राप्त अग्रगामी उपलब्धि गुम्न सक्छ भन्नेमा सबै संवेदनशील हुँदै बन्दै गरेको चुनावी माहोललाई थप चुनावमय बनाउनेतर्फ अग्रसर हुनु आवश्यक छ । (क३८) ('निर्वाचनको रौनक' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(२४) निर्वाचनका विषयमा सरकार, निर्वाचन आयोग, राजनीतिक दलहरूको भूमिका आ-आफ्नो ठाउँमा भरपर्दो देखिएको छ । निर्वाचनको प्रचार-प्रसार गर्न र उपयोगिताको विषयमा जनतालाई सुसूचित गर्न पत्रकार एवं सञ्चारमाध्यमको योगदान पहिलो र महत्वपूर्ण रहने कुरामा विवाद छैन । नेपालका सञ्चारमाध्यम वा पत्रकारहरू प्रजातन्त्रसँगै आफूलाई पनि फल्नेफुल्ने अवसर प्राप्त भएको अनुभव र यथार्थका साक्षी हुन् । प्रजातन्त्रको हत्या हुँदा स्वतन्त्र पत्रकारिताको पनि मृत्यु भएको सबैले अनुभूत गरेकै कुरा हो । नेपालको पत्रकारिताले पनि गल्तीबाट सिकेको छ र सिक्नु जरुरी छ । यतिबेला सञ्चारमाध्यमको अघिल्तिर निर्वाचनलाई सघाउनुको विकल्प छैन । निर्वाचनलाई सघाउनु देश, जनता र लोकतन्त्रलाई सघाउनु हो भने अन्ततः आफ्नै पेशाको स्वतन्त्रता वा जनताको सुसूचित हुने अधिकारलाई सघाउनु हो । नेपाली सञ्चारले लोकतान्त्रिक पद्धतिप्रति सबै राजनीतिक दलको समर्थन नभएकै कारण संविधान बन्न, बनाउन नसकिएको यथार्थ पनि आत्मसात गरेको छ । प्रवृत्ति र राजनीतिका नाममा हिंसा तथा अपराधीकरण प्रोत्साहित भएको यथार्थ पनि यसले बुझेको छ । यस्ता अनुभव र शिक्षाबाट मुलुकमा जारी निर्वाचन प्रक्रियालाई सघाउनु वा त्यसको पक्षमा सक्दो सहयोग पुर्‍याउनु नेपालका सञ्चारमाध्यमको दायित्व बनेको छ । अन्यथा मुलुकले बेहोर्नुपर्ने अकल्पनीय दुर्घटनाको जिम्मेवारी हाम्रा सञ्चारमाध्यमले पनि लिनुपर्ने र पछुताउनुपर्ने अवस्था मात्र बाँकी रहनेछ । (ख४१) ('निर्वाचनमा सञ्चारको भूमिका' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(२५) एमालेले पार्टी अध्यक्ष झलनाथ खनाल, कांग्रेसले उपसभापति रामचन्द्र पौडेल र एमाओवादीले बाबुराम भट्टराईको नेतृत्वमा घोषणापत्र मस्यौदा टोली बनाए पनि यी तीन वटै दलले त्यसलाई अन्तिम रूप दिन वा अनुमोदन गर्न सकेका छैनन् । मधेसी दलहरूले पनि घोषणापत्र जारी गरेका छैनन् । राप्रपा नेपालले चाहिँ मंगलबार सार्वजनिक गर्ने जनाएको छ । यसरी अधिकांश दलहरूले उम्मेदवारलाई मैदानमा पठाइसक्दा पनि घोषणापत्र तयार नपारेर आम मतदाताको अवमूल्यन गरेका छन् । घोषणापत्र नभए पनि केही हुन्न भन्ने यस्तो प्रवृत्तिले अन्ततः चुनाव जसरी पनि जिते हुन्छ भन्ने सन्देश दिएको छ । जसको मत र विश्वास लिएर

संविधानसभा र सत्तामा पुग्नुछ, उनैलाई बेवास्ता गर्ने गरी मौखिक वाचा जनाउँदै चुनावमा होमिनु स्वस्थ राजनीतिक संस्कार होइन । (क४०) ('घोषणापत्र चाहियो' शीर्षकका पाँचमध्ये तेस्रो अनुच्छेद)

(२६) विद्रोही वा स्वतन्त्र उम्मेदवार बन्न पाउने हक लोकतन्त्रमा सबैलाई उपलब्ध छ । विचारको राजनीति गर्नेहरूले विचार त्यागेर अवसरको पछाडि मात्रै दगुर्ने कुरा त्यति सहज लाग्दैन । अनुभव सँगालिँदै जाँदा आफू हिँडेको बाटो वा राजनीति(क?) दर्शनसँग विमति भएर दल परिवर्तन गर्ने वा विद्रोही हुने कुरा राजनीतिमा अन्यथा मानिँदैन तर चुनावको चहलपहल शुरू भएपछि दलबदलु र विद्रोहीहरूको ओइरो लाग्न शुरु हुन्छ । यसमा राजनीतिक आदर्श नभएर लोभ, पाप वा पद र पैसाको करामतले काम गरेको पाइन्छ । राजनीतिक दलहरूमा विद्रोही बढ्नु निष्ठा र सिद्धान्तको राजनीति स्खलित हुनुको प्रतिविम्ब हो भने बढी विद्रोही हुँदा संविधानसभा, संसद्मा कुनै पनि दलको बहुमत कायम हुन नसक्ने अवस्था आउने सम्भावना पनि बढ्छ । बढ्दो अवसरवादी, व्यक्तिवादी र आपराधिक मनोवृत्तिले गाँजेको राजनीतिक मनोदशा मुलुकमा केही वर्षयता निकै बढेको सङ्केत नै विद्रोही उम्मेदवारको भीड बढ्नु हो । प्रायः विद्रोही उम्मेदवारले राजनीतिक आदर्श प्राप्तिका लागि अथवा वैचारिक उत्थानका लागि विद्रोह गरेको नभेटिए पनि टिकट बाँड्ने दलका नेताहरूले निष्ठालाई सम्मान गर्न नसकेका कारण पनि दुःखी भएर विद्रोह गर्नेहरू पनि छन् । जीवनभरको राजनीतिक यात्रालाई दाउमा थापेर विद्रोह गर्ने पीडितहरू र राजनीतिमा लाग्ने बित्तिकै पद वा अवसर नपाएर विद्रोह गर्नेहरूको मूल्याङ्कन भिन्न भिन्न कोणबाट गरिनुपर्ने भए पनि विद्रोही संस्कारले मुलुकको राजनीति, राजनीतिक स्थिरता र चरित्रलाई मद्दत नगर्ने निश्चित छ । (ख४३) ('विद्रोही उम्मेदवार' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(२७) दलहरूको आर्थिक स्रोतबारेमा विगतमा पनि पटक-पटक बहस भएको छ । २०५८ सालमा तत्कालीन सरकारले दलहरूको चुनावी खर्च पारदर्शी बनाउन भनेर ल्याएको राजनीतिक दलसम्बन्धी विधेयक वा २०६० सालमा तत्कालीन अर्थमन्त्री प्रकाशचन्द्र लोहनीले पनि बजेटमै निर्वाचन आयोगमा दर्ता राष्ट्रिय मान्यताप्राप्त दललाई अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा प्राप्त गरेको मतको आधारमा प्रतिमत २० रुपैयाँका दरले अनुदान दिने घोषणा आदिमा सबै दलबीच सहमति बन्न नसक्दा कार्यान्वयन हुन सकेन । जसले गर्दा अहिले पनि दलहरूको हिसाब किताब पारदर्शी बनाउने कुरा हाम्रालागि ठूलो चिन्ता र चुनौतीको विषय भएको छ । त्यसकारण आसन्न चुनाव त्यस्तो चुनौती सामना गर्ने अर्को अवसर भएर आएको छ । निर्वाचन आयोगबाट दलहरूको चुनावी खर्चको गम्भीर अनुगमन एकातिर आवश्यक छ भने अर्कोतर्फ स्वयं दलहरू पनि जिम्मेवार हुँदै चुनावी खर्च भड्किलो होइन, पारदर्शी बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । (क४२) ('चुनावी खर्चको अनुगमन' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(२८) संविधानसभा निर्वाचनलाई कम खर्चिलो बनाउने पहल निर्वाचन आयोगले गरेको छ । यस अघि आचारसंहिता जारी गरेर उम्मेदवारहरूले चुनाव प्रचार प्रसारको सिलसिलामा खर्च गर्न पाउने रकमको सीमा तोकेको आयोगले अहिले तडकभडकपूर्ण प्रचार सामग्री र भोजभतेरमा समेत निषेध गरेको छ । निर्वाचन आयोगले चुनावलाई धाँधली र भयरहित एवं निष्पक्ष बनाउने कार्यलाई प्राथमिकतामा राखे जस्तै चुनावलाई कम खर्चिलो

बनाउनेतर्फ पनि ध्यान दिएको छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूबाट निर्वाचन गतिविधिको अनुगमन गराएर आयोगले चुनावी वातावरणको मूल्याङ्कन गर्ने भएको छ भने आफूले निर्धारण गरेका मापदण्डलाई लागू गराउने विषयमा पनि ध्यान दिने नै छ । आचारसंहिता लगायतका मापदण्ड बनाउने तर त्यसको पालनाको विषयमा अनुगमन कडाइ नगर्ने हो भने चुनावमा प्रत्यक्ष संलग्न दलहरूले आयोगको निर्देशनलाई गम्भीरतापूर्वक पालना गर्लान् नै भनेर ढुक्क पर्न नसकिएला । यस कारण आफ्नो मापदण्ड पालना भए नभएको अनुगमन गरी मूल्याङ्कन गर्नुका साथै दिनुपर्नेलाई आवश्यक सुझाव र नसिहत दिने व्यवस्था गरिनु समीचीन हुन्छ । (ख४४) ( 'मितव्ययी चुनाव' शीर्षकका तीनमध्ये पहिलो अनुच्छेद)

(२९) मुलुक गम्भीर संक्रमणकालमा छ । एकचोटी संविधानसभा असफल भई दोस्रोपटक त्यसको निर्वाचन हुन गइरहेको छ । निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्नु एउटा चुनौती छ भने त्यसपछि संविधान निर्माणको अर्को ठूलो चुनौती हाम्रासामु बाँकी छन् । यस्तो महत्वपूर्ण र संवेदनशील बखतमा बन्दजस्ता अनुचित विरोधका शैली अपनाइयो भने त्यसले आम जनजीवन र अर्थतन्त्रलाई त प्रभावित गर्छ नै, थप पुनः संविधान निर्माण प्रक्रियालाई प्रभावित गर्नसक्ने जोखिम हुन्छ । यस्ता थुप्रै जोखिमलाई न्यून गर्नका लागि सबै दल बन्दविरुद्ध एकमुख, एकजुट हुन आवश्यक छ । खासगरी प्रमुख राजनीतिक दलहरूले घोषणापत्र सार्वजनिक गर्दैगर्दा घोषणापत्रमै बन्द नगर्ने प्रण गर्नु अनिवार्य छ । (क४३) ('बन्दविरुद्ध प्रण' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(३०) दशैं, तिहारपछिको राजनीतिक चाडका रूपमा संविधानसभाको निर्वाचन नेपाली नागरिकका घर आँगनमा भुल्किँदैछ । चाडको उमङ्गबाट जनताको उत्साह चुनावतर्फ केन्द्रित हुँदैछ । संविधानसभाको निर्माण गर्न नेपाली मतदाता सक्षम हुने अपेक्षा स्वाभाविक छ । संविधानसभाबाट संविधान बनाउनका लागि आफ्नो मताधिकार प्रयोग गरेर नेपाली जनताले मुलुकलाई नयाँ गति र दिशा दिनेछन् । निर्वाचनले मुलुकमा जनप्रतिनिधि संस्थाको स्थापना गर्ने र राजनीतिलाई निश्चित गति दिने विश्वास सर्वत्र गरिएको छ भने मुलुकमा विद्यमान अन्योलको पनि अन्त्य हुने आशा लिइएको छ । निर्वाचित संस्थाको अभावमा लामो राजनीतिक सङ्क्रमणबाट मुक्ति पाउने नेपाली जनताको चाहना साकार हुन नसकिरहेको वर्तमान सन्दर्भमा निर्वाचनबाट स्थापित हुने संविधानसभाले लोकतन्त्रको संस्थागत विकास गर्न सुदृढ गति प्रदान गर्ने विश्वास लिनु स्वाभाविक छ । नेपाली समाजमा अनादिकालदेखि छाउँदै आएको सांस्कृतिक चाड पूर्वको यो मौसममा यसपटक राजनीतिक उमङ्ग पनि सहयात्रीका रूपमा आएको छ र आसन्न चुनावी चाड सकारात्मक परिणाम र सन्देशसहित सम्पन्न गर्नु सबैको कर्तव्य भएको छ । (ख४५) ('संस्कृति र राजनीतिको मौसम' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(३१) भयरहित वातावरण र कुनै पनि पक्षको निर्बाध प्रचारप्रसारको अधिकार स्वच्छ निर्वाचनका लागि अनिवार्य सर्त हो । गोरखा, रुकुमलगायतका जिल्लामा सुरु भएका घटनाले त्रासको वातावरण सिर्जना भएको छ । फरक सिद्धान्त बोकेका दलहरूलाई प्रचासप्रसारमा निषेध गर्नेदेखि सरकारी कार्यालयहरूमा पर्चा पम्पलेट टाँस्न नपाइने प्रावधान उल्लंघन भइरहेका छन् । यहाँसम्म अदालत भवनमै पम्पलेट टाँसिएका तस्विरहरू सार्वजनिक भइरहेका छन् । आचारसंहिता विपरीतका भित्तेलेखन मेटाउन सम्बन्धित पक्षलाई दिएको निर्देशन कार्यान्वयन नभए आफैंले

मेटाएर सम्बन्धित पक्षबाट खर्च असुल गराउन सक्छ । तर आयोग प्रारम्भमै दलहरूलाई सचेत गराउने काममा चुकेको देखिन्छ । ठूला दलका ठूला नेताहरूले हवाईजहाजमार्फत् देश दौडाहा गरिरहेका छन् । त्यसको स्रोत पारदर्शी गराउँदै उम्मेदवार र दलले गर्न पाउने खर्च सीमा नाघ्न नदिन आयोग बेलैमा सतर्क रहनुपर्छ । अर्कातिर कुनै दल या उम्मेदवारलाई स्रोतसाधन, जनशक्ति जुटाउने रणनीतिका साथ 'डमी उम्मेदवार' हरू खडा गर्ने रोग पनि भित्रिएको छ । तिनले 'डमी' उम्मेदवारका नाममा बनेका पास, गाडी र अन्य सुविधा लिन्छन् । अझ मतदानका दिन एजेन्ट राख्न, गणनामा बढी प्रतिनिधि खटाएर उसका पक्षमा दबाब दिलाउन सक्छन् । आयोगले तिनको पहिचान गरी तिनबाट हुन सक्ने हर्कत रोक्नुपर्छ । (क४६) ('कार्यान्वयनमा कडाइ' शीर्षकका चारमध्ये दोस्रो अनुच्छेद)

(३२) संविधानसभा सदस्य निर्वाचन आचारसंहिता-२०७० को पालना भए नभएको जाँचबुझ वा अनुगमन गर्न आयोगले आवश्यकता अनुसार अनुगमन टोली वा अन्य संयन्त्र गठन गर्नसक्ने व्यवस्था छ । निर्वाचन आचारसंहिता उल्लङ्घनको सूचना निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोली वा संयन्त्रमा दिन सकिने व्यवस्था गरिएको छ । निर्वाचन आचारसंहिता उल्लङ्घन गरेमा हुने सजायलाई आयोगले किटान गरेको छ । यस अघिको निर्वाचनमा आचारसंहिता उल्लङ्घन गर्ने तत्कालीन मन्त्रीलाई समेत नगद जरिवाना गरेको दृष्टान्त आयोगसँग छँदैछ । यस निर्वाचनमा पनि कसैबाट आचारसंहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा निर्वाचन आयोगले त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नका लागि आदेश दिनुपर्दछ । त्यस्तो आदेशबमोजिम काम कारवाही नरोकिएमा वा बदर नगरेमा आयोगले आचारसंहिता उल्लंघनकर्तालाई एक लाख रुपियाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था गरिएको छ । कुनै उम्मेदवारले आचारसंहिता उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्दसमेत गर्न सक्छ । चुनावी प्रचार अभियानमा लाखौं रुपियाँ खर्च गरेर चुनाव जित्छु भन्ने सोच नराखे पनि हुन्छ । निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गरेमा वा खर्चको विवरण आयोगसमक्ष पेश नगरेमा आयोगले जरिवाना गर्न सक्छ । खर्चको लेखापरीक्षण प्रतिवेदनको आधारमा अनुचित तवरले खर्च गरेको देखिएमा त्यस्तो व्यक्ति बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने व्यवस्थाप्रति उम्मेदवारहरू सचेत हुनुपर्ने देखिन्छ । आचारसंहिता राम्ररी अध्ययन गर्ने र त्यसको पालना गर्ने दायित्व राजनीतिक दल र उम्मेदवारको हो । (ख४६) ('आचारसंहिताको सम्मान' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(३३) समानुपातिक निर्वाचन प्रणालीको बन्द सूची बुझाइसकेपछि दलहरूको नियतमाथि केही गम्भीर प्रश्न उठेका छन् । जस्तो, समानुपातिकमा नाम समावेश गर्दा ठूलो आर्थिक चलखेल भएको देखियो । केही विवादास्पद पृष्ठभूमिका व्यक्तिको नामसमेत समानुपातिक सूचीमा देखिनुले शंका गर्ने आधार दियो । कतिसम्म भने अघिल्लो दिन पार्टी प्रवेश गरेका व्यक्तिको नामसमेत समानुपातिक सूचीमा राखेको देखियो । राष्ट्रिय स्तरका केही नेताले समेत प्रत्यक्ष प्रतिस्पर्धाको जोखिमपूर्ण परीक्षामा सामेल हुनुको साटो समानुपातिकबाट सभासद बन्ने आरामदायी

बाटो रोजे । कतिपय महिला नेतृहरूले पनि प्रत्यक्षको प्रतिस्पर्धाबाट भाग्दै समानुपातिकमा आफ्नो नाम सुरक्षित गर्न चाहे । समानुपातिकमा नाम छनौट गर्दा परिवारवाद हावी भएको अर्को प्रवृत्ति पनि उजागर भयो । समानुपातिक पद्धतिको सबभन्दा सुन्दर पक्ष के हो भने, त्यहाँ ठूलो भनिएका दलको मात्रै बर्चस्व हुँदैन, राष्ट्रिय राजनीतिमा चर्चामा नआएका र प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत प्रतिनिधित्व हुन नसक्ने दलहरूको संविधानसभामा सहभागिता हुनसक्ने प्रशस्त सम्भावना हुन्छ । अर्थात् साना दलहरूका लागि सहभागिता सुनिश्चित गर्ने माध्यम पनि हो समानुपातिक प्रणाली । तर साना दलका प्रमुख नेताहरूले पनि समानुपातिकमा सबैभन्दा पहिले आफ्नो र परिवारका सदस्यहरूकै नामलाई प्राथमिकतामा राखेका छन् । दलहरूले समानुपातिक अन्तर्गत सबै क्षेत्र, जाति, लिंग अथवा सीमान्तकृत, पिछडिएका वर्गको प्रतिनिधित्व सुनिश्चित गर्ने होइन, सकभर आफैं सभासद बन्ने नियत राखेको देखिन्छ । बन्द सूची बनाउँदा दलहरूले अपनाएको यही प्रवृत्तिले समानुपातिक पद्धतिमा विकृत अभ्यास भित्रिएको छ । (क५०) ('समानुपातिकमा सावधानी' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(३४) निर्वाचन हुनुमात्र लोकतान्त्रिक अभ्यास होइन, त्यसले जनताको वास्तविक विचारको प्रतिनिधित्व गरेको हुनुपर्दछ । डर, त्रास, लोभ, लालच र बुथकब्जा जस्ता दुष्कार्यबाट जनताको मत प्रभावित पारियो भने वास्तविक जनमत एउटा तर चुनावी परिणाम अर्को हुन्छ । नेपालमा निर्वाचनको अभ्यास २०१५ सालदेखि नै हुन थालेको भए पनि चुनावी परणाममा आमजनमत प्रतिविम्बित भएको कुरा ढुक्कसँग भन्न सकिने अवस्था छैन । त्यसैले राजनीतिक अतिवाद र अराजकतावादको पीडामा यो सुन्दर र स्रोतसम्मपन्न मुलुक समृद्धिको बाटोमा हिँड्न सकेको छैन, जनता बलिया हुन सकेका छैनन् । जनता बलिया हुनका लागि उनीहरूले योग्य, सक्षम प्रतिनिधि चयन गर्नसक्ने वातावरण हुनुपर्दछ । आम मतदाताको यो अधिकारलाई प्रभावित गर्ने काम हुने सम्भावना हरेक निर्वाचनमा रहन्छ । त्यस्तो नहोस् भनेर नै स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनका लागि नियम र आचारसंहिताको पालना निर्वाचनमा सहभागी सबै पक्षले गरे वा नगरेको अनुगमन गर्ने विधि अन्तर्राष्ट्रिय जगतमै स्थापित छ । नेपालमा पनि निर्वाचन प्रक्रियाको स्वच्छता अनुगमन गर्न राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय सञ्जाललाई पनि सहभागी गराउन थालिएको छ । यसपटकको संविधानसभा निर्वाचन पर्यवेक्षणका लागि निर्वाचन आयोगको अनुमतिमा राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू खटिइसकेका छन् । (ख५०) ('निर्वाचन पर्यवेक्षणको औचित्य' शीर्षकका तीनमध्ये पहिलो अनुच्छेद)

(३५) लोकतान्त्रिक प्रणालीमा निष्पक्ष र भयरहित निर्वाचन अनिवार्य सर्त हो । तर जसरी निर्वाचनको तयारीका क्रममा हिंसात्मक गतिविधि बढ्न थालेका छन्, चुनावी प्रतिस्पर्धामा ओर्लिएका नेताहरू निर्वाचन आचारसंहिता उल्लंघन गर्दैछन्, त्यसले निर्वाचन निष्पक्ष र भयरहित हुने कुरामा संशय खडा गरेको छ । निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारलाई त्यसो नगर्न सचेत बनाए पनि त्यो क्रम रोकिएको छैन । यी सबै परिवेश र परिस्थिति हेर्दा निर्वाचनका सम्पूर्ण पक्षको सूक्ष्म पर्यवेक्षणको आवश्यकता बोध हुन थालेको छ । त्यसो त संविधानसभा निर्वाचन-२ को पर्यवेक्षण गर्न विदेशी तथा स्वदेशी पर्यवेक्षकले थालिसकेका छन् । निर्वाचन आयोगले ५४ स्वदेशी तथा विदेशी संस्थाहरूका करीव ७४ हजार पर्यवेक्षकलाई निर्वाचन पर्यवेक्षण गर्ने अनुमति

दिएको छ । युरोपियन युनियनकी निर्वाचन पर्यवेक्षण मिसन प्रमुख इभा जोलीले बुधबार पत्रकारसँग कुरा गर्दै गम्भीर चासो साथ निर्वाचन पर्यवेक्षणमा लाग्ने बताएकी छन् । युरोपियन युनियनकी जोलीले भनेजस्तै चुनाव पर्यवेक्षण गर्न खटिएका सबै पर्यवेक्षकहरूले बिना कुनै आग्रह क्रियाशील हुनुपर्छ । किनभने निष्पक्ष र भयरहित बनाउन पर्यवेक्षक स्वयं पनि निष्पक्ष हुन सक्नुपर्छ । (क५२) ('पर्यवेक्षकको दायित्व' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(३६) यतिबेला राजनीतिक परम्परा अनुसार मुलुकका राजनीतिक दलहरूले जारी गरेका घोषणापत्रका विविध पक्षमध्ये आफूलाई रुचि लागेका पक्ष वा पेशासँग मेल खाने विधालाई लिएर सक्षम वर्गले अध्ययन विश्लेषण गर्न थालेका छन् । उद्योगी व्यवसायीहरूले सबै दलबाट अहिलेसम्म प्रस्तुत घोषणापत्रमा प्रस्ताव गरिएको आर्थिक मुद्दालाई कार्यान्वयन हुन नसक्ने भनी टिप्पणी गरेका छन् । विगतका अनुभवमा उभिएर हेर्ने हो भने राजनीतिक विषयमा पनि दलहरूले आफ्ना घोषणापत्र विपरीत गएर सहमति गरेका छन् भने विकाससम्बन्धी आश्वासनहरू पनि उपेक्षित भएका उदाहरण प्रशस्त पाइन्छन् । उनीहरूले मत आकर्षित गर्न प्रायः असम्भव योजना प्रस्तुत गरेको प्रतिक्रिया औपचारिक/अनौपचारिक रूपमा व्यक्त गर्न थालिएको छ । घोषणापत्र दलहरूको राजनीतिक प्रतिबद्धता हो । दलहरूले उच्च प्रतिबद्धता व्यक्त गर्नु वा विकासको सपना देखाउनु स्वाभाविक हो भने आफ्ना प्रतिबद्धतालाई कार्यान्वयन गर्नुपर्ने नैतिक उत्तरदायित्व पनि उनीहरूको काँधमा रहन्छ । (ख५२) ('घोषणापत्रको कार्यान्वयन' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(३७) सबैलाई ज्ञात भएकै कुरा हो- मंसिर ४ मा हुन गइरहेको संविधानसभाको दोस्रो निर्वाचनका निम्ति मुलुकका मुख्य राजनीतिक शक्तिहरूबीच एक स्तरको 'राजनीतिक सहमति' भएजस्तै विदेशी सकारेकारवालाहरूबीच पनि बिरलै हुने 'अन्तर्राष्ट्रिय सहमति' देखिएको छ । तर, यसको विरोधमा उत्रिएको वैद्य समूहलाई कसरी लिने भन्ने सवालमा उनीहरूबीच केही विमति देखिन्छ । खासगरी प्रभावशाली पश्चिमा मुलुकहरूले वैद्य समूहलाई 'प्रचारात्मक झुण्ड' का रूपमा लिंदै उनीहरूलाई महत्व नै दिन नहुने राय राख्ने गरेका छन् भने छिमेकी मुलुकहरूले उनीहरूबाट हुन सक्ने अवरोधलाई कम आकलन गर्न नहुने धारणा राखेका छन् । निश्चय पनि नेकपा-माओवादीलाई पूर्णतः बेवास्ता गर्ने नीति व्यावहारिक छैन । तत्काल सुरक्षा दृष्टिबाट उनीहरूको सामना कसरी गर्ने भन्नेबारे गम्भीरतापूर्वक सोच्न जति जरुरी छ, दीर्घकालीन रूपमा राजनीतिक समाधान खोज्नुपर्ने खाँचो उत्तिकै छ । (क५४) ('निर्वाचनप्रति अन्तर्राष्ट्रिय ऐक्यबद्धता' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(३८) यसबीच चुनाव प्रचारप्रसारका क्रममा विभिन्न ठाउँमा उम्मेदवारका गाडीमा आगजनी, कार्यक्रममा व्यवधान र केही स्थानमा झडप जस्ता अप्रिय घटना गरिएका छन् । दल दर्ताको वैधानिक प्रक्रिया पनि पूरा नगरेको नेकपा-माओवादीले चुनाव बहिष्कारको कार्यक्रम तय गरेका कारण मानिसमा चुनाव हुने कुरामा आशंका जन्माइदिएको हो भने आगजनीलगायतका धेरैजसो अप्रिय घटनामा उसको हात रहेको आमधारणा छ । लोकतन्त्रमा चुनाव बहिष्कार गर्नपाउने सुरक्षित हकलाई नेकपा-माओवादीले शान्तिपूर्ण र शालीन तरिकाले प्रयोग गरेर चुनावमा सहभागी हुन पाउने अन्य दल वा जनताको अधिकारलाई सम्मान गर्नु नै राजनीतिक संस्कार हो

भन्ने विषय वैद्य माओवादीका पाका नेतालाई बुझाइराख्नुपर्ने कुरा पक्कै होइन । सरकारले जनताको मतदान गर्न पाउने अधिकारलाई सुरक्षित गर्न आवश्यक सुरक्षा प्रबन्ध गरिसकेको अवस्थामा मतदानको अधिकार रोक्न खोज्दा हुने अप्रिय स्थितिले अन्ततः देश, राजनीति, राष्ट्रियता र जनता कसैको पनि हित गर्नेछैन । सरकार चुनाव गराउन प्रतिबद्ध रहेको अवस्थामा आवश्यक देखिए केही क्षेत्रमा पछि मतदान गराउने गरी तोकिएकै मितिमा चुनाव हुने विश्वास अहिले बढेको छ भने जनताले लामो समयदेखि व्यग्र प्रतीक्षा गरेको मतदानको दिन नजिकिँदै गर्दा चुनावी माहोल उत्कर्षमा पुगेको छ । (ख५४) ('राजनीतिक पर्वको उत्कर्ष' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(३९) मुलुकमा समावेशिताको नारा उर्लेको छ । समावेशी लोकतन्त्र संस्थागत गर्ने अभ्यास चलेको छ । विभिन्न जात, जाति, क्षेत्र, लिङ्ग आदि समुदाय आ-आफ्नो सहभागिता र अधिकार सुरक्षित गर्न लागेका छन् । तर दलित यस्तो समुदाय हो, जो आज पनि राज्यले आफूहरूलाई अवहेलना गरेको महसुस गरिरहेको छ । अहिले पनि दलित भनेपछि समाजमा 'अछूत' को व्यवहार गरिन्छ । छुवाछूत वा छोइछिटोको परम्परागत सोच, नयाँ पुस्तामा घटे पनि अझै आम समाज यो समस्याबाट पूर्णतः मुक्त छैन । परम्परागत र सामन्ती सोचका कारण उसै पनि अपहेलित र शोषित दलित समुदाय प्रमुख राजनीतिक दलहरूको कोपभाजनमा पर्नु दुर्भाग्य हो । पहिलो संविधानसभामा ५० जना दलित सभासद भएपछि यो समुदायमा केही उत्साह आएको थियो । राजनीतिक मूलधारमा आफ्ना कुरा सुनिने भयो भनेर तिनमा उत्साह छाएको थियो तर संविधानसभा-२ को प्रत्यक्ष उम्मेदवार छनोटमा उपेक्षामा परेपछि तिनमा निराशाले घर गरेको मात्रै छैन, संविधानसभा-२ मा दलित सहभागिता न्यून हुन सक्ने संकेत पनि देखिएको छ । (क५५) ('दलित उपेक्षा' शीर्षकका चारमध्ये दोस्रो अनुच्छेद)

(४०) मुलुकको अहिलेको राजनीतिक सन्दर्भमा चुनावी प्रक्रिया अन्तर्गत हुने स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित मतदान लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने उद्देश्यप्रति लक्षित रहेको सन्देशका साथ अध्यक्ष रेग्मीले चुनावी सुरक्षाका लागि आवश्यक तयारी पूरा भएको र चुनावविरोधी गतिविधि सरकारलाई सह्य नहुने बताएर मतदातालाई निर्भयसाथ चुनावमा सहभागी हुनसक्ने प्रत्याभूति दिनुभएको छ । निर्वाचन कुनै राजनीतिक दल र सरकारको भन्दा पनि जनताको अधिकार हो । जनताको अधिकार कुण्ठत गर्ने छुट कसैलाई हुँदैन र त्यस्तो छुट सरकारले कसैलाई दिन पनि सक्दैन । जनताको जिउधनको अहर्निश सुरक्षा गर्नु राज्यसंयन्त्रको दायित्व नै हो भने निर्वाचन जस्ता जनताको अधिकार र अभिमत व्यक्त हुने विशेष अवसरमा सुरक्षा व्यवस्थालाई विशेष प्रकारले परिचालित गर्नु सरकारको अभीष्ट र दायित्वसमेत हो । (ख५१) ('निर्वाचनप्रति भरोसा' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(४१) संविधानसभा-२ को निर्वाचन संघारमा आइसकेको छ । मुलुकभर चुनावी माहोल छ । राजनीतिक दल र नेताहरूले प्रचारप्रसारलाई तीव्र पारेका छन् । कार्यालय, चौतारा, चियापसल र सर्वसाधारणका जमघट हुने स्थलमा चुनावी चर्चा र रौनक छ । यसका बाबजूद एउटा कोणबाट चुनाव हुँदैन कि भनेर आशंका गर्न छोडिएको छैन । नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चा चुनावका विपक्षमा उभिएकाले यस्तो आशंका गर्ने गरिएको भए पनि त्यस्तो आशंकामा आधार छैन । मुलुकमा चुनावी प्रक्रिया यति अघि बढिसक्यो कि अब फर्कने ठाउँ छैन ।

चुनावका लागि अर्बौं खर्च भइरहेको छ । त्यसका लागि मूल्यवान समय खर्चिएको छ । अब कसैले चुनाव नहुने आशंका गर्नु उचित हुनै सक्दैन । चुनाव भाँड्ने प्रपञ्च कहीं कतैबाट हुन्छ भने त्यो विवेकहीनता मात्रै होइन, मुलुकप्रतिकै अपराध हुने छ । त्यसकारण राजनीतिक दल, मतदाता सबै आधारहीन आशंकाको पछि नलागी निर्वाचनको महासमरमा होमिन आवश्यक छ । (क५७) ('आशंका नगरौं, चुनावमै होमिऔं' शीर्षकका चारमध्ये पहिलो अनुच्छेद)

(४२) मुलुक द्वन्द्वबाट फिर्ता भएपनि शान्तिप्रक्रिया पूर्ण भइसकेको छैन । पुरानो व्यवस्थाको अन्त्य र नयाँ व्यवस्थाको संस्थागत व्यवस्थापन भई नसकेको सङ्क्रमणकालीन अवस्थामा मङ्सिर ४ गते हुन लागेको संविधानसभाको दोस्रो निर्वाचन सफल पार्नु सबै नेपालीको दायित्व हो । नयाँ संविधान निर्माण गरी मुलुकलाई आर्थिक समृद्धितर्फ डोऱ्याउन पनि यो निर्वाचन सुनौलो अवसर हो । यस्तो अवसरलाई सबैले सदुपयोग गर्नुपर्दछ । नयाँ संविधान निर्माण नेपाल र नेपालीको भविष्य सुनिश्चित पार्ने आधार पनि भएकाले अबको निर्वाचनलाई स्वतन्त्र, निस्पक्ष, भयरहित र धाँधलीरहित बनाउनमा सबैको जिम्मेवारी उत्तिकै छ । गत संविधानसभाले समयमा नयाँ संविधान जारी गर्न नसक्दा नागरिक निराश भएको पक्कै हो । गत संविधानसभा असफल भयो भन्दैमा अब बन्ने संविधानसभा पनि असफल नै हुन्छ भनेर अड्कल गर्नु कुनै अर्थमा न्यायसंगत हुन सक्दैन । गल्तीले नै सबैलाई परिसकृत बनाउँछ । त्यसैलाई मुद्दा बनाएर निर्वाचन बिथोल्नेजस्ता गतिविधि तथा विरोधका कार्यक्रम गर्नु अहिले मुलुकका लागि घातक हुनसक्छ । अहिले नेकपा-माओवादी नेतृत्वमा केही दलको मोर्चाले निर्वाचनको विरोध गरिरहेको छ । निर्वाचनपछि बन्ने संविधानसभाबाट नयाँ संविधान बन्न नसक्ने जिकिर उक्त मोर्चाको छ । निर्वाचनमा भाग लिने वा नलिने अधिकार लोकतान्त्रिक प्रक्रियामा सबैलाई हुन्छ तर निर्वाचनमा भाग लिने दल तथा मतदातालाई धम्क्याउने, तर्साउने तथा निर्वाचनका कार्यक्रम बिथोल्ने गतिविधि कसैबाट हुनु हुँदैन । आफ्ना गतिविधि गर्दा अरूको गतिविधिलाई बिथोल्ने अधिकार पनि कसैलाई हुँदैन । आफ्नो अधिकार खोज्नेले अरूको अधिकारलाई सम्मान गर्नु सामान्य भद्रता हो र यसलाई सबैले पालना गर्नुपर्दछ । (ख५६) ('कुनै पनि अवरोध अस्वीकार्य' शीर्षकका तीनमध्ये पहिलो अनुच्छेद)

(४३) लोकतान्त्रिक पद्धतिमा विरोध गर्न पाइन्छ तर मनपरी गर्न पाइन्न । लोकतान्त्रिक प्रणालीमा गरिने विरोधका पनि आफ्नै सीमा हुन्छन् । हक अधिकारका नाममा जब बल प्रयोग हुन थाल्छ, जब राजनीतिक पार्टीले हिंसाको सहारा लिन थाल्छ, त्यो क्रियाकलाप अलोकतान्त्रिक हुन जान्छ । त्यो क्रियाकलाप गैरजिम्मेवार बन्न जान्छ । राजनीतिक विमति राख्न पाउने हक जोकोहीलाई सुरक्षित हुन्छ तर त्यसैका नाममा अरुको मौलिक हक अधिकार हनन गर्ने, आम जनतालाई सास्ती दिने, त्रासमा राख्ने अधिकार कसैलाई पनि हुन्न । त्यस्तो गर्नु राजनीतिक चरित्रभित्र पर्दैन । लोकतन्त्रमा राजनीतिक विमति जनाउने तौरतरिका शान्तिपूर्ण हुन्छ, हुनुपर्छ । माओवादीसहितको मोर्चाले यसलाई मनन गर्दै विरोधको राजनीतिक, शान्तिपूर्ण र लोकतान्त्रिक विधि अख्तियार गरोस् । जनविरोधी 'बन्द' का कार्यक्रम तत्काल फिर्ता गरोस् । (क५८) ('जनविरोधी क्रियाकलाप' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(४४) निर्वाचन सन्दर्भमा राजनीतिक दलहरूले प्रकाशमा ल्याएका घोषणापत्रहरूमा बाल अधिकारप्रति सम्मान गर्ने तथा बाल विकासका लागि प्रतिबद्ध रहने भावहरूलाई समावेश गर्न छुटाइएको छैन । घोषणापत्रलाई दलहरूको 'देखाउने दाँत' का रूपमा व्याख्या गर्ने चलन बढिरहेको समयमा चुनाव प्रचारका क्रममा हुन थालेको बालबालिकाको प्रयोगले उक्त व्याख्या सही नै हो कि भन्ने पक्षमा बल पुग्न आएको छ । त्यसैले बालबालिकासम्बन्धी आचारसंहिताको पूर्ण पालनालाई आफू बालअधिकारको सम्मानमा पूर्ण प्रतिबद्ध रहेको प्रमाणित गर्नेसन्दर्भमा राजनीतिक दलहरू तथा उम्मेदवारहरूले एउटा अवसरका रूपमा उपयोग गर्न सक्छन् । बालबालिका आफ्नो सुदृढ भविष्यको तयारीमा छन्, उनीहरूको यस तपस्यामा सहयोग गर्नु नै वर्तमान सवल पुस्ताको कर्तव्य हो, उनीहरूलाई प्रयोग गरेर आफ्नो निर्वाचन अभियानलाई लाभ पुऱ्याउनु सामान्य मानवीय धर्मबाट समेत विमुख हुनु हो । वर्तमान चुनावले राष्ट्रकै भाग्यरेखाका रूपमा नयाँ संविधानको निर्माण गर्ने र सोही संविधानको मार्गनिर्देशन बमोजिम भावी सरकारहरूले बालबालिकालाई सुरक्षित वातावरण उपलब्ध गराउने भएकाले यस चुनावमा बालबालिकाको दुरूपयोग गरेर यस पावन कार्यलाई धमिल्याउन नहुनेतर्फ सबै पक्षको ध्यान पुग्नु जरुरी छ । (ख५७) ('चुनावमा बालकालिकाको दुरुपयोग' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(४५) बालबालिका अबोध हुन्छन् । तिनले आफ्नो अधिकारको आवाज आफैं उठाउन सक्दैनन् । ससाना प्रलोभनले फस्न सक्छन् र जोसुकैका लागि जुनसुकै अवस्थामा पनि प्रयोग भइदिन सक्छन् । तिनको अधिकारको संरक्षण गर्ने दायित्व राज्यको हो । राजनीतिक दलको हो । सरकारले बालअधिकारका सवालमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गर्दै प्रतिबद्धताहरू जनाएको छ । तिनको अधिकार संरक्षण गर्न भनेर कानुन बनाएको छ । यद्यपि ती प्रतिबद्धता र कानुन कागजमै सीमित छन् । जसले गर्दा राजनीतिक दलहरूले निर्वाचनमा राजनीतिक अभीष्ट पूरा गर्न बिनाहिच्किचाहट बालबालिकाको प्रयोग गरिरहेका छन् । निर्वाचन प्रयोजनमा बालबालिकाको प्रयोग हुनुले दलहरूको गैरजिम्मेवार र असंवेदनशील प्रवृत्ति उजागर गरेको छ । उनीहरूले यो प्रवृत्तिलाई सच्याई तत्काल बालबालिकाको दुरुपयोग रोक्नुपर्छ भने आचारसंहिताको अनुगमनकारी निकायले पनि सूक्ष्म अनुगमन गर्दै ककसले, कहाँ-कहाँ दुरुपयोग गरेका छन्, त्यसलाई बन्द गर्न सक्नुपर्छ । (क५९) ('चुनावमा बालबालिकाको दुरुपयोग' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(४६) जनताबाट स्वीकृत राजनीतिले नै समस्याको समाधान गर्नसक्दछ । अहिले नेपाली जनताले स्वीकार गरेको र वर्तमान नेपालको राजनीतिक निकासका लागि निर्विकल्प उपाय भनेको निर्वाचन नै हो । तसर्थ जनताको लोकतान्त्रिक अधिकार उपभोग गर्ने प्रक्रियामा अवरोध सिर्जना गरेर सर्वसाधारणलाई असुविधा पार्नलाई आफ्नो उपलब्धि मान्नुभन्दा पनि देशको आवश्यकता र अपरिहार्यलाई बुझेर निर्वाचनलाई सहज तुल्याउने बाटोमा सम्बन्धित पक्ष आउनुपर्ने देखिन्छ । तोडफोड, आगजनी, यातायात बन्द जस्ता कार्यबाट देश र जनताले असीमित दुःख भोगिसकेको छ, देशको साधनस्रोतको प्रशस्त दुरुपयोग भइसकेको छ । विगतमा कतिपय राजनीतिक दलहरूले यस्ता कार्य गर्नुलाई गल्ती भन्दै आत्मालोचना गर्नुका साथै अबदेखि विरोध प्रदर्शनका लागि यस्ता उपायलाई नअपनाउने प्रतिबद्धता पनि व्यक्त गरिसकेका छन् । तसर्थ राजनीतिक दलहरूले नै अव्यावहारिक तथा

अनुपयोगी मानिसकेको अभ्यासलाई अपनाएर राजनीतिलाई अगाडि बढाउन सकिँदैन भन्ने कुरालाई सबैले मनन गर्नुपर्ने देखिन्छ । यसपटक भएको बन्दको अवज्ञाबाट शिक्षा लिएर जनताले रुचाएको, जनताको हितमा भएको र जनताका लागि आवश्यक वातावरण सिर्जना गर्नमा समर्पित गर्नु नै उत्तम हुने भएकोले बन्द हडताल जस्ता जनतालाई दुःखमा पर्ने कदममा संलग्न नहुने प्रतिबद्धता राजनीतिक दलहरूले पुनः एकपटक व्यक्त गर्नुपर्ने देखिन्छ । (ख५८) ('जनताबाट बहिष्कृत बन्द' शीर्षकका तीनमध्ये पहिलो अनुच्छेद)

(४७) नेकपा-माओवादीले वर्तमान सरकार प्रमुखले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्ने र निर्वाचनको तिथि सार्नुपर्ने अडान राखेर चुनाव वहिष्कार गरेको जनाएको हो । ती मागप्रति सिद्धान्ततः अरू धेरैको पनि समर्थन थियो । त्यस अर्थमा माओवादीको चुनाव वहिष्कारप्रति गैरमाओवादी तप्कामा पनि थोरथोर राजनीतिक सदाशय देखिन्थ्यो । माओवादीबिना संविधानसभा निर्वाचन हुन लागेकामा थुप्रै स्वतन्त्र बुद्धिजीवीहरूले चिन्ता र सरोकार राखिआएका छन् । हामीलाई पनि लाग्छ- नेकपा-माओवादीजस्तो राजनीतिक घटकलाई नसमेटी संविधान लेख्ने प्रयोजनको निर्वाचनमा जाने निर्णय त्रुटिपूर्ण थियो, जसको कारण र कारक को थिए भन्नेबारेमा इतिहासमा समीक्षा हुने छ । अहिलेको राष्ट्रिय जिम्मेवारी भने अन्तिम चरणको तयारीमा पुगिसकेको निर्वाचनको राष्ट्रिय संकल्प सफल पार्नु हो । यसलाई वहिष्कार गर्ने अधिकार नेकपा-माओवादीलाई छ, तर उसले यसका निम्ति अरूको अधिकार खोस्न र वल प्रयोग गर्न पाउँदैन । अझ पछिल्ला दिनमा बम र पेट्रोलको प्रयोगबाट आम जनतामा आतंक फैलाउने जुन प्रयास गरिँदै छ, त्यसले नेकपा-माओवादीको राजनीतिक छविलाई बिल्कुलै राम्रो गरेको छैन । जनताले अस्वीकार गरेको बन्द र सक्कली-नक्कली बम प्रहारको सिलसिला नेकपा-माओवादीले तत्काल रोक्नुपर्छ र वैधानिक दायरामै रहेर आफ्ना गतिविधि अगाडि बढाउनुपर्छ । यसैमा राष्ट्रको र नेकपा-माओवादीसमेतको हित निहित छ । (क६०) ('वम, बन्द र बहिष्कार' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(४८) देशमा अझै ३४ प्रतिशत जनसङ्ख्या निरक्षर छन् । निरक्षर जनतालाई मतदाता शिक्षा सबैभन्दा बढी खाँचो पर्दछ । यसर्थ बदर मत घटाउने सबैभन्दा भरपर्दो माध्यम मतदाता शिक्षा नै भएकोले यससम्बन्धी पहललाई तीव्रता दिनुपर्ने देखिन्छ । मतदाता शिक्षाका लागि परिचालन गरिएका कार्यकर्ता तथा स्वयम्सेवकहरूलाई थप प्रभावकारी रूपमा परिचालन गर्ने तथा उनीहरूको कार्यशैली र उनीहरूले दिने जानकारीलाई लक्षित वर्गको आवश्यकता अनुरूप बनाउने दिशामा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । केही स्थानका पर्खाल वा भित्तामा निर्वाचन आयोगले छापेका पोस्टर टाँस्दैमा बदर मतको परिणाम घट्ने विश्वास गर्न सकिन्न । त्यसका लागि लक्ष्यित वर्गका घरमै पुगी अभ्यास सहित मतदाता शिक्षा प्रदान गर्नुपर्ने हुन्छ । निर्वाचनको दिन धेरै बाँकी नभए पनि दिनमा पनि धेरै गर्न सकिन्छ । राज्यले मतदाता शिक्षाका लागि गरेको लगानीको सदुपयोग भएको कुरा निर्वाचनमा हुने मतदानमा प्रतिविम्बित हुनपर्दछ । (ख५९) ('घरदैलोमा मतदान शिक्षा' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(४९) निर्वाचन आयोगले सूचना प्रविधिको अधिकतम प्रयोग गरेर चुनावी प्रक्रियालाई तुलनात्मक रूपले चुस्त बनाउन गरेको प्रयास सराहनीय छ । उसले खासगरी जिल्ला-जिल्लामा चुनाव सामग्रीको ढुवानी र

मतदानसम्बन्धी सबै कार्यक्रमको आधुनिक प्रविधिबाट 'ट्र्याकिङ' गर्ने तरिका अपनाएको छ । काठमाडौंमा रहेको मुख्यालयबाटै देशभरिका निर्वाचन गतिविधि अनुगमन गर्न सकिने गरी जडान गरिएको प्रविधिले मतदान र मतगणना प्रक्रियालाई विवादरहित बनाउन मद्दत पुऱ्याउने अपेक्षा राखिएको छ । खासगरी २४० वटै निर्वाचन अधिकृत कार्यालयदेखि मतदान केन्द्रहरू र मुख्यालयलाई एउटै विद्युतीय अनुगमन प्रणालीमा जोडिएको कारण कहीं-कतै गडबडी वा समस्या उत्पन्न भयो भने तत्कालै सूचना प्रवाह र सहयोग गर्न मिल्ने व्यवस्थाले निर्वाचनलाई धाँधलीरहित बनाउन सघाउनेछ । यद्यपि यससँग जोडिएको मुख्य पाटो भनेको उपलब्ध प्रविधिको प्रभावकारी कार्यान्वयन हो, जसमा हामी प्राय चुक्ने गरेका छौं । तसर्थ निर्वाचन आयोगले आवश्यक प्राविधिक तयारीसँगै दक्ष र इमानदार जनशक्तिमार्फत् त्यसलाई लागू गर्नेतर्फ विशेष रूपमा ध्यान दिनुपर्छ । (क६१) ( 'निर्वाचनमा प्रविधि प्रयोग' शीर्षकका चारमध्ये पहिलो अनुच्छेद)

(५०) संविधानसभा निर्वाचनलाई लक्षित गरी नेपाल कम्युनिस्ट पार्टी-माओवादी र उसको गठबन्धनको आह्वानमा भएको बन्दले निर्वाचनको उल्लासमा रहेका आममतदाता र सेवाग्राहीमाथि समस्या थोपरेको छ । यस्तो अवस्था आउनु हुँदैन्थ्यो । संविधानसभाको निर्वाचनमा मुलुक पूर्णरूपले होमिनुपर्ने थियो, त्यो हुन सकेन । यो राजनीतिक माग, अडान र दृष्टिकोणबाट उत्पन्न परिस्थिति हो तर यसको परिणामले राजनीतिक वृत्तभन्दा सर्वसाधारणलाई पीडा दिएको यथार्थलाई बन्दकर्ताले महसूस गरिदिने हो भने विरोधका अन्य रचनात्मक तरिका अपनाउन सकिन्छ । विगत केही समयदेखि नेपाल उद्योग वाणिज्य महासंघले नेपाल बन्द वा आमहड्तालले मुलुकको आर्थिक अवस्था डाँवाडोल बनाउँछ भन्दै त्यसो नगर्न राजनीतिक दलहरूलाई आग्रह गरको छन् । आग्रह बेवास्ता गरी बन्द हड्ताल जस्ता गतिविधि जारी राखिनु उचित होइन । बन्दको शान्तिपूर्ण विरोध भइरहेको छ । खासमा यो विरोध नभएर शान्तिपूर्ण आग्रह हो । यसलाई विरोधका रूपमा बुझ्नु हुँदैन । यिनै दलले औद्योगिक क्षेत्रलाई समस्या हुनेगरी बन्द हड्ताल नगर्ने विगतमा गरेका लिखित सहमतिलाई महासंघले सम्झाउने प्रयत्न मात्र गरेको हो । महासंघले कुनै एक दलको कार्यक्रमलाई लक्षित गरी यस्ता शान्तिपूर्ण आग्रह गरेको नभई आमनागरिकको जनजीवन सामान्य राख्न गरेकाले आह्वानलाई मुलुकको वृहत्तर हितसँग जोडेर हेर्नुपर्ने हुन्छ । यसैगरी, 'नेपाल सधैं खुल्ला छ' जस्ता रचनात्मक र सन्देशमूलक कार्यक्रममार्फत युवाहरूले देशप्रति देखाएको चासो र चिन्तालाई पनि बन्दकर्ताले आफ्ना कार्यक्रमप्रति जनताले देखाएको प्रतिक्रियाका रूपमा लिनुपर्दछ । आज देशले बन्द, हड्तालभन्दा पनि निर्वाचनमार्फत संविधान र त्यसमार्फत समृद्धिको कामना गरेको छ । यस घडीमा राजनीतिक दल र उद्योग व्यवसायीहरूले एउटै लक्ष लिएर अगाडि जानुपर्ने अवस्था छ । दलले हामी राजनीतिक स्थिरता दिन्छौं, तपाईंहरूले आर्थिक समृद्धि दिनुहोस् भनेर व्यवसायीहरूलाई विश्वस्त बनाउनुपर्ने अवस्थामा यी दुई शक्तिबीच कटुता देखियो भने अन्ततः यसले मुलुकको हित गर्दैन । (ख६०) ('बन्द, हडतालविरुद्ध शान्तिपूर्ण आग्रह' शीर्षकका दुईमध्ये पहिलो अनुच्छेद)

(५१) बहिष्कारवादीहरूको निर्वाचन बिथोल्ने उद्देश्य भएकाले सुरक्षा जोखिममा सबैभन्दा धेरै मतदाता छन् । मन्त्रिपरिषद्का अधयक्ष खिलराज रेग्मी र निर्वाचन आयोगले आम जनतालाई ढुक्कसँग मतदान गर्न जान आह्वान

गरे पनि आम मतदाताका मनमा मनोवैज्ञानिक त्रास कायमै छ । गैरजिम्मेवार ढंगले जसरी गुडिरहेको बसमा पेट्रोल बम हानिएको छ, त्यसखाले जोखिमपूर्ण प्रवृत्ति विद्यमान रहेकाले आम मतदाता ढुक्क हुन सकेका छैनन् । सुरक्षा संयन्त्रले आम मतदातालाई निर्भयसाथ मतदान गर्ने व्यवस्था गर्न सक्नुपर्छ । मतदाता आउने बाटोघाटो, मतदान केन्द्र सुरक्षाका दृष्टिले जोखिममा हुन सक्छन् । यी स्थानमा अत्यधिक सुरक्षा सतर्कता अपनाउन सक्नुपर्छ । मतदानको तोकिएको समयावधिभर सुरक्षा जोखिम रहिरहने हुँदा चौबिसै घन्टा विशेष चनाखो रहनु जरुरी छ । (क६४) ('उच्च सुरक्षा सजगताको खाँचो' शीर्षकका चारमध्ये दोस्रो अनुच्छेद)

(५२) मुलुकलाई आर्थिक रूपले समृद्ध लोकतान्त्रिक मुलुक बनाउने जनताको चाहना लामो समयसम्म पनि पूरा हुन सकेको छैन । २००७ साल, २०१५ साल वा २०३६ सालका राजनीतिक घटनाक्रमले पनि मुलुकमा राजनीतिक स्थायित्व र समृद्धि प्रदान गर्न सकेन । २०६५ सालमा बनेको संविधानसभाप्रति आमजनताको निकै भरोसा थियो तर त्यसले पनि जनतामा निराशामात्र दियो । दुई वर्षमा संविधान निर्माण गर्ने भने पनि चार वर्ष व्यतित गरेर अर्बौं रुपियाँ बराबरको साधनस्रोत खर्च गर्दा पनि जनताले संविधान पाउन सकेनन् । २०६५ सालमा बनेको संविधानसभा र त्यस सभाका सभासद्प्रति जनताको ठूलो अपेक्षा थियो तर जनताको आकाङ्क्षा अनुरूपको कुनै काम हुन सकेन । अहिले मुलुकमा संविधानसभा सदस्य निर्वाचनको अर्को विकल्प छैन र मतदानभन्दा अर्को ठूलो लोकतान्त्रिक अभ्यास हुन सक्दैन । मतदान गरेर आफ्नो अभिमत व्यक्त गर्नु नागरिकको अधिकार र दायित्व पनि हो । लोकतान्त्रिक मुलुकको नागरिक भएका नाताले शासन प्रणालीमा आफ्नो प्रतिनिधित्व गराउनु नेपाली जनताको अधिकार हो भने प्रभावशाली, सक्षम र सिर्जनात्मक प्रतिनिधित्व गराउनु दायित्व हो । लोकतान्त्रिक व्यवस्थाले दिएको यो अधिकार र दायित्वको निर्वाह निर्वाचनका क्रममा जनताको विवेकपूर्ण निर्णयबाट मात्र हुनसक्छ । विभिन्न निर्वाचनबीच विशिष्ट प्रकृतिको निर्वाचन संविधानसभा निर्वाचनका सन्दर्भमा जनताको सही निर्णयको महत्व अझ बढी हुन्छ भन्ने कुरालाई प्रत्येक मतदाताले विचार पुऱ्याउनुपर्दछ । (ख६२) ('मतदान अधिकार र दायित्व' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(५३) प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको अराजनीतिक सरकारले संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्नेमा धेरैको आशंका थियो । रेग्मी सरकारले निर्वाचनको सफल आयोजना गरेर 'अर्जुनदृष्टि' ठीक ठाउँमा लगाएको प्रमाणित गरेको छ । यसका निम्ति मन्त्रिपरिषद् अध्यक्ष रेग्मी र उनको क्याबिनेट-टिम प्रशंसाको पात्र छ । सरकारको चुनावी अठोट पूरा गर्न नेपाली सेना, दुइटै प्रहरी संगठनलगायत सुरक्षा अंगहरूले जे-जस्तो प्रभावकारी भूमिका निर्वाह गरे, त्यो पनि उल्लेखनीय छ । निर्वाचन आयोगले कतिपय प्राविधिक सीमितताका बाबजूद गरेको प्रभावकारी कार्यसम्पादन प्रशंसायोग्य छ । खासगरी आचारसंहिताको परिपालना गराउन, भड्किलो प्रचारवाजी रोक्न, तस्बिरसहितको परिचयपत्र जारी गर्न र दोहोरिएका मतदाता छानेर मतदान पद्धतिलाई छरितो बनाउन आयोगले उल्लेख्य योगदान पुऱ्याएको छ । (क६५) ('कीर्तिमानी मतको कदर' शीर्षकका छमध्ये चौथो अनुच्छेद)

(५४) पहिलो संविधानसभाको निर्वाचनबाट निर्माण गरिएको संविधानसभा संविधानलाई अन्तिम रूप नदिँदै विघटन

भएको घाउ बोकेर बसेका नेपालीका लागि यो निर्वाचन आशाको किरण बनी झुल्किएको छ । संविधान निर्माण गर्ने प्रक्रिया जारी रहने क्रममा यो निर्वाचनले देशलाई सरकार र विधायिका पनि दिने भएकाले पनि विद्यमान राजनीतिक अन्योललाई चिर्न आजको दिन निर्णायक हुने देखिन्छ । राजनीतिक खिचातानी, आफ्नै विचारमा अडान राख्ने प्रवृत्ति, सत्तामुखी सोचका कारण नै देश लोकतान्त्रिक परिपाटीमा प्रवेश गरिसक्दा पनि गैरदलीय सरकारको नेतृत्वमा रहेको छ । आफ्ना धारणा प्रस्तुत गर्नुका साथै अरुका धारणालाई पनि सम्मान गर्ने सहमति र सद्भावयुक्त वातावरणमा नै लोकतन्त्रको विकास हुनसक्ने भएकोले अब दलहरूले आपसमा सहमतीय संस्कृति विकास गर्नु जरुरी छ । विगतमा भएका कमीकमजोरीलाई सुधार्दै सकारात्मक बाटोतर्फ दलहरू अगाडि बढ्नुको विकल्प छैन । जनतालाई भोट खसाल्ने साधनका रूपमा मात्रै राजनीतिक दलहरूले उपयोग गर्ने सोच राखेमा आफ्नै लागि प्रत्युत्पादक हुने तथ्यलाई उनीहरूले गम्भीरतापूर्वक मनन गर्नुपर्ने देखिन्छ । (ख६३) ('सम्पन्न निर्वाचनको सन्देश' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(५५) सफल निर्वाचनले बाहिरी विश्वमा अब नेपाल द्वन्द्वग्रस्त नभई प्रजातान्त्रिक मुलुक बनेको सन्देश दिएको छ । यदि दलहरूले यसलाई सदुपयोग गर्न सके ठूला पूर्वाधार, जलविद्युत् लगायत क्षेत्रमा विदेशी लगानी ल्याउन सकिन्छ । ठूलो लगानी बढ्दा बढी रोजगारी सिर्जना हुन्छ । रोजगार युवाशक्तिले मुलुकको विकासमा योगदान दिन सक्छन् । लगानीकर्ताले प्रतिफलको सुनिश्चितता नभई रकम ल्याउँदैनन् । मुलुकमा राजनीतिक गतिरोधकै कारण लगानीको प्रतिफल सुनिश्चित हुन नसकेको हो । यसैगरी बजेटलाई दलहरूले राजनीतिक स्वार्थ पूर्तिको माध्यम बनाउन नहुने सन्देश पनि विभिन्न कोणबाट निजी क्षेत्रले दिइरहेको छ । पहिलो संविधानसभाको निर्वाचनयता अधिकांश वर्षमा समयमै बजेट आउन सकेन । उक्त वर्षहरूमा आर्थिक वृद्धिदर ४ प्रतिशतभन्दा कम रह्यो । सरकारले खर्च गर्न नसक्दा निजी क्षेत्रको उत्पादन बिक्री हुन सकेनन् । (क६६) ('आर्थिक स्थायित्व आवश्यक' शीर्षकका चारमध्ये तेस्रो अनुच्छेद)

(५६) निर्वाचनको सफलतासँगै राजनीतिकको नयाँ अध्याय शुरु भएको छ । राजनीतिक दृष्टिले मुलुक अब नयाँ युगमा प्रवेश गरेको छ । केही दिनभित्रै यसको परिणाम पनि प्रकाशित हुने नै छ । कुन पार्टीले कति मत पाए वा जनताले कुन पार्टीका कुन घोषणापत्रलाई के कति मन पराए, त्यो त निर्वाचनको परिणामले नै बताउला तर अहिलेलाई कुन पार्टीको विजय होला भन्नुभन्दा पनि भावी दिनमा दलहरूले जनमतलाई के कति सम्मान र सम्बोधन गर्न सक्लान् भन्ने कुरा नै महत्वपूर्ण हुन आउँछ । निर्वाचनमा एउटाको विजय र अर्कोको पराजय स्वभाविक हो । दुवै शक्ति वा भए जति सबै शक्तिको एकैसाथ विजय र पराजय सम्भव कुरा नै होइन । एउटाको विजय हुन्छ भने अर्कोको पराजय हुनैपर्छ तर जय र पराजय भन्नुभन्दा पनि सबै एक भएर जनभावनाको कदर गर्नेतर्फ सबै पक्ष उन्मुख हुन सक्नुपर्छ । यसका लागि जित्ने पक्षले अहंकारबाट माथि उठ्न सक्नुपर्छ र हार्ने पक्षले पनि मन खिन्न नबनाई जनचाहना अनुसारको संविधान बनाउने पुनित कार्यमा सहयोगको हात बढाउनुपर्छ । यसै पनि यो निर्वाचन सर्वपक्षीय निर्वाचन निर्माण गर्न हो । यस्तो काम त्यतिबेला सम्पन्न हुन्छ जतिबेला सबैको

सहयोग जुट्न पुग्छ भन्ने कुरालाई बिर्सन हुँदैन । यसैले निर्वाचन बाहिर रहेका पक्षलाई पनि मूलधारमा समेट्ने प्रयास हुनैपर्छ । (ख६४) ('दलहरूको दायित्व' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(५७) एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले आफ्ना दुई पूर्वउपाध्यक्ष बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठलाई दायाँ-वायाँ राखी बुधबार बिहान पत्रकार सम्मेलन गरेर निर्वाचनमा धाँधली भएको र मतपेटिका फेरबदल गरिएको जुन दावी गरे र त्यसका निम्ति जसरी एकाध घटना दृष्टान्तका रूपमा अगाडि सारे, त्यो बिल्कुलै विश्वसनीय छैन । दाहाल र भट्टराई स्वयंले मतदान सम्पन्न भएकै साँझ पार्टीका तर्फबाट औपचारिक धारणा सार्वजनिक गर्दै निर्वाचन ऐतिहासिक र शान्तिपूर्ण ढंगले सम्पन्न भएको भन्दै त्यसको स्वागत गर्नुका साथै आम मतदाताप्रति आभार प्रकट गरेका थिए । चुनावको सघन अवलोकन गरेका युरोपियन युनियन, कार्टर सेन्टरलगायत स्वदेशी-विदेशी पर्यवेक्षकहरूले पनि निर्वाचन निष्पक्ष एवम् शान्तिपूर्वक सम्पन्न भएको प्रतिक्रिया दिएका छन् । भारत, चीन, अमेरिका, संयुक्त राष्ट्रसंघलगायत सबैले निर्वाचनको स्वागत गरेका छन् । यस्तो अवस्थामा एमाओवादी नेतृत्व आफ्नै पूर्वघोषणा एवम् राष्ट्रिय-अन्तर्राष्ट्रिय अभिमतलाई बेवास्ता गरी एकांगी ढंगले संविधानसभाको प्रक्रियाविरुद्ध जानु आत्मघाती हुन जान्छ । (क६७) ('एमाओवादीले गर्नै नहुने गल्ती' शीर्षकका चारमध्ये दोस्रो अनुच्छेद)

(५८) निर्वाचन वा मतदानका चरणमा निर्वाचन आयोगले थालनी गरेको नयाँ प्रक्रियाले चुनावलाई निष्पक्ष र व्यवस्थित बनाउन मद्दत पुगेको छ । लैङ्गिकमैत्री मतदान, कतिपय केन्द्रलाई अपाङ्गमैत्री बनाउन आयोगले निर्वाह गरेको तरिकाले निर्वाचन सबैका लागि समान अर्थ दिने राजनीतिक अवसरका रूपमा अनुभूति भएको मान्नुपर्छ । निर्वाचन लैङ्गिकमैत्री हुनुपर्ने मान्यतासहित आयोगले मुलुकको ५९ जिल्लाका १२० मतदान केन्द्रको सम्पूर्ण निर्वाचन प्रक्रिया सञ्चालन महिला कर्मचारीहरूबाटै गराउनु उल्लेख्य पक्ष हो भने सुरक्षाका लागि महिला प्रहरीहरू खटाइनु पनि व्यावहारिक रूपले उपयुक्त ठहरिएको छ । महिला र पुरुष मतदाताका लागि भिन्नाभिन्नै लहर र बृद्ध, अशक्तहरूका लागि छुट्टै व्यवस्था गरिनाले पनि मतदान प्रक्रियालाई सरल बनाएको थियो । प्रत्यक्ष र समानुपातिकको लामो मतपत्र र मतदाताको तस्वीरको व्यवस्थाका कारणले गर्दा चुनावको शुद्धता कायम हुन मद्दत पुगेको स्वीकार गर्नुपर्दछ । राष्ट्रिय महिला आयोगको नेतृत्वमा महिला अधिकारको क्षेत्रमा कार्यरत विभिन्न ३२ वटा संस्थाबाट संविधानसभा निर्वाचनमा पहिलो पटक गरिएको लैंगिक अनुगमनका क्रममा निर्वाचन लैंगिक दृष्टिकोणले सुखद रहेको निष्कर्ष निकाल्नुलाई निर्वाचन व्यवस्थापनको प्रभावकारिताको एउटा पक्ष मान्न सकिन्छ । (ख६५) ('लैङ्गिकमैत्री निर्वाचन' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(५९) यही ढंगले सबैलाई समेट्ने गरी हिँड्दा राज्यको रथ सहजतापूर्वक अगाडि बढ्नेछ । यो किन पनि भने अपेक्षित परिणाम प्राप्त नभएपछि एमाओवादी, मधेसी फोरम नेपाल, संघीय समाजवादीलगायत केही दलहरूले संविधानसभाको प्रक्रिया नै बहिष्कार गर्ने जुन अतिवादी प्रतिक्रिया जनाएका छन्, त्यो आफैंमा उचित त छँदै छैन, उनीहरूले जनादेश स्वीकार गर्नैपर्छ । तर तिनलाई प्रक्रिया बाहिर जान नदिन नेतृत्वदायी हैसियतमा पुगेका कांग्रेस-एमालेले पनि लचिलो रचनात्मक भूमिका खेल्नुपर्छ । किनभने नेकपा-माओवादीले चुनावी प्रक्रिया नै

बहिष्कार गरेको र अब एमाओवादीलगायतका दलले पनि त्यही बाटो समात्ने हो भने नयाँ संविधान निर्माण कार्यमा प्रतिकूल असर पर्न सक्छ । (क६९) ('कांग्रेस-एमालेको दायित्व' शीर्षकका पाँचमध्ये तेस्रो अनुच्छेद)

(६०) अनुभवका आधारमा यसअघि भएका चुनावसँग तुलना गरियो भने शुद्धताको स्तरमा दोस्रो संविधानसभाको चुनाव धेरै माथि रहेको र निर्भयसाथ सम्पन्न भएको मान्नैपर्छ । निर्वाचन पर्यवेक्षण र अनुगमन कार्यमा संलग्न युरोपेली समुदाय र कार्टर सेन्टर लगायतका स्वदेशी, विदेशी अनुगमनकर्ताले दिएका प्रतिवेदनले निर्वाचन निष्पक्ष र शान्तिपूर्णरूपमा सम्पन्न भएको बताएर यथार्थ जनमत प्रस्तुत भएको पुष्टि गरेका छन् । पराजयपछि जनादेशलाई अस्वीकृत गर्ने प्रकृतिका केही राजनीतिक दलको अभिव्यक्तिलाई निर्वाचन आयोगका प्रमुख आयुक्तले पुष्टि गर्न दिनुभएको परोक्ष चुनौती मननयोग्य छ । सम्भव भए जति सबै स्रोत, साधन र विश्वस्तरीय उपाय अपनाएर निर्वाचनलाई धाँधलीरहित निष्पक्ष र शान्तिपूर्ण बनाउन आयोग र सरकारले निर्वाह गरेको भूमिकाप्रति आशंका नगर्न अनुरोध गरेर मतदानमा यथार्थ जनादेश व्यक्त भएको सन्देश दिनुभएको स्पष्ट नै छ । कुनै पक्षले मतदान वा गणनाप्रति आशंका गरेको हो भने प्रमुख आयुक्तले भन्नुभए जस्तै संविधानसभा अदालतमा उजुरी दिएर आफ्नो पक्ष राख्न र प्रमाणित गर्न सक्नुपर्छ । अन्यथा जनतालाई भ्रमित पार्न अनर्गल टिप्पणी गर्ने र आफैंलाई मुलुकभरबाट प्राप्त जनमत निर्देशित जनादेशलाई समेत अपमानित गर्ने शैली अलोकतान्त्रिक ठहरिनेछ । (ख६७) ('मतदानमा यथार्थ जनादेश' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(६१) सैद्धान्तिक रूपमा मात्र अँगालिएको र व्यावहारिक सुनिश्चितता हुन बाँकी रहेको मुख्य मुद्दा भनेको संघीयताको कार्यान्वयन हो । एकाध नेताहरू एकात्मक प्रणालीतर्फै फर्कन चाहे पनि यसको अनिवार्यतालाई लिएर कुनै पनि परिवर्तनकारी दलमा द्विविधा देखिन्न, भलै यसको स्वरूप, संख्या र आधारलाई लिएर फरकफरक मतहरू छन् । हालको निर्वाचनले एकल जातीय पहिचान र 'एक मधेस प्रदेश' का पक्षमा रहेका दलहरूलाई अल्पमतमा पारेको तथा बहुपहिचानमा आधारित संघीयता पक्षधर दलहरूले बहुमत पाएको सन्दर्भमा संघीयताको मोडल त्यहीअनुरूप तय हुने निश्चितप्रायः छ । दलहरूले यसबारे अन्तिम छलफल संविधानसभाभित्रै गरेर चाँडो टुंगोमा पुग्नुपर्छ । किनभने पहिलो संविधानसभा मूलतः यही मुद्दामा अनिर्णित रहेकाले असफल बन्न पुगेको थियो । यसबाहेक शासकीय स्वरूपसम्बन्धी भिन्नभिन्न अवधारणालगायत संविधान निर्माणका अन्य मतभेदलाई पनि दलहरूले टुंग्याउन बाँकी छ । नयाँ संविधान लेख्न र जारी गर्न जति ढिलाइ गरिन्छ, परिवर्तनका कार्यसूची धरापमा पर्ने जोखिम उति रहन्छ । तसर्थ जनआन्दोलन र परिवर्तनका संवाहक राजनीतिक दलहरूले बेलैमा होस् पुऱ्याउँदै संविधान निर्माणलाई गति दिनुपर्छ, नयाँ सत्ता गठनको औपचारिकता चाँडै टुंग्याएर । (क७०) ( 'परिवर्तनका कार्यसूचीलाई निरन्तरता' शीर्षकका छमध्ये अन्तिम अनुच्छेद)

(६२) सुदृढ अर्थतन्त्र विना सेयर बजारको स्थायित्व रहन सक्दैन । सेयर बजार उकालो लाग्न नसक्नुका लागि राजनीतिक अस्थिरतालाई नै प्रमुख जिम्मेवारका रूपमा लिने गरिए पनि सरकारद्वारा अङ्गीकार गरिने आर्थिक नीति तथा कार्यक्रम र त्यसको कार्यान्वयन पनि यसका लागि महत्वपूर्ण हुन्छन् । सरकारी खर्चमा बृद्धि हुनु, आर्थिक गतिविधि व्यापक रूपमा सञ्चालन हुनु जस्ता पक्ष सेयर बजारको स्वस्थताका पूर्व शर्त हुन् । विगत केही

वर्ष संसद्मा पूर्ण बजेट आउन नसकेको र एक तृतीयांश बजेटको परिधिमा रहेर खर्च गर्ने बाध्यताका कारण सरकारी खर्चमा कमी आएको थियो तर अहिले यो अवस्थाको अन्त्य भएकाले पनि मुलुकमा आर्थिक गतिविधि सकारात्मक दिशातिर जाने देखिएको छ । बदलिँदो परिस्थितिमा राजस्व र कर सङ्कलनमार्फत मुलुकको आर्थिक लक्ष्य पूरा गर्न अर्थ मन्त्रालयले विशेष ध्यान दिनुपर्ने हुन्छ । यसका लागि करको दायरामा विविधता र स्पष्टता ल्याउनुपर्ने हुन्छ । कर र राजस्व सङ्कलनमा विद्यमान ऐन कानुनलगायत सम्बन्धित जनशक्तिको क्षमता, नैतिकतामा अभिवृद्धि गर्न थप उपाय अवलम्बन गर्नुपर्ने आवश्यकता छ । मन्त्रालयले यसै सन्दर्भमा कर र राजस्व चुहावट नियन्त्रणमा विशेष ध्यान दिनुपर्ने देखिएको हो । नेपालको सन्दर्भमा ठूला उद्योगधन्दाको तुलनामा जनस्तरका लगानी र आर्थिक गतिविधिमार्फत अर्थतन्त्रलाई सुदृढ गर्न सकिन्छ । (ख६८) ('सकारात्मक आर्थिक सन्देश' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(६३) विगतमा संविधान निर्माणमा सहमति हुन नसक्नुमा एउटा प्रमुख कारण दलहरूको सत्तामुखी राजनीति थियो । अधिकांश समय दलहरू गठबन्धन परिवर्तन गर्ने र सत्तामा पुग्ने दाउपेचमै आफूलाई केन्द्रित गरे । अहिले पनि कुनै पनि दललाई सत्ता सञ्चालनका लागि प्रस्ट बहुमत छैन, गठबन्धन गर्नुपर्ने आवश्यकता छ । सत्ता गठबन्धन गर्ने कुरामा पुरानै प्रवृत्ति दोहोरिएर पालैपालो प्रधानमन्त्री बन्ने चक्करमा प्रमुख दलका नेता फसे भने फेरि पनि संविधानसभाको अग्रगामी मुद्दा बेवारिसे बन्ने छन् र संविधान निर्माणमा ग्रहण लाग्ने छ । त्यसकारण सत्तामुखी प्रवृत्तिलाई त्याग्दै नमिलेका मुद्दामा सहमति कायम गर्ने र प्रतिबद्धताअनुसार एक वर्षमा संविधान निर्माण गर्ने बाटोमा दलहरू जुट्नुपर्छ । सहमति निर्माण हुनै नसक्ने मुद्दामा संविधानसभामा मतदान गरेरै भए पनि छिनोफानो गर्नेतिर दलहरू अग्रसर हुनु जरुरी छ । दोस्रो संविधानसभाको मतादेश यही हो । (क७३) ('मंसिर ४ को मतादेश' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(६४) प्रजातान्त्रिक राजनीतिक अभ्यासको क्रमभंगले रहेको अनुभवहीनता र समानुपातिक प्रणालीका कारण मुलुकमा धेरै दल दर्ता गर्ने लालसा बढेको हो । प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी प्रस्तुत गर्न नसक्ने वा एक उम्मेदवारलाई पनि जनताले विजयी नबनाउने अवस्थामा पनि समानुपातिकका तर्फबाट संविधानसभामा पुग्न सकिन्छ भन्ने लालसाले धेरै दल दर्ता हुन पुगेका हुन् । दल दर्ता गरेपछि राज्यका तर्फबाट पाइने सुविधा, आर्थिक लाभ र संविधानसभामा पुग्न पाइने जस्ता आकर्षणले तानिएका केही व्यक्ति मिलेर दल दर्ता गर्ने प्रवृत्ति देखिएको छ । जसरी तसरी संविधानसभामा पुगेपछि एक, दुई प्रतिनिधि भएकाहरूले पनि सरकारमा सहभागी हुन बार्गेनिङ् गर्ने प्रचलन अघिल्लो संविधानसभाबाटै शुरु भएको हो । समानुपातिक प्रणालीका कारण प्रायः सधैं कुनै पनि दलको संसद्मा बहुमत नआउने (हङ् पार्लियामेन्ट) को अवस्थाले सरकार तथा राजनीति अस्थिर हुन र समानुपातिकबाट सभामा पुगेका केही प्रतिनिधिको पनि सरका(र?)मा सहभागी हुन धम्की र बोलबाला चल्ने गरेको छ । समानुपातिक निर्वाचन प्रणाली उपेक्षित, पछाडि परेका वर्ग र समुदायका लागि भए पनि यसको राजनीतिक दुरुपयोग हुन थालेकाले नेपाली राजनीतिमा दल दर्ताको बाढीलाई बहसको विषय बनाएको छ । (ख७०) ( 'कीर्तिमानी मतको कदर' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(६५) निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित हुने उम्मेदवारको सूची बुझाउने म्याद आगामी पुस ३ गतेसम्म थपेको छ । समयसीमा सकिनु अघिल्लो दिन सोमबार कांग्रेसले आयोगलाई पत्र लेखी म्याद थप गर्न आग्रह गरेपछि मंगलबारको सीमा थपिएको हो । राप्रपा नेपालसहित नौ साना दलले मात्रै समानुपातिकतर्फबाट निर्वाचित हुने उम्मेदवारको सूची हालसम्म आयोगलाई उपलब्ध गराएका छन् । कांग्रेस र एमालेले समानुपातिकतर्फबाट प्रतिनिधित्व गराउने सभासद छनोट गर्न सकिरहेको छैन । केके मापदण्डका आधारमा ककसलाई छनोट गर्ने भन्ने प्रस्ट तय गर्न नसक्दा उनीहरू अलमलिएको देखिन्छ । सूचीमा नाम परेका कांग्रेस एमालेका आकांक्षीहरू यतिबेला आफ्ना पक्षमा लबिङ गर्न नेताहरूको घरदैलो चहारिरहेका छन् । चुनावमा अनपेक्षित असफलता हासिल गरेको एमाओवादी चाहिँ अझै संविधानसभामा सहभागी हुने विषयलाई लिएर विभिन्न सर्त तेर्स्याउँदै घुर्की लगाइरहेको छ । उसले पनि समानुपातिकतर्फ सूची तयार पार्न कुनै हतारो गरिरहेको छैन । अर्थात् प्रमुख दलहरूको आन्तरिक व्यवस्थापनको कमजोरी र उदासीनताका कारण समानुपातिकतर्फबाट निर्वाचित हुनेहरूको नामावली सार्वजनिक गर्ने प्रक्रिया ढिलो हुँदै छ । जसले संविधानसभाको पहिलो बैठक, सरकार गठन र संविधान निर्माणलगायतका सबै प्रक्रियामा ढिलाइ हुने संकेत देखिएको छ, जुन सुखद होइन । (क७६) ('समानुपातिकको मापदण्ड' शीर्षकका तीनमध्ये पहिलो अनुच्छेद)

(६६) सम्पन्न दोस्रो संविधानसभाको निर्वाचन सुरक्षाका लागि खटिएको नेपाली सेनाको टोली कार्यक्षेत्रबाट आ-आफ्नो ब्यारेकमा फिर्ता भइसकेको छ । निर्वाचनको सुरक्षाका लागि खटिएका अन्य सुरक्षाकर्मी र कर्मचारीसँग समन्वय कायम हुने गरी ६१ हजार सेनालाई मुलुकभरका निर्वाचन केन्द्रहरूको सुरक्षा दायित्व निर्वाह गर्न राज्यका तर्फबाट जिम्मेवारी दिइएको थियो । सुरक्षा संयन्त्रको तेस्रो घेरामा रहेर नेपाली सेनाले मतदातालाई दिएको सुरक्षा अत्यन्त प्रशंसनीय रहेको टिप्पणी स्वयं मतदाताहरूको छ । हतियार निषेध लेखिएको क्षेत्रभित्र प्रवेश नगरी सेनाले मतदान केन्द्र र उपकेन्द्रहरूको बाहिरी क्षेत्रमा आफ्नो उपस्थिति जनाएको थियो र मोबाइल टोलीसमेत परिचालन गरेको थियो । व्यावसायिक रूपले तटस्थ, अराजनीतिक र निष्पक्ष भूमिका निर्वाह गर्न सिपालु नेपाली सेनाले आफ्नो परम्परा र चरित्र अनुसार राज्यका तर्फबाट दिइएको निर्वाचन सुरक्षालाई अत्यन्त कुशलतासाथ निर्वाह गरेको विषयमा कुनै आशङ्का गर्नुपर्ने अवस्था छैन । (ख७१) ('सेनाको प्रशंसनीय भूमिका' शीर्षकका तीनमध्ये पहिलो अनुच्छेद)

(६७) निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित हुने सभासदको सूची बुझाउने म्याद दोस्रोपटक थपेको छ । प्रमुख राजनीतिक दलहरूको उच्चस्तरीय संयन्त्रले फेरि म्याद थप्न निर्वाचन आयोगलाई आग्रह गरेपछि उसले सात दिन म्याद थपेको हो । यसअघि कांग्रेसको आग्रहमा आयोगले पुस ३ गतेसम्मका लागि दलहरूलाई सूची बुझाउन समय तोकेको थियो । दोस्रो समयसीमा आउन एक दिन बाँकी रहँदै प्रमुख दलहरूले म्याद बढाउन सहमति गरेका छन् । मतभेदका गम्भीर मुद्दाहरूमा हम्मेसी सहमति नगर्ने प्रमुख दलहरूले म्याद थप्दै जाने सन्दर्भमा चाहिँ सजिलै सहमति बनाएका छन् र आयोगले पनि दलहरूको आग्रहलाई 'शिरोपर' गरेझैं म्याद थप्दै गएको छ । निश्चय पनि प्रमुख दलहरूका आन्तरिक समन्वय र व्यवस्थापनका चुनौती होलान् । तर यसको अर्थ

दलले पटकपटक म्याद थप्ने आग्रह गर्ने र आयोगले 'लालमोहर' लगाउँदै जानु उचित होइन । यसो गर्दाले दोस्रो संविधानसभाको विधिवत् प्रारम्भ गर्ने समय घचेटिँदै जाने छ । (क७८) ('अब नथपौं' शीर्षकका चारमध्ये पहिलो अनुच्छेद)

(६८) संविधानसभाको निर्वाचन सम्पन्न भएको पनि करिब एक महिना हुन लागेको छ । गत मंसिर ४ गते भएको प्रत्यक्षतर्फको मत परिणाम सार्वजनिक भएको समेत तीन हप्ता बितिसकेको छ भने दलहरूले समानुपातिकको पहिलो म्याद अनुसार आ-आफ्नो उम्मेदवारको नाम प्रस्तुत गरेको भए त्यसको परिणाम पनि आइसक्थ्यो । राजनीतिक दलहरूलाई सहमति र समझदारी खोज्ने समय उपलब्ध गराउन निर्वाचन आयोगले समानुपातिकको नामावली बुझाउने म्याद बढाइदिए पछि औपचारिक रूपमा निर्वाचन परिणाम पूर्णतः सार्वजनिक नभएको अवस्था छ । नेपाली राजनीतिमा सहमतिको रटानले लामो समय व्यतित गरेको भए पनि परिणाम भने सोचेअनुरूपको आउने परम्परा छैन । सहमतिको परिणाम- खन्ने पहाड निस्कने मुसा, भन्ने उखान जस्तै भएको छ । सहमतिकै रटानका कारण पहिलो संविधानसभाको अवसान गरिएको कारण नै दोस्रो संविधानसभा निर्वाचनको बाध्यता मुलुकले बेहोर्नु परेको हो । दोस्रो सभाको चुनावपछि पनि शुरु भएको उही सहमतिको रटानले मुलुकको राजनीतिक गतिलाई बाधित र मुलुकलाई अनिर्णयको बन्दी बनाउने अवस्था देखिदै छ । (ख७४) ('अब व्यर्थमा समय नगुमाऔं' शीर्षकका तीनमध्ये पहिलो अनुच्छेद)

(६९) निर्वाचनका बेला हिंसा र विष्फोटका घटना हुँदा मौन बसेको नेकपा-माओवादीले एक महिनापछि आएर ती विष्फोट र आतंक आफूले फैलाएको सगर्व घोषणा गरेको छ । सोमबार पत्रकार सम्मेलन गरेर पार्टी अध्यक्ष मोहन वैद्यले, 'बम पड्काएको' जिम्मेवारी लिँदै गर्दा उनी अत्यन्त गैरजिम्मेवार देखिएका छन् । उनको प्रस्तुतिमा राजनीतिकभन्दा अराजकता र वितण्डावादी चिन्तन हावी छ । उनी अझै युद्धको धङधडीबाट मुक्त हुन नसकेको प्रस्ट देखिन्छ । आफूलाई जनताका नाममा राजनीति गरेको दाबी गर्ने शक्तिले जनता आहत भएको हिंसा र आतंकका घटनालाई पुष्टि गर्न खोज्नु आलोच्य मात्रै होइन, खेदपूर्ण कुरा हो । के दोष थियो, भोटेवहालका बालकको जो आज माओवादीले राखेको बमका कारण हातका सबै औंला गुमाउन बाध्य छन् ? राजधानीलगायत देशका विभिन्न भागमा बस र माइक्रोबसमा यात्रा गर्ने सर्वसाधारण र बालबालिकाले के बिगारेका थिए, जो माओवादीको आतंकको सिकार भए ? माओवादीले चुनावको पूर्वसन्ध्यामा गरेका क्रियाकलाप कतै राजनीतिक थिएनन्, ती आपराधिक र आतंकबाट प्रेरित थिए । सर्वत्र तिरस्कार भएका तिनै हिंसाप्रधान गतिविधिलाई अहिले उसले ठीक ठहऱ्याएर पुनः अराजकताकै बाटामा अग्रसर हुने जनाउ दिएको छ ।

हामी यतिबेला संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने अभियानमा छौं । यतिबेला नेपाली राजनीतिमा न हिंसाको आधार र औचित्य कसैले स्थापित गर्न सक्छ न निषेधको नै । हामीले पटकपटक सम्पादकीयमार्फत माओवादीलाई निषेध नगरी राष्ट्रिय राजनीतिको मूलधारमा समेटेर लैजानुपर्छ भनेर ठूला राजनीतिक शक्तिलाई आग्रह गरेका छौं । फेरि पनि हाम्रो आग्रह त्यही हुने छ, अहिलेको संक्रमण पार गरेर नयाँ पद्धति स्थापित गर्न दोस्रो संविधानसभाबाट चुनिएका ठूला दलले नेकपा-माओवादीलाई सँगै हिँडाउने अधिकतम प्रयास गर्नुपर्छ र

तिनका मुद्दाको यथोचित सुनुवाइ हुनुपर्छ । र, माओवादीले पनि अहिलेकै प्रक्रियाभित्र बसेर समाधान खोज्ने प्रयास गर्नुपर्छ । अहिलेका सम्पूर्ण प्रक्रियाको औचित्यमाथि प्रश्न उठाएर हिंसामुखी र अराजकताको बाटोमा माओवादी अग्रसर हुन खोजेको हो भने त्यो उसको महा भुल हुने छ । यसखाले हठवादिताले उसको राजनीतिक अवसान हुने र फगत एउटा अराजकतावादी समूहमा सीमित हुने जोखिम हुन्छ । त्यसकारण माओवादी बेलैमा सच्चिनु आवश्यक छ । (क७९) ('अराजकताको बाटो' शीर्षकका चारमध्ये पहिलो र अन्तिम अनुच्छेद)

(७०) नेपालले धेरै द्वन्द्व र हिंसाका चरण बेहोरेको छ । हिंसात्मक द्वन्द्वका कारण मुलुकले अनाहकमा ठूलो जनधनको क्षति भोग्नुपरेको छ र विकासको दृष्टिले देश वर्षौं पछाडि धकेलिएको छ । द्वन्द्वका कारण क्षतिग्रस्त बनाइएका भौतिक संरचना अझै पुनःनिर्माण भएका छैनन् र तिनको निर्माणका लागि बर्षौंसमेत अर्बौं रकम खर्च हुने देखिएको छ । विकास योजनाहरू अवरुद्ध पारिएका कारण भोग्नु परेको घाटा सामान्य अनुमानभन्दा बाहिर छ । विगतमा विद्युत् योजनाहरूको निर्माणमा गरिएको अवरोधले मुलुकलाई लामो लोडसेडिङको अन्धकारमा धकेलिदिएको छ । आन्तरिक र वाह्य लगानी अवरुद्ध भएका कारण मुलुकमा औद्योगिक वातावरण पनि रोकियो भने बेरोजगारीले युवा वर्गको सिर्जना र मनमस्तिष्कलाई नराम्रो गरी बिथोलिदियो । यही कारण स्वदेशमा सम्भावना र भविष्य छैन भन्ठानेर युवा शक्ति विदेश पलायन हुने वा रोजगारी खोज्न जाने अवस्था आयो । वैदेशिक रोजगारबिाट केही विप्रेषण आएको सन्तोष लिए पनि मुलुकबाट बाहिरिएको विभिन्न पेशा, व्यवसाय वा प्रशासनसम्बद्ध बरिष्ठ व्यक्तिसँगै युवा-विद्यार्थी हुँदै अर्बौं रकम विदेश पुग्यो । ज-जसका गल्ती र कमजोरीका कारण भए पनि देशले बेहोरेको यतिविध्न क्षतिप्रति अब त नेपाली समाज, राजनीतिक दल र राज्यसंयन्त्रले गम्भीरतासाथ समीक्षा साथै प्रायश्चित समेत गर्नु आवश्यक छ ।

दोस्रो संविधानसभाको निर्वाचनमा बहिष्कारवादीले उत्पन्न गर्न खोजेको हिंसा र आतंकको नेपाली नागरिकले मौन प्रतिवाद गरेका छन् र मुलुकमा हिंसात्मक द्वन्द्वलाई ठाउँ नभएको सन्देश दिएका छन् । यातायात बन्द र बम विष्फोटका घटनालाई समेत रत्तिभर नटेरेर अत्यधिक मतदाता चुनावमा सहभागी बनेबाट नागरिकले शान्तिपूर्ण राजनीतिका लागि व्यक्त गरेको अभिमत बुझ्न सकिन्छ । चुनाव वहिष्कारको नेतृत्व गरेको नेकपा-माओवादीले त्यतिबेला अस्वीकृत गरे पनि अहिले आएर चुनाव बिथोल्न विष्फोटका घटना गराएको स्वीकारेको छ । चुनावताका गराइएको विष्फोटमा परेर दुई निर्दोष नागरिकको ज्यानसमेत गयो । मुलुकले बेहोरेको अनावश्यक जनधनको क्षतिप्रति नेकपा-माओवादी पनि संवेदनशील र जिम्मेवार हुन आवश्यक छ । मुलुकका सबै दलबीच समझदारी कायम गरेर राजनीतिक निकास दिन सक्दा मात्र दलहरूको सान्दर्भिकता र जनमत जोगिने हो । नेकपा-माओवादीले घोषणा गरेको विद्रोह र विध्वंसको उपाय मुलुक र नेपाली जनताले अब थेग्न र सहनसक्ने स्थिति छैन । शान्तिपूर्ण उपायको माध्यमबाट उसले आफ्ना कार्यको औचित्य स्थापित गर्नुपर्नेछ । जनता र कार्यकर्तालाई दुःख पुग्ने कामबाट सबै राजनीतिक दल जोगिनु नै मुलुक र नागरिकको हकहितमा हुनेछ । (ख७५) ('मुलुकको आवश्यकता द्वन्द्व समाप्ति' शीर्षकका तीनमध्ये पहिलो र अन्तिम अनुच्छेद)

(७१) नेपालमा अस्तित्वमा रहेका दर्जनौं कम्युनिस्ट पार्टी/समूहहरूमध्ये नेकपा एमालेले उदारवादी वामपन्थी

दलको छवि सुरक्षित राखेको छ भने संविधानसभाको प्रक्रिया बहिष्कार गरेको नेकपा-माओवादीले हिंसावादी विद्रोही राजनीतिको वकालत गर्ने गरेको छ । यस अर्थमा यी दुई दलहरूको वैचारिक कित्ता स्पष्ट छ र तदनुरूप नै तिनले आआफ्नो राजनीति अगाडि बढाइरहेका छन् । यस्तो अवस्थामा एमाओवादीको वैचारिक गन्तव्य के हो ? मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीसँग मिलेर जान वा उसले झैं बन्दुकको भाषा बोल्न त अब सम्भव छैन । त्यो उचित पनि होइन । यस्तो अवस्थामा एमाओवादीले मूलधारको वामपन्थी -समाजवादी पार्टीको मार्गचित्र समात्ने हो भने त्यो एमालेभन्दा कुन अर्थमा भिन्न हुन्छ ? चुनावी प्रतिस्पर्धामा एमालेले उछिनिसकेको सन्दर्भमा यो प्रश्न पनि कार्यकर्ताले उठाउने छन् । सँगै तर्क आउन सक्छ- यदि भिन्न अस्तित्व नहुने हो भने एमाओवादीले एमालेसँगै पार्टी एकता किन नगर्ने ? भलै यो पनि तत्काल व्यावहारिक रूपमा सम्भव छैन । (क८३) ( 'एमाओवादीको वैचारिक संकट' शीर्षकका पाँचमध्ये दोस्रो अनुच्छेद)

(७२) भौगोलिक विविधता र सांस्कृतिक बहुलता भएको मुलुकमा संविधानसभा गठन गर्दा सबै समुदाय, क्षेत्र र जनजातिलाई प्रतिनिधित्व गराउन समानुपातिक प्रणालीबाट सहज हुने मान्यताका साथ मिश्रित निर्वाचन रोजिएको हो । संविधानसभाको गठन २४० प्रत्यक्ष निर्वाचित, ३३५ समानुपातिक सूचीबाट चुनिएका तथा २६ जना मनोनित गरिएका सदस्यबाट हुने व्यवस्था गरिएको छ । सबै तह, समुदाय र विषय विशेषज्ञको समेत प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यले व्यवस्थित गरिएको निर्वाचन प्रणालीको समानुपातिक विधिलाई उपेक्षा गर्दै राजनीतिक दल र सम्बद्ध नेतृत्वले आफन्त, पैसा दिने र पहुँचवालालाई पुरस्कृत गर्न प्रयोग गरेको गुनासो सर्वत्र बढेको छ । समानुपातिक सूचीबाट सदस्य छनोटको क्रममा राजनीतिक रूपले सक्रिय, इमानदार र स्वच्छ छवि भएकालाई उपेक्षा गरिएको गम्भीर आरोप दलहरूमाथि लागेको छ । मुलुकको राजनीतिमा विकृति भित्र्याउने कारणमा प्रयुक्त भएकाले यस समानुपातिक विधिलाई नै अन्त्य गरिनुपर्ने विचार व्यक्त गर्न थालिएको छ । सबै दलले प्रस्तुत गरेको समानुपातिक प्रतिनिधित्वको प्रवृत्तिलाई नियाल्दा अहिले उठेको विवाद वा लगाइएको आरोप शतप्रतिशत असत्य छ भन्ने देखिँदैन भने शतप्रतिशत सही पनि छैन । चयनमा इमानदार कार्यकर्ता उपेक्षित भएका पनि छन् र कतिपय कार्यकर्तामा बढेको सभासद् हुने महत्वाकांक्षाले पनि विवादको आगोमा घिउ थप्ने काम गरेको छ । प्रतिनिधित्व पाउने र नपाउनेहरूबीच आरोप प्रत्यारोप समेत चलेको छ र एकले अर्काको इमानदारी तथा योगदानमाथि प्रश्न ठड्याउँदै आफूमात्र स्वच्छ र इमानदार भएको दावा गर्न थालिएको छ । उद्देश्य अनुरूप समानुपातिक प्रणालीलाई प्रयोग नगरिएका कारण आक्षेप लगाउनेहरूलाई विवाद बढाउनसमेत मलजल पुगेको छ । (ख७९) ('समानुपातिक प्रतिनिधित्वमा विवाद' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(७३) दोस्रो संविधानसभालाई सफल पार्न, नयाँ संविधान निर्माण गर्न त्यस सभामा प्रतिनिधित्व गर्ने तीस दलकै भूमिका र जिम्मेवारी छ । यद्यपि तीमध्ये पनि निर्णायक ठूला दलको यसमा बढी दायित्व हुन्छ । यतिखेर दोस्रो संविधानसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस बनेको छ, दोस्रो ठूलो दल एमाले भएको छ भने पहिलो संविधानसभामा पहिलो ठूलो दल भएको एमाओवादी तेस्रो स्थानमा खुम्चिएको छ । सभासद संख्याका हिसाबले केही तलमाथि भए पनि मुख्य यिनै दलहरूबीच निर्माण हुने सहमति र समझदारीले नयाँ संविधान लेखनलाई

सुनिश्चित गर्ने छ। त्यसकारण यतिबेला नेपाली कांग्रेसले राजनीतिक समझदारी निर्माण गर्ने अग्रसरता लिनुपर्छ। २६ सभासद मनोनयनदेखि शक्ति बाँडफाँड, सरकार गठन र संविधान निर्माणसम्मको यात्रालाई समझदारी निर्माण गर्दै पूरा गर्न बाटोका सबै प्रमुख दलहरू केन्द्रित हुनु जरुरी छ। (क८५) ('अब अलमल नगर' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(७४) बैठक आह्वानको विवाद अन्त्यसँगै यतिबेला देखिएको अन्योलको समेत अन्त्य भएको छ र संविधानसभाको बैठकसँगै सरकार निर्माण र सभाको गतिविधि अगाडि बढ्न सहज भएको छ। बैठक आह्वानका मार्गप्रशस्त गर्न राष्ट्रपतिले प्रकट गर्नुभएको सदाशयता र उदारतालाई मुलुकका राजनीतिक दलहरूले पनि शिक्षाका रूपमा ग्रहण गरेर संविधानसभाको कार्य प्रक्रियालाई निर्वाध अगाडि बढाउनु तथा प्रतिज्ञा अनुसार एक वर्षमा संविधान बनाउने कामलाई निर्वाध सक्रिय बनाउनु जरुरी छ। संविधान बनाउने काम महत्वपूर्ण भएकाले सानामसिना विवादमा मुलुकी राजनीतिलाई बन्दी बनाएर राख्न र संविधानसभाको बाटो छेकेर शक्तिको बाँडफाँटमा अत्यधिक रुमल्लिनु सबैका लागि प्रत्युत्पादक हुनसक्छ। यस्ता विषयमा राजनीतिक दलहरू संवेदनशील छन् र जनसमक्ष आफूले गरेको प्रतिज्ञालाई साकार पार्न निश्चय पनि सक्षम र इमानदार छन् भन्ने अनुभूति जनतामा जानु राजनीतिप्रतिको विश्वसनीयता वृद्धि हुनु हो। ढिलाइ गर्ने अवसर राजनीतिक दलहरूलाई अब उपलब्ध छैन। अन्तरिम संविधानमा रहेका कमजोरीलाई अनुभव गरेका दलहरूले भावी संविधानमा त्यस्ता कमजोरी समावेश नगराउनका लागि पर्याप्त ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। नयाँ संविधानले अन्तिम रूपमा नपाएसम्म नेपाली राजनीतिको यतिबेलासम्मको संक्रमणको अन्त्य हुन सम्भव छैन। संविधान निर्माण गरेर मुलुकलाई राजनीतिक स्थिरता प्रदान गर्नु र विकास निर्माणका कामलाई द्रुत गतिमा बढाउनु नै राजनीतिसँगको अपेक्षा हो। (ख८२) ('बैठकका लागि मार्गप्रशस्त' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(७५) अहिले सरोकारवाला सबैको दायित्व भनेको संविधानसभा र व्यवस्थापिका-संसद्‌को प्रक्रियालाई तीव्रता दिनु हो। खासगरी दलहरूले आ-आफ्ना संसदीय दलका नेताहरू छान्ने, सभाध्यक्ष-सभामुख चयन गर्ने, विषयगत समितिहरू र सरकार गठन गर्नेतिर लागिहाल्नुपर्छ। विगतमा संसद् र संविधानसभाको काममा उचित प्राथमिकता निर्धारण हुन नसक्दा आइपरेका समस्यालाई मनन् गरेर तदनुरूपको कार्यतालिका बनाउनुपर्छ र त्यसलाई कडाइका साथ अनुशरण गरिनुपर्छ। सबभन्दा मुख्य कुरा, प्रमुख राजनीतिक दलहरूले संविधानसभाको पहिलो बैठक भएको एक वर्षभित्रै नयाँ संविधान जारी गर्ने जुन सार्वजनिक प्रतिबद्धता जारी गरेका छन्, त्यसलाई पूरा गर्नैपर्छ। त्यो लक्ष्य हासिल गर्नका निम्ति संसदीय दलका नेता छान्नेदेखि सरकारको नेतृत्व गर्ने जस्ता मामिलालाई लिएर हरेकजसो मुख्य पार्टीमा देखिएको आन्तरिक विवाद यथाशिघ्र हल गर्न जरुरी छ। (क८७) ('एक वर्षभित्र संविधान' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(७६) मुलुकलाई सङ्क्रमणकालको भुमरीबाट उतार्न सहमतीय प्रणाली नै महौषधी ठहरिनेमा विवाद रहँदैन तर त्यो सहमति ओठे नाराको विषय मात्र बन्न नहुनेमा दुईमत रहँदैन। विगतमा सहमतिको नारा धेरै लगाइए पनि व्यवहारमा भने त्यसको छेकछन्दै नदेखाइनाले सबै थोक भताभुङ्गा हुनपुगेको यथार्थ रहेको छ। पछिल्लो अवधिमा

नेपाली कांग्रेस, नेकपा (एमाले) र एनेकपा माओवादीले वर्षदिनभित्र संविधान निर्माण गर्नेसम्बन्धमा सहमतीय आधारमा अगाडि बढ्ने वचनबद्धता व्यक्त गर्नुले सकारात्मक भाव नदेखाएको होइन तर विगतमा सहमति गरेकै भोलिपल्टदेखि त्यसको खोइरो खन्नथाल्ने परिपाटी रहेकाले जनमानस मौखिक सहमतिलाई व्यावहारिक जामा पहिऱ्याइहाल्ने सुरमा तत्काल देखिएका छैनन् । राजनीतिक दललाई नयाँ संविधानसभाले विगतमा निर्माण गर्न नसकिएका संविधान निर्माणको अभूतपूर्व कार्य गर्न तथा दलीय गौरवशाली साख बढाउन स्वर्णिम अवसर प्रदान गरेको छ । इतिहासले पटक-पटक अवसर नदिनसक्छ, त्यसैले प्राप्त शुभ अवसरलाई मूल गन्तव्य प्राप्तिका दिशामा अर्थपूर्ण सावित गराउने जिम्मेवारी यतिखेर राजनीतिक दलकै काँधमा आएको छ । सत्ताको अवाञ्छनीय छिनाझप्टीले जसरी राजनीतिक दललाई कलङ्कको तलाउमा गोता खान वाध्य बनायो, त्यो प्रवृत्तिको अब पुनरावृत्ति हुनुहुँदैन । संविधान निर्माण नभएसम्म सहकार्य र एकता कुनै पनि वस्तुस्थितिमा भङ्ग हुनै नदिने दृढ प्रतिज्ञासाथ राजनीतिक दल अग्रसर भए भने गन्तव्यप्राप्ति निशिचत छ । ऐक्यबद्धता र द्रुत क्रियाशीलता नै शुभकारक भएकाले अर्को संविधानसभालाई निर्धारित अवधिभित्रै सार्थक तुल्याउन राजनीतिक दल विशेष गम्भीर, इमानदार तथा सक्रिय हुनैपर्छ । (ख८५) ('एकमात्र ध्येय संविधान' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(७७) व्यवस्थापिका-संसद्मा सहजै सुविधाजनक बहुमत जुटाउन सक्ने पहिलो र दोस्रो हैसियतका दलहरू- नेपाली कांग्रेस र नेकपा एमालेले संयुक्त सरकार गठन गर्ने अब निश्चित प्रायः भएको छ । खासगरी एनेकपा माओवादी र राप्रपा नेपालको विपक्षमा बस्ने घोषणाले यी दुई दललाई सरकार निर्माणका निम्ति एक ठाउँमा उभिन थप प्रेरितसमेत गरेको छ । तर, त्यो प्रक्रियाले अपेक्षित तीव्रता नपाउँदा सरकार गठन हुन अझै कति दिन लाग्ला भन्ने विषय अनुमानमै सीमित भएको छ । चुनाव भएको अढाई महिना बितिसक्दा पनि नयाँ सरकार गठन हुन नसक्दा आम जनतामा बढ्दै गएको निराशालाई मुख्य राजनीतिक दलहरूले समयमै किनारा लगाउनुपर्छ । यसका निम्ति कांग्रेस-एमाले र अन्य सम्भावित सत्ता-साझेदारहरूले आवश्यक राजनीतिक सम्झौता गर्न जरुरी छ । त्यसभन्दा पहिले उनीहरूले आआफ्नै आन्तरिक असमझदारी टुंग्याउनुपर्छ ।

कांग्रेस-एमालेले सम्भव भएसम्म यी सबै विषयहरूलाई एउटै डालोमा राखेर मिलनबिन्दु खोज्न सकेमा राजनीतिक प्रक्रियाले तीव्रता लिन सक्छ । संसद् सचिवालयले बहुमतीय आधारमा प्रधानमन्त्री छान्ने औपचारिक समयतालिका त जारी गरिहाल्ने छ, तर सबभन्दा पहिले मुख्य दलहरूबीच राजनीतिक समझौता हुन जरुरी छ । यसका निम्ति भावी प्रधानमन्त्रीका रूपमा प्रस्तावित कांग्रेस सभापति सुशील कोइरालाले व्यक्तिगत रूपमा पनि अग्रसरता लिनुपर्छ । (क९२) ('कांग्रेस-एमाले सहमतिको आधार' शीर्षकका पाँचमध्ये पहिलो र अन्तिम अनुच्छेद)

(७८) दोस्रो संविधानसभामा रहेका ३० दल तथा दुई स्वतन्त्र सभासद् सबैको एक मात्र केन्द्रबिन्दु भनेको संविधान नै हो र हुनु पनि पर्छ, विगतमा संविधानलाई गौण र सत्तालाई केन्द्र मानिएकै कारण सफलता आकाशपारिको विषय बनेको कटु यथार्थ अहिले स्मरण गर्नैपर्छ । लिनसक्नेका निम्ति इतिहास पाठ हो, कमी, कमजोरी र असफलता पुनरावृत्त हुन नदिनुमै वर्तमान राजनीतिक नेतृत्वको खुबी देखिनेछ । अतः सरकार गठनको विषयलाई सहज रूपमा लिई राष्ट्रिय अभिभारा पूरा गर्ने दिशामा सबैको ऐक्यबद्धता अपरिहार्य बनेको छ । बहुमतीय सरकार

गठनको प्रक्रिया अगाडि बढ्दा बिर्सन नहुने कुरा के हो भने यो केवल भागबन्डाको सरकारका रूपमा मात्रै परिचित हुनु हुँदैन । भागबन्डाको राजनीतिले यसै पनि राजनीतिक दललाई अपूरणीय क्षति गराउँदै लगेको छ । दलैपिच्छे चलिरहेका पदीय विषय होऊन् वा सरकार गठनको सन्दर्भ - सबैमा भागबन्डाले प्रमुख स्थान ओगटिइरहेकाले पनि दलीय साख नै खस्काउने पारा धेरै लम्बिन नहुने जन-आवाज बढेको छ । पदीय बाँडफाँडको विषयले अलमल बढाउन दिनु हुँदैन । अतः बहुमतीय सरकार गठनका लागि तमाम राजनीतिक दल गम्भीर, इमानदार तथा एक हुनु समयको माग बनेको छ । वर्षदिनभित्रै संविधान ल्याउने युगान्तकारी काममा बाधा पार्ने भएकाले पनि अब राजनीतिक दल सरकार गठनका सवाललाई लम्बिन नदिन उत्तिकै सक्रिय हुनु वाञ्छनीय छ । (ख८८) ('बहुमतीय सरकार लागि पहल' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(७९) यस अर्थमा यो प्रयोगलाई सफल मान्न सकिएला, तर व्यवस्थापिका-कार्यपालिका-न्यायपालिका गरी राज्यका तीनवटै अंगका प्रमुखहरूको अधिकार एकै व्यक्तिमा केन्द्रित गर्ने उक्त कदम निकै जोखिमपूर्ण रहेको यथार्थ दलहरूले बिर्सन मिल्दैन । शासकीय महत्वाकांक्षा भएको व्यक्तिका हातमा त्यस्तो असीमित अधिकार गएको खण्डमा त्यसको दुरुपयोग हुने खतरासमेत हुन्छ । धन्य, रेग्मीमा त्यस्तो आकांक्षा देखिएन, जसको फलस्वरूप मुलुकले थप जटिलता भोग्नु परेन । तथापि प्रधानन्यायाधीशलाई गैरदलीय सरकारको नेतृत्व गर्न लगाउने जोखिमपूर्ण प्रयोग अब दोहोऱ्याइनु हुन्न । सरकार चलाउने जिम्मेवारी राजनीतिक दलहरूकै हो, जसमा सफल हुने या नहुने भन्ने कुरा उनीहरूकै कार्यसम्पादनमा निर्भर रहन्छ । अहिलेको सन्दर्भमा उनीहरूलाई जनताले दिएको जिम्मेवारी भनेको यथाशीघ्र नयाँ संविधान निर्माण हो । दलहरूले आफ्नो अर्जुनदृष्टि यसैमा केन्द्रित गर्नुपर्छ । (क९५) ('गैरदलीय सरकारको सफलता र शिक्षा' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(८०) सहमति, सहकार्य र एकताका माध्यमबाट अघि बढ्ने नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइरालाको अभिव्यक्तिबाट भावी दिनका क्रियाकलापको झझल्को आकलन गर्नसकिन्छ । राजनीतिक दलबीच हिजो पनि सहमति, सहकार्य र एकताको खाँचो थियो भने आजका दिनमा पनि त्यसको दरकार त्यत्ति नै छ र आउँदा दिनमा समेत त्यसको आवश्यकता अपरिहार्य रहिरहनेमा दुईमत रहँदैन । विगतमा चार वर्षसम्म संविधान बन्न नसक्नु, सात महिनासम्म सरकार बन्ने अवस्था नरहनु र राजनीतिबाहिरका व्यक्ति ल्याई सरकार बनाउनुपर्ने वस्तुस्थिति सिर्जना हुनुका पछाडि राजनीतिक दलको बेमेल नै प्रमुख कारण रहेको स्वीकार्न कसैले आनाकानी गर्नुहुँदैन । आउँदा दिनमा पनि मुखले सहमति, सहकार्य भट्याउने र व्यवहारमा त्यसको खिल्ली उडाउने कार्य भएमा शुभपरिणाम झन् टाढिँदै जाने पक्का छ । तसर्थ तमाम राजनीतिक दल अब राष्ट्रिय मूल गन्तव्यप्रति ऐक्यबद्ध हुनैपर्छ । दोस्रो संविधानसभाको निर्वाचनमा जनतासमक्ष वर्षदिनभित्रै संविधान ल्याउने वाचाबन्धन गरिएकाले पनि मूलध्येयबाट दायाँ, बायाँ हुने स्थिति कसैको देखिँदैन । विगतमा असफलता बेहोर्नुपरेकाले दलीय साख जोगाउनसमेत अब शान्ति प्रक्रिया र संविधान निर्माणको कार्यलाई सबैले सर्वाधिक प्राथमिकतामा राख्नैपर्छ । सम्पूर्ण राजनीतिक दल अर्जुनदृष्टिका साथ अब एकमात्र कार्यभार सम्पन्न गर्न समर्पित हुनु किन पनि जरुरी छ भने सरकार गठनमै यत्तिका दिन बितिसकेकाले अब थोरै समय पनि घर्किन नदिन युगीन दायित्वको विषय बनेको

छ । लोकतान्त्रिक, गणतान्त्रिक, संघात्मक, सहभागितामूलक, समावेशी नयाँ नेपालको परिकल्पना साकार पार्ने दिशामा सरकार तथा समस्त राजनीतिक दललाई सफलता मिलोस्, आजको हार्दिक कामना यही छ । (ख८९) ('कोइरालालाई सफलताको कामना' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(८१) अझसम्म सूचना र कामको अनुगमन नहुँदा महत्वपूर्ण र संवेदनशील मुद्दामा गहन छलफल गरी नीति/रणनीति परिमार्जित गर्ने शैली स्थापित भएको छैन । सरकारका महत्वपूर्ण कागजात, महँगो लगानीमा बनेका प्रतिवेदनहरू समेत पाइँदैनन् । यहाँसम्म कि मन्त्रिपरिषद्बाटै निर्णय भएका दस्तावेजहरू समेत व्यवस्थित ढंगले राख्ने प्रचलन स्थापित भएको छैन । परम्परावादी शैली अन्त्य गर्दै प्रधानमन्त्री कार्यालयमा अत्यन्तै गतिशील र तत्कालै सूचना संकलन गर्ने र विश्लेषण गरी रणनीति अख्तियार गर्ने खालको संयन्त्र हुनुपर्छ । समय खपत गर्ने प्रकृतिका औपचारिक कार्यक्रम (मा?) प्रधानमन्त्री उपस्थित प्रथा पनि अन्त्य गरिनु पर्छ । यो पृष्ठभूमिमा संवैधानिक र कानुनी हिसाबले अधिकारको बढोत्तरी भए जसरी नै हिसाबले प्रधानमन्त्री कार्यालय चुस्त र गतिशील बनाउनुपर्छ । औपचारिकताका निम्ति अध्यक्षता गर्ने, कूलपति या संरक्षक रहने ठाउँबाट प्रधानमन्त्री बाहिरिनुपर्छ र त्यो समय दीर्घकालीन हितमा खर्चनुपर्छ । (क९६) ('चुस्त बन प्रधानमन्त्री' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(८२) यतिखेर राष्ट्रिय मूल गन्तव्य भन्नु शान्ति प्रक्रियाको तार्किक निष्कर्ष र लोकतान्त्रिक, गणतान्त्रिक, संघात्मक संविधान निर्माण मात्र हो । शान्ति र संविधान नै राष्ट्र तथा जनताको प्रमुख माग र आकांक्षा भएकाले जिम्मेवार राजनीतिक दल यो वा त्यो बहानामा बिच्किन मिल्दैन । राष्ट्रिय मूलमुद्दालाई थाती राखी भागबण्डालाई ध्येय ठान्ने प्रवृत्तिले जनादेशको केवल अपमान गर्नेछ । जनमतको कदर गर्नु भनेको अहिलेको परिप्रेक्ष्यमा केवल शान्ति र संविधानका निम्ति इमानदार क्रियाशीलता मात्र हो । राजनीतिक दलले सत्ता, पदका निम्ति चाहना राख्नु र त्यसका लागि तह अनुसारको दावी गर्नु अनौठो होइन तर लम्बिँदो संक्रमणकाल समाप्त गर्न वर्षदिनभित्रै सविधान ल्याउने युगान्तकारी अभियानमा लागेका शक्ति यसरी पदकै हानथापमा देखिनु शुभद्योतक पटक्कै होइन । सत्ताको सुखभोग भन्दा पनि जनमतको कदर गर्नेतर्फ उन्मुख हुनु कांग्रेस-एमालेको दायित्व बनेको छ । सत्ता साझेदार दलबीच जे जस्ता सहमति भएका छन्, तिनको पालन जरुरी हुन्छ नै तर एमालेभित्रबाट गृहमन्त्रालयबारे अन्तर्विरोधात्मक समाचार सार्वजनिक भएको कुराले पनि अन्योल बढाएको छ । वास्तविकता के हो ? जनताजनार्दन अलमलमा परेका छन् । कथंकदाचित ससाना कुरा नमिलेका भए तिनलाई सौहार्दपूर्ण ढंगबाट सल्टाउन संयन्त्र बनाउनु बुद्धिमानी हुनेछ । जे होस् नेतृत्वले आवेश, आवेग र आक्रोशलाई नजिक टिम्किनै नदिने प्रवृत्ति अँगाल्नसके राजनीतिक परिवक्वता बढ्दै जानेछ र यसले अन्ततः सबैको भलो गर्नेछ । राष्ट्रिय हितका निम्ति सत्तासाझेदार दलले मात्रै होइन, विपक्षमा बसेका दलले समेत दलगत, समूहगत तथा वैयक्तिक स्वार्थलाई तिलाञ्जलि दिनुपर्छ । अहिले को के बन्ने, कुन पद ओगट्ने भन्ने प्रश्न छैन । प्रश्न जनतासँग गरिएको वाचा कसरी पूरा गर्ने नै हो । गृह मन्त्रालय भागबण्डाको प्रश्नले एमाले-कांग्रेसबीच उब्जाएको तनाव सत्ता-मनोविज्ञान शक्तिकेन्द्रित नै रहेको जनाउँदछ । नेताहरू यो आत्मविनाश दलदलबाट माथि उठ्न जरुरी छ । (ख९०) ('भागबण्डा होइन, जनताको हित' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(८३) फागुन ७ कै सन्दर्भमा फर्किंदा, यो दिन नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि एक जुगमा आएको एउटा दिन थियो । कठोर निरंकुशताविरुद्धको जनक्रान्ति सफल भएको यो दिन कान्तिपुर पब्लिकेसन्सका लागि पनि एउटा सुखद संयोगको दिन हो, किनभने मुलुकलाई प्रजातान्त्रिक बाटोमा हिँडाउने तिथिको सम्झना गर्दै गर्दा हामी २१ औं वार्षिकोत्सव मनाउँदै छौं । ०४६ सालमा प्रजातन्त्रको पुनः स्थापनापछिको खुला परिवेशमा स्वतन्त्र र व्यावसायिक मिडियाले प्रोत्साहन पाउन थालेपछि सुरू भएको कान्तिपुरको यात्रा लोकतान्त्रिक मूल्य, मान्यता र मुलुकको सार्वभौमिकताको रक्षाका लागि अबिराम जारी छ र रहने छ । अप्ठेरा र चुनौतीपूर्ण क्षण बेहोर्दै अघि बढेका हामी संघीय लोकतन्त्रको संस्थागत विकास, नयाँ संविधान निर्माण, मुलुकको स्वार्थ र राष्ट्रियता अनि विकासलगायतका मुलभूत मुद्दालाई केन्द्रमा राखी अविचलित भएर अघि बढेका छौं र आगामी दिनमा हाम्रो यो दृढता अझ मजबुत हुँदै जाने छ । (क९९) ('फागुन ७ को सान्दर्भिकता' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(८४) असहिष्णुता, दम्भ, अहं, वैमनस्य र सत्तालोभ जस्ता कुप्रवृत्तिका कारण राजनीतिक दल आपसमा मिल्न नसकेकाले पहिलो संविधानसभा निरर्थक अवसानको बिन्दु बन्न पुग्यो । समयले फेरि राजनीतिक दललाई स्वर्णिम अवसर दिएको वस्तुस्थिति छ । दोस्रो संविधानसभाको निर्वाचनपछि राजनीतिक दलले आफू सुध्रन र मुलुकलाई सही दिशामा डोऱ्याउने अनमोल समय प्राप्त गरेका छन् । सात सालको क्रान्तिमा भाग लिएका, पञ्चायती व्यवस्थाविरुद्ध सङ्घर्ष गरेका, जनान्दोलन पहिलो तथा दोस्रोमा सहभागी भएका राजनीतिक दल समेत पछिल्लो संविधानसभामा रहनुलाई उल्लेख्य मान्नसकिन्छ । जनान्दोलनकारी शक्तिमात्रै मिल्दा पनि शान्तिप्रक्रिया पूर्ण हुनुका साथै लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घात्मक, समावेशी, सहभागितामूलक संविधान आउने सम्भावना प्रबल छ तर साझेदारी सरकार गठनका सन्दर्भमा काँग्रेस तथा एमालेबीच पदविशेषका निम्ति मनोमालिन्य बढ्नुले भविष्य सुखद दर्शाएको छैन । मुलुकलाई सङ्क्रमणकालको चक्रवातबाट उम्काउन एकताको बल झिक्नुपर्ने राजनीतिक दल पदीय भागबण्डामा अलमलिन थालेपछि भविष्य पनि आशङ्काकै खाडलतर्फ जाकिँदै गएको भान भइरहेको छ । शहीदका सपना जनताका आकाङ्क्षा र राष्ट्रिय आवश्यकतालाई राजनीतिक दलले गौण ठान्ने भूल कदापि गर्नु हुँदैन । ऐतिहासिक भूल सच्याउने अवसर कमै प्राप्त हुन्छ । समयको मागलाई आत्मसात गर्नसक्ने नेता तथा दल नै इतिहासमा स्वर्णाक्षरले अङ्कित हुने हो । प्रजातन्त्रलाई नारा, भाषणमा नभई व्यवहार, आचरण, जीवनशैलीमा उतार्न सकिएमा मात्र मुलुक सही अर्थमा प्रजातान्त्रिक प्रक्रियामा द्रुतगामी हुनसक्छ । अतः राजनीतिक दलले कम्तीमा शान्ति प्रक्रिया नटुङ्गिउञ्जेल तथा संविधान नबनुञ्जेल आफूलाई सत्तापक्ष र विपक्षको खेमामा नराखी भागबण्डामा नअल्झिई इमानदारीसाथ मुलुक तथा मुलुकवासीका लागि समर्पित हुन जरुरी छ । आजको प्रजातन्त्र दिवसले यत्ति प्रेरणा जगाउनसकोस्, राष्ट्रिय अपेक्षा यही हो । (ख९१) ('प्रजातन्त्र दिवसको सन्देश' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेदको पछिल्लो अंश)

(८५) संविधानसभा हाम्रा लागि ऐतिहासिक सन्दर्भ बोकेको मुद्दा हो । यो नेपाली राजनीतिको त्यो मुद्दा हो, जसले मूर्तरूप लिन ६ दशक लाग्यो । त्यस हिसाबले यो हाम्रा लागि ठूलो उपलब्धि हो । तर यत्रो ठूलो उपलब्धिको न हामीले रक्षा गर्न सक्यौं न त यसको मूल्य नै बझ्यौं । पहिलो संविधानसभा पटकपटक अवमूल्यन भयो । शीर्ष

नेताहरू हम्मेसि सभामा गएनन् । सहमति खोज्ने नाममा रिसोर्ट र होटेलका जोटाकोठा चहारे जसले गर्दा संविधानसभा शीर्ष नेतृत्वको छायाँमा सीमित हुन पुग्यो । यसलाई जति नै सार्वभौम सभा भनिए पनि व्यवहारमा यो निरीह देखियो । अझ कतिपय सभासदका यौन काण्ड, रातो पासपोर्ट काण्ड, बिजुली चोर्नेदेखि एसएलसी परीक्षा नक्कली परीक्षार्थीलाई दिलाउने, कुर्सी फाल्नेदेखि सुटकेस फोड्नेसम्मका अमर्यादित र संविधानसभाको गरिमाविपरीतका क्रियाकलाप हुँदा पनि उनले सभासदहरूलाई कुनै 'रुलिङ' गरेनन् । संविधानसभाको यसरी मानमर्दन भइरहँदा उनले सबैको राम्रो हुने लालच मात्रै देखाए । यस्ता थुप्रै कमजोरीबाट सभाध्यक्ष नेम्वाङले पाठ सिक्न सक्नुपर्छ । (क१००) ('सभाध्यक्षले सिक्नुपर्ने पाठ' शीर्षकका चारमध्ये तेस्रो अनुच्छेद)

(८६) सत्ताका लागि सत्ताघटकसँग 'न नौ न तेह्र' को सम्बन्ध भए पनि एनेकपा माओवादीले अध्यक्ष पदमा जसरी सर्वसम्मतिको ताली पड्काएको छ, यसबाट उसको उचाइ बढेको स्वीकार्न कसैले आनाकानी गर्नुहुँदैन । यो सर्वसम्मतिको अभ्यास संविधान निर्माणका अनेक चरणमा अत्यावश्यक देखिन्छ । आपसी विश्वासले नै सहमति, सहकार्य एवं एकताको बाटो पहिल्याउने हो । अविश्वासको जगमा मेलमिलापको अट्टालिका ठडिनै नसक्ने ध्रुवसत्यलाई आत्मसात गरी अब राजनीतिक दल हरेक कार्यमा सर्वसम्मत पद्धति अँगाल्नेतर्फ प्रवृत्त हुनैपर्छ । राजनीतिक दल आपसमा मिल्दा असम्भव ठानिएका काम पनि फत्ते भएका र नमिल्दा ससाना खहरे पनि विकराल सावित भएका उदाहरण अनेक छन् । विगतको भूल दोहोरिन नदिन पनि अब राजनीतिक दल शान्ति एवं संविधानका निम्ति एकचित्त भई अग्रसर हुनुको विकल्प छैन । राजनीतिक दल सहमति, सहकार्य र ऐक्यबद्धताका साथ अघि लम्केमा वर्षदिनभित्रै संविधान आउनेमा शंका रहँदैन । एकवर्षभित्रै संविधान ल्याउने सम्बन्धमा सबै राजनीतिक दलको समान धारणा रहेकाले पनि निर्धारित अवधिभित्रै संविधान आउने आशा जगाएको हो । राजनीतिक दलमा मेल र सहकार्य असम्भव नरहेको दृष्टान्त संविधानसभाका अध्यक्ष पदको निर्वाचनमा प्रष्ट भएकाले आउँदा दिनमा पनि अभूतपूर्व एकता प्रदर्शन गर्ने दिशामा राजनीतिक दल रत्ती चुक्नै नहुने प्रष्ट छ । ( ख९२) ('सकारात्मक लक्षण' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद)

(८७) सरकारले संवैधानिक निकायमा छिट्टै पदाधिकारी नियुक्ति गर्नका लागि अन्तरिम संविधानको बाधा अड्काउ फुकाउ आदेश संशोधन गर्न संसद्मा विधेयक त पेस गरेको छ, तर यो प्रक्रियाले अपेक्षित तीव्रता लिन सकेको छैन । पेस गरिएको विधेयकमा प्रधानमन्त्री अध्यक्ष रहने परिषद्मा प्रधानन्यायाधीश, सभामुख, प्रतिपक्षी दलका नेता र प्रधानमन्त्रीले तोकेका तीन मन्त्री सदस्य रहने संविधानकै पुरानै व्यवस्थालाई राखिएको छ । तर यसले आधिकारिकता तब मात्र पाउने छ, जब यसलाई संसद्बाट पारित गरिनेछ । तसर्थ सर्वप्रथम सरकार, राजनीतिक दलहरू र मूलतः संसद्ले यो कामलाई तीव्रता दिएर टुङ्ग्याउन जरुरी छ । त्यसपश्चात् क्षमता र दक्षताका आधारमा तत् संवैधानिक अंगहरूमा नियुक्ति गरिहाल्नुपर्छ, ताकि आम नागरिकले आम निर्वाचनपछि राज्यका सबै अंगहरू पुनः सुचारु भएको व्यवहारिक तवरमै अनुभूति गर्न सकून् । (क१०७) ('संवैधानिक नियुक्तिमा कानुनी अड्चन' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(८८) गैरआवासीय नेपालीलाई नेपालको विकास, निर्माणको काममा सहभागी गराइने, घरेलु उद्योगको प्रवर्द्धन

गरिने, कलकारखानालाई आवश्यक विद्युत् उपलब्ध गराइने, जलस्रोत, पर्यटन आदिमा देशी, विदेशी लगानीकर्तालाई प्रोत्साहित गरिने कार्यक्रम छन् । काठमाडौं, ललितपुर तथा भक्तपुरका सडकमा सौर्य ऊर्जाका बत्ती बाल्नुका साथै सौर्य ऊर्जा तथा नवीकरणीय ऊर्जामा प्रोत्साहन दिइने भएको छ । पूर्व-पश्चिम रेल मार्ग, काठमाडौंमा मेट्रो मार्ग, लुम्बिनी क्षेत्र विकास गुरुयोजना निर्माण, उत्तर-दक्षिण लोकमार्ग, मध्यमार्ग, विमानस्थलको स्तरीकराण तथा अन्तर्राष्ट्रिय स्तरका विमानस्थलको वृद्धि, गरीबी निवारण गर्न आयमूलक कार्यक्रमको विस्तार, स्थानीय सीप, साधन र स्रोतको उपयोगमा बल दिनुका साथै राष्ट्रिय भूउपयोग नीति तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने कार्यक्रम छन् । सहस्राब्दी विकास लक्ष्य अनुरूप निरक्षरता उन्मूलन गरिने, शिक्षामा विद्यमान खाडल कम गरिने कार्यक्रम छ । क्रिकेट एकेडेमीको स्थापना र अन्तर्राष्ट्रिय स्तरको मैदान बनाउने सराहनीय कार्यक्रम पनि रहेको छ । सामाजिक सुरक्षाका कार्यक्रममा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगपन भएका व्यक्ति तथा सीमान्तकृत हुन वाध्य भएकालाई अघि बढाउन विभिन्न कार्यक्रम समावेश गरिएका छन् । बजार अनुगमनमा तीव्रता अँगालिने भएको छ भने कृषि, किसान तथा सिंचाइ विकास गर्न दिइएको साझा कार्यक्रममा सञ्चार क्षेत्रको मर्यादा र विकासनिम्ति प्रेस काउन्सिलको भूमिका बढाइने कुरा प्रशंसनीय छ । (ख९८) ('अर्थपूर्ण साझा कार्यक्रम' शीर्षकका तीनमध्ये दोस्रो अनुच्छेद)

(८९) बिहानीले दिनको संकेत गर्छ भनेझैं यो सरकारले सुखद सम्भावना देखाइरहेको छैन । त्यसको कारक अरू नभई स्वयं हो । यद्यपि यही कमजोरीलाई आधार बनाएर कोइराला सरकार असफल भइसक्यो वा पूर्णतः अक्षम भयो भनेर अहिल्यै निष्कर्ष निकाल्नु हतारो हुनेछ । सरकारले सुस्त शैली नछाड्ने, महत्वपूर्ण कार्यसूचीलाई थाती राख्ने र अनिर्णयको बन्दी बनिरहने हो भने चाहिँ समय क्रमसँगै अहिले उठेका असन्तुष्टि र आलोचनाका स्वर बढ्दै जानेछन्, जसको अन्तिम परिणति दलहरू संविधान लेखनको काम छाडेर सरकार गठन र विघटनको संसदीय जोड-घटाउमा लाग्नु हुनेछ । त्यसकारण जनतालाई थप निराश नपार्ने, आम अपेक्षा पूरा गर्न र राष्ट्रिय कार्यसूचीलाई सफलतापूर्वक सम्पन्न गर्न सरकारले यसबीच देखिएका कमी-त्रुटिलाई सच्याउँदै मुख्य कार्यभार पूरा गर्नेमा तीव्रता दिन सक्नुपर्छ । निर्णयहीन बनेर र निरीहता प्रदर्शन गरेर राज्य चल्दैन । तसर्थ प्रधानमन्त्री कोइरालाले आफ्नो कार्यशैलीमा व्यापक फेरबदल ल्याउँदै काम गर्ने गति बढाउनु अपरिहार्य छ । (क१०८) ( 'कोइरालाले बढाउनुपर्ने गति' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(९०) सरकारका काम, कारबाहीमा ढिलासुस्ती भइरहेको चर्चा चलिरहेका बखत संयुक्त सरकार समन्वय समिति गठन गरिने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको सत्तारोही नेपाली कांग्रेस तथा नेकपा (एमाले)को बैठकको दुवै दलका पाँच, पाँचजना शीर्षनेता सम्मिलित संयुक्त सरकार समन्वय समिति बनाउने निर्णय गरेको हो । संविधान निर्माण तथा सरकारका कामलाई प्रभावकारी तुल्याउने उद्देश्यले गठन गरिने समितिले यदाकदा हुनसक्ने असमझदारी मेट्न विशेष भूमिका खेल्ने अपेक्षा राखिएको छ । विभिन्न राजनीतिक नियुक्ति लगायतका काममा कुनै प्रकारको द्विविधा अथवा अन्तर्विरोधको स्थिति सिर्जना नहोस् भन्ने उद्देश्यले पनि बढाइएको क्रियाशीलतालाई सकारात्मक मान्नुपर्छ । सरकार सञ्चालनमै अलमल भइरह्यो र सत्ताघटकबीच नै

तनाव सिर्जना भइरह्यो भने निश्चय नै राष्ट्रको मूल गन्तव्य ओझेलमा पर्नेछ । यतिखेर वर्षदिनभित्रै संविधान निर्माण गर्ने धोको बोकेका राजनीतिक दलका निम्ति एक, एक क्षण अनमोल रहेकाले थोरै बेर पनि खेर जान दिनै नहुने अवस्था छ । यस्तो विषम, सङ्क्रमणकालीन घडीमा सरकारका काम, कारवाही पनि रणनीतिक हिसाबमै द्रुतगामी हुनु जरुरी छ । (ख१०१) ('सक्रियता बढाउन समन्वय समिति' शीर्षकका तीनमध्ये पहिलो अनुच्छेद)

(९१) ढिलासुस्ती नेपाली राजनीतिको नियति जस्तै भइसकेको छ । दोस्रो संविधानसभाको निर्वाचन सकेको कैयौं साता लाग्यो सरकार निर्माण गर्न । प्रधानमन्त्री सुशील कोइरालाले शपथ खाएपछि कैयौं दिन बित्यो गठबन्धनले पूर्णता पाउन । कहिले गृहमन्त्री कसले लिने विवाद त कहिले संविधानसभाको प्रमाणीकरण कसले भन्ने विवादमै धेरै समय प्रमुख दलहरूले खर्चिए । अर्थात विगतका दृष्टान्त हेर्ने हो भने हाम्रा दल, राजनीतिक नेतृत्व, सरकार समयमै काम फत्ते गर्ने कुरामा त चुक्दै आएका छन् नै, अहम् मुद्दाहरूमा सहमति खोज्ने विषय पनि समस्याकै रूपमा रहेको छ । पाइलापाइलामा दलहरूबीच मतभेद हुने गर्छ । तर संविधान निर्माण आगामी माघमा सक्ने हो भने दलहरूले यी दुवै कमजोरी सुधार्न आवश्यक हुन्छ । निर्धारित कार्यतालिकाअनुसार काम सम्पन्न गर्न सक्नुपर्छ र नयाँ संविधानका विषयमा जेजति मतभेद र असहमति छन्, तिनलाई निप्टारा लगाउन सक्नुपर्छ । लामो राजनीतिक उतारचढावपछि नेपाली राजनीतिक नेतृत्वलाई जनआन्दोलनले कमाएका उपलब्धि रक्षा गर्दै त्यसलाई संस्थागत गर्ने अवसर दोहोऱ्याएर आएको छ । यो अवसरलाई चुक्न नदिन मुख्यत शीर्ष नेतृत्वको (ले?) संवेदनशीलता देखाउन सक्नुपर्छ । (क११२) ('शीर्ष नेतृत्वको उदासीनता' शीर्षकका चारमध्ये अन्तिम अनुच्छेद)

(९२) त्यसो त विगतमा दुई वर्षे जनादेशमा गठित संविधानसभाले चार वर्ष खर्चंदा पनि संविधान दिन नसकेको तीतो अनुभव छ । त्यो सभाले पनि कार्यतालिका बनाएरै काम शुरु गरेको थियो । त्यो कार्यतालिका १२ पटकसम्म संशोधन, हेरफेर गर्नुपरेको थियो । नेपालका अन्य विकासे योजनाजस्तै संविधान निर्माीण्को योजना पनि समयबद्धरूपमा पूरा भएन । राष्ट्रिय प्राथमिकताहरू राजनीतिक दाउपेचको जाँतोमा किचिने परम्परा झैं संविधान निर्माण पनि किचियो । संविधान निर्माण जस्तो गहन विषयमा भन्दा झिना-मसिना विषयमा दलहरू अल्झँदा राजनीतिक असमझदारी बढेर विगतमा अधिकांश विषयमा सहमति भएर पनि संविधान जारी हुन नसकेको हो । हुन त संविधान निर्माीण्का ९० प्रतिशत काम पूरा भएका छन्, बाँकी १० प्रतिशत विषयमात्र टुङ्गो लगाउनु पर्ने छ, त्यति काम गर्न सकिन्छ भन्ने नेताहरूको भनाइ सुनिन्छ । अघिल्लो संविधानसभाका अभिलेखहरूको स्वामित्व पनि यो सभाले ग्रहण गरेको छ तापनि दलहरूबीच सहमति नभएमा एउटै मात्र विषयले संविधान निर्माणको काम रोकिन सक्छ । त्यसैले अब विगतमा जस्तो सहमति खोज्ने नाममा अन्तरिम संविधान र संविधानसभा नियमावलीको व्यवस्था अनुरूप विवादित विषयहरूलाई प्रक्रिया (जनमत सङ्ग्रह) मा गएरै भए पनि समयभित्रै टुङ्गो लगाउन खुट्टा कमाउनु हुँदैन । त्यस्तै, विगतमा संविधानसभाको संवैधानिक समिति र सभा स्वयंलाई उच्चस्तरीय संयन्त्रका नाममा निर्णय गर्न नदिइएको पक्का हो । त्यो अनुभवलाई हेक्का राख्दै यसपटक पनि सभाभित्र होइन बाहिरबाट, अन्तरिम संविधान र सभा नियमावलीले नचिन्ने संयन्त्र खडा गरिनु हुँदैन । सभा नै सार्वभौम छ भन्ने राजनीतिक नेतृत्व पक्तिले स्वीकार गर्नुपर्छ । सभामा रहेका दलीय नेतृत्व पंक्तिप्रति फेरि पनि

प्रश्न उठेको छ । सभाको कार्यतालिका प्रस्तुत गर्ने दिनमा समेत नेताहरूका आसन रित्ता भएको प्रति सभा सदस्यहरूले कडा आपत्ति जनाउँदै सरकार र नेताहरूको इच्छाशक्ति र नियतमा प्रश्न उठाउनु भयो । यो प्रश्नको समाधान नेतृत्व पङ्तिले दिनैपर्छ । विगतमा नेताहरूले सभा तथा समितिका बैठकहरूमा उपस्थित हुन छाडेर तपसिलका कामलाई प्राथमिकता दिँदा हुनु पर्ने निर्णय हुन नसकेका अनुभव छन् । त्यो गल्ती अब नदोहोऱ्याइयोस् । अबको बाँकी नौ महिना नेतृत्व पंक्तिसँगै सदस्यहरूले संविधान निर्माणको काममा एकलब्य दृष्टि दिएर समर्पित हुनैपर्छ । यस अवधिमा कुनै पनि बहानामा संविधानका काममा विलम्ब गर्ने हो भने संविधानसभाको प्रतिबद्धता फेरि पनि लर्खराउन सक्छ भन्ने सबै पक्षले हेक्का राख्नैपर्छ । (ख१०३) ('समर्पणको खाँचो' शीर्षकका तीनमध्ये अन्तिम अनुच्छेद) ।

परिशिष्ट ५

# प्राविधिक शब्दावली

| **नेपाली** | **English** |
|---|---|
| अधिकार्थकता | Meronymy |
| अनुकूल | Pertinent |
| अनुमेय | Deduce |
| अभिवृत्ति | Attitude |
| अमूर्त | Discrete |
| अर्थ प्रदर्शन | Interpretation |
| अनुकूलित | Conditioned |
| अविरोधी नियम | Law of non-contradiction |
| एकालापीय पाठ | Monologic text |
| एकीकरण | Assimilation |
| केन्द्रीय शक्ति | Central power |
| गौण | Sub-ordinate |
| असान्दर्भिकीकरण | Decontexualise |
| आङ्गिक | Organic |
| आदिरूप | Prototype |
| आनुभविक | Experiential |
| आम कार्यसाधन | Mass manipulation |
| आबद्धता संयन्त्र | Attachment mechanism |
| आरोपित पूर्वाग्रह | Attributional bias |
| उपवाक्य (वाक्य) | Clause |
| कथ्य | Content |
| करुणा | Compassion |
| कारणबोधक | Causal |
| कार्य | Action |
| क्षेत्र, सहभागी र पद्धति सन्दर्भ | Particular social contexts |

| **नेपाली** | **English** |
|---|---|
| गतिशीलता | Dynamics |
| घटकीय | Componental |
| चलन | Convention |
| तथ्यपरक शब्द | Fact noun |
| तहगत | Hierarchical |
| तात्कालिकता | Instantial |
| तार्किक | Logical |
| तार्किक ज्ञानशक्ति | Rationality |
| तार्किक सङ्गठन | Logical structure |
| तार्किक सम्बन्ध | Logical relation |
| तुलनीयता | Equivalence |
| दार्शनिक गणित | Philosophical mathematics |
| दुराग्रह | Persistence |
| दूरस्थ | Distal |
| धारण | Encompassing |
| धारणा | Conception |
| धारणात्मक जटिलता | Conceptual tangle |
| ध्रुवीय | Polemic |
| नामिक | Naming |
| निकटस्थ युग्म | Adjacency pairs |
| निदर्शन | Reference |
| नियोजक | Prescriptive |
| नियोजक शक्ति | Prescriptive power |
| निर्देशन | Dexis |
| निर्देशनको सिद्धान्त | Notion of prescription |
| निर्भरीकरण | Anchoring |
| निश्चित | Constrained |
| निहितार्थ | Entailment |
| परिचय म्याट्रिक्स | Identity matrix |
| परिचय रिक्तता | Ex-nomination |
| परिधीय शक्ति | Peripheral power |
| परिवर्तन | Modification |

| **नेपाली** | **English** |
| --- | --- |
| पर्यायता | Synonymy |
| पश्चसन्दर्भक | Cataphora |
| पाठरचनागत तत्त्व | Text-forming element |
| पाठगत | Textual |
| पुनः कथन | Reiteration |
| पुनरावृत्ति | Repetation |
| पुनर्विकास | Re–development |
| पुष्टीकरण | Conformation |
| पूर्वसन्दर्भक | Anaphora |
| प्रकार्य | Function |
| प्रक्रियापरक शब्द | Action word |
| प्रतिज्ञप्ति | Proposition |
| प्रतिस्थापन | Substituation |
| प्रदत्त सूचना | Given information |
| प्रभुत्व | Hegemony |
| शक्तिको क्षेत्र | Realm |
| प्रयुक्ति | Register |
| प्रयुक्तिगत विविधता | Diatypic varieties |
| प्रयोगार्थ विज्ञान | Pragmatics |
| प्रामाणिकता | Authenticity |
| प्रेरक | Motive |
| बल | Force |
| बाह्य सन्दर्भक | Exophora |
| बोध | Perception |
| बोधित ज्ञान | Tacit knowledge |
| बौद्धिक प्रभुत्व | Intelectual hegemony |
| बृहदाकार | Broadsheet |
| बृहत् संरचना | Macro structure |
| विघटन वा छिद्र | Fracture or fissure |
| भावको धार | Mode of meaning |
| भाषिक भूमिका | Language role |
| भाषेतर | Extralinguistic |

| **नेपाली** | **English** |
|---|---|
| भिन्नता | Disparity |
| मर्मस्पर्शी | Poignant |
| मानवबोधक शब्द | Human noun |
| मिलान | Mapping |
| मुक्त | Emancipated |
| मूर्त बनाइएको विश्व | Reified universe |
| मूर्तीकरण | Objectifying |
| मूल कथ्य | Theme |
| मूल भावगत निर्भरता | Thematic anchoring |
| मूल भावगत सङ्गठन | Thematic organisation |
| युगान्तरण | Epochal shift |
| रचनात्मक | Constructive |
| रहस्यमय अधिछवि | Esoteric overtone |
| रूप | Form |
| रूपकीय अर्थ | Metaphorical meaning |
| रूपकीय निर्भरता | Metaphoric anchoring |
| रूढ | Stereotype |
| रैखिक | Longitudinal |
| लघु संरचना | Micro structure |
| लाक्षणिकता | Metonymy |
| लिखित एकालाप | Graphic monologue |
| लुप्तांश | Ellipsis |
| वंशवृत्त | Geneology |
| वस्तुअस्तित्वको शास्त्र | Ontology |
| वास्तविकता | Factuality |
| वास्तविक वस्तु | Static entity |
| विचलित | Deviated |
| विधागत संरचना | Generic structure |
| विधायोजना | Generic scheme |
| विधीकरण | Conventionalisation |
| विधेय | Predicate |
| विपरीतता | Antonymy |

| <u>**नेपाली**</u> | <u>**English**</u> |
|---|---|
| विपरीतार्थक | Adversative |
| विपाठ | Detext |
| विभाजित मस्तिष्क | Split brain |
| विमर्शात्मक | Discoursive |
| विरुद्ध | Inconsistent |
| विवादोक्ति | Contention |
| विशिष्ट | Salient |
| विशेषता | Property |
| विश्लेषक शक्ति | Analytical force |
| विश्लेषित | Dissected |
| विश्वसनीयता | Credibility |
| विषयवस्तु | Object |
| विषयगत प्रयुक्ति | Field based-register |
| विस्थापन | Displacement |
| वृहदाकार | Broadsheet |
| वैचारिक | Deliberative |
| वैध सत्ता | Dichotomy |
| व्यवस्था | System |
| व्यवस्थापरक | Systemic |
| व्यावहारिक चयन | Pragmatic choice |
| शक्ति | Power |
| शब्द रूपान्तरण | Paradigm |
| शाब्दिक संसक्ति | Lexical cohesion |
| शीर्षक | Headline |
| शैली | Style |
| सचेतना | Good sense |
| संज्ञानवाद | Cognitivism |
| संयोजक | Conjunction |
| संयोजनकारी संशक्ति | Conjunctive cohesion |
| संरचनात्मक | Structural |
| संयुक्ति | Coherence |
| संवाद | Conversation |

| नेपाली | English |
|---|---|
| संवेगात्मक आवरण | Emotional valence |
| संवेगात्मक निर्भरता | Emotional anchoring |
| संसक्ति | Cohesion |
| संसक्तिगत बन्धन | Cohesive tie |
| संसक्तिगत युक्ति | Cohesive device |
| संसक्त शब्द | Cohesive word |
| संसक्तिगत शृङ्खला | Cohesive chain |
| संस्थागत स्वामित्व | Institutional ownership |
| सङ्कथन | Discourse |
| सङ्कथनका सहभागी | Tenor of discourse |
| सङ्कथनको क्षेत्र | Field of discourse |
| सङ्कथनको पद्धति | Mode of discourse |
| सङ्कथनको शैली | Style of discourse |
| सङ्कथनीय चिह्नक | Discourse marker |
| सङ्घटना | Phenomenon |
| सत्यता | Virtue |
| सत्यताको स्तर | Standard of correctness |
| सत्यवादी | Veridical |
| सन्दर्भ | Context |
| सन्दर्भता | Contextuality |
| सन्दर्भपरक विन्यास अवस्था | Contextual configuration |
| सन्दिग्धार्थकता | Ambiguity |
| समकालिक भेद | Synchronic variation |
| समग्र अध्ययन विधि | Census method |
| समसामयिकता | Contemporaneous |
| समयबोधक | Temporal |
| समानान्तर | Parallel |
| समावेशात्मकता | Hyponymy |
| सम्बन्धन | Connectivity |
| सम्पादकीय | Editorial |
| सम्प्रणाली | Channel |
| सम्मतिजन्य विश्व | Consensual universe |

| नेपाली | English |
|---|---|
| सम्मिश्रण | Amalgamation |
| सरलीकरणवाद | Reductionism |
| सरलीकरणवादी | Reductionist |
| सहनिदर्शन | Co-reference |
| सहभागी | Tenor |
| सहचार्यात्मकता | Collocation |
| सहनिर्मिति | Co-constructive |
| सहवर्गीयता | Co-classification |
| सहविस्तारक | Co-extension |
| सहिष्णुता | Endurance |
| सांस्कृतिक संचरण | Cultural transmission |
| साङ्केतिक तर्कशास्त्र | Symbolic logic |
| सादृश्य | Analogy |
| सामाजिक प्रतिनिधित्व | Social representation |
| सारतत्त्व | Entity |
| सार्वजनिक अलङ्कार | Public figure of speech |
| सार्वनामिक | Pronominal |
| सिर्जनात्मक | Constructive |
| सिर्जनात्मकता | Creativity |
| सुझबुझ | Common sense |
| सुस्पष्ट | Explicit |
| सुरक्षित | Immune |
| सूचनाको सुरूआत | Point of departure |
| सूचित | Implicit |
| स्थानापन्न | Supplant |
| स्थानिक शब्द | Place noun |
| स्थितिसन्दर्भ | Context of situation |
| स्वस्फूर्तता | Instinctiveness |
| स्वभाव वर्णित | Characterised |
| स्वेच्छाचारी | Arbitrary |

# सन्दर्भ सामग्री सूची


देवनागरीमा

अधिकारी, हरिकला (वि.सं. २०६८), *सम्पादकीय प्रयुक्तिमा संसक्ति र संयुक्ति* [अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय ।

कान्तिपुर दैनिक (वि.सं. २०७०), वर्षभरिका नियमित सम्पादकीयहरू, वर्ष २१ अङ्क ५६ देखि वर्ष २२ अङ्क ५४ सम्म ।

गोरखापत्र दैनिक (वि.सं. २०७०), वर्षभरिका नियमित सम्पादकीयहरू, वर्ष ११२ अङ्क ३३७ देखि वर्ष ११३ अङ्क ३३५ सम्म ।

चालिसे, विजय (सम्पा.) (वि.सं.२०५५), *गोरखापत्र शैली पुस्तिका,* काठमाडौं : गोरखापत्र संस्थान ।

नेपाल, किशोर (वि.सं. २०५७), *नेपाली पत्रकारितामा भाषा,* काठमाडौं : नेपाल प्रेस इस्न्टिच्यूट ।

पौड्याल, रामराज (वि.सं. २०२७), *पत्रकारिता,* काठमाडौं : श्रीलुनकरणदास चौधरी श्री विनयकुमार अग्रवाल ।

बस्नेत, श्रीरामसिंह (संयो.) (वि.सं. २०६३), *रासस समाचार शैली निर्देशिका,* काठमाडौं : राष्ट्रिय समाचार समिति ।

शर्मा, तारानाथ (उ.न./वि.सं. २०७०), *सजिलो नेपाली* (दो.सं.), काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

रोमनमा

Commission on Freedom of the Press (1947). *A free and responsible press: A general report on mass commnication: Newspapers, radio, motion pictures, magazines, and books.* The University of Chicago Press

Foucault, M. (1980). *Power/Knowledge: Selected interviews and other writings, 1972-1977* (C. Gordon, Ed. & L. Marshall, J. Mepham & K. Soper, Trans). Pantheon House

Foucault, M. (2000). The subject and power. In J.D. Faubion, Ed. & R. Hurley and Others, Trans., *Essential works of Foucault 1954-1958*. Vol. 3 (pp. 326-348). The New Press

Gillespie, A. (2008). Social representations, alternative representations and semantic barriers. *Journal for the Theory of Social Behaviour. 83*(4), 375-391. https://doi.org/10.1111/j.1468-5914.2008.00376.x

Gramsci, A. (1971/1992). *Selections from the prison notebooks of Antonio Gramsci.* (Q. Hoaree & G.N. Smith, Eds.). International Publishers

Gramsci, A. (2001/2006). History of the subaltern classes; the concept of 'ideology'; cultural themses: Ideological material. In M.G. Durham and D.M. Kellner (Eds.). *Media and cultural studies: Key works* (pp. 13-17). Blackwell Publishing

Hall, S. (1982/2005). The rediscovery of ideology: Return of the repressed in the media studies. In M. Gurevitch, T. Bennett, J. Curran & J. Woollacott (Eds.). *Culture, society and the media* (pp. 52-86). Routledge

Hall, S. (1996/2011). Introduction: Who needs 'identity'?. In S. Hall & P.D. Gay (Eds.), *Questions of cultural identity* (pp. 1-17). Sage

Halliday, M.A.K. (1978). *Language as social semiotic: The social interpretation of language and meaning.* Edward Arnold (Publishers)

Halliday, M.A.K. and Hasan, R. (1991). *Language, context, and text: Aspects of language in a social-Semiotic perspective.* Oxford University Press

Hartley, J. (1982/2002/Indian reprint 2004). *Key concepts in communication, cultural and media studies* (3rd ed). Routledge

Höijer, B. (2011). Social rpresentations theory: A new theory for media research, *Nordicom Review, 32*(2), 3-16

Holliday, A., Hyde, M. & Kullman, J. (2004/Indian reprint 2005). *Intercultural communication: An advanced resource book.* Routledge

Howarth, C. (2002). Identity in whose eyes? The role of representations in identity construction. *Journal for Theory of Social Behaviour*. *32*(2), 145-162. https://doi.org/10.1111/1468-5914.00181

McQuail, D. (1983/2005) *McQuails mass communication theory* (5th ed). Vistaar Publications

Moscovici, S (1985). Comment on Potter & Litton. *British Journal of Social Psychology. 24*, 91-92. https://doi.org/10.1111/j.2044-8309.1985.tb00665.x

Moscovici, S (1988). Notes towards a description of Social Representations. *European Journal of Social Psychology. 18*, 211-250. https://doi.org/10.1002/ejsp.2420180303

Moscovici, S. (1973). Foreword. C. Herzlich. *Health and illness: A social psychological analysis* (p. 13). Academic Press

Moscovici, S. (1984a). The myth of the lonely paradigm: A rejoinder. *Social Research. 51*(4), 939-967

Moscovici, S. (1984b). The phenomenon of social representations. In R. Farr & S. Moscovici (Eds.), *Social representations* (pp. 3-69). MSJ & Cambridge University Press

Moscovici, S. (1993) The invention of society: Psychological explanations to social Phenomena. (W.D. Halls, Trans.). Polity Press

Moscovici, S. (2000). *Social representations: Explorations in social psychology* (G. Duveen, Ed.). Polity Press

Moscovici, S. (2001). Why a theory of social representations? In K. Deaux and G. Philogene (Eds.). *Representations of the social: Bridging theoretical traditions.* Blackwell Publishers

Moscovici, S. (2008). *Psychoanalysis: Its image and its public* (G. Duveen, Ed. & D. Macey, Trans.). Polity Press

Reah, D. (1998/2002/Indian reprint 2011). *The language of newspapers.* Routledge

Rolnicki, T.E., Tate, C.D & Taylor, S. (1950/2001/Indian reprint 2003). *Scholastic journalism* (10th ed). Surjeet Publications

Shamsi, N. (2005). *Journalism: Language and expression.* Anmol Publications Pvt. Ltd.

Siebert, F.S., Peterson, T. & Schramm, W. (1956/1963). *Four theories of the press.* University of Illinois Press

van Dijk, T.A. van (1995). Power and the news media. In *Political communication and action* (pp. 9-36). Hampton Press

van Dijk, T.A. (2008). *Discourse and power.* Palgrave Macmillan